मोहन निघण्टु सङ्ग्रह
(भाग-२)
(अ देखि घ सम्म)

सङ्कलन, सम्पादन तथा नेपालीमा भावानुवाद : मोहन प्रसाद सापकोटा

दुई शब्द

आयुर्वेदको विषय मुण्टो अर्कोतिर फर्काउन खोज्दा पनि मनले भने जन्मेदेखि जीवन रहेसम्म समर्थन गरिरहने विषय हो । आधुनिक उपचारको यो आधारशिला हो । यो विषय गहन त छ नै, समयक्रम बित्दै जाँदा अलि अस्पष्ट पनि हुँदै गइरहेछ ।

पूर्वीय दर्शनमा आयुर्वेदसँग समन्धित असंख्य ग्रन्थ लेखिएका छन् । आयुर्वेदका ग्रन्थ बुझ्न शब्दकोश पहिले बुझ्नुपर्ने हुन्छ । "निघण्टु" सरल भाषामा भन्नुपर्दा आयुर्वेदीक शब्दकोश हो ।

आयुर्वेदीक शब्दकोश वा निघण्टु पनि असंख्य छन् । यस ग्रन्थमा सम्भव भएसम्म विभिन्न ग्रन्थका वचनहरूको सङ्ग्रह गरिएको छ । अनि ती कुराको स्पष्टताका लागि अनेकौं श्रोतबाट सङ्कलन गरी चित्रहरू राखिएको छ ।

म आफैं कुनै विद्वान्, वनस्पति विशेषज्ञ वा वैद्य होइन, सामान्य सङ्कलक मात्र हुँ । विश्वकै सबभन्दा उत्कृष्ट हावापानी भएको तथाछोटो दूरीमा विश्वकै हावापानी पाइने देशमा, विश्वमै सर्वप्रथम आयुर्वेदको उत्पत्ति भएको क्षेत्रमा आयुर्वेदको दुर्दशा भएको देख्दा केही गरौं जस्तो लागेर यो जमर्को गरेको हुँ । अन्य भाषामा अनेकौं ग्रन्थ उल्था भएका छन् तर नेपाली भाषामा लेखिएको यस प्रकारको निघण्टु ग्रन्थ सम्भवतः यो पहिलो हो । राणाकालमा चन्द्र निघण्टु निकालिएको थियो । तर त्यो आम नागरिकका लागि सहजै उपलब्ध गराउन सकिएको छैन । यो ग्रन्थ विशेषतः नेपाली भाषीका लागि तयार गरिएको ग्रन्थ हो । यस ग्रन्थमा दिइएका शब्दहरूको अपवादमा बाहेक सामान्य परिचय मात्र सङ्कलन गरिएको छ । रोग आदिको विस्तृत विवरण समेटिएको छैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

रोग र शरीरप्रति चाख राख्ने विद्यार्थी, अनुसन्धान कर्ता, औषधी उत्पादक कम्पनी र अन्य सबैलाई यो ग्रन्थले पनि गोरेटो खन्नेछ भन्ने आश लिएको छु । विद्यार्थी नै भएका कारण र कतिपय मूल ग्रन्थ नेपालमा खरिद गर्न समेत नपाइएका कारण जेजति र जेजस्ता भूल भएका छन् तिनलाई सच्याएर ज्ञान लिनु हुन अनुरोध गर्दछु ।

यो ग्रन्थ तयार पार्नका लागि जेजति ग्रन्थ, वेबसाइट, पत्रिका आदिको सहयोग लिइएको छ ती सबैको नाम अन्तमा राखिएको छ । अन्तिम खण्डमा केही आयुर्वेदीक शब्दको अर्थ समेत समावेश गरिएको छ । यो ग्रन्थको समग्र पनलाई कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग नगर्नू नगराउनू होला । ज्ञान लिनका लागि विश्वभरका आयुर्वेदप्रेमीहरू स्वतन्त्र हुनेछन् ।

यही ग्रन्थ भित्रका कुरा राखेर छोटो भूमिकालाई लामो बनाउन मन लागेन । यसैले दुई शब्दलाई अन्त गर्न चाहैं ।

सङ्कलक तथा भावानुवादक, मिति : २०८१।०४।३१।०५, श्रावण शुक्ल दशमी । काठमाडौं, नेपाल ।
इमेल : sapkotamps731@gmail.com

विषयसूची

क्र.सं.	विषय	पेज नं.
१	अक्लिन्नवर्त्म (आँखाको रोगविशेष, **An eye disease in which eyelids sticking together**)	१
२	अक्ष (बर्रो, **Beleric Myrobabalan**)	२-९
३	अग्निस्तम्भन विधि **(The (magical) quenching of fire)**	१०
४	अचलवात (वातरोगविशेष, **Achalavaata**)	११
५	बाख्रा **(Goat)**	१२-२५
६	अजघोष (सन्निपात जरोविशेष, **Ajaghosha**)	२६
७	अजीर्ण (अपच, **Indigestion**)	२७-२८
८	अतिक्षिप्त भग्न (हाँड भाँचिएको विशेष अवस्था, **A kind of dislocation)**	२९
९	अतिचरा (स्थलकमलिनी, **A kind of flower**)	३०-३३
१०	अदृश्य हुने विधि **(Invisible method)**	३४
११	अद्रि (पर्वत, **Mountain**)	३५
१२	अधक्षिप्त भग्न (हाड भाँचिएको विशेष अवस्था, **Downward displacement)**	३६
१३	अधोभेद (स्नायुरोग विशेष, **Adhobheda**)	३७
१४	अध्रुष (घाँटीको रोगविशेष, **Acute Tonsilitis, Quinsy, Palatitis**)	३८
१५	अध्वशोष (क्षयरोगविशेष, **A kind of Phthisis**)	३९
१६	अनन्तवात (टाउकाको रोगविशेष, **Trigeminal neuralgia, a disease of the head, resembling tetanus**)	४०-४१
१७	अनुलेपन (लेप, **Ointment, rubbing the body with perticular paste**)	४२-४३
१८	अन्तक (सन्निपात जरोविशेष, **Antaka**)	४४
१९	अन्तर्दाह (सन्निपात जरोविशेष, **Antardaaha**)	४५
२०	अन्त्रालजी (खटिराविशेष, **A kind of boil**)	४६
२१	अन्धपूतना (एक बालग्रहरोग, **Andhapootanaa**)	४७
२२	अभिघातजौष्ठ (ओठको रोगविशेष, **Disease of the lips)**	४८
२३	अभिन्यास (सन्निपात ज्वरविशेष, **Abhinyaasa**)	४९
२४	अभिष्यन्द (आँखाको रोगविशेष, **An eye disease**)	५०-५१
२५	अम्बष्ठा (जुही फूल, **Niddle flower Jasmin)**	५२-५४
२६	अम्बुशिरीषिका (पानी शिरीष, **Ambushireeshikaa**)	५५
२७	अम्ल गण (अमिला पदार्थको समूह, **Amla gana**)	५६
२८	अम्ल रस (अमिलो रस, **Acid juice**)	५७-६१
२९	अम्लपित्त **(Hyper acidity)**	६२
३०	अरण्यहल्दी (बनहलेदो, **Wild turmeric**)	६३
३१	अर्द्धभेद (स्नायुरोगविशेष, **A kind of disease**)	६४
३२	अर्बुद (क्यान्सर, **Tumour**)	६५-६६
३३	अर्शोवर्त्म (आँखाको एक रोग, **One of the eye diseases)**	६७
३४	अलसक (कुष्ठरोगविशेष, **Lichen**)	६८
३५	अलसक (पेटको रोगविशेष, **Dehydration**)	६९
३६	अलीकमत्स्य (परिकार विशेष, **A kind of dish resembling the taste of fish)**	७०
३७	अवकर (कसिङ्गर, **Dust or sweepings**)	७१

संकलन : मोहन प्रसाद सापकोटा

क्र.सं.	विषय	पेज नं.
३८	अवलम्बन (मुटुमा वा छातीमा हुने कफ, **phlegm in the Heart**)	७२-७३
३९	अव्रणशुक्ल (फुलो, **Corneal opacity**)	७४
४०	असन (विजयशाल, **Indian Kinno**)	७५-८०
४१	सर्प (**Snake**)	८१-९६
४२	आक्षिकी (मदिराविशेष, **An alcoholic drink**)	९७-९८
४३	आक्षेपक (जरोविशेष, **Convulsive Fever**)	९९
४४	आगन्तुक पक्षवध (रोगविशेष, **A Kind of Disesase**)	१००
४५	आत्मगुप्ता (काउसो, **Cowhage**)	१०१-१०९
४६	आन्त्रिकज्वर (जरोविशेष, **A kind of fever**)	११०
४७	आपण (पसल, **Marketing area, shop**)	१११
४८	आमवात (वातरोगविशेष, **Rheumatoid arthritis**)	११२-११४
४९	आमाजीर्ण (अपचविशेष, **A particular form of indigestion**)	११५
५०	आयामिकहृद्यन्त्ररोग (मुटुको रोगविशेष, **Dilatation of heart**)	११६
५१	आली (लाम, **Row, Line**)	११७
५२	आलोचक (आँखामा हुने पित्तविशेष, **Aalochaka**)	११८
५३	आशय (शरीरका भित्री अङ्गविशेष, **Viscera, abdominal organs**)	११९-१२१
५४	आसुत (काँजी विशेष, **Aasuta**)	१२२
५५	आहिकज्वर (जरोविशेष, **A kind of fever**)	१२३
५६	इरिवेल्लिका (टाउकामा आउने खटिराविशेष, **A kind of abscess**)	१२४
५७	इलीश (हिलसा माछा, **Clubea Ilisha**)	१२५
५८	उच्चिटिङ्ग (विषालु कीराविशेष, **A poisonous insect**)	१२६-१२७
५९	उत्कोठ र कोठ (रोगविशेष, **A kind of disease**)	१२८
६०	उत्तमा (पुरुष जननेन्द्रियको रोगविशेष, **Uttamaa**)	१२९
६१	उत्पिष्ट भग्न (हाड भाँचिएको विशेष अवस्था, **Fracture dislocation**)	१३०
६२	उदर्द वा शीतपित्त (छालाको रोगविशेष, **A kind of Urticaria**)	१३१
६३	उदावर्त (रोगविशेष, **Reverse movement of Vata-dosha**)	१३२-१३४
६४	उदीच्य (सुगन्धबाल, **Indian Valerian**)	१३५-१४०
६५	उद्वर्तन (बुकुवा, **Udvartana**)	१४१-१४२
६६	उन्मत्त विधि (तन्त्रसाधनाविशेष, **Unmatta vidhi**)	१४३
६७	उपदंश (पुरुष जननेन्द्रियको रोगविशेष, **Soft chancre, Venereal disease**)	१४४
६८	उपधातु (शरीरका उपधातु, **Upadhaatu**)	१४५
६९	उपनख, अक्षत वा चिप्प (हातका नङको रोगविशेष, **A disease of the finger nail**)	१४६
७०	उपवन (बगैंचा, **Gardens**)	१४७
७१	उपविष गण (**Factitious poisons**)	१४८-१४९
७२	उरःक्षत (छातीको रोगविशेष, **Injury of the chest or lungs**)	१५०
७३	उरस्तोय (छातीको रोगविशेष, **Pleurisy, Hydrothorax**)	१५१
७४	ऊर्द्धभेद (शूलरोगविशेष, **Oorddhabheda**)	१५२
७५	ऊर्ध्ववात (डकार रोगविशेष, **Oordhwavaata**)	१५३
७६	उलूक (लाटोकोसेरो, उल्लू, **Owl**)	१५४-१६३
७७	उल्लिप्त (मासुको परिकार विशेष, **Meat dish**)	१६४
७८	उष्णगण (**Ushnagna**)	१६५
७९	उष्णवात (पिसाबसम्बन्धी रोगविशेष, **Gonorrhoea**)	१६६

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्र.सं.	विषय	पेज नं.
८०	ऊरुस्तम्भ (तिघ्राको रोगविशेष, **Oorustambha)**	१६७
८१	ऊर्ध्वश्वास (दमरोगविशेष, **Stertorous breathing or failing respiration)**	१६८
८२	ऋक्ष (भालु, **Bear)**	१६९-१७७
८३	ऋक्षजिह्वा (कुष्ठरोगविशेष, **A Type of leprosy**)	१७८-१७९
८४	एणीदाह (सन्निपातज्वरविशेष, **A kind of fever**)	१८०
८५	एरङ्ग (माछाविशेष, **A kind of fish)**	१८१
८६	ऐक्षव (उखुको मदिरा, **A kind of spirituous liquor)**	१८२
८७	ओषधि **(An annual plant or herb (which dies after becoming ripe)**	१८३
८८	औदुम्बर (कुष्ठरोगविशेष, **A kind of leprosy)**	१८४-१८५
८९	औद्भिद (नुनविशेष, **Soil salt)**	१८६-१८८
९०	औपद्रविकज्वर (जरोविशेष, **A kind of fever**)	१८९
९१	औपसर्गिकविसूची (हैजा, **Cholera)**	१९०
९२	औषर (पँगेनुन, **Fossile salt, Rock Salt, Soil salt)**	१९१-१९२
९३	काखी **(Armpit)**	१९३
९४	कक्षा (खटिराविशेष, **A kind of boil)**	१९४
९५	कङ्कुष्ठ (मुर्दाशंख ?, **Kankushtha**)	१९५-१९८
९६	कङ्कोल (फलकपुर, शीतलचिनी, **Tailed Pepper**)	१९९-२०२
९७	कच्छप (कछुवा, **Tortoise)**	२०३-२०५
९८	कच्छप (तालुको रोगविशेष, **Sarcoma, A tumour on the palate**)	२०६
९९	कच्छपिका (खटिराविशेष, **A pimple, a blotch or wart)**	२०७
१००	कच्छू (खटिराविशेष, **Scabies**)	२०८
१०१	कञ्चुका **(Kanchukaa)**	२०९
१०२	कटभी (कराही, **Katabhee)**	२१०-२११
१०३	कटि (कम्मर, **Waist**)	२१२
१०४	कटु (पिरो, **Pungent, acrid, hot**)	२१३-२१७
१०५	कुटकी (पिँर्रे, **Hellebore**)	२१८-२२४
१०६	कट्फल (काफल, **Bay berry**)	२२५-२३०
१०७	कट्वी **(Katwee)**	२३१
१०८	कणभ (कीराविशेष, **A kind of fly with a sting**)	२३२
१०९	कण्टकारी **(Thorny night shade)**	२३३-२४२
११०	कण्ठ (गला वा घाँटी, **Throat or Neck**)	२४३-२४४
१११	कण्ठकुब्ज (सन्निपातज्वरविशेष, **A kind of fever**)	२४५
११२	कण्ठशालूक (घाँटीको रोगविशेष, **Adenoid**)	२४६
११३	कण्ठशुण्डी (तालुको रोगविशेष, **Elongated uvula**)	२४७
११४	कण्डरा (ढोडनसो, **Achilles tendon**)	२४८
११५	कण्डू (चिलाइ, **Itching)**	२४९
११६	कतक (निर्मली, दमाइ फल, **Clearing nut**)	२५०-२५४
११७	कदम्ब (कदम, **Common bur-flower tree)**	२५५-२६३
११८	कदर (खिल, **Corn**)	२६४
११९	कदली (केरा, **Plantain**)	२६५-२७९
१२०	कन्थारी (जुँगे लहरो, **Caper tree**)	२८०-२८१

क्र.सं.	विषय	पेज नं.
१२१	कन्दगण (Bulb)	२८२
१२२	कन्या (Virgo)	२८३
१२३	कपर्द (कौडी, Covries)	२८४-२८६
१२४	कपाट (खापा, Shutter, wooden or metal covers fitted to a window, door etc.)	२८७
१२५	कपालिका (दाँतको रोगविशेष, Tarter of the teeth)	२८८
१२६	कपी (बाँदर, Monkey)	२८९-२९३
१२७	कपित्थ (कैथ, Wood Apple)	२९४-३०२
१२८	कपित्थपत्री (वृक्षविशेष, Kapithapatree)	३०३-३०४
१२९	कपोल (गाला, Cheek)	३०५
१३०	कफप्रकृति भएको मानिस (Kapha-prakriti)	३०६-३०८
१३१	कमरख (मधाने फल, Carambola apple)	३०९-३११
१३२	कमल (Lotus)	३१२-३४३
१३३	कम्पिल्लक (सिँदुरे, Red berry, kamala)	३४४-३४८
१३४	करकाभव जल (असिनाको पानी, Hail-water)	३४९-३५०
१३५	करजोडि (वनस्पतिविशेष, Karajodi)	३५१
१३६	करञ्ज (कुबेराक्ष, Smooth leaved pongamia)	३५२-३६७
१३७	करमर्द (पनेरु, Carissa)	३६८-३७३
१३८	करवीर (कँडेल, Common oleander)	३७४-३८०
१३९	कराल (छ्वाँके-रोग, A disease of the teeth)	३८१
१४०	करीर (वृक्षविशेष, Caper Bery)	३८२-३८६
१४१	करुणी (फूलविशेष, Karunee)	३८७
१४२	कर्कट (गँगटो, Common Crab)	३८८-३९०
१४३	कर्कट (जङ्गली अमला विशेष, Karkata)	३९१
१४४	कर्कटश्रृङ्गी (Crab's claw)	३९२-३९७
१४५	कर्कोटकी (चठेल, Spine gourd)	३९८-४०१
१४६	कर्चूर (कचुर, सेतो हलेदो, Zedoary)	४०२-४०५
१४७	कर्ण (कान, Ear)	४०६
१४८	कर्णकण्डू (कान चिलाउने रोग, Painful itching of the ear)	४०७
१४९	कर्णक्ष्वेड (कानको रोगविशेष, An ear infection)	४०८
१५०	कर्णगूथक (कानेगुजी, Hardening of the wax of the ear)	४०९
१५१	कर्णजलूका (कनसुत्लो, Earwigs)	४१०-४१२
१५२	कर्णनाद (कान गुञ्जने रोग, Tinitus)	४१३
१५३	कर्णपाक (कान पाक्ने रोग, Suppuration of the ear)	४१४
१५४	कर्णप्रतिनाह (कानको रोगविशेष, Stoppage in the ear, suppression of secretion)	४१५
१५५	कर्णमूलिक-ज्वर (Mumps)	४१६
१५६	कर्णविद्रधि (कानको रोगविशेष, Ulceration of the ear)	४१७
१५७	कर्णशूल (कानको शूल, Otalgia or Earache)	४१८
१५८	कर्णसंस्राव (कानको रोगविशेष, Otorrhoea)	४१९
१५९	कर्णस्फोटा (कनफोडा, Ballon Vine)	४२०
१६०	कर्णिक (सन्निपातज्वरविशेष, A kind of fever)	४२१

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्र.सं.	विषय	पेज नं.
१६१	कर्णिकार (काठे चाँप, A kind of flower)	४२२-४२३
१६२	कर्पूर (कपुर, Camphor)	४२४-४३३
१६३	कर्पूरनालिका (परिकार विशेष, A kind of food)	४३४
१६४	कर्पूरमणि (पत्थरविशेष, A medicinal mineral)	४३५
१६५	कला (शरीरभित्र हुने विशेष पदार्थ, Membrans)	४३६-४३७
१६६	कलाय (केराउ, Field Pea)	४३८-४४१
१६७	कलायखञ्ज (गोडाको रोगविशेष, Lathyrism)	४४२
१६८	कलिङ्ग (तरबुजो, Watermelon)	४४३-४४५
१६९	कलिहारी (गुन्यौँ-मधुरा, Glory Lily)	४४६-४५२
१७०	कल्क (ओखतीको बाक्लो लेदो, A kind of tenacious paste)	४५३-४५४
१७१	कविका (माछाविशेष, A sort of fish (commonly Kay)	४५५
१७२	कषाय (औषधीको प्रयोग, Kashaaya)	४५६
१७३	कषाय (टर्रो रस, Bitter; pungent, Astringent)	४५७-४६०
१७४	कषाय वा क्वाथ (काँढा वा काँढापानी, Decoction)	४६१-४६२
१७५	कसेरु (कसुर, Water chestnut)	४६३-४६५
१७६	कस्तूरी (कस्तुरी, Musk)	४६६-४७४
१७७	काँस (धातुविशेष, Bell Metal)	४७५-४७८
१७८	काक (काग, Crow)	४७९-४८३
१७९	काकजङ्घा (बुटीविशेष, Panicled peristrophe)	४८४-४८७
१८०	काकण (कुष्ठरोगविशेष, A kind of leprosy)	४८८-४८९
१८१	काकनासा (कौवाठोरी वा कागचुचे, Devil's Claws)	४९०-४९२
१८२	काकमाची (कबई, Garden night shade)	४९३-४९९
१८३	काकादनी (सानो जातको कौवाठोरी, Kaakaadanee)	५००-५०१
१८४	काकोदुम्बरिका (काठेडुम्री, Wild Fig)	५०२-५०६
१८५	काकोली र क्षीरकाकोली (बूटीविशेष, Kakolee and kshirakaakolee)	५०७-५१३
१८६	काच (नुनविशेष, Akind of salt)	५१४-५१५
१८७	काञ्जिक (काँजी, Sour liquid prepared with of rice grain etc.)	५१६-५२२
१८८	काञ्जिकावटका (काँजी-फुरौला, परिकार विशेष, A type of dish)	५२३
१८९	कादम्बरी (मदिराविशेष, A type of wine or liquor)	५२४-५२६
१९०	कानन (वन, Jungle)	५२७
१९१	कानमा बाहिरी कीरा पस्नु (Foreign body in the ear)	५२८
१९२	कान्ति (Glow)	५२९
१९३	कापालिक (कुष्ठरोगविशेष, A kind of leprosy)	५३०-५३१
१९४	काम (माया, Kaama)	५३२
१९५	कामवृद्धि (वनस्पतिविशेष, Kaamavriddhi)	५३३
१९६	कायचिकित्सा (शरीरको उपचार, Treatment of bodily diseases)	५३४
१९७	कारवेल्ल (करेलो, Bitter gourd)	५३५-५४२
१९८	कारी (वनस्पतिविशेष, Kaaree)	५४३
१९९	कार्तिक (महिनाको नाम, Kaartika)	५४४
२००	कार्पासी (कपास, Cotton Plant)	५४५-५५०
२०१	कालकूट (विषविशेष, A highly poisonous tree)	५५१

संकलन : मोहन प्रसाद सापकोटा

क्र.सं.	विषय	पेज नं.
२०२	कालज्वर (जरोविशेष, Kalagar)	५५२-५५३
२०३	कालिक (पहिचान हुन नसकेको, Kaalika)	५५४
२०४	काँस (झारविशेष, Thatch-Grass)	५५५-५५७
२०५	काश्मर्य (खमारी, Candhar Tree)	५५८-५६६
२०६	काष्ठकदली (काठेकेरा, The wild plantain; the fruit being hard and woody)	५६७-५६८
२०७	काष्ठकुट्ट (लाहाँचे, Wood-pecker)	५६९
२०८	काष्ठधात्रीफल (काठे अमला, A kind of Emblica officinalis)	५७०
२०९	कास (खोकी, The cough)	५७१-५७८
२१०	कासमर्द (ठूलो ताप्रे, Stinking weed)	५७९-५८३
२११	कासीस (हिराकसी, Ferrous Sulphate)	५८४-५८९
२१२	किङ्किरात (पहिचान हुन नसकेको वनस्पति, An unidentified plant)	५९०
२१३	किटिभ (कुष्ठरोगविशेष, Psoriasis)	५९१
२१४	किलास (दुभीरोग, Leucodermia)	५९२-५९३
२१५	किशोर र किशोरी (Teenager)	५९४
२१६	कीटिका (पहिचान हुन नसकेको कीराविशेष, A kind of small worm)	५९५
२१७	कुकुन्दर (वनस्पतिविशेष, Kukundara)	५९६-५९७
२१८	कुकूणक (आँखाको रोगविशेष, A kind of Trachoma, Follicular conjuncivitis)	५९८-५९९
२१९	कुक्कुट तथा अरण्यकुक्कुट (कुखुरो र बनकुखुरो, Cock and Wild cock)	६००-६०५
२२०	कुक्कुर (कुकुर, Dog)	६०६-६०८
२२१	कुङ्कुम (केशर, Saffron)	६०९-६१६
२२२	कुचन्दन (बकचन्दन, Sappan Wood)	६१७-६२०
२२३	कुज्झटी (कुहिरो, Fog)	६२१
२२४	कुञ्चन (आँखाको रोगविशेष, A particular disease of the eyes (contracting the eyelids)	६२२
२२५	कुटज (ठूलोकुरो, Ester tree)	६२३-६३३
२२६	कुटन्नट (सेतो मोथे, White cocograss)	६३४-६३८
२२७	कुटुम्बिनी (रातो सानो झुसे दुधे झार, A kind of grass)	६३९
२२८	कुडव (कुरुवा, नापोविशेष, A unit of Measurement)	६४०
२२९	कुडुहुञ्ची (काँक्रोविशेष, Kuduhunchee)	६४१
२३०	कुणञ्जर (बनबेथे, A plant)	६४२
२३१	कुण्डलिनी (जिलेबी, A type of sweet dish)	६४३-६४४
२३२	कुधान्य (An inferior kind of grain)	६४५
२३३	कुनख (नङको रोगविशेष, Onychogryphosis)	६४६
२३४	कुन्द (कुन्दपुष्प, Star jasmine)	६४७-६४९
२३५	कुन्दुरु (सिरु, Cogon grass)	६५०-६५१
२३६	कुन्दुरुकी (काँडि सल्लो, Frankincense)	६५२-६५९
२३७	कुब्जक (बाह्रमासे गुलाफ, Musk rose)	६६०-६६२
२३८	कुमार (उमेरको अवस्था, Kumaara)	६६३
२३९	कुमारक (सिप्लिकान, Three leaved caper)	६६४-६६९
२४०	कुमारी (घिउकुमारी, Aloe vera)	६७०-६७३

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्र.सं.	विषय	पेज नं.
२४१	कुम्भिका (जलकुम्भी, Common water hyacinth)	६७४-६७६
२४२	कुम्भी (वृक्षविशेष, Kumbi)	६७७-६७८
२४३	कुम्भीका (आँखामा आउने खटिराविशेष, A disease of the eyes, hordeolum or stye)	६७९
२४४	कुम्भीका (पुरुष जननेन्द्रियमा आउने खटिराविशेष, A peniel disease)	६८०
२४५	कुम्भीपाक (सन्निपातज्वरविशेष, A kind of fever)	६८१
२४६	कुम्भीर (घडियाल गोही, Gharial)	६८२-६८३
२४७	कुरङ्ग मृग (Fourhorned Antelope)	६८४-६८५
२४८	कुरण्टक (कटसरैया, Crossandra)	६८६-६९३
२४९	कुलत्थ (गहत, Horse-gram)	६९४-७००
२५०	कुलत्था (गाजल विशेष, Kulatthaa)	७०१
२५१	कुल्माष (परिकारविशेष, Kulmaasha)	७०२
२५२	कुश (Sacrificial grass)	७०३-७०८
२५३	कूट (कुष्ठ, Costus)	७०९-७१४
२५४	कुष्ठरोग (Leprosy, Deseases of the skin)	७१५-७१७
२५५	कुसुम्भ (कुसुम, Safflower)	७१८-७२२
२५६	कूर्च (शरीरको अङ्गविशेष, The upper part of the nose, the part between the eyebrows)	७२३
२५७	कूर्पर (कुहुनु, Elbow)	७२४
२५८	कूलेचर (पशु-समूहविशेष, Animals that roam on the banks of rivers etc.)	७२५-७२६
२५९	कूष्माण्ड (कुभिन्डो, White gourd melon)	७२७-७३३
२६०	कृकलास (छेपारो, Lizard)	७३४-७३६
२६१	कृकाटिका (घाँटीको पछिल्तिरको भाग, The back of the neck)	७३७
२६२	क्रिमिदन्त (दाँत कीराले खानु, Dental Caries)	७३८
२६३	कृमिनाशक गण (औषधीको कीरानाशक गण, kriminashaka Gana)	७३९
२६४	कृशर (खिचडी, A kind of dish)	७४०-७४१
२६५	कृष्णसर्षप (काल्तोरी, Black mustard)	७४२-७४३
२६६	केतकी तथा सुवर्णकेतकी (केत्तुके र पहेँलो केत्तुके, Screw pine)	७४४-७४९
२६७	केमुक (बेतलौरी, Wild ginger)	७५०-७५२
२६८	केविका (फूलविशेष, A kind of flower)	७५३
२६९	केश (कपाल, Hair)	७५४
२७०	केशकीट (जुम्रा, Lice)	७५५
२७१	कैडर्य (मिठो निम, Curry bush)	७५६-७५८
२७२	कैदार (खेतको पानी, Water of fields)	७५९-७६०
२७३	कैवर्तिका (लताविशेष, A kind of creeper)	७६१
२७४	कोकड (मलसाँप्रो, Indian Fox, Marten, Weasel)	७६२-७६३
२७५	कोकिल (कोइली, Cuckoo)	७६४-७६६
२७६	कोकिलाक्ष (तालमखाना, Marsh barbel)	७६७-७७०
२७७	कोद्रव (कोदो, Kodo millet)	७७१-७७५
२७८	कोल (बयर, Jujube)	७७६-७८७
२७९	कोलकन्द (बनप्याज, Sea onion)	७८८-७८९
२८०	कोविदार (कोइरालो, Mountain Ebony)	७९०-७९५

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्र.सं.	विषय	पेज नं.
२८१	कोशास्थ (खोलभित्र रहने जीव, An animal living in a shell)	७९६
२८२	कोशातकी (घिरौंलो, Ribbed Gourd)	७९७–८०६
२८३	कोष्ठ (शरीरका भित्री अङ्गविशेष, Koshtha)	८०७
२८४	कोष्ठभेद (शरीर भित्रका अङ्ग फुट्ने रोग, Visceral wounds)	८०८–८०९
२८५	कोष्ठयहृद्यन्त्ररोग (मुटुको रोगविशेष, A kind of heart-disease)	८१०
२८६	कौतुक (विशेष सिद्धि, Conjuring tricks)	८११
२८७	कौप (कुवा वा इनारको पानी, Water of a pit or a well)	८१२–८१४
२८८	कौमुदी (चन्द्रकिरण, जून, Moonbeam)	८१५
२८९	क्रकर (माटीकोरे चरा, Kingfisher)	८१६
२९०	क्रिमि (कीरा, Worm, bacteria)	८१७–८२२
२९१	क्रिमिकर्ण (कानको रोगविशेष, An ear-disease)	८२३
२९२	क्रिमिगन्थि (आँखाको रोगविशेष, Phthiriasis pulpebrum)	८२४
२९३	क्रोध (रिस, Anger)	८२५
२९४	क्रोष्टुकशीर्ष (घुँडाको रोगविशेष, Inflamed knee, Sinoarthritis of the knee joint, Gonorrhoeal arthitis)	८२६
२९५	क्रौञ्च (कन्याङकुरुङ, Demoiselle Crane)	८२७–८२८
२९६	क्लिष्टवर्त्म (आँखाको एक रोग, An eye disease)	८२९
२९७	क्लेदक (आमाशयमा हुने कफ, Phlegm in the stomach)	८३०
२९८	क्लोम (फोक्सो, Lung)	८३१
२९९	क्लोमरोग (Diseases of pancreus)	८३२
३००	क्वथित र क्वथिता (परिकारविशेष, A kind of dish)	८३३
३०१	क्षत्रिय (Kshatriya)	८३४
३०२	क्षय वा शोष (क्षयरोग, Tuberculosis; consumption)	८३५–८४१
३०३	क्षवक (छिउँकीझार, Spreading sneezeweed)	८४२–८४३
३०४	क्षार (Alkaline substance)	८४४–८४७
३०५	क्षीरवृक्ष (दुधालु वृक्ष, Latex yeilding trees)	८४८
३०६	क्षुत (हाच्छिउँ आइरहने रोग, Sneezing)	८४९–८५०
३०७	क्षुद्रमत्स्य, सूक्ष्ममत्स्य (अति साना माछाको मासु, Meat of very small fish)	८५१
३०८	क्षुद्रवारुणी (मद्यविशेष, Kshudravaarunee)	८५२
३०९	क्षुद्रान्न, क्षुद्रधान्य (An inferior kind of grain)	८५३
३१०	खग (चरा, Birds)	८५४–८५८
३११	खञ्जरीट (ठेउवा चरो, Roller)	८५९–८६३
३१२	खटिका (चक वा खरी, Chalk, Talc)	८६४–८६५
३१३	खड्गी (गैंडा, Rhino)	८६६–८६९
३१४	खण्ड (खाँड, Raw Sugar)	८७०–८७२
३१५	खदिर (खयर, Cutch tree)	८७३–८८२
३१६	खद्योत (जुनकिरी, The glow worm)	८८३–८८५
३१७	खर (गधा, The Ass, The donkey)	८८६–८९४
३१८	खरच्छद (टिकवृक्ष, Teak tree)	८९५–८९६
३१९	खर्जूरी (खजुर, Date)	८९७–९०३
३२०	खर्परी (खाप्रे, Black Jack)	९०४

संकलन : मोहन प्रसाद सापकोटा

क्र.सं.	विषय	पेज नं.
३२१	खर्बूज (खरबुजो, Mush Melon)	९०५-९०६
३२२	खलिवर्धन (अतिरिक्त दाँत पलाई दुख्ने अवस्था, An extra tooth eruption)	९०७
३२३	खल्ली (रोगविशेष, Cramp)	९०८
३२४	गङ्गापत्री (एक वनस्पति, Gangaapatree)	९०९
३२५	गङ्गेरुक (काठे अमला, Gangeruka)	९१०-९११
३२६	गज (हात्ती, Elephant)	९१२-९२१
३२७	गजकर्ण (हस्तिकर्णी पलाँस, Leea)	९२२-९२३
३२८	गजपादप (ल्हरेपीपल, Gajapaadapa)	९२४-९२५
३२९	गडु (ढाडतिर हुने गिर्खा, Gadu)	९२६
३३०	गणिकारी (वनस्पतिविशेष, Ganikaree)	९२७
३३१	गणेरुक (सयपत्री, Marigold)	९२८
३३२	गण्डमाला (रोगविशेष, Inflammation of the glands)	९२९
३३३	गण्डाली (घोडे दूबो, Barmuda grass)	९३०-९३२
३३४	गदोद्वेग (मानसिक रोगविशेष, Hypochondriasis)	९३३
३३५	गन्धक (Sulphur)	९३४-९४२
३३६	गन्धकोकिला र गन्धमालती (Gandhakokilaa)	९४३
३३७	गन्धनाम वा गन्धमाला (खटिराविशेष, A kind of boil)	९४४
३३८	गन्धमार्जार (नेति बिरालो, The Civet-Cat)	९४५-९४७
३३९	गन्धराज (जवा कस्तूरी, Jawaa Kastooree)	९४८
३४०	गम्भीरिका (आँखाको रोगविशेष, Phthisis Bulbi)	९४९
३४१	गरघ्नी (गरही माछा, African tilapia)	९५०
३४२	गरविष (कृत्रिम विष, Artificial poison)	९५१-९५२
३४३	गर्दभाण्ड (पारिसपिप्पल, Portia tree)	९५३-९५७
३४४	गर्दभिका (खटिराविशेष, An cutaneous disease)	९५८
३४५	गर्भधारण गराउने ओखती	९५९-९६६
३४६	गर्भधारण नगराउने ओखती	९६७
३४७	गर्भस्राव र गर्भपात (Abortion and Miscarriage)	९६८-९६९
३४८	गर्भाशय (पाठेघर, Uterus)	९७०
३४९	गर्भिणी (Pregnant)	९७१
३५०	गर्भोटिका (झारविशेष, A kind of grass)	९७२
३५१	गलगण्ड (गलगाँड, Goitre)	९७३-९७५
३५२	गलविद्रधि (घाँटीको रोगविशेष, Tumor and abscess in the throat)	९७६
३५३	गलायु (घाँटीको रोगविशेष, A tumour in the throat)	९७७
३५४	गलार्बुद (घाँटीको रोगविशेष, Throat tumor)	९७८
३५५	गलौघ (घाँटीको रोगविशेष, Swelling in the throat)	९७९
३५६	गवय (नीलगाई, Jungle-cow)	९८०-९८२
३५७	गवेधुक (भिकौंलो, Job's tears)	९८३-९८४
३५८	गारुत्मत (पन्ना, Emerald)	९८५-९८७
३५९	गुग्गुल (गोकुलधूप, Indian bdellium)	९८८-१००३
३६०	गुच्छाह्वकन्द (कन्दविशेष, Guchchhaahwakanda)	१००४
३६१	गुञ्जा (रातीगेडी, Jequirity)	१००५-१०१२
३६२	गुटिकालवण (नुनविशेष, Gutikaa-lawana)	१०१३

क्र.सं.	विषय	पेज नं.
३६३	गुड (खुँदो वा सखर, Treacle)	१०१४-१०२२
३६४	गुडूची (गुर्जो, Tinospora)	१०२३-१०३१
३६५	गुण्ठ वा गुण्ड (घाँसविशेष, A kind of grass)	१०३२
३६६	गुण्डाला (झारविशेष, Gundaalaa)	१०३३
३६७	गुद (मलद्वार, Anus)	१०३४
३६८	गुदभ्रंश (मलद्वारको रोगविशेष, Prolapse of the rectum)	१०३५
३६९	गुल्फ (गोलीगाँठो, Ankle)	१०३६
३७०	गुल्म (गानुगोला, Abdominal tumour)	१०३७-१०४९
३७१	गुल्मगण (Gulmagana)	१०५०
३७२	गुहाशाया (गुफामा सुत्ने जीवहरू, Cave-dwelling mammals)	१०५१-१०५२
३७३	गृञ्जन (गाजर, Carrot)	१०५३-१०५४
३७४	गृञ्जन (छ्यापी, Shallot)	१०५५-१०५६
३७५	गृध्र (गिद्ध, Vulture)	१०५७-१०६१
३७६	गृध्रसी (कम्मरदेखि पैँतालासम्म दुख्ने रोगविशेष, Sciatica, Sciatic neuritis)	१०६२-१०६३
३७७	गृष्टि (गिठो, Potato yam)	१०६४-१०६६
३७८	गृहगोधा (माउसुली, Gecko)	१०६७-१०६८
३७९	गैरिक (गेरु, Hematite, Red ochre)	१०६९-१०७३
३८०	गोक्षुर (गोखुर वा ओदाने काँडो, Caltrops)	१०७४-१०८१
३८१	गोजिह्वा (जम्रेटो वा गाई जिभ्रे, Gojihwaa)	१०८२-१०८४
३८२	गोडा, मल आदिको सफाइ	१०८५
३८३	गोधा (गोहोरो, Monitor lizard)	१०८६-१०८८
३८४	गोधुम (गहुँ, Wheat)	१०८९-१०९५
३८५	गोपालकर्कटी (काँक्रोविशेष, Gopalakarkatee)	१०९६
३८६	गोमूत्रिका (घाँस विशेष, Gomootrikaa)	१०९७
३८७	गोमेद (रत्नविशेष, Onyx)	१०९८-११००
३८८	गोरक्षादुग्धी (वनस्पतिविशेष, Gorakshadugdhee)	११०१
३८९	गोरक्षी (गोरखतुम्बा, Monkey bread tree)	११०२-११०३
३९०	गोरोचन (A bright yellow pigment)	११०४-११०६
३९१	गोलोमी (सेतो दूबो, White Dūrvā grass)	११०७-१११०
३९२	गौ (गाई, Cow)	११११-११२७
३९३	गौडी (मदिराविशेष, A kind of wine)	११२८-११३०
३९४	गौर (गौरीगाई, Gaur)	११३१
३९५	गौरसुवर्ण शाक (गन्धेझार, A kind of grass)	११३२
३९६	ग्रथित (पुरुष जननेन्द्रियको रोगविशेष, Grathita)	११३३
३९७	ग्रन्थि (शरीरमा आउने गाँठो, Granthi)	११३४-११३६
३९८	ग्रन्थिकज्वर (जरोविशेष, A kind of fever)	११३७
३९९	ग्रन्थिपर्णी (गठिउन, Caper berry)	११३८-११३९
४००	ग्रहचिकित्सा वा भूतविद्या (Grahachikitsaa)	११४०
४०१	ग्रहागम (भूत आदि लाग्नु, Evil-effect)	११४१-११४३
४०२	ग्राम्य पशु (Domesticated animals)	११४४-११४५
४०३	ग्रामशूकर (सुँगुर, Pig)	११४६-११४७
४०४	ग्राही (द्रव्यमा हुने गुणविशेष, Grahin)	११४८

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्र.सं.	विषय	पेज नं.
४०५	ग्रीवा (घाँटी, **Neck**)	११४९
४०६	ग्रीष्मसुन्दर (सागविशेष, **Greeshmasundara**)	११५०
४०७	ग्लानि (**Fatigue**)	११५१
४०८	घण्टिका (किलकिले, **Epiglottis**)	११५२
४०९	घण्टिका (लिगलिगे, **Uvula**)	११५३
४१०	घृत (घिउ, **Ghee**)	११५४-११६९
४११	घृतपुर (घेवर, **A type of sweet**)	११७०-११७१
४१२	घृष्टव्रण (दरफऱ्याइ, **Abrasion**)	११७२
४१३	घोण्टा (हाडे बयर, **Jujab**)	११७३-११७४
४१४	घोलिका (नुनढिकी, **Common purslane**)	११७५-११७८
४१५	केही शब्द र अर्थ	११७९-११९०
४१६	सन्दर्भ सामग्री	११९१-११९३
४१७	सङ्कलकको छोटो परिचय	११९४
४१८	मेरा अन्य सङ्कलनहरू	११९४

सङ्कलन : मोहन प्रसाद सापकोटा

आक्लिन्नवर्त्म (आँखाको रोगविशेष)
(An eye disease in which eyelids sticking together)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

श्लिष्टाख्यं वर्त्मनी श्लिष्टे कण्डूश्वयथुरागिणी ॥

दुवै पलक झिम्क्याउने समयमा एक आपसमा टाँस्सिने रोगलाई “श्लिष्ट वर्त्म” भनिन्छ । यो रोगमा आँखा चिलाउने, सुन्निने र रातो हुने गर्दछ ।

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

यस्य धौतान्यधौतानि सम्बध्यन्ते पुनः पुनः । वर्त्मान्यपरिपक्वानि विद्यादक्लिन्नवर्त्म तत् ॥

जसका पलक धोएपनि नधोएपनि पटकपटक टाँस्सिने गर्दछ तर पाक्दैन त्यस्तो रोगलाई “अक्लिन्नवर्त्म” भनिन्छ । (अन्य केही ग्रन्थमा यसलाई पिल्ल रोग पनि भनिएको छ) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अक्ष (बरों)
(Beleric Myrobabalan)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : यी तल दिइएका पर्यायवाची शब्दले बरोंलाई बुझाउँदछ ।

(ख) के.यन. स्वामीः अक्ष, विभीतक आदि बरोंका नामहरू हुन् ।

(ग) नेपाली बृहत् शब्दकोश : ठूलठूला पात हुने, मञ्जरीका रूपमा मसिना हरिया फूल फुल्ने, पहेँला गोल फल फल्ने एक वृक्ष वा त्यसैको फल । त्रिफलाका तीन फलमध्ये एक फल ।

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Terminalia bellirica* (Gaertn.) Roxb. र अंग्रेजी नाम Siamese terminalia वा Bastard myrobalan हो । यो त्रिफलामा गनिन्छ ।

बरों (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ङ) पेयर डी अमरकोशः यसको नाम Beleric Myrobabalan हो ।

(च) द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ : यसलाई अंग्रेजीमा Beleric Myrobabalan तथा ल्याटिन भाषामा *Terminalia bellirica* Roxb. भनिन्छ ।

(छ) डा.सतिश चन्द्र साङ्ख्यधर : बरोंलाई अंग्रेजी भाषामा Bedanut पनि भनिन्छ ।

(ज) कामतद्वय : Combretaceae परिवारमा पर्ने यसको वानस्पतिक नाम *Terminalia bellirica* Roxb. (Cooke). (*Terminalia bellirica* (Gaertn.) Roxb.) हो ।

(झ) फर्माकोपिया : संस्कृतमा बिभीतक, विभीत, अक्ष र अक्षक भनिने वनस्पति Combretaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Terminalia belerica* Roxb. हो । अंग्रेजीमा यसलाई Beleric Myrobalan भनिन्छ । यसका फलको धूलो ओखतीका लागि एक मात्रामा ३-६ ग्राम प्रयोग हुन्छ ।

(ञ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : Angiosperm समूह अन्तर्गतको Combretaceae परिवारमा पर्ने बरोंको वानस्पतिक नाम *Terminalia bellirica* (Gaertn.) Roxb. हो ।

प्राचीन ग्रन्थका वचनहरु :

(क) अभिधान रत्नमाला :

विभीतकः कर्षफलो भूतावासः कलिद्रुमः । अक्षो लक्ष्मीविनाशश्च विन्ध्यजातः कलिश्च सः ॥

विभीतक, कर्षफल, भूतावास, कलिद्रुम, अक्ष, लक्ष्मीविनाश, विन्ध्यजात र कलि : यी बरोंका

पर्यायवाची नाम हुन् ।

(ख) **अमरकोश :**

अक्ष, कर्षफल, कलिद्रुम, तुष, भूतावास र विभीतक (तीन वटै लिङ्गमा प्रयोग हुने): यी बर्रोका पर्यायवाची नाम हुन् ।

बर्रोको रूख (तस्विर श्रोत : एजुकलिङ्गोडटकम)

(ग) **अर्कप्रकाश :**

बिभीतकस्य तृट्छर्दिकफकासविनाशनः ।

बर्रोको अर्कले तिर्खा, वाकवाकी, कफ र खोकी निको हुन्छ ।

(घ) **अष्टाङ्ग निघण्टु :**

अक्षः कलिः कर्षफलो विन्ध्यजातो बिभीतकः ।

अक्ष, कलि, कर्षफल, विन्ध्यजात र बिभीतक : यी बर्रोका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) **आयुर्वेद महोदधि :**

आक्षं स्वादुहिमं केश्यं गुरुपित्तानिलापहम् । अक्षजं कफपित्तघ्नं केश्यं दृक्श्रोत्रतर्पणम् ॥

बर्रो (अक्ष) को तेल स्वादिलो, शीतल, कपालका लागि लाभदायक र पचाउन कठिन हुन्छ । यसले पित्तविकार र वातविकार नाश गर्दछ । बर्रोको तेलले कफविकार र पित्तविकार नाश गर्दछ, कपालका लागि फाइदाजनक हुन्छ र आँखा र कानका लागि लाभदायक हुन्छ ।

नातितीव्रमदा लघ्वी पथ्या वैभीतिकी सुरा ॥

बर्रोको मदिरा धेरै नशा दिने खालको हुँदैन । यो पचाउन सहज र शरीरलाई पथ्य हुन्छ ।

(च) **कैयदेव निघण्टु :**

बिभीतको भूतवासो मधुजीवो बहेडकः । धर्मद्वेषी वसन्तातो हर्यक्षः कुशलस्तूषः ॥
वासन्तोऽक्षो विन्ध्यजातस्तिलपुष्पः कलिद्रुमः । कल्पद्रुमः कर्षफलस्तुमलो रोमहर्षणः ॥
अक्षं कषायमधुरं पाके पित्तकफापहम् । उष्णवीर्यं हिमस्पर्शं केश्यं वैस्वर्यजन्तुजित् ॥
चक्षुष्यं भेदनं रूक्षं लघु कासविनाशनम् । अक्षमज्जा मदकरः कफमारुतनाशनः ॥

बिभीतक, भूतवास, मधुजीव, बहेडक, धर्मद्वेषी, वसन्तात, हर्यक्ष, कुशल, तूष, वासन्त, अक्ष, विन्ध्यजात, तिलपुष्प, कलिद्रुम, कल्पद्रुम, कर्षफल, तुमल र रोमहर्षण : यी बर्रोका पर्यायवाची नाम हुन् । बर्रो टर्रो, पचेपछि गुलियो, पित्तविकार र कफविकार नाश गर्ने, उष्णवीर्यको, छुँदा शीतल, कपाल र स्वरका लागि हितकर, कीरालाई जित्ने, आँखाका लागि लाभदायक, भेदनी, पचाउन सहज र खोकी नाश गर्ने गुणको हुन्छ । यसको बीजको गुदी नसा लगाउने तथा कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(छ) द्रव्यगुण सङ्ग्रह :

अक्षं भेदनरूक्षोष्णं वैस्वर्यं क्रिमिनुत् कटु । चक्षुष्यं स्वादुपाकं च कषायं कफपित्तनुत्॥

बर्रो भेदनी, रुखो, उष्णवीर्यको, स्वरका लागि लाभदायक, कीरा नाश गर्ने, पिरो, आँखाका लागि हितकर, पचेपछि गुलियो, टर्रो तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

(ज) धन्वन्तरि निघण्टु :

विभीतकः कर्षफलो वासन्तोऽक्षः कलिद्रुमः । संवर्तको भूतवासः कसल्कोहार्यो बहेडक॥
विभीतकः कटुः पाके लघुर्वैस्वर्यजित्सरः । कासाक्षिवक्त्ररोगघ्नः केशवृद्धिकरः परः॥
विभीतकं कषायं च कृमिवैस्वर्यजित्सरम् । चक्षुष्यं कटुरूक्षोष्णं पाके स्वादु कफास्रजित्॥

सङ्कलन : मोहन प्र

भूतावास (तस्विर श्रोत : पेयर डी अमरकोश)

विभीतक, कर्षफल, वासन्त, अक्ष, कलिद्रुम, संवर्तक, भूतवास, कल्किहार्य र बहेडक : यी बर्रोका पर्यायवाची नाम हुन् । यो पचेपछि टर्रो, पचाउन सहज, विकृत स्वरलाई जित्ने र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । बर्रो टर्रो, कीरा र विकृत स्वरलाई जित्ने, मलमूत्रलाई तलतिर सार्ने, आँखाका लागि हितकर, पिरो, रुखो, उष्णवीर्यको, पचेपछि गुलियो तथा कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

आक्षं स्वादु हिमं केश्यं गुरु पित्तानिलापहम् ।

बर्रोको तेल गुलियो, शीतवीर्यको, कपालका लागि हितकर, पचाउन कठिन तथा पित्तविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(झ) निघण्टुशेष :

बिभीतके भूतवासो वासन्तोऽक्षो बहेटकः । संवर्तकः कर्षफलः कल्को हार्यः कलिद्रुमः॥

कर्षो दैन्यो मधुबीजो धर्मद्वेषी बिभेदकः ।
(बिभेति अस्माद् बिभीतकः । भूतानां वासो भूतवासः । वसन्ते भवो वासन्तः । अक्ष्णोति- व्याप्नोति अक्षः, अश्नुते वा । बहते बहेटः, स्वार्थिके के बहेटकः । संवृत्यते अनेन संवर्तः, स्वार्थिके के संवर्तकः । कर्ष इव फलान्यस्य कर्षफलः । कल्यते कल्कः । ह्रियते हार्यः । कलेराश्रयो द्रुमः कलिद्रुमः । कर्षते कृषति वा कर्षः, अक्षसाम्याद्वा । दैन्यहेतुत्वाद् दैन्यः । मधु-मृष्टं बीजमस्य मधुबीजः । धर्मस्य द्वेषी धर्मद्वेषी । बिभेति अस्माद् बिभेदकः ।) ।

बिभीतक, भूतवास, वासन्त, अक्ष, बहेटक, संवर्तक, कर्षफल, कल्क, हार्य, कलिद्रुम, कर्ष, दैन्य, मधुबीज, धर्मद्वेषी र बिभेदक : यी बर्रोका पर्यायवाची नाम हुन् ।

(ञ) **पर्यायरत्नमाला :**

कलिद्रुमः कल्पवृक्षः संवर्तोऽक्षो विभीतकः ।

कलिद्रुम, कल्पवृक्ष, संवर्त, अक्ष र विभीतक : यी बर्रोका पर्यायवाची नाम हुन् ।

(ट) **भावप्रकाश निघण्टु :**

विभीतकस्त्रिलिङ्गः स्यादक्षः कर्षफलस्तु सः । कलिद्रुमो भूतवासस्तथा कलियुगालयः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

विभीतक, विभीतकी, विभीतकम्, अक्ष, कर्षफल, कलिद्रुम, भूतवास र कलियुगालय बर्रोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

विभीतकं स्वादुपाकं कषायं कफपित्तनुत् । उष्णवीर्य्यं हिमस्पर्शं भेदनं कासनाशनम् ॥
रूक्षं नेत्रहितं केश्यं कृमिवैस्वर्यनाशनम् । विभीतमज्जातृट्छर्दिकफवातहरी लघुः ॥
कषाया मदकृच्चाथ धात्रीमज्जाऽपि तद्गुणः ।

पाकेको बर्रोको स्वाद मिठो हुन्छ । यस्ले पनि शरीरका रसलाई सोस्दछ । कफपित्तलाई नाश गर्दछ । यसमा उष्णवीर्यको गुण (गर्मी गर्ने गुण) हुन्छ । छुँदा शितल हुन्छ । दिसा खुलाउँदछ । खोकी निको पार्दछ । सुक्खा आँखालाई लाभदायक हुन्छ । कपाल बढाउँदछ । पेटका कीरा मार्दछ र स्वर बसेको वा घोत्रिएकोमा लाभ गर्दछ । बर्रोको गुदीले तिर्खा मेट्दछ, वान्ता रोक्दछ, कप फुकाल्दछ र वायुलाई सोस्दछ । बर्रो पचाउन सहज हुन्छ । यसको गुदीमा रस सोस्ने र नसा (मद) समेत दिने गुण हुन्छ । अमलाको गुदीमा पनि यही गुण हुन्छ ।

(ठ) **मदनपाल निघण्टु :**

विभीतकः कर्षफलो भूतावासः कलिद्रुमः । वासन्तोऽक्षो वृद्धजातः सम्वर्त्तस्तिलपुष्पकः ॥
विभीतकः स्वादुपाकः कषायः कफपित्तनुत् । उष्णवीर्य्यो हिमस्पर्शो भेदनः कासनाशनः ॥

रूक्षो नेत्रहितः केश्यो मज्जातो मदकारकः ॥

बर्रोका विभीतक, कर्षफल, भूतावास, कलिद्रुम, वासन्त, अक्ष, वृद्धजात, संवर्त र तिलपुष्पक संस्कृत पर्यायवाची नामहरू हुन् । यो पाकेपछि गुलियो र टर्रोटर्रो स्वादको हुने हुनाले यसले कफ र पित्तजन्य रोग नाश गर्दछ । यसले गर्मी गर्दछ, छुँदा वा दल्दा चिसो हुन्छ । यसमा टुक्रा पार्ने वा अलग्याउने गुण हुने हुनाले खोकीलाई ठिक गर्दछ । रुखो भएपनि आँखाका लागि हितकारी हुन्छ । यसले कपाल बढाउँदछ र गेडाको गुदीले नसा लगाउँदछ । (बर्रोको तेलले पित्तविकार र वातविकार नाश गर्दछ । यो तेल कपालका लागि हितकर, पचाउन कठिन, कफविकार गर्ने र शीतल हुन्छ ।) ।

कर्षफल (तस्विर श्रोत : पेयर डी अमरकोश)

बर्रोको फल (तस्विर श्रोत : माईउपचारडटकम)

(ड) मदनादि निघण्टु :

विभीतकः कर्षफलः कलिवृक्षः कलिद्रुमः ।
वासन्तको भूतावासो हरीवृक्षो वनप्रियः ॥
चक्षुष्यः केशजनको वीर्येचोष्णे विभीतकः ।
स्वर्यः कफहरः श्वासकासहिक्काविनाशनः ॥

विभीतक, कर्षफल, कलिवृक्ष, कलिद्रुम, वासन्तक, भूतावास, हरीवृक्ष र वनप्रिय : यी बर्रोका पर्यायवाची नाम हुन् । यो आँखाका लागि हितकर, कपाल उमार्ने, उष्णवीर्यको, स्वरका लागि फाइदाजनक तथा कफविकार, दम, खोकी र बाडुली नाश गर्ने गुणको हुन्छ ।

(ढ) राजनिघण्टु :

विभीतकस्तैलफलो भूतावासः कलिद्रुमः । संवर्तकस्तु वासन्तः कल्किवृक्षो बहेडकः ॥
हार्यः कर्षफलः कल्किधर्मघ्नोऽक्षोऽनिलघ्नकः । विभीतकश्च कासघ्नः स प्रोक्तः षोडशाह्वयः ॥
विभीतकः कटुस्तिक्तः कषायोष्णः कफापहः । चक्षुष्यः पलितघ्नश्च विपाके मधुरो लघुः ॥

(१) विभीतक, (२) तैलफल, (३) भूतावास, (४) कलिद्रुम, (५) संवर्तक, (६) वासन्त, (७) कल्किवृक्ष, (८) बहेडक, (९) हार्य, (१०) कर्षफल, (११) कल्कि, (१२) धर्मघ्न, (१३) अक्ष, (१४) अनिलघ्नक, (१५) विभीतक र (१६) कासघ्न : यी सोह्र नाम बर्रोका संस्कृत पर्यायवाची नामहरू हुन् । बर्रो पिरो, तीतो, टर्रो, उष्णवीर्यको र कफ नाशक हुन्छ । यो आँखाका लागि हितकर र उमेर नपुगी कपाल फुल्ने रोग नाशक हुन्छ । यो पचेपछि (वा पाकेपछि) गुलियो हुन्छ । बर्रो पचाउन सहज हुन्छ ।

आक्षं स्वादु हिमं केश्यं गुरु पित्तानिलापहम् ॥

बर्रोको तेल स्वादिलो, शीतवीर्यको, कपालका लागि हितकर, पचाउन कठिन तथा पित्तविकार र वातविकार नाशक हुन्छ ।

(ण) राजवल्लभ निघण्टु :

बिभीतं भेदि तीक्ष्णोष्णं कृमिवैस्वर्यनाशनम् ।
चक्षुष्यं स्वादुपाकि च कषायं कफपित्तनुत्॥

बर्रो भेदनी, तिक्खर, उष्णवीर्यको, कीरा र स्वर समस्या नाशगर्ने, आँखाका लागि हितकर, स्वादिलो, पचेपछि टर्रो तथा कफविकार र पित्तविकार नाशगर्ने गुणको हुन्छ ।

बिभीतमज्जा तृट्छर्दिकफवातहरा लघुः ।
कषाया मेदकृच्चापि ... ॥

बर्रोको फल (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

बर्रोको गेडा भित्रको गुदीले तिर्खा, वाकवाकी, कफविकार र वातविकार नाश गर्दछ । यो पचाउन सहज हुन्छ ।

(त) शार्ङ्गधर संहिता :

सङ्कलन : मोहन प्रसाद

बिभीतकफलं किञ्चिद् घृतेनाभ्यज्य लेपयेत् ।
गोधूमपिष्टेनाङ्गारैर्विपचेत्पुटपाकवत्॥
ततः पक्वं समुद्धृत्य त्वचन्तस्य मुखे क्षिपेत् ।
कासश्वासप्रतिश्यायस्वरभङ्गाञ्जयेत्ततः॥

बर्रोका गेडालाई हल्का घिउ दलेर त्यसमाथि गहुँको पिठोको लेप दली पुटपाक बनाउनू । त्यसपछि यसलाई निकालेर टुक्रा पारी मुखमा लिएर रस चुस्ने गरे दम, खोकी, पिनास र स्वर बसेको ठिक गर्दछ ।

श्वासकासेषु सर्वेषु केवलं वा बिभीतकम् (बिभीतं वापि केवलम्)॥

अथवा बर्रोको बोक्रा मात्र (वा यसको विधिले बनाइएको गोली) मुखमा लिई चुस्नाले पनि दम र खोकी निको हुन्छ ।

बिभीतफलमज्जाक्त(या) लेपो दाहार्तिनाशनः ।

बर्रोको गुदीलाई राम्ररी पिसेर मलम बनाई दल्नाले डाह नाश हुन्छ ।

(थ) शालिग्राम निघण्टु :

कलिद्रुमः कल्पवृक्षः संवर्ताक्षौबिभीतकी ।

कलिद्रुम, कल्पवृक्ष, संवर्त, अक्ष र बिभीतकी : यी बर्रोका पर्यायवाची नाम हुन् ।

बिभीतकः कटुस्तिक्तस्तुवरोष्णोलघुः सरः । पाके मधुरो रूक्षश्चक्षुष्यः केशवृद्धिकृत्॥
हिमस्पर्शो भेदकश्च पलितस्वरभङ्गजित् । नासारोगं रक्तदोषं कण्ठरोगं च नेत्ररुक्॥
जन्तूनां कास हृद्रोगनाशको मुनिभिः स्मृतः । (निघण्टु रत्नाकर)

बर्रो, पिरो, तितो, टर्रो, उष्णवीर्यको, पचाउन सहज, मलमूत्रलाई तलतिर सार्ने, पचेपछि गुलियो, रुखो, आँखाका लागि हितकर, कपाल बढाउने, छुँदा शीतल, भेदनी, कपाल फुल्दा लाभदायक, स्वर बिग्रेको ठिक गर्ने तथा नाकका रोग, रक्तविकार, घाँटीका रोग, आँखाका रोग, कीरा, खोकी र मुटुका रोग नाशगर्ने गुणको हुन्छ भनी मुनिजनले बताएका छन् ।

बिभीतको लघुः शीतः पाकेस्वादुः कफास्रजित् । कासहृत्क्षयकुष्ठघ्नः केशवृद्धिकरः परः॥
परं केश्यस्तु तन्मज्जा नेत्रपुष्पहरोञ्जनात् । नासारोगनेत्ररोगकृमिशुक्रहरो लघुः॥
अक्षवृक्षभवः कल्कश्चित्रपाण्डुगदापहः ।

बर्रोको फल (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

बर्रो पचाउन सहज, शीतल, पचेपछि गुलियो, कफविकार रक्तविकारलाई जित्ने; खोकी, क्षयरोग र कुष्ठ नाश गर्ने; कपाल बढाउने र कपालका लागि अति हितकर हुने गुणको हुन्छ । यसको बीजको गुदीको गाजल लगाउनाले आँखाको फुलो ठिक हुन्छ । यसले नाकका रोग, आँखाका रोग, कीरा र शुक्र नाश गर्दछ । यो पचाउन सहज हुन्छ । यसको रूखको बोक्राको काँढापानीले चित्रकुष्ठ र पाण्डुरोग नाश गर्दछ ।

(द) **सरस्वती निघण्टु :**

अक्षस्तुषः कर्षफलो भूतवासः कलिद्रुमः । वसन्तो भूतवृक्षश्च नन्दिवृक्षो विभीतकः ॥

अक्ष, तुष, कर्षफल, भूतवास, कलिद्रुम, वसन्त, भूतवृक्ष, नन्दिवृक्ष र विभीतक : यी बर्रोका पर्यायवाची नाम हुन् ।

(ध) **सोढल निघण्टु :**

बिभीतके कर्षफलो वासन्तोऽक्षः कलिद्रुमः । संवर्तनो भूतवासः कलिहार्यो बहेडकः ॥
बहुवीर्यस्तैलफलस्तुमुलः पवनोद्भवः ।

बिभीतक, कर्षफल, वासन्त, अक्ष, कलिद्रुम, संवर्तन, भूतवास, कलिहार्य, बहेडक, बहुवीर्य, तैलफल, तुमुल र पवनोद्भव : यी बर्रोका पर्यायवाची नाम हुन् ।

(न) **सौश्रुत निघण्टु :**

विभीतकी कर्षफलः कलिवृक्षस्तथैव च । अक्षो भूतनिवासश्च कल्कवृक्षश्च शब्दितः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

विभीतकी, कर्षफल, कलिवृक्ष, अक्ष, भूतनिवास र कल्कवृक्ष : यी बर्रोका पर्यायवाची नाम हुन् ।

(प) **हृदयदीपक निघण्टु :**

...कलिवृक्षो विभीतकः ।

कलिवृक्ष र विभीतक : यी बर्रोका पर्यायवाची नाम हुन् ।

आग्निस्तम्भन विधि
(The (magical) quenching of fire)

(क) अर्कप्रकाश :

रक्तपाभेकशशिज पाटलार्को जलस्थले । कृत्वाऽथ पाचयेत्तैलं यथोक्तविधिना ततः ॥
एतत्तैलस्य यो लेपं कारयेत्करपादयोः । अङ्गाराणामुपरि च नरो भ्रमति भूमिवत् ॥

पानी जुका, भ्यागुतो, चन्द्रकमल र पाडरीको फूलको तल जलपात्र राखी यन्त्रविधिले अर्क निकाल्नू । यो अर्क हातगोडामा दल्नाले मनुष्य आगोको भुङ्ग्रामा जमिनमा हिँडे जसरी हिँड्न सक्दछ ।

सहव्येक्षुभव पीत्वा चर्वयेत्तगरं वचाम् । तप्त लोहं लिहेत्पश्चात्काचिद्धानिर्न जायते ॥

घिउ र उखुको रस पिई त्यसपछि तगर र बोझो चपाउनू । यसपछि तातो फलामको डल्लो चाट्दा पनि कुनै हानी गर्दैन ।

उच्चटाया रसेनैव सर्वाङ्गे लेपमाचरेत् । अङ्गाराद्यग्नि मध्ये तु भ्रममाणो न पीड्यते ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

रातीगेडी विशेषको अर्क (रस) शरीर भरी दलेर आगोमा पसेर घुम्दा पनि आगोले पोल्दैन ।

तारश्च वज्रकस्यान्ते अमृतं कुरु युग्मकम् । स्वाहान्तस्थित वर्णोऽयमाग्नस्तम्भे नियोजयेत् ॥

तर यसो गर्नु अघि "ॐ तारकेश्वर वज्रस्यामृतं कुरु कुरु स्वाहाः" मन्त्र सिद्ध गरी जप गर्नुपर्दछ ।

अचलवात (वातरोगविशेष)
(Achalavaata)

(क) माधव निदान, परिशिष्ट (अर्वाचिन मत) :

ययैव संस्थया जनो विमोहमाप्नुयाद्धि चेत् । ततोऽप्यनन्तरं तयैव च स्थितिं लभेत वै ॥
सा क्लेशकारिण्यपि चेत्स्थितिः स्यात्तदा स रोगोऽचलवातनामा ।
निदानविद्भिर्वहुशो भिषग्भिः सङ्कीर्त्तितोऽथापरिवर्त्तकोऽपि ॥
अपि चाचलसंस्थानाह्वयस्तथा तादवस्थ्यगदनामा ।
इत्यभिधानचतुष्टयमुक्तं विज्ञैः क्रियावशतः ॥
वातागतेश्चापरिवृत्तिहेतोस्तथा समस्थानत एव नूनम् ।
चतुर्विधं नाम च पूर्वभावस्थितेः कृतं वैद्यवरैः सहेतुकम् ॥

जुन स्थितिमा रोगी बेहोस हुन्छ होसमा आएर पनि त्यही स्थिति भइरहन्छ भने त्यस्तो दुःखदायी वातरोगलाई "अचलवात" भनिन्छ । यसैका अपरिवर्त्तक, अचलसंस्थान र तादवस्थ्यगद पर्यायवाची नाम हुन् । वातले काम नगर्ने हुनाले, परिवर्तन नहुनाले, समान अवस्था हुनाले र पूर्व भावमै रहने हुनाले यी नाम कारण (लक्षण) अनुसार नै राखिएका नाम हुन् ।

सञ्चिन्तनाद्वऽतिभयात्तथा च सङ्क्षीणधातुत्वत एव लोके ।
क्षयाद्धि सत्त्वस्य च वीजदोषादुत्पद्यतेऽद्धाऽचलवातरोगः ॥

सङ्कलन : मोहन प्रसाद मापकोटा

धेरै चिन्ता, अति डर, धातुको क्षय, स्त्वको क्षय र बीजदोषले गर्दा अचलवात रोग हुने गर्दछ ।

स्पर्शाज्ञत्वं दृढता पेशीनां स्यादचेष्टितं नियतम् ।
आक्षेपेण विना वै मूर्च्छाऽचलवातसंज्ञके रोगे ॥
प्राक्संस्थया तु गदिनः स्थितिरित्यस्य विशेषचिह्नमुक्तकम् ।
श्वासाधिक्यं जातु क्षुद्रत्वं स्याद्धमन्यां वै ॥
प्राग्रूपेण विनैव व्याधेः सहसोदयोऽप्यत्र । ग्रीवास्तम्भः शूलं शिरसि कदाचिच्च चेतसश्चलता ॥

स्पर्श ज्ञान नहुनु, मांसपेशी बलियो हुनु, सामान्य अवस्थामा होस नफर्किनु, कुनै झट्का नदिइकन नै बेहोस हुनु : यी अचलवातका लक्षण हुन् । रोगी बेहोस हुनु अघि जेजस्तो अवस्थामा थियो होस आएपछि पनि त्यही स्थितिमा रहनु यो रोगको विशिष्ट लक्षण हो भनी पहिले नै बताइयो । यसका साथै, दम निस्कने, नाडी मन्द हुने, पूर्व लक्षण नै नदेखिई रोग लाग्ने, गर्दन अड्किनु, टाउको दुख्नु र कहिलेकाहीँ चित्त चञ्चल हुनु जस्ता लक्षण पनि यो रोगमा देखिन्छन् ।

बाख्रा
(Goat)

परिभाषा :

(क) **अमरकोश, कुलचन्द्र शर्मा :** (१) अज भनेको बोका वा खसी हो । (१) अजा भनेको बाख्री हो । (१) आजक : बोका-बाख्राको बथान । (२) बोका-बाख्रा बेचबिखन गरेर जीउ-जहान पाल्ने व्यक्ति : अजाजीव र जावाल ।

(ख) **नेपाली बृहत् शब्दकोश :** (१) अँडुवा : खसी नपारेको बोको (आदि), सुमरेकोलाई खसी भनिन्छ । (२) अज, देवानांप्रिय, मेध्य : बाख्राको भाले सन्तान, बोको । (३) कुमारपाठी : बोकासँग नमिसिएकी पाठी । (४) खुट्टी : काटेका खसी, बोका आदिको खुट्टो । (५) खुल्क्याउनु : काटिइसकेका खसी, बोका आदिका रौँलाई तातो पानी हालेर खुर्किनु; खुइल्याउनु । (६) गलस्तन : बाख्राका गलामा झुन्डिने थुनजस्ता मासुका लुर्का । (७) गलस्तनी : गलामा मासुका लुर्का झुन्डिएको वा चारकाने बाख्रो । (८) चेपुवा : जनावरलाई सुमर्दा आँड चेप्ने साधन । (९) छ्याबोके : बोको खोजेको बाख्रामा लागेका बोकालाई उत्तेजित बनाउन भनिने शब्द; लेलेलेलेले; लगेलगे । (१०) जरुवा : सुमर्दा नसा नचुँडिएको; राम्ररी नसुमरिएको; आँडि रहेको (बोको, गोरु आदि) । (११) टाँग्नु : खसी, बोका आदिको छाला काढ्नु । (१२) तिलकाने : कानमा तिलजस्ता मसिना टीका हुने बाख्रो । (१३) पाठी : भेडा-बाख्राको पोथी बच्चो । (१४) पाठो : भेडा-बाख्राको भाले बच्चो । (१५) पेटारे : शरीर एक रङ्को र पेट मात्र अर्को रङ्को हुने बाख्रो, पाठो आदि । (१६) पोटे : खसी, बोका आदिको भुटुवा; भुँडी । (१७) बकरे : खसी, बोका आदि काटेर मासु बेच्ने पेसा लिएको व्यक्ति; मासुपसले; बगरे । (१८) बड्कौलो : भेडा-बाख्राको, मसिना गोली परेको बिष्ठा; बड्कुम्लो; बड्कुँलो; बकौलो; जुतो । (१९) बाकलकाने : बाक्ला कान हुने एक जातको बाख्रो । (२०) बाख्रापाठा : बाख्रा र पाठा । (२१) बाख्री : पोथी बाख्रो । (२२) बाख्रे : बाख्रोजस्तो; बाख्राको । (२३) बाख्रो : बोका, बाख्रा बढाउनका निम्ति पालिने पोथी बाख्रो; बाख्री; लम्बकर्ण । मासु खाइने प्रसिद्ध घरपाला पशुविशेष; बोको । (२४) बोके : बोकाका ढाँचाको; बोकोजस्तो । बोको । (२५) भिउँसिने बोको : भीमसेनलाई अर्पण गरिएको छाडा बोको; भिउँसिने । (२६) मनि-मनि : भेडा-बाख्रा (बालबोलीमा) । (२७) मने : बाख्राको पाठो वा पाठी (बालबोलीमा) । (२८) मुनी : भेडाबाख्राको माउ वा पाठो । (२९) रगती : खसी, बोका आदि काट्दा आएको रगत; रक्ती । (३०) रतुली : रातो वर्णको बाख्रो । (३१) राजखानी : बोका (आदि) जन्तुहरूका भाले जातिको अण्डकोष । (३२) लिखुरो : साह्रै सानो र दुब्लो (प्रायः भेडा, बाख्रा आदिको पाठो) । लोली ला : बाख्रालाई डाक्ता भन्ने शब्द । (३३) मेढो : बलिका निम्ति छुट्याइएको बोको (आदि) । (३४) लुटाकाने : कान खुम्चिने जातको बाख्रो । (३५) लुर्कने : बाख्राका कानमनिको थुनजस्तो लुर्को । (३६) सन्तानी : चाँडचाँडो र धेरै बेत बियाउने बाख्रो । (३७) साँप्रो : खसी, बोका आदिको तिघ्रो; सपेटो । (३८) सिँगारे : सर्वाङ्ग कालो र निधारका दुई छेउमा ठाडो सेतो धर्सा भएको (बाख्रो, बोको आदि); सिँगारी; सिङारे; सिङारी । त्यस्तो बाख्रो वा बोको । (३९) सिउसिउ : भेडा, बाख्रा आदिलाई धपाइने शब्द । (४०) हर्र : बाख्रा, भेडा आदिलाई बोलाउँदा भनिने शब्द ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) **पेयर डी अमरकोश :** यसका अनेक जात हुन्छन् । अंग्रेजीमा यसलाई Goat, He-goat र She-goat भनिन्छ ।

(घ) **डा.सतिश चन्द्र साङ्ख्यधर :** बाख्रीलाई अंग्रेजीमा She Goat भनिन्छ । खसीबोकालाई अंग्रेजीमा The Goat तथा ल्याटिन भाषामा *Capra hircus* भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधान मञ्जरी :

विज्ञेयोऽजश्छागश्छगलो बस्तो वृषस्तथा कुन्थः। कपिवाहकश्च शठकः पर्यायैश्छागलश्चेति॥

अज, छाग, छगल, बस्त, वृष, कुन्थ, कपिवाहक, शठक र छागल : यी खसी-बोकाका पर्यायवाची नाम हुन्।

(ख) अमरकोश :

अजा छागी स्तभच्छागवस्तच्छगलका अजे।...आजकम्। जावालः स्यादजाजीवो ...।

बोको (तस्विर श्रोत : अन्नपूर्ण पोष्ट डटकम)

अजा र छागी बाख्रीका पर्यायवाची नाम हुन्। स्तभ (तुभ), छाग, वस्त, छगल (छगलक) र अज : यी खसी-बोकाका पर्यायवाची नाम हुन् । बोका-बाख्राको बथानलाई आजक भनिन्छ । बोका-बाख्रा बेचबिखन गरेर जीउ-जहान पाल्ने व्यक्तिलाई अजाजीव वा जावाल भनिन्छ।

(ग) अष्टाङ्ग सङ्ग्रह :

अजापयः शोषघ्नस्तन्यकररक्तसङ्ग्रहणप्रशमनानाम्।

सुकेनास रोगका लागि, दूध बढाउन लागि र शरीरमा रगत जम्मा गर्न वा बढाउनका लागि बाख्रीको दूध उत्तम हुन्छ।

अजां वा पर्युपासीत षण्मासानुटजे वसन्। तत्पयोमूत्रविड्वृत्तिपरिषेकप्रघर्षणः॥
ताभिः परिवृतः स्वप्यात्तच्छकृद्रेणुसङ्करे। एतद्रसायनं श्रेष्ठं रोगराजस्य नाशनम्॥

क्षयरोगका रोगीले छ महिनासम्म बाख्रापाठाका साथ बाख्राको खोरमा बस्नू। त्यसकै दूध पिउनू। तिनको मलमूत्रले आफ्नो शरीरमा मालिश गर्नू। तिनकै बीचमा सुत्नू। यो बाख्राको मलमूत्रको थुप्रो क्षयरोगको उपचारका लागि उत्कृष्ट पुनर्जीवन दायक उपचार हो।

(घ) अष्टाङ्ग हृदय :

तन्याभावे पयश्छागं गव्यं वा तद्गुणं पिबेत्।

शिशुलाई आमाको दूध खुवाउन नसकिने अवस्थामा बाख्रीको अथवा सोही समान गुण भएको गाईको दूध खुवाउनु पर्दछ ।

(ङ) **आयुर्वेद महोदधि :**

अजानामल्पकायत्वात् कटुतिक्तनिषेवणात् । नात्यम्बुपानाद् व्यायामात् सर्वव्याधिहरं पयः ॥

बाख्री सानो र हलुका शरीर हुने हुनाले यताउता उफ्रने, कुद्ने आदि जस्ता व्यायाम सजिलै गरिरहने गर्दछ । यी पानी पनि धेरै पिउँदैनन् र पिरो एवं तीतो कुरा बढी खाने गर्दछन् । यसैले बाख्रीको दूधले सबै खाले रोग नाश गर्दछ । (आयुर्वेद भन्दछ कि “आरोग्यं कटुतिक्तेषु” निरोगिता पिरो र तितोमा रहेको हुन्छ । यसैले पनि बाख्रीको दूधलाई विशेष आरोग्यदायक मानिन्छ) ।

बाख्रीको दूध दोहिरहेकी एक महिला, दुहवी, इटहरी (तस्विर श्रोत : न्यूजअभियानडटकम)

आजमग्निबलकृत्क्षयकासश्वासहानिलहरं परमं तत् ।
रक्तपित्तहरमाश्वतिसारे बृंहणे च विहितं हितमेव ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

बाख्रीको दूध पेटको अग्नि वर्धक, विशेष गरी क्षयरोग नाशक, खोकी नाशक, दम नाशक र वातदोष नाशक हुन्छ । यसले रक्तपित्त ठिक गर्नुका साथै दिसा लाग्दा तुरुन्त लाभ गर्ने गर्दछ । दुर्बल मानिसले शरीर पुष्टि पार्नु छ भने बाख्रीको दूध पिउनु अति नै लाभदायक हुन्छ ।

दध्याजं कफपित्तनाशनकरं वातघ्नमुष्णं तथा
दुर्नामश्वसने च कासिनि हितं वह्नेश्च सन्दीपनम् ।
वृष्यं बृंहणकान्तिदं बलकरं सर्वामयध्वंसनं
कार्श्ये चाप्यतिसारके निगदितं पथ्यं सदा प्राणिनाम् ॥

बाख्रीको दही कफपित्त नाशक, वात नाशक र तातो (गर्मी गर्ने) हुन्छ । यो अल्काई, दम र खोकीमा फाइदाजनक हुन्छ र यसले जठराग्निलाई बाल्दछ । बाख्रीको दहीलाई वीर्यवर्धक, पौष्टिक, कान्तिवर्धक, बलवर्धक र सर्वरोग नाशक मानिन्छ । दुब्लोपन र आउँमा यो विशेष हितकर हुन्छ ।

कासश्वासहरं रुच्यं शोफातीसारनाशनम् । आग्नेयं सर्वदोषघ्नं विशेषाच्छागलं दधि ॥

साना जातका बाख्राको दही दम र खोकी ठिक गर्ने, रुचिकर, सुन्निएको बसाउने र आउँ ठिक गर्ने गुणको हुन्छ । यो अग्निगुण प्रधान हुनुका साथै विशेषतः सबै दोष नाशक मानिन्छ ।

सुस्निग्धं छागलं तक्रं लघु दोषत्रयापहम् । गुल्मार्शोग्रहणीशोफपाण्ड्वामयविनाशनम् ॥

बाख्रीको तक्रमा चिल्लोपना बढी हुने, पचाउन हलुका हुने, त्रिदोष नाश गर्ने, गुल्म- अलकाई-ग्रहणी नाश गर्ने, शरीर सुन्निएको बसाउने र पाण्डुरोग नाश गर्ने गुण हुन्छन् ।

दीपनीयमजासर्पिः चक्षुष्यं बलवर्धनम् । कासे श्वासे क्षये चापि पथ्यं पाके च तल्लघु ॥

बाख्रीको घिउ पाचनशक्ति जगाउने, आँखाका लागि लाभदायक, बलबर्धक, खोकी-दम र क्षयरोगमा लाभकारी हुनुका साथै पचेपछि हलुका हुन्छ ।

आजं मुत्रं तीक्ष्णमुष्णं कषायं योज्यं पाने शूलगुल्मार्तिनाशम् ।
कासे श्वासे कामलापाण्डुरोगे अर्शोरोगे श्रेष्ठमेतद्वदन्ति ॥

बाख्रीको मूत्र तिक्खर, गर्मी गर्ने र टर्रो हुन्छ र पिउन योग्य मानिन्छ । यसले शूल, गसल्म, खोकी, दम, कमलपित्त र पाण्डुरोग निको पार्दछ । यो अलकाईका लागि उत्तम औषधी मानिन्छ ।

छागलं च त्रिदोषघ्नं गुरु पीनसनाशनम् । लघुपाकं नातिशीतं नातिस्निग्धमदाहि च ॥

बोकाको मासुले त्रिदोष नाश गर्दछ, पचाउन कठिन हुन्छ, पिनास निको पार्दछ, पचेपछि हलुका हुन्छ, अती शीतल र अति चिल्लो पनि हुँदैन । यसले हात, गोडा, छाती आदि पोल्ने काम पनि गर्दैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(च) काश्यप संहिता :

उद्वर्तितस्त्वजालेण्डैरजामूत्राभिषेचितः ॥ अजाक्षीरं पिबेन्नान्यदजाभिश्च वसेत् सह ।
अधस्तादवटेऽजानां वसञ्छोषी विमुच्यते ॥ आजं रसायनं ह्येतत् क्षयघ्नं बलवर्धनम् ।

क्षयरोगीलाई बाख्रीका बड्कौंलाको रसले शरीरमा मालिस गर्न लगाउनू र बाख्रीको मूत्रले शरीर पखाल्न वा सेचन गर्न लगाउनू । उसलाई बाख्रासँग राख्नू, खोरमा एउटा छुट्टै स्थान बनाएर त्यहीँ सुताउनू । यसबाट क्षयरोग नाश हुन्छ । यो उल्लेखित बाख्राको (विशेषत बोकाको) रसायनले क्षयरोगलाई नष्ट पार्दछ र बल बढाउँदछ ।

(छ) कैयदेव निघण्टु :

आजं गव्यगुणं क्षीरं दीपनं मधुरं लघु । सङ्ग्राहि शीतलं स्निग्धं कषायं शुक्रलं मृदु ॥
बल्यं निहन्ति कासार्शःश्वासातीसारतृट्क्षयान् । वातरक्तक्षतक्षीणपित्तास्रप्रदरज्वरान् ॥
अजानामल्पकायत्वात् कटुतिक्तनिषेवणात् । अल्पाम्बुपानाद् व्यायामात् सर्वव्याधिहरं पयः ॥

बाख्रीको दूध गाईको दूधका गुणको, दीपनी, गुलियो, पचाउन सहज, ग्राहि, शीतवीर्यको, चिल्ला, टर्रो, वीर्यवर्धक, कोमल, बलदायक तथा खोकी, हर्सा, दम, अतीसार, तिर्खा, क्षयरोग, वातविकार, रक्तविकार (वा वातरक्त), चोटपटक, सुकेनास, रक्तपित्त, प्रदर र जरो नाश गर्ने गुणको हुन्छ । सानो

जाउ, पिरो र तितो कुरा खाने स्वभाव, थोरै पानी पिउने बानी र व्यायम गरिरहने हुनाले बाख्राको दूधले सबै खालका रोगहरू नाश गर्ने गुण बोकेको हुन्छ ।

अजानां नवनीतं तु क्षयकासार्तिमेहनुत् । गुल्मार्शःशूलकण्डूघ्नं चक्षूरुग्ज्वरपाण्डुनुत् ॥

बाख्रीको नौनीले क्षयरोग, खोकी, दुःख, प्रमेह, गुल्म, हर्सा, शूल, लुतो, आँखाका रोग, जरो र पाण्डुरोग नाश गर्ने गुण बोकेको हुन्छ ।

दध्याजं लघु वीर्योष्णं दोषघ्नं वह्निदीपनम् । प्रशस्यते क्षये कार्श्ये कासे श्वासे गुदाङ्कुरे ॥

बाख्रीको दही पचाउन सहज, उष्णवीर्यको, त्रिदोष नाश गर्ने, पाचनशक्ति बढाउने तथा क्षयरोग, दुब्लोपन, खोकी, दम र हर्सा रोगमा हितकारी हुन्छ ।

सुस्निग्धं छागलं तक्रं लघु दोषत्रयापहम् । गुल्मार्शोग्रहणीशोफपाण्ड्वामयविनाशनम् ॥

बाख्रीको तक्र अति चिल्लो, पचाउन सहज तथा त्रिदोष, गुल्म, हर्सा, ग्रहणी, सुजन र पाण्डुरोग नाश गर्ने गुणको हुन्छ ।

आजं कफविरोध्याज्यं वृष्यं च दीपनम् । श्वासे कासे क्षयेऽर्शःसु पथ्यं पाके च तत् कटु ॥

बाख्रीको घिउ कफविकार विरोधी, वीर्यवर्धक, दीपनी तथा दम, खोकी, क्षयरोग र हर्साका पथ्य हुने गुणको एवं पचेपछि पिरो हुन्छ ।

छागमूत्रं कटु स्वादु तिक्तं रूक्षं कषायकम् । तीक्ष्णोष्णं दोषनुत् पथ्यं किञ्चिन्मारुतकोपनम् ॥
शूलगुल्मविषश्वासकासनाडीविषापहम् । कामलापाण्डुशोषघ्नं पूरणात् कर्णशूलजित् ॥

बाख्राको मूत्र पिरो, गुलियो, तितो, रुखो, टर्रो, तिक्खर, उष्णवीर्यको, त्रिदोष नाश गर्ने, पथ्य, केही मात्रामा वातविकारलाई उत्तेजित पार्ने तथा शूल, गुल्म, विषविकार, दम, खोकी, नाडीविष (नसाको विष ?), कमलपित्त, पाण्डु र सुकेनास रोग नाश गर्ने गुणको एवं कानमा हाल्नाले कान दुखेको ठिक गर्ने गुणको हुन्छ ।

अजा छागी सर्वभक्ष्या शुभा मञ्ज्ञा गलस्तनी ।
अजो बुष्कः शुभश्छागो लम्बकर्णः स्तवः पशुः ॥
छागलश्छेदको बस्तो बर्करश्चपलश्चलः । छागमांसं त्रिदोषघ्नं गुरु पीनसनाशनम् ॥
लघुपाकं नातिशीतं नातिस्निग्धमदाहि च । शरीरधातुसामान्यादनभिष्यन्दि बृंहणम् ॥

अजा, छागी, सर्वभक्ष्या, शुभा, मञ्ज्ञा र गलस्तनी : यी बाख्रीका तथा अज, बुष्क, शुभ, छाग, लम्बकर्ण, स्तव, छागल, छेदक, बस्त, बर्कर, चपल र चल : यी बोका-खसीका पर्ययवाची नाम हुन् । बोकाको मासु त्रिदोषनाशक, पचाउन कठिन, पिनाश नाश गर्ने, पचेपछि पचाउन सहज, कम शीतवीर्यको, कम चिल्लो, डाह नगर्ने, शरीरका धातुलाई सामान्य राख्ने, अनभिष्यन्दि र पौष्टिक गुणको हुन्छ ।

(ज) द्रव्यगुणसङ्ग्रह :

छागं कषायमधुरं शीतं ग्राहि पयो लघु । रक्तपित्तातिसारघ्नं क्षयकासगरापहम् ॥
अजानामल्पकायत्वात् कटुतिक्तनिषेवणात् । नात्यम्बुपानाद्व्यायामात्सर्वव्याधिहरं पयः ॥

बाख्रीको दूध टर्रो, गुलियो, शीतवीर्यको, ग्राहि, पचाउन सहज तथा रक्तपित्त, अतिसार, क्षयरोग, खोकी र विषविकार नाशगर्ने गुणको हुन्छ । थोरै पानी पिउने बानी र व्यायम गरिरहने हुनाले बाख्रीको दूधले सबै खालका रोगहरू नाश गर्ने गुण बोकेको हुन्छ ।

दध्याजं कफपित्तघ्नं लघु वातक्षयापहम् । दुर्नामश्वासकासेषु हितमग्नेश्च दीपनम् ॥

बाख्रीको दही कफविकार र पित्तविकार नाश गर्ने, पचाउन सहज, वातविकार र क्षयरोग नाश गर्ने, हर्सा, दम र खोकीमा हितकर तथा पाचनशक्ति बढाउने गुणको हुन्छ ।

छागघृतं तु चक्षुष्यं लघ्वग्निबलवर्धनम् ॥

बाख्रीको घिउ आँखाका लागि हितकर, पचाउन सहज तथा पाचनशक्ति र बल बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कटु तिक्तान्वितं छागमीषन्मारुतकोपनम् ।

बाख्रीको मूत्र पिरो, तितो तथा केही मात्रामा वातविकारलाई उत्तेजित पार्ने गुणको हुन्छ ।

(झ) धन्वन्तरि निघण्टु, माधव द्रव्यगुण :

छागं कषायं मधुरं शीतं ग्राहितरं लघु । रक्तपित्तातिसारघ्नं क्षयकासज्वरापहम् ॥
अजानां लघुकायत्वान्नानाद्रव्यनिषेवणात् ।
अ(ना?)त्यम्बुपानाद्व्यायामात्सर्वव्याधिहरं परम् ॥

बाख्रीको दूध टर्रो, गुलियो, शीतवीर्यको, ग्राहि, पचाउन सहज तथा रक्तपित्त, अतिसार, क्षयरोग, खोकी र जरो नाश गर्ने गुणको हुन्छ । सानो शरीर, अनेक थरी पदार्थ खाने, धेरै पानी पिउने (नपिउने ?) र व्यायाम गर्ने हुनाले बाख्रीको दूध प्रभावकारी ढङ्गले सबै रोगलाई नाश गर्ने गुणको हुन्छ ।

दध्याजं कफवातघ्नं लघु पाके क्षयापहम् । दुर्नामश्वासकासेषु हितमग्नेश्च दीपनम् ॥
रसे पाके च मधुरं कषायं कफवातजित् ।

बाख्रीको दही कफविकार र वातविकार नाश गर्ने, पचेपछि पचाउन सहज, क्षयरोग नाश गर्ने; हर्सा,

दम र खोकीमा हितकर, पाचनशक्ति बढाउन, शुरुमा र पचेपछि गुलियो र टर्रो तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ ।

छगलो बर्करश्छागस्तथा बस्तः पयस्वलः । अजो बूकडको मेध्यो लम्बकर्णः पशुस्तथा ॥
बृंहणो रसवीर्ये च वातघ्नः कफपित्तलः । कषायो दीपनीयश्च योग्यः श्लेष्मन्तुशीतलः ॥
छागमांसं गुरु स्निग्धं लघु पक्वं त्रिदोषनुत् । अदाहि रुचिदं नातिशीतं पीनसनाशनम् ॥
देहधातुसमानत्वादनभिष्यन्दि दीपनम् ।

छगल, बर्कर, छाग, बस्त, पयस्वल, अज, बूकडक, मेध्य, लम्बकर्ण र पशु : यी बोका-खसीका पर्यायवाची नाम हुन् । यिनको (बाख्राको) मासु रस र वीर्य दुवैमा पौष्टिक, वातविकार नाशक, कफविकार र पित्तविकार गर्ने, टर्रो, दीपनी, कफमा हितकर र शीतवीर्यको हुन्छ । बोकाको मासु पचाउन कठिन, चिल्लो, पचेपछिको रस पचाउन सहज, डाह नगर्ने, रुचिप्रद, कम शीतवीर्यको, पिनास नाश गर्ने, शरीरका धातुलाई समन अवस्थामा राख्ने हुनाले अनभिष्यन्दि र दीपनी गुणको हुन्छ ।

(ञ) **भावप्रकाश निघण्टु :**

छागं कषायं मधुरं शीतं ग्राहि तथा लघु ॥ रक्तपित्तातिसारघ्नं क्षयकासज्वरापहम् ।
अजानामल्पकायत्वात्कटुतिक्तनिषेवणात् ॥ स्तोकाम्बुपानाद्व्यायामात्सर्वरोगापहं पयः ।
...शृतशीतमजापयः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

बाख्रीको दूध टर्रो र गुलियो हुन्छ । यसले शीतल गर्दछ । यो सङ्ग्राही, पचाउन हलुका तथा रक्तपित्त, अतिसार, क्षयरोग, खोकी र जरो नाशक हुन्छ । सानो शरीर हुने, पिरो र तीतो घाँससेउला खाने, थोरै पानी पिउने तथा धेरै व्यायाम गर्ने हुनाले यो दूध सबै खालका रोग नाशक हुन्छ । बाख्रीको उमालेर सेलाएको दूध पथ्य हुन्छ ।

..अथाजं वा कोष्णं दण्डाहतं पिबेत् । लघु वृष्यं ज्वरहरं वातपित्तकफापहम् ॥

बाख्रीको दूध तताई त्यसलाई मथेर मनतातो पिए त्यो दूध पचाउन सहज, वीर्यवर्धक तथा जरो, वातविकार, पित्तविकार र कफविकार नाशक हुन्छ ।

... छागीदुग्धसमुद्भवम् । भवेत् फेनं त्रिदोषघ्नं रोचनं बलवर्द्धनम् ॥
वह्निवृद्धिकरं वृष्यं सद्यस्तृप्तिकरं लघु । अतीसारेऽग्निमान्द्ये च ज्वरे जीर्णे प्रशस्यते ॥

बाख्रीको दूधको फिँज त्रिदोषनाशक, रुचिकर, बलवर्धक, जठराग्नि वर्धक, वीर्यवर्धक, तुरुन्त तृप्त पार्ने, पचाउन सहज तथा अतिसार, कमजोर पाचनशक्ति र धेरै दिनको जरोमा हितकारी हुन्छ ।

आजं दध्युत्तमं ग्राहि लघु दोषत्रयापहम् ॥ शस्यते श्वासकासार्शः क्षयकार्श्येषु दीपनम् ।

बाख्रीको दही उत्तम, कब्जियत गर्ने, पचाउन सहज र त्रिदोषनाशक हुन्छ । यो दम, खोकी, अल्काई,

क्षयरोग र दुब्लोपनमा हितकर हुन्छ । यसले पाचनशक्ति बढाउँदछ ।

आजमाज्यं करोत्यग्निं चक्षुष्यं बलवर्द्धनम्॥ कासे श्वासे क्षये चापि हितं पाके भवेत् कटु ।

बाख्राको घिउ जठराग्नि बढाउने, आँखाका लागि हितकर, बलवर्धक तथा खोकी, दम र क्षयरोगमा लाभदायक हुन्छ । यो घिउ पचेपछि पिरो हुन्छ ।

छागलो बर्करश्छागो बस्तोऽजश्छेलकः स्तुभः ।
अजा छागी स्तुभा चापि छेलिका च गलस्तनी ॥
छागमांसं लघु स्निग्धं स्वादुपाकं त्रिदोषनुत् । नातिशीतमदाहि स्यात्स्वादु पीनसनाशनम्॥
परं बलकरं रुच्यं बृहणं वीर्यवर्द्धनम् ।

छागल, बर्कर, छाग, बस्त, अज, छेलक र स्तुभ : यी बोकाका संस्कृत पर्यायवाची नामहरू हुन् । बाख्रीलाई अजा, छागी र स्तुभा भनिन्छ । जुन् बाख्रीको घाँटीमा मासुको लुर्कन हुन्छ त्यस्तो बोकालाई संस्कृतमा गलस्तनी वा छेलिका भनिन्छ । बोकाको मासु पचाउन हलुका, चिल्लो, पचेपछि गुलियो र त्रिदोषनाशक हुन्छ । यसले धेरै शीतल र डाह पनि गर्दैन । यो मासु स्वादिलो र पिनासनाशक हुन्छ । बोकाको मासु अति बलदायक, रुचिकर, पौष्टिक र वीर्यवर्धक हुन्छ ।

अजायास्त्वप्रसूताया मांसं पीनसनाशनम्॥ शुष्ककासेऽरुचौ शोषे हितमग्नेश्च दीपनम् ।
अजासुतस्य बालस्य मांसं लघुतरं स्मृतम्॥ हृद्यं ज्वरहरं श्रेष्ठं सुखदं बलदं भृशम् ।

नब्याएको बाख्रीको मासुले पिनास, सुक्खा खोकी र अरुचि ठिक गर्दछ । यसले सुजनमा फाइदा गर्दछ र पाचकाग्निलाई बाल्दछ । ससाना पाठाको मासु पचाउन अति सहज, मुटुका लागि लाभप्रद, जरोनाशक तथा अत्यन्त सुखदायक र बलदायक हुन्छ । यसैले यस्तो मासु श्रेष्ठ हुन्छ ।

मासंनिष्कासिताण्डस्य छागस्य कफकृद् गुरु॥ स्रोतःशुद्धिकरं बल्यं मांसदं वातपित्तनुत् ।
वृद्धस्य वातलं रूक्षं तथा व्याधिमृतस्य च॥ ऊर्ध्वजत्रुविकारघ्नं छागमुण्डं रुचिप्रदम् ।

खसीको मासु कफविकार गर्ने, पचाउन कठिन, स्रोतग्रन्थीलाई शुद्ध पार्ने, बलदायक, मासुवर्धक, वातविकार नाशक र पित्तविकार नाशक हुन्छ । (बूढो) छिप्पिएको बोकाको मासु वायुविकार बढाउने र रुखो हुन्छ । रोगी बोकाखसीको मासु पनि वातविकार गर्ने र रुखो हुन्छ । खसीबोकाको टाउकाको मासुले खगाल्नुमा हुने विकार वा रोग नाश गर्दछ र रुचि बढाउँदछ ।

(ट) मदनपाल निघण्टु :

आजं गव्यगुणं ग्राहि विशेषादीपनं लघु । हन्ति क्षयर्शोऽतीसारप्रदरास्रभ्रमज्वरान्॥

बाख्रीको दूधमा गाईको दूधका गुण हुन्छन् । विशेषतः यो ग्राहि, दीपनी र पचाउन हलुका हुन्छ । यो दूधले क्षयरोग, अल्काई, अतीसार, प्रदर, रक्तविकार, भ्रम र ज्वर नाश गर्दछ ।

अजानामल्पकायत्वात्कटुतिक्तादिभक्षणात् । स्तोकाम्बुपानाद् व्यायामात्पयः सर्वगदापहम् ॥

सानो शरीर, पिरोतीतो आदि खाइरहने, कम पानी पिउने र धेरै व्यायाम गर्ने हुनाले बाख्रीको दूधले सबै रोग नाश गर्दछ ।

आजं दध्युत्तमं ग्राहि लघु दोषत्रयापहम् । शस्यते श्वासकासार्शःक्षयकार्श्येषु दीपनम् ॥

बाख्रीको दही उत्तम हुन्छ । यो ग्राहि, पचाउन हलुका, त्रिदोष नाशक तथा दम, खोकी, अल्काई, क्षयरोग र दुब्लोपनमा हितकारी हुन्छ । यो दीपनी हुन्छ ।

आजं गुल्मविषश्वासकामलापाण्डुदोषजित् ॥

बाखाको मूत्रले गुल्म, विषविकार, दम, कमलपित्त र पाण्डुजन्य विकारलाई नाश गर्दछ ।

छागी गलस्तनी मण्डा सर्वभक्ष्या त्वजा भृजा । वर्करश्छागलश्छागो बस्तेयः कालकः पशुः ॥

छागी, गलस्तनी, मण्डा, सर्वभक्ष्या, अजा र भृजा : यी बाख्रीका तथा वर्कर, छागल, छाग, बस्तेय र कालक पशु : यी बोकाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद मामकोटा

छागमांसं गुरु स्निग्धं लघु पक्वं त्रिदोषजित् । अदाहि बृंहणं नातिशीतं पीनसनाशनम् ॥ देहधातुसमानत्वादनभिष्यन्दि बृंहणम् ॥

बोकाको मासु पचाउन कठिन, चिल्लो, पकाएपछि पचाउन सहज, त्रिदोषनाशक, डाह नगर्ने, पौष्टिक, धेरै ठण्डी नगर्ने, पिनास नाशक, शरीर र धातुलाई समान अवस्थामा राख्ने हुनाले अभिष्यन्दि नहुने र धातुलाई पुष्ट पार्ने गुणको हुन्छ ।

(ठ) **माधव द्रव्यगुण :**

दध्याजं कफवातघ्नं लघु पित्तक्षयापहम् । दुर्नामश्वासकासेषु हितमग्नेश्च दीपनम् ॥

बाख्रीको दही कफविकार र वातविकार नाश गर्ने, पचाउन सहज, पित्तरोग रक्षयरोग नाश गर्ने; हर्सा, दम र खोकीमा हितकर तथा पाचनशक्ति बढाउने गुणको हुन्छ ।

आजं सर्पिर्दीपनीयं चक्षुष्यं बलवर्धनम् । कासे श्वासे क्षये चापि पथ्यं पाके च तल्लघु ॥

बाख्रीको घिउ दीपनी, आँखाका लागि हितकर, बल बढाउने तथा खोकी, दम र क्षयरोगमा पनि पथ्य एवं रस पचाउन सहज हुने गुणको हुन्छ ।

छागं रूक्षोष्णकटुकं नाडीविषगरापहम् । प्लीहोदरश्वासकासशोथवर्चोग्रहे हितम् ॥

बाख्रीको मूत्र रुखो, उष्णवीर्यको, पिरो, नाडीविष र गरविष नाश गर्ने तथा फियोका रोग, पेटका रोग, दम, खोकी, सुजन तथा ग्रहबाधा नाश गर्ने गुणको हुन्छ ।

मांसमाजं परं बल्यं बृंहणं वातनाशनम् ।

बोकाको मासु अति बलदायक, पौष्टिक र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(ङ) **राज निघण्टु :**

अजानां लघुकायत्वान्नानाद्रव्यनिषेवणात् । नात्यम्बुपानाद्व्यायामात् सर्वव्याधिहरं पयः ॥

सानो शरीर, अनेक थरीका घाँसपात आदि खाने, थोरै पानी पिउने र कसरत गर्ने हुनाले बाख्रीको दूधले सबै प्रकारका रोग नाश गर्दछ ।

सूक्ष्मादुग्धेति च संवदार्हं गोदुग्धवीर्यात्त्वधिकं गुणे च ।
सुक्षीणदेहेषु च पथ्यमुक्तं स्थूलाजदुग्धं किल किञ्चिदूनम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

साना जातका बाख्रीको दूध गाईको भन्दा बढी गुनिलो हुन्छ । यो दूध कमजोर मानिसका लागि (पनि) स्वस्थकर हुन्छ । ठूला जातका बाख्रीको दूध साना जातको बाख्रीको दूधभन्दा कम गुनिलो हुन्छ ।

दध्याजं कफवातघ्नं लघूष्णं नेत्रदोषनुत् । दुर्नामश्वासकासघ्नं रुच्यं दीपनपाचनम् ॥

बाख्रीको दही कफविकार र वातविकार नाशक, पचाउन सहज, उष्णवीर्यको र आँखाका रोग नाशक हुन्छ । यो दही अल्काई, दम र खोकी नाशक; रुचिप्रद, दीपनी र पाचनी हुन्छ ।

लघ्वाजाजन्तु मधुरं कषायञ्च त्रिदोषनुत् । चक्षुष्यं दीपनं बल्यं नवनीतं हितं सदा ॥

सानो जातका बाख्रीको नौनी गुलियो, टर्रो, त्रिदोष नाशक, आँखाका लागि हितकर, दीपनी, बलदायक र सधैं हितकर हुन्छ ।

नवनीतं नवोत्थन्तु छागजं क्षयकासजित् । बल्यं नेत्रामयघ्नं च कफघ्नं दीपनं परम् ॥

ठूलो जातको बाख्रीको ताजा नौनी क्षयरोग र खोकीलाई जित्ने, बलदायक, आँखाका रोग नाशक, कफविकार नाशक र अत्यन्त दीपनी हुन्छ ।

आजमाज्यन्तु चक्षुष्यं दीपनं बलवर्धनम् । कासश्वासकफान्तकं राजयक्ष्मसु शस्यते ॥

बाख्राको घिउ आँखाका लागि हितकारी, दीपनी, बलवर्धक तथा खोकी, दम र कफविकारलाई अन्त गर्ने गुणको हुन्छ । यो क्षयरोगको उपचारमा उपयोगी हुन्छ ।

अजामूत्रं कटूष्णञ्च रूक्षं नाडीविषार्तिजित् । प्लीहोदरकफश्वास गुल्मशोफहरं लघु ॥

बाख्राको मूत्र पिरो, उष्णवीर्यको, रुखो तथा नसाका विकार र विषविकारलाई जित्ने गुणको हुन्छ । यसले फियोका रोग, पेटका रोग, कफविकार, दम, गुल्म र सुजन नाश गर्दछ । यो पचाउन सहज हुन्छ ।

छागमांसं लघु स्निग्धं नातिशीतं रुचिप्रदम् । निर्दोषं वातपित्तघ्नं मधुरं बलपुष्टिदम् ॥

बाख्राको मासु पचाउन सहज, चिल्लो, थोरै शीतवीर्यको, रुचिप्रद, दोषहीन, वातविकार पित्तविकार नाशक, गुलियो तथा बलदायक र पौष्टिक हुन्छ ।

छागपोतभवं मांसं लघु शीतं प्रमेहजित् । ईषल्लघु बलं दत्ते तदेव तृणचारिणः ॥

पाठाको मासु पचाउन सहज, शीतवीर्यको र प्रमेहलाई जित्ने गुणको हुन्छ । चर्ने खालका पाठाको मासु केही पचाउन सहज र बलदायक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**अजो बुक्कश्च मेध्यः स्याल्लम्बकर्णः पशुश्च सः ।
छागलो बर्करश्छागस्तुभो बस्तः पयस्वलः ॥**

अज, बुक्क, मेध्य, लम्बकर्ण, पशु, छागल, बर्कर, छाग, तुभ, बस्त र पयस्वल : यी बोकाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

अजा पयस्विनी भीरुश्छागी मेध्या गलस्तनी ॥

अजा, पयस्विनी, भीरु, छागी, मेध्या र गलस्तनी : यी नाम बाख्रीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(ढ) **राजवल्लभ निघण्टु :**

छागक्षीरं तु मधुरं शीतलं ग्राहि दीपनम् । रक्तपित्तविकारघ्नं कासश्वासनिबर्हणम् ॥

बाख्रीको दूध गुलियो, शीतवीर्यको, ग्राहि, दीपनी, रक्तपित्त नाशक तथा खोकी र दम ठिक गर्ने गुणको हुन्छ ।

छागीनामल्पकायत्वाद्विविधौषधसेवनात् । नात्यम्बुपानाद्व्यायामात्सर्वदोषहरं पयः ॥

बाख्री सानो शरीर हुने, अनेक थरी औषधी चरेर खाने, थोरै पानी पिउने र यताउता कुदेर व्यायाम गर्ने हुनाले यसको दूध सबै खालको रोग नाशगर्ने गुणको हुन्छ ।

आजं कासे क्षये पथ्यं चक्षुष्यं बलवर्धनम्॥

बाख्रीको घिउ खोकीमा र क्षयरोगमा पथ्य हुन्छ । यो आँखाका लागि हितकर र बल बढाउने गुणको हुन्छ ।

छागमांसं परं हृद्यं बृंहणं बलवर्धनम् । स्निग्धं मृद्वनभिष्यन्दि नात्युष्णं धातुसाम्यकृत्॥

बोकाको मासु मुटुका लागि अति लाभदायक, पौष्टिक, बल बढाउने, चिल्लो, नरम, अनभिष्यन्दी, । केही उष्णवीर्यको र धातुलाई शान्तपार्ने गुणको हुन्छ ।

(ण) शालिग्राम निघण्टु :

दध्याजं कफपित्तनाशनकरं वातघ्नमुष्णं तथा
दुर्नामश्वसने च कासिनिहितं चाग्नेश्च सन्दीपनम् ।
वृष्य बृंहण कान्तिदं बलकरं सर्वामयध्वंसनं
आमार्शोष्वतिसारके निगदितं पथ्यं सदा प्राणिनाम्॥

बाख्रीको दही कफविकार, पित्तविकार र वातविकार नाश गर्ने; उष्णवीर्यको; हर्सा, दम र खोकीमा हितकर; पाचनशक्ति बढाउने; वीर्यवर्धक, पौष्टिक, कान्तिदायक, बलदायक, सबै रोग नाश गर्ने तथा आमविकार, हर्सा, अतिसार जस्ता रोगमा मानिसलाई सधैं पथ्य हुने गुणको हुन्छ ।

आजं दधि भवेचोष्णं क्षयवातविनाशनम् । दुर्नामश्वासकासेषु हितमग्निप्रदीपनम्॥
विपाके मधुरं वृष्यं रक्तपित्त प्रसादनम् ।
शस्तं प्राभातिकं प्रोक्त वातपित्तं निबर्हणम्॥ (अ० हा०)

बाख्रीको दही उष्णवीर्यको, क्षयरोग र वातविकार नाश गर्ने; हर्सा, दम र खोकीमा हितकर; पाचनशक्ति बढाउने; पचेपछि गुलियो हुने, वीर्यवर्धक र रक्तपित्तलाई शान्त (वा प्रसन्न) पार्ने गुणको हुन्छ । वातविकार र पित्तविकार नाश गर्नका लागि बिहानको दूध श्रेष्ठ हुन्छ ।

नवनीतमजायास्तु मधुरं तुवरं लघु । चक्षुष्यं दीपनं बल्यं हितकृत्क्षयकासनुत्॥
गुल्मं प्रमेहं शूलञ्च कण्डूं नेत्ररुजं ज्वरम् ।
पाण्डुं च श्वित्रकुष्ठं च नाशयेदिति कीर्त्तितम्॥ (निघण्टु रत्नाकर)

बाख्रीको नौनी गुलियो, टर्रो, पचाउन सहज, आँखाका लागि हितकर, दीपनी, बलदायक, हितकर तथा

क्षयरोग, खोकी, गुल्म, प्रमेह, शूल। लुतो, आँखाका रोग, जरो, पाण्डु र सेतोकुष्ठ नाश गर्ने गुणको हुन्छ ।

आजमाज्यं करोत्यग्निं चक्षुष्यं बलवर्द्धनम् । श्वासेकासेक्षये चापि हितं पाके भवेत्कटु ॥
कफार्शोराजयक्ष्माणां नाशनं परिकीर्त्तितम् ।

बाख्रीको घिउ पाचनशक्ति र बल बढाउने; दम, खोकी र क्षयरोगमा समेत हित गर्ने; पचेपछि पिरो हुने तथा कफविकार, हर्सा र क्षयरोग (टी.बी.) नाश गर्ने गुणको हुन्छ ।

(त) **हारीत संहिता :**

छागं कषायं मधुरञ्च शीतं पयो लघु ग्राहि क्षयापहारि ।
कासज्वराणां रुधिरातिसारे पित्ते त्रिदोषे विहितं हितं वै ॥

बाख्राको दूध अलि टर्रो हुन्छ त्यसैले कस्दछ, मिठो हुन्छ, शीतल गर्दछ, कब्जियत गर्दछ, पचाउन हलुका हुन्छ, क्षयरोग निको पार्दछ, खोकी सहितको जरो-रगत सहितको छेरपटी-पित्तरोग र त्रिदोषमा लाभदायक हुन्छ ।

आजं दधि भवेच्चोष्णं क्षयवातविनाशनम् । दुर्नामश्वासकासेषु हितमग्निप्रदीपनम् ॥
विपाके मधुरं वृष्यं रक्तपित्तप्रसादनम् । शस्तं प्राभातिकं प्रोक्तं वातपित्तनिबर्हणम् ॥

बाख्रीको दहीले गर्मी गर्दछ । यसले क्षयरोग र वातदोष नाश गर्दछ । अल्काई, श्वासप्रश्वाससम्बन्धी रोग र खोकीमा लाभदायक हुन्छ । पाचकाग्निलाई बाल्दछ । राम्ररी दूध तताएर जमाइएको यस्तो दही मिठो हुन्छ । वीर्यवर्धक हुन्छ । रक्तपित्तलाई सफा गर्दछ । यस्तो दहीमा पनि बिहान खाइएको दही लाभदायक हुन्छ र यसले वातदोष र पित्तदोष नाश गर्दछ ।

छागलं लघु संस्निग्धं त्रिदोषशमनं परम् । गुल्मार्शोग्रहणीशूलपाण्ड्वामयविनाशनम् ॥

बाख्रीको तक्र हलुका, चिल्लो, त्रिदोष नाश गर्नमा उत्तम तथा गानुगोला, अल्काई, कब्जियत, शूल र पाण्डुरोग नाशक हुन्छ ।

आज्यं सन्दीपनीयं च चक्षुष्यं बलवर्द्धनम् । कासश्वासक्षयाणाञ्च हितं पाके कफापहम् ॥

बाख्रीको घिउले जठराग्निलाई बाल्दछ । आँखाका लागि लाभदायक हुन्छ र बल दिन्छ । खोकी, श्वासप्रश्वाससम्बन्धी रोग र क्षयरोगमा यो लाभदायक हुन्छ । तताएर खाए (वा पचेपछि) कफलाई नाश गर्दछ ।

आजं मुत्रं तीक्ष्णमुष्णं कषायं योज्यं पाने शूलगुल्मार्त्तिनाशम् ।
कासे श्वासे कामलापाण्डुरोगे दुर्नाम्न्येतच्छ्रेष्ठमस्तीति वैद्याः ॥ अजा..गतं मूत्रं पाने शस्तं ..।

बाख्राको मूत्र तिक्खर, गर्मी गर्ने र टर्रो हुन्छ । यसले गानुगोला र शूल निको हुन्छ । खोकी, श्वासप्रश्वासका रोग, कमलपित्त, पाण्डु र अल्काईमा यो श्रेष्ठ हुन्छ भनी वैद्यहरूले बताएका छन् । बाख्राको मूत्र पिउनमा श्रेष्ठ हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अजघोष (सांन्निपात जरोविशेष)
(Ajaghosha)

प्राचीनग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान (परिशिष्ट) :

छगलकसमानगन्धः स्कन्धरुजावान्निरुद्धगलरन्ध्रः ।
अजघोषसन्निपातादाताम्राक्षः पुमान् भवति ॥

अजघोष नामक सन्निपातज्वरमा रोगीका आँखा तामा धातुजस्तै राता हुन्छन्, शरीरबाट बाख्राको जस्तो गन्ध आउँदछ, काँध दुख्दछ, घाँटीका प्वाल अवरुद्ध हुन्छन् जसले गर्दा उसको स्वर बाख्राको जस्तो हुन पुग्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अजीर्ण (अपच)
(Indigestion)

परिभाषा :

(क) **के.यन.स्वामी :** अपचरोग ।

(ख) **नेपाली बृहत् शब्दकोश :** (१) अजीर्ण : खाएको कुरो नपच्दा हुन जाने पेटको रोग; अपच; अजीर्न । (२) भुसिलो : धेरै खाएर अपच वा अजीर्ण हुँदा मुखबाट नमीठो गन्ध आउने (डकार); धूम । (३) मन्दाग्नि : रोगीको पाचनशक्ति मन्द हुने र भोक नलाग्ने एक प्रकारको रोग; अजीर्ण; अपच ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :**

अत्यम्बुपानाद्विषमाशनाच्च(द्वा) सन्धारणात् स्वप्नविपर्ययाच्च ।
कालेऽपि सात्म्यं लघु चापि भुक्तमन्नं न पाकं भजते नरस्य ॥

धेरै पानी पिएका बेलामा, विषमाशन (ज्यादै धेरै खानु, थोरै खानु र कुसमयमा खाना खानुलाई विषमाशन भनिन्छ) मा तथा मलमूत्र आदिको वेग रोकेको अवस्थामा समयमै खाइएको पनि, शरीरले सहने खालको भएपनि, पचाउन हलुका हुने खाइएको भएपनि त्यो अन्न पच्दैन ।

तृष्णा(ईर्ष्या)भयक्रोधपरिप्लु(क्ष)तेन लुब्धेन रु(शु)ग्दैन्यनिपीडितेन ।
प्रद्वेषयुक्तेन च सेव्यमानमन्नं न सम्यक्परिपाकमेति ॥

तिर्खा (डाह) ले भुटभुटिरहेको बेलामा, डराइरहेको बेलामा, रिसाइरहेको बेलामा, तथा अन्न भनेपछि हुरुक्कै हुने गरी लोभ गर्ने, रोगी(शोकमा परेको), दयनीय, आत्मग्लानिमा परेको र अरुको रिस गर्दै खाने अन्न पनि राम्ररी पच्दैन ।

अनात्मवन्तः पशुवद्भुञ्जते येऽप्रमाणतः । रोगानीकस्य ते मूलमजीर्णं प्राप्नुवन्ति हि ॥

जो व्यक्ति असंयमित भई पशुले जसरी मापभन्दा बढी खान्छन् तिनलाई अनेक थरी रोगको आधार मानिने अजीर्णको रोग हुन्छ ।

(ख) **चरक संहिता, माधव निदान :**

मात्रयाऽप्यभ्यवहृतं पथ्यं चान्नं न जीर्यति । चिन्ताशोकभयक्रोधदुःखशय्याप्रजागरैः ॥

चिन्ता, शोक, डर, रिस र आरामदायक नहुने खालको ओछ्यानका कारण रातभर ननिदाउँदा मात्र मिलाएर खाइएको शरीरले सहने खालको भोजन पनि पच्दैन । (खाएको कुरा नपच्ने यो रोगलाई

अजीर्ण रोग भनिन्छ) ।

(ग) शार्ङ्गधर संहिता :

अजीर्णं त्रिविधं प्रोक्तं विष्टब्धं वायुना मतम्॥
पित्ताद्विदग्धं विज्ञेयं कफेनामं तदुच्यते । विषाजीर्णं रसादेकं...।

वायुले हुने विष्टब्ध, पित्तले हुने विदग्ध, र कफले हुने आम गरी अजीर्ण तीन किसिमका हुन्छन् । अन्न (रस)का कारण हुने एउटै अजीर्णलाई भने विषाजीर्ण भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अतिक्षिप्त भग्न (हाँड भाँचिएको विशेष अवस्था)
(A kind of dislocation)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

क्षिप्तेऽतिशूलं विषमत्वमस्थ्नोः ...।

अतिक्षिप्त भग्नमा दुई हाड एक अर्कामाथि खप्टिएका कारण त्यो भाग विषम हुन्छ र शूल हुन्छ ।

(ख) सुश्रुत संहिता :

अतिक्षिप्ते द्वयोः सन्ध्यस्थ्नोरतिक्रान्तता वेदना च;

अतिक्षिप्त सन्धिमुक्तमा जोर्नीका दुवै हाड छुट्टिएर परपर पुगेका हुन्छन् र अति दुख्दछ ।

नोट : जोर्नी आदि भाँचिएर मासु, सिरा आदि समेतमा क्षति भई हाडहरू एकआपसमा खप्टिएको अवस्थालाई क्षिप्त वा अतिक्षिप्त भग्न भनिन्छ । जोर्नीका दुई हाडमध्ये एक हाड अर्को हाड माथि खप्टिएको छ र दुखाई असमान खालको छ भने त्यस्तो भग्नलाई “अतिक्षिप्त” भनिन्छ । सुश्रुत संहितामा दिइएको अतिक्रान्ता शब्दले मर्यादा नाघेको भन्ने अर्थ दिन्छ । यसलाई खप्टिएको वा परपर पुगेको भनी अर्थ लगाएको पाइन्छ ।

आंतंचरा (स्थलकमांलेनां)
(A kind of flower)

परिभाषा :

सङ्कलक : मोहन प्रसाद सापकोटा

(क) के.यन.स्वामी : अतिचरा, चारटी आदि शब्दले स्थलकमललाई बुझाउँदछ ।

(ख) कुलचन्द्र शर्मा : अतिचरा, चारटी आदि शब्दले स्थलकमलिनीलाई बुझाउँदछ ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) स्थल कमल : जमिनमा हुने कमलका फूलको बोट वा फूल । (२) थल कमल : कमलझैं सेता ठूलठूला बास्नादार फूल फुल्ने बोट वा त्यसैको फूल । (३) इन्द्रकमल : रूखमा फुल्ने एक प्रकारको सुगन्धी थलकमल । (४) छत्रपत्र : स्थलकमल । (५) तरण : स्थलकमल । (६) थलकमल : कमलझैं सेता ठूलठूला बास्नादार फूल फुल्ने बोट वा त्यसैको फूल । (७) स्थलपद्म : स्थलकमल ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : चतुर्धा स्थलपद्मानि सेवन्ती गुलदावदी । नैपाली च गुलाबश्च बकुलश्च कदम्बकः ॥ जस्ता अनेकौं मतहरु भेटिन्छन । कसैले *Ionidium suffruticosum* Ging. लाई त कसैले *Hibiscus mutabills* Linn. लाई स्थलकमल मानेका छन् ।

(ङ) डा.सतिश चन्द्र साङ्ख्यधर : यसको वानस्पतिक नाम *Hybanthus enneaspermus* F. Muell. पनि हो ।

(च) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : इन्द्रकमल Angiosperm समूह अन्तर्गत Rubiaceae परिवारमा पर्दछ । यसको वानस्पति नाम *Gardenia jasminoides* J.Ellis हो । रुख कमल Angiosperm समूह अन्तर्गत Magnoliaceae परिवारमा पर्दछ । यसको वानस्पति नाम Magnolia grandiflora L. हो ।

(छ) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : इन्द्रकमल Rubiaceae परिवारमा पर्दछ । यसलाई अंग्रेजीमा Cape jasmine भनिन्छ । यसको वानस्पति नाम *Gardenia jasminoides* J.Ellis हो । रुख कमल Magnoliaceae परिवारमा पर्दछ । यसको वानस्पति नाम *Magnolia grandiflora* L. हो । यसलाई अंग्रेजीमा Large tree magnolia/ Bull bay भनिन्छ ।

(ज) शालिग्राम वैद्य : यसको वानस्पतिक नाम *Ionidiuam sufflruticosum* हो ।

(झ) कामतद्वय : स्थलकमलको वास्पतिक नाम सम्भवतः *Colchicum luteum* Baker हुन सक्दछ ।

(ञ) हिन्दी विश्वकोश : (१) स्थलकमल : स्थल कमलम् । कमलको आकारको एक किसिमको फूल जुन् जमिनमा उत्पन्न हुने गर्दछ । यसको बोट ६ देखि १२ इञ्च अग्लो, पात केही लामा आधादेखि दुई इञ्चसम्म लामा र चौडाई एक इञ्च चौडा हुने, फेदतिरका पात माथितिरका भन्दा बढी फराकिला हुने, गुलाबी रङका पाँच पत्ती हुने फूल फुल्ने र भारतको बङ्गालतिर पाइने एक फूलविशेष । (२) पद्मचारिणी : पद्ममिव चरतीति , उत्तरापथ प्रसिद्ध स्वनामख्यात लताभेद, स्थलकमलिनी, गेंदा (सयपत्री) ।

(ट) पेयर डी अमरकोश : कसैले *Hybanthus enneaspermus (L.) F. v. Muell., Spade flower* लाई त कसैले *Hibiscus mutabilis L., Cotton Rose* लाई स्थलकमल मानेका

छन् ।

(ठ) यसैगरी कसैले *Habenaria diphylla* (Nimmo) Dalzell *syn.*Habenaria jerdoniana. पद्मचारिणी मानेको पाइन्छ । आयुर्वेदका ग्रन्थमा दिइएका पर्यायवाची नाममा स्थलकमलिनी शब्द भने पाइँदैन ।

पद्मा | Hybanthus enneaspermus (L.) F. v. Muell. 1876 - Spade Flower, Talakona Forest, Andhra Pradesh
[Bildquelle: J. M. Garg / Wikimedia. -- GNU FDLicense]

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

पद्मावतीत्यतिवरा लक्ष्मी श्रेष्ठा सुपुष्करा ।
सारारटी च कथिता गन्धजटा पद्मचारिणी स्थलजा ॥

पद्मावती, अतिवरा, लक्ष्मी, श्रेष्ठा, सुपुष्करा, साराटी, गन्धजटा, पद्मचारिणी र स्थलजा : यी स्थलकमलका नाम हुन् ।

Hibiscus mutabilis L. - Filziger Roseneibisch - Cotton Rose
[Bildquelle: Flora de Filipinas, 1880 / Wikipedia. -- Public domain]

(ख) अमरकोश :

अव्याऽतिचरा पद्मा चारटी पद्मचारिणी ।

अव्यथा, अतिचरा, पद्मा, चारटी र पद्मचारिणी : यी स्थलकमलिनीका पर्यायवाची नाम हुन् ।

(ग) कैयदेव निघण्टु :

पद्मपत्रा पद्मावती पद्मा पुष्करपर्णिका ।
लक्ष्मीश्रेष्ठा गन्धमूला काश्मीरा पद्मचारिणी ॥
रथावर्ताऽव्यथा शीता चारटी पद्मनाडिका ।
पद्मानुष्णा कटुस्तिक्ता कषाया कफवातजित् ॥
मूत्रकृच्छ्राश्मशूलघ्नी श्वासकासविषापहा ।

पद्मपत्रा, पद्मावती, पद्मा, पुष्करपर्णिका, लक्ष्मीश्रेष्ठा, गन्धमूला, काश्मीरा, पद्मचारिणी, रथावर्ता, अव्यथा, शीता, चारटी र पद्मनाडिका : यी स्थलकमलका पर्यायवाची नाम हुन् । यो उष्णवीर्यको, पिरो, तितो, टर्रो, कफविकार र वातविकारलाई जित्ने तथा मूत्रकृच्छ्र, पत्थरी, शूल, दम, खोकी र विषविकार नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(घ) धन्वन्तरि निघण्टु :

पद्मचारिण्यतिचरा पद्मा पद्मवतीति च ॥
चारटी गन्धमूला च लक्ष्मीः श्रेष्ठा सुपुष्करा । पद्मा सुगन्धा तिक्ता च मोहापस्मारनाशिनी ॥

पद्मचारिणी, अतिचरा, पद्मा, पद्मवती, चारटी, गन्धमूला, लक्ष्मी, श्रेष्ठा र सुपुष्करा : यी थलकमलका पर्यायवाची नाम हुन् । यो बास्नादार, तितो तथा मोह र क्षारेरोग नाशगर्ने गुणको हुन्छ ।

(ख) भावप्रकाश निघण्टु :

पद्मचारिण्यतिचराऽव्यथा पद्मा च शारदा । पद्माऽनुष्णा कटुस्तिक्ता कषाया कफवातजित् ॥
मूत्रकृच्छ्राश्मशूलघ्नो श्वासकासविषापहा ।

पद्मचारिणी, अतिचरा, अव्यथा, पद्मा र शारदा : यी स्थलकमलका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले हल्का गर्मी गर्दछ । यो पिरो, तीतो र टर्रो हुन्छ । यसले कफविकार, वातविकार, मुत्रकृच्छ्र, पत्थरी, शूल, दम, खोकी र विषविकार नाश गर्दछ ।

(ग) **मदनपाल निघण्टु :**

पद्मचारिण्यतिचरा पद्माह्वा चारटी मता । पद्मा हिमा लघुः श्लेष्मकृच्छ्रजित् स्तनदाहकृत् ॥

पद्मचारिणी, अतिचरा, पद्माह्वा र चारटी : यी थलकमलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने, पचाउन सहज, कफविकार र कृच्छ्रलाई जित्ने तथा स्तनमा डाह गर्ने गुणको हुन्छ ।

(घ) **राज निघण्टु :**

स्थलपद्मी तु पद्माह्वा चारटी पद्मचारिणी । सुगन्धमूलाम्बुरुहा लक्ष्मीश्रेष्ठा सुपुष्करा ॥
रम्या पद्मवती चातिचरा स्थूलरुहा स्मृता । ज्ञेया पुष्करिणी चैव पुष्कराद्या च पर्णिका ॥
पुष्करादियुता नाडी प्रोक्ता पञ्चदशाह्वया ॥
स्थलादिपद्मिनी गौल्या तिक्ता शीता च वान्तिनुत् । रक्तपित्तहरा मेहभूतातीसारनाशनी ॥

(१) स्थलपद्मी, (२) पद्माह्वा, (३) चारटी, (४) पद्मचारिणी, (५) सुगन्धमूला, (६) अम्बुरुहा, (७) लक्ष्मीश्रेष्ठा, (८) सुपुष्करा, (९) रम्या, (१०) पद्मवती, (११) अतिचरा, (१२) स्थूलरुहा, (१३) पुष्करिणी, (१४) पुष्करपर्णिका र (१५) पुष्करनाडी : यी पन्ध्र नाम स्थलकमलका संस्कृत पर्यायवाची नामहरू हुन् । स्थलकमल गुलियो, तीतो, शीतवीर्यको र वाकवाकी नाशक हुन्छ । यसले रक्तपित्त, प्रमेह, भूतबाधा र अतिसार पनि नाश गर्दछ ।

सङ्कलन: मोहन प्रसाद सापकोटा

(ङ) **शालिग्राम निघण्टु :**

पद्मचारिण्यतिचराऽव्यथापद्मा च शारदा ।

पद्मचारिणी, अतिचरा, अव्यथा, पद्मा र शारदा : यी स्थलकमलका पर्यायवाची नाम हुन् ।

शीतातिक्ता च तुवरा स्तनदार्ढ्यकरी मता ।
लघ्वी कट्वी च विज्ञेया कफपित्तस्य नाशिनी ॥
मूत्राश्मरीमूत्रकृच्छ्रवातशूलातिसारहा ।
वान्ति दाहं मोहमेहौ रक्तरुग्श्वासहा मता ॥
अपस्मारं विषं कासं नाशयेत्पद्मचारिणी । (निघण्टु रत्नाकर)

स्थलकमल शीतवीर्यको, तितो, टर्रो, स्तनलाई बलियो पार्ने, पचाउन सहज, पिरो तथा कफविकार, पित्तविकार, पिसाबका रोग, पत्थरी, (वा पिसाजन्य पत्थरी), मूत्रकृच्छ्र, वातविकार, शूल, अतिसार, वाकवाकी, डाह, मोह, प्रमेह, रक्तविकार र दम नाश गर्ने गुणको हुन्छ ।

अदृश्य हुने विधि
(Invisible method)

(क) अर्कप्रकाश :

बिडालकण्टक क्षौद्रो हलमी नव केशरैः । योगिन्यर्कोऽञ्जनं चैतदन्धकारै तु मेलयेत्॥
तदीयां गुटिकां कृत्वा क्षिणोत्त्रेधा तु सम्पुटे । मुखमध्ये स्थिता यस्य सोऽस्य दृश्यः प्रजायते॥

बिडालकण्टक (?), मह, हलमी (?) र नवकेशरलाई जटामसीको अर्कमा मिसाएर अँध्यारो ठाउँमा खुब घोट्नू । बाक्लो भएपछि ससाना गोलि बनाउनू । यो गोलिलाई तीन पत्रमा बेर्नू र मुखमा हाल्नू, उसलाई कसैले देख्दैन ।

शिवालये तु कन्यार्कः शिलायां शिलया सह । ललाटे तिलकं कृत्वाऽदृश्यो भवति तत्क्षणात्॥

घिउकुमारीको अर्कमा मैनशिला मिसाएर शिव मन्दिरमा गई ढुङ्गामा राखी ढुङ्गाले नै पिसी निधारमा लगाउनाले लगाउने मान्छे त्यही समयमा अदृश्य हुन्छ ।

स्रोतोञ्जनं सप्तवारं तेन कार्याऽर्क भावना । शरावं तत्तु तत्कुक्षौ दत्वा पाकगृहे पचेत्॥
सङ्कलन : मोहन प्रसाद सापकोटा
पुटपाक विधानेन पचेदेवं महानसे । तदञ्जनाददृश्यः स्यात्पुनस्तत्स्रंसनात्स्फुटम्॥

घिउकुमारीको अर्कमा स्रोतोञ्जन (गाजल विशेष) सात पटक भिजाएर कुनै माटाका भाँडामा राख्नू, फेरी यसलाई भान्छामा लगी पुटपाक विधिले पकाएर गाजल बनाउनू । यो गाजल आँखामा लगाउनेलाई कसैले देख्दैन । गाजल पुछेपछि पुनः देखिन्छ ।

तारानमोडामराया दृश्य सिद्धिं करोतु चेत् ।

“ॐ तारा नमो डामरामादृश्यसिद्धि कुरु कुरु स्वाहा” यो मन्त्रलाई एक लाख पटक जपी सिद्ध गर्नु पर्दछ । मन्त्र सिद्ध भएपछि माथि बताइएका वस्तुलाई यो मन्त्रले पाँच पटक मन्त्री अनि प्रयोग गर्नु पर्दछ ।

आद्रि (पर्वत)
(Mountain)

(क) **अग्निपुराण :**

अद्रिगोत्रगिरिग्रावा ...।

अद्रि, गोत्र, गिरि र ग्रावा : यी पर्वतका नाम हुन्।

(ख) **अमरकोश, कुलचन्द्र शर्मा गौतम :**

महीध्रे शिखरीक्ष्माभृदहार्यधरपर्वताः ।
अद्रिगोत्रगिरिग्रावाचलशैलशिलोच्चयाः॥

महीध्र, शिखरिन्, क्ष्माभृत्, अहार्य, धर, पर्वत, अद्रि, गोत्र, गिरि, ग्रावन्, अचल, शैल र शिलोच्चय : यी पर्वतका पर्यायवाची नाम हुन्।

कूटोऽस्त्री शिखरं शृङ्गं प्रपातस्त्वतटो भृगुः ।
कटकोऽस्त्री नितम्बोऽद्रेःस्नुः प्रस्थः सानुरस्त्रियाम्।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कूट, शिखर र शृङ्ग : यी पहाडको टाकुराका पर्यायवाची नाम हुन्। प्रभात, अतट (तट) र भृगु : यी भीरका पर्यायवाची नाम हुन्। पर्वतको बीचको भागलाई कटक भनिन्छ। स्नु, प्रस्थ र सानु : यी थुम्काको मैदानका नाम हुन्। (ठूलो पर्वत नजिकैको सानो पर्वतलाई प्रत्यन्तपर्वत भनिन्छ। पर्वतको फेदीलाई उपत्यका र पर्वतको उँभोतिरको भागलाई अधित्यका भनिन्छ)।

अधोक्षिप्त भग्न (हाड भाँचिएको विशेष अवस्था)
(Downward displacement)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

...क्षिप्ते त्वधो रुग्विघटश्च सन्धेः ।

अधःक्षिप्त भग्नमा अति दुख्दछ र हाडहरू पर पुगेका हुन्छन् ।

(ख) सुश्रुत संहिता :

अवक्षिप्ते सन्धिविश्लेषस्तीव्ररुजत्वं च;

अवक्षिप्त सन्धिमुक्तमा जोर्नीका जोर्नी खुस्किएको हुन्छ र अति दुख्दछ ।

नोछ : जोर्नीका दुईमध्ये एक हाड अर्को हाडको तल घुसेको छ, अति दुख्दछ र जोर्नी पनि अलग भएको छ भने त्यस्तो भग्नलाई “अधोक्षिप्त” भनिन्छ । । भाँचिएको स्थलमा तल्लो हाडको सिरा धेरै तल सरेको अवस्थालाई अधःक्षिप्त वा अवक्षिप्त भनिन्छ ।

सापकोटा

अधोभेद (स्नायुरोग विशेष)
(Adhobheda)

(क) माधव निदान, परिशिष्ट :

सदा विड्विबन्धाच्छ्रमाच्छीतयोगात्तथा वाऽऽमवाताच्च दौर्बल्यतोऽद्धा ।
अथार्द्रस्थलावस्थितेर्गर्भदोषादधोभेदनामोपजायेत रोगः ॥

सधैँजसो कब्जियत हुने गरेमा, परिश्रमले, चिसोसँगको सम्बन्धले, आमवातले, दुर्बलताले र ओसिलो स्थानमा बस्नाले अधोभेद नामक स्नायुरोग उत्पन्न हुन्छ ।

अधिस्फिक् तथा चोरुजानुस्थसन्ध्योः पदे पश्चिमे वा क्वचिच्चाधिजङ्घम् ।
प्रजायेत यच्छूलमुच्येत वैद्यैरधोभेदनामा गदो वै तदेव ॥
भवेत्प्रायशः सक्थ्नि सर्वत्र चैकतरे रात्रिमध्ये वली शूल एषः ।
अपि प्रौढ एव प्रजायेत भूम्ना वयस्यामयः स्नाय्वधोभेदनामा ॥

फिलो, तिघ्रा र घुँडाका जोर्नीमा वा गोडाको पछिल्तिर पिँडौंलामा हुने शूललाई वैद्यजन "अधोभेद" नामक स्नायुशूल भन्दछन् । यो शूल प्रायः सबैतिर एउटै गोडामा हुन्छ र रातमा बढ्दछ । यो अधोभेद नामक स्नायुशूल प्रायः प्रौढ अवस्थामा नै हुने गर्दछ । (यो करिब गृध्रसी रोगसँग मेल खान्छ) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अध्रुष (घाँटीको रोगविशेष)
(Acute Tonsilitis, Quinsy, Palatitis)

(क) **माधव निदान :**

मृदुः शोथो लोहितः शोणितोत्थो ज्ञेयोऽध्रुषः सज्वरस्तीवरुक् च॥

रक्तविकारका कारण दुखाउने खालको नरम र रातो रङ भएर सुन्निने तथा जरो समेत आउने रोगलाई "अध्रुष" भनिन्छ ।

(ख) **सुश्रुत संहिता :**

शोफः स्तब्धो लोहितस्तालुदेशे रक्ताज्ज्ञेयः सोऽध्रुषो रुग्ज्वराढ्यः॥

रक्तविकारका कारण तालुमा हुने अति दुख्ने र जरो निकाल्ने खालको रातो रङको र साह्रो खालको सुजनलाई "अध्रुष" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अध्वशोष (क्षयरोगांवेशेष)
(A kind of Phthisis)

(क) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

अध्वप्रशोषी स्रस्ताङ्ग सम्भृष्टपरुषच्छविः । प्रसुप्तगात्रावयवः शुष्कक्लोमगलाननः ॥ (सम्भृष्टपरुषच्छविः-सभृष्टस्येव परुषा छविर्यस्य सः । प्रसुप्तगात्रावयवः-प्रसुप्तः स्पर्शाज्ञः । क्लोम-पिपासास्थानम् ।)

(अति धेरै पैदल हिँड्नाले शरीरमा जुन सुक्ने रोग लाग्दछ त्यसलाई “अध्वशोष” भनिन्छ ।) । अध्वप्रशोष रोगमा मानिसका अङ्ग शिथिल हुन्छन्, शरीरको कान्ति आगामा भुटेका पदार्थ जस्तै खस्रो हुन्छ, शरीरका अङ्गमा छोएको थाहा पाउने ज्ञान नष्ट हुन्छ, तिर्खा लगाउने स्थान, घाँटी र मुख सुक्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अनन्तवात (टाउकाको रोगविशेष)
(Trigeminal neuralgia, a disease of the head, resembling tetanus)

प्राचीन ग्रन्थका वचनहरू :

(क) चरक संहिता :

उपवासातिशोकातिरूक्षशीताल्पभोजनैः । दुष्टा दोषास्त्रयो मन्यापश्चाद्घाटासु वेदनाम्॥
तीव्रां कुर्वन्ति सा चाक्षिभ्रूशङ्खेष्ववतिष्ठते । स्पन्दनं गण्डपार्श्वस्य नेत्ररोगं हनुग्रहम्॥
सोऽनन्तवातः...।

उपवास, अति शोक, अति रुखो भोजन, अति चिसो भोजन, अति थोरै भोजन, जस्ता कारणले उत्तेजित एवं विकृत भएको त्रिदोषले घाँटी भित्रको मन्या नामक नसा र गर्दनमा अति पीडा दिन थाल्दछ । यो वेदना आँखीभुइँ, र कञ्चटमा गएर स्थिर हुन्छ । यसपछि गालाको एक भागमा कम्पन हुने, आँखाका रोग हुने र हनुग्रह रोग हुने जस्ता लक्षण पनि देखिन्छन् । यसलाई अनन्तवात भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

सङ्कलन : मोहन प्रसाद सापकोटा

दोषास्तु दुष्टास्त्रय एव मन्यां सम्पीड्य गाढं स्वरुजां सुतीव्राम् ।
कुर्वन्ति योऽक्षिण भ्रुवि शङ्खदेशे स्थितिं करोत्याशु विशेषतस्तु॥
गण्डस्य पार्श्वे तु करोति कम्पं हनुग्रहं लोचनजान्विकारान् ।
अनन्तवातं तमुदाहरन्ति दोषत्रयोत्थं शिरसो विकारम्॥
(एवशब्दोऽत्रअप्यर्थः । अव्यानामनेकार्थत्वात् । स्वरूजाम्-स्वस्वरूपां रुजां व्यथां दाहगौरवादिरूपां दोषाः कुर्वन्ति । अयमनन्ते वातसमः अनन्तवातः । अक्ष्यादिषु स्थितिं करोति । विशेषतः गण्डपार्श्वे स्थितिं करोति । पीडायाः स्थितिं कृत्वा कम्पादींश्च करोति ।) ।

प्रदूषित वात, पित्त आदि तीन वटै दोषले घाँटीमा रहेको मन्या नामक नाडीलाई बलियो सँग समाती आ-आफ्ना स्वभाव अनुसार डाह, भारीपन आदिजस्ता कडा खालका वेदना निकाल्दछन् । यस्तो वेदना तत्काल आँखीभुइँ र कञ्चटतिर सरेर बस्ने गर्दछ । वेदना विशेषतः गालामा रहन थाल्दछ । यसरी रहेर कम्पन, हनुग्रह रोग र आँखा दुख्ने रोग निकाल्दछ । यसलाई अनन्तवात भनिन्छ । यो त्रिदोष प्रदूषित हुनाले हुन्छ ।

(ग) माधव निदान, सुश्रुत संहिता :

दोषास्तु दुष्टास्त्रय एव मन्यां सम्पीड्य घाटासु रुजां सुतीव्राम् ।
कुर्वन्ति योऽक्षि(साक्षि)भ्रुवि शङ्खदेशे स्थितिं करोत्याशु विशेषतस्तु॥
गण्डस्य पार्श्वे तु करोति कम्पं हनुग्रहं लोचनजांश्च रोगान् ।

अनन्तवातं तमुदाहरन्ति दोषत्रयोत्थं शिरसो विकारम्॥

उत्तेजित भएका वात, पित्त र कफ विकारले घाँटीमा रहेको मन्या नामक नसालाई दुखाउँदै घाँटीकै पछिल्तिरको भागलाई दुखाएर अति नै पीडा दिन्छ । यो दुखाई बिस्तारै सर्दै गएर आँखा, आँखीभुइँ र कञ्चटमा पुगेर एकनासले दुख्न थाल्दछ । यसबाट गालाका दायाँबायाँ थरथराउने, चिउँडो अड्किने र आँखाका अनेक थरी रोग निस्कने सम्भावना हुन्छ । यस्तो त्रिदोषजन्य टाउकाको रोगलाई अनन्तवात भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अनुलेपन (लेप)
(Ointment, rubbing the body with perticular paste)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश (अनुलेपन) :** शरीरमा सुगन्धित वस्तु घस्ने काम; अनुलेप ।
(ख) **के.यन.स्वामी (अनुलेपन) :** १.शरीरमा अत्तर, बुकुवा, चन्दन आदि घस्नु । २. शरीरमा घस्ने बुकुवा आदि ।
(ग) **विश्व हिन्दीकोश (अनुलेपन) :** सुगन्धित पदार्थ आदि दलेर शरीर मालिश गर्नु ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **कैयदेव निघण्टु :**

सुगन्धिलेपः सौभाग्यप्रीत्योजोबलवर्धनः । स्वेददौर्गन्ध्यवैवर्ण्यतन्द्रापाप्माश्रमापहः ॥
स्नानं येषां निषिद्धं तु तेषामप्यनुलेपनम् ।

सुगन्धी पदार्थको लेप दल्नाले सौभाग्य, प्रेम, ओज र बल बढ्दछ । यसले पसिनाको दुर्गन्ध, शरीरको वर्णहीनता, तन्द्रा, पाप र थकाई नाश गर्दछ । जसलाई नुहाउन हुँदैन भनिएको छ तिनले यस्तो लेप पनि घस्न हुन्न ।

चन्दनको लेप, Picture Source : mycocosoul.com

(ख) **भावप्रकाश संहिता :**

कुङ्कुमं चन्दनं चापि कृष्णागुरु च मिश्रितम् । उष्णं वातकफध्वंसि शीतकाले तदिष्यते ॥
चन्दनं घनसारेण बालकेन च मिश्रितम् । सुगन्धि परमं शीतमुष्णकाले प्रशस्यते ॥
(घनसारः कर्पूरः बालं ह्रीवेरम्) ।
चन्दनं घुसृणोपेतं मृगनाभिसमायुतम् । न चोष्णं न च वा शीतं वर्षाकाले तदिष्यते ॥
(घुसृणं कुङ्कुमम् । मृगनाभिः कस्तूरी ।) अनुलेपस्तृषामूर्च्छादुर्गन्धस्वेददाहजित् ।
सौभाग्यतेजस्त्वग्वर्णप्रीत्यौजोबलवर्धनः ॥ न स्नानानर्हलोकानाममुलेपोऽपि नो हितः ॥

जाडो मौसममा केशर, चन्दन र कालो अगर मिसाएर लेप बनाई दल्नू । किन कि यी गर्मीगर्ने ओखती हुन् र यिनले वातविकार र कफविकार पनि नाश गर्दछन् । गर्मी मौसममा चन्दन, कपूर र सुगन्धबाल मिसाएर लेप बनाई दल्नू । किन कि यिनले अति शीतल गर्दछन् र सुगन्धी पनि हुन्छन् । वर्षाकालमा

चन्दन, केशर र कस्तूरी मिसाएर लेप बनाई दल्नू । किन कि यो लेपले न गर्मी गर्दछ न त ठण्डी नै । शरीरमा लेप दल्नाले तिर्खा, बेहोसीपना, शरीरको दुर्गन्ध, पसिना र डाह नाश हुन्छ । यसले भाग्य, ओज, छालाको वर्ण, प्रीति र बल बढाउँदछ । जुन अवस्थामा नुहाउन हुँदैन भनिएको हुन्छ त्यो अवस्थामा यस्तो लेप दल्न पनि हितकर हुँदैन ।

(ग) माधव द्रव्यगुण :

तन्द्रापापोपशमनं प्रीत्योजोबलवर्धनम् । स्वेदवैवर्ण्यदौर्गन्ध्यश्रमघ्नमनुलेपनम् ॥

अनुलेपन गर्नाले तन्द्रा र पापलाई शान्त पार्दछ । प्रेम, ओज र बल बढाउँदछ । पसिना, वर्णहीनता, दुर्गन्ध र थकाई नाश गर्दछ ।

(घ) राजवल्लभ निघण्टु :

प्रीत्योजोवर्धनं वृष्यं स्वेददौर्गन्ध्यनाशनम् । तन्द्रातापोपशमनं श्रमघ्नमनुलेपनम् ॥

सुगन्धित पदार्थको लेप शरीरमा दल्नाले प्रीति र ओज बढ्दछ, वीर्य बढ्दछ तथा दुर्गन्ध नाश हुन्छ । यसले तन्द्रा र डाह शान्त हुन्छ तथा थकाई नाश हुन्छ ।
आयुर्वेद महोदधिले चन्दन, श्रीखण्ड, धूपी र केसरलाई अनुलेपन गर्ने ओखती बताएको छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) सुश्रुत संहिता :

सौभाग्यदं वर्णकरं प्रीत्योजोबलवर्धनम् । स्वेददौर्गन्ध्यवैवर्ण्यश्रमघ्नमनुलेपनम् ॥
स्नानं येषां निषिद्धं तु तेषामप्यनुलेपनम् ॥

अनुलेपन गर्नाले सौभाग्य दिन्छ, शरीरको वर्णमा निखार लेराउँदछ तथा प्रेम, ओज र बल बढाउँदछ । यसले पसिनाको गन्ध, शरीरको वर्णहीनता र थकाई नाश गर्दछ । जुन अवस्थामा नुहाउन निषेध गरिएको हुन्छ त्यो अवस्थामा अनुलेपन पनि निषेध छ ।

अन्तक (सांन्निपात जराविशेष)
(Antaka)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान (परिशिष्ट) :

यस्मिंल्लक्षणमेतदस्ति सकैदोषैरुदीते ज्वरेऽ-
जस्रं मूर्द्धविधूननं सकसनं सर्वाङ्गपीडाऽधिका ।
हिक्काकास(श्वास)दाहमोहसहिता देहेऽतिसन्तप्तता
वैकल्यञ्च वृथावचांसि मुनिभिः सङ्कीर्त्तितः सोऽन्तकः ॥

जुन सन्निपात जरोमा रोगी लगातार टाउको हल्लाउँदछ, खोक्दछ, सबै अङ्गमा पीडा हुन्छ, बाडुली लाग्दछ, दम निस्कन्छ, डाह हुन्छ, भ्रम हुन्छ, शरीर पोल्दछ, बेचैनी हुन्छ र व्यर्थसँग बरबराउन थाल्दछ यसलाई आयुर्वेदका विज्ञ मुनिजनले "अन्तक" सन्निपात भनेका छन् ।

(ख) माधव निदान (परिशिष्ट) :

सम्पूर्यते शरीरं ग्रन्थिभिरभितस्तथोदरं मरुता । श्वासातुरस्य सततं विचेतनस्यान्तकार्त्तस्य ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

अन्तक नामक सन्निपातज्वरमा रोगीका शरीरभरी गाँठा निस्कन्छन्, पेट हावाले भरिन्छ, दमले अत्यन्त पीडित हुन्छ र ज्ञान हुँदैन ।

अन्तदाह (सान्निपात जराविशेष)
(Antardaaha)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान (परिशिष्ट) :

अन्तर्दाहः शैत्यं बहिः श्वयथुररतिरति तथा श्वासः ।
अङ्गमपि दग्धकल्पं सोऽन्तर्दाहार्दितः कथितः ॥

जुन् जरोमा रोगीको भित्र डाह हुन्छ, बाहिर भने जाडो लाग्दछ तथा सुजन, बेचैनी र दम हुन्छ अनि आफ्नो शरीर जलिरहेको जस्तो लाग्दछ त्यसलाई “अन्तर्दाह” नामक सन्निपातज्वर भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अन्त्रालजी (खांटेराविशेष)
(A kind of boil)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

घनामवक्त्रां पिडकामुन्नतां परिमण्डलाम् ।
अन्त्रालजीमल्पपूयां तां विद्यात् कफवातजाम् ॥

मोटो, मुख नहुने (वा सिधा), भुक्क उठेको, गोलो, कम पीप हुने तथा कफविकार र वातविकारले गर्दा आउने खटिरा वा पिलोलाई "अन्त्रालजी" भनिन्छ ।

(ख) सुश्रुतसंहिता :

घनामवक्त्रां पिडकामुन्नतां परिमण्डलाम् । अन्धालजीमल्पपूयां तां विद्यात् कफवातजाम् ॥

साह्रो, मुख नहुने, मास्तिरतिर उठेको, गोलो र थोरै पीप हुने खालको पिलोलाई अन्धालजी भनिन्छ । यो कफविकार र वातविकारका कारण आउने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) भोजका कुरा :

श्लेष्मानिलौ श्रितौ स्नायुं पिडकां परिमण्डलान् । दुष्टौ जनयतोऽवक्त्रामल्पपूयामकण्डुरान् ॥
आमोदुम्बरसंकाशां विद्यादन्त्रालजीं तु ताम् ।

कफविकार वातविकारका कारण नसामा आउने, गोलाकार, खराब, मुख नहुने, थोरै पीप हुने, नचिलाउने, काँचो डुम्री जस्ता खटिरालाई "अन्त्रालजी" भनिन्छ ।

नोट : सुश्रुत संहितामा पटपटक उद्धृत गरिएको भोजलाई आयुर्वेदका एक प्राचीन पण्डित भनिएको छ । अन्य विवरण पाइएन । उनले आयुर्वेदको पुस्तक लेखेका थिए पनि भनिन्छ तर थप विवरण पाइँदैन । कसैले भोजलाई वर्तमान भोपाल (भारत) क्षेत्रका प्राचीन राजा भोज हुने भनेर पनि बताएका छन् । वाग्भटले कच्छपी रोगको परिभाषाको पहिलो चरणमा दिएको अलजीको परिभाषालाई सुश्रुत संहिता आदिमा अन्त्रालजी नामका बेग्लै रोग मानिएको छ ।

अन्धपूतना (एक बालग्रहरोग)
(Andhapootanaa)

परिभाषा :

(क) के.यन.स्वामी : (१) अन्धपूतना : बालकलाई सताउने एक राक्षसी । (२) अन्धपूतनाग्रहा : अन्धपूतना लाग्दा हुने रोगविशेष ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता :

यो द्वेष्टि स्तनमतिसारकासहिक्काछर्दीभिर्ज्वरसहिताभिरर्द्यमानः ।
दुर्वर्णः सततमथापि योऽस्रगन्धिस्तं ब्रूयाद्भिषगथ चान्धपूतनाऽऽर्त्तम् ॥

दूध पिउँदैन; अतिसार, खोकी, बान्ता र जरोले पीडित भइरहन्छ; शरीरको रङ्ग खराब हुन्छ र शरीरबाट रगतको जस्तो गन्ध आउँदछ : यी अन्धपूतना नामक ग्रहले समाएका बालकमा देखिने लक्षणहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) माधव निदान :

छर्दिः कासो ज्वरस्तृष्णा वसागन्धोऽतिरोदनम् । स्तन्यद्वेषोऽतिसारश्च अन्धपूतनया भवेत् ॥

बान्ता आउनु, खोकी लाग्नु, तिर्खा लाग्नु, शरीर दिसा गनाए जसरी गनाउनु, धेरै रुनु, दूध नपिउनु, छेरपटी लाग्नु : यी अन्धपूतनाले समातेको वालकमा देखिने लक्षणहरू हुन् ।

(ग) सुश्रुत संहिता :

यो द्वेष्टि स्तनमतिसारकासहिक्काच्छर्दीभिर्ज्वरसहिताभिरर्द्यमानः ।
दुर्वर्णः सततमधःशयोऽम्लगन्धिस्तं ब्रूयुर्भिषज इहान्धपूतनार्तम् ॥

आमाको स्तनसँग द्वेष गर्ने; छेरपटी, खोकी, बाडुली, वाकवाकी र जरोले पीडित भइरहने; शरीरको रङ बदलिने, सधैं उल्टो मुख गरेर वा घोप्टो परेर वा तलतिर मुख फर्काएर सुत्ने र शरीरबाट अमिलो गन्ध आउने : यी अन्धपूतनाबाट पीडित बालकमा देखिने लक्षणहरू हुन् भनी वैद्यजनले थाहा पाउनु पर्दछ ।

अभिघातजौष्ठ (ओठको रोगविशेष)
(Disease of the lips)

प्राचीन ग्रन्थका वचनहरू :

(क) माधवनिदान :

क्षतजाभौ विदीर्येते पाटयेते चाभिघाततः॥ ग्रथितौ च तथा स्यातामोष्ठौ कण्डूसमन्वितौ ।

चोटपटक लागेर जब ओठ घाउ भए जसरी फाट्दछ वा रातो हुन्छ र यसबाट ताछिएको चिलाउने खालको गाँठो निस्कन्छ तब यसलाई “अभिघातजौष्ठ” रोग भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आंभन्यास (सांन्नपात ज्वरांवशेष)
(Abhinyaasa)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान (परिशिष्ट) :

दोषास्तीव्रतरा भवन्ति बलिनः सर्वेऽपि यत्र ज्वरे
मोहोऽतीव विचेष्टनो (विचेष्टता) विकलता श्वासो भृशं मूकता ।
दाहश्चिक्कणमाननञ्च दहनो मन्दो बलस्य क्षयः
सोऽभिन्यास इति प्रकीर्त्तित इह प्राज्ञैर्भिषग्भिः पुरा ॥

जुन् सन्निपात जरोमा वात आदि सबै दोष अति नै विकृत र बलियो भई रोगीलाई बढी भ्रम, चेष्टाहीनता, बेचैनी, दम, लाटोपन, डाह, मुखमा चिल्लोपन, पाचनशक्ति कमजोर र बल मा हानी गर्ने गुणको हुन्छ त्यसलाई प्राचीन वैद्यजनले "अभिन्यास" नामक सन्निपात बताएका छन् ।

(ख) सुश्रुत संहिता :

नात्युष्णशीतोऽल्पसंज्ञो भ्रान्तप्रेक्षी हतस्वरः । खरजिह्वः शुष्ककण्ठः स्वेदविण्मूत्रवर्जितः ॥
सास्रो निर्भुग्नहृदयो भक्तद्वेषी हतप्रभः । श्वसन्निपतितः शेते प्रलापोपद्रवायुतः ॥
तमभिन्यासमित्याहुः ...। निद्रो पेतमभिन्यासं ...।

शरीर धेरै तातो नहुने, अलि अलि होस रहने, सबै कुरालाई गलत देख्ने (आँखा अगिल्तिर जालो देख्ने), स्वर बस्ने, जिभ्रो खस्रो हुने, घाँटी सुक्ने, पसिना-दिसा-पिसाब नहुने, आँशु आउने, मुटु कस्सिने, भोजन गर्न मन नलाग्ने, कान्ति नष्ट हुने, कठिनताले सास लिँदै सुत्ने र बरबराउने : यी अभिन्यास सन्निपातका लक्षणहरू हुन् । जुन् सन्निपातज्वरमा रोगी सुति मात्र रहन्छ त्यसलाई अभिन्यास भनिन्छ ।

अभिष्यन्द (आँखाको रोगविशेष)
(An eye disease)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग हृदय :

वातेन नेत्रेऽभिष्यण्णे नासानाहोऽल्पशोफता । शङ्खाक्षिभ्रूललाटस्य तोदस्फुरणभेदनम्॥
शुष्काल्पा दूषिका शीतमच्छं चाश्रु चला रुजः । निमेषोन्मेषणं कृच्छ्राज्जन्तूनामिव सर्पणम्॥
अक्ष्याध्मातमिवाभाति सूक्ष्मैः शल्यैरिवाचितम् । स्निग्धोष्णैश्चोपशमनं सोऽभिष्यन्द...।

आँखामा वातविकारले हुने अभिष्यन्द रोग भए नाकका प्वालमा अवरोध हुने र केही सुन्निने; कञ्चट, पूरै आँखा, आँखीभुइँ र टाउको दुख्ने, फरफराउने र छेडे जसरी दुख्ने; आँखा सुक्खा हुने, अलि अलि चिप्रा लाग्ने, चिसो र सफा आँशु आउने, हल्लिरहेको तरङ्ग जसरी पीडा हुने, आँखा खोल्दा र चिम्लँदा दुख्ने, आँखामा कीरा सलबलाइरहेको जस्तो भान हुने, आँखा फुल्ने, केही टुँडो बिझे जस्तो भान हुने तथा चिल्लो र तातो खानेकुरा खाँदा वा केही ओखती प्रयोग गर्दा आराम हुने जस्ता लक्षण देखिन्छन्।

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

सङ्कलन : मोहन प्रसाद सापकोटा

वातात्पित्तात्कफाद्रक्ता दभिष्यन्दश्चतुर्विधः । प्रायेण जायते घोरःसर्वनेत्रामयाकरः॥

वातविकारजन्य, पित्तविकारजन्य, कफविकारजन्य र रक्तविकारजन्य गरी अभिष्यन्द रोग चार प्रकारका हुन्छन्। पूरै आँखा दुखाउने यो डरलाग्दो रोग प्रायः यिनै चार कारणले हुने गर्दछ ।

निस्तोदनस्तम्भनरोमहर्षसङ्घर्षपारुष्यशिरोऽभितापाः ।
विशुष्कभावः शिशिराश्रुता च वाताभिपन्ने नयने भवन्ति॥
(सङ्घर्ष-करकटीका । शिरोऽभितापः-शिरसो व्यथा । विशुष्कभावः-दूषिकाराहित्यम् । वाताभिपन्ने-पातेन उपद्रुते ।)

घोचेको जसरी र चिरेको जसरी दुख्ने, लाटोपन, रोमाञ्चित हुने, चिलाउने, रुखो हुने, टाउको दुख्ने, नटाँस्सिने र चिसो आँशु बहने : यी वातविकार जन्य अभिष्यन्द रोगका लक्षणहरू हुन्।

दाहः प्रपाकः(प्रपाकौ) शिशिराभिनन्दा धूमायनं वाष्पसमुद्भवश्च (समुच्छ्रयश्च) ।
उष्णाश्रुता पीतकनेत्रता च पित्ताभिपन्ने नयने भवन्ति॥१२१॥
(शिशिराभिनन्दा-शीतलेच्छा । धूमायनम्-नेत्रादे धूमोद्गम इव । वाष्पसमुद्भवः-अश्रुस्रावः ।

डाह हुनु, पाक्नु, चिसो कुरा चाहनु, आँखाबाट धुवाँ निस्किरहेको जस्तो भान हुनु, आँशु बहनु, आँशु तातो हुनु र आँखा पहेँलो हुनु : यी पित्तजन्य अभिष्यन्दमा देखिने लक्षणहरू हुन्।

उष्णाभिनन्दा गुरुताऽक्षिशोथ(फ): कण्डूपदेहावतिशीतता च (कण्डूपदेहौ सितताऽति शैत्यम्) । स्रावो मुहुः पिच्छिल एव चापि कफाभिपन्ने नयने भवन्ति॥
(उपदेहः-दूषिकया लिप्तता) ।

तातो कुरा खान मन लाग्नु, भारी हुनु, आँखा सुन्निनु, चिलाउनु, चिप्रा धेरै आउनु र टाँस्सिनु, अती चिसो महशूष हुनु तथा पटकपटक चिल्लो पानी बहनु : यी कफजन्य अभिष्यन्दका लक्षणहरू हुन् ।

ताम्राश्रुता लोहितनेत्रता च राज्यः समन्तादतिलोहिताश्च ।
पित्तस्य लिङ्गानि च यानि तानि रक्ताभिपन्ने नयने भवन्ति॥
(पित्तस्य लिङ्गानि-पित्ताभिष्यन्दलिङ्गानि) ।

आँशुमा रातोपन देखिनु, आँखा रातो हुनु, आँखाका चारैतिर अति राता रेखा देखिनु र पित्तजन्य अभिष्यन्दका लक्षण हुनु : यी रक्तजन्य अभिष्यन्दका लक्षणहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अम्बष्ठा (जुही)
(Niddle flower Jasmin)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : अम्बष्ठा, यूथिका आदि भनेको जुही हो ।

(ख) के.यन.स्वामी : (१) अम्बष्ठा, गणिका, मागधी : सेतो जूही (फूल) । (२) पुष्पगन्धा : जुही । (३) बाला : चमेलीविशेष । (४) पीता : जाई । (५) यूथिका, शिखण्डिनी : जुही फूल । (६) स्वर्णयूथी, हरिणी, हेमपुष्पिका : पहैँलो जुही फूल ।

(ग) नेपाली बृहत् शब्दकोश (जुही) : ससाना पात हुने, लाम्चा र मसिना खालका सेता, पहैँला र राता फूल फुल्ने एक् जातको लहरो; त्यसैको फूल; जूही ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Jasminum auriculatum* Vahl. हो ।

(ङ) आचार्य बालकृष्ण : (यिनले जुही र चमेलीलाई समान मान्दै व्याख्या गरेका छन् ।) यसको Niddle flower jasmine अंग्रेजी नाम हो ।

(च) पेयर डी अमरकोश : जुहीको वानस्पतिक नाम *Jasminum auriculatum* Vahl.तथा अंग्रेजी नाम Jasmin हो । पहैँलो जुहीको वानस्पतिक नाम *Jasminum humile* L. वा *Jasminum chrysanthemum* Roxb. हो ।

संस्कृत पर्यायवाची नामहरू : सङ्कलन : मोहन

गणिका (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(ग) अमरकोश :

अम्बष्ठा, गणिका, मागधी र यूथिका : यी जुहीका पर्यायवाची नाम हुन् ।

(ख) कैयदेव निघण्टु :

यूथिका पीतिका बाला बालपुष्पा गुणोज्वला ।
काण्डी शिखण्डिनी चान्या वसन्ती पीतयूथिका ॥
पुष्पगन्धा चाहरिणी हारिणी स्वर्णयूथिका । हेमपुष्पी पीतपुष्पी त्वपरा शङ्खपुष्पिका ॥
शिखण्डी गणाकाऽम्बष्ठा जालमोटा च पाण्डुरा । यूथिका शीतला तिक्ता कटुपाका कटुर्लघुः ॥
तुवरा मधुरा हृद्या पित्तघ्नी कफवातला । व्रणास्रमुखदन्ताक्षिशिरोरोगविषापहा ॥

यूथिका, पीतिका, बाला, बालपुष्पा, गुणोज्वला, काण्डी र शिखण्डिनी : यी जुहीका; वसन्ती, पीतयूथिका, पुष्पगन्धा आहरिणी, हारिणी, स्वर्णयूथिका, हेमपुष्पी र पीतपुष्पी : यी पहैँलो जुहीका तथा शङ्खपुष्पिका, शिखण्डी, गणाका, अम्बष्ठा, जालमोटा र पाण्डुरा : यी जुहीविशेषका पर्यायवाची नाम हुन् । जुही शीतवीर्यको, तितो, पचेपछि पिरो, पिरो, पचाउन सहज, टर्रो, गुलियो, मुटुका लागि हितकर, पित्तविकार नाश गर्ने, कफविकार र वातविकार गर्ने तथा खटिरा, रक्तविकार, मुखका रोग,

दाँतका रोग, आँखाका रोग, टाउकाका रोग र विषविकार नाश गर्ने गुणको हुन्छ ।

(ग) धन्वन्तरि निघण्टु :

यूथिका बालपुष्पा तु बहुगन्धा गुणोज्वला । गणिका चारुमोदा च शिखण्डी स्वर्णयूथिका ॥
सुवर्णयूथा हरिणी पीतिका पीतयूथिका । प्रोक्ताऽन्या शङ्खधवला नामतः शङ्खयूथिका ॥
यूथिकायुगलं स्वादु शर्कराघ्नं सुगन्धि च ।

यूथिका, बालपुष्पा, बहुगन्धा, गुणोज्वला, गणिका, चारुमोदा र शिखण्डी; स्वर्णयूथिका, सुवर्णयूथा, हरिणी, पीतिका र पीतयूथिका : यी जुहीका तथा शङ्खधवला र शङ्खयूथिका : यी जुहीविशेषका पर्यायवाची नाम हुन् । दुवै थरी जूही गुलिया, बालुवादार-पत्थरी नाश गर्ने र सुगन्धि हुन्छन् ।

हेमपुष्पिका (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(घ) भावप्रकाश निघण्टु :

यूथिका गणिकाऽम्बष्ठा सा पीता हेमपुष्पिका ॥
यूथीयुगं हिमं तिक्तं कटुपाकरसं लघु ।
मधुरं तुवरं हृद्यं पित्तघ्नं कफवातलम् ॥
व्रणास्रमुखदन्ताक्षिशिरोरोगविषापहम् ।

यूथिका, गणिका र अम्बष्ठा : यी जुहीका संस्कृत पर्यायवाची नामहरू हुन् । यदि त्यो पहेँलो छ भने त्यसलाई “हेमपुष्पिका” भनिन्छ । दुवै थरी जुहीले शीतल गर्दछन् । यी तीता, गुलिया र टर्रा हुन्छन् तथा पचेपछि पिरा र पचाउन हलुका हुन्छन् । यिनले मुटुका रोग, पित्तविकार, घाउखटिरा, रक्तविकार, मुखका रोथ, दाँतका रोग, आँखाका रोग टाउकाका रोग र विषविकार नाश गर्दछन् तथा कफविकार र वातविकार बढाउँदछन् ।

(ङ) मदनपाल निघण्टु :

यूथिका हरिणी बाला पुष्पगन्धा शिखण्डिनी । स्वर्णयूथाऽपरा पीता गणिका स्वर्णपुष्पिका ॥
यूथी हिमाऽस्रमूर्द्धाक्षिरोगजित्कफवातकृत् ॥

यूथिका, हरिणी, बाला, पुष्पगन्धा, शिखण्डिनी र स्वर्णयूथा : यी जुहीका तथा पीता, गणिका र स्वर्णपुष्पिका : यी पहेँले जुहीका संस्कृत पर्यायवाची नामहरू हुन् । जुही शीतवीर्य भएको तथा रक्तविकार, टाउकाका रोग र आँखाका रोग माथि जित हासिल गर्ने गुणको हुन्छ । यसले कफविकार र वातविकार गर्दछ ।

(च) राज निघण्टु :

यूथिका गणिकाऽम्बष्ठा मागधी बालपुष्पिका । मोदनी बहुगन्धा च भृङ्गानन्दा गजाह्वया ॥

(१) यूथिका, (२) गणिका, (३) अम्बष्ठा, (४) मागधी, (५) बालपुष्पिका, (६) मोदनी, (७) बहुगन्धा र (८) भृङ्गानन्दा : यी आठ नाम जुहीका संस्कृत पर्यायवाची नामहरू हुन्।

अन्या यूथी सुवर्णाह्वा सुगन्धा हेमयूथिका। युवतीष्टा व्यक्तगन्धा शिखण्डी नागपुष्पिका॥
हरिणी पीतयूथी च पोतिका कनकप्रभा। मनोहरा च गन्धाढ्या प्रोक्ता त्रयोदशाह्वया॥

(१) सुवर्णाह्वा, (२) सुगन्धा, (३) हेमयूथिका, (४) युवतीष्टा, (५) व्यक्तगन्धा, (६) शिखण्डी, (७) नागपुष्पिका, (८) हरिणी, (९) पीतयूथी, (१०) पोतिका, (११) कनकप्रभा, (१२) मनोहरा र (१३) गन्धाढ्या : यी तेह्र नाम पहेँलो जुहीका संस्कृत पर्यायवाची नामहरू हुन्।

यूथिकायुगलं स्वादु शिशिरं शर्करार्तिनुत्। पित्तदाहतृषाहारि नानात्वग्दोषनाशनम्॥

यी दुई जुही गुलिया, शीतवीर्यका र पत्थरी नाशक हुन्छन्। यिनले पित्तविकार, डाह, तिर्खारोग र अनेक प्रकारका छालाका रोग निको पार्दछन्।

सितपीतनीलमेचकनाम्न्याः कुसुमेन यूथिकाः कथिताः।
तिक्तहिमपित्तकफामयज्वरघ्न्यो व्रणादिदोषहराः॥
सर्वासां यूथिकानां तु रसवीर्यादिसाम्यता। सुरूपं तु सुगन्धाढ्यं स्वर्णयूथ्या विशेषतः॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

सेता, पहेँला, नीला र गाढा नीला गरी फूलका आधारमा जुहीका जात हुन्छन्। यी तीता, शीतवीर्यका तथा पित्तविकार, कफविकार, ज्वर, घाउखटिरा आदि रोग नाशक हुन्छन्। रस, वीर्य आदिमा सबै प्रकारका जुही समान गुणका हुने भए पनि सुन्दरता र सुगन्धका दृष्टिले पहेँलो जुही उत्तम हुन्छ।

(छ) राजवल्लभ निघण्टु :

... श्लेष्मलं ग्राहि तद्वदेव च यूथिका॥

जूहीको फूल कफविकार गर्ने र ग्राहि हुन्छ।

जुही (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ज) शालिग्राम निघण्टु :

यूथिका यूथि वासन्ती बालपुष्पी शिखण्डिनी। सापीता स्वर्णयूथी च हेमपुष्पी मनोहरा॥

यूथिका, यूथि, वासन्ती, बालपुष्पी र शिखण्डिनी : यी जुहीका तथा स्वर्णयूथी, हेमपुष्पी र मनोहरा : यी पहेँलो जुहीका पर्यायवाची नाम हुन्।

अम्बुशिरीषिका (पानी शिरीष)
(Ambushireeshikaa)

परिभाषा :

(क) के.यन.स्वामी : (१) शिरीषिका : पानी वा सेपिलो ठाउँमा हुने शिरीष । (२) टिण्टिनिका : पानी शिरीषको रूख । (३) अम्बुशिरीषिका, दुर्बला : पानी शिरीष ।

(ख) नेपाली बृहत् शब्दकोष (पानी शिरीष) : बाटुला साना पात, मसिना सेता फूल र लाम्चा कोसा हुने, पानीका पहराका चिस्यानमा उम्रने एक जातको झार ।

(ग) हिन्दी विश्वकोश (अम्बुपशरीषिका) : अम्बुजातः अल्प शिरीषः । (पानीका कलसीस) ।

यसको आजसम्म पहिचान हुन सकेको छैन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

शिरीषिका टिण्टिनिका दुर्बलाऽम्बुशिरीषिका ॥ त्रिदोषविषकुष्ठार्शोहरी वारिशिरीषिका ।

अम्बुशिरीषिका, टिण्टिनिका, दुर्बला र शिरीषिका : यी पानीशिरीषका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले त्रिदोष, विषविकार, कुष्ठ र अल्काई नाश गर्दछ ।

(ख) मदनपाल निघण्टु :

शमीषिका टिण्ठिणिका दुर्बलाऽम्बुशिरीषिका ।
टिण्ठिणी (ढिण्डिणी) कफकुष्ठार्शः सन्निपातविषापहा ॥

शमीषिका, टिण्ठिणिका, दुर्बला र अम्बुशिरीषिका : यी पानी शिरीषका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, कुष्ठ, अल्काई, सन्निपात र विषविकार नाश गर्दछ ।

अम्ल गण (आंमेला पदार्थको समूह)
(Amla gana)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

अम्लवेत स जम्बीर लुङ्गाम्लचणकाम्लकाः । नागरङ्गं तिन्तिडी च चिञ्चाफलं च निम्बुकम्॥
चाङ्गेरी करमर्द चैव दाडिमं तथैव च । एष चाम्लगणः प्रोक्तो वेतसाम्य समायुतः॥

अम्लवेत, ज्यामिर, बिमिरो, चणकाम्ल (चना ?), सुन्तला, अमिली, चिञ्चाफल (अमिली विशेष), कागती, चरीअमिलो, पनेरु, दारिम र शङ्खेत्रो यी अम्लगण (अमिलो वर्ग) हुन् ।

(हिन्दी विश्वकोश (चणकाम्ल) : चणकजातमम्लम् । चनाको सागबाट निकालिने एक प्रकारको नुन ।)

(ख) भावप्रकाश निघण्टु :

अम्लवेतसवृक्षाम्लबृहज्जम्बीरनिम्बुकैः॥ चतुरम्लं हि पञ्चाम्लं बीजपूरयुतैर्भवेत् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अम्लवेत, वृक्षाम्ल (भकिअमिलो), ठूलो ज्यामिर र कागतीको समष्टिगत योगलाई 'चतुराम्ल' भनिन्छ । यसमा बिमिरो मिसाएपछि यो 'पञ्चाम्ल' हुन्छ ।

(ग) मदनपाल निघण्टु :

वृक्षाम्लदाडिमीचिञ्चाकपित्थैश्चतुराम्लकम् । अम्लवेतसवृक्षाम्लं दाडिमो बदरः क्वचित्॥
बीजपूरयुतैरेतैः पञ्चाम्लमुदितं बुधैः॥

भकीअमिलो, दारिम, अमिली र कैथको मिसावटलाई चतुराम्लक भनिन्छ । कसैले अम्लवेत, भकीअमिलो, दारिम र बयरलाई चतुराम्लक भनेका छन् । यो मिश्रणमा बिमिरो मिसाएपछि पञ्चाम्ल हुन्छ भनी विज्ञहरूले बताएका छन् ।

अम्ल रस (आंमिलो रस)
(Acid juice)

(ख) अर्कप्रकाश :

अम्लोष्णान्तर्बहिः शीतो रुच्यः पित्तकफास्रदः । विबन्धानाहदृष्टिघ्नो दन्ताक्षिभ्रूनिकोचनः ॥

अमिलो रसले भित्र गर्मी र बाहिर ठण्डी गर्दछ । यो रुची, पित्त, कफ र रगत वर्धक हुन्छ । यसले मलमूत्रको रोकिने रोग (विबन्ध) र खाएपिएको कुरा जस्ताका तस्तै पेटभित्र बसेर मलमूत्र रोक्ने रोग (आनाह) निको पार्नुका साथै दृष्टिलाई कमजोर समेत बनाउँदछ । यो रस दाँत, आँखा र आँखीभुइँका लागि पनि हानिकारक हुन्छ ।

पचत्यम्लोम्लम्... ॥ अम्लस्तु कुरुते पित्तं वातश्लेष्मगदापहः ॥

अमिलो रस पचेपछि अमिलो नै हुन्छ अमिलो रस पचेपछि यसले पित्त उत्पन्न गराउँदछ र वात एवं कफलाई नाश गर्दछ ।

(च) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

अम्लस्तु जिह्वामुद्वेजयत्युरःकण्ठं विदहति मुखं स्रावयत्यक्षिभ्रुवं सङ्कोचयति दशनाद्धर्षयति रोमाणि च ।

अमिलो रसले जिभ्रोलाई उत्तेजित पार्दछ । छाती र घाँटी पोल्दछ । मुखमा पानी निकाल्दछ । आँखा र आँखीभौंलाई खुम्च्याउँदछ । हेर्नाले मात्र पनि रौंलाई उत्तेजित पार्दछ ।

अम्लोऽनिलनिबर्हणोऽनुलोमनः कोष्ठविदाही रक्तपित्तकृदुष्णवीर्यः शीतस्पर्शो बोधयती- न्द्रियाणि । रोचनः पाचनो दीपनो बृंहणस्तर्पणः प्रीणनः क्लेदनो व्यवायी लघुः स्निग्धो हृद्यश्च ॥

अमिलो रस वायुविकार शान्त पार्ने, वायुलाई उचित बाटोमा हिँडाउने, पेटमा डाह गर्ने, रक्तपित्त गर्ने, उष्णवीर्यको, छुँदा शीतल, इन्द्रियलाई सचेत पार्ने, रुचिप्रद, पचाउन मद्दत गर्ने, पाचनशक्ति बढाउने, पौष्टिक, तृप्तिदायक, मन लोभ्याउने, गलाउने वा पसिना निकाल्ने, व्यवायी, पचाउन सहज, चिल्लो र मुटुका लागि हितगर्ने गुण भएको हुन्छ ।

जनयति शिथिलत्वं सेवितः सोतिदेहे कफविलयनकण्डूपाण्डुतादृग्विघातान् ।
क्षतविहितविसर्पं रक्तपित्तं पिपासां श्वयथुमपि कृशानां तैजसत्वात् भ्रमं च ॥

अमिलो धेरै खाएमा शरीरमा शिथिलता, कफ विलय गराउने; लुतो, पाण्डु निकाल्ने; दृष्टि नाशक, घाए आदि फैलने, विसर्प, रक्तपित्त, तिर्खा, सुजन हुने एवं तेजिलो हुने कारणले दुब्लो मानिसमा रिँगटा लगाउने जस्ता दोष निकाल्दछ ।

(ङ) **अष्टाङ्गहृदय :**

....अम्लः क्षालयते मुखम् । हर्षणो रोमदन्तानाम् अक्षिभ्रुवनिकोचनः ॥

अमिलो रसले मुखलाई भित्रबाट धोएको जस्तो भान दिन्छ । यो खाँदा शरीर रोमाञ्चित हुन्छ र दाँत कुँडिन्छ । यो रसले आँखा र आँखीभुईँलाई खुम्च्याइ दिन्छ ।

अम्लोऽग्निदीप्तिकृत् स्निग्धो हृद्यः पाचनरोचनः । उष्णवीर्यो हिमस्पर्शः प्रीणनः क्लेदनो लघुः ॥
करोति कफपित्तास्रं मूढवातानुलोमनः । सोऽत्यभ्यस्तस्तनोः कुर्याच्छैथिल्यं तिमिरं भ्रमम् ॥
कण्डूपाण्डुत्ववीसर्पशोफविस्फोटतृड्ज्वरान् ।

अमिलो रसले पेटको पाचकाग्निलाई बाल्दछ, चिल्लो हुन्छ, हृदयका लागि फाइदाजनक हुन्छ, खाएको कुरा पचाउँदछ, खानपिउनमा रुची जगाउँदछ, शरीर भित्र गर्मी गर्दछ, छुँदाखेरी चिसो हुन्छ, प्रसन्नता दिन्छ, पसिना निकाल्दछ, पचाउन हलुका हुन्छ, कफ, पित्त र रगत बढाउँदछ । डल्लो परेको वायु (मूढवात) लाई तितरवितर गरी स्वाभाविकरूपमा हलचल गर्ने बनाई दिन्छ (अनुलोमन) । तर, अमिलो धेरै खाए शरीर त्यत्तिकै थकित हुने गर्दछ (शिथिल, शैथिल्य), धमिलो देखिने आँखाको रोग (तिमिर) हुन्छ, रिँगटा लाग्दछ, जीउ चिलाउँदछ, पाण्डुरोग हुन्छ, सुकेलुतो (विसर्प) हुन्छ, शरीर फुल्दछ (सुन्निन्छ), शरीरमा खटिरा वा बिमिरा आउँदछन्, तिर्खा लागि रहन्छ र जरो पनि आउन सक्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अम्लो धात्रीफलाम्लीकामातुलुङ्गाम्लवेतसम् ॥
दाडिमं रजतं तक्रं चुक्रं पालेवतं दधि । आम्रमाम्रातकं भव्यं कपित्थं करमर्दकम् ॥

अमला, अमिली, बिमिरो, चुल्ठे अमिलो, दारिम, चाँदी, तक्र, सङ्क्त्रो, पालेवत (?), दही, आँप, अमारो, लिची (भव्य), खयर, करौंदी आदि अमिला द्रव्य हुन् ।

प्रायोऽम्लं पित्तजननं दाडिमामलकादृते ।

पहाडी भेगमा पाइने अमिलो खालको दारिम र अमला बाहेक प्रायः अरु सबै अमिला द्रव्यले पित्त बढाउँदछ ।

(ज) **चरक संहिता :**

अम्लो रसो भक्तं रोचयति, अग्निं दीपयति, देहं बृंहयति ऊर्जयति, वातमनुलोमयति, हृदयं तर्पयति, आस्यमास्रावयति, भुक्तमपकर्षयति । क्लेदयति, जरयति, प्रीणयति, लघुरुष्णः स्निग्धश्च । स एवङ्गुणोऽप्येक एवात्यर्थमुपयुज्यमानो दन्तान् हर्षयति, तर्पयति, संवीजयति लोमानि, कफं विलापयति, पित्तमभिवर्धयति, रक्तं दूषयति, मांसं विदहति, कायं शिथिलीकरोति, क्षीणक्षतकृशदुर्बलानां श्वयथुमापादयति, अपि च क्षताभिहतदष्टदग्धभग्नशूनप्रच्युतावमूत्रित-

पांरसांपेतमांदेतांच्छन्नांभिन्नांवांश्लिष्टांद्विद्धांत्पिष्टादांन् पाचयत्याग्नेयस्वभावात्, पांरंदहांतं कण्ठमुरो हृदयं च॥

अमिलो रसले भोजनमा रुचि जगाउँदछ, पाचकाग्निलाई बढाउँदछ, शरीरलाई पुष्ट पार्दछ, तेज दिन्छ, मनलाई उत्तेजित पार्दछ, इन्द्रियलाई बलियो बनाउँदछ, बल बढाउँदछ, वायुलाई सही बाटोमा हिँडाउँदछ, मुटुका लागि हितकर हुन्छ, मुखमा राल निकाल्दछ, खाएको कुरालाई तलतिर तानेर सार्दछ, शरीरलाई गिलो बनाउँदछ, खाएको कुरा पचाउँदछ, मनलाई प्रसन्न पार्दछ तथा पचाउन सहज, उष्णवीर्यको र चिल्लो हुन्छ ।
यही एउटा रस धेरै खाए यसले दाँत कुँडचाउने, खान मन नलाग्ने, आँखा चिलाउने, रोमाञ्चित पार्ने, कफ पगाल्ने, पित्त बढाउने, रक्तविकार गर्ने, मांसभागमा जलन गर्ने, शरीरलाई लोसो बनाउने, कमजोर बनाउने, छातीमा रोग निकाल्ने, बलहीन पार्ने, कमजोर भए सुजन निकाल्ने जस्ता दोष निकाल्दछ तथा घाउ, चोटपटक, दाँतले टोकेका घाउ, पोलेको घाउ, हाड आदि भाँचिएको, सुजन, जोर्नी खुस्केको, जीवको मूत्रजन्य विष, जीवको स्पर्शजन्य विष, रगडिएर बनेका घाउ, दुई टुक्रा भएर भाँचिएको अवस्था , चुसेर बनेका घाउ र पिसिएर बनेका घाउ पकाउने गर्दछ । यो रसमा अग्नि गुण हुने कारणले यसले छाती र मुटु समेत पोल्दछ ।

(घ) **द्रव्यगुणसङ्ग्रह :**

अम्लोरुचिर्दीप्तिकरो मन इन्द्रियबोधनो हृदयतर्पी ।
वातार्जवकृद्बल्यः कण्ठदहः स्निग्धलघुरुष्णः॥

डा. मोहन प्रसाद सापकोटा

अमिलो रस रुचिप्रद, अग्निवर्धक, मन र इन्द्रियलाई सचेत पार्ने, मुटुलाई तृप्त पार्ने, वातविकार ठिक गर्ने, बलदायक, घाँटी पोल्ने, चिल्लो, पचाउन सहज र उष्णवीर्यको हुन्छ ।

(छ) **भावप्रकाश संहिता :**

अम्लस्त्वम्लो भवति ।

अमिलो रस पचेर अमिलो नै हुन्छ ।

रसोऽम्ल पाचनो रुच्यः पित्तश्लेष्मास्रदो लघुः । लेखितोष्णो बहिःशीतः क्लेदनः पवनापहः॥
स्निग्धस्तीक्ष्णः सरः शुक्रविबन्धानाहदृष्टिहा । हर्षणो रोमदन्तानामक्षिभ्रूविनिकोचनः॥
(लेखितः लेखनः । बहिःशीतः स्पर्शशीतः । विनिकोचनः सङ्कोचनः ।) ।

अमिलो रस पाचनी, रुचिप्रद; पित्त, कफ र रगत बढाउने; पचाउन सहज, लेखनी, उष्णवीर्यको, छाम्दा शीतल, पसिना निकाल्ने, वातविकार नाशगर्ने, चिल्लो, तिक्खर, मलमूत्रलाई तलतिर सार्ने; वीर्य, कब्जियत, आनाह र दृष्टिशक्ति नाशगर्ने; रोमाञ्चित पार्ने, दाँत कुँडचाउने तथा आँखा र आँखीभौँलाई खुम्च्याउने गुणको हुन्छ ।

सोऽतियुक्तो भ्रमं कुर्यात्तृड्दाहातांमरज्वरान् । कण्डूपाण्डुत्ववीसर्पशोथाविस्फोटकुष्ठकृत्॥

अमिलो रस धेरै खाएमा भ्रम, तिर्खा, डाह, तिमिर रोग, जरो, लुतो, पाण्डु, वीसर्प, सुजन, विस्फोटक र कुष्ठ जस्ता रोग हुन सक्दछ ।

(ख) मदनपाल निघण्टु :

रसोऽम्लः पाचनो रुच्यः पित्तश्लेष्मकरो लघुः । लेखनोष्णो बहिः शीतः क्लमदः पवनापहः ॥
सोऽतियुक्तः परं देहे रक्तपित्तादिरोगकृत्॥

अमिलो रस पाचनी, रुचिप्रद, पित्तविकार र कफविकार गर्ने, पचाउन सहज, लेखनी, उष्णवीर्यको, बाहिरीरूपमा शीतल, मानसिक थकाई दिने र वातविकार नाशक हुन्छ । धेरै अमिलो रस खाए शरीरमा रक्तपित्त आदि रोग हुन सक्दछ ।

(ग) राज निघण्टु :

अम्लाभिधः प्रीतिकरो रुचिप्रदः प्रपाचनोऽग्नेः पटुताञ्च यच्छति ।
भ्रान्तिञ्च कुष्ठं कफपाण्डुताञ्च कार्ष्ण्यञ्च कासं कुरुतेऽतिसेवितः ॥

अमिलो रस आनन्ददायक, रुचिप्रद, पाचक र पाचकाग्निलाई सक्रिय बनाउने (भोक जगाउने) गुणको हुन्छ । नियमित रूपमा धेरै अमिलो खाएमा भ्रम, कुष्ठ, कफविकार, पाण्डु, कालोपन र खोकी लाग्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अम्लस्तु चिञ्चाजम्बीरमातुलुङ्गफलादिषु॥

अमिली, ज्यामिर, बिमिरो आदिमा पाइने अमिलो रसलाई अम्ल भनिन्छ ।

अम्लाभिधः प्रीतिकरो रुचिप्रदः प्रपाचनोऽग्नेः पटुताञ्च यच्छति ।
भ्रान्तिञ्च कुष्ठं कफपाण्डुताञ्च कार्ष्ण्यञ्च कासं कुरुतेऽतिसेवितः ॥

अमिलो रस आनन्ददायक, रुचिप्रद, पाचक र पाचकाग्निलाई सक्रिय बनाउने (भोक जगाउने) गुणको हुन्छ । नियमित रूपमा धेरै अमिलो खाएमा भ्रम, कुष्ठ, कफविकार, पाण्डु, कालोपन र खोकी लाग्दछ ।

(ङ) राजवल्लभ निघण्टु :

अम्लो रुचिकरो हृद्यः प्रीणनो वह्निवर्धनः । वातहा रसनोद्वेगी स्निग्धोष्णो रक्तमांसदः ॥

अमिलो रस रुचिप्रद, मुटुका लागि हितकर, आनन्ददायक, पाचनशक्ति बढाउने, वातविकार नाशक, जिब्रोलाई जोसिलो पार्ने, चिल्लो, उष्णवीर्यको तथा रगत र मासु बढाउने गुणको हुन्छ ।

प्रायोऽम्लं पित्तजननं दाडिमामलकादृते ॥

दाडिम र अमला बाहेक प्रायः सबै अमिलो रसले पित्तविकार गर्दछ ।

(झ) सुश्रुत संहिता :

यो दन्तहर्षमुत्पादयति मुखास्रावं जनयति श्रद्धां चोत्पादयति सोऽम्लः ॥१३॥

जुन रसले दाँतलाई हर्षित पार्दछ, मुखमा पानी निकाल्दछ,र खानलाई इच्छा जगाउँदछ त्यो रसलाई अमिलो रस भनिन्छ ।

अम्लो जरणः पाचनो दीपनः पवननिग्रहणोऽनुलोमनः कोष्ठविदाही बहिःशीतः क्लेदनः प्रायशो हृद्यश्चेति; स एवंगुणोऽप्येक एवार्थमुपसेव्यमानो दन्तहर्षनयनसंमीलनरोमसंवेजनकफविल-यनशरीरशैथिल्यान्यापादयति तथा क्षताभिहतदग्धदष्टभग्नरुग्णशूनप्रच्युतावमूत्रितविसर्पित-च्छिन्नभिन्नविद्धोत्पिष्टादीनि पाचयत्याग्नेयस्वभावात् परिदहति कण्ठमुरो हृदयं चेति ॥१९॥

अमिलो रसमा खाएको कुरा पचाउने, (सुजन, अमविकार आदि) पचाउने, पाचनशक्ति बढाउने, शरीर भित्र वायुलाई रोक्ने, शरीर भित्रको वायुलाई सही बाटोमा हिँडाउने, पेट पोल्ने, छाम्दा शीतल, शरीरमा आर्द्रता जम्मा पार्ने तथा प्रायः मुटुका लागि हितकर वा मनलाई प्रिय लाग्ने हुन्छ । यति गुनिलो भएपनि यो रस मात्र धेरै खाएमा यसले दाँत कुँड्याउने वा दन्तहर्ष रोग निकाल्ने, आँखा खुम्च्याउने, शरीरलाई रोमाञ्चित पार्ने, कफलाई विलय गराउने, शरीरलाई लोसो बनाउने तथा हातहतियारले काटेर बनेका, लौरो आदिले हिर्काएर बनेका, पोलेका, सर्प आदिले डसेर बनेका, भाँचिएको, बाङ्गिएको, आफ्नो स्थान छोडेको, माकुरो आदि जीवको मूत्रजन्य, विच्छी आदिको स्पर्शजन्य, काटेको, टुक्रिएको, घोचेको, घोटिएको आदि जस्ता कारणले शरीरमा बनेका घाउ पाक्दछ । अमिलो रस आग्नेय गुणको हुने कारण यसले घाँटी, छाती र मुटुमा डाह समेत गर्दछ ।

(क) हारीत संहिता :

जिह्वाक्लेदं जनयति तथा नेत्रनिम्मीलनं च वीभत्सं वा जनयति सदा वातरोगापहारी ।
कण्डूकुष्ठक्षतरुजकरो नो हितः शोफिनः स्यादम्लः प्रोक्तो मरुतशमनोऽसृक्प्रकोपं तनोति ॥

अमिलो रसले मुखमा पानी आउँदछ । आँखा झिमझिम पार्दछ । सबै समयमा भयानकपन उब्जाउँदछ । वातरोग नाश गर्दछ । लुतो, कुष्ठ र घाउखटिरा उत्पन्न गर्दछ । शरीर सुन्निने रोग हुनेले अमिलो नखानू, हितकर हुँदैन । यसले वायुलाई शान्त पार्दछ तथा रगतको उत्तेजनालाई फैलाउँदछ ।

अम्लपित्त
(Hyper acidity)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

विरुद्धदुष्टाम्लविदाहिपित्तप्रकोपिपानान्नभुजो विदग्धम् ।
पित्तं स्वहेतूपचितं पुरा यत्तदम्लपित्तं प्रवदन्ति सन्तः ॥

वर्षा ऋतु आदिका प्रभावले पहिलदेखि नै शरीरमा थुप्रिएको पित्त जब विरोधी भोजन, विकृत भोजन, अधिक अमिलो, डाह र पित्तलाई उत्तेजित बनाउने भोजन र त्यस्तै प्रकार पेय कुरा पिउने कारणले मानिसलाई जब अमिलोपनको मात्रा शरीरमा बढेर जाने गर्दछ तब त्यसलाई अम्लपित्त भनिन्छ ।

अविपाकक्लमोत्क्लेशतिक्ताम्लोद्गारगौरवैः । हृत्कण्ठदाहारुचिभिश्चाम्लपित्तं वदेद्भिषक् ॥

खाएको कुरा नपच्नु, कुनै परिश्रम नगरे पनि थकाइ लाग्नु, पेट निमोठ्नु वा जीउ वेचैन हुनु, तितो र अमिलो डकार आउनु, शरीर भारी हुनु, मुटुतिर र घाँटीतिर पोल्नु तथा अरुची हुनु जस्ता लक्षण देखेपछि त्यसलाई वैद्यजनले अम्लपित्त भनी थाहा पाउनु पर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) शार्ङ्गधर संहिता :

अम्लपित्तं त्रिधा प्रोक्तं वातेन श्लेष्मणा तथा । तृतीयं श्लेष्मवाताभ्याम्...।

वातजन्य, कफजन्य र कफवातजन्य गरी अम्लपित्त तीन किसिमको हुन्छ ।

अरण्यहलदी (बनहलेदो)
(Wild turmeric)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश (बनहलेदो) : लामालामा पात हुने, तहैतह परेका राता फूल फुल्ने र अदुवाको जस्तो कन्द हुने एक जातको जङ्गली हलेदो; वनहरिद्रा ।

(ख) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यो प्रायः जङ्गलमा हुन्छ । यसका पात हलेदोकाभन्दा पातला र छोटा हुन्छन् ।

वनहलेदो (श्रोत : फ्लावर्स अफ इण्डिया इटनेट)

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Wild turmeric, Yellow zedoary र Coochin turmeric तथा ल्याटिन भाषामा *Curcuma aromatica Salisb.* भनिन्छ ।

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Curcuma aromatica* हो ।

(ङ) हिन्दी विश्वकोश (अरण्यहरिद्रा) : वनहरिद्रा, जङ्गली हलेदो ।

प्राचीन ग्रन्थका वचनहरु :

सङ्कलन : मोहन प्रसाद

वनहलेदो (श्रोत : फ्लावर्स अफ इण्डिया इटनेट)

(क) भावप्रकाश निघण्टु :

अरण्यहलदीकन्दः कुष्ठवातास्रनाशनः ।

वनहलेदोले कुष्ठ र वातरक्त (वा वातविकार र रक्तविकार) रोग नाश गर्दछ ।

(ख) राज निघण्टु :

शोली वनहरिद्रा स्यात् वनारिष्टा च शोलिका ।
शोलिका कटुगौल्या च रुच्या तिक्ता च दीपनी ॥

शोली, वनहरिद्रा, वनारिष्टा र शोलिका : यी बनहलेदोका संस्कृत पर्यायवाची नामहरू हुन् । बन हलेदो पिरो, गुलियो, रुचिकर, तीतो र दीपनी हुन्छ ।

वनहलेदो (श्रोत : फ्लिकर)

अर्द्धभेद (स्नायुरोगविशेष)
(A kind of disease)

(क) माधव निदान (परिशिष्ट) :

सदैवार्द्रभूमिस्थितेश्चातिशीताभिसम्बन्धतो वा बलक्षीणतातः ।
प्रजायेत दुष्टस्य वातस्य नीरस्य वा सेवनादर्द्धभेदो गदोऽयम् ॥

सधैँ ओसिलो जमिनमा बस्नाले वा अत्यधिक चिसोसँग सम्बन्ध हुनाले वन बल क्षय हुनाले वा प्रदूषित हावा र पानी सेवन गर्नाले यो अर्द्धभेदक नामक रोग उत्पन्न हुन्छ ।

भवेद् वेदना व्याप्य याऽर्द्धं मुखस्यानिशं मण्डले तीव्ररूपा जनानाम् ।
अपि प्रायशो वामपार्श्वे प्रजातार्द्धभेदो गदः सा प्रकीर्त्त्येत वैद्यैः ॥
व्यथेताशुगेनेव विद्धं शिरोऽद्धा नृणां दारुणं तीव्ररूपेण पूर्णम् ।
कदाचित् क्रमं चावलम्ब्य प्रशस्तं विरामो महान् वा प्रजायेत चात्र ॥
अपि प्रायशो योषितामेष रोगो वपुष्येव जातः प्रदृश्येत लोके ।
वयःस्थेऽथ वै यौवने वाऽस्य भूम्ना भवेदुद्भवोऽप्यामयस्य स्वभावात् ॥

अनुहारको तल्लो भागमा प्रायः देब्रेतिर हुने तीव्र पीडादायक स्नायुशूललाई वैद्यजन "अर्द्धभेद" भन्दछन् । यो रोग हुँदा मानिसको टाउको तिखो बाणले छेडे जसरी दुख्ने गर्दछ । यस्तो पीडा कहिले त्यत्तिकै ठिक हुने त कहिले बढ्ने गर्दछ । यो रोग प्रायः स्त्रीहरूमा बढी हुन्छ र प्रायः वृद्धावस्था र जवानीमा उत्पन्न हुने गर्दछ ।

अर्बुद (क्यान्सर)
(Tumour)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

...महांस्तु (महत्तु) ग्रन्थितोऽर्बुदम्॥
तल्लक्षणं च मेदोन्तैः षोढा दोषादिभिस्तु तत्।
प्रायो मेदः कफाढ्यत्वात् स्थिरत्वाच्च न पच्यते॥

जुन् ठूलो गाँठो हुन्छ त्यसलाई अर्बुद भनिन्छ । यसका लक्षण वातजन्य, पित्तजन्य, कफजन्य, रक्तजन्य, मांसजन्य र बोसोजन्य गरी छ प्रकारका ग्रन्थि (गाँठा) का जस्तै हुन्छन्। तर, अर्बुद कफ र बोसो बढी हुनाले गर्दा तथा स्थिर हुनाले गर्दा प्रायः पाक्दैन ।

सिरास्थं शोणितं दोषः सङ्कोच्यान्तः प्रपीड्य च ।
पाचयेत (च) तदानद्धं सास्रावं मांसपिण्डितम्॥१६॥
मांसाङ्कुरैश्चितं याति वृद्धिं चाशु स्रवेत्ततः ।
अजस्रं दुष्टरुधिरं भूरि तच्छोणितार्बुदम्॥१७॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

वात आदि विकारले सिरामा गएर सिराको भित्र रहेको रगतलाई खुम्च्याउने र पीडित र पकाउने गर्दछ । यस्तो अर्बुद सधैं जेलिएको हुन्छ र यसबाट तरल पदार्थ बगिरहन्छ । यो मासुको डल्लो तथा मासुको टुसोले व्याप्त भइरहने गर्दछ । यो अर्बुद चाँडै बढ्दछ र यसबाट जतिखेर पनि खराब रगत बगिरहन्छ । यसलाई शोणितार्बुद भनिन्छ ।

तेष्वसृङ्मांसजे वर्ज्ये चत्वर्यन्यानि साधयेत्।

उल्लेखित छ प्रकारका अर्बुद रोगहरूमध्ये रक्तज र मांसज अर्बुद रोग निको हुँदैन बाँकी चार अर्बुद रोग भने निको पार्न सकिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

गात्रप्रदेशे क्वचिदेव दोषाः सम्मूर्च्छिता मांसमसृक् (मांसमभि) प्रदूष्य ।
वृत्तं स्थिरं मन्दरुजं महान्तमनल्पमूलं चिरवृद्ध्यपाकम्॥
कुर्वन्ति मांसोच्छ्रयमत्यगाधं तदर्बुदं शास्त्रविदो वदन्ति ।
(कुर्वन्ति मांसोपचयं तु शोफं तमर्बुदं शास्त्रविदो वदन्ति)
वातेन पित्तेन कफेन चापि रक्तेन मांसेन च मेदसा वा (च)॥
तज्जायते तस्य च लक्षणानि ग्रन्थेः समानानि तदा भवन्ति ।

शरीरको कुनै भागमा बढेको दोषले गर्दा मासु र रगत समेत दूषित हुन गई गोला, स्थिर, कम दुख्ने, ठुला, गहिरा, ढिलो बढ्ने र नपाक्ने खालका मासुका डल्ला जस्ता सुजन निकाल्दछ, यसैलाई विद्वानहरू अर्बुद भन्दछन् । यो वातजन्य, पित्तजन्य, कफजन्य, रगतजन्य, मासुजन्य र बोसोजन्य गरी छ किसिमको हुन्छ । यसका लक्षण ग्रन्थिका जस्तै हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अर्शोवर्त्म (आँखाको एक रोग)
(One of the eye diseases)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

अर्शोऽधिमांसं वर्त्मान्तः स्तब्धं स्निग्धं सदाहरुक् । रक्तं रक्तेन तत्स्रावि छिन्नं छिन्नं च वर्धते ॥

पलकको भित्रतिर हर्साका जस्तै मासुका टुसा पलाउँदछ । यो टुसो कडा, चिल्लो, डाह गराउने, दुख्ने, रातो रङ्को, पानी आदि बगिरहने, जतिपटक काटे पनि पलाइरहने र रक्तविकारले गर्दा हुने रोगलाई "अर्शोवर्त्म" भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

एर्वारुबीजप्रतिमाः पिडका मन्दवेदनाः । श्लक्ष्णाः खराश्च वर्त्मस्थास्तदर्शोवर्त्म कीर्त्यते ॥

आँखाका पलकको बाहिर भित्र दुवैतिर आउने, काँक्राका गेडा जत्रा हल्का दुखाउने, चिल्ला र कठोर खटिरालाई अर्शोवर्त्म भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अलसक (कुष्ठरोगविशेष)
(Lichen)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

...कण्डूयुतैश्चितम्॥ रक्तैरलसकं ...।

चिलाउने र राता गाँठा हुने कुष्ठरोगलाई अलसक भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान :

कण्डूमद्भिः सरागैश्चः गण्डैरलसकं चितम्॥

चिलाउने र रातो रङका फोकाले युक्त हुने कुष्ठलाई "अलसक" भनिन्छ ।

(ग) शार्ङ्गधर संहिता :

सङ्कलन : मोहन प्रसाद सापकोटा

...श्लेष्मवाताद्...अलसन्तथा ।

कफ-वातविकारले अलस नामक कुष्ठरोग हुन्छ ।

अलसक (पटको रोगविशेष)
(Dehydration)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

कुक्षिरानह्यतेऽत्यर्थं प्रताम्येत् परिकूजति (प्रताम्यत्यथ कूजति) ।
निरुद्धो मारुतश्चैव कुक्षावुपरि धावति ॥
वातवर्चोनिरोधश्च यस्यात्यर्थं भवेदपि । तस्यालसकमाचष्टे तृष्णोद्गारौ च यस्य तु ॥

अत्यधिक पेट फुल्नु, रोगी बेहोस हुने, पीडाले कराउने, तलतिर जान नसकेको पेट भित्रको वायु शरीरका माथिल्ला भागमा गएर घुम्न थाल्ने, अपानवायु र दिसा पूर्णतः अवरुद्ध हुने, तिर्खा लागिरहने र डकार आइरहने रोगलाई "अलसक" रोग भनिन्छ ।

(ख) सुश्रुत संहिता :

कुक्षिरानह्यतेऽत्यर्थं प्रताम्यति विकूजति निरुद्धो मारुतश्चापि कुक्षौ विपरिधावति ॥
वातवर्चोनिरोधश्च कुक्षौ यस्य भृशं भवेत् । तस्यालसकमाचष्टे तृष्णोद्गारावरोधकौ ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

पेट धेरै फुल्ने, बेहास हुने, चिच्याउने, पेटका रोकिएको हावा मास्तिर चढ्ने तथा पेटभित्र हावा र दिसा अत्यधिक मात्रामा रोकिने रोगलाई अलसक भनिन्छ । यसमा तिर्खा र डकार समेत रोकिने गर्दछ ।

अलीकमत्स्य (परिकार विशेष)
(A kind of dish resembling the taste of fish)

प्राचीन ग्रन्थका वचन :

(क) भावप्रकाश निघण्टु :

माषपिष्टिकया लिप्तं नागवल्लीदलं महत्॥
तत्तु संस्वेदयेद्युक्त्या स्थाल्यामास्तारकोपरि । ततो निष्कास्य तं खण्डचं ततस्तैलेन भर्जयेत्॥
अलीकमत्स्य उक्तोऽयं प्रकारः पाकपण्डितैः । तं वृन्ताकभटित्रेण वास्तूकेन च भक्षयेत्॥

ठूलठूला पानका पातमा मस्यौटो बेरेर त्यसलाई एउटा भाँडामा जल भरी त्यसको मुखमा कपडा बेरेर त्यसमाथि राख्नू र त्यो भाँडोलाई आगोमा बसाल्नू । बाफले त्यसलाई सावधानीपूर्वक पकाउनू । जब पाक्दछ तब झिकेर त्यसलाई टुक्रा टुक्रा पारी तेलमा पकाउनू । पाकशास्त्रका विज्ञले आलीकमत्स्य बनाउने यही विधि बताएका छन् । यसलाई भन्टाको कवाबसँग वा बेथेसँग खानू । (यसको स्वाद माछाको जस्तै हुन्छ, माछाको तलतल मेटाउन यो परिकार उपयुक्त मानिन्छ) ।

अलीकमत्स्याः शुष्का वा किं वा क्वथितया पुनः॥
बृंहणा रोचना वृष्या बल्या वातगदापहः । कोष्ठशुद्धिकराः शुष्काः किञ्चित्पित्तप्रकोपणाः॥
अर्दिते सहनुस्तम्भे विशेषेण हिताः स्मृताः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सुक्खा होस् वा कढीमा भिजाइएको होस् दुवै खालका अलीकमत्स्य पौष्टिक, रुचिकर, वीर्यवर्धक, बलदायक, वातविकार नाशक र पेट शुद्ध पार्ने गुणका हुन्छन् । सुक्खा अलीकमत्स्यले केही पित्तविकार गरेपनि विशेषतः यसले अर्दित (मुखको कुनै भाग वातदोषले गर्दा नचल्ने हुने एक रोग विशेष,फेसियल प्यारालाइसिस) र हनुस्तम्भ (चिउँडो र कञ्चटको बीचको हाड नचल्ने रोग) मा फाइदा गर्दछ ।

अवकर (कसिङ्गर)
(Dust or sweepings)

परिभाषा :

(क) के.यन.स्वामी (अवकर) : धुलो । धूलि ।
(ख) हिन्दी विश्वकोश (अवकर) : सम्मार्जनी प्रभृतिद्वारा विक्षिप्त धूलि । कूचो आदिले बढार्दा निस्कने फोहोर ।
(ग) नेपाली बृहत् शब्लद्कोश (कसिङ्गर) : धूलोमूलो; घसरपसर; पातपतिङ्गर; घुरान । फालिने वा बढारिएको फोहर वस्तु; रद्दी पदार्थ; कसिङ्गर ।



प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण, अमरकोश :

..सङ्करोऽवकरस्तथा ।

सङ्कर र अवकर : यी कसिङ्गरका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अवलम्बन (मुटुमा वा छातीमा हुने कफ)
(phlegm in the Heart)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह :

स तूरस्थः स्ववीर्येण त्रिकस्यान्नवीर्येण च सह हृदयस्य च शेषाणां च श्लेष्मस्थानानां तत्रस्थ एवोदककर्मणावलम्बनादवलम्बक इत्युच्यते ।

छातीमा रहेको कफले आफ्नो शक्ति मार्फत् त्रिकभाग तथा अन्नवीर्यको साथमा मुटु तथा बाँकी अन्य कफका स्थानलाई छातीमा नै बसी जलको कार्यद्वारा अवलम्बन (मद्दत) गर्दछ । त्यसैले यो कफलाई “अवलम्बक कफ” भनिन्छ ।

(ख) अष्टाङ्ग हृदयः

...उरःस्थः स त्रिकस्य स्ववीर्यतः । हृदयस्यान्नवीर्याच्च तत्स्थ एवाम्बुकर्मणा ॥
कफधाम्नां च शेषाणां यत्करोत्यवलम्बनम् । अतोऽवलम्बकः श्लेष्मा...।

सङ्कलन : मोहन प्रसाद सापकोटा

छातीमा रहेर आफ्नो शक्तिले कण्डेउलो तथा आहारले मुटुलाई सहायता गर्ने, मुटुमै रहेर जलकर्म मार्फत आमाशय आदि अन्य स्थानमा रहेका कफलाई पनि सहायता गर्ने कफलाई “अवलम्बक कफ” भनिन्छ ।

(ग) भावप्रकाश संहिता :

अपराण्यपि श्लेष्मस्थानानि हृदयादीनि । मार्गेण गत्वा तत्रतत्र हृदयालम्बनत्रिकसन्धारणरस-ग्रहणसमस्तेन्द्रियतर्पणसन्धिसंश्लेषणाद्युदककर्म्मभिरनुगृह्णाति उपकरोति तदेव उत्तरत्र उच्यते ।

कफ रहने अन्य स्थान मुटु आदि हुन् । यो छातीमा रहने कफले जलकर्म अर्थात् गएर मिसिएर, काँध आदि जोर्नीमा गई लेसिएर, रस लिएर, सबै इन्द्रियलाई तृप्त पारेर तथा जोर्नीलाई जोडेर सहायता गर्ने गर्दछ । यही कामलाई यो कफले पछि गर्ने अन्तिम काम (उत्तरत्र) भनिन्छ ।

रसयुक्तात्मवीर्येण हृदयस्यावलम्बनम् ।
त्रिकसन्धारणं चापि विदधात्यवलम्बनः ॥
त्रिकं शिरोबाहुद्वयसन्धिः ।

रसयुक्त वीर्य मार्फत अवलम्बन कफले मुटुलाई मद्दत गर्दछ । यसले दुई काँध र टाउकाको सङ्गमस्थल

वा जोर्नी (वा कण्डेउलो) लाइ पनि अड्याउने काम पनि गर्दछ । त्रिक भनेको टाउको र दुई पाखुराको जोर्नी हो ।

(घ) **शार्ङ्गधर संहिता :**

हृदयमा हुने कफलाई “अवलम्बन” भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अव्रणशुक्ल (फुलो)
(Corneal opacity)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश :** (१) फुले : आँखामा फूलो परेको; फूलो परेको आँखा हुने । (२) फुलो : आँखाको नानीमा निस्कने सेतो बादल ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **भावप्रकाश संहिता, माधव निदान :**

स्यन्दात्मकं कृष्णगतं सचोषं (कृष्णगतन्तु शुक्लं) शङ्खेन्दुकुन्दपतिमावभासम् ।
वैहायसाभ्रप्रतनुप्रकाशमथाव्रणं साध्यतमं वदन्ति ॥

आँखाको पुतली (कालो भाग) मा अभिष्यन्द रोगले गर्दा डाह हुने, शङ्ख वा चन्द्रमा वा कुन्दपुष्प जस्तो रङको सेतोपन देखिने गर्दछ अथवा कालो भाग पातलो बादलले ढाकेको आकाश जस्तो धमिलो देखिने गर्दछ भने त्यस रोगलाई अव्रणशुक्ल भनिन्छ । (बेलैमा उपचार गरिए) यो रोग सजिलै ठिक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) **सुश्रुत संहिता :**

सितं यदा भात्यसितप्रदेशे स्यन्दात्मकं नातिरुगश्रुयुक्तम् ।
विहायसीवाच्छघनानुकारि तदव्रणं साध्यतमं वदन्ति ॥
गम्भीरजातं बहलं च शुक्रं चिरोत्थितं चापि वदन्ति कृच्छ्रम् ।

आँखाको कालो भागमा जब अभिष्यन्द नामक रोगका कारण रक्तविकारजन्य सेतोपना देखिन्छ, धेरै दुख्दछ, आँशु आउँदैन र हेर्दा आकाशमा रहेको निर्मल पातलो बादल जस्तो हुन्छ त्यसलाई "अव्रणशुक्र(क्ल)" भनिन्छ । यो सजिलै निको हुने खालको रोग हो । तर, यदि यो गहिरो छ, मोटो छ र उठेको छ भने कठिनाइका साथ निको हुन्छ ।

असन (विजयशाल)
(Indian Kinno)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : तल असन, जीवक आदि नाम विजयसालका नामहरू हुन्।

(ख) के.यन.स्वामी : पीतशालक, पीतसार : ठूलो जातको विजयसाल । असन, बीजक, सर्जक : विजयसाल । प्रियकम् : असनाको फूल । जीवक : सतीसालको रूख ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) विजयशाल : ज्यादै बलियो काठ हुने एक जातको रूख; विजयसार । (२) सतिसाल : मसिना बाटुलिएका पात हुने, कोसारूपमा लाम्चा फल फल्ने, खूब बलियो हुने एक जातको रूख; तमाल । (३) तमाल : रातो फूल फुल्ने, भुप्पादार फल फल्ने र ठूलठूला पात हुने सदाबहार अग्लो एक रूख; सतिसाल । (४) नीलवीज : नीलो विजयसाल । (५) नीलपत्र : विजयसालको रूख । (६) विजयसार : विजयशाल ।



पीतसारक (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Pterocarpus marsupium* Roxb. र अंग्रेजी नाम Indian Kinno हो । यसको रूख धेरै ठूलो हुन्छ तर धेरै बाँच्दैन । सेतोमा हल्का पहेँलो मिसिएका फूल हुन्छन् । गोलो वा चेप्टो फलभित्र बियाँ हुन्छन् । बोक्रामा चोट पर्दा त्यसबाट रातो रङको रस निस्कन्छ । यो रस केही दिनमा सुकेपछि कालो र कडा हुन्छ । यही द्रव्यलाई अंग्रेजीमा Malabar kino भनिन्छ । यसलाई धुलो पार्दा खैरो रङको चमकिलो धुलो हुन्छ । यो धुलो चपाउँदा दाँतमै टाँसिन्छ र थुक रातो हुन्छ । यसमा गन्ध हुँदैन र टर्रो स्वाद हुन्छ । यसको खोटो, पात र काठको धुलो ओखतीमा प्रयोग हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा



टर्मिनालिया इलिप्टिका (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ङ) नेपालको विजयशाल संरक्षण कार्ययोजना २०७५-७९, नेपाल सरकार : Ptero भनेको पखेटा, carpos भनेको फल र *marsupium* भनेको विशेष क्षेत्र वा खल्ती हो । समग्रमा विशेष क्षेत्रमा पाइने पखेटे फल लाग्ने वृक्ष भएकोले यसलाई वनस्पतिशास्त्रमा *Pterocarpus marsupium* भनिएको हो (दुथी, १९१५) । यसको काठ धेरै कडा र चुरो पहेँलो मिसिएको खैरो रङको हुन्छ ।

(च) पेयर डी अमरकोशले *Terminalia elliptica* Willd. वानस्पतिक नामको एक वनस्पतिलाई पनि यसै श्रेणीमा राखेको पाइन्छ । जसका तस्बिर तल छुट्टै दिइएका छन् । यसको अर्थ खोज्दा असन र साज लेखेको पाइन्छ ।

(छ) फर्माकोपिया : संस्कृतमा असन, बीजक, पीतसार, असनक र बीजसार नामले चिनिने वृक्ष *Leguminosae* परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Pterocarpus marsupium*

पीतसारक (तस्बिर श्रोत : पेयर डी अमरकोश)

Roxb. हो । अंग्रेजीमा यसलाई *Indian Kino Tree* भनिन्छ । ओखतीको लागि यसको काठको चुरोको काँढापानीको मात्रा ५०-१०० ग्रामको एक मात्रा हुन्छ ।

(ज) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 M विजयसाल, विजयसार वा बन्दुकपुष्प स्थानीय नाम भएको वृक्ष Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Pterocarpus marsupium* Roxb. हो ।

(ज) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : विजयसाल Angiosperm समूह अन्तर्गत Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम Pterocarpus marsupium Roxb. हो ।

पीतसारक (तस्बिर श्रोत : पेयर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

सर्जकासनजीवश्च पीतसालेऽथ मा(शा)लके ॥

सर्जक, असन, जीव र पीतसाल : यी विजयशालका नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) अभिधानमञ्जरी :

असनो बीजाह्वः स्यात् सौरिकाम्यश्च बीजकः । प्रियशालकश्च नीलकनामासौ नीलपर्यायः ॥
स एव कृष्णवृक्षः स्यात् पुष्पवृक्षः सुगन्धिकः । बन्धूकपुष्पकस्तिर्यक्पुष्पो वासन्तपुष्पकः ॥
क्षेत्रपुष्पः कृष्णसारः खरसारोऽसिरस्तथा ।

पीतसारक (तस्बिर श्रोत : पेयर डी अमरकोश)

असन, बीजका पर्याय, सौरिकाम्य, बीजक, प्रियशालक, नीलकनाम र नीलका पर्याय तथा कृष्णवृक्ष, पुष्पवृक्ष, सुगन्धिक, बन्धूकपुष्पक, तिर्यक्पुष्प, वासन्तपुष्पक, क्षेत्रपुष्प, कृष्णसार, खरसार र असिर : यी विजयसालका पर्यायवाची नाम हुन् ।

(ग) अभिधान रत्नमाला :

असनः प्रियकः पीतसारो बन्धूकपुष्पकः । महासर्जस्तवाकारो बीजकः प्रियसारकः ॥

असन, प्रियक, पीतसार, बन्धूकपुष्पक, महासर्ज, तवाकार, बीजक र प्रियसारक : यी विजयसालका पर्यायवाची नाम हुन् ।

(घ) अमरकोश :

असन, जीवक, पीतसारक, प्रियक, बन्धूकपुष्प र सर्जक : यी विजयसालका पर्यावाची नाम हुन् ।

सरस्वती सामुदायिक बन, कपिलवस्तुमा हाँगा छिमलिएका विजयसालका रूखहरु (श्रोत : नेपाल सरकार)

(ङ) अष्टाङ्ग निघण्टु :

असनादौ पीतसारः प्रियको बीजकोऽसनः ।

पीतसार, प्रियक, बीजक र असन : यी विजयसालका पर्यायवाची नाम हुन् ।

(च) कैयदेव निघण्टु :

असनो बीजकः काव्यः प्रियो बन्धूकपुष्पकः ।
शौरिः काश्यो महासर्जः तिष्योऽन्यः कृष्णसर्जकः ॥
सुगन्धनीलनिर्यासः पुष्पवृक्षोऽलकप्रियः ।
बीजकः कटुकः सोष्णः कषायः कफपित्तहा ॥
त्वच्यः केश्योऽस्रपित्तघ्नः कृमिवीसर्पनाशनः । हन्ति कुष्ठखुडश्वित्रमेदोमेहान् रसायनः ॥
असनस्य च पुष्पाणि विपाके मधुराणि च । तिक्तानि पाचनीयानि वातलानि भवन्ति हि ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

विजयसाल (तस्विर श्रोत @ दीपिका प्याकुरेल, नेपाल सरकार)

असन, बीजक, काव्य, प्रिय, बन्धूकपुष्पक, शौरि, काश्यं, महासर्ज र तिष्य तथा कृष्णसर्जक, सुगन्धनीलनिर्यास, पुष्पवृक्ष र अलकप्रिय : यी विजयसालका पर्यायवाची नाम हुन् । यो पिरो, उष्णवीर्यको टर्रो, कफविकार र पित्तविकार नाश गर्ने, छाला र कपालका लागि हितकर; रक्तपित्त, कीरा, वीसर्प, कुष्ठ, खुड (?), सेतो कुष्ठ, बोसोविकार र प्रमेह नाश गर्ने तथा रसायनी गुणको हुन्छ ।
यसको फूल पचेपछि गुलियो, तितो, पाचक र वातविकार गर्ने गुणको हुन्छ ।

(छ)धन्वन्तरि निघण्टु :

असनस्तु महासर्जः सौरिर्बन्धूकपुष्पकः ।
प्रियको बीजकः श्यामः सुनीलः प्रियशालकः ॥
बीजकः सकषायश्च कफपित्तास्रनाशनः ।

असन, महासर्ज, सौरि, बन्धूकपुष्पक, प्रियक, बीजक, श्याम, सुनील र प्रियशालक : यी विजयशालका पर्यायवाची नाम हुन् । यो केही टर्रो तथा कफविकार, पित्तविकार र रक्तविकार नाश गर्ने गुणको हुन्छ ।

(ज) **निघण्टुशेष :**

बीजके प्रियकः शारिर्गौरो बन्धूकपुष्पकः । कृष्णसर्जो मदासर्जः कल्याणः पीवरोऽसनः ॥
महासालः पीतसालो जीवकः प्रियसालकः । सुगन्धिर्नीलनिर्यासस्तिष्यः पुष्योऽलकप्रियः ॥
स तु द्विधा शिखिग्रीवः श्रेष्ठो गोमूत्रकोऽधमः ।
(वेति वीयते वा वीजः, बीजाः सन्त्यस्य वा बीजः, स्वार्थिके के बीजकः । काम्यत्वात् प्रियकः; प्रीणाति वा । शृणाति शीर्यते वा शारिः । गूयते गौरः, इति रे निपात्यते । बन्धूकस्येव रक्तानि पुष्पाण्यस्य बन्धूकपुष्पः, स्वार्थिके के बन्धूकपुष्पकः । कृष्णः सर्जोऽस्य कृष्णसर्जः । मदमासृजति मदासर्जः । कल्याणहेतुत्वात् कल्याणः, कल्यते वा । प्यायते पीवरः, पीयते रसोऽस्य वा । अस्यति असनः । महांश्चासौ सालश्च महासालः । पीतवर्णः सालः पीतसालः । जीवयति जीवकः । प्रियश्चासौ सालश्च प्रियसालः, के प्रियसालकः । शोभनो गन्धोऽस्य सुगन्धिः । नीलो निर्यासोऽस्य नीलनिर्यासः । त्वेषन्ति पुष्यन्ति च कार्याणि अत्र तिष्यः । पुष्यः, उभावपि सिद्ध । अलकानां प्रियः अलकप्रियः । सः बीजको द्विधा द्विप्रकारः । शिखिग्रीव इव शिखिग्रीवः श्रेष्ठः उत्तमः । गोमूत्रप्रतिकृतिर्गोमूत्रकः तस्य तुल्ये कः अधमः ।) ।

कञ्चनपुरमा टाँचा लगाइएको विजयसालको रूख (तस्विर श्रोत : नेपाल सरकार)

सङ्कलन : मोहन प्रसाद सापकोटा

बीजक, प्रियक, शारि, गौर, बन्धूकपुष्पक, कृष्णसर्ज, मदासर्ज, कल्याण, पीवर, असन, महासाल, पीतसाल, जीवक, प्रियसालक, सुगन्धि, नीलनिर्यास, तिष्य, पुष्य र अलकप्रिय : यी विजयसालका पर्यायवाची नाम हुन् । विजयसाल दुई प्रकारको हुन्छ । मुजुरको घाँटीजस्तो उत्तम र गहुँत जस्तो अधम हुन्छ ।

(झ) **भावप्रकाश निघण्टु :**

बीजकः पीतसारश्च पीतशालक इत्यपि ॥
बन्धूकपुष्पः प्रियकः सर्जकश्चासनः स्मृतः ।
बीजकः कुष्ठवीसर्पश्वित्रमेहगुद क्रिमीन् ॥
हन्ति श्लेष्मास्रपित्तञ्च त्वच्यः केश्यो रसायनः ।


असन (तस्विर श्रोत : पेयर डी अमरकोश)

बीजक, पीतसार, पीतशालक, बन्धूकपुष्प, प्रियक, सर्जक र असन : यी विजयसालका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कुष्ठ, विसर्प, श्वेतकुष्ठ, प्रमेह, मलद्वारका कीरा, कफविकार, रक्तविकार र पित्तविकार नाश गर्दछ । यो छाला र कपालका लागि हितकारी र रसायनी हुन्छ ।

(ञ) **मदनपाल निघण्टु :**

बीजकोऽशनकः सौरी प्रियः काम्योऽलकप्रियः ॥
बीजकः कुष्ठवीसर्पश्वित्रमेहज्वरक्रिमीन् । हन्ति श्लेष्मास्रपित्तानि त्वच्यः केश्यो रसायनः ॥

बीजक, अशनक, सौरी, प्रिय, काम्य र अलकप्रिय : यी विजयशालका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कुष्ठ, वीसर्प, सेतोकुष्ठ, प्रमेह, जरो, कीरा, कफविकार, रक्तविकार र पित्तविकार नाश गर्दछ । यो छाला र कपालका लागि हितकर हुनुका साथै रसायनी पनि हुन्छ ।

टर्मिनालिया इलिप्टिका (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ट) **मदनादि निघण्टु :**

असनो बीजकः कोश्या प्रियः प्रियकशालकः । सुगन्ध नीलनिर्यासस्तिष्यो विंशकपुष्पका ॥
केश्याश्वित्रहरः कुष्ठकफमेदो विशोषणः । रसायनः प्रमेहघ्नो जीवकस्त्वक्प्रसादनः ॥

असन, बीजक, कोश्या, प्रिय, प्रियकशालक, सुगन्ध, नीलनिर्यास, तिष्य र विंशकपुष्पका : यी विजयसालका पर्यायवाची नाम हुन् । यो कपालका लागि हितकर; सेतो कुष्ठ नाश गर्ने; कुष्ठ, कफविकार र बोसोविकार सोस्ने; रसायनी, प्रमेह नाश गर्ने, जीवन दिने र छाला सफा गर्ने गुणको हुन्छ ।

(ठ) **माधवद्रव्यगुण :**

असनः कफपित्तघ्नः...।

विजयसालले कफविकार र पित्तविकार नाश गर्दछ ।

टर्मिनालिया इलिप्टिका (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ड) **राज निघण्टु :**

असनस्तु महासर्जः सौरिर्बन्धूकपुष्पकः । प्रियको बीजवृक्षश्च नीलकः प्रियशालकः ॥
असनः कटुरुष्णश्च तिक्तो वातार्तिदोषनुत् । सारको गलदोषघ्नो रक्तमण्डलनाशनः ॥

असन, महासर्ज, सौरि, बन्धूकपुष्पक, प्रियक, बीजवृक्ष, नीलक र प्रियशालक : यी विजयशालका संस्कृत पर्यायवाची नामहरू हुन् । विजयशाल पिरो, उष्णवीर्यको, तीतो तथा वातविकार नाशक हुन्छ । यसले मलमूत्रलाई तलतिर सार्दछ, घाँटीको रोग तथा रक्तमण्डल रोग (Urticaria) नाश गर्दछ ।

द्वितीयो नीलबीजः स्यान्नीलपत्रः सुनीलकः । नीलद्रुमो नीलसारो नीलनिर्यासको रसैः ॥

बीजवृक्षौ कटू शीतौ कषायौ कुष्ठनाशनौ । सारकौ कण्डुदद्रुघ्नौ श्रेष्ठस्तत्रासितस्तयोः ॥

(१) नीलबीज, (२) नीलपत्र, (३) सुनीलक, (४) नीलद्रुम, (५) नीलसार र (६) नीलनिर्यासक : यी छ नाम नीलो विजयसालका संस्कृत पर्यायवाची नामहरू हुन् । दुवै विजयसाल पिरा, शीतवीर्यका, टर्रा र कुष्ठ नाशक हुन्छन् । यिनले मलमूत्रलाई तलतिर सार्दछन् तथा चिलाउने रोग र दाद नाश गर्दछन् । यी दुईमध्ये नीलो विजयसाल उत्तम हुन्छ ।

टर्मिनालिया इलिप्टिका (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ढ) राजवल्लभ निघण्टु :

असनः कफपित्तघ्नः ... ॥

विजयशालले कफविकार र पित्तविकारलाई नाश गर्दछ ।

(ण) सोढल निघण्टु :

असने तु महासर्जः सौरिर्बन्धूकपुष्पकः ।
प्रियको बीजकः काम्यो नीलकः पीतशालकः ॥

टर्मिनालिया इलिप्टिका (तस्विर श्रोत : पेयर डी अमरकोश)

असन, महासर्ज, सौरि, बन्धूकपुष्पक, प्रियक, बीजक, काम्य, नीलक र पीतशालक : यी विजयसालका पर्यायवाची नाम हुन् ।

सर्प
(Snake)

परिभाषा एवं सर्पसँग सम्बन्धित शब्दहरू :

(क) **डा.सतिश चन्द्र साङ्ख्यधर :** सर्पलाई अंग्रेजीमा The Snakes वा Ophidia भनिन्छ ।

(ख) **पेयर डी अमरकोश :** यसलाई अंग्रेजीमा Snake भनिन्छ ।

(ग) **नेपाली बृहत् शब्दकोश :** घस्रेर हिँड्ने लामो, विषालु कीरा । साँप; लाम्कीरो काकोल, कुण्डली, दुईजिब्रे, दुईजिभ्रे, पवनासन, भुजङ्ग, लम्बा, लामकिरो, विषधर, सरीसृप र साँप : यी सर्पका पर्यायवाची नाम हुन् । (१) अजिङ्गर : विष नहुने तर सासले तानेर निली खाने, ज्यादै ठूलो किसिमको, उष्णकटिबन्धप्रदेशमा हुने सर्प । (२) अनन्त : अष्ट महानाग (अनन्त, वासुकि, पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट, शङ्ख) मध्ये पहिलो नाग । (३) अष्टकुल : पुराणमा वर्णित सर्प (नाग) का आठ कुल (शेष, वासुकि, तक्षक, कर्कोटक, पद्म, महापद्म, शङ्खचूड र कुलिक । (४) अष्टकुली : अष्टकुलका सर्पको कुनै एक प्रकार । (५) कञ्चुक : सर्पको काँचुली । (६) करेत : निकै विषालु, चार फिटजति लामो, हल्का पहेँलो र कालो घेराले बनेको शरीर हुने आकर्षक सर्प (यो गोमन सर्पसँग मिल्दोजुल्दो हुन्छ, तर फँडा हुँदैन, यसले अरू ससाना सर्प खान्छ) । (७) कर्कोटक : पुराणप्रसिद्ध आठ नागमध्ये एक । (८) काँचुली : शरीरबाट अलग भएर फेरिने सर्पको बाहिरी पातलो छाला वा पत्र । (९) काँटी : सर्प समाउने काममा प्रयोग गरिने टुप्पामा अङ्कुसे लागेको सानो लट्ठी । (१०) कालसर्प : (अ) डस्नासाथ मानिस मर्ने ज्यादै विषालु र डरलाग्दो कालो साँप; कालरूपी सर्प । (आ) कालो सर्प वा कालो साँप : अत्यन्त विषालु, कालो रङको सर्प; कालसर्प । (११) कुलिक : (अ) हरेउ सर्प । (आ) हरेउ : प्रायः वर्षामासमा हरिया झारपातहुँदो बस्ने हरियो रङ्गको एक प्रकारको विषालु सर्प । (१२) कोब्रा : अत्यन्त विषालु र रिस उठेपछि फणा उठाएर खेद्ने खतरनाक सर्प; गोमन साँप । (१३) गारुड : सर्पको विष झार्ने गरुडको मन्त्र । (१४) गारुडि वा गारुडी : सर्पले टोकेको विष झार्ने व्यक्ति; विषनाशक मन्त्रको ज्ञाता; विषवैद्य; सपेरा । (१५) गारुडि वा गारुडी विद्या : सर्पको विष झार्ने मन्त्र; सर्पलाई वशीकरण गर्ने वा त्यसको औषधी निर्माण गरिने विद्या; सर्पविद्या । (१६) गुर्भे : दिनमा आँखा नदेख्ने र लाटोजस्तो भएर एकै ठाउँमा गुँडुल्किरहने एक थरी विषालु सर्प । (१७) गोमन : रिसाउँदा फणा फिँजाउने कालो वा गहुँका रङको ज्यादै विषालु सर्प । (१८) घोडकरैँत : घोडाजस्तो परेको करैँत; एक अत्यन्त बिखालु सर्प । (१९) जाङ्गलिक वा जाङ्गली : जिउँदै सर्प समाती त्यसलाई नचाई, खेलाई जीविका गर्ने व्यक्ति; सपेरो; विषवैद्य । (२०) टिके : टीकाटीका भएको (सर्प) । (२१) ठुङ्नु : सर्पले डस्नु । (२२) डस्नु : सर्पले टोक्नु । (२३) डसाइ : डस्ने भाव, क्रिया वा प्रक्रिया । (२४) डसाइनु : डस्न लाइनु । (२५) डसाउनु : डस्न लाउनु; टोकाउनु । (२६) डसिनु : डस्ने काम गरिनु; सर्प आदिले टोकिनु । (२७) डिण्डिभ : (अ) पानीमा बस्ने सर्प; पानीसर्प । (आ) पानी सर्प वा पानी साँप : प्रायः पानीमा रहने एक जातको सर्प; नाग; ढोडिया । (इ) दुण्डुक : धेरैजसो पानीमा बस्ने र विष नलाग्ने एक जातको सर्प; पानीसाँप । (२८) डुण्डुभ : (अ) पानीमा बस्ने विष नभएको एक जातको सर्प; डुमसर्प । (आ) डुमसर्प : शरीरमा ठाडा धर्काहरू देखिने एक जातको सर्प । (२९) डैँढी : विष नहुने सानो जातको एक प्रकारको सर्प । (३०) डौँड : एक प्रकारको सर्पविशेष । (३१) ढौँडे : लामो र मोटो एक किसिमको सर्प । (३२) तक्षक : (अ) आठ नागमध्ये एक । (आ) रातो, पहेँलो र कालो रङ पेटारे परेर मिलेको, झन्डै एक मिटर लमाइ हुने, देख्ता साह्रै राम्रो तर ज्यादै विषालु सर्प । (३३) तिरिस : लामो, मोटो र टाउको सानो हुने एक जातको सर्प । (३४) देवदत्त : नागका आठ कुलमध्ये एक कुल । (३५) धामन : हरियो-पहेँलो झल्का भएको सेतो रङको ज्यादै लामो र ज्यादै छिटो दगुर्ने, पुच्छरमा विष

हुने, कसैलाई नडस्ने एक जातको सर्प; धामिन (यसको पुच्छर जसको जुन अङ्गमा पर्छ त्यो मासु गलेर झर्छ । यसले गाई-भैंसी आदि र स्वास्नीमान्छेलाई बेह्रेर उनीहरूको थुन वा स्तनबाट दूध चुस्छ र उनीहरू मर्छन् भन्ने जनधारणा मधेसतिर रहेको छ ।) । (३६) धामिन : धामन । (३७) धामिनी : धामन सर्प । (३८) नरेन्द्र : सर्पले टोक्ता शरीरमा फैलिएको विष झार्ने व्यक्ति; विषवैद्य । (३९) नाग : पुराणमा कश्यपकी पत्नी कद्रुका सन्तान मानिएका वासुकि, तक्षक, कुलिक, कर्कोटक, पद्म, शङ्खचूड, महापद्म र धनञ्जय नामका आठ नाग; पातालवासी, सुलसुले । (४०) नागकन्या : (अ) शरीरको माथिल्लो आधा भाग स्त्रीको र तल्लो आधा भाग नागको हुने पुराकथात्मक युवती ।

सर्प (तस्बिर श्रोत : आरडी डटकम)

(आ) पुराणमा वर्णित, मानिसका आकारकी सुन्दरी कन्न्या; जलपरी; नागकन्न्या । (४१) नागदह : पौराणिक परम्पराअनुसार नागले वास गर्ने जलाशय; नाग बस्ने दह । (४२) नागपञ्चमी : नागहरूको पूजा गरिने र कागतमा नागका चित्र लेखेर वा छापेर घरघरमा टाँसिने श्रावण शुक्ल पञ्चमीको दिन । (४३) (अ) नागराज : सहस्र फणा भएका सर्पहरूका राजा; शेषनाग । (आ) नागेश : सर्पहरूका राजा; शेषनाग । (इ) फणीन्द्र : शेषनाग । (ई) एककुण्डल : शेषनाग । (उ) द्विजपति वा द्विजराज : शेषनाग । (ऊ) धरणीधर : शेषनाग । (ए) धराधर : शेषनाग । (ऐ) भूधर : शेषनाग । (ओ) शेष : शेषनाग । (औ) शेषनाग : भगवान् विष्णुको शय्याका रूपमा परिकल्पना गरिएका सहस्र फणायुक्त नागराज; अनन्त । (४४) नागलोक : पुराणअनुसार पृथ्वीभन्दा तल्तिर छन् भनी विश्वास गरिएका सात लोकमा सबभन्दा तल्लो लोक; नागहरूको बस्ने ठाउँ; पाताल । (४५) नागिनी : पोथी सर्प; सर्पिणी । (४६) नाभि : सर्पको लिङ्ग । (४७) पद्म : अष्ट नागमध्ये एक । (४८) परिसर्प वा परिसर्पण : सर्पको जस्तै बाङ्गोटिङ्गो चारैतिर हिँड्ने वा घुम्ने काम । (४९) फटाटोप : सर्पले फणा फुलाउने काम । (५०) फण वा फणा वा कथ्यमा फँडा : विशेष जातिका सर्पको हर्षले वा क्रोधले फुकेर छाताजस्तो बनेको शिरको भाग; फटा । (५१) फणी : फणा फुलाउने एक जातको सर्प । (५२) फणीन्द्र : ठूलो सर्प । (५३) फुङ्कार : सर्प आदिले वेगले सास छोड्दा निस्कने शब्द; फूत्कार । (५४) फुत्कार : सर्पले फणा उठाएर सास फेर्दा निस्कने शब्द; फुङ्कार । (५५) फूँ : सर्पले फुत्कार्दा आवाज निस्कने किसिमले । त्यस प्रकारको शब्द वा आवाज । (५६) फूत्कार : सर्पको फुङ्कार । (५७) बग्नु : सर्प आदि घस्रनु । (५८) बग्ने : घस्रेर हिँड्ने प्राणी; सर्प आदि । (५९) बाटोकुरुवा : प्रायः बाटामा बस्ने

एक जातको सानो सर्प । (६०) बिल : सर्प बस्ने दुलो । (६१) भुजङ्गी : पोथी सर्प; सर्पिणी । (६२) मनसा : नागराज अनन्तकी बहिनी तथा जरत्कारु मुनिकी पत्नी । (६३) रगरग : सर्प आदि हिँडेझैँ गरी । (६४) वासुकि : अष्टनागमध्येका एक नाग; प्रसिद्ध नागराज । (६५) विरूपाक्ष : एक नाग । (६६) विषदन्त : सर्पको माथिल्लो च्यापुमा हुने, अरूलाई टोक्ता विष निक्लने खोक्रो दाँत । (६७) विसर्पण : सर्पका छाँटले घस्रेर हिँड्ने क्रिया; घस्राइ । (६८) विष वैद्य : सर्प, बिच्छी आदि बिखालु प्राणीले टोक्ता शरीरमा फैलिने विष झार्ने व्यक्ति; झारफुक गरेर विष झार्ने वैद्य । (६९) विषोपचार : सर्पले टोकी वा अन्य कुनै किसिमले शरीरमा विष फैलिन गएमा विष नै प्रयोग गरेर गरिने उपचार; प्रतिविषोपचार । (७०) वेष्टन : सर्प कुनै वस्तुमा वा शरीरमा बेरिने क्रिया । (७१) शिरोमणि : कुनैकुनै नागको शिरमा पाइने मणि । (७२) सगबग : सर्प चलमलाउने चाल । (७३) सपेरो : सर्पलाई समात्ने र त्यसलाई सधाई नचाउने व्यक्ति । सर्पले टोकेको विष झार्ने व्यक्ति; विषवैद्य । (७४) सर्पयज्ञ वा सर्पयाग : सर्पहरूको नाश गर्नाका निम्ति परीक्षित्का छोरा जनमेजयले गरेको महाभारतपुराणप्रसिद्ध एक यज्ञ; नागयज्ञ । (७५) सर्पविद्या : सर्पलाई लह्व्याउने, समात्ने वा वशमा पार्ने विद्या । सर्पका विषयमा सबै कुरा लेखिएको शास्त्र; सर्पसम्बन्धी विद्या; गारुडी विद्या । (७६) सलबल : सर्प चल्ने वा चलमलाउने गरी । (७७) सलबलाउनु : सर्प बिस्तारै चल्नु । (७८) सल्याङबल्याङ : सर्प समूह चलमलाउने वा सलबलाउने गरी । (७९) सल्ल : सर्प आदि उरग प्राणी दगुर्ने किसिमले । (८०) साँपको गोहो : साँप हिँड्ने बाटो । (८१) साँपे : उमेर पुग्दा पनि साँपझैँ घस्रने (बालक) । (८२) साँभे : सेतो र ध्वाँसे रङको धर्के बुट्टा हुने, मानिसलाई लखेट्ने एक जातको बिखालु सर्प; पाटे । (८३) सिलिङबिलिङ वा सिलिङमिलिङ वा सिलिङसिलिङ : सर्प रगरगाउने गरी । (८४) सुम्बा : ठूलो सर्प । (८५) सुरसा : पुराणअनुसार नागहरूकी आमा बताइएकी रामायणप्रसिद्ध एक राक्षसी । (८६) सुलसुल : सर्प घस्रेर हिँड्ने गरी । (८७) सुल्ल : सर्प हिँड्ने चालले । (८८) स्वाल्ल : सर्प घस्रेर हिँड्ने किसिमले । (८९) सुस्केरा : सर्प आदिको स्याँकस्याँक ध्वनि । (९०) सुस्केरो : सुस्केरा । (९१) हरेउ : प्रायः वर्षामासमा हरिया झारपातहुँदो बस्ने हरियो रङ्गको एक प्रकारको विषालु सर्प ।

हरेउ सर्प, पर्वत (तस्बिर श्रोत : इकान्तिपुर, समीर रेग्मी)

(घ) **हिन्दी विश्वकोश** : (१) राजिमत् : भौमसर्पभेद, सर्पविशेष । (२) राजिल : डुण्डुभ सर्प । यसका ढाडमा सिधा रेखा हुन्छन् । (३) मण्डलिन् : पाँच श्रेणीका सर्पमध्ये दोश्रो । यो जातका सर्पका शरीरमा गोलाकार बुट्टा हुन्छन्, शरीर मोटो हुन्छ, बिस्तार हिँड्दछन् र तेजिलो सूर्यको जस्तो चमक हुन्छ । (४) घोणस : सर्पविशेष । (५) काण्डचित्रा : सर्पजातविशेष ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधान मञ्जरी :

भुजगभुजङ्गभुजङ्गमसर्पा दर्पी सरीसृपो दरिनः ।
व्यालोरगद्विजिह्वाः प्रोक्ता अहिवाचकाः शब्दाः ॥

भुजग, भुजङ्ग, भुजङ्गम, सर्प, दर्पी, सरीसृप, खरिन, व्याल, उरग, द्विजिह्वा र अहि : यी सर्पका पर्यायवाची नाम हुन् ।

नागो भोगी भासी विषी फणी पन्नगो विषधरश्च । दर्विकरश्च कञ्चुकिराख्यातो दन्दशूक इति ॥

नाग, भोगी, भासी, विषी, फणी, पन्नग, विषधर, दर्विकर, कञ्चुकि र दन्दशूक : यी नागका पर्यायवाची नाम हुन् ।

मण्डली घोणसो ज्ञेयो रक्तनिर्वामिकस्तथा । राजीमान् राजिलः काण्डचित्रा चेति निगद्यते ॥

मण्डली, घोणस, रक्तनिर्वामिक, राजीमान्, राजिल र काण्डचित्रा : यी सर्पका विभिन्न जात (वा नाम) हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) अमरकोश :

...नागाः काद्रवेयास्तदीश्वरः । शेषोऽनन्तो वासुकिस्तु सर्पराजोऽथ गोनसे ॥
तिलित्सः स्यादजगरे शयुर्वाहस इत्युभौ । अलगर्दो जलव्यालः समौ राजिलडुण्डुभौ ॥
मालुधानो मातुलाहिर्निर्मुक्तो मुक्तकञ्चुकः । सर्पः पृदाकुर्भुजगो भुजङ्गोऽहिर्भुजङ्गमः ॥
आशीविषो विषधरश्चक्री व्यालः सरीसृपः । कुण्डली गूढपाच्चक्षुःश्रवाः काकोदरः फणी ॥
दर्वीकरो दीर्घपृष्ठो दन्दशूको विलेशयः । उरगः पन्नगो भोगी जिह्मगः पवनाशनः ॥
लेसलहानो द्विरसनो गोकर्णः कञ्चुकी तथा । कुम्भीनसः फणधरो हरिर्भोगधरस्तथा ॥
अहेः शरीरं भोगः स्यादाशीरष्यहिदंष्ट्रिका । त्रिष्वाहेयं विषास्थ्यादि स्फटायां तु फणा द्वयोः ॥
समौ कञ्चुकनिर्मोकौ ... । व्यालग्राह्याहितुण्डिकः ।

नाग र काद्रवेय : यी नागका; शेष र अनन्त : यी नागराज अनन्तका; वासुकि र सर्पराज : यी वासुकी नागका; गोनस र तिलित्स : यी गाईको जस्तो नाक हुने नागविशेषका; अजगर, शयु र वाहस : यी अजिङ्गरका; अलगर्द र जलव्याल : यी पानीसाँपका तथा राजिल र डुण्डुभ : यी विष नहुने सर्पविशेषका पर्यायवाची नाम हुन् । मालुधान, र मालुलाहि : यी साँभे सर्पका; निमुक्त र मुक्तकञ्चुक : यी काँचुली फेरिसकेको सर्पका तथा सर्प, पृदाकु, भुजग, भुजङ्ग, अहि, भुजङ्गम, आशीविष, विषधर, चक्रिन्, व्याल, सरीसृप, कुण्डलिन्, गूढपाद्, चक्षुःश्रवस्, काकोदर, फणिन्, दर्वीकर, दीर्घपृष्ठ, दन्दशूक, विलेशय, उरग, पन्नग, भोगिन्, जिह्मग, पवनाशन, लेलिहान, द्विरसन, गोकर्ण, कञ्चुकिन्, कुम्भीनस, फणधर, हरि र भोगधर : यी सर्पका पर्यायवाची नाम हुन् । सर्पको शरीरलाई भोग भनिन्छ । सर्पको दाँतलाई

आशीर भनिन्छ । सर्पसम्बन्धी वस्तुलाई आहेय भनिन्छ । स्फटा र फणा : यी सर्पको फणाका तथा कञ्चुक र निर्मोक : यी काँचुलीका पर्यायवाची नाम हुन् । (सर्पको तालुनिर हुने दाँतलाई आशी भनिन्छ । त्यही दाँतले टोकिएको प्राणी बाँच्दैन । यसैले सर्पलाई आशीविष भनिएको हो ।) । सर्प समाई त्यसलाई नचाएर जीविका चलाउने व्यक्तिलाई आहितुण्डिक (अहितुण्डिक) वा व्यालग्राहिन् भनिन्छ । (यिनैलाई गारुडी वा मदारी पनि भन्दछन् ।) ।

(ग) अर्कप्रकाश :

पिपली धान्यकं मांसी लोध्रमेला सुवर्चला । स्थूलैला मरिचं बालं तथा कनकगौरिकम् ॥
मालत्यर्केण गुटिकां कर्षमात्रां तु भक्षयेत् । गरुडचर्कस्य पानं तु सर्पाणां विषनाशनम् ॥

पिप्ला, धनिया, जटामसी, लोध, सुकुमेल, आलस, अलैंची, मरिच, सुगन्धवाल र स्वर्णगेरु मिसाएर चमेलीको अर्कमा पिँधी गोली बनाउनू । यो चार माषा खुवाउनाले हरेक प्रकारका सर्पका विष नाश हुन्छ । भोटे खयरको अर्क पिउनाले पनि सबै खालका सर्पका विष नाश हुन्छ ।

(घ) अष्टाङ्ग निघण्टु :

सर्पः पृदाकुर्भुजगो भुजङ्गोऽहिर्भुजङ्गमः । आशीविषो विषधरश्चक्री व्यालः सरीसृपः ॥
कुण्डली गूढपाच्चक्षुःश्रवाः काकोदरः फणी । दर्वीकरो दीर्घपृष्ठो जिह्मगः पवनाशनः ॥
लेलिहानो दन्दशूको द्विजिह्वश्च बिलेशयः ।

मोहन प्रसाद सापकोटा

सर्प, पृदाकु, भुजग, भुजङ्ग, अहि, भुजङ्गम, आशीविष, विषधर, चक्री, व्याल, सरीसृप, कुण्डली, गूडपाद्, चक्षुश्रवा, काकोदर, फणी, दर्वीकर, दीर्घपृष्ठ, जिह्मग, पवनाशन, लेलिहान, दन्दशूक, द्विजिह्व र विलेशय : यी सर्पका पर्यायवाची नाम हुन् ।

(ङ) आयुर्वेद महोदधि :

कृष्णकर्कोटकस्तेषां बल्यः कोष्णोऽनिलापहः । शुक्रसन्धान कृत्सृष्ट विण्मूत्रोनिलपित्तहा ॥

कालोसर्पको मासु बलका लागि फाइदाजनक हुन्छ । यसले केही गर्मी गर्दछ र वातविकार नाश गर्दछ । यसले वीर्यलाई प्रशोधन गर्दछ । दिसा, पिसाब धेर लगाउँदछ र वातविकार नाश गर्दछ ।

(च) कैयदेव निघण्टु :

उरगो भुजगो भोगी भुजङ्गोऽहिर्भुजङ्गमः । काकोदरो दीर्घपृष्ठो वाताश्याशीविषः फणी ॥
दर्वीकरो दन्दशूको व्यालो दंष्ट्री बिलेशयः । कुम्भीनसो विषधरो द्विजिह्वो जिह्मगो मतः ॥
गूढपाद् कुण्डली चक्री कञ्चुकी पन्नगस्तथा । चक्षुःश्रवा लेलिहानः सर्पो नागः सरीसृपः ॥

उरग, भुजग, भोगी, भुजङ्ग, अहि, भुजङ्गम, काकोदर, दीर्घपृष्ठ, वाताशी, आशीविष, फणी, दर्वीकर,

दन्दशूक, व्याल, दंष्ट्री, बिलेशय, कुम्भीनस, विषधर, द्विजिह्व, जिह्मग, गूढपाद, कुण्डली, चक्री, कञ्चुकी, पन्नग, चक्षुःश्रवा, लेलिहान, सर्प, नाग र सरीसृप : यी सर्पका पर्यायवाची नाम हुन् ।

पारिन्दोऽजगरश्चक्रमण्डली वाहसः शयुः । अभीरणी तु द्विमुखो राजिलो दुन्दुभ स्तथा ।

पारिन्द, अजगर, चक्रमण्डली, वाहस र शयु : यी अजिङ्गरका पर्यायवाची नाम हुन् । अभीरणी, द्विमुख, राजिल र दुन्दुभ : यी डुण्डुभ सर्पका पर्यायवाची नाम हुन् ।

दुन्दुभो निर्विषो ज्ञेयो राजसर्पो भुजङ्गभुक् । निर्विषस्तु जलव्यालस्त्वलङ्गर्दोऽलिगर्दकः ॥
जाहको गात्रसङ्कोची मण्डली च बुधैः स्मृतः ।

दुन्दुभ सर्पको विष हुँदैन । राजसर्पले सर्पलाई नै खान्छ । जलव्याल सर्पमा पनि विष हुँदैन । पानीमा हुने सर्पविशेषलाई अलङ्गर्द वा अलिगर्दक भनिन्छ । जाहक, गात्रसङ्कोची र मण्डली : यी सर्पविशेषका नाम हुन् ।

गोनसोऽगोनसश्चाथ तिलिञ्छो घोणकस्तथा । मालुधानो मातुलाहिस्तथान्यः कुक्कुटोरगः ॥

गोनस, अगोनस, तिलिञ्छ, घोणक, मालुधान, मातुलाहि र कुक्कुटोरग : यी सर्पका अन्य जात हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सर्पाणां बृंहणं मांसं विपाके स्वादु लेखनम् । चक्षुष्यं स्नेहनं वृष्यं श्रमार्शोऽनिलनाशनम् ॥
मेधाग्निवर्धनं बल्यं कृमिदूषीविषापहम् । सर्पा दर्वीकराः स्निग्धाः मधुराः कटुपाकिनः ॥
चक्षुष्या दीपना वृष्याः सृष्टविण्मूत्रमारुताः ।

सर्पको मासु पौष्टिक,पचेपछि गुलियो, लेखनी, आँखाका लागि हितकर, चिल्लो, वीर्यवर्धक, थकाई र वातविकार नाश गर्ने, दिमागको ग्रहण गर्ने क्षमता र पाचनशक्ति बढाउने, बलदायक, कीराको र दूषी विषविकार नाश गर्ने, दर्वीकर जातका सर्पको मासु चिल्लो, गुलियो, पचेपछि पिरो, आँखाका लागि हितकर, दीपनी, वीर्यवर्धक तथा मल, मूत्र र वातविकार निकाल्ने वा बढाउने गुणको हुन्छ ।

(छ) धन्वन्तरि निघण्टु :

सर्पो दंष्ट्री भुजङ्गोऽहिर्भुजगोऽथ सरीसृपः ॥ उरगः कञ्चुकी व्यालो द्विजिह्वोऽथ भुजङ्गमः ।
स च नागो विषधरः कुण्डली पन्नगः फणी ॥ चक्षुःश्रवा दन्दशूको भोगी चाऽऽशीविषः स्मृतः ।

सर्प, दंष्ट्री, भुजङ्ग, अहि, भुजग, सरीसृप, उरग, कञ्चुकी, व्याल, द्विजिह्व, भुजङ्गम, नाग, विषधर, कुण्डली, पन्नग, फणी, चक्षुःश्रवा, दन्दशूक, भोगी र आशीविष : यी सर्पका पर्यायवाची नाम हुन् ।

राजिलो जलसर्पस्तु विरुलः स प्रकीर्तितः ॥
श्वेतो नागोऽरुणः सर्पो व्यन्तरश्चित्रवर्णकः । गोनसो मण्डली पातः कुलङ्गः कृष्णडुण्डुभः ॥

पानीमा हुने सर्पलाई राजिल, जलसर्प र विरुल भनिन्छ । सेतो सर्पलाई नाग भनिन्छ । अरुण रङ्को सर्पलाई सर्प भनिन्छ । रङ्गीबिरङ्गी सर्पलाई व्यन्तर भनिन्छ । गोनस, मण्डलीपात, कुलङ्ग र कृष्णडुण्डुभ : यी सर्पका केही जात हुन् ।

विविधाग्निकृतः सर्पा वातघ्नाः स्वादुपाकिनः । दर्वीकरा मण्डलिनास्तेषूक्ताः कटुपाकिनः ॥
स्वादवश्चातिचक्षुष्याः सृष्टविण्मूत्रमारुताः । राजीमदादयः स्वादे रसे पाके कफावहाः ॥
स्निग्धाः शीताः स्तब्धवर्चः सशुक्रबलवर्धनाः । कृष्णसर्पादयस्तेषां बल्याश्चोष्णानिलापहाः ॥
शुक्रसन्धानकृच्छ्रेष्ठ स्निग्धाः स्वापमलापहाः ।

विविध किसिमका सर्पको मासु वातविकार नाश गर्ने र पचेपछि गुलियो हुने गुणको हुन्छ । तिमध्येमा पनि दर्वीकरा र मण्डलि जातका सर्पको मासु शुरुमा गुलियो र पचेपछि पिरो हुन्छ । यो मासु आँखाका लागि अति हितकर तथा मल, मूत्र र वातविकार निकाल्ने गुणको हुन्छ । राजीमद जातका सर्पको मासु शुरुमा र पचेपछि गुलियो, कफविकार नाश गर्ने, चिल्लो, शीतवीर्यको, दिसा रोक्ने तथा वीर्य र बल बढाउने गुणको हुन्छ । कृष्णसर्प आदि सर्पको मासु बलदायक, उष्णवीर्यको, वातविकार नाश गर्ने, उत्तम तरिकाले वीर्यवर्धक, यौन क्षमता बढाउने, चिल्लो तथा निद्रा र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(ज) **पर्यायरत्नमाला :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

व्यालश्चाशीविषः सर्पो द्विजिह्वोऽहिः सरीसृपः । चक्षुःश्रवा दन्दशूको गूढपात्पन्नगोरगाः ॥

व्याल, आशीविष, सर्प, द्विजिह्व, अहि, सरीसृप, चक्षुश्रवा, दन्दशूक, गूढपाद, पन्नग र उरग : यी सर्पका पर्यायवाची नाम हुन् ।

(झ) **मदनपाल निघण्टु :**

सर्पो भुजङ्गोभुजगः फणी भोगी भुजङ्गमः । कुण्डलि कञ्चुकी चक्री पन्नगः पवनाशनः ॥
गूढपादुरगो नागो जिह्मगश्च सरीसृपः । चक्षुःश्रवा दीर्घपृष्ठो व्याल आशीविषस्त्वहिः ॥
दर्वीकरो विषधरो दन्दशूको बिलेशयः । कुम्भीनसः पृदाकुःस्याद्दंष्ट्री काकोदरी विषी ॥

सर्प, भुजङ्ग, भुजग, फणी, भोगी, भुजङ्गम, कुण्डलि, कञ्चुकी, चक्री, पन्नग, पवनाशन, गूढपाद, उरग, नाग, जिह्मग, सरीसृप, चक्षुःश्रवा, दीर्घपृष्ठ, व्याल, आशीविष, अहि, दर्वीकर, विषधर, दन्दशूक, बिलेशय, कुम्भीनस, पृदाकु, दंष्ट्री, काकोदरी र विषी : यी सर्पका संस्कृत पर्यायवाची नामहरू हुन् ।

डिण्डिभो राजिलः प्रोक्तोऽजगरो वाहसः शयुः ।
जलसर्पोऽलगर्दः स्यात्तिलित्सो गोनसः स्मृतः ॥

डिंण्डभ, राजिल, अजगर, वाहस, शयु, जलसर्प, अलगर्द, तिलित्स र गोनस : यी सर्पका जातहरू हुन् ।

सर्पाणां स्नेहनं मांसं चक्षुष्यं बृंहणं गुरु । दूषीविषक्रिमिहरं मेधाग्निबलवर्द्धनम् ॥

सर्पको मासु चिल्लो, आँखाका लागि हितकर, पौष्टिक, पचाउन कठिन, दूषीविष (धातुलाई बिगार्ने विषविशेष) नाशक, कीरानाशक, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, पाचनशक्ति बढाउने र बल बढाउने गुणको पनि हुन्छ ।

(ञ) **राज निघण्टु :**

दर्वीकरो द्विरसनः पातालनिलयो बली । नागश्च काद्रवेयश्च वक्रगो दन्दशूककः ॥
चक्षुःश्रवा विषधरो गूढाङ्घ्रिः कुण्डलो फणी । पन्नगो वायुभक्षश्च भोगी स्याज्जिह्मगश्च सः ॥
सर्पो दंष्ट्री भुजङ्गोऽहिर्भुजगश्च सरीसृपः । कञ्चुकी दीर्घपुच्छश्च द्विजिह्व उरगश्च सः ॥

दर्वीकर, द्विरसन, पातालनिलयी, बली, नाग, काद्रवेय, वक्रग, दन्दशूकक, चक्षुश्रवा, विषधर, गूढाङ्घ्रि, कुण्डली, फणी, पन्नग, वायुभक्ष, भोगी, जिह्मग, सर्प, दंष्ट्री, भुजङ्ग, अहि, भुजग, सरीसृप, कञ्चुकी, दीर्घपुच्छ, द्विजिह्व र उरग : यी सर्पका संस्कृत पर्यायवाची नामहरू हुन् ।

फणिनो धवलाङ्गा ये तेनागा इति कीर्तिताः । अन्ये रक्तादिवर्णाढ्या बोध्याः सर्पादिनामभिः ॥
गोनसो मण्डलीत्युक्तश्चित्राङ्गो व्यन्तरो भवेत् ॥ कुलिको हरितो ज्ञेयो राजिलं डुण्डुभं विदुः ॥

फणा भएको सेतो सर्पलाई नाग भनिन्छ । अन्य रातो आदि रङकालाई सामान्यतः सर्प नै भनिन्छ । यस्तै गोनस वा मण्डली, चित्राङ्ग वा व्यन्तर, हरियो रङको कुलिक तथा राजिल वा डूण्डुभ जातका सर्पहरू पनि हुन्छन् ।

अनन्तो वासुकिः पद्मो महापद्मोऽपि तक्षकः । कर्कोटः कुलिकः शङ्ख इत्यमी नागनायकाः ॥
तद्बान्धवास्तु कुमुद कम्बलाश्वतरादयः ॥ आपहृत् द्विमुखी चैव धामिणीत्यादयः परे ॥

अनन्त, वासुकि, पद्म, महापद्म, तक्षक, कर्कोट, कुलिक र शङ्ख : यी प्रमुख नागहरू हुन् । यिनका कुमुद, कम्बल, अश्वतर आदि वंशज हुन्छन् । दुईमुखे सर्पलाई आपहृत्, द्विमुखी, धामिणी आदि भनिन्छ ।

(ट) **सुश्रुत संहिता :**

अशीतिस्त्वेव सर्पाणां भिद्यते पञ्चधा तु सा ॥ दर्वीकरा मण्डलिनो राजिमन्तस्तथैव च ।
निर्विषा वैकरञ्जाश्च त्रिविधास्ते पुनः स्मृताः ॥ दर्वीकरा मण्डलिनो राजिमन्तश्च पन्नगाः ।
तेषु दर्वीकरा ज्ञेया विंशतिः षट् च पन्नगाः ॥ द्वाविंशतिर्मण्डलिनो राजिमन्तस्तथा दश ।
निर्विषा द्वादश ज्ञेया वैकरञ्जास्त्रयस्तथा ॥ वैकरञ्जोद्भवाः सप्त चित्रा मण्डलिराजिलाः ।

यस्ता सर्प असी प्रकारका हुन्छन् । यिनलाई दर्वीकर, मण्डली, राजिमान्, निर्विष र वैकरञ्ज गरी पाँच भागमा वर्गीकरण गरिएको छ । पुनः आकारका दृष्टिले सर्पलाई दर्वीकर, मण्डली र राजिमान् गरी तीन वर्गमा विभाजन गरिएको हुन्छ । यिनमा दर्वीकर छब्बीस, मण्डली बाईस, राजिमान् दश, निर्विष बाह्र र वैकरञ्ज तीन किसिमका हुन्छन् । चित्रितमण्डलि, राजिमान र वैकरञ्जबाट पैदा हुने सर्प सात थरी हुन्छन् (मण्डलीबाट चार र राजिमान्बाट तीन) ।

पादाभिमृष्टा दुष्टा वा क्रुद्धा ग्रासार्थिनोऽपि वा ॥ ते दशन्ति महाक्रोधास्त्रिविधं भीमदर्शनाः ।

गोडाले छुइँदा, स्वभावैले दुष्ट, रिसाएर र खाना खान चाहेर यी अति नै रिसाहा डरलाग्दा सर्पले मानिसलाई डस्ने गर्दछन् । सर्पको डसाइ तीन किसिमको हुन्छ ।

सर्पितं रदितं चापि तृतीयमथ निर्विषम् ॥ सर्पाङ्गाभिहतं केचिदिच्छन्ति खलु तद्विदः ॥
पदानि यत्र दन्तानामेकं द्वे वा बहूनि वा । निमग्नान्यल्परक्तानि यान्युद्धृत्य करोति हि ॥
चञ्चुमालकयुक्तानि वैकृत्यकरणानि च । सङ्क्षिप्तानि सशोफानि विद्यात्तत् सर्पितं भिषक् ॥
राज्यः सलोहिता यत्र नीलाः पीताः सितास्तथा । विज्ञेयं रदितं तत्तु ज्ञेयमल्पविषं च तत् ॥
अशोफमल्पदुष्टासृक् प्रकृतिस्थस्य देहिनः । पदं पदानि वा विद्यादविषं तच्चिकित्सकः ॥
सर्पस्पृष्टस्य भीरोर्हि भयेन कुपितोऽनिलः । कस्यचित् कुरुते शोफं सर्पाङ्गाभिहतं तु तत् ॥

सर्पको डसाइ सर्पित, रदित र निर्विष गरी तीन किसिमको हुन्छ । सर्पको डसाइका बारेमा जानेका केही विद्वान सर्पले छुनुलाई पनि सर्पको डसाइमा गणना गर्दछन् । सर्पले डसेको जुन घाउमा एक, दुई वा धेरै दाँतका चिह्न देखिन्छन् । यी गहिरा हुन्छन्, केही रगत बहिरहेको हुन्छ, जसलाई फर्केर आएर डसेको हुन्छ, चराले ठुँगेको जस्तो घाउ हुन्छ, विकार उत्पन्न गराउने खालको हुन्छ र सुन्निन्छ भने त्यस्तो डसाइलाई वैद्यजनले सर्पित डसाई भनी थाहा पाउनू । डसेको ठाउँमा सुक्खा वा निला वा पहेँला वा सेता रेखा देखिएमा त्यस्तो कम विषालु डसाइलाई रदित डसाइ भनिन्छ । जुन् डसाइमा थोरै सुजन हुन्छ, रगत पनि थोरै मात्र दूषित हुन्छ, रोगी स्वस्थ नै भइरहन्छ भने त्इस भागमा एक वा धेरै चिह्न देखिए पनि त्यसलाई निर्विष डसाइ भनी थाहा पाउनू । कुनै डरछेरुवा मानिसले सर्पले छुँदा मात्र नै उसको शरीर भित्र रहेको वायु उत्तेजित भएर यदि त्यस भागमा सुजन हुन्छ भने त्यसलाई सर्पाङ्गाभिहत भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

व्याधितोद्विग्नदष्टानि ज्ञेयान्यल्पविषाणि तु । तथाऽतिवृद्धबालाभिदष्टमल्पविषं स्मृतम् ॥
सुपर्णदेवब्रह्मर्षियक्षसिद्धनिषेविते । विषघ्नौषधियुक्ते च देशे न क्रमते विषम् ॥

रोगी र हडबडाएका सर्पले टोकेको विष मानिसलाई थोरै लाग्दछ । यसरी नै अति वृद्ध र वालक सर्पले डस्दा पनि कम विष लाग्दछ । गरुड, देवता, ब्रह्मर्षि, यक्ष र सिद्ध बसेका स्थानमा विषको सञ्चार हुँदैन ।

रथाङ्गलाङ्गलच्छत्रस्वस्तिकाङ्कुशधारिणः । ज्ञेया दर्वीकराः सर्पाः फणिनः शीघ्रगामिनः ॥
मण्डलैर्विविधैश्चित्राः पृथवो मन्दगामिनः । ज्ञेया मण्डलिनः सर्पा ज्वलनार्कसमप्रभाः ॥
स्निग्धा विविधवर्णाभिस्तिर्यगूर्ध्वं च राजिभिः । चित्रिता इव ये भान्ति राजिमन्तस्तु ते स्मृताः ॥

शरीरमा रथको पाङ्ग्रा, हलो, छाता, स्वस्तिक, अङ्कुश जस्ता चिह्न हुने; फणा हुने र छिटो कुद्ने सर्पलाई दर्वीकर भनिन्छ । अनेक थरी गोलाकार घेरा हुने, चेप्टा, बिस्तारै हिँड्ने तथा आगो वा सूर्य जस्तै चम्किला देखिने सर्पलाई मण्डली भनिन्छ । चिल्ला, अनेक थरी रङ्का, ढाडमा तेर्सा रेखा हुने र चम्किलो देखिने सर्पलाई राजिमान् भनिन्छ ।

मुक्तारूप्यप्रभा ये च कपिला ये च पन्नगाः । सुगन्धयः सुवर्णाभास्ते जात्या ब्राह्मणाः स्मृताः ॥
क्षत्रियाः स्निग्धवर्णास्तु पन्नगा भृशकोपनाः । सूर्यचन्द्रा कृतिच्छत्रलक्ष्म तेषां तथाऽम्बुजम् ॥
कृष्णा वज्रनिभा ये च लोहिता वर्णतस्तथा । धूम्राः पारावताभाश्च वैश्यास्ते पन्नगाः स्मृताः ॥
महिषद्वीपिवर्णाभास्तथैव परुषत्वचः । भिन्नवर्णाश्च ये केचिच्छूद्रास्ते परिकीर्तिताः ॥

जुन सर्प मोती वा चाँदी जसरी चम्कन्छ, कैलो वर्णको हुन्छ, सुगन्धित हुन्छ र सुन जस्तै चमकदार हुन्छ त्यस्तो सर्पलाई ब्राह्मण जातिको सर्प भनिन्छ । जुन सर्प चिल्लो, अति रिसाउने, शरीरमा सूर्य, चन्द्र वा छाताको वा कमलका आकारको बुट्टा भएको हुन्छ त्यो क्षत्रिय जातको सर्प हो । कालो वज्रसमान वा रातो धुवाँका रङ्को वा परेबाका रङ्को सर्पलाई वैश्य सर्प भनिन्छ । भैंसीका वर्णको, चिताका वर्णको, कडा छाला हुने, अनेकर थरी चित्रविचित्रका बुट्टा हुने सर्प शूद्र जातको सर्प हो ।

कोपयन्त्यनिलं जन्तोः फणिनः सर्व एव तु । पित्तं मण्डलिनश्चापि कफं चानेकराजयः ॥
अपत्यमसवर्णाभ्यां द्विदोषकरलक्षणम् । ज्ञेयौ दोषैश्च दम्पत्योर्विशेषश्चात्र वक्ष्यते ॥

सङ्कलन : मोहनप्रसाद सापकोटा

फणा हुने सबै (दर्वीकर) सर्पले डस्दा मानिसको शरीरमा रहेको वायु उत्तेजित हुन्छ । मण्डलि सर्पले डस्दा पित्त तथा राजिमान् सर्पले डस्दा कफ उत्तेजित हुने गर्दछ । वर्णसंकर जातका सर्पले डस्दा दुई थरी दोष उत्तेजित हुने गर्दछ । अब यससम्बन्धी विशेष कुरा बताइन्छ ।

रजन्याः पश्चिमे यामे सर्पाश्चित्राश्चरन्ति हि । शेषेषूक्ता मण्डलिनो दिवा दर्वीकराः स्मृताः ॥

रातको पछिल्लो प्रहरमा राजिमान् जातका सर्प घुम्ने गर्दछन् । रातको बाँकी समयमा मण्डलि जातका र दिनमा दर्वीकर जातका सर्पहरू घुम्ने गर्दछन् ।

दर्वीकरास्तु तरुणा वृद्धा मण्डलिनस्तथा । राजिमन्तो वयोमध्ये जायन्ते मृत्युहेतवः ॥

दर्वीकर जातका सर्प युवा अवस्थामा, मण्डलि जातका सर्प वृद्ध अवस्थामा तथा राजिमान् जातका सर्प मध्यवय (प्रौढ) अवस्थामा मृत्युको कारण हुने गर्दछन् ।

नकुलाकुलिता बाला वारिविप्रहताः कृशाः । वृद्धा मुक्तत्वचो भीताः सर्पास्त्वल्पविषाः स्मृताः ॥

न्याउरीमुसोसँग डराइरहेका, बच्चो अवस्थाका, पानीले पिटिएका वा बाढी आदिको मारमा परेका, दुब्ला, अति बूढा, भर्खर काँचुली फेरेका र डराएका सर्पको कम विष लाग्दछ ।

तत्र दर्वीकराः-

कृष्णसर्पो, महाकृष्णः, कृष्णोदरः, श्वेतकपोतो, महाकपोतो, बलाहको, महासर्पः, शङ्खकपालो, लोहिताक्षो, गवेधुकः, परिसर्पः, खण्डफणः, ककुदः, पद्मो, महापद्मो, दुर्भपुष्पो, दधिमुखः, पुण्डरीको, भ्रूकुटीमुखो, विष्किरः, पुष्पाभिकीर्णो, गिरिसर्पः, ऋजुसर्पः, श्वेतोदरो, महाशिरा, अलगर्द आशीविष इति ।

(१) कृष्णसर्प, (२) महाकृष्ण, (३) कृष्णोदरः, (४) श्वेतकपोत, (५) महाकपोत, (६) बलाहक, (७) महासर्पः, (८) शङ्खकपाल, (९) लोहिताक्ष, (१०) गवेधुक, (११) परिसर्प, (१२) खण्डफण, (१३) ककुदपद्म, (१४) महापद्म, (१५) दुर्भपुष्पो, (१६) दधिमुख, (१७) पुण्डरीक, (१८) भ्रूकुटीमुख, (१९) विष्किर, (२०) पुष्पाभिकीर्ण, (२१) गिरिसर्प, (२२) ऋजुसर्प, (२३) श्वेतोदर, (२४) महाशिरा, (२५) अलगर्द र (२६) आशीविष : यी दर्वीकर जातका सर्प हुन् ।

मण्डलिनस्तु -

आदर्शमण्डलः, श्वेतमण्डलो, रक्तमण्डलः चित्रमण्डलः, पृषती, रोध्रपुष्पो, मिलिन्दको, गोनसो, वृद्धगोनसः पनसो, महापनसो, वेणुपत्रकः, शिशुको, मदनः, पालिन्दिरः, पिङ्गलः, तन्तुकः, पुष्पपाण्डुः, षडङ्गो, अग्निको बभ्रुः कषायः, कलुषः पारावतो, हस्ताभरणः, चित्रकः एणीपद इति ।

(१) आदर्शमण्डल, (२) श्वेतमण्डल, (३) रक्तमण्डल चित्रमण्डल, (४) पृषती, (५) रोध्रपुष्प, (६) मिलिन्दक, (७) गोनस, (८) वृद्धगोनस पनस, (९) महापनस, (१०) वेणुपत्रक, (११) शिशुक, (१२) मदन, (१३) पालिन्दिर, (१४) पिङ्गल, (१५) तन्तुक, (१६) पुष्पपाण्डु, (१७) षडङ्ग, (१८) अग्निक (१९) बभ्रु कषाय, (२०) कलुष पारावत, (२१) हस्ताभरण र (२२) चित्रक एणीपद : यी मण्डलि जातका सर्प हुन् ।

राजिमन्तस्तु-

पुण्डरीको राजिचित्रो, अङ्गुलराजिः, बिन्दुराजिः, कर्दमकः, तृणशोषकः, सर्षपकः, श्वेतहनुः, दर्भपुष्पश्चक्रको गोधूमकः, किक्किसाद इति ।

(१) पुण्डरीक, (२) राजिचित्र, (३) अङ्गुलराजि, (४) बिन्दुराजि, (५) कर्दमक, (६) तृणशोषक, (७) सर्षपक, (८) श्वेतहनु, (९) दर्भपुष्पश्चक्रको गोधूमक र किक्किसाद : यी राजिमन्त जातका सर्प हुन् ।

निर्विषास्तु -

गलगोली, शूकपत्रो, अजगरो, दिव्यको, वर्षाहिकः, पुष्पशकली, ज्योतीरथः, क्षीरिकापुष्पको, अहिपताको, अन्धाहिको, गौराहिको, वृक्षेशय इति ।

(१) गलगोली, (२) शूकपत्र, (३) अजगर, (४) दिव्यक, (५) वर्षाहिक, (६) पुष्पशकली, (७) ज्योतीरथ, (८) क्षीरिकापुष्पक, (९) अहिपताक, (१०) अन्धाहिक, (११) गौराहिक र (१२) वृक्षेशय : यी निर्विष जातका सर्प हुन् ।

वैकरञ्जास्तु-

त्रयाणां दर्वीकरादीनां व्यतिकराज्जाताः, तद्यथा-माकुलिः, पोटगलः, स्निग्धराजिरिति । तत्र, कृष्णसर्पेण गोनस्यां वैपरीत्येन वा जातो माकुलिः, राजिलेन गोनस्यां वैपरीत्येन वा जातः पोटगलः, कृष्णसर्पेण राजिमत्यां वैपरीत्येन वा जातः स्निग्धराजिरिति । तेषामाद्यस्य पितृवद्विषोत्कर्षो, द्वयोर्मातृवदित्येके ।

दर्वीकर आदि माथि बताइएका तीन जातका सर्पमा विपरीत जातसँगको संसर्गले माकुली, पोटगल र स्निग्धराजी जातका सर्प जन्मन्छन् । कालो सर्प र गोनस सर्पका संसर्गले माकुली, पोटगल सर्प र राजिमान् सर्पको संसर्गले पोटगल तथा कालो सर्प र राजिमान् सर्पको संसर्गबाट स्निग्धराजी सर्प जन्मन्छ । यिमध्ये शुरुको सर्पमा बाबुको र बाँकी दुई सर्पमा आमाको गुण हुन्छ भनी कसैकसैले बताका छन् ।

त्रयाणां वैकरञ्जानां पुनर्दिव्येलकरोध्रपुष्पकराजिचित्रकपोटगलपुष्पाभिकीर्णदर्भपुष्पवेल्लितकाः सप्तः, तेषामाद्यास्त्रयो राजिलवत्, शेषा मण्डलिवत्, एवमेतेषां सर्पाणामशीतिर्व्याख्याता ॥

तीनै थरी वैकरञ्ज सर्प दिव्येलक, रोध्रपुष्पक, राजिचित्रक, पोटगल, पुष्पाभिकीर्ण, दर्भपुष्प र वेल्लितक गरी सात थरीका हुन्छन् । यिमध्ये शुरुका तीन राजि सर्पजस्तै र बाँकी मण्डलि सर्पजस्तै हुन्छन् । यसरी असी प्रकारका सर्पका बारेमा वर्णन गरियो ।

तत्र महानेत्रजिह्वास्यशिरसः पुमांसः, सुक्ष्मनेत्रजिह्वास्यशिरसः स्त्रियः, उभयलक्षणा मन्दविषा अक्रोधा नपुंसका इति ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

यिनमा आँखा जिभ्रो, मुख र टाउको ठूलो हुने भाले तथा साना आँखा, जिभ्रो, मुख र टाउको हुने सर्प पोथी हुन्छ । दुवै लक्षण देखिने, कम विषालु वा विषहीन एवं नरिसाउने सर्प नपुंसक सर्प हुन् ।

तत्र सर्वेषां सर्पाणां सामान्यत एव दष्टलक्षणं वक्ष्यामः । किं कारणं ? विषं हि निशितनिस्त्रिंशाशनिहुतवहदेश्यमाशुकारि मुहूर्तमप्युपेक्षितमातुमतिपातयति, न चावकाशोऽस्ति वाक्समूहमुपसर्तुं प्रत्येकमपि दष्टलक्षणेऽभिहिते सर्वत्र त्रैविध्यं भवति, तस्मात् त्रैविध्यमेव वक्ष्यामः, एतद्ध्यातुरहितमसंमोहकरं च, अपि चात्रैव सर्वसर्पव्यञ्जनावरोधः ॥

अब सबै खालका सर्पले डसेको सामान्य लक्षण बताउँदछु । किन कि सर्पको विष तरवार जस्तै बिजुली वा आगो जस्तो अति चाँडो शरीरमा फैलन्छ र एकछिन मात्र उपेक्षा गर्दा पनि मानिसलाई मार्दछ । के भएको हो भनी बताउने समय पनि पाउँदैन । जुनसुकै सर्पले डस्दा त्यसका तीन किसिमका लक्षण हुन्छन् । यसैले यिनै तीन प्रकारका बारेमा नै बताउँदछु । यी बताइने लक्षणको ज्ञानले गर्दा सर्पले टोकेका मानिस एवं त्यस्ता मानिसको उपचार गर्ने वैद्यलाई कुनै भ्रम हुन दिने छैन । यिनै तीन लक्षणमा नै सबै सर्पको डसाइको लक्षण समावेश हुने गर्दछ ।

तत्र, दर्वीकरविषेणत्वङ्नयननखदशनवदनमूत्रपुरीषदंशकृष्णत्वं रौक्ष्यं शिरसो गौरवं सन्धिवेदना कटीपृष्ठग्रीवादौर्बल्यं जृम्भणं वेपथुः स्वरावसादो घुर्घुरको जडता शुष्कोद्गारः कासश्वासौ हिक्का वायोरूर्ध्वगमनं शूलोद्वेष्टनं तृष्णा लालास्रावः फेनागमनं स्रोतोऽवरोधस्तास्ताश्च वातवेदना

भवांन्त,

यी सर्पमध्ये दर्वीकर जातका सर्पले डस्दा छाला, आँखा, नङ, दाँत, अनुहार, पिसाब, दिसा र डसेको ठाउँ कालो हुने गर्दछ । रुखोपन, टाएको भारी हुने, जोर्नी दुख्ने; कम्मर, ढाड र घाँटी शिथिल हुने; हाई आउने, शरीर काम्ने, स्वर बस्ने, घाँटीबाट घरघर आवाज आउने, शरीर लाटो हुँदै जाने, सुक्खा डकार आउने, खोकी लाग्ने, स्वाँस्वाँ हुने, बाडुली आउने, शरीरको वायु माथितिर सर्ने, दुख्ने, जकडिने, तिर्खा लाग्ने, राल चुहिने, मुखबाट फिँज आउने, स्रोतग्रन्थि बन्द हुने तथा वातजन्य अनेक रोग र पीडा हुने गर्दछ ।

मण्डलिविषेण त्वगादीनां पीतत्वंशीताभिलाषः परिधूपनं दाहस्तृष्णा मदो मूर्च्छाज्वरः शोणितागमनमर्ध्वमधश्च मांसानामवशातनं श्वयथुर्दंशकोथः पीतरूपदर्शनमाशुकोपस्तारताश्च पित्तवेदना भवन्ति,

मण्डलि जातका सर्पको विषले छाला, नङ, मल, मूत्र आदि पहेँलो हुन्छ । मानिसले चिसोको चाहना गर्दछ । सबै शरीर तात्दछ । डाह, तिर्खा, नसा (मद), बेहोसी, जरो, शरीरका माथिल्ला र तल्ला भागबाट रगत निस्कने, मासु कुहिने, सुन्निने, टोकेको भाग सड्ने, जतासुकै पहेँलो देखिने, चाँडै विष उत्तेजित हुने तथा अनेक थरी पित्तजन्य रोगहरू र पीडा देखिने गर्दछ ।

राजिमद्विषेण शुक्लत्वं त्वगादीनां शीतज्वरो रोमहर्षः स्तब्धत्वं गात्राणामं(दं)शशोफः सान्द्रकफप्रसेकश्छर्दिरभीक्ष्णमक्ष्णोः कण्डूः कण्ठे श्वयथुर्घुर्घुरक उच्छ्वासनिरोधस्तमः प्रवेशस्तास्ताश्च कफवेदना भवन्ति ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

राजिमद् जातका सर्पको विषले शरीरका छाला, नङ, दाँत, अनुहार, मल, मूत्र आदि र डसेको ठाउँ सेतो हुने गर्दछ । यसबेला शीतज्वर आउने, सिरिङ्ग भएर शरीरका रौँ ठाडा हुने, शरीरका अङ्ग लाटो हुने, डसेको स्थानमा चारैतिर सुन्निने, बाक्लो कफ मुखबाट आइरहने, पटकपटक बान्ता गर्ने, आँखा चिलाउने, घाँटी सुन्निने, घाँटी घरघर गरी बज्ने, सास रोकिने, अँध्यारो छाउने तथा कफजन्य अनेक थरी रोग र पीडा देखिने गर्दछ ।

पुरुषाभिदष्ट ऊर्ध्वं प्रेक्षते, अधस्तात् स्त्रिया, सिराश्चोत्तिष्ठन्ति ललाटे, नपुंसकाभिदष्टस्तिर्यक्प्रेक्षी भवति, गर्भिण्या पाण्डुमुखोध्मातश्च, सूतिकया कुक्षिशूलार्तः सरुधिरं मेहत्युपजिह्विका चास्य भवति, ग्रासार्थिनाऽन्न काङ्क्षति, वृद्धेन चिरान्मन्दाश्च वेगाः, बालेनाशु मृदवश्च, निर्विषेणाविषलिङ्गं, अन्धाहिकेनान्धत्वमित्येके, ग्रसनात् अजगरः शरीरप्राणहरो न विषात् । तत्र सद्यः प्राणहराहिदष्टः पतति शस्त्राशनिहत इव भूमौ, स्रस्ताङ्गः स्वपिति ॥

भाले सर्पले डसेको मानिस माथितिर हेर्दछ । पोथी सर्पले डसेको मानिस तलतिर हेर्दछ र निधारका नसा फुल्न थाल्दछन् । नपुंसक सर्पले डसेको मानिस तेर्सो हेर्दछ । गर्भवती सर्पले डसेको मानिसको मुख पाण्डुवर्णको भएर सुन्निन्छ । भर्खर सुत्केरी भएकी सर्पिणीले डसेको मानिसको पेट दुख्दछ र रगत मिसिएको पिसाब गर्दछ तथा उपजिह्विका रोग हुन्छ । खानाको खोजीमा रहेको सर्पले डसे मानिस खान खोज्दछ । बूढो सर्पले डसे विषको वेग कम हुन्छ र ढिलो शरीरमा फैलन्छ । बच्चा

सर्पले डसे विष शरीरमा चाँडो फैलन्छ तर कम असर गर्दछ । विषहीन सर्पले डसे विषको असर देखिँदैन । कसैकसैले अन्धो सर्पले डसे मानिस अन्धो हुन्छ पनि भन्दछन् । अजिङ्गरले निलेमा मात्र मानिसको ज्यान जान्छ, विषले जाँदैन । यिमध्ये ज्यानलिने खालको सर्पले डसेका मानिस हतियार वा बिजुलीले हानेको मानिस ढले जसरी तत्काल जमिनमा ढल्ने गर्दछ, अङ्ग शिथिल हुन्छन् र निदाउन पुग्दछ ।

अजिङ्गर (तस्बिर श्रोतः गोरखापत्र अनलाइन, लक्ष्मण उपाध्याय)

तत्र सर्वेषां सर्पाणां विषस्य सप्त वेगा भवन्ति । तत्र दर्वीकराणां प्रथमे वेगे विषं शोणितं दूषयति, तत् प्रदुष्टं कृष्णतामुपैति, तेन कार्ष्ण्यं पिपीलिकापरिसर्पणमिव चाङ्गे भवति; द्वितीये मांसं दूषयति, तेनात्यर्थं कृष्णता शोफो ग्रन्थयश्चाङ्गे भवति; तृतीये मेदो दूषयति, तेन दंशक्लेदः शिरोगौरवं स्वेदश्चक्षुर्ग्रहणं च; चतुर्थे कोष्ठमनुप्रविश्य कफप्रधानान् दोषान् दूषयति, तेन तन्द्राप्रसेकसन्धिविश्लेषा भवन्ति; पञ्चमेऽस्थीन्यनुप्रविशति, प्राणमग्निं च दूषयति तेन पर्वभेदो हिक्का दाहश्च भवति; षष्ठे मज्जानमनुप्रविशति, ग्रहणीं चात्यर्थं दूषयति, तेन गात्राणां गौरवमतीसारो हृत्पीडा मूर्च्छा च भवति; सप्तमे शुक्रमनुप्रविशति, व्यानं चात्यर्थं कोपयति, कफं च सूक्ष्मस्रोतोभ्यः प्रच्यावयति, तेन श्लेष्मवर्तिप्रादुर्भावः कटीपृष्ठभङ्गः सर्वचेष्टाविघातो लालास्वेदयोरतिप्रवृत्तिरुच्छ्वासनिरोधश्च भवति ।

सबै किसिमका सर्पको विषको वेग वा मानिसका शरीर भित्र छिरेपछिको गति सात किसिमको हुन्छ । दर्वीकर जातका सर्पले डसेपछि पहिलो वेगमा यसले रगतलाई दूषित पार्दछ । यसपछि रगत कालो हुन थाल्दछ । अनि शरीरका अन्य अङ्ग समेत कालो हुन थाल्दछ र मानिसलाई शरीरभर कमिला हिँडिरहेको जस्तो भान हुन्छ । विषको दोश्रो वेगले मासुलाई दूषित पार्दछ । यसले कालोपनको मात्रा बढ्दछ, सुजन हुन्छ र शरीरमा गाँठाहरू निस्कन थाल्दछन् । तेश्रो वेगमा विषले बोसोलाई दूषित पार्दछ । यसले गर्दा डसेको स्थान सड्न थाल्दछ, शिर भारी हुन्छ, खलखलति पसिना आउँदछ र आँखाले देख्न छाड्दछ । चौथो वेगमा विषले शरीरको पेटमा प्रवेश गरी कफप्रधान विकारलाई दूषित बनाउँदछ । यसले गर्दा तन्द्रा, मुखबाट कफ निस्कने, जोर्नीहरू खुकुलो हुने जस्ता लक्षण देखा

पर्दछन् । पाँचौ वेगमा विष हाडमा प्रवेश गरी प्राणवायु र शरीरको अग्निलाई दूषित पार्दछ । यसबेला जोर्नी फुस्केको जस्तो हुने, बाडुली आउने र शरीर भतभती पोल्ने गर्दछ । छैटौं वेगमा विष मासीमा प्रवेश गर्दछ र ग्रहणलाई अति नै दूषित बनाउँदछ । यसले गर्दा शरीर भारी हुने, छेरपटी लाग्ने, मुटु दुख्ने र बेहोस हुने जस्ता लक्षण देखा पर्दछन् । सातौं वेगमा विष वीर्यमा प्रवेश गर्दछ र व्यान नामक वायुलाई अति नै दूषित बनाउँदछ । यसले कफका सूक्ष्म स्रोतबाटबाहिर निकाल्दछ । बाक्लो कफ मुखबाट बाहिर आउन थाल्दछ । कम्मर र ढाड चकाचूर हुन थाल्दछ । शरीरका सबै गतिविधि बन्द हुन थाल्दछन् । राल र पसिना धेरै आउँदछ । अन्तमा सास रोकिन पुग्दछ ।

मण्डलिनां प्रथमे वेगे विषं शोणितं दूषयति, तत् प्रदुष्टं पीततामुपैति, तत्र परिदाहः पीतावभासता चाङ्गानां भवति; द्वितीये मांसं दूषयति, तेनात्यर्थं पीततापरिदाहौ दंशे श्वयथुश्च भवति; तृतीये मेदो दूषयति, तेन पूर्ववच्चक्षुर्ग्रहणं तृष्णा दंशक्लेदः स्वेदश्च; चतुर्थे कोष्ठमनुप्रविश्य ज्वरमापादयति, पञ्चमे परिदाहं सर्वगात्रेषु करोति । षष्ठसप्तमयोः पूर्ववत् ।

मण्डलि जातका सर्पले डस्दा विषले पहिलो वेगमा रगतलाई दूषित पार्दछ । यस्तो रगत पहेँलो हुन थाल्दछ । यसले गर्दा शरीरमा डाह हुने र शरीरका अङ्ग पहेँलिने गर्दछ । दोश्रो वेगमा विषले मासुलाई दूषित पार्दछ । यसले पहेँलोपन बढ्दछ, डाह बढ्दछ र टोकेको भाग सुन्निन्छ । तेश्रो वेगमा विषले बोसोलाई दूषित पार्दछ । यसबेला दर्वीकर सर्पले डसेको अवस्थामा जस्तै आँखाले देख्न छाड्दछ । तिर्खा लाग्दछ, टोकेको स्थान सड्न थाल्दछ र पसिना आउँदछ । चौथो वेगमा विष पेटमा पुगी जरो निकाल्दछ । पाँचौं वेगमा विष सबै अङ्गमा फैलिएर डा गराउँदछ । छैटौं र सातौं वेगका लक्षण दर्वीकरका जस्तै हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

राजिमतां प्रथमे वेगे विषं शोणितं दूषयति, तत् प्रदुष्टं पाण्डुतामुपैति, तेन रोमहर्षः शुक्लावभासश्च पुरुषो भवति; द्वितीये मांसं दूषयति, तेन पाण्डुताऽत्यर्थं जाड्यं शिरःशोफश्च भवति; तृतीये मेदो दूषयति, तेन चक्षुर्ग्रहणं दंशक्लेदः स्वेदो घ्राणाक्षिस्रावश्च भवति; चतुर्थे कोष्ठमनुप्रविश्य मन्यास्तम्भं शिरोगौरवं चापादयति, पञ्चमे वाक्सङ्गं शीतज्वरं च करोति, षष्ठसप्तमयोः   पूर्ववदिति ॥

राजिमान् सर्पले डस्दा यसको विष्ले पहिलो वेगमा रगतलाई दूषित पारी स्ेता बनाउँदछ । यसबाट रोमहर्ष र शरीरका अङ्ग सेता हुन थाल्दछन् । दोश्रो वेगमा विषले मासुलाई दूषित पार्दछ । यसले शरीरको सेतोपन अझ बढ्दछ, शरीर लाटो हुन्छ र टाउको सुन्निन्छ । तेश्रो वेगमा विषले बोसोलाई दूषित पार्दछ । यसले अन्धोपन, डसेको भाग कुहिने, पसिना आउने तथा नाक र आँखाबाट पानी बहिरहने गर्दछ । थौथो वेगमा विष पेटमा छिरी मन्यास्तम्भ रोग र टाउको भारी हुने जस्ता लक्षण देखाउँदछ । पाँचौं वेगमा बोली अवरुद्ध हुन्छ र शीतजरो आउँदछ । छैटौं र सातौं वेगका लक्षण दर्वीकरका जस्तै हुन्छन् ।

भवन्ति चात्र-
धात्वन्तरेषु याः सप्त कलाः संपरिकीर्तिताः । तास्वेकैकामतिक्रम्य वेगं प्रकुरुते विषम् ॥

धातुका बीचबीचमा जुन् सात कला हुन्छन् ती कला हरेकलाई अतिक्रमण गर्दै विषले आफ्नो वेगलाई फैलाउने गर्दछ ।

येनान्तरेण तु कलां कालकल्पं भिनत्ति हि । समीरणेनोह्यमानं तत्तु वेगान्तरं स्मृतम्॥

वायुका प्रेरणा वा सहयोगल विष जति समयमा कलालाई अतिक्रमण गर्दछ त्यति समयलाई वेगान्तर भनिन्छ ।

शूनाङ्गः प्रथमे वेगे पशुर्ध्यायति दुःखितः । लालास्रावो द्वितीये तु कृष्णाङ्गः पीडचते हृदि॥
तृतीये च शिरोदुःखं कण्ठग्रीवं च भज्यते । चतुर्थे वेपते मूढः खादन् दन्तान् जहात्यसून्॥
केचिद्वेगत्रयं प्राहुरन्तं चैतेषु तद्विदः । ध्यायति प्रथमे वेगे पक्षी मुह्यत्यतः परम्॥
द्वितीये विह्वलः प्रोक्तस्तृतीये मृत्युमृच्छति । केचिदेकं विहङ्गेषु विषवेगमुशन्ति हि॥
मार्जारनकुलादीनां विषं नाति प्रवर्तते॥

विषको पहिलो वेगमा पशु दुखी भएर शोक गर्न थाल्दछ, अङ्गहरू सुन्निन्छन् । दोश्रो वेगमा अङ्ग कालो हुन थाल्दछ, मुखबाट राल चुहिन थाल्दछ र मुटु दुख्दछ । तेश्रो वेगमा टाउको दुख्दछ तथा घाँटी र जिभ्रोले काम गर्न छाड्दछ । चौथो वेगमा उ काम्दछ, जड हुन्छ, दाँत टोक्दछ र ज्यान दिन्छ । कतिपय आचार्यहरू पशुहरूमा विषको तीन वेग मात्र हुन्छ पनि भन्दछन् । विषको पहिलो वेगमा चरा चिन्तित हुन्छ, बेहोस हुन्छ । दोश्रो वेगमा छटपटाउँदछ । तेश्रो वेगमा मर्दछ । अन्य कतिपय आचार्य चरामा विषको वेग एउटा मात्र हुन्छ पनि भन्दछन् । बिरालो, न्याउरीमुसो आदिमा विषको वेग (असर) हुँदैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आक्षिकी (मदिराविशेष)
(An alcoholic drink)

परिभाषा :

(क) **विश्व हिन्दीकोश (आक्षिकी) :** बर्रोको बोक्रा र मार्सी (शालि) चामल मिसाएर बनाइने मदिरा । कसैकसैले तिनिशको मदिरालाई पनि आक्षिकी नाम दिएका छन् ।

(ख) Alcoholic drink prepared of tha bark of Beleric Myrobabalan and shali type of rice.

प्राचीन ग्रन्थका वचनहरू :

(क) **कैयदेव निघण्टु :**

बिभीतकत्वचायुक्तैः शालितण्डुलपिष्टकैः । कृता सा त्वाक्षिकी प्रोक्ता बुधैर्बैभीतकी सुरा ॥
आक्षिकी दीपनी वर्ण्या रक्तपित्तकफापहा । अवृष्या दीपनी रूक्षा किञ्चिद् वातकरा सुरा ॥
कषायाऽबृंहणी लघ्वी नातितीक्ष्णमदा हिता । कुष्ठे पाण्ड्वामयेऽर्शस्सु व्रणे नाति निषिध्यते ॥

बर्रोको बोक्रा र मार्सी चामलको पिठो हाली बनाइने मदिरालाई विद्वानहरू आक्षिकी वा विभितक-सुरा नाम दिएका छन् । यो दीपनी, वर्णमा निखार लेराउने, रक्तपित्त र कफविकार नाश गर्ने, वीर्य नबढाउने, दीपनी, रुखो, केही वातविकार गर्ने, टर्रो, अपौष्टिक, पचाउन सहज, धेरै तिक्खर स्वाद नहुने, हितकर, तथा कुष्ठ, पाण्डु, हर्सा र खटिरा आउँदा पनि यसलाई धेरै निषेध गरिँदैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) **चरक संहिता :**

पाण्डुरोगव्रणहिता दीपनी चाक्षिकी मता ॥

आक्षिकी नामक मदिरा पाण्डुरोग र खटिरामा हितकर र दीपनी हुन्छ ।

(ग) **द्रव्यगुण सङ्ग्रह :**

रूक्षा नातिकफा वृष्या पाचनी वल्कली सुरा ।

वल्कली (आक्षिकी) रुखो, धेरै कफविकार नगर्ने, वीर्यवर्धक र पाचनी हुन्छ । (विभीतककृता सुरा वल्कली । अत एव केचिद्वल्कलीस्थाने आक्षिकीति पठन्ति ।)

(घ) **धन्वन्तरि निघण्टु :**

रूक्षा नातिकफा वृष्या पाचनी चाक्षुषी स्मृता ।

आक्षिकी धेरै कफविकार नगर्ने, वीर्यवर्धक, पाचनी र आँखाका लागि फाइदा गर्ने गुणको हुन्छ ।

(ङ) **मदनपाल निघण्टु :**

आक्षिकी सा सुरा या स्यादक्षत्वक्शालितण्डुलैः ॥
आक्षिकी पाण्डुशोफार्शःपित्तास्रकफकुष्ठनुत् । किञ्चिद्वातकरा रूक्षा दीपनी रेचनी लघुः ॥

बरोंको बोक्राको तथा मार्सीचामलको मदिरालाई आक्षिकी भनिन्छ । आक्षिकी नामक मदिराले पाण्डु, सुजन, अल्काई, रक्तपित्त, कफविकार र कुष्ठ नाश गर्दछ । यसले थोरै वातविकार गर्दछ । यो रुखो, दीपनी, रेचनी र पचाउन सहज हुन्छ ।

(च) **सुश्रुत संहिता :**

आक्षिकः पाण्डुरोगघ्नो व्रण्यः संग्राहको लघुः ।

आक्षिक मदिरा पाण्डुरोग नाश गर्ने, खटिराका लागि हितकर, ग्राहि र पचाउन सहज हुने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आक्षेपक (जरोविशेष)
(Convulsive Fever)

(क) माधव निदान, परिशिष्ट :

यस्मादाक्षिप्यन्ते, प्रायेणाङ्गानि यन्ति सङ्कोचम् । घोरो ज्वरश्च संज्ञाहृदसावाक्षेपकः प्रोक्तः॥

जुन रोगमा रोगीले अङ्ग प्रायः झट्कार्ने र खुम्च्याउने गरिरहन्छ, होस हुँदैन र कडा जरो आउँदछ त्यसलाई "आक्षेपक" जरो भनिन्छ ।

बहुजनसमवायो यत्र देशे विशेषादथ च यदि सदा स्यात्पांसुधूमप्रसारः ।
नरि रचयति वासं तत्र जीवाणुजातो ज्वर इह खलु जायेतातिदुःखप्रदोऽयम्॥

जहाँ बाक्लो बस्ति हुन्छ, जहाँ धुलो र धुवाँ बढी हुन्छ त्यहाँ बस्ने मानिसलाई जीवाणुका कारण यस्तो अति दुःखदायक आक्षेपक जरो आउने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आगन्तुक पक्षवध (रोगविशेष)
(A Kind of Disesase)

(क) माधव निदान, परिशिष्ट :

भिषग्भिर्गदितो दोषाऽऽगन्तुकारणतो द्विधा । विशेषतः पक्षवधस्तत्राद्यो दोषजः पुरा॥
वातव्याधौ विनिर्दिष्टोऽधुनाऽऽगन्तुज उच्यते । सोऽपि कारणभेदेन प्रोक्तो वैद्यैश्चतुर्विधः॥
तत्राद्यो रससञ्जातो द्वितीयो नागजः स्मृतः । इन्द्रियोत्थविकारोत्थस्तृतीयस्तु ततो मतः॥
व्यापारिकविकारोत्थश्चतुर्थः परिकीर्त्तितः॥

माधव निदानको वातव्याधि प्रकरणमा पक्षवधका बारेमा बताइएको छ । वैद्यजनले यो रोग दोषजन्य र आगन्तुक गरी दुई किसिमको हुन्छ भनेका छन् । दोषजन्यका बारेमा बताइ सकिएको छ अब आगन्तुक पक्षवधका बारेमा बताइन्छ । यो कारण अनुसार रसजन्य, नागजन्य, इन्द्रियविकारजन्य र व्यापारिकविकारजन्य गरी चार प्रकारको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आत्मगुप्ता (काउसो)
(Cowhage)

परिभाषा :

(क) **कुलचन्द्र शर्मा :** आत्मगुप्ता, अजहा आदि शब्दले काउछोलाई बुझाउँदछ ।

(ख) **नेपाली बृहत् शब्दकोश (काउसो) :** नीलो फूल फुल्ने, खैरो रङको, टुप्पो घुमेको, सिमीको जस्तो कोसा लाग्ने र कोसामा विषालु सेतो भुस हुने, सो भुस शरीरमा लाग्दा साह्रै चिलाउने लहरो; काउछो ।



आत्मगुप्ता वा काउसो (तस्बिर श्रोतः पेयरडी अमरकोश)

(ग) **डा.चुनेकर :** काउसोलाई अंग्रेजीमा Cowhage वा Cowitch तथा ल्याटिन भाषामा *Mucuna pruriens Bek.* भनिन्छ । यो जङ्गली र बगैंचामा लगाउने गरी दुई किसिमको हुन्छ । जङ्गली काउसो अति नै चिलाउने हुन्छ । बगैंचामा लगाउने काउसो पनि कम भुस हुने र भुस नहुने गरी दुई किसिमका हुन्छन् । यी दुवैलाई भएको भुस निकालेर तरकारी पनि खाने गरिन्छ ।

(घ) **विश्वनाथ द्विवेदी शास्त्री :** यसलाई अंग्रेजीमा Cow hedge plant तथा ल्याटिन भाषामा *Mukuna Pruciens* भनिन्छ । शुक्र वा रजसम्बन्धी समस्या हुने रोगीले यसको बीजको खिर पकाएर खानु पर्दछ ।

(ङ) **आचार्य बालकृष्ण :** यसको वानस्पतिक नाम *Mucuna pruriens* (Linn.) DC. वा *Mucuna prurita* (Linn.) Hook. हो । यसलाई अंग्रेजीमा Horse eye bean, Velvet bean, Cowhage वा Common Cow itch भनिन्छ । विभिन्न प्रयोजनका लागि दूध, मह, मिश्री आदिमा मिसाएर यसको बीजको धुलोको प्रयोग गर्दा एकपटकमा बढीमा दुई ग्राम मात्र प्रयोग गर्नु पर्दछ । (पहिलोलाई काउसे सिमी र दोश्रोलाई काउसो भनिन्छ) । काउसोलाई हिन्दीमा केवाँच वा कौंच भनिन्छ ।

(च) **द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ :** यसलाई अंग्रेजीमा Cowitch वा Cowhage Plant तथा ल्याटिन भाषामा *Mucuna pruriens* Bak., *M.prutita (Carpopogon pruiens; Dolichos pruiens)* भनिन्छ ।

(छ) **डा.सतिश चन्द्र साङ्ख्यधर :** यसको ल्याटिन नाम *Mucuna prurita* Hook. हो ।

(ज) **धन्वन्तरी निघण्टुका टीकाकार वैद्य डी.के. कामत र डा.यस.डी.कामत :** यो Leguminosae वा Fabaceae परिवार तथा Papilionaceae उप-परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Mucuna prurita* Hook. or *Mucuna pruriens* (Linn.) DC. हो ।

(झ) **पेयरडी अमरकोश :** यसको वानस्पतिक नाम *Mucuna pruriens* (L.) DC. हो । यसलाई अंग्रेजीमा Samtige Juckbohne वा Velvetbean भनिन्छ ।

(ञ) **फर्माकोपिया :** यो Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Mucuna prurita* Hook., Syn. *M. pruriens* Baker. हो । यसलाई संस्कृतमा कपिकच्छू, मर्कटी वा कण्डूरा तथा हिन्दीमा केवाँच वा क्रौंच भनिन्छ । यसको अंग्रेजी नाम Cowhage हो । यसको गेडाको धूलोको मात्रा ३-६ ग्राम हो ।

(जङ्गली काउसोको भुस नजिकै जाँदा समेत हावाले शरीरमा पार्न सक्दछ र शरीरमा परेको दुई तीन दिनसम्म चिलाएर बिमिरा समेत निकाल्न सक्दछ । पूर्ण होसियार र सुरक्षित भएर मात्र यसको प्रयोग गर्नु पर्दछ) ।

प्राचीन ग्रन्थका वचनहरू :



कण्डूरा (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(क) **अभिधान मञ्जरी**

आत्मगुप्ता स्वयंगुप्ता पिकच्छुर्दुरालभा ।
आर्षभी ऋषभी वृष्या सैव कण्डूकरी स्मृता ॥

आत्मगुप्ता, स्वयङ्गुप्ता, कपिकच्छु, दुरालभा, आर्षभी, ऋषभी, वृष्या र कण्डूकरी : यी काउसोका पर्यायवाची नाम हुन् ।

(ख) **अभिधान रत्नमाला :**

मर्कटी चात्मगुप्ता च कण्डूरा कपिकच्छुका ।
षभी जाङ्गली कण्डूः करी (शा)र्दूलविग्रहा ॥
ऋष्यप्रोक्ता महागुप्ता कपिरोमफला च सा ।

मर्कटी, आत्मगुप्ता, कण्डूरा, कपिकच्छुका, ऋषभी, जाङ्गली, कण्डूःकरी (शा)र्दूलविग्रहा, ऋष्यप्रोक्ता, महागुप्ता र कपिरोमफला : यी काउसोका पर्यायवाची नाम हुन् ।

(ग) **अमरकोश :**

आत्मगुप्ताजहाऽव्यण्डा कण्डूरा प्रावृषायणी । ऋष्यप्रोक्ता शूकशिम्बिः कपिकच्छूश्च मर्कटी ॥

आत्मगुप्ता, अजहा, अव्यण्डा, कण्डूरा, प्रावृषायणी, ऋष्यप्रोक्ता, शूकशिम्बि, कपिकच्छू र मर्कटी : यी काउछोका पर्यायवाची नाम हुन् ।

(घ) अर्कप्रकाश :

कपिकच्छूद्भवो वृष्यो बृंहणो वाजिकर्मकृत् ।

काउसोको अर्क वीर्यवर्धक, पौष्टिक र यौनशक्ति वर्धक हुन्छ ।

(ङ) अष्टाङ्ग निघण्टु :

मर्कटी चात्मगुप्ता च कण्डूकृत् कपिकच्छुरा । वृष्यबीजा गलेकण्डूकरी शार्दूलविग्रहा ॥

मर्कटी, आत्मगुप्ता, कण्डूकृत्, कपिकच्छुरा, वृष्यबीजा, गलेकण्डूकरी र शार्दूलविग्रहा : यी काउसोका पर्यायवाची नाम हुन् ।

(च) कैयदेव निघण्टु :

ऋष्यप्रोक्ता शूकशिम्बी कपिरोमफलार्षिभिः । कपिकच्छुरात्मगुप्ता कण्डुरा प्रावृषायणी ॥
कण्डूकर्यजहा गुप्ता स्वयंगुप्ता च मर्कटी । कपिलोमा वृषाध्यण्डा वामनी दुरभिग्रहा ॥
कपिकच्छूः स्वादुतिक्ता वातपित्तकफास्रजित् । शीतलं बृंहणं वृष्यं माषतुल्यं तयोः फलम् ॥
कपिकच्छूफलं वृष्यं शीतं स्वादुरसं गुरु । रक्तपित्तानिलहरं दुष्टव्रणविशोधनम् ॥

ऋष्यप्रोक्ता, शूकशिम्बी, कपिरोमफलार्षिभि, कपिकच्छु, आत्मगुप्ता, कण्डुरा, प्रावृषायणी, कण्डूकरी, अजहा, गुप्ता, स्वयंगुप्ता, मर्कटी, कपिलोमा, वृषाध्यण्डा, वामनी र दुरभिग्रहा : यी काउसोका पर्यायवाची नाम हुन् । यो गुलियो, तितो तथा वातविकार, कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ । काउसो शीतवीर्यको, पौष्टिक र वीर्यवर्धक हुन्छ । यसको फल माससमान गुणको हुन्छ । यसको फल वीर्यवर्धक, शीतवीर्यको, गुलियो, पचाउन कठिन, तथा रक्तपित्त र वातविकारलाई नाशगर्ने गुणको हुन्छ । यो खराब खालका खटिरा प्रशोधक पनि हुन्छ ।

काउसो (तस्बिर श्रोत : पेयरडी अमरकोश)

(छ) द्रव्यगुणसङ्ग्रह :

...आत्मगुप्तानां माषवत् फलमादिशेत् ।

काउसोको गुण मासको जस्तै हुन्छ ।

(ज) धन्वन्तरी निघण्टु :

कपिकच्छूरात्मगुप्ता स्वयङ्गुप्ता महर्षभी । लाङ्गूली कण्डुला चण्डा मर्कटी दुरभिग्रहा ॥
कपिकच्छूः रसे स्वादुस्तिक्ता शीताऽनिलापहा । वृष्या पित्तास्रहन्त्री च दुष्टव्रणविनाशिनी ॥

कपिकच्छू, आत्मगुप्ता, स्वयंगुप्ता, महर्षभी, लाङ्गूली, कण्डुला, चण्डा, मर्कटी र दुरभिग्रहा : यी काउसोका संस्कृत पर्यायवाची नामहरू हुन् । काउसो स्वादिलो, तीतो, शीतवीर्यको, वातविकार नाशक, वीर्यवर्धक, रक्तपित्त नाशक र खराब खटिरा नाशक हुन्छ ।

(झ) निघण्टुशेष :

कपिकच्छूरात्मगुप्ता कण्डुरा दुरभिग्रहा । अजहा मर्कटी व्यण्डा कच्छुरा कपिकच्छुरा ॥
ऋष्यप्रोक्ता शूकशिम्बिर्लाङ्गली प्रावृषायणी । ऋषभी वह्निपर्याया कपिरोमा दुरालभा ॥

कपिकच्छू, आत्मगुप्ता, कण्डुरा, दुरभिग्रहा, अजहा, मर्कटी, व्यण्डा, कच्छुरा, कपिकच्छुरा, ऋष्यप्रोक्ता, शूकशिम्बि, लाङ्गली, प्रावृषायणी, ऋषभी, वह्निपर्याया, कपिरोमा र दुरालभा : यी काउसोका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कपीन् कषति कपिकच्छूः, आत्मना गुप्ता स्पर्शाविषयत्वाद् आत्मगुप्ता, कण्डू राति कण्डुरा, दुःखेन अभिगृह्यते दुरभिग्रहा, न जहाति शूकान् अजहा, मर्कटीव मर्कटी, कपिरोमफलत्वात् विगतोऽण्डोऽस्या व्यण्डा वा न विगताण्डा अव्यण्डा, कच्छूरस्त्यस्याः कच्छुरा, कपीनां कच्छुरा कपिकच्छुरा, ऋष्यैः मृगैः प्रोक्ता-दर्शिता ऋष्यप्रोक्ता, ऋषिभिरप्रोक्ता वा, हेयत्वात" इत्येके शूकप्रधानाप्सकण्टका शिम्बिरस्याः शूकशिम्बिः, लाङ्गलीव लाङ्गली, हलाकारत्वात् प्रावृषि भवा प्रावृषायणी, ऋषत् गतौ ऋषति ऋषभी, वह्नेः पर्यायोऽस्या वह्निपर्याया, कपीनां रोमेव रोमास्याः कपिरोमा, दुःखेन आलभ्यते दुरालभा ।) ।

(ञ) भावप्रकाश निघण्टु :

कपिकच्छूरात्मगुप्ता वृष्या प्रोक्ता च मर्कटी ॥
अजडा कण्डुरा व्यङ्गा (कण्डुराध्यण्डा) दुःस्पर्शा प्रावृषायणी ।
लाङ्गु(ङ्ग)ली शूकशिम्बी च सैव प्रोक्ता महर्षिभिः ॥
कपिकच्छूर्भृशं वृष्या मधुरा बृंहणी गुरुः । तिक्ता वातहरी बल्या कफपित्तास्रनाशिनी ॥
तद्बीजं वातशमनं स्मृतं वाजीकरं परम् ।

कपिकच्छू, आत्मगुप्ता, वृष्या, मर्कटी, अजडा, कण्डुरा, व्यङ्गा, दुःस्पर्शा, प्रावृषायणी, लाङ्गु(ङ्ग)ली र

शूकशिम्बी : यी काउछोका संस्कृत पर्यायवाची नामहरू हुन् भनी महर्षिहरूले बताएका छन्। अत्यन्त वीर्यवर्द्धक, मिठो, पौष्टिक र पचाउन कठिन हुन्छ । यो तीतो, वातविकार नाशक, बलदायक तथा कफविकार, पित्तविकार र रक्तविकार नाशक हुन्छ । काउछोका गेडा वातविकारलाई शान्त पार्ने र अती नै यौनशक्ति बढाउने गुणको हुन्छ ।

काउसो (तस्बिर श्रोत : पेयरडी अमरकोश)

(ट) **मदनपाल निघण्टु :**

कपिकच्छूः स्वयङ्गुप्ता कण्डूला दुरवग्रहा ।
चण्डाऽऽत्मगुप्ता लाङ्गूली मर्कटी स्यात्प्रहर्षणी ॥
कपिकच्छूः परं वृष्या मधुरा बृंहणी गुरुः ।
तद्बीजं वातशमनं वाजीकरणमुत्तमम् ॥

कपिकच्छू, स्वयङ्गुप्ता, कण्डूला, दुरवग्रहा, चण्डा, आत्मगुप्ता, लाङ्गूली, मर्कटी र प्रहर्षणी : यी काउसोका संस्कृत पर्यायवाची नामहरू हुन्। काउसो अत्यन्त वीर्यवर्धक, गुलियो, पौष्टिक र पचाउन कठिन हुन्छ । यसका गेडाले वातविकार नाश गर्दछ । यो यौनक्षमता बढाउन उत्तम ओखती हुन्छ ।

(ठ) मदनादि निघण्टु :

कपिकच्छूरात्मगुप्ता स्वयंगुप्ता तु मर्कटी । कण्डूकर्यजहा गुप्ता कपिलोमा फलार्षभिः ॥

कपिकच्छू, आत्मगुप्ता, स्वयंगुप्ता, मर्कटी, कण्डूकरी, अजहा, गुप्ता, कपिलोमा र फलार्षभि : यी काउसोका पर्यायवाची नाम हुन् । यसले मूत्रकृच्छ्र नाश गर्दछ ।

(ड) राजनिघण्टु :

कपिकच्छूरात्मगुप्ता स्वयंगुप्ता महर्षभी । लाङ्गूली कुण्डली चण्डा मर्कटी दुरभिग्रहा ॥
कपिरोमफला गुप्ता दुःस्पर्शा कच्छुरा जया । प्रावृषेण्या शूकशिम्बी बदरी गुरुरार्षभी ॥
शिम्बी वराहिका तीक्ष्णा रोमालुर्वनमूरिका (वनशूकरी) ।
कीशरोमा रोमवल्ली स्यात्षड्विंशतिनामका ॥
कपिकच्छूः स्वादुरसा वृष्या वातक्षयापहा । शीतपित्तास्रहन्त्री च विकृता व्रणनाशिनी ॥

(१) कपिकच्छू, (२) आत्मगुप्ता, (३) स्वयंगुप्ता, (४) महर्षभी, (५) लाङ्गूली, (६) कुण्डली, (७) चण्डा, (८) मर्कटी, (९) दुरभिग्रहा, (१०) कपिरोमफला, (११) गुप्ता, (१२) दुःस्पर्शा, (१३) कच्छुरा, (१४) जया, (१५) प्रावृषेण्या, (१६) शूकशिम्बी, (१७) बदरी, (१८) गुरु, (१९) आर्षभी, (२०) शिम्बी, (२१) वराहिका, (२२) तीक्ष्णा, (२३) रोमालु, (२४) वनमूरिका (वनशूकरी), (२५) कीशरोमा र (२६) रोमवल्ली : यी सोह्र नाम काउसोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो स्वादको हुन्छ । काउसो वीर्यवर्धक तथा वातविकार र क्षयरोग नाशक हुन्छ । यो शीतवीर्यको हुन्छ । यसले पित्तविकार र रक्तविकार तथा बिग्रेका घाउखटिरा ठिक गर्दछ ।

शूकशिम्बी (तस्बिर श्रोत : पेयरडी अमरकोश)

(ढ) शालिग्राम निघण्टु :

कपिकच्छुरात्मगुप्ता शुकशिम्बा कपिप्रभा । शुकपिण्डी स्वयंगुप्ता कण्डूरा शूकशिम्बिका ॥

कपिकच्छु, आत्मगुप्ता, शुकशिम्बा, कपिप्रभा, शुकपिण्डी, स्वयंगुप्ता, कण्डूरा र शूकशिम्बिका : यी काउसोका पर्यायवाची नाम हुन् ।

कपिकच्छुर्लघुः शीता वृष्या पित्तनिलापहा ।

सिध्मातिसार हन्त्री च वन्ध्यानां चाप्यपत्यदा॥ (शो.नि.)

सानो जातको काउसो शीतवीर्यको, वीर्यवर्धक, पित्तविकार र वातविकार नाशगर्ने, दूभी र अतिसार नाशगर्ने तथा बाँझी स्त्रीलाई सन्तान उत्पादन गराउने गुणको हुन्छ ।

काउसोका गेडा (तस्बिर श्रोत : पेयरडी अमरकोश)

कच्छुरा तुवरा तिक्ता योनिदोषापहा मता ।
कुष्ठव्रणं रक्तकोपं नाशयेदिति कीर्तिता॥ (नि.र.)

(सानो) काउसो टर्रो, तितो तथा स्त्री जननेन्द्रियका विकार, कुष्ठ, खटिरा र रक्तविकार नाशगर्ने गुणको हुन्छ ।

(ण) सरस्वती निघण्टु :

आत्मगुप्ता जडाऽध्यण्डा कण्डुरा प्रावृषायणी । ऋष्यप्रोक्ता शूकशिम्बिः कपिकच्छुश्च मर्कटी॥

आत्मगुप्ता, जडाऽध्यण्डा, कण्डुरा, प्रावृषायणी, ऋष्यप्रोक्ता, शूकशिम्बि, कपिकच्छु र मर्कटी : यी काउसोका पर्यायवाची नाम हुन् ।

(त) सोढल निघण्टु :

कपिकच्छ्वामात्मगुप्ता स्वयंगुप्ताऽजहर्षिणी ।
लाङ्गूली कण्डुरा व्यण्डा मर्कटी दुरभिग्रहा॥
बदरी प्रावृषेण्या च कपिरोमफला मता । दुःस्पर्शा कच्छुरा खर्जू रोमालुर्वनशूकरी॥

कपिकच्छु, आत्मगुप्ता, स्वयंगुप्ता, अजहर्षिणी, लाङ्गूली, कण्डुरा, व्यण्डा, मर्कटी, दुरभिग्रहा, बदरी, प्रावृषेण्या, कपिरोमफला, दुःस्पर्शा, कच्छुरा, खर्जू, रोमालु र वनशूकरी : यी काउसोका पर्यायवाची नाम हुन् ।

(थ) सौश्रुत निघण्टु :

अकाशी ऋषभी चैव कपिकच्छूर्दुरालभा ।
आत्मगुप्ता स्वयंगुप्ता सैव कण्डूकरी मता॥

अकाशी, ऋषभी, कपिकच्छू, दुरालभा, आत्मगुप्ता, स्वयंगुप्ता र कण्डूकरी : यी काउसोका पर्यायवाची नाम हुन् ।

(द) **हृदयदीपक निघण्टु :**

काकाण्डोला तु काकाण्डान्यात्मगुप्ता च मर्कटी । कण्डूकरी शूकशिम्बा कपिकच्छूश्च वानरी ॥

काकाण्डोला, काकाण्डा, आत्मगुप्ता, मर्कटी, कण्डूकरी, शूकशिम्बा, कपिकच्छू र वानरी : यी काउसोका पर्यायवाची नाम हुन् ।

औषधीमा प्रयोग :

(क) **आयुर्वेद महोदधि :** तालमखाना (इक्षुर, एक बूटी), गोखुर (एक बूटी), काउसोका गेडा (मर्कटिबीजं), मुसलीकन्द (मुशलि), कुरिलो (शतावरि), सिमलको रस (वा खोटो ?, शाल्मलिडीकम्) को धूलो भैँसीको दूधमा मिसाएर त्यसले खानु जसका घरमा सय वटी श्रीमती छन् ।

(ख) **शार्ङ्गधर संहिता :** काउसोको भुस (वा कपास) ले शरीरलाई छुँदा शरीर अति नै चिलाउँदछ र डाह हुन्छ ।

(ग) **शाबरमन्त्र सागर, उत्तर भाग :** (१) काउसोको जरालाई भेडासिङ्गी नामक बूटीसँग वा बाख्रीको मूत्रसँग घोटी लेप बनाएर दल्नाले पुरुषको जननेन्द्रिय फलामको दण्डजस्तै कठोर हुन्छ । (२) काउसोका बीज र बोक्रा नभएको मास बराबर मिसाएर धूलो बनाउनू । यो धूलोलाई एक प्रहरसम्म नरिवलको पानीमा भिजाउनू । सुकेपछि शुद्ध अभ्रखभस्म मिसाएर पुनः पिसी गोली बनाउनू । अनि यसलाई घिउ र महसँग खानू । यसपछि मिश्री मिसाइएको दूध पिउनू । यसरी खानाले पुरुष अनेक स्त्रीसँग रमण गर्न सक्षम हुन्छ । यसपछि कुरिलो मिश्रित पेय पिउन पनि आवश्यक हुन्छ ।

(घ) **भावप्रकाश संहिता :**

कपिकच्छूभवं मूलं क्वाथयेद्विधिना भिषक् ॥ योनिः सङ्कीर्णतां याति क्वाथेनानेन धावने ।

काउछोको जराको विधिपूर्वक काँढापानी पकाई त्यो काँढापानीले सफा गर्ने गरे स्त्री-जननेन्द्रिय खुम्चन्छ ।

बीजानि तु कपिकच्छ्वाः कुडवाः कुडमितानि च स्वेदयेच्छनकैः ।
प्रस्थे गोभवदुग्धे तावद् यावद् भवेद् गाढम् ॥
त्वग्रहितानि च कृत्वा सूक्ष्मं सम्पेषयेत्तानि । पिष्टिकया लघुवटिकाः कृत्वा गव्ये पचेदाज्ये ॥
द्विगुणितशर्करपाता वटिकाः सम्पक्वया लेप्याः ।
वटिका माक्षिकमध्ये मज्जनयोग्येऽखिलाः स्थाप्याः ॥
पञ्चटङ्कमितास्तास्तु प्रातः सायञ्च भक्षयेत् । अनेन शीघ्रद्रावी यो यश्च स्यात्पतितध्वजः ॥
सोऽपि प्राप्नोति सुरते सामर्थ्यमति वाजिवत् । नानेन सदृशं किञ्चिद् द्रव्यं वाजीकरं परम् ॥

सोह्र तोला काउसोका गेडालाई चौसठ्ठी तोला गाईको दूधमा पकाउनू । जब पाक्दै जाँदा दूध बाक्लो हुन्छ तब झिक्नू । यसपछि यी गेडाका बोक्रा निकाली मैदाका ससाना गोली भित्र हाली पुनः गाईको

घिउमा पकाउनू । यसपछि यसलाइ यसको दोब्बर मात्राको चास्नीमा डुबाएर राख्नू । यसपछि रस निथारेर महमा डुब्ने गरी कुनै भाँडामा हाली राख्नू । यसरी राखिएका गोली बिहान सबेरै र साँझमा पाँच पाँच टङ्क (करिब पन्ध्र-पन्ध्र ग्राम) खानू । यसको नियमित सेवन गर्नाले जसको शीघ्रपतन हुन्छ र जसको ध्वजोत्थान हुँदैन त्यस्तो पुरुष पनि ग्राम्यधर्मका समयमा घोडाजस्तै शक्तिशाली बन्न पुग्दछ । यसलाई वानरीवटिका भनिन्छ र यो सरहको मर्दानगी निकाल्ने कुनै पदार्थ वा ओखती अरु हुँदैन, छैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आन्त्रकज्वर (ज्वरविशेष)
(A kind of fever)

(क) **माधव निदान, परिशिष्ट :**

भवेदुद्भवोऽथान्त्रिकाख्यप्रभेदे वमेर्वाऽतिसारस्य किंवा द्वयोश्च ।
तथोत्क्लेशशूलामयौ कामलाऽपि क्वचिन्नूनमेवोद्भवेयुर्विशिष्य॥

आन्त्रिकज्वर वातश्लैष्मिकज्वरको एक प्रकार हो । यो रोगमा बान्ता हुने, छेरपटी चल्ने वा दुवै हुने, शरीर आर्द्र हुने, शूल हुने कहिलेकाहीँ कमलपित्त हुने जस्ता लक्षण देखिने गर्दछ ।

नोट : आजकल पित्तोल्वण सन्निपातज्वर वा Typhoid fever लाई आन्त्रिकज्वर भनेर वर्णन गरिएको पनि पाइन्छ । यसको समर्थन गर्ने खालको प्राचीन प्रमाण मबाट भेटिएको छैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आपण (पसल)
(Marketing area, shop)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण, अमरकोश :

आपणस्तु निषद्यायां ...।

आपण र निषद्या : यी पसल वा बजारका नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आमवात (वातरोगविशेष)
(Rheumatoid arthritis)

प्राचीनग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता :

विरुद्धाहारचेष्टस्य मन्दाग्नेर्लोलुपस्य च । स्निग्धं भुक्तवतो ह्यन्नं व्यायामं कुर्वतस्तथा॥
वायुना प्रेरितो ह्यामः श्लेष्मस्थानं प्रधावति । तेनात्यर्थमपक्वोऽसौ धमनीभिः प्रपद्यते॥
वातपित्तकफैर्भूयो दूषितः सोऽन्नजो रसः । स्रोतांस्यभिष्यन्दयति नानावर्णोऽतिपिच्छिलः॥
जनयत्यग्निदौर्बल्यं हृदयस्य च गौरवम् । व्याधीनामाश्रयो ह्येष आमसञ्ज्ञोऽतिरुदारुणः॥
(विरुद्धाहारचेष्टस्य-विरुद्धाहारः क्षीरमत्स्यादिः । विरुद्धचेष्ट-भुक्तव्यामामादिः ताभ्यांयुक्तस्य । निश्चलस्य-निर्व्यायामपरस्य । स्निग्धं भुक्तवतो ह्यन्नं व्यायामं कुर्वत इति मिलितो हेतुः । श्लेष्मस्थानम्-आमाशयसन्ध्यादि, तेन श्लेष्मस्थानगमनेन अत्यन्तम् अपक्वः पित्तस्थानगमनेन पक्वो भविष्यति इति अभिप्रायः । असौ आमः धमनीभिः प्रपद्यते, धमीमार्गैश्चलति । भूयो दूषितः-अतिशयेन दूषितः । सोऽन्नजो रसः आमः स्रोतांसि अभिष्यन्दयतिसंश्रित्य रसवहशिरावरोधं कृत्वा स्रोतांसि गुरूणि कुर्यात् । नानावर्णः वातादिजनितवर्णभेदात् नानावर्णः ।)

सङ्कलन : मोहन प्रसाद सापकोटा

दूध-माछा जस्ता परस्पर विरोधी खानपिन गर्ने, पहिले खाएको कुरा नपच्दै फेरी खाने, कसरत नगर्ने, कमजोर पाचनशक्ति हुने, खान भनेपछि हुरुक्कै हुने र चिल्लोचाप्लो खाएर कसरत गर्ने मानिसको वायुले उक्साएको आमरस कफ बस्ने आमाशय र जोर्नी जस्ता स्थानमा दौडेर पुग्ने गर्दछ । यदि यस्तो आमरस पित्तका स्थानमा पुग्यो भने यो पाक्दछ तर अघि बताए जसरी कफका स्थानमा पुग्नाले पूरै काँचो रहन्छ । यसपछि यो धमनीको बाटो हुँदै हिँड्न थाल्दछ । यसरी हिँड्दै यो आमरस पुनः वात, पित्त र कफले गदाई थप दूषित हुन्छ । अनि स्रोतग्रन्थीमा रहेका रस बहने शिरालाई रोक्दै स्रोतलाई भारी बनाउँदछ । वात आदि विकारले अनेक रङको, अत्यन्त चिल्लो र लेस्याइलो बोको यसपछिको आमरसले यसपछि शरीरको अग्निलाई कमजोर बनाउँदछ र मुटुलाई भारी पार्दछ । यो अति भयानक आमरोगहरूको आश्रयस्थल हो ।

अजीर्णाद्योरसो जातः सञ्चितो हि क्रमेण वै । आमसञ्ज्ञां स लभते शिरोगात्ररुजाकरः॥
(अजीर्णात्-भुक्तादजीर्णात्) ।

खाएको खाना नपच्नाले अन्नबाट जुन नपचेको रस निस्कन्छ, त्यो बिस्तारै एकठाउँमा जम्मा हुन्छ, यसैलाई आम भनिन्छ । यो आमले टाउको र शरीरलाई पीडा दिन्छ ।

युगपत्कुपितावेतौ त्रिकसन्धिप्रवेशकौ । स्तब्धञ्च कुरुतो गात्रमामवातः स उच्यते॥
(एतौ-वातकफौ । त्रिकसन्धिप्रवेशकौ वेदनयेति बोद्धव्यम् ।) ।

एकै पटक दूषित भएका वात र आम दुवै कण्डेउलोका जोर्नीलाई दुखाउँदै भित्र छिरी शरीरलाई कब्जा गर्न र अँठ्याउन थाल्दछन्। तब यो रोगलाई "आमवात" भनिन्छ।

अङ्गमर्दोऽरुचिस्तृष्णा चालस्यं गौरवं ज्वरः। अपाकः शूनताऽङ्गानामामवातस्य लक्षणम्॥
(विशेषार्थमस्य सङ्ग्रहः)।

अङ्गहरू जरजर हुनु, खान मन नलाग्नु, तिर्खा लाग्नु, अल्छी लाग्नु, शरीर भारी हुनु, जरो आउनु, अन्न नपच्नु, र अङ्ग लाटो हुनु : यी आमवातका लक्षणहरू हुन्। (जानकारीका लागि अन्य ग्रन्थका कुरा यहाँ राखिएको हो)।

स कष्टः सर्वरोगाणां यदा प्रकुपितो भवेत्। हस्तपादशिरोगुल्फत्रिकजानूरुसन्धिषु॥
करोति सरुजं शोथं यत्र दोषः प्रपद्यते। स देशो रुज्यतेऽत्थ व्याविद्ध इव वृश्चिकैः॥
जनयेत्सोऽग्निदौर्बल्यं प्रसेकारुचिगौरवम्। उत्साहहानिं वैरस्यं दाहञ्च बहुमूत्रताम्॥
कुक्षौ कठिनतां शूलं तथा निद्रा विपर्ययम्। तृट्छर्दिभ्रममूर्च्छाश्च हृद्ग्रहं विडिवबद्धताम्॥
जाड्यान्त्रकूजनानाहं कष्टांश्चान्यानुपद्रवान्॥
(यदा प्रकुपितो भवेत्यकर्षेण कुपितः स्यात्तदा वक्ष्यमाणानुपद्रवान्करोति। हस्तेत्यादि-यत्र दोषः दुष्टः आमः प्रपद्यते गच्छति। तानाह-जाड्यम् अकर्मण्यत्वम्। अन्यानुपद्रवान्-कलायखञ्जत्वादीन्)।

सबै खालका रोगमध्येमा अति कष्टदायउक रोग आमवात जब बढी दूषित हुन्छ तब हात, गोडा, टाउको, गोलिगाँठा, कण्डेउलो, घुँडा, घुँडा र पिडौँलाको जोर्नी जस्ता भागमा दुख्ने खालको सुजन उत्पन्न हुन्छ। दूषित आम शरीरको जुन भागमा जान्छ त्यही भागमा बिच्छीले डसे जसरी अत्यन्त पीडा दिन्छ। आमवातले जठराग्नि कमजोर हुन्छ, मुखमा थुक आइरहन थाल्दछ, अरुचि हुन्छ, शरीर भारी हुन्छ, उत्साह नाश हुन्छ, रुखो शरीर हुन्छ, डाह हुन्छ, धेरै पिसाब आउँदछ, पेट साह्रो हुन्छ, शूल हुन्छ, निद्रा लाग्दैन, तिर्खा लाग्दछ, बान्ता हुन्छ, बेहोस हुन्छ, मुटु अँठिन्छ, दिसा रोकिन्छ, शरीरमा लाटोपन देखिन्छ, आन्द्रा कराउँदछ, पेट फुल्दछ तथा अन्य खेसरीको दाल खाँदा हुने लँगडोपन आदिजस्ता रोग समेत हुन्छन्।

पित्तात्सदाहरागञ्च सशूलं पवनात्मकम्। स्तिमितं गुरुकण्डूकं कफजुष्टं तमादिशेत्॥
(गुरुकण्डूकम्-बहुकण्डूकम्)।

डाह र रातोपन भए त्यो पित्तको प्रभाव बढी भएको आमवात भनी थाहा पाउनू। शूल भए वातजन्य आमवात भनी जान्नू। धेरै चिलाए र लाटोपन भए त्यो कफजन्य आमवात भनी जान्नू।

एकदोषानुगः साध्यो द्विदोषो याप्य उच्यते। सर्वदेहचरैः शोथैः स कष्टं सान्निपातिकः॥

एउटा मात्र दोषले युक्त भएको आमवात सजिलै निको हुन्छ। दुई दोषले युक्त आमवातलाई बढ्नबाट रोक्न मात्र सकिन्छ। तीन वटै दोषले युक्त भई पूरै शरीर सुन्निएको आमवातको उपचार हुँदैन।

(ख) माधव निदान :

विरुद्धाहारचेष्टस्य मन्दाग्नेर्निश्चलस्य च । स्निग्धं भुक्तवतो ह्यन्नं व्यायामं कुर्वतस्तथा ॥
वायुना प्रेरितो ह्यामः श्लेष्मस्थानं प्रधावति । तेनात्यर्थं विदग्धोऽसौ धमनीः प्रतिपद्यते ॥
वातपित्तकफैर्भूयो दूषितः सोऽन्नजो रसः । स्रोतांस्यभिष्यन्दयति नानावर्णोऽतिपिच्छिलः ॥
जनयत्याशु दौर्बल्यं गौरवं हृदयस्य च । व्याधीनामाश्रयो ह्येष आमसञ्ज्ञोऽतिदारुणः ॥
युगपत्कुपितावन्तस्त्रिकसन्धिप्रवेशकौ । स्तब्धं च कुरुतो गात्रमामवातः स उच्यते ॥

परस्पर विरोधी खानपिन गर्ने मानिसको कमजोर पाचनशक्ति तथा चेष्टाहीन वा चिल्लो भोजन गरेपछि तुरुन्त कसरत गर्ने मानिसको आमरस विकृत वायुको प्रेरणाले गर्दा कफ रहने मुख्य स्थान, जोर्नी तथा आमाशय, छाती, टाउको र घाँटीतिर जान थाल्दछ । त्यहाँ पुगेर पनि वायुले अझ विकृत पारेपछि त्यो आमरस आधा पाकेको अवस्थामा धमनीमा पुग्दछ । त्यहाँ रहेको तीन वटै दोषले अझ विकृत भई विभिन्न रङ्को र लेस्याइलो भएर रस वहने ग्रन्थीमा गएर भरिन थाल्दछ । यसपछि दुर्बलता र मुटु भारी हुने गर्दछ । यस्तो आमरस शरीरका अनेक रोग निकाल्ने कारण हुने गर्दछ । यसैले डरलाग्दो हुन्छ । यसबेला वात र कफ एकैपटक विकृत भई कोष्ठ, कण्डेउलो र जोर्नीतिर छिर्न थाल्दछन् अनि पूरै शरीरलाई गाँज्न र लाटो बनाउन थाल्दछन् । यो रोगलाई "आमवात" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आमाजीर्ण (अपचविशेष)
(A particular form of indigestion)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता :

तत्रामे गुरुतोत्क्लेशः शोथो गण्डाक्षिकूटगः । उद्गारश्च यथाभुक्तमविदग्धं प्रवर्त्तते ॥
(गुरुता उदराङ्गयोः । उत्क्लेशः उपस्थित वमनमिव । अक्षिकूटः-अक्षिपुटकः) ।

पेट र अङ्गमा भारीपन, वाकवाकी लाग्नु, गाला र आँखाका पलक सुन्निनु र जस्तो खायो त्यही अनुसार नपचेको डकार आउनु : यी आमाजीर्णका लक्षणहरू हुन् ।

(ख) माधव निदान :

तत्रामे गुरुतोत्क्लेदः शोथो गण्डाक्षिकूटगः । उद्गारश्च यथाभुक्तमविदग्धः प्रवर्तते ॥

आमाजीर्णमा शरीर भारी हुने, वाकवाक लाग्ने, गाला र आँखाको खोपिल्टो सुन्निने तथा खाएको खाना अनुसार अमिलो पन नभएको डकार आउने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आयामिकहृद्यन्त्ररोग (मुटुको रोगविशेष)
(Dilatation of heart)

(क) **माधव निदान, परिशिष्ट :**

स्याद् विस्तृतिर्हृदयकोष्ठगता तु यस्मिन्नायामिबः स गदितो गद आमयज्ञैः ।
प्रायेण दारुण तथा परिवर्णितेऽस्मिन् मूर्च्छा भ्रमः श्वसनहृद्द्रुतवेपथू च ॥
शून्यत्वमप्यवउवेष्वनलस्य मान्द्यं हानिर्बलस्य पललस्य परिक्षयोऽपि ।
उन्निद्रताऽथ सलिलोदररोगजन्मान्यानि स्युरत्र हृदयामयलक्षणानि ॥

मुटुको त्यस्तो रोग जसमा त्यसका खण्ड बढ्दछ त्यसलाई रोगका विशेषज्ञले आयामिकहृद्यन्त्ररोग भनेका छन् । यो रोगमा प्रायः बेहोसी, भ्रम, दम, मुटुको कम्पन, अङ्गमा शून्यता, अग्नि कमजोर, बल हानी, मासु क्षय, निद्रा नाश, जलोदर तथा अन्य मुटुरोगका लक्षण देखिन्छ ।

क्षयाद् यतो जायत एष रोगस्ततोऽतिघोरः कथितः परिक्षयः ।
हृत्कोष्ठपेश्या इह संक्षयः स्याद् भ्रमोऽवसादोऽपि च दुर्बलत्वम् ॥
श्वासोऽग्निमान्द्यं हृदयप्रकम्पः शोथस्य नूनं क्रमिकाभिवृद्धिः ।
जायन्त एतानि परिक्षयेऽस्मिंस्तथाऽपरेऽपि स्युरुपद्रवाश्च ॥

यो डरलाग्दो रोग मुटुमा रहेको मासु क्षय भएपछि हुने गर्दछ त्यसैले यसलाई परिक्षयहृद्यन्त्र रोग पनि भनिन्छ । यो रोगमा हृत्कोष्ठका पेशीको क्षय हुन्छ । यो रोगमा भ्रम, वेचैनी, दुर्बलता, दम, पाचनशक्ति नाश, मुटुमा कम्पन र क्रमशः सुजन जस्ता लाण देखिन्छन् । यसका अन्य सह-रोग पनि हुन्छन् ।

आलीं (लाम)
(Row, Line)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण, अमरकोश :

वीथ्यालिरावलिः पङ्क्तिश्रेणीलेखास्तु राजयः ।

विथी, आली, अवली, पङ्क्ति, श्रेणी, लेखा र राजि : यी लहर (पङ्क्ति, लाम) का पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आलोचक (आँखामा हुने पित्तविशेष)
(Aalochaka)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अष्टाङ्ग सङ्ग्रह : दृष्टिस्थं रूपालोचनादालोचकम् ।**

आँखाको हुने रूप देखाउने पित्तलाई आलोचक पित्त भनिन्छ ।

(ख) **अष्टाङ्ग हृदय : ...रूपालोचनतः स्मृतम् । दृक्स्थमालोचकं...।**

आँखाको दृष्टिमण्डलमा रहने रूप देख्न उपयोगी हुने पित्तलाई "आलोचक पित्त" भनिन्छ ।

(ग) **चरक संहिता : दर्शनादर्शने नेत्रगतस्यालोचकस्य,**

आँखाको आलोचक नामक पित्तले देखाउने वा नदेखाउने कार्य गर्दछ ।

(घ) **भावप्रकाश संहिता : यदालोचकसंज्ञं तद्रूपग्रहणकारणम् ।**

सङ्कलन : मोहन प्रसाद सापकोटा

आलोचक नाम गरिएको पित्त रूप ग्रहण गर्ने वा देख्ने कारण हुन्छ ।

(ङ) **सुश्रुत संहिता :**

यद् दृष्ट्यां पित्तं तस्मिन्नालोचकोऽग्निरिति संज्ञा, स रूपग्रहणाधिकृताः,

आँखाका हुने पित्तलाई आलोचक अग्नि भनिन्छ । किन कि यस मार्फत् नै रूप ग्रहण हुने गर्दछ ।

(च) **शार्ङ्गधर संहिता :**

यत् पित्तं नेत्रयुगले रूपदर्शनकारि तत्॥ ...आलोचके तथा॥

आँखामा रहने पित्तले सेतो, नीलो वा पहेंलो आदि रङ्ग देखाउँदछ र यसलाई "आलोचक पित्त" भनिन्छ ।

आशय (शरीरका भित्री अङ्गविशेष)
(Viscera, abdominal organs)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह :

सप्ताशयाः क्रमादसृक्कफामपित्तपक्ववायुमूत्राधाराः ।
स्त्रीणां पित्तपक्वाशययोर्मध्ये गर्भाशयोऽष्टमः ॥

आशय सात वटा हुन्छन् । यी क्रमशः महास्रोतमा घाँटीबाट शुरु भई शरीरमा रहेका हुन्छन् । यी रक्ताशय, कफाशय, आमाशय, पित्ताशय, पक्वाशय, पवनाशय र मूत्राशय हुन् । स्त्रीहरूमा पित्ताशय र पक्वाशयका बीचमा आठौं गर्भाशय रहेको हुन्छ ।

(ख) अष्टाङ्ग हृदय :

...रक्तस्याद्यः क्रमात् परे ॥
कफाऽऽमपित्तपक्वानां वायोर्मूत्रस्य च स्मृताः । गर्भाशयोऽष्टमः स्त्रीणां पित्तपक्वाशयान्तरे ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

यस(कला) को रगत, कफ, आम, पित्त, मल (पक्व), वात र मूत्राशय गरी सात आशयस्थल हुन्छन् । स्त्रीका हकमा पित्ताशय र मलाशयमा बीचमा हुने गर्भाशय समेत गरी आठ आशयस्थल हुन्छन् ।

(ग) भावप्रकाश संहिता :

उरोरक्ताशयस्तस्मादधः श्लेष्माशयः स्मृतः । आमाशयस्तु तदधस्तल्लिङ्गं चरकोऽवदत् ॥
उद्यथा-नाभिस्तनान्तरं जन्तोराहुरामाशयं बुधाः ॥२५५॥ इति ॥

उर अर्थात् छाती नै रक्ताशय हो । त्यसको तल श्लेष्माशय हुन्छ । त्यसको तल आमाशय हुन्छ । चरकका अनुसार जीवको नाइटो र स्तनका बीचको भागलाई विद्वानहरू आमाशय भन्दछन् ।

आमाशयादधः पक्वाशयादूर्ध्वं तु या कला । ग्रहणी नामिका सैव कथितः पाचकाशयः ॥
ऊर्ध्वमग्न्याशयो नाभेर्मध्यभागे व्यवस्थितः । तस्योपरि तिलं ज्ञेयं तदधः पवनाशयः ॥
पक्वाशयस्तु तदधः स एव तु मलाशयः । तदधः कथितो वस्तिः स हि मूत्राशयो मतः ॥

आमाशयको तल र पक्वाशयको माथि जहाँ ग्रहणी नामक कला रहेको हुन्छ त्यसलाई पाचकाशय भनिन्छ । नाइटोभन्दा माथि बीच भागमा अग्न्याशय रहेको हुन्छ । त्यसभन्दा माथि तिल रहेको हुन्छ र त्यो तिलको तल पवनाशय हुन्छ । पक्वाशय त्यसभन्दा तल हुन्छ । त्यसैलाई मलाशय पनि

भानिन्छ । त्यसभन्दा तल वस्ति हुन्छ । त्यसैलाई मूत्राशय पनि भनिन्छ ।

आशयानुक्रमस्तु वाग्भटेनोक्तः । स यथा-

कफाऽऽमपित्तवातानामाशया मलमूत्रयोः । पुरुषेभ्योऽधिकाश्चान्ये नारीणामाशयास्त्रयः ॥
धरा गर्भाशयः प्रोक्तः पित्तपक्वाशयान्तरे । स्तनौ प्रवृद्धौ तावेव बुधैः स्तन्याशयौ मतौ ॥

यी आयशको क्रम वाग्भटले यसरी बताएका छन्-
(शुरुमा रक्ताशय, यहाँ यसभन्दा अघिको श्लोकको पछिल्लो अंश छुटेको देखिन्छ), कफाशय, आमाशय, पित्ताशय, वाताशय, मलाशय र मूत्राशय । पुरुषकोभन्दा स्त्रीको तीन आशय बढी हुन्छ । पित्ताशय र पक्वाशयका बीचमा गर्भाशय हुन्छ भनिएको छ र जब तिनको स्तन बढ्दछ तब तिनलाई विद्वानहरूले स्तनाशय मान्दछन् ।

(घ) **शार्ङ्गधर संहिता :**

...सप्ताशयाः...।

रस वा खाए पिएको कुरा रहने शरीरका मध्यभागको भित्र सात स्थान (आशय) हुन्छ । (ती आमाशय, श्लेष्माशय, अग्न्याशय, पवनाशय, मलाशय, मूत्राशय, रक्ताशय हुन् ।)

सङ्कलन : मोहन प्रसाद सापकोटा

श्लेष्माशयः स्यादुरसि तस्मादामाशयस्त्वधः ॥

छाती कफको आशयस्थल हो । त्योभन्दा केही तल "आम"को आशयस्थल अर्थात् नपचेको अन्न रहने आमाशय हुन्छ ।

ऊर्ध्वमग्न्याशयो नाभेर्वामभागे व्यवस्थितः । तस्योपरि तिलं ज्ञेयं तदधः पवनाशयः ॥

नाइटोभन्दा केही माथि देब्रेतिर अग्निको स्थान हुन्छ (यसैलाई ग्रहणी पनि भनिन्छ) । त्यसभन्दा माथि ढाडतिर एउटा ग्रन्थी हुन्छ, जसलाई तिल वा क्लोम भनिन्छ । यही नै तिर्खा लाग्ने वा लगाउने स्थान (आशय) हो । यसभन्दा तल हावा रहने स्थल (पवनाशय) हुन्छ । (यहाँ रहने वायुलाई "समान वायु" भनिन्छ) ।

व्याख्या: यसरी पेटभित्र सबभन्दा तल वायु त्यसमाथि अग्नि र त्यसमाथि जल रहने स्थान हुन्छ । जब केही खानपिन गरिन्छ तब आफैं स्थिर भएर वायुले अग्निलाई बाल्दछ, अग्निले त्यसमाथि रहेको जल अति धेरै तताउँदछ । अनि त्यो तातो जलले खाएका अन्न आदिलाई राम्ररी पकाउँदछ ।

मलाशयस्त्वधस्तस्य वस्तिर्मूत्राशयस्त्वधः । जीवरक्ताशयमुरो ज्ञेयाः सप्ताशयस्त्वमी ॥

पवनाशय भन्दा तल मलाशय हुन्छ । यसैलाई पक्वाशय पनि भनिन्छ । यो पेटको देब्रेतिर हुन्छ । पक्वाशयभन्दा केही तल दाहिनेतिर छालाको एउटा थैलो हुन्छ, त्यसलाई मूत्राशय वा वस्ति भनिन्छ । जीवन समान जुन रगत हुन्छ त्यसको स्थान मुटु हो । यसरी सात आशयका बारेमा जान्नू ।

पुरुषेभ्योऽधिकाश्चान्ये नारीणामाशयास्त्रयः । धरा गर्भाशयः प्रोक्तः स्तनौ स्तन्याशयौ मतौ ॥

पुरुषको तुलनामा स्त्रीका तीन आशय बढी हुन्छन् । गर्भाशय एक र स्तनाशय दुई (दूध रहने स्थान) ।

(ङ) सुश्रुत संहिता :

आशयास्तु वाताशयः, पित्ताशयः, श्लेष्माशयो रक्ताशय आमाशयः पक्वाशयो मूत्राशयः स्त्रीणां गर्भाशयोऽष्टम इति ॥

वाताशय, पित्ताशय, श्लेष्माशय, रक्ताशय, आमाशय, पक्वाशय, मूत्राशय र स्त्रीमा हुने गर्भाशय : यी आठ आशयका नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आसुत (काँजी विशेष)
(Aasuta)

परिभाषा :

(क) हिन्दी विश्वकोश (आसुत) : चिरकालस्थित तथा कन्दादियुक्त अम्ल । कन्दमूल आदि हालेर धेरै दिन राखिएको अमिलो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **भावप्रकाश निघण्टु :**

कन्दमूलफलाढ्यं यत्तत्तु विज्ञेयमासुतम् । तद्रुच्यं पाचनं वातहरं लघु विशेषतः ॥

कन्दमूल र फलफूल समेत हालिएको काँजीलाई ‘आसुत’ भनिन्छ । यो रुचिकर, पाचक, वातविकार नाशक र विशेषतः पचाउन सहज हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

आहिकज्वर (जरोविशेष)
(A kind of fever)

(क) **माधव निदान, परिशिष्ट :**

नासापुटाभ्यन्तरगालपरक्तवर्णी भवद् यत्र गदे तु शोथः ।
तथा ज्वरो गात्ररुजासमेतः स आहिकः श्लेष्मकृतो ज्वरः स्यात्॥

जुन जरोमा नाकभित्र केही रातो रङको सुजन हुन्छ, अङ्ग दुख्दछ त्यसलाई कफविकारले हुने “आहिकज्वर” भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

इरिवेल्लिका (टाउकामा आउने खटिराविशेष)
(A kind of abscess)

परिभाषा :

(क) **Irivellikaa** is a disease caused by an affliction born of a boil in the head.

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अष्टाङ्ग हृदय :**

त्रिलिङ्गा पिटिका वृत्ता जत्रुर्ध्वमिरिवेल्लिका ।

खँगाल्नुको माथिल्लो भागमा त्रिदोषका कारण एवं लक्षण सहित आउने गोलाकार खटिरालाई "इरिवेल्लिका" भनिन्छ ।

(ख) **भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

पिडकामुत्तमाङ्गस्थां वृत्तामुग्ररुजाज्वराम् । सर्वात्मिकां सर्वलिङ्गां जानीयादिरिवेल्लिकाम् ॥

त्रिदोषका कारणले टाउकामा आउने गोला, अति दुख्ने र जरो समेत निकाल्ने खालको खटिरा वा पिलोलाई "इरिवेल्लिका" भनिन्छ ।

इलीश (हिलसा माछा)
(Clubea Ilisha)

परिभाषा :

(क) **शब्दकल्पद्रुम (इलीश वा इल्लिश)** : तिव्र गतिमा पौडने माछो विशेष ।

(ख) **के.यन.स्वामी (इलीश)** : हिलसा माछो ।

(ग) **हिन्दी विश्वकोश (इलीश)** : मत्स्यविशेष । गाङ्गेय, वारिकर्पूर, शफराधिप, जलताल, राजशफर, इल्लीश र जलतापी यसका पर्यायवाची नाम हुन् । अंग्रेजीमा यसलाई Clubea Ilisha भनिन्छ । यो माछा पास्योपसागर, सिन्धुनदीका उपनदस्, भारतवर्ष, ब्रह्मदेश र मदयद्वीपका ठूलठूला नदीमा पाइन्छ । कृष्णानदीमा असोजमा, गोदावरी नदीमा कार्तिक, कावेरी नदीमा जेठ, सिन्धुनदीमा फागुन-चैत्र तथा ब्रह्मदेशका इरावती नदीमा कार्तिक महिनामा बढी देखिन्छ । यसको चाँदी जस्तो सेतो शरीरमा सुनौला रङ चढेको हुन्छ, बीचबीचमा केही रातोपन पनि भल्किन्छ । यो डेण हातसम्म लामो हुन्छ । खानमा खूब मिठो हुन्छ । यसको शरीरमा चिल्लोपन बढी हुन्छ । यसलाई हिन्दीमा हिलसा भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **भावप्रकाश निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

इल्लीसो मधुरः स्निग्धो रोचनो वह्निवर्द्धनः । पित्तहृत्कफकृत्किञ्चिल्लघुर्वृष्योऽनिलापहः ॥

इल्लीस नामक माछाको मासु गुलियो, चिल्लो, रुचिकर, जठराग्नि वर्धक, पित्तविकार नाशक, कफविकार गर्ने, थोरै पचाउन सहज, वीर्यवर्धक र वातविकार नाशक हुन्छ ।

इलीश (हिलसा, Tenualosa ilisha) तस्बिर श्रोत : indiabiodiversity.org

उच्चिटिङ्ग (विषालु कीराविशेष)
(A poisonous insect)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

**उच्चिटिङ्गस्तु वक्त्रेण दशत्यभ्यधिकव्यथः । साध्यतो वृश्चिकात् स्तम्भं शेफसो हृष्टरोमताम्॥
करोति सेकमङ्गानां दंशः शीताम्बुनेव च ।**

उच्चिटिङ्ग नामक कीराले मुखले टोक्दछ । निको हुने मन्दविषयुक्त बिच्छीले डसेको भन्दा यसले टोक्दा बढी दुख्दछ । पुरुषको जननेन्द्रिय लाटो (नचल्ने) हुन्छ । शरीर रोमाञ्चित हुन्छ । शरीरभरी चिसो पानी छम्केको भान हुन्छ । अर्थात् चिसो पसिना आउँदछ ।

(ख) अष्टाङ्ग सङ्ग्रह :

उष्ट्रवर्णतया प्रोक्तः स एव ह्युष्ट्रधूमकः। रात्रिको रात्रिचाराच्च ....।

यो कीरालाई उँटको जस्तो रङ हुनाले उष्ट्रधूमक र रातमा घुम्ने हुनाले रात्रिक पनि भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) अष्टाङ्ग हृदय :

उष्ट्रधूमः स एवोक्तो रात्रिचाराच्च रात्रिकः॥

यो कीरालाई उष्ट्रधूम (उँट जस्तै कैलो) वा राती घुम्ने हुनाले रात्रिक पनि भनिन्छ ।

(घ) भावप्रकाश संहिता :

**कृष्णलोमोच्चिटिङ्गेन स्तब्धलिङ्गो भृशार्त्तिमान् । दष्टः शीतोदकेनेव सिक्तान्यङ्गानि मन्यते॥
(कृष्णलोमा-अधिकरतरकृष्णरोमा । उच्चिटिङ्गश्चीटा कीटविशेषः ।) ।**

काला (र ठूला) रौं हुने उच्चिटिङ्गले टोकेमा पूरै शरीर लाटो हुन्छ, धेरै दुख्दछ र शरीरभरी चिसो पानी छर्के जस्तो भान हुन्छ । (उच्चिटिङ्ग-हिन्दीमा चीटा वा झींगर) ।

(ङ) माधव निदान :

हृष्टलोमोच्चिटिङ्गेन स्तब्धलिङ्गो भृशार्तिमान् । दष्टः शीतोदकेनेव सिक्तान्यङ्गानि मन्यते॥

उांचांटङ्ग नामक जांवल टाक्दा शरार पूर रामाञ्चित हुन्छ, पुरुषको जननेन्द्रिय निष्क्रिय हुन्छ र अत्यधिक पीडा हुन्छ । रोगीलाई आफ्नो पूरै शरीर चिसो पानीले भिजाएको जस्तो भान हुन्छ ।
(यो जीवका बारेमा पनि समान मत छैन । कसैले विषालु कीरा त कसैले एक जातको बिच्छी बताएका छन् ।)

सङ्कलन : मोहन प्रसाद सापकोटा

उत्कोठ र कोठ (रोगविशेष)
(A kind of disease)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग हृदय :

असम्यग्वमनोदीर्णपित्तश्लेष्मान्ननिग्रहैः । मण्डलान्यतिकण्डूनि रागवन्ति बहूनि च॥
उत्कोठः सोऽनुबद्धस्तु कोठ इत्यभिधीयते ।

(ख) भावप्रकाश संहिता, माधव निदान :

असम्यग्वमनोदीर्णपित्तश्लेष्मान्ननिग्रहैः । मण्डलानि सकण्डूनि रागवन्ति बहूनि च॥
उत्कोठः सानुबन्धश्च कोठ इत्यभिधीयते ।

राम्ररी बान्ता नभई बाहिर निस्कन तयार भएको पित्त, कफ र आमाशयमा रहेका अन्नको वेग रोक्नाले राता र अति चिलाउने (छालामा) गोलाकार खालका अनेकौं दाग देखिन्छन् । यसलाई “उत्कोठ” भनिन्छ । यस्ता दाग पटकपटक निस्किए त्यसलाई “कोठ” भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

उत्तमा (पुरुष जननेन्द्रियको रोगविशेष)
(Uttamaa)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

...उत्तमां पित्तरक्तजाम् । पिटिकां माषमुद्गाभां ...।

पित्तविकार र रक्तविकारले हुने मास वा मुगीको दाना जत्रो पुरुष जननेन्द्रियमा आउने खटिरालाई उत्तमा भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

मुद्गमाषोपमा रक्ता रक्तपित्तोद्भवा च या । एषोत्तमाख्यपिडका शूकाजीर्णसमुद्भवा ॥

पुरुष जननेन्द्रिय वृद्धि गर्ने ओखती प्रयोग गरी रगत दूषित भएर तथा अजीर्णले उत्पन्न हुने मुगी वा मासको दानाजत्रो पुरुष जननेन्द्रियमा उत्पन्न हुने रातो खटिरालाई उत्तमा भनिन्छ । यो रक्तपित्त (वा रक्तविकार र पित्तविकार) रोगका कारण हुने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) माधव निदान :

मुद्गमाषोपमा रक्ता रक्तपित्तोद्भवा तु या ॥ व्याधिरेषोत्तमा नाम शूकाजीर्णनिमित्तजा ।

मुगी वा मासका दाना जत्रा राता प्रयोग गर्न नहुने खालका पुरुष जननेन्द्रिय वृद्धि गर्ने ओखती प्रयोग गरी रगत दूषित भएर उक्त स्थानमा उत्पन्न हुने खटिरालाई उत्तमा भनिन्छ ।

(घ) सुश्रुत संहिता :

मुद्गमाषोपमा रक्ता पिडका रक्तपित्तजा । उत्तमैषा तु विज्ञेया शूकाजीर्णनिमित्तजा ॥

मुगी वा मासको गेडाजत्रो, रातो, रक्तपित्तले तथा पटकपटक पुरुष जननेन्द्रिय वृद्धि गर्ने खालको गलत ओखती प्रयोग गर्नाले पुरुष जननेन्द्रियमा हुने खटिरालाई उत्तमा भनिन्छ ।

उत्पिष्ट भग्न (हाड भाँचिएको विशेष अवस्था)
(Fracture dislocation)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता :

प्रसारणाकुञ्चनवर्त्तनोग्रा रुक् स्पर्शविद्वेषणमेतदुक्तम् ।
सामान्यतः सन्धिगतस्य लिङ्गमुत्पिष्टसन्धेः श्वयथोः समन्तात् ॥
विशेषतो रात्रिभवा रुजा च ...।
(वर्तनम्-परिवर्तनम् । उत्पिष्टसन्धः-उत्पिष्टनः द्वाभ्यां अस्थिभ्यां पिष्टः सन्धिर्यस्य तस्य समन्तादुभयमानयोः शोथो भवति । विश्लिष्टमाह- विश्लिष्टइत्यादि । तौ उभयतः शोथो रात्रिरुजा च । नित्यम्-सदा, रुजाऽधिका भवतीति उत्पिष्टभेदः ।) ।

फैलाउन, खुम्च्याउन र चलाउन अति दुख्ने तथा छुन दिन नमान्ने : यी हाड भाँचिनु, मर्किनु आदि (भग्न) का समान्य लक्षण हुन् । दुई वटा हाड परस्परमा रगडिएर जोर्नी थिचिन पुग्दछ, दुवैतिर सुजन हुन्छ र रातमा बढी दुख्दछ भने त्यस्तो भग्नलाई “उत्पिष्ट” भनिन्छ ।

(ख) माधव निदान :

सङ्कलन : मोहन प्रसाद सापकोटा

...उत्पिष्टसन्धेः श्वयथुः समन्तात् ॥ विशेषतो रात्रिभवा रुजा च,

उत्पिष्ट भग्नमा चारैतिर सुन्निन्छ, राती बढी दुख्दछ ।

(ग) सुश्रुत संहिता :

वैशेषिकं तूत्पिष्टे सन्धावुभयतः शोफो वेदनाप्रादुर्भावो विशेषतश्च नानाप्रकारा वेदना रात्रौ प्रादुर्भवन्ति,

विशेष लक्षण बताउनु पर्दा-उत्पिष्ट सन्धिमुक्तमा जोर्नीका दुवैतिर सुन्निने, दुख्ने र विशेषगरी रातमा अनेक किसिमको पीडा हुने गर्दछ ।

नोट : जोर्नीमा भएका नसा र दुई भागलाई जोड्ने तरुण हाड वा पाङ्ग्रो नष्ट भएर दुई तिरको हाड परस्परमा रगडिने अवस्थालाई उत्पिष्ट भग्न भनिन्छ ।

उदर्द वा शीतपित्त (छालाको रोगविशेष)
(A kind of Urticaria)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

वरटीदष्टसंस्थानः शोथः सञ्जायते बहिः । सकण्डूस्तोदबहुलश्छर्दिज्वरविदाहवान्॥
उदर्दमिति तं विद्याच्छीतपित्तमथापरे । वाताधिकं शीतपित्तमुदर्दस्तु कफाधिकः॥

छालामा पोथी बारुलाले चिलेर हुने सुजन जस्तै सुजन हुने, चिलाउने, सियोले घोचेजसरी दुख्ने, बान्ता हुने, जरो आउने र भतभती पोल्ने खालको छालाको रोगलाई कोही "उदर्द" त कोही "शीतपित्त" भन्दछन् । वास्तवमा शीतपित्तमा वातविकारको र उदर्दमा कफविकारको बाहुल्यता हुने गर्दछ ।

(ख) भावप्रकाश संहिता :

सोत्सङ्गैश्च सरागैश्च कण्डूमद्भिश्च मण्डलैः । शैशिरः श्लेष्मबहुल उदर्दइति कीर्त्तितः॥
(सोत्सङ्गः-मध्यनिम्नैः । शैशिरः- शिशिरर्तुभवः ।) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कफविकार बढेर हुने बीचमा गहिरो, रातोपन भएको र चिलाउने खालका शिशिर ऋतुमा छालामा आउने डाबरलाई "उदर्द" भनिन्छ ।

(ग) माधव विदान :

सोत्सङ्गैश्च सरागैश्च कण्डूमद्भिश्च मण्डलैः । शैशिरः कफजो व्याधिरुदर्द इति कीर्तितः॥

भुक्क उठेर बीचमा खोपिल्टो परेको, रातो, चिलाउने र चाक्लो दागसहित शिशिर ऋतुमा कफविकारले छालामा हुने रोगलाई "उदर्द" भनिन्छ ।

उदावर्त (रोगविशेष)
(Reverse movement of Vata-dosha)

प्राचीन ग्रन्थका वचनहरू :

(क) काश्यप संहिता :

कषायकटुतिक्तरूक्षशीतपूतिशुष्कशाकवल्लूरपिण्याकसुनिषण्णकदुग्धिकाकोद्रवश्यामाकनीवारय वककट्ट वेत्राग्रकर्कन्धूकपित्थबिल्वकरीरगाङ्गेरुकीलिकुचपारावतभव्यकाञ्जिकशुक्तारनालतुषो-तुषोमुद्गकलायातसीप्रभृतिनिषेवणाद्रुक्षात्मनो वातभूयिष्ठप्रकृतेर्वेगविधारणादनिलः प्रकुपितो देहमूर्ध्वमुदामुत्य वायुनोदानेन प्रत्याहतो गुदमासाद्याशयं कृत्वाऽधोवहानि स्रोतांसि दूषयित्वा विण्मूत्रकफपित्तानिलशुक्रमार्गानुपरुणद्धि, तत आनाहमुपजनयति प्राणहरं, तल्लक्षणं वा । क्षीरमुपसेवमानस्य शिशोरचिरं वा कटीधारणाद्बस्तिगुदसंरोधनादतिरोदनात् प्रजागराद-स्नेहात्क्षीरानुपसेवनाद्वेगविधारिण्या उपवासप्रमिताशनविषमाशनप्रजागरचिन्तेर्ष्याव्यायाम नित्यायाः क्षीरमामोद्यते वायुना; तत् पीयमानमुदावर्ताय संपद्यते ।

टर्रो (कषाय), पिरो (कटु), तीतो (तिक्त), रुखो (रूक्ष), चिसो (शीत), पीप जस्तो गनाउने (पूति), सुक्खा सागपात (शुष्कशाक), सुकुटी वा सुकेको मासु (वल्लूर), पिना (पिण्याक), सेतो पुनर्नवा (सुनिषण्णक), रुदिलो (दुग्धिका), कोदो (कोद्रव), सामाधान (श्यामाक), नाभो अन्न (नीवार), जौ (यव), फलामको किट (ककट्ट), बेतको टुप्पो (वेत्राग्र), बयर विशेष (कर्कन्धू), कैथ (कपित्थ), बेल (बिल्व), करीर, नागबला (गाङ्गेरुकी), बडहर (लिकुच), तिँदु (पारावत), कमरख (भव्य), काँजी (काञ्जिक), शुक्त (अर्कविशेष), गहुँको अर्क (आरनाल), तुषोदक (अर्कविशेष), मुगी (मुद्ग), केराउ (कलाय), आलस (अतसी) आदि खानाले रुखो भएको अथवा वातप्रकृतिको शरीर हुने मानिसले दिसापिसाब आदिको वेग रोक्नाले उत्तेजित भएको वायु शरीरको माथ्लो भागमा रोकिएको उदानवायुबाट ठक्कर खाई मलद्वारमा पुगेर त्यहाँ मल, रस आदिलाई तलतिर सार्ने स्रोत (ग्रन्थी आदि) लाई प्रदूषित बनाउँदै दिसा, पिसाब, कफ, पित्त, वायु र शुक्र हिँड्ने बाटो बन्द गर्दछ । यसले गर्दा प्राणघातक "आनाह" वा त्यसका लक्षण देखिन थाल्दछ । अर्थात् आनाह नामक रोग आमविकारका कारणले हुने गर्दछ । दूध पिउने खालका बालबालिकालाई धेरै बेरसम्म कम्मरमा बोक्नाले अथवा काखमा राख्ने गर्नाले, तल्लो पेट र मलद्वारका वेग अर्थात् दिसा र पिसाबको वेग रोक्नाले, धेरै रुनाले, नसुत्नाले, शरीरमा चिल्लोपनको कमी हुनाले, दूध नपिउनाले तथा दिसा, पिसाब आदिको वेग रोक्ने, सधैँ व्रत बस्ने, नापेर थोरै खाने, एउटै समयमा भोजन नगर्ने, नसुत्ने, इर्ष्यालु र व्यायाम गर्ने खालकी आमा वा धाईआमाको दूध वायुका कारण विकृत हुने गर्दछ । यस्तो दूध पिउने गर्नाले बालबालिकालाई उदावर्त रोग हुन्छ ।

तत्र षड्डुदावर्ताः ।

उदावर्त छ प्रकारका हुन्छन् ।

वातविण्मूत्रशुक्रच्छर्दिक्षवथूनां संधारणादप्रवृत्तेश्च षण्णां षड्डुच्यन्ते । तदुदावर्तसामान्यात्तु

तमेकमेवाहुरेके ।

वायु (अपानवायु वा डकार), दिसा, पिसाब, शुक्र, बान्ता र हाच्छिउँ : यी छ कुरा रोक्नाले वा नियमित नहुनाले छ किसिमका उदावर्त रोग हुने गर्दछन् । यी सबै उदावर्तका लक्षण सामान्य हुने कारणले केही विद्वानहरू यसलाई एउटै उदावर्त पनि मान्ने गर्दछन् ।

तेषां नवेगान्धारणीयेऽध्याये लक्षणान्यौषधानि चोक्तानि ।

ती छ प्रकारका उदावर्तका लक्षण र उपचारका बारेमा "न वेगान्धारणीय" नामक अध्यायमा बताइएको छ ।

तानीहापि तु दारुणत्वादस्य व्याधेर्यत्किञ्चिदुपदेक्ष्यामः ।

ती रोग खतरनाक भएकाले तिमध्येका केही लक्षणहरू यहाँ पनि बताइन्छ ।

शूलमूर्च्छादाहानाहाध्मानानि, प्रवृत्तिद्वेषो, वैवर्ण्यं, संज्ञानाशस्खलनपतनविलपनतृष्णाहिक्काश्वासप्रस्वेदाऽङ्गारपरिकर्तिकाभिरभीक्ष्णं बाध्यते, बस्तिगुदहृदयपार्श्ववंक्षणोदरशूलमूरुसादो व्यथा चेत्सुदावर्तलक्षणानि । पञ्चादौ पूर्वरूपाणि भवन्ति॥

शूल, बेहोसी, डाह, आनाह, आध्मान, कुनै कामकुरामा रुचि नहुनु (प्रवृत्तिद्वेष), शरीरको रङ विकृत हुनु वा फुस्रो देखिनु (वैवर्ण्य), टोहोलाउनु, चिप्लनु, लड्नु, रुनु, तिर्खाउनु, बाडुली आउनु, दम हुनु, पसिना आउनु, भुङ्ग्रोले पोले जसरी पोल्नु, मलद्वारमा खुर्किए जसरी दुख्नु आदि जस्ता पीडाले बिरामीलाई निरन्तर दुःख हुन्छ । तल्लो पेट, मलद्वार, मुटु, कोख, कम्मर र पेट दुख्दछ । घुँडा दुख्ने आदि जस्ता रोग पनि हुन्छन् । यी उदावर्तका लक्षणहरू हुन् । यिमध्ये पहिलेका पाँच लक्षण उदावर्तका पूर्वरूप (पूर्वलक्षण) हुन् ।

(ख) **भावप्रकाश संहिता :**

यत्रोर्ध्वं जायते वायोरावर्तः स चिकित्सकैः । उदावर्त इति प्रोक्तो व्याधिस्तत्रानिलः प्रभुः॥
(आवर्तः - भ्रमः ।) ।

जुन रोगमा शरीरमा रहेको वायुको घुमाइ मास्तिरतिर हुने गर्दछ त्यो रोगलाई वैद्यजन "उदावर्त" भन्दछन् । यो रोगको मुख्य कारण शरीर भित्र रहेको वायु हो ।

(ग) **भावप्रकाश संहिता, माधव निदान :**

वातविण्मूत्रजृम्भाश्रुक्षवोद्गारवमीन्द्रियैः । क्षुत्तृष्णोच्छ्वासनिद्राणां धृत्योदावर्तसम्भवः॥
(इन्द्रियमत्र शुक्रम् । अत्र तीतीया सहाथा । धृत्या वेगविधातेन ।) ।

अपानवायु, दिसा, पिसाब, हाई, आँशु, हाच्छिउँ, डकार, बान्ता, शुक्र, भोक, तिर्खा, सास र निद्राको वेग रोक्नाले उदावर्त रोग हुन्छ । (शरीर भित्रको वायुको विपरीत गतिलाई उदावर्त भन्न सकिन्छ) ।

(घ) **सुश्रुत संहिता :**

अधश्चोर्ध्वं च भावानां प्रवृत्तानां स्वभावतः । न वेगान् धारयेत् प्राज्ञो वातादीनां जिजीविषुः ॥
वातविण्मूत्रजृम्भाश्रुक्षवोद्गारवमीन्द्रियैः । व्याहन्यमानैरुदितैरुदावर्तो निरुच्यते ॥
क्षुत्तृष्णाश्वासनिद्राणामुदावर्तो विधारणात् ।

लामो आयु चाहने बुद्धिमान मानिसले शरीरमा स्वाभाविकरूपमा हुने वायु आदिको तलतिर वा माथितिर जाने वेगलाई रोक्ने नगर्नू । शरीरभित्रको वायु, दिसा, पिसाब, हाई, आँशु, हाच्छिउँ, डकार, बान्ता र शुक्र : यी कुराको वेगलाई रोक्नाले उदावर्त रोग उत्पन्न हुन्छ । भोक, तिर्खा, सास र निद्राको वेग रोक्नाले (पनि) उदावर्त रोग हुन्छ ।

नोट : जे कारणले उदावर्त भएको हो सोही अनुसार यसका बेग्लाबेग्लै लक्षण हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

उदीच्य (सुगन्धबाल)
(Indian Valerian)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : उदीच्य, बाल आदि भनेको सुगन्धवाल हो ।

(ख) नेपाली बृहत् शब्दकोश (सुगन्धबाल) : भुस नभएको सोभो डाँठमा काँक्राका जस्ता चारपाँच कुना परेका पात हुने, लामालामा डाँठमा गुलाफी फूल फुल्ने, लाम्चा गेडा फल्ने एक जातको सुगन्धी बोट ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई ल्याटिन भाषामा *Pavonia odorata* Willd. भनिन्छ ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसलाई ल्याटिन भाषामा *Andropogan Muricatus* भनिन्छ ।

(ङ) आचार्य बालकृष्ण : यसलाई अंग्रेजीमा Fragrant swamp mallow, Pavonia वा Fragrant pavonia भनिन्छ । यसबाट कस्तूरीको जस्तो बास्ना आउँदछ । यसको वानस्पतिक नाम *Pavonia odorata* Willd. Syn-*Diplopenta odorata* Alef हो । यो Malvaceae परिवारमा पर्दछ ।

(च) धन्वन्तरी निघण्टुका टीकाकार वैद्य डी.के. कामत र डा.यस.डी.कामत : सुगन्धबाल Gramineae वा Poaceae परिवारमा पर्दछ । सुगन्धबालको *Vetiveria zizanioides* Nash. (उशीर), *Pavonia odorala* Linn., *Andropogon muricatus* Retz., *Sqarrosus* Hook. Fl: (non L., Sp. PL.)., *Valeriana Wallichii* Dc. वा *Coleus vettiveroides* K.C. Jacob वानस्पतिक नाम हुन् ।

(छ) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 M सुगन्धबाल Caprifoliaceae परिवारमा पर्दछ । यसको अंग्रेजी नाम Indian Valerian र वानस्पतिक नाम *Valeriana jatamansii* Jones हो ।

(ज) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : सुगन्धबाल Angiosperm समूह अन्तर्गत Caprifoliaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Valeriana jatamansi* Jones हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

वालकमुक्तमुदीच्यं ह्रीवेरं मानवं तथा वज्रम् । पिङ्गं कचं च केशं जलाभिधानैश्च तज्ज्ञेयम्॥

वालक, उदीच्य, ह्रीवेर, मानव, वज्र, पिङ्ग, कच, केश र जलका पर्याय : यी सुगन्धबालका पर्यायवाची नाम हुन् ।

(ख) अभिधानरत्नमाला, अष्टाङ्ग निघण्टु :

ह्रीबेरं बालकेशाह्वमुदीच्यं बालकञ्जलम् ।

ह्रीबेर, बाल, केशका पर्याय, उदीच्य, बालक र जल : यी सुगन्धबालका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

बालं ह्रीबेरबर्हिष्ठोदीच्यं केशाम्बुनाम च ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

बाल, ह्रीवेर, वर्हिष्ठ, उदीच्य, केशका पर्यायवाची शब्द र पानीका पर्यायवाची शब्द : यी सुगन्धवालका पर्यायवाची नाम हुन् ।

(घ) कैयदेव निघण्टु :

ह्रीबेरं वालुकं वारि बर्हिष्ठं पिङ्गलं जलम् । उदीच्यमम्बु तिक्ताङ्गं वज्रमायनं कचम्॥
बालकं मधुरं तिक्तं दीपनं पाचनं हिमम् । लघु रूक्षं ज्वरं हन्ति रक्तपित्तकफव्रणान्॥
दाहहृल्लासवीसर्पतृष्णातिसारहृद्गदान् ।

ह्रीबेर, वालुक, वारि, बर्हिष्ठ, पिङ्गल, जल, उदीच्य, अम्बु, तिक्ताङ्ग, वज्र, आयन (वज्रमायन) र कच : यी सुगन्धबालका पर्यायवाची नाम हुन् । यो गुलियो, तितो, दीपनी, पाचनी, शीतवीर्यको, पचाउन सहज, रुखो तथा रक्तपित्त, कफविकार, खटिरा, डाह, छातीको पीडा वा बाडुली, वीसर्प, तिर्खा, अतिसार र मुटुका रोग नाश गर्ने गुणको हुन्छ ।

(ङ) धन्वन्तरी निघण्टु :

बालकं वारि तोयं च ह्रीवेरं जलमम्बु च । केश्यं वज्रमुदीच्यं च पिङ्गमाचमनं कचम्॥
बालकं शीतलं तिक्तं पित्तश्लेष्मविसर्पजित् । ज्वरकुष्ठातिसारघ्नं केश्यं श्वित्रव्रणापनुत्॥

सुगन्धबाल (तस्बिर श्रोत : पेअर डी आमरकोश)

बालक, वारि, तोय, ह्रीवेर, जल, अम्बु, केश्य, वज्र, उदीच्य, पिङ्ग, आचमन र कच : यी सुगन्धबालका संस्कृत पर्यायवाची नामहरू हुन्। सुगन्धबाल शीतवीर्यको र तीतो हुन्छ। यसले पित्तविकार, कफविकार र विसर्पलाई जित्दछ। सुगन्धबालले जरो, कुष्ठ र अतिसार नाश गर्दछ। यो कपालका लागि हितकर हुन्छ। यसले सेतोकुष्ठ र घाउखटिरा हटाउँदछ।

(च) निघण्टुशेष :

वालके जल-केशाख्यं बर्हिष्ठं दीर्घरोमकम्। ह्रीबेरोदीच्य वज्राणि पिङ्गमाचमनं कचम्॥
(वाडते वालम्, वलति वा, स्वार्थिके के वालकम्। जल-केशयोराख्या-नामाऽस्य जलाख्यं केशाख्यं च, तेन नीरं वारीत्यादि, केश इत्यादि। बर्हते-वर्धते बर्हिष्ठम्। दीर्घाणि रोमाण्यस्य दीर्घरोमकम्। जिह्वेतीव ह्रीबेरम्। उदीचि भवं उदीच्यम्। वजति वज्रम्, इति रः, पुं- क्लीबलिङ्गः। पीयते पिङ्गम्। आचम्यते आचमनम्। कचते कचम्।)।

वालक, जलका पर्याय, केशका पर्याय, बर्हिष्ठ, दीर्घरोमक, ह्रीबेर, उदीच्य, वज्र (पुं० र नपुं० लिङ्ग), पिङ्ग, आचमन र कच : यी सुगन्धबालका पर्यायवाची नाम हुन्।

(छ) पर्यायरत्नमाला :

सङ्कलन : मोहन प्रसाद सापकोटा

जलं वारि बर्हिष्ठाम्बु ह्रीवेरोदीच्यबालकम्।

जल, वारि, बर्हिष्ठ, अम्बु, ह्रीवेर, उदीच्य र बालक : यी सुगन्धबालका पर्यायवाची नाम हुन्।

(ज) भावप्रकाश निघण्टु :

बालं ह्रीबेरबर्हिष्ठोदीच्यं केशाम्बुनाम च॥
बालकं शीतलं रूक्षं लघु दीपनपाचनम्। हृल्लासारुचिवीसर्पहृद्रोगामातिसारजित्॥

बाल, ह्रीबेर, बर्हिष्ठ, उदीच्य, केश र यसका पर्यायवाची शब्द, अम्बु र यसका पर्यायवाची शब्द तथा बालक : यी सुगन्धवालका संस्कृत पर्यायवाची नामहरू हुन्। यसले शीतल गर्दछ। यो रुखो, पचाउन हलुका, अग्निवर्द्धक र पाचक हुन्छ। यसले जीउको बेचैनी, अरुची, वीसर्प, मुटुका रोग, आमरोग र अतिसार नाश गर्दछ।

(झ) मदनपाल निघण्टु :

वालकं वारि ह्रीबेर पिङ्गमाचमनं कचम्। उदीच्यं वज्रमन्थाह्वं वरिष्ठं गन्धमूलकम्॥
वालकं शीतलं रूक्षं लघु दीपनपाचनम्। रक्तपित्तज्वरश्लेष्मदाहतृष्णाव्रणापहम्॥

वालक, वारि, ह्रीबेर, पिङ्ग, आचमन, कच, उदीच्य, वज्र, मन्थाह्व, वारिष्ठ र गन्धमूलक : यी सुगन्धबालका संस्कृत पर्यायवाची नामहरू हुन् । सुगन्धबालले शीतल गर्दछ । यो रुखो, पचाउन सहज, दीपनी, पाचनी तथा रक्तपित्त, जरो, कफविकार, डाह, तिर्खारोग र घाउखटिरा नाशक हुन्छ ।

(ञ) **मदनादि निघण्टु :**

वालकं क्षार्यं नीचं च वरिष्ठं पिङ्गलं जलम् । ह्रीबेरमम्बु केशाह्वं सन्नमावसनं कचम् ॥
दीपनं पाचनं हृद्यं सुगन्धी ज्वरदाहहा । तृष्णाघ्नं छर्दिशमनं वालकं कफपित्तजित् ॥

वालक, क्षार्य, नीच, वरिष्ठ, पिङ्गल, जल, ह्रीबेर, अम्बु, केशका पर्याय, सन्नमावसन (सन्न र आवसन) र कच : यी सुगन्धबालका पर्यायवाची नाम हुन् । यो दीपनी, पाचनी, मुटुका लागि हितकर, सुगन्धी; जरो, डाह र तिर्खा नाश गर्ने; वावाकी शान्त पार्ने तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

(ट) **माधव द्रव्यगुण :**

ह्रीबेरं छर्दिहृल्लासतृष्णातीसारनाशनम् । कफघ्नं तिक्तकटुकं मुस्तं सङ्ग्राहि पाचनम् ॥

सुगन्धबाल वाकवाकी, छातीको पीडा बाडुली, तिर्खा, अतिसार र कफविकार नाश गर्ने; तितो, पिरो, मुस्त (?), ग्राही र पाचनी गुणको हुन्छ ।

(ठ) **राज निघण्टु :**

बालकं वारिपर्यायैरुक्तं ह्रीबेरकं तथा । केश्यं वज्रमुदीच्यञ्च पिङ्गं च ललनाप्रियम् ॥
बालञ्च कुन्तलोशीरं कचामोदं शशीन्दुधा ॥
बालकं शीतलं तिक्तं पित्तवान्तितृषापहम् । ज्वरकुष्ठातिसारघ्नं केश्यं श्वित्रव्रणापनुत् ॥

(१) बालक, (२) वारि (जल)का पर्यायवाची शब्द, (३) ह्रीबेरक, (४) केश्य, (५) वज्र, (६) उदीच्य, (७) पिङ्ग, (८) ललनाप्रिय, (९) बाल, (१०) कुन्तलोशीर र (११) कचामोद : यी एघार नाम सुगन्धबालका संस्कृत पर्यायवाची नामहरू हुन् । सुगन्धबाल शीतवीर्यको, तीतो तथा पित्तविकार, वाकवाकी र तिर्खा नाशक हुन्छ । यसले ज्वर, कुष्ठ र अतिसारलाई नाश गर्दछ तथा कपाललाई फाइदा गर्दछ । यसले सेतो कुष्ठ र घाउखटिरा ठिक गर्दछ ।

(ड) **राजवल्लभ निघण्टु :**

ह्रीबेरं छर्दिहृल्लासतृष्णातीसारनाशनम् ॥

सुगन्धवालले वाकवाकी, छातीको पीडा वा बाडुली, तिर्खा र अतिसारलाई नाश गर्दछ ।

(ढ) शालिग्राम निघण्टु :

वालकं वारिदं वालं ह्रीबेरं केशनामकम् । कचामोदवरं पिङ्गं कुन्तलो वारिनामकम्॥

वालक, वारिद, वाल, ह्रीबेर, केशका पर्याय, कचामोदवर, पिङ्ग, कुन्तल र वारिका पर्याय : यी सुगन्धबालका पर्यायवाची नाम हुन् ।

वालकः शीतलस्तिक्तः केश्यः पाचनकृन्मधुः । दीपनोलघुरूक्षश्च कफपित्तवमीहरः॥
तृषाकुष्ठातिसारघ्नो ज्वरश्वासारुचीहरः । व्रणवीसर्पहृद्रोगलालास्रावहरो मतः॥
रक्तदोषं रक्तपित्तं कण्डूं दाहं च नाशयेत् । (निघण्टु रत्नाकर)

सुगन्धबाल शीतवीर्यको, तितो, कपालका लागि हितकर, पाचनी, गुलियो, दीपनी, पचाउन सहज, रुखो तथा कफविकार, पित्तविकार, वाकवाकी, तिर्खा, कुष्ठ, अतिसार, जरो, दम, अरुची, खटिरा, वीसर्प, मुटुका रोग र राल चुहिरहने रोग नाश गर्ने गुणको हुन्छ ।

(ण) सरस्वती निघण्टु :

श्रीकरं वालकं वालोदीच्यं ह्रीवेरपिङ्गले ।
बर्हिष्ठं जलपर्यायवाचकश्चाभिधीयते॥

श्रीकर, वालक, वाल, उदीच्य, ह्रीवेर, पिङ्गल, बर्हिष्ठ र जलका पर्याय : यी सुगन्धबालका पर्यायवाची नाम हुन् ।



सुगन्धबाल (तस्विर श्रोत : पेअर डी अमरकोश)

(त) सोढल निघण्टु :

ह्रीबेरे तु वनं वन्यं बालकं केशनाम च । पिङ्गं
वज्रमुदीच्यं बर्हिष्ठं तीक्ष्णगन्धिकम्॥
तिक्ताङ्गं खरशाखश्च वराङ्गं भूषणं जलम् ।

ह्रीबेर, वन, वन्य, बालक, केशका पर्याय, पिङ्ग, वज्र, उदीच्य, बर्हिष्ठ, तीक्ष्णगन्धिक, तिक्ताङ्ग, खरशाख, वराङ्ग, भूषण र जल : यी सुगन्धबालका पर्यायवाची नाम हुन् ।

(थ) सौश्रुत निघण्टु :

बालको वार्युदीच्यञ्च बर्हिष्ठं पिङ्गलन्तथा । ह्रीबेरञ्च वराङ्गञ्च वेगमाचमनं तथा॥

बालक, वारि, उदीच्य, बर्हिष्ठ, पिङ्गल, ह्रीबेर, वराङ्ग, वेग र आचमन : यी सुगन्धबालका पर्यायवाची

नाम हुन् ।

(द) **हृदयदीपक निघण्टु :**

उदीच्यमम्बु ह्रीबेरं बालकं जलमित्यपि ।

उदीच्य, अम्बु, ह्रीबेर, बालक र जल : यी सुगन्धबालका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

उद्वर्तन (बुकुवा)
(Udvartana)

परिभाषा :

(क) **के.यन.स्वामी (उद्ववर्तन) :** (१) तेल बुकुवा आदिको मालिस लगाउनु । (२) शरीरमा लगाइने बुकुवा ।

(ख) **नेपाली बृहत् शब्दकोश :** (१) अवलेपन : शरीरमा घस्ने तेल, पाउडर, बुकुवा आदि पदार्थ । (२) आलेप : शरीरमा घसिने भुटेको तोरी र हलेदो; बुकुवा । (३) ओबट्नु : शरीरलाई सफा, सुन्दर बनाउनका निमित्त बुकुवा आदि घस्नु । (४) कल्क : बुकुवा । (५) खोप्रे नैनी : बुकुवा, तेल आदि लाउने वा नङ पालिस आदि गरी मालिक्नीको सुसार गर्ने स्त्री । (६) पराग : नुहाउनुभन्दा पहिले घसिने सुगन्धी चूर्ण; बुकुवा । (७) बुकुवा : (अ) आङको मैलो फालेर चिल्लो पार्न मर्दन गरिने तोरी, रायो, बेसार आदि पिँधेर बनाइएको सुगन्धी पदार्थ । (आ) ब्रतवन्धमा बटुकले र विवाहमा दुलहाले बुकुवाको लेप घसेर नुहाउने माङ्गलिक विधि ।

(ग) Rubbing and cleaning the body with perfumes or fragrant unguents, or the unguents used for this purpose or to relieve pain.

प्राचीन ग्रन्थका वचनहरू :

(क) **मदनपाल निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

उद्वर्तनं वातहरं भ्राजकानलदीपनम् । गात्रस्थिरत्वसुखितात्वक्प्रसादमृदुत्वकृत् ॥

बुकुवा दल्नाले बातविकार नाश हुन्छ, शरीर चम्किलो हुन्छ, पाचनशक्ति बलियो हुन्छ, अङ्ग स्थिर हुन्छन्, आनन्द हुन्छ, छाला स्वच्छ हुन्छ र शरीर कोमल हुन्छ ।

उद्वर्तन (तस्बिर श्रोत : कलरीआयुर्वेदडटकम)

(ख) **मनुस्मृति :**

उद्वर्तनमपस्नानं ... नाधितिष्ठेत्तु कामतः ॥

बुकुवा दलेर नुहाएको दुषित पानी भएका स्थानमा नबस्नू ।

(ग) **राजवल्लभ निघण्टु :**

उद्वर्तनं वातहरं कफमेदोनिलापहम् । स्थिरीकरणमङ्गानां त्वक्प्रसादकरं परम् ॥

उद्वर्तनं हारिद्राद्यैः कण्डूवैवर्ण्यरौक्ष्यजित् । तिलेनोद्वर्तनं कण्डूरौक्ष्यत्वग्दोषनाशनम् ॥

बुकुवा घस्नाले वातविकार, कफविकार, बोसोविकार र वातरोग नाश हुन्छ । यसले शरीरलाई स्थिर राख्दछ र छालालाई निर्मल बनाउँदछ । बेसार आदि हाली बुकुवा घस्नाले लुतो, शरीरको वर्णहीनता र रुखोपनलाई जित्दछ । तिलको बुकुवा घस्नाले लुतो, छालाको रुखोपन र अन्य छालाका रोगहरू नाश हुन्छन् ।

(घ) **सुश्रुत संहिता :**

...यवपिष्टमुद्वर्तनार्थे ...। गात्रस्योद्वर्तनं चैव हितं ...।
यवाश्वागन्धायष्ट्याह्वैस्तिलैश्चोद्वर्तनं हितम् ।

उद्वर्तनका लागि जौको पीठो प्रयोग गर्नू । (विशेष कारणले निद्रा नलाग्दा) शरीरमा बुकुवा घस्नू पनि हितकर हुन्छ । (कानको रोग हुँदा) जौ, अश्वगन्धा, जेठीमधु र तिलको धूलो मिसाएर कानमा बुकुवा दल्नु हितकर हुन्छ ।

उद्वर्तनं वातहरं कफमेदोविलापनम् ॥
स्थिरीकरणमङ्गानां त्वक्प्रसादकरं परम् । सिरामुखविविक्तत्वं त्वक्स्थस्याग्नेश्च तेजनम् ॥

बुकुवा घस्नाले वातविकार नाश हुन्छ, कफविकार र बोसोविकार लोप गराउँदछ (पगाल्दछ) र अङ्गलाई स्थिर बनाउँदछ । छालालाई पनि अति नै निर्मल बनाउँदछ । (विलापनम्-द्रवीकरणम्) । उद्घर्षण (मालिश) र बुकुवा दल्नाले छालामा रहेका मसिना नसाको मुख खुल्दछ तथा छालामा रहेको भ्राजक पित्त (तेजिलो अग्नि) निश्चय नै तेजिलो हुन पुग्दछ ।

सङ्कलक : मोहन प्रसाद सापकोटा

उन्मत्त विधि (तन्त्रसाधनाविशेष)
(Unmatta vidhi)

(क) अर्कप्रकाश :

ऊर्णनाभिश्च षड्विन्दुः समांशः कृष्णकण्टकी । भावयेतदर्केण शत्रु गात्रे बिनिक्षिपेत्॥
स्फोटा भवन्ति सप्ताहान् म्रियते च तया रुजा । इन्दीवरमयुराणाम्पिच्छलेपात्सुखी भवेत्॥

माकुरो, षड्विन्दु (गोबरमा हुने कीरा विशेष वा बिच्छी ?) लाई बराबर मात्रामा लिई कालो कण्टकारीको अर्कमा भिजाउनू । यसपछि यो अर्क शत्रुका शरीरमा छर्कनू । हप्ता दिनमै शत्रुका शरीरभरी फोका उठ्दछन् । यसको पीडाले उ मर्दछ । नीलकमल र मयुरको प्वाँखको लेप दल्नाले ठिक हुन्छ ।

याम्यभौमे मृतोयस्तु तद्भस्मादाय रक्षयेत् । वैरिवर्चैस्कसंयुक्तं शरावैः सम्पुटी कृतम्॥
मृतक्लेशैस्तदावेष्ट्य शून्यागारे परित्यजेत् । यावच्छुष्यति सा विष्ठा तावच्छत्रुर्मृतो भवेत्॥
तारो नमो भगवते ॐ डामरेश्वराय च । अमुकं मारय मारय ठः ठः एवं मन्त्रमुदीरयेत्॥

भरणी नक्षत्र परेको मङ्गलबार मरेका व्यक्तिको खरानी लेराएर जतन गरी राख्नू । यसमा शत्रुको दिसा मिसाएर कुनै भाँडामा हाली बन्द गर्नू । यसलाई कुनै लाशको कपालले बेरी कुनै सुनसान घरमा लगेर राख्नू । जतिबेरमा दिसा सुक्दछ त्यतिबेरमा शत्रु पागल भएर मर्दछ । यो प्रयोग गर्नु अघि “ॐ नमो भगवते ॐ डामरेश्वराय अमुकं (मार्नुपर्नेको नाम) मारय ठः ठः” मन्त्र जपी सिद्ध गर्नुपर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

भावितान्धूर्त्तजार्केण भक्ष्ये पाने प्रदीयते । उन्मत्तो जायते स्वस्थः सितागोदुग्धपानतः॥

माथि बताइएको भस्मलाई धतुराको अर्कमा भिजाएर खानेकुरामा मिसाई खुवाउनाले शत्रु पागल हुन्छ । मिस्री र गाईको दूध खानाले ठिक हुन्छ ।

ल(न)वमुखी रुद्राहारः कण्टकी कण्टकैः समम् । लाङ्गूलद् द्विषो विष्ठा गृहीत्वा दक्षिणाशजाम्॥

लवमुखी (?), रुद्राहार (?) र काँडा सहितको कण्टकारीलाई जमालगोटाको रसमा पकाउनू । त्यसमा हरिताल मिसाएर सुकाउनू । यसको धूपले शत्रु पागल हुन्छ । कालजिरी (?) को धूपले ठिक हुन्छ ।

वृकविष्ठां समादाय दक्षिणाशासमुद्भवाम् । विसृजेच्छयने यस्य सद्यश्शत्रोरपस्मृतिः॥
क्षीरसंघृष्टमुण्डस्य शय्यात्यागेऽप्यपस्मृतिः॥

दक्षिणतिरबाट ब्वाँसोको दिसा लेराई शत्रुका ओछ्यानमा हालि दिँदा अथवा खोपडीलाई दूधमा घोटेर शत्रुका ओछ्यानमा हालि दिँदा शत्रु पागल हुन्छ ।

उपदंश (पुरुष जननेन्द्रियको रोगविशेष)
(Soft chancre, Venereal disease)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

हस्ताभिघातान्नखदन्तपातादधावनाद्त्यतिसेवनाद्वा ।
योनिपदोषाच्च भवन्ति शिश्ने पञ्चोपदंशा विविधापचारैः ॥

हातले जननेन्द्रिय माड्नाले, नङ वा दाँतको चोट लाग्नाले, राम्ररी सफा नगर्नाले, नियम विपरीत अधिक मैथुन गर्नाले, खराब स्त्री-जननेन्द्रियसँगको सम्पर्कले तथा शरीरले नसहने खालका अनेक थरी खानपिन गर्नाले पुरुष जननेन्द्रियमा पाँच किसिमका उपदंश नामका रोग हुन्छन् ।

(ख) सुश्रुत संहिता :

तत्रातिमैथुनादतिब्रह्मचर्याद्वा तथाऽतिब्रह्मचारिणीं चिरोत्सृष्टां रजस्वलां दीर्घरोमां कर्कशरोमां सङ्कीर्णरोमां निगूढरोमामल्पद्वारां महाद्वारामप्रियामकामामचौक्षसलिलप्रक्षालितयोनिमप्रक्षालितयोनिं योनिरोगोपसृष्टां स्वभावतो वा दुष्टयोनिं वियोनिं वा नारीमत्यर्थमुपसेवमानस्य तथा करजदशनविषशूकनिपातनाद्बन्धनाद्धस्ताभिघाताच्चतुष्पदीगमनादचौक्षसलिलप्रक्षालनादवपीडनाच्छुक्रवेगविधारणान्मैथुनान्ते वाऽप्रक्षालनादिभिर्मेढ्रमागम्य प्रकुपितादोषाः क्षतेऽक्षते वा श्वयथुमुपजनयन्ति तमुपदंशमित्याचक्षते ॥

अति धेरै सहवास गर्नाले; अति ब्रह्मचारिणी (सहवासबाट अति निवृत्त हुनाले स्त्री जननेन्द्रिय कठोर र साँघुरो भएकी), कहिलेकाहीँ मात्र सहवासमा संलग्न हुने, रजस्वला, लामो रौँ हुने, खस्रो रौँ हुने, बाक्ला रौँ हुने, भित्रतिर छिरेकाले नदेखिने रौँ भएकी, खुम्चिएको वा सानो मुख भएको जननेन्द्रिय भएकी, जननेन्द्रियको मुख अति ठूलो भएकी, माया नगर्ने, सहवासको चाहना नगर्ने, अपवित्र रहने, पानी बगेर जननेन्द्रिय दूषित भइरहेकी, जनननेन्द्रिय सफा नगर्ने, जननेन्द्रियमा रोग भएकी र प्राकृतिकरूपमा वातविकार आदिले दूषित जननेन्द्रिय भएकी स्त्रीलाई सहवास गर्नाले; स्त्री जननेन्द्रिय बाहेकका भागमा सहवास गर्नाले, स्त्रीको अति सेवन गर्नाले तथा नङ, दाँत, विष, भुसिलकीरा आदिले; सिवाँलीले बाँध्नाले, हातको चोटले, पशुलाई मैथुन गर्नाले, अपवित्र पानीले जननेन्द्रिय सफा गर्नाले, थिच्नाले, वीर्य र मूत्रको वेग रोक्नाले, सहवास पछि जननेन्द्रिय सफा नगर्नाले आदि जस्ता कारणले उत्तेजित र विकृत भएको वात आदि विकार पुरुष जननेन्द्रियमा आई घाउ सहितको वा घाउ नभएको सुजन निकाल्दछ । यसलाई "उपदंश" भनिन्छ ।

उपधातु (शरीरका उपधातु)
(Upadhaatu)

प्राचीन ग्रन्थका वचनहरू :

(क) शार्ङ्गधर संहिता :

स्तन्यं रजश्च नारीणां काले भवति गच्छति ।
शुद्धमांसभवः स्नेहः सा वसा परिकीर्त्तिता ॥१६॥
स्वेदो दन्तास्तथा केशास्तथैवोजश्च सप्तमम् ।
इति धातुभवा ज्ञेया एते सप्तोपधातवः ॥१७॥

दूध रसधातुको र रज रगतधातुको उपधातु हो । यी समय अनुसार स्त्रीमा प्रकट हुन्छन् र समय अनुसार नै नष्ट हुन्छन् । शुद्ध मासुले बनेको चिल्लो, मासुको उपधातु हो । बोसोको उपधातु पसिना हो । दाँत हाडको उपधातु हो । कपाल मासीको उपधातु हो । तेज शुक्रको उपधातु हो । यसरी सात धातुबाट उत्पन्न हुने सात उपधातुका बारेमा जान्नू । केही आचार्यहरू यी उपधातुलाई पनि धातुका मलकै रूपमा मान्दछन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

उपनख, अक्षत वा चिप्प (हातका नङको रोगविशेष)
(A disease of the finger nail)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कुर्यात्पित्तानिलं पाकं नखमांसे सरुग्ज्वरम्॥ चिप्य(प्प)मक्षतरोगं च विद्यादुपनखं च तम्।

पित्तविकार र वातविकारका कारण नङको मासु पाक्ने, दुख्ने र जरो समेत फुटाउने खालको रोगलाई चिप्य, अक्षत वा "उपनख" भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान :

नखमांसमधिष्ठाय वातःपित्तश्च (पित्तः च) देहिनाम्।
करोति दाहपाकौ च तं व्याधिं चिप्पमादिशेत्॥

मानिसका नङमा वात र पित्त विकृत भई बसेपछि नङ दुख्ने र पाक्ने हुन थाल्दछ । यसलाई "चिप्प" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) सुश्रुत संहिता :

नखमांसमधिष्ठाय पित्तं वातश्च वेदनाम्। करोति दाहपाकौ च तं व्याधिं चिप्पमादिशेत्॥
तदेवाक्षतरोगाख्यं तथोपनखमित्यपि॥

विकृत भएका पित्त र वातले नङ र मासुको आश्रय लिई उब्जाउने नङ दुख्ने र पाक्ने रोगलाई चिप्प, अक्षत वा उपनख रोग भनिन्छ ।

उपवन (बगैंचा)
(Gardens)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

आरामः स्यादुपवनं कृत्रिमं वनमेव यत्। स्यादेतदेव प्रमदवनमन्तःपुरोचितम्॥

आराम र उपवन : यी बगैंचाका पर्यायवाची नाम हुन्। राजा वा अन्तपुरका रानीहरूले प्रयोग गर्ने कृत्रिम वनलाई प्रमदवन भनिन्छ।

(ख) अमरकोश :

..गृहारामस्तु निष्कुटाः॥
आरामः स्यादुपवनं कृत्रिमं वनमेव यत्। अमात्यगणिकागेहोपवने वृक्षवाटिका॥
पुमानाक्रीड उद्यानं राज्ञः साधारणं वनम्। स्यादेतदेव प्रमदवनमन्तःपुरोचितम्॥

गृहाराम र निष्कुट : यी घरको बगैंचाका नाम हुन्। आराम र उपवन : यी बगैंचाका नाम हुन्। मन्त्री र वेश्याका घरको बगैंचालाई वृक्षवाटिका भनिन्छ। आक्रीड र उद्यान : यी राजाहरूले विहार गर्ने बगैंचाका नाम हुन्। अन्तपुरका रानीहरूले विहार गर्ने बगैंचालाई प्रमदवन भनिन्छ।

उपविष गण
(Factitious poisons)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

भल्लातकं चातिविषा चतुर्द्धाभङ्ग खाखसम् । करवीरं द्विधा प्रोक्तमहिफेनं द्विधा मतम् ॥
धत्तूरस्तुचतुर्द्धा स्यात् द्विधा गुञ्जा तु निर्विषी । विषतिन्दुर्लाङ्गली च गणश्चोपविषाभिधः ॥

भलायो, उत्तिस, चार किसिमका भाङ, अफिम, रातो कँडेल, सेतो कँडेल, दुई प्रकारका अफिम, चार किसिमका धतुरो, दुई प्रकारका रातीगेडी, निर्विषी, विष (?), तिन्दु र हलहलेको समूहलाई उपविष-गण भनिन्छ ।

(ख) धन्वन्तरि निघण्टु :

भल्लातकं चातिविषं चतुर्भागं च खाखसम् । करवीरं द्विधा प्रोक्तमहिफेनं द्विधा मतम् ॥
धत्तूरश्च चतुर्धा स्याद्द्विधा गुञ्जा च निर्विषाः । विषमुष्टिर्लाङ्गली च गणश्चोपविषाह्वयः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

भलायो, अतीस, चार थरी अफिमका दाना, दुई थरी करवीर, दुई थरी अफिम, चार थरी धतुरो, दुई थरी गुञ्जा (रातीगेडी र सेतीगेडी), निर्विषी, विषमुष्टि (बकाइनु) र लाङ्गली : यी उपविष-गण हुन् ।

(स्नुह्यर्क लाङ्गली गुञ्जा हयारिर्विषमुष्टिका । जेपालोन्मत्ताहिफेनं नवोपविषजातयः ॥)

सिउँडी, आँक, कलिहारी, रातीगेडी (सेतीगेडी), करवीर, बकाइनु, अजयपाल, धतुरो र अफिम : यी नौ उपविष हुन् ।

(ग) भावप्रकाश निघण्टु :

अर्कक्षीरं स्नुहीक्षीरं लाङ्गली करवीरकः ॥ गुञ्जाऽहिफेनो धत्तूरः सप्तोपविषजातयः ॥

आँकको दूध, सिउँडीको दूध, हलहले, करवीर, रातीगेडी, अफिम र धतुरो : यी उपविषका जात हुन् ।

(घ) राजनिघण्टु :

स्नुह्यर्ककरवीराणि लाङ्गली विषमुष्टिका । एतान्युपविषाण्याहुः पञ्च पाण्डित्यशालिनः ॥

सिउँडी, आँक, करवीर, लाङ्गली (कालिहारी, हलहले ?) र बकाइनु (विषमुष्टिका) : यी पाँचलाइ पण्डितजनले पञ्च उपविष भनी बताएका छन् ।

(ङ) **शार्ङ्गधरसंहिता :**

तथैवोपविषेभ्यश्च जातं सप्तविधं मतम् ।

आँक आदि अशुद्ध सात प्रकारका उपविष खानाले पनि विषले जस्तै पीडा दिन्छ ।

अर्कसेहुण्डधत्तूरलाङ्गलीकरवीरकम्॥ गुञ्जाऽहिफेनावित्येताः सप्तोपविषजातयः ।

आँक, सिउँडी, धतुरो, हलहले, करवीर वा कँडेल, रातीगेडी र अफिम : यी सात उपविष हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

उरःक्षत (छातीको रोगविशेष)
(Injury of the chest or lungs)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

धनुषाऽऽयस्यतोऽत्यर्थं भारमुद्वहतो गुरुम् । युध्यमानस्य बलिभिः पततो विषमोच्चतः ॥
वृषं हयं वा धावन्तं दम्यं वाऽन्यं निगृह्णतः । शिलाकाष्ठाश्मनिर्घातान् क्षिपतो निघ्नतः परान् ॥
अधीयानस्य वाऽत्युच्चैर्दूरं वा व्रजतो द्रुतम् । महानदीर्वा तरतो हयैर्वा सह धावतः ॥
सहसोत्पततो दूरं तूर्णं वाऽपि प्रनृत्यतः । तथाऽन्यैः कर्मभिः क्रूरैर्भृशमभ्याहतस्य वा ॥
विक्षते वक्षसि व्याधिर्बलवान् समुदीर्यते । स्त्रीषु चातिप्रसक्तस्य रूक्षाल्पप्रमिताशिनः ॥
उरो विभज्यतेऽत्यर्थं भिद्यतेऽथ विरुज्यते । प्रपीड्यते ततः पार्श्वे शुष्यत्यङ्गं प्रवेपते ॥
क्रमाद्वीर्यं बलं वर्णो रुचिरग्निश्च हीयते । ज्वरो व्यथा मनोदैन्यं विड्भेदाग्निवधावपि ॥
दुष्टः श्यावः सुदुर्गन्धः पीतो विग्रथितो बहुः । कासमानस्य चाभीक्ष्णं कफः सासृक् प्रवर्तते ॥
स क्षती क्षीयतेऽत्यर्थं तथा शुक्रौजसोः क्षयात् ।

धनुषको ताँदो धेरै तानिरहने गर्नाले, क्षमताभन्दा बढीको वजन उठाउनाले, आफूभन्दा अति बलिया मानिससँग युद्ध गर्नाले, अलि होचो स्थानमा लड्नाले; दौडिरहेका साँढे, घोडा वा अन्य वशमा पार्न सकिने उँट, हात्ती आदिलाई रोक्नाले; अत्यधिक मार्न सक्षम हुने खालका पत्थर, काट, ढुङ्गा वा निर्घात नामक अस्त्र फाल्ने गर्नाले; बलियोसँग कुस्ति आदि खेलेर लड्नाले, ठूलो स्वर गरेर पढ्नाले, दौडेर टाढासम्म जानाले, फराकिलो नदी पौडेर तर्नाले, घोडासँगै दौडनाले, धेरै अग्लो वा लामो उफ्रनाले, चाँडचाँडो नाच्नाले तथा यस्तै खालका अन्य क्रूरकर्म गर्नाले अथवा गहिरो चोट लाग्नाले छातीमा घाउ हुन पुग्दछ । यसबाट बलियो खालको उरःक्षत नामक रोग हुने गर्दछ । यसैगरी रुखो, थोरै र कम खानपिन गरेर वा भोकै स्त्री-सहवास अधिक गर्नाले पनि छाती छियाछिया हुने गर्दछ । उरःक्षत हुँदा धेरै दुख्दछ, कोख दुख्दछ, बिस्तारै शरीर सुक्न थाल्दछ र काम्न थाल्दछ । यसपछि क्रमशः शक्ति, बल, वर्ण, रुचि र पाचनशक्ति कम हुन थाल्दछ । जरो आउने, अन्य रोग लाग्ने, मन खिन्न हुने, छेरपटी चल्ने र खाएको नपच्ने जस्ता समस्या देखिन्छन् । खोक्दा खराब, कालो, गनाउने, पहेँलो, जमेका, धेरै र रगत मिसिएको कफ निस्कन थाल्दछ । उरःक्षतको रोगी, भइरहेको छातीको घाउका कारण तथा अति सहवासले गर्दा शुक्र र ओज समेत क्षय हुने कारणले बढीभन्दा बढी दुब्लो र कमजोर हुँदै जान्छ ।

संकलन : मोहन प्रसाद सापकोटा

अव्यक्तं लक्षणं तस्य पूर्वरूपमिति स्मृतम् ॥

उरःक्षतको पूर्वरूप वा पूर्वलक्षण थाहा हुँदैन । यही नै यसको पूर्वरूप हो ।

उरस्तोय (छातीको रोगविशेष)
(Pleurisy, Hydrothorax)

(क) माधव निदान, परिशिष्ट :

ज्वरादिष्वसावानुबन्ध्येन रोगः प्रजायेत किंवा क्वचिद् गुप्तरोगैः ।
क्वचिच्चाभिघातादिभिर्वा निमित्तैर्विलोक्येत लोके नरेष्वत्र बाह्यैः ॥
उरस्तोयनामामये प्रायशोऽस्मिन्नुरस्येकपार्श्वेऽथवा पार्श्वयोर्वै ।
भवेत् सञ्चयोऽद्धा जलीयस्य धातोरपि प्राणहृत् पूर्णतो यः प्रदिष्टः ॥

यो रोग जरो आदिसँग गाँसिएर वा कुनै गुप्तरोगका कारण वा चोटपटकले वा अन्य बाहिरी कारणले समेत हुने गर्दछ । यो रोगमा प्रायः छातीको एक भागमा अथवा दुवै कोखामा जलीय धातु जम्मा हुन्छ, यसलाई पूर्णरूपमा एक ज्यान लिने रोग भनी बताइएको छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ऊर्द्धभेद (शूलरोगांवशेष)
(Oorddhabheda)

(क) माधव निदान, परिशिष्ट :

बलक्षीणतातोऽथ रक्तक्षयाद्वा नृणां वृक्कमस्तिष्कयोर्दोषतोऽपि ।
अजीर्णाच्च दन्तामयादूर्ध्वभेदाभिधः स्नायुशूलो गदो जायतेऽत्र॥

बल कम भएर, रगत कम भएर, मृगौला वा मस्तिष्कमा रोग भएर, अजीर्णले वा दाँतका रोगले मानिसलाई ऊर्ध्वभेद नामक नसा (स्नायु) को शूलरोग हुन्छ ।

ललाटे पुटेऽक्ष्णोऽप्यधोभागमध्ये तथैवाधिगण्डं च दन्तच्छदे वा ।
रदे वाऽधरे शूलवद्दाहवद् रसनापार्श्वमध्ये भवेद् वेदना या॥
सुघोरा भविष्णुर्भृशं चैकपार्श्वे क्रमेणैधिनी चास्य सम्बन्धिभागे ।
सदैवोर्ध्वभेदाभिधोदीरिता साऽगदङ्कारस्तैरनूनैर्विविच्य॥

निधार, आँखाको पलकको मुन्तिर बीचमा, गाला वा कञ्चटमा, ओठमा, दाँतमा, तल्लो ओठमा, जिभ्रोको अगलबगलमा शूल र डाहकारी जुन अति दुख्ने खालको तथा एकातिर शुरु भएर क्रमशः बढ्दै अनुहारको अर्कोतिर हुने पीडालाई "ऊर्ध्वभेद" नामक स्नायुशूल भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

भृशं स्पर्शनाच्चातिशीतस्य वायोर्विवर्द्धेत देहप्रकम्पाच्च नूनम् ।
विकारात्तथा स्नायुभेदस्य रोगः सदैवोर्ध्वभेदो विशेषान्नृदेहे॥

अती चिसो हावाको अधिक स्पर्श हुनाले, शरीरमा कम्पन हुनाले र स्नायुभेद-सम्बन्धका विकारले विशेषतः मानिसलाई हुने यो रोग बढ्ने गर्दछ ।
(यसलाई अनन्तवातको एक भेद मानिन्छ) ।

ऊर्ध्ववात (डकार रोगविशेष)
(Oordhwavaata)

(क) माधव निदान :

अधः प्रतिहतो वायुः श्लेष्मणा मारुतेन वा । करोत्युद्गारबाहुल्यमूर्ध्ववातः स उच्यते॥

कफ वा वायुले तलतिर रहेको वायुलाई विकृत बनाएर जब मानिसलाई धेरै डकार आइरहने बनाउँदछ तब त्यो रोगलाई ऊर्ध्ववात भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

उलूक (लाटोकोसेरो, उल्लू)
(Owl)

परिभाषा :

(क) डा.सतिश चन्द्र साङ्ख्यधर : लाटोकोसेरोलाई अंग्रेजीमा Owl तथा ल्याटिन भाषामा *Bubo bengalensis* वा *Bubo bubo Linnaeus* भनिन्छ । सानो जातको उल्लू चरोलाई अंग्रेजीमा Owl तथा ल्याटिन भाषामा Strix flamea भनिन्छ ।

(ख) पेयर डी अमरकोश : लाटोकोसेरोका अनेक जातमध्येको एक जातलाई जीवविज्ञानमा *Strix leptogrammica Temminck* र अंग्रेजीमा Brown Wood Owl भनिन्छ ।

उल्लू (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ग) नेपाली बृहत् शब्दकोश : (१) लाटोकोसेरो : राती मात्र आँखा देख्ने, दिउँसो अन्धो हुने एक जातको चरो; भुल्को; उल्लू; उल्लूक; उलूक; उल्लु; कौशिक; दिनान्ध; दिवान्ध; निशाचर । (२) काठिया : लाटोकोसेरोजस्तो एक जातको चरो । (३) ठुलो लाटो कोसेरो : ठूलो खालको लाटोकोसेरोको एक जात । (४) डुण्डुल : सानो खालको एक जातको लाटोकोसेरो ।

(घ) कं.यन.स्वामी : (१) क्षुद्रोलूक : सानो जातको उल्लू चरो । (२) शाकुनेय, पिङ्गल, वृक्षाश्रयी वा वृक्षाश्रयिन्, बृहद्रावी : सानो जातको लाटोकोसेरो । (३) भयङ्कर : लाटोकोसेरो ।

(ङ) मृगपक्षिशास्त्रका संपादक मारुती चितमपल्ली र कै.पं.नरसिंशास्त्री भातखंडे : उलूकाकलाई अंग्रेजीमा Brown Fish Owl तथा ल्याटिन भाषामा *Bubo zeylonensis* भनिन्छ । वायसारातयलाई अंग्रेजीमा Barn Owl तथा ल्याटिन भाषामा *Tyto alba* भनिन्छ । पेचकलाई अंग्रेजीमा Great Horned Owl तथा ल्याटिन भाषामा *Bubo bubo* भनिन्छ । कौशिकलाई अंग्रेजीमा Collared Scops Owl तथा ल्याटिन भाषामा *Otus bakkamoena* भनिन्छ । घूकलाई अंग्रेजीमा Jungle Owlet तथा ल्याटिन भाषामा *Glaucidium radiatum* भनिन्छ । दीवाभीतालाई अंग्रेजीमा Striated Scops Owl तथा ल्याटिन भाषामा *Otus brucei* भनिन्छ । निशाटनलाई अंग्रेजीमा Spotted Owlet तथा ल्याटिन भाषामा *Anthene brama* भनिन्छ ।

लाटोकोसेरोका जातहरू :

(क) Birds of Nepal, An Official Checklist नामक सन् २०१८ मा प्रकाशित पुस्तिका अनुसार नेपालमा लाटोकोसेराका निम्न जातहरू हुन्छन् :

क्र.सं.	नेपाली नाम	अंग्रेजी नाम	वैज्ञानिक नाम
१	घाँसे लाटोकोसेरो	Eastern Grass-owl	Tyto longimembris
२	गोठे लाटोकोसेरो	Common Barn-owl	Tyto alba
३	कोचलगाँडे लाटोकोसेरो	Spotted Owlet	Athene brama
४	लघुकर्ण लाटोकोसेरो	Short-eared Owl	Asio flammeus
५	लामकाने लाटोकोसेरो	Northern Long-eared Owl	Asio otus

सङ्कलन : मोहन प्रसाद न्यापकोटा

प्राचीन ग्रन्थका वचनहरू :

(क) अमरकोश :

...उलूकस्तु वायसारातिपेचकौ । दिवान्ध कौशिको घूको दिवाभीतो निशाटनः ।

उलूक, वायसाराति, पेचक, दिवान्ध, कौशिक, घूक, दिवाभीत र निशाटन : यी लाटोकोसेरोका पर्यायवाची नाम हुन् ।

(ख) कैयदेव निघण्टु :

उलूको घर्घरो घूको दिवान्धो रात्रिदर्शनः । नक्तञ्चारी काकशत्रुर्मेचको हरिलोचनः ॥

निशाटको दिवाभीतो भीरुः पेचककौशिकौ ॥

उलूक, घर्घर, घूक, दिवान्ध, रात्रिदर्शन, नक्तञ्चारी, काकशत्रु, मेचक, हरिलोचन, निशाटक, दिवाभीत, भीरु, पेचक र कौशिक : यी लाटोकोसेरोका पर्यायवाची नाम हुन् ।

(ग) धन्वन्तरि निघण्टु :

उलूको नक्तचारी च दिवान्धः कौशिकस्तथा । कौशी घर्घरको भीरुः काकशत्रुर्निशाचरः ॥

उलूक, नक्तचारी, दिवान्ध, कौशिक, कौशी, घर्घरक, भीरु, काकशत्रु र निशाचर : यी लाटोसोसेरोका पर्यायवाची नाम हुन् ।

क्षुद्रोलूकः शाकुनेयः पिङ्गलो डुडुलश्च सः । वृक्षाश्रयी बृहद्रावः पिङ्गलाक्षो भयङ्करः ॥
औलूकं पित्तलं भ्रान्तिकरं वातप्रकोपणम् ।

क्षुद्रोलूक, शाकुनेय, पिङ्गल, डुडुल, वृक्षाश्रयी, बृहद्राव, पिङ्गलाक्ष र भयङ्कर : यी सानो जातको लाटोकोसेरोका पर्यायवाची नाम हुन् । लाटोकोसेरेको मासु पित्तविकार गर्ने, भ्रम गराउने र वातविकारलाई उत्तेजित पार्ने गुणको हुन्छ ।

(घ) मदनपाल निघण्टु : सङ्कलन : मोहन प्रसाद सापकोटा

उलूकः कौशिकः काकवैरी घूको निशाचरः । उलूकपललं भ्रान्तिकरं वातप्रकोपदम् ॥

उलूक, कौशिक, काकवैरी, घूक र निशाचर : यी लाटोकोसेरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको मासु भ्रमकारी तथा वातविकार गराउने गुणको हुन्छ ।

(ङ) मृगपक्षिशास्त्र :

उलूकास्त्रिविधा लोके जायन्ते वनभूमिषु । निष्कुटोद्यानवृक्षेषु वनेषुपवनेषु च ॥

लोकमा तीन प्रकारका लाटोकोसेरो पाइन्छ । यी जङ्गल, बगैँचातिरका रूखका टोड्का, साना वन र उपवनतिर बस्दछन् ।

महारण्येष्वपि भृशं वासिनस्ते प्रकीर्तिताः । बृहद्विशालनेत्राश्च स्थूलदेहाश्च ते मताः ॥

ती घना जङ्गलमा पनि ठूलो सङ्ख्यामा बस्दछन् भनिएको छ । तिनको आँखा ठूलो र शरीर मोटो हुन्छ ।

बृहन्मस्तकसंयुक्ताः शश्वत्कलकलस्वराः । नानावर्णाङ्ककोपेताः क्षुद्रपक्षतिभासुराः ॥

टाउको ठूलो हुन्छ । प्रायः अस्पष्ट आवाजले कराइ रहन्छन् । यिनको शरीरमा अनेक वर्णको थोप्ला हुन्छ र अति चम्किला (वा डरलाग्दा) साना प्वाँख वा पखेँटा हुन्छन् ।

स्वशब्देनान्तिकस्थानां शुभाशुभनिवेदकाः । एतेषां कामकालस्तु हेमन्तः परिकीर्तितः ॥

यी आफ्नो आवाज मार्फत् नजिकै रहेकालाई शुभ एवं अशुभ कुराको जानकारी दिने गर्दछन् । यिनको संसर्गकाल हेमन्त ऋतु हो भनी बताइएको छ ।

तदानीमेव ते प्रायोग नारीष्वंडप्रदा मताः । अण्डजा जननीभिस्तु रक्षिता वृद्धिसंयुताः ॥

यही समयमा पोथीले फुल पार्दछे । बच्चा कोरलेपछि नहुर्केसम्म पोथीले नै सुरक्षा गर्दछे ।

सम्प्राप्तगरूतश्चैते वृक्षाणां शोभदा मताः । एतेषां जातिभेदश्च क्रमेणात्रनिगद्यते ॥

प्वाँख पलाएपछि ती वृक्षका लागि शोभादायक हुने गर्दछन् । यिनको प्रजातिका बारेमा क्रमशः बताइन्छ ।

उलूकास्ते परं बोध्याः कृष्णरक्तशरीरकाः । हरिद्रावर्णनेत्रान्ता नानावर्णाङ्कनैर्युताः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

उलूकको शरीर कालो-रातो वर्णको हुन्छ । आँखाका कुना पहेँला हुन्छन् । प्वाँखको रङ अनेक प्रकारको हुन्छ ।

क्षुद्रच्छदा मृदुस्पर्शाः किञ्चित्तुङ्गशरीरकाः । स्वल्पस्थूलशरीराश्च छायावृक्षैकवासिनः ॥

यसको शरीरमा साना प्वाँख वा पखेँटा हुन्छन् । छाम्दा ती प्वाँख नरम हुन्छ । केही अग्लो र थोरै मोटो शरीर हुन्छ । यी रूखको (बाक्लो) छायाँमा बस्दछन् ।

शान्तात्मानः कोपहीना भीरवस्ते प्रकीर्तिताः । स्वयूथसहिताः प्रायः क्रिमिकीटादिभोजिनः ॥

यी शान्त स्वभावका, नरिसाउने, डराउने, समूहमा बस्ने तथा कीराफटयाङ्ग्रा आदि खाने गर्दछन् ।

जातु मांसाशीनः प्रोक्ताः सर्वपक्षिहिते रताः । आतपे क्लान्तदेहास्ते शीतवर्षादिभीरवः ॥

यी मांसाहारी भएपनि सबै चराका लागि हितकारी हुन्छन् । गर्मीमा अथि थकित देखिन्छन् र जाडो र वर्षादेखि डराउँदछन् ।

जातु वारिक्रीडनोत्काः शुभाशुभनिवेदिनः ।

वर्षाकालमा यताउता घुम्न रुचाउँदैनन् आफ्नै गुँडमा बस्दछन् । शुभ एवं अशुभ कुराको सङ्केत भने दिइरहन्छन् ।

वायसद्वेषिणस्ते तु ये वायसविरोधिनः ॥

कागसँग शत्रुता साँध्ने र तिनलाई नाश गर्न खोज्ने हुनाले यो जातको लाटोकोसेरोलाई वायसारातय भनिन्छ ।

वन्यक्षुद्राण्डजगणभीतिदास्तुङ्गदेहकाः । नीलकृष्णश्वेतरक्तबिन्दुमण्डितविग्रहाः ॥

साना फुल पार्ने वन्य पंक्षी (वा जीव) का लागि यी भयदायक हुन्छन् । अलि अग्लो शरीर हुन्छ । शरीरभरी नीला, काला, सेता र राता थोप्ला हुन्छन् ।

दीर्घकण्ठा दीर्घनासा नितरां क्रूरचेतसः । प्रचण्डबलसम्पन्नाः स्वल्पवेगाश्च ते मताः ॥

लामो घाँटी, लामो नाक र जतिखेर पनि निष्ठूर चित्त लिइरहने गर्दछन् । यी अति बलिया र छोटो वेगका हुन्छन् ।

सङ्कलन : मोहनप्रसाद सापकोटा

स्वयूथकलहासक्ता नितरां स्थूलनेत्रकाः । कोपयुक्ताः क्रूरनादास्तीक्ष्णचञ्चुपुटद्वयाः ॥

आफ्नै समूहभित्र निरन्तर झगडा गरिरहन्छन् । मोटा वा ठूला आँखा हुन्छन् । यी रिसाहा, कठोर आवाज निकाल्ने र तिखो चुच्चो भएका हुन्छन् ।

मांसभोजनशीलाश्च यौवने तु विशेषतः । भृशं गर्वेण संयुक्ता चलच्छदयुगा मताः ॥

यी मांसाहारी हुन्छन् र जवानीमा घमण्ड गर्दै दुवै पखेँटा चलाइरहने (वा उड्ने) गर्दछन् ।

सन्ततं क्रूरचेष्टाश्च वृक्षाणां ....क्रमाः ।

निरन्तर निष्ठूर मन लिई रुखहरू...(?) ।

पेचकास्ते परं ज्ञेया ये ह्रस्वतनवो मताः ॥

छोटो शरीर हुने लाटोकोसेरोलाई पेचक भनिन्छ ।

पक्षतिप्रान्तभागेषु श्वेतवर्णविभूषिताः । धुसराङ्गाश्च ते प्रायो हरिद्रालोचना मताः ॥

यिनका पखेँटाको किनार सेतो हुन्छ र शरीर प्रायः ध्वाँसे रङको हुन्छ । आँखा पहेँला हुन्छन् ।

स्थूलोदराः स्थूलदेहाः किञ्चिन्मन्दजवा मताः । नितरां शान्तचित्ताश्च नितरां भीरवश्च ते ॥

यिनको मोटो पेट, मोटो शरीर, मन्द वेग, हरदम शान्तचित्त लिने हरदम डराइरहने स्वभाव हुन्छ ।

सन्ततं स्वीयशब्देन मङ्गलावेदिनो मताः । छायावासैकनिरताः सर्वपक्षिहिते रताः ॥

यी आफ्नो आवाजका माध्यमबाट निरन्तर शुभ (वा अशुभ) कुराको सङ्केत दिइरहने गर्दछन् । छायामा बस्न रुचाउँदछन् र सबै चराका लागि हितकारी हुन्छन् ।

क्रौर्यहीना रम्यकार्यास्तेजःसत्त्वसमन्विताः । केचित्कडारवर्णाङ्गा केचिद्धूम्रशरीरकाः ॥

यिनमा क्रूरता हुँदैन, सुन्दर कार्य गर्दछन् र तेजसत्वले युक्त हुन्छन् । यी कुनै कैलो र कुनै धुवाँ जस्तो रङका हुन्छन् ।

नानामण्डलयुक्ताङ्गाः केचिच्चित्रपतत्रकाः । एवं बहुविधा लोके जायन्ते पेचकाः खगाः ॥

कुनै अनेक थरी गोला बुट्टा भएका र कुनै छिरबिरे पखेँटा भएका हुन्छन् । यसरी संसारमा यो (पेचका) जातको लाटोकोसेरो अनेक प्रकारको पाइने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सत्कार्यनिरताः स्वामिसम्पद्वृद्धिकराश्च ते । स्वावासवैभवेनैवं स्वामिनां हितदायकाः ॥

सधैँ सत्कार्यमा तल्लिन हुने यो जातको लाटोकोसेरो जहाँ बस्दछ (जुन घरमा बस्दछ वा जसले पाल्दछ) त्यो घरको मालिकलाई समृद्ध एवं सुखी बनाउँदछ ।

चतुर्विधाः कौशिकाश्च जायन्ते वनभूमिषु । कृष्णाश्च रक्तकृष्णाश्च धूम्रवर्णास्तथापरे ॥

वनमा कालो, रातो-कालो, ध्वाँसे र (?) गरी चार प्रकारका कौशिक जातका लाटोकोसेरो पाइन्छन् ।

मानवानां स्वशब्देन ते त्वमङ्गलसूचकाः । मूढात्मानः क्रूरचित्ताः निन्द्यकार्यप्रियाश्च ते ॥

तिनले मानिसहरूलाई आफ्नो आवाज मार्फत अमङ्गलको सूचना दिन्छन् । यी मूर्ख, निष्ठूर र निन्दनीय कार्य गरिरहने खालका हुन्छन् ।

प्रायो दिवान्धास्ते लोके निशायां दृष्टिसंयुताः । घूघूशब्देन सर्वेषां भयदाश्च प्रकीर्तिताः ॥

प्रायः दिउस आँखा नदेख्ने र राती आँखा देख्ने यो चराले घू घू शब्द निकालेर सबैलाई डराइरहने

गर्दछ ।

नीचजातिसमुत्पन्नाः निन्द्याः पापभरास्तथा । तस्मात्त्यजेयुस्तान्भूपाः प्रायस्ते क्षेमहारिणः॥

नीच जातिमा उत्पन्न, निन्दनीय र पापले भरिपूर्ण हुने यो चराले कुशलमङ्गल नाश गर्ने हुनाले राजाहरूले यसलाई परित्याग गर्नू (नपाल्नू) ।

उलूकाः कौशिकाश्चैते द्विवर्षाः प्राप्तयौवनाः ।

उलूक र कौशिक दुई वर्षमा जवान हुन्छ ।

घूकानां कामकालस्तु शिशिरः परिकीर्तिताः॥

घूकको प्रजनन काल शिशिर ऋतु हो ।

तदानीमेव ते प्रायो योषित्स्वण्डप्रदा मताः । घूकानां जातिभेदश्च क्रमेणात्र निरूप्यते॥

यही समयमा प्राय पोथीले फुल पार्दछे । अब घूकको प्रजातिका बारेमा बताइन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कौशिकास्ते समाख्याताः किञ्चित्तुङ्गशरीरकाः । धूम्रवर्णास्तु ते प्रायो नितरां वेगशालिनः॥

कौशिक जातको लाटोकोसेरोको केही अग्लो शरीर र ध्वाँसे रङ हुन्छ । यो प्रायः वेगले उडिरहने गर्दछ ।

किञ्चिद्विशालनेत्राश्च दिवा तद्दृष्टिवर्जिताः । निशीथिन्यां तु तमसाच्छादितस्थलवासिनः॥

केही ठूला आँखा हुन्छन् । दिउस देख्दैन । रातमा देख्दछ र अन्धकारले ढाकेको ठाउँमा बस्न रुचाउँदछ ।

प्रायस्त्वेकाकिनः प्रोक्ताः सर्वपक्ष्यहितप्रदा । मानवाणां विशेषेण घूत्कारेण भयप्रदाः॥

यो चरा एकलकाटे र सबै खालका चराका लागि अहितकारी हुन्छ । घु घु आवाज निकालेर विशेषगरी मानिसलाई डराइरहन्छ ।

निन्द्यकार्यासक्तिभाजः शवमांसादिभोजिनः । शान्ताण्डजानां ते हिंसाकारिणाश्च प्रकीर्तिताः॥

निन्दनीय कर्ममा शक्ति प्रयोगर्ने खालको यो चराले लाश वा सिनो खाने गर्दछ र शान्तप्रकृतिका अन्य चरालाई मार्ने गर्दछ ।

रात्रौ नितान्तवेगाश्च चन्द्रिकाद्वेषिणश्च ते ।

यी रातमा वेगले उड्दछन् र जुनसँग द्वेष गर्दछन् ।

घूकास्ते तु परिज्ञेयाः क्रूरघूघूरवान्विताः ॥

घू घू गरेर क्रूर आवाज निकाल्ने लाटोकोसेरोलाई घूक भनिन्छ ।

सन्ततंवनभागेषु गृहान्तिकतरुष्वपि । निशायां पतनासक्ता मानवानां च भीतिदाः ॥

यी वन र घर वरिपरिका रूखमा बस्दछन् । रातमा सिकारको खोजी गर्दै उड्दछन् मानिसलाई डराउने गर्दछन् ।

ह्रस्वकाया ह्रस्वपादा दीर्घतुण्डाश्च ते मताः । कृष्णवर्णगरुद्युक्ता धूम्रवर्णाङ्गकाश्च ते ॥

यिनको शरीर र खुट्टा छोटो हुन्छ । चुचो लामो हुन्छ । कालो परखँटा र ध्वाँसे शरीर हुन्छ ।

भृशं कर्कशरोमाणो निशायां वेगगामिनः । भ्रमणेषु समासक्ताः क्रुद्धचित्ताश्च ते मताः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

अति कडा खालको भुत्ला हुन्छ र रातमा बेगले उड्ने गर्दछन् । यताउता डुलिरहन्छन् र रिसाइरहेका देखिन्छन् ।

वनेचरैरसाध्यास्ते निन्द्याश्च परिकीर्तिताः । मूढात्मानो भृशं मत्ताः दुर्गन्धतनवश्च ते ॥

यी जङ्गली लाटोकोसेरा वशमा पार्न नसकिने र निन्दनीय हुन्छन् । मूर्ख, उन्मत्त र शरीर गनाउने खालका हुन्छन् ।

कृतघ्ना नाथवात्सल्यहीनाश्च परिकीर्तिताः ।

यी बैगुनी र प्रेमहीन हुन्छन् ।

दीवाभीतास्तु ते ज्ञेया नितरां तुङ्गदेहकाः ॥

कौशिक जातको एकथरी दिउस डराउने खालको लाटोकासेरोलाई दीवाभीत भनिन्छ । यिनको शरीर अग्लो हुन्छ ।

स्थूलावयवसंयुक्ताः स्व(?)रवर्णशरीरकाः । विशालपक्षतियुताः नितरां वेगगामिनः ॥

यिनको अङ्ग मोटो तथा रङ रुखो हुन्छ । ठूलो पखेँटा हुन्छन् र लगातार बेगले उड्ने गर्दछन् ।

पापिष्ठाश्च दिवाभीताः सत्त्वपक्षिविहिंसकाः । उच्छ्रायगमनाः खे तु प्रायश्चञ्चलबुद्धयः ॥

यी पापी चराहरू दिउस डराउँदछन्, निरीह अन्य चरालाई मारेर खान्छन्, चञ्चल बुद्धि हुन्छ र आकाशमा माथि माथि उड्दछन् ।

दुर्गन्धमांसभक्षाश्च कर्णारुन्तुदनादका । स्वल्पकामाः क्रूरचित्ता दिवानिद्रापरायणाः ॥

दुर्गन्धित मासु खान्छन् । कानलाई अप्रिय लाग्ने गरी कराउँदछन् । सहवासको चाहना न्यून हुने गर्दछ । क्रूर हुन्छन् र दिउस सुत्न रुचाउँदछन् ।

केशाकर्षणशीलाश्च प्राणिनां च विहिंसकाः । द्रोहचित्ता निन्द्यकार्या हीनास्ते परिकीर्तिताः ॥

यी कपाल वा भुत्ला वा पखेँटामा समातेर अन्य जीवलाई मार्ने गर्दछन् । विद्रोही स्वभाव र निन्दनीय कर्म गर्ने यी चरालाई तुच्छ भनी बताइएको छ ।

रूक्षदेहाः क्षुद्रपक्षिनाशकाश्च प्रकीर्तिताः । अण्डानां हानिदाश्चैते कीशतुल्यक्रिया मताः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

रुखो शरीर हुने यी चराले सानातिना चरालाई मारेर सखाप बनाउँदछन् । तिनका फुललाई बाँदरले जसरी नष्ट पार्दछन् ।

बहुवर्णकबिंद्वाढ्याः क्षुद्रदेहयुताश्च ये । नितरां दीर्घचञ्चूका ह्रस्वपुच्छसमन्विताः ॥

अनेक रङका थोप्ला भएका प्वाँख, सानो शरीर, लामो चुच्चो र छोटो पुच्छर हुने कौशिक जातको लाटोकोसेरोलाई निशाटन (कोचलगाँडे लाटोकोसेरो) भनिन्छ ।

क्षुद्रपादास्तीक्ष्णनखास्ते मतास्तु निशाटनाः । नितान्तपुष्टियुक्ताश्च क्षणघूघूरवान्विताः ॥

यिनको साना खुट्टा, तीखा नङ्ग्रा, सधैँ बलिया र हरदम घूघू गरेर कराइरने स्वभाव हुन्छ ।

नितरां मांसलोलाश्च दुर्गन्धतनवो मताः । भृशवेगसमायुक्ता रात्रिकाले विशेषतः ॥

यी हरदम मांसलोलुप र गनाउने शरीरका हुन्छन् । यी प्रायः रातका समयमा अति वेगले उड्दछन् ।

नानावृक्षान्वेषणेन क्षुद्रपक्षिभयप्रदाः । तैर्योद्धुकामाः सततं क्रूरकार्यैकचिन्तनाः ॥

अनेक रूखहरू चहार्दै सानातिना चराहरूलाइ डराउने गर्दछन् । यी युद्धप्रिय हुन्छन् र निष्ठूरकर्मको चिन्तन गरिरहन्छन् ।

वर्षाकालेऽतिभीताश्च गगने वेगगामिनः । वनेचरैरसाध्याश्च दुर्गुणैश्च समन्विताः ॥

यी वर्षाकालमा अति नै डराउँदछन् र आकाशमा वेगले उड्दछन् । यी वन्य लाटोकोसेराहरू पाल्न अयोग्य अर्थात् अधीनमा राख्न नसकिने र खराब गुणले भरिपूर्ण हुन्छन् ।

एवं नानाविधा घूका जायन्ते वनभूमिषू । चतुर्वर्षावधिवयस्त्वेषां यौवनमीरितम् ॥

यसरी वनमा अनेक प्रकारका घूक हुन्छन् । यिनको जवानी चार वर्षसम्म रहन्छ ।

अतः परं ते जरया पीडिताश्च विनिश्चिताः । प्रायस्ते व्यर्थशिक्षाश्च परिवर्ज्याश्च भूमिपैः ॥

यसपछि यी निश्चय नै बूढा हुन्छन् । राजाले प्रायः सबै खालका यी चरालाई अधिनमा पार्न नखोज्नू ।

पञ्चवर्षाणि घूकानां उलूकानां परं वयः । जातिक्रियादि भेदेन चैते तामसमध्यमाः ॥

घूक वा उलूकको अधिकतम आयु पाँच वर्ष हुन्छ । जात र कर्मका आधारमा यिनलाई तामसी र मध्यम गरी दुई भागमा वर्गीकरण गरिएको छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) राज निघण्टु :

उलूकस्तामसो धूको दिवान्धः कौशिकः कुविः । नक्तञ्चरो निशाटश्च काकारिः क्रूरघोषकः ॥

उलूक, तामस, धूक, दिवान्ध, कौशिक, कुवि, नक्तञ्चर, निशाट, काकारि र क्रूरघोषक : यी लाटोकोसेरोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गोत्रद्वेषी भूरिपक्षः शतायुः सिद्धिकारकः । क्षुद्रोलूकः शाकुनेयः पिङ्गलो डुण्डुलश्च सः ॥
वृक्षाश्रयी बृहद्रावः पिङ्गलाक्षो भयङ्करः ॥

गोत्रद्वेषी, भूरिपक्ष, शतायु, सिद्धिकारक, क्षुद्रोलूक, शाकुनेय, पिङ्गल, डुण्डुल, वृक्षाश्रयी, बृहद्राव, पिङ्गलाक्ष र भयङ्कर : यी सानो जातको लाटोकोसेरोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

उल्लिप्त (मासुको परिकार विशेष)
(Meat dish)

प्राचीन ग्रन्थका वचन :

(क) मदनपाल निघण्टु :

तदेवोल्लिप्तपिष्टत्वादुल्लिप्तं परिकीर्त्यते ॥ उल्लिप्तं गुरु पथ्यं तत्परिशुष्कसमं गुणैः ।

यसले बल, बुद्धि, पाचनशक्ति, मासु, ओज र शुक्रलाई अत्यधिक मात्रामा बढाउँदछ । यही (परिशुष्क वा भुटेको) मासुलाई पिठोले बेरेर पकाए त्यसलाई उल्लिप्त भनिन्छ । उल्लिप्त नामक मासुको परिकार पचाउन कठिन, पथ्य र भुटुवा समान गुनिलो हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

उष्णगण
(Ushnagna)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

त्रिविधा पिप्पली तस्या मूलस्तुम्बुरुकस्त्रिधा । तेजोह्वायाः फलं भार्गी पौष्करादिकमुष्णकृत्॥

तीन थरीका पिप्ला, ती तीन थरी पिप्लाको जरा, तीन थरीका धनिया, चाभोका फल, भारङ्गी र अरिडको मूल जरो आदि उष्ण गण हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

उष्णवात (पिसाबसम्बन्धी रोगविशेष)
(Gonorrhoea)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह :

अत्यध्वाऽऽतपोष्णभोजनादिभिः पित्तं प्रवृद्धमनिलेरितं बस्तिमेढ्रं गुददाहं कुर्वद्धरितहारिद्रक्त-सरक्त वा मूत्रं कृच्छ्रात्प्रवर्तयेत्स तूष्णवातः॥

अति हिँडडुल गर्नाले, घाम ताप्नाले, तातो खानाले जस्ता कारणले बढेको शरीर भित्रको पित्त वायुको प्रेरणाले मूत्राशय, पुरुषको जननेन्द्रिय र मलद्धारमा डाह गराउँदै कठिनतापूर्वक हरियो, पहेँलो-रातो वा रगत मिसिएको पिसाब निकाल्न थाल्दछ । यसलाई "उष्णवात" भनिन्छ ।

(ख) अष्टाङ्ग हृदय :

पित्तं व्यायामतीक्ष्णोष्णभोजनाध्वातपादिभिः । प्रवृद्धं वायुना क्षिप्तं वस्त्युपस्थार्तिदाहवत्॥
मूत्रं प्रवर्तयेत्पीतं सरक्तं रक्तमेव वा । उष्णं पुनः पुनः कृच्छादुष्णवातं वदन्ति तम्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

व्यायाम, तिक्खर र तातो खाना, पैदल यात्रा, घामको सेवन आदिका कारणले बढेको पित्त वायु (व्यानवायु) मार्फत् रगतसँग मिसिएर शरीरभरी फैलिई मूत्रवाहिनी स्रोतहरूमा पुगी यस्तो पिसाब बाहिर निकाल्दछ जुन पिसाब गर्दा मूत्राशय र मूत्रमार्गमा पीडा र डाह हुन्छ । यसमा पहेँलो, रगत मिसिएको अथवा शुद्ध रगत मात्र पिसाब हुन थाल्दछ । पिसाब पोल्ने (तातो) हुन्छ र पटकपटक गरेर कष्टतापूर्ण तरिकाले फेर्नुपर्ने हुन्छ । यो रोगलाई "उष्णवात" भनिन्छ ।

(ग) भावप्रकाश संहिता, माधवनिदान, सुश्रुत संहिता :

व्यायामाध्वातपैः पित्तं बस्तिं प्राप्यानिलान्वितम्॥
बस्तिं मेढ्रं गुदं चैव प्रदहेत् स्रावयेदधः । मूत्रं हारिद्रमथवा सरक्तं रक्तमेव वा॥
कृच्छ्रात् पुनः पुनर्जन्तोरुष्णवातं ब्रुवन्ति तम् । (कृच्छ्रात् प्रवर्तते जन्तोरुष्णवातं वदन्ति तम्)

धेरै कसरत, पैदल यात्रा तथा घामको तपाइले विकृत वा उत्तेजित भएको वायु पित्तसँग मिलेर मूत्राशय, अण्डकोश र मलद्धारमा गई जम्मा भई त्यहाँ डाह गराउन थाल्दछ । यसपछि पहेँलो वा रगत मिसिएको वा रगत मात्र पिसाबकारूपमा बहन थाल्दछ । बल गरेर पटकपटक पिसाब फेर्नुपर्ने हुन्छ । यसलाई "उष्णवात" भनिन्छ ।

ऊरुस्तम्भ (तिघ्राको रोगविशेष)
(Oorustambha)

प्राचीन ग्रन्थका वचनहरू :

(क) माधव निदान :

शीतोष्णद्रवसंशुष्कगुरुस्निग्धैर्निषेवितैः । जीर्णाजीर्णे तथाऽऽयाससंक्षोभस्वप्नजागरैः ॥
सश्लेष्ममेदःपवनः साममत्यर्थसञ्चितम् । अभिभूयेतरं दोषमूरू चेत् प्रतिपद्यते ॥
सक्थ्यस्थिनी प्रपूर्यान्तः श्लेष्मणा स्तिमितेन च । तदा स्तभ्नाति ....।

अति चिसो, तातो, तरल, सुक्खा, पचाउन कठिन र चिल्ला पदार्थ खाने गर्दा; पहिले खाएको कुरा नपच्दै पुनः खाने गर्दा, धेरै परिश्रम गर्दा, चञ्चलताले तथा दिउस सुत्ने र राती उठ्ने कारणले आम, बोसो, र कफ मिसिएको वायुले पित्तलाई समेत लिएर तिघ्रामा गई त्यहाँ भएका दुवै हाडलाई तरल कफले भरिदिन्छ तब दुवै तिघ्रा लाटो हुन पुग्दछ ।

...तेनोरू स्तब्धौ शीतावचेतनौ ॥
परकीयाविव गुरू स्यातामतिभृशव्यथौ । ध्यानाङ्गमर्दस्तैमित्यतन्द्राच्छर्द्यरुचिज्वरैः ॥
संयुक्तौ पादसदनकृच्छ्रोद्धरणसुप्तिभिः । तमूरुस्तम्भमित्याहुराढ्यवातमथापरे ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

यसबाट दुवै तिघ्रा जकडिने, चिसो हुने वा लाटो हुने गर्दछ । रोगीलाई आफ्नै तिघ्रा पनि अर्काको जस्तो भारी लाग्न थाल्दछ । धेरै दुख्दछ । रोगी चिन्ता, हाडको दुखाइ, निश्चलता, उँग, बान्ता, अरुचि र जरोले समेत पीडित हुन्छ । गोडा दुख्दछ, बल्लतल्ल उचाल्न सक्दछ र सुन्निन्छ । यस्तो रोगलाई ऊरुस्तम्भ भनिन्छ । कसैले यसलाई आढ्यवात पनि भनेका छन् । (आजकल यो रोग देखिँदैन, प्राचीनकालमा रहेछ) ।

ऊर्ध्वश्वास (दमरोगांवशेष)
(Stertorous breathing or failing respiration)

(क) **माधव निदान :**

ऊर्ध्वं श्वसिति यो दीर्घं न च प्रत्याहरत्यधः । श्लेष्मावृतमुखस्रोताः क्रुद्धगन्धवहार्दितः ॥
ऊर्ध्वदृष्टिर्विपश्यंस्तु विभ्रान्ताक्ष इतस्ततः । प्रमुह्यन् वेदनार्तश्च शुष्कास्योऽरतिपीडितः ॥
ऊर्ध्वश्वासे प्रकुपिते ह्यधःश्वासो निरुध्यते । मुह्यतस्ताम्यतश्चोर्ध्वं श्वासस्तस्यैव हन्त्यसून् ॥

जुन् दमको रोगमा रोगी लामो तरिकाले सास बाहिर फाल्ने र त्यसरी सास भित्र तान्न सक्दैन, जसको मुख र प्राणवायु वहने भाग कफले अवरुद्ध हुन्छ, वायुका विकारले पीडित हुन्छ, जो माथितिर बढी हेर्न खोज्दछ, जो अनेक विकृति मात्र देख्दछ, जसका आँखा यताउता घुमिरहन्छन्, जो पटकपटक बेहोस हुने गर्दछ, जो दुखले पीडित हुन्छ, जसको मुख सेतो देखिन्छ, जसलाई अति नै छटपटी भइरहन्छ त्यस्तो बाहिर फाल्दा सजिलै सास फाल्ने तर तान्न नसक्ने खालको रोगीलाई ऊर्ध्वश्वासको दमको रोगी भनिन्छ । यसले गर्दा रोगी पटकपटक बेहोस भई ज्यान समेत जाने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ऋक्ष (भालु)
(Bear)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश :** (१) लामालामा झ्याप्ले रौँ, कुकुरको जस्तो मुख र प्रायः कालो रङ हुने एक हिंस्रक वन्यजन्तुलाई भालु भनिन्छ; ऋक्ष । (२) भालुको पोथीलाई भलुनी भनिन्छ । (३) माउबाट छुट्टिने बेला नभएको भालुको बचोलाई गद्दु भनिन्छ । (४) नाककोरे : भालु आदि जन्तुले चिथोरेर नाक बिगारिदिएको व्यक्ति; भालुकोरे । (५) पानीभालु : पानीमा खेल्ने र पानीकै आसपासमा बस्ने सेतो भालु । (छ) भालुकोरे : भालुले झम्टेर नाक चिथोरेको (मानिस) । (७) भालुझम्टाइ : भालुले जस्तै एक्कासि झम्टने काम; डरलाग्दो आक्रमण । (८) भालुनङ्ग्रे : भालुका जस्ता तीखा नङ्ग्रा भएको । (९) भालुभुत्ले : भालुका जस्ता झ्याम्लाङ्ङ परेका भुत्ला हुने; जगरभुत्ले । (१०) सेतोभालु : उत्तरको ध्रुवीय प्रदेशका हिउँमा हुने, सेतो रङको भालु; ध्रुवीय प्रदेशमा पाइने विशेष किसिमको प्रसिद्ध भालु ।

भालु (तस्बिर श्रोत : पेयर डी अमरकोश)

भालु (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ख) **पेयर डी अमरकोश :** दक्षिणी एसिया क्षेत्रमा *Melursus ursinus* Shaw, *Ursus* arctos isabellinus Horsfield, *Ursus thibetanus* G. Cuvier र *Helarctos malayanus* Raffles वैज्ञानिक नाम तथा क्रमशः Sloth Bear, Himalayan Brown Bear, Asian Black Bear र (Malayan) Sun Bear अंग्रेजी नाम भएका भालु पाइन्छन् ।

(ग) **डा.सतिश चन्द्र साङ्ख्यधर :** भालुलाई ल्याटिन भाषामा *Melursus ursinus* तथा अंग्रेजीमा Bear भनिन्छ ।

(घ) मृगपक्षिशास्त्रका संपादक मारुती चितमपल्ली र कै.पं.नरसिंशास्त्री भातखंडे : ऋक्ष भालुलाई अंग्रेजीमा Sloth Bear तथा ल्याटिन भाषामा *Elursus ursinus* भनिन्छ । अच्छ भालुलाई अंग्रेजीमा Brown Bear तथा ल्याटिन भाषामा *Ursus arctos* भनिन्छ । भल्लूक भालुलाई अंग्रेजीमा Himalayan Black Bear तथा ल्याटिन भाषामा *Selenarctos thibetanus*

भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधान मञ्जरी :

ऋक्षो भल्लश्च भल्लूको भल्लकश्चेति कथ्यते ।

ऋक्ष, भल्ल, भल्लूक र भल्लक : यी भालुका पर्यायवाची नाम हुन् ।

(ख) अमरकोश :

...भल्लुके । ऋक्षाऽच्छभल्लभल्लूका... ।

भल्लु, ऋक्ष, अच्छभल्ल (अच्छ, भल्ल), भल्लूक (भाल्लूक, भालूक) : यी भालुका पर्यायवाची नाम हुन् ।

भालु (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ग) कैयदेव निघण्टु :

ऋक्षोऽच्छभल्लो नीलाण्डमृगो भल्लूकरोमशौ ।
अच्छभल्लो गुरुः स्निग्धः स्वादूष्णोऽनिलनाशनः ॥

ऋक्ष, अच्छ, भल्ल, नीलाण्डमृग, भल्लूक र रोमश : यी भालुका पर्यायवाची नाम हुन् । भालुको मासु पचाउन कठिन, चिल्लो, गुलियो, उष्णवीर्यको र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(घ) पर्यायरत्नमाला :

ऋक्षाच्छभल्लभालूकाः ।

ऋक्ष, अच्छ, भल्ल र भालूक : यी भालुका पर्यायवाची नाम हुन् ।

(ङ) मदनपाल निघण्टु :

ऋक्षाऽच्छभल्लभल्लूकाः ... । ऋक्षः स्निग्धो गुरुर्वृष्यः स्वादूष्णः पवनापहः ॥

ऋक्ष, अच्छ, भल्ल र भल्लूक : यी भालुका पर्यायवाची नामहरू हुन् । भालुको मासु चिल्लो, पचाउन कठिन, वीर्यवर्धक, स्वादिलो, उष्णवीर्यको र वातविकार नाशक हुन्छ ।

(च) मृगपक्षीशास्त्र :

भल्लूकास्त्रिविधा लोके जायन्ते वनवासिनः॥ गुणवर्णक्रियाभेदान्मूढप्रकृतिसंयुताः ।

गुण, वर्ण र कर्मका आधारमा वनमा रहने भालुलाई तीन प्रकारले वर्गीकरण गरिएको हुन्छ । यी प्राकृतिकरूपमै मूर्ख हुन्छन् ।

निर्भया नाधिक क्रूरा न शान्ताश्चैव ते मताः॥ वसन्तकालस्त्वेतेषां कामोद्दीपनकारकः ।

भालु निडर तथा न धेरै हिंस्रक न धेरै शान्त हुने गर्दछन् । तिनीहरू वसन्त ऋतुमा सहवास गर्ने गर्दछन् ।

त्रिवर्षाश्च चतुर्वर्षाः पूर्णकामान्विताश्च ते॥ दिनावसानसमये प्रातर्वा काममोहिताः ।

ती तीन वा चार वर्ष उमेरको भएपछि पूर्णरूपमा सहवासको चाहना गर्ने बन्दछन् । साँझ वा बिहान काममोहित भालुको सहवास-समय हुने गर्दछ ।

भल्लुकाः फेनवक्त्राश्च मन्दगाः शान्तमानसाः॥ तरुच्छायासु कुञ्जेषु वातपोत(थ?)युतेषु च । नदीनामपि कूलेषु लालयेयुः स्त्रियं मुहुः॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

भालुहरू फिँजयुक्त मुख लिएर, मन्द गतिमा, शान्त चित्तले रुखको छायाँ, झाडिभित्र, पलाँसका पातहरु भएका स्थानमा वा नदीका किनारमा पोथी भालुका साथ सहवासमा पटकपटक संलग्न हुने गर्दछन् ।

ताश्चापि कामसंन्नुनाः समवर्षा मदालसाः । उत्प्लुत्योत्प्लुत्य खेलत्यः फेनवक्त्रामुहुर्मुहुः॥

त्यसबेला समान उमेरका पोथी भालुहरू सहवासको चाहना गर्दै मुखबाट फिँज निकाली भालुका वरिपरि पटकपटक उफ्रने र खेल्ने गर्दछन् ।

लघुसम्भोगवत्यश्च तास्तदा निद्रयान्विताः । सद्य एव प्राप्तसत्त्वाः प्रायशस्ताः प्रकीर्तिताः॥

तिनको सहवास छोटो अवधिको हुने गर्दछ । सहवास पछि ती (पोथी भालु) निदाउने गर्दछन् । यो गर्भधारण गरेको लक्षण हो । प्रायः पोथी भालुले तुरुन्त गर्भधारण गर्ने गरेको देखिएको छ ।

प्राप्तसत्त्वां च भल्लूकीं भल्लूकाः काममोहिताः । प्रत्यहं रतिलाभाय प्रार्थयेयुर्बलाधिकाः॥

गर्भधारण गरिसकेकी पोथी भालुलाई पनि काममा मोहित भएको अधिक बलशाली भालेले हरेक दिन

सहवासका लागि फकाउन गर्दछ ।

भोगेनैकेन सन्तुष्टाः प्रायो वनचरा मृगाः । पूर्णकामा बलोपेताः सत्त्वाः केचिन्मुहुर्मुहुः ॥

सामान्यतः जङ्गली जनावरहरू एक पटकको सहवासबाट नै सन्तुष्ट हुने गर्दछन् । पूर्ण कामुक र बलिया केही जनावरहरू भने पटकपटक सहवास गर्ने गर्दछन् ।

नित्यभोगासक्तचित्तास्तेऽधमाः कुलपांसनाः । स्त्रियं बिभिन्द्युः क्रुद्धास्ते खादनैर्व्रणमूलकैः ॥

दिनहुँ सहवासको चाहना गर्ने अधम स्वभावका भालुबाट कम गुणस्तरका सन्तान जन्मने गर्दछन् । यस्ता कामुक भालुहरू सहवास गर्न नपाउँदा पोथीलाई चिथोरेर घाउ बनाउँदै आफ्नो चाहना पूरा गर्दछन् ।

व्याघ्राश्चैतेऽपि भल्लूकास्ते क्रूराश्च मृगादनाः । प्लवगाश्चापि ये नीचाः क्रूद्धाः योषिद्विनाशकाः ॥

बाघ, भालू, सिंह वा चितुवा र बाँदर सहवास गर्न नपाउँदा रिसाएर आफ्ना स्त्रीलाई हिंसा गर्ने स्वभावका हुन्छन् ।

नीचात्मनां नराणां च पिशाचानां च रक्षसाम् । दैत्यानामपि भूतानां तेषु भेदस्तु रूपतः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

नीचस्वभावका मानिस, पिशाच, राक्षस र दैत्य आदि विभिन्न जात र रूपका जीवको पनि यस्तै स्वभाव हुन्छ ।

अतौ वनमृगा लोके प्रायः कामजवान्विताः । प्राप्तशृङ्गारलीलाश्च शान्तायोषितिप्रियङ्कराः ॥

यसैले लोकमा रहेका प्रायः वन्यजन्तुहरू कामवासना जाग्दा रतिलिला गर्दै शान्त रहेर आफ्ना स्त्रीलाई खुशी पार्दै सहवासका लागि सहमत पार्ने गर्दछन् ।

तन्मनोरञ्जकाश्चापि विधिना किल निर्मिताः । एकभोगेन सन्तुष्टाः कदाचित्करताश्च ये ॥
योषिद्भवानुकूलाश्च ते सर्वे तद्युत्तमा मताः । इत्यादयो मृगगुणाः कीर्तिताः पण्डितोत्तमैः ॥

सृष्टिकर्ताले स्त्रीलाई प्राकृतिकरूपमै मनोरञ्जन प्रदान गर्नका लागि रचना गरेको हो । जुन जीव कहिलेकाहीँ गरिने एकपटकको सहवासले नै सन्तुष्ट हुन्छन् ती स्त्रीका लागि अनुकूल र उत्तम जीव हुन्छन् भनिएको छ । जङ्गलीजीवका बारेमा उत्तम पण्डितहरूले यिनै कुरा बताएका छन् ।

गर्भभारक्लान्तदेहाः भल्लूक्यः स्वल्पभोजनाः । नीत्वा तु मासनवकं दशकं वा यतः क्वचित् ॥
सूते शिशिरकालेषु दृढमेकं मदोल्बणम् । दीर्घकर्कशरोमाङ्गं क्रूरदंष्ट्रासमन्वितम् ॥

गर्भको बोझले थाकेर भई कम आहार गर्दै पोथी भालुले कुनैले नौ त कुनैले दश महिना बितेपछि शिशिर ऋतुमा एउटा बलियो बच्चा पाउँदछे ।

कचित्सा द्विप्रसूर्लोके मृग्येति परिकीर्तिता । त्रिचतुस्तनयाः प्रायः तासां यौवनकालजाः ॥

लोकमा कहिलेकाहीँ दुई वटा बच्चा पनि पाउँदछे भनिन्छ । यौवनकालमा प्रायः तीनका तीन वा चार सन्तान हुन्छन् ।

एकवर्षा ऋषपोताः स्तन्यपानरता मुहुः । द्वितीये च तृतीये च तेषां मदविजृम्भणम् ॥

भालुको बच्चाले एक वर्षसम्म पटकपटक आमाको दूध पिउने गर्दछ । दुई वा तीन वर्षमा ती जवान हुन्छन् ।

क्षुत्काले कोपशीलाश्च मायारीतिप्रदर्शकाः । स्थूलगात्रा वन्यकुञ्जवासिनस्ते प्रकीर्तिताः ॥
एतेषां जातिभेदस्तु क्रमादत्र निरूप्यते (निगद्यते) ।

भोकाएका बेलामा रिसाउने गर्दछन् । यिनले मायालु स्वभाव देखाउँदछन् । भालुको शरीर मोटो हुन्छ । यी प्रायः झाडी भित्र बस्ने गर्दछन् । यिनको जातका बारेमा यहाँ क्रमशः बताइन्छ ।

ऋक्षाः स्थूलशरीराः स्युर्दीर्घदंष्ट्रा भयङ्कराः ॥ दीर्घतीक्ष्णनखैर्युक्ताः दीर्घदेहाश्च ते मताः ।

ऋक्ष जातका भालुहरू मोटो शरीर र लामा दाँत भएका, डरलाग्दा, लामा र तिखा नङ्ग्रा तथा लामो जिउ भएका हुन्छन् भनिएको छ ।

कृष्णवर्णाश्च ते प्रायो मूढाः कोपसमन्विताः ॥ दीर्घकर्कशनीरन्ध्रतनूरूहवृता भृशम् ।

यिनको कालो वर्ण, प्रायः रिसाइरहने मूर्ख स्वभाव तथा लामा, रुखा र बाक्ला रौँले शरीर ढाकेको हुन्छ ।

करालवदनोपेताः प्रायो ह्रस्वमुखा मताः ॥ कोपे त्वरितपादाश्च दृण्स्थूलकरान्विताः ।

प्रायः दाह्रा सहितको छोटो र डरलाग्दो मुख हुन्छ । रिसाउँदा छिटछिटो हिँड्दछन् । अगाडिपट्टिका खुट्टा बढी बलिया र मोटा हुन्छन् ।

सम्पूर्ण यौवने प्राप्ते भृशकामाश्च ते मताः ॥ चलदोष्ठाश्चलज्जिह्वा निर्यत्फेनमुखाश्च ते ।

पूर्ण युवा भएपछि यी अत्यन्त कामुक हुन्छन् । यसबेला यी ओठ र मुख चलाइरहन्छन् तथा मुखबाट फिँज निकालिरहन्छन् ।

बलहीना अपि क्रूराः सदा दुर्गन्धजीविनः ॥

बलहीन भएपनि यी रिसाहा हुन्छन् र हरदम दुर्गन्धित रहन्छन् ।

मन्दक्रुद्धो मन्दसत्त्वाः शीतवातादिभीरवः । कठोरनिनदा नृणां भयदाः सत्त्वहिंसकाः ॥
स्वतो मृदुत्वचो ये च ते ऋक्षाः परिकीर्तिताः ।

यी भालु बिस्तारै वा कम रिसाउने, कम वीर्यका तथा जाडो र बताससँग डराउने स्वभावका हुन्छन् । यिनको आवाज मानिसलाई तर्साउने खालको कठोर हुन्छ । आफूभन्दा साना अर्थात् सामान्य जीवको मात्र हिंसा गर्दछन् । यो जातका भालुको छाला नरम हुन्छ ।

अच्छभल्लास्तु नितरामुत्तुङ्गतनवो मताः ॥ त्रिहस्ता च चतुर्हस्ता तेषामुन्नतिरीरिता ।

अच्छ जातका भालु हरदम तीन वा चार हात अग्लो हुन्छ ।

नानावर्णस्कन्धभागा रक्तबिन्द्वञ्चिताङ्गकाः ॥ श्वेतपादसमोपेताः श्वेतकुक्षियुताश्च ते ।

काँधतिरको भाग अनेक रङ्गो अर्थात् छिरबिरे हुन्छ । शरीरमा राता थोप्ला हुन्छन् । खुट्टा र कोखको भाग सेतो हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अङ्गान्तरेषु सर्वत्र कृष्णरोमावली मता ॥ निशासञ्चारशीलाश्च प्रायशस्ते बलान्विताः ।

शरीरको अन्य भाग सबै कालो भुत्लाले ढाकेको हुन्छ । यी बलिया हुन्छन् र प्रायः रातमा घुम्ने गर्दछन् ।

ऋक्षवद्दीर्घनिबिडरोमाणो दृढविक्रमाः ॥ नितरां धावनरताः पतनादिरताश्च ते ।

ऋक्ष जातका भालुका जस्तै बाक्ला रौँ हुन्छन् । अति पराक्रमी हुन्छ । यी निरन्तर कुदिरहन तथा हाम फाल्न रुचाउँदछन् ।

दंष्ट्राकरालवदना दीर्घतीक्ष्णनखान्विताः ॥ नृमांसभक्षणरता नरगन्धासहिष्णवः ।

दाह्रा सहितको डरलाग्दो मुख हुन्छ । लामा र तीखा नङ्ग्रा हुन्छन् । मानिसको मासु खान खोज्दछन् । मानिसको गन्ध यिनलाई असह्य हुन्छ ।

बहुफेनमुखाश्चैते सान्त्ववाक्यपराङ्मुखाः ॥ स्थूलत्वचः स्थूलदेहाः नितरां ह्रस्ववालकाः ।

यिनको मुखबाट अत्यधिक फिँज निस्किरहेको हुन्छ । यिनले मिठो आवाज सुन्न रुचाउँदैनन् । मोटो छाला र मोटो शरीर हुन्छ । यिनको पुच्छर सधैँ छोटो हुन्छ ।

भृशं कठोरनिनदाः नृणां प्राणापहारकाः॥ पूर्वैरेते निगदिता रौद्राश्चित्राशिखण्डिनः ।
दुर्धर्षा वायुरायोगैः लभ्यास्ते वनगोचरैः॥

यी डरलाग्दोसँग कराउँदछन् र (पाउँदा) मानिसको (पनि) ज्यान लिन्छन् । यिनको निष्ठुर स्वभावले गर्दा पहिलेका विद्वानले यिनलाई शिखण्डी नाम दिएका हुन् । यी सहजै पासोमा पर्दैनन् र यिनलाई सजिलै सधाउन पनि सकिँदैन ।

भल्लुका ह्रस्वतनवो दीर्घदंष्ट्रा भयङ्कराः । ह्रस्वकर्णा दीर्घनासाः दीर्घस्कन्धान्विताश्च ये॥

भल्लुक जातका भालुको छोटो शरीर र लामा दाँत हुन्छ । यी डरलाग्दा हुन्छन् । कान छोटो, नाक लामो र काँध पनि लामो हुन्छ ।

दिवा सञ्चारशीलाश्च प्रायस्ते परिकीर्तिताः । दुर्धषा दुरहङ्काराः स्थलज्ञानविवर्जिताः॥

यो जातका भालु प्रायः दिनमा विचरण गर्दछन् । यी नियन्त्रण गर्न कठिन, अति अहङ्कारी हुन्छन् । स्थानको ज्ञान नहुनाले खतरापूर्ण स्थानमा पनि खस्ने गर्दछन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

परस्पररणासक्ताः पङ्कभीताश्च ते मताः । फेनायितमुखोपेताश्चलल्लोचनभूषिताः॥

यी एकआपसमा लडिरहन खोज्दछन् र हिलोदेखि डराउँदछन् । फिँज निकालिरहेको मुख र चञ्चल नेत्रले यी सुन्दर देखिन्छन् ।

क्षुत्कालेत्यतकोपाश्च शान्ते नृत्तप्रदर्शकाः । दुर्गन्धा दुष्टचरिता मृगयाभीरवः स्वयम्॥

भोकाउँदा यी रिसाहा हुन्छन् । भोक शान्त भएको अवस्थामा यी नाच्न थाल्दछन् । यिनको गनाउने शरीर हुन्छ । खराब स्वभावका हुन्छन् र आफैँ शिकार गर्न डराउँदछन् ।

क्वचित्ते श्वेतरोमाणो जायन्ते तत्स्वरूपकाः । किञ्चिद्बलविहीनाश्च ते त्वच्छाः कथिता बुधैः॥

शरीरका रौँ सेता हुने र केही कम बलिया भालुलाई विद्वानले अच्छ नाम दिएका छन् ।

भल्लूक्यश्चापि भल्लूकैः प्रायस्तुल्य(त्य ?)स्वरूपकाः ।
मृदुत्वचः प्रशान्ताश्च सुन्दराङ्ग्यश्च ता मताः॥

पाथी भालु पनि भाले समानकै गुणको हुन्छ । यी नरम छाला भएका, शान्त स्वभावका र सुन्दर

अङ्गका हुन्छन् ।

रम्यरोमावलीच्छन्ना मन्दगा मन्दनादकाः । मनोज्ञनृत्यलोलाश्च स्वल्पकामाश्च ता मताः ॥

यिनको शरीर सुन्दर रौँका लहरले युक्त हुन्छ । गति र आवाज मन्द हुन्छ । यी मनमोहक नृत्य गर्न रुचाउने र कम कामातुर हुन्छन् ।

द्विवारार्भकदायिन्यस्त्रिवारप्रसवाः क्वचित् । अच्छभल्लाश्च भल्लूका ऋक्षाश्च दृढविक्रमाः ॥

कुनैले दुई पटक त कुनैले तीन पटक बच्चा पाउँदछन् । अच्छ, भल्लूक र ऋक्ष भालु बलिया र पराक्रमी हुन्छन् ।

शिक्षिता नरवद्यान्ति सान्त्ववाक्योपलालिताः ।
उपायैर्वागुरायोगैस्तै लभ्या वनगोचरैः ॥

भालुलाई मानिसले जसरी खेल खेल्न वा नाच्न सिकाइन्छ । तर यसरी सिकाउँदा उसलाई प्रेमपूर्वक आफूतिर आकर्षित गर्नुपर्दछ । वनमा घुम्ने मानिसले यसलाई पासो वा जालमा पारेर समाउने गर्दछन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

शिक्षणीयाश्च विधिना रक्षणीयाश्च यत्नतः ।
यौवने मदपूर्णाश्च कोपवन्तश्च ते मताः ॥

यसका लागि मानिस लगाई उल्लेखित उपायले समाती प्रयत्नपूर्वक तालिम दिनु पर्दछ । जवानीमा मदले उन्मत्त हुन्छन् र रिसाउने गर्दछन् ।

निर्गति नवमे वर्षे जराश्लथितविग्रहाः ।
त्यक्तरोमाङ्गका दृष्टिपरूषाश्च भवन्ति हि ॥

नौ वर्षपछि भालुको वृद्धावस्था शुरु हुन्छ । जबजब यिनका शरीरको रौं झर्दै जान्छ तबतब यी कुरूप देखिन देखिन थाल्दछन् ।

चतुर्दश तु वर्षाणि भल्लूकानां परं वयः ।
अल्पत्वान्मन्दबुद्धित्वात्त एते तामसाधमाः ॥

भालुको अधिकतम आयु चौध वर्षको हुन्छ । कम सङ्ख्या र मन्दबुद्धि हुने कारणले भालुलाई तमसी जीवमा पनि अधम जीव मानिएको छ ।

नोट : आधुनिक कालमा भालु २५-५० वर्ष बाँचेको पाइन्छ ।

(च) राज निघण्टु :

ऋक्षो भल्लूकोऽथ भल्लः सशल्यो दुर्घोषः स्यात् भल्लकः पृष्ठदृष्टिः ।
द्राघिष्ठः स्यात् दीर्घकेशश्चिरायुर्ज्ञेयः सोऽयं दुश्चरो दीर्घदर्शी ॥

ऋक्ष, भल्लूक, भल्ल, सशल्य, दुर्घोष, भल्लक, पृष्ठदृष्टि, द्राघिष्ठ, दीर्घकेश, चिरायु, दुश्चर र दीर्घदर्शी : यी भालुका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ऋक्षजिह्वा (कुष्ठरोगविशेष)
(A Type of leprosy)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

परुषं तनु रक्तान्तमन्तःश्यावं समुन्नतम्॥
सतोददाहरुक्क्लेदं कर्कशैः पिटिकैश्चितम्। ऋक्षजिह्वाकृति प्रोक्तमृक्षजिह्वं बहुकृमि॥

जुन कुष्ठरोगमा घाउ खस्रो, पातलो, छेउसम्म रातो, बीचमा कालो, भुक्क उठेको, व्यथा गर्ने, डाह हुने, दुख्ने वा भिजिरहने, खस्रा फोकाहरु सहितको, भालुको जिभ्रो जस्तो आकारको र धेरै कीरा पर्ने गर्दछ त्यस्तो कुष्ठरोगलाई "ऋक्षजिह्वा" भनिन्छ ।

(ख) काश्यप संहिता :

वातपैत्तिकमृष्यजिह्वं...।

वातदोष र पित्तदोष बढी भएर हुने कुष्ठरोगलाई ऋष्यजिह्व भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ऋष्यजिह्वोपमं पारुष्यवैवर्ण्यगौरवर्णविक्लेदैर्ऋष्यजिह्वं;

ऋष्यमृगको जिभ्रो जस्तो, कठोर, रङ्गहीन वा रङ्ग उडेको वा सेतो र दुखाउने वा भिजिरहने कुष्ठलाई ऋष्यजिह्व भनिन्छ ।

(ग) भावप्रकाश संहिता :

कर्कशं रक्तपर्यन्तमन्तः श्यावं सवेदनम्। यदृक्षजिह्वासंस्थानमृक्षजिह्वं तदुच्यते॥
(रक्तपर्यन्तम्-अन्त रक्तम् । अन्तः श्यावम्- मध्ये धूमवर्णम् । ऋक्षो-भल्लूकः तस्या जिह्वाकृतिः ।) ।

साह्रो, किनारमा रातो र बीचमा धुवाँका रङको, दुख्ने र भालुको जिभ्रो जस्तो कुष्ठरोगलाई "ऋक्षजिह्व" भनिन्छ ।

(घ) शार्ङ्गधर संहिता :

मरुत्पित्तादृक्षजिह्वा...।

वात-पित्तविकारले ऋक्षजिह्वा नामक कुष्ठरोग हुन्छ ।

(ङ) **सुश्रुत संहिता :**

ऋष्यजिह्वाप्रकाशानि खराणि ऋष्यजिह्वानि ...।

ऋष्यमृगविशेषको जिब्रोजस्तो मोटो हुने कुष्ठरोगलाई "ऋष्यजिह्व" भनिन्छ ।

नोट : कतै ऋक्ष त कतै ऋष्य शब्द प्रयोग भएका छन् । ऋक्षको अर्थ भालु र ऋष्यको अर्थ मृगविशेष हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

एणीदाह (सांन्निपातज्वरांवंशेष)
(A kind of fever)

(क) **माधव निदान, परिशिष्ट :**

परिधावतीव गात्रे रुग्गात्रे भुजगपतगहरिणगणः । वेपथुमतः सदाहस्यैणीदाहज्वरार्त्तस्य॥

जुन् सन्निपातज्वरमा रोगीको शरीर अती दुख्दछ तथा शरीरमा सर्प, चरा र मृगका बथान दौडिरहेको जस्तो धान हुन्छ र डाह समेत हुन्छ त्यस्तो सन्निपात ज्वरलाई “एणीदाह” भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

एरङ्ग (माछाविशेष)
(A kind of fish)

परिभाषा :

(क) **शब्दकल्पद्रुम (एरङ्ग)** : रङ्गा नामको एक जातको माछा ।
(ख) **हिन्दी विश्वकोश (एरङ्ग)** : एरति सम्यक् भ्रमतीति । मत्स्यविशेष ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **भावप्रकाश निघण्टु :**

एरङ्गो मधुरः स्निग्धो विष्टम्भी शीतलो लघुः ॥

एरङ्ग नामक माछाको मासु गुलियो, चिल्लो, कब्जियत गराउने, शीतल गर्ने र पचाउन सहज हुने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ऐक्षव (उखुको मांदरा)
(A kind of spirituous liquor)

परिभाषा :

(क) **के.यन.स्वामी (ऐक्षव) :** भेलीको रक्सी ।
(ख) **नेपाली बृहत् शब्दकोश (ऐक्षव) :** एक प्रकारको रक्सी ।
(ग) A kind of spirituous liquor produced from sugarcane

प्राचीन ग्रन्थका वचन :

(क) **राज निघण्टु :**

ऐक्षवं तु भवेन्मद्यं शिशिरञ्च मदोत्कटम् ।

उखुको रसबाट बनाइने ऐक्षव नामक मदिरा शीतवीर्यको र अति नसालु हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ओषांधे

An annual plant or herb (which dies after becoming ripe)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण, अमरकोश :

ओषध्यः फलपाकान्ताः ...।

फल पाकेपछि बोट सुक्ने खालका धान, गहुँ आदिलाई ओषधि (ओषधी) भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

औदुम्बर (कुष्ठरोगविशेष)
(A kind of leprosy)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

पक्वोदुम्बरताम्रत्वग्रोम गौरसिराचितम् । बहलं बहलक्लेदरक्तं दाहरुजाधिकम्॥
आशूत्थानावदरणकृमिं विद्यादुदुम्बरम् ।

जुन कुष्ठको घाउ बयरको पाकेको फलजस्तो रङ्को, छाला रातो हुने, रौं रातो हुने, सेता नसा व्यापकरूपमा देखिने, मोटो, धेरै पानी आदि बहने, धेरै रगत निस्कने, धेरै डाह गराउने, धेरै दुख्ने, चाँडै उत्पन्न भई चाँडै फुट्ने र चाँडै कीरा पर्ने गर्दछ त्यस्तो कुष्ठरोगलाई "उदुम्बर" भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान :

उदुम्बरफलाभासं कुष्ठमौदुम्बरं वदेत् । रुग्दाहरागकण्डूभिः परीतं रोमपिञ्जरम्॥
(उदुम्बरफलाभासम्-औदुम्बरफलाकारम्)

सङ्कलन : मोहन प्रसाद सापकोटा

डुम्रीको फल जत्रो कुष्ठलाई औदुम्बर भनिन्छ । यसमा पीडा, डाह, चिलाउने र वरिपरिको रौं पहेँलो हुने गर्दछ ।

(ग) शार्ङ्गधर संहिता :

पित्तेनोदुम्बरं प्रोक्तं ...।

पित्तविकारले औदुम्बर नामक कुष्ठरोग हुन्छ ।

(घ) काश्यप संहिता :

पित्तोत्तरे त्वौदुम्बरं...।

पित्तदोष बढी भएर हुने कुष्ठरोगलाई औदुम्बर कुष्ठरोग भनिन्छ ।

पक्वोदुम्बरफलसदृशमस्रावि जडमनेकमौदुम्बरं व्याख्यातं;

पाकेको डुम्रीको फल जस्तो, पीप वा पानी नबहने र अनेक जरा हुने कुष्ठलाई औदुम्बर भनिन्छ ।

(ङ) **सुश्रुत संहिता :**

पित्तेन पक्वोदुम्बरफलाकृतिवर्णान्यौडुम्बराणि,

पित्तविकारका कारण हुने पाकेको डुम्री जत्रो र जस्तो वर्णको कुष्ठलाई "औदुम्बर" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

औद्भिद (नुनविशेष)
(Soil salt)

(One of the five varieties of "salt", Culinary salt, Fossil salt, rock salt, soil salt, Sodium carbonate)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

उद्भिजं भूमिजं क्षारमूषणं लवणं स्मृतम् ।

जमिनबाट निस्कने क्षारयुक्त पदार्थलाई उद्भिज लवण भनिन्छ ।

(ख) अभिधान रत्नमाला :

औद्भिदं क्षितिसम्भूतं ...।

पृथ्वी (माटोबाट) निकालिने नुनलाई औद्भिद नुन भनिन्छ ।

(ग) कैयदेव निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

औद्भिजं पार्थिवं चौर्यं भूम्युत्थं पृथिवीभवम् । भूम्या उद्भिन्न जातस्य क्षारतोयस्य शोषणात्॥
रश्मिभिर्वह्निना वाऽथ क्वाथात् कटुकमौद्भिदम् ।
औद्भिदं तीक्ष्णमुत्क्लेशि सक्षारं कटुतिक्तकम्॥
रक्तलं लघु तीक्ष्णोष्णं सूक्ष्मं वातानुलोमनम् ।

औद्भिज, पार्थिव, चौर्य, भूम्युत्थ र पृथिवीभव : यी औद्भिद नुनका पर्यायवाची नाम हुन् । पृथ्वी छेडेर निस्कने पदार्थको क्षारयुक्त पानीलाई घाम र आगोमा सेकाएर वा पकाएर सुकाई निकालिने नुनलाई औद्भिद नुन भनिन्छ । यो तिक्खर आर्द्रतायुक्त, क्षारयुक्त, पिरो, तितो, रगत बढाउने, पचाउन सहज, तिक्खर, उष्णवीर्यको, सूक्ष्म र शरीरको वायुलाई आफ्नो बाटोमा हिँडाउने गुणको हुन्छ । (रोमक र पांशुको बेग्लै परिभाषा दिइएको) ।

(घ) द्रव्यगुणसङ्ग्रह, माधव द्रव्यगुण :

सतिक्तं कटु सक्षारं तीक्ष्णमुत्क्लेदि चौद्भिदम् ।

औद्भिद नुन केही तितो, पिरो, क्षारयुक्त, तिक्खर र आर्द्रतायुक्त हुन्छ ।

(औद्भिदगुणानाह-सांतक्तामित्यांद्र भुवमुद्भिद्योत्पन्नस्य क्षारोदकस्य सूर्यरश्मिभिर्वाह्नितापाद्वा क्वथनाद्यल्लवणमुत्पद्यते तदौद्भिदमिति निबन्धसङ्ग्रहः, चक्रस्तु ऊषरदेशोद्भवमुत्कारिकालवणमौद्भिदलवणमित्याह, अन्ये तु पाक्यलवणमौद्भिदमित्याहुः ।) । यहाँ पनि रोमक नुनको छुट्टै व्याख्या गरिएको छ ।

(ङ) **मदनादि निघण्टु :**

औद्भिदं पार्थिवं भौम्यं भूपत्रं पृथिवीभवम् ।

औद्भिद, पार्थिव, भौम्य, भूपत्र र पृथिवीभव : यी औद्भिद नुनका पर्यायवाची नाम हुन् ।

(च) **सरस्वती निघण्टु :**

औद्भिदं पार्थिवं चेति...।

औद्भिद नुनलाई पार्थिव पनि भनिन्छ । (यस निघण्टुमा पनि पांशु र रोमक नुन बेग्लै हुन् भनी बताइएको छ । सोढल निघण्टुमा योसँग सम्बन्धित श्लोक खण्डित रहेको देखिन्छ ।)

(छ) **धन्वन्तरि निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

औद्भिदं पांशुलवणं रोमकं वसुकं वसु । ऊषरं पांसवक्षारमौर्वं सार्वगुणं तथा॥
लघु तीक्ष्णोष्णमुत्क्लेदि सूक्ष्मं वातानुलोमनम् । सतिक्तं कटुकं क्षारं विद्याल्लवणमौद्भिदम्॥

औद्भिद, पांशुलवण, रोमक, वसुक, वसु, ऊषर, पांसवक्षार, औंर्व र सार्वगुण : यी माटे नुनका पर्यायवाची नाम हुन् । यो पचाउन सहज, तिक्खर, उष्णवीर्यको, आर्दता बढाउने, सूक्ष्म, वायुलाई आफ्नो बाटोमा हिँडाउने, तितो, पिरो र क्षारयुक्त हुन्छ ।

(ज) **भावप्रकाश निघण्टु :**

औद्भिदं पांशुलवणं यज्जातं भूमितः स्वयम्॥ क्षारं गुरु कटु स्निग्धं शीतलं वातनाशनम् ।

औद्भिद र पांशुलवण : यी खनिज नुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो जमिनबाट आफैं उत्पन्न हुन्छ । खनिज नुन नुनिलो, पचाउन कठिन, पिरो, चिल्लो, शीतल गर्ने र वातरोग नाशक हुन्छ ।

(झ) **मदनपाल निघण्टु :**

औद्भिदं भूमिजं भौमं पार्थिवं पृथिवीभवम् । औद्भिदं रक्तलं सूक्ष्मं लघु वातानुलोमनम्॥

औद्भिद, भूमिज, भौम, पार्थिव र पृथ्वीभव : यी माटे नुनका संस्कृत पर्यायवाची नामहरू हुन्। यसले रगत बढाउँदछ। यो सूक्ष्म, पचाउन हलुका र वातविकारलाई तलतिर सार्ने गुणको हुन्छ।

(ञ) **राज निघण्टु :**

रोमकमौद्भिदमुक्तं वसुकं वसु पांशुलवणमूषरजम्। पांशवमौषरमैरिणमौर्वं सार्वसहं रुद्रैः॥
रोमकं तीक्ष्णमत्युष्णं कटु तिक्तं च दीपनम्। दाहशोषकरं ग्राहि पित्तकोपकरं परम्॥

(१) रोमक, (२) औद्भिद, (३) वसुक, (४) वसु, (५) पांशुलवण, (६) ऊषरज, (७) पांशव, (८) औषर, (९) ऐरिण, (१०) और्व र (११) सार्वसह : यी एघार नाम माटे नुनका संस्कृत पर्यायवाची नामहरू हुन्। यो तिक्खर, अती उष्णवीर्यको, पिरो, तीतो र दीपनी हुन्छ। यसले डाह र क्षयरोग गराउँदछ। यो ग्राही र धेरै नै पित्तविकार बढाउने गुणको हुन्छ।

(ट) **राजवल्लभ निघण्टु :**

औद्भिदं तीक्ष्णमुत्क्लेदि सक्षारं कटु तिक्तकम्॥

औद्भिद नुन तिक्खर, शरीरलाई ओसिलो पार्ने, क्षारयुक्त, पिरो र तीतो हुन्छ।

(ठ) **शालिग्राम निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

औद्भिदं पांशु लवणं यज्जातं भूमितः स्वयम्।

औद्भिद नुनलाई पांशुलवण पनि भनिन्छ। यो जमिनमा आफैं उत्पन्न हुन्छ।

औपद्रविकज्वर (जरोविशेष)
(A kind of fever)

(क) **माधव निदान, परिशिष्ट :**

प्रायेण जीर्णेषु गदेषु सर्वेष्वपि ग्रहण्यादिषु वै विशेषात् ।
यः सन्निपातप्रभवो ज्वरः स्याद् विद्यात्तमौपद्रविकाभिधं हि ॥

प्रायः सबै पुराना रोग त्यसमा पनि विशेषगरी ग्रहणी आदि रोगमा आउने त्रिदोषजन्य उपद्रवयुक्त (अन्य सह-रोग निकाल्ने खालको) जरोलाई "औपद्रविक ज्वर" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

औपसर्गिकविसूचिका (हैजा)
(Cholera)

(क) **माधव निदान, परिशिष्ट :**

अयं लोकमध्ये तु मारीस्वरूपेण सर्वत्र रोगः प्रसारं व्रजेद्धि ।
प्रदृश्येत सङ्क्रामकश्चाथ तत्रातिसारो वमिर्नूनमत्यर्थमेव ॥१॥

यो रोग समाजमा महामारीकोरूपमा फैलन्छ र सङ्क्रामक हुन्छ । यसमा छेरपटी र बान्ता बढी हुने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

औषर (पाँगेनुन)
(Fossile salt, Rock Salt, Soil salt)

परिभाषा :

(क) के.यन.स्वामी : (१) क्षारम्, वसुकम् : पाँगा नुन । (२) पांसु : क्षार । (३) औषरम् : खारी नुन । (४) औषरकम् : सिधेनुन । खारीनुन वा खारेनुन । (५) सार्वगुणम्, सर्वलवणम्, साम्भार, मिश्रकम् : खारीनुन । (६) सर्वरस : नुन ।
(ख) नेपाली बृहत् शब्दकोश (पाँगेनुन) : समुद्रका छेउको लेदो खारी बनाइएको खाने नुन ।
(ग) हिन्दी विश्वकोश (१) औषर : पांशु लवण । मृत्तिकालवण । सैन्धवलवण । (२) पांशुलवण : औद्भिद्लवण । पाँगेनुन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

पांसूत्थं पांसुलवणं पांसुजं लवणं भवेत् ।

बालुवा (वा माटो) बाट निकालिने नुनलाई पांसूत्थ वा पांसुलवण भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) **कैयदेव निघण्टु :**

पांशुजं पांशुलवणं पांशुकं वसुकं परम् । ऊषरक्षारमौर्वं स्यादौषं सर्वगुणं तथा॥
पांशुकं कटुकं स्निग्धं सक्षारं श्लेष्मलं गुरु ।

पांशु (बालुवा, माटो) बाट निकालिने नुनलाई पांशुज, पांशुलवण, वसुक, ऊषर, क्षार, और्व, औष र सर्वगुण भनिन्छ । यो पिरो, चिल्लो, क्षरयुक्त, कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

(ग) **मदनपाल निघण्टु :**

क्षारं पांसुभवं त्वौषमौषरं पांसवं वसु । क्षारं गुरु कटु स्निग्धं श्लेष्मलं वातनाशनम्॥

क्षार, पांसुभव, औष, औषर, पांसव र वसु यी पाँगेनुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन, पिरो, चिल्लो, कफविकार गर्ने र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(घ) **माधवद्रव्यगुण :**

पांशुजं तिक्तमुष्णं च शोथपित्तकफापहम् । गुल्महृद्ग्रहणीपाण्डुप्लीहानाहगलामयान्॥

पांशु नुन तितो, उष्णवीर्यको तथा सुजन, पित्तविकार, कफविकार, गुल्म, मुटुका रोग, ग्रहणी, पाण्डु, फियोका रोग, आनाह र घाँटीका रोग नाश गर्ने गुणको हुन्छ ।

(ङ) **राज निघण्टु :**

औषरकं सार्वगुणं सार्वरसं सर्वलवणमूषरजम् ।
साम्भारं बहुलवणं मेलकलवणं च मिश्रकं नवधा॥
औषरं तु कटु क्षारं तिक्तं वातकफापहम् । विदाहि पित्तकृद्ग्राहि मूत्रसंशोषकारि च॥

(१) औषरक, (२) सार्वगुण, (३) सार्वरस, (४) सर्वलवण, (५) ऊषरज, (६) साम्भार, (७) बहुलवण, (८) मेलकलवण र (९) मिश्रक : यी नौ नाम औषरक नामक नुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, नुनिलो, तीतो तथा वातविकार र कफविकार नाशक हुन्छ । यो डाहकारी, पित्तविकार गर्ने र ग्राही हुन्छ । यसले पिसाबको मात्रा पनि कम गर्दछ ।

(च) **राजवल्लभ निघण्टु :**

पांशुजं लवणं भेदि पाचनं पित्तकारकम् । रोचनं दीपनं स्वादु रेचनं मारुतापहम्॥

पाँगेनुन भेदनी, पाचक, पित्तविकार गर्ने, रुचिप्रद, दीपनी, स्वादिलो, दिसा लगाउने तथा वातविकार नाशगर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(छ) **सरस्वती निघण्टु :**

पांशुजं पांशुलवणमौषकं कृत्रिमं तथा । औषरं पाण्डुराकारं सर्वं च सगुणं मतम्॥

पांशुज, पांशुलवण, औषक, कृत्रिम, औषर र पाण्डुराकार : यी उस्तै गुणको पांशुलवणका पर्यायवाची नाम हुन् ।

काखी
(Armpit)

परिभाषा :

(क) **के.यन.स्वामी :** कक्ष र दोर्मूल भनेको काखी हो ।

(ख) **नेपाली बृहत् शब्दकोश :** (१) कक्ष : काखी । काखीको खटिरो; कखौतो । (२) कखौतो : काखीको निश्चित स्थान । (३) काखी : काँधको जोर्नी पर्ने कुममन्तिरको खोपिल्टो; खुकुनी; कोखेलो । (४) कोखेलो : कोखाको भाग; काखी । (५) खुकुन्डी : काखी । काखीबाट आउने पसिनाको गन्ध । (६) खोकिलो : मान्छेको शरीरको काखीलगायत त्यसले स्पर्श गर्ने करङ आदिको भाग । (७) जाबो : काखीको भुत्ला; खकुन्डीको भुत्ला । (८) जैरे : काखीमनि उम्रने रौँ; काखीको रौँ । (९) बगल : काखी; पार्श्व ।

(ग) **डा.सतिश चन्द्र साङ्ख्यधर :** काखीको अंग्रेजी नाम Armpit हो ।



सङ्कलन : मोहन प्रसा

प्राचीन ग्रन्थका वचनहरू :

(क) **काश्यप संहिता :**

कक्षावुन्नतौ पृथुलौ पीनौ सुव्यञ्जनौ प्रशस्येते, विपरीतावधन्यौ, भृशलोमशौ च नारीणाम् ।

उठेका, ठूला, मोटा र प्रष्ट देखिने खालका काखी हुनुलाई राम्रो मानिन्छ । यस विपरीत भए राम्रो मानिन्न । धेरै रौँ हुने स्त्रीको काखीलाई पनि शुभ मानिन्न ।

(क) **राज निघण्टु :**

...कक्षा दोर्मूलसञ्ज्ञका ॥

कक्ष र दोर्मूल : यी काखीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कक्षा (खांटेरांविशेष)
(A kind of boil)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कक्षेति कक्षासन्नेषु प्रायो देशेषु साऽनिलात् ।
पित्ताद्भवन्ति पिटि(ट)काः सूक्ष्मा लाजोपमा घनाः ॥

वातविकार कफविकारका कारण कोखतिर आउने सानासाना धानको लाजा जस्ता बाक्ला बाक्ला खटिरालाई “कक्षा” भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

बाहुकक्षांसपार्श्वेषु कृष्णस्फोटां सवेदनाम् । पित्तप्रकोपसम्भूतां कक्षां तामिति निर्दिशेत् ॥

हात, काखी र कोखमा पित्तविकारका कारण आउने, कालो र दुख्ने खालका खटिराहरूलाई “कक्षा” भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) माधव निदान, सुश्रुत संहिता :

बाहुपार्श्वांसकक्षेषु कृष्णस्फोटां सवेदनाम् । पित्तप्रकोपसम्भूतां कक्षामित्यभिनिर्दिशेत् ॥

पित्तविकारका कारण हात, कोखा, तथा काखीमा आउने र दुख्ने कालो रङको पिलो वा खटिरोलाई “कक्षा” भनिन्छ ।

कङ्कुष्ठ (मुदाशंख ?)
(Kankushtha)

परिभाषा :

(क) भारतडिस्कोभरीडटओआरजी : कङ्कुष्ठ हिमालयको शिखरमा उम्रने गर्दछ तथा सेतो र पहेँलो गरी दुई किसिमको हुन्छ । सेतोलाई नालिक र पहेँलोलाई रेणुक भनिन्छ र रेणुक बढी गुनिलो हुन्छ ।

(ख) चमत्कारिक जडी बूटियाँ, डा.रेखा जैन : हिमाली उच्च भूभागमा कङ्कुष्ठ उम्रन्छ । यो नलि आकारको र रेणुका आकारको गरी दुई थरी हुन्छ । नलिका आकारको कङ्कुष्ठ पहेँलो, गह्रौं र चिल्लो हुन्छ । यसलाई उत्तम मानिन्छ । अर्को थरी हलुका, केही कालो र गुणरहीत हुन्छ ।

(ग) वैद्यनमः डटकमले कङ्कुष्ठको अंग्रेजी नाम Gamose tree र ल्याटिन नाम *Garcinia merella* भनी दिएको छ । उसका मतमा यो नलिका र रेणुक गरी दुई जातको हुन्छ । नलिका पहेँलो, चम्किलो, चिल्लो र श्रेष्ठ हुन्छ । रेणुक कालो-पहेँलो वर्णको र अनुपयोगी हुन्छ ।

(घ) शब्दकल्पद्रुम : कङ्कुष्ठ विशेष किसिमको माटोको नाम (पनि) हो ।

(ङ) डा.सतिश चन्द्र साङ्ख्यधर : कङ्कुष्ठ एक विवादास्पद द्रव्य हो ।

(च) विश्व हिन्दी कोश : कङ्कुष्ठ-१.पर्वतीय माटो विशेष । २.हिमालतिर शिखरमा उत्पन्न हुने हरताल जस्तो एक किसिमको पत्थर । कालकुष्ठ-पहाडमा हुने माटो विशेष । कालपालक-कङ्कुष्ठ नामक माटो । पुलक-कङ्कुष्ठ, एक प्रकारको गेरु । एक प्रकारको कन्द । हरिताल । रङ्गदायक- कङ्कुष्ठ नामक पहाडी माटो । रेचक-कङ्कुष्ठ नामक माटो । शोधन-कङ्कुष्ठ, मुर्दासंग ।

(छ) आयुर्वेद शब्दार्णवः, वि.सं.१९५२, कङ्कुष्ट-पर्वतीय माटो, काककुष्ट । मुर्दाशंख ।

(ज) आयुर्वेदीय महाकोशः, वेणी माधवशास्त्री जोशी र नारायण हरि जोशी, १९६८ : कङ्कुष्ठ : १. सुवर्णक्षीरीनिर्यासः । खनिज द्रव्यविशेष । पाउन नसकिने हुनाले ओखतीमुलोका लागि समान गुणको बोदारशृङ्गलाई प्रयोग गर्दछन् । २. पर्वतीय माटोविशेष । यो सेतो र पहेँलो गरी दुई प्रकारको हुन्छ । ३. कङ्कुष्ठ नालिका र रेणुक (सम्भवतः बूटीविशेष) गरी दुई किसिमको हुन्छ ।

(झ) के.यन.स्वामी : विरङ्ग भनेको मुर्दाशङ्ख वा कङ्कुष्ठ नामक पहाडमा हुने माटोविशेष हो ।

(ञ) डा.चुनेकर : कङ्कुष्ठको पहिचानमा मतभेद छ । पदमचाल नेपाली नाम, Rhubarb अंग्रेजी नाम तथा *Rheum emodi* Wall. वानस्पतिक नाम भएको वनस्पतिलाई पनि कसैकसैले कङ्कुष्ठ मानेको पाइन्छ ।

(ट) नेपाली बृहत् शब्दकोश (१) मुर्दासङ्ख : बेदार भन्ने पर्वतको टाकुरामा पाइने, टल्कने पहेँलो रङको, घाउखटिरामा लगाइने औषधी । (२) पदमचाल : कर्कलाका आकारका ठूला पात, खैरा फल, हरियोमा खैरा र पहेँला टीका परेका फूल र पहेँलो ठूलो कन्द हुने, लेकाली जङ्गलमा पाइने एक बुटी; पदमचाल्नु; पद्मचारिणी । आयुर्वेदमा अजीर्ण, अतिसार तथा अरुचि नाश गर्ने र हलुको जुलाफ हुने गुण बताइएको त्यसैको अमिलो र ठूलो कन्द ।

(ठ) विश्वनाथ द्विवेदी शास्त्री : कङ्कुष्ठका बारेमा मतभेद छ । तर मुर्दाशङ्ख र कङ्कुष्ठ समान द्रव्य होइनन् ।

प्राचीन ग्रन्थका वचन :

(क) अभिधान मञ्जरी :

पीतपुष्पः स एव स्यान्मासासौमरसस्तथा । विरेचनी च कङ्कुष्टं तीक्ष्णाह्वश्च वसुस्रवः ॥

पीतपुष्प, मासा, सौमरस, विरेचनी, कङ्कुष्ठ, तीक्ष्णाह्व र वसुस्रव : यी कङ्कुष्ठका नाम हुन् ।

(ख) **अभिधान रत्नमाला :**

कङ्कुष्ठो रेचनी स्वर्णक्षीरिणी तिक्तदुग्धिका । काककुष्ठा कृष्णगन्धा क्षीरिणी पीतपुष्पिका ॥

कङ्कुष्ठ, रेचनी, स्वर्णक्षीरिणी, तिक्तदुग्धिका, काककुष्ठा, कृष्णगन्धा, क्षीरिणी र पीतपुष्पिका : यी कङ्कुष्ठका नाम हुन् ।

(ग) **अष्टाङ्ग निघण्टु :**

स्वर्णक्षीरी हैमवती कङ्कुष्ठस्तीक्ष्णदुग्धिका ।

स्वर्णक्षीरी, हैमवती, कङ्कुष्ठ र तीक्ष्णदुग्धिका : यी कङ्कुष्ठका नाम हुन् ।

(घ) **कैयदेव निघण्टु :**

काककुष्ठं काकघोलं विडङ्गं रङ्गनायकम् । कङ्कुष्ठकं तु पुलकं शोभनं किञ्जवालुकम् ॥
रोचनं रेचनं हासं वराङ्गं काकपालकम् । कङ्कुष्ठं कटुकं तिक्तमुष्णं वर्णविशोधनम् ॥
कफशोफोदरानाहगुल्माध्मानकृमिप्रणुत् ।

काककुष्ठ, काकघोल, विडङ्ग, रङ्गनायक, कङ्कुष्ठक, पुलक, शोभन, किञ्जवालुक, रोचन, रेचन, हास, वराङ्ग र काकपालक : यी कङ्कुष्ठका नाम हुन् । यो पिरो, तीतो, उष्णवीर्यको, शरीरको वर्णलाई प्रशोधन गर्ने तथा कफविकार, सुजन, पेटका रोग, आनाह, गुल्म, आध्मान र कीरा नाशगर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) **धन्वन्तरि निघण्टु :**

कङ्कुष्ठं कालकुष्ठं च विरङ्गं रङ्गनायकम् ॥ रेचकं पुलकं ह्रासं शोधनं कालपालकम् ।
कङ्कुष्ठं तिक्तकटुकं वीर्ये चोष्णं प्रकीर्तितम् ॥ गुल्मोदावर्तशूलघ्नं रसरङ्गं व्रणापहम् ।

कङ्कुष्ठ, कालकुष्ठ, विरङ्ग, रङ्गनायक, रेचक, पुलक, ह्रास, शोधन र कालपालक : यी मुर्दाशङ्खका पर्यायवाची नाम हुन् । यो तितो, पिरो, उष्णवीर्यको तथा गुल्म, उदावर्त र शूलरोग नाशगर्ने; पारोलाई प्रशोधन गर्ने एवं खटिरा निको पार्ने गुणको हुन्छ ।

(ङ) **निघण्टु रत्नाकर (शा.नि.) :**

कङ्कुष्ठं तिक्तकटुकं वीर्यचोष्णं प्रकीर्त्तितम् । गुल्मोदावर्त्तशूलघ्नं रसजन्तुव्रणापहम् ॥

कङ्कुष्ठ तीतो, पिरो, उष्णवीर्यको तथा गुल्म, उदावर्त, शूल, रस, कीरा र खटिरा नाशगर्ने गुणको हुन्छ ।

(च) **निघण्टुशेष :**

कङ्कुष्ठे स्यात् काककुष्ठः पुलकः काकपालकः । रेचनः शोधनो ह्रासो विडङ्गो रङ्गदायकः ॥

कङ्कुष्ठ, काककुष्ठ, पुलक, काकपालक, रेचन, शोधन, हास, विडङ्ग र रङ्गदायक : यी कङ्कुष्ठका नाम हुन् ।

(छ) भावप्रकाश निघण्टु :

हिमवत्पादशिखरे (हिमवद्वोत्रशिखरे) कङ्कुष्ठमुपजायते ।
तत्रैकं रक्तकालं स्यात्तदन्यद्दण्डकं (स्यादन्द्धेमप्रभं) स्मृतम् ॥
पीतप्रभं गुरु स्निग्धं श्रेष्ठं कङ्कुष्ठमादिमम् । श्यामं पीतं लघु त्यक्तसत्त्वं नेष्टं तथाऽण्डकम् ॥
कङ्कुष्ठं काककुष्ठं च विरङ्गं कोलकाकुलम् । कङ्कुष्ठं रेचनं तिक्तं कटूष्णं वर्णकारकम् ॥
कृमिशोथोदराध्मानगुल्मानाहकफापहम् ॥

कङ्कुष्ठ हिमालय पर्वत र त्यस नजिकका पहाडका शिखरमा उत्पन्न हुन्छ । यो एउटा रातो रक्तकाल नामको र अर्को अण्डक नामको सुनझैं पहेँलो हुन्छ भनिन्छ । पहेँलो कङ्कुष्ठ पचाउन कठिन, चिल्लो र श्रेष्ठ हुन्छ । कालो मिसिएको पहेँलो वर्णको कङ्कुष्ठ पचाउन हलुका र गुणहीन हुन्छ । यसलाई अण्डक भनिन्छ र राम्रो हुँदैन । कङ्कुष्ठ, काककुष्ठ, विरङ्ग र कोलकाकुल : यी कङ्कुष्ठका संस्कृत पर्यायवाची नामहरू हुन् । कङ्कुष्ठ रेचनी, तीतो, पिरो, गर्मी गर्ने र वर्णमा निखार लेराउने गुणको हुन्छ । यसले कीरा, सुजन, पेटका रोग, आध्मान, गुल्म, आनाह र कफविकार नाश गर्दछ ।

(ज) मदनपाल निघण्टु :

कङ्कालकुष्ठं कङ्कुष्ठं रेचनं रङ्गनामकम् । शोधनं पुलहं हासं वराङ्गं कुञ्जवालुकम् ॥
कङ्कुष्ठं रेचनं तिक्तं कटूष्णं वर्णकारकम् । कृमिशोफोदराध्मानगुल्मानाहकफापहम् ॥

कङ्कालकुष्ठ, कङ्कुष्ठ, रेचन, रङ्गनामक, शोधन, पुलह, हास, वराङ्ग र कुञ्जवालुक : यी कङ्कुष्ठका संस्कृत पर्यायवाची नामहरू हुन् । यो रेचन, तितो, पिरो, गर्मी गर्ने, वर्णमा निखार लेराउने, किरा मार्ने, सुजन ठिक गर्ने, पेटका रोग नाशक, आध्मान नाशक, गुल्म नाशक, आनाह नाशक कफविकार नाशक हुन्छ ।

(झ) राज निघण्टु :

कङ्कुष्ठं कालकुष्ठञ्च विरङ्गं रङ्गदायकम् । रेचकं पुलकञ्चैव शोधकं कालपालकम् ॥
कङ्कुष्ठं च द्विधा प्रोक्तं तारहेमाभ्रकं तथा । कटुकं कफवातघ्नं रेचकं व्रणशूलहृत् ॥

कङ्कुष्ठ, कालकुष्ठ, विरङ्ग, रङ्गदायक, रेचक, पुलक, शोधक र कालपालक : यी कङ्कुष्ठका संस्कृत पर्यायवाची नामहरू हुन् । यो ताराभ्रक र हेमाभ्रक गरी दुई किसिमको हुन्छ । कङ्कुष्ठ पिरो, कफविकार र वातविकार नाशक, रेचनी तथा घाउखटिरा र शूल नाशक पनि हुन्छ ।

(ञ) शालिग्राम निघण्टु :

कङ्कुष्ठं कालकुष्ठञ्च विरङ्गं रङ्गदायकम् ।

कङ्कुष्ठ, कालकुष्ठ, विरङ्ग र रङ्गदायक : यी कङ्कुष्ठका नाम हुन् ।

कङ्कुष्ठं पित्तकृद्भेदि विबन्धकफगुल्मनुत् । भजेदेनं विरेकार्थे ग्राहिभिर्यवमात्रया ॥

नाशयेदामपूतं च विरेच्य क्षणमात्रतः । सुभांक्षतं च ताम्बूलं विरेकं तं विनाशयेत्॥

कङ्कुष्ठ पित्तविकार गर्ने, भेदनी तथा कब्जियत, कफविकार र गुल्म नाशक हुन्छ । कब्जियत हुने मानिसले यसलाई जौ जति मात्र खाएपनि तत्काल दिसा लाग्न थाल्दछ र दुर्गन्धी आम नाश हुन्छ । यही ओखती पानसँग खाएमा त्यो दिसा रोकिन्छ ।

हिमवत्पादशिखरे कङ्कुष्ठमुपजायते । तत्रैकं नलिकाख्यं स्यात्तदन्यं रेणुकं स्मृतम्॥
पीतप्रभं गुरुस्निग्धं श्रेष्ठ कङ्कुष्ठमापदमम् । श्यामं पीतं लघु त्यक्तसत्त्वं नेष्टं हि रेणुकम्॥

कङ्कुष्ठ हिमालय पर्वतका शिखरमा उत्पन्न हुन्छ । त्यहाँ एउटा नलिक र अर्को रेणुक नामको कङ्कुष्ठ हुन्छ । यिनमा पहेँलो, पचाउन कठिन र चिल्लो हुने उत्तम हुन्छ । कालो, थोरै पहेँलो, पचाउन सहज र तेजहीन रेणुक नामक कङ्कुष्ठ त्यति हितकर हुँदैन ।

केतिद्वदन्ति कङ्कुष्ठं कुष्ठं सद्योजातस्य दन्तिनः । वर्चश्च श्यामपीताभं तदतीव विरेचनम्॥

कोही कोही भर्खर जन्मेको हात्तीको छावाको विष्ठालाई कङ्कुष्ठ भन्दछन् । यो (पनि) कालो र पहेँलो रङ्को तथा अत्यन्त दिसा लगाउने गुणको हुन्छ ।

(ट) सोढल निघण्टु :

कङ्कुष्ठे काककुष्ठं च विरङ्गं रङ्गनायकम् । रेचकं पुलकं भासं शोधनं काकवालुकम्॥
काकाङ्कितं काकफलं करोगं काककुष्ठकम्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कङ्कुष्ठ, काककुष्ठ, विरङ्ग, रङ्गनायक, रेचक, पुलक, भास, शोधन, काकवालुक, काकाङ्कित, काकफल, करोग र काककुष्ठक : यी कङ्कुष्ठका नाम हुन् ।

कङ्कोल (फलकपुर, शीतलचिनी)
(Tailed Pepper)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कोलक, कङ्कोलक र कोशफल भनेको मरिचकङ्कोल वा फलकपुर हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) फलकपुर : कङ्कोल, वनकपुर । (२) बनकपुर : कङ्कोल । (३) कबाफचिनी : सजिवनका सुकेका कोसाको चपाएर पानी खाँदा गुलियोपन अनुभव हुने दिउल; शीतलचिनी । (४) शीतलचिनी : कबाफचिनी । (५) सजिवन : अँडिरका जस्ता पाँचकुने पात हुने, पहैँला फूल फुल्ने, फेद मोटो हुने एक जातको बोट वा त्यसैको अण्डाकार फल । तराई प्रदेशमा हुने अग्ला रूखमा लामा-लामा बोडीका आकारका तरकारी खान हुने कोसा फल्ने एक रूख; त्यसैको फल । हात्तीकाने; सातला । मैथिलीभाषी क्षेत्रमा तरकारी खाइने लौका ।

कोलकम् (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई हिन्दीमा शीतलचिनी भनिन्छ । यसको अंग्रेजी नाम Cubebs वा Tailed Pepper तथा ल्याटिन नाम *Piper cubeba* Linn. f. हो । यो एक जातको लहरामा फल्ने पूर्ण विकसित तर नपाकेको सुकाइएको फलको नाम हो । यो कालो मरीच जस्तै हुन्छ ।

सङ्कलन मोहन प्रसाद सापकोटा

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसलाई ल्याटिन भाषामा *Cubeba Officinalis* भनिन्छ । यो सानो र ठूलो गरी दुई किसिमको हुन्छ ।

(ङ) डा.सतिश चन्द्र साङ्ख्यधर : कोलकलाई ल्याटिन भाषामा *Piper cubeba* linn.f. भनिन्छ । यसको अंग्रेजी नाम Cubeb वा Tailed piper हो ।

(च) फर्माकोपिया संस्कृतमा कङ्कोल, कक्कोल, कङ्कोलिका आदि भनिने पदार्थ Piperaceae परिवारमा पर्ने वानस्पतिक नाम *Piper cubeba* Linn.f. भएको वनस्पतिको छिप्पिएको र सुकेको फल हो । यसलाई अंग्रेजीमा Cubebs, Tailed Pepper भनिन्छ । यसको हिन्दी नाम शीतलचिनी वा कबाबचिनी हो । ओखतीका लागि यसको धूलोको १-२ ग्रामको एक मात्रा हुन्छ ।

(छ) के.यन.स्वामी (कङ्कोल) : बडहरको रूख ।

(ज) हिन्दी विश्वकोश (१) कङ्कोल : स्वनामख्यात एक सुगन्ध पण्य द्रव्य, शीतलचिनी । यसको फल ठूलो र साह्रो हुन्छ । (२) कबाबचिनी : शीतलचिनी । यसलाई संस्कृतमा कक्कोल वा कङ्कोल भनिन्छ । नेपाली नाम तिन्मुर्ह हो । वानस्पतिक नाम *Piper cubeba* हो । यसको झाडी यवद्वीप र मोलूकास द्वीपमा आफैं उम्रिने गर्दछ । भारतवर्षमा पनि कतैकतै यसको खेती हुन्छ । प्रायः बाहिरबाट मगाइन्छ । यसको चोप खासै काम लाग्दैन । पात बयरका जस्ता हुन्छन् तर पातको टुप्पो बढी तिखो हुन्छ । पातका नसा माथितिर उठेका हुन्छन् । गुच्छामा फल फल्दछ र उक्त फल मरिच जस्तै देखिन्छ । यसलाई पनि कबाबाचिनी नै भनिन्छ । यो मरिचभन्दा कोमल, पिरो र तितो हुन्छ । पहिले पहिले यवद्वीप (जाबाद्वीप, हाल यो द्वीप इण्डोनेशियामा पर्दछ) का मानिस यो फल विदेशीलाई बेच्न डराउँदथे । तिनलाई यो अपूर्व फल आफ्नै देशमा लगेर विदेशीले फलाउलान् भन्ने डर हुन्थ्यो । अरबतिरका प्राचीन वैद्यलाई कबाबचिनीले मूत्र बहने मार्गमा रहने झिल्लीलाई अति फाइदा गर्दछ

भन्ने कुरा थाहा थियो । तर मानिसहरू यसलाई वायु नाश गर्ने ओखती मानेर प्रयोग गर्दथे ।

प्राचीन ग्रन्थका वचनहरू :

Piper cubeba Linn. (Source : etsy.com)

(क) कैयदेव निघण्टु :

कङ्कोलकं कटुफलं मारिचं मद्यचोषितम् ।
जूलं बहुफलं कोलं कटुकं कटुकाफलम्॥
कङ्कोलं लघुतिक्तोष्णं तीक्ष्णं हृद्यं रुचिप्रदम् ।
कफानिलास्यदौर्गन्ध्यहृद्रोगकृमिमान्द्यजित्॥

कङ्कोलक, कटुफल, मारिच, मद्यचोषित, जूल, बहुफल, कोल, कटुक र कटुकाफल : यी शीतलचिनीका पर्यायवाची नाम हुन् । यो पचाउन सहज, तितो, उष्णवीर्यको, तिक्खर, मुटुका लागि हितकर, रुचिप्रद तथा कफविकार, वातविकार, मुखको दुर्गन्ध, मुटुका रोग, कीरा र पभानशक्ति कमजोर हुने रोगलाई जित्ने गुणको हुन्छ ।

(ख) धन्वन्तरि निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

कङ्कोलकं कृतफलं कोलकं कटुकं फलम्॥ चूर्णं कन्दफलं द्वीपं मारिचं माधवोचितम् ।
कङ्कोलं कटुतिक्तोष्णं वक्त्रवैरस्यनाशनम्॥ मुखजाड्यहरं रुच्यं वातश्लेष्महरं परम् ।

कङ्कोलक, कृतफल, कोलक, कटुकफल, चूर्ण, कन्दफल, द्वीपमारिच र माधवोचित : यी फलकपूरका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, उष्णवीर्यको, मुख स्वादहीनता र मुखको लाटोपन नाशगर्ने, रुचिप्रद तथा प्रभावकारी ढङ्गले वातसवकार र कफविकार नाशगर्ने गुणको हुन्छ ।

(ग) निघण्टुशेष :

कक्कोलके कटुफलं कोलकं माधवोषितम् । कोलं कोशफलं कोरं मारीचं द्वीपमित्यपि॥
(कचते-दीप्यते कक्कोलम्, ककि लौल्ये, ककतेऽत्र कं कोलति-संस्त्यायति वा, स्वार्थिके के कक्कोलकम् । कटु-क्षारं फलमस्य कटुफलम् । कोलति-संस्त्यायति कोलम्, स्वार्थिके के कोलकम् । माधवे उष्यते स्म माधवोषितम् । कोलति कोलम् । कोशे फलान्यस्य कोशफलम् । कोलशब्दस्य रलयोरैक्ये कोरम् । "मृत् प्राणत्यागे" म्रियते अनेन मारीचम् । द्वीपमिव द्वीपम् । एतस्य लोके "कङ्कोल" इति प्रसिद्धिः ।) ।

कक्कोलक, कटुफल, कोलक, माधवोषित, कोल, कोशफल, कोर, मारीच र द्वीप : यी शीतलचिनीका पर्यायवाची नाम हुन् । (लोकमा यसलाई कङ्कोल भनिन्छ ।

(घ) **भावप्रकाश निघण्टु :**

कङ्कोलं कोलकं प्रोक्तं तथा कोषफलं स्मृतम् । कङ्कोलं लघु तीक्ष्णोष्णं तिक्तं हृद्यं रुचिप्रदम्॥
आस्यदौर्गन्ध्यहृद्रोगकफवातामयान्ध्यहृत् ।

कङ्कोल, कोलक र कोषफल : यी शीतलचिनीका संस्कृत पर्यायवाची शब्दहरू हुन् । यो पचाउन हलुका, तिक्खर, गर्मी गर्ने, तीतो, मुटुका लागि फाइदाजनक र रुचीकारक हुन्छ । यसले मुखको दुर्गन्ध, मुटुका रोग, कफविकार, वातविकार र अन्धोपन नाश गर्दछ ।

(ङ) **मदनपाल निघण्टु :**

कङ्कोलं कटुकं कोलं मारीचं माधवोषितम् । कङ्कोलमुष्णं हृद्रोगकफवाताग्निमान्द्यजित्॥

कङ्कोल, कटुक, कोल, मारीच र माधवोषित : यी फलकपुरका संस्कृत पर्यायवाची नामहरू हुन् । फलकपुरले गर्मी गर्दछ । यसले मुटुका रोग, कफविकार, वातविकार र कमजार पाचनशक्ति हुने रोगलाई जित्दछ ।

(च) **राज निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

कक्कोलकं कृतफलं कोलकं कटुकं फलम् । विद्वेष्यं स्थूलमरिचं कङ्कोलं माधवोचितम्॥
कक्कोलं कट्फलं प्रोक्तं मारीचं रुद्रसम्मितम्॥
कङ्कोलं कटु तिक्तोष्णं वक्त्रजाड्यहरं परम् । दीपनं पाचनं रुच्यं कफवातनिकृन्तनम्॥

(१) कक्कोलक, (२) कृतफल, (३) कोलक, (४) कटुकफल, (५) विद्वेष्य, (६) स्थूलमरिच, (७) कक्कोल, (८) माधवोचित, (९) कङ्कोल, (१०) कट्फल र (११) मारीच : यी एघार नाम फलकपुरका संस्कृत पर्यायवाची नामहरू हुन् । फलकपुर पिरो, तीतो, उष्णवीर्यको, उत्कृष्ट तरिकाले मुखको लाटोपन नाशक, दीपनी, पाचनी, रुचिप्रद तथा कफविकार र वातविकार नाशक हुन्छ ।

(छ) **शालिग्राम निघण्टु :**

कङ्कोलकं कोषफलं कोलकं तैलसाधनम् ।

कङ्कोलक, कोषफल, कोलक र तैलसाधन : यी शीतलचिनीका पर्यायवाची नाम हुन् ।

कङ्कोलं कटुकं तिक्तमुष्णं दीपन पाचकम् । रुच्यं सुगन्धि हृद्यं च लघु च कफनाशकम्॥
मुखजाड्यं वातरोगं हृद्रोगं च कृमींस्तथा । अन्धत्वं मुखदौर्गन्ध्यमामं चैवाग्निमान्द्यकम्॥
नाशयेदिति च प्रोक्तमृषिभिः सूक्ष्मदर्शिभिः ।
एते गुणास्तु सुबृहत्कङ्कोलस्य समीरिताः॥ (निघण्टु रत्नाकर)

कोषफल (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

शीतलचिनी पिरो, तितो, उष्णवीर्यको, दीपनी, पाचनी, रुचिप्रद, सुगन्धि, मुटुका लागि हितकर, पचाउन सहज, तथा कफविकार, मुखको लाटोपन, वातविकार, मुटुका रोग र कीरा नाश गर्ने गुणको हुन्छ भनी सूक्ष्मदर्शी मुनिजनले बताएका छन् । यिनै गुण ठूलो शीतलचिनीमा पनि हुन्छन् ।

(ज) सोढल निघण्टु :

कङ्कोले च कृतफलं कोलकं कटुकं तथा । उल्लं कटुफलं बीजं मारीचं मगधोषितम्॥

कङ्कोल, कृतफल, कोलक, कटुक, उल्ल, कटुफल, बीज, मारीच र मगधोषित : यी शीतलचिनीका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कच्छप (कछुवा)
(Tortoise)

परिभाषा :

(क) **कुलचन्द्र शर्मा :** कच्छप भनेको कछुवा हो ।

(ख) **नेपाली बृहत् शब्दकोश :** (१) कच्छप : एक उभयचर जन्तुविशेष; कछुवा; ठोटरी । (२) कछुवा : कटाह अर्थात हाडे खपटाले पिठिउँ ढाकिएको, जल र स्थलमा हिँड्ने जन्तुविशेष; कच्छप; कूर्म; ठोटरी; पञ्चनख । (३) कटाहा : कछुवाका पिठ्यूँको खप्पर वा खपटा । (४) ठोटरी : एक जातको कछुवा । (५) डुलि : सानो जातको पोथी कछुवा; कछुवी ।

(ग) **पेयर डी अमरकोश :** कछुवालाई जात अनुसार Cancer, Turtle वा Tortoise भनिन्छ ।

(घ) **के.यन.स्वामी (कमठ) :** साधारण नदी, तलाउमा हुने कछुवा ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधान मञ्जरी :**

कूर्मस्तु पञ्चगूढश्चतुर्गतिः कच्छपो निगूढी च । स्थिरपृष्ठः कमठः स्यात् । तज्जाया कथ्यते डुलिर्नाम्ना ।

कछुवा (तस्बिर श्रोत : पेयर डी अमरकोश)

कूर्म, पञ्चगूढ, चतुर्गति, कच्छप, निगूढी, स्थिरपृष्ठ र कमठ : यी कछुवाका पर्यायवाची नाम हुन् । पोथी कछुवालाई डुलि भनिन्छ ।

(ख) **अमरकोश :**

...कूर्मे कमठकच्छपौ ।...कमठी डुलीः ।

कूर्म, कमठ र कच्छप : यी कछुवाका तथा कमठी र डुली : यी कछुवीका नाम पर्यायवाची नाम हुन् ।

(ग) **अष्टाङ्ग निघण्टु :**

गूढपात् कच्छपः कूर्मः ...।

गूढपात्, कच्छप र कूर्म : यी कछुवाका पर्यायवाची नाम हुन् ।

(घ) **आयुर्वेद महोदधि :**

...कूर्मादयः स्वादुरसपाकामरुत्तुदः । स्निग्धाः शीताहिताः पित्ते वर्चः श्लेष्मविवर्धनाः ॥

कछुवा आदिको मासुको पचेपछिको रस स्वादिलो हुन्छ । यसले वातविकार नाश गर्दछ र यो चिल्लो हुन्छ । शीतल गर्दछ र पित्तविकार नाश गर्दछ । यसले दिसा र कफ बढाउँदछ ।

(ङ) **कैयदेव निघण्टु :**

गूढपात् कच्छपः कूर्मो गुप्ताङ्गः कमठस्तथा । दृढपृष्ठको महामीनः पञ्चगुप्तस्त्वहिर्मुखः ॥
राजप्रतिष्ठितो ज्ञेयस्तद्भार्या कमठी डुली ।

प्रसाद सापकोटा

गूढपात्, कच्छप, कूर्म, गुप्ताङ्ग, कमठ, दृढपृष्ठक, महामीन, पञ्चगुप्त, अहिर्मुख र राजप्रतिष्ठित : यी कछुवाका पर्यायवाची नाम हुन् । कमठी र डुली : यी कछुवीको पर्यायवाची नाम हुन् ।

(च) **द्रव्यगुण सङ्ग्रह, माधव द्रव्यगुण :**

..कूर्म..अण्डानि स्वादुवाजीकराणि च ।

कछुवाको फुल स्वादिलो र यौन क्षमता बढाउने गुणको हुन्छ ।

(छ) **धन्वन्तरि निघण्टु :**

कच्छपः कमठः कूर्मो गूढाङ्गो धरणीधरः । कच्छेष्टः पल्वलावासो वृत्तः कठिनपृष्ठकः ॥
कच्छपोऽन्यो महामत्स्यः कूर्मराजः प्रतिष्ठितः । गुप्ताङ्गश्चित्रपृष्ठश्च धरणीधरणक्षमः ॥
कच्छपो बलदः स्निग्धो वातघ्नः पुंस्त्वकारकः ।

कच्छप, कमठ, कूर्म, गूढाङ्ग, धरणीधर, कच्छेष्ट, पल्वलावास, वृत्त र कठिनपृष्ठक : यी कछुवाका तथा कच्छप, महामत्स्य, कूर्मराज, गुप्ताङ्ग, चित्रपृष्ठ र धरणीधरणक्षम : यी कछुवाविशेषका पर्यायवाची नाम हुन् । कछुवाको मासु बलदायक, चिल्लो, वातविकार नाश गर्ने तथा पुरुषत्व बढाउने गुणको

हुन्छ ।

(ज) पर्यायरत्नमाला :

कूर्मः स्यात् कच्छपो डुलिः ।

कूर्म, कच्छप र डुली : यी कछुवाका पर्यायवाची नाम हुन् ।

(ख) भावप्रकाश निघण्टु :

कच्छपो गूढपात्कूर्मः कमठो दृढपृष्ठकः ॥ कच्छपो बलदो वातपित्तनुत्पुंस्त्वकारकः ।

कच्छप, गूढपाद, कूर्म, कमठ र दृढपृष्ठक : यी कछुवाका संस्कृत पर्यायवाची नामहरू हुन् । कछुवाको मासु बलदायक, वातविकार नाशक, पित्तविकार नाशक र यौन क्षमता बढाउने गुणको हुन्छ ।

(घ) मदनपाल निघण्टु :

कच्छपो गूढपात्कूर्मः कमठो दृढपृष्ठकः । कच्छपो बलदः स्निग्धो वातजित्पुंस्त्वकारकः ॥

कच्छप, गूढपात्, कूर्म, कमठ र दृढपृष्ठक : यी कछुवाका संस्कृत पर्यायवाची नामहरू हुन् । कछुवाको मासु बलदायक, चिल्लो, वातविकारलाई जित्ने र पुंस्त्व बढाउने गुणको हुन्छ ।

(ग) राज निघण्टु :

कच्छपः कमठः कूर्मो गूढाङ्गो धरणीधरः । कच्छेष्टः पल्वलावासो वृत्तः कठिनपृष्ठकः ॥

कच्छप, कमठ, कूर्म, गूढाङ्ग, धरणीधर, कच्छेष्ट, पल्वलावास, वृत्त र कठिनपृष्ठक : यी कछुवाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(घ) राजवल्लभ निघण्टु :

कूर्म्मो वातहरो वृष्यश्चक्षुष्यो बलवर्धनः । मेधास्मृतिकरः पथ्यः शोथघ्नो दोषनाशनः ॥
भूतिस्तेषां तु पित्तघ्नी पादस्तेषां कफापहः ॥

कछुवाको मासु वातविकार नाशगर्ने, वीर्यवर्धक, आँखाका लागि हितकर, बल बढाउने, दिमागको ग्रहण गर्ने क्षमता र सम्झने क्षमता बढाउने, पथ्य, सुजन नाशक र त्रिदोष नाशक हुन्छ । यसको भुटेको मासु पित्तविकार नाशगर्ने र गोडाको मासु कफविकार नाशक हुन्छ ।

कच्छप (तालुको रोगविशेष)
(Sarcoma, A tumour on the palate)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कच्छपः कच्छपाकारश्चिरवृद्धिः कफादरुक्॥

तालुक्षेत्रमा कफविकारले हुने, कछुवाका आकारको, ढिलो बढ्ने र नदुख्ने सुजनलाई "कच्छप" भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

कूर्मोत्सन्नोऽवेदनोऽशीघ्रजन्मा रोगो ज्ञेयः कच्छपः श्लेष्मणः स्यात्॥
(कूर्मोत्सन्नः- मध्ये प्रोच्चः प्रान्ते नतः ।) ।

कफविकारका कारण तालु (घाँटीभित्र) मा आउने कछुवा जस्तो बीचमा अग्लो चारैतिर होचो, कम दुख्ने, चाँडै नबढ्ने सुजनलाई "कच्छप" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) माधव निदान :

कूर्मोन्नतोऽवेदनोऽशीघ्रजन्मा रोगो ज्ञेयः कच्छपः श्लेष्मणा तु ।

कछुवाको ढाड जसरी भुक्क उठ्ने, नदुख्ने, ढिलो उत्पन्न हुने वा बढ्ने कफजन्य सुजनलाई "कच्छप" भनिन्छ ।

(घ) सुश्रुत संहिता :

कूर्मोत्सन्नोऽवेदनोऽशीघ्रजन्मा रोगो (ऽरक्तो) ज्ञेयः कच्छपः श्लेष्मणा स्यात् ।

कफविकारका कारण तालु (घाँटीभित्र) मा आउने कछुवा जस्तो बीचमा अग्लो चारैतिर होचो, कम दुख्ने, चाँडै नबढ्ने (रातो नहुने) सुजनलाई "कच्छप" भनिन्छ ।

कच्छांपका (खांटरांविशेष)
(A pimple, a blotch or wart)

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

अवक्त्रा चालजीवृत्ता (त्वलजी वृत्ता) स्तोकपूया घनोन्नता॥
ग्रन्थयः पञ्च वा षड् वा कच्छपी कच्छपोन्नताः ।

मुख नहुने, अलजी नामको खटिरा जस्तै गोलाकार, थोरै पीप हुने, कडा र उठेको हुने, पाँच वा छ गाँठा हुने तथा कछुवाको ढाड जसरी भुक्क उठेको खटिरालाई "कच्छपी" भनिन्छ ।

(ख) **भावप्रकाश संहिता :**

ग्रथिताः पञ्च वा षड् वा दारुणाः कच्छपोन्नताः ।
कफानिलाभ्यां पिडकाः सा स्मृता कच्छपी बुधैः॥
(कच्छपोन्नताः-मध्ये प्रोन्नता प्रान्ते नता) ।

कछुवा जस्तै बीचमा उठेको र चारैतिर बसेको, पाँच वा छ वटा सँगै हुने, साह्रो वा डरलाग्दो तथा कफविकार र वातविकारले आउने खटिरालाई विद्वानहरूले "कच्छपी" नाम दिएका छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) **माधव निदान :**

ग्रथिताः पञ्च वा षड्वा दारुणाः कच्छपोपमाः । कफानिलाभ्यां पिडका ज्ञेयाः कच्छपिका बुधैः॥

कफविकार र वातविकारले गर्दा कछुवाका ढाड जस्ता साह्रा गाँठा हुने र एकै स्थानमा पाँच वा छ वटा आउने पिलो वा खटिरालाई "कच्छपिका" भनी थाहा पाउनु पर्दछ भनी विद्वानहरूले बताएका छन् ।

(घ) **सुश्रुत संहिता :**

ग्रथिताः पञ्च वा षड्वा दारुणाः कच्छपोन्नताः । कफानिलाभ्यां पिडका ज्ञेया कच्छपिका बुधैः॥

कछुवा जस्तै बीचमा उठेको र चारैतिर बसेको, पाँच वा छ वटा सँगै हुने, साह्रो वा डरलाग्दो तथा कफविकार र वातविकारले आउने खटिरालाई विद्वानहरूले "कच्छपिका" नाम दिएका छन् ।

नोट : प्रमेहजन्य खटिराविशेषलाई पनि कच्छपिका भनिन्छ ।

कच्छू (खांटेराविशेष)
(Scabies)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

सैव स्फोटैस्तीव्रदाहैरुपेता ज्ञेया पाण्योः कच्छुरुग्रा स्फिचोश्च॥

पामा नामका खटिरा जब बेस्सरी दुख्ने, फोका सहित भएर हात एवं नितम्बतिर आउँदछ तब त्यसलाई "कच्छू" भनिन्छ ।

(ख) सुश्रुत संहिता :

स्फोटैः सदाहैरति सैव कच्छूः स्फिक्पाणिपादप्रभवैर्निरूप्या ।

अति दुख्ने, फिला, हात, गोडा आदि भागमा फोका सहित आउने पामा नामक खटिरालाई कच्छू भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कञ्चुका
(Kanchukaa)

परिभाषा :

(क) **के.यन.स्वामी :** (१) पीलु : तालको बोट । ताडको थुप्रो । चनाको साग । रातो कटसरैया । दँति ओखर । (दँति ओखरका बारेमा बेग्लै पर्यायवाची शब्द दिइएका छन् । (२) पीलुनी : चनाको साग । मरुइलहरो ।

(ख) **हिन्दी विश्वकोश :** (१) कञ्चुका : अश्वगन्धा । कञ्चुक शाक । शाकविशेष । (२) पीलु : फूल । तालवृक्षको फेद । कोङ्कण देशमा प्रसिद्ध एक फल फल्ने वृक्ष, टुथब्रस ट्री । चनाको साग । शरतृणपुष्प । रातो कटसरैया । ओखर । काञ्चन देशमा हुने ओखर । (३) पीलुनी : चनाको साग । मूर्वा ।

कञ्चुकाको सर्वसम्मत पहिचान हुन नसकेको देखिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **मदनपाल निघण्टु :**

कञ्चुका पीलुनी पीलुः फेलुका दलशालिनी । कञ्चुकं वातलं ग्राहि दीपनं कफपित्तनुत्॥

कञ्चुका, **पीलुनी**, पीलु, फेलुका र दलशालिनी : यी कञ्चुकाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातविकार बढाउँदछ । यो ग्राहि, दीपनी तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

कटभीं (कराहीं)
(Katabhee)

परिभाषा :

(क) **के.यन.स्वामी :** (१) कटभी : कालो कराही, मालकागुनु तथा अपराजिता । (२) स्वादुपुष्प : कालो करही । (३) मधुरेणु : कालो करही, मालकागुनु । (४) कटम्भर : टटेलोको रूख । (५) कटभी, नाभिका, शौण्डी, पाटली, किणिही, मधुरेणु, कैडर्य, श्यामला : कालो कराही । (६) क्षुद्रश्यामा : सानो कराही ।

(ख) **नेपाली बृहत् शब्दकोश (कराही) :** शिरीषको जस्तो बोट हुने र सेतो अपराजिताको झैं फूल फुल्ने एक तराइली वृक्ष वा त्यसको टर्रो स्वादको फल ।

(ग) **भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर :** यसका बारेमा मतभेद देखिन्छ । कसैले सेतो शिरीष (*Albizzia procera*) लाई, कसैले कुम्भी वा जङ्गली अम्बा (*Careya arberea* Roxb.) लाई कटभी मानेको पाइन्छ ।

(घ) **भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री :** यसको अंग्रेजी नाम Careystree र ल्याटिन नाम *Careya Arborea* हो । यसको बोट मझौला आकारको, गोला र लामा पात तथा खर्बुजा जस्ता तर साना फल हुन्छन् ।

(ङ) **डा.सतिश चन्द्र साङ्खधर :** कराहीको ल्याटिन नाम *Albizia procera* Benth. हो ।

(च) कैयदेव निघण्टुले यसलाई अपराजिता मानेको छ ।

(छ) **Manual of afforestation in Nepal, Volum-2, July 1994 :** *Albizia procera (Roxb.) Benth.* को नेपाली नाम सेतो शिरीष वा दुन शिरीष हो । यही वानस्पतिक नामलाई कराही भनी नाम दिइएको समेत पाइन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधान मञ्जरी :**

श्वेता किणिही कटभी शिरीषपत्रा च शोधनी पौण्ड्रा ।
श्वेतकटभी विषघ्नी शतपादी कथ्यते महती ॥
क्षुद्रश्वेता दारुशुण्डा कटभी बहुकण्टका । सुनाभा सैर्यका चेति भवेत्पाटलपौण्ड्रका ॥

श्वेता, किणिही, कटभी, शिरीषपत्रा, शोधनी, पौण्ड्रा, श्वेतकटभी, विषघ्नी र शतपादी : यी ठूलो कटभीका तथा क्षुद्रश्वेता, दारुशुण्डा, कटभी, बहुकण्टका, सुनाभा, सैर्यका र पाटलपौण्ड्रका : यी सानो कटभीका पर्यायवाची नाम हुन् ।

(क) **भावप्रकाश निघण्टु :**

कटभी स्वादुपुष्पश्च मधुरेणुः कटम्भरः ॥ कटभी तु प्रमेहार्शोनाडीव्रणविषक्रिमीन् ।
हन्त्युष्णा कफकुष्ठघ्नी कटू रूक्षा च कीर्तिता ॥ तत्फलं तुवरं ज्ञेयं विशेषात्कफशुक्रहृत् ।

कटभी, स्वादुपुष्प, मधुरेणु र कटम्भर : यी कटभीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले प्रमेह, अल्काई, नाडीव्रण, विषविकार, कीरा, कफविकार र कुष्ठ नाश गर्दछ । यसले गर्मी गर्दछ । यो पिरो र रुखो हुन्छ भनिएको छ ।

(ख) **राज निघण्टु :**

कटभी नाभिका शौण्डी पाटली किणिही तथा । मधुरेणुः क्षुद्रशामा कैडर्यः श्यामला नव ॥

(१) कटभी, (२) नाभिका, (३) शौण्डी, (४) पाटली, (५) किणिही, (६) मधुरेणु, (७) क्षुद्रशामा, (८) कैडर्य र (९) श्यामला : यी नौ नाम कालो कराहीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

शितादिकटभी श्वेता किणिही गिरिकर्णिका । शिरीषपत्रा कालिन्दी शतपादी विषघ्निका ॥
महाश्वेता महाशौण्डी महादिकटभी तथा ॥

शितकटभी, श्वेता, किणिही, गिरिकर्णिका, शिरीषपत्रा, कालिन्दी, शतपादी, विषघ्निका, महाश्वेता, महाशौण्डी र महाकटभी : यी नाम सेतो कराहीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कटभी भवेत् कटूष्णा गुल्मविषाध्मानशूलदोषघ्नी ।
वातकफाजीर्णरुजाशमनी श्वेता च तत्र गुणयुक्ता ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कराही पिरो, उष्णवीर्यको तथा गुल्म, विषविकार, आध्मान र शूलविकार नाशक हुन्छ । यसले वातविकार, कफविकार र अजीर्ण रोगलाई शान्त पार्दछ । सेतो कराही अधिक गुनिलो हुन्छ ।

कटि (कम्मर)
(Waist)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश :** (१) कटि : नितम्बभन्दा माथि दुवै कोखा र तल्लो पेटभन्दा मनिको शारीरिक अवयव; कम्मर; कटी । (२) कमर : मान्छे वा सोसरहका प्राणीको अथवा चौपायामध्ये पनि सिंह, भालु आदि केही प्राणीको तिघ्रा र पेटको जोर्नीनिरको भाग; कटि; कम्मर । (३) बारुले कम्मर : बारुलाको जस्तो चटक्क छिनेको राम्रो कम्मर ।

(ख) **डा.सतिश चन्द्र साङ्ख्यधर :** कम्मरलाई अंग्रेजीमा Waist भनिन्छ ।



प्राचीन ग्रन्थका वचनहरू :

(क) **अमरकोश :**

...कटिः श्रोणिः ककुद्मती । ..कटिप्रोथः...।

सङ्कलन : मोहन प्रसाद सा

कटि (कटी), श्रोणि (श्रोणी) र ककुद्मती : यी कम्मरका नाम हुन् । कम्मरमा लागेको मासुलाई कटिप्रोथ (कटि प्रोथ) भनिन्छ ।

(ख) **राज निघण्टु :**

कटिः ककुद्मती श्रोणी नितम्बश्च कटीरकम् । आरोहं श्रोणिफलकं कलत्रं रसनापदम्॥

कटि, ककुद्मती, श्रोणी, नितम्ब, कटीरक, आरोह, श्रोणिफलक, कलत्र र रसनापद : यी कम्मरका पर्यायवाची नामहरू हुन् ।

कटु (पिरो)
(Pungent, acrid, hot)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश :** (१) पिरो : (अ) खुर्सानी, मरीच आदि खाँदा पाइने स्वाद; छ रसमध्ये एक रस; कटुरस । (आ) पोल्ने र एक प्रकारको उत्तेजना पैदा गर्ने गुण भएको वस्तु (खुर्सानी, मरीच आदि) । त्यस्तै स्वाद भएको । (इ) पिरो न पिरो : औधी पिरो; अबिजालो । (ई) पिरोपिरो धेरै पिरो नभएको; अलि-अलि पिरो; थोरै पिरो; रमरम पिरो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अर्कप्रकाश :**

कटुरूक्षस्तन्यभेदः श्लेष्मकण्डूविषापहः । वातपित्तकफाग्नेयः शोषिपाचनरोचकः ॥

पिरो रस रुखो हुन्छ । यसले दूध फुटाउँदछ र मल आदि खुकुलो बनाउँदछ । कफ, लुतो र विषको असर यसले नाश गर्दछ । तर यसले वात र पित्त उत्पन्न गर्दछ । यो अग्नि समान गुणको हुन्छ र सुकाउने काम गर्दछ । यसका साथै यो रसले पाचनशक्ति बढाउने र रुचि जगाउने कार्य पनि गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कटुः करोति पवनं कफपित्तञ्च नाशयेत् ।

पिरो रस पचेपछि यसले वात उत्पन्न गर्दछ र कफ एवं पित्तलाई नाश गर्दछ ।

(ङ) **अष्टाङ्गहृदय :**

उद्वेजयति जिह्वाग्रं कुर्वंश्चिमिचिमां कटुः । स्रावयत्यक्षिनासास्यं कपोलं दहतीव च ॥

पिरो रसले जिभ्रोको टुप्पोलाई हैरान पार्दै अत्याउँदछ अर्थात् जिभ्रो यो स्वादले आत्तिन्छ र रन्थनिन वा थरथराउन थाल्दछ । यो रस खानाले आँखा, नाक, र मुखबाट रस बहन लाग्दछ र गाला पोल्दछ ।

कटुर्गलामयोदर्दकुष्ठालसकशोफजित् । व्रणावसादनः स्नेहमेदःक्लेदोपशोषणः ॥
दीपनः पाचनो रुच्यः शोधनोऽन्नस्य शोषणः ।
छिनत्ति बन्धान् स्रोतांसि विवृणोति कफापहः ॥
कुरुते सोऽतियोगेन तृष्णां शुक्रबलक्षयम् । मूर्च्छामाकुञ्चनं कम्पं कटीपृष्ठादिषु व्यथाम् ॥

पिरो रसले घाँटीका रोग, दादुरा (उदर्द), कुष्ठ, खाने कुरा पचेर वा नपचीकन पेटमा अल्छी गरेर कतै अडकिएर बस्ने रोग (अलसक) र शरीर सुन्निने रोगलाई निको पार्दछ । साह्रो घाउलाई नरम बनाउँदछ

(घाउ पकाएर गिलो बनाउँदछ) । चिल्लो, बोसो र पसिना सुकाइ दिन्छ । जठराग्निलाइ बाल्दछ । खाएको कुरा पचाई दिन्छ । खानमा रुची जगाउँदछ । मुख, नाक, आँखा र टाउकोका रस-श्रोतलाई खुलाई दिन्छ । खाएको अन्नलाई सुकाउँदछ (यसैकारण पिरो सहितको खाना खाएपछि तिर्खा लाग्ने गर्दछ) । छेरपटी नाश गर्दछ, दिसाको बन्धनलाई छिनाल्दछ । स्रोतलाई फिजाई दिन्छ । कफ नाश गर्दछ । पिरो धेरै खाए धेरै तिर्खा लाग्दछ, शुक्र र बल नाश हुन्छ, बेहोस बनाउँदछ, शरीरका अङ्ग र सिरालाई खुम्च्याउँदछ, शरीर काम्ने बनाउँदछ तथा कम्मर र ढाड दुखाउँदछ ।

कटुको हिङ्गुमरिचकृमिजित्पञ्चकोलकम्॥ कुठेराद्या हरितकाः पित्तं मूत्रमरुष्करम् ।

हिङ, मरिच, वायुविडङ्ग वा कालीकाठ (कृमिजित्), पञ्चकोल, कालो बाबरी (कुठेरक), हर्रो (हरितक), पित्त, मूत्र र भलायो (अरुष्कर) पिरो स्वादका द्रव्य हुन् ।

... कटु च भूयिष्ठमवृष्यं वातकोपनम् । ... शुण्ठीकृष्णारसोनतः॥

सुठो, पिप्ला र लसुन बाहेक प्रायः अरु सबै पिरो स्वादका द्रव्यले वीर्य नाश गर्दछन् र वायु बढाउँदछन् ।

(च) चरक संहिता :

वाय्वग्निभूयिष्ठत्वात् कटुकः,

सङ्कलन : मोहन प्रसाद सापकोटा

वायु र अग्निको अधिकताबाट पिरो रसको जन्म हुन्छ ।

तत्राग्निमारुतात्मका रसाः प्रायेणोर्ध्वभाजः,
लाघवादुत्प्लवनत्वाच्च वायोरूर्ध्वज्वलनत्वाच्च वह्नेः,

अग्नि र वायुको गुण बढी हुने रसिला पदार्थ प्रायः बान्ताकारी हुन्छन् । किन कि वायु हलुका हुन्छ माथितिर उड्न खोज्दछ । अग्नि पनि माथितिरै फर्केर जल्ने स्वभावको हुन्छ अर्थात् यसको मूल गति पनि माथितिर नै हुन्छ ।

कटुको रसो वक्त्रं शोधयति, अग्निं दीपयति, भुक्तं शोषयति, घ्राणमास्रावयति, चक्षुर्विरेचयति, स्फुटीकरोतीन्द्रियाणि, अलसक-श्वयथूपचयोदर्दाभिष्यन्द-स्नेह-स्वेद-क्लेद-मलानुपहन्ति, रोचत्यशनं, कण्डूर्विनाशयति, (व्रणानवसादयति), क्रिमीन् हिनस्ति, मांसं विलिखति, शोणितसङ्घातं भिनत्ति, बन्धांश्छिनत्ति, मार्गान् विवृणोति, श्लेष्माणं शमयति, लघुरुष्णो रूक्षश्च ।

पिरो रसले मुखलाई प्रशोधन गर्दछ, पचाकाग्निलाई बाल्दछ, खाएको कुरालाई सुकाउँदछ, नाकबाट पानी (वा सिङान) बगाउँदछ, आँखाबाट आँशु निकाल्दछ, इन्द्रियहरूलाई उत्तेजित बनाउँदछ;

अलसक, सुजन, उपचय (मलको भण्डार), उदर्द, अभिष्यन्द, चिल्लोपन, पसिना, आर्द्रता र दिसा नाश गर्दछ । खानमा रुची जगाउँदछ, लुतो नाश गर्दछ, घाउलाई नाश गर्दछ (सुकाउँदछ), कीरा मार्दछ, मासुलाई लेखन गर्दछ (मोटोपन घटाउँदछ), जमेको रगतलाई फुटाउँदछ, जोर्नीको बन्धनलाई छिनाल्दछ, रसका बाटाहरू सफा बनाउँदछ, कफविकारलाई शान्त पार्दछ तथा पचाउन सहज, उष्णवीर्यको (गर्मीगर्ने) र रुखो गुणको हुन्छ ।

स एवंगुणोऽप्येक एवात्यर्थमुपयुज्यमानो विपाकप्रभावात् पुंस्त्वमुपहन्ति, रसवीर्यप्रभावान्मोहयन्ति, ग्लपयति, सादयति, कर्षयति, मूर्च्छयति, नमयति, तमयति, भ्रमयति, कण्ठं परिदहति, शरीरतापमुपजनयति, बलं क्षिणोति, तृष्णां चोपजनयति ।

यदि पिरो रस मात्र धेरै खाइए पिरो रस पचेर पिरो नै रस बन्ने पिरोको गुणले गर्दा यसले पुरुषत्वलाई नाश गर्दछ, रस र वीर्यका प्रभावले गर्दा संज्ञा वा इन्द्रियज्ञानलाई नाश गर्दछ, मानसिकरूपमा पछुतोजन्य दु:ख निकाल्दछ, थकित बनाउँदछ, दुब्लो एवं कमजोर बनाउँदछ, बेहोस गराउँदछ, शरीर सुकाउँदछ, दृष्टि क्षमता कमजोर बनाउँदछ, भ्रम एवं रिँगटा लगाउँदछ, घाँटीमा जलन गराउँदछ, शरीरमा तातोपन बढाउँदछ वा जरो निकाल्दछ, बल घटाउँदछ तथा तिर्खा लगाउँदछ ।

अपिच वाय्वग्निगुणबाहुल्याद् भ्रम-मद-द्रवथु कम्प-तोद भेदैश्चरण-भुज-पार्श्वपृष्ठ-प्रभृतिषु मारुतजान् विकारानुपजनयति ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

वायु र अग्निको गुण धेरै हुने कारणले यसले रिँगटा लगाउने, मुख र ओठ पोल्ने, शरीरमा कम्पन निकाल्ने, सियोले घोचे जसरी शरीर दुख्ने, काटेको जसरी दुखाउने तथा हात, कोख, ढाड जस्ता अङ्गमा वातका रोग निकाल्दछ ।

(छ) **भावप्रकाश संहिता :**

...कटुस्तिक्तः ।

पिरो रस पचेपछि तितो हुन्छ ।

कटुरुष्णश्च तीक्ष्णश्च विशदो वातपित्तकृत् । श्लेष्महृल्लघुराग्नेयः कृमिकण्डूविषापहः ॥
शुक्र(रूक्षः)स्तन्यहरश्चापि मेदःस्थौल्यापकर्षणः ।
अश्रुदो नासिकाऽस्याक्षिजिह्वाऽग्रोद्वेजको मतः ॥ दीपनः पाचनो रुच्यो नासिकाशोषणो भृशम् ॥
क्लेदमेदोवसामज्जशकृन्मूत्रोपशोषणः । स्रोतः प्रकाशका रूक्षो मेध्यो वर्चाविबन्धकृत् ॥
(आग्नेयः अधिकाग्न्यंशः । मेध्यो मेधायै हितः । वर्चोविबन्धकृत् मलबन्धं करोति ।)

पिरो रस :- उष्णवीर्यको, तिक्खर, आकर्षक, वातविकार र पित्तविकार गर्ने, कफविकार नाश गर्ने, पचाउन सहज, अग्निको मात्रा बढी हुने, कीरा-लुतो र विषविकार नाश गर्ने, (रुखो), वीर्य र (स्त्रीको) दूध नाश गर्ने, बोसोले गर्ने मोटोपनलाई घटाउने, आँशु निकाल्ने, नाक-मुख-आँखा र जिब्रोलाई

उत्तेजित पार्ने, दीपनो, पाचनो, रुचिप्रद, नाक आँत नै सुकाउने, आर्द वा मुखबाट आउने आमिलो पानी-भित्री बोसो-बाहिरी बोसो-मासी-दिसा र पिसाबलाई सुकाउने, स्रोतग्रन्थिलाई सफा पार्ने, रुखो, दिमागको ग्रहण गर्ने क्षमता बढाउने तथा कब्जियत गर्ने गुणको हुन्छ ।

सोऽतियुक्तो भ्रान्तिदाहमुखताल्वोष्ठशोषकृत् । कण्ठादिपीडामूर्च्छान्तर्दाहदो बलकान्तिहृत् ॥

अति धेरै पिरो रसको प्रयोग गर्नाले भ्रम, डाह, मुख-तालु र ओठ सुक्ने, घाँटी पोल्ने, बेहोस हुने, भित्र डाह हुने तथा बल र शरीरको चमक नाश हुने गर्दछ ।

प्रायः कटु तथा तिक्तमवृष्यं वातकोपनम् ।
शुण्ठी कृष्णारसोनानि पटोलममृतां विना ॥

सुठो, पिप्ला, लसुन, परबर र गुर्जो बाहेकका अरु सबै पिरो र तितो पदार्थले वतविकारलाई उत्तेजित पार्दछन् एवं वीर्यका लागि हितकर हुँदैनन् ।

(ज) **मदनपाल निघण्टु :**

कटुकः पित्तलः श्लेष्मकृमिकण्डूविषापहः ।
आग्नेयो वातलः स्तन्यमेदस्थौल्यहरोऽगुरुः ॥
सोऽतियुक्तो भ्रमास्थौल्यतालुशोषातिदाहदः ॥

संकलन : मोहन प्रसाद सापकोटा

पिरो रसले पित्तविकार बढाउँदछ । यसले कफविका, पेटका कीरा, शरीर चिलाउने रोग र विषविकार नाश गर्दछ । यसमा मुख्यतः अग्निगुण हुन्छ । यसले वायुविकार पनि गर्दैन । यो दूधवर्धक, बोसोनाशक र मोटोपन नाशक हुन्छ । धेरै पिरो खाएमा त्यसले भ्रम, दुब्लोपन, तालुमा सुजन र डाह हुने सम्भावना हुन्छ ।

(झ) **राज निघण्टु :**

कटुस्तु तीक्ष्णसञ्ज्ञः स्यान् मरीचादौ स चेक्ष्यते ॥

मरीच आदिमा पाइने पिरो रसलाई कटु वा तीक्ष्ण भनिन्छ ।

कटुः कफं कण्ठजदोषशोफमन्दानलश्वित्रगदान्निहन्ति ।
एषोऽपि दत्ते बहुसेवितश्चेत् क्षयावहो वीर्यबलक्षयं च ॥

पिरो रसले कफविकार, घाँटीका रोग, सुजन, कमजोर पाचनशक्तिको रोग र सेतो कुष्ठ जस्ता रोग नाश गर्दछ । तर नियमित धेरै खाने गरे यो रसले क्षयरोग लगाउनुका साथै वीर्य र बल समेत नाश गर्दछ ।

(ञ) राजवल्लभ निघण्टु :

कटुर्जिह्वास्यनासाक्षिरोगकृद्रोचनोग्निदः । उष्णस्तीक्ष्णो लघुः कण्डूकृमिशुक्रकफापहः ॥

पिरो रसले जिभ्रो, मुख, नाक र आँखामा रोग निकाल्दछ । यो रस रुचिप्रद, पाचनशक्ति बढाउने, उष्णवीर्यको, तिक्खर, पचाउन सहज तथा लुतो, कीरा, वीर्य र कफविकार नाशगर्ने गुणको हुन्छ ।

(ट) शार्ङ्गधर संहिता :

आकाश र वायुको सम्मिश्रणबाट पिरो रस उत्पन्न हुन्छ । पिरोको पचेपछिको रस पिरो हुन्छ । यो रसले वायु बढाउँदछ । पिरो कुरा खानाले शरीरमा पित्तको प्रकोप हुन्छ । आहार पच्ने क्रमको तेश्रो अवस्थामा पिरो हुन पुग्दछ । पिरो र तिक्खर ओखतीले कफलाई जित्नु पर्दछ ।

(ठ) हारीत संहिता :

**नेत्रं स्रावयते मुखं विदहते कर्णस्य तापं बहन् बीभत्सं तनुते मुखं विकुरुते पित्तासृजः कोपनम् ।
अग्नीनध्युषते क्षतं विदहते जीर्णो न शस्तो भवेत्
वातान्नाशयते कफस्य कटुको रौद्रो महान्दाहकः ॥**

पिरो रसले आँखाबाट आँशु झार्दछ । मुख पोल्दछ । कानमा डाह गर्दछ र तातो बनाउँदछ । मुखलाई भयानक तरिकाले विकृत पार्दछ । पित्त र रगतलाई विकृत पार्दछ । जठराग्निलाई बाल्दछ । घाउलाई पकाउँदछ । तर पुरानो पिरो रस खान उपयुक्त हुन्न । वायु नाश गर्दछ, कफलाई बाल्दछ र अति पोल्ने गुणको हुन्छ ।

कुटकी (पिर्रे)
(Hellebore)

परिभाषा :

(क) **कुलचन्द्र शर्मा :** कटू, कटम्भरा आदि नाम पिर्रेका नाम हुन् ।

(ख) **के.यन.स्वामी :** यी नामले पिर्रे वा कुटकीलाई बुझाउँदछ ।

(ग) **नेपाली बृहत् शब्दकोश :** (१) पिर्रे : धानका जस्ता लामा पात हुने, झण्डै दुई मिटर अग्लो, आयुर्वेदमा त्यसको तेल हैजा र भित्र जलन हुने रोगलाई हित गर्ने भनिएको, सिमसारमा पाइने घाँस वा झार; पिरिया, मधेशतिर कतरा भनिन्छ । (२) कुटकी : झुप्पा झुप्पा पात लाग्ने, नीलो फूल फुल्ने र कालो फल फल्ने एक भुइँझार वा वा त्यसको डाँठ अथवा जरा ।

कुटकी वा पिर्रे (तस्बिर श्रोत : वैद्य श्री मधुबज्र बज्राचार्य)

(घ) **भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री :** यसको जरा नै प्रायः औषधीमा प्रयोग हुने गर्दछ । यसका गाँठा धेरै हुन्छन् । त्यसैले यसलाई शतपर्वा नाम दिइएको हो । गुर्जो जस्तै यो लहरेदार हुन्छ । बोटभरी गोलाकार घेरा हुन्छन् त्यसैले यसलाई चक्राङ्गी भनिन्छ । यसको गानुलाई सजिलै भाँच्न सकिन्छ । भाँच्दा यसका गाँठामा माछाको टुक्रा जस्तो सतह देखिने गर्दछ त्यसैले यसलाई मत्स्यशकला नाम दिइएको हो । यो चिसो ठाउँमा हुन्छ । यसलाई अंग्रेजीमा Black Hellebore र ल्याटिन भाषामा *Picrorhiza Kurroa* भनिन्छ ।

(ङ) **भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर :** यसलाई अंग्रेजीमा Picrorhiza तथा ल्याटिन भाषामा *Picrorhiza kurroa* Royal ex Benth. भनिन्छ ।

(च) **आचार्य बालकृष्ण :** यसलाई अंग्रेजीमा Picrohiza root वा Hellebore भनिन्छ ।

(छ) **द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ :** यसलाई ल्याटिन भाषामा *Picrorhiza kurroa* Benth. भनिन्छ ।

(ज) **धन्वन्तरी निघण्टुका टीकाकार वैद्य डी.के. कामत र डा.यस.डी.कामत :** पिर्रे Scrophulariaceae परिवारको वृक्ष हो । पिर्रेको *Picrorhiza kurroa* Royle ex Benth. वा *Hellebore niger* Linn. वानस्पतिक नाम हुन् । यसलाई अंग्रेजीमा Picrorhiza. वा Black hellebore भनिन्छ ।

(झ) **फर्माकोपिया :** यो Scrophulariaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Picrorhiza kurroa* Royle ex Benth. हो । यसको कन्दको धूलो १-३ ग्रामको एक मात्रा हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कुटकी (तस्बिर श्रोत : पेयर डी अमरकोश)

कटुरोहणीति कटुका दण्डरुहा रोहणी च तिक्ता स्यात् ।
कट्वी च मत्स्यशकला तत्तिक्ता कृष्णभेदेति ॥
कटुरोहणी द्वितीया रक्ताङ्गी पीतरोहिणी पीता ।
सौराष्ट्री शोककुला सनटी चाशोकरोहिणी ज्ञेया ॥

कटुरोहणी, कटुका, दण्डरुहा, रोहणी, तिक्ता, कट्वी, मत्स्यशकला, तिक्ता (दोहारो परेको ?) र कृष्णभेदा : यी पिर्रेका पर्यायवाची नाम हुन् । कटुरोहणी, रक्ताङ्गी, पीतरोहिणी, पीता, सौराष्ट्री, शोककुला, सनटी र अशोकरोहिणी : यी पिर्रेविशेषका पर्यायवाची नाम हुन् ।

(ख)अभिधान रत्नमाला :

प्रसाद सापकोटा

तिक्ता कट्वी मत्स्यचिह्ना कटुका शकुलादनी ।
शतपर्वा कृष्णभेदा त्वरिष्टा कटुरोहिणी ॥

तिक्ता, कट्वी, मत्स्यचिह्ना, कटुका, शकुलादनी, शतपर्वा, कृष्णभेदा, अरिष्टा र कटुरोहिणी : यी पिर्रेका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

कटुः कटम्भराऽशोकरोहिणी कटुरोहिणी । मत्स्यपित्ता कृष्णभेदी चक्राङ्गी शकुलादनी ॥

कटु, कटम्भरा, अशोकरोहिणी, कटुरोहिणी, मत्स्यपित्ता, कृष्णभेदी, चक्राङ्गी र शकुलादनी : यी पिर्रेका पर्यायवाची नाम हुन् ।

(घ) अष्टाङ्ग निघण्टु :

तिला कट्वी मत्स्यपित्ता कटुका शकुलादनी ।

तिला, कट्वी, मत्स्यपित्ता, कटुका र शकुलादनी : यी पिर्रेका पर्यायवाची नाम हुन् ।

(ङ) कैयदेव निघण्टु :

कट्वी तिक्ता मत्स्यपित्ता मत्स्यविन्ना द्विजाङ्गिका । कुष्ठभेदा काण्डरुहा चक्राङ्गी जननी कटुः॥
कटुका मत्स्यशकला रोहिणी शकुलादनी । अशोकरोहिणी तिक्तरोहिणी कटुरोहिणी॥
कटुका शीतला तिक्ता कटुपाकरसा लघुः । भेदनी दीपनी रूक्षा कफपित्तज्वरापहा॥
प्रमेहश्वासकासार्शःदाहकुष्ठकृमीन् जयेत्॥


पिर्रें (Picture sorce : medicinetraditions.com)

कट्वी, तिक्ता, मत्स्यपित्ता, मत्स्यविन्ना, द्विजाङ्गिका, कुष्ठभेदा, काण्डरुहा, चक्राङ्गी, जननी, कटु, कटुका, मत्स्यशकला, रोहिणी, शकुलादनी, अशोकरोहिणी, तिक्तरोहिणी र कटुरोहिणी : यी पिर्रेंका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, तितो, शुरुमा र पचेपछि पिरो हुने, पचाउन सहज, भेदनी, दीपनी, रुखो तथा कफविकार, पित्तविकार र जरो नाश गर्ने एवं प्रमेह, दम, खोकी, हर्सा, डाह, कुष्ठ र कीरालाई जित्ने गुणको हुन्छ ।

(च) धन्वन्तरी निघण्टु : सङ्कलन : मोहन

कटुका मत्स्यशकला मत्स्यपित्ता च रोहिणी ॥ कृष्णभेदा काण्डरुहा नाम्ना कटुकरोहिणी ।
अशोकरोहिणी तिक्ता चक्राङ्गी शकुलादनी॥ कटुरोहिण्यरिष्टा च प्रोक्ता तिक्तकरोहिणी ।
आमघ्नी शतपर्वा च विप्राङ्गी जननी जना॥ कटुका पित्तजित्तिक्ता कटुः शीतास्रदाहजित् ।
बलासारोचकान् हन्ति विषमज्वरनाशिनी॥

कटुका, मत्स्यशकला, मत्स्यपित्ता, रोहिणी, कृष्णभेदा, काण्डरुहा, कटुकरोहिणी, अशोकरोहिणी, तिक्ता, चक्राङ्गी, शकुलादनी, कटुरोहिणी, अरिष्टा, तिक्तकरोहिणी, आमघ्नी शतपर्वा, विप्राङ्गी, जननी र जना : यी पिर्रें वा कुटकीका संस्कृत पर्यायवाची नामहरू हुन् । पिर्रेंले पित्तविकारलाई जित्दछ । यो तीतो र पिरो हुन्छ । पिर्रें शीतवीर्यको हुन्छ । यसले रक्तविकार र डाहलाई जित्दछ । पिर्रेंले कफविकार, अरुची र विषमज्वर नाश गर्दछ ।

(छ) निघण्टुशेष :

कटुकायां मत्स्यपित्ता रोहिणी कटुरोहिणी । अशोकरोहिणी कृष्णभेदा तिलकरोहिणी॥
कटम्बरा काण्डरुहा रास्ना तिक्तकरोहिणी । तिक्ताऽरिष्टा कटुर्मत्स्या चक्राङ्गी शकुलादनी॥

(कटति कटुः, स्वार्थिके के कटुका । तस्याम्-मत्स्यपित्तास्वादा मत्स्यानां पित्त-जीवितं वा मत्स्यपित्ता । रोहयत्यङ्गं रोहिणी । कटुश्चासौ रोहिणी च कटुरोहिणी । नास्ति शोकोऽस्या अशोका, सा चासौ रोहिणी च अशोकरोहिणी । शोकरोहिणीत्यप्रि कृष्णो भेदः-छेदोऽस्याः कृष्णभेदा । तिलकं रोहयति तिलकरोहिणी । कटति-आवृणोति गलं कटम्बरा । काण्डे रोहति काण्डरुहा । रसति रास्ना । तिक्तकस्य रोहिणी तिक्तकरोहिणी । तेजयति तिक्ता । ते निपात्यते - न रिष्यते-न हिंस्यते अरिष्टा । मत्स्या मत्स्यपित्तत्वात् । चक्राकारमङ्गमस्याः चक्राङ्गी । शकुलैरद्यते शकुलादनी ।) ।

कटुका, मत्स्यपित्ता, रोहिणी, कटुरोहिणी, अशोकरोहिणी, कृष्णभेदा, तिलकरोहिणी, कटम्बरा, काण्डरुहा, रास्ना, तिक्तकरोहिणी, तिक्ता, अरिष्टा, कटु, मत्स्या, चक्राङ्गी र शकुलादनी : यी पिर्रेका पर्यायवाची नाम हुन् ।

(ज) पर्यायरत्नमाला :

तिक्ता काण्डेरुहाऽरिष्टा चक्राङ्गी शकुलादनी । तिक्तरोहिणिका चैव कटुका कटुरोहिणी ॥

तिक्ता, काण्डेरुहा, अरिष्टा, चक्राङ्गी, शकुलादनी, तिक्तरोहिणिका, कटुका र कटुरोहिणी : यी पिर्रेका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(झ) भावप्रकाश निघण्टु :

कट्वी तु कटुका तिक्ता कृष्णभेदा कटम्भरा ॥ अशोका मत्स्यशकला चक्राङ्गी शकुलादनी । मत्स्यपित्ता काण्डरुहा रोहिणी कटुरोहिणी ॥ कट्वी तु कटुका पाके तिक्ता रूक्षा हिमा लघुः । भेदिनी दीपनी हृद्या कफपित्तज्वरापहा ॥ प्रमेहश्वासकासास्रदाहकुष्ठकृमिप्रणुत् ।

कट्वी, कटुका, तिक्ता, कृष्णभेदा, कटम्भरा, अशोका, मत्स्यशकला, चक्राङ्गी, शकुलादनी, मत्स्यपित्ता, काण्डरुहा, रोहिणी र कटुरोहिणी-यी पिर्रेका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको रस पिरो हुन्छ । पचेपछि यो तीतो हुन्छ । यो रुखो, ठण्डी गर्ने, पचाउन सहज, दिसा खुकुलो पार्ने, पाचकाग्नि बाल्ने र मुटुका लागि लाभदायक हुन्छ । यो कफविकार, पित्तविकार, जरो, मूत्रमा धातु मिसिएर आउने प्रमेह रोग, श्वासप्रश्वास रोग, खोकी, रगतविकार, डाह, कुष्ठरोग र पेटका कीरा मार्ने औषधी हुन्छ ।

(ञ) मदनपाल निघण्टु :

कटुकी रोहिणी तिक्ता चक्राङ्गी कटुरोहिणी । मत्स्यपित्ता पाण्डुरुहा कृष्णभेदा द्विजाङ्गिका ॥
अशोका रोहिणी मत्स्यशकला शकुलादनी ॥
कटुकी कटु पाके च तिक्ता रूक्षा सरा लघुः । हिमा हन्ति कृमिश्वासदाहपित्तकफज्वरान् ॥

कटुकी, रोहिणी, तिक्ता, चक्राङ्गी, कटुरोहिणी, मत्स्यपित्ता, पाण्डुरुहा, कृष्णभेदा, द्विजाङ्गिका, अशोका, मत्स्यशकला र शकुलादनी : यी पिर्रेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचेपछि पिरो हुन्छ । खाँदा तितो, रुखो, मलमूत्र खुलाउने, पचाउन सहज, शीतल गर्ने, किरा-दम-डाह-पित्तविकार-कफविकार र जरो नाशक गुण यसमा हुन्छन् ।

(ट) **मदनादि निघण्टु :**

कटुकामत्स्यपित्ता च कट्वी कटुकरोहिणी । अशोकरोहिणी तिक्तरोहिणीशकुलादिनी ॥
विषान्तर्दाहहृद्रोगकामलाज्वरनाशिनी । तिक्ता रसे महावीर्या रेचनी कटुका मता ॥

कटुका, मत्स्यपित्ता, कट्वी, कटुकरोहिणी, अशोकरोहिणी, तिक्तरोहिणी र शकुलादिनी : यी पिर्रेका पर्यायवाची नाम हुन् । यो विषविकार, भित्री डाह, मुटुका रोग, कमलपित्त र जरो नाश गर्न गुणको हुन्छ । पिर्रे तितो, अति वीर्यवर्धक, रेचनी र पिरो हुन्छ ।

कुटकी (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ठ) **माधव द्रव्यगुण :**

कटुकाह्वा सरा रूक्षा कफपित्तज्वरापहा ।

पिर्रे मलमूत्रलाई तलतिर सार्ने, रुखो तथा कफविकार, पित्तविकार र जरोलाई नाश गर्ने गुणको हुन्छ ।

(ड) **राज निघण्टु :**

कटुका जननी तिक्ता रोहिणी तिक्तरोहिणी । चक्राङ्गी मत्स्यपित्ता च बकुला शुकुलादनी ॥
सादनी शतपर्वा स्यात् चक्राङ्गी मत्स्यभेदिनी । अशोकरोहिणी कृष्णा कृष्णभेदा महौषधी ॥
कट्व्यञ्जनी काण्डरुहा कटुश्च कटुरोहिणी ।
केदारकटुकाऽरिष्टाऽप्यामघ्नी पञ्चविंशतिः ॥
कटुकाऽतिकटुस्तिक्ता शीतपित्तास्रदोषजित् ।
बलासारोचकश्वासज्वरहृद्रेचनी च सा ॥

(१) कटुका, (२) जननी, (३) तिक्ता, (४) रोहिणी, (५) तिक्तरोहिणी, (६) चक्राङ्गी, (७) मत्स्यपित्ता, (८) बकुला, (९) शुकुलादनी, (१०) सादनी, (११) शतपर्वा, (१२) चक्राङ्गी, (१३) मत्स्यभेदिनी, (१४) अशोकरोहिणी, (१५) कृष्णा, (१६) कृष्णभेदा, (१७) महौषधी, (१८) कट्व्यञ्जनी, (१९) काण्डरुहा, (२०) कटु, (२१) कटुरोहिणी, (२२) केदारकटुका, (२३) अरिष्टा र (२४) आमघ्नी : यी पच्चीस वटा (दुई पटक चक्राङ्गीलाई गन्दा पनि चौबीस मात्र हुन्छ) नाम पिर्रेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो अति पिरो, तीतो, शीतवीर्यको तथा पित्तविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ । यसले कफविकार, अरुची, दम र ज्वर पनि नाश गर्दछ । यो रेचनी हुन्छ ।

(ढ) राजवल्लभ निघण्टु :

कटुका तु सरा रूक्षा कफपित्तज्वरापहा ॥

कुटकी मलमूत्रलाई तलतिर सार्ने, रुखो तथा कफविकार, पित्तविकार र जरोलाई नाशगर्ने गुणको हुन्छ ।

(ण) शालिग्राम निघण्टु :

तिक्ता काण्डेरुहाऽरिष्टा चक्राङ्गी शकुलादनी । तिक्तरोहणिका चैव कटुका कटुरोहिणी ॥

तिक्ता, काण्डेरुहा, अरिष्टा, चक्राङ्गी, शकुलादनी, तिक्तरोहणिका, कटुका र कटुरोहिणी : यी पिर्रेका पर्यायवाची नाम हुन् ।

कटूकी शीतला तिक्ता कटी चाग्निप्रदीपनी । भेदिका च सरा रूक्षा लघ्वी रक्तरुजापहा ॥
शीतपित्तश्वासकफदाहारुचिज्वराञ्जयेत् । प्रमेहकुष्ठविषमज्वरकासक्षयापहा ॥
कामलाविषहृद्रोगनाशिनीति प्रकाशिता ।

पिर्रे शीतवीर्यको, तितो, पिरो, पाचकाग्निलाई बाल्ने, भेदनी, मलमूत्रलाई तलतिर सार्ने, रुखो, पचाउन सहज र रक्तविकार नाश गर्ने गुणको हुन्छ । यसले शीतपित्त, दम, कफविकार, डाह, अरुची र जरोलाई जित्दछ तथा प्रमेह, कुष्ठ, विषमज्वर, खोकी, क्षयरोग, कमलपित्त, विषविकार र मुटुका रोग नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कटुकीमुष्णदुग्धेन प्रक्षाल्य ग्राहयेदपि ।

पिर्रेलाई तातो दूधले पखालेर ओखतीका लागि प्रयोग गर्नुपर्दछ ।

(त) सरस्वती निघण्टु :

कटुका रोहिणी कट्वी तिक्ता तिक्तकरोहिणी । कटुः कटम्भराऽशोका शरदी कटुरोहिणी ॥

कटुका, रोहिणी, कट्वी, तिक्ता, तिक्तकरोहिणी, कटु, कटम्भरा, अशोका, शरदी र कटुरोहिणी : यी पिर्रेका पर्यायवाची नाम हुन् ।

रोहिणी पीतका पीता तथा पीतकरोहिणी । नेत्रौषधं वराचेति ज्ञेया पीतकरोहिणी ॥

रोहिणी, पीतका, पीता, पीतकरोहिणी, नेत्रौषधी, वराची र पीतकरोहिणी : यी पिर्रेविशेषका पर्यायवाची नाम हुन् ।

(थ) सोढल निघण्टु :

कटुकायां सुचित्राङ्गी मत्स्यपित्ता च रोहिणी । जननी मत्स्यशकला चक्राङ्गी शकुलादनी॥
आमघ्नी शतपर्वा च नाम्ना तिक्तकरोहिणी ।

कटुका, सुचित्राङ्गी, मत्स्यपित्ता, रोहिणी, जननी, मत्स्यशकला, चक्राङ्गी, शकुलादनी, आमघ्नी, शतपर्वा र तिक्तकरोहिणी : यी पिर्रेका पर्यायवाची नाम हुन् ।

(द) हृदयदीपक निघण्टु :

कटुका रोहिणी तिक्तारोहिणी कटुरोहिणी । कट्वी तिक्ताऽशोकरोहिण्याम्...।

कटुका, रोहिणी, तिक्तारोहिणी, कटुरोहिणी, कट्वी, तिक्ता र अशोकरोहिणी : यी पिर्रेका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कट्फल (काफल)
(Bay berry)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कट्फल, कुम्भी आदि भनेको काफल हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) काफल : लाम्चा पात हुने, गुच्छागुच्छा राता साना फल फल्ने एक वृक्ष; त्यसैको गर्मी महिनामा फल्ने फल । (२) किउँ काफल : काला लाम्चा दाना हुने एक प्रकारको काफल ।

काफलको बोट (श्रोत : फ्रुइटपेडिया डटकम)

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Box Myrlte वा Bay-berry तथा ल्याटिन भाषामा *Myrica nagi,* Thumb भनिन्छ ।

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Myrica esculenta* Buch Ham. ex D.Don, *Myrica nagi* Hook.f. (non Thumb.) तथा *Myrica sapida* Wall. हो ।

(ङ) के.यन.स्वामी : कृष्णगर्भ, सोमवल्क, कैडर्य आदि भनेको काफल हो ।

(च) धन्वन्तरी निघण्टुका टीकाकार वैद्य डी.के. कामत र डा.यस.डी.कामत : काफल Myricaceae परिवारमा पर्दछ । काफलका *Myrica nagi* Thumb., *Myrica sapida.*वा *Myrica malabarica.* वानस्पतिक नाम हुन् ।

(काफलको फूल) *Myrica esculenta,* Catalogue of Plants of NBG, Nepal

(छ) फर्माकोपिया : यो *Myricaceae* परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Myrica esculenta* Buch.- Ham. Ex D. Don *Syn. M.nagi* Hook.f. हो । अंग्रेजीमा Box Myrtle, Bay Berry भनिन्छ । संस्कृत नाम महावल्कल हो । यसको फल, जरा र बोक्रा एक मात्रामा ३-५ ग्राम ओखतीमा प्रयोग हुन्छ ।

(ज) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : काफल Myricaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Myrica esculenta* Buch.-Ham. ex D. Don र अंग्रेजी नाम Bay berry हो ।

(झ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : काफल Angiosperm समूह अन्तर्गत

Myricaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Myrica esculenta* Buch.-Ham. ex D. Don हो ।

काफल, तस्विर श्रोतः वैद्य मधुवज्र वज्राचार्य

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

...कुम्भी कैडर्य्यकट्फले ।

कुम्भी, कैडर्य्य र कट्फल : यी काफलका नाम हुन् ।

(ख) अभिधान मञ्जरी :

कट्फलः सोमवृक्षः स्याद्...।

कट्फल र सोमवृक्ष : यी काफलका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

श्रीपर्णिका कुमुदिका कुम्भी कैडर्यकट्फलौ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

श्रीपर्णिका, कुमुदिका, कुम्भी, कैडर्य र कट्फल : यी काफलका पर्यायवाची नाम हुन् ।

काफल (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(घ) अर्कप्रकाश :

कट्फलोत्थः श्वासकासप्रमेहार्शोरुचीर्हरेत् । मर्दयेत्कट्फलार्कन्तु श्लेष्मनाशाय मस्तके ।

काफलको अर्कले दम, खोकी, प्रमेह, अल्काइ र अरुची नाश गर्दछ । काफलको फलको अर्क टाउकामा दले टाउकामा जमेको कफ नाश हुन्छ ।

(ङ) कैयदेव निघण्टु :

सोमवल्को महावल्कः कट्फलः सोमपादपः । श्रीपर्णी कुमुदा कुम्भा भद्रा भद्रवती त्रुटी ॥
महाकच्छो महाकुम्भा कुम्भीका रोहिणी तथा । कट्फलं कटुकं तिक्तं कषायं कफवातनुत् ॥
निहन्ति मेहगुल्मार्शःश्वासकासारुचिज्वरान् ।

सोमवल्क, महावल्क, कट्फल, सोमपादप, श्रीपर्णी, कुमुदा, कुम्भा, भद्रा, भद्रवती, त्रुटी, महाकच्छ, महाकुम्भा, कुम्भीका र रोहिणी : यी काफलका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, टर्रो तथा कफविकार, वातविकार, प्रमेह, गुल्म, हर्सा, दम, खोकी, अरुची र जरो नाश गर्ने गुणको हुन्छ ।

(च) धन्वन्तरी निघण्टु :

कट्फलः सोमवल्कश्च श्रीपर्णी कुमुदा तथा । महाकुम्भा च कुम्भीका भद्रा भद्रवतीति च ॥
कट्फलः कफवातघ्नो गुल्ममेहाग्निमान्द्यजित् । रुचिष्यो ज्वरदुर्नामग्रहणीपाण्डुरोगहा ॥

कट्फल, सोमवल्क, श्रीपर्णी, कुमुदा, महाकुम्भा, कुम्भीका, भद्रा र भद्रवती : यी काफलका संस्कृत पर्यायवाची नामहरू हुन् । काफलले कफविकार र वातविकार नाश गर्दछ । यसले गुल्म, प्रमेह र पाचनशक्तिको कमजोरी माथि विजय हासिल गर्दछ । काफलले रुचि जगाउँदछ तथा जरो, अल्काई, ग्रहणी र पाण्डुरोग नाश गर्दछ ।

(छ) निघण्टुशेष :

कट्फले तु सोमवल्कः कैडर्या गोपभद्रिका । कुम्भी कुमुदिका भद्रा श्रीपर्णी भद्रवत्यपि ॥
(कटति-आवृणोति कषायत्वात् क्विपि कट्, इदुक् फलमस्य कट्फलः । तत्र सोमस्येव वल्कमस्य सोमवल्कः । कं-रसमी-स्तौति कैडर्यः । गोपानां भद्रिकेव गोपभद्रिका । कुम्भी रसाधारत्वात् । कुमुदप्रतिकृतिः कुमुदिका, कौ मोदते वा । भद्रमस्यास्ति भद्रा । श्रीयुक्तानि पर्णान्यस्याः श्रीपर्णी, सुपर्णत्वात् । भद्रमस्त्यस्या भद्रवती ।) ।

कट्फल, सोमवल्क, कैडर्या, गोपभद्रिका, कुम्भी, कुमुदिका, भद्रा, श्रीपर्णी र भद्रवती : यी काफलका पर्यायवाची नाम हुन् ।

(ज) पर्यायरत्नमाला :

कट्फलः सोमवल्काख्यः सोमवृक्षश्च रोहिणी ।

कट्फल, सोमवल्काख्य, सोमवृक्ष र रोहिणी : यी काफलका पर्यायवाची नाम हुन् ।

(झ) भावप्रकाश निघण्टु :

कट्फलः सोमवल्कश्च कैटर्य्यः कुम्भिकाऽपि च । श्रीपर्णिका कुमुदिका भद्रा भद्रवतीति च ॥
कट्फलस्तुवरस्तिक्तः कटुर्वातकफज्वरान् । हन्ति श्वासप्रमेहार्शः कासकण्ठामयारुचीः ॥

कट्फल, सोमवल्क, कैटर्य्य, कुम्भिका, श्रीपर्णिका, कुमुदिका, भद्रा र भद्रवती : यी काफलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो केही टर्रो, केही तितो र केही पिरो हुन्छ । यसले वातविकार, कफविकार-

जरो-दम-प्रमेह-अल्काइ- खोकी-घाँटीका रोग र अरुची निको पार्दछ ।

(ञ) **मदनपाल निघण्टु :**

कट्फलं कुमुदा कुम्भी श्रीपर्णी सोमपादपः । सोमवल्को महाकुम्भी भद्रा भद्रवती शिवा ॥
कट्फलं तुवरं तिक्तं कटु वातकफज्वरान् । हन्ति श्वासप्रमेहार्शः कासकण्ठामयारुचीः ॥

कट्फल, कुमुदा, कुम्भी, श्रीपर्णी, सोमपादप, सोमवल्क, महाकुम्भी, भद्रा, भद्रवती र शिवा : यी काफलका संस्कृत पर्यायवाची नामहरू हुन् । काफल टर्रो, तीतो र पिरो हुन्छ । यसले वातविकार, कफविकार, जरो, दम, प्रमेह, अल्काई, खोकी, घाँटीका रोग र अरुची नाश गर्दछ ।

(ट) **मदनादि निघण्टु :**

कट्फलं सोमवल्लिश्च रोहिणी सोमवल्कला । महाकुम्भा भद्रवती श्रीपर्णी कुमुदा तथा ॥
दाहपित्तज्वराविषकृमिघ्नी मधुरा हिमा । कुम्भी रक्तातिसारघ्नी योनिदोषनिवारिणी ॥

कट्फला, सोमवल्ली, रोहिणी, सोमवल्कला, महाकुम्भा, भद्रवती, श्रीपर्णी र कुमुदा : यी काफलका पर्यायवाची नाम हुन् । यो दाह, पित्तविकार, जरो, विषविकार र कीरा नाश गर्ने; गुलियो र शीतवीर्यको हुन्छ । कुम्भीले रक्तविकार, अतिसार र स्त्री-जननेन्द्रियका रोग नाश गर्दछ ।

काफल (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(ठ) **माधवद्रव्यगुण :**

कट्फलं मुखरोगघ्नं कासश्वासज्वरापहम् ।

काफल (?)ले मुखका रोग, खोकी, दम र जरो नाश गर्दछ ।

(ड) **राज निघण्टु :**

कण्डूलः कृष्णगर्भश्च सोमवल्कप्रचेतसी । भद्रावती महाकुम्भी कैडर्यो रामसेनकः ॥
कुमुदा चोग्रगन्धश्च भद्रा रञ्जनकस्तथा । कुम्भी च लघुकाश्मर्यः श्रीपर्णी च त्रिपञ्चधा ॥
कट्फलः कटुरुष्णश्च कासश्वासज्वरापहः । उग्रदाहहरो रुच्यो मुखरोगशमप्रदः ॥

(१) कण्डूल, (२) कृष्णगर्भ, (३) सोमवल्क, (४) प्रचेतसी, (५) भद्रावती, (६) महाकुम्भी, (७) कैडर्य, (८) रामसेनक, (९) कुमुदा, (१०) उग्रगन्ध, (११) भद्रा, (१२) रञ्जनक, (१३) कुम्भी, (१४) लघुकाश्मर्यः र (१५) श्रीपर्णी : यी पन्ध्र नाम काफलका संस्कृत पर्यायवाची नामहरू हुन् । काफल पिरो, उष्णवीर्यको तथा खोकी, दम, ज्वर र कडा खालको डाह नाशक हुन्छ । यो रुचिप्रद र मुखका रोगलाई शान्त पार्ने गुणको हुन्छ ।

(ढ) राजवल्लभ निघण्टु :

कट्फलं कफरोगघ्नं श्वासकासज्वरापहम्॥

काफलले कफविकार, दम, खोकी र जरो नाश गर्दछ ।

काफलको फल सहितको हाँगो (श्रोत : डीसीनेपाल डटकम)

(ण) सरस्वती निघण्टु :

श्रीपर्णिका कुमुदिका कट्फलः सुरभिच्छदः ।

श्रीपर्णिका, कुमुदिका, कट्फल र सुरभिच्छद : यी काफलका पर्यायवाची नाम हुन् । (हिन्दीविश्वकोशः श्रीपर्णिका : काफल । खमारी । गणिकारिका । सिमल । पृश्निपर्णी । हठवृक्ष । सुरभिच्छद : कैथ । कुमुदिका : काफल । कट्फल (पुं०) : काफल । भण्टाको बोट । कङ्कोल । कट्फला (स्त्री०) : खमारी । बृहती । देवदार । मृगैर्वारु ।

(त) सोढल निघण्टु :

**सोमवृक्षोऽथ कैडर्यो रञ्जनः पूतिगन्धिकः । कट्फलः सोमवल्कश्च महावल्कश्च कीर्तितः ॥
श्रीपर्णी कुमुदाख्याता तीक्ष्णं च क्षवकारकम् । महाकुम्भा च कुम्भीका भद्रा भद्रवतीति च ॥
महाकषायोग्रगन्धि कृष्णगर्भा प्रचेतसा ।**

सोमवृक्ष, कैडर्य, रञ्जन, पूतिगन्धिक, कट्फल, सोमवल्क, महावल्क, श्रीपर्णी, कुमुदा, तीक्ष्ण, क्षवकारक, महाकुम्भा, कुम्भीका, भद्रा, भद्रवती, महाकषाया, उग्रगन्धि, कृष्णगर्भा र प्रचेतसा : यी काफलका पर्यायवाची नाम हुन् ।

(थ) सौश्रुत निघण्टु :

रोहिणी वल्कसोमश्च सोमवृक्षोऽथ कट्फलः । महात्वक्को रञ्जनश्च महावल्कल एव च ॥

रोहिणी, वल्कसो (सोमवल्क), सोवृक्ष, कटेफल, महात्वक्, रञ्जन र महावल्कल : यी काफलका पर्यायवाची नाम हुन् ।

काफलका दाना (श्रोत : साइन्स इन्फोटेक डटकम)

(द) हारीत संहिता :

**गवां तक्रेण सम्पिष्टं क्षिप्रनामकमौषधम् ।
पिबेच्चिरेण तक्रञ्च शर्करादोषदूषितः ॥१२॥**

गाईको तक्रसँग काफललाई पिसेर खाई तक्र नै लामो समयसम्म पिउने गरेमा पनि शर्करारोग (पत्थरीविशेष) नाश हुन्छ ।

(ध) हृदयदीपक निघण्टु :

...सोमवल्कस्तु कट्फलम् ।

सोमवल्क र कट्फल : यी काफलका पर्यायवाची नाम हुन् ।

कट्वी
(Katwee)

परिभाषा :

(क) **के.यन.स्वामी :** (१) कट्वी, कटुकवल्ली, काष्ठवल्लिका, सुवल्ली, महावल्ली, पशुमोहनिका, कटु : कोक्याउने लहरो । (२) सुकाष्ठा : कुटकी । काठे केरा ।

(ख) **डा.सतिश चन्द्र साङ्ख्यधर :** पहिचान हुन बाँकी एक ओखती । कट्वीको अर्थ कुटकी (पिरें) पनि हुन्छ तर यो कुटकी होइन ।

(ग) **हिन्दी विश्वकोश :** (१) कटुकवल्ली : कट्वी नामको लहरा । तिते लौकाको लहरा । (२) कट्वी : कुटकी । कटुकवल्ली नामक लहरा । (३) कटु : कटुवल्ली । (४) काष्ठवल्लिका : काष्ठवत् शुष्का वल्लिका, कटुकवल्ली । (५) पशुमोहनिका : पशूनां मोहननिका, कट्वीलता । (६) सुवल्ली : शोभना वल्लि । सोमराजी । पुत्रदात्री लता । कटुकवल्ली । (७) महावल्ली : महती चासौ वल्ली चेति, कटुवल्लिका ।

यसको पहिचान हुन सकेको देखिएन । कटुकीको अर्थमा यो शब्दको अर्थ यत्रतत्र पाइन्छ । तर राजनिघण्टुमा कटुकीको बेग्लै विवरण राखिएको छ ।

प्राचीन ग्रन्थका वचनहरू :

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) **राज निघण्टु :**

कट्वी कटुकवल्ली च सुकाष्ठा काष्ठवल्लिका । सुवल्ली च महावल्ली पशुमोहनिका कटुः ॥
कट्वी तु कटुका शीता कफश्वासार्तिनाशनी । नानाज्वरहरा रुच्या राजयक्ष्मनिवारिणी ॥

कट्वी, कटुकवल्ली, सुकाष्ठा, काष्ठवल्लिका, सुवल्ली, महावल्ली, पशुमोहनिका र कटु : यी कट्वीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो र शीतवीर्यको हुन्छ । यसले कफविकार, दम र पीडा नाश गर्दछ । कट्वीले अनेक थरी जरो नाश गर्दछ, रुची जगाउँदछ र क्षयरोग पनि ठिक गर्दछ ।

कणभ (कीराविशेष)
(A kind of fly with a sting)

परिभाषा :

(क) **हिन्दी विश्वकोश :** अग्निप्रकृतिको कीराविशेष ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **भावप्रकाश संहिता, माधव निदान :**

विसर्पः श्वयथुः शूलं ज्वरश्छर्दिरथापि च (वा) ।
लक्षणं कणभैर्दष्टे दंशश्चैवावसीदति (दंशश्चैव विशीर्यते) ॥

कणभ नामक जीवविशेषले टोकेमा वीसर्प, सुजन, शूल, जरो र बान्ता हुने गर्दछ । यसका साथै काटिएको स्थान पनि काटिएर झर्ने गर्दछ ।

नोटः यसको पहिचानमा मतभेद छ । कसैले बिच्छिविशेष, कसैले छेपारोविशेष (सम्भवतः भानेमुङ्ग्रो, पहिलेका बूढापाकाहरू यसले टोके खुट्टै छिनाल्दछ, सर्प समेत मार्दछ भन्थे), कसैल झिङ्गाविशेष त कसैले भमराविशेष भनी अर्थ्याएका छन् । तर यसको विषको उपचार छैन भनेर मानिएको छ । सुश्रुत संहितामा यसलाई एक कीरा बताइनुका साथै चार किसिमको हुन्छ भनिएको छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कण्टकारी
(Thorny night shade)

परिभाषा :

(क) **कुलचन्द्र शर्मा :** वार्ताकी, हिङ्गुली, सिंही, भण्टाकी र दुष्प्रधर्षिणी सानो बिहीका नाम हुन् ।

(ख) **नेपाली बृहत् शब्दकोश (कण्टकारी) :** पात र डाँठमा काँडा हुने, ससाना सेता वा नीला फूल फुल्ने, पहेँलो बाटुलो फल फल्ने एक प्रकारको बोट वा त्यसैको फल; कच्चिडो ।

(ग) **भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर :** यसलाई ल्याटिन भाषामा *Solanum xanthocarpum* Schrad & Wendl. भनिन्छ ।

(घ) **आचार्य बालकृष्ण :** यसको वानस्पतिक नाम *Solanum virginiannum* L. हो । यसलाई अंग्रेजीमा Yellow berried night shade वा Thorny night shade भनिन्छ ।

(ङ) **द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ :** यसलाई ल्याटिन भाषामा *Solanum xanthocarpum* Schrad and Wendil भनिन्छ ।

(च) **धन्वन्तरी निघण्टुका टीकाकार वैद्य डी.के. कामत र डा.यस.डी.कामत :** कण्टकारी Solanaceae परिवारमा पर्दछ । (१) कण्टकारीको *Solanum xanthocarpum* Schrad & Wendle.वा *Solanum surallense* Burm f. वानस्पतिक नाम हो । (२) सेतो कण्टकारी पनि Solanaceae परिवारमा पर्दछ । यसको *Solanum hirsutam* Roxb. वानस्पतिक नाम हो । यसलाई अंग्रेजीमा White flowered Kantakari भनिन्छ ।

(छ) **Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 :** कण्टकारी Angiosperm समूह अन्तर्गत Solanaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Solanum virginianum* L. हो ।

नोट : कण्टकारी दुई किसिमको हुन्छ : सामान्य र सेतो । सेतो कण्टकारी पनि तीन किसिमका हुन्छन् र यो पाउन दुर्लभ हुन्छ । गर्भधारण सम्बन्धी समस्या समाधानका लागि स्त्रीलाई प्रयोग गरिने ओखती तीनमध्ये कुनै पनि एक सेतो कण्टकारी हो ।

Picture Source : indiaflora-ces.iisc.ac.in.



१.हाँगा । २. कोपिला । ३. फूल । ४. पुंकेसरले घेरिएको पुष्पयोनि र कर्णिका । ५. पुंकेसर । ६. पुष्पयोनि । ७. फल । ८. फलको आधा भाग र भित्री खण्ड । ९. बीज ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधान मञ्जरी :**

क्षुद्रा वार्ताकी स्यान्निदिग्धिका कण्टकालिका चेति ।
दुस्पर्शा कण्टकिनी पर्यायैः कण्टकाली च॥

क्षुद्रा, वार्ताकी, निदिग्धिका, कण्टकालिका, दुस्पर्शा, कण्टकिनी र कण्टकाली : यी कण्टकारीका पर्यायवाची नाम हुन् ।

(ख) **अभिधान रत्नमाला :**

व्याघ्री निदिग्धिका क्षुद्रा धावनी कण्टकारिका । दुष्टस्पर्शा कण्टकिनी सिंही तु बहुकण्टका ॥

व्याघ्री, निदिग्धिका, क्षुद्रा, धावनी, कण्टकारिका, दुष्टस्पर्शा, कण्टकिनी, सिंही र बहुकण्टका : यी कण्टकारीका पर्यायवाची नाम हुन् ।

(ग) **अर्कप्रकाश :**

कण्टकार्य्या गर्भकरः पाचनः कफकासहा । कण्टकार्या दीपनश्च श्लेष्मशोथहरोऽरुचिः ॥
कण्टकार्य्या गर्भकरः पाचनः कफकासहृत् ।

कण्टकारीको अर्क गर्भ स्थापक, पाचन तथा कफविकार र खोकी नाशक हुन्छ । यो अर्क दीपनी हुन्छ । यसले कफविकार, शरीर सुन्निएको र अरुचि नाश गर्दछ । सेतो कण्टकारीको अर्क गर्भ कारक, पाचन, कफविकार नाशक र खोकी नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(घ) **अष्टाङ्ग निघण्टु :**

व्याघ्री निदिग्धिका क्षुद्रा द्रावणी कण्टकारिका ।
सिंहा च क्षुद्रवार्ताकी बृहती बहुपुत्रिका ॥

व्याघ्री, निदिग्धिका, क्षुद्रा, द्रावणी, कण्टकारिका, सिंहा, क्षुद्रवार्ताकी, बृहती र बहुपुत्रिका : यी कण्टकारीका (नाम छ्यासमिस भएको) पर्यायवाची नाम हुन् ।

(ङ) **अष्टाङ्ग हृदय :**

क्षौद्रं जयति बलासं ...।
क्षीरेण श्वेतबृहतीमूलं नासापुटे स्वयम् ॥
पुत्रार्थी दक्षिणे सिञ्चेद्वामे दुहितृवाञ्छया ।

खोकीलाई कण्टकारी (निदिग्धिका) ले ठिक गर्दछ । सेतो कटण्कारीको जरालाई गाईको दूधमा पिसेर स्त्री आफैंले छोरो पाउन इच्छा भए आफ्नो नाकको दाहिने प्वालमा र छोरी पाउन इच्छा भए देब्रे प्वालमा हाल्नू ।
नोट : नाकमा नस हाल्ने विधि हुन्छ त्यसलाई ध्यान दिइनु पर्दछ ।

(च) काश्यप सांहेता :

शयनीये मृदुस्वास्तीर्णोपहितेऽस्यै भर्ता ...त्र लक्ष्मणामद्भिरालोड्य, "सोमः पवत" इत्येतेन शतजप्तेन सावित्र्या व्याहृतिभिः "अपो देवीरुपसृज" इति मन्त्रेण नस्यं दत्त्वा,

यसपछि कोमल र फराकिलो तरिकाले ओछ्याइएको बिछ्यौनामा पत्नीलाई सुताएर लक्ष्मणा (सेतो कण्टकारी) नामक ओखतीलाई पानीमा पिसी "सोमः पवत.." मन्त्र सय पटक जपी "भूर्भुवः स्वः महः.." आदि व्याहृतिले तथा "अपो देवी रुपसृज.." आदि मन्त्रले उक्त ओखतीको नस हालि दिनू । (र विधिपूर्वक ग्राम्यधर्ममा संलग्न हुनु, गर्भ बस्दछ) ।

(छ) कैयदेव निघण्टु :

कण्टकारी कण्टकिनी कण्टालुः क्षुद्रकण्टकी । प्रचोदनी बहुगुहा कुली क्षुद्रा निदिग्धिका ॥
वार्ताकी धावनी व्याघ्री दुःस्पर्शा दुःप्रधर्षिणी ।

कण्टकारी, कण्टकिनी, कण्टालु, क्षुद्रकण्टकी, प्रचोदनी, बहुगुहा, कुली, क्षुद्रा, निदिग्धिका, वार्ताकी, धावनी, व्याघ्री, दुःस्पर्शा र दुःप्रधर्षिणी : यी कण्टकारीका पर्यायवाची नाम हुन् ।

सितसिंही चन्द्रपुष्पी क्षुद्रमाता प्रियङ्करी ॥ दुर्लभा वनजा क्षुद्र दूतिका श्वेतलक्ष्मणा ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सितसिंही, चन्द्रपुष्पी, क्षुद्रमाता, प्रियङ्करी, दुर्लभा, वनजा, क्षुद्रदूतिका र श्वेतलक्ष्मणा : यी सेतो कण्टकारीका पर्यायवाची नाम हुन् ।

कण्टकारी कटुस्तिक्ता रूक्षोष्णा भेदनी लघुः ॥ दीपनी पाचनी हन्यात् कफवातज्वरारुचीः ।
हृद्रोगश्वासकासाश्मपार्श्वरुक्कृच्छ्रपीनसान् ॥ तयोः फलं विपाके च कटुकं कटुकं रसे ।
भेदनं रोचनं हृद्यं तिक्तं पित्ताग्निकृल्लघु ॥ हन्यात् श्लेष्मरुत्कण्डूकासमेहकृमिज्वरान् ।

कण्टकारी पिरो, तितो, रुखो, उष्णवीर्यको, भेदनी, पचाउन सहज, लीपनी, पाचनी तथा कफविकार, वातविकार, जरो, अरुची, मुटुका रोग, दम, खोकी, पत्थरी, कोखाका रोग, कृच्छ्र र पिनास नाश गर्ने गुणको हुन्छ । यसको फल शुरुमा र पचेपछि पनि पिरो हुन्छ । यो भेदनी, रुचिप्रद, मुटुका लागि हितकर, तितो, पित्तविकार र पाचनशक्ति बढाउने, पचाउन सहज तथा कफविकार, वातविकार, लुतो, खोकी, प्रमेह, पेटका कीरा र जरो नाश गर्ने गुणको हुन्छ ।

(ज) गरुडपुराण :

सदुग्धा लक्ष्मणा पीता नस्याद्वा पुत्रदा ऋतौ ॥

सेतो कण्टकारीको जरा (लक्ष्मणा) दूधमा पिसेर खाएमा वा नाकमा नस हालेमा ऋतुमती स्त्रीलाई पुत्र प्राप्त हुन्छ ।

(झ) **धन्वन्तरी निघण्टु :**

कण्टकारी तु दुःस्पर्शा क्षुद्रा व्याघ्री निदिग्धिका । कण्टालिका कण्टकिनी धावनी दुष्प्रधर्षिणी ॥
कण्टकारी कटुस्तिक्ता तथोष्णा श्वासकासजित् । अरुचिज्वरवातामदोषहृद्ददनाशिनी ॥
कण्टकारीद्वयं तिक्तं वातामकफकासजित् । क्षुद्रिकायाः फलं ज्ञेयं कटु तिक्तं ज्वरापहम् ॥
कण्डूकुष्ठकृमिघ्नञ्च कफवातहरं तथा ।

कण्टकारी, दुःस्पर्शा, क्षुद्रा, व्याघ्री, निदिग्धिका, कण्टालिका, कण्टकिनी, धावनी र दुष्प्रधर्षिणी : यी कण्टकारीका संस्कृत पर्यायवाची नामहरू हुन् । कण्टकारी पिरो, तीतो र उष्णवीर्यको हुन्छ । यसले दम र खोकीलाई जित्दछ तथा अरुचि, जरो, वातविकार, आमविकार र मुटुका रोग नाश गर्दछ । दुवै थरी कण्टकारी तीता तथा वातविकार, आमविकार, कफविकार र खोकी नाशक हुन्छन् । कण्टकारीको फल पिरो, तीतो र जरो नाशक हुन्छ । यो फलले लुतो, कुष्ठ, कीरा, कफविकार र वातविकार नाश गर्दछ ।

लक्ष्मणा क्षेत्रदूती च सितासिंही कुवार्तिका ॥ सुश्वेता कण्टकारी च दुर्लभा च महौषधी ।

लक्ष्मणा, क्षेत्रदूती, सितासिंही, कुवार्तिका, सुश्वेता, कण्टकारी, दुर्लभा र महौषधी : यी सेतो कण्टकारीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ञ) **निघण्टुशेष :**

निर्दिग्धिकायां कण्टाली दुःस्पर्शा कण्टकारिका । व्याघ्री क्षुद्रा दुष्प्रधर्षा धावनी हेमपुष्पिका ॥

निर्दिग्धिका, कण्टाली, दुःस्पर्शा, कण्टकारिका, व्याघ्री, क्षुद्रा, दुष्प्रधर्षा, धावनी र हेमपुष्पिका : यी कण्टकारीका पर्यायवाची नाम हुन् ।

(ट) **पर्याय रत्नमाला :**

अनाक्रान्ता स्पृशी व्याघ्री भण्डाकी च निदिग्धिका ।
सिंही धावनिका क्षुद्रा बृहती कण्टकारिका ॥

अनाक्रान्ता, स्पृशी, व्याघ्री, भण्डाकी, निदिग्धिका, सिंही, धावनिका, क्षुद्रा, बृहती र कण्टकारिका : यी कण्टकारीका पर्यायवाची नाम हुन् ।

(ठ) **पारस्कर गृह्यसूत्र :**

सा यदि गर्भं न दधीत सिꣳह्याः श्वेतपुष्प्या उपोष्य पुष्येण मूलमुत्थाप्य चतुर्थेऽहनि स्नातायां

निशायामुद्‌पेषं पिष्ट्वा दक्षिणस्यां नासिकायामासिञ्चेत् । इयमोषधी त्रायमाणा सहमाना सरस्वती । अस्या अहं बृहत्याः पुत्रः पितुरिव नाम जग्रभमिति॥

यदि पत्नीले गर्भाधारण गर्न नसके सेतो फूल फुल्ने कण्टकारीलाई पुष्य नक्षमा चन्द्रमा हुँदा उपवास बसी जरै समेत उखेल्नू । फेरी पत्नी पर सरेको चौथो दिन नुहाएर शुद्ध भएपछि रातमा पानीसँग पिसेर त्यसको रस दुई-तीन थोपा उनको नाकको दाहिने प्वालमा 'इयमोषधी...' आदि मन्त्र पढ्दै हालि दिनू ।

मन्त्रार्थ : गर्भधारणमा बाधक दोषहरु हटाएर गुणहरु लेराउने भएको यो काष्ठौषधी कष्ट सहेर पनि सेवन गर्नेको रक्षा गर्दछिन् तथा दोषका वेगलाई नष्ट गर्दछिन् । अनेक प्रकारका फल दिने भएकी यी वनस्पतिको कृपाले गर्दा जसरी म आफ्नो पिताको नाम लिन्छु त्यसरी नै मेरा सन्तानले मेरो नाम लिएर उज्वल गरून् ।

(ङ) भावप्रकाश निघण्टु :

कण्टकारी तु दुःस्पर्शा क्षुद्रा व्याघ्री निदिग्धिका॥ कण्टालिका कण्टकिनी धावनी बृहती तथा ।

कण्टकारी, दुःस्पर्शा, क्षुद्रा, व्याघ्री, निदिग्धिका, कण्टालिका, कण्टकिनी, धावनी र बृहती : यी कण्टकारीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

श्वेता क्षुद्रा चन्द्रहासा लक्ष्मणा क्षेत्रदूतिका॥ गर्भदा चन्द्रमा चन्द्री चन्द्र पुष्पा प्रियङ्करी ।

श्वेता, क्षुद्रा, चन्द्रहासा, लक्ष्मणा, क्षेत्रदूतिका, गर्भदा, चन्द्रमा, चन्द्री, चन्द्रपुष्पा र प्रियङ्करी : यी सेतो फूल फुल्ने कण्टकारीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

**कण्टकारी सरा तिक्ता कटुका दीपनी लघुः॥ रूक्षोष्णा पाचनी कासश्वासज्वरकफानिलान् ।
निहन्ति पीनसं पार्श्वपीडाकृमिहृदामयान्॥**

कण्टकारी दिसा लगाउने, तीतो, पिरो, दीपनी र पचाउन हलुका हुन्छ । यो रुखो, गर्मी गर्ने र पाचनी हुन्छ । यसले खोकी, दम, जरो, कफविकार, वातविकार, पिनास, कोखाको दुखाइ, कीरा र मुटुका रोग नाश गर्दछ ।

**तयोः फलं कटु रसे पाके च कटुकं भवेत् । शुक्रस्य रेचनं भेदि तिक्तं पित्ताग्निकृल्लघु॥
हन्यात्कफमरुत्कण्डूकासमेदःकृमिज्वरान् ।**

यी दुवै कण्टकारी (बिही) का फल शुरुमा र पचेपछि पिरो स्वादका हुन्छन् । यी शुक्र-रेचनी हुन्छन् । दिसा खुकुलो पार्दछन् र तीता हुन्छन् । यिनले पित्तविकार र जठराग्नि बढाउँदछन् । पचाउन हलुका हुनुका साथै कफविकार, वातविकार, लुतो, खोकी, बोसोविकार, कीरा र जरो नाश गर्दछन् ।

तद्वत्प्रोक्ता सिता क्षुद्रा विशेषाद् गर्भकारिणी ॥

सेतो फूल फुल्ने कण्टकारीमा उपरोक्त सबै गुणका अतिरिक्त विशेष गरी गर्भधारण गराउने गुण हुन्छ ।

कण्टकारीफलं तिक्तं कटुकं दीपनं लघु । रूक्षोष्णं श्वासकासघ्नं ज्वरानिलकफापहम् ॥

कण्टकारीको फल तीतो र पिरो हुन्छ । यसले पाचकाग्निलाई बाल्दछ । यो पचाउन हलुका हुन्छ । यो रुखो हुन्छ । यसले गर्मी गर्दछ तथा दम, खोकी, जरो, वातविकार र कफविकार नाश गर्दछ ।

(ढ) **भावप्रकाश संहिता :**

पुष्योद्धृतं लक्ष्मणाया मूलं दुग्धेन कन्यया । पिष्टं पीत्वा ऋतुस्नाता गर्भं धत्ते न संशयः ॥

ऋतुस्नान गरेकी स्त्रीले पुष्य नक्षत्र परेका दिन उखेलेर लेराइएको सेतो कण्टकारीको जरालाई कुमारी कन्याका हातबाट गाईको दूधमा पिस्न लगाउनू र पिउनू अवश्य गर्भ रहन्छ ।

(ण) **मदनपाल निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

कण्टारिका कण्टिकिनी कण्टकारी निदग्धिका ।
दुःस्पर्शा धावनी क्षुद्रा स्याद् व्याघ्री दुष्प्रधर्षिनी ॥
सिता क्षुद्रा चन्द्रहासा लक्ष्मणा स्वेददूतिका । कण्टकारी सरा तिक्ता कटुका दीपनी लघुः ॥
रूक्षोष्णा पाचनी कासश्वासज्वरकफानिलान् । निहन्ति पीनसं पार्श्वपीडाकृच्छ्रहृदामयान् ॥
तद्वत्प्रोक्ता सिता क्षुद्रा विशेषाद्गर्भकारिणी ॥

कण्टारिका, कण्टकिनी, कण्टकारी, निदग्धिका, दुःस्पर्शा, धावनी, क्षुद्रा, व्याघ्री र दुष्प्रदर्शिनीः यी कण्टकारीका संस्कृत पर्यायवाची नामहरू हुन् । सेतो कण्टकारीका क्षुद्रा, चन्द्रहासा, लक्ष्मणा र स्वेददूतिका पर्यायवाची नाम हुन् । कण्टकारी दिशापिसाब खुलाउने (सर), तितो र पिरो स्वाद हुने, जठराग्निलाई बाल्ने (दीपनी), पचाउन हलुका, रुखो, गर्मी गर्ने र पचाउन मद्दत गर्ने गुणको हुन्छ । यसले खोकी, दम, जरो, कफविकार, वातविकार, पिनास, कोखो दुख्ने, मूत्रकृच्छ्र र मुटुका रोग निको पार्दछ । सेतो कण्टकारीमा यी सबै गुणका अतिरिक्त गर्भधारण गराउने विशेष गुण पनि हुन्छ ।

(त) **मदनादि निघण्टु :**

कण्टकारी कण्टकिनी धावनी दुष्प्रधर्षिणी । व्याघ्री निदिग्धिका क्षुद्रा वार्ताकी क्षुद्रकण्टकी ॥
कासश्वासहरा रूक्षा भेदिनी दीपनी लघु । कफापहा पीनसघ्नी क्षुद्रा वार्ताकिनी मता ॥

कण्टकारी, कण्टकिनी, धावनी, दुष्प्रधर्षिणी, व्याघ्री, निदिग्धिका, क्षुद्रा, वार्ताकी र क्षुद्रकण्टकी : यी कण्टकारीका पर्यायवाची नाम हुन् । यो खोकी र दम नाश गर्ने, रुखो, भेदनी, दीपनी, पचाउन सहज तथा कफविकार र पिनास नाश गर्ने गुणको हुन्छ ।

(थ) **माधव द्रव्यगुण :**

उष्णा वातकफश्वासकासघ्नी कण्टकारिका ।

कण्टकारी उष्णवीर्यको तथा वातविकार, कफविकार, दम र खोकी नाश गर्ने गुणको हुन्छ ।

(द) **राज निघण्टु :**

कण्टकारी कण्टकिनी दुःस्पर्शा दुष्प्रधर्षिणी । क्षुद्रा व्याघ्री निदिग्धा च धाविनी क्षुद्रकण्टिका ॥
बहुकण्टा क्षुद्रकण्टा ज्ञेया क्षुद्रफला च सा । कण्टारिका चित्रफला स्याच्चतुर्दशसञ्ज्ञका ॥
कण्टकारी कटूष्णा च दीपनी श्वासकासजित् । प्रतिश्यायार्तिदोषघ्नी कफवातज्वरार्तिनुत् ॥

(१) कण्टकारी, (२) कण्टकिनी, (३) दुःस्पर्शा, (४) दुष्प्रधर्षिणी, (५) क्षुद्रा, (६) व्याघ्री, (७) निदिग्धा, (८) धाविनी, (९) क्षुद्रकण्टिका, (१०) बहुकण्टा, (११) क्षुद्रकण्टा, (१२) क्षुद्रफला, (१३) कण्टारिका र (१४) चित्रफला : यी चौध नाम सामान्य खालको कण्टकारीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, उष्णवीर्यको र दीपनी हुन्छ । यसले दम र खोकीलाई जित्दछ । कण्टकारीले पिनासजन्य पीडा, कफविकार, वातविकार र जरो नाश गर्दछ ।

सितकण्टारिका श्वेता क्षेत्रदूती च लक्ष्मणा । सितसिंही सितक्षुद्रा क्षुद्रवार्ताकिनी सिता ॥
क्लिन्ना च कटुवार्ताकी क्षेत्रजा कपटेश्वरी । स्यान्निःस्नेहफला रामा सितकण्टा महौषधी ॥
गर्दभी चन्द्रिका चान्द्री चन्द्रपुष्पा प्रियङ्करी । नाकुली दुर्लभा रास्ना द्विरेषा द्वादशाह्वया ॥
श्वेतकण्टारिका रुच्या कटूष्णा कफवातनुत् । चक्षुष्या दीपनी ज्ञेया प्रोक्ता रसनियामिका ॥

(१) सितकण्टारिका, (२) श्वेता, (३) क्षेत्रदूती, (४) लक्ष्मणा, (५) सितसिंही, (६) सितक्षुद्रा, (७) क्षुद्रवार्ताकिनी, (८) सिता, (९) क्लिन्ना, (१०) कटुवार्ताकी, (११) क्षेत्रजा, (१२) कपटेश्वरी, (१३) निःस्नेहफला, (१४) रामा, (१५) सितकण्टा, (१६) महौषधी, (१७) गर्दभी, (१८) चन्द्रिका, (१९) चान्द्री, (२०) चन्द्रपुष्पा, (२१) प्रियङ्करी, (२२) नाकुली, (२३) दुर्लभा र (२४) रास्ना : यी चौबीस वटा नाम सेतो कण्टकारीका संस्कृत पर्यायवाची नामहरू हुन् । सेतो कण्टकारी रुचिकर, पिरो, उष्णवीर्यको तथा कफविकार र वातविकार नाशक हुन्छ । यो आँखाका लागि हितकर, दीपनी र शरीरका रसलाई नियमित बनाउने गुणको हुन्छ भनी बताइएको छ ।

(ध) **राजवल्लभ निघण्टु :**

... कण्टकार्याश्च फलं पित्तकफापहम् । कण्डूकुष्ठकृमिघ्नं च लघूष्णं कटुतिक्तकम् ॥

उष्णवातकफश्वासकासघ्नी कण्टकारिका॥

कण्टकारीको फलले पित्तविकार, कफविकार, लुतो, कुष्ठ र कीरा नाश गर्दछ । यो पचाउन सहज, उष्णवीर्यको, पिरो र तीतो हुन्छ । कण्टकारी उष्णवीर्यको हुन्छ यसले वातविकार, कफविकार, दम र खोकी ठिक गर्दछ ।

(न) रावण संहिता :

पुष्य नक्षत्रमा जरै समेत उखेलेर लेराइएको सेतो कण्टकारीलाई कुमारी कन्याका हातबाट पिस्न लगाउनू र रस निकाल्नू । पुत्र चाहने ऋतुस्नान गरेकी नारीले यो रसलाई गाईको दूध र गाईको घिउमा मिसाएर पिउनु उचित हुन्छ ।

(प) विष्णुधर्मोत्तरपुराण :

उपोषितेन शुचिना शुक्लपक्षे समुद्धृतम्॥
पुष्येण बृहतीमूलमुत्तरां वा मुखे नयेत् । श्वेतपुष्पा तु बृहती द्रुमूलस्यैष निश्चयः॥
नस्या देयाश्च चत्वार उन्मूला द्रुमबिन्दवः । तस्मिन्नहनि सा तेन गर्भं धत्ते वराङ्गना॥

उपवास बसी शुद्ध भएका व्यक्तिले शुक्लपक्षको पुष्य नक्षत्रमा सेतो फूल फुल्ने कण्टकारीलाई उत्तरतिर फर्केर जरै सहित उखेरलेर लेराउनू । यसरी लेराइएको कण्टकारीको जरालाई सफा गरी कुटेर रस निकाली छानी त्यो रस रजस्वला भई चोखिएकी स्त्रीका नाकमा चार थोपा (दुई प्वालमा दुई-दुई थोपा) हाल्नू । त्यो स्त्रीले त्यही रात गर्भधारण गर्दछे ।

(फ) शालिग्राम निघण्टु :

कण्टकारी कुली क्षुद्रा कासघ्नी कण्टकारिका । स्पृही धावनिका व्याघ्री दुःस्पर्शा दुष्प्रधर्षिणी॥

कण्टकारी, कुली, क्षुद्रा, कासघ्नी, कण्टकारिका, स्पृही, धावनिका, व्याघ्री, दुःस्पर्शा र दुष्प्रधर्षिणी : यी कण्टकारीका पर्यायवाची नाम हुन् ।

कटेरी कटुका चोष्णा दीपन्यग्नेश्च भेदिका । कटी रूक्षा पाचनी च लघ्वी तिक्ता च सारिका॥
श्वासं कासं कफं वातं पीनसं च ज्वरं जयेत् । हृद्रोगारुचिकृच्छ्रघ्नी पार्श्वशूलस्य नाशिनी॥
आमं कृमींश्च शूलञ्च नाशयेदिति कीर्त्तितम् । (निघण्टु रत्नाकर)

कण्टकारी पिरो, उष्णवीर्यको, पाचनशक्ति बढाउने, भेदनी, पिरो, रुखो, पाचनी, पचाउन सहज, तितो, मलमूत्रलाई तलतिर सार्ने तथा दम, खोकी, कफविकार, वातविकार, पिनास र जरोलाई जित्ने गुणको हुन्छ । यसले मुटुका रोग, अरुची, कृच्छ्र र कोखाको शूल नाश गर्दछ ।

फलं तस्याः कटुः पाके रसे च कटुकं भवेत् । शुक्रस्य रेचनं भेदि तिक्तं पित्ताग्निकृल्लघु॥

कण्टकारीको फल शुरुमा र पचेपछि पनि पिरो हुन्छ । यो शुक्र (नाशक ?), भेदनी, तितो, पित्तविकार र पाचनशक्ति बढाउने तथा पचाउन सहज हुने गुणको हुन्छ ।

कण्टकारी फलं तिक्तं कटुकं भेदि पित्तलम् । हृद्यं चाग्नेर्दीप्तिकरं लघु वातकफापहम्॥
कण्डूश्वासज्वरकृमिमेहशुक्रविनाशनम् ।

कण्टकारीको फल तितो, पिरो, भेदनी, पित्तविकार गर्ने, मुटुका लागि हितकर, पाचनशक्ति बढाउने, पचाउन सहज तथा वातविकार, कफविकार, लुतो, दम, जरो, कीरा, प्रमेह र शुक्र नाश गर्ने गुणको हुन्छ ।

लक्ष्मणा कटुका चोष्णा चक्षुष्या चाग्निदीपनी । गर्भस्थापनकर्त्री च पारदस्य नियामिका॥
रुचिकृत्कफवातानां नाशिनी परमा मता । शेषाश्चास्या गुणाः प्रोक्ताः फलस्यापि च पूर्ववत्॥

सेतो कण्टकारी पिरो, उष्णवीर्यको, आँखाका लागि फाइदाजनक, पाचनशक्ति बढाउने, गर्भस्थापना गराउने, पारोलाई बाँध्ने, रुचिप्रद तथा प्रभावकारी ढङ्गले कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ । यसका बाँकी गुण र फलका गुण कण्टकारीका जस्तै हुन्छन् ।

(ब) **सरस्वती निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

निदिग्धिका स्पृशी व्याघ्री बृहती कण्टकारिका । प्रचोदनी कुली क्षुद्रा दुःस्पर्शा राष्ट्रिका कुली॥

निदिग्धिका, स्पृशी, व्याघ्री, बृहती, कण्टकारिका, प्रचोदनी, कुली, क्षुद्रा, दुःस्पर्शा, राष्ट्रिका र कुली : यी कण्टकारीका पर्यायवाची नाम हुन् ।

(भ) **सोढल निघण्टु :**

कण्टकार्यां तु दुःस्पर्शा क्षुद्रा व्याघ्री निदिग्धिका । कण्टारिका कण्टकिनी धावनी दुःप्रधर्षिणी॥
कपटेश्वरी कासघ्नी चन्द्रपुष्पा प्रियङ्करी । गर्दभा चन्द्रभासा च कटुवृन्ताकिनीति च॥

कण्टकारी, दुःस्पर्शा, क्षुद्रा, व्याघ्री, निदिग्धिका, कण्टारिका, कण्टकिनी, धावनी, दुःप्रधर्षिणी, कपटेश्वरी, कासघ्नी, चन्द्रपुष्पा, प्रियङ्करी, गर्दभा, चन्द्रभासा र कटुवृन्ताकिनी : यी कण्टकारीका पर्यायवाची नाम हुन् ।

(म) **सौश्रुत निघण्टु :**

वृषभी राष्ट्रिका क्षुल्ली तथा पीतफलेति च । क्षवप्रचोदनी व्याघ्री सैव प्रोक्ता निदिग्धिका॥

वृषभी, राष्ट्रिका, क्षुल्ली, पीतफला, क्षवप्रचोदनी, व्याघ्री र निदिग्धिका यी कण्टकारीका पर्यायवाची

नाम हुन् ।

(य) **हारीत संहिता :**

..पानं गोक्षीरसंयुतम् । वन्ध्यानां गर्भजननं भवते लक्षणान्वितम्॥

सेतो कण्टकारीको जरा दूधसँग पिउनाले बाँझी स्त्रीको पनि गर्भ बस्दछ ।

(र) **हृदयदीपक निघण्टु :**

...चान्या क्षुद्रा निदग्धिका । भण्टाकी धावनी व्याघ्री कण्टकी कण्टकारिका॥

वार्ताकी, बृहती र सिंही : यी बृहतीका तथा क्षुद्रा, निदिग्धिका, भण्टाकी, धावनी, व्याघ्री, कण्टकी र कण्टकारिका : यी कण्टकारीका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कण्ठ (गला वा घाँटी)
(Throat or Neck)

(क) अभिधान मञ्जरी :

कण्ठो गलः स्यात् ।

कण्ठ र गल पर्यायवाची नाम हुन् ।

(ख) अमरकोशमा कुलचन्द्र शर्मा :

कण्ठ र गल : यी घाँटीको भित्री भागका पर्यायवाची नाम हुन् ।

(ग) आयुर्वेद शब्दकोश :

निगाल : अश्वस्य घण्टाबन्धसमीपस्थदेशः ।

(घ) के.यन.स्वामी :

(१) कण्ठ : घाँटी, गला । (२) गल : गला । (३) निगाल : घोडाको गलो वा गर्दन । (४) निगरण : गलो वा घाँटी ।

सङ्कलन : मोहनप्रसाद सापकोटा

(ङ) नेपाली बृहत् शब्दकोश :

(१) कण्ठ : खकाल्नु र मेरुदण्डको सिरानदेखि लिएर चिउँडो र खोप्रेबूढीसम्मको शारीरिक (खास मान्छेको) अवयव; घिच्रो; गलो, गर्धन, घोक्रो इनको सामूहिक नाम; घाँटी । (२) गल : गला; घाँटी; कण्ठ । घाँटीको भित्रपट्टिको भाग । (३) गला : टाउको र धडलाई जोड्ने बीचको गोलाकार केही लामो अङ्ग; घाँटी; कण्ठ ।

(ङ) पर्यायरत्नमाला :

कण्ठो निगरणो गलः ।

कण्ठ, निगरण र गल : पर्यायवाची नाम हुन् ।

(च) राज निघण्टु :

कण्ठो गलो निगालोऽथ ...।

कण्ठ, गल र निगाल : यी पर्यायवाची नामहरू हुन् ।

(छ) **हलायुधकोष :**

(१) कण्ठ : ग्रीवापुरोभागः, गलः । (२) गल : कण्ठः ।

(ज) **हिन्दी विश्वकोश :**

(१) कण्ठ : गलदेश, ग्रीवाको अगिल्तिरको भाग । (२) गल : कण्ठ, गला, गर्दन । (३) निगाल : अश्वगलदेश, घोडाको घाँटीको त्यो भाग जहाँ घण्टी बाँध्ने गरिन्छ । घोडाको गर्दन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कण्ठकुब्ज (सान्निपातज्वरविशेष)
(A kind of fever)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान (परिशिष्ट) :

कण्ठः शूकशतावरुद्धवदतिश्वासः प्रलापोऽरुचि-
र्दाहो देहरुजा तृषाऽपि च हनुस्तम्भः शिरोऽर्त्तिस्तथा ।
मोहो वेपथुना सहेति सकलं लिङ्गं त्रिदोषज्वरे
यत्र स्यात् स हि कण्ठकुब्ज उदितः प्राच्यैश्चिकित्साबुधैः ॥

जुन् सन्निपातज्वरमा रोगीको घाँटी सैयौं धान आदिको टुँडो जस्ता तिखा काँडाले चिरिएको जस्तो भान हुन्छ तथा अति बढी दम, बरबराउने कार्य, अरुचि, डाह, शारीरिक पीडा, तिर्खा, हनुस्तम्भ, टाउको दुख्ने, भ्रम हुने र काम्ने जस्ता लक्षण देखिन्छन् त्यस्तो सन्निपातज्वरलाई प्राचीन चिकित्साशास्त्रका विज्ञले "कण्ठकुब्ज" भनी नाम दिएका छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कण्ठशालूक (घाँटीको रोगविशेष)
(Adenoid)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

दोषैः कफोल्बणैः शोफः कोलवद् ग्रथितोन्नतः ॥ शूककण्टकवत्कण्ठे शालूको मार्गरोधनः ।

कफविकार प्रमुख भएका दोषविकारले घाँटीमा बयर जत्रो गाँठो भुक्क भएर सुन्निने गर्दछ । यस्तो गाँठो आउँदा घाँटीमा टुँडो वा काँडा बिझेको जस्तो भान हुन्छ र घाँटी अवरुद्ध हुन्छ । यो रोगलाई "शालूक" भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

कोलास्थिमा(गा)त्रः कफसम्भवो यो ग्रन्थिर्गले कण्टकशूकभूतः ।
खरः स्थिरः शस्त्रनिपातसाध्यस्तं (शाध्यस्तत्) कण्ठशालूकमिति ब्रुवन्ति ॥

बयरको गेडा जत्रो आकारको, कफविकारले हुने, काँडा वा टुँडो जस्तो, खस्रो, स्थिर खालको तथा शल्यक्रियाले ठिक हुने घाँटीमा पलाउने गाँठोको रोगलाई "कण्ठशालूक" भनिन्छ ।

कण्ठशुण्डी (तालुको रोगविशेष)
(Elongated uvula)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

तालुमूले कफात्सास्रान्मत्स्यवस्तिनिभो मृदुः । प्रलम्बः पिच्छिलः शोफो नासयाऽहारमीरयन्॥
कण्ठोपरोधतृट्कासवमिकृत् गलशुण्डिका ।

तालुको फेदमा रगत सहितको कफविकारले माटाको मूत्राशय जस्तो नरम, लामो र च्याटच्याट लाग्ने एक किसिमको सुजन हुन्छ । यस्तो सुजन हुन थालेपछि निल्न खोजेको कुरा नाकका प्वालतिर आउन थाल्दछ र घाँटी रोकिन्छ । तिर्खा लाग्ने, खोकी आउने र वाकवाकी लाग्ने गर्दछ । यो रोगलाई गलशुण्डिका भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

श्लेष्मासृग्भ्यां तालुमूले प्रवृद्धो दीर्घः शोथो ध्मातबस्तिप्रकाशः ।
तृष्णाकासश्वासकृत्तं वदन्ति व्याधिं वैद्याः कण्ठशुण्डीति नाम्ना॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कफविकार र रक्तविकारका कारण तालुका फेदमा थैलोजस्तो भई त्यसमा हावा भरिएर तिर्खा लागिरहने, खोकी लाग्ने, स्वाँ स्वाँ हुने खालको लामो सुजनलाई वैद्यजन "कण्ठशुण्डी" भन्दछन् ।

(ग) राज निघण्टु :

गलशुण्डी तु शुण्डा स्यात्...।

घाँटी वा लिगलिगे सुन्निने रोगलाई गलशुण्डी वा शुण्डा भनिन्छ ।

कण्डरा (ढोडनसो)
(Achilles tendon)

परिभाषा :

(क) **के.यन.स्वामी :** (१) कण्डरा : ढोडनसो, हातगोडा पसार्ने र खुम्च्याउने गर्ने मोटो नसो । यी सोह्र वटा छन् । (२) महास्नायु, महानाडी : ढोडनसो ।

(ख) **नेपाली बृहत् शब्दकोश (ढोडनसो) :** कुर्कुच्चादेखि माथि देखिने मोटो नसो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

...महास्नायुस्तु कण्डरा । : महास्नायु र कण्डरा : यी ढोडनसाका पर्यायवाची नाम हुन् ।

(ख) **अष्टाङ्ग हृदय :**

जालानि कण्डराश्चाङ्गे पृथक् षोडश निर्दिशेत् ।

शरीरमा सोह्र वटा जाल र सोह्र वटा ढोडनसा हुन्छन् ।

(ग) **काश्यप संहिता :**

चतुर्दश कण्डराः

ढोडनसा (हातगोडा खुम्च्याउन र फैल्याउन मद्दत गर्ने मोटा नसा) चौध वटा हुन्छ ।

(घ) **पर्यायरत्नमाला :**

महास्नायुनि कण्डरा । : महास्नायु र कण्डरा : यी ढोडनसाका पर्यायवाची नाम हुन् ।

(ङ) **राज निघण्टु :**

कण्डरा तु महास्नायुर्महानाडी च सा स्मृता ॥

कण्डरा, महास्नायु र महानाडी : यी ढोडनसोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कण्डू (चिलाइ)
(Itching)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश (चिलाइ) :** चिलाउने भाव, क्रिया वा प्रक्रिया । (उखान-कन्याइभन्दा चिलाइ ठूलो) ।

(ख) **हिन्दी विश्वकोश (कण्डू) :** चिलाइ । अति मसिना बिमिरा ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अमरकोश :**

कण्डूः खर्जूश्च कण्डूया...।

कण्डू (कण्डु), खर्जू र कण्डूया : यी चिलाइका पर्यायवाची नाम हुन् ।

(ख) **राज निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

कण्डूः कण्डूतिकण्डूया-खर्जूकण्डूयनानि च ॥

चिलाउने रोग (वा चिलाइ) लाई कण्डू, कण्डूति, कण्डूया, खर्जू वा कण्डूयन पनि भनिन्छ ।

कतक (निर्मली, दमाइ फल)
(Clearing nut)

परिभाषा :

(क) के.यन.स्वामी : (१) कतक : निर्मलीको रूख । (२) कतकम् : निर्मलीको फल (दमाइ फल) ।

(ख) नेपाली बृहत् शब्दकोश (निर्मली) : लाम्चा, ठूला पात, सेता फूल र बाटुला, थेप्चा फल हुने, आयुर्वेदमा शूलनाशक, आँखाको हित गर्ने र पानी सफा गर्ने गुण बताइएको एक जातको रूख; त्यसकै फल ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई ल्याटिन भाषामा *Strychnos potatorum* Linn. भनिन्छ ।

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Strychnos potatorum* L. f. वा *Strychnos stuhlmannii* Gilg. हो । यसलाई अंग्रेजीमा Water filter tree, Kataka nuts, Black bitter berry वा Clearing nut tree भनिन्छ ।

(ङ) फर्माकोपिया : संस्कृतमा कतक, निर्मली, पायप्रसादिस नाम भएको वनस्पति Loganiaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Strychnos potatorum* Linn. f. तथा अंग्रेजी नाम Clearing nut हो । यसको बीज ३-६ ग्रामको एक मात्रा हुन्छ ।

संस्कृत पर्यायवाची नामहरू :

सङ्कलन : मो

(क) अभिधानमञ्जरी :

कतकं कट्फलमुक्तं कृष्णं जलकीयमम्बुसंशोधि ।
अम्बुप्रसादनफलं चक्षुष्यफलं निकोचकं चेति ॥

निर्मली (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

कतक, कट्फल, कृष्ण, जलकीय, अम्बुसंशोधि, अम्बुप्रसादनफल, चक्षुष्यफल र निकोचक : यी निर्मलीका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

चक्षुष्यः कतकः कान्तः कुट्मल अम्बुप्रसादकः ।

चक्षुष्य, कतक, कान्त, कुट्मल र अम्बुप्रसादक : यी निर्मलीका पर्यायवाची नाम हुन् ।

(ग) अर्कप्रकाश :

कतकस्य फलस्यार्को नस्यात्कर्णप्रपूरणात् । पानादञ्जनतो हन्यादपस्मारन्न संशयः ॥

निर्मली फलको अर्क नस हाल्नाले, कानमा हाल्नाले, पिउनाले र आँखामा लगाउनाले निश्चय नै छारे रोग नाश हुन्छ ।

(घ) **अष्टाङ्ग निघण्टु :**

कतकस्य फलं कात्यं ज्ञेयं वारिप्रसादनम् ।

कतकको फललाई कात्य वा वारिप्रसादन भनिन्छ ।

(ङ) **कैयदेव निघण्टु :**

कतं कतफलं काछंश्लक्ष्णं वारिप्रसादनम् । तोयप्रसादनफलं चक्षुष्यं लेखनात्मकम्॥
कतकं तुवरं तिक्तं विशदं शीतलं लघु । विकाशि मधुरं छेदि चक्षुष्यं कफवातनुत्॥
तृष्णां दाहं विषं गुल्मं हन्ति तोयमलापहम् । शीतलं तत्फलं बालं रक्तपित्तहरं परम्॥
तृण्मोहविषनुद्वातकरं चक्षुष्यमुत्तमम् । मध्यमं श्लेष्मपित्तघ्नं रुचिकृद् दुर्जरं परम्॥
तस्यैव च फलं पक्वं वातकृन्मेहनाशनम् । सपिच्छिलं छर्दिकरं श्लेष्मपित्तप्रसेककृत्॥
शोफपाण्डुप्रतिश्यायकामलागरनाशनम् । कतकस्य च मूलं तु सर्वकुष्ठव्रणप्रणुत्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कत, कतफल, काछ, श्लक्ष्ण, वारिप्रसादन, तोयप्रसादनफल, चक्षुष्य र लेखनात्मक : यी निर्मलीका पर्यायवाची नाम हुन् । यो टर्रो, तितो, सुन्दर, शीतवीर्यको, पचाउन सहज, विकाशी, गुलियो, छेदनी, आँखाका लागि हितकर, तथा कफविकार, वातविकार, तिर्खा, डाह, विषविकार, गुल्म र पानीको फोहोर नाश गर्ने गुणको हुन्छ । यसको चिचिलो शीतवीर्यको, प्रभावकारी तरिकाले रक्तपित्त नाश गर्ने; तिर्खा, मोह, र विषविकार नाश गर्ने; वातविकार गर्ने र आँखाका लागि हित गर्ने गुणको हुन्छ । यसको मध्यम खालको फल कफविकार र पित्तविकार नाश गर्ने, रुचिप्रद र अतिनै पचाउन कठिन हुने गुणको हुन्छ । निर्मलीको पाकेको फल वातविकार गर्ने, प्रमेह नाश गर्ने, लेस्याइलो, वाकवाकी गराउने; कफविकार, पित्तविकार र बमन गराउने तथा सुजन, पाण्डु, पिनास, कमलपित्त र गरविषको विकार नाश गर्ने गुणको हुन्छ । यसको जराले सबै खालका कुष्ठरोग र खटिरा नाश गर्दछ ।

(च) **धन्वन्तरि निघण्टु :**

कतकं छेदनीयञ्च कतं कतफलं मतम् । अम्बुप्रसादनफलं श्लक्ष्णं नेत्रविकारजित्॥
कतकं शीतलं प्राहुस्तृष्णाविषविनाशनम् । नेत्रोत्थरोगविध्वंसि विधिनाऽञ्जनयोगतः॥
कतकस्य फलं तिक्तं चक्षुष्यं पित्तलं मृदु । वारिप्रसादनं कृच्छ्रशर्करामश्मरीं जयेत्॥

कतक, छेदनीय, कत, कतफल, अम्बुप्रसादनफल, श्लक्ष्ण र नेत्रविकारजित् : यी निर्मलीका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, तिर्खा र विषविकार नाश गर्ने तथा विधिपूर्वक मिसाएर गाजल बनाउनाले आँखाका रोग नाश गर्ने गुणको हुन्छ । यसको फल तितो, आँखाका लागि हितकर, पित्तविकार गर्ने,

कोमल, पानीलाई प्रशोधन गर्ने तथा कृच्छ्ररोग, शर्करारोग र पत्थरीलाई जित्ने गुणको हुन्छ ।

(छ) **निघण्टुशेष :**

कतके छेदनीयोऽम्बुप्रसादनफलः कतः ।
("कित निवासे" केतति शैतल्यमत्र कतकः । छेद्यते मलमनेन छेदनीयः । अम्बुनः प्रसादनं फलमस्य अम्बुप्रसादनफलः । केतत्यत्र कतः ।) ।

कतक, छेदनीय, अम्बुप्रसादनफल र कत : यी निर्मलीका पर्यायवाची नाम हुन् ।

(ज) **पर्यायरत्नमाला :**

तोयप्रसादनफलं कतकं द्रावणं तथा ।

तोयप्रसादनफल, कतक र द्रावण : यी निर्मलीका पर्यायवाची नाम हुन् ।

(झ) **भावप्रकाश निघण्टु :**

पयःप्रसादी कतकः कतकं तत्फलं च तत्॥
सङ्कलन : मोहन प्रसाद सापकोटा
कतकस्य फलं नेत्र्यं जलनिर्मलताकरम् । वातश्लेष्महरं शीतं मधुरं तुवरं गुरु॥

पयःप्रसादी, कतक र कतकम् : यी निर्मलीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले आँखालाई फाइदा गर्दछ तथा पानीलाई शुद्ध पार्दछ । यसका साथै यसले वातविकार र कफविकार नाश गर्दछ, शीतल गर्दछ । यो गुलियो र टर्रो स्वादको हुन्छ । यो पचाउन कठिन हुन्छ ।

(ञ) **मदनपाल निघण्टु :**

कतकस्य फलं नेत्र्यं जलनिर्मलकारकम् । वातश्लेष्महरं शीतं मधुरं तुवरं गुरु॥

निर्मलीको फल आँखाका लागि लाभदायक हुन्छ । यसले पानी सफा गर्दछ तथा वातविकार र कफविकार नाश गर्दछ । यो शीतवीर्यको, गुलियो, टर्रो र पचाउन कठिन हुन्छ ।

(ट) **मदनादि निघण्टु :**

कतकं छेदनीयं च काछं वारिप्रसादनम् । तोयप्रसादनफलं चक्षुष्यं फलदात्यकम्॥
विदारिछेदनं नेत्ररोगघ्नं विशदं लघु । कफपित्तहरं तीक्ष्णं कषायं कृतकफलम्॥

कतक, छेदनीय, काछ, वारिप्रसादन, तोयप्रसादनफल, चक्षुष्य र फलदात्यक : यी निर्मलीका

पर्यायवाची नाम हुन् । यसको फल फटाउन, छेदन गर्ने, आँखाका रोग नाश गर्ने, सुन्दर, पचाउन सहज, कफविकार र पित्तविकार नाश गर्ने, तिक्खर र टर्रो स्वाद हुने गुणको हुन्छ ।

(ठ) **राज निघण्टु :**

कतकोऽम्बुप्रसादश्च कतस्तिक्तफलस्तथा । रुच्यस्तु छेदनीयश्च ज्ञेयो गुडफलः स्मृतः ॥
प्रोक्तः कतफलस्तिक्तमरीचश्च नवाह्वयः ॥
कतकः कटुतिक्तोष्णश्चक्षुष्यः कृमिदोषनुत् । रुचिकृच्छूलदोषघ्नो बीजमम्बुप्रसादनः ॥

(१) कतक, (२) अम्बुप्रसाद, (३) कत, (४) तिक्तफल, (५) रुच्य, (६) छेदनीय, (७) गुडफल, (८) कतफल र (९) तिक्तमरीच : यी नौ नाम निर्मलीका संस्कृत पर्यायवाची नामहरू हुन् । निर्मली पिरो, तीतो, उष्णवीर्यको, आँखाका लागि हितकर र कीराजन्यविकार नाशक हुन्छ । यो रुचिप्रद र शूलविकार नाशक हुन्छ । यसको बीज पानी प्रशोधन गर्न उपयोगी हुन्छ ।

(ड) **शार्ङ्गधर संहिता :**

कतकस्यफलं घृष्ट्वा मधुना नेत्रमञ्जयेत् । ईषत्कर्पूरसहितं स्मृतं नेत्रप्रसादनम् ॥

निर्मलीको फललाई महमा घोटेर थोरै कपूर मिसाई गाजल लगाउनाले आँखा प्रसन्न वा स्वच्छ हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ढ) **शालिग्राम निघण्टु :**

कतकं छेदनीयञ्च श्लक्ष्णं तोयप्रसादनम् । कात्थं कतकरेणुश्च चक्षुष्यं शोधनात्मकम् ॥

कतक, छेदनीय, श्लक्ष्ण, तोयप्रसादन, कात्थ, कतकरेणु, चक्षुष्य र शोधनात्मक : यी निर्मलीका पर्यायवाची नाम हुन् ।

कतकः कटुकस्तिक्तो लेखनो रुचिकृल्लघु : । चक्षुष्यस्तुवरः शीतोविशदश्च विकासकः ॥
छेदनो मधुरश्चैव तृषादाहविषापहः । गुल्मशूलकृमीन्मेहं नेत्ररुग्जलजं मलम् ॥
नाशयेदिति च प्रोक्तः फलं तस्य च कोमलम् । चक्षुष्यं वातकृच्छीतं रक्तपित्तं तृषां विषम् ॥
मोहं च नाशयत्येव तरुणं तत्तुदुर्जरम् । रुचिदं कफपित्तघ्नं तत्पक्वं पित्तलं मतम् ॥
छर्देः स्वेदस्य जनकं शोफं पाण्डुं विषं जयेत् । प्रतिश्यायं कामलां च नाशयेदिति कीर्तितम् ॥
कतकस्य च बीजन्तु चक्षुष्यं तुवरं गुरु । जलप्रसादनं शीतं मधुरं चाश्मरीहरम् ॥
वातं कफं मूत्रकृच्छ्रं तृषां नेत्ररुजं विषम् । प्रमेहं शीर्षरोगं च नाशयेदिति कीर्तितम् ॥
कतकस्य च मूलन्तु सर्वकुष्ठहरं परम् ।

निर्मली (वृक्ष) पिरो, तितो, लेखनी, रुचिप्रद, पचाउन सहज, आँखाका लागि हितकर, टर्रो,

शीतवीर्यको, सुन्दर, विकासी, छेदनी, गुलियो तथा तिखो, दाह, विषविकार, गुल्म, शूल, कीरा, प्रमेह, आँखाका रोग र पानीको फोहोर नाश गर्ने गुणको हुन्छ । यसको कलिलो फल आँखाका लागि हितकर, वातविकार गर्ने, शीतवीर्यको तथा रक्तपित्त, तिर्खा, विषविकार र मोह नाश गर्ने गुणको हुन्छ । यसको मध्यम खालको फल ढिलो पच्ने, रुचिप्रद तथा कफविकार पित्तविकार नाश गर्ने गुणको हुन्छ । यसको पाकेको फल पित्तविकार गर्ने, बान्ता गराउने, पसिना निकाल्ने तथा सुजन, पाण्डु, विषविकार, पिनास र कमलपित्त नाश गर्ने गुणको हुन्छ । यसको बीज आँखाका लागि हितकर, टर्रो, पचाउन कठिन, पानीलाई शुद्ध पार्ने, गुलियो तथा पत्थरी, वातविकार, कफविकार, मूत्रकृच्छ्र तिर्खा, आँखाका रोग, विषविकार, प्रमेह र टाउकाका रोग नाश गर्ने गुणको हुन्छ । निर्मलीको जरामा सबै खालका कुष्ठरोग नाश गर्ने गुण हुन्छ ।

(ण) सरस्वती निघण्टु :

कतकश्छेदनीयश्च चक्षुष्योऽम्बुप्रसादनी ।

कतक, छेदनीय, चक्षुष्य र अम्बुप्रसादनी : यी निर्मलीका पर्यायवाची नाम हुन् ।

(त) सोढल निघण्टु :

कतके छेदनीयं च तथा कतफलं मतम् । जलप्रसादनफलं शीर्षनेत्रविकारनुत् ॥
काच्छं चान्द्रायणफलं चक्षुष्यं शोधनं परम् ।

कतक, छेदनीय, कतफल, जलप्रसादनफल, काच्छ र चान्द्रायणफल : यी निर्मलीका पर्यायवाची नाम हुन् । यो टाउका र आँखाका रोग नाश गर्ने तथा प्रभावकारी ढङ्गले आँखा (र पानी) प्रशोधन गर्ने गुणको हुन्छ ।

(थ) सौश्रुत निघण्टु :

कतकश्छेदनीयश्च चक्षुष्यफल एव च । प्रसादनफलश्चैव शब्दैः पर्यायवाचकैः ॥

कतक, छेदनीय, चक्षुष्यफल र प्रसादनफल : यी निर्मलीका पर्यायवाची नाम हुन् ।

कदम्ब (कदम)
(Common bur-flower tree)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश :** (१) कदम : लाम्चिला पात र बाटुला पहेँला गुडामा भकुन्डा आकारका साना फूल फुल्ने एक वृक्ष; कदम्ब । (२) भूमी कदम्ब : एक प्रकारको सानो जातको कदम्ब । (३) सरुवा : बिखालु तेल आउने कदम ।

(ख) **भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर :** यसको ल्याटिन नाम *Anthocephalus cadamba* Miq. हो ।

(ग) **आचार्य बालकृष्ण :** यसका पात ठूलठूला हुन्छन् । यसबाट चोप निस्कन्छ । फल कागति जस्ता हुन्छन् । यसका राजकदम्ब, धाराकदम्ब, धूलिकदम्ब र भूमिकदम्ब आदि जात हुन्छन् । भूमिकदम्बको वानस्पतिक नाम *Mitragyna parvifolia* (Roxb.) Korth. हो । अंग्रेजीमा यसलाई Kadam, Chinese anthocephalus र Common bur-flower tree भनिन्छ । कदम्बको वानस्पतिक नाम *Anthocephalus cadamba* (Roxb.) Miq.*Syn- Nauclea cadamba* Roxb., *Neolamarckia cadamba* (Roxb.) Bosser हो । यो Rubiaceae परिवारमा पर्दछ । संस्कृतमा यसलाई नीप, प्रियक, कदम्ब, वृत्तपुष्प, हलिप्रिय भनिन्छ । नेपालीमा यसलाई कदम भन्दछन् ।

(घ) **के.यन.स्वामी :** (१) कदम्ब : कदमको रूख । हलेदो । घाँसविशेष । कदम्ब तीन थरी हुन्छन् : धाराकदम्ब : वर्षाऋतुमा फुल्ने, धूलिकदम्ब : वसन्तमा फुल्ने र भूमिकदम्ब । (२) वृत्तपुष्प : सानो जातको कदम । (३) सुरभि, ललनाप्रिय, मदाढ्य, कर्णपूरक : कदमको रूख । (४) सिन्धुपुष्पम् : कदम । (५) धाराकदम्ब, प्रावृष्य, प्रावृषेण्य : वर्षामा फुल्ने कदम । (६) भृङ्गवल्लभ : वसन्तमा फुल्ने कदम । (७) मेघागमप्रिय : धारा कदम । कदमको फूलविशेष । (८) नीप, कदम्बक : कदमको रूख ।

कदम (तस्बिर श्रोत : वैद्य श्री मधुबज्र बज्राचार्य)

(ङ) **हिन्दी विश्वकोश :** (१) धाराकदम्ब : धारा कालोपलक्षितः कदम्बः वर्षाकाले जातत्वादस्य तथात्वम् । वर्षकालमा हुने एक थरी कदम । केलिमद, प्रावृष्य, पुलकी, भृङ्गवल्लभ, मेघाभ, प्रियङ्गु, नीप, प्रावृष्येण्य, कलम्बक र धाराकदम्ब यसका पर्यायवाची नाम हुन् । (२) धूलिकदम्ब : धूलीनां कदम्बं यत्र । एक थरी कदमको रूख । धूलिकदम्ब, नीपकदम्बवृक्ष । (३) राजकदम्ब : कदम्बानां राजा, राजदन्तादित्वात् परनिपातः । कदम्बविशेष । यसका फूल ठूला र स्वादिष्ट हुन्छन् । (४) भूमिकदम्ब : भूमिजातः कदम्बः शाकपार्थिवादित्वात् समासः । कदम विशेष । यसका भूनीप, भूमिज, भृङ्गवल्लब। लघुपुष्प, वृत्तपुष्प, विषघ्न र व्रणहारक पर्यायवाची नाम हुन् ।

(च) **फर्माकोपिया :** कदम्ब Rubiaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Anthocephalus cadamba* Miq., *Syn. A. indicus* A. Rich. हो । संस्कृतमा यसलाई वृत्तपुष्पक, प्रियक भनिन्छ । यसको काण्डको बोक्राको धुलो एक मात्रामा ०.५-१.५ ग्रामसम्म ओखतीमा प्रयोग हुन्छ ।

(छ) **TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL,**

April 2014 : कदम Rubiaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Anthocephalus chinensis* (Lam.) A. Rich. Ex Walp. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कुत्सिताङ्गः कदम्बश्च नीपो भ्रमरबान्धवः । कादम्बर्यो वृत्तपुष्पः प्रावृष्यष्षट्पदप्रियः ॥
हेमपुष्पी पीतपुष्पी कथ्यते काचनारकः ।



कदम्ब (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

कुत्सिताङ्ग, कदम्ब, नीप, भ्रमरबान्धव, कादम्बर्य, वृत्तपुष्प, प्रावृष्य, षट्पदप्रिय, हेमपुष्पी, पीतपुष्पी र काचनारक : यी कदमका पर्यायवाची नाम हुन् ।

नीपो महाकदम्बस्त्वजीर्णशमनोऽतिदीपनो भृङ्गी ।
दार्वी सूकरसञ्ज्ञः कदम्बपर्यायकोऽप्युक्तः ॥

नीप, महाकदम्ब, अजीर्णशमन, अतिदीपन, भृङ्गी, दार्वी, सूकर र कदम्बका पर्याय : यी महाकदम्बका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

धाराकदम्ब अन्यः सितसारो रुद्रपुष्पी च ।
सुरभिर्महाद्रुम इति प्रोक्तः पर्यायवाचकैः शब्दैः ॥

धाराकदम्ब, सितसार, रुद्रपुष्पी, सुरभि र महाद्रुम : यी धाराकदम्बका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

कदम्ब सुरभिर्नीपः कुत्सिताङ्गा हरिप्रिया ।
कादम्बर्यो वृन्तपुष्पः प्रावृष्यः पर्पटच्छदः ॥
महाकदम्बो जीर्णघ्नो स एव जलनूपुरः ।

कदम्ब, सुरभि, नीप, कुत्सिताङ्गा, हरिप्रिया, कादम्बयर्य, वृन्तपुष्प, प्रावृष्य, पर्पटच्छद, महाकदम्ब, जीर्णघ्न र जलनूपुर : यी कदमका पर्यायवाची नाम हुन् ।

(ग) अष्टाङ्ग निघण्टु :

सुरभिश्च कदम्बश्च कुञ्चिताङ्गो हरिप्रियः ।

सुरभि, कदम्ब, कुञ्चिताङ्ग र हरिप्रिय : यी कदमका पर्यायवाची नाम हुन् ।

(घ) **आयुर्वेद महोदधि :**

कदम्ब...जैस्तप्तं सरित्समुद्रजं जलम् । पथ्यं दोषहरं कण्डूरक्तपित्तविनाशनम् ॥

कदमको दाउराले तताइएको तलाउ र सागरको जल पथ्य हुन्छ, दोषहरू हटाउँदछ तथा चिलाउने रोग र रक्तपित्त नाश गर्दछ ।

(ङ) **कैयदेव निघण्टु :**

सुगन्धिपुष्पः स्वाद्वम्लः पक्वसस्यो महोन्नतः । मधूकपत्रसदृशपत्रो राजकदम्बकः ॥
फलं राजकदम्बं स्यान्नीपं राजकदम्बकम् । नीपं स्वादु कषायाम्लं गरदोषहरं परम् ॥
तत्फलं मधुरं शीतं गुरु पितास्रवातजित् ।

सुगन्धिपुष्प, स्वाद्वम्ल, पक्वसस्य, महोन्नत, मधूकपत्रसदृशपत्र र राजकदम्बक : यी राजकदमका पर्यायवाची नाम हुन् । राजकदमको फललाई नीप वा राजकदम्बक भनिन्छ । नीप गुलियो, टर्रो, अमिलो र अति नै विषविकार नाशक हुन्छ । त्यसको फल गुलियो, शीतवीर्यको, पचाउन कठिन तथा पित्तविकार, रक्तविकार (वा रक्तपित्त) र वातविकारलाई जित्ने गुणको हुन्छ ।

कदम्बको वृत्तपुष्पः पुलकी पर्वताह्वयः । कादम्बर्यः कुत्सिताम्भो परो नर्तापहारकः ॥
सङ्कलन : मोहन प्रसाद सापकोटा
हरिप्रियः प्रावृषेण्यो नीपो गिरिकदम्बकः । कदम्बः शिशिरो ग्राही कषायो लवणो गुरुः ॥
निहन्ति योनिदोषास्रकृच्छ्रदाहविषव्रणान् । शीतवीर्यं तत्प्रवालं कषायं दीपनं लघु ॥
रक्तपितातिसारघ्नमरोचकविनाशनम् । अम्लं तस्य फलं रुच्यं वीर्योष्णं श्लेष्मलं गुरु ॥
पक्वं वातहरं साम्लं कफपित्तप्रकोपनम् ।

कदम (तस्बिर श्रोत : एग्रोटेक नेपाल)

कदम्बक, वृत्तपुष्प, पुलकी, पर्वताह्वय (पर्वतवाची शब्द), कादम्बर्य, कुत्सिताम्भ, पर, नर्तापहारक, हरिप्रिय, प्रावृषेण्य, नीप र गिरिकदम्बक : यी कदमका पर्यायवाची नाम हुन् । कदम शीतवीर्यको, ग्राही, टर्रो, नुनिलो, पचाउन कठिन तथा स्त्री-जननेन्द्रियका रोग, रक्तविकार, कृच्छ्र, डाह, विषविकार र घाउखटिरा नाश गर्ने गुणको हुन्छ । यसको मुना शीतवीर्यको, टर्रो, दीपनी र पचाउन सहज हुन्छ । यसले रक्तपित्त, अतिसार र अरुचि नाश गर्दछ । कदमको (काँचो) फल अमिलो, रुचिप्रद, उष्णवीर्यको, कफविकार गर्ने तथा पचाउन कठिन हुने गुणको हुन्छ । यसको पाकेको फल वातविकार नाश गर्ने, केही अमिलो तथा कफविकार र पित्तविकारलाई उत्तेजित पार्ने गुणको हुन्छ ।

(च) धन्वन्तरि निघण्टु :

कदम्बो वृत्तपुष्पश्च नीपस्तु ललनाप्रियः॥ कादम्बर्यः अङ्कवृक्षोऽन्यः सुवासः कर्णपूरकः । धाराकदम्बः प्रावृष्यः कादम्बर्यो हरिप्रियः॥ नीपो धूलिकदम्बोऽन्यः सुवासो वृत्तपुष्पकः । कदम्बस्तु कषायः स्याद्रसे शीतो गुणोऽपि च॥ व्रणसंरोहणश्चापि कासदाहविषापहः ।

कदम (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

कदम्ब, वृत्तपुष्प, नीप, ललनाप्रिय, कादम्बर्य र अङ्कवृक्ष : यी पहिलो थरी कदमका; सुवास र कर्णपूरक : यी दोश्रो थरी कदमका; धाराकदम्ब, प्रावृष्य, कादम्बर्य, हरि(लि)प्रिय र नीप : यी तेश्रो थरी कदमका तथा धूलिकदम्ब, सुवास र वृत्तपुष्पक : यी चौथो थरी कदमका पर्यायवाची नाम हुन्। कदम टर्रो, शीतवीर्यको, घाउखटिरा भर्ने तथा खोकी, डाह र विषविकार नाश गर्ने गुणको हुन्छ ।

(च) निघण्टुशेष :

कदम्बे स्यात् पीतदारुः प्रावृषेण्यो हलिप्रियः । हारिद्रकः कादम्बर्यः पुलकी पर्वताह्वयः॥ (कद्यते कदम्बः, कुत्सितमम्बते वा कदम्बः । पीतवर्णो दारुरस्य पीतदारुः । प्रावृषि भवः प्रावृषेण्यः । हलिनः प्रियो हलिप्रियः । सुराधिवासनात् हरिद्राया अयं हारिद्रः । कादम्बर्या-मदिरायां साधुः कादम्बर्यः, कादम्बर्यै हितो वा । पुलकः-रोमाञ्चोऽस्त्यस्य पुलकी । पर्वतस्य आह्वयोऽस्य पर्वताह्वयः । एतस्य लोके "कयम्ब" इति प्रसिद्धिः ।) ।

कदम्ब, पीतदारु, प्रावृषेण्य, हलिप्रिय, हारिद्रक, कादम्बर्य, पुलकी र पर्वताह्वय : यी कदमका पर्यायवाची नाम हुन्।

धूलीकदम्बे त्वम्बष्ठः सुवासो वृत्तपुष्पकः । (धूल्याः कदम्बः धूलीकदम्बः । अमति अम्बष्ठः, अम्बायां तिष्ठतीति वा । शोभनो वासः-प्रतिवासोऽस्य सुवासः । वृत्तं-वर्तुलं पुष्पमस्य वृत्तपुष्पः ।) ।

धूलीकदम्ब, अम्बष्ठ, सुवास र वृत्तपुष्पक : यी धूलीकदम्बका पर्यायवाची नाम हुन्।

धाराकदम्बे त्वरणिर्विश्वरूप-महौजसौ । (धारोपलक्षितः-मेघधारोपलक्षितः कदम्बः धाराकदम्बः । "ऋङ्क् गतौ" इत्यर्ति अरणिः । विश्वे-जगति रूपमस्य विश्वरूपः, महद् ओजः-बलमस्य अस्माद् वा महौजाः ।) ।

धाराकदम्ब, अरणि, विश्वरूप र महौजसा (महौजा) : यी धाराकदम्बका पर्यायवाची नाम हुन् ।

नीपे तु दीपनो धूर्तो नर्तो धूवारकः शिवः । महाकदम्बः प्रियको घण्टापुष्प-सुपुष्पकौ ॥
(नयति मुखं नीपः । दीपयति दीपनः । "धुर्वै हिंसायां" धूर्वति विषं धूर्तः । नर्तयतीव नर्त । शीतलत्वाद् धुनोति शोफरोगं धूवारकः । शिवः उपद्रवापहारित्वात्श्च शेते अस्मिन् अनेन वा शिवः, ह्रस्वश्च वा । महांश्चासौ कदम्बश्च महाकदम्बः । प्रीणाति प्रियकः । घण्टाकाराणि पुष्पाण्यस्य घण्टापुष्पः । शोभनानि पुष्पाण्यस्य सुपुष्पः लोके तु "कयंव" इति प्रसिद्धिः ।) ।

नीप, दीपन, धूर्त, नर्त, धूवारक, शिव, महाकदम्ब, प्रियक, घण्टापुष्प र सुपुष्पक : यी महाकदम्बका पर्यायवाची नाम हुन् ।

(छ) पर्यायरत्नमाला :

षट्पदेष्टः प्रावृषेण्यः कदम्बो हलधृक् (धृत्) प्रियः । नीपो महाकदम्बोऽपि ।

षट्पदेष्ट, प्रावृषेण्य, कदम्ब र हलधृक् (धृत्)प्रिय : यी कदमका पर्यायवाची नाम हुन् । महाकदम्बलाई नीप पनि भनिन्छ ।

(ज) भावप्रकाश निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

कदम्बः प्रियको नीपो वृत्तपुष्पो हलिप्रियः ॥
कदम्बो मधुरः शीतः कषायो लवणो गुरुः । सरो विष्टम्भकृद्रूक्षः कफस्तन्यानिलप्रदः ॥

कदम्बको फल सहितको हाँगा (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

कदम्ब, प्रियक, नीप, वृत्तपुष्प र हलिप्रिय : यी कदमका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, टर्रो र नुनिलो हुन्छ । यसले शीतल गर्दछ । यो पचाउन कठिन हुन्छ । यसले मल खुलाउँदछ । यो विष्टम्भी र रुखो हुन्छ । यसले कफविकार, वातविकार र दूध बढाउँदछ ।

(झ) मदनपाल निघण्टु :

भूतवृक्षः कुलहतो लम्बुशालूः कदम्बकः ॥ कदम्बपुष्पमुण्डवद्गुणैर्भूमिकदम्बकः ॥

भूतवृक्षः, कुलहत (ल), लम्बुशालू र कदम्बक : यी भूमिकदम्बका संस्कृत पर्यायवाची नामहरू हुन् । यी दुवैको गुण पनि मुण्डीको जस्तै हुन्छ ।

कदम्बो गन्धवत्पुष्पः प्रावृषेण्यो महोन्नतिः । अन्यो धूलिकदम्बः स्यान्नीपो राजकदम्बकः ॥

कदम्बः शीतलः श्लेष्मपित्तरक्तगदापहः ॥

कदम्ब, गन्धवत्पुष्प, प्रावृषेढय र महोन्नति : यी कदमका संस्कृत पर्यायवाची नामहरू हुन् । धूलिकदम्ब, नीप र राजकदम्ब : यी ठूलो फल फल्ने कदमका संस्कृत पर्यायवाची नामहरू हुन् । कदम शीतवीर्य भएको तथा कफविकार, पित्तविकार र रक्तविकार नाशक हुन्छ ।
(कदमको तेल : कदमको तेल पचेपछि पिरो, तिक्खर, उर्ष्णवीर्यको, तीतो, मलमूत्रलाई तलतिर सार्ने गुणको, पचाउन सहज तथा कुष्ठ, कफविकार, प्रमेह, बेहोसीपन र कीरा नाशक हुन्छ ।) ।

(ञ) मदनादि निघण्टु :

कदम्बो वृत्तपुष्पश्च कुत्सिताङ्गो बलप्रियः । कादम्बर्यः षड्पदाधारः तथा हलधरप्रियः ॥
कषाय कफमेदोघ्नः कदम्बो योनिदोषजित् । व्रण्यो व्रणघ्नः सङ्ग्राही विषघ्नो जन्तुनाशनः ॥

कदम्ब, वृत्तपुष्प, कुत्सिताङ्ग, बलप्रिय, कादम्बर्य, षड्पदाधार र हलधरप्रिय : यी कदमका पर्यायवाची नाम हुन् । यो टर्रो, कफविकार र बोसोविकार नाश गर्ने, स्त्री-जननेन्द्रियका रोग नाश गर्ने, घाउखटिरा ठिक गर्ने, घाउखटिराका लागि हितकर, ग्राहि तथा विषविकार र कीरा नाशगर्ने गुणको हुन्छ ।

(ट) राज निघण्टु :

कदम्बो वृत्तपुष्पश्च सुरभिर्ललनाप्रियः । कादम्बर्यः सिन्धुपुष्पो मदाढ्यः कर्णपूरकः ॥
कदम्बस्तिक्तकटुकः कषायो वातनाशनः । शीतलः कफपित्तार्तिनाशनः शुक्रवर्द्धनः ॥

कदम्बको फल (तस्बिर श्रोत : प्रेअर डी अमरकोश)

कदम्ब, वृत्तपुष्प, सुरभि, ललनाप्रिय, कादम्बर्य, सिन्धुपुष्प, मदाढ्य र कर्णपूरक : यी कदमका संस्कृत पर्यायवाची नामहरू हुन् । कदम तीतो, पिरो, टर्रो र वातविकार नाशक हुन्छ । यो शीतवीर्यको, कफविकार नाशक, पित्तविकार नाशक र शुक्रवर्धक हुन्छ ।

धाराकदम्बः प्रावृष्यः पुलकी भृङ्गवल्लभः । मेघागमप्रियो नीपः प्रावृषेण्यः कदम्बकः ॥

धाराकदम्ब, प्रावृष्य, पुलकी, भृङ्गवल्लभ, मेघागमप्रिय, नीप, प्रावृषेण्य र कदम्बक : यी धाराकदम्बका संस्कृत पर्यायवाची नामहरू हुन् ।

धूलीकदम्बः क्रमुकप्रसूनः परागपुष्पी बलभद्रसञ्ज्ञकः ।
वसन्तपुष्पो मकरन्दवासो भृङ्गप्रियो रेणुकदम्बकोऽष्टौ ॥

धूलीकदम्ब, क्रमुकप्रसून, परागपुष्पी, बलभद्रसञ्ज्ञक, वसन्तपुष्प, मकरन्दवास, भृङ्गप्रिय र रेणुकदम्बक : यी आठ नाम धूलीकदम्बका संस्कृत पर्यायवाची नामहरू हुन् ।

भूमिकदम्बो भूनिम्बो भूमिजो भृङ्गवल्लभः । लघुपुष्पो वृत्तपुष्पो विषघ्नो व्रणहारकः ॥

भूमिकदम्ब, भूनिम्ब, भूमिज, भृङ्गवल्लभ, लघुपुष्प, वृत्तपुष्प, विषघ्न र व्रणहारक : यी नाम भूमिकदम्बका संस्कृत पर्यायवाची नामहरू हुन् ।

त्रिकदम्बाः कटुर्वर्ण्या विषशोफहरा हिमाः । कषायाः पित्तलास्तिक्ता वीर्यवृद्धिकराः पराः ॥

उपरोक्त तीन प्रकारका कदम पिरा, वर्णदायक तथा विषविकार र सुजन नाशक एवं शीतवीर्यका हुन्छन् । यी टर्रा, पित्तविकार गर्ने, तीता र अत्यन्त वीर्यवर्धक हुन्छन् ।

(ठ) शालिग्राम निघण्टु :

कदम्बः सुरभिर्नीपः प्रवृषेण्यो हरिप्रियः । नीपोमहाकदम्बः स्याद्धाराकदम्ब इत्यपि ।
भूमिकदम्बो भूनीपो भूमिजो भृङ्गबल्लभः । लघुपुष्पो वृत्तपुष्पो विषघ्नो व्रणहारकः ॥

कदम्ब, सुरभि, नीप, प्रवृषेण्य र हरिप्रिय : यी कदमका पर्यायवाची नाम हुन् । नीप, महाकदम्ब र धाराकदम्ब : यी धाराकदम्बका पर्यायवाची नाम हुन् । भूमिकदम्ब, भूनीप, भूमिज, भृङ्गबल्लभ, लघुपुष्प, वृत्तपुष्प, विषघ्न र व्रणहारक : यी भूमिकदम्बका पर्यायवाची नाम हुन् ।

कदम्बः कटुकस्तिक्तोमधुरस्तुवरः पटुः । शुक्रवृद्धिकरः शीतो गुरुर्विष्टम्भकारकः ॥
रूक्षः स्तन्यप्रदो ग्राही वर्णकृद्योनिदोषहा । रक्तरुङ्मूत्रकृच्छ्रञ्च वातपित्तं कफं व्रणम् ॥
दाहं विषं नाशयति ह्यङ्कुराश्चास्यतूवराः । शीतवीर्य्या दीपकाश्च लघवोऽरोचकापहाः ॥
रक्तपित्तातिसारघ्नाः फलं रुच्यं गुरुस्मृतम् । उष्णवीर्य्यं कफकरं तत्पक्वं कफपित्तजित् ॥
वातनाशकरं प्रोक्तमृषिभिस्तत्त्वदर्शिभिः ।

कदम पिरो, तितो, गुलियो, टर्रो, क्षारयुक्त वा नुनिलो, शुक्र बढाउने, शीतवीर्यको, पचाउन कठिन, कब्जियत गर्ने, रुखो, सुत्केरीको दूध बढाउने, ग्राही, वर्णमा निखार लेराउने तथा स्त्री-जननेन्द्रियका

रोग, रक्तविकार, मूत्रकृच्छ्र रोग, वातविकार, पित्तविकार, कफविकार, घाउखटिरा, डाह र विषविकार नाश गर्ने गुणको हुन्छ । यसका मुना टर्रो, शीतवीर्यको, दीपनी, पचाउन सहज तथा अरुची, रक्तपित्त र अतिसारलाई नाश गर्ने गुणको हुन्छ । यसको (काँचो) फल रुचिप्रद, पचाउन कठिन, उष्णवीर्यको र कफविकार गर्ने गुणको हुन्छ । यसको पाकेको फल कफविकार र पित्तविकारलाई जित्ने तथा वातविकार नाश गर्ने गुणको हुन्छ भनी यथार्थ जान्ने महर्षिहरूले बताएका छन् ।

नीपस्तु चाम्लस्तुवरो मधुरः शीतलः स्मृतः । विषं रक्तरुजं पित्तकफश्चैव विनाशयेत्॥
फलन्तु मधुरं चास्य शीतलं गुरु पित्तहृत् । रक्तदोषहरं प्रोक्तमृषिभिस्तत्त्वदर्शिभिः॥

राजकदम्ब अमिलो, टर्रो, गुलिया, शीतवीर्यको तथा विषविकार, रक्तविकार, पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । यसको फल गुलियो, शीतवीर्यको, पचाउन कठिन तथा रक्तविकार नाश गर्ने गुणको हुन्छ भनी यथार्थ जान्ने महर्षिहरूले बताएका छन् ।

धाराकदम्बकस्तिक्तो वर्ण्यः शीतः कषायकः । कटुको वीर्य्यकृच्छोथविषपित्तकफव्रणान्॥
वातं नाशयतीत्येवमुक्तश्च ऋषिभिः किल ।

धाराकदम्ब तितो, वर्णका लागि हितकर, शीतवीर्यको, टर्रो, पिरो, वीर्यवर्धक तथा विषविकार, पित्तविकार, कफविकार र घाउखटिरा नाश गर्ने गुणको हुन्छ भनी सबै ऋषिहरूले बताएका छन् ।

धूलीकदम्बकस्तिक्तस्तुवरः कटुकोहिमः । वीर्य्यवृद्धिकरो वर्ण्यो विषशोथविनाशकः॥
वातं पित्तं कफं रक्तदोषश्चैव विनाशयेत् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

धूलीकदम्ब तितो, टर्रो, पिरो, शीतवीर्यको, वीर्य बढाउने, वर्णमा निखार लेराउने तथा विषविकार, सुजन, वातविकार, पित्तविकार, कफविकार र रक्तविकार नाश गर्ने गुणको हुन्छ ।

कदम्बिका तु मधुरा शीतला तुवरा गुरुः । मलस्तम्भकरी क्षारा रुक्षा स्तन्यकफप्रदा॥
वातला मुनिभिः प्रोक्ताः फलं त्वस्यास्तु शीतलम् ।
तुवरं मधुरं पित्तरक्तदोषहरं मतम्॥

कदम वृक्ष गुलियो, शीतवीर्यको, टर्रो, पचाउन कठिन, दिसालाई कस्ने र रोक्ने, क्षारयुक्त, सुत्केरीको दूध बढाउने तथा कफविकार र वातविकार गर्ने गुणको हुन्छ भनी मुनिजनले बताएका छन् । यसको फल शीतवीर्यको, टर्रो, गुलियो तथा पित्तविकार र रक्तविकार नाश गर्ने गुणको हुन्छ ।

भुमेः कदम्बकस्तिक्तो वर्ण्यः शीतः कटुः स्मृत ः ।
वीर्य्यवृद्धिकरश्चैव तुवरो विषशोथहा॥
कदम्बयुगलं वर्ण्यं विषशोथहरं हिमम् ।

भूमिकदम्ब तितो, वर्णका लागि हितकर, शीतवीर्यको, पिरो, वीर्य बढाउने, टर्रो तथा विषविकार र सुजन नाश गर्ने गुणको हुन्छ । दुवै थरी (?) कदम वर्णका लागि हितकर, विषविकार र सुजन नाश गर्ने तथा शीतवीर्यका हुन्छन् ।

(ड) सरस्वती निघण्टु :

कदम्बः प्रियको नीपो प्रावृषेण्योहलिप्रियः । षट्पदेष्टो वृत्तपुष्पो दीप्तो हलधरप्रियः ॥

कदम्ब, प्रियक, नीप, प्रावृषेण्य, हलिप्रिय, षट्पदेष्ट, वृत्तपुष्प, दीप्त र हलधरप्रिय : यी कदमका पर्यायवाची नाम हुन् ।

(ढ) सोढल निघण्टु :

नीपो कदम्बको ज्ञेयस्तथा वर्तुलपत्र(पुष्प?)कः ।
धाराकदम्बे प्रावृष्यः कादम्बर्यो हरिप्रियः । नीपो धूलिकदम्बश्च सुवासो वृत्तपुष्पकः ॥

नीप, कदम्बक र वर्तुलपत्रक : यी कदमका पर्यायवाची नाम हुन् । धाराकदम्ब, प्रावृष्य, कादम्बर्य र हरिप्रिय तथा नीप, धूलिकदम्ब, सुवास र वृत्तपुष्पक : यी दुई थरी कदमका पर्यायवाची नाम हुन् ।

(ण) सौश्रुत निघण्टु :

कदम्बो वृत्तपुष्पश्च तथा हलधरप्रियः । प्रावृषः षट्पदेष्टश्च कादम्बर्यश्च शब्दितः ॥
नीपो महाकदम्बश्च वृत्तपुष्पश्च शब्दितः । कदम्बनामभिश्चैवं भाषन्ते नामकोविदाः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कदम्ब, वृत्तपुष्प, हलधरप्रिय, प्रावृष, षट्पदेष्ट र कादम्बर्य : यी कदमका पर्यायवाची नाम हुन् । नीप, महाकदम्ब, वृत्तपुष्प र कदम्बका पर्याय : यी महाकदम्बका पर्यायवाची नाम हुन् ।

(त) हृदयदीपक निघण्टु :

कदम्बः कुत्सिताङ्गोऽन्यो नीपो गिरिकदम्बकः ।

कदम्ब र कुत्सिताङ्ग : यी कदमका तथा नीप र गिरिकम्बक : यी अर्को थरी कदमका पर्यायवाची नाम हुन् ।

कदर (खिल)
(Corn)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश (खिल) :** बिझेका काँडा आदि ननिस्कनाले भित्र सडेर जमेको मासुको साह्रो डल्लो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अष्टाङ्ग हृदय, माधव निदान :**

शर्करोन्मथिते पादे क्षते वा कण्टकादिभिः । ग्रन्थिः कोलवदुत्सन्नो जायते कदरं हि तत्॥

बालुवा, कङ्कड आदिमा रगडिएर वा काँडा आदिले घोचेर वा विझेर गोडामा बयरको गेडा जसरी भुक्क उठेको छ भने त्यसलाई "कदर" भनिन्छ ।

(ख) **सुश्रुत संहिता :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

शर्करोन्मथिते पादे क्षते वा कण्टकादिभिः । मेदोरक्तानुगैश्चैव दोषैर्वा जायते नृणाम्॥
सकीलकठिनो ग्रन्थिर्निम्नमध्योन्नतोऽपि वा । कोलमात्रः सरुक् स्रावी जायते कदरस्तु सः॥

बालुवा वा कङ्क्रिट आदिमा घिसेर वा काँडा आदि बिझेर घाउ बनेको मानिसको गोडामा बोसो र रगतमा पुगेको विकारले कीलायुक्त, कडा, दबेको वा उठेको, बयरका गेडा जत्रो, दुखाउने र झर्ने खालको गाँठो उत्पन्न हुन्छ । यसलाई कदर भनिन्छ ।

नोट : भोजका अनुसार यो हातमा पनि हुन सक्दछ-हस्तयोः पादयोश्चापि गम्भीरानुगतं खरम् । शर्कराको अर्थ माटाका खबटा आदि पनि हुन्छ । यो खिलसँग प्रायः मेल खान्छ ।

Foot corn, Source : 1mg.com

कदली (केरा)
(Plantain)

परिभाषा :

(क) **कुलचन्द्र शर्मा :** अंशुमत्फला, काष्ठीला, कदली, मोचा, रम्भा र वारणबुषा भनेको केरा हो । चोचम् भनेको केराको फल हो ।

(ख) **नेपाली बृहत् शब्दकोश :** (१) अँठिया : गुदीमा मरीच जस्ता काला दाना र बोक्रामा कपासको बियाँमा हुने जस्तो भुस लाग्ने एक जातको केरा । (२) अठिया : केराको एक जात; अठैंसो । (३) अठैंसो : कमसल खालको केराको एक भेद, अठिया । (१) कदली : केरा । (२) कदलीस्तम्भ : केराको थाम । (३) काँगियो : केराका कोसाहरूको पङ्क्तिदार समूह । (एक घरीमा धेरै काँगियो केरा हुन्छन्) ।(५) कुकुरे : साना कोसा हुने एक जातको केरा । (४) केरा : निकै ठूला लामा पात हुने, कलेजी रङको कमलका आकारको बुङ्गो लाग्ने, पाकेपछि पहेँला, राता, हरिया रङका बोक्रा हुने लाम्चा गुलिया कोसे फल फल्ने जातजातको बोट वा त्यसैको फल; कदली । (५) केरो : केरा (प्रायः तुच्छार्थमा) । (६) कोथो : केराको फेदमा पलाउने टुसो; नयाँ बिरुवा । (७) कोसो : केराको फल । (८) खोइरो : केरा कन्द वा गानामा लाग्ने एक जातको कीरो, यसका कारण उब्जने रोग । (९) गभारो : केराको फेदमा रोगको रूपमा उब्जने सेतो रङको, गँडचौलाजस्तो कीरो । (१०) गुभो : केराको बोटमा हुने भित्रपट्टिको कमलो भाग; टुसो । (११) घरी : केराका काइँया भएको सिङ्गो झुप्पो; डाँठसमेतका केराका काइँयाहरूको ठूलो गुच्छो । (१२) घौंटो : केराका काइँयाहरू लाग्ने ठूला डाँठ । (१३) घारी : केराको झाङ । (७) घ्याम्पे केरा : विशेष मोटो र थुम्क्याइलो बोट हुने एक जातको केरा । (८) चम्पक : एक प्रकारको केरा । (९) जहाजी केरा : एक प्रकारको स्वादिलो केरा । (१०) झप्री : बाक्लो बोक्रा भएको छोटोछोटो र केही मोटो खालको केरा । (१४) झुलो : चकमक र दर्सनढुङ्गो घोट्दा निस्केको आगाको झिल्कोलाई टिप्ने केराको सुप्लाको सुकेको भुवा । (१५) थाम : केराका बोटको फेदेदेखि पात पलाउने ठाउँसम्मको भाग; थम्बा । (१६) दाम्चो : केराको थामको पत्रैपत्र भएको बाहिरी बोक्रो । (११) देशी केरा : लामालामा केही पातला कोसा हुने र भित्र पाक्दा पनि बाहिर हरियै देखिने केराको एक जात । (१२) धुस्रे केरा : बोक्रामा खरानी रङको मसिनु धुलोजस्तो भई फुस्रो देखिने, ठूला कोसा हुने एक जातको केरा । (१७) पटपटे : केराका पातका डाँख्लाबाट बनाइने र पटपट बजाउँदै खेलिने केटाकेटीको एक खेलौना । (१८) पुत्लो : केराको बोटको टुसो वा गुभो । (१९) बुङ्गो : केराको गुभो वा फूल । (१४) बैयुँकेरा : मालभोग केराको जस्तै बास्ना आउने, लामा र ठूला कोसा हुने एक जातको केरा । (१७) मुङ्ग्रेकेरा :ठूलठूला र मोटा कोसा हुने एक जातको ठिक्कै खालको केरा । (२०) रम्भा : केराको बोट; कदली । (२२) सुप्लो : केराको बोटको पत्र । (२३) सुफल : केरा । (१८) हजारिया : एउटै घारीमा थुप्रै मसिना कोसा फल्ने एक जातको केरा; घिउकेरा । (१९) हरीछाल : मालभोगका भन्दा लामा र ठूला कोसा हुने एक जातको केरा ।

सङ्कलन : मोहन प्रसाद ममकोटी

(ग) **भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर :** केरालाई अंग्रेजीमा Plantain र ल्याटिन भाषामा *Musa sapientum* Linn. भनिन्छ । अर्को *Musa paradisica* भन्ने जात पनि हुन्छ ।

(घ) **आचार्य बालकृष्ण :** यसको वानस्पतिक नाम *Musa paradisiaca* Linn. तथा अंग्रेजी नाम Plantain र Adam's fig पनि हो ।

(ङ) **फर्माकोपिया :** यो Musaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Musa paradisiaca* Linn. हो । अंग्रेजीमा यसलाई Banana भनिन्छ । यसको कन्द वा गानु धूलो

भए १०-२० ग्राम तथा रस भए १०-२० मि.लि. ओखतीको एक मात्रा हो ।

(च) **TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 :** केरा Musaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Musa paradisiaca* L. हो ।

केराको बोट (तस्बिर श्रोतः ड्रिम्सटाइम्सडटकम)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

कदली रम्भा भानुर्महादला दीर्घपत्रा च । निस्सारा सुकुमारी स्मारी मोचा (च) कन्दरुहा॥
कार्ष्णी... ...कृष्णमूर्तिर्विषापहा कृष्णरम्भा स्यात् ।
अपरा पङ्कजमुकुला रसमत्यबला सुगन्धभानुः स्यात्॥

अन्या हांस्तांवषाणां महाफला हांस्तरम्भा स्यात् ।
अपरा तु यमलमुकुला मोचा फलनालल‌ङ्गिनी नन्दी ॥
बीजवती गन्धवती कदलीका गन्धकदली स्यात् ।
अन्या सैरन्ध्री स्यात् सितमुकुल श्वेतमोचेति ॥
वनरम्भा बीजाढ्या कुब्जफला दीर्घफलरोहा ।
बहुबीजा चासितखरबीजा स्यात् स्निग्धफलमसंज्ञा ॥
अपरा च बीजमोचा बीजफला बीजपूरा च । दृढनाला ताम्ररसा दृप्तदला पार्वती कुब्जा ॥

कदली, रम्भा, भानु, महादला, दीर्घपत्रा, निस्सारा, सुकुमारी, स्मारी, मोचा(च), कन्दरुहा, कार्ष्णी, कृष्णमूर्ति, विषापहा र कृष्णरम्भा : यी केराका पर्यायवाची नाम हुन् । पङ्कमुकुला, रसमत्यबला र सुगन्धभानु; हस्तिविषाणी, महाफला र हस्तिरम्भा; यमलमुकुला, मोचा, फलनालल‌ङ्गिनी, नन्दी, बीजवती, गन्धवती, कदलीका र गन्धकदली; सैरन्ध्री, सितमुकुल, श्वेतमोचा, वनरम्भा, बीजाढ्या, कुब्जफला, दीर्घफलरोहा, बहुबीजा, असितखरबीजा र स्निग्धफल तथा बीजमोचा, बीजफला, बीजपूरा, दृढनाला, ताम्ररसा, दृप्तदला, पार्वती र कुब्जा : यी विभिन्न जातका केराका पर्यायवाची नाम हुन् ।

करम्भः कदलीस्तम्भे धुर्धूरे च प्रवर्तते ।

करम्भ, कदलीस्तम्भ र धुर्धूर : यी केराको खम्बाका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) **अभिधान रत्नमाला :**

रम्भा मोचा वृत्तपुष्पा कदली ह्यविषाणिका । सुकुमारा कन्दरुहा निस्सारा दीर्घपत्रिका ॥

रम्भा, मोचा, वृत्तपुष्पा, कदली, अविषाणिका, सुकुमारा, कन्दरुहा, निस्सारा र दीर्घपत्रिका : यी केराका पर्यायवाची नाम हुन् ।

(ग) **अमरकोश :**

कदली वारणबुसा रम्भा मोचांशुमत्फला । काष्ठीला...॥

कदली, वारणबुषा, रम्भा, मोचा, अंशुमत्फला र काष्ठीला : यी केराका पर्यायवाची नाम हुन् । केराको फललाई चोचम् भनिन्छ ।

(घ) **अर्क प्रकाश :**

कदली त्वष्टधा प्रोक्ता ..।

केरा आठ प्रकारका हुन्छन् ।

सर्वलोहानि तप्तानि कदलीमूल वारिणा । सप्तधाभि निषिक्तानि शुद्धिमायान्त्यथोत्तमम् ॥

सबै किसिमका फलाम तातो न तातो बनाएर केराको जराको रसमा सात पटक डुबाउनू, शुद्ध हुन्छ, यो अती सरल उपाय हो ।

(ङ) **अष्टाङ्ग निघण्टु :**

रम्भा तु कदली मोचा वृत्तपुष्पांशुमत्फला । ...मोचं तु कदलीफलम् ।

रम्भा, कदली, मोचा, वृत्तपुष्पा र अंशुमत्फला : यी केराका पर्यायवाची नाम हुन् । केराको फललाई मोच भनिन्छ ।

(च) **आयुर्वेद महोदधि :**

मोचं स्वादुरसं विपाकमधुरं वीर्येण शीतं ज्वरं पित्तघ्नं पवनापहं गुरुतरं पथ्यं न मन्दानले ।
सद्यः शुक्रविवर्धनं क्लमहरं तृष्णापहं शान्तिदं दीप्ताग्ने सुखदं कफामयकरं सन्तर्पणं प्राणिनाम् ॥

केराको रस र पचेपछिको रस गुलियो हुन्छ । यसले शीतल गर्दछ तथा जरो, वातविकार र पित्तविकार नाश गर्दछ । पचाउन कठिन हुन्छ । पाचनशक्ति कमजोर हुनेका लागि केरा हितकर हुँदैन । केरा शुक्रवर्धक, क्लम नाशक, तिर्खा नाशक र शान्तिप्रद हुन्छ । यो बलियो पाचनशक्ति हुनेका लागि सुख र तृप्तिदायक हुन्छ । धेरै खाए कफ बढाउँदछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सिन्दोलं कफवातपित्तशमनं रक्तातिसारापहं पामाकुष्ठभगन्दरामशमनं तीव्राश्मरी छेदनम् ।
हृद्रोगेषु हितं सदा बलकरं कामाग्नि सन्दीपनं
कासक्षीणविरेचने ज्वरगदे शस्तं च सिन्दीफलम् ॥

सिन्दोल (केराविशेष ?) ले त्रिदोष शान्त गर्दछ र रगतमासी निको पार्दछ । भैंसे लुतो, कुष्ठ, भगन्दर, आउँ र पत्थरी ठिक गर्दछ । यसले हृदय रोग ठिक गर्नुका साथै बलशाली र कामशक्तिवर्धक हुन्छ । खोकी, दुर्बलता, रेचन र जरोमा यो विशेष लाभप्रद हुन्छ ।

सुवर्णमोचा कफपित्तहारिणी विष्टम्भिनी दीपनकारिणी च ।
सुदुर्जरा दाहविघातिनी च रक्तं च पित्तं शमयेच्च निश्चितम् ॥

सुवर्णमोचा (सुनकेरा वा घिउकेरा)ले कफविकार पित्तविकार नाश गर्दछ । विष्टम्भी हुन्छ, पाचकाग्नि बाल्दछ, पचाउन कठिन र डाहनाशक हुन्छ । यसले रक्तपित्तलाई निश्चय नै ठिक गर्दछ ।

दधितक्राभ्यां कदलं ...सार्धं सेव्या न ...॥ सर्पिस्तु मोचाफले अनुपानम् ।

दही वा तक्रसँग केरा खान हुँदैन । केराको अनुपान घिउ हो । केरा पचाउनका लागि घिउ खानू ।

(छ) **कैयदेव निघण्टु :**

कालीरसा हस्तिबुसा रम्भा वीरांशुमत्फला । चर्मण्वती भानुफला मोचा हस्तिविषाणिका॥
बृहत्पुष्पामुक्तसारा ग्रन्थिनी मुक्तसारिका । काष्ठालिका हस्तिविषा कदली दीर्घपत्रिका॥
पलाशिका मृत्युपुष्पा तस्याः पुष्पं शिलीन्द्रकण्टका ।

कालीरसा, हस्तिबुसा, रम्भा, वीरा, अंशुमत्फला, चर्मण्वती, भानुफला, मोचा, हस्तिविषाणिका, बृहत्पुष्पा, मुक्तसारा, ग्रन्थिनी, मुक्तसारिका, काष्ठालिका, हस्तिविषा, कदली, दीर्घपत्रिका, पलाशिका र मृत्युपुष्पा : यी केराका पर्यायवाची नाम हुन् । केराको फूललाई शिलीन्द्रकण्टका भनिन्छ ।

मोचा गुर्वी हिमा स्निग्धा स्वाद्वी पित्तास्रनाशनी॥
योनिदोषहरास्रघ्नी तत्काण्डं गुरु शीतलम् । बल्यः कदल्याः कन्दः स्यात् कफपित्तहरो गुरुः॥
वातलो रक्तशमनः कषायो रूक्षशीतलः । कर्णशूलं रजोदोषं सोमरोगं नियच्छति॥

केरा पचाउन कठिन, शीतवीर्यको, चिल्लो, गुलियो तथा रक्तपित्त र स्त्री-जननेन्द्रियका रोग नाश गर्ने गुणको हुन्छ । यसको फेद (काण्ड) पचाउन कठिन र शीतवीर्यको हुन्छ । केराको गानो बलदायक, कफविकार र पित्तविकार नाश गर्ने, पचाउन कठिन, वातविकार गर्ने, रक्तविकारलाई शान्त पार्ने, टर्रो, रुखो र शीतवीर्यको हुन्छ । यसले कानको शूल, स्त्रीको मासिक-धर्मसम्बन्धी रोग र सोमरोगलाई नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

रम्भातोयं शीतलं ग्राहि तृष्णाकृच्छ्रान् मेहान् कर्णरोगातिसारान् ।
अस्थिस्रावं स्फोटकं रक्तपित्तं दाहं हन्यादस्रयोनिं विशेषात्॥

केराको खम्बाबाट निस्कने पानी शीतवीर्यको, कब्जियत गराउने तथा तिर्खा, मूत्रकृच्छ्र, प्रमेह, कानका रोग, छेरपटी, हाडबाट पानी बग्ने रोग, खटिरा, रक्तपित्त, डाह तथा विशेषतः स्त्रीको जननेन्द्रियबाट रगत सहितको पानी बगिरहने रोगको ओखती हुन्छ ।

कदलीकुसुमं तिक्तं कषायं ग्राहि दीपनम् । उष्णवीर्यं बलासघ्नं तादृशास्तत् सटादयः॥

केराको फूल तितो, टर्रो, कब्जियत गर्ने, पाचनशक्ति बढाउने, उष्णवीर्यको र कफविकार नाश गर्ने गुणको हुन्छ । केराको बुङ्गो (आदि) मा पनि यिनै गुण हुन्छन् ।

तृड्रक्तपित्ताक्षिगदप्रमेहान् फलं कदल्यास्तरुणं निहन्ति ।
साङ्ग्राहिकं तिक्तकषाय रूक्षं रक्तातिसारं शमयेज्ज्वरञ्च॥

केराको कलिलो फल तिर्खा, रक्तपित्त, आँखाका रोग र प्रमेह नाश गर्ने गुणको हुन्छ । यो कब्जियत गर्ने, तितो, टर्रो, रुखो तथा रगतमासी र जरोलाई शान्त पार्ने गुणको हुन्छ ।

इषत्कषायमधुरं मध्यमं कदलांफलम् । गुवांग्नसादकृत् त्वक् तु कट्वांतक्तरसा लघुः ॥

केराको छिप्पिएको तर नपाकेको फल केही टर्रो, गुलियो, पचाउन कठिन र पाचनशक्ति बढाउने गुणको हुन्छ । यसको बोक्रो पिरो, तितो र पचाउन सहज हुने गुणको हुन्छ ।

मोचं पक्वं स्वादु पाके सकषायं हिमं गुरु । मांसलं श्लेष्मलं रुच्यं वृष्यं विष्टम्भि बृंहणम् ॥
स्निग्धं क्षतक्षयक्षुत्तृड्वातपित्तास्रदाहजित् ।

केराको पाकेको फल गुलियो, पचेपछि टर्रो, शीतवीर्यको, पचाउन कठिन, मासु बढाउने, कफविकार गर्ने, रुचिप्रद, वीर्यवर्धक, कब्जियत गर्ने, पौष्टिक, चिल्लो तथा चोटपटक, क्षयरोग, भोक, तिर्खा, वातविकार, पित्तविकार, रक्तविकार र डाहलाई जित्ने गुणको हुन्छ ।

कृष्णरम्भाफलं रुच्यं कषायं मधुरं तथा ॥ मेहं पित्तं तृषां हन्ति वातलं बृंहणं लघु ।

कालो केराको फल रुचिप्रद, टर्रो, गुलियो, प्रमेह-त्तिरोग र तिर्खा नाश गर्ने, वातविकार गर्ने, पौष्टिक तथा पचाउन सहज हुने गुणको हुन्छ ।

सुगन्धा कृष्णरम्भा च शैलरम्भा यथोत्तरम् ।
निन्दिताः, फलमासां तु कषायं मधुरं गुरु ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

सुगन्धा, कृष्णारम्भा र शैलरम्भा : यी केराका (अन्य) जात हुन् । यी क्रमशः निन्दनीय हुन्छ । यिनको फल टर्रो, गुलियो र पचाउन कठिन हुने गुणको हुन्छ ।

बल्यं विषघ्नं पापघ्नं वृष्यं दीपनरोचनम् ।
वातश्लेष्महरं शुष्कं कदलीपत्रभोजनम् ॥

सुकेको केराको पातमा खाना खानु बलदायक, विषविकार र पाप नाश गर्ने, वीर्यवर्धक, दीपनी, रुचिप्रद, वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

(ज) द्रव्यगुणसङ्ग्रह :

कदल्या बलकृन्मूलं वातपित्तापहं गुरु ।

केराको गानु बलदायक, वातविकार र पित्तविकार नाश गर्ने तथा पचाउन कठिन हुने गुणको हुन्छ ।

कदलं मधुरं हृद्यं कषायं नातिशीतलम् ।
वात्तपित्तहरं रुच्यं वृष्यं श्लेष्मकरं गुरु ॥

केराको फल गुलियो, मुटुका लागि हितकर, टर्रो, धेरै शीतवीर्य नभएको, वातविकार र पित्तविकार नाश गर्ने, रुचिप्रद, वीर्यवर्धक, कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

(झ) **धन्वन्तरि निघण्टु :**

कदली सुकुमारा च रम्भा स्वादुफला मता । दीर्घपत्रा च निःसारा मोचा हस्तिविषाणिका ॥
कदली मधुरा शीता रम्या पित्तहरा मृदुः । कदल्यास्तु फलं स्वादु कषायं नातिशीतलम् ॥
रक्तपित्तहरं वृष्यं रुच्यं कफकरं गुरु । कन्दस्तु वातलो रूक्षः शीतोऽसृक्कृमिकुष्ठनुत् ॥

कदली, सुकुमारा, रम्भा, स्वादुफला, दीर्घपत्रा, निःसारा, मोचा र हस्तिविषाणिका : यी केराका पर्यायवाची नाम हुन् । यो गुलियो, शीतवीर्यको, राम्रो, पित्तविकार नाशक र कोमल हुन्छ । केराको फल गुलियो, टर्रो, धेरै शीतल पनि नगर्ने, रक्तपित्त नाशगर्ने, वीर्यवर्धक, रुचिप्रद, कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ । केराको गानो वातविकार गर्ने, रुखो, शीतवीर्यको तथा रक्तविकार, कीरा र कुष्ठ नाश गर्ने गुणको हुन्छ ।

(ञ) **निघण्टुशेष :**

कदल्यां तु हस्तिविषा रम्भा मोचांशुमत्फला । काष्ठीला वारणबुसा स्यात् कोलीरस इत्यपि ॥ (कदिः सौत्रः, कद्यते कदली, केन-वायुना दल्यते वा , तस्याम्-के दलमस्यास्तीति वा । हस्तिनां विषमिव हस्तिविषा । रमन्ते अस्यां रम्भा, रम्भन्ते इति वा । मुञ्चति त्वचं मोचा । अंशुमन्ति फलान्यस्या अंशुमत्फला, भानुफलाख्या । ईषद् अष्ठीलमस्याः काष्ठीला । वारणानां-हस्तिनां बुसः-घासः वारणबुसा, वारणविशेषेत्येके । कोल्या रस इव रसः-स्वादोऽस्य कोलीरसः ।) ।

कदली, हस्तिविषा, रम्भा, मोचा, अंशुमत्फला, काष्ठीला, वारणबुसा र कोलीरस : यी केराका पर्यायवाची नाम हुन् ।

(ट) **पर्यायरत्नमाला :**

रम्भाख्या कदली मोचा ।

रम्भा, कदली र मोचा : यी केराका पर्यायवाची नाम हुन् ।

(ठ) **भावप्रकाश निघण्टु :**

कदली वारणा मोचाऽम्बुसारांऽशुमतीफला । मोचाफलं स्वादु शीतं विष्टम्भि कफकृद् गुरु ॥
स्निग्धं पित्तास्रतृड्दाहक्षतक्षयसमीरजित् । पक्वं स्वादु हिमं पाके स्वादु वृष्यञ्च बृंहणम् ॥
क्षुत्तृष्णानेत्रगदहृन्मेहघ्नं रुचिमांसकृत् ।

कदली, वारणा, मोचा, अम्बुसारा र अंशुमतीफला : यी केराका संस्कृत पर्यायवाची नामहरू हुन् । केरा स्वादिलो, शीतल गर्ने, कब्जियत गर्ने, कफ बढाउने र पचाउन कठिन हुने गुणको हुन्छ । यो

चिल्लो हुन्छ । यसले पित्तविकार, रक्तविकार, तिर्खा, डाह, चोटपटक, क्षयरोग र वातविकार नाश गर्दछ । पाकेको केरा स्वादिलो, शीतल गर्ने, पचेपछि गुलियो हुने, वीर्यवर्द्धक, पौष्टिक तथा भोक, तिर्खा, आँखाका रोग, र प्रमेह नाशक हुन्छ । यसले रुचि र मासु बढाउँदछ ।

माणिक्यमर्त्यामृतचम्पकाद्या भेदाः कदल्या बहवोऽपि सन्ति॥
उक्ता गुणास्तेष्वधिका भवन्ति निर्दोषता स्याल्लघुता च तेषाम् ।

माणिक्य, मर्त्य, अमृत, चम्पक आदि केराका अनेकौं जात हुन्छन् । ती सबैमा प्रायः माथि बताइएका गुण नै हुन्छन् । तिनमा दोषहीनता र पचाउन सहज हुने गुण नै हुने गर्दछ ।

कदल्याः कुसुमं स्निग्धं मधुरं तुवरं गुरु । वातपित्तहरं शीतं रक्तपित्तक्षयप्रणुत्॥

केराको फूल चिल्लो, गुलियो, टर्रो र पचाउन कठिन हुन्छ । यसले वातविकार, पित्तविकार, रक्तपित्त र क्षयरोग नाश गर्दछ । यो फूलले शीतल गर्दछ ।

शीतलः कदलीकन्दो बल्यः केश्योऽम्लपित्तजित्॥ वह्निकृद्दाहहारी च मधुरो रुचिकारकः ।

केराको गानु शीतल गर्ने, बलदायक, कपालका लागि हितकारी, अम्लपित्त नाशक, जठराग्नि वर्धक, डाह नाशक, मिठो र रुचिकारक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ड) **मदनपाल निघण्टु :**

कदली ग्रन्थिनी मोचा रम्भा वीराऽऽयतच्छदा । वारणा वारणबुसाऽम्बुसारांशुमती फला॥

कदली, ग्रन्थिनी, मोचा, रम्भा, वीरा, आयतच्छदा, वारणा, वारणबुसा, अम्बुसारा, अंशुमती र फला : यी केराका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कदली योनिदोषाश्मरक्तपित्तहरा हिमा । तत्कन्दः शीतलो बल्यः केश्यः पित्तकफास्रजित्॥

केराले स्त्री-जननेन्द्रियका रोग, पत्थरी र रक्तपित्तलाई नाश गर्दछ । यो शीतवीर्यको हुन्छ । केराको गानु शीतवीर्य भएको, बलदायक, कपालका लागि हितकर तथा पित्तविकार, कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

तत्फलं मधुरं शीतं विष्टम्भि कफकृद्गुरु ।
स्निग्धं पित्तास्रतृड्दाहक्षतक्षयसमीरजित्॥

केराको फल गुलियो, शीतवीर्य भएको, विष्टम्भि, कफविकार बढाउने, पचाउन कठिन, चिल्लो तथा पित्तविकार, रक्तविकार, तिर्खा, डाह, घाउखटिरा, क्षयरोग र वातविकारलाई जित्ने गुणको हुन्छ ।

(ढ) **मदनादि निघण्टु :**

कदलीदीर्घपत्रा च मोचा हस्तिविषास्तथा । आसारा युक्तसारा च अश्मसाराजिनी मता ॥
स्निग्धा स्वादुरसा गुर्वी क्षुत्तृष्णारक्तपित्तजित् । शीतवीर्यावातहरा कदली योनिदोषजित् ॥

कदली, दीर्घपत्रा, मोचा, हस्तिविषा, आसारा, युक्तसारा र अश्मसाराजिनी : यी केराका पर्यायवाची नाम हुन् । यो चिल्लो, गुलियो, पचाउन कठिन तथा भोक, तिर्खा र रक्तपित्तलाई जित्ने गुणको हुन्छ । यस्तै शीतवीर्यको, वातविकार नाश गर्ने तथा स्त्री-जननेन्द्रियका रोगलाई जित्ने गुणको पनि हुन्छ ।

(ण) **राज निघण्टु :**

कदली सुफला रम्भा सुकुमारा सकृत्फला । मोचा गुच्छफला हस्तिविषाणी गुच्छदन्तिका ॥
काष्ठीरसा च निःसारा राजेष्टा बालकप्रिया । ऊरुस्तम्भा भानुफला वनलक्ष्मीश्च षोडश ॥
बालं फलं मधुरमल्पतया कषायं पित्तापहं शिशिररुच्यमथापि नालम् ।
पुष्पं तदप्यनुगुणं कृमिहारि कन्दं पर्णं च शूलशमकं कदलीभवं स्यात् ॥
रम्भापक्वफलं कषायमधुरं बल्यञ्च शीतं तथा पित्तं चास्रविमर्दनं गुरुतरं पथ्यं न मन्दानले ।
सद्यः शुक्रविवृद्धिदं क्लमहरं तृष्णापहं कान्तिदं दीप्ताग्नौ सुखदं कफामयकरं सन्तर्पणं दुर्जरम् ॥

(१) कदली, (२) सुफला, (३) रम्भा, (४) सुकुमारा, (५) सकृत्फला, (६) मोचा, (७) गुच्छफला, (८) हस्तिविषाणी, (९) गुच्छदन्तिका, (१०) काष्ठीरसा, (११) निस्सारा, (१२) राजेष्टा, (१३) बालकप्रिया, (१४) ऊरुस्तम्भा, (१५) भानुफला र (१६) वनलक्ष्मी : यी सोह्र नाम केराका संस्कृत पर्यायवाची नामहरू हुन् । कलिलो केराको फल थोरै गुलियो र अधिक टर्रो हुन्छ । यो फलले पित्तविकार नाश गर्दछ । केराको भेट्नु शीतवीर्यको र रुचिप्रद हुन्छ । केराका फूलमा पनि यिनै गुण हुन्छन् । यसको जरामा हुने गानुले पेटका कीरा मार्दछ । केराको पातले शूल रोगलाई शान्त पार्दछ । पाकेको केरा टर्रो, गुलियो, बलदायक र शीतवीर्यको हुन्छ । यसले पित्तविकार र रक्तविकारलाई नियन्त्रण गर्दछ । केरा अति नै पचाउन कठिन हुन्छ र कमजोर पाचनशक्ति हुने मानिसका लागि यो पथ्य हुँदैन । यसले तुरुन्त शुक्र वृद्धि गर्दछ, थकाई मार्दछ, तिर्खा मेट्दछ र शरीरलाई चम्काउँदछ । बलियो पाचनशक्ति हुनेहरूका लागि केरा सुखदायक हुन्छ । यसले कफविकार गर्दछ । यसले तृप्ति दिन्छ तर ढिलो पच्दछ ।

काष्ठकदली सुकाष्ठा वनकदली काष्ठिका शिलारम्भा ।
दारुकदली फलाढ्या वनमोचा चाश्मकदली च
स्यात्काष्ठकदली रुच्या रक्तपित्तहरा हिमा । गुरुर्मन्दाग्निजननी दुर्जरा मधुरा परा ॥

काष्ठकदली, सुकाष्ठा, वनकदली, काष्ठिका, शिलारम्भा, दारुकदली, फलाढ्या, वनमोचा र अश्मकदली : यी काठेकेराका संस्कृत पर्यायवाची नामहरू हुन् । काठेकेरा रुचिप्रद, रक्तपित्त नाशक र शीतवीर्यको हुन्छ । यो पचाउन कठिन, पाचनशक्तिलाई कमजोर बनाउने, ढिलो पच्ने र अति नै गुलियो हुने गुणको हुन्छ ।

गिरिकदली गिरिरम्भा पर्वतमोचाऽप्यरण्यकदली च ।
बहुबीजा वनरम्भा गिरिजा गजवल्लभाऽभिहिता ॥
गिरिकदली मधुरहिमा बलवीर्यविवृद्धिदायिनी रुच्या ।
तृट्पित्तदाहशोषप्रशमनकर्त्री च दुर्जरा च गुरुः ॥

गिरिकदली, गिरिरम्भा, पर्वतमोचा, अरण्यकदली, बहुबीजा, वनरम्भा, गिरिजा र गजवल्लभा : यी वनकेराका संस्कृत पर्यायवाची नामहरू हुन् । वनकेरा गुलियो, शीतवीर्यको, बल र वीर्य वर्धक तथा रुचिप्रद हुन्छ । यसले तिर्खा, पित्तविकार, डाह र सुजनलाई शान्त पार्दछ । यो ढिलो पच्दछ र पचाउन कठिन हुन्छ ।

अन्या सुवर्णकदली सुवर्णरम्भा च कनकरम्भा च ।
पीता सुवर्णमोचा चम्पकरम्भा सुरम्भिका सुभगा ॥
हेमफला स्वर्णफला कनकस्तम्भा च पीतरम्भा च ।
गौरा च गौररम्भा काञ्चनकदली सुरप्रिया षड्भूः ॥
सुवर्णमोचा मधुरा हिमा च स्वल्पाशने दीपनकारिणी च ।
तृष्णापहा दाहविमोचनी च कफावहा वृष्यकरी गुरुश्च ॥

(१) सुवर्णकदली, (२) सुवर्णरम्भा, (३) कनकरम्भा, (४) पीता, (५) सुवर्णमोचा, (६) चम्पकरम्भा, (७) सुरम्भिका, (८) सुभगा, (९) हेमफला, (१०) स्वर्णफला, (११) कनकस्तम्भा, (१२) पीतरम्भा, (१३) गौरा, (१४) गौररम्भा, (१५) काञ्चनकदली र (१६) सुरप्रिया : यी सोह्र नाम घिउकेराका संस्कृत पर्यायवाची नामहरू हुन् । घिउकेरा गुलियो, शीतवीर्यको र थोरै खाँदा दीपनी पनि हुन्छ । यसले तिर्खा, डाह र कफविकार नाश गर्दछ । यो वीर्यवर्धक र पचाउन कठिन हुन्छ ।

(त) **राजवल्लभ निघण्टु :**

कदलीमोचकं हृद्यं कफघ्नं कृमिनाशनम् । तृष्णाप्लीहज्वरं हन्ति दीपनं बस्तिशोधनम् ॥

केराको गुभोको साग मुटुका लागि हितकर तथा कफविकार, कीरा, तिर्खा, फियोका रोग र जरो नाशगर्ने गुणको हुन्छ । यो दीपनी एवं मूत्राशय सफा गर्ने गुणको पनि हुन्छ ।

कदल्या बलकृन्मूलं वातपित्तहरं गुरु ॥

केराको कन्द बलदायक, वातविकार र पित्तविकार नाशक र पचाउन कठिन हुन्छ ।

कदलं मधुरं वृष्यं कषायं नातिशीतलम् । रक्तपित्तहरं हृद्यं रुच्यं श्लेष्मकरं गुरु ॥

केराको फल गुलियो, पौष्टिक, टर्रो, कम शीतवीर्यको, रक्तपित्त नाशक, मुटुका लागि हितकर, रुचिप्रद, कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

तदेव चम्पकाख्यन्तु वातपित्तहरं गुरु । वृष्यञ्चैवातिशीतञ्च मधुरं रसपाकयोः ॥

सुनकेरा वातविकार र पित्तविकार नाशगर्ने, पचाउन कठिन, वीर्यवर्धक, अति शीतवीर्यको तथा शुरुमा र पचेपछि गुलियो हुने गुणको हुन्छ ।

(थ) शालिग्राम निघण्टु :

कदली सुफला रम्भा मोचा वारणवल्लभा । सुकुमारा चर्मण्वती सत्पत्री नगरौषधीः ॥

कदली, सुफला, रम्भा, मोचा, वारणवल्लभा, सुकुमारा, चर्मण्वती, सत्पत्री र नगरौषधी : यी केराका पर्यायवाची नाम हुन् ।

कदली शीतला गुर्व्वी वृष्या स्निग्धा मधुः स्मृता । पित्तरक्तविकारञ्च योनिदोषं तथाऽश्मरीम् ॥
रक्तपित्तं नाशयतीत्येवमाचार्य्यभाषितम् ।

केरा शीतवीर्यको, पचाउन कठिन, वीर्यवर्धक, चिल्लो, गुलियो तथा पित्तविकार, रक्तविकार, स्त्री-जननेन्द्रियका रोग, पत्थरी र रक्तपित्त रोग नाश गर्ने गुणको हुन्छ भनी आचार्यहरूले बताएका छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कोमलं कदलं शीतं मधुरं च कषायकम् । रुच्यमम्लं समुद्दिष्टं पित्तनाशकरञ्च च तत् ॥

कलिलो केराको फल शीतवीर्यको, गुलियो, टर्रो, रुचिप्रद, अमिलो र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

मध्यमं कदलं किञ्चित्तुवरं मधुरं गुरु । अग्निमान्द्यकरं चैव ऋषिभिः परिकीर्त्तितम् ॥

अलि छिप्पिएको केराको फल केही टर्रो, गुलियो, पचाउन कठिन र पाचनशक्ति घटाउने गुणको हुन्छ भनेर ऋषिहरूले बताएका छन् ।

कदली वर पक्वफलं मधुरं रुचिरं मृदु वातहरं शिशिरम् ।
क्षतक्षयदाहनिवार्य्यस्रजायुतपित्तविकारनिवृत्तिकरम् ॥
प्रदराश्मगदं निहरेल्लघु च प्रतिबन्धकरं बलदं न सरम् ।
अशनात्प्रथमं यदिभुक्तमिदं न शुभं शुभदं त्वशनाविरतौ ॥

केराको पाकेको फल गुलियो, रुचिप्रद, कोमल, वातविकार नाश गर्ने, शीतवीर्यको तथा चोटपटक, क्षयरोग, डाह, रक्तपित्त, प्रदर र पत्थरी नाश गर्ने गुणको हुन्छ । यो पचाउन सहज, कब्जियत गराउने, बलदायक र मलमूत्रलाई तलतिर नसार्ने गुणको हुन्छ । खाना खानु अघि केरा खानु शुभ वा राम्रो हुँदैन, खाना खाएपछि खानु हितकर वा शुभ हुन्छ ।

पक्वन्तु कदलं बल्यं तुवरं मधुरं गुरु । शीतं वृष्यं शुक्रवृद्धिकरं सन्तर्पणं मतम्॥
मांसकान्त्यत्यरुचीनाञ्च वर्द्धनं दुर्जरं मतम् । कफकृच्च तृषाग्लानिपित्तरक्तरुजस्तथा॥
मेहक्षुधानेत्ररोगनाशकं परमं मतम् ।
मन्दाग्नीनां विकृतिदमृषिभिः परिकीर्त्तितम्॥ (निघण्टु रत्नाकर)

पाकेको केरा बलदायक, टर्रो, गुलियो, पचाउन कठिन, शीतवीर्यको, वीर्यवर्धक, शुक्रवर्धक, तृप्तिदायक; मासु, कान्ति र रुची बढाउने; ढिलो पच्ने, कफविकार गर्ने तथा ग्लानि, रक्तपित्त, प्रमेह, भोक र आँखाका रोग नाश गर्ने गुणको हुन्छ । केराले पाचनशक्ति कमजोर हुने मानिसलाई विकार उत्पन्न गर्दछ भनी ऋषिहरूले बताएका छन् ।

हृद्यं मनोज्ञं कफवृद्धिकारि क्षान्तञ्च सन्तर्पणमेव बल्यम् ।
रक्तं सपित्तं श्वसनञ्च दाहं रम्भाफलं हन्ति सदा नराणम्॥ (आत्रेय संहिता)

केराको फल मानिसको सधैँ मुटुका लागि हितकर, मनमोहक, कफविकार गर्ने, सहनशीलता प्रदान गर्ने, तृप्तिदायक; रक्तपित्त, दम र डाह नाश गर्ने गुणको हुन्छ ।

सामान्यं कदलं प्रोक्तं कफकृन्मधुरं गुरु । स्निग्धं विष्ठम्भि वृष्यं च रुच्यं किञ्चिच्च शीतलम्॥
रक्तपित्तञ्च पित्तञ्च तृषां दाहं क्षतक्षयम् ।
वातञ्च नाशयत्येव वल्कं तिक्तं लघुः कटुः॥ (निघण्टु रत्नाकर)

सङ्कलन : मोहन प्रसाद सापकोटा

सामान्यतः केराको फल कफविकार गर्ने, गुलियो, पचाउन कठिन, चिल्लो, कब्जियत गर्ने, वीर्यवर्धक, रुचिप्रद, केही शीतवीर्यको तथा रक्तपित्त, पित्तविकार, तिर्खा, डाह, घाउ, क्षयरोग र वातविकार नाश गर्ने गुणको हुन्छ । केराको बोक्रा तितो, पचाउन सहज र पिरो हुन्छ ।

पुष्पं कदल्याः सुस्निग्धं मधुरं तुवरं गुरु । ग्राहि तिक्तञ्चाग्निदीप्तिकरं वातविनाशनम्॥
किञ्चिदुष्णञ्च वीर्येस्याद्रक्तपित्तं क्षयं कृमीन् ।
पित्तं कफं नाशयतीत्येवञ्च ऋषिभिर्मतम्॥ (निघण्टु रत्नाकर)

केराको फूल चिल्लो, गुलियो, टर्रो, पचाउन कठिन, ग्राहि, तितो, पाचनशक्ति बढाउने, वातविकार नाश गर्ने, केही उष्णवीर्यको तथा रक्तपित्त, क्षयरोग, कीरा, पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ भनी ऋषिहरूले बताएका छन् ।

कन्दः कदल्याः रूक्षः स्याद्वातलस्तुवरो गुरुः ।
शीतो बल्यो मधुः केश्यो रुच्योऽग्निमान्द्यकारकः॥
कर्णशूलं चाम्लपित्तदाहं रक्तरुजं तथा । सोमदोषं रजोदोषं कृमीन् कुष्ठञ्च नाशयेत्॥

केराको गानु रुखो, वातविकार गर्ने, टर्रो, पचाउन कठिन, शीतवीर्यको, बलदायक, गुलियो, कपालका लागि हितकर, रुचिप्रद, पाचनशक्ति कमजोर पार्ने तथा कानको शूल, अम्लपित्त, डाह, रक्तविकार,

सोमरोग, रजोविकार, करा र कुष्ठ नाश गर्ने गुणको हुन्छ ।

सारं कदल्याः सङ्ग्राहि चाप्रियं गुरुशीतलम् । तृडदाहमूत्रकृच्छ्रातिसारमेहांश्च सोमकम् ॥
अस्थिस्रावं रक्तपित्तं विस्फोटांश्चैव नाशयेत् ।

केराको सार (बोटको पानी) ग्राहि, अप्रिय, पचाउन कठिन, शीतवीर्यको तथा तिर्खा, डाह, मूत्रकृच्छ्र, अतिसार, प्रमेह, सोमरोग, अस्थिस्राव, रक्तपित्त र खटिरा नाश गर्ने गुणको हुन्छ ।

आरण्यकदली शीता मधुरा बलवर्द्धिनी । वीर्यवृद्धिकरी रुच्या दुर्जरा च गुरुः स्मृता ॥
तृड्दाहशोषपित्तानां नाशिनी च प्रकीर्त्तिता । फलं तु तुवरं चास्या मधुरञ्च गुरु स्मृतम् ॥

बनकेरा शीतवीर्यको, गुलियो, बलवर्धक, वीर्यवर्धक, रुचिप्रद, ढिलो पच्ने, पचाउन कठिन तथा तिर्खा, डाह, सुकेनास र पित्तविकार नाश गर्ने गुणको हुन्छ । यसको फल टर्रो, गुलियो र पचाउन कठिन हुने गुणको हुन्छ ।

काष्ठस्य कदली ग्राही हृद्या रुच्या च शीतला । अग्निमान्द्यकरी गुर्व्वी दुर्जरा चातिमाधुरी ॥
तृड्दाहमूत्रकृच्छ्राणां रक्तपित्तस्य नाशिनी । विस्फोटं चास्थिरोगं च नाशयेदितिकीर्तिता ॥

काठेकेरा ग्राही, मुटुका लागि हितकर, रुचिप्रद, शीतवीर्यको, पाचनशक्ति घटाउने, पचाउन कठिन, ढिलो पच्ने, अति गलियो तथा तिर्खा, डाह, मूत्रकृच्छ्र, रक्तपित्त, खटिरा र हाडका रोग नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सुवर्णकदली शीता मधुरा चाग्निदीपनी ।
बल्या वृष्या च गुर्वी च तृड्दाहकफनाशिनी ॥ (निघण्टु रत्नाकर)

सुनकेरा शीतवीर्यको, गुलियो, पाचनशक्ति बढाउने, बलदायक, वीर्यवर्धक, पचाउन कठिन तथा तिर्खा, डाह र कफविकार नाश गर्ने गुणको हुन्छ ।

तदेव चम्पकाख्यं तु वातपित्तहरं गुरु । वृष्यञ्चैवातिशीतञ्च मधुरं रसपाकयोः ॥

चम्पक जातको केरा वातविकार र पित्तविकार नाश गर्ने, पचाउन कठिन, वीर्यवर्धक, अति शीतवीर्यको तथा शुरुमा र पचेपछि गुलियो हुने गुणको हुन्छ ।

महेन्द्रकदली चोष्णा वातस्य च विनाशिनी । प्रदरं पित्तरोगं च नाशयेदितिकीर्त्तिता ॥

महेन्द्र जातको केरा उष्णवीर्यको तथा वातविकार, प्रदर र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

कृष्णा तु कदली रुच्या तुवरा मधुरा लघु ।
वायोर्धातोवृद्धिकरी मेहपित्ततृषाहरा ॥ (निघण्टु रत्नाकर)

कालोकेरा रुचिप्रद, टर्रो, गुलियो, पचाउन सहज, वायु र धातु बढाउने तथा प्रमेह, पित्तविकार र तिर्खा नाश गर्ने गुणको हुन्छ ।

(द) **सरस्वती निघण्टु :**

रम्भा च कदली मोचा वृत्तपुष्पांऽशुमत्फला । काष्ठीलाऽम्ला वारवुसा दीर्घपत्राऽपि च स्मृता ॥

रम्भा, कदली, मोचा, वृत्तपुष्पा, अंशुमत्फला, काष्ठीला, अम्ला, वारवुसा र दीर्घपत्रा : यी केराका पर्यायवाची नाम हुन् ।

सा बीजकदली मोचा पार्वती बहुबीजका ।
बीजमोचफलाश्चेति शब्दाः पर्यायवाचकाः ॥

बीजकदली, मोचा, पार्वती, बहुबीजका र बीजमोचफला : यी बनकेराका पर्यायवाची नाम हुन् ।

(ध) **सोढल निघण्टु :**

कदल्यां सुकुमारा च रम्भा जातफला मता ।
काष्ठीरसा च निःसारा मोचा हस्तिविषाणिका ॥

सङ्कलन : मोहन प्रसाद मापकोटा

कदली, सुकुमारा, रम्भा, जातफला, काष्ठीरसा, निःसारा, मोचा र हस्तिविषाणिका : यी केराका पर्यायवाची नाम हुन् ।

कदली (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(न) सौश्रुत निघण्टु :

कदली दीर्घपत्रा च मोचा हस्तिविषाऽपि च । आसारा सुकुमारा च ख्याता चाग्रन्थिनी च सा॥

कदली, दीर्घपत्रा, मोचा, हस्तिविषा, आसारा, सुकुमारा र अग्रन्थिनी : यी केराका पर्यायवाची नाम हुन् ।

(प) हारीत संहिता :

तालपत्रकरम्भाया दलस्य व्यजनो हिमः । मधुरोऽति श्रमघ्नः स्यादार्द्रत्वात्कफकोपनः॥
निद्राकरः प्रीतिकरः शोकरोगविकारहा । दाहपित्त श्रमग्लानिनाशनो भ्रमशान्तिकृत्॥

ताडपत्र वा केराको पातले बनाइएको हाते पङ्खाको हावा शीतल र मधुर हुन्छ । यसले अति थकान हरण गर्दछ । चिसोपनले गर्दा कफलाई भने विकृत बनाउँदछ । निद्रा पर्दछ । आनन्ददायक हुन्छ । शोक, रोग र विकार नाश गर्दछ । डाह, पित्तप्रकोप, परिश्रम र दिग्दारीलाई नाश गर्दछ । चित्तभ्रमलाई शान्त बनाउँदछ ।

हृद्यं मनोज्ञं कफवृद्धिकारि शान्तं च सन्तर्पणमेव बल्यम् ।
रक्तं सपित्तं श्वसनं च दाहं रम्भाफलं हन्ति सदा नराणाम्॥
संग्राह्यपक्वं किल शीतलं च कषायकं वातकफं करोति ।
विष्टम्भि बल्यं गुरु दुर्जरं च आरण्यरम्भाफलमेव तद्वत्॥

पाकेको केरा मुटुका लागि फाइदाजनक हुन्छ । यो लोभलाग्दो हुन्छ । तर यसले कफ बढाउँदछ । शान्ति, तृप्ति र बल दिन्छ । यसले जुनसुकै समयमा पनि रक्तपित्त, दम र डाह नाश गर्दछ । काँचो केराले कब्जियत गर्दछ तर शीतलता प्रदान गर्दछ । यो टर्रो हुन्छ । यसले वातविकार र कफविकार गर्दछ । विष्टम्भी हुन्छ तर बल दिन्छ । पचाउन कठिन वा ढिलो पच्ने हुन्छ । जङ्गली केरामा पनि यिनै गुण हुन्छन् ।

कन्थारी (जुँगे लहरो)
(Caper tree)

परिभाषा :

(क) **के.यन.स्वामी :** (१) कथरी, तीक्ष्णकण्टका, तीक्ष्णगन्धा : पाते सिउँडी । (२) क्रूरगन्धा : चेप्टे सिउँडी । (३) दुष्प्रवेशा : सिउँडी ।

(ख) **डा.सतिश चन्द्र साङ्ख्यधर :** यसको निश्चित पहिचान हुन सकेको छैन, अहिलेसम्म विवाद नै छ ।

(ग) **आचार्य बालकृष्ण :** यसका *Capaaris spinosa* Linn., *Syn-Capparis aculeata* Steud. र *Capparis sepiaria Linn.* गरी दुई प्रजाति हुन्छन् । यो *Capparaceae* परिवारमा पर्दछ । यसलाई अंग्रेजीमा Capper plant, Caper tree, Caper bush, Cape capers भनिन्छ । यसलाई संस्कृतमा कन्थारिका, क्रूरकर्मा, कन्थारी, हिंस्रा, अहिंस्रा, चक्रवल्लरी, कपालकुलिका, अम्लफला, गुच्छगुल्मिका भनिन्छ । यसको नेपाली नाम जुँगेलहरो हो । हिन्दीमा यसलाई हैंसा भनिन्छ ।

(घ) **नेपालका वनस्पति, लेखक : सी.टुकर गोर्डन, कृष्णकुमार श्रेष्ठ, साजन दाहाल, जुलाई २०१२,** *Capparis spinosa* Linn., *Capparis napaulensis* DC. लाई नेपालीमा बाघनङ्गे भनिन्छ ।

(ङ) **फर्माकोपिया :** यो Capparidaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Capparis spinosa* Linn. हो । यो काँडादार बुटयान तल्लो हिमाली भेगका समथर भूभागमा पाइन्छ । यसलाई संस्कृतमा अहिंस्रा, कन्थारी, तीक्ष्ण, कण्टक र तीक्ष्णगन्धा भनिन्छ ।यसको अंग्रेजी नाम Ceper Plant हो । हिन्दीमा हैंसा भनिन्छ । यो १-३ ग्राम ओखतीमा प्रयोग हुन्छ ।

कन्थारी (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

प्राचीन ग्रन्थका वचनहरू :

(क) कैयदेव निघण्टु :

कन्थारिका क्रूरकर्मा त्वहिंस्रा चक्रवल्लरी । अन्या: कपालकुलिकोऽम्लफला गुच्छगुल्मिका॥ कन्थारी कटुका सोष्णा श्वासकासत्रिदोषहा ।

कन्थारिका, क्रूरकर्मा, अहिंस्रा र चक्रवल्लरी तथा कपालकुलिका, अम्लफला र गुच्छगुल्मिका : यी जुँगेलहरोका पर्यायवाची नाम हुन् । यो पिरो, उष्णवीर्यको तथा दम, खोकी र त्रिदोष नाश गर्ने गुणको हुन्छ ।

(ख) राज निघण्टु :

कन्थारी कथरी कन्था दुर्धर्षा तीक्ष्णकण्टका । तीक्ष्णगन्धा क्रूरगन्धा दुष्प्रवेशाऽष्टकाभिधा॥ कन्थारी कटुतिक्तोष्णा कफवातनिकृन्तनी । शोफघ्नी दीपनी रुच्या रक्तग्रन्थिरुजापहा॥

(१) कन्थारी, (२) कथरी, (३) कन्था, (४) दुर्धर्षा, (५) तीक्ष्णकण्टका, (६) तीक्ष्णगन्धा, (७) क्रूरगन्धा र (८) दुष्प्रवेशा : यी आठ नाम कन्थारीका पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो, उष्णवीर्यको तथा कफविकार र वातविकार नाशक हुन्छ । यसले सुजन नाश गर्दछ । यो दीपनी, रुचिप्रद तथा रक्तविकार र गाँठा (जोर्नी) सम्बन्धी रोग नाशक पनि हुन्छ ।

कन्थारी (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ग) राजवल्लभ निघण्टु :

अहिंस्रा विषशोथघ्नी ...॥

अहिंस्रा विषविकार र सुजन नाशक हुन्छ ।

(घ) शालिग्राम निघण्टु :

कन्थारी दीपनी रुच्या कटूष्णा तिक्तका मता । रक्तदोषं कफं वातं ग्रन्थिरोगं च नाशयेत्॥ स्नायुरोगं च शोफं च नाशयेदिति कीर्त्तिता । (निघण्टु रत्नाकर)

कन्थारी दीपनी, रुचिप्रद, पिरो, उष्णवीर्यको, तितो तथा रक्तविकार, कफविकार, वातविकार, गाँठेरोग, स्नायुरोग र सुजन नाश गर्ने गुणको हुन्छ ।

कन्दगण
(Bulb)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

आलूकमष्टधा प्रोक्तं मूलकं त्वष्टधा तथा । अष्टधा कदलीकन्दी गृञ्जनं द्विविधं मतम्॥
हस्तकन्दश्च लशुन पलाण्डुर्द्विविधो मतः । अष्टधा पद्मिनीकन्दो वाराहीकन्दलक्षणः॥
केमुकं मुशलीकन्दो विदारी च कसेरुकः । शतावरी चाश्वगन्धा बृहत्पाण्डु सुदर्शनः॥
आर्द्रकं शक्रकन्दश्च कोलकन्दो नगोद्भवः । मौलिकन्दश्शूरणश्च ज्ञेयः कन्दगणस्त्वयम्॥

आठ प्रकारका आलु, आठ प्रकारका मूला, आठ प्रकारका कदलीकन्द (?), दुई प्रकारका गृञ्जन, तरुल, लसुन, रातो प्याज, सेतो प्याज, कमलकन्द आठ प्रकारका, गिठो, केमुक (बेतलौरी), मुसलीकन्द, कुभिण्डो, बिराले लहरो, सेतो मोथे, कुरिलो, अश्वगन्धा, बृहत्पाण्डु (?), सुदर्शन (?), अदुवा, इन्द्रजौको कन्द (सखरखण्ड ?), तिते गिठो, पर्वते कन्द (?), मौलिककन्द (?) र ओललाई कन्दगण (कन्दमूल वर्ग) भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कन्या
(Virgo)

परिभाषा :

(क) पराशरस्मृति :

अष्टवर्षा भवेद् गौरी नववर्षा तु रोहिणी । दशवर्षा भवेत् कन्या अत ऊर्द्ध्वं रजस्वला ॥

आठ वर्षकी गौरी, नौ वर्षकी रोहिणी, दश वर्षकी कन्या र त्यसभन्दा माथिकी रजस्वला हुन्छे ।

(ख) देवीभागवत् :

एकवर्षा न कर्तव्या कन्या पूजाविधौ नृप । परमज्ञा तु भोगानां गन्धादीनां च बालिका ॥
कुमारिका तु सा प्रोक्ता द्विवर्षा या भवेदिह । त्रिमूर्तिश्च त्रिवर्षा च कल्याणी चतुरब्दिका ॥
रोहिणी पञ्चवर्षा च षड्वर्षा कालिका स्मृता । चण्डिका सप्तवर्षा स्यादष्टवर्षा च शाम्भवी ॥
नववर्षा भवेद्दुर्गा सुभद्रा दशवार्षिकी । अत ऊर्ध्वं न कर्तव्या सर्वकार्यविगर्हिता ॥

राजा जनमेजयलाई व्या मुनि भन्नु हुन्छ- हे राजन् ! एकवर्षकी कन्यालाई कुमारी-पूजा नगर्नू । किनकि यसबेलासम्म ती बालिकालाई उपभोग र बास्ना आदिको ज्ञान हुँदैन । जब दुई वर्षकी हुन्छिन् तब उनलाई कुमारिका भनिन्छ । यसैगरी तीन वर्षकीलाई त्रिमूर्ति, चार वर्षकीलाई कल्याणी, पाँच वर्षकीलाई रोहिणी, छ वर्षकीलाई कालिका भनिन्छ । सात वर्षकीलाई चण्डिका, आठ वर्षकीलाई शाम्भवी र नौ वर्षकीलाई दुर्गा र दशवर्षकीलाई सुभद्रा भनिन्छ । यसभन्दा बढी उमेरकीलाई कन्या-पूजा नगर्नू । ती सबै (कन्या-पूजा) कार्यमा निन्दित मानिएका छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) अमरकोश, राज निघण्टु :

कन्या कुमारी गौरी तु नग्निकाऽनागतार्तवा ॥

कन्या, कुमारी, गौरी, नग्निका र अनागतार्तवा : यी कुमारीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कपर्द (कौडी)
(Covries)

परिभाषा :

(क) **कुलचन्द्र शर्मा :** कपर्द, वराटिका आदि भनेको कौडी हो ।
(ख) **के.यन.स्वामीः** कपर्दक, वराट र वराटिका भनेको कौडी हो ।
(ग) **नेपाली बृहत् शब्दकोश :** (१) कौडी : सानो खालको कौडो । (२) कौडो : घुँगीजस्तै एक थरी पानीकीराको सिपी वा शङ्ख जातको एकापट्टि दाँतीदार मुख हुने अस्थिकोष वा हाडको ढकनी ।
(घ) **भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री :** कौडालाई अंग्रेजीमा Covries भनिन्छ ।

कौडीहरू (तस्बिर श्रोत : आर्थिकन्यूज डटकम)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **कैयदेव निघण्टु :**

वराचरा वराटाश्च कपर्दा जलशुक्तयः । पित्तघ्नाः शुक्तयः सृष्टविण्मूत्रा चक्षुषोर्हिताः ॥

वराचरा, वराटा, कपर्दा र जलशुक्ती : यी कौडीहरूका नाम हुन् । कौडीहरू पित्तविकार नाश गर्ने, दिसापिसाब उत्पादक र आँखाका लागि लाभ दिने गुणका हुन्छन् ।

(ख) पर्याय रत्नमाला :

कपर्दश्च वराटकः ।

कपर्द र वराटक : यी कौडीका नाम हुन् ।

(ग) भावप्रकाश निघण्टु :

कपर्दको वराटश्च कपर्दी च वराटिका । कपर्दिका हिमा नेत्रहिता स्फोटक्षयापहा ॥
कर्णस्रावाग्निमान्द्यघ्नी पित्तास्रकफनाशिनी ॥

कपर्दक, वराट, कपर्दी र वराटिका : यी कौडीका संस्कृत पर्यायवाची नामहरू हुन् । कौडीले शीतल गर्दछ । यो आँखाका लागि लाभदायक हुन्छ । यसले खटिरा, क्षयरोग, कानबाट पानी-रगत-पीप बहने रोग, कमजोर पाचनशक्ति, रक्तपित्त र कफविकार नाश गर्दछ ।

(घ) मदनपाल निघण्टु : सङ्कलन : मोहन प्रसाद सापकोटा

कपर्दाः क्षुल्लका ज्ञेयाश्चराचरमराटकाः ॥ लघुशङ्खादयः शीता नेत्ररुक्स्फोटनाशनाः ॥

कपर्द, क्षुल्लक, चराचर र वराटक : यी कौडीका संस्कृत पर्यायवाची नामहरू हुन् । सानो शङ्ख, कौडी आदि शीतवीर्य भएका तथा आँखाका रोग र खटिरा (स्फोट) नाशक हुन्छन् ।

(ङ) राज निघण्टु :

कपर्दका वराटश्च कपर्दश्च वराटिका । चराचरश्चरो वर्यो बालक्रीडनकश्च सः ॥
कपर्दः कटुतिक्तोष्णः कर्णशूलव्रणापहः । गुल्मशूलामयघ्नश्च नेत्रदोषनिकृन्तनः ॥

कपर्दक, वराट, कपर्द, वराटिका, चराचर, चर, वर्य र बालक्रीडनक : यी कौडीका संस्कृत पर्यायवाची नामहरू हुन् । कौडी पिरो, तीतो, उष्णवीर्यको तथा कानको शूल, गुल्म, शूल र आँखाका रोग नाशक हुन्छ ।

(च) शालिग्राम निघण्टु :

कपर्दको वराटश्च कपर्दी च वराटिका ।

कपर्दक, वराट, कपर्द्दी र वराटिका : यी कौडीका पर्यायवाची नाम हुन् ।

कटूष्णा दीपनी वृष्या गुल्मवातकफापहा । परिणामादिशूलघ्नी ग्रहणीक्षयनाशिनी ॥

कौडी पिरो, उष्णवीर्यको, वीर्यवर्धक तथा गुल्म, वातविकार, कफविकार, परिणामशूल, ग्रहणी र क्षयरोग नाशगर्ने गुणको हुन्छ ।

वराटिका त्रिधा प्रोक्ता श्वेता शोणा त्रिधापरा ।
पीता च तीक्ष्णा चक्षुष्या श्वेता शोणा हिमा व्रणा ॥
अतिबिन्दुभिरश्वेतैर्लाञ्छिता रेखयाऽथवा । बालग्रहहरा नाना कौतुकेषु पूजिता ॥
पीता गुल्मयुता पृष्ठे रसयोगेषु योजयेत् । सार्ध निष्क प्रमाणासौ श्रेष्ठा योगेषु योजयेत् ॥
निष्कप्रमाणा मध्या सा हीना पादोन निष्कका ।

सेतो, रातो र पहेँलो गरी कौडी तीन किसिमको हुन्छ । पहेँलो कौडी तिक्खर र आँखाका लागि हितकर हुन्छ । सेतो र रातो कौडी शीतल गर्ने र घाउ भर्ने गुणका हुन्छन् । कालाकाला थोप्ला हुने वा रेखाकार कौडी बालकको ग्रहबाधा नाश गर्ने र अनेक थरी खेलबाडका लागि उपयोगी हुन्छ । ढाडमा पहेँला गाँठा हुने कौडी पारो आदि प्रशोधनका कार्यमा प्रयोग गर्नु पर्दछ । तौलनका लागि डेढ तोलाको कौडी उत्तम, एक तोलाको कौडी मध्यम र पौने तोलाको कौडी निम्नस्तरको हुन्छ ।

(छ) **सरस्वती निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

पर्पटीयो वराटश्च धनञ्जयकपर्दकौ ।

पर्पटीय, वराट, धनञ्जय र कपर्दक : यी कौडीका पर्यायवाची नाम हुन् ।

कपाट (खापा)
(Shutter, wooden or metal covers fitted to a window, door etc.)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

कपाटमवरन्तुल्ये ...।

कपाट (नपुं) र अव(र?)र (नपुं) यी दुई खापाका समानार्थी शब्द हुन् ।

(ख) अमरकोश :

कपाटमररं तुल्ये...।

कपाट (कवाट) र अरर : यी द्वारका नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कपालिका (दाँतको रोगविशेष)
(Tarter of the teeth)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

...सोऽप्युपेक्षितः । शातयत्यणुशो दन्तात्कपालानि कपालिका ।

दाँतमा काई जमेर हुने शर्करा रोगको उपेक्षा गर्दा दाँत माटाका खबटा जसरी पत्रपत्र (वा टुक्रा) भएर उप्किन थाल्दछ, यसलाई कपालिका रोग भनिन्छ ।

(ख) **भावप्रकाश संहिता :**

कपालेष्विव दीर्यत्सु दन्तेषु समलेषु च । कपालिकेति विज्ञेया दन्तच्छिद्दन्तशर्करा ॥
(कपालानि-मृन्मयघटादिखण्डानि तेष्विव समलेषु दन्तेषु-मलसहितदन्तावयवेषु दीर्यत्सु सत्सु या दन्तशर्करा सा कपालिकेति विज्ञेया सा कपालिका दन्तच्छिद्दन्तनाशिनी) ।)

काइ जमेको दाँतका भाग माटोको खबटा जसरी फुट्न थाल्दछन् । यदि दन्तशर्करा रोग पनि छ भने यस्तो रोगलाई कपालिका भनिन्छ । यसले दाँत टुक्रा टुक्रा बनाएर नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद मापकोटा

(ग) **माधव निदान :**

कपालेष्विव दीर्यत्सु दन्तानां सैव शर्करा । कपालिकेति विज्ञेया सदा दन्तविनाशिनी ॥

माटाका खबटा जस्तै गरी मानिसका दाँतका टुक्रा छियाछिया भई निकालेर दाँतलाई नाश गर्ने खालको दाँतको शर्करा रोगलाई "कपालिका" भनिन्छ ।

(घ) **सुश्रुत संहिता :**

दलन्ति दन्तवल्कानि यदा शर्करया सह । ज्ञेया कपालिका सैव दशनानां विनाशिनी ॥

जब शर्करा रोगसँगै दाँतका पत्र (इनामेल) निस्कन थाल्दछ तब यस्तो दाँतलाई नष्ट पार्ने खालको रोगलाई कपालिका भनी थाहा पाउनु पर्दछ ।

कपां (बाँदर)
(Monkey)

परिभाषा आदि :

(क) **नेपाली बृहत् शब्दकोश :** (१) अङ्गद : रामायणमा वर्णित राम-रावणयुद्धमा रामको पक्ष लिने एक प्रसिद्ध वानरसरदार; सुग्रीवको दाजु बालीको छोरो । (२) अपुच्छ : नरवानरानुगणभित्र पर्ने पुच्छर नहुने वानर । (३) अपुच्छख्यात चतुष्क : नरवानरानुगणभित्र पर्ने अपुच्छ नरवानरमा चार प्रकारका प्रसिद्ध नरवानर (शाखावानर, बनमान्छे, मेघ्यवानर र भीमवानर) । (४) अपुच्छ टाङ्गस : अफ्रिकाको टङ्गसनामक स्थानको गुफामा अश्मीभूत अवस्थामा पाइएको, पुच्छर नभएको, मानवजस्तो नरवानर । (५) उत्तिष्ठवानर : ढाड कुप्रो भए पनि आजको मान्छेझैँ पूरै दुई खुट्टाले टेकेर हिँड्ने आजभन्दा पाँच लाख वर्षपहिले सृष्टि भई लगभग सवा लाख वर्षसम्म पृथ्वीमा कायम रहेको आदिमानव; आग्नेय वानरभन्दा पछिको र नियन्डर मानवभन्दा पूर्वको आदिमानव; जाबा, केन्या, पेकिङ, हाइडेलवर्ग आदि ठाउँमा पाइएका जीवाश्मले प्रतिनिधित्व गरेको आदिम मानव । (६) उत्थितनरवानर : वानरसदृशानुगण र मानवानुगण दुवैमा पर्ने, गोडाको भरमा उठेर हिँड्ने मानवजस्तो वानर । (७) ऋष्यमूक : रामायणका कथाअनुसार वानरका राजा सुग्रीव बस्ने, दक्षिण भारतको एक पर्वत । (८) किनियानर : अश्मीभूत अस्थि-अवशेषका रूपमा किनियामा पाइएको मानवजस्तो देखिने नरवानर; रामवानरको हालसम्म पाइएका अश्मीभूत रूपमध्ये सबैभन्दा प्राचीन रूप । (९) किनियामानव : किनिया-नर । (१०) किनियावानर : किनिया-नर । (११) कूर्चमर्कट : कूर्चमर्कटानुगणभित्र पर्ने एक प्रकारको सानो वानर । (१२) कूचोजस्तो पुच्छर हुने सानो जातको वानर । (१३) कूर्चमर्कटानुगण : कूर्चमर्कटजस्तै एक प्रकारको सानो जातको वानर । (१४) गुना : स्तनपायी वर्गमा पर्ने, लामो पुच्छर भएको, वानर-जातिको एक प्रकार; लामपुच्छ्रे बाँदर । (१५) गुनी : कालो अनुहार हुने र पुच्छर लामो हुने, शरीरको रङ सेतो र कालो मिसिएर खैरोखैरो देखिने एक जातको वानर; पहरे बाँदर । (१६) चैतेबाँदर (चैतेवानर) : चैत्र महिनामा वसन्तको प्रभावले गर्दा कामुक भएको बाँदर । उक्त कामुकताले गर्दा धेरै परिश्रम परी चैत्रको अन्त्यमा दुब्लाएको बाँदर । (१७) ढेडु : हात, गोडा, मुख र पुच्छर कालो हुने ठूलो जातको वानर; लङ्गूर । (१८) ढेडुवा : ढेडु । (१९) त्रिनीलमानव : नृतत्त्व विज्ञानअनुसार द्वितीय हिमयुगका बीच समयमा जाभाको त्रिनील नामक ठाउँमा थियो भन्ने प्रमाणित गरिएको मानव; पुरातत्त्वविद् तथा नृतत्त्वविद्हरूले अस्थिका अवशेषका रूपमा प्राप्त गरेको नरवानरको अस्तित्व । (२०) दक्षिणी नरवानर : नृतत्त्वशास्त्रका अनुसार दक्षिणी अफ्रिकामा पाइने मानिसजस्तो वानर । (२१) नरवानर : नृतत्त्वशास्त्रका अनुसार मानव र वानर नछुट्टिएको, मानवजस्तो देखिने वानर; अश्मीभूत र मानवानुगणमा पर्ने प्राणी । (२२) नरवानर मानवगण : मानवजस्तो देखिने वानरको समूह; वनमान्छे; भीमवानरगणको समूह; अपुच्छ ख्यातचतुष्कमध्ये तीन । (२३) नरवानर मानवानुगण : मानव र मानवजस्तो देखिने वानरको सामूहिक नाम; नृतत्त्वशास्त्रमा आउने विस्तीर्णनास, सङ्कीर्णनास, सपुच्छ, अपुच्छ, पुच्छकपि अनुगण; अपुच्छ-ख्यातचतुष्क, मानवानुगण; शाखावानरानुगण; नरवानरगणजस्ता नरवानर । (२४) नल : रामका सेनाको एक वानर । (२५) निशाकपि : नृतत्त्वशास्त्रअनुसार दिनमा निष्क्रिय र रातमा सक्रिय रहने वानर; निशाकपि अनुगणमा पर्ने एक प्रकारको सानो वानर । (२६) निशाकपि अनुगण : निशाकपिजस्तै साना जातको वानरसमूह । (२७) पङ्कनरवानर : अश्मीभूत अस्थिअवशेषका रूपमा केन्यामा पाइएको, मानवजस्तो देखिने एक प्रकारको वानर; केन्यामानव । (२८) पुच्छकपि : अफ्रिकामा पाइने एक प्रकारको पुच्छ्रेवानर । कुनै पनि पुच्छ्रेबाँदर । (२९)

पुच्छकांपअनुगण : कांपं वा श्वकांपं र त्यस्तै प्रकारका वानरको सामूहिक नाम । (३०) पुरानरवानर : अफ्रिकाको स्टर्क फाउन्टेन नाम गरेको ठाउँमा पाइएको मानवजस्तो नरवानर । (३१) पूर्वअतिनूतन नरवानर : अश्मीभूत अस्थि अवशेषका रूपमा पाइएको मिस्रको नरवानर । (३२) पूर्वद्रुत नरवानर : अश्मीभूत अस्थि अवशेषका रूपमा पाइएको किनिया (पूर्वी अफ्रिका)-को मानवजस्तो देखिने वानर (प्रोकन्सल) । (३३) पेकिङमानव : पेकिङभन्दा सत्ताइस माइल पर रहेको चौकुतियान नामक स्थानको एउटा गुफामा १९२१ इस्वीमा प्राप्त जीवाश्मको आधारमा मानवशास्त्रले मान्यता दिएको प्राचीन मानव; उत्तिष्ठवानरको चिनियाँ प्रजाति; उत्तिष्ठवानरको जावामानवभन्दा केही पछिको अवस्था । (३४) प्रभास : रामवानर नामक आदिम मानवको आजभन्दा एक करोड दस लाख वर्षपूर्वको दाँतको अवयव फेला परेको, बुटवलबाट पाल्पा जाने बाटोमा पर्ने एक ठाउँ, पर्भास । (३५) प्राथमिक वर्ग : वानरानुगण, निशाकपि अनुगण, कूर्चमर्कट अनुगण, नरवानरानुगण र मानवानुगण आदि र तीजस्तै हाँगामा वास बस्ने अन्य स्तनपायी; शाखामृगको लागि एक सामूहिक संज्ञा; शाखामृग । (३६) बनमान्छे : मानवजस्तो देखिने वानर । नर-वानरगणमध्ये एक । (३७) बन्दर : वानर; बाँदर; वानर । (३८) बाँदर : वानर; कपि । (३९) भीमवानर : नृतत्त्वशास्त्रअनुसार मानवजस्तो देखिने डरलाग्दो जीव; डरलाग्दो वानर वा वानरगणमध्येको गुरिल्लासमूहको आदिमानव । (४०) मानव पूर्वकाल : नृतत्त्वशास्त्रअनुसार किनिया नर-वानर र त्यसभन्दा पहिलेको समय । (४१) मानव युग : नृतत्त्वशास्त्रअनुसार पृथ्वीमा पहिलोपल्ट मानवको सृष्टि प्रारम्भ हुन थालेको युग; आजभन्दा पचासदेखि चालीस लाख वर्षपहिले प्रारम्भ भएको युग । प्रातिनूतनाश्मको समस्त भाग वा हिमकल्पको समस्त भागलाई भनिने युग । (४२) मेध्यवानर : नृतत्त्वशास्त्रअनुसार चेतनायुक्त मानिसजस्तो बाँदर; नरवानरगणमध्ये एक; अपुच्छख्यातचतुष्कमध्ये एक । (४३) रामनरवानर : नृतत्त्वशास्त्रका अनुसार अश्मीभूत अस्थि अवशेषका रूपमा पाइएको नरवानर; शुष्कनरवानरको समसामयिक नरवानर । (४४) लुप्तशृङ्खला : नृतत्त्वशास्त्रअनुसार मानव र वानरका बीच बसेर मानवका पूर्वजसँग सम्बन्धको शृङ्खला जोड्ने एउटा मानवजस्तो प्राणी; दक्षिणी नरवानर । (४५) वानर : मानवजस्तै देखिने, रूखमा विचरण गर्ने प्रसिद्ध स्तनपायी प्राणी; बाँदर; कपि; मर्कट । (४६) वानरपुच्छे : बाँदरपुच्छे । (४७) वानर सदृशानुगण : वानरजस्ता प्राणीको समूह । अपुच्छख्यातचतुष्क र उत्थित नरवानर । (४८) वानरानुगण : नृतत्त्वको प्राथमिक वर्ग । निशाकपि अनुगण, कूर्चमर्कट अनुगण र नरवानरानुगणको समूह । (४९) वानरी : वानरसम्बन्धी; वानरको । पोथी वानर; बाँदर्नी । (५०) वालि : रामायणग्रन्थका अनुसार किष्किन्धा देशका प्रसिद्ध वानरराज; वानरका राजा । (५१) विस्तीर्णनास : ठूलो नाक भएको वानर; नरवानरानुगणको एक भेद । (५२) शाखामृग : शाखावानर । (५३) शाखा वानर : रूखका हाँगामा झुन्डिएर निर्वाह गर्ने, पुच्छर नभएको वानर; शाखावानरानुगणभित्र पर्ने वानर । (५४) शाखा वानरानुगण : रूखका हाँगामा झुन्डिएर बस्ने एक प्रकारको वानरको सामूहिक नाम; शाखावानर र त्यससित मिल्ने जातको वानरको समूह । (५५) शुष्क नरवानर : शिवालिक पर्वतश्रृङ्खलामा अश्मीभूत अस्थिअवशेषका रूपमा पाइएको (५६) मानवजस्तो देखिने वानर । (५७) सङ्कीर्णनास : नृतत्त्वशास्त्रका अनुसार सानो नाक हुने एक जातको वानर; वानरको एक भेद । (५८) सपुच्छ : नरवानरानुगणभित्र पर्ने सङ्कीर्णनास वानरमा पुच्छर हुने बाँदर । (५९) समर्थ मानव : नृतत्त्वका दक्षिणी नरवानर र लुप्तशृङ्खला । (६०) सिंहपुच्छे : सिंहको जस्तो पुच्छर भएको एक जातको वानर । (६१) सिवनरवानर : नृतत्त्वशास्त्रका अनुसार शिवालिक पर्वतमा पाइएजस्तै केन्यामा पाइएको, मानवजस्तै देखिने, अश्मीभूत अस्थिअवशेषका रूपमा फेला परेको वानर । शिवालिकमा पाइएको मानवजस्तो देखिने वानर । (६२) सुग्रीव : रामायणप्रसिद्ध वानरराज; पुराणप्रसिद्ध बालिका भाइ । (६३) हनुमान् : रामायणप्रसिद्ध रामभक्त एक वानर; वायुपुत्र; अञ्जनीकुमार । (६४) हाइडेलवर्ग मानव : नृतत्त्वशास्त्रका अनुसार जर्मनीको हाइडेलवर्ग नामक

सङ्कलन : मोहन प्रसाद सापकोटा

स्थानमा १९०७ इ० मा पहिलोपल्ट अश्मीभूत अस्थिअवशेषका रूपमा पाइएको नरवानर; आजभन्दा लगभग छ लाख वर्षपूर्वको मानव । (६५) हरि : बाँदर ।

(ख) **डा.सतिश चन्द्र साङ्ख्यधर** : बाँदरलाई अंग्रेजीमा The Monkey, Semnopithecus भनिन्छ ।

यसरी आधुनिक विज्ञानले आधुनिक मानवको उत्पत्ति भएको करिब तीन लाख वर्ष मात्र भएको र वानर हुँदै मानव भएको तर्क गर्दछ । तर, पूर्वीय दर्शन अनुसार मानव र वानर बेग्लाबेग्लै सृष्टि भएका र मानव सृष्टि भएको करिब १ अरब ५८ करोड वर्ष भइसकेको छ भन्दछ । नेपालमा पाइएको १ करोड दश लाख वर्ष पुरानो नरवानरको दाँतको अवयवको बारेमा थप कुरा थाहा हुन सकेन । अन्य देशमा त सियो पाउँदा पनि हल्लिखल्लि गर्दथे । प्रमाण भेटिएका स्थान वा देशकै नाममा सिद्धान्त बन्दथे, नामाकरण हुन्थे । हामीसँग भने चार-पाँच वर्ष हजार अगाडिकै ऐतिहासिक प्रमाण पनि कसैले दया

आसामी वा पहरे बाँदर (तस्बिर श्रोत : नेपाल सरकारको वन्यजन्तु संरक्षणसम्बन्धी पोष्टर)

गरेर उपहार दिए मात्र पाइने अवस्था छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

वानरवामवनौकश्शाखामृगमर्कटाः कपिः कीरः ।
प्लवगप्लवङ्गहरयः प्लवङ्गमश्चेत्यभिन्नार्थाः ॥

वानर, वाम, वनौकस्, शाखामृग, मर्कट, कपि, कीर (श ?), प्लवग, प्लवङ्ग, हरय र प्लवङ्गम : यी बाँदरका पर्यायवाची नाम हुन् ।

(ख) अष्टाङ्ग निघण्टु :

कपिः प्लवङ्गप्लवगशाखामृगवलीमुखाः । मर्कटो वानरः कीशः वनौकाः फलभक्षकः ॥

कपि, प्लवङ्ग, प्लवग, शाखामृग, वलीमुख, मर्कट, वानर, कीश, वनौकस् र फलभक्षक : यी बाँदरका पर्यायवाची नाम हुन् ।

(ग) कैयदेव निघण्टु :

बलीमुखो हरिः कीशो वनौकाः वानरः कपिः । पूर्वागमो वनचरो दुर्मुखो वनगोचरः ॥
शाखामृगः कृकुः कुः स्यात् प्लवङ्गः प्लवगः प्लवः ।
गोलाङ्गूलः कृष्णमुखो ताम्रतुण्डश्च मर्कटः ॥
मांसं शाखामृगं किञ्चित् कषायं कटु तिक्तकम् । मेदःपाण्ड्वामयश्वासकृमिवातविनाशनम् ॥

बलीमुख, हरि, कीश, वनौका, वानर, कपि, पूर्वागम, वनचर, दुर्मुख, वनगोचर, शाखामृग, कृकु, कु, प्लवङ्ग, प्लवग, प्लव, गोलाङ्गूल, कृष्णमुख, ताम्रतुण्ड र मर्कट : यी बाँदरका पर्यायवाची नाम हुन् । बाँदरको मासु केही टर्रो, पिरो, तितो तथा बोसोविकार, पाण्डु, आमविकार, दम, कीरा र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(घ) धन्वन्तरि निघण्टु : सङ्कलन : मोहन प्रसाद सापकोटा

मर्कटो वानरः कीशो हरिः शाखामृगः कपिः ।
प्लवङ्गमो वनौकाश्च प्लवङ्गः प्लवगः प्लवः ॥
सन्तर्पणो वृष्यतमः श्लेष्मलो बलवर्धनः ।
कषायो बद्धविण्मूत्र आमवातकफापहः ॥
वानरः पवनश्वासमेदःपाण्डुकृमीञ्जयेत् ।

मर्कट, वानर, कीश, हरि, शाखामृग, कपि, प्लवङ्गम, वनौका, प्लवङ्ग, प्लवग र प्लव : यी बाँदरका पर्यायवाची नाम हुन् । यसको मासु तृप्तिदायक, अती वीर्यवर्धक, कफविकार गर्ने, बल बढाउने, टर्रो, दिसापिसाब कस्ने तथा आमविकार, वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । यसले वातविकार, दम, बोसोविकार, पाण्डु र कीरालाई समेत जित्दछ ।

(ङ) पर्यायरत्नमाला :

शाखामृगः प्लवङ्गश्च मर्कटो वानरः कपिः ।

शाखामृग, प्लवङ्ग, मर्कट, वानर र कपि : यी बाँदरका पर्यायवाची नाम हुन् ।

(च) **मदनपाल निघण्टु :**

वानरो मर्कटः कीशो वनौकाश्च वलीमुखः । हरिः शाखामृगः प्लावी प्लवङ्गः प्लवगः कपिः ॥
वानरः पवनश्वासमेदः पाण्डुक्रिमीञ्जयेत् ॥

वानर, मर्कट, कीश, वनौकस्, वलीमुख, हरि, शाखामृग, प्लावी, प्लवङ्ग, प्लवग र कपि : यी वानरका संस्कृत पर्यायवाची नामहरू हुन् । बाँदरको मासुले वातविकार, दम, भित्रीबोसोको विकार, पाण्डु र कीरालाई पनि जित्दछ ।

(छ) **राज निघण्टु :**

वानरो मर्कटः कीशः कपिः शाखामृगो हरिः । प्लवङ्गमो वनौकाश्च प्लवङ्गः प्लवगः प्लवः ॥

वानर, मर्कट, कीश, कपि, शाखामृग, हरि, प्लवङ्गम, वनौका, प्लवङ्ग, प्लवग र प्लव : यी वानरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गोलाङ्गूलस्तु गौरास्यः कपिः कृष्णमुखो हि सः । मन्दुराभूषणाख्योऽयं विज्ञेयः कृष्णवानरः ॥

गोलाङ्गूल, गौरास्यः कपिः, कृष्णमुख, मन्दुराभूषण र कृष्णवानर : यी वानरका जातहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कपित्थ (कैथ)
(Wood Apple)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कपित्थ, दधित्थ आदि नाम कैथका हुन् ।

(ख) के.यन.स्वामी : कपित्थ : कैथको रूख । ग्राहिफल, ग्राही : कैथ ।

(ग) नेपाली बृहत् शब्दकोश (१) कैथ : बाहिर खैरो अत्तरछाला हुने र गुदीचाहिँ अमिलो हुने बेलजस्तो एक फल । (२) कपित्थ : बेलजस्तो रूख हुने, साह्रो, खैरो, बेलजस्तै र त्यत्रै फल लाग्ने एक प्रकारको बोट; त्यसैको फल; कैथ ।

कैथ (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Wood Apple वा Elephant Apple र ल्याटिन भाषामा *Feronia elephantum* Correa भनिन्छ ।

(ङ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Feronia limonia* (Linn.) पनि र अंग्रेजी नाम Card fruit पनि हो ।

(च) डा.सतिश चन्द्र साङ्ख्यधर : कैथलाई ल्याटिन भाषामा *Feronia limonia* (Linn.) Swingle वा *Feronia elephantum* Correa भनिन्छ ।

(छ) कामतद्वय : यो Rutaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Feronia limonia* (Linn .) Swingle Syn *: F. elephantum* Correa. हो ।

(ज) फर्माकोपिया : यो Rutaceae परिवारमा पर्दछ । यसको वास्पतिक नाम *Feronia limonia* (Linn.) Swingle. Syn.*F. elephantum* Correa हो । अंग्रेजीमा यसलाई Wood apple भनिन्छ । यसको फलको ताजा गुदी को धुलो एक मात्रामा १-३ ग्रामसम्म ओखतीमा प्रयोग हुन्छ ।

(झ) शालिग्राम वैद्य : यसलाई अंग्रेजीमा Wood apple, Elephant apple भनिन्छ । यसको वानस्पतिक नाम *Feronia Elephantum* हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

...दधित्थग्राहिमन्मथाः॥ तस्मिन् दधिफलः पुष्पफलदन्तशठावपि ।

दधित्थ, ग्राहि, मन्मथ, दधिफल, पुष्पफल र दन्तशठ : यी कैथका नाम हुन् ।

(ख) आंभधानमञ्जरां :

कपित्थः फलगन्धी च दधित्थो मन्मथः कपिः । कपिप्रियश्चाक्षमत्स्यश्चिरपाकी विषद्रुमः ॥
ग्राही हृद्यो मूषिकघ्नः स्मृतो दधिफलो बुधैः ॥

कपित्थ, फलगन्धी, दधित्थ, मन्मथ, कपि, कपिप्रिय, आक्षमत्स्य, चिरपाकी, विषद्रुम, ग्राही, हृद्य, मूषिकघ्न र दधिफल : यी कैथका पर्यायवाची नाम हुन् ।

(ग) अभिधान रत्नमाला :

कपित्थस्तु दधिच्छत्रो दधित्थोसुरभिच्छदः ।
मूषकघ्नो दृढफलो ग्राही फलसुगन्धिकः ॥

कपित्थ, दधिच्छत्र, दधित्थ, सुरभिच्छद, मूषकघ्न, दृढफल, ग्राही र फलसुगन्धिक : यी कैथका पर्यायवाची नाम हुन् ।

(घ) अमरकोश :

...अथ कपित्थे स्युर्दधित्थग्राहिमन्मथाः ।
तस्मिन्दधिफलः पुष्पफलदन्तशठावपि ॥

कपित्थ (कबित्थ), दधित्थ, ग्राहिन्, मन्मथ, दधिफल, पुष्पफल र दन्तशठ : यी कैथका पर्यायवाची नामहरू हुन् ।

(ङ) अष्टाङ्ग निघण्टु :

कपित्थोऽथ दधित्थश्च दुर्मदः सुरभिच्छदः ।

कपित्थ, दधित्थ, दुर्मद र सुरभिच्छद : यी कैथका पर्यायवाची नाम हुन् ।

(च) आयुर्वेद महोदधि :

आमं कण्ठहरं कपित्थमधिकं जिह्वाजडत्वप्रदं तद्दोषत्रयकोपनं विषहरं संग्राहकं रोचनम् ।
पक्वं श्वासवमिक्लमश्रमतृषाहिध्मापनोदक्षमं सर्वं ग्राहि विषापहं च कथितं सेव्यं ततः सर्वदा ॥

काँचो कैथले घाँटी समाउँदछ (वा बसाउँदछ), विशेषगरी जिब्रोलाई लाटो पार्दछ, त्रिदोष गर्दछ, विषको असर नाश गर्दछ, कब्जियत गर्दछ र रुचि जगाउँदछ । पाकेको कैथले दम, वाकवाकी, क्लम, थकाई, तिर्खा र बाडुली नाश गर्दछ । सबै खालका कैथले कब्जियत गर्दछन् र विषको असर नाश गर्दछन् । पाकेको कैथ विशेष गुणको हुनाले खान योग्य हुन्छ ।

(छ) **काश्यप संहिता :**

योनिनासामुखश्रोत्रदौर्गन्ध्ये पिच्छिलेषु च । कपित्थतैलं पिचुभिर्धारयेयुः सदा स्त्रियः ॥

जननेन्द्रिय, नाक, मुख र कान दुर्गन्धित भई लेस्याइलो भइरहने स्त्रीहरूले सधैँ कपासका माध्यमले खयरको तेल यी स्थानमा लगाउने गर्नुपर्दछ ।

(ज) **कैयदेव निघण्टु :**

कपित्थको दधित्थः स्यात् तक्रास्थित् सुरभिच्छदः ।
अक्षिसस्यो दधिफलो ग्राही ग्राहिफलो दधिः ॥ हृद्यः कषायाम्रलफलश्चिरपाकी कपिप्रियः ।

कपित्थक, दधित्थ, तक्रास्थित्, सुरभिच्छद, अक्षिसस्य, दधिफल, ग्राही, ग्राहिफल, दधि, हृद्य, कषायाम्रलफल, चिरपाकी र कपिप्रिय : यी कैथका पर्यायवाची नाम हुन् ।

आमं कपित्थं सङ्ग्राहि कषायं लघु लेखनम् ॥ रूक्षाम्लं विषकण्ठघ्नं कफजित् वातपित्तकृत् ।

कैथको काँचो फल ग्राहि, टर्रो, पचाउन सहज, लेखनी, रुखो, अमिलो, विषविकार र घाँटीका रोग नाश गर्ने, कफविकारलाई जित्ने तथा वातविकार र पित्तविकार गर्ने गुणको हुन्छ ।

संकलन : मोहन प्रसाद सापकोटा

पक्वं गुरु कषायाम्लं स्वादु हिक्कात्रिदोषजित् ॥
वमिकासतृषाश्वासशमनं कण्ठशोधनम् । सङ्ग्राहि रोचनं हृद्यं दुर्जरं मूत्रदोषजित् ॥

कैथको पाकेको फल टर्रो, अमिलो, गुलियो, बाडुली र त्रिदोषलाई जित्ने; वाकवाकी, खोकी, तिर्खा र दमलाई शान्त पार्ने; घाँटीलाई प्रशोधन गर्ने, ग्रासह, रुचिप्रद, मुटुका लागि हितकर, ढिलो पच्ने र पिसाबका विकारलाई जित्ने गुणको हुन्छ ।

कपित्थबीजं गरहृत् तत्कपालविसर्पनुत् ।

कैथका बीज गरविष र टाउकाको खटिरा नाश गर्ने गुणको हुन्छ ।

कपित्थपत्रं हिक्काघ्नं छर्द्यतीसारनाशनम् ॥

कैथको पात बाडुली, वाकवाकी र छेरपटी नाश गर्ने गुणको हुन्छ ।

पुष्पमाखुविषं हन्यात् कपित्थस्य विशेषतः ।

कैथको फूलले विशेषगरी मूसाको विषविकार नाश गर्दछ ।

कषायं स्वादु कापित्थं तैलमाखुविषापहम्॥ कफपित्तहरं ग्राहि वमिहिक्काविषामहम्।

कैथको तेल टर्रो, गुलियो; मूसाको विषविकार, कफविकार र पित्तविकार नाश गर्ने, ग्राहि तथा वाकवाकी, बाडुली, विषविकार र आमविकार नाश गर्ने गुणको हुन्छ ।

(झ) द्रव्यगुण सङ्ग्रह :

कपित्थमामं कण्ठघ्नं विषघ्नं ग्राहि वातलम्। मधुराम्लकषायत्वात् सौगन्ध्याच्च रुचिप्रदम्॥
तदेव सिद्धं दोषघ्नं विषघ्नं ग्राहि गुर्वपि॥

काँचो कैथ घाँटीका रोग र विषविकार नाश गर्ने, ग्राहि र वातविकार गर्ने गुणको हुन्छ । गुलियो, अमिलो, टर्रो र सुगन्धि हुनाले यो रुचिप्रद हुन्छ । पाकेको कैथ त्रिदोष र विषविकार नाश गर्ने, ग्राहि र पचाउन कठिन हुने गुणको हुन्छ ।

(ञ) धन्वन्तरि निघण्टु :

कपित्थोऽथ दधित्थस्तु ग्राही गन्धफलश्च सः। अक्षसस्यो दधिफलश्चिरपाकी कपिप्रियः॥
कपित्थमाममस्वर्यं कफघ्नं ग्राहि वातलम्। कफानिलहरं पक्वं मधुराम्लरसं गुरु॥
श्वासकासारुचिहरं तृष्णाघ्नं कण्ठशोधनम्।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कपित्थ, दधित्थ, ग्राही, गन्धफल, अक्षसस्य, दधिफल, चिरपाकी र कपिप्रिय : यी कैथका पर्यायवाची नाम हुन्। काँचो कैथ स्वरका लागि हितकर हुँदैन । यसले कफिवकार नाश गर्दछ, ग्राही हुन्छ र वातविकार गर्दछ। पाकेको खयर कफविकार र वातविकार नाशगर्ने, गुलियो, अमिलो, पचाउन कठिन तथा दम, खोकी, अरुची र तिर्खा नाशगर्ने एवं घाँटी सफा गर्ने गुणको हुन्छ ।

(ट) निघण्टुशेष :

कपित्थे वानरावासो गन्धपत्रः कपिप्रियः। पुष्पफलो दधिफलो दधित्थ-ग्राहि-मन्मथाः॥
अक्षिस्पन्दो दन्तशठो राजाम्रश्चिरपाक्यपि॥
(कपयोऽस्मिन् तिष्ठन्ति कपित्थः, कपिप्रियत्वात्, कपिरिव तिष्ठतीति वा । वानराणामावासो वानरावासः। गन्धयुक्तानि पत्राण्यस्य गन्धपत्र। कपीनां प्रियः कपिप्रियः। पुष्पाण्येव फलमस्य पुष्पफलः । दधिवदम्लमधुरं फलमस्य दधिफलः । दध्नि तिष्ठति दधित्थः । गृह्णातीति ग्राही, स्तम्भकारित्वात्, ग्रहादित्वाद्। मनो मथ्नाति मन्मथः, मथति चित्तमिति वा । अक्षि स्पन्दते अस्मादिति अक्षिस्पन्दः। दन्तेषु शठः अम्लत्वादिति दन्तशठः। राजा चासौ आम्रश्च राजाम्रः । चिरेण पाकोऽस्य चिरपाकी।)।

कपित्थ, वानरावास, गन्धपत्र, कपिप्रिय, पुष्पफल, दधिफल, दधित्थ, ग्राहि, मन्मथ, अक्षिस्पन्द,

दन्तशठ, राजाम्र र चिरपाकी : यी कैथका पर्यायवाची नाम हुन् ।

(ठ) **पर्याय रत्नमाला :**

दधित्थश्च कपित्थकः ।

दधित्थ र कपित्थक : यी कैथका पर्यायवाची नाम हुन् ।

(ड) **भावप्रकाश निघण्टु :**

कपित्थस्तु दधित्थः स्यात्तथा पुष्पफलः स्मृतः । कपिप्रियो दधिफलस्तथा दन्तशठोऽपि च॥
कपित्थमामं संग्राहि कषायं लघु लेखनम् । पक्वं गुरु तृषाहिक्काशमनं वातपित्तजित्॥
स्यादम्लं तुवरं कण्ठशोधनं ग्राहि दुर्जरम् ।

कपित्थ, दधित्थ, पुष्पफल, कपिप्रिय, दधिफल र दन्तशठ : यी कैथका संस्कृत पर्यायवाची नामहरू हुन् । कैथको काँचो फल सङ्ग्राही, टर्रो, पचाउन हलुका र लेखनी गुणको हुन्छ । पाकेको फल पचाउन कठिन तथा तिर्खा, बाडुली, वातविकार र पित्तविकार नाशक हुन्छ । यो अमिलो र टर्रो हुन्छ । यसले घाँटी सफा गर्दछ । यो सङ्ग्राही र ढिलो पच्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ढ) **मदनपाल निघण्टु :**

कपित्थको दधिफलः कपित्थः सुरभिच्छदः । कपित्थमामं सङ्ग्राहि लघु दोषत्रयापहम्॥

कपित्थक, दधिफल, कपित्थ र सुरभिच्छद : यी कैथका संस्कृत पर्यायवाची नामहरू हुन् । काँचो कैथ ग्राही, पचाउन सहज र त्रिदोष नाशक हुन्छ ।

पक्वं गुरु तृषाहिक्काशमनं वातपित्तजित् । स्वाद्वम्लं तुवरं कण्ठशोधनं ग्राहि दुर्जरम्॥

पाकेको कैथ पचाउन कठिन, तिर्खा र बाडुली शान्त पार्ने तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ । यो स्वादिलो, अमिलो र टर्रो हुन्छ । यसले घाँटी सफा गर्दछ, ग्राहि हुन्छ र ढिला पच्दछ ।

(ण) **माधव द्रव्यगुण :**

कपित्थमामं कण्ठघ्नं विषघ्नं ग्राहि वातलम् । मधुराम्लकषायञ्च सौगन्ध्याच्च रुचिप्रदम्॥
तदेव पक्वं दोषघ्नं विशदं ग्राहि गुर्वपि । सङ्ग्राहि तद्रुचिकरं रूक्षं पित्तकफापहम्॥

काँचो कैथ घाँटीका रोग र विषविकार नाश गर्ने, ग्राहि र वातविकार गर्ने गुणको हुन्छ । गुलियो, अमिलो, टर्रो र सुगन्धि हुनाले यो रुचिप्रद हुन्छ । पाकेको कैथ त्रिदोष नाशक, मनमोहक, ग्राहि र

पचाउन कठिन हुने गुणको हुन्छ ।यो ग्राहि, रुचिप्रद, रुखो तथा पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

(त) **राज निघण्टु :**

मालूरस्तु कपित्थो मङ्गल्यो नीलमल्लिका च दधि ।
ग्राहिफलश्चिरपाकी ग्रन्थिफलो कचफलो दधिफलश्च ॥
गन्धफलश्च कपीष्टो वृत्तफलः करभवल्लभश्चैव ।
दन्तशठः कठिनफलः करण्डफलकश्च सप्तदशसञ्ज्ञः ॥

(१) मालूर, (२) कपित्थ, (३) मङ्गल्य, (४) नीलमल्लिका, (५) दधि, (६) ग्राहिफल, (७) चिरपाकी, (८) ग्रन्थिफल, (९) क(कु)चफल, (१०) दधिफल, (११) गन्धफल, (१२) कपीष्ट, (१३) वृत्तफल, (१४) करभवल्लभ, (१५) दन्तशठ, (१६) कठिनफल र (१७) करण्डफलक : यी सत्र नाम कैथका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कपित्थो मधुराम्लश्च कषायस्तिक्तशीतलः । वृष्यः पित्तानिलं हन्ति सङ्ग्राही व्रणनाशनः ॥
आमं कपित्थाम्लोष्णां कफघ्नं ग्राहि वातलम् । दोषत्रयहरं पक्वं मधुराम्लरसं गुरु ॥

कैथ गुलियो, अमिलो, टर्रो, तीतो र शीतवीर्यको हुन्छ । यो वीर्यवर्धक, पित्तविकार र वातविकार नाशक, ग्राही र घाउखटिरा नाशक हुन्छ । काँचो कैथ अमिलो, उष्णवीर्यको, कफविकार नाशक, ग्राही र वातविकार गर्ने गुणको हुन्छ । पाकेको कैथ त्रिदोष नाशक, गुलियो र अमिलो स्वादको तथा पचाउन कठिन हुने गुणको हुन्छ ।

आमं कण्ठरुजं कपित्थमधिकं जिह्वाजडत्वावहं तद्दोषत्रयवर्धनं विषहरं सङ्ग्राहकं रोचकम् ।
पक्वं श्वासवमिश्रमक्लमहरं हिक्काऽपनोदक्षमं सर्वं ग्राहि रुचिप्रदं च कथितं सेव्यं ततः सर्वदा ॥

काँचो कैथ घाँटीका रोगका लागि र विशेषत जिभ्रोको लाटो पन हटाउनका लागि ओखती हुन्छ । यसले त्रिदोष बढाउँदछ र विषविकार नाशक गर्दछ । यो ग्राही र रोचक हुन्छ । पाकेको कैथले दम, वाकवाकी, थकाई र मानसिक थकाई नाश गर्दछ । यसले बाडुलीलाई रोक्दछ । सम्पूर्णरूपमा यो ग्राही र रुचिप्रद हुन्छ, यसैले सधैं खाने गर्नु भनिएको छ ।

(थ) **राजवल्लभ निघण्टु :**

कपित्थमामं कण्डूघ्नं विषघ्नं ग्राहि वातलम् । मधुराम्लकषायत्वात् सौगन्ध्याच्च रुचिप्रदम् ॥

काँचो कैथ लुतो र विषविकार नाशक, ग्राहि, वातविकार गर्ने, गुलियो, अमिलो तथा टर्रो र सुगन्धि हुनाले रुचिप्रद हुन्छ ।

तदेव पक्वं दोषघ्नं गुरु ग्राहि विषापहम् ॥

त्यही कैथको पाकेको फल दोषनाशक, पचाउन कठिन, ग्राहि र विषविकार नाशगर्ने गुणको हुन्छ ।

(द) शालिग्राम निघण्टु :

कपित्थस्तु दधित्थः स्यात्तथा पुष्पफलः स्मृतः । कपिप्रियो दधिफलस्तथा दन्तशठोऽपि च॥

कपित्थ, दधित्थ, पुष्पफल, कपिप्रिय, दधिफल र दन्तशठ : यी कैथका पर्यायवाची नाम हुन् ।

कपित्थमम्लं मधुरं कषायं विशदं गुरु ।
कासातिसारहृद्रोगच्छर्दिकफरुजापहम्॥ (आत्रेय संहिता)

कैथ अमिलो, गुलियो, टर्रो, सुन्दर, पचाउन कठिन तथा खोकी, अतिसार, मुटुका रोग, वाकवाकी र कफविकार नाश गर्ने गुणको हुन्छ ।

कपित्थं मधुरं चाम्लं तुवरं ग्राहि शीतलम् । वृष्यं तिक्तं पित्तवातव्रणनाशकरं मतम्॥
फलमामं कपित्थस्य ग्राहि चोष्णं च रूक्षकम् । लघ्वम्लं तुवरं चैव लेखनं वातपित्तकृत्॥
जिह्वाजाड्यकरं रुच्यं विषस्वरकफप्रणुत् । तत्पक्वं रुचिदं चाम्लं कषायं ग्राहि माधुरम्॥
कण्ठशुद्धिकरं शीतं गुरु वृष्यं च दुर्जरम् । श्वासं क्षयं रक्तरुजं वान्तिं वातं श्रमं तथा॥
हिध्मानं च विषं ग्लानिं तृषां दोषत्रयं तथा । हिक्कां कासं नाशयति बीजं च हृद्व्यथापहम्॥
शीर्षव्यथां विषं चैव विसर्पं चैव नाशयेत् । बीजतैलञ्च तुवरं ग्राहकं स्वादु पित्तनुत्॥
आखोर्विषं कफञ्चैव हिक्कां वान्तिं च नाशयेत् । विषनाशकरं पुष्पं पर्णवान्त्यतिसारनुत्॥
हिक्कां नाशयतीत्येवं प्रोक्तं पूर्वैर्महर्षिभिः । (निघण्टु रत्नाकर)

कैथ (तस्विर श्रोत : आचार्य बालकृष्ण)

कैथ गुलियो, अमिलो, टर्रो, ग्राहि, शीतवीर्यको, वीर्यवर्धक, तितो तथा पित्तविकार, वातविकार र खटिरा नाश गर्ने गुणको हुन्छ । कैथको काँचो फल ग्राहि, उष्णवीर्यको, रुखो, पचाउन सहज, अमिलो, टर्रो, लेखनी तथा वातविकार पित्तविकार गर्ने गुणको हुन्छ । यो जिब्रो लटचाउने, रुचिप्रद तथा विषविकार , स्वरको समस्या र कफविकार नाश गर्ने गुणको समेत हुन्छ । कैथको पाकेको फल रुचिप्रद, अमिलो, टर्रो, ग्राहि, गुलियो, घाँटी सफा गर्ने, शीतवीर्यको, पचाउन कठिन, वीर्यवर्धक र ढिलो पच्ने गुणको हुन्छ । यसले दम, क्षयरोग, रक्तविकार, वाकवाकी, वातविकार, थकाई, बाडुली, विषविकार, मानसिक थकाई, तिर्खा, त्रिदोष, बाडुली

(दोहोरो ?) र खोकी समेत नाश गर्दछ । कैथको बोंच मुटुका रोग, टाउकोकाको शूल, विषविकार र विसर्प रोग नाश गर्ने गुणको हुन्छ । कैथको बीजको तेल टर्रो, ग्राहि, गुलियो तथा पित्तविकार, मुसाको विषविकार, कफविकार, बाडुली र वाकवाकी नाश गर्ने गुणको हुन्छ । कैथको फूलले विषविकार नाश गर्दछ । साथै, कैथको पात वाकवाकी, अतिसार र बाडुली नाश गर्ने गुणको हुन्छ भनी पहिलेका महर्षिहरूले बताएका छन् ।

(ध) **सरस्वती निघण्टु :**

कपित्थो मन्मथो ग्राही दधित्थः सुरभिच्छदः । सुगन्धिकोदन्तशठश्चिरपाकीकपिप्रियः ॥

कपित्थ, मन्मथ, ग्राही, दधित्थ, सुरभिच्छद, सुगन्धिक, दन्तशठ, चिरपाकी र कपिप्रिय : यी कैथका पर्यायवाची नाम हुन् ।

(न) **सोढल निघण्टु :**

कपित्थे तु दधित्थः स्याद् ग्राहिफलः सुगन्धिकः ।
अक्षिसस्यो दधिफलः चिरपाकी कपिप्रियः ॥
सङ्ग्राहकः शुक्तफलः धूसरः कण्टकद्रुमः । गन्धफलो हृद्यगन्धो दन्तशठो विशालकः ॥

कपित्थ, दधित्थ, ग्राहिफल, सुगन्धिक, अक्षिसस्य, दधिफल, चिरपाकी, कपिप्रिय, सङ्ग्राहक, शुक्तफल, धूसर, कण्टकद्रुम, गन्धफल, हृद्यगन्ध, दन्तशठ र विशालक : यी कैथका पर्यायवाची नाम हुन् ।

(प) **सौश्रुत निघण्टु :**

कपित्थश्च दधित्थश्च स्वादुपत्रो महाद्रुमः ।
हृद्यफलः सुगन्धश्च सङ्ग्राही च प्रकीर्तितः ॥

कपित्थ, दधित्थ, स्वादुपत्र, महाद्रुम, हृद्यफल, सुगन्ध र सङ्ग्राही : यी कैथका पर्यायवाची नाम हुन् ।

(फ) **हारीत संहिता :**

कपित्थकाम्लं मधुरं कषायं विषदं गुरु ।
कासातिसारहृद्रोगच्छर्द्यामयकफापहम् ॥
कपित्थं मधुरं शीतं कषायं ग्राहकं लघु ॥

कैथको सुकाइएको धुलो गुलियो र टर्रो हुन्छ । कब्जियत गर्दछ र पचाउन कठिन हुन्छ । यसले खोकी, अतिसार, हृदयका रोग, वाकवाकी र कफविकार नाश गर्दछ । ताजा कैथ स्वादिलो, शीतल गर्ने, टर्रो, सङ्ग्राही र पचाउन हलुका हुन्छ ।

(ब) **हृदयदीपक निघण्टु :**

नन्दी नन्दीवृक्षो दधिनामा दधित्थकं कपित्थं च ।

नन्दी, नन्दीवृक्ष, दधिनामा, दधित्थक र कपित्थ : यी कैथका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कपित्थपत्रा (वृक्षविशेष)
(Kapithapatree)

परिभाषा :

(क) आयुर्वेदीय महाकोश : (१) कपित्थपत्रा : वृक्षविशेषः। कपित्थालीति कैवठपत्रीति महाराष्ट्रे।

(ख) आयुर्वेदीय विश्वकोष : (१) कपित्थपत्रा : कैथको जस्तै पात हुने एकप्रकारको वृक्ष; कपित्थपत्री; कपित्थपर्णी।

(ग) हिन्दी विश्वकोश : कपित्थस्य पर्णमिव पर्णं पत्रं यस्याः। वृक्षविशेष। भारतको महाराष्ट्रतिर यसलाई कंवटपत्री भन्दछन्।

(घ) प्रसिद्ध वनस्पति विज्ञ दिनेश वाल्केले Molluginaceae परिवारमा पर्ने *Glinus oppositifolius* वानस्पतिक नाम भएको वनस्पतिलाई कपित्थपत्रा नाम दिएका छन्।

(ङ) शब्दकल्पद्रुम (कपित्थपर्णी) : वृक्षविशेष।

संस्कृत पर्यायवाची नामहरू :

(क) अष्टाङ्ग निघण्टु :

कपित्थपत्री झरसी निर्झरा झरपत्रिका।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कपित्थपत्री, झरसी, निर्झरा र झरपत्रिका : यी कपित्थपत्रीका पर्यायवाची नाम हुन्।

(ख) कैयदेव निघण्टु :

कपित्थपत्रा सरसी फणिजा रूपपत्रिका। कूलजा वनजा ज्ञेया निर्जरा पुष्पपत्रिका॥
तुम्बपत्री चारुपत्री विरूपा चित्रपत्रिका। कपित्थपत्रिका तिक्ता कषाया कटुपाकिनी॥
तीक्ष्णोष्णा नाशयेत् श्लेष्ममेदोमेहविषकृमीन्।

कपित्थपत्रा, सरसी, फणिजा, रूपपत्रिका, कूलजा, वनजा, निर्जरा, पुष्पपत्रिका, तुम्बपत्री, चारुपत्री विरूपा र चित्रपत्रिका : यी कपित्थपत्रका पर्यायवाची नाम हुन्। यो तितो, टर्रो, पचेपछि पिरो, तिक्खर, उष्णवीर्यको तथा कफविकार, बोसोसवकार, प्रमेह, विषविकार र कीरा नाश गर्ने गुणको हुन्छ।

(ग) पर्याय रत्नमाला :

कपित्थपर्णी विरजा सुरसा चित्रपत्रिका।

कपित्थपर्णी, विरजा, सुरसा र चित्रपत्रिका : यी कपित्थपर्णीका पर्यायवाची नाम हुन्।

(घ) मदनपाल निघण्टु :

कपित्थपत्री फणिजा कुलजा जीवपत्रिका । कपित्थपत्री तीक्ष्णोष्णा कफमेहविषापहा ॥

कपित्थपत्री, फणिजा, कुलजा र जीवपत्रिका : यी कपित्थपत्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तिक्खर, उष्णवीर्यको तथा कफविकार, प्रमेह र विषविकार नाशक हुन्छ ।

(ङ) मदनादि निघण्टु :

कपित्थपत्रा झरसीनिर्झरा छित्रपत्रका । विरूपा कुलजाचैव वनजा पत्रपुष्पिका ॥
तीक्ष्णोष्णा कटुका पाके रसे तिक्ता कषायका । कृमिश्लेष्महरामेदः प्रमेहघ्नी च पत्रिका ॥

कपित्थपत्रा, झरसी, निर्झरा, छित्रपत्रका, विरूपा, कुलजा, वनजा र पत्रपुष्पिका : यी कपित्थपत्रका पर्यायवाची नाम हुन् । यो तिक्खर, उष्णवीर्यको, पचेपछि पिरो, शुरुमा तितो र टर्रो तथा कीरा, कफविकार, बोसोविकार र प्रमेह नाश गर्ने गुणको हुन्छ ।

(च) सरस्वती निघण्टु :

कपित्थपत्रा झरसी निर्जरा यवपत्रिका । विरजा कुलजा जीवपत्रिका तिक्तपत्रिका ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कपित्थपत्रा, झरसी, निर्जरा, यवपत्रिका, विरजा, कुलजा, जीवपत्रिका र तिक्तपत्रिका : यी कपित्थपत्राका पर्यायवाची नाम हुन् ।

(छ) सौश्रुत निघण्टु :

सुरसी कपित्थपत्रा च तथा चित्रितपत्रिका । विरूपा कुलजा चैव वणिज्या तूपपत्रिका ॥

सुरसी, कपित्थपत्रा, चित्रितपत्रिका, विरूपा, कुलजा, वणिज्या र उपपत्रिका : यी कपित्थपत्राका पर्यायवाची नाम हुन् ।
नोट : यो वनस्पतिका बारेमा यकिन हुन सकेन ।

कपोल (गाला)
(Cheek)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश :** (१) कपोल : मान्छे वा पशुको कन्चटमुनि कान र मुखका बीचको मोटाउँदा पुक्क उठ्ने र दुब्लाउँदा स्याप्प बस्ने भाग; गालो; गाला । (२) ख्याउटे : गाला भित्र पसेको । (३) गण्ड : मुखको दायाँबायाँ तथा आँखाका मन्तिर पर्ने दुई पाटा; गाला । (४) गण्डस्थल : कपोल; गालाको पाटो; गाला । (५) गलमुद्रा : शिवजीलाई प्रसन्न गराउन पूजा गर्दा डमरुको आवाज निकाली गाला बजाउने मुद्रा । (६) गाला : मुखका दाहिने-देब्रे रहेका, आँखामुनिका र कानसामुन्नेका दुई पाटा; कपोल । (७) गाले : भद्दा गाला भएको; गाला पुक्क उठेको । (८) गाले तकिया : कोल्टे परेर सुत्दा गाला अड्याइने सानो सिरानी । (९) चड्कन : हत्केला वा लबटाले गालामा हिर्काउने कार्य; चट्कन; चप्पड; झापट; झापड । (१०) चड्कन चिउरा : गालामा जोडसँग चड्काउने काम; लबटाको थप्पड । (११) दूधे गाला : आमा वा धाईआमाको दूध चुसेर पुट्ट मोटाएको गाला; कलिलो गाला । (१२) पालि : गालाको माथिल्लो भाग । (१३) पोक्किनु : गाला फुलाउनु । (१४) पोची : गाला भुक्क परेकी (केटी) । (१५) फोक्से : रगतविनाको मासु लागेर गाला पुक्क परेको । (१६) फ्याक्चे : गाला पुक्क उठेर पनि थेप्चिएको । (१७) सेप्टी : दुब्ला गाला । गाला (उपेक्षार्थमा) । दुब्लाउँदा गालाका दुवैतर्फ देखिने खाल्टो ।


कपोल, Source : premieresurgicalarts.com

सङ्कलन : मोहनप्रसाद सापकोटा

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी : गण्डस्तु कपोलो हनुरुच्यते ।**

गण्ड, कपोल र (हनु ?) : यी गालाका पर्यायवाची नाम हुन् ।

(ख) **अमरकोश :** गण्ड र कपोल : यी गालाका पर्यायवाची नाम हुन् ।

(ग) **पर्यायरत्नमाला : गण्डः कपोलः (गल्लश्च) ।**

गण्ड, कपोल र (गल्ल) : यी गालाका पर्यायवाची नाम हुन् ।

(घ) **राज निघण्टु : ...गण्डो गल्लः कपोलकः ॥**

गण्ड, गल्ल र कपोलक : यी गालाका पर्यायवाची नाम हुन् ।

कफप्रकृति भएको मानिस
(Kapha-prakriti)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

दृढाङ्गः स्थिरचित्तश्च सुप्रभः स्निग्धमूर्द्धजः । शुद्धाम्बुदर्शी स्वप्ने च कफप्रकृतिको नरः ॥

शरीरका अङ्ग बलिया हुने, चित्त स्थिर हुने, सुन्दर कान्ति हुने, चिल्लो कपाल हुने र सपनामा सफा पानी बढी देख्ने मानिस कफ प्रकृतिको हुन्छ ।

(ख) गरुड महापुराण :

स्थिरचित्त स्वरः सूक्ष्मः प्रसन्नः स्निग्धमूर्धजः । स्वप्ने जलाशयालोकी श्लेष्म प्रकृतिको नरः ॥

मन स्थिर हुने, मसिनो स्वर हुने, सधैं प्रसन्न देखिने, चिल्लो टाउको वा कपाल हुने र सपनामा जल र पत्थर बढी देख्ने मानिस कफप्रकृतिको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) भावप्रकाश संहिता :

श्यामकेशः क्षमी स्थूलो बहुवीर्यो महाबलः ॥ स्वप्ने जलाशयालोकी श्लेष्मप्रकृतिको नरः ।

कालो कपाल, क्षमाशील, मोटो शरीर, वीर्यशाली, अति बलियो र सपनामा जलाशय (नदी, तलाउ आदि) बढी देख्ने मानिस कफप्रकृतिको हुन्छ ।

(घ) विष्णुधर्मोत्तर महापुराण :

दृढाङ्गः स्थिरचित्तश्च सुप्रजः स्थिरमूर्धजः । शुक्लाम्बुदर्शो स्वप्ने च कफप्रकृतिको नरः ॥

बलिया अङ्ग हुने, स्थिर मन हुने, धेरै र असल सन्तान जन्माउने, बलियो (नझर्ने) कपाल हुने र सपनामा सफा वा सेतो पानी देखिरहने मानिस कफप्रकृतिको हुन्छ ।

(ङ) शार्ङ्गधर संहिता :

गम्भीरबुद्धिः स्थूलाङ्गः स्निग्धकेशो महाबलः । स्वप्ने जलाशयालोकी श्लेष्मप्रकृतिको नरः ॥

गम्भीर बुद्धि (क्षमाशील बुद्धि), पुष्ट शरीर, चिल्लो कपाल, अधिक शारीरिक बल र सपनामा जलाशय (तलाउ, पोखरी आदि) देखिरहने मानिस कफ प्रकृतिको मानिस हो ।

(च) सुश्रुत संहिता :

श्लेष्मप्रकृतिस्तु दूर्वेन्दीवरनिस्त्रिंशार्द्रारिष्टकशरकाण्डानामन्यतमवर्णः सुभगः प्रियदर्शनो मधुरप्रियः कृतज्ञो धृतिमान् सहिष्णुरलोलुपो बलवांश्चिरग्राही दृढवैरश्च भवति ॥
शुक्लाक्षः स्थिरकुटिलालिनीलकेशो लक्ष्मीवान् जलदमृदङ्गसिंहघोषः ।
सुप्तः सन् सकमलहंसचक्रवाकान् संपश्येदपि च जलाशयान् मनोज्ञान् ॥
रक्तान्तनेत्रः सुविभक्तगात्रः स्निग्धच्छविः सत्त्वगुणोपपन्नः ।
क्लेशक्षमो मानयिता गुरूणां ज्ञेयो बलासप्रकृतिर्मनुष्यः ॥
(दृढशास्त्रमतिः स्थिरमित्रधनः परिगण्य चिरात् प्रददाति बहु ।
परिनिश्चितवाक्यपदः सततं गुरुमानकरश्च भवेत् स सदा ॥
ब्रह्मरुद्रेन्द्रवरुणैः सिंहाश्वगजगोवृषैः । तार्क्ष्यहंससमानूकाः श्लेष्मप्रकृतयो नराः ॥)

कफप्रकृति भएको मानिस सेतो दूबो, नीलकमल, तरबार, आलो रिठो वा नरकटमध्ये कुनै एकको जस्तो वर्णको हुन्छ । उ भाग्यमानी, हेर्दा सुन्दर, गुलियो कुरा खान मन गर्ने, गुनिलो, धैर्यशाली, सहनशील, लोभ नगर्ने, बलियो, ढिलो कुरा बुझ्ने र ढिलो शत्रुता साँध्ने खालको हुन्छ । यिनका आँखा सेता हुन्छन् । कपाल बलिया, घुँगुर्किएका र भमराका रङ जस्ता काला हुन्छन् । यी धनी हुन्छन् । यिनको आवाज बादल गर्जेको जस्तो, मादलको आवाज जस्तो वा सिंहको गर्जन जस्तो गम्भीर खालको हुन्छ । निदाउँदा सपनामा कमल, हाँस, चखेवा र सुन्दर जलाशय देख्ने गर्दछन् । आँखाको कुनाको भाग रातो हुन्छ । शरीरका हरेक अङ्ग राम्ररी छुट्टिएका हुन्छन् । चिल्लो र चम्किलो शरीर हुन्छ । सत्त्वगुणले युक्त हुन्छन् । मानसिक पीडालाई खप्न सक्दछन् । गुरुजनलाई आदर गर्दछन् । दृढखालको शास्त्रीय ज्ञान हुन्छ । मित्र र धन स्थिर हुन्छन् । धेरै सोचविचार गरेर धेरै दान दिन्छन् । बोलिवचन नियमित अर्थात् एकनासको हुन्छ । कफप्रकृतिको मानिसले सधैं गुरुजनलाई आदर गर्दछ । उसको स्वभाव ब्रह्मा, इन्द्र, वरुण, सिंह, घोडा, गाई, साँढे, गरुड र हाँसको जस्तो हुन्छ ।

(ख) हारीत संहिता :

सुस्निग्धवर्णः सितनेत्रतृप्तः श्यामः सुकेशो नखदीर्घरोमा ।
गम्भीरशब्दः श्रुतिशास्त्रनिद्रातन्द्राप्रियस्तिक्तकटूष्णभोजी ॥
स मांसलः स्निग्धरसप्रियश्चसङ्गीतवाद्योऽतिसहिष्णुशीलः ।
व्यायामशीलो रतिललालसोऽसौ भवेत्कफस्य प्रकृतिर्मनुष्यः ॥

जो सुन्दर र चिल्लो, सेता आँखा भएको, सन्तोष गर्ने, कालो वर्णको, सुन्दर कपाल भएको, लामालामा नङ र कपाल पाल्न मन गर्ने, गम्भीर वाणीको, वेद-शास्त्र-निद्रा र तन्द्रा रुचाउने, तितोपिरो र तातो

खान मन गर्ने, मोटोघाटो, चिल्ला कुरा खान चाहने, गीत र सङ्गीत रुचाउने, सहनशील, कसरत गर्ने र विषयभोगमा अभिरुची राख्ने खालको छ उ कफप्रकृतिको मानिस हुन्छ । (यस्तो मानिसको शरीरमा कफप्रकृति (कफजन्य प्रभाव) बढी हुन्छ) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कमरख (मधाने फल)
(Carambola apple)

परिभाषा :

(क) **के.यन.स्वामी :** (१) कर्मरङ्ग : कमरख फल । (२) रुजाकार : कमरख । मधाने फल । (३) भव्य : लिची । कमरख ।

(ख) **नेपाली बृहत् शब्दकोश (मधाने) :** लप्सीका जस्ता तर गाढा हरिया पात हुने, काठ, टेबुल, कुर्सी आदि बनाउने काममा प्रयोग गरिने एक वृक्ष ।

(ग) **भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर :** यसलाई अंग्रेजीमा Carambola तथा ल्याटिन भाषामा *Averrhoa carambola* Linn. भनिन्छ । यसलाई गरम ठाउँका बगैंचामा रोप्ने गरिन्छ । यसको रूख १५-३० फीट अग्लो र सदाबहार हुन्छ । धेरै हाँगा हुन्छन् । अण्डाकार र तीखा पात हुन्छन् । ससाना सेतोमा हल्का रातो मिसिएका फूल फुल्दछन् । ३-४ इञ्च लामा, पाँच कुने, गुदी भएका, सुगन्धी काँचोमा हरिया र पाकेपछि पहेँला हुने तथा काँचोमा टर्रो र पाकेपछि थोरै गुलियो र अमिलो हुने फल फल्दछ । यो पनि अमिलो र गुलियो फल फल्ने गरी दुई जातको हुन्छ ।

(घ) **आचार्य बालकृष्ण :** यसको वानस्पतिक नाम *Averrhoa carambola* L. वा *Averrhoa acutangula* Stokes हो । यसलाई अंग्रेजीमा Carambola apple, Chinese gooseberry वा Star fruit भनिन्छ । यसको नेपाली नाम मधोन फल (?) हो । कर्मरङ्गम्, विशाल, बृहदम्ल, रुजाकर र शुकप्रियम् यसका संस्कृत नाम हुन् ।

(ङ) **Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 :** यो Angiosperm समूह अन्तर्गत Oxalidaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Averrhoa carambola* L. हो । यसको स्थानीय नाम कन्तरा वा अमरत हो ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(च) **शालिग्राम वैद्य :** यसको रूख ठूलो हुन्छ । वर्षा ऋतुमा सेता र पहेँला बास्नादार फूल फुल्दछन् । कलकत्ता र जगन्नाथतिर बढी पाइन्छ । फल ताडको फलका आकारको हुन्छ । गुदी चिल्लो हुन्छ । यसलाई दालमा अमिलोको सट्टामा हाल्ने गरिन्छ ।

नोट : यसको फलकारूपमा नेपाली शब्दकोशमा उल्लेख भएको छैन । तर फलको आकार मोही पार्ने मधानीको जस्तो हुने हुनाले यसको नेपाली नाम मधाने फल भनी राखिएको हो ।

मधानी

प्राचीन ग्रन्थका वचनहरू :

(क) **आयुर्वेद महोदधि :**

भव्यं भव्यतरं स्वादु किञ्चिदम्लं सुरोचनम् । वातघ्नं मुखवैरस्यनाशनं वह्निदीपनम् ॥

कमरख सुन्दर, स्वादिलो, केही अमिलो र अति रुचिकर हुन्छ । यसले वातविकार र मुखको बिग्रेको स्वाद नाश गर्दछ तथा जठराग्निलाई बाल्दछ ।

(ख) **कैयदेव निघण्टु :**

भवितव्यं भविष्यञ्च भावनं मुखशोधनम् । रोमान्तिकम् कर्णफलं पिच्छिलं कर्मरङ्गकम्॥
मधुराम्लं रोमफलं तथा पिच्छिलबीजकम् । भव्यं स्वादु कषायाम्लं रूक्षं गुर्वास्यशोधनम्॥
विशदं रोचनं हृद्यं शीतलं ग्राहि वातलम् । भव्यमम्लञ्च वातघ्नं पिच्छिलं वक्त्रशोधनम्॥

भवितव्य, भविष्य, भावन, मुखशोधन, रोमान्तिक, कर्णफल, पिच्छिल, कर्मरङ्गक, मधुराम्ल, रोमफल र पिच्छिलबीजक : यी कमरखका पर्यायवाची नाम हुन् । यो गुलियो, टर्रो, अमिलो, रुखो, पचाउन कठिन, मुखलाई प्रशोधन गर्ने, सुन्दर, रुचिप्रद, मुटुका लागि हितकर, शीतवीर्यको, ग्राहि, वातविकार गर्ने, अमिलो, वातविकार नाश गर्ने (विरोधाभाष), लेस्याइलो र मुखलाई प्रशोधन गर्ने (दोहोरो) गुणको हुन्छ ।

रुजाकर, कमरख (तस्विर श्रोत : हिन्दीडटकृषिजागरणडटकम)

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) **द्रव्यगुण सङ्ग्रह :**

भव्यं स्वादु कषायाम्लं हृद्यमास्यविशोधनम् ।

कमरख गुलियो, टर्रो, अमिलो, मुटुका लागि हितकर र मुखलाई प्रशोधन गर्ने गुणको हुन्छ ।

(घ) **भावप्रकाश निघण्टु :**

कर्मरङ्गं शिरालं च बृहदम्लं रुजाकरम्॥ कर्मरङ्गं हिमं ग्राहि स्वाद्वम्लं कफवातहृत् ।

कर्मरङ्ग, शिराल, बृहदम्ल र रुजाकर : यी कमरखका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ । यो सङ्ग्राही, स्वादिलो, अमिलो तथा कफविकार र वातविकार नाशक हुन्छ ।

(ङ) **मदनपाल निघण्टु :**

कर्मरङ्गं नागफलं भव्यं पिच्छिलबीजकम् । कर्मरङ्गं हिमं ग्राहि स्वाद्वम्लं कफपित्तजित्॥

कर्मरङ्ग, नागफल, भव्य र पिच्छिलबीजक : यी कमरखका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, ग्राहि, गुलियो-अमिलो तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

(च) **माधव द्रव्यगुण :**

कर्मरगं हिमं स्वादु चाम्लं सकफवातजित् ।

कर्मरग शीतवीर्यको, गुलियो, अमिलो तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ ।

(छ) **राज निघण्टु :**

कर्मारः कर्मरकः पीतफलः कर्मरश्च मुद्गरकः । मुद्गरफलश्च धाराफलकस्तु कर्मारकश्चैव ॥
कर्मारकोऽम्ल उष्णश्च वातहृत्पित्तकारकः । पक्वस्तु मधुराम्लः स्यात् बलपुष्टिरुचिप्रदः ॥

कमरख (तस्विर श्रोत : वनएमजीडटकम, आचार्य बालकृष्ण

कर्मार, कर्मरक, पीतफल, कर्मर, मुद्गरक, मुद्गरफल, धाराफलक र कर्मारक : यी कमरखका संस्कृत पर्यायवाची नामहरू हुन् । यो अमिलो, उष्णवीर्यको तथा वातविकार नाशक र पित्तविकार बढाउने गुणको हुन्छ । पाकेको अमरख गुलियो, अमिलो तथा बलदायक, पुष्टिदायक र रुचिप्रद हुन्छ ।

(ज) **राजवल्लभ निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्मरङ्गन्तु तीक्ष्णोष्णं कटु पाकेऽम्लपित्तकृत् ॥

कमरखको फल तिक्खर, उष्णवीर्यको, पचेपछि पिरो र अम्लपित्त गर्ने गुणको हुन्छ ।

कमल
(Lotus)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश :** (१) अष्टदल : आठवटा पत्र भएको कमल । (२) उत्पल : कमल, खास गरी नीलकमल । (३) कमल : पोखरी वा जलाशयमा उम्रने पिँडाल्ने, पानपाते, कुम्भी, जलकुम्भी आदिझैं देखिने पानीभित्र पिँडालुका जस्ता डाँठ हुने, पानीमाथि झन्डै पिँडालुका झैँ पात तहरिएर रहने र मूल डाँठ केही अकासिएर माथि पुगी त्यसमा जात अनुसारको (रातो, नीलो, सेतो, पहैँलो आदि) रङको फूल फुल्ने एक वनस्पति वा त्यसको फूल । अम्बुज, अरविन्द, उत्पल, कुटज, गट्टा, जलजात, नालिक, नीरज, पङ्कज, पदम, पद्म, पुण्डरीक, पुष्कर, मृणालिनी, रक्त, वारिज, शतदल, शशिकान्त, सरसिज, सरसीरुह, सरोज, सरोजिनी, सारङ्ग र सारस । (४) कमलकेसर : कमलको फूलको गुभामा हुने परागयुक्त केसर, कमलका फूलभित्र हुने सुगन्धी धूलो । किञ्जल्क, पद्मकर्णिका, पद्मकेशर र हरिचन्दन । (५) कमलगट्टा : प्रायः लेकाली जातका कमलमा लाग्ने र दिउल भुटेर फुराएपछि मखना कहलाउने फल; पद्मबीज; कर्णिका; गट्टा; पद्मकर्णिका; पद्मबीज; पद्मवीज; पद्माक्ष । (६) कमलनाल :



पद्मिनी (तस्बिर श्रोत : एमडीपीआई)

कमलको डाँठ; कमलको नाल वा डाँख्लो । कमलतन्तु, नल, नाल, नालिका, मृणाल, मृणालिका र मृणाली । (७) कमलपोखरी : कमलाकर नलिनी, पद्माकर, पद्मिनी र सरोजिनी । (८) कमलाकर : कमलको झाङ । (९) कमलिनी : जुनेली रातमा फुल्ने भनी प्राचीन काव्यहरूमा वर्णन गरिएको एक जातको कमल; नलिनी । (१०) कुमुद : राति फुल्ने सेतो कमल; चन्द्रमाको किरण पर्दा वा जून लाग्दा फुल्ने सेतो कमल; चन्द्रमा उदाउँदा फुल्ने सेतो कमल; कैरव । (११) कुमुदिनी : सेता तर साना फूल फुल्ने कमलको बोट वा त्यसैको फूल । (१२) कैरव : चन्द्रमा उदाउँदा फुल्ने सेतो कमल; कुमुद ।

(१२) नीलकमल : इन्दीवर, उत्पल, नीलपत्र, नीलपद्म, नीलाम्बुज र नीलोत्पल । (१३) पद्मकुन्द : कमलको जरा । (१४) पद्मतन्तु : कमलका नालभित्रको मसिनो धागो; मृणाल । (१५) पद्माकर : कमलको समूह; पद्मिनी; मृणालिनी । (१६) पुष्करमूल : कमलको गानु; पोखरमूल । (१७) मखाना : पानी वा सिमसार जग्गामा उम्रने, बीज भुटेर मसलाको रूपमा खाइने एक जातको लहरो; सोही लहराका गाँठामा फल्ने फल; मखन । (१८) महापद्म : धेरै पात हुने एक जातको सेतो कमल । (१९) विष : कमलनालको गुदी । (२०) सहस्रदल : हजार दल वा पत्र भएको कमल । (२१) सेतो कमल : पुण्डरीक, पुन्नाग ।

(ख) **के.यन.स्वामी :** (१) उत्पलक : नीलो कमल । (२) कह्लार : रातिमा फुल्ने, सानो, सेतो र धेरै पुङ्खडी हुने कमल । (३) कुमुद : सेतो चन्द्रकमल । (४) कुमुदिनी : फुलेको सेतो कमलको बोट वा रात्रिकमल । (५) कुमुद्वती : जरा, पात, फूल र फल समेतको कमलविशेष । (६) कुवलय : नीलकमल । रातो कमल । (७) कैरव : जून लागेपछि रातीमा फुल्ने सेतो कमल । (८) कैरविणी : सेतो चन्द्रकमलको बोट । (९) जलाह्वय : कमल । (१०) नीलकमल : नीलोत्पल, इन्दीवर, कन्दोत्थ, असितोत्पलम्, उत्पल, हिमाब्जम् । (११) पद्मिनी : कमलको डाँठ । पात, गानो, डाँठ, कमलगट्टा र फूल समेतको कमल । कमलिनी । कमलको बोट । नलिनी, । सूर्यवल्लभा (१२) बिसिनी : कमलको डाँठको तन्तु । कमलको बोट । कमलको थुप्रो । (१३) मखान्न, पद्मबीजाभ र पानीयफल : मखना । (१४) रक्तसन्ध्यकम्, हल्लक : रातो कमल । (१५) सौगन्धिकम् : रातमा फुल्ने निलो वा रातो सानो कमल । (१६) सुगन्धम् : नीलकमल । कमल ।

(ग) **भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर :** कमलको ल्याटिन नाम *Nelumbium speciosum* Wild. र अंग्रेजी नाम Sacred Lotus हो । मखना काण्डहीन, काँडेदार र कमल जस्तै जलमा हुने वनस्पति हो । पात पनि कमलकै जस्ता, पानिमा तैरिएका गोला १-४ फीट व्यासका, माथितिर हरिया र तलतिर रातो वा बैजनी रङ्का, नरम भुस र काँडाले युक्त र चम्किला हुन्छन् । १-२ इञ्च लामा, भित्र रातो र बाहिर हरियो देखिने फूल फुल्दछ । २-४ इञ्च गोला, काँडा भएका, करिब करिब केराउका दानाजत्रा, ८-२० वटासम्म काला फल हुन्छन् । यसलाई काँचै वा भुटेर खाने गरिन्छ । बालुवामा हालेर भुट्दा यी बीजको मकैको उठे जसरी फूल उठ्दछ । यसैलाई मखाना भनिन्छ । यसको अंग्रेजी नाम Fox nut वा Gorgon fruit तथा ल्याटिन नाम *Euryale ferox* Salisb. हो सौगन्धिकका विभिन्न जात हुन्छन् । *Nymphaea alba* Linn., *Nymphaea rubra* Roxb., *Nymphaea pubescens* Wild. र *Nymphaea stelleta* Wild. लाई यसवर्गमा गणना गर्ने गरिएको पाइन्छ ।


रक्तकमल (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ग) **डा.सतिश चन्द्र साङ्ख्यधर :** उत्पलको ल्याटिन नाम *Nymphaea stellata* Willd. हो । यसलाई अंग्रेजीमा Indian Blue water lily भनिन्छ । उत्पलको ल्याटिन नाम *Nymphaea alba Linn.* हो । यसलाई अंग्रेजीमा European white water lily भनिन्छ ।

(घ) **हिन्दी विश्वकोश :** (१) अनूष्ण : उत्पल । (२) उत्पल : कमल । (३) जलाह्वय : उत्पल । (४) निशापुष्प : उत्पल । (५) रात्रिपुष्प : उत्पल । कमल ।

(ङ) **आचार्य बालकृष्ण :** मखानाको वानस्पांतिक नाम *Euryale ferox* Salisb. *Syn-Euryale indica* Planch. हो । यो Nymphaeaceae परिवारमा पर्दछ । यसको अंग्रेजी नाम Gorgon fruits, Prickly water lily, Fox nut हो । संस्कृतमा यसलाई मखान्न, पद्मबीजाभ, पानीयफल, अङ्कलोड्य भनिन्छ । कुमुदको वानस्पतिक नाम *Nymphaea alba* Linn. हो । कुमुदलाई अंग्रेजीमा European water lily, Water Lily, White water lily भनिन्छ । यसका पात कमलका भन्दा साना, चम्किला, चिल्ला र पानीमा तैरने खालका हुन्छन् । यसको फूल सेतो र ५-१२ से.मी व्यासको हुन्छ । कमल Nymphaeaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Nelumbo nucifera* Gaertn. *Syn-Nelumbium speciosum* Willd, *Nelumbium nelumbo* Druce हो । अंग्रेजीमा यसलाई lotus, water lily, Sacred lotus भनिन्छ । नीलकमललाई अंग्रेजीमा Blue lotus, Indian blue water Lily भनिन्छ ।

(च) **पेयर डी अमरकोश :** कमलबीजलाई अंग्रेजीमा Lotus seed भनिन्छ । कमलका कलिला पातलाई अंग्रेजीमा young (still rolled up) lotus leaf भनिन्छ । कमलकेसरलाई अंग्रेजीमा stamens of the lotus, Stamen, eyebrow hair वा mane भनिन्छ । रातो कमललाई अंग्रेजीमा Red lotus भनिन्छ ।

(छ) **फर्माकोपिया :** कमल Nymphaeaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Nelumbo nucifera* Gaertn. Syn. *Nelumbium speciosum* Willd. हो । यसको फूलको सुकेको धुलो एक मात्रामा १२-२४ ग्राम ओखतीमा काँढापानीका लागि प्रयोग हुन्छ । यसको कन्दको रस १२-२० मि.लि. तथा धुलो ५-१० ग्रामसम्म एक मात्रामा ओखतीका लागि प्रयोग हुन्छ । कुमुदम्, सितोत्पलम, शशिकान्त र श्यामवृन्त संस्कृत नाम भएको कुमुद Nymphaeaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Nymphaea alba* Linn. हो । यसलाई अंग्रेजीमा Indian Blue Water Lily (?) भनिन्छ । ओखतीका लागि मात्रा ३-६ ग्राम हो ।

(ज) **Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 :** नीलकमल वा रक्तकमल Angiosperm समूह अन्तर्गत Magnoliaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Magnolia* × *soulangeana* Soul.- Bod. हो । रातोकमल Angiosperm समूह अन्तर्गत Nelumbonaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Nelumbo nucifera* Gaertn. हो । सोही समूह अन्तर्गत Nymphaeaceae परिवारमा पर्ने कमलको वानस्पतिक नाम *Nymphaea lotus* L. हो । नीरकमल Amaryllidaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Agapanthus africanus* (L.) Hoffmanns. हो ।

(झ) कुलचन्द्र शर्मा : कुमुद र कैरव सेतो चन्द्रकमलका नाम हुन् । कुमुदिनी भनेको चन्द्रकमलिनी-लता (बोट) को नाम हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

पद्मं जलजं कमलं सरोजमब्जं कुशेशयं नलिनम् । राजीवं तामरसं पङ्कजमम्भोजमम्बुरुहम् ॥

सरसिरुहं सरसीजं वार्जं च सरोरुदम्बुजं कञ्जम् ।
लक्ष्मीष्टं शतपत्रं सहस्रपत्रं विसप्रसूनं स्यात्॥
उक्तं तच्च महोत्पलमरविन्दं पुष्करं चेति ।
रक्तं कोकनदं स्याद् । अब्जं श्वेतं तु पुण्डरीकमिति ।

पद्म, जलज, कमल, सरोज, अब्ज, कुशेशय, नलिन, राजीव, तामरस, पङ्कज, अम्भोज, अम्बुरुह, सरसिरुह, सरसीज, वार्ज, सरोरुदम्बुज, कञ्ज, लक्ष्मीष्ट, शतपत्र, सहस्रपत्र, विसप्रसून, महोत्पल, मरविन्द र पुष्कर : यी कमलका पर्यायवाची नाम हुन् । रातो कमललाई कोकनद भनिन्छ । सेतो कमललाई पुण्डरीक भनिन्छ ।

वि(बि)सं मृणालं नलिका राजवल्ली च नालिका ।
तुरी च पाण्डुरी खल्वं प्रोक्ता पद्मजटा बुधैः॥
पङ्कजकन्दो बिसिनी नलिनीशकलं कराटकं चेति ।
शालूकं शालीनं भवति तथासौ जलालूकम्॥
बहुकण्टकिनी सूचीकन्दलं नलिनीरुहम् । पद्मनालं पद्मदण्डो मृणालमिति चोच्यते॥
पद्माक्षं काकोटचं भेण्ड क्रौञ्चादनं च पद्मस्य बीजं तथाङ्गलोडचम्... ।
कोशः स्यात् कर्णिकेत्यस्य ।
पङ्कजकेसरमाहुरापीतं काञ्चनं किञ्जम् । किञ्जल्कं मकरन्दं भृङ्गं गौरं च पर्यायैः॥
पद्मिनी सारसा ज्ञेया नलिनी च कुमुद्वती । पलाशिनी पर्णवती तथा पुटकिनी पुटी॥
पद्मषण्डेति कथिता शब्दैः पर्यायवाचकैः ।

वि(बि)स, मृणाल, नलिका, राजवल्ली, नालिका, तुरी, पाण्डुरी, खल्व र पद्मजटा : यी मृणाल कमलका फूल बाहेकका डाँठ) का पर्यायवाची नाम हुन् । पङ्कजकन्द, बिसिनी, नलिनीशकल, कराटक, शालूक, शालीन र जलालूक : यी पद्मकन्दका पर्यायवाची नाम हुन् । बहुकण्टकिनी, सूचीकन्दल, नलिनीरुह, पद्मनाल, पद्मदण्ड र मृणाल : यी कमलको पूलको डाँठका पर्यायवाची नाम हुन् । पद्माक्ष, काकोटच, भेण्ड, क्रौञ्चादन र अङ्गलोडच : यी पद्मबीजका पर्यायवाची नाम हुन् । पद्मकर्णिकलाई कोश र कर्णिका भनिन्छ । पङ्कजकेसर, आपीत, काञ्चन, किञ्ज, किञ्जल्क,मकरन्द, भृङ्ग र गौर : यी कमलकेशरका पर्यायवाची नाम हुन् । पद्मिनी, सारसा, नलिनी, कुमुद्वती, पलाशिनी, पर्णवती, पुटकिनी, पुटी र पद्मषण्ड : यी फूल सहितको पूरा कमलको बोटका पर्यायवाची नाम हुन् ।

शीतं शिवा च कृष्णा मृदुपत्री कालदीर्घिका च स्यात् ।
कर्मघ्नी च सुवीरा मनोहरा चेति भूपद्मम्॥

शीत, शिवा, कृष्णा, मृदुपत्री, कालदीर्घिका, कर्मघ्नी, सुवीरा, मनोहरा र भूपद्म : यी भुइँकमलका पर्यायवाची नाम हुन् ।

नीलोत्पलं कुवलयं कुवलं चेन्दीवरं च रविबन्धु ।
भ्रमरेष्टं हिमवीर्यं श्रीभवसञ्ज्ञं च कर्णपूरमिति॥
सितोत्पलं तु कुमुदं (सुवृषां तुदं? सुवृषं कैरवं) सितम् ।

शशिकान्तं श्यामवृन्तं पर्यायैः परिपठ्यते॥
रक्तोत्पलं विशालं कोकनदं रक्तनालं च। लक्ष्मीनिलयमलीष्टं प्रोक्तं तद्रक्तमुकुलं च॥

इन्दीवर (तस्विर श्रोत : हिन्दीवेबदुनिया डटकम)

नीलोत्पल, कुवलय, कुवल, इन्दीवर, रविबन्धु, भ्रमरेष्ट, हिमवीर्य, श्रीभवसञ्ज्ञ र कर्णपूर : यी नीलकमलका पर्यायवाची नाम हुन्। सितोत्पल, कुमुद, (सुवृषा, तुद, सुवृष, कैरव,) सित, शशिकान्त र श्यामवृन्त : यी कुमुदका पर्यायवाची नाम हुन्। रक्तोत्पल, विशाल, कोकनद, रक्तनाल, लक्ष्मीनिलय, अलीष्ट र रक्तमुकुल : यी रक्तोत्पलका पर्यायवाची नाम हुन्।

कुमुदं कुग्मलमन्यत्... ...काकलोटचं च। काकोत्पलं कुमारं कैरवमाहुश्च कञ्जली चेति॥
सौगन्धिकं नीलरक्तं मृदुपुष्पं ककुग्मलम्। नीलपद्मं तथा भद्रं जात्युत्पलमुदाहृतम्॥
कह्लारं सितपुष्पं च शिरीषकुसुमं हिमम्। कुशेशयं गन्धसोमं प्रोक्तं शिवरसं बुधैः॥
नीलोत्पलादिकं सर्वं सामान्यादुत्पलं विदुः। शालू(कं) कुभिका चेति कन्दः स्यादुत्पलादिजः॥

कुग्मल, काकलोटच, काकोत्पल, कुमार, कैरव र कञ्जली : यी कमलविशेषका पर्यायवाची नाम हुन्। सौगन्धिक, नीलरक्त, मृदुपुष्प, ककुग्मल, नीलपद्म, भद्र र जात्युत्पल : यी नीलकमलविशेषका पर्यायवाची नाम हुन्। कह्लार, सितपुष्प, शिरीषकुसुम, हिम, कुशेशय, गन्धसोम र शिवरस : यी कह्लारका पर्यायवाची नाम हुन्। नीलोत्पल आदि कमललाई सामान्यः उत्पल नै भनिन्छ। यसको कन्दलाई शालू, शालूक र कुभिका भनिन्छ।

(ख) **अभिधान रत्नमाला :**

पद्मिनी स्यात्पुटकिनी बिसिनी च मृणालिनी। पद्मं तामरसं चाब्जं राजीवं सरसीरुहम्॥
सहस्रपत्रं कमलं नलिनं च कुशेशयम्। पुण्डरीकं सितं ततु। रक्तं कोकनदं स्मृतम्।
सौगन्धिकन्तु कह्लारं हल्लकं रक्तसन्धिकम्। नीलमिन्दीवरं नीलोत्पलं कुवलयञ्च तत्॥
शशिप्रियं गदर्भकं कैरवं कुमुदं च तत्। काकोत्पलं तु काकाख्यं ह्रस्वाङ्गं क्षुद्रमुत्पलम्॥
वल्लीकर्कोटकीकन्दं जालकं वज्रिकं फलम्। (कन्दकं कन्दशालूकम् वज्रकं फलमुच्यते)।
पद्मनालन्तु मृदुलं मृणालं बिसमुच्यते॥
किञ्जल्कः केसरस्तु स्यात्। परागो मकरन्दकः।

पद्मिनी, पुटकिनी, बिसिनी, मृणालिनी, पद्म, तामरसं, अब्ज, राजीव, सरसीरुह, सहस्रपत्र, कमल, नलिन र कुशेशय : यी कमलका पर्यायवाची नाम हुन्। सेतो कमललाई पुण्डरीक भनिन्छ। रातो कमललाई कोकनद भनिन्छ। सौगन्धिक, कह्लार, हल्लक र रक्तसन्धिक : यी कह्लारका पर्यायवाची नाम हुन्। नील, इन्दीवर, नीलोत्पल र कुवलय : यी नीलकमलका पर्यायवाची नाम हुन्। शशिप्रिय, गदर्भक, कैरव र कुमुद : यी कैरवका पर्यायवाची नाम हुन्। काकोत्पल, काकाख्य, ह्रस्वाङ्ग र

क्षुद्रमुत्पल : यी आंत सानो कमलका पर्यायवाची नाम हुन् । वल्लकीकटकांकन्द, जालक, वांज्रक, फल, (कन्दक, कन्दशालूक, वज्रक र फल) : यी कमलकन्द (?) का पर्यायवाची नाम हुन् । पद्मनाल, मृदुल, मृणाल र बिस : यी कमलको ठाँठका पर्यायवाची नाम हुन् । कमलको केशरलाई किञ्जल्क भनिन्छ । कमलको परागलाई मकरन्दक भनिन्छ ।

(ग) **अमरकोश :**

सौगन्धिकं तु कह्लारं हल्लकं रक्तसन्ध्यकम् । स्यादुत्पलं कुवलयमथ नीलाम्बुजन्म च ॥
इन्दीवरं च नीलेऽस्मिन् सिते कुमुदकैरवे । शालूकमेषां कन्दः स्याद्वारिपर्णी तु कुम्भिका ॥
...कुमुद्वती । कुमुदिन्यां नलिन्यां तु बिसिनीपद्मिनीमुखाः ॥
वा पुंसि पद्मं नलिनमरविन्दं महोत्पलम् । सहस्रपत्रं कमलं शतपत्रं कुशेशयम् ॥
पङ्केरुहं तामरसं सारसं सरसीरुहम् । बिसप्रसूनराजीवपुष्कराम्भोरुहाणि च ॥
पुण्डरीकं सिताम्भोजमथ रक्तसरोरुहे । रक्तोत्पलं कोकनदं नालो नालमथाऽस्त्रियाम् ॥
मृणालं बिसमब्जादिकदम्बे षण्डमस्त्रियाम् । करहाटः शिफाकन्दः किञ्जल्कः केसरोऽस्त्रियाम् ॥
संवर्त्तिका नवदलं बीजकोशो वराटकः ।

सौगन्धिक र कह्लार : यी साँझमा फुल्ने सेतो कमलका; हल्लक र रक्तसन्ध्यक : यी साँझमा फुल्ने रक्तकमलका; उत्पल र कुवलय : यी चन्द्रकमलका; नीलाम्बुजन्मन् र इन्दीवर : यी नीलकमलका; कुमुद र कैरव : यी सेतो चन्द्रकमलका; शालूक : यो सबै थरी कमलको कन्द वा गानोको; वारिपर्णी र कुम्भिका : यी ठूलठूला पात हुने कमलविशेषका; कुमुद्वती र कुमुदिनी : यी चन्द्रकमलिनी लता (बोट)का; नलिनी, विसिनी र पद्मिनी : यी दिनमा फुल्ने कमलिनी लता (बोट) का; पद्म, नलिन, अरविन्द, महोत्पल, सहस्रपत्र, कमल, शतपत्र, कुशेशय, पङ्केरुह, तामरस, सारस, सरसीरुह, बिसप्रसून, राजीव, पुष्कर र अम्भोरुह : यी सामान्य कमलका; पुण्डरीक र सिताम्भोज : यी सामान्य सेतो कमलका; रक्तसरोरुह, रक्तोत्पल र कोकनद : यी सामान्य रक्तकमलका; नाल (नाला, नाली) : यी कमल (आदि) को डाँठका; मृणाल, (मृणाली) र बिस : यी कमलको जरा-डाँठका; षण्ड (खण्ड) : यो कमलसमूहको; करहाट, शिफाकन्द, शिफा र कन्द : यी कमलको कन्द (गानो) का; किञ्जल्क र केसर : यी कमलपुष्पको केसरका; संवर्तिका : यो कमलको नयाँ पातको तथा बीजकोश र वराटक : यी कमलगट्टाका पर्यायवाची नाम हुन् ।

(घ) **अर्कप्रकाश :**

पद्मिनीमृदुपत्राणामर्कं यः सितया पिवेत् । गुदनिस्सरणं तस्य नश्येन्मासान्नसंशयः ॥
नीलोत्पलदलक्लिन्नं त्रिदिनं मधुनायुतम् ॥ अर्को गण्डूषहो हन्ति लालास्रावं न संशयः ।
तडागे निक्षिपेत्पाद्मवीजं तत्तेल संयुतम् । तत्क्षणाज्जायते योगिन् तडागात्कमलोद्भवः ॥
अष्टधा कमलानि स्युः ...।

कमलका नरम पातबाट निकालिएको अर्क मिस्रीसँग पिउने गर्नाले एक महिनामा मलद्वारको भित्रीभाग बाहिर निस्कने रोग निको हुन्छ, शङ्का गर्न पर्दैन । नीलकमललाई तीन दिनसम्म महमा भिजाउनू । त्यसपछि यसको अर्क निकालेर कुल्ला गर्नाले मुखबाट र्‍याल बहन बन्द हुन्छ, कुनै शङ्का गर्नु

पर्दैन । कमलका गेडालाई अम्पीफलको तेलमा भिजाएर तलाउमा हाल्नाले तुरुन्त उम्रन्छ । आठ प्रकारका कमल हुन्छन् ।

(ङ) आयुर्वेद महोदधि :

कुमुदोत्पलपद्मानां कन्दा मारुतकोपनाः । कषायाः पित्तशमना विपाके मधुरा हिमाः ॥
कुमुदोत्पलपद्मानां कन्दा गुणतरा हिमाः । मधुराश्च कषायाश्च पित्तासृग्दाहनाशनाः ॥
शीतलं रक्तपित्तघ्नं दाहज्वरहरं परम् । मृणालनालं वृष्यं च तृष्णाछर्दिविनाशनम् ॥

पुण्डरीक (तस्बिर श्रोत : अमेजन डटइन)

सेतो चन्द्रकमल वा रक्तकमल, नीलकमल र कमलको गानूले वातविकार बढाउँदछ । यी टर्रा, पित्तनाशक, पचेपछि गुलिया र शीतल गर्ने हुन्छन् । सेतो चन्द्रकमल वा रक्तकमल, नीलकमल र कमलका गाना गुणकारी, शीतल र मिठा हुन्छन् । यिनले पित्तरक्त र डाहलाई शान्त पार्दछन् । कमलको डाँठ शीतल, रक्तपित्त नाशक, भुङ्ग्रे जरोमा विशेष लाभदायक र वीर्यवर्धक हुन्छ । यसले तिर्खा र वाकवाकीलाई भगाउँदछ ।

(च) कैयदेव निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

पलाशिनी पुटकिनी पद्मिनी नलिनी मता । बिसनाभिः पद्मपत्रो बिशनी नालकिन्यपि ॥
कुमुद्वती कैरविणी कुमुदिन्युडुपप्रिया । पद्मिनीद्वितयं शीतं मधुरं लवणं गुरु ॥
बलासरक्तपित्तघ्नं रूक्षं विष्टम्भि वातलम् ।

पलाशिनी, पुटकिनी, पद्मिनी, नलिनी, बिसनाभि, पद्मपत्रा, बिशनी र नालकिनी तथा कुमुद्वती, कैरविणी, कुमुदिनी र उडुपप्रिया : कमलको पूरा बोटका पर्यायवाची नाम हुन् । दुवै थरी कमलका बोट शीतवीर्यका, गुलिया, नुनिला, पचाउन कठिन तथा कफविकार, रक्तविकार र पित्तविकार नाश गर्ने गुणका हुन्छन् । यी रुखा, कब्जियत गर्ने र वातविकार गर्ने खालका हुन्छन् ।

संवर्तिका नवदलं बीजकोशो वराटकः । कर्णिका स्यात् बीजपेशी कर्कटी पद्मकर्णिका ॥
पद्मिनीच्छदनं तिक्तं कषायं मधुरं हिमम् । कटुपाकि लघु ग्राहि वातकृत् कफपित्तजित् ॥

संवर्तिका, नवदल, बीजकोशा, वराटक, कर्णिका, बीजपेशी, कर्कटी र पद्मकर्णिका : यी कमलको बीजकोषका पर्यायवाची नाम हुन् । यो तितो, टर्रो, गुलियो, शीतवीर्यको, पचेपछि पिरो, पचाउन सहज, ग्राहि, वातविकार गर्ने तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

पद्मं श्वेतं पुण्डरीकं सारसं सरसीरुहम् । शशिपुष्पं तामरसं शतपत्रं सरोरुहम् ॥
पङ्केरुहं श्वेतपद्मं सरोजाम्बुजपङ्कजम् । कैतवं चाब्जमम्भोजं नलकं भद्रकं कुहम् ॥
सहस्रपत्रं श्रीगेहं शिवपुष्पं कुशेशयम् । कमलं शीतलं तिक्तं कषायं स्वादु वर्णकृत् ॥

कफपित्तास्रविस्फोटदाहतृष्णाविनाशनम् ।

पद्म, श्वेत, पुण्डरीक, सारस, सरसीरुह, शशिपुष्प, तामरस, शतपत्र, सरोरुह, पङ्केरुह, श्वेतपद्म, सरोजाम्बुज, पङ्कज, कैतव, अब्ज, अम्भोज, नलक, भद्रक, कुह, सहस्रपत्र, श्रीगेह, शिवपुष्प र कुशेशय : यी कमलका पर्यायवाची नाम हुन् । कमल शीतवीर्यको, तितो, टर्रो, गुलियो, स्वादिलो, वर्णमा निखार लेराउने तथा कफविकार, पित्तविकार, रक्तविकार (वा रक्तपित्त), विस्फोट, डाह र तिर्खा नाश गर्ने गुणको हुन्छ ।

नीलोत्पलं कुवलयं नीलाब्जमसितोत्पलम् । इन्दीवरं च कालोड्यं कज्जलं काककुड्मलम् ॥
राजीवं पुष्करं रक्तमरविन्दं महोत्पलम् । मनोरमं श्रीनिकेतं कमलं नलिनं नलम् ॥

नीलोत्पल, कुवलय, नीलाब्ज, असितोत्पल, इन्दीवर, कालोड्य, कज्जल, काककुड्मल, राजीव, पुष्कर, रक्तमरविन्द, महोत्पल, मनोरम, श्रीनिकेत, कमल, नलिन र नल : यी नीलो उत्पलका पर्यायवाची नाम हुन् ।

रक्तोत्पलं कोकनदं हल्लकं रक्तसन्धिकम् । तस्मादल्पान्तरगुणो विद्यात् कुवलयोत्पले ॥

रक्तोत्पल, कोकनद, हल्लक र रक्तसन्धिक : यी रातो उत्पलका पर्यायवाची नाम हुन् ।

कन्दस्तूत्पलजः पित्तनाशनो गुरुबृंहणः । असृग्दरहरो गर्भं स्थापयेच्चापि तर्पणः ॥
रक्तोत्पलस्य कन्दस्तु मधुरः पित्तनाशनः । चक्षुष्यो रक्तविकृतिं हरेद् बलकरो गुरुः ॥
तथा कुवलयस्य स्यात् कुमुदस्य तथैव च ।

उत्पलको गानो पित्तविकार नाश गर्ने, पचाउन कठिन, पौष्टिक, रक्तविकार र पेटका रोग नाश गर्ने, गर्भ संस्थापक तथा तृप्तिदायक गुणको हुन्छ । रातो उत्पलको कन्द गुलियो, पित्तविकार नाश गर्ने, आँखाका लागि हितकर, रक्तविकार नाश गर्ने, बलदायक र र पचाउन कठिन हुने गुणको हुन्छ । कुवलय र कुमुदको कन्दमा पनि यिनै गुण हुन्छन् ।

कुमुदं श्वेतजलजं श्यामवृन्तं जलेरुहम् । सोमप्रियं नीलवृन्तं चन्द्रकान्तं शशिप्रियम् ॥
सितोत्पलं गर्दभकं चन्द्रेष्टं कैरवं कुमुत् । कुमुदं पिच्छिलं स्निग्धं मधुरं ह्लादि शीतलम् ॥
कुमुदस्य च बीजं तु कुरुते मनसो मुदम् । वातलं रक्तपित्तघ्नमतीसारविनाशनम् ॥

कुमुद, श्वेतजलज, श्यामवृन्त, जलेरुह, सोमप्रिय, नीलवृन्त, चन्द्रकान्त, शशिप्रिय, सितोत्पल, गर्दभक, चन्द्रेष्ट, कैरव र कुमुत : यी कुमुदका पर्यायवाची नाम हुन् । यो लेस्याइलो, चिल्लो, गुलियो, मनमोहक र शीतवीर्यको हुन्छ । कुमुदका बीजले मनलाई आनन्द दिन्छ तथा वातविकार गर्ने एवं रक्तपित्त र अतीसार नाश गर्ने गुणको हुन्छ ।

सुगन्धिविटपो गन्धहेमाह्वः शीतलोहणः । महागन्धो रक्तनालः शीतः शीतरुहस्तथा ॥
जात्युत्पलं रक्तनीलं ह्रस्वोत्पलवरोत्पलम् । सौगन्धिकं कर्णपूरं कल्हारं सोमगन्धिकम् ॥
कल्हारं शीतलं ग्राहि विष्टम्भि गुरु रूक्षणम् ।

सुगन्धिविटप, गन्धहेमाह्व, शीतलोहण, महागन्ध, रक्तनाल, शीत, शीतरुह, जात्युत्पल, रक्तनील, ह्रस्वोत्पल, वरोत्पल, सौगन्धिक, कर्णपूर, कल्हार र सोमगन्धिक : यी कल्हारका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, ग्राहि, कब्जियत गर्ने, पचाउन कठिन र रुखो गुणको हुन्छ ।

पद्मरेणुः पद्मरजः किञ्जं कमलकेसरम् । किञ्जल्कं मकरन्दञ्च तुङ्ग गौरञ्च काञ्चनम् ॥
किञ्जल्कं शीतलं रूक्षं कषायं ग्राहि कान्तिदम् । कफपित्ततृषादाहरक्तार्शोविषशोषजित् ॥

कह्लार (तस्विर श्रोत : कमन्स डट विकिमेडिया डट ओआरजी)

पद्मरेणु, पद्मरज, किञ्ज, कमलकेसर, किञ्जल्क, मकरन्द, तुङ्ग, गौर र काञ्चन : यी कमलकेसरका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, रुखो, टर्रो, ग्राहि, शरीरको कान्ति बढाउने तथा कफविकार, पित्तविकार, तिर्खा, डाह, रक्तविकार, हर्सा, विषविकार र सुकेनासलाई जित्ने गुणको हुन्छ ।

पद्मबीजं तु पद्माक्षं कालोडयं पद्मकर्कटी । भेडः क्रौञ्चादनः क्रौञ्चो नापाकः कदलं दलम् ॥
नलको भेण्डनापाकौ विचोटं कटकं मतम् । पद्मबीजं हिमं तिक्तं कषायं मधुरं गुरु ॥
बल्यं सङ्ग्राहि पित्तास्रदाहजित् कफवातकृत् । विष्टम्भि लेखनं रूक्षं गर्भसंस्थापनं परम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

पद्मबीज, पद्माक्ष, कालोड्य, पद्मकर्कटी, भेड, क्रौञ्चादन, क्रौञ्च, नापाक, कदल, दल, नलक, भेण्डनापाक, विचोट र कटक : यी कमलको बीजका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, तितो, टर्रो, गुलियो, पचाउन कठिन, बलदायक, ग्राहि; पित्तविकार, रक्तविकार र डाहलाई जित्ने; कफविकार, वातविकार र कब्जियत गर्ने; लेखनी, रुखो र प्रभावकारी ढङ्गले गर्भ स्थापना गर्ने गुणको हुन्छ ।

कुमुदोत्पलनालास्तु सपुष्पाः सफलास्तथा । शीताः स्वादु कषायाश्च रक्तपित्तहरास्तथा ॥
मृणालकं पद्मनालं तण्डुलं नलिनीरुदलम् । बिशपद्मादिमूलं शालूकं करहाटः कराटनम् ॥

फूल र फल सहितको कुमुदोत्पलको डाँठ शीतवीर्यको, गुलियो, टर्रो तथा रक्तपित्त नाश गर्ने गुणको हुन्छ । मृणालक, पद्मनाल, तण्डुल, नलिनीरुदल, पद्मबिश, पद्ममूल, शालूक, करहाट र कराटन : यी कमलको डाँठका पर्यायवाची नाम हुन् ।

पद्ममूलं जलालूकं शालिमं शकलं शिफा । बिसन्दनालास्तिक्ताः कषाया मधुरा हिमाः ॥
ग्राहिणो गुरवो रूक्षाः स्वादुपाकाश्च दुर्जराः । वृष्याः पित्तास्रदाहघ्नाः स्तन्यानिलकफप्रदाः ॥

पद्ममूल, जलालूक, शालिम, शकल, शिफा र बिसन्दनाल : यी कमलको जराका पर्यायवाची नाम

हुन् । यो तितो, टर्रो, गुलियो, शीतवीर्यको, ग्राहि, पचाउन कठिन, रुखो, पचेपछि गुलियो, ढिलो पच्ने, वीर्यवर्धक; पित्तविकार, रक्तविकार र डाह नाश गर्ने; सुत्केरीको दूध बढाउने तथा वातविकार र कफविकार गर्ने गुणको हुन्छ ।

पद्मकन्दः पित्तहरः कषायो मधुरो गुरु । वातगुल्मकृमिहरो दुर्जरश्चक्षुषो हितः ॥

कमलको गानु पित्तविकार नाश गर्ने, टर्रो, गुलियो, पचाउन कठिन; वातविकार, गुल्म र कीरा नाशगर्ने; ढिलो पच्ने तथा आँखालाई फाइदा गर्ने गुणको हुन्छ ।

(छ) **धन्वन्तरि निघण्टु :**

पुण्डरीकं श्वेतपद्मं सिताब्जं श्वेतवारिजम् ॥ हरिनेत्रं शरत्पद्मं शारदं शम्भुवल्लभम् ।
पुण्डरीकं हिमं तिक्तं मधुरं पित्तनाशनम् ॥ दाहघ्नमस्रशोषघ्नं पिपासाभ्रमनाशनम् ।

पुण्डरीक, श्वेतपद्म, सिताब्ज, श्वेतवारिज, हरिनेत्र, शरत्पद्म, शारद र शम्भुवल्लभ : यी सेतो कमलका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, तितो, गुलियो तथा पित्तविकार, डाह, रक्तविकार, सुकेनाश, तिर्खारोग र भ्रम नाश गर्ने गुणको हुन्छ ।

सौगन्धिकं नीलपद्मं भद्रं कुवलयं कुजम् ॥ इन्दीवरं तामरसं कुवलं कुड्मलं मतम् ।
नीलाब्जं शीतलं स्वादु सुगन्धि पित्तनाशनम् ॥ रुच्यं रसायने श्रेष्ठं देहदार्ढ्यं च केशदम् ।
ईषच्छ्वेतं विदुः पद्ममीषन्नीलमथोत्पलम् ॥ ईषद्रक्तं तु नलिनं क्षुद्रं तच्चोत्पलत्रयम् ।
उत्पलस्यं त्रयं स्वादु कषायं पित्तजिद्धिमम् ॥

सानो जातका कमल तीन थरी हुन्छन् । हल्का सेतो कमललाई पद्म, हल्का नीलो कमललाई उत्पल र हल्का रातो कमललाई नलिन भनिन्छ । यी तीन थरी कमल (उत्पल) गुलिया, टर्रा, पित्तविकारलाई जित्ने र शीतवीर्यका हुन्छन् । सौगन्धिक, नीलपद्म, भद्र, कुवलय, कुज, इन्दीवर, तामरस, कुवल र कुड्मल : यी नीलकमलका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, गुलियो, सुगन्धी, पित्तविकार नाश गर्ने, रुचिप्रद, श्रेष्ठ रसायनी, शरीरलाई बलियो बनाउने र कपाललाई फाइदा गर्ने गुणको हुन्छ ।

रक्तपद्मं तु नलिनं पुष्करं कमलं नलम् ॥ राजीवं स्यात्कोकनदं शतपत्रं सरोरुहम् ।
पाके रक्तोत्पलं शीतं तिक्तं च मधुरं रसे ॥ भिनत्ति पित्तसन्तापौ ध्वंसयत्यस्रजां रुजम् ।

रक्तपद्म, नलिन, पुष्कर, कमल, नल, राजीव, कोकनद, शतपत्र र सरोरुह : यी रातो कमलका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, पचेपटि तितो, शुरुमा गुलियो, पित्तविकार नाश गर्ने र रक्तविकार निर्मूल पार्ने गुणको हुन्छ ।

पद्मिनी स्यात्पुटकिनी नलिनी च कुमुद्वती । पलाशिनी पद्मवती वनखण्डा सरोरुहा ॥

पद्मिनी शिशिरा रूक्षा कफपित्तहरा स्मृता ।

पद्मिनी, पुटकिनी, नलिनी, कुमुद्वती, पलाशिनी, पद्मवती, वनखण्डा र सरोरुहा : यी फूल सहितको पूरा कमलको बोटका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, रुखो तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

पद्मकेशरमापीतं किञ्जल्कं किञ्जमेव च ॥ मकरन्दं तथा तुङ्गं गौरं काञ्चनकं च तत् ।
तृषाघ्नं शीतलं रूक्षं पित्तरक्तक्षयापहम् ॥ पद्मकेशरमेवोक्तं पित्तघ्नं च कषायकम् ॥

पद्मकेशर, आपीत, किञ्जल्क, किञ्ज, मकरन्द, तुङ्ग, गौर र काञ्चनक : यी कमलको केशरका पर्यायवाची नाम हुन् । यो तिर्खा नाशक, शीतवीर्यको, रुखो तथा पित्तविकार, रक्तविकार र क्षयरोग नाश गर्ने गुणको हुन्छ । यसमा हुने टर्रोपनले पित्तविकार नाश गर्दछ ।

पद्मबीजं तु पद्माक्षं गालोड्यं पद्मकर्कटी ॥ भेडः क्रौञ्चादनो क्रौञ्चो नामतश्चैव पद्मकम् ।
(भेडा क्रौञ्चादिनी क्रौञ्चो नापाकश्चैष कन्दली) । स्वादु तिक्तं पद्मबीजं गर्भस्थापनमुत्तमम् ॥
रक्तपित्तप्रशमनं किञ्चिन्मारुतकृद्भवेत् ।

पद्मबीज, पद्माक्ष, गालोड्य, पद्मकर्कटी, भेड (डा), क्रौञ्चादन, क्रौञ्च, (नापाक) र पद्मक (कन्दली) : यी मखानाका पर्यायवाची नाम हुन् । यो गुलियो, तितो, गर्भ स्थापना गर्न उत्तम, रक्तपित्तलाई शान्त पार्ने तथा केही वातविकार गर्ने गुणको हुन्छ ।

सङ्कलक : मोहन प्रसाद सापकोटा

बिसं मृणालं बिसिनी मृणाली स्यान्मृणालिका ॥ मृणालकं पद्मनालं तण्डुलं नलिनीरुहम् ।
अविदाहि बिसं प्रोक्तं रक्तपित्तप्रसादनम् ॥ विष्टम्भि मधुरं रूक्षं दुर्जरं वातकोपनम् ।

बिस, मृणाल, बिसिनी, मृणाली, मृणालिका, मृणालक, पद्मनाल, तण्डुल र नलिनीरुह : यी कमलको डाँठका पर्यायवाची नाम हुन् । यो डाह नगर्ने, रक्तपित्तलाई प्रशोधन गर्ने, कब्जियत गर्ने, गुलियो, रुखो, ढिलो पच्ने र वातविकारलाई उत्तेजित पार्ने गुणको हुन्छ ।

पद्ममूलं तु शालूकं सकलं करहाटकम् ॥ शालीनं पद्मकन्दं च जलालुकं निगद्यते ।
पद्मकन्दः कषायः स्यात्तिक्तः स्वादुर्विपाकतः ॥ शीतवीर्योऽस्रपित्तोत्थं रोगभङ्गाय कल्पते ।

पद्ममूल, शालूक, सकल, करहाटक, शालीन, पद्मकन्द र जलालुक : यी कमलको गानोका पर्यायवाची नाम हुन् । यो टर्रो, तितो, पचेपछि गुलियो, शीतवीर्यको तथा रक्तपित्तजन्य रोग नाशगर्नका लागि उपयुक्त हुने गुणको हुन्छ ।

कुमुदं श्वेतजलजमब्जमम्भोजमम्बुजम् ॥ पङ्कजं चारविन्दं च कल्हारं च कुशेशयम् ।
कुमुदं शीतलं स्वादु पाके तिक्तं कफापहम् ॥ रक्तदोषहरं दाहश्रमपित्तप्रशान्तिकृत् ।

कुमुद, श्वेतजलज, अब्ज, अम्भोज, अम्बुज, पङ्कज, अरविन्द, कल्हार र कुशेशय : यी सेतो चन्द्रकमलका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, गुलियो, पचेपछि तितो, कफविकार र रक्तविकार नाश गर्ने तथा डाह, थकाई र पित्तविकारलाई शान्त पार्ने गुणको हुन्छ ।

(ज) **निघण्टुशेष :**

पद्मिन्यां तु महावल्ली बिशिनी बिशवत्यपि । पलाशिनी नालीकिनी नलिनी पुटकिन्यपि॥
(पद्ममस्त्यस्याः पद्मिनी । महती चासौ वल्ली च महावल्ली । बिशमस्त्यस्याः बिशिनी । बिशं विद्यतेऽस्याः बिशवती । पलाशाः सन्त्यस्यां पलाशिनी । नालीकमस्त्यस्या नालीकिनी । नलिनमस्त्यस्या नलिनी । पुटकमस्त्यस्याः पुटकिनी ।) ।

पद्मिनी, महावल्ली, बिशिनी, बिशवती, पलाशिनी, नालीकिनी, नलिनी र पुटकिनी : यी पद्मिनीका पर्यायवाची नाम हुन् ।

कमले नलिनं पद्ममरविन्दं कुशेशयम् । परं शत-सहस्राभ्यां पत्रं राजीव-पुष्करे॥
बिसप्रसूतं नालीकं तामरसं महोत्पलम् । तज्जलात् सरसः पङ्कात् परे रुड्-रुह-जन्म-जैः॥
(काम्यते श्रिया कमलम्, कं-अम्भः अलति भूषयति वा, केन शिरसा मल्यते-धार्यते इति वा । नलति नलिनम् । पद्यते भृङ्गैः पद्मम् । अरान् विन्दति अरविन्दम् । कुशे-जले शेते कुशेशयम् । शतं सहस्रं च पत्राण्यस्य शतपत्रं सहस्रपत्रम् । राज्यः-रेखाः सन्त्यस्य राजीवम् । पुष्यति जले पुष्करम् । बिसात् प्रसूतं बिसप्रसूतमे, बिसप्रसूनमपि । नलति नालीकम् । तम्यते तामरसम्, तामः-सप्रकर्षो रसोऽस्येति वा, तामः प्रकर्षार्थः, तारतम्यवत् ताम्यद्भिः-भृङ्गैरस्यते वा । महच्च तदुत्पलं महोत्पलम् । कमलम् जलशब्दात् सरःशब्दात् पङ्कशब्दाज्ज परे रुडादिभिरुच्यते इत्यर्थः । जलरुट् जलरुहं जलजन्म जलजम् । सरोरुट् सरोरुहं सरोजन्म सरोजम् । पङ्करुट् पङ्करुहं पङ्कजन्म पङ्कजम् । यौगिकत्वाद् वारिरुड्- वारिज-सरसीरुहादयोऽवसेयाः) ।)

कमल, नलिन, पद्म, अरविन्द, कुशेशय, शतपत्र, सहस्रपत्र, राजीव, पुष्कर, बिसप्रसूत, बिसप्रसून, नालीक, तामरस, महोत्पल, जलरुट् जलरुह, जलजन्म, जलज, सरोरुट्, सरोरुह, सरोजन्म, सरोज, पङ्करुट्, पङ्करुह, पङ्कजन्म, पङ्कज, वारिरुड्, वारिज र सरसीरुह (आदि) कमलका पर्यायवाची नाम हुन् ।

पुण्डरीकं सिताम्भोजं अथ रक्तसरोरुहे ।
रक्तोत्पलं कोकनदं कैरविण्यां कुमुद्वती॥
("पुणत् शुभे" पुणति पुण्डरीकम्, पुण्डते वा ।
सितं-श्वेतमम्भोजं सिताम्भोजम् । रक्तं च तत् सरोरुहं च रक्तसरोरुहम् ।
तत्र रक्तं-शोणमुत्पलं रक्तोत्पलम् । कोकैः-चक्रवाकैर्नदति कोकनदम् ।
कैरवाणि सन्त्यस्यां कैरविणी, तत्र ।
कुमुदानि सन्त्यस्यां कुमुद्वती ।) ।

पुण्डरीक र सिताम्भोज : यी सेतो कमलका पर्यायवाची नाम हुन् । रक्तसरोरुह, रक्तलोत्पल र कोकनद : यी रातो कमलका पर्यायवाची नाम हुन् । कैरविणी र कुमुद्वती : यी कुमुद्वतीका नाम हुन् ।

उत्पले स्यात् कुवलयं कुवेलं कुवलं कुवम् ।
श्वेते तु तत्र कुमुदं कैरवं गर्दभाह्वयम् ॥

(उत्पिबति उत्पलम्, उत्पलतीति वा । कौ वलति-प्राणिति कुवलयम्, कुत्सितं बहिर्वलयं-पत्रवेष्टनमस्य वा । कौ वेलति कुवेलम् । कवते भृङ्गारावैः कुवलम्, कौ वलतीति वा । कुत्सितं वातीति कुवम् ।उत्पले श्वेते काम्यते कुमुदम्, कौ मोदते इति वा कुमुद् इत्यपि । करोति सुखं कैरवम्, के रौति-शब्दायते केरवः-हंसः, तस्येदं प्रियमिति वा । गर्दभस्याऽऽह्वयोऽस्य गर्दभाह्वयम् ।) ।

कुवलय, कुवेल, कुवल र कुव : यी उत्पलका पर्यायवाची नाम हुन् । कुमुद, कैरव र गर्दभाह्वय : यी सेतो उत्पलका पर्यायवाची नाम हुन् ।

नीले तु स्यादिन्दीवरं हल्लकं रक्तसन्ध्यके । सौगन्धिके तु कह्लारं बीजकोशे वराटकः ॥
कर्णिका पद्मनाले तु मृणालं तन्तुलं बिसम् । किञ्जल्के केसरं नव्यदले संवर्तिका भवेत् ॥

(नीले उत्पले इन्दति श्रिया इन्दीवरम् । हलति-धूर्णते हल्लकम् । रक्तान् सन्धीन् अकति-याति प्राप्नोति रक्तसन्ध्यकम्, रक्तं सन्ध्येव वा; तत्र रक्तोत्पलं चैतत् ।सुगन्धः प्रयोजनमस्य सौगन्धिकः । कल्यते कह्लारम्, के ह्लादते वा ।बीजानां-पद्माक्षनाम्नां कोशो बीजकोशः । वरमटति वराटकः। कर्णे भवा कर्णिका । पद्मस्य नालं पद्मनालम् । "मृणत् हिंसायाम्" मृण्यते-अर्द्यते मृणालम्, मृदमालीयते वा । तन्तून् लाति तन्तुलम् । वेति बिसम्, बिस्यते-प्रेर्यते वा । एतस्य लोके "बिसु" इति प्रसिद्धिः । किञ्चिद् जलति किञ्जल्कम्, किं-कुत्सितं जीर्यते वा । के सरति केसर । नव्यदलं-पद्मादीनां नवोद्भिन्नं दलं सरयन्त्रकाख्यम्, तत्र, संवर्तयति-वेष्टयति संवर्तिका ।) ।

नीलो उत्पललाई इन्दीवर भनिन्छ । हल्लक र रक्तसन्ध्यक : यी रातो उत्पलका पर्यायवाची नाम हुन् । सौगन्धिक र कह्लार : कह्लारका पर्यायवाची नाम हुन् । कमलको बीजकोशलाई वराटक वा कर्णिका भनिन्छ । कमलको डाँठलाई पद्मनाल, मृणाल, तन्तुल वा बिस भनिन्छ । कमलको केसरलाई किञ्जल्क वा केसर भनिन्छ ।कमलको नयाँ पातलाई नव्यदल वा संवर्तिका भनिन्छ ।

कन्दे पाद्मे करहाट-शिफे शालूकमौत्पले । पद्मबीजे तु पद्माख्यं पद्मकर्कटिकेत्यपि ॥

(कनति-दीप्यते कन्दः, कन्द्यते-अन्विष्यते वा, तत्र, पद्मस्यायं पाद्मः । कं रहयन्ति कराहाः-पद्मादयो जलोत्थाः, तान् अटति-प्राप्नोति करहाटः; कीर्यते वा । शिनोति-दारयति क्ष्मां शिफा । "शल गतौ" शलति शालूकम्, उत्पलानामिदमौत्पलम्-उत्पलसम्बन्धि । पद्मानां बीजं पद्मबीजम्, तत्र । पद्ममित्याख्याऽस्य पद्माख्यम् । पद्मानां कर्कटी पद्मकर्कटी ।) ।

कमलको कन्दलाई करहाट वा शिफा भनिन्छ । उत्पलको जरालाई शालूक भनिन्छ । पद्मबीज, पद्माख्य र पद्मकर्कटिका : यी कमलको बीजका पर्यायवाची नाम हुन् ।

(झ) पर्याय रत्नमाला :

कमलं पङ्कजं पद्ममब्जं नलिनमम्बुजम् । कुशेशयञ्च राजीवमरविन्दं सरोरुहम् ॥
नलिनी स्यात् पङ्कजिनी बिसिनी च सरोजिनी । पद्मिनी चापि पर्यायाः पद्मशण्डे तदाकरे ॥

कमल, पङ्कज, पद्म, अब्ज, नलिन, अम्बुज, कुशेशय, राजीव, अरविन्द र सरोरुह : यी कमलका पर्यायवाची नाम हुन् । नलिनी, पङ्कजिनी, बिसिनी, सरोजिनी, पद्मिनी, पद्मशण्डा र आकरा : यी पद्मिनीका पर्यायवाची नाम हुन् ।

(ञ) भावप्रकाश निघण्टु :

वा पुंसि पद्मं नलिनमरविन्दं महोत्पलम् । सहस्रपत्रं कमलं शतपत्रं कुशेशयम् ॥
पङ्केरुहं तामरसं सारसं सरसीरुहम् । बिसप्रसूनराजीवपुष्कराम्भोरुहाणि च ॥
कमलं शीतलं वर्ण्यं मधुरं कफपित्तजित् । तृष्णादाहास्रविस्फोटविषवीसर्पनाशनम् ॥

पद्म (यो प्रायः नपुंसक लिङ्गमा र कहिलेकाहीँ पुंलिङ्गमा पनि प्रयोग हुन्छ), नलिन, अरविन्द, महोत्पल, सहस्रपत्र, कमल, शतपत्र, कुशेशय, पङ्केरुह, तामरस, सारस, सरसीरुह, बिसप्रसून, राजीव, पुष्कर र अम्भोरुह : यी कमलका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ र शरीरको वर्णमा निखार लेराउँदछ । यो मिठो हुन्छ । यसले कफविकार, पित्तविकार, तिर्खा, डाह, रक्तविकार, विस्फोट, विषविकार र वीसर्प रोग नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

विशेषतः सितं पद्मं पुण्डरीकमिति स्मृतम् । रक्तं कोकनदं ज्ञेयं नीलमिन्दीवरं स्मृतम् ॥
धवलं कमलं शीतं मधुरं कफपित्तजित् । तस्मादल्पगुणं किञ्चिदन्यद्रक्तोत्पलादिकम् ॥

विशेष गरी सेतो कमललाई "पुण्डरीक", रातो कमललाई "कोकनद" र नीलो कमललाई "इन्दीवर" भनिन्छ । सेतो कमलले शीतल गर्दछ । यो मिठो हुन्छ । यसले कफविकार र पित्तविकार नाश गर्दछ । अन्य राता, नीला आदि कमल यसका तुलनामा कम गुणशाली हुन्छन् ।

मूलनालदलोत्फुल्लफलैः समुदिता पुनः । पद्मिनी प्रोच्यते प्राज्ञैर्बिसिन्यादि च सा स्मृता ॥

जरा, डाँठ, पात र फल सहितको फूलेको कमललाई विद्वानहरू "पद्मिनी" भन्दछन् । यसैलाई "बिसिनी" (नलिनी, कमलिनी) आदि पनि भनिन्छ ।

पद्मिनी शीतला गुर्वी मधुरा लवणा च सा । पित्तासृक्कफनुद्रूक्षा वातविष्टम्भकारिणी ॥

पद्मिनीले शीतल गर्दछ । पचाउन कठिन हुन्छ । मिठो र नुनिलो हुन्छ । यसले पित्तविकार, रक्तविकार र कफविकार नाश गर्दछ । यो रुखो हुन्छ । यसले वातविकार बढाउँदछ । यो विष्टम्भी हुन्छ ।

संवर्त्तिका नवदलं बीजकोशस्तु कर्णिका । किञ्जल्कः केशरः प्रोक्तो मकरन्दो रसः स्मृतः ॥ पद्मनालं मृणालं स्यात्तथा बिसमिति स्मृतम् ।

कमलको कलिलो पात (तस्बिर श्रोत : पेयर डी अमरकोश

कमलका भर्खर पलाएका नयाँ पातलाई “संवर्त्तिका” भनिन्छ । कमलका गेडा रहने बीजकोश (फल) लाई “कर्णिका” पनि भनिन्छ । कमलको केशरलाई “किञ्जल्क” र फूलको रसलाई “मकरन्द” भनिन्छ । कमलको डाँठलाई “पद्मनाल” वा “मृणाल” वा “बिस” भनिन्छ ।

संवर्त्तिका हिमा तिक्ता कषाया दाहतृट्प्रणुत् ॥ मूत्रकृच्छ्रगुदव्याधिरक्तपित्तविनाशिनी ।

कमलका कलिलो पात चिसो हुन्छ र शीतल गर्दछ । यो तीतो र टर्रो हुन्छ । यसले डाह, तिर्खा, मूत्रकृच्छ्र, मलद्वारका रोग र रक्तपित्त नाश गर्दछ ।

पद्मस्य कर्णिका तिक्ता कषाया मधुरा हिमा ॥ मुखवैशद्यकृल्लघ्वी तृष्णाऽस्रकफपित्तनुत् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कमलको बीजकोश तीतो, टर्रो र गुलियो हुन्छ । यसले शीतल गर्दछ । यसले मुखको शुद्धि गर्दछ । यो पचाउन हलुका हुन्छ । यसले तिर्खा, रक्तविकार, कफविकार र पित्तविकार नाश गर्दछ । (कमलका गेडा पौष्टिक, गुलियो, चिल्लो, सङ्ग्राही, रक्तसङ्ग्राही, गर्भसंस्थापक र शीतल गर्ने गुणको हुन्छ ।)

किञ्जल्कः शीतलो वृष्यः कषायो ग्राहकोऽपि सः ॥ कफपित्ततृषादाहरक्तार्शोविषशोथजित् ।

कमलको केशरले शीतल गर्दछ । यो वीर्यवर्धक, टर्रो र सङ्ग्राही हुन्छ । यसले कफविकार, पित्तविकार, तिर्खा, डाह, रगत बहने अल्काई, विषविकार र सुजनलाई नाश गर्दछ ।

मृणालं शीतलं वृष्यं पित्तदाहास्रजिद् गुरु ॥ दुर्जरं स्वादुपाकञ्च स्तन्यानिलकफप्रदम् । संग्राहि मधुरं रूक्षं शालूकमपि तद्गुणम् ॥

कमलको डाँठले शीतल गर्दछ, वीर्य बढाउँदछ तथा पित्तविकार, डाह र रक्तविकार नाश गर्दछ । यो पचाउन कठिन, रुखो र पचेपछि गुलियो हुन्छ । यसले दूध फुटाउँदछ वा बढाउँदछ तथा वायुविकार र कफविकार बढाउँदछ । यो सङ्ग्राही, गुलियो र रुखो हुन्छ । कमलको जरामा हुने गानुमा पनि कमलको डाँठमा हुने जस्तै गुण हुन्छन् ।

श्वेतं कुवलयं प्रोक्तं कुमुदं कैरवं तथा ॥ कुमुदं पिच्छिलं स्निग्धं मधुरं ह्लादि शीतलम् ।

श्वेतकुवलय, कुमुद र कैरव : यी रातमा जून लागेपछि फुल्ने सेतो कमलका पर्यायवाची नामहरू हुन्। यो लेस्याइलो, चिल्लो र गुलियो हुन्छ । यसले शीतल गर्दछ र मनलाई प्रसन्न पार्दछ ।

कुमुद्वती कैरविका तथा कुमुदिनीति च॥ सा तु मूलादिसर्वाङ्गैरुक्ता समुदिता बुधैः ।
पद्मिन्या ये गुणाः प्रोक्ताः कुमुदिन्याश्च ते स्मृताः॥

जरा, डाँठ, पात र फल सहितको कुमुदको फूललाई कुमुदिनी भनिन्छ । कुमुद्वती, कैरविका र कुमुदिनी यसका संस्कृत पर्यायवाची नामहरू हुन् । पहिले जेजस्ता गुण पद्मिनीका बताइए कुमुदिनीमा पनि तिनै गुणहरू हुन्छन् भनी जान्नू ।

सौगन्धिकं तु कह्लारं हल्लकं रक्तसन्ध्यकम् । कह्लारं शीतलं ग्राहि विष्टम्भि गुरु रूक्षणम्॥

सौगन्धिक, कह्लार, हल्लक र रक्तसन्ध्यक : यी सौगन्धिक कमलका संस्कृत पर्यायवाची नामहरू हुन्। यसले शीतल गर्दछ । यो सङ्ग्राही, विष्टम्भी, पचाउन कठिन र रुखो हुन्छ ।

पद्मबीजं तु पद्माक्षं गालोड्यं पद्मकर्कटी । पद्मबीजं हिमं स्वादु कषायं तिक्तकं गुरु॥
विष्टम्भि वृष्यं रूक्षञ्च गर्भसंस्थापकं परम् । कफवातकरं बल्यं ग्राहि पित्तास्रदाहनुत्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

पद्मबीज, पद्माक्ष, गालोड्य र पद्मकर्कटी : यी कमलका बीजका संस्कृत पर्यायवाची नामहरू हुन् । यशले शीतल गर्दछ । यो स्वादिलो, टर्रो, तीतो, पचाउन कठिन, विष्टम्भि, वीर्यवर्द्धक, रुखो र विशेषतः गर्भ स्थापक हुन्छ । यसले कफविकार र वातविकार बढाउँदछ । यसले बल दिन्छ । यो सङ्ग्राही हुन्छ । यसले पित्तविकार, रक्तविकार र डाह नाश गर्दछ ।

मखान्नं पद्मबीजाभं पानीयफलमित्यपि । मखान्नं पद्मबीजस्य गुणैस्तुल्यं विनिर्दिशेत्॥

मखान्न, पद्मबीजाभ र पानीयफल : यी मखानाका संस्कृत पर्यायवाची शब्दहरू हुन् । मखानाको गुण कमलको बीज समान हुन्छ भनी जान्नू ।

उक्तं कुमुदबीजन्तु बुधैः कैरविणीफलम्॥ भवेत्कुमुद्वतीबीजं स्वादु रूक्षं हिमं गुरु ।

कुमुदको बीजलाई विद्वानहरूले कैरविणीफल भनेका छन् । यो स्वादिलो, रुखो, शीतल गर्ने र पचाउन कठिन हुन्छ ।

पद्मादिकन्दः शालूकं करहाटश्च कथ्यते॥ मृणालमूलं भिस्साण्डं जलालूकञ्च कथ्यते ।
शालूकं शीतलं वृष्यं पित्तदाहास्रनुद् गुरु॥
दुर्जरं स्वादुपाकश्च स्तन्यानिलकफप्रदम् । संग्राहि मधुरं रूक्षं भिस्साण्डमपि तद्गुणम्॥

मखानाको खेती (तस्बिर श्रोत : नवभारतटाइम्स)

कमल आदिका कन्दलाई संस्कृतमा शालूक र करहाट भनिन्छ । कमलको डाँठलाई मृणाल भनिन्छ । मृणालको मूल भागलाई संस्कृतमा मृणालमूल, भिस्साण्ड र जलालूक भनिन्छ । कमलकन्दले शीतल गर्दछ, वीर्य बढाउँदछ तथा पित्तविकार, डाह र रक्तविकार नाश गर्दछ । यो पचाउन कठिन हुन्छ । यो ढिलो पच्दछ । पचेपछि गुलियो हुन्छ । यसले दूध, वातविकार र कफविकार बढाउँदछ । यसले कब्जियत गर्दछ । यो मिठो र रुखो हुन्छ । कमलको मूल डाँठमा पनि यिनै गुण हुन्छन् ।

(ट) मदनपाल निघण्टु :

कमलं श्वेतमम्भोजं सारसं सरसीरुहम् । सहस्रपत्रं श्रीगेहं शतपत्रं कुशेशयम्॥
पङ्केरुहं तामरसं राजीवं पुष्कराह्वयम्॥
अब्जमम्भोरुहं पद्मं पुण्डरीकं च पङ्कजम् । नलं सरोजं नलिनमरविन्दं महोत्पलम्॥

कमल, श्वेत, अम्भोज, सारस, सरसीरुह, सहस्रपत्र, श्रीगेह, शतपत्र, कुशेशय, पङ्केरुह, तामरस, राजीव, पुष्कराह्वय, अब्ज, अम्भोरुह, पद्म, पुण्डरीक, पङ्कज, नल, सरोज, नलिन, अरविन्द र महोत्पल : यी सेतो कमलका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कमलं शीतलं वर्ण्यं मधुरं कफपित्तजित् । तृषादाहास्रविस्फोटविषविसर्पनाशनम्॥
तस्मादल्पगुणं किञ्चिदन्यद्रक्तोत्पलादिकम्॥

कमल शीतल गर्ने, वर्णमा निखार लेराउने, मिठो तथा कफविकार र पित्तविकार जित्ने गुणको हुन्छ । यसले तिर्खारोग, डाह, रक्तविकार, विस्फोट, विषविकार र विसर्प नाश गर्दछ । अन्य राता आदि कमलमा योभन्दा केही कम गुण हुन्छन् ।

रक्तोत्पलं कोकनदं हल्लकं रक्तसन्ध्यकम्॥

रक्तोत्पल, कोकनद, हल्लक र रक्तसन्ध्यक : यी रातो कमलका संस्कृत पर्यायवाची नामहरू हुन् ।

नीलोत्पलं कुवलयं भद्रमिन्दीवरं मतम् । एतदेव सितं किञ्चित्कुमुदं कैरवं कुमुद्॥

नीलोत्पल, कुवलय, भद्र र इन्दीवर : यी नीलकमलका संस्कृत पर्यायवाची नामहरू हुन् । यही नीलकमल यदि केही सेतो छ भने यसलाई कैरव वा कुमुद भनिन्छ ।

मखानाका गेडा (तस्बिर श्रोत : फूडडटएनडीटीभीडटकम)

कह्लारं ह्रस्वपाथोजं सौम्यं सौगन्धिकं महत् । कह्लारं ग्राहि विष्टम्भि रूक्षं गुरु सुशीतलम्॥

कह्लार, ह्रस्वपाथोज, सौम्य, सौगन्धिक र महत् : यी कमल विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो ग्राही, कब्जियत गर्ने, रुखो, पचाउन कठिन र शीतल गर्ने गुणको हुन्छ ।

किञ्जल्कः केशरं गौरमापीतं काञ्चनाह्वयम् । किञ्जल्कः शीतलो ग्राही रक्तार्शः कफपित्तजित्॥

किञ्जल्क, केशर, गौर, आपीत र काञ्चनाह्वय (सुनवाची शब्द) : यी कमलकेसरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य र ग्राही हुन्छ । यसले रक्तविकार, अल्काई, कफविकार र पित्तविकार माथि जित हासिल गर्दछ ।

पद्मबीजं तु कालेयं पद्माक्षं पद्मकर्कटी । पद्मबीजं हिमं स्वादु गर्भसंस्थापनं गुरु॥
कफवातहरं बल्यं ग्राहि पित्तास्रदाहजित्॥

पद्मबीज, कालेय, पद्माक्ष र पद्मकर्कटी : यी कमलको फलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य, स्वादिलो, गर्भ स्थापना गर्ने, पचाउन कठिन, कफविकार नाशक, वातविकार नाशक, बलदायक, ग्राही तथा पित्तविकार, रक्तविकार र डाह माथि विजय प्राप्त गर्ने गुणको हुन्छ ।

मृणालं बिसमम्भोजं नालयं च नलिनीरुहम् । पद्मादिमूलं शालूकं शालीनं करहाटकम्॥

मृणाल, बिस, अम्भोज, नालय, नलिनीरुह, पद्मादिमूल, शालूक, शालीन र करहाटक : यी कमलको डाँठका संस्कृत पर्यायवाची नामहरू हुन् ।

मृणालं शीतलं वृष्यं पित्तदाहास्रजिद्गुरु । सङ्ग्राहि मधुरं रूक्षं शालूकमपि तद्गुणम्॥



कमल, चाइनिज गार्डेन, पोर्टल्याण्ड, अमेरिका (तस्बिर श्रोत : आफ्नै)

कमलको डाँठ शीतवीर्य, वीर्यवर्धक तथा पित्तविकार, डाह र रक्तविकार माथि विजय प्राप्त गर्ने गुणको हुन्छ । यो पचाउन कठिन, ग्राही, मिठो र रुखो हुन्छ । शालूक (कमलको जराको तल्लो भागलाई शालूक भनिन्छ) मा पनि यिनै गुण हुन्छन् ।

(ठ) मदनादि निघण्टु :

श्वेतवत्या पुण्डरीक शतपत्रं सरोरुहम् ।
श्वेतपुष्पं तामरसं सरोजाम्बुजपङ्कजम्॥
द्वितीयं पुष्कराररक्तमरविन्दं कुशेशयम् ।
कमलं नलिनं चैव श्रीनिकेतं मनोरवम्॥
सौगन्धिकं रक्तनीलं कर्णपूरं दरोत्पलम् ।
नीलोत्पलं कुवलयं नीलोब्जमसितोत्पलम्॥
गुन्द्रासिरीगुच्छमूलावानीरःपृथुरः ।
रक्तोत्पलं कोकनदं कह्लारं रक्तसोमकम्॥
कुमुदं श्वेतजलजं चन्द्रकान्तं शशिप्रियम् । सितोत्पलं गर्दभकं श्यामवृन्तं जलेरुहम्॥
पद्मिनी स्यात् पुटकिनी नलिनी च कुमुद्वती । पलाशिनी वर्णवती वनखण्डा स चारकाः ।
केसरं पद्मकिञ्जल्कं आपीतं पद्मकेसरम्॥ मकरन्दः परागः स्यात् तुङ्गो गौरश्च काञ्चनः ।
मङ्गलम् : मोहन प्रसाद सापकोटा
स्यात् कर्णिका बीजकोशा कर्कोटी पद्मकर्णिका ।
पद्मबीजं तु पद्माक्षं रजः पद्मादिजं मधु । कषाय मधुरं शीतं पद्मपीनं कफास्रजित्॥
अलक्ष्मीनाशनं वन्ध्यरक्तघ्न वर्णकृन्मतः । नीलोत्पलन्तु चक्षुष्यं अञ्जनं तिमिरापहम्॥
रक्तोत्पलं हितं गर्भे रक्तसङ्ग्रहणीषु च । सम्बीजनालमूलानि सर्वेषां सगणानि तु॥

श्वेतवती, पुण्डरीक, शतपत्र, सरोरुह, श्वेतपुष्प, तामरस, सरोज, अम्बुज र पङ्कज : यी सेतो कमलका पर्यायवाची नाम हुन् । पुष्कर, आरक्त, अरविन्द, कुशेशय, कमल, नलिन, श्रीनिकेत र मनोरव : यी रातो कमलका पर्यायवाची नाम हुन् । सौगन्धिक, रक्तनील, कर्णपूर, दरोत्पल, नीलोत्पल, कुवलय, नीलोब्ज र असितोत्पल : यी नीलो उत्पलका पर्यायवाची नाम हुन् । गुन्द्रासिरी, गुच्छमूला, वानीर, पृथुर, रक्तोत्पल, कोकनद, कह्लार र रक्तसोमक : यी रातो उत्पलका पर्यायवाची नाम हुन् । कुमुद, श्वेतजलज, चन्द्रकान्त, शशिप्रिय, सितोत्पल, गर्दभक, श्यामवृन्त र जलेरुह : यी सेतो उत्पलका पर्यायवाची नाम हुन् । पद्मिनी, पुटकिनी, नलिनी र कुमुद्वती : यी पद्मिनीका पर्यायवाची नाम हुन् । पलाशिनी, वर्णवती, वनखण्डा, चारका, केसर, पद्मकिञ्जल्क, आपीत र पद्मकेसर : यी कमलकेसरका पर्यायवाची नाम हुन् । मकरन्द, पराग, तुङ्ग, गौर र काञ्चन : यी कमलको परागका पर्यायवाची नाम हुन् । कर्णिका, बीजकोशा, कर्कोटी र पद्मकर्णिका : यी कमलको बीजकोशका पर्यायवाची नाम हुन् । कलमको बीजलाई पद्माक्ष र रजलाई मधु भनिन्छ । यो टर्रो, गुलियो, शस्तवीर्यको तथा कफविकार रक्तविकारलाई जित्ने गुणको हुन्छ । यसले अलक्ष्मी नाश गर्दछ, वन्ध्या र रक्तविकार समाप्त पार्दछ, वर्णमा निखार लेराउँदछ । नीलो उत्पल आँखाका लागि हितकर तथा गाजल बनाएर लगाउँदा अन्धोपन नाश गर्ने गुणको हुन्छ । रातो उत्पल गर्भका लागि र रक्तविकार र ग्रहणी रोगमा हितकर हुन्छ । बीज, डाँठ र जरा समेत सबै कुराको गुण यही हो ।

(ड) राज निघण्टु :

कमलका गेडा (तस्बिर श्रोत : पेयर डी अमरकोश)

पाथोजं कमलं नभश्च नलिनाम्भोजाम्बुजन्माम्बुजं
श्रीपद्माम्बुरुहाब्जपद्मजलजान्यम्भोरुहं सारसम् ।
पङ्केजं सरसीरुहं च कुटपं पाथोरुहं पुष्करं वार्जं तामरसं कुशेशयकजे कञ्जारविन्दे तथा ॥
शतपत्रं बिसकुसुमं सहस्रपत्रं महोत्पलं वारिरुहम् ।
सरसिजसलिलजपङ्केरुहराजीवानि वेदवह्निमितानि ॥
कमलं शीतलं स्वादु रक्तपित्तश्रमार्तिनुत् । सुगन्धि भ्रान्तिसन्तापशान्तिदं तर्पणं परम् ॥

(१) पाथोज, (२) कमल, (३) नभ, (४) नलिन, (५) अम्भोज, (६) अम्बुजन्मा, (७) अम्बुज, (८) श्री, (९) पद्मा, (१०) अम्बुरुह, (११) अब्ज, (१२) पद्म, (१३) जलजा, (१४) अम्भोरुह, (१५) सारस, (१६) पङ्केज, (१७) सरसीरुह, (१८) कुटप, (१९) पाथोरुह, (२०) पुष्कर, (२१) वार्ज, (२२) तामरस, (२३) कुशेशयकज, (२४) कञ्ज, (२५) अरविन्द, (२६) शतपत्र, (२७) बिसकुसुम, (२८) सहस्रपत्र, (२९) महोत्पल, (३०) वारिरुह, (३१) सरसिज, (३२) सलिलज, (३३) पङ्केरुह र (३४) राजीव : यी चौंतीस नाम कमलका संस्कृत पर्यायवाची नामहरू हुन् । कमल शीतवीर्यको, स्वादिलो तथा रक्तविकार, पित्तविकार र थकाई नाशक हुन्छ । यो सुगन्धी तथा भ्रम र सन्तापलाई शान्त पार्ने एवं अत्यन्त तृप्तिदायक हुन्छ ।

पुण्डरीकं श्वेतपत्रं सिताब्जं श्वेतवारिजम् । हरिनेत्रं शरत्पद्मं शारदं शम्भुवल्लभम् ॥
पुण्डरीकं हिमं तिक्तं मधुरं पित्तनाशनम् । दाहास्रश्रमदोषघ्नं पिपासादोषनाशनम् ॥

पुण्डरीक, श्वेतपत्र, सिताब्ज, श्वेतवारिज, हरिनेत्र, शरत्पद्म, शारद र शम्भुवल्लभ : यी सेतो कमलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो कमल शीतवीर्यको, तीतो, गुलियो र पित्तविकार नाशक हुन्छ । यसले डाह, रक्तविकार, थकाई र तिर्खारोग नाश गर्दछ ।

कोकनदमरुणकमलं रक्ताम्भोजं च शोणपद्मं च ।

रक्तोत्पलमरविन्दं रविप्रियं रक्तवारिजं वसवः॥
कोकनदं कटुतिक्तं मधुरं शिशिरं च रक्तदोषहरम्।
पित्तकफवातशमनं सन्तर्पणकारणं वृष्यम्॥

(१) कोकनद, (२) अरुणकमल, (३) रक्ताम्भोज, (४) शोणपद्म, (५) रक्तोत्पल, (६) अरविन्द, (७) रविप्रिय र (८) रक्तवारिज : यी आठ नाम रातो कमलका संस्कृत पर्यायवाची नामहरू हुन्। यो कमल पिरो, तीतो, गुलियो, शीतवीर्यको तथा रक्तविकार नाशक हुन्छ। यसले पित्तविकार, कफविकार र वातविकारलाई शान्त पार्दछ। यो तृप्तिदायक र वीर्यवर्धक हुन्छ।

उत्पलं नीलकमलं नीलाब्जं नीलपङ्कजम्। नीलपद्मं च बाणाह्वं नीलादिकमलाभिधम्॥
नीलाब्जं शीतलं स्वादु सुगन्धि पित्तनाशकृत्। रुच्यं रसायने श्रेष्ठं देहदार्ढ्यं च कैश्यदम्॥

(१) उत्पल, (२) नीलकमल, (३) नीलाब्ज, (४) नीलपङ्कज र (५) नीलपद्म : यी पाँच नाम नीलकमलका संस्कृत पर्यायवाची नामहरू हुन्। यो कमल शीतवीर्यको, गुलियो, सुगन्धी र पित्तविकार नाशक हुन्छ। यो रुचीप्रद, उत्तम रसायनी, शरीरलाई स्थिर राख्ने र कपालका लागि हितकर हुन्छ।

ईषत्श्वेतं पद्मं नलिनं च तदुक्तमीषदारक्तम्। उत्पलमीषन्नीलं त्रिविधमितीदं भवेत् कमलम्॥
उत्पलादिरयं दाहरक्तपित्तप्रसादनः। पिपासादाहहृद्रोगच्छर्दिमूर्छाहरो गणः॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

हल्का सेतो रङको कमललाई पद्म, केही रातो कमललाई नलिन र केही नीलो देखिने कमललाई उत्पल भनिन्छ। यसरी कमल तीन थरिका हुन्छन्। यी उत्पल आदि कमलले डाह र रक्तपित्त नाश गर्दछन्। यी सबै कमलले तिर्खा, डाह, मुटुका रोग, वाकवाकी र बेहोस हुने रोग पनि नाश गर्दछन्।

पद्मिनी नलिनी प्रोक्ता कूटपिन्यब्जिनी तथा। इत्थं तत् पद्मपर्यायनाम्नी ज्ञेया प्रयोगतः॥
पद्मिनी मधुरा तिक्ता कषाया शिशिरा परा। पित्तकृमिशोषवान्तिभ्रान्तिसन्तापशान्तिकृत्॥

पद्मिनी, नलिनी, कूटपिनी र अब्जिनी : यी पद्मिनीका संस्कृत पर्यायवाची नामहरू हुन्। पद्मिनी गुलियो, तीतो, टर्रो र अति नै शीतवीर्यको हुन्छ। यसले पित्तविकार, कीरा, सुजन, वाकवाकी, भ्रम र डाहलाई शान्त पार्दछ।

पद्मबीजन्तु पद्माक्षं गालोढ्यं कन्दली च सा।
भेडा क्रौञ्चादनी क्रौञ्चा श्यामा स्यात् पद्मकर्कटी॥
पद्मबीजं कटु स्वादु पित्तच्छर्दिहरं परम्। दाहास्रदोषशमनं पाचनं रुचिकारकम्॥

पद्मबीज, पद्माक्ष, गालोढ्य, कन्दली, भेडा, क्रौञ्चादनी, क्रौञ्चा, श्यामा र पद्मकर्कटी : यी कमलको बीजका संस्कृत पर्यायवाची नामहरू हुन्। कमलको बीज पिरो, गुलियो तथा विशेषतः पित्तविकार र वाकवाकी नाशक हुन्छ। यसले डाह र रक्तविकारलाई शान्त पार्दछ। यो पाचनी र रुचिप्रद हुन्छ।

मृणालं पद्मनालञ्च मृणाली च मृणालिनी । बिसञ्च च पद्मतन्तुश्च बिसिनी नलिनीरुहम्॥
मृणालं शिशिरं तिक्तं कषायं पित्तदाहजित् । मूत्रकृच्छ्रविकारघ्नं रक्तवान्तिहरं परम्॥

मृणाल, पद्मनाल, मृणाली, मृणालिनी, बिस, पद्मतन्तु, बिसिनी र नलिनीरुह : यी कमलको डाँठका संस्कृत पर्यायवाची नामहरू हुन् । कमलको डाँठ शीतवीर्यको, तीतो, टर्रो तथा पित्तविकार र डाहलाई जित्ने गुणको हुन्छ । यसले मूत्रकृच्छ्रका विकार, रक्तविकार र वाकवाकी नाश गर्दछ ।

पद्मकन्दस्तु शालूकं पद्ममूलं कटाह्वयम् । शालीनं च जलालूकं स्यादित्येवं षडाह्वयम्॥
शालूकं कटु विष्टम्भि रूक्षं रुच्यं कफापहम् । कषायं कासपित्तघ्नं तृष्णादाहनिवारणम्॥

(१) पद्मकन्द, (२) शालूक, (३) पद्ममूल, (४) कटाह्वय, (५) शालीन र (६) जलालूक : यी छ नाम कमलको गानोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, विष्टम्भि, रुखो, रुचिप्रद र कफविकार नाशक हुन्छ । यो टर्रो तथा खोकी, पित्तविकार, तिर्खा डाह नाशक पनि हुन्छ ।

किञ्जल्कं मकरन्दश्च केसरं पद्मकेसरम् । किञ्जं पीतं परागं च तुङ्गं चाम्पेयकं नव॥
किञ्जल्कं मधुरं रूक्षं कटु चास्यव्रणापहम् । शिशिरं रुच्यपित्तघ्नं तृष्णादाहनिवारणम्॥

कमलकेसर (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(१) किञ्जल्क, (२) मकरन्द, (३) केसर, (४) पद्मकेसर, (५) किञ्ज, (६) पीत, (७) पराग, (८) तुङ्ग र (९) चाम्पेयक : यी नौ नाम कमलको केसरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो केसर गुलियो, रुखो, पिरो तथा मुखका घाउ नाशक हुन्छ । यो शीतवीर्यको, रुचिप्रद तथा पित्तविकार, तिर्खारोग र डाह नाशक हुन्छ ।

अनूष्णं चोत्पलं चैव रात्रिपुष्पं जलाह्वयम् । हिमाब्जं शीतजलजं निशाफुल्लञ्च सप्तधा॥
उत्पलं शिशिरं स्वादु पित्तरक्तार्तिदोषनुत् । दाहश्रमवमिभ्रान्तिक्रिमिज्वरहरं परम्॥

(१) अनूष्ण, (२) उत्पल, (३) रात्रिपुष्प, (४) जलाह्वय, (५) हिमाब्ज, (६) शीतजलज र (७) निशाफुल्ल : यी सात नाम नीलकमलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, गुलियो तथा पित्तविकार र रक्तविकार नाशक हुन्छ । यसले विशेषतः डाह, थकाई, वाकवाकी, भ्रम, कीरा र ज्वर नाश गर्दछ ।

धवलोत्पलन्तु कुमुदं कह्लारं कैरवं च शीतलकम् ।
शशिकान्तमिन्दुकमलं चन्द्राब्जं चन्द्रिकाऽम्बुजं च नव॥

कुमुदं शीतलं स्वादु पाके तिक्तं कफापहम् । रक्तदोषहरं दाहश्रमपित्तप्रशान्तिकृत् ॥

मखानाको भुटेपछिको फूल (तस्विर श्रोत : आचार्य बालकृष्ण)

(१) धवलोत्पल, (२) कुमुद, (३) कह्लार, (४) कैरव, (५) शीतलक, (६) शशिकान्त, (७) इन्दुकमल, (८) चन्द्राब्ज, (९) चन्द्रिकाम्बुज : यी नौ नाम सेतो चन्द्रकमलका संस्कृत पर्यायवाची नामहरू हुन् । कुमुद शीतवीर्यको, गुलियो, पचेपछि तीतो र कफविकार नाशक हुन्छ । यसले रक्तविकार नाश गर्दछ तथा डाह, थकाई र पित्तविकारलाई शान्त पार्दछ ।

नीलोत्पलमुत्पलकं कुवलयमिन्दीवरञ्च कन्दोत्थम् ।
सौगन्धिकं सुगन्धं कुड्मलकं चासितोत्पलं नवधा ॥
नीलोत्पलमतिस्वादु शीतं सुरभि सौख्यकृत् । पाके तु तिक्तमत्यन्तं रक्तपित्तापहारकम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

नीलोत्पल, उत्पलक, कुवलय, इन्दीवर, कन्दोत्थ, सौगन्धिक, सुगन्ध, कुड्मलक र असितोत्पल : यी नीलकमलका संस्कृत पर्यायवाची नामहरू हुन् । नीलकमल अति गुलियो, शीतवीर्यको, सुगन्धी र सुखदायक हुन्छ । यो पचेपछि तीतो हुन्छ । यो कमलले उत्तम किसिमले रक्तपित्त नाश गर्दछ ।

उत्पलिनी कैरविणी कुमुद्वती कुमुदिनी च चन्द्रेष्टा ।
कुवलयिनीन्दीवरिणी नीलोत्पलिनी च विज्ञेया ॥
उत्पलिनी हिमतिक्ता रक्तामयहारिणी च पित्तघ्नी ।
तापकफकासतृष्णाश्रमवमिशमनी च विज्ञेया ॥

उत्पलिनी, कैरविणी, कुमुद्वती, कुमुदिनी, चन्द्रेष्टा, कुवलयिनी, इन्दीवरिणी र नीलोत्पलिनी : यी उत्पलिनीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, तीतो तथा रक्तविकार र पित्तविकार नाशक हुन्छ । यसले डाह, कफविकार, खोकी, तिर्खा, थकाई र वाकवाकीलाई शान्त पार्दछ ।

(ढ) **राजवल्लभ निघण्टु :**

पद्मं कषायमधुरं शीतं पित्तकफास्रजित् ॥ तद्वद् उत्पल...॥

रक्तकमलको फूल टर्रो, गुलियो, शीतवीर्यको तथा पित्तविकार, कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ । नीलकमलको फूलमा पनि यिनै गुण हुन्छन् ।

पद्मं कषायमधुरं शीतं पित्तकफास्रजित्॥ तद्वद्...पुन्नाग...॥

रक्तकमलको फूल टर्रो, गुलियो, शीतवीर्यको तथा पित्तविकार, कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ । राती फुल्ने सेतो कमलको फूलमा पनि यिनै गुण हुन्छन् ।

तरुत्त(ट)बिसशालूकं क्रौञ्चादनकशेरुकम् । शृङ्गाटकाङ्कलोडचञ्च गुरु विष्टम्भि शीतलम्॥

(नील) कमलको जरा, कमलको डाँठ, कमलको गानु, कमलको डाँठका रेसा, कसुर, कसेरु, सिँगडा र अङ्कलोडच (लताविशेष, हिन्दीमा चिञ्चोड, हिन्दी विश्वकोश) : यी सबै पचाउन कठिन, कब्जियत गर्ने र शीतवीर्यका हुन्छन् ।

(ण) शालिग्राम निघण्टु :

पङ्कजं कमलं पद्ममब्जं नलिनमम्बुजम् । कुशेशयञ्च राजीवमरविन्दं सरोरुहम्॥

पङ्कज, कमल, पद्म, अब्ज, नलिन, अम्बुज, कुशेशय, राजीव, अरविन्द र सरोरुह : यी कमलका पर्यावाची नाम हुन् ।

पुण्डरीकं महापद्मं श्वेतपद्मं सिताम्बुजम् । दृशोपमं हरिनेत्रं शारदं शम्भुवल्लभम्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

पुण्डरीक, महापद्म, श्वेतपद्म, सिताम्बुज, दृशोपम, हरिनेत्र, शारद र शम्भुवल्लभ : यी सेतो कमलका पर्यायवाची नाम हुन् ।

रक्तोत्पलं कोकनदं रक्तवर्णं रविप्रियम् ।

रक्तोत्पल, कोकनद, रक्तवण र रविप्रिय : यी रातो कमलका पर्यायवाची नाम हुन् ।

नीलाम्बुजन्मनीलाब्जं नीलपद्मं मृदूत्पलम् ।

नीलाम्बुजन्म, नीलाब्ज, नीलपद्म र मृदूत्पल : यी नीलकमलका पर्यायवाची नाम हुन् ।

इन्दीवरं कुवलयं कन्दोटं नीलपत्रकम् ।

इन्दीवर, कुवलय, कन्दोट र नीलपत्रक : यी नीलोत्पलका पर्यायवाची नाम हुन् ।

कमलं शीतलं स्वादु सुगन्धि भ्रान्तितापहम् । वर्ण्यतृप्तिकरं चैव रक्तपित्तश्रमापहम्॥
कफं पित्तं तृषादाहं विस्फोट रक्तदोषकम् । विसर्पञ्च विषश्चैव नाशयेदिति कीर्त्तितम्॥

कमल शीतवीर्यको, स्वादिलो, सुगन्धि, भ्रम र सन्ताप नाश गर्ने, वर्णमा निखार लेराउने तथा रक्तपित्त, थकाई, कफविकार, पित्तविकार, तिर्खा, डाह, विस्फोट, रक्तविकार, विसर्प र विषविकार नाश गर्ने गुणको हुन्छ ।

मूलनालदलोत्फुल्लः फलैः समुदिता पुनः । पद्मिनी प्रोच्यते प्राज्ञैःर्विसिन्यादिश्च सा स्मृता ॥

जरा, डाँठ, पात, फूल र फल सहितको फुलेको कमललाई पद्मिनी, विसिनी आदि भनिन्छ ।

पद्मिनी मधुरा शीता तिक्ता च तुवरा गुरुः । वातस्तम्भकरी रूक्षा स्तनदार्ढ्यकरी मता ॥
कफं पित्तरक्तरुजं विषं शोषं वमिं कृमीन् ।
सन्तापं मूत्रकृच्छ्रञ्च नाशयेदिति कीर्त्तिता ॥ (निघण्टु रत्नाकर)

पद्मिनी गुलियो, शीतवीर्यको, तितो, टर्रो, पचाउन कठिन, वातलाई जकड्याउने, रुखो, स्तनलाई बलियो बनाउने तथा कफविकार, पित्तविकार, रक्तविकार, विषविकार, सुकेनास, वाकवाकी, कीरा, सन्ताप र मूत्रकृच्छ्र नाश गर्ने गुणको हुन्छ ।

संवर्त्तिका नवदलं बीजकोशस्तु कर्णिका । किञ्जल्कः केसरः प्रोक्तो मकरन्दो रसः स्मृतः ॥
पद्मनालं मृणालं स्यात्तथा बिसमिति स्मृतम् ।

कमलका नयाँ पातलाई संवर्त्तिका, बीजकोशलाई कर्णिका, केसरलाई किञ्जल्क र फूलको रसलाई मकरन्द भनिन्छ । यसको डाँठलाई मृणाल वा बिस भनिन्छ ।

संवर्त्तिका हिमा तिक्ता कषाया दाहतृट्प्रणुत् । मूत्रकृच्छ्रगुदव्याधिरक्तपित्तविनाशिनी ॥

कमलका नयाँ पात शीतवीर्यको, तितो, टर्रो तथा डाह, तिर्खा, मूत्रकृच्छ्र, मलद्वारका रोग र रक्तपित्त नाश गर्ने गुणको हुन्छ ।

किञ्जल्कं मकरन्दञ्च केसरं पद्मकेसरम् ।

किञ्जल्क, मकरन्द, केसर र पद्मकेसर : यी कमलका केसरका पर्यायवाची नाम हुन् ।

किञ्जल्कः शीतलो वृष्यः कषायो ग्राहिकोऽपि सः । कफपित्ततृषादाहरक्तार्शोविषशोथजित् ॥

कमलको केसर शीतवीर्यको, वीर्यवर्धक, टर्रो, ग्राहि तथा कफविकार, पित्तविकार, तिर्खा, डाह, रगत आउने खालको हर्सा, विषविकार र सुजनलाई जित्ने गुणको हुन्छ ।

किञ्जल्कः शीतलो ग्राही कान्तिदस्तुवरो मधुः । कटू रूक्षो रुचिकरो गर्भस्थैर्यकरो मतः ॥
व्रणं पित्तं तृषां दाहं मुखरोगं क्षयं कफम् ।
विषं रक्तार्शसंशोषं ज्वरं वातञ्च नाशयेत् ॥ (निघण्टु रत्नाकर)

कमलकेसर शीतवीर्यको, ग्राहि, कान्तिदायक, टर्रो, गुलियो, पिरो, रुखो, रुचिप्रद, गर्भलाई स्थिर राख्ने तथा खटिरा, पित्तविकार, तिर्खा, डाह, मुखका रोग, क्षयरोग, कफविकार, विषविकार, रगत आउने हर्सा, सुकेनास, जरो र वातविकार नाश गर्ने गुणको हुन्छ ।

पद्मबीजन्तु पद्माक्षं गालाड्यं पद्मकर्कटी ।

पद्मबीज, पद्माक्ष, गालाड्य र पद्मकर्कटी : यी कमलका बीजका पर्यायवाची नाम हुन् ।

कमलाक्षः स्वादुरुच्यः पाचनः कटुकः स्मृतः । शीतस्तुवरस्तिक्तोगुरुर्विष्टम्भकारकः ॥
गर्भस्थितिकरो रूक्षो वृष्यो वातकरोमतः । कफकृल्लेखनोग्राहीबल्य पित्तविनाशकः ॥
रक्तरुग्वमिदाहास्रपित्तनाशकरो मतः ॥ (निघण्टु रत्नाकर)

कमलका बीज स्वादिलो, रुचिप्रद, पाचनी, पिरो, शीतवीर्यको, टर्रो, तितो, पचाउन कठिन, कब्जियत गर्ने, गर्भलाई स्थापना गर्ने, रुखो, वीर्यवर्धक, वातविकार गर्ने, कफविकार गर्ने, लेखनी, ग्राहि, बलदायक तथा पित्तविकार, रक्तविकार, वाकवाकी, डाह र रक्तपित्त नाश गर्ने गुणको हुन्छ ।

अरविन्दहृतः शीतो मकरन्दोऽति बृंहणः ।
त्रिदोषशमनः सर्वनेत्रामयनिषूदनः ॥ (आत्रेय संहिता)

सङ्कलन : मोहन प्रसाद सापकोटा

कमलको रस वा मह शीतवीर्यको, अति पौष्टिक, त्रिदोषलाई शान्त पार्ने र सबै खालका आँखाका रोग नाश गर्ने गुणको हुन्छ ।

कमलिन्याश्छदः शीतस्तुवरो मधुरो मतः । तिक्तः पाकेऽति कटुको लघुर्वैग्राहको मतः ॥
वातकृत्कफपित्तानां नाशको मुनिभिः स्मृतः । (निघण्टु रत्नाकर)

कमलिनीका पात शीतवीर्यको, टर्रो, गुलियो, तितो, पचेपछि अति पिरो, पचाउन सहज, अग्राहि, वातविकार गर्ने तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ भनी मुनिजनले बताएका छन् ।

मृणालं पद्मनालञ्च कोमलं विसिनी बिसम् ।

मृणाल, पद्मनाल, कोमल, विसिनी र बिस : यी कमलका डाँठका पर्यायवाची नाम हुन् ।

मृणालं शिशिरतिक्तं कषायं पित्तदाहजित् ।
मूत्रकृच्छ्रविकारघ्नं रक्तवान्तिहरं परम् ॥ (निघण्टु रत्नाकर)

कमलको डाँठ शीतवीर्यको, तितो, टर्रो, पित्तविकार र डाहलाई जित्ने तथा मूत्रकृच्छ्रका विकार, रक्तविकार र वाकवाकीलाई प्रभावकारी ढङ्गले नाश गर्ने गुणको हुन्छ ।

पद्मादिकन्दश्शालूकं करहाटश्च कथ्यते । मृणाल मूलं भिस्साण्डं जलालूकञ्च कथ्यते ॥

कमल आदिको कन्दलाई शालूक र करहाट भनिन्छ । कमलको डाँठको मूल (कन्द)लाई भिस्साण्ड र जलालूक भनिन्छ ।

शालूकः कटुकश्चोक्तस्तुवरो मधुरो गुरुः । मलस्तम्भकरो रूक्षो नेत्र्यो वृष्यश्च शीतलः ॥
दुर्ज्जरो ग्राहको रक्तपित्तं दाहं तृषां कफम् । पित्तवातञ्च गुल्मञ्च पित्तं कासं कृमींस्तथा ॥
मुखरोगं रक्तदोषं नाशयेदिति च स्मृतः । (निघण्टु रत्नाकर)

कमलको कन्द पिरो, टर्रो, गुलियो, पचाउन कठिन, दिसा रोक्ने, रुखो, आँखाका लागि हितकर, वीर्यवर्धक, शीतवीर्यको, ढिलो पच्ने, ग्राहि तथा रक्तपित्त, ढाह, तिर्खा, कफविकार, पित्तजन्य वातविकार, गुल्म, पित्तविकार, खोकी, कीरा, मुखका रोग र रक्तविकार नाश गर्ने गुणको हुन्छ ।

कैरवं चन्द्रकान्तञ्च गर्दभं कुमुदं कुमुद् । कुमुदं पिच्छिलं स्निग्धं मधुरं ह्लादि शीतलम् ।

कैरव, चन्द्रकान्त, गर्दभ, कुमुद र कुमुद् : कुमुदका पर्यायवाची नाम हुन् । कुमुद लेस्याइलो, चिल्लो, गुलियो, मुटुका लागि हितकर र शीतवीर्यको हुन्छ ।

भवेत्कुमुद्वतीबीजं स्वादु रूक्षं हिमं गुरु ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुमुद्वतीको बीज गुलियो, रुखो, शीतवीर्यको र ढिलो पच्ने गुणको हुन्छ ।

अनुष्णं चोत्पलं चैव रात्रिपुष्पं जलाह्वयम् । हिमाब्जं शीतलजं निशाफुल्लञ्च सप्तधा ॥

अनुष्ण, उत्पल, रात्रिपुष्प, जलाह्वय, हिमाब्ज, शीतलजं र निशाफुल्ल : यी सात नाम उत्पलका पर्यायवाची नाम हुन् ।

उत्पलं शिशिरं स्वादु पित्तरक्तार्त्तिदोषनुत् । दाहश्रमवमिभ्रान्तिकृमिज्वरहरं परम् ॥

उत्पल शीतवीर्यको, गुलियो तथा पित्त, रक्तविकार, डाह, थकाई, वाकवाकी, , भ्रम, कीरा र जरो नाश गर्ने गुणको हुन्छ ।

हल्लकं रक्तकुमुदं सोमाख्यं रक्तकैरवम् ।

हल्लक, रक्तकुमुद, सोमाख्य र रक्तकैरव : यी रातो कुमुदका पर्यायवाची नाम हुन् ।

उत्पलिनी कैरविणी कुमुद्वती कुमुदिनी च चन्द्रेष्टा ।
कुवलयिनीन्दीवरिणी नीलोत्पलिनी च विज्ञेया ॥

उत्पालना, कैरावणा, कुमुद्वता, कुमुदना, चन्द्रेष्टा, कुवलायना, इन्दावारणा र नालात्पालना : यी उत्पलिनीका पर्यायवाची नाम हुन् ।

मखान्नं पद्मबीजाभं पानीयफलमित्यपि ।

मखान्न, पद्मबीजाभ र पानीयफल : यी मखनाका पर्यायवाची नाम हुन् ।

(त) **शिवकोष :**

नीले चेन्दीवरं कन्दस्त्वेषां शालूकमुच्यते ।

नीलकमललाई इन्दीवर भनिन्छ । त्यसको गानोलाई शालूक भनिन्छ ।

पद्ममूलं शिफाकन्दः करहाट उभौ पुमान्॥

कमलको गानो वा जरालाई (पद्ममूल), शिफाकन्द वा करहाट भनिन्छ । यी दुवै पु०लि० मा प्रयोग हुन्छन् ।

रात्रीपद्मं कुवलयं कैरवं कुमुदं सिते ॥मोहन प्रसाद सापकोटा

कुवलय, कैरव र कुमुद : यी रातमा फुल्ने सेतो कमलका पर्यायवाची नाम हुन् ।

नलिन्यां बिसिनी प्रोक्ता...।

(नलिनी) र बिसिनी : यी फूल सहितको पूरा कमलको बोटका पर्यायवाची नाम हुन् ।

...कमलेषु कुशेशयम् । पद्मारविन्दे नलिनं शतपत्रं स्त्रियं विना ॥
सहस्रपत्रमम्भोजमब्जं राजीवमम्बुजम् । कञ्जं पङ्केरुहं पुण्डरीकं तामरसोत्पले ॥
अम्भोरूहं सरसिजं सारसं सरसीरूहम् ।

कमल, कुशेशय, पद्म, अरविन्द, नलिन, शतपत्र, सहस्रपत्र, अम्भोज, अब्ज, राजीव, अम्बुज, कञ्ज, पङ्केरुह, पुण्डरीक, तामरस, उत्पल, अम्भोरूह, सरसिज, सारस र सरसीरूह : यी कमलका पर्यायवाची नाम हुन् ।

सौगन्धिकं सिताम्भोजं कल्हारं यत् त्रिसन्ध्यकम्॥

सौगन्धिक, सिताम्भोज र कल्हार : यी सेतो कमलका पर्यायवाची नाम हुन् ।

नालानालं स्त्रियां क्लीबे...।

कुमुद (तस्विर श्रोत : नेपाल डटसीआरआई डटसीयन)

(नाल) र नाला (स्त्री० र नपु०): यी कमलको डाँठका पर्यायवाची नाम हुन्।

...रक्तः कोकनदोऽम्बुजः॥

कोकनद र अम्बुज : यी रातो कमलका पर्यायवाची नाम हुन्।

...कुमुदिन्यां कुमुद्वती।

कुमुदिनी र कुमुद्वती : यी कुमुदले युक्त स्थान वा कुमुदलताका पर्यायवाची नाम हुन्।

रक्तं तद् हल्लकं ज्ञेयं....।
रातो कमललाई हल्लक भनिन्छ।

(थ) सरस्वती निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

सहस्रपत्रं कमलमरविन्दं महोत्पलम्। नलिनं पुष्करं पद्मं सारसं सरसीरुहम्॥
पङ्केरुहं तामरसं राजीवं च कुशेशयम्।

सहस्रपत्र, कमल, अरविन्द, महोत्पल, नलिन, पुष्कर, पद्म, सारस, सरसीरुह, पङ्केरुह, तामरस, राजीव र कुशेशय : यी कमलका पर्यायवाची नाम हुन्।

पुण्डरीकं द्वितीयन्तु स्वर्णबीजं सिताम्बुजम्। सुपत्रं मङ्गलं प्रोक्तं सुगन्धिः शुचिपर्णिकम्॥

पुण्डरीक, स्वर्णबीज, सिताम्बुज, सुपत्र, मङ्गल, सुगन्धि र शुचिपर्णिक : यी पुण्डरीकका पर्यायवाची नाम हुन्।

रक्तोत्पलं रक्तनालमग्निकेतं रविप्रभम्। श्रीनिकेतं कोकनदमुत्पलं श्रीकरं तथा॥

रक्तोत्पल, रक्तनाल, अग्निकेत, रविप्रभ, श्रीनिकेत कोकनद, उत्पल र श्रीकर : यी रक्तोत्पलका पर्यायवाची नाम हुन्।

नीलोत्पलं कुवलयं सूर्यबन्धु रविप्रियम्। इन्दीवरं कर्णपूरं जलजं श्रीकरं मतम्॥

नीलोत्पल, कुवलय, सूर्यबन्धु, रविप्रिय, इन्दीवर, कर्णपूरु जलजं र श्रीकर : यी नीलोत्पलका

पर्यायवाची नाम हुन् ।

काकोत्पलं काकलोडचं कुवलं काककुङ्गलम् । कुञ्जलं कुङ्गलं वन्यं श्रीकरं नलिनं मतम्॥

काकोत्पल, काकलोडच, कुवल, काककुङ्गल, कुञ्जल, कुङ्गल, वन्य, श्रीकर र नलिन : यी साना कमलका पर्यायवाची नाम हुन् ।

तद्रक्तं रक्तकुमुदं वन्यं काकोत्पलं मतम् ।

रक्तकुमुद, वन्य र काकोत्पल : यी रक्तकुमुदका पर्यायवाची नाम हुन् ।

सौगन्धिकं च कह्लारं हल्लकं रक्तसन्ध्यकम् ।

सौगन्धिक, कह्लार, हल्लक र रक्तसन्ध्यक : यी कह्लारका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(द) **सोढल निघण्टु :**

कुमुदे कुशेशयं प्रोक्तं गर्दभकं शशिप्रियम् ।

कुमुद, कुशेशय, गर्दभक र शशिप्रिय : यी कुमुदका पर्यायवाची नाम हुन् ।

कुमुदे रक्तवर्णे च जलजातं जलोद्भवम् ।

रक्तकुमुद, जलजात र जलोद्भव : यी रातो कुमुदका पर्यायवाची नाम हुन् ।

इन्दीवरे तामरसं कुवलं कुड्मलं मतम् । सौगन्धिकं चोत्पलकं कर्णपूरं वरोत्पलम्॥

इन्दीवर, तामरस, कुवल, कुड्मल, सौगन्धिक, उत्पलक, कर्णपूर र वरोत्पल : यी नीलोत्पलका पर्यायवाची नाम हुन् ।

पुण्डरीके सितं पद्मं कमलं पुष्करं दलम् । पङ्कजं नलिनं चैव तथा च पद्ममम्बुजम्॥

पुण्डरीक, सित, पद्म, कमल, पुष्कर, दल, पङ्कज, नलिन, पद्म र अम्बुज : यी सेतो कमलका पर्यायवाची

नाम हुन् ।

राजीवे रक्तपद्मं च शतपत्रं सरोरुहम् । पुष्करं चारविन्दं च श्रीनिकेतं जलोद्भवम् ॥

राजीव, रक्तपद्म, शतपत्र, सरोरुह, पुष्कर, अविन्द, श्रीनिकेत र जलोद्भव : यी रातो कमलका पर्यायवाची नाम हुन् ।

पद्मिन्यां स्यात् पुटकिनी नलिनी च पलाशिनी ।

पद्मिनी, पुटकिनी, नलिनी र पलाशिनी : यी पद्मिनीका पर्यायवाची नाम हुन् ।

पद्मबीजे तु पद्माख्यं गलोड्यं पद्मकर्कटी ।

पद्मबीज, पद्माख्य, गलोड्य र पद्मकर्कटी : यी कमलबीजका पर्यायवाची नाम हुन् ।

मृणाले पद्मनालं च तण्डुलं नलिनीरुहम् । मृणाली बिसिनी चापि मृणालकं बिसं तथा ॥

मृणाल, पद्मनाल, तण्डुल, नलिनीरुह, मृणाली, बिसिनी, मृणालक र बिस : यी कमलको डाँठका पर्यायवाची नाम हुन् ।

पद्मकन्दे जलालूकं शालूकं च निगद्यते ।

सङ्कलक : मोहन प्रसाद सापकोटा

पद्मकन्द, जलालूक र शालूक : यी कमलको गानुको पर्यायवाची नाम हुन् ।

पद्मकेसर आपीडं किञ्जल्कं किञ्जमेव च । मकरन्दं तथा तुङ्गं गौरं काञ्जनमेव च ॥

पद्मकेसर, आपीड, किञ्जल्क, किञ्ज, मकरन्द, तुङ्ग, गौर र काञ्जन : यी कमलको केसरका पर्यायवाची नाम हुन् ।

प्रोक्तः कुमुदबीजे तु नाम्यकं क्रौञ्चभक्षणम् । नीलोत्पलस्य कन्दे तु शालूकं कुमुदस्य च ॥

कुमुदको बीजलाई क्रौञ्चभक्षाण भनिन्छ । नीलोत्पल वा कुमुदको कन्दलाई शालूक भनिन्छ ।

(ध) **सौश्रुत निघण्टु :**

नलिनं पद्मकं पद्मं श्रीनिकेतं सरोरुहम् । पुष्करञ्चारविन्दञ्च कमलञ्चाम्बुजन्तथा ॥

नलिन, पद्मक, पद्म, श्रीनिकेत, सरोरुह, पुष्कर, अरविन्द, कमल र अम्बुज : यी कमलका पर्यायवाची नाम हुन् ।

(न) हृदयदीपक निघण्टु :

नीलोत्पलं तु कुवलयं चान्यत् सौगन्धिकं च कल्हारम् ।
अन्यत् श्वेतं कुमुदं पद्मं कमलारविन्दं नामरसम् । नलिनाम्भोजे चान्यै श्वेताब्जं पुण्डरीकं च ।

नीलोत्पल र कुवलय, सौगन्धिक र कल्हार; श्वेतकुमुद, पद्म, कमल र अरविन्द; नलिन र अम्भोज तथा श्वेताब्जं र पुण्डरीक : यी कमलका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कम्पिल्लक (सिँदुरे)
(Red berry, kamala)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कर्कश, काम्पिल्य, चन्द्र, रक्ताङ्ग र रोचनी सिँदुरे वृक्षका नाम हुन् ।

(ख) नेपाली बृहत् शब्दकोश (सिँदुरे) : ससाना गाढा, राता झुप्पा भएका फल फल्ने, खैरो मञ्जरीका रूपमा फूल फुल्ने एक वृक्ष, त्यसैको फूल ।

(ग) यसलाई अंग्रेजीमा Kamala र ल्याटिन भाषामा *Mallotus philippinensis,* Muell-Arg. भनिन्छ ।

(घ) आचार्य बालकृष्ण : यसलाई अंग्रेजीमा Monkey face tree र Red berry पनि भनिन्छ । यसको वानस्पतिक नाम *Croton philippensis* Lam. पनि हो । यो एक सुन्दर फल हो । यो हल्का रातो र बेस्वादको फल हो । यो चिसो पानीमा घुल्दैन उम्लिरहेको पानीमा अलिअलि घुल्दछ । यसको रूख लगभग दश मीटरसम्म अग्लो, सदावहार र हाँगादार हुन्छ । यसको काठ रातो, चिल्लो र बलियो हुन्छ । यसका गोला फल र काला गेडा हुन्छन् । फल पाक्नेबेलामा रातोपन सहितको फल-पराग निस्कन्छ र यसैलाई काम्पिल्य भनिन्छ । पाकेका फललाई कपडामा रगडेर फलको रज अलग्याइने गरिन्छ । औंलालाई पानीमा भिजाएर यसको पाकेको फलमा राख्दा औंलामा टाँसिने रज कुनै कागजमा दल्दा पहेँलो दाग वा रेखा देखिए त्यसलाई शुद्ध काम्पिल्य भनिन्छ । काम्पिल्यलाई नेपालीमा सिन्दुरे भनिन्छ ।

सिँदुरे (तस्बिर श्रोत : प्रेअर डी अमरकोश)

(ङ) द आयुर्वेद इन्साइक्लोपेडियामा स्वामी सदाशिव तिर्थः यसलाई अंग्रेजीमा Kamala तथा ल्याटिन भाषामा *Mallotus philippinensis* Muell, Arg.*(Croton philippensis, C.punctatus, C.coccineum (Glandulae rottlerae)* भनिन्छ ।

(च) फर्माकोपिया : संस्कतमा कम्पिल्ल, रजनक (रञ्जनक ?) र कम्पिल्लक नामले चिनिने बोट Euphorbiaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Mallotus philippinensis* Muell. हो । अंग्रेजीमा यसलाई *Kamala* भनिन्छ । ओखतीका लागि प्रशोधित सिँदुरेको धुले ०.५-१.० ग्रामको एक मात्रा हुन्छ ।

(छ) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : सिँदुरे Euphorbiaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Mallotus philippensis* (Lam.) Mull.Arg. हो ।

(ज) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : सिँदुरे Angiosperm समूह अन्तर्गत Euphorbiaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Mallotus philippensis* (Lam.) Mull.Arg. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कम्पिल्यको रजनिको रेचनको रञ्जकश्च रञ्जनकः ।
रक्ताङ्गश्च मनोह्वा चूर्णफलो लोहिताक्षः स्यात्॥

कम्पिल्यक, रजनिक, रेचनक, रञ्जक, रञ्जनक, रक्ताङ्ग, मनोह्वा, चूर्णफल र लोहिताक्ष : यी सिँदुरेका पर्यायवाची नाम हुन् ।

सिँदुरे (तस्बिर श्रोत : पेअर डी अमरकोश)

(ख) अभिधान रत्नमाला :

कम्पिल्लको रञ्जनिको रेचको रक्तपूरकः ।

कम्पिल्लक, रञ्जनिक, रेचक र रक्तपूरक : यी सिँदुरेका पर्यायवाची नाम हुन् ।

(ग) अर्कप्रकाश :

कम्पिलस्य विरेकी स्यान्मेहानाह विकारनुत्॥

सिँदुरे वृक्षको अर्कले दिसा लगाउने तथा प्रमेह र आनाहका विकार नाश गर्ने गर्दछ ।

(घ) अष्टाङ्ग निघण्टु :

कम्पिल्लको रञ्जनको रेचनो रक्तचूर्णकः ।

कम्पिल्लक, रञ्जनक, रेचन र रक्तचूर्णक : यी सिँदुरेका पर्यायवाची नाम हुन् ।

(ङ) कैयदेव निघण्टु :

काम्पिल्लको रोचनिको रञ्जनो रक्तचूर्णकः ।
रक्ताङ्गो रक्तशमनो विरेकी व्रणशोधनः॥
काम्पिल्लो दीपनो रेची कटूष्णः कफवातजित् ।
व्रणगुल्मोदरानाहमेहाश्मविषजन्तुहा॥
तच्छाकं शीतलं तिक्तं वातलं ग्राहि दीपनम् ।

काम्पिल्लक, रोचनिक, रञ्जन, रक्तचूर्णक, रक्ताङ्ग, रक्तशमन, विरेकी र व्रणशोधन : यी सिँदुरेका पर्यायवाची नाम हुन् । यो दीपनी, रेचनी, पिरो, उष्णवीर्यको, कफविकार र वातविकारलाई जित्ने तथा घाउखटिरा, गुल्म, पेटका रोग, आनाह, प्रमेह, पत्थरी, विषविकार र कीरा नाश गर्ने गुणको हुन्छ । यसको मुनाको साग शीतवीर्यको, तितो, वातविकार गर्ने, ग्राही र दीपनी हुन्छ ।

(च) **धन्वन्तरि निघण्टु :**

कम्पिल्लकोऽथ रक्ताङ्गो रेची रेचनकस्तथा ॥ रञ्जनो लोहिताङ्गश्च कम्पिल्लो रक्तचूर्णकः ।
कम्पिल्लको विरेची स्यात्कटूष्णो व्रणनाशनः ॥ गुल्मोदरविबन्धाध्मश्लेष्मकृमिविनाशनः ।

कम्पिल्लक, रक्ताङ्ग, रेची, रेचनक, रञ्जन, लोहिताङ्ग, कम्पिल्ल र रक्तचूर्णक : यी सिँदुरेका पर्यायवाची नाम हुन् । यो दिसा लगाउने, पिरो, उष्णवीर्यको तथा खटिरा, गुल्म, पेटका रोग, कब्जियत, आध्मान, कफविकार र कीरा नाश गर्ने गुणको हुन्छ ।

(छ) **निघण्टुशेष :**

काम्पिल्यके तु कपिलो रक्ताङ्गो रक्तचूर्णकः । चन्द्राह्वयो रेचनकः कर्कशाह्वः पटोदकः ॥
(कम्पिलदेशे भवः काम्पिल्यः, स्वार्थिके के काम्पिल्यकः । कवते कपिलः, कपिलवर्णत्वाद् वा । रक्तमङ्गमस्य रक्ताङ्गः । रक्तं चूर्णमस्य रक्तचूर्णः, स्वार्थिके के रक्तचूर्णकः । चन्द्रस्य आह्वयोऽस्य चन्द्राह्वयः, तेन चन्द्रः, रेचयति रेचनः, स्वार्थिके के रेचनकः । कर्कश इत्याह्वाऽस्य कर्कशाह्वः । पटे उदकमस्य पटोदकः ।) ।

काम्पिल्यक, कपिल, रक्ताङ्ग, रक्तचूर्णक, चन्द्राह्वय, रेचनक, कर्कशाह्व र पटोदक : यी सिँदुरेका पर्यायवाची नाम हुन् ।

(ज) **पर्याय रत्नमाला :**

काम्पिल्यकस्तु रक्ताङ्गो गुण्डा रोचनिकेति सा ।

काम्पिल्यक, रक्ताङ्ग, गुण्डा र रोचनिका : सिँदुरेका पर्यायवाची नाम हुन् ।

(झ) **भावप्रकाश निघण्टु :**

काम्पिल्लः कर्कशश्चन्द्रो रक्ताङ्गो रेचनोऽपि च ॥
काम्पिल्लः कफपित्तास्रकृमिगुल्मोदरव्रणान् । हन्ति रेची कटूष्णश्च मेहानाहविषाश्मनुत् ॥

सिँदुरे वृक्षका काम्पिल्य, कर्कश, चन्द्र, रक्ताङ्ग र रेचन संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफ

र रक्तपित्त, पेटका कीरा, गानुगोला, पेटसम्बन्धी रोग र घाउखटिरा ठिक गर्दछ । यसले पेट सफा गर्दछ (रेची) । यसको स्वाद पिरो हुन्छ र गर्मी गर्दछ । यसले मधुमेह आदि प्रमेह, पेट फुल्ने रोग, विषको असर र पत्थरीलाई पनि निको पार्दछ ।

(ञ) मदनपाल निघण्टु :

काम्पिल्ल्यो रेचनो रक्तचूर्णको व्रणशोधनः । लोहितो रक्तशमनो रेची रञ्जनको मतः ॥
काम्पिल्या कफपित्तास्रकृमिगुल्मोदरव्रणान् । हन्ति रेची कटूष्णं च तच्छाकं ग्राहि शीतलम् ॥

सिँदुरे (तस्बिर श्रोत : पेअर डी अमरकोश)

काम्पिल्ल्य, रेचन, रक्तचूर्णका, व्रणशोधन, लोहित, रक्तशमन, रेची र रञ्जनक : यी सिँदुरे वृक्षका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, रक्तपित्त, पेटका किरा, गानुगोला, पेटका रोग र घाउखटिरा निको पार्दछ । दिसा लगाउँदछ । यसको साग पिरो हुन्छ, गर्मी गर्दछ र कब्जियत गर्दै आफू चिसो भएर बस्दछ । (सिँदुरेको तेल पचेपछि पिरो, तिक्खर, उर्ष्णवीर्यको, तीतो, मलमूत्रलाई तलतिर सार्ने गुणको, पचाउन सहज तथा कुष्ठ, कफविकार, प्रमेह, बेहोसीपन र कीरा नाशक हुन्छ ।) ।

(ट) मदनादि निघण्टु :

कम्पिल्लकोऽथ रञ्जनो रेचनो रक्तचूर्णकः । रक्ताङ्गो रक्तशमनो विरेको व्रणशोधनः ॥
कृमिघ्नः कफपित्तघ्नो रेचनो व्रणशोधनः । गुल्मे गरे विषे शस्ते कम्पिल्लो मेहशोषणः ॥

कम्पिल्लक, रञ्जन, रेचन, रक्तचूर्णक, रक्ताङ्ग, रक्तशमन, विरेक र व्रणशोधन : यी सिम्दुरेका पर्यायवाची नाम हुन् । यो कीरा, कफविकार र पित्तविकार नाश गर्ने; रेचनी, घाउखटिरा सफा गर्ने, गुल्म र कृत्रिमविषविकारमा उपयोगी तथा प्रमेहलाई सोस्ने गुणको हुन्छ ।

(ठ) राज निघण्टु :

कम्पिल्लकोऽथ रक्ताङ्गो रेची रेचकस्तथा ।
रञ्जको लोहिताङ्गञ्च कम्पिल्लो रक्तचूर्णकः ॥
कम्पिल्लको विरेची स्यात् कटुष्णो व्रणनाशनः ।
कफकासार्तिहारी च जन्तुक्रिमिहरो लघुः ॥

कम्पिल्लक, रक्ताङ्ग, रेची, रेचक, रञ्जक, लोहिताङ्ग, कम्पिल्ल र रक्तचूर्णक : यी सिँदुरेका संस्कृत

पर्यायवाची नामहरू हुन् । यो विरेचक (दिसा लगाउने), पिरो, उष्णवीर्यको तथा घाउखटिरा, कफविकार, खोकी र जुका आदि कीरा नाशक एवं पचाउन सहज हुन्छ ।

(ड) शालिग्राम निघण्टु :

कम्पिल्लकः सरश्चाग्निदीपकः कटुकः स्मृतः । व्रणस्य रोपणोऽश्चोष्णो लघुर्भेदीकफापहः ॥
व्रणगुल्मोदराध्मानकासपित्तप्रमेहहा । आनाहश्च विषश्चैव मूत्राश्मरिरुजापहः ॥
कृमिं च रक्तदोषञ्च नाशयेदिति कीर्तितः । तच्छाकं शीतलं तिक्तं वातलं ग्राहि दीपनम् ॥

सिंदुरे (तस्बिर श्रोत : पेअर डी अमरकोश)

सिंदुरे मलमूत्रलाई तलतिर सार्ने, पाचक-अग्निलाई बाल्ने, पिरो, घाउखटिरा भर्ने, उष्णवीर्यको, पचाउन सहज, भेदनी तथा कफविकार, घाउखटिरा, गुल्म, पेटका रोग, आध्मान, खोकी, पित्तविकार, प्रमेह, आनाह, विषविकार, पिसाबजन्य पत्थरी, कीरा र रक्तविकार नाश गर्ने गुणको हुन्छ । यसको मुनाको साग शीतवीर्यको, तितो, वातविकार गर्ने, ग्राही र दीपनी हुन्छ ।

सङ्कलन :

(ढ) सोढल निघण्टु :

कम्पिल्लकेऽथ रक्ताङ्गो रेची रेचनकस्तथा । रञ्जनो रक्तचूर्णश्च कर्कशः चन्द्रसाह्वयः ॥
नदीवासो रक्तफलो बहुपत्रो बहुफलः ।

कम्पिल्लक, रक्ताङ्ग, रेची, रेचनक, रञ्जन, रक्तचूर्ण, कर्कश, चन्द्रसाह्वय, नदीवास, रक्तफल, बहुपत्र र बहुफल : यी सिंदुरेका पर्यायवाची नाम हुन् ।

(ण) सौश्रुत निघण्टु :

कम्पिल्लको रेचनको रञ्जनो रक्तचूर्णकः ।

कम्पिल्लक, रेचनक, रञ्जन र रक्तचूर्णक : यी सिंदुरेका पर्यायवाची नाम हुन् ।

करकाभव जल (आसिनाको पानी)
(Hail-water)

परिभाषा :

(क) **अमरकोश :** करका र वर्षोपल भनेको असिना हो ।
(ख) **नेपाली बृहत् शब्दकोश :** (१) असिना : पानी पर्दा झर्ने गुच्चा, केराउ, आलु आदिका आकारका बरफका डल्ला; असिनु; बरफ । (२) असिना पानी : असिना र पानी ।
(ग) **पेयर डी अमरकोश :** असिनालाई अंग्रेजीमा Rainstone, Hailstone वा Hail भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **कैयदेव निघण्टु :**

करकोत्थं तु पानीयं रूक्षं सान्द्रं गुरु स्थिरम् । दारुणं विशदं शीतं कफवातविवर्धनम् ॥

असिनाको पानी रुखो, लेस्याइलो, पचाउन कठिन, स्थिर, कडा, मनोहर, शीतवीर्यको तथा कफविकार र वातविकार बढाउने गुणको हुन्छ ।

(ख) **द्रव्यगुण सङ्ग्रह :** सङ्कलन : मोहन प्रसाद सापकोटा

कारकं तोयममृतं ...। : असिनाको पानी अमृतसमान हुन्छ ।

(ग) **धन्वन्तरि निघण्टु :**

दिव्यवाय्वग्निसंयोगात्संहताः खात्पतन्ति याः । शिलाप्रकरबद्धास्ताः करका अमृतोपमाः ॥

आकाश, वायु र अग्निको संयोगबाट टाँसिएर (जमेर) पत्थरको समूह जस्तो बाँधिएको आकाशबाट झर्ने असिना (को पानी) अमृततुल्य हुन्छ ।

(घ) **पर्यायरत्नमाला :**

करकाभ्रशिलाकारो । : करका र अभ्रशिलाकार : यी असिनाका पर्यायवाची नाम हुन् । (वा पत्थर जस्तो जमेको पानीलाई करका भनिन्छ) ।

(ङ) **भावप्रकाश निघण्टु :**

दिव्यवाय्वग्निसंयोगात् संहताः खात् पतन्ति याः ।
पाषाणखण्डवच्चापस्ताः कारक्योऽमृतोपमाः ॥

करकाजं जलं रूक्षं विशदं गुरु च स्थिरम् ।
दारुणं शीतलं सान्द्रं पित्तहृत्कफवातकृत् ॥

आकाशमा रहेका वायु र अग्निको संयोगले ठोस जस्तै बनेर जुन पत्थर जस्ता असिना पर्ने गर्दछ कारक नामले चिनिने त्यो असिनाको जल अमृतसमान हुन्छ । यस्तो जल रुखो, सफा, पचाउन कठिन, शरीरलाई स्थिर बनाउने, कठोर, बाक्लो, पित्तविकार नाशक, कफविकारकारक र वातविकार गर्ने गुणको हुन्छ ।

(ङ) हारीत संहिता :

स्वर्णद्याः शीतवातेन मेघविस्फूर्जसङ्कुलम् । शीताम्बु कठिनं भूत्वा शिलं जातं हिमेन तु ॥

चिसो हावा र बादलको गर्जनले गर्दा गङ्गाको पानी जमी साह्रो बन्दछ ।

पश्चात् सूर्य्यस्य सन्तापात्किञ्चिद्वै द्रवते जलम् । वमन्ति मेघाः सलिलशकलं शीतलं मतम् ॥

पछि सूर्यको तापले त्यो जमेको पानी केही पग्लन्छ र त्यसलाई ससाना खण्ड पारी बादलले असिनाका रूपमा बर्षाउँदछ । यसैलाई शीतल पानी मानिएको छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कारं शीतगुणैः श्रमोपशमनं शोषार्त्तिनिर्णाशनं मूर्छामोहशिरोऽर्तिनाशनकरं हिक्कावमेर्वारणम् ।
शोफानां व्रणिनां तु दोषशमनं पित्तात्मिकानां हितं
शंसन्ति प्रवरं गुणैः प्रतिदिनं तस्मान्न दूरे कृतम् ॥

असिना (तस्बिर श्रोत : मार्गदर्शनन्यूज डटकम)

यो असिनाको पानीमा हुने शीतगुणले थकाई मेटद्दछ र सुन्निएको पीडा कम गर्दछ (बरफले सेक्ने चलन आधुनिक चलन होइन) । यसले बेहोसी, भ्रम र टाउकोको दुखाई नाश गर्दछ । बाडुली र वाककाकी भगाउँदछ । सुन्निने र घाउखटिरा हुनेको दोषलाई हरण गर्दछ । यो पित्तप्रकृतिका मानिसका लागि लाभदायक हुन्छ । गुणमा श्रेष्ठ हुने हुनाले यसलाई सधैं साथमा राखिन्छ भन्ने गरिन्छ ।

करजोडि (वनस्पतिविशेष)
(Karajodi)

परिभाषा :

(क) **डा.सतिश चन्द्र साङ्ख्यधर :** यो पहिचान हुन नसकेको एक वनस्पति हो ।
(ख) **हिन्दी विश्वकोश (करज्योडि) :** हस्तज्योडि, महाकन्दशाक । काष्ठपाषाणभेद ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **राज निघण्टु :**

हस्तपर्यायपूर्वस्तु जोडिर्वैद्यवरैः स्मृतः । करजोडिरिति ख्यातो रसबन्धादिवश्यकृत् ॥

हस्तशब्दका पर्यायवाची नामका पछाडि जोडि शब्द आएका शब्दले ओखती विशेषलाई बुझाउँदछ । यो ओखती पारो प्रशोधन गर्न र वशीकरण गर्न प्रयोग हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

करञ्ज (कुबेराक्ष)
(Smooth leaved pongamia)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : (१) करज, करञ्जक चिरिबिल्व र नक्तमाल भनेको कुबेराक्ष हो । (२) कलिमारक, पूतिक, पूतिकरज र प्रकीर्य भनेको (कुबेराक्षकै एक जात) काँडे गिठोली वा लेकपाङ्ग्रोका नाम हुन् । (४) काँडे गिठोली वा लेकपाङ्ग्रो : कलिमारक, पूतिक, पूतिकरज र प्रकीर्य । (५) षड्ग्रन्थ, मर्कटी आदि भनेको गिठोली विशेष हो ।

(ख) के.यन.स्वामी : (१) सानो पाङ्ग्रो : चिरबिल्व, चिरबिल्वक, नक्तमाल, पूतिक, पूतिपर्ण, वृद्धफल, रोचनम्, प्रकीर्यक । (२) कुबेराक्ष : करज, करञ्जक चिरिबिल्व र नक्तमाल । (३) पूतिकरञ्ज : बल्ढयाङ्ग्रो, सानो पाङ्ग्रो । (४) प्रकीर्य : डल्लो पाङ्ग्रो, रिट्ठा । (५) सोमवल्क : लेक पाङ्ग्रे । (६) करञ्ज : करौंजी । (७) घृतकरञ्ज : करञ्जविशेष (गुलियो गिठौली) । (८) प्रकीर्य : डल्लो पाङ्ग्रो । रिट्ठा । (९) घृतपर्णक, विषारि, विरोचन : डल्लो पाङ्ग्रो । (१०) स्निग्धपत्र : रामरिठो । डल्लो पाङ्ग्रो । (११) महाकरञ्ज : चेप्टे पाङ्ग्रो । ठुलो करौजी । (१२) षड्ग्रन्थ, उदकीर्ण, विषघ्नी, शार्ङ्गेष्ठा, हस्तिरोहणक, हस्तिकरञ्ज, सुमना : चेप्टे पाङ्ग्रो । (१३) पूतिकर्णक, कैडर्य : बकढयाङ्ग्रो वा बलढयाङ्ग्रो । (१४) पूतिकरञ्ज : बलढयाङ्ग्रो वा सानो पाङ्ग्रो । (१५) कलिमार : बल्ढयाङ्ग्रो वा बल्डयाङ्ग्रो वा लेखपाङ्ग्रो । (१६) गुच्छकरञ्ज, स्निग्धदल : रामरिठो । (१७) पुच्छपुष्पक : रामरिठा । रिठो । (१८) मातृनन्दी : रामरिठो । (१९) दन्तधावन : रामरिट्ठा । (२०) गुच्छपुष्पक : रामरिठा । रिठो । (२१) गुच्छफल : रिठो । (२२) अरिष्ट, फेनिल : रीठो । रिठो । (२३) मङ्गल्य, कुम्भबीजक : रीठो । (२४) प्रकीर्य : डल्लो पाङ्ग्रो । रिट्ठा । (२५) लताकरञ्ज : मझौला खालको रूख हुने डाँठको दुवैतिर एक अङ्गुल लामो बाटुलो छाँटको पात भएको र हाँगाको पछिल्लो भागमा बाङ्गो काँडो भएको वृक्षविशेष । यसको मुजुराको बीचमा हुने पाँच पत्र भएको पहेँलो फूल हुन्छ । यसका चार पत्रमा गुलाफी र एक पत्रमा गाढा रातो रङ्ग हुन्छ । पत्रका बीचमा स्त्री वा पुंकेशर र फलमा काँडो हुन्छ, जसभित्र सेतो गुदी भएका सिपी जस्ता एक दुईवटा बियाँ रहन्छन् । (२६) सोमवल्क : लेक पाङ्ग्रे । (२७) दुःस्पर्शा : लहरे दुरालभा । (२८) षड्ग्रन्थ, हस्तिवारणी : चेप्टे पाङ्ग्रो ।

लताकरञ्ज (तस्विर श्रोत : ईफ्लोराअफइण्डिया)

(ग) नेपाली बृहत् शब्दकोश (१) पाङ्ग्रा : हाँगाबिँगा नहुने, भित्र साह्रो भएको, टुप्पामा केराउका जस्तो घुम्रेको लहराको भाव हुने, पहेँलो फूल फुल्ने र कोसामा लाग्ने फल । आयुर्वेदमा शक्तिवर्धक मानिएको तथा जुका, चुर्ना आदि नाश गर्ने तथा बान्ता रोक्ने गुण बताइएको त्यसैको बोट । (२) पाङ्ग्रो : ससाना पात, पहेँला लामा फूल र लामा-लामा कोसा वा टाटा फल्ने एक जातको लहरो । आयुर्वेदमा शक्तिवर्धक, बान्ता रोक्ने र जुका, चुर्ना आदि नाश गर्ने गुण बताइएको त्यसैका कोसा वा टाटाभित्र

हुने बाटुलो र साह्रो बियाँ; लेकपाङ्ग्रो, महाकरञ्ज । (३) लेकपाङ्ग्रो : ठूलो रूखमा फल्ने, लामा र ठूला कोसाभित्र हुने, पाङ्ग्रोजस्तो बाटुलो र कलेजी रङको एक जातको फल । (४) विदारी : लहराको जोर्नीजोर्नीमा फल्ने एक प्रकारको फल; गिठो । (५) चेप्टे पाङ्ग्रो : ठूला रूखमा झाँगिने लहरामा ठूला-ठूला टाटाभित्र एकदेखि आठ-दसवटा गेडासम्म फल्न सक्ने चेप्टो र बाटुलो आकारको पाङ्ग्रो । (६) बल्डयाङ्ग्रो : लहरामा फल्ने, ठूलठूला गेडा हुने सिमीका ढाँचाको फलविशेष । गाढा प्याजी रङ्का फूल फुल्ने र लामा-लामा कोसा फल्ने, एक जातको लहरो वा त्यसकै कोसामा फल्ने दाना । (७) रामरिङ्हो : ठूलठूला पात र पहेँला फूल हुने एक जातको रूख वा त्यसैको झुप्पाकार फल । (८) लता-करञ्ज : काँडि कुबिराक्ष । (९) काँडि कुवेराक्ष : बोट र कोसामा समेत काँडैकाँडा हुने, नीलो गेडा फल्ने, पहेँलो फूल फुल्ने र अमिलीको जस्तो पात हुने एक लहरो वा त्यसैको गेडा (फल); कुवेराक्षी; लता-करञ्ज ।

Pongamia pinnata (L.) Merr., तस्बिर श्रोत : पेयर डी अमरकोश

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : (१) वृक्षकरञ्ज : (करञ्ज, नक्तमाल र उदकीर्य) : यसको बोट सामान्य उचाइको र सदाबहार हुन्छ । झोल्लिएका हाँगा हुन्छन् । हरिया, चम्किला, चिल्ला, आयताकार र तिखा २-५ इञ्च लामा छोटो भेटनु भएका पात हुन्छन् । हल्का गुलाबी रङको सेतो गुच्छाकार फूल फुल्दछ । फूलको एक पत्र ठूलो हुन्छ र त्यसले अन्य चार पत्रलाई ढाकेको हुन्छ । सुक्नुभन्दा पहिले अनगिन्ती फूलहरू भुइँमा झर्दछन् । । चिल्ला, चेप्टा, कडा, एक बीज भएका, गाढा खरानी रङका १-२ इञ्च लामा र तेलयुक्त बीज भएका फल फल्दछन् । यसलाई अंग्रेजीमा Smooth Leaved Pongamia वा Indian Beech र ल्याटिन भाषामा *Pongamia glabra* Vent. भनिन्छ । (२) लताकरञ्ज (पूतिकरञ्ज, लताकरञ्ज, कण्टकीकरञ्ज, विटपकरञ्ज, कुबेराक्ष, प्रकीर्य) : यो समुद्री किनारदेखि २,५०० फिटको उचाइसम्म पाइन्छ । यसका बाक्ला काँडा भएको झाडी वा लहरा हुन्छ । हाँगा फैलिएका र कुनै चढ्ने स्थान पाए चढ्ने किसिमका हुन्छन् । यी हाँगामा सोझा, तीखा र पहेँला रङका काँडा हुन्छन् । साना हाँगामा बाक्लो झुस हुन्छ । दुईतिर परखैँटाझैँ फिँजिएका १-२ फिट लामा पात हुन्छन् । पातका भेट्नुमा हुने काँडा बाङ्गा हुन्छन् । हल्का पहेँला मञ्जरी भएर फूल फुल्दछ । चौडा, आयताकार, २-३ इञ्च लामा र करिब २ इञ्च चौडा गोला वा अण्डाकार सिसाको रङका चिल्ला र कठोर खोल भएका फल फल्दछन् । बीजभित्र अल्का पहेँलो रङको सेतो गुदी हुन्छ । यो गुदी अति नै तीतो हुन्छ । यसलाई अंग्रेजीमा Bonduc nut वा Physic nut वा Fever nut भनिन्छ । यसको ल्याटिन नाम *Caesalpinia bonducella* Fleming हो । करञ्जविशेष लाई ल्याटिन भाषामा *Holoptelia integrifolia* Planch. भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) आचार्य बालकृष्ण : वृक्ष करञ्जको वानस्पतिक नाम *Pongamia pinnata* (Linn.) Pierre., Syn-*Pongamia glabra* Vent., *Derris indica* (Lam.) Bennet हो । करञ्जलाई अंग्रेजीमा Smooth leaved pongamia, Indian Beech वा Pongam oil tree भनिन्छ । संस्कृतमा यसलाई करञ्ज, नक्तमाल, उदकीर्य, गुच्छपुष्पक, घृतपूर्ण, स्निग्धपत्र भनिन्छ ।

नेपाली नाम कारंगी हो । यो Fabaceae परिवारमा पर्दछ ।पूतिकरञ्जको वानस्पतिक नाम *Caesalpinia bonduc* (Linn.) र लता करञ्जको वानस्पतिक नाम *Caesalpiniacrista* Linn हो । मुख्यतः यी तीन जातका करञ्ज औषधीका लागि प्रयोग गरिन्छ ।

(च) फर्माकोपिया : करञ्ज Leguminosae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Pongamia pinnata* (Linn.) Merr, Syn. *Pongamia glabra* vent. हो । अंग्रेजीमा यसलाई Smooth leaved pongamia भनिन्छ । यसका संस्कृत नाम करञ्जक, नक्तमाल, नक्त्व र घृतकरञ्ज हुन् । यसको बीजको धुलो ०.२५ ग्रामसम्म र काँडापानी ५-१० ग्रामसम्म ओखतीको लागि एक मात्रा हो । यसको रूखको बोक्रा १-२ ग्रामसम्म काँडापानीमा एक मात्रा हुन्छ । पात शरीरको बाहिरी उपचारका लागि मात्र प्रयोग हुन्छ । यसको जराको बोक्रा १-३ ग्रामसम्म काँडापानीका लागि तथा जराको धूलो १-२ ग्रामसम्मको एक मात्रा हुन्छ ।

(छ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : करञ्ज Angiosperm समूह अन्तर्गत Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Pongamia pinnata* (L.) Pierre हो ।

(ज) हिन्दी विश्वकोश : (अ) करञ्ज : कं मुखं शिरोमुखं वरं रञ्जयतीति करञ्ज । करौंदा । वैद्यमतमा यो चार किसिमको हुन्छ । १.नक्तमाल, पूतिक, चिरविल्लक, पूतिपर्ण, बद्धफल, रोचन, करज, करञ्जक, चिरविल्ल र उदकीर्य । यसलाई हिन्दीमा करंज भनिन्छ । यसको वानस्पतिक नाम *Pongamia glabra* हो । यो एक सोझो वृक्ष हो । मध्य एवं पूर्वी हिमालयदेखि सिंहल तथा मलायासम्म भारतवर्षका सबै भागमा पाइन्छ । यो वृक्ष ४०-५० फीट अग्लो हुन्छ । नागपुरतिर यसको काठको खरानी रङ्गाउन प्रयोग हुन्छ । यसका अनेक गुण, अवगुण हुन्छन् । यो खान र लगाउन प्रयोग हुन्छ । मात्रा पाँच थोपा हो । २. प्रकीर्य, पूतिकरज, पूतिक, कलिकारक, पूतिकरञ्ज, सकण्टक, सुमना, रजनीपुष्प, प्रकीर्ण, कलिमालक, कलहनाशक, कैडर्य, कलिमाल र पूतिकरज । यसको वानस्पतिक नाम *Guilandina Bonduc.* हो । ३. षड्ग्रन्था, महाकरञ्ज, विषघ्नी, हस्तिचारिणी, रासायनी, काकघ्नी, मदहस्तिनी, हस्तिकरञ्जक, काकभाण्डी र मधुमती । ४. करमर्दक, कृष्णकाकफल, अविघ्न, सुषेण, कृष्णपाक, पाकफल, कृष्णफल, पाककृष्णफल, कृष्णफलपाक, पाककृष्ण, फलकृष्ण, पाकफलकृष्ण, वनालय, कराम्बुक, वोल, वश, आविघ्न, करमर्दी, वनेक्षुद्रा, कराम्ल, करमर्द र पाणिमर्द । (आ) करञ्जक : करञ्ज । यो छ किसिमको हुन्छ ।

Pongamia pinnata (L.) Merr., तस्विर श्रोत : पेयर डी अमरकोश

(झ) डा.सतिश चन्द्र साङ्ख्यधर : लताकरञ्जका बारेमा थप अनुसन्धान हुनु आवश्यक छ ।

(ञ) वन्लीमाईहेल्थडटकम : लताकरञ्जको ल्याटिन नाम *Caesalpinia crista* र अंग्रेजी नाम Fever nut हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

करञ्जो मञ्जरीपुष्पो लाजपुष्पः प्रकीर्यकः । छायाप्रियो नक्तमालः प्रकीर्या चोदकीर्यकः ॥
उदकीर्या कीर्यकश्च कच्छूदारश्च गुच्छकः । गुच्छो गजकरञ्जेति शब्दाः पर्यायवाचकाः ॥

करञ्ज, मञ्जरीपुष्प, लाजपुष्प, प्रकीर्यक, छायाप्रिय, नक्तमाल, प्रकीर्य, चोदकीर्यक, उदकीर्य, कीर्यक, कच्छूदार, गुच्छक, गुच्छ र गजकरञ्ज : यी करञ्जका पर्यायवाची नाम हुन् ।

प्रोक्तो वल्लीकरञ्जोऽन्यः पत्रैकसित एव च । नक्तमालः पीड...श्च पर्यायैः स्नेहपूरकः ॥

वल्लीकरञ्ज, पत्रैकसित, नक्तमाल, पीड...र स्नेहपूरक : यी लताकतञ्जका पर्यायवाची नाम हुन् ।

Pongamia pinnata (L.) Merr., तस्विर श्रोत : पेयर डी अमरकोश

गदितोऽपरः करञ्जो पूतीको मात्रसभूरुहः सुमनाः ।
उदकीर्यश्चिरिविल्वः स्वप्नकनामा च पूतिसाह्व इति ॥

पूतीकरञ्ज, मात्रसभूरह, सुमना, उदकीर्य, चिरविल्व, स्वप्नकनामा र पूतिसाह्व : यी पूतिकरञ्जका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

करञ्जो मञ्जरीपुष्पो नक्तमालोदकीर्यकः । छायाप्रियो लाजपुष्पो मातृनन्दनकश्च सः ॥
पूतिकरञ्जः पूतीकश्चिरबिल्वः प्रकीर्यकः । उत्तुण्डिका काकतुण्डी शार्ङ्गेष्टाऽङ्गारवल्ल्यपि ॥

करञ्ज, मञ्जरीपुष्प, नक्तमाल, उदकीर्यक, छायाप्रिय, लाजपुष्प र मातृनन्दनक : यी करञ्जका पर्यायवाची नाम हुन् । पूतिकरञ्ज, पूतीक, चिरबिल्व र प्रकीर्यक : यी पूतिकरञ्जका पर्यायवाची नाम हुन् । उत्तुण्डिका, काकतुण्डी, शार्ङ्गेष्टा र अङ्गारवल्ली : यी चेप्टे पाङ्ग्रोका पर्यायवाची नाम हुन् ।
(हिन्दी विश्वकोश : उत्तुण्डकी : करञ्जक ।)

(ग) अमरकोश :

चिरबिल्वो नक्तमालः करजश्च करञ्जके । प्रकीर्यः पूतिकरजः पूतिकः कलिमारकः ॥
करञ्जभेदाः षड्ग्रन्थो मर्कटयङ्गारवल्लरी ।

चिरबिल्व (चिरविल्ल), नक्तमाल (रक्तमाल), करज र करञ्जक : यी करञ्ज (कुबेराक्ष) का पर्यायवाची नाम हुन् । प्रकीर्य, पूतिकरज (पूतीकर, पूतीकरज), पूतिक (पुतीक) र कलिमारक (कलिकारक) : यी काँडे गिठोली (लेकपाङ्ग्रो) का पर्यायवाची नाम हुन् । षड्ग्रन्थ, मर्कटी र अङ्गारवल्लरी : यी करञ्ज (

गिठालीविशेष) का बेग्लाबेग्लै जातका एक-एक नाम हुन् ।

(घ) **अर्कप्रकाश :**

करञ्ज कफगुल्मार्शो व्रणकृमिव्रणापहः ॥
घृतकारञ्जको भेदी वातार्शः कृमिकुष्ठजित् । करञ्जयो वमिवातार्श कृमिकुष्ठप्रमेहजित् ॥

कुबेराक्षको अर्कले कफविकार, गुल्म, अल्काइ, घाउखटिराका किरा र पेटका किरा नाश गर्दछ । गुलियो कुबेराक्षले दिसा खुलाउँदछ तथा वातविकार, अल्काइ, किरा र कुष्ठ नाश गर्दछ । साधारण कुबेराक्षको अर्कले वाकवाकी, वातविकार, अल्काइ, किरा, कुष्ठ र प्रमेह नाश गर्दछ ।

(ङ) **अष्टाङ्ग निघण्टु :**

पूतिकरञ्जः कैडर्यः प्रकीर्यश्चिरबिल्वकः । उदकीर्यो नक्तमालः करञ्जो लाजपुष्पकः ।
सप्तच्छदोऽयुग्मपत्रः सप्ताह्वो गुच्छपुष्पकः ।

पूतिकरञ्ज, कैडर्य, प्रकीर्य र चिरबिल्वक : यी पूतिकरञ्जका; उदकीर्य, नक्तमाल, करञ्ज र लाजपुष्पक : यी करञ्जका तथा सप्तच्छद, युग्मपत्र, सप्ताह्व र गुच्छपुष्पक : यी रिठाकरञ्जका पर्यायवाची नाम हुन् ।

(च) **आयुर्वेद महोदधि :** सङ्कलन : मोहन प्रसाद सापकोटा

लेपात्करञ्जतैलस्य दृष्टिरोगविनाशनम् । कुष्ठे च पामाभिन्नानां सर्ववातविकारनुत् ॥

कुबेराक्षको तेल दल्नाले आँखाका दृष्टिसम्बन्धी रोग नाश हुन्छन् । कुष्ठ र लुतो जस्ता रोग हटाउँदछ । सबै किसिमका वातविकार नाश गर्दछ ।

(छ) **कैयदेव निघण्टु :**

करञ्जो नक्तमालः स्यान्नक्ताह्वो गुच्छपुष्पकः । घृतपूरः स्निग्धपत्रः प्रकीर्या पुष्पमञ्जरी ॥
उदकीर्या पूतिकर्णः प्रकीर्णो मातृनन्दनः । पूतिकरञ्जः पूतीकः कैडर्यश्चिरबिल्वकः ॥
करञ्जः कटुकः पाके रसे तिक्तकषायकः । कटुको गुणतस्तीक्ष्णो वीर्योष्णो विनियच्छति ॥
बलासपित्तकुष्ठास्रव्रणमेदोदरक्रिमीन् । तत्पत्रं कटुकं पाके वीर्योष्णं पित्तलं लघु ॥
भेदनं कफवातार्शोजन्तुशोफव्रणान् जयेत् । अङ्कुरः कटुकः पाके रसे दीपनपाचनम् ॥
कफवातापहः शोफविषार्शःकृमिकुष्ठजित् ।

करञ्ज, नक्तमाल, नक्ताह्व, गुच्छपुष्पक, घृतपूर, स्निग्धपत्र, प्रकीर्या पुष्पमञ्जरी, उदकीर्या, पूतिकर्ण, प्रकीर्ण, मातृनन्दन, पूतिकरञ्ज, पूतीक, कैडर्य र चिरबिल्वक : यी करञ्जका पर्यायवाची नाम हुन् । यो पचेपछि पिरो; शुरुमा तितो, टर्रो र पिरो; तिक्खर, उष्णवीर्यको तथा कफविकार, पित्तविकार, कुष्ठ, रक्तविकार, खटिरा, बोसोविकार, र पेटका कीरा नाश गर्ने गुणको हुन्छ । यसको पात पचेपछि पिरो,

उष्णवीर्यको, पित्तविकार गर्ने, पचाउन सहज, भेदनी तथा कफविकार, वातविकार, हर्सा, कीरा, सुजन र खटिरालाई जित्ने गुणको हुन्छ । यसको मुना शुरुमा र पचेपछि पिरो, दीपनी, पाचनी, कफविकार र वातविकार नाश गर्ने तथा सुजन, विषविकार, हर्सा, कीरा र कुष्ठलाई जित्ने गुणको हुन्छ ।

उत्तण्डको काकतिक्तो शार्ङ्गेष्टागिरिवल्लिका॥
कटुका वायसी वल्ली ध्वाङ्क्षवल्ली करञ्जिका ।
करञ्जिका कटुः पाके सतिक्ता तुवरा कटुः ।
वीर्योष्णा ग्राहिणी हन्ति मेहकुष्ठवमिकृमीन्॥
वीर्योष्णं तु तत्कुसुमं सतिक्तं कफवातनुत् ।

करञ्जक (तस्विर श्रोत : पेयर डी अमरकोश), Millettia pinnata (L.) Panigrahi - Pongamia

उत्तण्डका, काकतिक्ता, शार्ङ्गेष्टा, गिरिवल्लिका, कटुका, वायसी, वल्ली, ध्वाङ्क्षवल्ली र करञ्जिका : यी च्याप्टे पाङ्ग्राका पर्यायवाची नाम हुन् । यो पचेपछि पिरो; शुरुमा तितो, टर्रो र पिरो; उष्णवीर्यको, ग्राहि तथा प्रमेह, कुष्ठ, वाकवाकी र कीरा नाश गर्ने गुणको हुन्छ । यसको फूल उष्णवीर्यको, केही तितो तथा कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

वारणस्तारणी कण्टकरञ्जः तीरगन्धिका॥
तिरगन्धी सतुवरा सतिक्ता सोषणा जयेत् ।
बलासपित्तशोफार्शःशूलाध्मानव्रणकृमीन्॥

वारण, तारणी, कण्टकरञ्ज र तीरगन्धिका : यी करञ्जविशेषका पर्यायवाची नाम हुन् । यो हल्का टर्रो, केही तितो, उष्णवीर्यको तथा कफविकार, पित्तविकार, सुजन, हर्सा, शूल, आध्मान, खटिरा र कीरालाई जित्ने गुणको हुन्छ ।

(ज) **द्रव्यगुण सङ्ग्रह :**

दीपनाः कफवातघ्नाश्चिरबिल्वाङ्कुराः सराः ।करञ्ज....फलं जन्तुप्रमेहनुत् ।
करञ्ज...तैलं तु नात्युष्णं कफपित्तजित् । तिक्तं क्रिमिहरं...।
दन्तकाष्ठं करञ्जादि रुचिदं दन्तशोधनम् ।

पूतिकरञ्जका मुना कफविकार र वातविकार नाश गर्ने तथा मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । करञ्ज, पलाँश र नीमको फलले कीरा र प्रमेह नाश गर्दछ । करञ्जको तेल अलिअलि उष्णवीर्यको, कफविकार र पित्तविकारलाई जित्ने, तितो तथा कीरा नाश गर्ने गुणको हुन्छ । करञ्ज आदिले दतिवन (दन्तमञ्जन) गर्नाले रुचि बढ्दछ र दाँत शुद्ध हुन्छ ।

(झ) **धन्वन्तरि निघण्टु :**

करञ्जो नक्तमालश्च पूतिकाश्चिरबिल्वकः ॥
घृतपूर्णः करञ्जोऽन्यः प्रकीर्यो गौर एव च । करञ्जश्चोष्ण तिक्तः स्यात्कफपित्तास्रदोषजित् ॥
व्रणप्लीहकृमीन्हन्ति भूतघ्नो योनिरोगहा ।
चिरिबिल्वः करञ्जश्च तीव्रो वातकफापहः ॥

करञ्जक (तस्विर श्रोत : पेयर डी अमरकोश), Millettia pinnata (L.) Panigrahi - Pongamia

करञ्ज, नक्तमाल, पूतिक र चिरबिल्वक : यी पहिलो थरी करञ्जका तथा घृतपूर्ण करञ्ज, प्रकीर्य र गौर : यी दोश्रो थरी करञ्जका पर्यायवाची नाम हुन् । यो उष्णवीर्यको, तितो तथा कफविकार, पित्तविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ । यसले घाउखटिरा, फियोका रोग, कीरा तथा प्रभावकारी ढङ्गले वातविकार र कफविकार नाश गर्ने गुण बोकेको हुन्छ ।

उदकीर्यस्तृतीयोऽन्यः षड्ग्रन्थो हस्तिचारिणी । मदहस्तिनिका रोही हस्तिरोहणकः प्रियः ॥

उदकीर्य, षड्ग्रन्थ, हस्तिचारिणी, मदहस्तिनिका, रोही, हस्तिरोहणक र प्रिय : यी तेश्रो थरी करञ्जका पर्यायवाची नाम हुन् ।

अङ्गारवल्लिकाऽम्बष्ठा काकघ्नी काकभाण्डिका ।
वायव्या काल्मिकाभेदा काकवल्ल्यपि चोच्यते ॥

करज (तस्विर श्रोत : पेयर डी अमरकोश), Millettia pinnata (L.) Panigrahi - Pongamia

अङ्गारवल्लिका, अम्बष्ठा, काकघ्नी, काकभाण्डिका, वायव्या, काल्मिकाभेदा र काकवल्ली : यी (सम्भवतः) चौथो थरी करञ्जका नाम हुन् ।

(ञ) **निघण्टुशेष :**

करञ्जे स्यान्नक्तमालः पूतिकश्चिरिबिल्वकः । करजः श्लीपदारिश्च प्रकीर्णः कलिनाशकः ॥
पूतिकरञ्जो गौरश्च सुमना घृतपर्णकः ।
(करं जयति करञ्जः, साधुःञ्ज करोति वा । नक्तं-रात्रौ आलम्-अनर्थोऽस्माद् नक्तमालः, भूताश्रयत्वात् रक्तमालः इत्येके । पूतिको दुर्गन्धः । चिरिणं बिलति-भिनत्ति चिरिबिल्वः । करं जयति करजः, कीर्यते वा । श्लीपदस्य अरिः श्लीपदारिः । प्रकीर्यते प्रकीर्णः । कलिं नाशयति कलिनाशकः । अत एव कलिमारकः । पूतिः दुर्गन्धः स चासौ करञ्जश्च पूतिकरञ्ज । गौरः श्वेतत्वात् । सुष्ठु मनोऽस्य सुमनाः । घृतवन्ति पर्णान्यस्य घृतपर्णः ।) ।

करञ्ज, नक्तमाल, पूतिक, चिरिबिल्वक, करज, श्लीपदारि, प्रकीर्ण , कलिनाशक, पूतिकरञ्ज, गौर, सुमना र घृतपर्णक : यी करञ्जका पर्यायवाची नाम हुन् ।

भेदास्त्वस्य त्रयस्तत्र षड्ग्रन्थे हस्तिवारणी ।
(अस्य-करञ्जस्य त्रयो भेदाः । षड् ग्रन्थयोऽस्य षड्ग्रन्थः । हस्तिनं वारयति हस्तिवारणी ।

करञ्ज तीन प्रकारका हुन्छन् । एक जातको षड्ग्रन्थ र हस्तिवारिणी पर्यायवाची नाम हुन् ।

मर्कट्यां तु कृतमालः उदकीर्यः प्रकीर्यकः ।
(मर्दयति अङ्गपाटनाद् मर्कटी, मर्कति वा मर्कटी । कृतम् आलम्-अनर्थोऽनेन कृतमालः । उत्कीर्यते उदकीर्यः । प्रकीर्यते प्रकीर्यः) ।) ।

मर्कटी, कृतमाल, उदकीर्य र प्रकीर्यक : यी अर्को थरी करञ्जका पर्यायवाची नाम हुन् ।

अङ्गारवल्ल्यां शार्ङ्गस्था कासघ्नी करतालिका ।
(अङ्गार इव वल्लयोऽस्य अङ्गारवल्ली । शार्ङ्गे तिष्ठति शार्ङ्गस्था । कासं हन्ति कासघ्नी । करं ताडयति करताली ।) ।

नक्तमाल (तस्विर श्रोत : पेयर डी अमरकोश), Millettia pinnata (L.) Panigrahi - Pongamia

प्रसाद सापकोटा

अङ्गारवल्ली, शार्ङ्गस्था, कासघ्नी र करतालिका : यी अर्को थरी करञ्जका पर्यायवाची नाम हुन् ।

(ट) पर्याय रत्नमाला :

चिरबिल्वश्चोदकीर्यो नक्तमालः करञ्जकः । पूतिकः पूतिकरजः प्रकीर्यश्च सकण्टकः ।

चिरबिल्व, उदकीर्य, नक्तमाल र करञ्जक : यी करञ्जका पर्यायवाची नाम हुन् । पूतिक, पूतिकरज, प्रकीर्य र सकण्टक : यी पूतिकरञ्जका पर्यायवाची नाम हुन् ।

(ठ) भावप्रकाश निघण्टु :

करञ्जो नक्तमालश्च करजश्चिरबिल्वकः ॥
घृतपूर्णकरञ्जोऽन्य प्रकीर्यः पूतिकोऽपि च । स चोक्तः पूतिकरञ्जः सोमवल्कश्च स स्मृतः ॥
करञ्जः कटुकस्तीक्ष्णो वीर्योष्णो योनिदोषहृत् । कुष्ठोदावर्त्तगुल्मार्शोव्रणक्रिमिकफापहः ॥

करञ्ज, नक्तमाल, करज र चिरबिल्वक : यी कण्टक(वृक्ष)-करञ्जका तथा प्रकीर्य, पूतिक, पूतिकरञ्ज र सोमवल्क : यी घृत(पूति)-करञ्जका संस्कृत पर्यायवाची नामहरू हुन्। यो तीतो, तिक्खर र गर्मी गर्ने गुणको हुन्छ । यसले योनिका रोग, कुष्ठ, उदावर्त, गुल्म, अल्काई, घाउखटिरा, कीरा र कफविकार नाश गर्दछ ।

तत्पत्रं कफवातार्शः कृमिशोथहरं परम्। भेदनं कटुकं पाके वीर्योष्णं पित्तलं लघुः॥
तत्फलं कफवातघ्नं मेहार्शःकृमिकुष्ठजित्। घृतपूर्णकरञ्जोऽपि करञ्जसदृशो गुणैः॥

करञ्जका पातले कफविकार, वातविकार, अल्काई, कीरा र सुजनलाई अत्यन्त प्रभामवशाली ढङ्गले नाश गर्दछ । यसमा भेदन गर्ने गुण हुन्छ र पचेपछि पिरो हुन्छ । यसले गर्मी गर्दछ, पित्त बढाउँदछ तर पचाउन हलुका हुन्छ । यसको फलले कफविकार, वातविकार, प्रमेह, अल्काई, कीरा र कुष्ठ नाश गर्दछ । घृतकरञ्जमा पनि यिनै गुण हुन्छन्।

उदकीर्यस्तृतीयोऽन्य षड्ग्रन्था हस्तिवारुणी । मर्कटी वायसी चापि करञ्जी करभञ्जिका॥
करञ्जी स्तम्भनी तिक्ता तुवरा कटुपाकिनी । वीर्योष्णा वमिपित्तार्शः कृमिकुष्ठप्रमेहजित्॥

माथि बताइएका जात बाहेकको एक तेश्रो जातको करञ्ज पनि हुन्छ । यसका उदकीर्य, षड्ग्रन्था, हस्तिवारुणी, मर्कटी, वायसी, करञ्जी र करमञ्जिका संस्कृत पर्यायवाची नामहरू हुन्। यो स्तम्भनी, तीतो र टर्रो हुन्छ तथा पचेपछि पिरो हुन्छ । यसले गर्मी गर्दछ तथा वाकवाकी, पित्तविकार, अल्काई, कीरा, कुष्ठ र प्रमेह नाश गर्दछ ।



पूतिकरज (तस्विर श्रोत : पेयर डी अमरकोश), Caesalpinia crista L. - Bonduc Nut

(ङ) **मदनपाल निघण्टु :**

करञ्जो नक्तमालः स्यान्नक्ताह्वो घृतवर्णकः । पूतिकोऽन्यःपूतिवर्णः प्रकीर्णश्चिरबिल्वकः॥
करञ्जः कटुकस्तीक्ष्णो वीर्योष्णो योनिदोषजित्। कुष्ठोदावर्त्तगुल्मार्शोव्रणक्रिमिकफापहः॥
तत्फलं कफवातघ्नं मेहार्शः क्रिमिकुष्ठजित्। तत्पत्रं कफवातार्शः कृमिशोथहरं परम्॥

करञ्ज, नक्तमाल, नक्ताह्व, घृतवर्णक र पूतिक : यी करञ्ज (कुबेराक्ष) का तथा पूतिवर्ण, प्रकीर्ण र चिरबिल्वक : यी अर्कोथरी करञ्ज (काँडे गिठोली वा लेकपाङ्ग्रो) का संस्कृत पर्यायवाची नामहरू हुन्। करञ्ज पिरो, तिक्खर, उष्णवीर्यको योनिका रोग नाशक हुन्छ । यसले कुष्ठ, उदावर्त, गुल्म, अल्काई, घाउखटिरा र कफविकार नाश गर्दछ । यसको फलले कफविकार र वातविकार नाश गर्दछ तथा प्रमेह, अल्काई, कीरा र कुष्ठ माथि जित हासिल गर्दछ । यसको पात कफविकार, वातविकार, अल्काई, कीरा र सुजन नाश गर्न उत्तम हुन्छ ।

करञ्जी काकतिक्ता च वयस्याऽङ्गारवल्लरी । करञ्जिकोष्णवातार्शः क्रिमिकुष्ठप्रमेहनुत्॥

करञ्जी, काकतिक्ता, वयस्या र अङ्गारवल्लरी : यी गिठोली विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो उष्णवीर्यको हुन्छ । यसले गर्मी (?) वातविकार, अल्काई, कीरा, कुष्ठ र प्रमेह नाश गर्दछ ।

तिरिगिच्छिर्गजकण्टः करञ्जी क्षीरिणी द्विपः । तिरिगिच्छिर्बलासार्शः क्रिमिकुष्ठप्रमेहहृत्॥

तिरिगिच्छि, गजकण्ट, करञ्जी, क्षीरिणी र द्विप : यी पनि एक जातको करञ्जका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार, अल्काई, कीरा, कुष्ठ र प्रमेह नाश गर्दछ ।

(ढ) मदनादि निघण्टु :

करञ्जो नक्तमालश्च प्रकीर्या पुष्पमञ्जरी । घृतपूरो गुच्छपुष्पस्तथा स्निग्धकरञ्जकः॥
उदकीर्यो करञ्जोऽन्यः कैडर्यो मातृनन्दनः । चिरिबिल्वः पूतिकाह्वा पूतिको दन्तधावनः॥
कृमिकुष्ठप्रशमनी प्लीहोदावर्तनाशनः । रसे पाके च कटुकः करञ्जोऽर्शोविनाशनः॥

करञ्ज, नक्तमाल, प्रकीर्या पुष्पमञ्जरी, घृतपूर, गुच्छपुष्प र स्निग्धकरञ्जक : यी करञ्जका पर्यायवाची नाम हुन् । उदकीर्य, कैडर्य र मातृनन्दन तथा चिरिबिल्व, पूतिकाह्व, पूतिक र दन्तधावन : यी अन्य थरी करञ्जका पर्यायवाची नाम हुन् । करञ्जमा कीरा र कुष्ठ शान्त पार्ने, फियोका रोग र उदावर्त रोग नाश गर्ने, शुरुमा र पचेपछि पिरो हुने तथा हर्सा नाश गर्ने गुण हुन्छ ।

पूतिकरञ्ज (तस्विर स्रोत : पेयर डी अमरकोश), Caesalpinia crista L. - Bonduc Nut

(ण) माधव द्रव्यगुण :

करञ्ज...फलं जन्तुप्रमेहनुत् ।

करञ्जको फलले कीरा र प्रमेह नाश गर्दछ । (करञ्जको तेलले टाउकाका रोग निको पार्दछ) ।

(त) राज निघण्टु :

लताकरञ्जो दुःस्पर्शो वीरास्यो वज्रवीरकः । धनदाक्षः कण्टफलः कुबेराक्षश्च सप्तधा॥
लताकरञ्जपत्रं तु कटूष्णं कफवातनुत् । तद्बीजं दीपनं पथ्यं शूलगुल्मव्यथापहम्॥

(१) लताकरञ्ज, (२) दुःस्पर्शा, (३) वीरास्य, (४) वज्रवीरक, (५) धनदाक्ष, (६) कण्टफल र (७) कुबेराक्ष : यी सात नाम लताकरञ्जका संस्कृत पर्यायवाची नामहरू हुन् । लताकरञ्जको पात पिरो

उष्णवीर्यको तथा कफविकार र वातविकार नाशक हुन्छ । यसको बीज दीपनी, पथ्य तथा शूल र गुल्म रोग नाशक हुन्छ ।

करञ्जो नक्तमालश्च पूतिकश्चिरबिल्वकः । पूतिपर्णी वृद्धफलो रोचनश्च प्रकीर्यकः ॥
करञ्जः कटुरुष्णश्च चक्षुष्यो वातनाशनः । तस्य स्नेहोऽतिस्निग्धश्च वातघ्नः स्थिरदीप्तिदः ॥

करञ्ज, नक्तमाल, पूतिक, चिरबिल्वक, पूतिपर्णी, वृद्धफल, रोचन र प्रकीर्यक : यी सानो पाङ्ग्रोका संस्कृत पर्यायवाची नामहरू हुन् । सानो पाङ्ग्रो पिरो, उष्णवीर्यको, आँखाका लागि हितकर र वातविकार नाशक हुन्छ । यसको तेल अति चिल्लो, वातविकार नाशक र (छालालाई) लामो समयसम्म चम्किलो बनाई राख्ने गुणको हुन्छ ।

अन्यो घृतकरञ्जः स्यात् प्रकीर्यो घृतपर्णकः । स्निग्धपत्रस्तपस्वी च विषारिश्च विरोचनः ॥
घृतकरञ्जः कटूष्णो वातहृद् व्रणनाशनः । सर्वत्वग्दोषशमनो विषस्पर्शविनाशनः ॥

घृतकरञ्ज, प्रकीर्य, घृतपर्णक, स्निग्धपत्र, तपस्वी, विषारि र विरोचन : यी अर्को खालको पाङ्ग्रो अर्थात् डल्ले-पाङ्ग्रोका संस्कृत पर्यायवाची नामहरू हुन् । डल्लो पाङ्ग्रो पिरो, उष्णवीर्यको तथा वातविकार र घाउखटिरा नाशक हुन्छ । यसले सबै खालका छालाका विकार शान्त पार्दछ र विषको स्पर्शजन्य विकार नाश गर्दछ ।

ज्ञेयो महाकरञ्जोऽन्यः षड्ग्रन्थो हस्तिचारिणी ।
प्रसाद सापकोटा
उदकीर्या(र्ण) विषघ्नी च काकघ्नी मदहस्तिनी ॥
अङ्गारवल्ली शार्ङ्गेष्टा(ष्ठा) मधुसत्ताऽवमायिनी ॥
हस्तिरोहणकश्चैव ज्ञेयो हस्तिकरञ्जकः । सुमनाः काकभाण्डी च मदमत्तश्च षोडश ॥
महाकरञ्जस्तीक्ष्णोष्णः कटुको विषनाशनः । कण्डूविचर्चिकाकुष्ठत्वग्दोषव्रणनाशनः ॥

पूतिक (तस्विर श्रोत : पेयर डी अमरकोश), Caesalpinia crista L. - Bonduc Nut

(१) महाकरञ्ज, (२) षड्ग्रन्थ, (३) हस्तिचारिणी, (४) उदकीर्या(र्ण), (५) विषघ्नी, (६) काकघ्नी, (७) मदहस्तिनी, (८) अङ्गारवल्ली, (९) शार्ङ्गेष्टा(ष्ठा), (१०) मधुसत्ता, (११) अवमायिनी, (१२) हस्तिरोहणक, (१३) हस्तिकरञ्जक, (१४) सुमना, (१५) काकभाण्डी र (१६) मदमत्त : यी सोह्र नाम चेप्टे पाङ्ग्रोका संस्कृत पर्यायवाची नामहरू हुन् । चेप्टे पाङ्ग्रो तिक्खर, उष्णवीर्यको, पिरो र विषविकार नाशक हुन्छ । यसले चिलाउने रोग, विचर्चिका, कुष्ठ, छालाका (अन्य) विकार र घाउखटिरा नाश गर्दछ ।

प्रकीर्यो रजनीपुष्पः सुमनाः पूतिकर्णिकः । पूतिकरञ्जः कैडर्यः कलिमाल(र)श्च सप्तधा ॥

(१) प्रकीर्य, (२) रजनीपुष्प, (३) सुमना, (४) पूतिकर्णिक, (५) पूतिकरञ्ज, (६) कैडर्य र (७) कलिमाल (र) : यी सात नाम बल्ढयाङ्ग्रोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

अन्यो गुच्छकरञ्जः स्निग्धदलो गुच्छपुच्छ(ष्प)को नन्दी ।
गुच्छी च मातृनन्दी सानन्दी दन्तधावनो वसवः ॥
करञ्जः कटुतिक्तोष्णो विषवातार्त्तिकृन्तनः । कण्डूविचर्चिकाकुष्ठस्पर्शत्वग्दोषनाशनः ॥

(१) गुच्छकरञ्ज, (२) स्निग्धदल, (३) गुच्छपुच्छ(ष्प)क, (४) नन्दी, (५) गुच्छी, (६) मातृनन्दी, (७) सानन्दी र (८) दन्तधावन : यी आठ नाम रामरिङ्गोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो, उष्णवीर्यको तथा विषविकार र वातविकार नाशक हुन्छ । यसले चिलाउने रोग, विचर्चिका, कुष्ठ र संसर्ग(स्पर्श)जन्य छालाका रोगहरू नाश गर्दछ ।

रीठाकरञ्जंवन्यो गुच्छलो गुच्छपुष्पकः ।
रीठा गुच्छफलोऽरिष्टो मङ्गल्यः कुम्भबीजकः ॥
प्रकीर्यः सोमवल्कश्च फेनिलो रुद्रसञ्ज्ञकः ॥
रीठाकरञ्जस्तिक्तोष्णः कटुः स्निग्धश्च वातजित् ।
कफघ्नः कुष्ठकण्डूतिविषविस्फोटनाशनः ॥

सङ्कलन : मोहन प्रसा

(१) रीठाकरञ्जक, (२) गुच्छल, (३) गुच्छपुष्पक, (४) रीठा, (५) गुच्छफल, (६) अरिष्ट, (७) मङ्गल्य, (८) कुम्भबीजक, (९) प्रकीर्य, (१०) सोमवल्क र (११) फेनिल : यी एघार नाम रिङ्गोका संस्कृत पर्यायवाची नामहरू हुन् । रिङ्गो तीतो, उष्णवीर्यको, पिरो, चिल्लो र वातविकार नाशक हुन्छ । यसले कफविकार, कुष्ठ, चिलाउने रोग, विषविकार र विस्फोट रोग नाश गर्दछ ।

पड्ग्रन्थ (तस्विर श्रोत: फेयर डी अमरकोश),
Holoptelea integrifolia (Roxb.)

करञ्जतैलं नयनार्तिनाशनं वातामयध्वंसनमुष्णतीक्ष्णकम् ।
कुष्ठार्तिकण्डूतिविचर्चिकापहं लेपेन नानाविधचर्मदोषनुत् ॥

करञ्जको तेल आँखाका रोग नाशक, वातविकारलाई ध्वस्त बनाउने, उष्णवीर्यको, तिक्खर तथा कुष्ठ, चिलाउने रोग र विचर्चिका रोग नाशक हुन्छ । यो तेल दल्नाले अनेक प्रकारका छालाका रोगहरू ठिक हुन्छन् ।

(थ) **राजवल्लभ निघण्टु :**

करञ्जतैलं किट्टिमकुष्ठकण्डूनिवारणम् । तिक्तकृमिहरं तीक्ष्णं रक्तपित्तप्रदूषणम्॥

करौंजीको तेल किटिम नामक कुष्ठरोग, लुतो र कीरा नाशगर्ने; तीतो, तिक्खर तथा रक्तपित्तलाई उत्तेजित बनाउने गुणको हुन्छ ।

करञ्ज...फलं कृमिकुष्ठप्रमेहजित्॥

करञ्जका फलले कीरा, कुष्ठ र प्रमेहलाई जित्दछ ।

(द) **शालिग्राम निघण्टु :**

करञ्जो नक्तमालश्च पूतिकः पूतिपत्रकः । पूतीकरञ्जः कैडर्यः कलिमार उदाहृतः ॥
चिरबिल्वः करञ्जोऽन्यः प्रकीर्यो गौर एव च । उदकीर्योऽथ षड्ग्रन्थो वृत्तपर्णः प्रकीर्त्तितः ॥
करञ्जो नक्तमालश्च पूतिकश्चिरबिल्वकः । पूतिपर्णो वृत्तफलो रोचनो गुच्छपुष्पकः ॥
उदकीर्यस्तृतियोऽन्यः षड्ग्रन्था हस्तिवारुणी । अङ्गारवल्ली शार्ङ्गेष्ठा काकघ्नी करभण्डिका ॥
महाकरञ्जिका चैव मदहस्तिनिका च सा ।

करञ्ज, नक्तमाल, पूतिक, पूतिपत्रक, पूतीकरञ्ज, कैडर्य र कलिमार; चिरबिल्व, प्रकीर्य, गौर, उदकीर्य, षड्ग्रन्थ र वृत्तपर्ण; करञ्ज, नक्तमाल, पूतिक, चिरबिल्वक, पूतिपर्ण, वृत्तफल, रोचन र गुच्छपुष्पक तथा उदकीर्य, षड्ग्रन्था, हस्तिवारुणी, अङ्गारवल्ली, शार्ङ्गेष्ठा, काकघ्नी र करभण्डिका (तेश्रो थरी): यी करञ्जहरूका पर्यायवाची नाम हुन् । महाकरञ्जिका र मदहस्तिनिका : यी करञ्जविशेषका पर्यायवाची नाम हुन् ।

करञ्जः कटुकः पाके नेत्र्योष्णस्तिक्तको रसे । कषायोदावर्त्तवातानां योनिदोषापहः स्मृतः ॥
वातगुल्मार्शव्रणहृत्कण्डूकफविषापहः । विचर्चिकापित्तकृमित्वग्दोषोदरमेहहा ॥
प्लीहाहरश्च सम्प्रोक्तः फलमुष्णं लघु स्मृतम् । शिरोरुग्वातकफहृत्कृमिकुष्ठार्शमेहनुत्॥
पर्णं पाके कटूष्णं स्याद्भेदकं पित्तलं लघु । कफवातार्शकृमिनुद्व्रणं शोथञ्च नाशयेत्॥
पुष्पमुक्तं चोष्णवीर्यं पित्तवातकफापहम् । अस्याङ्कुरा रसे पाके कटुकाश्चाग्निदीपकाः ॥
पाचकाः कफवातार्शः कुष्ठकृमिविषापहाः ।
शोथनाशकराः प्रोक्ता ऋषिभिः सूक्ष्मदर्शिभिः ॥ (निघण्टु रत्नाकर)

करञ्च-पचेपछि पिरो, आँखाका लागि हितकर, उष्णवीर्यको, तितो, टर्रो तथा उदावर्त, वातविकार, स्त्री जननेन्द्रियका विकार, वातगुल्म, हर्सा, खटिरा, चिलाउने रोग, कफविकार, विषविकार, विचर्चिका रोग, पित्तविकार, कीरा, छालाका विकार, पेटका रोग, प्रमेह र फियोका रोग नाश गर्ने गुणको हुन्छ । करञ्जको फल उष्णवीर्यको, पचाउन सहज तथा टाउकाका रोग, वातविकार, कफविकार, कीरा, कुष्ठ, हर्सा र प्रमेह नाश गर्ने गुणको हुन्छ । करञ्जको पात पचेपछि पिरो, उष्णवीर्यको, भेदनी, पित्तविकार गर्ने, पचाउन सहज तथा कफविकार, वातविकार, हर्सा, कीरा, खटिरा र सुजन नाश गर्ने गुणको

हुन्छ । करञ्जको फूल उष्णवीर्यको तथा पित्तविकार, वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । यसका आँकुरा शुरुमा र पचेपछि पिरो, पाचनशक्ति बढाउने, पाचक तथा कफविकार, वातविकार, हर्सा, कुष्ठ, कीरा, विषविकार र सुजन नाश गर्ने गुणको हुन्छ भनी सूक्ष्मतत्व जान्ने ऋषिहरूले बताएका छन् ।

करञ्जो ज्वरतोक्दोषनाशनो दन्तदाढर्यकृत् । कटुको भेदनस्तस्य फलं नयनपुष्पहृत् ॥
पित्तश्लेष्मण्युदासीनं विष्टम्भनविबन्धकृत् ॥ (शोढल निघण्टु)

षड्ग्रन्थ (तस्विर श्रोतः पेयर डी अमरकोश),
Holoptelea integrifolia (Roxb.)

करञ्जले जरो र छालाका विकार नाश गर्दछ, दाँतलाई बलियो बनाउँदछ, पिरो र भेदनी हुन्छ । यसको फलले आँखाको फुलो, पित्तविकार र कफविकार नाश गर्दछ । यो कब्जियत गराउने र दिसा रोक्ने गुणको हुन्छ ।

करञ्जतैलं तीक्ष्णोष्णं कृमिहृद्रक्तपित्तकृत् । नयनामयवातार्त्ति कुष्ठकण्डूव्रणप्रणुत् ॥ वातनुत्पित्तकृत्किञ्चिल्लेपनाच्चर्म्मदोषनुत् ॥ (आत्रेय संहिता)

करञ्जको तेल तिक्खर, उष्णवीर्यको, कीरा नाश गर्ने, रक्तपित्त गर्ने तथा आँखाका रोग, वातविकार, कुष्ठ, चिलाउने रोग, खटिरा र (वातविकार ? दोहोरो परेको) नाश गर्ने, गुणको हुन्छ । यसले थोरै पित्तविकार गर्दछ । यो तेल दल्नाले छालाका रोग नाश हुन्छ ।

महाकरञ्जकस्तीक्ष्णः कटुचोष्णश्च तिक्तकः । कण्डूविचर्चिकाकुष्ठत्वग्गुग्विषव्रणापहा ॥

महाकरञ्ज तिक्खर, पिरो, उष्णवीर्यको, तितो तथा चिलाउने रोग, विचर्चिका, कुष्ठ, छालाका रोग, विषविकार र खटिरा नाश गर्ने गुणको हुन्छ ।

प्रोक्तो घृतकरञ्जस्तु कटुकोष्णो व्रणापहः । वातं च सर्वत्वोग्दोषं विषं चार्शो विनाशयेत् ॥
करञ्ज इव सम्प्रोक्ता गुणास्त्वन्ये भिषग्वरै : ॥

घृतकरञ्ज पिरो, उष्णवीर्यको तथा खटिरा, वातविकार, छालाका सबै खालका रोग, विषविकार र हर्सा नाश गर्ने गुणको हुन्छ । यसका अरु गुण करञ्जका जस्तै हुन्छन् भनी वैद्यजनले बताएका छन् ।

गुच्छनामाकरञ्ज स्यादुष्णस्तिक्तः कटुः स्मृतः । विचर्चिकावातविषकण्डूकुष्ठार्शनाशनः ॥
त्वग्दोषनाशकश्चैव ऋषिभिः परिकीर्त्तितः ॥

गुच्छकरञ्ज उष्णवीर्यको, तितो, पिरो तथा विचर्चिका, वातविकार, विषविकार, चिलाउने रोग, कुष्ठ, हर्सा र छालाका रोग नाश गर्ने गुणको हुन्छ भनी ऋषिहरूले बताएका छन् ।

पूतिकरञ्जकः प्रोक्तो गुच्छपूर्वकरञ्जवत् । (निघण्टु रत्नाकर)

पूतिकरञ्जका गुण गुच्छकरञ्जका जस्तै हुन्छन् ।

पूतिकरञ्जजं पत्रं लघु वातकफापहम् । भेदनं कटुकं पाके वीर्योष्णं शोफनाशनम् ॥

पूतिकरञ्जका पात पचाउन सहज, वातविकार र कफविकार नाश गर्ने, भेदनी, पचेपछि पिरो, उष्णवीर्यको र सुजन नाश गर्ने गुणको हुन्छ ।

ाङ्ग्रन्थ (तस्विर श्रोतः पेयर डी अमरकोश), Holoptelea integrifolia (Roxb.)

कुबेराक्षीक्रकचिकाकरञ्जातिणगच्छिका । वारिणी तीरिणी वल्ली ज्ञेया कण्टकीनीति च ॥

कुबेराक्षी, क्रकचिका, करञ्जा, तिणगच्छिका, वारिणी, तीरिणी, वल्ली र कण्टकीनी : यी लताकरञ्जका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कण्टयुक्तः करञ्जस्तु पाके त तुवरः कटुः । ग्राहकश्चोष्णवीर्यः स्यात्तिक्तः प्रोक्तश्च मेहहा ॥
कुष्ठार्शोव्रणवातानां कृमीणां नाशनः परः । पुष्पं तु चोष्णं वीर्यं स्यात्तिक्तं वातकफापहम् ॥

कण्टकरञ्ज पचेपछि टर्रो र पिरो हुन्छ । यो ग्राहि, उष्णवीर्यको, तितो तथा प्रमेह, कुष्ठ, हर्सा, खटिरा, वातविकार र कीरा नाश गर्ने गुणको हुन्छ । यसको फूल उष्णवीर्यको, तितो तथा वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

(ध) सरस्वती निघण्टु :

चिरबिल्वो नक्तमालः करजश्च करञ्जकः । मधुमक्षिप्रियो लाजापुष्पो मञ्जरिपुष्पकः ॥

चिरबिल्व, नक्तमाल, करज, करञ्जक, मधुमक्षिप्रिय, लाजापुष्प र मञ्जरिपुष्पक : यी करञ्जका पर्यायवाची नाम हुन् ।

प्रकीर्यः पूतिकरजः पूतिकः कलिमारकः । पूतीचाह्वः करञ्जान्यः प्रतीतः चिरबिल्वकः ॥

प्रकीर्य, पूतिकरज, पूतिक, कलिमारक, पूतीचाह्व, प्रतीत (?) र चिरबिल्वक : यी पूतिकरञ्जका पर्यायवाची नाम हुन् ।

(न) सोढल निघण्टु :

करञ्जे नक्तमालश्च पूतीकः पूतिपत्रकः । पूतीकरञ्जः कैडर्यः कलिमार उदाहृतः॥

करञ्ज, नक्तमाल, पूतीक, पूतिपत्रक, पूतीकरञ्ज, कैडर्य र कलिमार : यी करञ्जका पर्यायवाची नाम हुन् ।

चिरिबिल्वकरञ्जोऽन्यः प्रकीर्यो गौर एव च । उदकीर्योऽथ षड्ग्रन्थो घृतपर्णः प्रकीर्तितः॥

चिरिबिल्व, प्रकीर्य, गौर, उदकीर्य, षड्ग्रन्थ र घृतपर्ण : यी अर्को थरी करञ्जका पर्यायवाची नाम हुन् ।

वल्लीकरञ्जे सौराष्ट्र कैडर्यो मातृनन्दनः ।

वल्लीकरञ्ज, सौराष्ट्र, कैडर्य र मातृनन्दन : यी लताकरञ्जका पर्यायवाची नाम हुन् ।

(प) सौश्रुत निघण्टु :

शार्ङ्गेष्ठा काकतिक्ता च वायस्युष्ट्राण्डिका च सा । अङ्गारवल्ली कटुका ध्वाङ्क्षवल्लपि चोच्यते॥
करञ्जो नक्तमालश्च तथा गुच्छककण्टकः । प्रकीर्यो मञ्जरीपुष्पस्तथा स्निग्धकरञ्जकः॥
करञ्जः पूतिसाह्वश्च सुमना मातृनन्दनः । उदकीर्यश्च कथितश्चिरबिल्वश्च शब्दितः॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

शार्ङ्गेष्ठा, काकतिक्ता, वायसी र उष्ट्राण्डिका; अङ्गारवल्ली, कटुका र ध्वाङ्क्षवल्ली; करञ्ज, नक्तमाल र गुच्छककण्टक; प्रकीर्य, मञ्जरीपुष्प र स्निग्धकरञ्जक तथा करञ्ज, पूतिसाह्व, सुमना, मातृनन्दन, उदकीर्य र चिरबिल्व : यी करञ्जहरूका पर्यायवाची नाम हुन् ।

(फ) हारित संहिता :

... करञ्जोत्थं ...अर्शः कुष्ठकृमिश्लेष्मशुक्रमेदोऽनिलापहम्॥
करञ्जा...नात्युष्णेन विनिर्दिशेत्॥

कुबेराक्षको तेलले अल्काइ, कुष्ठ, किरा, कफ, शुक्र, बोसो र वात नाश गर्दछ । यसले धेरै गर्मी गर्दैन ।

(ब) हृदयदीपक निघण्टु :

पूतीकरञ्जः पूतीकः प्रकीर्या चिरबिल्वकः । अन्योदकीर्या नक्ताह्वः कैडर्यो नक्तमालकः॥

पूतीकरञ्ज, पूतीक, प्रकीर्या र चिरबिल्वक तथा उदकीर्य, नक्ताह्व, कैडर्य र नक्तमालक : यी दुई थरी करञ्जका पर्यायवाची नाम हुन् ।

करमर्द (पनेरु)
(Carissa)

परिभाषा :

(क) **कुलचन्द्र शर्मा :** सुषेण आदि शब्दले पनेरुलाई बुझाउँदछ ।

(ख) **के.यन.स्वामी :** (१) अविघ्नः करौंदाको रूख । (२) करमर्द, करमर्दक : करौंदी, अमला, चकौंते । (३) कृष्णपाकफल, सुषेण : करौंदा, पनेर ।

करमर्दक (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ग) **नेपाली बृहत् शब्दकोश :** (१) करौंजा : तीतो र अमिलो स्वाद हुने, रातो-सेतो रङ्को, आयुर्वेदमा रुचिकारक, कफपित्तवर्द्धक र तृष्णानाशक भनी बताइएको वनस्पति फलविशेष; करौंदा; करौंजी । (२) पनेरु : लाम्चा र ठूला पात, पहेँला फूल र गोला फल फल्ने सानो एक जातको काँडादार बोट; त्यसैको फल ।

(घ) **आचार्य बालकृष्ण :** यसको अंग्रेजी नाम Carissa , Christ thorn वा Bengal currant हो । यसको वानस्पतिक नाम *Carissa carandas* L. Syn-*Carissa salicina* Lam हो । यो Apocynaceae परिवारमा पर्दछ । संस्कृतमा यसलाई करमर्द, सुषेण, क्षीरफेना भनिन्छ । हिन्दी नाम करौंदा हो । नेपालीमा करोधा (?) भनिन्छ ।

(ङ) **भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर :** यसको ल्याटिन नाम *Carissa carandas* Linn. हो ।

(च) **फर्माकोपिया :** यसको वानस्पतिक नाम *Carissa carandas* L. हो । यो Apocynaceae परिवारमा पर्दछ । संस्कृतमा यसलाई कृष्णपाकफला भनिन्छ । ओखतीका लागि यसको रूखको बोक्रा एक मात्रामा ४८ ग्रामसम्म काँढापानीमा प्रयोग हुन्छ । यसको जराको धूलो एक मात्रामा १-३ ग्रामसम्म ओखतीमा प्रयोग हुन्छ ।

(छ) **शालिग्राम वैद्य :** यसको अंग्रेजी नाम Jasmine flowered carisa हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

करमर्दः कोलाम्लं मणिगर्दभमम्लकं सुषेणं च । करवन्दं कृष्णफलं मुषेपणं मातरिघ्नं स्यात्॥

करमर्द, कोलाम्ल, मणिगर्दभ, अम्लक, सुषेण, करवन्द, कृष्णफल, मुषेपण र मातरिघ्न : यी पनेरुका पर्यायवाची नाम हुन् ।

(ख) अमरकोश :

कृष्णपाकफलाविग्नसुषेणाः करमर्दके ।

कृष्णपाकफल, अविग्न (आविग्न), सुषेण र करमर्दक : यी पनेरुका पर्यायवाची नाम हुन् ।

करमर्दक (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ग) आयुर्वेद महोदधि :

करमर्दोऽतिमधुरः सुपक्वोऽम्लरसस्तथा ।
वातपित्तप्रशमनः कृमिशोषविनाशनः ॥

पनेरु पाकेपछि अति गुलियो र हलुका अमिलो हुन्छ । यसले वातविकार र पित्तविकार नाश गर्दछ । किरा मार्दछ र सुकेनास ठिक गर्दछ ।

(घ) कैयदेव निघण्टु :

कृष्णपाकफला प्रोक्ता सुषेणा करमर्दिका । वनेक्षुद्रा क्षीरफेना साम्लपुष्पा च तत्फलम् ॥
पाणिमर्धकमाविघ्नं कराम्लं स्थलपूर्कटम् । करमर्दं गुरूष्णाम्लं रुच्यं पित्तकफास्रकृत् ॥
तृड्वातजित् सरं पक्वं लघु स्वादु कफास्रजित् । शुष्कं पक्ववदप्यामं पक्वमप्यार्द्रमामवत् ॥

कृष्णपाकफला, सुषेणा, करमर्दिका, वनेक्षुद्रा, क्षीरफेना र साम्लपुष्पा : यी पनेरुका तथा पाणिमर्धक, आविघ्न, कराम्ल र स्थलपूर्कट : यी पनेरुका फलका पर्यायवाची नाम हुन् । यो पचाउन कठिन, अमिलो, रुचिप्रद; पित्तविकार, कफविकार र रक्तविकार गर्ने; तिर्खा र वातविकारलाई जित्ने तथा मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । यसको पाकेको फल पचाउन सहज, गुलियो तथा कफविकार रक्तविकारलाई जित्ने गुणको हुन्छ । यसको सुकेको फल पाकेको फलजस्तै गुणको र काँचोमा सुकको फल काँचो समान गुणको हुन्छ ।

(ङ) द्रव्यगुण सङ्ग्रह :

करमर्दं तृषाहारि रुच्यम्लपित्तकारकम् ।

(करमर्दगुणानाह- करमर्दमित्यादि करमर्दं कण्टकीफलमिति चन्द्रिका; तद्विविधं महदल्पं च; तत्र महत् प्रायशो ग्रामभवमम्लं च, अल्पा तु करमर्दी वनजा मधुराम्लफलेति च व्याचष्टे ।) ।

पनेरु तिर्खा नाश गर्ने, रुचिप्रद, अमिलो र पित्तविकार गर्ने गुणको हुन्छ । (करमर्द भनेको कण्टकीफल हो । यो ठूलो र सानो गरी दुई किसिमको हुन्छ । प्रायः गाउँतिर हुने ठूलो पनेरु अमिलो हुन्छ । वनमा हुने सानो पनेरु गुलियो र अमिलो हुन्छ) ।

(च) धन्वन्तरि निघण्टु :

करमर्दकमाविघ्नं सुषेणं पाणिमर्दकम्॥ कराम्लं करमर्दं च कृष्णपाकफलं मतम्।
अम्लं तृष्णापहं रुच्यं पित्तकृत्करमर्दकम्॥ पक्वं च मधुरं शीतं रक्तपित्तहरं मतम्।

करमर्दक, आविघ्न, सुषेण, पाणिमर्दक, कराम्ल, करमर्द र कृष्णपाककफल : यी करौंजीका पर्यायवाची नाम हुन्। यो काँचो भए तिर्खा नाश गर्ने, रुचिप्रद र पित्तविकार गर्ने गुणको तथा पाकेको भए गुलियो, शीतवीर्यको तथा रक्तपित्त नाश गर्ने गुणको हुन्छ।

करमर्दक, अविघ्न, सुषेण (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(छ) निघण्टुशेष :

करमर्दे करमन्दः कराम्लक-सुषेणकौ। स्थूलपर्कट आविघ्नः कृष्णपाकफलोऽपि च॥

करमर्द, करमन्द, कराम्लक, सुषेणका, स्थूलपर्कट, आविघ्न र कृष्णपाकफल : यी पनेरुका पर्यायवाची नाम हुन्।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ज) पर्याय रत्नमाला :

करमर्दी वनेक्षुद्रा कराम्लः करमर्दकः।

करमर्दी, वनेक्षुद्रा, कराम्ल र करमर्दक : यी पनेरुका पर्यायवाची नाम हुन्।

(झ) भावप्रकाश निघण्टु :

करमर्दः सुषेणः स्यात्कृष्णपाकफलस्तथा॥
तस्माल्लघुफला या तु सा ज्ञेया करमर्दिका। करमर्दद्वयं त्वाममम्लं गुरु तृषाहरम्॥
उष्णं रुचिकरं प्रोक्तं रक्तपित्तकफप्रदम्। तत्पक्वं मधुरं रुच्यं लघु पित्तसमीरजित्॥

करमर्द, सुषेण र कृष्णपाकफल : यी पनेरुका संस्कृत पर्यायवाची नामहरू हुन्। सानो खालको पनेरुलाई संस्कृतमा करमर्दिका भनिन्छ। दुबै खालका पनेरु अमिला, पचाउन कठिन र तिर्खा नाशक हुन्छन्। यो फलले गर्मी गर्दछ, रुची जगाउँदछ तथा रक्तपित्त र कफविकार उत्पन्न गर्दछ। यसको पाकेको फल मिठो, रुचिकर, पचाउन हलुका तथा पित्तविकार र कफविकार नाशक हुन्छ।

(ञ) मदनपाल निघण्टु :

करमर्दी सुषेणा स्यादन्या कृष्णफला मता । करमर्दी गुरूष्णाम्लं रक्तपित्तकफप्रदम् ॥
तत्पक्वं मधुरं रुच्यं लघु पित्तसमीरजित् ॥

करमर्दी, सुषेणा र कृष्णफला : यी पनेरुका नाम हुन् । पनेरु पचाउन कठिन, उष्णवीर्यको, अमिलो तथा रक्तपित्त र कफविकार गर्ने गुणको हुन्छ । पाकेको पनेरु गुलियो, रुचिकर, पचाउन सहज तथा पित्तविकार र वायुविकार जित्ने गुणको हुन्छ ।

करमर्दक (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ट) माधव द्रव्यगुण :

अम्लं तृष्णापहं रुच्यं पित्तकृत् करमर्दकम् ।
पनेरु अमिलो, तिर्खा नाश गर्ने, रुचिप्रद र पित्तविकार गर्ने गुणको हुन्छ ।

(ठ) राज निघण्टु :

करमर्दः सुषेणश्च कराम्लः करमर्दकः ।
अविघ्नः पाणिमर्दश्च कृष्णपाककफलो मुनिः ॥
करमर्दः सतिक्ताम्लो बालो दीपनदाहकः ।
पक्वस्त्रिदोषशमनोऽरुचिघ्नो विषनाशनः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

(१) करमर्द, (२) सुषेण, (३) कराम्ल, (४) करमर्दक, (५) अविघ्न, (६) पाणिमर्द र (७) कृष्णपाकफल : यी सात नाम पनेरुका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तीतो र अमिलो हुन्छ । कलिलो पनेरु दीपनी र डाहकारी हुन्छ । पाकेको पनेरु त्रिदोष शान्त पार्ने, अरुची नाशक र विषविकार नाशक हुन्छ ।

(ड) राजवल्लभ निघण्टु :

करमर्दं पिपासाघ्नमम्लं रुच्यञ्च पित्तकृत् ॥

पनेरुले तिर्खा नाश गर्दछ । यो अमिलो, रुचिप्रद र पित्तविकार गर्ने गुणको हुन्छ ।

कासुन्दीवटिका हृद्या वातश्लेष्मरुजापहा ।
अग्निसन्दीपनी रुच्या मलवातानुलोमनी ॥

करौंदीका गोली मुटुका लागि हितकर, वातविकार र कफविकार नाशक, पाचकाग्निलाई बाल्ने, रुचिप्रद तथा दिसा वायुलाई सही बाटोमा हिँडाउने गुणको हुन्छ । (कासुन्द-कासमर्द, कसौंदा-हिन्दी विश्वकोश) ।

(ढ) शालिग्राम निघण्टु :

करमर्दो वनेक्षुद्रा कराम्लः करमर्द्दकः । तस्माल्लघुफलाया तु सा ज्ञेया करमर्दिका॥

करमर्द, वनेक्षुद्रा, कराम्ल र करमर्द्दक : यी पनेरुका पर्यायवाची नाम हुन् । त्योभन्दा सानो खालको पनेरुलाई करमर्दिका भनिन्छ ।

करमर्द्दफलं चामं तिक्तं चाग्निद्दीपकम् । गुरुपित्तकरं ग्राहि चाम्लमुष्णं रुचिप्रदम्॥
रक्तपित्तकफं चैव वर्द्धयेतृड्विनाशकम् । तत्पक्वं मधुरं रुच्यं लघुशीतं च पित्तहम्॥
रक्तपित्तं त्रिदोषञ्च विषं वातं च नाशयेत् । तच्छुष्कं पक्वसदृशं गुणज्ञेयं विभक्षणैः॥
अत्यम्लस्य गुणाश्चैव ज्ञेया आमकराम्लवत् ।

कृष्णपाकफल (तस्विर श्रोत : पेयर डी आमरकोश)

दुवै प्रकारका काँचा पनेरु तिता, पाचनशक्ति बढाउने, पचाउन कठिन, पित्तविकार गर्ने, ग्राहि, अमिला, उष्णवीर्यका, रुचिप्रद; रक्तपित्त र कफविकार बढाउने तथा तिर्खा नाश गर्ने गुणका हुन्छन् । पाकेको पनेरुको फल गुलियो, रुचिप्रद, पचाउन सहज, शीतवीर्यको तथा पित्तविकार, रक्तपित्त, त्रिदोष, विषविकार र वातविकार (दोहोरो ?) नाशगर्ने गुणको हुन्छ । सुकेको पनेरुका गुण पाकेको पनेरुका जस्तै हुन्छन् । अमिलो पनेरुको गुण काँचो पनेरुका जस्तै हुन्छन् ।

(ण) सरस्वती निघण्टु :

कृष्णपाकफलाविघ्नसुषेणाः करमर्दकः ।
करमर्दः श्वेतपुष्पी राजको विष्णुरूपवान्॥

कृष्णपाकफल, अविघ्न, सुषेण, करमर्दक, करमर्द, श्वेतपुष्पी, राजक र विष्णुरूपवान् : यी पनेरुका पर्यायवाची नाम हुन् ।

(त) सोढल निघण्टु :

करमर्दके चाविघ्नं सुषेणं पाणिमर्दकम् ।
कराम्लं हस्तमर्दञ्च कृष्णपाकफलं मतम्॥

करमर्द, अविघ्न, पाणिमर्दक, कराम्ल, हस्तमर्द र कृष्णपाकफल : यी पनेरुका पर्यायवाची नाम हुन् ।

(थ) सौश्रुत निघण्टु :

करमर्दी क्षीरफला कृष्णपाकफलेति च । अम्लपुष्पफला चैव वराम्ला च प्रकीर्तिता ॥

करमर्दी, क्षीरफला, कृष्णपाकफला, अम्लपुष्पफला र वराम्ला : यी पनेरुका पर्यायवाची नाम हुन् ।

करौंजी (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

करवीर (कँडेल)
(Common oleander)

परिभाषा :

(क) **कुलचन्द्र शर्मा :** प्रतिहास, हयमारक आदि भनेको करवीर हो ।

(ख) **नेपाली बृहत् शब्दकोश :** (१) कँडेल : विभिन्न रङ्गका फूल फुल्ने, एक बित्तासम्मको लामो र करिब एक अङ्गुल चौडा पात हुने बिखालु बोट; करवीर । (२) करवीर : (अ) सुइरे पात हुने, पहेँलो रङको फूल फुल्ने र हाडेबदामका जत्रा दानाभित्र झन्डै आरुका झैँ खबटा हुने फल लाग्ने ठिक्क आकारको वृक्ष वा त्यसको फूल । (आ) झन्डै वज्रदन्तीको जस्तो बोट हुने र त्यसरी नै झाँगिने सेतो अथवा रातो फूल फुल्ने एक वृक्ष वा त्यसको फूल ।

करवीर, शतप्रासः । *Nerium oleander* L. 1753 - Oleander. payer.de/amarakosa

(ग) **डा. चुनेकर :** करवीरलाई अंग्रेजीमा Sweet-scented oleander वा Rooseberry spurge तथा ल्याटिन भाषामा *Nerium odorum Soland* भनिन्छ ।

(घ) **विश्वनाथ द्विवेदी शास्त्री :** यसको ल्याटिन नाम *Nerium oleander* हो ।

(ङ) **आचार्य बालकृष्ण :** करवीरको वानस्पतिक नाम *Nerium indicum* Mill. वा *Nerium oleander* (Linn. f.) Druce वा *Nerium odorum Soland* पनि हो । यसलाई अंग्रेजीमा Common oleander, Ceylon rose वा Rosebay पनि भनिन्छ । पहेँलो करवीर (दीव्य-फूल) लाई वनस्पति शास्त्रमा *Thevetia peruviana* (Pers.) Schum., *Thevetia neriifolia* Juss. ex DC. वा *Cascabela thevetia* (Linn.) Lippold भनिन्छ । यसलाई अंग्रेजीमा Yellow Oleander, Exile tree वा Lucky nut tree भनिन्छ । यो Apocynaceae परिवारमा पर्दछ ।

(च) **फर्माकोपिया :** यो *Apocynaceae* परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Nerium indicum Mill. Syn. Nerium odorum Soland* हो । यसलाई संस्कृतमा हयमारक, हरप्रिया र अश्वमार तथा अंग्रेजीमा Indian Oleander भनिन्छ । ओखतीका लागि यसको पातको धूलो प्रशोधन पछि तथा जराको धूलो ३०-१२५ मि.ग्रा. सम्म एक मात्रामा प्रयोग हुन्छ ।

(छ) **Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 :** करवीर Angiosperm समूह अन्तर्गत Apocynaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Nerium oleander* L. हो ।

(ज) **Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 :** करवीर Apocynaceae परिवारमा पर्दछ । यसलाई अंग्रेजीमा Oleander/ Rose bay भनिन्छ । यसको वानस्पतिक नाम *Nerium oleander* L. हो ।

प्राचीन ग्रन्थका वचन :

(क) अभिधान मञ्जरी :

करवीरो हयमारः शतकुन्दश्चाश्वमारकोऽश्वघ्नः । प्रतिहासः सितपुष्पः पर्यायैरश्वरोहकः कथितः ॥

करवीर । *Nerium oleander* L. 1753 - Oleander, payer.de/amarakosa

करवीर, हयमार, शतकुन्द, अश्वमारक, अश्वघ्न, प्रतिहास, सितपुष्प र अश्वरोहक तथा अश्वका पर्यायवाची शब्दका पछाडि रोहक जोडिएका शब्द : यी सेतो कँडेलका नाम हुन् ।

करवीरो रक्तपुष्पश्चतुष्कोलगुडः स्मृतः ।
चण्डालको गुल्मकश्च प्रचण्डश्चेति पण्डितैः ॥

करवीर, रक्तपुष्प, (च)तुष्कोलगुड, चण्डालक, गुल्मक र प्रचण्ड : यी करवीरका नाम हुन् भनी विद्वानहरूले बताएका छन् ।

(ख) अभिधान रत्नमाला :

करवीरोऽश्वहा वीरो दीर्घपत्रो हयद्रुमः ॥

सङ्कलन : मोहन प्रसाद स

करवीर, अश्वहा, वीर, दीर्घपत्र र हयद्रुम : यी कँडेलका नाम हुन् ।

करवीर, प्रतिहासः । *Nerium oleander* L. 1753 - Oleander, payer.de/amarakosa

(ग) अमरकोश :

प्रतिहासशतप्रासचण्डातहयमारकाः ।
करवीर....।

प्रति(ती)हास, शतप्रास, चण्डात, हयमारक र करवीर : यी कँडेलका नाम हुन् ।

(घ) अर्कप्रकाश :

करवीरोद्भवो नेत्रकोपकुष्ठव्रणापहः ।

कँडेलको अर्कले आँखाका रोग, कुष्ठ र घाउखटिरा ठिक गर्दछ ।

(ङ) अष्टाङ्ग निघण्टु :

करवीरोऽश्वमारस्तु ...।

करवीर र अश्वमार : यी कँडेलका नाम हुन् ।

(च) कैयदेव निघण्टु :

करवीरो मीनकाक्षः प्रतिहारश्चोरोमकः । शतकुम्भः श्वेतपुष्पः शतप्राशोऽब्जबीजभृत् ॥
कणवीरोऽश्वहाऽश्वघ्नो हयमारोऽश्वमारकः । करवीरः कटुस्तिक्तो वीर्योष्णस्तुवरो लघुः ॥
भक्षितो विषरूपोऽक्षिकम्पकण्डूव्रणापहः ।

करवीरको बोट (तस्विर श्रोत : वनयमजीडटकममा रहेको आचार्य बालकृष्णको लेख)

करवीर, मीनकाक्ष, प्रतिहारोश्चोरोमक, शतकुम्भ, श्वेतपुष्प, शतप्राश, अब्जबीजभूत्, कणवीर, अश्वहा, अश्वघ्न, हयमार र अश्वमारक : यी सेतो कँडेलका नाम हुन् । कँडेल पिरो, तीतो, उष्णवीर्यको, टर्रो र पचाउन सहज हुन्छ । खाँदा विष समान हुन्छ । यसमा आँखाका रोग, शरीरको कम्पन, लुतो र खटिरा नाशगर्ने गुण हुन्छ ।

अन्यो रक्तो रक्तपुष्पश्चण्डातो लगुडस्तथा ।
चण्डालो गुल्मकश्चण्डा प्रचण्डोऽन्या विचण्डिका ॥
अन्या पाद्या पाटलिका पीतपुष्पाल्पपुष्पिका । चतुष्पुटादयश्चान्ये भिन्नवर्णास्त्वनेकशः ॥
रक्तवर्ण रापीन सुगन्धकणेरं ...... । रक्ताश्वघ्नः कटुः पाके तिक्तश्चोष्णो विषापहा ॥
चक्षुष्यः कृमिकण्डूघ्नः प्रलेपाद् विषमन्यथा । पाटलिकातिशीता स्यात् श्लेष्मवातशिरोऽर्तिनुत् ॥

चण्डातः । Nerium oleander L. 1753 - Oleander, Dinesh walke

रक्तपुष्प, चण्डात, लगुड, चण्डाल, गुल्मक, चण्डा, प्रचण्ड : यी अर्को रातो कँडेलका नाम हुन् । पाटलिका, पीतपुष्पा र अल्पपुष्पिका : यी अर्को थरी पहेँलो कँडेलका नाम हुन् । अर्को चतुष्पुटा नामक कँडेल पनि हुन्छ । रङ अनुसार यसका रक्तवर्ण, रापीन, सुगन्धकणेर आदि अनेक जात हुन्छन्... (?) । रातोले घोडालाई मार्दछ । यो पचेपछि पिरो, शुरुमा तीतो, उष्णवीर्यको र विषविकार नाशक हुन्छ । कँडेलको लेप आँखाका लागि हितकर तथा कीरा र लुतो नाशक भएपनि अन्य प्रयोग विषालु हुन्छ । पाटलिका नामक कँडेल शीतवीर्यको तथा कफविकार, वातविकार र टाउकाका रोग नाशक हुन्छ ।

(छ) धन्वन्तरि निघण्टु :

करवीरोऽश्वहाऽश्वघ्नो हयमारोऽश्वमारकः । श्वेतकुन्दः श्वेतपुष्पः प्रतिहासोऽश्वमोहकः ॥
द्वितीयो रक्तपुष्पश्च चण्डको लगुडस्तथा । चण्डातको गुल्मकश्च प्रचण्डः करवीरकः ॥
करवीरः कटुस्तिक्तो वीर्ये चोष्णो ज्वरापहः । चक्षुष्यः कुष्ठकण्डूघ्नः प्रलेपाद्विषमन्यथा ॥
करवीरद्वयं तिक्तं सविषं कुष्ठजित्कटु ॥

करवीर, अश्वहा, अश्वघ्न, हयमार, अश्वमारक, श्वेतकुन्द, श्वेतपुष्प, प्रतिहास र अश्वमोहक : यी सेतो कँडेलका नाम हुन् । रक्तपुष्प, चण्डक, लगुड, चण्डातक, गुल्मक, प्रचण्ड र करवीरक : यी दोश्रो थरी

रातो कँडेलका नाम हुन्। कँडेल पिरो, तीतो, उष्णवीर्यको, जरो नाशक, आँखाका लागि हितकर तथा लेप दल्नाले कुष्ठ र लुतो नाशक हुन्छ। यसको अन्य तरिकाले गरिने उपयोग विषालु हुन्छ। दुवै थरी कँडेल तीता, विषालु, कुष्ठलाई जित्ने र पिरा हुन्छन्।

(ञ) **निघण्टु रत्नाकर (शा.नि.) :**

रक्तवर्णः शोधकः स्यात्कटुः पाके च तिक्तकः। कुष्ठादि नाशको लेपादथ पाटलवर्णकः॥
शीर्षपीडां कफं वातं नाशयेदिति कीर्त्तितः। रक्तादि चतुरो भेदा गुणाः श्वेतहयारिवत्॥

रातो कँडेल प्रशोधक, पिरो, पचेपछि तीतो र लेप दलेपछि कुष्ठ आदि नाशक हुन्छ। गुलाबी रङको कँडेलले टाउको दुखाई, कफविकार र वातविकार नाश गर्दछ भनिएको छ। राता आदि चार थरी कँडेलमा सेतो कँडेलकै जस्ता गुण हुन्छन्।

पहेँलो करवीरको फूल (तस्विर श्रोत : वनयमजीडटकममा रहेको आचार्य बालकृष्णको लेख)

(झ) **निघण्टुशेष :**

करवीरे कणवीरः श्वेतपुष्पोऽश्वमारकः। प्रतिहासः शतप्रासोऽश्वरोहः कुमुदोद्भवः॥
रक्तपुष्पेऽत्र लगुडश्चण्डातश्चण्ड-गुल्मकौ।

करवीर, कणवीर, श्वेतपुष्प, अश्वमारक, प्रतिहास, शतप्रास, अश्वरोह र कुमुदोद्भव : यी सेतो कँडेलका तथा रक्तपुष्प, लगुड, चण्डात, चण्ड र गुल्मक : यी रातो कँडेलका नाम हुन्।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ञ) **पर्यायरत्नमाला :**

अश्वघ्नश्च हयारिश्च करवीरोऽश्वमारकः। शीतकुम्भोऽश्वमाराख्यः शुक्लो रक्तश्च स द्विधा॥

अश्वघ्न, हयारि, करवीर, अश्वमारक, शीतकुम्भ र अश्वमार : यी कँडेलका नाम हुन्। यो सेतो र रातो गरी दुई किसिमको हुन्छ।

(ट) **भावप्रकाश निघण्टु :**

करवीरः श्वेतपुष्पः शतकुम्भोऽश्वमारकः। द्वितीयो रक्तपुष्पश्च चण्डातो लगुडस्तथा॥
करवीरद्धयं तिक्तं कषायं कटुकञ्च तत्। व्रणलाघवकृन्नेत्रकोपकुष्ठव्रणापहम्॥
वीर्योष्णं कृमिकण्डूघ्नं भक्षितं विषवन्मतम्।

करवीर, श्वेतपुष्प, शतकुम्भ र अश्वमारक : यी सेतो करवीरका तथा रक्तपुष्प, चण्डात र लगुड : यी रातो करवीरका नाम हुन्। दुवै करवीर तीता, टर्रा र पिरा हुन्छन्। करवीरले घाउलाई खुम्च्याउँदछ। यसले आँखाको रोग विशेष, कुष्ठरोग र घाउखटिरा ठिक गर्दछ तथा गर्मी गर्दछ। कीरा मार्दछ र दादलुतो नाश गर्दछ। तर, खाइए यो विषसमान हानिकारक हुन्छ।

अर्कक्षीरं स्नुहीक्षीरं लाङ्गली करवीरकः। गुञ्जाऽहिफेनो धत्तूरः सप्तोपविषजातयः॥

आँकको दूध, सिउँडीको दूध, हलहले, करवीर, रातीगेडी, अफिम र धतुरो : यी उपविषका जात हुन् ।

(ठ) मदनपाल निघण्टु :

करवीरोऽश्वहा श्वेतपुष्पा स्याच्छतपुष्पकः । रक्तपुष्पोऽपरश्चण्डो लगुडः करवीरकः ॥
करवीरद्वयं नेत्रकोपकण्डूव्रणापहम् । लघूष्णं कृमिकण्डूघ्नं भक्षितं विषवन्मतम् ॥

करवीर, अश्वहा, श्वेतपुष्पा र शतपुष्पक : यी सेतो करवीरका तथा रक्तपुष्प, चण्ड, लगुड र करवीरक : यी रातो करवीरका नाम हुन् । दुवै करवीरले आँखाका रोग, लुतो र घाउखटिरा नाश गर्दछन् । यी पचाउन हलुका, गर्मी गर्ने, तथा कीरा र लुतो नाशक हुन्छन् । यी खानमा विषसमान हुन्छन् भनिएको छ ।

(ड) माधुवद्रव्यगुण तथा राजवल्लभ निघण्टु :

...करवीरश्च कुष्ठदुष्टव्रणापहौ ॥

करवीरले कुष्ठ र खराब खटिरा नाश गर्दछ ।

करञ्जकरवीरार्कमालतीककुभासनाः । शस्यन्ते दन्तपवने ये चाप्येवंविधाः द्रुमाः ॥

करौंजी, करवीर, आँक, चमेली, काहुलो वा खरी, विजयसाल जस्ता वृक्ष दाँत सफा गर्न उत्तम हुन्छन् (?) ।

पहेँलो करवीर, *Nerium oleander*, stock.adobe.com

(ढ) राज निघण्टु :

करवीरो महावीरो हयमारोऽश्वमारकः । हयघ्नः प्रतिहासश्च शतकुन्दोऽश्वरोधकः ॥
हयारिर्वीरकः कुन्दः शकुन्दः श्वेतपुष्पकः । अश्वान्तकस्तथाऽश्वघ्नो नखराह्वोऽश्वनाशकः ॥
स्थलादिकुमुदः प्रोक्तो दिव्यपुष्पो हरप्रियः । गौरीपुष्पः सिद्धपुष्पस्त्रिकराह्वः प्रकीर्तितः ॥
करवीरः कटुस्तीक्ष्णः कुष्ठकण्डूतिनाशनः । व्रणार्तिविषविस्फोटशमनोऽश्वमृतिप्रदः ॥

(१) करवीर, (२) महावीर, (३) हयमार, (४) अश्वमारक, (५) हयघ्न, (६) प्रतिहास, (७) शतकुन्द, (८) अश्वरोधक, (९) हयारि, (१०) वीरक, (११) कुन्द, (१२) शकुन्द, (१३) श्वेतपुष्पक, (१४) अश्वान्तक, (१५) अश्वघ्न, (१६) नखराह्व एवं नङका पर्यायवाची शब्दहरू, (१७) अश्वनाशक, (१८) स्थलकुमुद, (१९) दिव्यपुष्प, (२०) हरप्रिय, (२१) गौरीपुष्प र (२२) सिद्धपुष्प : यी बाईस (तेईस भनिएको) नाम करवीरका नाम हुन् । करवीर पिरो, तिक्खर तथा कुष्ठ र चिलाउने रोग नाशक हुन्छ । यसले घाउखटिरा, विषविकार र विस्फोट रोगलाई शान्त पार्दछ तथा घोडालाई भने मार्दछ । (राजनिघण्टुको एकार्थ वर्गमा शरीर शब्दलाई पनि सेतो करवीरको पर्याय बताइएको छ) ।

रक्तकरवीरकोऽन्यो रक्तप्रसवो गणेशकुसुमश्च ।

चण्डीकुसुमः क्रूरो भूतद्रावी रविप्रियो मुनिभिः ॥
रक्तस्तु करवीरः स्यात् कटुस्तीक्ष्णो विशोधकः ।
त्वग्दोषव्रणकण्डूतिकुष्ठहारी विषापहः ॥

(१) रक्तकरवीर, (२) रक्तप्रसव, (३) गणेशकुसुम, (४) चण्डीकुसुम, (५) क्रूर, (६) भूतद्रावी र (७) रविप्रिया : यी सात नाम रातो करवीरका नाम हुन् । यो करवीर पिरो, तिक्खर र प्रशोधक हुन्छ । यसले छालाका रोग, घाउखटिरा, चिलाउने रोग, कुष्ठ र विषविकार नाश गर्दछ ।

सेतो करवीर, *Nerium oleander* var. indicum, commons.wikimedia.org, Σ64

पीतकरवीरकोऽन्यः पीतप्रसवः सुगन्धिकुसुमश्च ।
कृष्णस्तु कृष्णकुसुमश्चतुर्विधोऽयं गुणे तुल्यः ॥

पीतकरवीर, पीतप्रसव र सुगन्धिकुसुम : यी पहेँलो करवीरका तथा कृष्णकुसुम : यो कालो करवीरका नाम हुन् । चारै थरीका करवीर समान गुणका हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

स्नुह्यर्ककरवीराणि लाङ्गली विषमुष्टिका ।
एतान्युपविषाण्याहुः पञ्च पाण्डित्यशालिनः ॥

सिउँडी, आँक, करवीर, लाङ्गली (कलिहारी, हलहले ?) र बकाइनु (विषमुष्टिका) : यी पाँचलाई पण्डितजनले पञ्च उपविष भनी बताएका छन् ।

(ण) राजवल्लभ निघण्टु :

...करवीरश्च कुष्ठदुष्टव्रणापहौ ॥

कँडेलले कुष्ठ तथा खराब खटिरा नाश गर्दछ ।

(त) शार्ङ्गधर संहिता :

करवीरस्य मूलेन परिपिष्टेन वारिणा ॥
असाध्याऽपि व्रजत्यस्तं लिङ्गोत्था रुक्प्रलेपनात् ।

करवीर (कँडेल) को जरालाई पानीमा पिँधेर दल्नाले पुरुषको जननेन्द्रियमा हुने कडाभन्दा कडा भिरिङ्गी रोग पनि ठिक हुन्छ ।

(थ) शालिग्राम निघण्टु :

करवीरः श्वेतपुष्पः शतकुम्भोऽश्वमारकः । द्वितीयो रक्तपुष्पश्च चण्डालो लगुडस्तथा ॥

करवीर, श्वेतपुष्प, शतकुम्भ र अश्वमारक : यी सेतो कँडेलका तथा रक्तपुष्प, चण्डाल र लगुड : यी दोश्रो रातो कँडेलका नाम हुन् ।

हयारिः पञ्चधा प्रोक्तः श्वेतोरक्तश्च पाटलः । पीतः कृष्णः समुद्दिष्टः श्वेतस्यैताः गुणाञ्छृणु ॥
कटुस्तिक्तश्चतुवरस्तीक्ष्णोवीर्येण चोष्णदः । ग्राही मेहकृमीन्कुष्ठव्रणार्शोवातनुत्परः ॥
भक्षितो विषवज्ज्ञेयो नेत्र्यो लघु विषापहः । विस्फोटकुष्ठकृमिनुत्कण्डूव्रणकफापहः ॥
ज्वरं नेत्रं रुजं चैव हयप्राणांश्च नाशयेत् ।

सेतो, रोतो, गुलाबी, पहेँलो र कालो गरी पाँच किसिमको हुन्छ । सेताका गुण सुन । सेतो कँडेल पिरो, तीतो, टर्रो, तिक्खर, उष्णवीर्यको, ग्राही तथा प्रमेह, कीरा, कुष्ठ, खटिरा, अल्काई र वातविकार नाशक हुन्छ । यो खाँदा विषसमामन हुन्छ । यो आँखाका लागि हितकर, पचाउन सहज र (लगाउँदा) विष नाशक हुन्छ । यसले विस्फोट, कुष्ठ, कीरा, लुतो, खटिरा, कफविकार, जरो, आँखाका रोग र घोडाको ज्यान नाश गर्दछ ।

रातो करवीर, चाइनिज गार्डेन, पोर्टल्याण्ड, अमेरिका (तस्बिर श्रोत : आफ्नै)

(द) सरस्वती निघण्टु :

प्रतिहासः शतप्रासश्चण्डातो हयमारकः । करवीरः करीरश्च गुल्मघ्नो रक्तपुष्पकः ॥

प्रतिहास, शतप्रास, चण्डात, हयमारक, करवीर, करीर, गुल्मघ्न र रक्तपुष्पक : यी कँडेलका नाम हुन् ।

(ध) हृदयदीपक निघण्टु :

करवीरोऽश्वमारकः ॥

करवीर र अश्वमारक : यी कँडेलका नाम हुन् ।

कराल (छ्वोंके-रोग)
(A disease of the teeth)

परिभाषा :

(क) **के.यन.स्वामी (कराल) :** लामो दाँतको, डरलाग्दो दाँतको ।
(ख) **नेपाली बृहत् शब्दकोश (छ्वाँके) :** दाँतका लहर नमिलेर उछिट्टिएको वा खप्टिएको देखिने; उत्तरदाँति; दन्तुर ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अष्टाङ्ग हृदय, अष्टाङ्ग सङ्ग्रह :**

करालस्तु करालानां दशनानां समुद्भवः । (करालः सुकरालानां दशनानां समुद्भवः ॥)

अग्ला-होचा तथा अगाडि-पछाडि दाँत हुने अर्थात् नमिलेका दाँत हुने रोगलाई “कराल” भनिन्छ ।

(ख) **भावप्रकाश संहिता :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

शनैः शनैः प्रकुरुते यत्र दन्ताश्रितोऽनिलः । करालान् विकटान् दन्तान् स करालो न सिद्ध्यति ॥ (करालान् भयानकान् ।) ।

दाँतमा पुगेको वायुले बिस्तारै बिस्तारै दाँतहरूलाई डरलाग्दो र नमिलेको बनाउने रोगलाई “कराल” भनिन्छ । यो ठिक हुँदैन ।

(ग) **माधव निदान :**

शनैः शनैः प्रकुरुते वायुर्दन्तसमाश्रितः । करालान् विकटान् दन्तान् करालो न सिध्यति ॥

दाँतमा हुने उत्तेजित वायुका कारण बिस्तारै दाँत नमिलेका र डरलाग्दो आकृतिका हुन जाने निको नहुने रोगलाई “कराल” भनिन्छ ।

नोट : आजभोली त तारले बाँधेर वा काटेर पनि यस्तो रोग ठिक गर्ने गरिन्छ ।

करीर (वृक्षविशेष)
(Caper Bery)

परिभाषा :

(क) **कुलचन्द्र शर्मा** : करीर, क्रकर र ग्रन्थिल : यी करिलका नाम हुन् ।

(ख) **के.यन.स्वामी** : (१) करीर : करीलको रूख । (२) क्रकर, मरुभूरुह : करीरको रूख । (३) ग्रन्थिल : करिल । (बाँसको टुसालाई पनि करीर भनिन्छ) ।

(ग) **नेपाली बृहत् शब्दकोश (करीर)** : खार वा गेगर जमिनमा हुने, पात नहुने, वसन्त ऋतुमा हरिया डाँठका टुप्पामा ससाना गोला राता फूल फुल्ने र फूल झरेपछि गोलकाँक्रीजस्ता बाटुला फल फल्ने एक प्रकारको बोट ।

(घ) **भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर** : यसको ल्याटिन नाम *Capparis aphylla* Roth. हो ।

(ङ) **भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी** : यसको अंग्रजी नाम Caper तथा ल्याटिन नाम *Capparis Spinosa* हो । फूल गुलाबी रङका हुन्छन् । काँडा हुन्छ ।

(च) **पेयर डी अमरकोश** : यसको ल्याटिन नाम *Capparis decidua* Edgew हो ।

(छ) **डा.सतिश चन्द्र साङ्ख्यधर** : करीरको अंग्रेजी नाम Caper Plant वा Caper Bery हो ।

(ज) **शालिग्राम वैद्य** : यसका नीला डाँठ हुन्छन् । फागुन चैतमा गुलाबी रङका फूल फुल्दछन्, फल लाग्दछन् । यसबेला पात नहुने कारण रूखभरी फूल नै फूल मात्र देखिन्छ ।

(ज) A thorny tree or its fruit, Capparis aphylla. A thorny plant growing in deserts and eaten by camels.

करीरको रूख (तस्बिर श्रोत : पेयर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

करीरं क्रकचं तीक्ष्णं शाकं मृदुफलं तथा । शुकपत्रं शालपुष्पं ग्रन्धिकं तीक्ष्णकण्टकम्॥

करीर, क्रकच, तीक्ष्ण, शाक, मृदुफल, शुकपत्र, शालपुष्प, ग्रन्धिकं र तीक्ष्णकण्टक : यी करीरका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

शाकपुष्पः कटुफलः सिद्धपत्रः करीरकः । ग्रन्थिलस्तीक्ष्णसारश्च बर्बुरस्तीक्ष्णकण्टकः॥

शाकपुष्प, कटुफल, सिद्धपत्र, करीरक, ग्रन्थिल, तीक्ष्णसार, बर्बुर र तीक्ष्णकण्टक : यी करीरका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

...करीरे तु क्रकरग्रन्थिलावुभौ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

करीर, क्रकर र ग्रन्थिल : यी करिलका पर्यायवाची नाम हुन् ।

(घ) कैयदेव निघण्टु :

करीरको मृदुफलः तीक्ष्णसारो हुताशनः । शाकपुष्पो गूढपत्रः करीरो ग्रन्थिलो मतः॥
सुफलः क्रकचस्तीक्ष्णकण्टकः कटुतिक्तकः । करीरः कटुकस्तिक्तः स्वेद्युष्णो भेदनो जयेत्॥
दुर्नामकफवातामगरशोफकृमिव्रणान् । तस्य पुष्पं तु तुवरं वातकृत् कफपित्तजित्॥
फलं तिक्तं कषायोष्णं कटुकं रसपाकयोः । विकासि मधुरं रूक्षं सङ्ग्राहि कफपित्तजित्॥

करीरक, मृदुफल, तीक्ष्णसार, हुताशन, शाकपुष्प, गूढपत्र, करीर, ग्रन्थिल, सुफल, क्रकच, तीक्ष्णकण्टक र कटुतिक्तक : यी करीरका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, पसिना निकाल्ने, उष्णवीर्यको, भेदनी तथा हर्सा, कफविकार, वातविकार, गर-विषविकार, सुजन, कीरा र खटिरालाई जित्ने गुणको हुन्छ । त्यसको फूल टर्रो, वातविकार गर्ने तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ । करीरको फल तितो, टर्रो, उष्णवीर्यको, शुरुमा र पचेपछि पिरो, विकासि, गुलियो, रुखो, ग्राहि तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

(ङ) धन्वन्तरि निघण्टु :

करीरो गूढपत्रश्च शाकपुष्पो मृदुफलः॥ ग्रन्थिलस्तीक्ष्णसारश्च चक्रकस्तीक्ष्णकण्टकः ।

वातश्लेष्महरं रुच्यं कटूष्णं गुदकीलजित्॥ करीरमाध्मानकरं रुचिकृत्स्वादुतिक्तकम्।
अन्यच्च-
करीराक्षक पीलूनि त्रीणि स्तन्यफलानि च। स्वादुतिक्तकटूष्णानि कफवातहराणि च॥

करीर, गूढपत्र, शाकपुष्प, मृदुफल, ग्रन्थिल, तीक्ष्णसार, चक्रक र तीक्ष्णकण्टक : यी करीरका पर्यायवाची नाम हुन्। यो वातविकार र कफविकार नाश गर्ने, रुचिप्रद, पिरो, उष्णवीर्यको, हर्सा नाश गर्ने, आध्मान गर्ने, रुचि बढाउने, गुलियो र वातविकार नाश गर्ने गुणको हुन्छ। अन्यत्र भनिएको छ कि- करीर, आक्षक र पीलू : यी तीन दूध बढाउने (वा दुधिला) फल गुलिया, तिता, पिरा, उष्णवीर्यका तथा कफविकार र वातविकार नाश गर्ने गुणका हुन्छन्।

(च) **निघण्टुशेष :**

करीरे स्यात् तीक्ष्णसारः शाकपुष्पो मृदूफलः। मरुजन्मा गूढपत्रो ग्रन्थिल-क्रकरावपि॥
(किरति-क्षिपति वायुं करीरः, करिण ईरयति कण्टकैर्वा। तीक्ष्णः सारोऽस्य तीक्ष्णसारः। शाकं पुष्पाणामस्य शाकपुष्पः। मृदूनि फलानि अस्य मृदूफलः। मरौ जन्माऽस्य मरुजन्मा। गूढानि-गुप्तानि पत्राण्यस्य गूढपत्रः। ग्रन्थयः सन्त्यस्य ग्रन्थिलः। क्र+ इति करोति क्रकरः, तीक्ष्णत्वात्; क्रम्यते वा।)।

करीर, तीक्ष्णसार, शाकपुष्प, मृदूफल, मरुजन्मा, गूढपत्र, ग्रन्थिल र क्रकर : यी करीरका पर्यायवाची नाम हुन्।

(छ) **भावप्रकाश निघण्टु :**

करीरः क्रकरीपत्रो ग्रन्थिलो मरुभूरुहः। करीरः कटुकस्तिक्त स्वेद्युष्णो भेदनः स्मृतः॥
दुर्नामकफवातामगरशोथव्रणप्रणुत्।

करीर, क्रकरीपत्र, ग्रन्थिल र मरुभूरुह : यी करीरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो पिरो र तीतो हुन्छ। यसले पसिना निकाल्दछ र गर्मी गर्दछ। यसमा भेदन गुण हुन्छ। यसले अल्काई, कफविकार, वातविकार, आमविकार, विषविकार, सुजन र खटिरा नाश गर्दछ।

(ज) **मदनपाल निघण्टु :**

करीरको गूढपत्रः क्रकचो ग्रन्थिलो मतः। करीरः कटुको भेदी तीक्ष्णोष्णः कफवातजित्॥
व्रणशोथविषार्शोघ्नस्तत्पुष्पं कफपित्तजित्। फलं ग्राहि कषायोष्णं मधुरं श्लेष्मपित्तकृत्॥

करीरक, गूढपत्र, क्रकच र ग्रन्थिल : यी करीरका संस्कृत पर्यायवाची नामहरू हुन्। करीर पीरो, भेदी, तिक्खर, उष्णवीर्यको तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ। यसले घाउखटिरा, सुजन, विषविकार र अल्काई नाश गर्दछ। यसको फूलले कफविकार र पित्तविकारलाई जित्दछ।

करीरको फलले दिसालाई कस्दछ । यो फल उष्णवीर्यको, गुलियो तथा कफविकार र पित्तविकार गराउने गुणको हुन्छ ।

(झ) **राज निघण्टु :**

निष्पत्रकः करीरश्च करीरग्रन्थिलस्तथा । कृकरो गूढपत्रश्च करकस्तीक्ष्णकण्टकः ॥
करीरमाध्मानकरं कषायं कटूष्णमेतत् कफकारि भूरि ।
श्वासानिलारोचकसर्वशूलविच्छर्दिखर्जूव्रणदोषहारि ॥

निष्पत्रक, करीर, करीरग्रन्थिल, कृकर, गूढपत्र, करक र तीक्ष्णकण्टक : यी करीरका संस्कृत पर्यायवाची नामहरू हुन् । करीरले आध्मान गर्दछ । यो टर्रो, पिरो, उष्णवीर्यको र धेरै नै कफविकार गर्ने गुणको हुन्छ । यसले दम, वातविकार, अरुची, सबै खालका शूल, वाकवाकी, लुतो र घाउखटिरा नाश गर्दछ ।

(ञ) **राजवल्लभ निघण्टु :**

करीरो ... रूक्षो वातपित्तकरः कटुः । सकषायो विदाही च श्लेष्मघ्नः पाकतः कटुः ॥

करीलको फूल रुखो, वातविकार र पित्तविकार गर्ने, पिरो, केही टर्रो, डाहकारी, कफविकार नाशक र पचेपछि पिरो हुने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ट) **शालिग्राम निघण्टु :**

करीरं गूढपत्रं च शाकपुष्पं कटूफलम् । ग्रन्थिलं तीक्ष्णसारं च कण्टकी मरुभूरुहम् ॥

करीर, गूढपत्र, शाकपुष्प, कटूफल, ग्रन्थिल, तीक्ष्णसार, कण्टकी र मरुभूरुह : यी करीरका पर्यायवाची नाम हुन् ।

करीरमाध्मानकरं कषायं कटूष्णमेतत्कफहारिभूरि ।
श्वासानिलारोचकसर्वशूलविच्छर्दिखर्ज्जूव्रणदोषहारि ॥

करीर आध्मान गराउने, टर्रो, पिरो, उष्णवीर्यको तथा कफविकार, दम, वातविकार, अरुचि, सबै खालका शूल, वाकवाकी, लुतो र खटिरा नाश गर्ने गुणको हुन्छ ।

करीरस्तुवरश्चोष्णः कटुश्चाध्मानकारकः । रुच्योभेदकरः स्वादुः कफवातामशोथजित् ॥
विषार्शोव्रणशोथघ्नः कृमिपामाहरोमतः । अरोचकं सर्वशूलं श्वासं चैव विनाशयेत् ॥
फलं चास्य कटुस्तिक्तमुष्णं च तुवरं मतम् । विकासि मधुरं ग्राहि मुखवैशद्यकारकम् ॥
हृद्यं रूक्षं कफं मेहं दुर्नामानं च नाशयेत् ।
पुष्पं वातकरं प्रोक्तं तुवरं कफपित्तनुत् ॥ (निघण्टु रत्नाकर)

करीर टर्रो, उष्णवीर्यको, पिरो, आध्मान गराउने, रुचिप्रद, भेदनी, स्वादिलो; कफविकार, वातविकार, आमविकार र सुजनलाई जित्ने तथा विषविकार, हर्सा, खटिरा, सुजन, कीरा, चिलाउने रोग, अरुची, सबै प्रकारका शूल र दम नाश गर्ने गुणको हुन्छ । यसको फल पिरो, तितो, उष्णवीर्यको, टर्रो, विकासि, गुलियो, ग्राहि, मुखलाई स्वच्छ पार्ने, मुटुका लागि हितकर, रुखो तथा कफविकार, प्रमेह र हर्सा नाश गर्ने गुणको हुन्छ । यसको फूल वातविकार गर्ने, टर्रो तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

करीरो व्रणशोफार्शोरक्तहृत्कफवातजित् । कटुपाकरसोत्युष्णो यकृत्प्लीहापहोग्निकृत् ॥
तत्पुष्पं कफवातघ्नं कटुपाकरसं लघु । सृष्टमूत्रपुरीषं च सदा पथ्यं रुचिप्रदम् ॥
बालं चास्य फलं पाके कटुकं श्लेष्मशोथजित् ।
कषायं वातलं तिक्तं तत्पक्वं कफपित्तजित् ॥ (सोढल निघण्टु)

करीरमा खटिरा, सुजन, हर्सा र रक्तविकार (रक्तपित्त ?) नाश गर्ने; कफविकार र वातविकारलाई जित्ने; पचेपछि पिरो, अति उष्णवीर्यको, कलेजो र फियोका रोग गर्ने (निको पार्ने ?) तथा पाचनशक्ति बढाउने गुणको हुन्छ । त्यसको फूल कफविकार र वातविकार नाश गर्ने; पचेपछि पिरो, पचाउन सहज, दिसा र पिसाब खुलाउने वा बढाउने, सधैं पथ्य र रुचिप्रद हुन्छ । यसको चिचिलो पचेपछि पिरो, कफविकार र सुजनलाई जित्ने, टर्रो, वातविकार गर्ने र तितो हुन्छ । त्यसको पाकेको फलले कफविकार र पित्तविकारलाई जित्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ठ) **सोढल निघण्टु :**

करीरे गूढपत्रं च शाकुपुष्पं कटुफलः ।

करीर, गूढपत्र, शाकपुष्प र कटुफल : यी करीरका पर्यायवाची नाम हुन् ।

(ड) **हृदयदीपक निघण्टु :**

...कालशाकः करीरः ।

कालशाक र करीर : यी करीरका पर्यायवाची नाम हुन् ।

नोट : यो वृक्षमा पात हुँदैन । जस्तै नीतिशतकमा भनिएको छ- पत्रं नैव यदा करीरविटपे दोषो वसन्तस्य किं । करिल नामक वृक्षमा पात पलाउँदैन त यसमा वसन्त ऋतुको के दोष ?

करुणी (फूलविशेष)
(Karunee)

परिभाषा :

(क) **आमबोली डटकम :** प्रायः कोंकण प्रदेशमा हुने एक फूलको बोट ।

(ख) **हिन्दी विश्वकोश (करुणी) :** ग्रीष्म ऋतुमा फुल्ने वृक्षविशेष । कोंकणमा यसलाई ककरखिरुली भनिन्छ ।

(ग) **विज्डम लाइब्रेरी**को वेबसाइडमा Aristolochia bracteata, Spinacia oleracea : यी दुई वानस्पतिक नामका वनस्पतिलाई करुणी बताइएको पाइन्छ । तर यसमा विश्वस्त हुने आधार छैन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **राज निघण्टु :**

करुणी ग्रीष्मपुष्पी स्याद्रक्तपुष्पी च वारुणी । राजप्रिया राजपुष्पी सूक्ष्मा च ब्रह्मचारिणी ॥
करुणी कटुतिक्तोष्णा कफमारुतनाशिनी । आध्मानविषविच्छर्दिजत्रूर्ध्वश्वासहारिणी ॥

करुणी, ग्रीष्मपुष्पी, रक्तपुष्पी, वारुणी, राजप्रिया, राजपुष्पी, सूक्ष्मा र ब्रह्मचारिणी : यी करुणी नामक फूलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो, उष्णवीर्यको तथा कफविकार र वातविकार नाशक हुन्छ । यसले आध्मान, विषविकार, वाकवाकी र जत्रु (खगाल्नु) भन्दा माथिको दमलाई नाश गर्दछ । (यो निघण्टुमा यो वनस्पतिलाई फूलवर्गमा राखिएको छ) ।

कर्कट (गँगटो)
(Common Crab)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश :** (१) गँगटो : हिँड्नका लागि आठवटा खुट्टा हुने र च्याप्न र आफ्नो रक्षा गर्नका लागि दुईवटा सुँडजस्ता काँडादार अङ्ग हुने, पानीका छेउछाउका काप र ढाँडहरूमा बस्ने जलजीवी प्राणी । (२) जाउले गँगटो : धेरै मासु हुने एक जातको असल गँगटो; भित्र गुदी धेरै हुने गँगटो ।

(ख) **डा.सतिशचन्द्र साङ्ख्यधर :** कुलीरलाई Common Crab, *Carcinus maenus* (White Var.) भनिन्छ ।

गँगटो (तस्बिर श्रोत : विकासन्यूजडटकम)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

कर्कटः पृथुरः शङ्खचक्षुश्चोभयतोगतिः ।
वास्त्वोधरः कुलीरः स्याद्विषपृष्ठो दशाङ्गुलिः ॥

कर्कट, पृथुर, शङ्खचक्षु, उभयतोगति, वास्त्वोधर, कुलीर, विषपृष्ठ र दशाङ्गुलि : यी गँगटोका पर्यायवाची नाम हुन् ।

(ख) अमरकोश :

स्यात्कुलीरः कर्कटकः...।

कुलीर र कर्कटक : यी गँगटोको पर्यायवाची नाम हुन् ।

(ग) अष्टाङ्ग निघण्टु :

कुलीरः कर्कटः स्मृतः ।

कुलीर र कर्कट : यी गँगटाका पर्यायवाची नाम हुन् ।

(घ) कैयदेव निघण्टु :

कर्कटः किरबिल्वः स्यात् कुलीरः परिभाषितः । बहिश्चारः षोडशाङ्घ्रिः कुरबिल्वो द्विधागतिः ॥

कर्कट, किरबिल्व, कुलीर, बहिश्चार, षोडशाङ्घ्रि, कुरबिल्व र द्विधागति : यी गँगटोका पर्यायवाची नाम हुन् ।

कुलीरः परमो वृष्यो बृंहणः प्रीणनो गुरुः । तद्वत् कर्कटकः श्वेतः शैत्यादसृग्दरापहः ॥
कृष्णः कर्कटस्तेषां बल्यः श्लेष्मानिलापहः । शुक्रसन्धानकृत् सृष्टविण्मूत्रोऽनिलपित्तहा ॥
सामुद्रकर्कटः भेदी मधुरो भृशमेदुरः ।

गँगटोको मासु अति वीर्यवर्धक, पौष्टिक, प्रसन्न पार्ने र पचाउन कठिन हुने गुणको हुन्छ । त्यसैगरी सेतो गँगटोको मासु शीतवीर्यको हुनाले रक्तपित्त नाश गर्ने गुणको हुन्छ । तिमध्ये कालो गँगटोको मासु बलदायक, कफविकार र वातविकार नाश गर्ने, वीर्य उत्पादक, दिसा र पिसाब उत्पादक वा निकाल्ने तथा वातविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ । (कालो गँगटोसम्बन्धी यही श्लोक द्रव्यगुण सङ्ग्रह र माधव द्रव्यगुणमा पनि उल्लेख भएको छ) । समुद्री गँगटोको मासु भेदनी, गुलियो र अति नै बोसोयुक्त हुन्छ ।

(ङ) धन्वन्तरि निघण्टु :

कर्कटः स्यात्कर्कटकः कुलीरश्च कुलीरकः । सन्दंशकः पङ्कवासस्तिर्यग्गामी स चोर्ध्वदृक् ॥
कर्कटो बृंहणो वृष्यः शीतलोऽसृग्गदापहः ।

कर्कट, कर्कटक, कुलीर, कुलीरक, सन्दंशक, पङ्कवास, तिर्यग्गामी र चोर्ध्वदृक् : यी गँगटोका पर्यायवाची नाम हुन् । यसको मासु पौष्टिक, वीर्यवर्धक, शीतवीर्यको र रक्तविकार नाश गर्ने गुणको हुन्छ ।

(च) पर्याय रत्नमाला :

कर्कटकः कुलीरः स्यात् ।

कर्कटक र कुलीर : यी गँगटोका पर्यायवाची नाम हुन् ।

(छ) मदनपाल निघण्टु :

कर्कटः कुरुचिल्लः स्यात्कुलीरः षोडशाम्बिकः । कर्कटो बृंहणो वृष्यः शीतलोऽसृग्दरापहः ॥

कर्कट, कुरुचिल्ल, कुलीर र षोडशाम्बिक : यी गँगटोका संस्कृत पर्यायवाची नामहरू हुन् । गँगटाको मासु पौष्टिक, वीर्यवर्धक, शीतल गर्ने र रक्तप्रदर रोग नाशक हुन्छ ।

(ज) राज निघण्टु :

कर्कटः स्यात् कर्कटकः कुलीरश्च कुलीरकः । सन्दंशकः पङ्कवासस्तिर्यग्गामी स चोर्ध्वदृक् ॥

कर्कट, कर्कटक, कुलीर, कुलीरक, सन्दंशक, पङ्कवास, तिर्यग्गामी र चोर्ध्वदृक् : यी गँगटोको संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(झ) राजवल्लभ निघण्टु :

कर्कटः सृष्टविण्मूत्रः सन्धातानिलपित्तजित् । कृष्णकर्कटकस्तेषां बल्यः कोष्णोनिलापहः ॥

गँगटाको मासु दिसापिसाब निकाल्ने, भाँचिएका अङ्ग जोड्ने तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ । तीमध्येमा पनि कालो गँगटाको मासु बलदायक, उष्णवीर्यको र वातविकार नाशगर्ने गुणको हुन्छ ।

कर्कट (जङ्गली अमला विशेष)
(Karkata)

परिभाषा :

(क) **के.यन.स्वामी :** (१) कर्कट : जङ्गली अमला । (२) क्षुद्रधात्री, क्षुद्रामलक : काठे अमला ।
(ख) **डा.सतिश चन्द्र साङ्ख्यधर :** यो पहिचान हुन नसकेको वनस्पति हो ।

संस्कृत पर्यायवाची नामहरू :

(क) **राज निघण्टु :**

कर्कटः कार्कटः कर्कः क्षुद्रधात्री च स स्मृतः । क्षुद्रामलकसञ्ज्ञश्च प्रोक्तः कर्कफलश्च षट्॥
कार्कटं तु फलं रुच्यं कषायं दीपनं परम् । कफपित्तहरं ग्राहि चक्षुष्यं लघु शीतलम्॥

(१) कर्कट, (२) कार्कट, (३) कर्क, (४) क्षुद्रधात्री, (५) क्षुद्रामलक र (६) कर्कफल : यी छ नाम जङ्गली अमलाविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो अमलाको फल रुचिप्रद, टर्रो र अत्यन्त दीपनी हुन्छ । यसले कफविकार र पित्तविकार नाश गर्दछ । यो ग्राही, आँखाका लागि हितकर, पचाउन सहज र शीतवीर्यको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्कटश्रृङ्गी
(Crab's claw)

परिभाषा :

(क) नेपाली बृहद् शब्दकोश (कर्कटशृङ्गी) : लाम्चा पात, खैरा रङका लाम्चिला फल फल्ने, अर्को कुनै वृक्षका साथ जोडिएर फस्टाउने एक प्रकारको परजीवि वृक्ष ।

(ख) के.यन.स्वामी (कर्कटशृङ्गी) : चालीस-पैंतालीस फीट अग्लो सेतो बोक्रा हुने एक रुख । यसको पातमा वा पातको भेट्नुमा एफिस नामक कीराले पित्तको थैली जस्तो गुँड बनाउँदछ । यो टाढाबाट हेर्दा सिङ्भैँ देखिन्छ । यो गुँड फोर्दा रातो देखिन्छ र त्यहाँ कीराको मल पनि देखिन्छ (वनौषधिचन्द्रोदयः) । यस भित्र हुने धुलो मरेको कीरा हुन्-आचार्य डिमक ।

(ग) भावप्रकाशका टीकाकार डा. कृष्णाचन्द्र चुनेकर : यसलाई ल्याटिन भाषामा *Pistacia integerrima,* Stewart ex Brandis भनिन्छ । यो वृक्षको सेतो बोक्रा हुन्छ ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : चालीस-पैंतालीस फीट अग्लो सेतो बोक्रा हुने एक रुख । यसको पातमा एफिस नामक नामको कीराले पित्तको थैली जस्तो गुँड बनाउँदछ । यो टाढाबाट हेर्दा सिङ्भैँ देखिन्छ । यो गुँड फोर्दा रातो देखिन्छ र त्यहाँ कीराको मल पनि देखिन्छ (वनौषधिचन्द्रोदयः) । यस भित्र हुने धुलो मरेको कीरा हुन्-आचार्य डिमक ।

(ङ) आचार्य बालकृष्ण : यो वृक्षका पात वा पातका भेट्नामा विशेष प्रकारको कीराले तीनदेखि दश से.मी. लामो तथा एकदेखि पाँच से.मी. फराकिलो सिङका आकारको गुँड बनाउँदछ । यो गुँड बाहिर हरियो एवं खैरो, मैलो, बदामी रङ्गको, खुम्चिएको, कडा तथा भित्र खोक्रो, नयाँमा नरम र पुरानो भएपछि कडा हुने गर्दछ । यसलाई फुटाउँदा भित्रबाट रातो र मसिनो धुलो निस्कन्छ, यही धुलोलाई कर्कटशृङ्गी भनिन्छ । यो धुलो मसिनो जालोलो ढाकेको हुन्छ र यसबाट तारपिनको तेल जस्तो गन्ध आउँदछ । यसको वानस्पतिक नाम *Pistacia chinensis* subsp. integerrima (Stewart ex Brandis) Rech.f. वा *Pistacia integerrima* J.L. Stew. ex Brandis हो । यसलाई अंग्रेजीमा Gall plant वा Chinese pistache भनिन्छ ।


कर्कटशृङ्गी (तस्विर श्रोत : वनएमजीडटकम, आचार्य बालकृष्ण)

(च) धन्वन्तरी निघण्टुका टीकाकार वैद्य डी.के. कामत र डा.यस.डी.कामत : कर्कटशृङ्गी Anacardiaceae परिवारमा पर्दछ । कर्कटशृङ्गीका *Pistacia integerrima* Stew. ex. Brandis वा *Rhus integerrima* Wall. वानस्पतिक नाम हुन् ।

(छ) फर्माकोपिया : यो *Pistacia chinensia* Burgo , *Pistacia integerrima* Ste w. ex Brandis, *Rhus succedanea* Linn. वानस्पतिक नाम भएको रूखमा हुने कीराविशेषको जालोजस्तो पदार्थ हो । यो Anacardiaceae परिवारमा पर्दछ । अंग्रेजीमा यसलाई Crab's claw भनिन्छ । संस्कृतमा श्रृङ्गी, विषाणी, कर्कट भनिन्छ । यो पदार्थको धूलो ३-६ ग्रामसम्म एक मात्रामा ओखतीका लागि प्रयोग गरिन्छ ।

(ज) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : कर्कटश्रृङ्गी Anacardiaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Pistacia chinensis* Bunge हो ।

(झ) हिन्दी विश्वकोश : कर्कटस्य श्रृङ्गमिव श्रृङ्गमग्रभागो यस्याः (गँगटाको सिङ जस्तो टुप्पो हुने) । स्वनामख्यात कर्कटदंशाकार ओषधि । यसलाई नेपालीमा रनीवलयी भनिन्छ । पञ्जाबीमा अरखर भनिन्छ । वानस्पतिक नाम *Rhus succedanea* हो । यसको रूख ३० फीट अग्लो हुन्छ । हिमाली प्रदेशमा काश्मीरदेखि सिक्कम, भुटानसम्म पनि यो पाइन्छ । यो खसिया-पहाड र जापानमा पनि पाइन्छ । जापानमा यसका हाँगा खोस्रेर रस निकालिन्छ । यो रसबाट वार्निश रङ तयार पारिन्छ । फललाई पिसेर एउटा अर्को फलविशेषसँग मिसाएर उमाली मैन निकालिन्छ । यसबाट मैनबत्ती बनाइन्छ । यसलाई जापानी मैन भनिन्छ र बेलायततिर समेत निकासी हुन्छ । यसको दूध अति तिक्खर हुन्छ । फल बजारतिर पनि पाइन्छ । काश्मीरतिर यसलाई क्षयरोगको ओखतीकारूपमा प्रयोग गरिन्छ । भालुले यसको बोक्रा खाने गर्दछ । काठ सेतो, चम्किलो र नरम तथा भित्र केही कालो हुन्छ ।

Rhus succedanea, Miyajima Natural Botanical Garden, Hiroshima, Japan

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

शृङ्गी कर्कटशृङ्गी कुलीरशृङ्गी नताङ्गिका वक्रा ।
सुषिरफला च कुलिङ्गा माठा चेत्युच्यते महाघोषा ॥

शृङ्गी, कर्कटशृङ्गी, कुलीरशृङ्गी, नताङ्गिका, वक्रा, सुषिरफला, कुलिङ्गा, माठा र महाघोषा : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

महाघोषा कुलिङ्गा च शृङ्गी कर्कटशृङ्गिका ।

महाघोषा, कुलिङ्गा, शृङ्गी र कर्कटशृङ्गिका : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन् ।

(ग) **अर्कप्रकाश :**

शृङ्ग्या हरेदूर्ध्ववात हिक्कातृष्णास्वरक्षयान्॥

कर्कटशृङ्गीको अर्कले ऊर्ध्ववात, बाडुली, तिर्खा र घाँटी बसेको ठिक गर्दछ ।

(घ) **अष्टाङ्ग निघण्टु :**

श्रृङ्गी स्मृता महाघोषा ज्ञेया कर्कटशृङ्गिका ।

श्रृङ्गी, महाघोषा र कर्कशृङ्गिका : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन् ।

(ङ) **कैयदेव निघण्टु :**

महाघोषा कर्कटकि कर्कटाख्या विषाणिका । कुलीरशृङ्गी कुलिराशृङ्गी कर्कटशृङ्गिका॥
चन्द्रास्पदा नताङ्गी स्याचक्रा वामजमूर्धजा । शृङ्गी तिक्ता कषायोष्णा कफवातक्षयज्वरान्॥
श्वासोर्ध्ववाततृट्कासहिध्मारुचिवमीर्जयेत् ।

सङ्कलन : मोहन प्रसाद

महाघोषा, कर्कटकि, कर्कटा, विषाणिका, कुलीरशृङ्गी, कुलिराशृङ्गी, कर्कटशृङ्गिका, चन्द्रास्पदा, नताङ्गी, चक्रा र वामजमूर्धजा : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन् । यो तितो, टर्रो, उष्णवीर्यको तथा कफविकार, वातविकार, क्षयरोग, जरो, दम, ऊर्ध्ववात, तिर्खा, खोकी, बाडुली, अरुची र वाकवाकीलाई जित्ने गुणको हुन्छ ।

कर्कटशृङ्गी (तस्विर श्रोत : प्लानेटआयुर्वेदडटकम)

(च) **धन्वन्तरि निघण्टु :**

शृङ्गी कर्कटशृङ्गी च कुलीरा कर्कटाह्वया॥
कुलीरशृङ्गी वक्रा च महाघोषा नताङ्गिनी । चन्द्रास्पदा विषाणी च शृङ्गी वनजमूर्धजा॥
तिक्ता कर्कटशृङ्गी च गुरुश्चोर्ध्वसमीरजित् । कासश्वासार्तियक्ष्मघ्नी वान्तितृष्णारुचीर्जयेत्॥

शृङ्गी, कर्कटशृङ्गी, कुलीरा, कर्कटाह्वया, कुलीरशृङ्गी, वक्रा, महाघोषा, नताङ्गिनी, चन्द्रास्पदा, विषाणी, शृङ्गी (दोहोरो परेको ?) र वनजमूर्धजा : यी कर्कटशृङ्गीका संस्कृत पर्यायवाची नामहरू हुन् । कर्कटशृङ्गी तीतो हुन्छ । यो पचाउन कठिन हुन्छ । यसले शरीरको माथ्लो भागको वातविकारलाई

जित्दछ । यसले खोकी, दम र क्षयरोग नाश गर्दछ तथा वाकवाकी, तिर्खारोग र अरुचिलाई जित्दछ ।

(छ) **निघण्टुशेष :**

कर्कटशृङ्ग्यां तु शृङ्गी नताङ्गी शिशिरेफला ।
कर्कटाह्वा महाघोषा वक्रा मञ्जीरशिम्बिका ॥
(कर्कटशब्देन जलचरजीवविशेषः, तदाकाराणि शृङ्गाण्यस्याः कर्कटशृङ्गी, तस्याम्, शृणाति शृङ्गी । नतमङ्गमस्या नताङ्गी । शिशिरे फलान्यस्याः शिशिरेफला । कर्कटस्य आह्वा अस्याः कर्कटाह्वा । महती चासौ घोषा च महाघोषा । वक्रा कुटिला । मञ्जीर इव शिम्बिरस्या मञ्जीरशिम्बिः । कर्कटशृङ्गीनामानि लोके तु काकडासिङ्गी इति प्रसिद्धिः ।) ।

कर्कटशृङ्गी, शृङ्गी, नताङ्गी, शिशिरेफला, कर्कटाह्वा, महाघोषा, वक्रा र मञ्जीरशिम्बिका : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन् ।

कर्कटशृङ्गी (तस्विर श्रोत : blog.ayurvedicfranchisehelp.org)

(ज) **पर्यायरत्नमाला :**

कर्कटाख्या महाघोषा शृङ्गी कर्कटशृङ्ग्यपि ।
कुलीरशृङ्गी चक्राङ्गी कुलिङ्गा कासनाशिनी ॥

कर्कटा, महाघोषा, शृङ्गी, कर्कटशृङ्गी, कुलीरशृङ्गी, चक्राङ्गी, कुलिङ्गा र कासनाशिनी : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन् ।

(झ) **भावप्रकाश निघण्टु :**

शृङ्गी कर्कटशृङ्गी च स्यात्कुलीरविषाणिका । अजशृङ्गी च वक्रा च कर्कटाख्या च कीर्तिता ॥
शृङ्गी कषाया तिक्तोष्णा कफवातक्षयज्वरान् । श्वासोर्ध्ववाततृट्कासहिक्कारुचिवमीर्हरेत् ॥

शृङ्गी, कर्कटशृङ्गी, कुलीर, विषाणिका, अजशृङ्गी, वक्रा र कर्कटा : यी कर्कटश्रृङ्गीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो र तितो हुन्छ । यसले गर्मी गर्दछ तथा कफविकार-वातविकार-क्षयरोग-जरो-दम-धेरै डकार आउने रोग (ऊर्ध्ववात)-तिर्खारोग-खोकी-बाडुली रोग-अरुची र वाकवाकी निको पार्दछ ।

(ञ) **मदनपाल निघण्टु :**

श्रृङ्गी कुलीरश्रृङ्गी स्याद्वक्रा कर्कटश्रृङ्गिका । कर्कटाक्षा महाघोषा, श्रृङ्गनाम्नी नताङ्ग्यपि ॥

श्रृङ्गी कषायांतक्तोष्णा हान्त हिक्कावांमज्वरान्। तृष्णारुचकफश्वासक्षयकासोध्ववातनुत्॥

श्रृङ्गी, कुलीरश्रृङ्गी, वक्रा, कर्कटश्रृङ्गिका, कर्कटाक्षा, महाघोषा, श्रृङ्गनाम्नी (श्रृङ्ग वाचक शब्द) र नताङ्गी : यी कर्कटश्रृङ्गीका संस्कृत पर्यायवाची नामहरू हुन्। यो टर्रो, तीतो र गर्मी गर्ने गुणको हुन्छ। यसले बाडुली, वाकवाकी, जरो, तिर्खा, अरुचि, कफविकार, दम, क्षयरोग, खोकी र ऊर्ध्ववात रोग नाश गर्दछ।

(ट) मदनादि निघण्टु :

शृङ्गी कर्कटशृङ्गी च महाघोषार्थचम्पिका। कुलीरशृङ्गी च रसा नताङ्गी कर्कटाह्वया॥
कासहिक्काक्षयश्वासकासघ्नी सकषायका। उष्णवीर्या हिता बालज्वरे कर्कटशृङ्गिका॥

शृङ्गी, कर्कटशृङ्गी, महाघोषा, अर्थचम्पिका, कुलीरशृङ्गी, रसा, नताङ्गी र कर्कटाह्वया : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन्। यसले खोकी, बाडुली, क्षयरोग र दम-खोकी नाश गर्दछ। यो केही टर्रो, उष्णवीर्यको र नवीन-जरोमा हित गर्ने गुणको हुन्छ।

(ठ) राजनिघण्टु :

शृङ्गी कुलीरशृङ्गी स्यात् घोषा च वनमूर्द्धजा। चन्द्रा कर्कटशृङ्गी च महाघोषा च शृङ्गिका॥
कालिका चेन्दुखण्डा च लताङ्गी च विषाणिका। चक्रा च शिखरं चैव कर्कटाह्वा त्रिपञ्चधा॥
तिक्ता कर्कटश्रृङ्गी तु गुरुरुष्णानिलापहा। हिक्कातीसारकासघ्नी श्वासपित्तास्रनाशनी॥

(१) शृङ्गी, (२) कुलीरशृङ्गी, (३) घोषा, (४) वनमूर्द्धजा, (५) चन्द्रा, (६) कर्कटशृङ्गी, (७) महाघोषा, (८) शृङ्गिका, (९) कालिका, (१०) इन्दुखण्डा, (११) लताङ्गी, (१२) विषाणिका, (१३) चक्रा, (१४) शिखर र (१५) कर्कटाह्वा : यी पन्ध्र नाम कर्कटशृङ्गीका संस्कृत पर्यायवाची नामहरू हुन्। यो तीतो, पचाउन कठिन, उष्णवीर्यको र वातविकार नाशक हुन्छ। यसले बाडुली, अतीसार, खोकी, दम, पित्तविकार र रक्तविकार नाश गर्दछ।

(ड) शालिग्राम निघण्टु :

कर्कटश्रृङ्गिका श्रृङ्गी कुलिङ्गी कासनाशिनी। महाघोषा च चक्राङ्गी कर्कटी वनमूर्द्धजा॥

कर्कटश्रृङ्गिका, श्रृङ्गी, कुलिङ्गी, कासनाशिनी, महाघोषा, चक्राङ्गी, कर्कटी र वनमूर्द्धजा : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन्।

कर्कटश्रृङ्गीका तिक्ता चोष्णा च तुवरा गुरुः। वातहिक्काऽतिसारघ्नी बालानां च हितावहा॥
कासं श्वासं रक्तदोषं पित्तं च जूर्त्तिकफं क्षयम्।
वान्तिं हिध्मां चोर्ध्ववातं कृमितृष्णाक्षतक्षयान्॥
अरुचिं नाशयत्येव ऋषिभिः परिकीर्त्तिता। (निघण्टु रत्नाकर)

कर्कटशृङ्गी तितो, उष्णवीर्यको, टर्रो, पचाउन कठिन; वातविकार, बाडुली र छेरपटी नाश गर्ने तथा बालकका हित गर्ने गुणको हुन्छ । यसले खोकी, दम, रक्तविकार, पित्तविकार, जरो, कफविकार, क्षयरोग, वाकवाकी, बाडुली (दोहारो ?), ऊर्ध्ववात, कीरा, तिर्खा, घाउ जन्य क्षय र ऋरुची नाश गर्दछ भनी ऋषिजनले बताएका छन् ।

(ढ) **सोढल निघण्टु :**

शृङ्ग्यां कर्कटशृङ्गी च कुलीरा कर्कटाह्वया । महाघोषा नताङ्गी च चक्री चन्द्रास्पदा स्मृता ॥
विषाणी चन्द्रखण्डं च घोषा शिखरमुत्पला ।

शृङ्गी, कर्कटशृङ्गी, कुलीरा, कर्कटाह्वया, महाघोषा, नताङ्गी, चक्री, चन्द्रास्पदा, विषाणी, चन्द्रखण्ड, घोषा र शिखरमुत्पला : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन् ।

(ण) **सौश्रुत निघण्टु :**

कर्कटा श्रृङ्ग्यतिरवा महाघोषा च शब्दिता । कुलीरशृङ्गी च मता...।

कर्कटा, श्रृङ्गी, अतिरवा, महाघोषा र कुलीरशृङ्गी ... : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(त) **हृदयदीपक निघण्टु :**

कर्कटाख्या कर्कटकी शृङ्गी कर्कटशृङ्ग्यपि । कुलीरशृङ्गी कुलीरा ...।

कर्कटा, कर्कटकी, शृङ्गी, कर्कटशृङ्गी, कुलीरशृङ्गी र कुलीरा : यी कर्कटशृङ्गीका पर्यायवाची नाम हुन् ।

कर्कोटकी (चठेल)
(Spine gourd)

परिभाषा :

(क) के.यन.स्वामी : कर्कोटकी, पीतपुष्पा र महाजाली भनेको चटेल हो ।

(ख) नेपाली बृहत् शब्दकोश (चठेल) : परबरका आकारको तर परबरभन्दा साना लहरामा फल्ने भुवादार भुस हुने, तरकारी खाइने एक प्रकारको फल; वनकरेलो; चखेलो; चठेलो ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको वानस्पतिक नाम *Momordica dioica,* Roxb. हो ।

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Momordica dioica* Roxb. ex Willd. हो । यसलाई अंग्रेजीमा Spine gourd भनिन्छ । यो Cucurbitaceae परिवारमा पर्दछ । यसका संस्कृत नाम कर्कोटकी, कर्कोटक, पीतपुष्पा र महाजाली हुन् । यसलाई हिन्दीमा काकरोल भनिन्छ ।

चठेल (तस्विर श्रोत : आचार्य बालकृष्ण)

(ङ) फर्माकोपिया : यो Cucurbitaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Momordica dioica* Roxb. ex Willd. हो । संस्कृतमा यसलाई कर्कोटकी, वन्ध्याकर्कोटकी, कर्कश भनिन्छ । यसको जरा एक मात्रामा ३-६ ग्रामसम्म ओखतीमा प्रयोग हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कर्कोटा वानसी कूला खरा कङ्कणिकाह्वया ।
फलिका बहुपुष्पा च स्मृतः कर्कोटकोङ्गुलिः ॥

कर्कोटा, वानसी, कूला, खरा, कङ्कणिकाह्वया, फलिका, बहुपुष्पा, कर्कोटकी र अङ्गुलि : यी चठेलका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

कर्कोटकी पीतपुष्पी महाजाली निरुच्यते ।

कर्कोटकी, पीतपुष्पी र महाजाली : यी चठेलका पर्यायवाची नाम हुन् ।

(ग) आयुर्वेद महोदधि :

कर्कोटकफलं गुल्मशूलपित्तकफापहम् । त्रिदोषकुष्ठमेहघ्नमीषन्मधुरतिक्तकम् ॥
कासश्वासज्वरहरं मारुतघ्नं परं लघु ॥

चठेलले गुल्म, शूल, पित्तविकार र कफविकार शान्त पार्दछ । यो त्रिदोष, कुष्ठ र प्रमेह नाशक हुन्छ । यो केही गुलियो र केही तितो हुन्छ । यसले खोकी, दम, जरो र वातविकार नाश गर्दछ र पचाउन पनि हलुका हुन्छ ।

(घ) कैयदेव निघण्टु :

कर्कोटकीऽतिकण्टोलीनाम कर्कोटकं कर्कोटकीफलं चेति ।
कर्कोटक्याः कृमिघ्नं दलममृतरसं सर्वदोषापहारि ॥
रुच्यं वृष्यं ज्वरघ्नं क्षयकसनहरं श्वासहिक्कार्शसां च ।
कर्कोटकफलं गुल्मशूलपित्तकफापहम् । त्रिदोषकुष्ठमेहघ्नमीषन्मधुरतिक्तकम् ॥
कासश्वासज्वरहरं मारुतघ्नं परं लघु ।

चठेल (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

कर्कोटकी, अतिकण्टोली, कर्कोटक र कर्कोटकीफल : यी चठेलका पर्यायवाची नाम हुन् । यसको पात कीरा नाश गर्ने, अमृत रस तुल्य, सबै दोष नाश गर्ने, रुचिप्रद, वीर्यवर्धक तथा जरो, क्षयरोग, खोकी, दम, बाडुली र हर्सा नाश गर्ने गुणको हुन्छ । यसको फलमा गुल्म, शूल, पित्तविकार, कफविकार, त्रिदोष, कुष्ठ र प्रमेह नाश गर्ने; केही गुलियो र तितो; खोकी, दम, जरो र वातविकार नाश गर्ने तथा पचाउन सहज हुने गुण हुन्छ ।

(ङ) धन्वन्तरि निघण्टु :

कर्कोटकी स्वादुफला मनोज्ञा च कुमारिका । अवन्ध्या चैव देवी च विषप्रशमनी तथा ॥

कर्कोटकी, स्वादुफला, मनोज्ञा, कुमारिका, अवन्ध्या, देवी र विषप्रशमनी : यी चठेलका पर्यायवाची नाम हुन् ।

कर्कोटकीयुगं तिक्तं हन्ति श्लेष्मविषद्वयम् । मधुना च शिरोरोगे कन्दस्तस्याः प्रशस्यते ॥

दुवै थरी चठेल तीता तथा कफविकार र दुवै थरी विषविकार नाशगर्ने गुणका हुन्छन् । टाउकाका रोगमा यसको कन्द महसँग प्रयोग गर्नु हितकर हुन्छ ।

(च) भावप्रकाश निघण्टु :

कर्कोटकी पीतपुष्पा महाजालीति चोच्यते । कर्कोटी मलहृत्कुष्ठहृल्लासारुचिनाशिनी ॥
श्वासकासज्वरान्हन्ति कटुपाका च दीपनी ।

कर्कोटकी, पीतपुष्पा र महाजाली : यी चठेलका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले दिसा नाश गर्दछ, कुष्ठरोग नाश गर्दछ, जीउ दुख्ने समस्या ठिक गर्दछ र अरुचि नाश गर्दछ । यसले दम, खोकी र जरो नाश गर्दछ । यो पचेपछि पिरो हुन्छ । यसले पाचक-अग्नि बाल्दछ ।

(छ) मदनपाल निघण्टु :

कर्कोटकी पीतपुष्पा महाजालिनिरुच्यते । तद्वत्कर्कोटकीपुष्पं किलासारुचिनाशनम् ॥

कर्कोटकी, पीतपुष्पा र महाजालिनि : यी चठेलका संस्कृत पर्ययवाची नामहरू हुन् । यसले दुबी र अरुची नाश गर्दछ । यसको फूलमा पनि यिनै गुण हुन्छन् ।

(ज) राज निघण्टु : सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्कोटकी स्वादुफला मनोज्ञा च मनस्विनी । बोधना वन्ध्यकर्कोटी देवी कण्टफलाऽपि च ॥
कर्कोटकी कटूष्णा च तिक्ता विषविनाशनी । वातघ्नी पित्तहृच्चैव दीपनी रुचिकारिणी ॥

कर्कोटकी, स्वादुफला, मनोज्ञा, मनस्विनी, बोधना, वन्ध्यकर्कोटी, देवी र कण्टफला : यी चठेलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, उष्णवीर्यको, तीतो र विषविकार नाशक हुन्छ । यसले वातविकार र पित्तविकार पनि नाश गर्दछ । यो दीपनी र रुचिकर हुन्छ ।

(झ) राजवल्लभ निघण्टु :

कर्कोटकफलं ज्ञेयं कारवेल्लकवद्गुणैः ॥

चठेलको फलमा पनि करेलाका जस्तै गुण हुन्छन् ।

(ञ) शालिग्राम निघण्टु :

कर्कोटकी पीतपुष्पी महाजालीतिचोच्यते ।

कर्कोटकी, पीतपुष्पी र महाजाली : यी चठेलका पर्यायवाची नाम हुन् ।

कर्कोटी मलहृत्कुष्ठहृल्लासारुचिनाशिनी । कासश्वासज्वरान्हन्ति कटु पाका च दीपनी ॥

चठेल मल (दिसा) नाशक; कुष्ठ, छातीको थकावट, अरुची, खोकी, दम र जरो नाश गर्ने; पचेपछि पिरो हुने तथा दीपनी गुणको हुन्छ ।

कर्कोटकी रुचिकरा कट्वी चाग्निप्रदीपनी । तिक्तोष्णा वातकफहृद्विषं पित्तं विनाशयेत् ॥
फलमस्यास्तु मधुरं लघु पाके कटु स्मृतम् । अग्निदीप्तिकरं गुल्मशूलपित्तत्रिदोषनुत् ॥
कफकुष्ठकासमेहश्वासज्वरकिलासनुत् । लालास्रावारुचिर्वातकिलासहृदयव्यथाः ॥
नाशयेत्पर्णमस्याश्च रुच्यं वृष्यं त्रिदोषनुत् । कृमिज्वरक्षयश्वासकासहिक्कार्शनाशनम् ॥
कन्दो माक्षिकसंयुक्तः शीर्षरोगे प्रशस्यते । (निघण्टु रत्नाकर)

चठेल रुचिप्रद, पिरो, शरीरको अग्निलाई बाल्ने, तितो, उष्णवीर्यको तथा वातविकार, कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ । यसको फल गुलियो, पचाउन सहज, पचेपछि पिरो, शरीरको अग्निलाई बाल्ने तथा गुल्म, शूल, पित्तविकार, त्रिदोष, कफविकार, कुष्ठ, खोकी, प्रमेह, दम, किलास रोग, राल बगिरहने रोग, अरुची, वातविकार, किलास (दोहोरो परेको) र मुटुका रोग नाश गर्ने गुणको हुन्छ । यसको पात रुचिप्रद, वीर्यवर्धक तथा त्रिदोष, कीरा, जरो, क्षयरोग, दम, खोकी, बाडुली र हर्सा नाश गर्ने गुणको हुन्छ । टाउकाका रोगमा यसको जरा महसँग खानु हितकर हुन्छ ।

(ट) सोढल निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्कोटक्यां पीतपुष्पा महाजालनिका मता ।

कर्कोटकी, पीतपुष्पा र महाजालनिका : यी चठेलका पर्यायवाची नाम हुन् ।

कर्चूर (कचुर, सेतो हलेदो)
(Zedoary)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) बन हलेदो : लामालामा पात हुने, तहैतह परेका राता फूल फुल्ने र अदुवाका जस्ता कन्द हुने एक जातको जङ्गली हलेदो; वनहरिद्रा । (२) कचुर : हलेदाको जस्तो पात र फूल भई कपूरको जस्तो बास्ना आउने एक बोट र प्रायः औषधीमा प्रयोग हुने त्यसैको कन्द ।

(ख) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Curcuma Zedoaria Rosc.* तथा अंग्रेजी नाम Zedoary हो । यसको हलेदोको जस्तै तीन-चार फीट अग्लो हुन्छ । जमिन मुनि धेरै गाना हुन्छन् । यसैलाई कर्चुर भनिन्छ । गानाबाट कपुरजस्तै बास्ना आउँदछ । यसको पातलाई माछा मार्न प्रयोग गरिन्छ । यस्तै कालो कन्द हुनेलाई भने कपुरहलेदो भनिन्छ ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसलाई अंग्रेजीमा Long Zedoaria तथा ल्याटिन भाषामा *Corcuma Zerumbet* भनिन्छ ।

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Curcuma zedoaria* (Christm.) Rosc. तथा अंग्रेजी नाम Zedoary root, White turmeric वा Setwall हो । यसलाई नेपालीमा कचुर वा बनहलेदो भनिन्छ । यसलाई सेतो हलेदो पनि भनिन्छ ।

(ङ) डा.सतिश चन्द्र साङ्ख्यधर : यसलाई ल्याटिन भाषामा *Curcuma zedoaria* Rosc. वा *Curcuma Zerumbet* भनिन्छ ।

कचुर (तस्बिर श्रोत : ईयनडटविकिपेडियाडटओआरजी)

(च) फर्माकोपिया : यो Zingiberaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Curcuma zedoaria* Rosc हो । यसलाई अंग्रेजीमा Zedoary भनिन्छ । यसका संस्कृत नाम कचुर, द्राविड हुन् । यसको जराको धूलो एक मात्रामा १-३ ग्रामसम्म ओखतीमा प्रयोग हुन्छ ।

(छ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : बनहलेदो Angiosperm समूह अन्तर्गत Zingiberaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Curcuma aromatica* Salisb. हो ।

(ज) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : : बनहलेदो वा सठी वा कचुर Zingiberaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Curcuma aromatica* Salisb., *Curcuma zedoaria* Rosc. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) कैयदेव निघण्टु :

जीमूतमूलं कर्चूरो द्राविडो वेधमुख्यकः । कार्ष्यकाप्यो गन्धमूलः काल्पको दुर्बलः सठी ॥
कर्चूरः कटुकस्तिक्तस्तीक्ष्णो दीपनो लघुः । रोचनः कटुपाकोऽस्रपित्तकृत् कफवातजित् ॥
श्वासकासकृमिप्लीहकुष्ठार्शोव्रणगुल्मनुत् ।

जीमूतमूल, कर्चूर, द्राविड, वेधमुख्यक, कार्ष्यकाप्य, गन्धमूल, काल्पक, दुर्बल र सठी : यी कर्चूरका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, तिक्खर, दीपनी, पचाउन सहज, रुचिप्रद, पचेपछि पिरो, रक्तपित्त गर्ने, कफविकार र पित्तविकारलाई जित्ने तथा दम, खोकी, कीरा, फियोका रोग, कुष्ठ, हर्सा, खटिरा र गुल्मलाई नाश गर्ने गुणको हुन्छ ।

(ख) धन्वन्तरि निघण्टु :

कर्चूरो गन्धमूलश्च द्राविडः कार्श्य एव च ॥ वेधमुख्यो दुर्लभश्च कस्यचित्सम्मतः स(श)ठी ।
कर्चूरः कटुतिक्तोष्णो रुच्यो वातबलासजित् ॥ दीपनः प्लीहगुल्मार्शः शमनः कुष्ठकासहा ।

कर्चूर, गन्धमूल, द्राविड, कार्श्य, वेधमुख्य, दुर्लभ र (कसैको मतमा) स(श)ठी : यी कचूरका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, उष्णवीर्यको, रुचिप्रद, वातविकार र कफविकारलाई जित्ने, दीपनी; फियोका रोग, गुल्म र हर्सालाई शान्त पार्ने तथा कुष्ठ र खोकीलाई नाश गर्ने गुणको हुन्छ ।

(ग) निघण्टुशेषः

कर्चूरे द्राविडः काल्यो वेधाग्र्यो गन्धमूलकः ।
(कृन्तति त्वग्दोषं कर्चूरः । द्रावयति द्राविडः । कल्यकारी काल्यः । वेधे अग्र्यः- श्रेष्ठो वेधाग्र्यः । गन्धयुक्तं मूलमस्य गन्धमूलः ।)

कर्चूर, द्राविड, काल्य, वेधाग्र्य र गन्धमूलक : यी कचूरका पर्यायवाची नाम हुन् ।

(घ) भावप्रकाश निघण्टु :

कर्चूरो वेधमुख्यश्च द्राविडः कल्पकः शटी । कर्चुरो दीपनो रुच्यः कटुकस्तिक्त एव च ॥
सुगन्धिः कटुपाकः स्यात्कुष्ठार्शोव्रणकासनुत् । उष्णो लघुर्हरेच्छ्वासं गुल्मवातकफकृमीन् ॥

कर्चुर, वेधमुख्य, द्राविड, कल्पक र शटी : यी कचूरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दीपनी, रुची जगाउने, पीरो र तीतो हुन्छ । यो सुगन्धित हुन्छ र पचेपछि पनि पिरो हुन्छ । यसले कुष्ठ,

अल्काइ, घाउखाटिरा र खोकी निको पार्दछ । यसले गर्मी गर्दछ । पचाउन हलुका हुन्छ । यसले दम, गुल्म, वातविकार, कफविकार र कीरा नाश गर्दछ ।

(ङ) **मदनपाल निघण्टु :**

कर्चूरो द्राविडो गन्धमूलको दुर्लभः शटी । कर्चूरो दीपनो रुच्यः कुष्ठार्शोव्रणकासजित्॥
उष्णो लघुर्जयेच्छ्वासगुल्मवातकफक्रिमीन्॥

कर्चूर, द्राविड, गन्धमूलक, दुर्लभ र शटी : यी कचुरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दीपनी, रुचिकर तथा कुष्ठ, अल्काई, घाउखटिरा र खोकी माथि विजय प्राप्त गर्ने गुणको हुन्छ । यसले गर्मी गर्दछ । यो पचाउन सहज हुन्छ । यसले दम, गुल्म, वातविकार, कफविकार र कीरालाई जित्दछ ।

(च) **राज निघण्टु :**

कर्चूरो द्राविडः कार्शो दुर्लभो गन्धमूलकः । वेधमुख्यो गन्धसारो जटिलश्चाष्टनामकः॥
कर्चूरः कटुतिक्तोष्णः कफकासविनाशनः । मुखवैशद्यजननो गलगण्डादिदोषनुत्॥

(१) कर्चूर, (२) द्राविड, (३) कार्श, (४) दुर्लभ, (५) गन्धमूलक, (६) वेधमुख्य, (७) गन्धसार र (८) जटिल : यी आठ नाम कचुरका संस्कृत पर्यायवाची नामहरू हुन् । कचुर पिरो, तीतो, उष्णवीर्यको तथा कफविकार र खोकी नाशक हुन्छ । यसले मुखलाई शुद्ध पार्दछ र गलगाँडजस्ता रोग निको पार्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(छ) **शालिग्राम निघण्टु :**

कर्चूरोवेधमुख्यश्च द्राविडः कल्पकः शठी ।

कर्चूर, वेधमुख्य, द्राविड, कल्पक र शठी : यी कचूरका पर्यायवाची नाम हुन् ।

शठी तिक्ता च कटुका चोष्णा तीक्ष्णोग्निदीपनी । सुगन्धिरुचिरालघ्वी मुखस्वच्छकरी मता॥
कोपनी रक्तपित्तस्य गलगण्डादिरोगहा । कुष्ठार्शोव्रणकासघ्नी श्वासगुल्मकफापहा॥
त्रिदोषक्रिमिवातानां ज्वरप्लीहादिनाशकृत् । (निघण्टु रत्नाकर)

कचूर तितो, पिरो, उष्णवीर्यको, तिक्खर, शरीरको अग्निलाई बाल्ने, सुगन्धि, रुचिप्रद, पचाउन सहज, मुखलाई स्वच्छ पार्ने, रक्तपित्तलाई विकृत बनाउने, गलगण्ड आदि रोग नाश गर्ने तथा कुष्ठ, हर्सा, खटिरा, खोकी, दम, गुल्म, कफविकार, त्रिदोष, कीरा, वातविकार, जरो, फियोका रोग आदि नाश गर्ने गुणको हुन्छ ।

कचूरो मरुदामघ्नो दीपनो रक्तपित्तकृत् । अजीर्णजरणश्वासेष्वपस्मारेऽपि पूजितः॥

कचूर वातविकार र आमविकार नाश गर्ने, दीपनी, रक्तपित्त गर्ने, अजीर्ण नाश गर्ने तथा अपस्मार र दमका रोगमा समेत हित गर्ने गुणको हुन्छ ।

(ज) **सोढल निघण्टु :**

कर्चूरे गन्धमूलश्च द्राविडः कर्ष एव च । वेधमुख्यो दुर्लभश्च कस्यचित् सम्मतः शटी ॥

कर्चूर, गन्धमूल, द्राविड, कर्ष, वेधमुख्य, दुर्लभ र शटी : यी कचूरका पर्यायवाची नाम हुन् ।

वनप्रियो गन्धसारस्त्वजीर्णजरणः परः ।

वनप्रिय, गन्धसार र अजीर्णजरण : यी अर्को थरी कचूरका पर्यायवाची नाम हुन् ।

(झ) **हृदयदीपक निघण्टु :**

षटी सटी च कर्चूरः परो गन्धपलाशकः ।

षटी, सटी र कर्चूर : यी कचूरका तथा गन्धपलाशक अर्को थरी कचूरको पर्यायवाची नाम हो ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कण (कान)
(Ear)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (कान) ध्वनितरङ्ग वा शब्दलाई ग्रहण गर्ने शरीरको अङ्ग; शरीरको एक ज्ञानेन्द्रिय; श्रवणेन्द्रिय; कर्ण ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अमरकोशः**

कर्णशब्दग्रहौ श्रोत्रं श्रुतिः स्त्री श्रवणं श्रवः ।

कर्ण, शब्दग्रह, श्रोत्र, श्रुति, श्रवण र श्रवस् : यी कानका पर्यायवाची नाम हुन् ।

(ख) **राज निघण्टु :**

श्रोतः श्रवः श्रवणकर्णवचोग्रहाश्च ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

श्रुति, श्रोत, श्रव, श्रवण, कर्ण र वचोग्रह : यी कानका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कर्णकण्डू (कान चिलाउने रोग)
(Painful itching of the ear)

(क) **भावप्रकाश संहिता, माधव निदान :**

मारुतः कफसंयुक्तः कर्णकण्डूं करोति च ।

कफ सहितको विकृत वायुले कान चिलाउने गर्दछ । यसलाई “कर्णकण्डू” भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्णक्ष्वेड (कानको रोगविशेष)

(An ear infection)

(क) **भावप्रकाश संहिता, माधव निदान :**

वायुः पित्तादिभिर्युक्तो वेणुघोषोप(स)मं स्वनम् ।
करोति कर्णयोः क्ष्वेडं कर्णक्ष्वेडः स उच्यते ॥४॥

वायु, पित्त आदि दोष मिलेर कानमा बाँसुरीको जस्तो आवाज निकाल्दछन् भने त्यसलाई "कर्णक्ष्वेड" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्णगूथक (कानेगुजो)
(Hardening of the wax of the ear)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

पित्तोष्मशोषितः श्लेष्मा कुरुते कर्णगूथकम्॥ (कर्णे गूथयते यस्मात्स कर्णगूथोव्याधिः ।) ।

पित्तको गर्मीले सुकेको कफले गर्दा कानमा मैलो उत्पन्न हुने गर्दछ । यसलाई "कर्णगूथक" भनिन्छ ।
(कानमा दिसा जस्तो मल बनाउने हुनाले यो रोगलाई कर्णगूथ भनिएको हो । गूथको अर्थ दिसा हुन्छ ।) ।

(ख) सुश्रुत संहिता :

विशोषिते श्लेष्मणि पित्ततेजसा नृणां भवेत् स्रोतसि कर्णगूथकः॥

पित्तको तातोपनले कानका स्रोतमा रहेको कफ सुकेपछि मानिसका कानमा कर्णगूथ (कर्णवर्चस्) वा कानेगुजी बन्दछ । सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्णजलूका (कनसुत्लो)
(Earwigs)

परिभाषा :

(क) के.यन.स्वामी : (१) शतपदी : कनसुत्ले कीरा ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : कनसुत्लोलाई अंग्रेजीमा A Centipede Var. भनिन्छ । यसका अनेक जात हुन्छन् ।

(ग) शब्दकल्पद्रुम : (१) कर्णजलूका : कर्णकीटी । (२) चित्राङ्गी : कर्णजलौका ।

(घ) नेपाली बृहत् शब्दकोश : (१) कनसुत्लो : ठीक खजुराका झैँ धेरै खुट्टा हुने तर मसिनो लाम्चो आकारको कीराविशेष; कनखजुरो । (२) अरिमठे वा अरिमुठे : कनसुत्लाका आकारको तर ठूलो र मोटो, प्रायः कलेजी रङ हुने, धेरै खुट्टा हुने एक कीरो; सहस्रपाद । (३) कनखजुरो : खजुराको वर्गको तर सानो, अँध्यारोमा जूनकीरीझैँ चम्कने लाम्चो एक कीरो; कनसुत्लो । (४) खजुरो : धेरै खुट्टा हुने, कन्सुत्लोजस्तो तर अलि ठूलो एक विषालु कीरो । (५) सुत्लो : खजुरोजस्तो कानमा पसेर सताउने सानो कीरो; कनसुत्लो । (६) सुल्ल : खजुरो, कन्सुत्लो आदि हिँड्ने चालले ।

(ङ) पेयर डी अमरकोश : अंग्रेजीमा कर्णजलुकालाई Earwigs तथा शतपदीलाई Centipedes भनिन्छ ।

कर्णजलौकस् (तस्बिर श्रोत : पेयर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

हन प्रसाद सापकोटा

(क) अमरकोश :

... कर्णजलौकाः शतपदुभे ।

कर्णजलौकस् (कर्णजलौका, कर्णजलूका) र शतपदी : यी कनसुत्लोका पर्यायवाची नाम हुन् ।

(ख) राज निघण्टु :

अथ कर्णजलूका स्याच्चित्राङ्गी शतपद्यपि ॥

कर्णजलूका, चित्राङ्गी र शतपदी : यी कनसुत्लोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

खजुरोसम्बन्धी थप केही जानकारी :

(१) खजुरो देखिएका ठाउँ नजिक चटयाङ पर्दछ भनिन्छ । यसै कारण चटयाङ्ग र आगोको डर नहोस् भनी नागपञ्चमीका दिन घरको मूलढोका माथि टाँसिने नागको चित्रमा समेत खजुरो (शतपदी) को चित्र कोर्ने चलन चलेको रहेछ ।

(२) रानीमहल संवाददाता, २२ आश्विन २०७६,बुधबार :

एउटै जीवको चार सय वटासम्म खुट्टा हुने खजुरो त तपाईंहामीले चिनीरहेकै कीरा हो । यस कीरालाई अंग्रेजीमा centipede भनिन्छ । centi को अर्थ सैयौं र pede को अर्थ खुट्टा हुन्छ । अर्थात् centipede को अर्थ हुन्छ-सैयौं खुट्टाहरु भएको कीरा । साँच्चै नै, मान्छेहरुले खजुरो भन्नेबित्तिकै हजारौं खुट्टा भएको कीरा भनेर सोच्ने गर्दछन् । हुन त सामान्य खजुरोको खुट्टा हामीले सोचेजस्तो त्यतिविध्न ज्यादा चाहिँ हुँदैन । सामन्यतः हामीले देख्ने गरेको खजुरोको पन्ध्रदेखि बीस जोडा खुट्टाहरु हुन्छन् । तर यूरोपमा पाइने एक किसिमको खजुरोको चाहिँ एक सय सतहत्तर जोडा खुट्टाहरु हुन्छन् । उता दक्षिण यूरोपमा पाइने हिमानटटम् गेबियलिस नाम गरेको खजुरोको त १७१ देखि १७७ जोडासम्म खुट्टाहरु हुन्टन् । अझ केही प्रजातिका खजुरोहरुको त २०० जोरसम्म पनि खुट्टा हुन्छन् ।

शतपदी (तस्बिर श्रोत : पेयर डी अमरकोश)

यूरोपमै अर्कोथरि खजुरो पाइन्छ जसको नाम स्कुटिगेरा कोलियोप्ट्राटा (Scutigera coleoptrata) हो । १५ जोडीसम्म खुट्टा हुने यो खजुरो सबैभन्दा छिटो हिँड्ने खजुरो मानिन्छ । यो खजुरोले प्रतिघण्टा १.८ किलोमिटर दुरी पार गर्न सक्दछ । खजुराको शरीरको लम्बाई त्युको जात अनुसार फरक फरक हुन्छ । सामन्यतः एउटा खजुरोको लम्बाई दुईदेखि सत्ताईस सेन्टिमिटरसम्म पनि हुन्छ । सबैभन्दा ठूलो खजुरो चाहिँ बंगालको खाडीस्थित अण्डमान द्वीप-समूहहरुमा पाइने स्कोलोपेन्ड्रा मोरसीटान्सको एक जाति हो ।

गिनेस बुक अफ वर्ल्ड रेकर्डसमा उल्लेख भएको पछिल्लो रेकर्ड अनुसार पेरुभियन जाइन्ट एल्लो लेग सेन्टिपेड (Scolopendra gigantea) सेन्टिपेड हो । १० इञ्च आकारको यो खजुरो भेनेजुएलामा फेला परेको थियो । यो खजुरोले मुसा, छेपारो, भ्यागुतो र चमेरासमेतलाई आफ्नो आहारा बनाउने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

त्यसैगरी, सबैभन्दा सानो खजुरो चाहिँ हफम्यान्स ड्वार्फ सेन्टिपेड (Nannarrup hoffmani) हो । १०.३ मिलिमिटर (०.४ इन्च) लामो यो खजुरोको ४१ जोडा खुट्टाहरु हुन्छन् । यो कीरा अँध्यारो र ओसिलो जमीनमा बस्न रुचाउँदछ । यो कीरा सूर्यको प्रकाशबाट सधैं बच्न खोच्दछ, किनभने सूर्यको प्रकाशले यसको शरीरलाई सुख्खा तुल्याइदिन्छ । शरीर सुख्खा भयो भने यो कीरा बाँच्न सक्दैन । खजुरो मूलतः उत्तर अमेरिका, मध्य अमेरिका, दक्षिण अमेरिका, यूरोप र एशियामा पाइन्छ ।

खजुरोको बारेमा सबैभन्दा रोचक कुरा त के छ भने, यो जीव डायनोसरभन्दा पनि पुरानो जीव मानिन्छ । वैज्ञानिकहरुका अनुसार, आजभन्दा करीब ४०० मिलियन वर्ष अगाडिदेखि नै यस संसारमा यो जीवको अस्तित्व थियो । वैज्ञानिकहरुका अनुसार प्राचीन कालमा खजुरो अहिलेको खजुरोको तुलनामा अत्यन्तै विशाल आकारको हुन्थ्यो । उनीहरुको अनुमानमा त्यसबेलाको खजुरो ६.५ फिटसम्म लामो हुन्थ्यो । खजुरोको बारेमा एउटा रोचक अन्धविश्वास हिन्दु धर्मावलम्बीहरुमा रहेको पाइन्छ । यसअनुसार, उहिले इन्द्र भगवानका छोरालाई खजुरोले टोकेर मारिदिएको थियो । त्यसैले वर्षाको बेलामा इन्द्र भगवानले खोजीखोजी खजुरोमाथि ब्रज प्रहार गर्ने गर्दछन् । यही कारण वर्षाको बेलामा चटयाङ परेको बेलामा ठूला रुखहरुमुनि बस्नु हुँदैन, किनभने, त्यस्तो रुखमा खजुरो हुन्छ र त्यहाँ इन्द्रले बज्र प्रहार गर्दछन् ।

खजुरो (तस्बिर श्रोत : हाम्रो आफ्नै परम्परा कृषिको फेसबुक पेज)

यो कुरा पूरै अन्धविश्वास भएपनि त्यहाँ दुईवटा कुरा चाहिँ अवश्य सत्य छन् । त्यो हो-खजुरो विषालु हुन्छ । दोस्रो वर्षाको बेलामा ठूलोठूलो रुखको मुनि ओत लाग्नु हुँदैन, किनभने, त्यस्ता रुखमा चटचाङ्ग पर्ने सम्भावना बेसी रहन्छ । खजुरो विषालु कीराको वर्गभित्र पर्दछ । तर सामान्यतः यो कीरा एकान्तप्रिय हुन्छ । जब यसलाई चलाइन्छ, तब मात्र यसले टोक्दछ । तर यो मान्छेको लागि प्राणघातक चाहिँ हुँदैन । सामान्य खजुरोको टोकाइ एउटा मौरीको टोकाइजत्तिकै पीडादायी र विषालु हुन्छ । तर कतिपय जंगली प्रजातिको खजुरोको टोकाइले चाहिँ हामीलाई अस्पताल नै जानुपर्ने पनि बनाइदिन सक्दछ ।

एउटा कुरा के सत्य हो भने खजुरोले मानिसलाई आक्रमण गर्दैन । तर त्यसलाई चलाइयो भने र त्यसले टोक्न सक्दछ । सबै खजुरोले आफ्नो शिकारलाई मार्न विषको प्रयोग गर्ने गर्दछन् । त्यसैले मानिसलाई टोकेको खण्डमा खजुरो जति ठूलो हुन्छ, त्यति नै बढी पीडादायी हुने गर्दछ ।

रोचक कुरा के छ भने एउटा खजुरोले आफूभन्दा १५ गुना ठूलो शिकारलाई पनि पक्रन र मार्न सक्दछ । यसको विषले छेपारो, साङ्लो, मुसा, सर्प र अरु ससाना जनावरहरुलाई समेत पक्षाघात तुल्याइदिन सक्दछ । यसले टोकेपछि टोकिएको कीरा फटयाङ्ग्रा वा प्राणीहरुमा मुटु, श्वासप्रश्वास, स्नायुप्रणालीमा गडबढी आउने र शिकारलाई पक्षघात नै पनि हुने गर्दछ । टोकेको ३० सेकेन्डभित्रमै यी सब असरहरु भइसक्दछन् । यही कारण नै हो, एउटा खजुरोले आफूभन्दा १५ गुना ठूलो शिकारलाई पनि पक्रन र खान सक्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

खजुरोले आफ्नो जूंगा (antennae) को मद्दतले शिकार पत्ता लगाउँदछ । एन्टेनाकै छेउमा रहेको खजुरोको अघिल्लो एक जोडा खुट्टाले चाहिँ हतियारको काम गर्दछ । यसले त्यो जोडा खुट्टाले आफ्नो शिकार समात्दछ । यो खुट्टा खजुरोको विषग्रन्थीसँग जोडिएको हुन्छ । तयही खुट्टाको मद्दतले यसले आफ्नो शिकारमा विष छोड्दछ र पक्राउ परेको शिकारलाई मारिदिन्छ ।

खजुरोको सबैभन्दा प्रिय भोजन सांग्लेकीरा हो । हाम्रो घरआँगनमा पाइने हानिकारक कीराहरु यसको मुख्य आहार भएकोले यस कीराले नजानिँदो किसिमले मान्छेलाई सहायता गरिरहेको हुन्छ । त्यसैले प्रकृतिविद्हरु यस कीरालाई मान्छेको शत्रु हैन, मित्रको रुपमा लिने गर्दछन् र यसलाई नमार्ने सल्लाह दिन्छन् ।

कर्णनाद (कान गुञ्जने रोग)
(Tinitus)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

कर्णस्रोतः स्थिते वाते शृणोति विविधान् स्वरान्। भेरीमृदङ्गशङ्खानां कर्णनादः स उच्यते॥

जब कानमा गएर विकृत वायु बस्दछ तब रोगीले भेरी, मादल र शङ्ख जस्ता अनेक स्वर सुन्दछ । यस्तो रोगलाई कर्णनाद भनिन्छ ।

(ख) सुश्रुत संहिता :

यदा तु नाडीषु विमार्गमागतः स एव शब्दाभिवहासु तिष्ठति ।
शृणोति शब्दान् विविधांस्तदा नरः प्रणादमेनं कथयन्ति चामयम्॥

जब कर्णशूल रोग निकाल्ने वायु उल्टो बाटो हुँदै आएर शब्द वसारपसार गर्ने नसामा पुग्दछ तब मानिस अनेक प्रकारका शब्दहरू सुन्न थाल्दछ । यो रोगलाई "कर्णप्रणाद" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्णपाक (कान पाक्ने रोग)
(Suppuration of the ear)

प्राचीन ग्रन्थका वचन :

(क) भावप्रकाश संहिता, माधव निदान :

कर्णपाकस्तु पित्तेन कोथविक्लेदकृद्भवेत् ।

पित्तविकार बलियो भई कानमा आएको विद्रधि पाकेर वा कानमा पानी भरिएर सडी पीडा दिने खालको रोगलाई कर्णपाक (कानपाक्ने) रोग भनिन्छ ।

(ख) सुश्रुत संहिता :

भवेत् प्रपाकः खलु पित्तकोपतो विकोथविक्लेदकरश्च कर्णयोः ।

पित्तविकारका कारण कान सडी पानी बग्ने गर्दछ । यसलाई "कर्णपाक" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्णप्रतिनाह (कानको रोगविशेष)
(Stoppage in the ear, suppression of secretion)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

स कर्णगूथो द्रवतां गतो यदा विलायितो घ्राणमुखं प्रपद्यते ।
तदा स कर्णप्रतिनाहसञ्ज्ञितो भवेद्विकारः शिरसोऽर्धभेदकृत् ॥

जब कर्णगूथक (कानेगुजी) पग्लन्छ र त्यहाँबाट हराएर नाक र मुखतिर आउँदछ तब यसलाई कर्णप्रतिनाह भनिन्छ । यो रोगमा अधा दुख्दछ ।

(ख) सुश्रुत संहिता :

स कर्णविट्को द्रवतां यदा गतो विलायितो घ्राणमुखं प्रपद्यते ।
तदा स कर्णप्रतिनाहसंज्ञितो भवेद्विकारः शिरसोऽभितापनः ॥

जब कानको कानेगुजी पग्लेर तरल बनी नाक र मुखतिर आउँदछ, तब यसलाई कर्णप्रतिनाह भनिन्छ । यो रोगले पूरै टाउको दुखाउँदछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्णमूलक-ज्वर
(Mumps)

(क) माधव निदान, परिशिष्ट :

पूर्वं भवेदेकतरे हि पार्श्वे कर्णस्य शोथो ज्वरकृद्रुजावान् ।
ततो द्वितीयेऽनुपदं भिषग्वरैर्गदः स उक्तो भुवि कर्णमूलिकः ॥
अस्मिन् रोगे कर्णमूलस्थिता वा जिह्वाऽधःस्था ग्रन्थयोऽधोहनुस्थाः ।
नूनं शूयन्ते ततः पञ्चभिर्वा षड्भिर्घस्रैरेव शान्तिं प्रयाति ॥
पुंसो भूयो मुष्कयोर्वै रुजाऽथो शोथो जायेत क्वचित् षेषितस्तु ।
योनौ वक्षोजातयोस्तौ दशाहात् प्रायः शाम्यन्त्यत्र सर्वे विकाराः ॥
अयं ज्वरो वातकफोद्भवस्तथा विशेषतो जानपदः प्रदृश्यते ।
प्रवर्त्तते प्रायशः एव यूनां किंवा शिशूनां ननु कर्णमूलिकः ॥

यो जरो आउँदा सर्वप्रथम कुनै पनि कोखो र कानको जरामा दुख्ने किसिमको सुजन हुन्छ । पुनः अर्कोतिरको कानको जरामा पनि सुजन हुन्छ । यसैले यसलाई वैद्यजनले कर्णमूलिक ज्वर भन्ने नाम दिएका हुन् । यो रोगमा कानको जरामा वा जिभ्रोको तलतिर वा तल्लो च्यापुमा हुने रालका ग्रन्थिहरू सुन्निन्छन् । यो जरो पाँच वा छ दिनमा आफैं शान्त हुन्छ । पछि कहिले काहीँ पुरुषका अण्डकोश तथा स्त्रीका योनि र स्तनहरूमा पनि पीडा र सुजन हुने गर्दछ । यो रोगमा प्रायः दश दिन भित्र रोगका सबै विकार नाश हुने गर्दछन् । यो जरो वातविकार र कफविकारका कारण आउने गर्दछ र प्रायः शहरी क्षेत्रमा बस्ने मानिसलाई हुन्छ । यो जरो धेरैजसो जवान र बालकलाई आउने गरेको देखिएको छ ।

कर्णविद्रधि (कानको रोगविशेष)
(Ulceration of the ear)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

क्षताभिघातप्रभवस्तु विद्रधिर्भवेत्तथा दोषकृतोऽपरः पुनः ।
सरक्तपीतारुणमस्रमास्रवेत् प्रतोदधूमायनदाहचोषवान् ॥

कानमा घाउले वा वात आदि दोषले विद्रधि हुने गर्दछ । यिमध्ये रातो, पहेँलो र अरुण वर्णको रगत वा पीप बहने गर्दछ, कान सियोले घोचे जसरी दुख्दछ, कानबाट धुवाँजस्तो निस्कन्छ, डाह हुन्छ र कसैले कान बेस्सरी चुसिरहेको जसरी दुख्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्णशूल (कानको शूल)
(Otalgia or Earache)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

समीरणः श्रोत्रगतोऽन्यथाचरन् समन्ततः शूलमतीव कर्णयोः ।
करोति दोषैश्च यथास्वमावृतः स कर्णशूलः कथितो दुराचरः ॥

आ-आफ्ना कारणले दूषित भएका वात आदि दोषले ढाकिएर जब वायु उल्टो गतिले कानमा पुग्दछ तब कडा शूल उत्पन्न गर्दछ । यो कठिनतापूर्वक निको हुने रोगलाई कर्णशूल भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्णसंस्राव (कानको रोगविशेष)
(Otorrhoea)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

शिरोऽभिघातादथवा निमज्जतो जले प्रपाका(ता)दथवाऽपि विद्रधेः ।
स्रवेद्धि (त्तु) पूयं श्रवणोऽनिलार्दितः (वृतः) स कर्णसंस्राव इति प्रकीर्त्तितः ॥

टाउकामा चोटपटक लाग्नाले, पानीमा डुब्नाले वा कानको विद्रधि पाक्नाले वायुविकारजन्य पीडा सहित कानबाट पीप (वा रगत वा गनाउने पानी) बहन्छ । यसलाई "कर्णसंस्राव" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्णस्फोटा (कनफोडा)
(Ballon Vine)

परिभाषा :

(क) के.यन.स्वामी : (१) श्रुतिस्फोटा, स्फोटलता : कनफोडा नामको लहरोविशेष । (२) चन्द्रिका : मोगरबेली ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : यसलाई ल्याटिन भाषामा *Cardiospermum halicacabum* Linn.भनिन्छ ।

(ग) इण्डियाबायोडाइभर्सिटीडटओआरजीमा यसको नेपाली नाम ज्योतिष्मती भनी दिइएको छ । यसको अंग्रेजी नाम Ballon plant वा Ballon vine हो ।

(घ) फर्माकोपिया : कर्णस्फोटा Sapindaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Cardiospermum halicacabum* Linn. हो । अंग्रेजीमा यसलाई Ballon Vine, Heart's Pea भनिन्छ । संस्कृत नाम काकमर्दनिका, काकतिक्ता हो । ओखतीका लागि यसको बीज १-२ ग्राम तथा जरा १-३ ग्रामसम्म एक मात्रामा प्रयोग हुन्छ ।

Cardiospermum halicacabum, Source : Monish Kumar Thapa

सङ्कलन : मोहन प्र

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

कर्णस्फोटा श्रुतिस्फोटा त्रिपुटा कृष्णतण्डुला । चित्रपर्णी स्फोटलता चन्द्रिका चार्धचन्द्रिका ॥
कर्णस्फोटा कटुस्तिक्ता हिमा सर्वविषापहा । ग्रहभूतादिदोषघ्नी सर्वव्याधिविनाशिनी ॥

कर्णस्फोटा, श्रुतिस्फोटा, त्रिपुटा, कृष्णतण्डुला, चित्रपर्णी, स्फोटलता, चन्द्रिका र अर्धचन्द्रिका : यी कनफोडाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो, शीतवीर्यको र सबैखालका विषविकार नाशक हुन्छ । यसले ग्रहबाधा, भूतबाधा आदि जस्ता दोष र सबै खालका रोग नाश गर्दछ ।

कार्णिक (सान्निपातज्वरविशेष)
(A kind of fever)

(क) **भावप्रकाश संहिता, माधव निदान (परिशिष्ट) :**

दोषत्रयेण जनितः किल कर्णमूले तीव्रा ज्वरे भवति तु श्वयथुर्व्यथा च ।
कण्ठग्रहो बधिरता श्वसनं प्रलापः प्रस्वेदमोहदहनानि च कर्णिकाख्ये ॥

जुन जरोमा तीन दोषले विकृत भएका कारण रोगीका कानका जरामा सुजन सहितको पीडा हुन्छ, घाँटी अवरुद्ध हुन्छ, कान सुन्न छाड्दछ, दम निस्कन्छ, बरबराउँदछ, धेरै पसिना आउँदछ, मोह र डाह हुन्छ, त्यसलाई “कर्णिक” सन्निपात भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्णिकार (काठे चाँप)
(A kind of flower)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : यो काठे चाँप हो ।

(ख) के.यन.शर्मा : (१) कर्णिकार : काठे चाँपो । (२) कर्णिकारम् : सुगन्ध बिलकुल नभएको काँक्रि (काठे ?) चाँपको फूल । (३) परिव्याध : काठे चाँपो ।

काँठि चम्पा (तस्बिर श्रोत : एग्रिटेक नेपाल)

(ग) नेपाली बृहत् शब्दकोश : (१) काठे चाँप : पहेँलो फूल फुल्ने, राता गेडाका झुप्पा लाग्ने, सेतो काठ हुने एक जातको चाँप; वनचाँप । (२) वन चम्पक : बनचाँप; काठे चाँप । (३) कर्णिकार : ल्वाङका आकारको बास्नादार फूल फुल्ने सानो रूख; कनकचम्पा; काँढे चाँप ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसका पहिचानका सम्बन्धमा मतभेद छ । कसैले *Erythrina indica* लाई, कसैले *Abroma augusta* लाई, कसैले *Pterospermum acerifolium* लाई अनि कसैले *Pterospermum suberifolium* लाई कर्णिकार मानेका छन् ।

(ङ) पेयर डी अमरकोश : यो पहिचान हुन नसकेको वनस्पति हो । कसैले *Pterospermum acerifolium* (L.) Willd. लाई कर्णिकार मानेका छन् ।

(च) हिन्दी विश्वकोश : कर्णिं भेदनं करोति । कनकचम्पा ।

(छ) हलायुध कोष : वृक्षविशेष ।

(ज) अष्टाङ्गहृदयकोष : सानो जातको राजवृक्ष । कनकचम्पा । रुखकमलविशेष ।

(छ) राज निघण्टुका अंग्रेजी टीकाकार डा.साङ्ग्यधर : यो सानो जातको राजवृक्ष हो ।

(ज) निघण्टुशेषमा द्रुमोत्पल र परिव्याधको अर्थ करवीर तथा कर्णिकारको अर्थ बास्ना नआउने करवीर भनिएको छ । यहाँ लोकमा यसलाई कणयर भनिन्छ भनेको पाइन्छ । कणयरको अर्थ करवीर भनी दिइएको छ ।

(झ) शालिग्राम वैद्य : यसको रूख प्रायः पर्वत र वनतिर पाइन्छ । पलाँशका जस्तै पात हुन्छन् । राता अत्यन्त मनोहर फूल फुल्दछन् ।

परिभाषाहरू केलाउँदा यसको स्पष्ट पहिचान हुन बाँकी रहेको देखिन्छ ।

संस्कृत पर्यायवाची शब्दहरू :

(क) अमरकोश :

..द्रुमोत्पलः । कर्णिकारः परिव्याधे...।

द्रुमोत्पल, कर्णिकार र परिव्याध : यी काठेचाँपका नाम हुन् ।

(ख) भावप्रकाश निघण्टु :

कर्णिकारः परिव्याधः पादपोत्पल इत्यपि॥
कर्णिकारः कटुस्तिक्तस्तुवरो शोधनो लघुः । रञ्जनः सुखदः शोथश्लेष्मास्रव्रणकुष्ठजित्॥

कर्णिकार, परिव्याध र पादपोत्पल : यी काठे चाँपका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो र टर्रो हुन्छ । यसले पेट सफा गर्दछ । यो पचाउन हलुका हुन्छ । यसले रङाउने पदार्थ र सुख दिन्छ तथा सुजन, कफविकार, रक्तविकार, घाउखटिरा र कुष्ठ नाश गर्दछ ।

द्रुमोत्पलः । Pterospermum acerifolium (L.) Willd.
[Bildquelle: The Botanical Magazine 1803 / Wikimedia. -- Public domain]

कर्पूर (कपुर)
(Camphor)

परिभाषा :

(क) **कुलचन्द्र शर्मा :** कर्पूर, घनसार आदि भनेको कपुर हो ।

(ख) **नेपाली बृहत् शब्दकोश :** (१) कपुर : सिन्नामोनम क्याम्फोरा नामक वृक्ष अथवा उक्त वृक्षबाट प्राप्त हुने स्फटिकझैं पारदर्शक, उडनधर्मी औषधी, पूजनकार्यमा बालिने बत्ती आदिका रूपमा प्रयोगमा आउने पदार्थ; कपूर; मल; मृगाङ्क; रजनीकर; रसकेसर; विधु; शीतकर; सुधांशु; हिमांशु; अम्बुज; इन्दु; घनरस । (२) भीमसेनी कपूर : कपूरका विभिन्न प्रकारमध्ये एक किसिमको असल कपूर । (३) तुषार : एक प्रकारको कपूर; चिनियाँकपूर ।

कपुरको रूख (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(ग) **भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर :** यसलाई अंग्रेजीमा Camphor वा Borneo Camphor तथा ल्याटिन भाषामा *Camphora* भनिन्छ । यो वृक्ष वा भीमसेनी , चिनिया वा जापानी, पत्री वा नागी र कृत्रिम गरी चार किसिमको हुन्छ ।

(ङ) **आचार्य बालकृष्ण :** यसको वानस्पतिक नाम *Cinnamomum camphora* (Linn.) J. Pres. हो । यसलाई अंग्रेजीमा Camphor laurel वा Camphor Tree पनि भनिन्छ ।

(च) **शालिग्राम वैद्य :** कपुरको रूख चीन र जापानमा हुन्छ । यो तेजपातकै जातमा गणना हुन्छ । यसको हाँगामा हुने बोक्रा बाहिर खस्रो र भित्र चिल्लो हुन्छ । यसमा मञ्जरी लाग्दछ । फल केराउ जस्ता हुन्छन् । फलको बीजबाट कपुर जस्तो सुगन्ध आउँदछ । यो रूखको बोक्रा खुर्कनाले दूध निस्कन्छ । त्यही दूधबाट (पनि) कपुर बनाइन्छ । कपुरका भीमसेनी, पिञ्ज, पोतास, हिम, सित, पांशु, ईशावास, अब्दसार, जूतिका, तुषार, पत्रिकारूप, शीतल, पर्णकपूर आदि अनेक जात हुन्छन् । अन्य चिनीया कपुर र कृत्रिम कपुर पनि हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

कर्पूरोऽभ्रः स्फटिकस्तुहिनो हिमवालुको हिमश्शीतः ।
चन्द्राभिधानवाच्यः कवची कार्षश्च घनसारः॥
द्राविलः शीतलरजो वेधमुख्यश्च दुर्लभः । शतवेधी गन्धमूलो लपनेष्टश्च कथ्यते॥

कर्पूर, अभ्र, स्फटिक, तुहिन, हिमवालुक, हिमश्शीत, चन्द्रमाका पर्यायवाची शब्द, कवची, कार्ष, घनसार, द्राविल, शीतलरज, वेधमुख्य, दुर्लभ, शतवेधी, गन्धमूल र लपनेष्ट : यी कपुरका पर्यायवाची नाम हुन् ।

(ख) **अभिधान रत्नमाला :**

घनसारस्तु कर्पूरं चन्द्राह्वं हिमबालुकम् ।

घनसार, कर्पूर, चन्द्रमाका पर्यायवाची शब्द र हिमबालुक : यी कपुरका पर्यायवाची नाम हुन् ।

(ग) **अमरकोश :**

कपुरको हाँगा (तस्विर श्रोतः ईंटीयसवाई डटकम)

...कर्पूरमस्त्रियाम् । घनसारश्चन्द्रसंज्ञः सिताभ्रो हिमवालुका ।

कर्पूर, घनसार, चन्द्र, सिताभ्र (सिताभ) र हिमवालुकाः यी कपुरका पर्यायवाची नाम हुन् ।

(घ) **अष्टाङ्ग निघण्टु :**

घनसारो हिमराजः कर्पूरं हिमनामकम् ।

घनसार, हिमराज, कर्पूर र हिमनामक : यी कपुरका पर्यायवाची नाम हुन् ।

(ङ) **आयुर्वेद महोदधि :**

तीक्ष्णोष्णः परिणामशीतलतरः कण्डूप्रमेहापहो
नानास्रावजलाधिकः कृमिहरसतृड्दाहपाकं जयेत् ।
श्लेष्मघ्नश्च गलग्रहापहरणः संसुप्तजिह्वाग्रजित्
कर्पूरः खलु दिव्यसौरवगुणः पोताश्रयः स्फाटिकः ॥

अलौकिक सुगन्ध भएको, स्फटिक जस्तो सेतो "पोताश्रय" नामक कपूर तिक्खर, तातो, परिणाममा अति शीतल, शरीर चिलाउने रोग नाशक, प्रमेह नाशक, रस आदि र पानी धेर निकाल्दछ, किरा नाश गर्दछ, तिर्खा, डाह र कमजोर मुख पाक्ने रोगलाई भगाउँदछ । कफनाश गर्दछ । गलगाँड (वा घाँटी बन्ने रोग) ठिक गर्दछ । लाटो भएको जिभ्रोको टुप्पोलाई ठिक गर्दछ ।

गलग्रहे सुप्तजिह्वे नानास्रावजलाधिके । श्लेष्ममेहकृमीन् हन्ति कर्पूरो भास्करोऽपरः ॥

घाँटी बस्दा, जिब्रोको टुप्पो लाटिँदा, रस बगिरहँदा वा पानी धेर हुँदा अर्को एकथरी "भास्कर" नामको कपूर फाइदाजनक हुन्छ । यसले कफ, प्रमेह र किरा पनि नाश गर्दछ ।

कर्पूरः कफसम्भेदी तीक्ष्णोष्णः शीतलः परः । प्रमेहतृड्विदाहघ्नो लक्ष्मीसौभाग्यवर्धनः ॥

कपूरले कफ नाश गर्दछ, तिक्खर हुन्छ, तातो र अति नै शीतल गर्ने हुन्छ । यसले प्रमेह, तिर्खा र विदाह नाश गर्दछ । शोभा र सौभाग्य वृद्धि गर्दछ ।

(च) **कैयदेव निघण्टु :**

कपूरको रूख (तस्बिर श्रोत : प्रेअर डी अमरकोश)

कर्पूरो हिमचन्द्राख्यो भूतिको हिमवालुकः ।
शीताभ्रः शीतलरजो घनसारो हिमोपलः ॥
मुक्ताफलं तु राजार्हः स्फटिकः स्फटिकोपलः । कर्पूरो मधुरस्तिक्तः सुरभिः शीतलो लघुः ॥
चक्षुष्यो लेखनो वृष्यः कफमेदोविषापहः । दाहतृष्णास्यवैरस्यमलदौर्गन्ध्यनाशनः ॥

कर्पूर, हिमचन्द्राख्य, भूतिक, हिमवालुक, शीताभ्र, शीतलरज, घनसार, हिमोपल, मुक्ताफल, राजार्ह, स्फटिक र स्फटिकोपल : यी कपुरका पर्यायवाची नाम हुन् । कपुर गुलियो, तितो, सुगन्धी, शीतवीर्यको, पचाउन सहज, आँखाका लागि हितकर, लेखनी, वीर्यवर्धक तथा कफविकार, बोसोविकार, विषविकार, डाह, तिर्खा, मुखको स्वादहिनता, मल र दुर्गन्ध नाश गर्ने गुणको हुन्छ ।

ईशावासो हिमसञ्ज्ञः पोताश्रय इति त्रिधा । अपक्वे कथ्यते भेदः कर्पूरे तु भिषग्वरैः ॥
ईशावासो भृशं श्वेतो हिमसञ्ज्ञस्तु पाण्डुरः । श्वेतः पोताश्रयः सर्वे रसवीर्यविपाकतः ॥
प्रभावेनापि ते प्रोक्ता पूर्वे पूर्वे गुणाधिकाः । तत्रापि यो नचक्षुः स्यात् स्फटिकाभः स उत्तमः ॥

श्रेष्ठ वैद्यजनले ईशावास, हिम र पोताश्रय गरी तीन प्रकारका काँचो कपुर हुन्छन् भनी बताएका छन् । ईशावास अति सेतो हुन्छ । हिम कपुर हल्का सेतो (पाण्डुरङको) र पोताश्रय सेतो हुन्छ । रस, पचेपछिको रस, र वीर्यमा यी तीन कपुर क्रमशः पहिलो पहिलो बढी गुनिला हुन्छन् भनिएको छ । यिमध्ये पनि जुन कपुर स्फटिक जस्तो कपुर उत्तम हुन्छ ।

ईशावासो मदोन्मादश्रमतृष्णाङ्गदाहनुत् । कृमिकासक्षयस्वेदहरो भेदी वृषत्वकृत् ॥
तृड्दाहमोहशमनः स्वेदलः कटुको रसे ।

ईशावास कपुरले नसा, पागलपन, थकाइ, तिर्खा, शरीरको अङ्गको दुखाइ, कीरा, खोकी, क्षयरोग र पसिना नाश गर्दछ । यो भेदनी र वीर्यवर्धक हुन्छ । यसले तिर्खा, डाह र मोह नाश गर्दछ; पसिना बढाउँदछ (? विरोधाभाष) तथा पिरो हुन्छ ।

वृष्यश्च धवलः शीतः कर्पूरो हिमसञ्ज्ञकः ॥

हिमकपुर वीर्यवर्धक, सफा र शीतवीर्यको हुन्छ ।

पोताश्रयस्तु कर्पूरस्तृष्णादाहास्रपित्तनुत् । श्लेष्मघ्नः शीतलो वृष्यः सुस्वादुः कटुतिक्तकः ॥
पक्वस्तु द्विविधः प्रोक्तः सदलो निर्दलस्तथा । दृढश्च पीतवर्णश्च विशेषाल्लघुतां गतः ॥

पोताश्रय कपुर तिर्खा, डाह, पित्तविकार र कफविकार नाश गर्ने; शीतवीर्यको, वीर्यवर्धक, स्वादिलो, पिरो र तितो हुन्छ । पाकेको कपुर सदल र निर्दल गरी दुई किसिमको हुन्छ । यो गाढा वा बलियो, पहेँलो र विशेषतः पचाउन हलुका हुन्छ ।

भास्करो विशदः श्लेष्मवातघ्नोष्णश्रियावहः । कटुः कृमिघ्नः कण्डूघ्नः सरो मेदोविषापहः ॥
कासास्रावगलस्रावसुप्तजिह्वत्वनाशनः । जलस्रुतिं कृमीन् हन्ति दीपनः पित्तकोपनः ॥

कपूरको रूख (तस्बिर श्रोत : प्रेअर डी अमरकोश)

भास्करकपुर सुन्दर; कफविकार र वातविकार नाश गर्ने, उष्णवीर्यको, सौभाग्यदायक, पिरो, कीरा नाश गर्ने, चिलाउने रोग नाश गर्ने, मलमूत्रलाई तलतिर सार्ने तथा बोसोविकार, विषविकार, खोकीको (कफ) बहने, गला बहने, जिब्रोको लाटोपन, पानी बहने र कीरा नाश गर्ने गुणको हुन्छ । यो दीपनी र पित्तविकारलाई उत्तेजित पार्ने गुणको हुन्छ ।

तिक्तः शुद्धिकरो मूत्रकरश्चोन्मादकारकः । पीनसं नाशयत्येव कर्पूरः पर्णसञ्ज्ञकः ॥

पर्णकपुर तितो, शुद्ध पार्ने, पिसाब बढाउने, नसा लगाउने र पिनास नाश गर्ने गुणको हुन्छ ।

चीनाकः कृत्रिमः सर्वः कर्पूरः व्याधिनाशनः । कुष्ठकण्डूवमिहरो कृमिघ्नस्तिक्त उच्यते ॥

चीनाक कपुर कृत्रिम कपुर हो । यस्तो सबै कपुरले रोग, कुष्ठ, चिलाउने रोग, वाकवाकी कीरा नाश गर्दछ । यो कपुर तितो हुन्छ ।

(छ) धन्वन्तरि निघण्टु :

कर्पूरः शीतलरजः शीताभ्रः स्फटिको हिमः ॥ चन्द्रस्तुषारस्तुहिनः शशीन्दुर्हिमवालुकः ।
कर्पूरं कटुतिक्तं च मधुरं शिशिरं विदुः ॥ तृण्मेदोविषदोषघ्नं चक्षुष्यं मदकारकम् ।

कर्पूर, शीतलरज, शीताभ्र, स्फटिक, हिम, चन्द्र, तुषार, तुहिन, शशी, इन्दु र हिमवालुक : यी कपूरका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, गुलियो, शीतवीर्यको तथा तिर्खा, बोसोविकार र विषविकार नाशगर्ने एवं आँखाका लागि हितकर र नसा लगाउने गुणको हुन्छ ।

(ज) **निघण्टुशेष :**

कर्पूरे स्याद् घनसारो हिमाह्वो हिमवालुका । सिताभ्रः शीतलरजः स्फटिकश्चन्द्रनामकः ॥ (कल्पते कर्पूरः । घनस्येव सारोऽस्य घनसारः । हिमस्याऽऽह्वाऽस्य हिमाह्वः । शीतलत्वात्, हिमा-शीता चासौ वालुका च हिमवालुका । सिताभ्रसदृशत्वात् सिताभ्रः दन्त्यादिः । शीतलं रजोऽस्य शीतलरजः । स्फटिक इव स्फटिकः, निर्मलत्वात् । चन्द्रस्य नाम अस्य चन्द्रनामा, चन्द्रपर्याया अपि ।) ।

कपुर (तस्विर श्रोत : आरपीपूजाघर)

कर्पूर, घनसार, हिमाह्व, हिमवालुका, सिताभ्र, शीतलरज, स्फटिक र चन्द्रमाका पर्यायवाची नाम : यी कपुरका पर्यायवाची नाम हुन् ।

(झ) **पर्याय रत्नमाला :**

सङ्कलन : मोहन प्रसाद

घनसारश्च कर्पूरं सोमसञ्ज्ञं सिताभ्रकम् ।

घनसार, कर्पूर, चन्द्रमाका पर्याय र सिताभ्रक : यी कपुरका पर्यायवाची नाम हुन् ।

(ञ) **भावप्रकाश निघण्टु :**

पुंसि क्लीबे च कर्पूरः सिताभ्रो हिमवालुकः । घनसारश्चन्द्रसंज्ञो हिमनामाऽपि स स्मृतः ॥
कर्पूरः शीतलो वृष्यश्चक्षुष्यो लेखनो लघुः । सुरभिर्मधुरस्तिक्तः कफपित्तविषापहः ॥
दाहतृष्णाऽस्यवैरस्यमेदोदौर्गन्ध्यनाशनः । कर्पूरो द्विविधः प्रोक्तः पक्वापक्वप्रभेदतः ॥
पक्वात्कर्पूरतः प्राहुरपक्वं गुणवत्तरम् ।

कर्पूर शब्द पुंलिङ्ग र नपुंसक लिङ्गमा प्रयोग हुन्छ । सिताभ्र, हिमवालुक, घनसार, चन्द्रमा र चन्द्रमालाई बुझाउने शब्द तथा हिम र हिमलाई बुझाउने शब्द : यी कपूरका संस्कृत पर्यायवाची नामहरू हुन् । कपूर शीतल गर्ने, वीर्यवर्धक, आँखाका लागि लाभदायक, लेखनी, पचाउन हलुका, सुगन्धयुक्त तथा गुलियो र तीतो स्वादको हुन्छ । यसले कफविकार, पित्तविकार, विषविकार, डाह, तिर्खा, मुखको बिग्रेको स्वाद, बोसोविकार र दुर्गन्ध नाश गर्दछ । कपूर पक्व र अपक्व गरी दुई किसिमको हुन्छ । पक्वभन्दा अपक्व कपूर धेरै गुनिलो हुन्छ भनी वैद्यहरूले बताएका छन् ।

चीनाकसंज्ञः कर्पूरः कफक्षयकरः स्मृतः ॥ कुष्ठकण्डूवमिहरस्तथा तिक्तरसश्च सः ।

चीनिया कपूरलाई संस्कृतमा चीनाक भनिन्छ । यसले कफविकार, कुष्ठ, लुतो र वाकवाकी नाश गर्दछ । यो तीतो हुन्छ ।

(ट) **मदनपाल निघण्टु :**

कर्पूरः स्फटिकश्चन्द्रः सिताभ्रो हिमवालुकः । हिमोपलः शीतरजो भूतिकस्तु हिमाह्वयः ॥
हिमाभ्रो घनसारश्च चन्द्राह्वश्चापि गीयते ॥

कर्पूर, स्फटिक, चन्द्र, सिताभ्र, हिमवालुक, हिमोपल, शीतरज, भूतिक, हिमाह्वय, हिमाभ्र, घनसार र चन्द्राह्व : यी कपुरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कर्पूरः शीतलो वृष्यश्चक्षुष्यो लेखनो लघुः । कफदाहास्यवैरस्यमेदः शोथविषापहः ॥

कपुरले शीतल गर्दछ । यो वीर्यवर्धक, आँखाका लागि हितकर, लेखनी, पचाउन सहज तथा कफविकार, डाह, मुखको निरसता, बोसोविकार, सुजन र विषविकार नाशक हुन्छ ।

(ठ) **माधव द्रव्यगुण :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

कर्पूरः शीतलः स्पर्शे चक्षुष्यः कफनाशनः । पक्वात्कर्पूरतः प्राहुरपक्वं गुणवत्तरम् ॥
तत्रापि स्याद्यदक्षुद्रं स्फटिकाभं तदुत्तमम् । पक्वं च सदलं स्निग्धं हरितद्युति चोत्तमम् ॥
भङ्गे मनागपि न चेन्निपतन्ति कणास्ततः । कफदाहास्यवैरस्यमेदःशोथविषापहा ॥

कपुर छुँदा शीतल हुने, आँखाका लागि हितकर र कफविकार नाश गर्ने गुणको हुन्छ । पाकेको वा पकाइएको कपुरभन्दा काँचो कपुर बढी गुनिलो हुन्छ । त्यसमा पनि सानो र स्फटिक जस्तो कपुर उत्तम हुन्छ । पाकेको कपुरमा सदल, चिल्लो र हरियो चमक आउने कपुर उत्तम हुन्छ । माड्दा पनि धुलो ननिस्कने यस्तो कपुरले कफविकार, डाह, मुखको स्वादहीनता, बोसोविकार, सुजन र विषविकार नाश गर्दछ ।

(ड) **राज निघण्टु :**

कर्पूरो घनसारकः सितकरः शीतः शशाङ्कः शिला-
शीतांशुर्हिमवालुका हिमकरः शीतप्रभः शाम्भवः ।
शुभ्रांशुः स्फटिकाभ्रसारमिहिकाताराभ्रचन्द्रेन्दव-
श्चन्द्रालोकतुषारगौरकुमुदान्येकादशाह्वा द्विशः ॥
पीतासो भीमसेनस्तदनु सितकरः शङ्करावाससञ्ज्ञः

प्रांशुः पिञ्जोऽब्दसारस्तदनु हिमयुता वालुका जूटिका च ।
पश्चादस्यास्तुषारस्तदुपरि सहिमः शीतलः पक्विकाऽन्या
कर्पूरस्येति भेदा गुणरसमहसां वैद्यदृश्येन दृश्याः॥
कर्पूरो शिशिरस्तिक्तः स्निग्धश्चोष्णोऽस्रदाहदः । चिरस्थो दाहदोषघ्नः स धौतः शुभकृत् परः॥

(१) कर्पूर, (२) घनसारक, (३) सितकर, (४) शीत, (५) शशाङ्क, (६) शिला, (७) शीतांशु, (८) हिम, (९) वालुका (हिमवालुका), (१०) हिमकर, (११) शीतप्रभ, (१२) शाम्भव, (१३) शुभ्रांशु, (१४) स्फटिक, (१५) अभ्रसार, (१६) मिहिका, (१७) ताराभ्र, (१८) चन्द्र, (१९) इन्दु, (२०) चन्द्रालोक, (२१) तुषारगौर र (२२) कुमुद : यी बाईस नाम कपूरका संस्कृत पर्यायवाची नामहरू हुन् । पीतास, भीमसेन, सितकर, शङ्करावास, प्रांशु, पिञ्ज, अब्दसार, हिमयुता, वालुका, जूटिका, तुषार, हिम, शीतल र पक्विका : यी कपूरका जातहरू हुन् । यी भेद रस, गुण र वीर्य अनुसारका हुन्छन् त्यसैले वैद्यले आफ्नो बुद्धि लगाएर होसियारीपूर्वक यिनको प्रयोग गर्नुपर्दछ । ताजा कपूर तीतो, चिल्लो, उष्णवीर्यको तथा रक्तविकार र डाह गराउने गुणको हुन्छ । पुरानो कपूर डाह नाश हुन्छ । राम्ररी धोइएको (प्रशोधन गरिएको) कपूर अत्यन्त शुभदायक हुन्छ ।

शिरो मध्यं तलं चेति कर्पूरस्त्रिविधः स्मृतः । शिरस्तम्भाग्रसञ्जातं मध्यं पर्णतले तलम्॥
भास्वद्विशदपुलकं शिरोजातं तु मध्यमम् । सामान्यपुलकं स्वच्छं तले चूर्णं तु गौरकम्॥
स्तम्भगर्भस्थितं श्रेष्ठं स्तम्भबाह्ये च मध्यमम् । स्वच्छमीषत् हरिद्राभं शुभ्रं तन्मध्यमं स्मृतम्॥
सुदृढं शुभ्ररूक्षं च पुलकं बाह्यजं वदेत्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

शिर, मध्य र तल गरी कपूर तीन किसिमको हुन्छ । काण्डको माथ्लो भागमा हुने कपुरलाई शिर, काण्डको बीच भागमा हुने कपुरलाई मध्य र पातभन्दा मुनि हुने कपुरलाई तल भनिन्छ । जुन कपुर स्वच्छ, हल्का पहेँलो रङ मिसिएको सेतो हुन्छ त्यसलाई मध्य भनिन्छ । बाहिरी भागमा हुने कपुरलाई बाह्यज भनिन्छ । यो कपर कडा, सेतो र रुखो हुन्छ ।

स्वच्छं भृङ्गारपत्रं लघुतरविशदं तोलने तिक्तकञ्चेत्
स्वादे शैत्यं सुहृद्यं बहलपरिमलामोदसौरभ्यदायि ।
निःस्नेहं दार्ढ्यपत्रं शुभतरमिति चेत् राजयोग्यं प्रशस्तं
कर्पूरं चान्यथा चेद्बहुतरमशने स्फोटदायि व्रणाय॥

कपुर स्वच्छ, भृङ्गराजका पात जस्ता सेता टुक्रा भएको र हलुका हुनु पर्दछ । यो तीतो, चिसो वा शीतवीर्यको, मुटुका लागि हितकर तथा उत्साहजनक ढङ्गले बास्ना आउने हुन्छ । चिल्लोरहित र बलियो खोल भएको कपुर सबभन्दा शुभदायक र राजाका लागि उपयोगी हुन्छ । यस बाहेकका गुण हुने कपुरको प्रयोग गरिए यसले अधिक मात्रामा खटिरा र फोका निकाल्दछ ।

चीनकश्चीनकर्पूरः कृत्रिमो धवलः पटुः । मेघसारस्तुषारश्च द्वीपकर्पूरजः स्मृतः॥
चीनकः कटुतिक्तोष्ण ईषच्छीतः कफापहः । कण्ठदोषहरो मेध्यः पाचनः क्रिमिनाशनः॥

चीनक, चीनकर्पूर, कृत्रिम, धवल, पटु, मेघसार, तुषार र द्वीपकर्पूरज : यी चिनियाँ कपुरका संस्कृत

पर्यायवाची नामहरू हुन् । यो कपुर पिरो, तीतो, उष्णवीर्यको, थोरै शीतल, कफविकार नाशक, घाँटीको रोग नाशक, बोसोबर्धक, पाचनी र कीरा नाशक हुन्छ ।

कर्पूरतैलहिमतैलसितांशुतैल शीताभ्रतैलतुहिनांशुसुधांशुतैलम् ।
कर्पूरतैलं कटुकोष्णकफामहारि वातामयघ्नरददार्ढ्यदपित्तहारि ॥

कर्पूरतैल, हिमतैल, सितांशुतैल, शीताभ्रतैल, तुहिनांशुतैल र सुधांशुतैल : यी कपुरको तेलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तेल पिरो, उष्णवीर्यको, कफविकार, आमविकार र वातविकार नाशक, दाँत बलियो बनाउने र पित्तविकार नाशक हुन्छ ।

(ढ) राजवल्लभ निघण्टु :

कर्पूरं शीतलं पाके चक्षुष्यं कफनाशनम् । पक्वकर्पूरतः प्राहुरपक्वं गुणवत्तरम् ॥

कपूर पचेपछि शीतल गर्ने, आँखाका लागि हितकर र कफविकार नाशगर्ने गुणको हुन्छ । पाकेको कपूर काँचो कपूरभन्दा बढी गुनिलो हुन्छ ।

(ण) शालिग्राम निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

ओषधीशश्चकर्पूरं सोमसंज्ञं सिताभ्रकम् । शिला हिमांशु शीतांशुश्चन्द्रभस्म निशापतिः ॥

ओषधीश, कर्पूर, सोमसंज्ञ, सिताभ्रक, शिला, हिमांशु, शीतांशु, चन्द्रभस्म र निशापति : यी कपुरका पर्यायवाची नाम हुन् ।

सतिक्तः सुरभिः शीतः कर्पूरो लघुलेखनः ।
तृष्णायां मुखशोषे च वैरस्ये चापि पूजितः ॥ (सुश्रुत संहिता)

कपुर हल्का तितो, सुगन्धि, शीतवीर्यको, पचाउन सहज, लेखनी तथा तिर्खा, मुख सुक्ने समस्या, र मुखको स्वादहीनतामा समेत हितकर हुन्छ ।

कपूरोमधुरस्तिक्तः शीतलः सुरभिर्लघुः । नेत्र्योलेखनकृद्वृष्य कटुः प्रीतिकरो मृदुः ॥
मदकारी च सम्प्रोक्तः कफदाहतृषापहः । रक्तपित्तं कण्ठरोगं नेत्ररोगं विषं तथा ॥
पित्तं च मुखवैरस्यं दौर्गन्ध्यमुदरं तथा । मूत्रकृच्छ्रं प्रमेहञ्च मलगन्धं च नाशयेत् ॥
स एव नूतनः स्निग्धस्तिक्तश्चोष्णश्च दाहकृत् । सोऽपिऽजीर्णोदाहशोषनाशनः परिकीर्त्तितः ॥
सोऽपि धौतो गुणैः श्रेष्ठः प्रोक्तो वैद्यैः पुरातनैः । (निघण्टु रत्नाकर)

कपुर गुलियो, तितो, शीतवीर्यको, सुगन्धि, पचाउन सहज, आँखाका लागि हितकर, लेखनी, वीर्यवर्धक, पिरो, प्रीतिकर, कोमल, नसा दिने तथा कफविकार, डाह, तिर्खा, रक्तपित्त, घाँटीका रोग, आँखाका रोग, विषविकार, पित्तविकार, मुखको स्वादहीनता, दुर्गन्ध, पेटका रोग, मूत्रकृच्छ्र, प्रमेह र

दिसा आदि मलको दुर्गन्ध नाश गर्ने गुणको हुन्छ । आलो (ताजा) कपुर चिल्लो, तितो, उष्णवीर्यको र डाह गराउने गुणको हुन्छ । पुरानो कपुर डाह र सुकेनास नाश गर्ने गुणको हुन्छ । यसमा पनि पखालिएको वा प्रशोधित कपुर उत्कृष्ट गुणको हुन्छ भनी प्राचीन कालका वैद्यहरूले बताएका छन् ।

पोताश्रयः स्वादु शीतो वृष्यस्तिक्तः कटुः स्मृतः ।
तृड्दाहरक्तपित्तानां कफस्य च विनाशकः॥
त्रयोप्येते तु कर्पूराः पक्वापक्वविभेदतः ।
द्विप्रकारः स उद्दिष्टः पक्वोतिगुणदः स्मृतः॥ (निघण्टु रत्नाकर)

पोताश्रय (पोतास, भीमसेनी, वरास) कपुर स्वादिलो, शीतवीर्यको, वीर्यजनक, तितो, पिरो तथा तिर्खा, डाह, रक्तपित्त र कफविकार नाश गर्ने गुणको हुन्छ । यी तीन थरी कपुर पनि पक्व र अपक्व गरी दुई प्रकारका हुन्छन् । पक्व कपुर बढी गुनिलो हुन्छ ।

ईशावासश्च कर्पूरो भेदी वृष्यो मदापहः । अतिशुभ्रोन्मादतृषाश्रमकासकृमिक्षयान् ।
स्वेदं चैवाङ्गदाहञ्च नाशयेदिति कीर्त्तितः॥ (निघण्टु रत्नाकर)

ईशावास (शङ्करावास) कपुर भेदनी, वीर्यवर्धक, नसा नाश गर्ने, अति सेतो तथा पागलपन, तिर्खा, थकाइ, खोकी, कीरा, क्षयरोग, पसिना र शरीरका अङ्गमा हुने डाह समेत नाश गर्ने गुणको हुन्छ ।

हिमकर्पूरकः शुभ्रोवृष्यः शीतो रसे कटुः ।
सङ्कलन : मोहन प्रसाद सापकोटा
तृड्दाहमोहस्वेदानां नाशकः परमोमतः॥ (निघण्टु रत्नाकर)

हिमकपूर सेतो, वीर्यवर्धक, शीतवीर्यको, पिरो तथा प्रभाकारी तरिकाले तिर्खा, डाह, मोह र पसिना नाश गर्ने गुणको हुन्छ ।

कर्पूरोदयभास्करो निगदितः पीतः सरः स्वच्छकः
स प्रोक्तः कठिनः कटुः समुदितः स्याद्दीपकोग्नेर्लघुः॥
श्रीदः पित्तकरः कफक्रिमिविषान्वातञ्च नासास्रुतिं
लालास्रावगलग्रहौ च शमयेज्जिह्वाजडत्वापहः॥ (निघण्टु रत्नाकर)

उदयभास्कर कपुर (पक्व सदल र निर्दल दुवै) पहेँलो, मलमूत्रलाई तलतिर सार्ने, निर्मल, साह्रो, पिरो, शरीरको अग्नि बाल्ने, पचाउन सहज, लक्ष्मीदायक, पित्तविकार गर्ने; कफविकार, कीरा, विषविकार, वातविकार, नाकबाट पानी बहने रोग, मुखबाट राल चुहिने रोग र गलग्रह रोग शान्त पार्ने तथा जिभ्रोको लाटोपन नाश गर्ने गुणको हुन्छ ।

पर्णकर्पूरकस्तिक्तः शुद्ध्युन्मादकरोमतः ।
मूत्रकृत्पीनसं दाहं नाशयेदिति कीर्त्तितः॥ (निघण्टु रत्नाकर)

पर्णकपुर (पानकपुर) तितो, प्रशोधक, पागलपन गराउने, पिसाब बढाउने तथा पिनास र डाह नाश गर्ने गुणको हुन्छ भनी बताइएको छ ।

चीनकश्चीनकर्पूरः कृत्रिमोधवलः कटुः । मेघसारस्तुषारश्च द्वीपकपूरजः स्मृतः॥

चीनक, चीनकपूर, कृत्रिम, धवल, कटु, मेघसार, तुषार र द्वीपकर्पूरज : यी चीनक पूरका नाम (वा जात) हुन् ।

(त) **सरस्वती निघण्टु :**

कर्पूरं शीतलः पिङ्गः सिताभ्रो जटिलाहिमम् । घनसारो गन्धवरा तुहिनं हिमवालुका॥

कर्पूर, शीतल, पिङ्ग, सिताभ्र, जटिल, हिम, घनसार, गन्धवरा, तुहिन र हिमवालुका : यी कपुरका पर्यायवाची नाम हुन् ।

(थ) **सोढल निघण्टु :**

कर्पूरे शीतलरजः शीताभ्रः स्फटिको हिमः । चन्द्रस्तु घनसारश्च शिलाभो हिमवालुकः॥
प्रालेयः शिशिरः प्रोक्तः शीतः पक्वः शिवस्तथा ।

कर्पूर, शीतलरज, शीताभ्र, स्फटिक, हिम, चन्द्र, घनसार, शिलाभ, हिमवालुक, प्रालेय, शिशिर, शीत, पक्व र शिव : यी कपुरका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

पक्वे शुभ्रः सुपाकः स्यां मध्यमः श्वेतसुव्रतः॥

पक्व, शुभ्र, सुपाक, मध्यम र श्वेतसुव्रत : यी पक्वकपुरका पर्यायवाची नाम हुन् ।

चीणके चीणकर्पूरः पित्तलः कृत्रिमः पटुः ।

चीणक, चीणकर्पूर, (पित्तल, कृत्रिम र पटु ?) : यी चीनककपुरका पर्यायवाची नाम हुन् ।

(द) **हृदयदीपक निघण्टु :**

...कर्पूरो घनसारकः॥

कपुरलाई कर्पूर र घासारक भनिन्छ ।

कपूरनालिका (परिकार विशेष)
(A kind of food)

(क) **भावप्रकाश निघण्टु :**

घृताढ्यया समितया लम्बं कृत्वा पुटं ततः । लवङ्गोषणकर्पूरयुतया सितयाऽन्वितम् ॥
पचेदाज्येन सिद्धैषा ज्ञेया कर्पूरनालिका । सम्पावसदृशा ज्ञेया गुणैः कर्पूरनालिका ॥

घिउ हालेर मोलिएको गहुँको मैदा वा पीठोलाई लामो पारेर बेल्नू । त्यसलाई कचौरी जस्तो बनाएर त्यसभित्र ल्वाङ, मरिच, कपूर र चिनी हाल्नू । वरिपरि टम्म हुने गरी बन्द गरेर घिउमा पकाउनू । पाकेपछि यसलाई "कर्पूरनालिका" भनिन्छ । यसको गुण सम्पाव (परिकारविशेष) समान हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कपूरमणि (पत्थरविशेष)
(A medicinal mineral)

परिभाषा :

(क) **के.यन.स्वामी (कर्पूरमणि) :** ओखतीको काममा प्रयोग हुने एक पत्थरविशेष ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **राज निघण्टु :**

कर्पूरनामभिश्चादावन्ते च मणिवाचकः । कर्पूरमणिनामाऽयं युक्त्या वातादिदोषनुत् ॥

कर्पूर र यसका पर्यायवाची शब्दका पछिल्तिर मणि वा यसका पर्यायवाची शब्द जोडिए त्यसले कपूरमणिलाई बुझाउँदछ । यसलाई जुक्ति लगाएर प्रयोग गरिए यसले वातविकार आदि विकार नाश गर्दछ ।

नोट : कसैले यो सेतो सङ्गमरमर (मार्बल) हो पनि भनेका छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कला (शरीरभित्र हुने विशेष पदार्थ)
(Membrans)

कलाका अनेक अर्थ हुन्छन् । यहाँ आयुर्वेदका दृष्टिले एक पक्षको अर्थ मात्र समावेश गरिएको छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग हृदय :

श्लेष्मस्नाय्वपराच्छन्नः कलाख्यः काष्ठसारवत् । ताः सप्त सप्त चाधारा रक्तस्याद्यः क्रमात् परे ॥
कफाऽऽमपित्तपक्वानां वायोर्मूत्रस्य च स्मृताः । गर्भाशयोऽष्टमः स्त्रीणां पित्तपक्वाशयान्तरे ॥

धातु र आशयका बीचमा रहने त्यो आर्द्रता जो कफ, स्नायु र पाठेघर(अपरा) ले काठमा चुरो भाग बने जसरी बन्ने गर्दछ तथा आफूमा भएको गर्मीपनले परिपक्व गर्दछ त्यसलाई “कला” भनिन्छ । यसको रगत, कफ, आम, पित्त, मल (पक्व), वात र मूत्राशय गरी सात स्थान तथा स्त्रीका हकमा पित्ताशय र मलाशयका बीचमा हुने गर्भाशय समेत आश्रय स्थल हो ।

(ख) भावप्रकाश संहिता :

स्नायुभिश्च प्रतिच्छन्नान् सन्ततांश्च जरायुणा । श्लेष्मणा वेष्टितांश्चापि कलाभागांस्तु तान्विदुः ॥
धात्वाशयान्तरे धातोर्यः क्लेदस्त्वधितिष्ठति । देहोष्मणाऽभिपक्वश्च सा कलेत्यभिधीयते ॥
ता सप्त-
आद्या मांसधरा प्रोक्ता द्वितीया रक्तधारिणी । मेदोधरा तृतीया तु चतुर्थी श्लेष्मधारिणी ॥
पञ्चमी तु मलं धत्ते षष्ठी पित्तधरा मता । रेतोधरा सप्तमी स्यादिति सप्त कलाः स्मृताः ॥

स्नायुले ढाकेको, जरायुले गर्दा फैलिएको तथा कफले समेत जेलिएको शरीर भित्रको पदार्थविशेषलाई कलाभाग भनिन्छ । धातु रहने स्थानका बीचमा धातुको जुन् गिलो भाग हुन्छ, जुन कुरा शरीर भित्रको गर्मीले पाकेको हुने गर्दछ त्यसलाई कला भनिन्छ । यी सात वटा हुन्छन् । पहिलो मांसधरा, दोश्रो रक्तधारिणी, तेश्रो मेदोधरा, चौथो श्लेष्मधारिणी, पाँचौं मलधरा, छैटौं पित्तधरा र सातौं रेतोधरा : यी सातलाई सात कला भनिन्छ ।

(ग) शार्ङ्गधर संहिता

धात्वाशयान्तरस्थस्तु यः क्लेदस्त्वधितिष्ठति ।
देहोष्मणा विपक्वो यः सा कलेत्यभिधीयते ॥ (प्रक्षिप्त श्लोक)
कलाः सप्ताशयाः...।

धातु भित्र रहने हँडिदो (हल्का हरियो रङ तथा अमिलो र उग्लिएको स्वादको) पदार्थ जो शरीरको तातोले पच्दछ त्यसलाई “कला” भनिन्छ । शरीरमा सात कला हुन्छन् ।

मांसासृङ्मेदसां तिस्रो यकृत्प्लीह्नोश्चतुर्थिका । पञ्चमी च तथाऽन्त्राणां षष्ठी चाग्निधरा मता॥
रेतोधरा सप्तमी स्यादिति सप्त कलाः स्मृताः ।

पहिलो कलाले मासुलाई धारण गर्ने हुनाले त्यसलाई मांसधरा भनिन्छ । दोश्रोले रगत धारण गर्दछ त्यसैले त्यसलाई रक्तधरा भनिन्छ । बोसो धारण गर्नेलाई मेदधरा भनिन्छ । पित्त (कलेजो) र फियोको बीचमा रहने चौथो कलालाई कफधरा भनिन्छ । आन्द्रा धारण गर्ने पाँचौं कलालाई पुरीषधरा भनिन्छ । अग्निलाई धारण गर्ने छैटौं कलालाई पित्तधरा भनिन्छ । शुक्र धारण गर्ने सातौं कलालाई रेतोधरा भनिन्छ । यसरी सात कला बताइएको छ ।

(घ) सुश्रुत संहिता :

कलाः खल्वपि सप्त भवन्ति धात्वाशयान्तरमर्यादाः ॥

रस, रगत आदि धातुहरूको आशय वा सीमा अर्थात् मर्यादारूपी कलाहरू पनि सात प्रकारका हुन्छन् ।

भवतश्चात्र-
यथा हि सारः काष्ठेषु छिद्यमानेषु दृश्यते ।
तथाहि धातुर्मांसेषु छिद्यमानेषु दृश्यते ॥६॥
स्नायुभिश्च प्रतिच्छन्नान् सन्ततांश्च जरायुणा ।
श्लेष्मणा वेष्टितांश्चापि कलाभागांस्तु तान् विदुः ॥७॥

यस सम्बन्धमा भनिएको पनि छ कि-जसरी काठ काटेपछि त्यस भित्रको चुरो देखिन्छ वा रस बग्न थाल्दछ त्यसरी मासु आदि काट्दा रस, रगत आदि धातु देखिन थाल्दछ । जुन कुरा नसाहरूले राम्ररी ढाकिएको, जरायु अर्थात् झिल्लीले राम्ररी व्याप्त भएको र कफले घेरिएको हुन्छ त्यसलाई कलाभाग (वा कला) भनिन्छ ।

कलाय (केराउ)
(Field Pea)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कलाय, सतीनक आदि नामले केराउलाई बुझाउँदछ ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) केराउ : डाँठका दुईतिर सँगसँगै लाम्चिला जोर पात पलाउने, नीला, सेता वा कलेजी रङका फूल फुल्ने, लामालामा नङ्ग्रा हुने र लाम्चिला कोसा फल्ने दाल जातको लहरो वा त्यसैको फल । (२) ठूलो केराउ : सेता र ठूला गेडा हुने एक जातको केराउ । (३) मटर : ठूलठूला दाना हुने सेतो केराउ; ठूलो केराउ । (४) सानो केराउ : हरिया र साना गेडा हुने एक जातको केराउ ।

कलाय (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : मटरकोसालाई अंग्रेजीमा Field Pea वा Garden pea तथा ल्याटिन भाषामा *Pisum sativum* Linn. भनिन्छ ।

(घ) पेयर डी अमरकोश : यसको ल्याटिन नाम *Lathyrus sativus* L. हो । यसलाई अंग्रेजीमा Chickling Pea भनिन्छ ।

(ङ) आचार्य बालकृष्ण : केराउको वानस्पतिक नाम *Pisum vulgare* Jundz. वा *Lathyrus oleraceus* Lam. पनि हो । यसलाई अंग्रेजीमा English pea पनि भनिन्छ ।

(च) हिन्दी विश्वकोश, शालिग्राम वैद्य (कलाय) : मटरकोसा (*Pisum sativum*) .

प्राचीन ग्रन्थका वचनहरू :

(क) अमरकोश :

..कलायस्तु सतीनकः । हरेणुरेणुकौ चास्मिन्....।

कलाय, सतीनक (सातीनक), हरेणु, र रेणुक (खण्डिक) : यी केराउका पर्यायवाची नाम हुन् ।

(ख) अर्कप्रकाश :

...कलायस्त्रिविधः स्मृतः ।

केराउ तीन किसिमका हुन्छन् ।

(ग) आयुर्वेद महोदधि :

प्रभूतवातं कुरुतेऽतिरूक्षः कफापहः पित्तहरो नितान्तम् ।
रुचिप्रदः शूलकरो नराणां संग्राहिशीतो मधुरः कलायः ॥

केराउ रुखो र अति नै वातविकार बढाउने गुणको हुन्छ । यसले विशेषतः कफविकार र पित्तविकार नाश गर्दछ । केराउ खानमा रुचिकर, शूल गर्ने, कब्जियत गर्ने, शीतल गर्ने र मिठो हुन्छ ।

(घ) कैयदेव निघण्टु :

सतीनको वर्तुलको हरेणुः स्वल्पवर्तुलः । सतीनो मधुरः पाके रसे रूक्षो हिमो लघुः ।
कषायो वातलो ग्राही कफपित्तनिषूदनः ॥

सतीनक (तस्बिर श्रोत : पेयर डी अमरकोश)

सतीनक, वर्तुलक, हरेणु र स्वल्पवर्तुल : यी मटरकोसाका पर्यायवाची नाम हुन् । यो शुरुमा र पचेपछि गुलियो, रुखो, शीतवीर्यको, पचाउन सहज, टर्रो, वातविकार गर्ने, ग्राहि
तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

हरेणुको हिमो रूक्षः ग्राही समधुरो लघुः ।

केराउविशेष शीतवीर्यको, रुखो, ग्राहि, गुलियो र पचाउन सहज हुन्छ ।

कलायः खण्डिको ज्ञेयस्त्रिपुटः क्षुद्रखण्डिकः ।
कलायो मधुरस्तिक्तः सकषायो विरूक्षणः ॥
कफपित्तहरः शीतः सङ्ग्राही प्रचुरानलः ।
तद्वत्त्रिपुटकस्तेषां शाकं पित्तबलासजित् ॥

कलाय, खण्डिक, त्रिपुट र क्षुद्रखण्डिक : यी सानो केराउका पर्यायवाची नाम हुन् । यो गुलियो, तितो, केही टर्रो, रुखो, कफविकार पित्तविकार नाश गर्ने, शीतवीर्यको, ग्राही र धेरै वातविकार गर्ने गुणको हुन्छ । कालो केराउमा पनि यिनै गुण हुन्छन् । केराउको सागले पित्तविकार र कफविकारलाई जित्दछ ।

(ङ) धन्वन्तरि निघण्टु :

कलायो मुण्डचणको हरेणुश्च सतीनकः । त्रासनो नलकः कण्ठी हरेणुर्वर्तुलः स्मृतः ॥
वर्तुलः शीतलो ग्राही कफपित्तहरो लघुः । विपाके मधुरो रूक्षो वातलो भक्षणप्रियः ॥

कलाय, मुण्डचणक, हरेणु, सतीनक, त्रासन, नलक, कण्ठी, हरेणु (दोहोरो परेको?) र वर्तुल : यी केराउका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, ग्राही, कफविकार र पित्तविकार नाश गर्ने, पचाउन सहज, पचेपछि गुलियो, रुखो, वातविकार गर्ने तथा स्वादिलो हुन्छ ।

(च) भावप्रकाश निघण्टु :

कलायो वर्त्तुलः प्रोक्तः सतीनश्च हरेणुकः ॥ कलायो मधुरः स्वादुः पाके रूक्षश्च शीतलः ।

कलाय, वर्त्तुल, सतीन र हरेणुक : यी मटरकोसाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शुरुमा र पचेपछि पनि गुलियो हुन्छ तथा रुखो र शीतल गर्ने गुणको हुन्छ ।

(छ) मदनपाल निघण्टु :

सङ्कलन : मोहन प्रसाद

कलायशाकं भेदि स्याल्लघु पित्तकफापहम् ॥

केराउको साग भेदी, पचाउन सहज तथा पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

वर्तुलस्तु सतीनः स्याद्धरेणुः स्वल्पवर्तुलः । वर्तुलः शीतलो ग्राही कफपित्तहरो लघुः ॥
विपाके मधुरो रूक्षो हरेणुस्तद्गुणः स्मृतः ॥

हरेणु (तस्बिर श्रोत : पेयर डी अमरकोश)

वर्तुल, सतीन, हरेणु र स्वल्पवर्तुल : यी ठूलो केराउ (मटरकोसा) का संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने, ग्राही, कफविकार नाशक, पित्तविकार नाशक, पचाउन सहज, पचृपछि गुलियो र रुखो हुन्छ । हरेणुमा पनि यिनै गुण हुन्छन् ।

कलायः खण्डिकः प्रोक्तस्त्रिपुटःक्षुद्रखण्डिकः । कलायः कफपित्तघ्नो ग्राही शीतोऽतिवातलः ॥
त्रिपुटोऽपि गुणैरेवं तच्छाकं कफपित्तजित् ॥

कलाय, खण्डिक, त्रिपुट र क्षुद्रखण्डिक : यी सानो केराउका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कफविकार र पित्तविकार नाशक गर्दछ । यो ग्राही, शीतल गर्ने र धेरै वातविकार गर्ने गुणको हुन्छ । त्रिपुट (कालो केराउ) मा पनि यिनै गुण हुन्छन् । केराउको सागले कफविकार र पित्तविकारलाई

जित्दछ ।

(ज) **राज निघण्टु :**

कलायो मुण्डचणको हरेणुश्च सतीनकः । त्रासनो नालकः कण्ठी सतीनश्च हरेणुकः ॥
कलायः कुरुते वातं पित्तदाहकफापहः । रुचिपुष्टिप्रदः शीतः कषायश्चामदोषकृत् ॥

कलाय, मुण्डचणक, हरेणु, सतीनक, त्रासन, नालक, कण्ठी, सतीन र हरेणुक : यी मटरकोसाका संस्कृत पर्यायवाची नामहरू हुन् । मटरकोसाले वातविकार गर्दछ तथा पित्तविकार, डाह र कफविकार नाश गर्दछ । यो रुचिप्रद, पुष्टिदायक, शीतवीर्यको, टर्रो र आमविकार गराउने गुणको हुन्छ ।

केराउ (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(झ) **राजवल्लभ निघण्टु :**

सतीला वातला रक्तपित्तघ्ना बद्धवर्चसः ॥

मटरकोसा वातविकार गर्ने, रक्तपित्त नाशक र दिसलाई कस्ने गुणको हुन्छ ।

कलायशाकं मधुरं पित्तश्लेष्महरं परम् । कषायानुरसं रूक्षं विष्टम्भ्यनिलकोपनम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

केराउको साग गुलियो तथा अति नै पित्तविकार र कफविकार नाशगर्ने गुणको हुन्छ । यसको पछिल्लो रस टर्रो हुन्छ । यो रुखो, कब्जियत गराउने र वातविकारलाई उत्तेजित पार्ने गुणको हुन्छ ।

खण्डिक (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ञ) **शालिग्राम निघण्टु :**

कलायो मुण्डचणको हरेणू रेणुकः स्मृतः ।

कलाय, मुण्डचणक, हरेणू र रेणुक : यी केराउका पर्यायवाची नाम हुन् ।

(ट) **हारीत संहिता :**

किञ्चित्कषाया मधुराः प्रदिष्टा रक्तप्रशान्तिं जनयन्ति बल्याः ।
किञ्चित्सवातं विनिहन्ति पित्तं कलायका मुद्गसमानरूपाः ॥

(सानो) केराउ केही टर्रो, मिठो, रक्तविकार नाशक, बलवर्धक, केही मात्रामा वातविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ । यो रूपमा मुगी जस्तै हुन्छ ।

कलायखञ्ज (गोडाको रोगविशेष)
(Lathyrism)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कम्पते गमनारम्भे खञ्जन्निव च याति यः । कलायखञ्जं तं विद्यान्मुक्तसन्धिप्रबन्धनम् ॥

जो हिँड्न शुरु गर्दा काम्दछ र हिँड्दा खोच्याएर हिँड्दछ त्यस्तो रोगलाई कलायखञ्ज भनिन्छ । यो रोगमा सन्धिका बन्धन खुकुलो हुने गर्दछ ।

(ख) भावप्रकाश संहिता :

कम्पते गमनारम्भे खञ्जन्निव च लक्ष्यते । कलायखञ्जं तं विद्यान्मुक्तसन्धिप्रबन्धनम् ॥

हिँड्दा गोडा काम्ने र खोच्याउने रोगलाई कलायखञ्ज भनिन्छ । यसमा जोर्नीको बन्धन खुकुलो हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) माधव निदान, सुश्रुत संहिता :

प्रक्रामन् वेपते यस्तु खञ्जन्निव च गच्छति ॥ कलायखञ्जं तं विद्यान्मुक्तसन्धिप्रबन्धनम् ।

हिँड्दा गोडा काम्ने, लडखडाउने अर्थात् जोर्नीलाई शिथिल बनाउने रोगलाई कलायखञ्ज भनिन्छ ।

नोट : यो केराउ धेरै खानाले वा खेसरीको दाल खानाले हुन्छ । कलायको अर्थ केराउ वा खेसरी हुन्छ ।

कलिङ्ग (तरबुजो)
(Watermelon)

परिभाषा :

(क) के.यन.स्वामी : कालिन्द, कालिन्दम्, कृष्णबीज, शीर्णवृन्त, चित्रफल आदि : तरबुजो ।

(ख) नेपाली बृहत् शब्दकोश (तरबुजो) : प्रायः बलौटे जमिनमा हुने र लहरामा फल्ने, पहेँलो, गुलाफी वा रातो रङको गुलियो गुदी हुने, खरबुजोजस्तै डल्लो ठूलो पन्यालो फल ।(ग) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Citrullus lanatus* (Thunb.) Mats. & Nakai पनि हो ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Watermelon र ल्याटिन भाषामा Citrullus vulgaris Schrad. भनिन्छ ।

(ङ) पं.रामप्रसाद वैद्य : कसैले शीर्णवृन्तलाई तरबुजाकै एक जात भनी बताएका छन् ।

संस्कृत पर्यायवाची नामहरू :

तरबुजो (तस्बिर श्रोत : हिन्दीकृषिजागरणडटकम)

(क) **आयुर्वेद महोदधि :**

सर्वदोषहरं हृद्यं पथ्यं रेतोविकारिणाम् ।
दृष्टिशुक्रक्षयकरं कालिङ्गं कफवातकृत्॥

सङ्कलन : मोहन

कालिङ्ग सबै दोषनाशक, मुटुका लागि फाइदाजनक र शुक्रमा विकार हुनेका लागि पथ्य हुन्छ । यसले दृष्टिशक्ति र शुक्र नाश गर्दछ र कफ तथा वात बढाउँदछ ।

(ख) **भावप्रकाश निघण्टु :**

कालिन्दं कृष्णबीजं स्यात्कालिङ्गञ्च सुवर्त्तुलम् । कालिन्दं ग्राहि दृक्पित्त शुक्र हृच्छीतलं गुरु॥
पक्वन्तु सोष्णं सक्षारं पित्तलं कफवातजित् ।

कालिन्द, कृष्णबीज, कालिङ्ग र सुवर्त्तुल : यी तरबुजोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो सङ्ग्राही हुन्छ । यसले दृष्टि क्षमता, पित्त र शुक्र नाश गर्दछ । यो पचाउन कठिन हुन्छ । यसको पाकेको फल गर्मी गर्ने, नुनिलो, पित्तकारी तथा कफविकार र वातविकार नाशक हुन्छ ।

(ग) **मदनपाल निघण्टु :**

कालिङ्गं कृष्णबीजं स्यात् कलिङ्गं फलवर्तुलम् । कालिङ्गं ग्राहि दृक्पित्तशुक्रहृच्छीतलं गुरु॥
पक्वं तु सोष्णं सक्षारं पित्तलं कफवातजित्॥

कालिङ्ग, कृष्णबीज, कलिङ्ग र फलवर्तुल : यी तरबुजोका संस्कृत पर्यायवाची नामहरू हुन्। यो ग्राहि तथा आँखाका रोग, पित्तविकार, शुक्र नाशक हुन्छ। यो शीतवीर्यको र पचाउन कठिन हुन्छ। पाकेको तरबुजो उष्णवीर्यको, क्षारयुक्त, पित्तविकार गराउने तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ।

शीर्णवृन्तं चित्रफलं विचित्रं पीतवर्णकम्। शीर्णवृन्तं लघु स्वादु भेद्युष्णं वह्निपित्तकृत्॥

शीर्णवृन्त, चित्रफल, विचित्र र पीतवर्णक : यी तरबुजोविशेषका संस्कृत पर्यायवाची नामहरू हुन्। यो पचाउन हलुका, स्वादिलो, भेदी, उष्णवीर्यको तथा अग्नि र पित्तविकार बढाउने गुणको हुन्छ।

(घ) **राज निघण्टु :**

मांसलफलः कलिङ्गश्चित्रफलश्चित्रवल्लिकश्चित्रः।
मधुरफलो वृत्तफलो घृणाफलो मांसलो नवधा॥
कलिङ्गो मधुरः शीतः पित्तदाहश्रमापहः। वृष्यः सन्तर्पणो बल्यो वीर्यपुष्टिविवर्धनः॥

(१) मांसलफल, (२) कलिङ्ग, (३) चित्रफल, (४) चित्रवल्लिक, (५) चित्र, (६) मधुरफल, (७) वृत्तफल, (८) घृणाफल र (९) मांसल : यी नौ नाम तरबुजोका संस्कृत पर्यायवाची नामहरू हुन्। तरबुजो गुलियो, शीतवीर्यको तथा पित्तविकार, डाह र थकाई नाशक हुन्छ। यो कामशक्तिवर्धक, तृप्तिदायक, बलकारी, वीर्यवर्धक र पुष्टिवर्धक हुन्छ।

सङ्कलनः मोहन प्रसाद सापकोटा

तरबुजो (तस्बिर श्रोत : नयाँपत्रिकाडेलीडटकम)

(ङ) **राजवल्लभ निघण्टु :**

शीर्णवृन्तं कफकरं सक्षारं मधुरं लघु॥ चेलानं गुरु विष्टम्भि मधुरं वातपित्तजित्॥

तरबुजो कफविकार गर्ने, क्षारयुक्त, गुलियो र पचाउन सहज हुन्छ। तरबुजो विशेष (वा तरबुजोको लहरो) कब्जियत गर्ने, गुलियो तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ।

(च) शालिग्राम निघण्टु :

कालिङ्गं कृष्णबीजं स्यात्कालिन्दं च सुवर्त्तुलम् ।

कालिङ्ग, कृष्णबीज, कालिन्द र सुवर्त्तुल : यी तरबुजोका पर्यायवाची नाम हुन् ।

कालिङ्गं शीतलं बल्यं मधुरं तृप्तिकारकम् ।
गुरु पुष्टिकरं ज्ञेयं मलस्तम्भकरं तथा ॥ कफकृद्दृष्टिपित्तघ्नं शुक्रधातोस्तुनाशकम् ।
तत्पक्वं पित्तलं क्षारं चोष्णं वातकफप्रणुत् ॥ मज्जस्तु मधुरोबल्योरुचिकृद्धातुवर्द्धकः ।
पर्णं तिक्तं रक्तवृद्धिकरं चैव प्रकाशितम् ॥ (निघण्टु रत्नाकर)

काँचो तरबुजो शीतवीर्यको, बलदायक, गुलियो, तृप्तिदायक, पचाउन कठिन, पुष्टि गर्ने, कब्जियत गराउने, कफविकार बढाउने तथा आँखाको दृष्टि क्षमता, पित्तविकार, शुक्र र धातु नाश गर्ने गुणको हुन्छ । पाकेको तरबुजो पित्तविकार गर्ने, क्षारयुक्त, उष्णवीर्यको तथा वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । यसको गेडाको गुदी गुलियो, बलदायक, रुचिप्रद र धातु बढाउने गुणको हुन्छ । यसको पात तितो स्वादको र रगत बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कलिहारी (गुन्यौँ-मधुरा)
(Glory Lily)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : अग्निशिखा र लाङ्गलिकी भनेको गुन्यौँ-मधुरा हो ।

(ख) के.यन.स्वामी : (१) अग्निशिखा : करिहारीको बोट । (२) अनन्ता : करियारी, विषको बोट । (३) कलिहारी : एक पोथ्रो, यो दुई जातको हुन्छ । डल्लो गानुलाई स्त्रीजाति र जोडिएको लामो गानु हुनेलाई पुरुष जाति भनिन्छ । भेट्नोतिर चाक्लो र टुप्पातिर झिनो हुँदै टुप्पो घुम्रिएको यसको पात हुन्छ, दुई-तीन अमल लामा आधा अमल चाक्ला राता र पहैँला दुई रङ मिसिएको, छ वटा पत्र भएका फूल हुन्छन् । यो वर्षा ऋतुमा फुल्दछ । (४) लाङ्गली, विशल्या, हलिनी : कलिहारी । (५) शक्रपुष्पी : कलिहारीको बोट ।


लाङ्गली (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको लहरा नरम, अर्को बोटमा चढ्ने र सुन्दर हुन्छ । डाँठ पातला कलम जत्रा, गोला र नरम र हरिया हुन्छन् । यो १-२ फुट बढेपछि नुहिन्छ र अर्को रुखको सहारा पाए ८-१० फुटसम्म बढ्दछ । जाडो यामभन्दा पहिले नै सुक्दछ । पात ३-९ इञ्च लामा भालाकार हुन्छन् । वर्षा सकिए पछि फुल्दछ । ३-४ यञ्च व्यासका तलतिर फर्केका सुन्दर फूल फुल्दछन् । यसलाई अंग्रेजीमा The glory lily वा Tiger's claws तथा ल्याटिन भाषामा *Gloriosa superba* Linn. भनिन्छ ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसको बोट हलेदोको जस्तो र कन्द अदुवाको जस्तो हुन्छ । भनिन्छ कि काँडा बिझेको ठाउँमा यसको फूल पिँधेर लेप लगायो भने त्यो काँडो आफैं बाहिर तिर आउँदछ । फूलको आकार इन्द्रेणी जस्तै हुन्छ । यसको फूल माड्दा आगोले पोले जसरी पोल्दछ । यसको असर गहुँतले नाश गर्दछ ।

(ङ) आचार्य बालकृष्ण : यसको नेपाली नाम केवारी (?) हो । यसलाई अंग्रेजीमा Climbing lily, Malabar glory lily वा Flame lily पनि भनिन्छ ।

(च) कतै यसको नेपाली नाम "नेपाली केवारा" पनि लेखिएको पाइन्छ ।

(छ) फर्माकोपिया : यो Liliaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Gloriosa superba* Linn. हो । अंग्रेजीमा यसलाई Glory Lily भनिन्छ । संस्कृतमा कलिहारी, गर्भहन्त, हलिनी, अग्निशिखा भनिन्छ । यसको कन्दयुक्त जराको प्रशोधित ओखती १२५-२५० मिलिग्रामसम्मको एक मात्रा हुन्छ ।

(ज) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : यो (केवरी नेपाली नाम दिइएको) Angiosperm समूह

अन्तर्गत Colchicaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Gloriosa superba* L. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी

विज्ञेयेह विशल्या कलिकारी गर्भपातनी हलिनी ।
लाङ्गल्यग्निमुखाख्या विद्युल्लेखेन्द्रपुष्पिका सीरी॥
गर्भान्तकाऽग्निजिह्वा कलिप्रदा पुष्पसीरिणी चेति । अनलवपुर्दीप्ताक्षी पर्यायैः सुप्रमत्ता च॥

विशल्या, कलिकारी, गर्भपातनी, हलिनी, लाङ्गली, अयग्निमुखा, विद्युत्, लेखेन्द्रपुष्पिका, सीरी, गर्भान्तका, अग्निजिह्वा, कलिप्रदा, पुष्पसीरिणी, अनलवपु, दीप्ताक्षी र सुप्रमत्ता : यी गुन्याँ मधुराका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

लाङ्गल्यग्निमुखी दीप्ता फलिन्यर्धेन्दुपुष्पिका । शलिकालिन्यग्निजिह्वा विशल्या गर्भपातिनी॥

लाङ्गली, अग्निमुखी, दीप्ता, फलिनी, अर्धेन्दुपुष्पिका, शलिकालिनी, अग्निजिह्वा, विशल्या र गर्भपातिनी : यी गुन्याँ मधुराका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

स्याल्लाङ्गलिक्यग्निशिखा...।

लाङ्गलिकी र अग्निशिखा : यी गुन्याँ-मधुराका नाम हुन् ।

(घ) अर्कप्रकाश :

लाङ्गल्या लेपतो हन्याच्छोफार्शो व्रणरोगजान्॥

कलिहारीको अर्क दल्नाले शरीर सुन्निएको, अल्काइ र घाउखटिरा निको हुन्छ ।

(ङ) अष्टाङ्ग निघण्टु :

विशल्या हलिनी वह्निजिह्वा लाङ्गलिका स्मृता ।

शक्रपुष्पी (तस्वीर स्रोत : प्रेअर डी अमरकोश)

विशल्या, हलिनी, वह्निजिह्वा र लाङ्गलिका : यी गुन्यौँ मधुराका पर्यायवाची नाम हुन् ।

(च) कैयदेव निघण्टु :

लाङ्गली हलिनी सीरी विशल्या गर्भपातिनी । इन्द्रपुष्पी वह्निजिह्वा प्रदीप्ताग्निशिखा शिखा ॥
कलिकारी वह्निमुखी प्रभाता पुष्पसीभरा । लाङ्गली कटुका तिक्ता सक्षारा पित्तला सरा ॥
तीक्ष्णोष्णा गर्भहा लघ्वी वस्तिशूलनिबर्हणी । बलासकुष्ठशोफार्शोव्रणजन्तुविनाशिनी ॥

अग्निशिखा (तस्विर श्रोत : पेअर डी अमरकोश)

लाङ्गली, हलिनी, सीरी, विशल्या, गर्भपातिनी, इन्द्रपुष्पी, वह्निजिह्वा, प्रदीप्ता, अग्निशिखा, शिखा, कलिकारी, वह्निमुखी, प्रभाता र पुष्पसीभरा : यी गुन्यौँ मधुराका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, क्षारयुक्त, पित्तविकार गर्ने, मलमूत्रलाई तलतिर सार्ने, तिक्खर, उष्णवीर्यको, गर्भनाशक, पचाउन सहज, तल्लोपेट वा मूत्राशयको शूल नाश गर्ने तथा कफविकार, कुष्ठ, सुजन, हर्सा, खटिरा र कीरा नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(छ) धन्वन्तरि निघण्टु :

कलिकारी तु हलिनी विशल्या गर्भपातिनी । लाङ्गल्याऽग्निमुखी सीरी दीप्ता नक्तेन्दुपुष्पिका ॥
लाङ्गली कटुरुष्णा च कफवातविनाशनी । तिक्ता सरा च श्वयथुगर्भशल्यव्रणापहा ॥

कलिकारी, हलिनी, विशल्या, गर्भपातिनी, लाङ्गली, अग्निमुखी, सीरी, दीप्ता र नक्तेन्दुपुष्पिका : यी कलिहारीका पर्यायवाची नाम हुन् । यो पिरो, उष्णवीर्यको, कफविकार र वातविकार नाश गर्ने, तितो, मलमूत्रलाई तलतिर सार्ने तथा सुजन, गर्भ र चिरफारको वा काँडाको घाउखटिरा नाश गर्ने गुणको हुन्छ ।

(ज) निघण्टुशेष :

लाङ्गल्यां हलिनी नन्दा विशल्या गर्भपातनी । अनन्ताऽग्निमुखी सैरी दुष्पुष्पी कलिकारिका ॥
(लङ्गति लाङ्गली, लाङ्गल इव भेदनाद् वा । हलो विद्यतेऽस्याः हलिनी । नन्दति नन्दा । विगतं शल्यमस्या द्रावकत्वाद् विशल्या, विशलति वा । गर्भं पातयति गर्भपातनी । नास्ति अन्तोऽस्या अनन्ता । अग्नेरिव मुखमस्या अग्निमुखी, साढुमशक्यत्वात्, अग्निशिखेत्येके । सीरस्य-हलस्य इयं सैरी । दुष्टानि पुष्पाण्यस्याः दुष्पुष्पी । कलिं-कलहं करोति कलिकारी ।) ।

लाङ्गली, हलिनी, नन्दा, विशल्या, गर्भपातनी, अनन्ता, अग्निमुखी, सैरी, दुष्पुष्पी र कलिकारिका : यी

गुन्याँ मधुराका पर्यायवाची नाम हुन् ।

(झ) पर्याय रत्नमाला :

सैरी लाङ्गलिका दीप्ता हलिनी गर्भघातिनी । अग्निजिह्वेन्द्रपुष्पाग्निमुखी वह्निशिखा च सा ॥

सैरी, लाङ्गलिका, दीप्ता, हलिनी, गर्भघातिनी, अग्निजिह्वा, इन्द्रपुष्पा, अग्निमुखी र वह्निशिखा : यी गुन्याँ मधुराका पर्यायवाची नाम हुन् ।

(ञ) भावप्रकाश निघण्टु :

कलिहारी तु हलिनी लाङ्गली शक्रपुष्प्यपि ॥ विशल्याऽग्निशिखाऽनन्तावह्निवक्त्रा च गर्भनुत् ।
कलिहारी सरा कुष्ठशोफार्शोव्रणशूलजित् ॥
सक्षारा श्लेष्मजित्तिक्ताकटुका तुवराऽपि च । तीक्ष्णोष्णा कृमिहृल्लघ्वी पित्तलागर्भपातिनी ॥

कलिहारी, हलिनी, लाङ्गली, शक्रपुष्पी, विशल्या, अग्निशिखा, अनन्ता, वह्निवक्त्रा र गर्भनुत् : यी कलिहारीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले दिसा खुलाउँदछ तथा कुष्ठ, सुजन, अल्काई, घाउखटिरा र शूल नाश गर्दछ । यसमा नुनिलोपन हुन्छ र कफविकार नाश गर्दछ । यो तीतो, पिरो र टर्रो पनि हुन्छ । यो तिक्खर हुन्छ र गर्मी गर्दछ । कीरा मार्दछ र पचाउन हलुका हुन्छ । पित्तविकार बढाउँदछ र गर्भपात गराउँदछ ।

(ट) मदनपाल निघण्टु :

कलिकारी वह्निमुखी लाङ्गली गर्भपातिनी । विशल्या हलिनी शीरी प्रभाता शुक्लपुष्पिका ॥
विद्युदुल्काऽग्निजिह्वा च कथिता पुष्पसी भरा । वह्निशिखाऽग्निका ज्ञेया नलरन्ध्री च सा स्मृता ॥
कलिकारी सरा कुष्ठशोफार्शोव्रणशूलजित् । तीक्ष्णोष्णा कृमिनुल्लघ्वी पित्तला गर्भपातिनी ॥

कलिकारी, वह्निमुखी, लाङ्गली, गर्भपातिनी, विशल्या, हलिनी, शीरी, प्रभाता, शुक्लपुष्पिका, विद्युत्, उल्का, अग्निजिह्वा, पुष्पसी, भरा, वह्निशिखा, अग्निका र नलरन्ध्री : यी गुन्याँ मधुराका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले मलमूत्रलाई तलतिर सार्दछ तथा कुष्ठ, सुजन, अल्काई, घाउखटिरा र शूल नाश गर्दछ । यो तिक्खर, गर्मी गर्ने, कीरा नाशक, पचाउन सहज, पित्तविकार गर्ने र गर्भपतन गराउने गुणको हुन्छ ।

(ठ) मदनादि निघण्टु :

विशल्या हलिनी सारा प्रदीप्ता गर्भपातिनी । इन्द्रपुष्पी लाङ्गलिका वह्निज्वालाग्निजिह्विका ॥
कटूष्णा वस्तिशूलघ्नी गर्भघ्नी श्लेष्मनाशिनी । जरायुपातनी तीक्ष्णा लाङ्गली कुष्ठनाशिनी ॥

विशल्या, हलिनी, सारा, प्रदीप्ता, गर्भपातिनी, इन्द्रपुष्पी, लाङ्गलिका, वह्निज्वाला र अग्निजिह्विका : यी गुन्याँ मधुराका पर्यायवाची नाम हुन् । यो पिरो, उष्णवीर्यको, तल्लो पेट वा मूत्राशयको शूल नाश गर्ने, गर्भ नाश गर्ने, कफविकार नाश गर्ने, सालनाल खसाल्ने, तिक्खर र कुष्ठ नाश गर्ने गुणको हुन्छ ।

(ड) माधव द्रव्यगुण :

हलिनी ... कुष्ठदुष्टव्रणापहौ ॥

कलिहारीले कुष्ठ र खराब खटिरा नाश गर्दछ ।

(ढ) राज निघण्टु :

कलिकारी लाङ्गलिनी हलिनी गर्भपातिनी । दीप्तिर्विशल्याऽग्निमुखी हली नक्तेन्दुपुष्पिका ॥
विद्युज्ज्वालाऽग्निजिह्वा च व्रणहृत्पुष्पसौरभा । स्वर्णपुष्पा वह्निशिखा स्यादेषा षोडशाह्वया ॥
कलिकारी कटूष्णा च कफवातनिकृन्तनी । गर्भान्तःशल्यनिष्कासकारिणी सारिणी परा ॥

अग्निशिखा (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(१) कलिकारी, (२) लाङ्गलिनी, (३) हलिनी, (४) गर्भपातिनी, (५) दीप्ति, (६) विशल्या, (७) अग्निमुखी, (८) हली, (९) नक्ता, (१०) इन्दुपुष्पिका, (११) विद्युज्ज्वाला, (१२) अग्निजिह्वा, (१३) व्रणहृत्, (१४) पुष्पसौरभा, (१५) स्वर्णपुष्पा र (१६) वह्निशिखा : यी सोह्र नाम कलिहारीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, उष्णवीर्यको तथा कफविकार र वातविकारलाई नाश गर्ने गुणको हुन्छ । यो गर्भपतन र काँडा निकाल्न सहयोगी तथा अत्यन्त कडा तरिकाले मलमूत्र तलतिर सार्ने खालको हुन्छ ।

(ण) राजवल्लभ निघण्टु :

लाङ्गली कफपित्तघ्नी रूक्षा वातविबन्धनुत् ॥

गुन्यामधुराको साग कफविकार र पित्तविकार नाशक, रुखो तथा वातविकार र कब्जियत नाशगर्ने गुणको हुन्छ ।

हलिनी ... कुष्ठदुष्टव्रणापहौ ॥

कलिहारीले कुष्ठ तथा खराब खटिरा नाश गर्दछ ।

(त) **शालिग्राम निघण्टु :**

कलिकारीलाङ्गलिकीदीप्ता च गर्भघातिनी । अग्निजिह्वावह्निशिखावह्निवक्त्रा च लाङ्गुली ॥

कलिकारी, लाङ्गलिकी, दीप्ता, गर्भघातिनी, अग्निजिह्वा, वह्निशिखा, वह्निवक्त्रा र लाङ्गुली : यी गुन्याँ मधुराका पर्यायवाची नाम हुन् ।

कलिकारी सरा तीक्ष्णा कुष्ठदुष्टव्रणापहा । (विकारतिमिरभास्कर)

कलिहारी मलमूत्रलाई तलतिर सार्ने, तिक्खर तथा कुष्ठ र खराब खटिरा नाश गर्ने गुणको हुन्छ ।

कलिकारी सरा तीक्ष्णा गर्भशल्यव्रणापहा ।
शुष्कगर्भञ्च गर्भञ्च पातयेल्लेपमात्रतः ॥ (शोढल निघण्टु)

कलिहारी मलमूत्रलाई तलतिर सार्ने, तिक्खर, गर्भशल्य र खटिरा नाश गर्ने गुणको हुन्छ । यसको लेप दल्नाले मात्र पनि सुकेको गर्भ वा गर्भलाई पतन गराउँदछ ।

सङ्कलन : मोहनप्रसाद सापकोटा

कलिकारी सरा तिक्ता कट्वी पट्वी च पित्तला । तीक्ष्णोष्णा तुवरा लघ्वी कफवातकृमिप्रणुत् ॥
वस्तिशूलं विषं चार्शः कुष्ठं कण्डूं व्रणं तथा । शोथं शोषञ्च शूलञ्च नाशयेदिति कीर्त्तिता ॥
शुष्कगर्भञ्च गर्भञ्च पातयोदिति कीर्त्तिता । (निघण्टु रत्नाकर)

कलिहारी मलमूत्रलाई तलतिर सार्ने, तितो, पिरो, नुनिलो, पित्तविकार गर्ने, तिक्खर, उष्णवीर्यको, टर्रो, पचाउन सहज तथा कफविकार, वातविकार, कीरा, मूत्राशयको शूल, विषविकार, हर्सा, कुष्ठ, चिलाउने रोग, खटिरा, सुजन, सुकेनास र शूल नाश गर्ने गुणको हुन्छ । यसले सुकेको गर्भ वा गर्भ पतन गराउँदछ ।

(थ) **सरस्वती निघण्टु :**

लाङ्गल्यग्निशिखा क्षीरी हलिनी गर्भपातिनी ।
विद्युल्लता व्रणघ्नी च विषा रक्तेन्दुपुष्पिका ॥

लाङ्गली, अग्निशिखा, क्षीरी, हलिनी, गर्भपातिनी, विद्युल्लता, व्रणघ्नी, विषा र रक्तेन्दुपुष्पिका : यी गुन्याँ मधुराका पर्यायवाची नाम हुन् ।

(द) **सोढल निघण्टु :**

लाङ्गल्यां हलिनी चैव विशल्या गर्भपातिनी । कलिकार्यग्निजिह्वा च दीप्तानन्तेन्दुपुष्पिका ॥
व्रणहारी शिखिमुखी यूकारिः स्वर्णपुष्पिका ।

लाङ्गली, हलिनी, विशल्या, गर्भपातिनी, कलिकारी, अग्निजिह्वा, दीप्ता, अनन्ता, इन्दुपुष्पिका, व्रणहारी, शिखिमुखी, यूकारि र स्वर्णपुष्पिका : यी गुन्यँ मधुराका पर्यायवाची नाम हुन् ।

(ध) **सौश्रुत निघण्टु :**

इन्द्रपुष्पी लाङ्गलकी विद्युदुल्का च शब्दिता । अग्निजिह्वाऽनलवपुस्तथा सा पुष्पसीकरा ॥

इन्द्रपुष्पी, लाङ्गलकी, विद्युदुल्का, अग्निजिह्वा, अनलवपु र पुष्पसीकरा : यी गुन्यँ मधुराका पर्यायवाची नाम हुन् ।

(न) **हृदयदीपक निघण्टु :**

...स्याल्लाङ्गली लाङ्गलिका विशल्या ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

लाङ्गली, लाङ्गलिका र विशल्या : यी गुन्यँ मधुराका पर्यायवाची नाम हुन् ।

कल्क (ओखतीको बाक्लो लेदो)
(A kind of tenacious paste)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

...कल्क आलोडिताद् भवेत् ।

मथ्नाले कल्क हुन्छ ।

(ख) अष्टाङ्ग हृदय :

...कल्कः पिष्टो द्रवाप्लुतः ।

ओखतीलाई आलो हुँदै वा पानी मिसाएर पिसेपछिको लेदोलाई कल्क भनिन्छ ।

(ग) चरक संहिता :

यत्पिण्डं रसपिष्टानां तत्कल्कं परिकीर्तितम् ॥

रस सहितको द्रव्यलाई पत्थर आदिमा पिसेर बनाइने गोलीलाई "कल्क" भनिन्छ ।

(घ) भावप्रकाश संहिता :

द्रव्यमार्द्रं शिलापिष्टं शुष्कं वा सजलं भवेत् ।
तदेव कल्को विज्ञेयस्तन्मानं (प्रक्षिप्य गालयेद्वस्त्रे तन्मानं) कर्षसम्मितम् ॥

गिलो (आलो) ओखतीलाई त्यत्तिकै सुकेको भए पानी हालेर सिलौटो आदिमा पिसेर तयार पारिने लेदोलाई कल्क भनिन्छ (लेदोलाई कपडामा छानी तयार हुने) । यसको एक मात्रा भनेको एक कर्ष (बाह्र ग्राम) हुन्छ ।

(ङ) शार्ङ्गधर संहिता :

द्रव्यमार्द्रं शिलापिष्टं शुष्कं वा सजलं भवेत् । प्रक्षेपावापकल्कास्ते तन्मानं कर्षसम्मितम् ॥
कल्के मधु घृतन्तैलं देयं द्विगुणमात्रया । सितागुडौ समौ दद्याद् द्रवा देयाश्चतुर्गुणाः ॥

गिलो औषधीलाई अचार पिँधे जसरी राम्ररी पिँध्नू । सुक्खा औषधी भए पानी मिसाएर पिँध्नू । यसरी तयार हुने लेपलाई कल्क भनिन्छ । यसलाई एक कर्ष (बीस ग्राम) खाने गर्नु पर्दछ । कल्कलाई प्रक्षेप

वा आवाप पनि भनिन्छ । यदि कल्कमा मह, घिउ र तेल हाल्नु छ भने कल्कको दोबर हाल्नू । खुँदो वा सखर हाल्ने भए कल्क समान हाल्नू । दूध, पानी आदि पातला कुरा हाल्नुपर्ने भए कल्कको चौबर हाल्नू ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कांवका (माछांवशेष)
A sort of fish (commonly Kay)

परिभाषा :

(क) शब्दकल्पद्रुम : (१) कविका : कवयी नामको माछा । (२) कवयी : माछाविशेष, स्थानीय नाम कयी माच्, पर्यायवाची नाम क्रकचपृष्ठी ।
(ख) हिन्दी विश्वकोश (कविका) : मत्स्यविशेष ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

कविका मधुरा स्निग्धा कफघ्नी रुचिकारिणी । किञ्चित्पित्तकरी वातनाशिनी वह्निवर्द्धिनी ॥

कविका नामक माछाको मासु गुलियो, चिल्लो, कफविकार नाशक, रुचिकर, थोरै पित्तविकार गर्ने, वातविकार नाशक र पाचकाग्नि वर्धक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कषाय (औषधीको प्रयोग)
(Kashaaya)

प्राचीन ग्रन्थका वचन :

(क) अग्निपुराण :

ओषधीनां पञ्चविधा तथा भवति कल्पना । रसः कल्कः श्रृतः शीतः फाण्टश्च मनुजोत्तम ॥

हे नरोत्तम ! औषधीहरू रस, कल्क, शृत, शीत र फाण्ट गरी पाँच किसिमका हुन्छन् वा पाँच किसिमले बनाइन्छन् ।

(ख) अष्टाङ्ग हृदयः

कषाययोनयः पञ्च रसा लवणवर्जिताः । रसः कल्कः शृतः शीतः फाण्टश्चेति प्रकल्पना ॥
पञ्चधैव कषायाणां पूर्वं पूर्वं बलाधिका ।

नुनिलो बाहेकका पाँच रसको कषाय बनाइन्छ । रस, कल्क, शृत, शीत र फाण्ट गरी कषाय पाँच थरी हुने कुरा कल्पना गरिएको हुन्छ । यिमध्ये क्रमशः अघिल्ला बढी प्रभावकारी हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) भावप्रकाश संहिता :

स्वरसश्च तथा कल्कः क्वाथश्च हिमफाण्टकौ । ज्ञेयाः कषायाः पञ्चैते लघवः स्युर्यथोत्तरम् ॥

स्वरस, कल्क, क्वाथ, हिम र फाण्ट गरी औषधीका पाँच थरी कषाय हुन्छन् । यी क्रमशः पचाउन सहज हुन्छन् ।

(घ) शार्ङ्गधर संहिता :

अथातः स्वरसः कल्कः क्वाथश्च हिमफाण्टकौ । ज्ञेयाः कषायाः पञ्चैते लघवः स्युर्यथोत्तरम् ॥

स्वरस, कल्क, क्वाथ, हिम र फाण्टलाई "कषाया" भनिन्छ भनी थाहा पाउनू । यी क्रमशः पचाउन हलुका हुन्छन् ।

कषाय (टर्रो रस)
(Bitter; pungent, Astringent)

परिभाषा :

(क) **नेपाली बृहत् शब्दकोश :** टर्रो : हर्रो, काँचो हलुवावेद वा यस्तै फलमा पाइने स्वाद; छ रसमध्ये एक रस; कषाय ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अर्कप्रकाश :**

कषायोरोपणोग्राही स्तम्भनः शोधनोहिमः । कफशोणितपित्तघ्नो जिह्वा जाड्यकरो लघुः ॥

टर्रो रसले घाउ भर्ने गर्दछ र दिसा रोक्दछ । यसले अङ्गमा लाटोपन गर्दछ, धातुलाई प्रशोधन गर्नुका साथै शीतल हुन्छ । कफ, रगत र पित्त सम्बन्धी विकार नाश गर्दछ । यसले जिभ्रोलाई लटयाउँदछ र पचाउन हलुका हुन्छ । (टर्रो रस पचेपछि पिरो हुन्छ) ।

(ङ) **अष्टाङ्गहृदय :** सङ्कलन : मोहन प्रसाद सापकोटा

कषायो जडयज्जिह्वां कण्ठस्रोतोविबन्धकृत् ।

टर्रो रस खानाले जिभ्रोलाई केही बेरका लागि लाटो बनाई दिन्छ । घाँटीमा बहने रसलाई रोकी असजिलो बनाई दिन्छ ।

कषायः पित्तकफहा गुरुरस्रविशोधनः । पीडनो रोपणः शीतः क्लेदमेदोविशोषणः ॥
आमसंस्तम्भनो ग्राही रूक्षोऽति त्वक्प्रसादनः ।
करोति शीलितः सोऽति विष्टम्भाध्मानहृद्रुजः ॥
तृट्कार्श्यपौरुषभ्रंशस्रोतोरोधमलग्रहान् ।

टर्रो रसले कफ र पित्तलाई घटाउँदछ, पचाउन कठिन हुन्छ र रगतलाई प्रशोधन गर्दछ । टर्रो स्वादका कुनै पनि वस्तु खटिरामा दले खटिरालाई राम्ररी पकाउँदछ र पीप निचोरेपछि दले सुकाई दिन्छ र घाउ चाँडै भर्दछ (यसैले खटिरामा सेतो चन्दन घोटेर दल्ने गरिएको हो) । यसले शरीरलाई ठण्डी गर्दछ, पसिना र बोसोलाई सुकाउँदछ । आमदोषलाई रोक्दछ । कब्जियत गराउँदछ । यो रस अति नै रुखो हुन्छ, छालालाई स्वच्छ बनाउँदछ (यसैले टर्रो कुरा मिसाइका साबुन प्रयोग गर्ने गर्नु पर्दछ) । यो रस धेरै खाए कब्जियत, पेट ढुस्स भएर फुल्ने, मुटु दुख्ने, तिर्खा लाग्ने, दुब्लाउँदै जाने, शुत्र, नाश हुने, रस बहने शरीरका अङ्गमा अवरोध हुने र मलमूत्र रोकिने जस्ता समस्या उत्पन्न हुन्छन् ।

वर्गः कषायः पथ्याऽक्षं शिरीषः खदिरो मधु ॥
कदम्बोदुम्बरं मुक्ताप्रवालाञ्जनगैरिकम् । बालं कपित्थं खर्जूरं बिसपद्मोत्पलादि च ॥

हर्रो (पथ्या), बर्रो (अक्ष), शिरीष, खयर, मह, कदम, डुम्री, मोति, मुँगा, अञ्जन, गेरु, काँचो कैथ, काँचो छोकडा (खर्जूर), कमलगट्टा, कमल, चन्द्रकमल (उत्पल) आदि टर्रो स्वादका द्रव्य हुन् ।

कषायं प्रायशः शीतं स्तम्भनं चाभयां विना ।

हर्रो बाहेकका प्रायः सबै टर्रो द्रव्यले ठण्डी गर्दछन् र शरीरको कुनै भागलाई जकडयाउन (प्यारालाइसिस बनाउन) खोज्दछन् ।

(च) आयुर्वेद महोदधि :

टर्रो पदार्थमा हर्रो दूधसँग खान हुन्छ ।

(छ) चरक संहिता :

कषायो रसः संशमनः सङ्ग्राही सन्धारणः पीडनो रोपणः शोषणः स्तम्भनः श्लेष्मरक्तपित्तप्रशमनः शरीरक्लेदस्योपयोक्ता, रूक्षः शीतो गुरुश्च । स एवंगुणोऽप्येक एवात्यर्थमुपयुज्यमान आस्यं शोषयति, हृदयं पीडयति, उदरमाध्मापयति, वाचं निगृह्णाति, स्रोतांस्यवबध्नाति, श्यावत्वमापादयति, पुंस्त्वमुपहन्ति, विष्टभ्य जरां गच्छति, वातमूत्रपुरीषरेतांस्यवगृह्णाति, कर्शयति, ग्ल(म्ला)पयति, तर्षयति, स्तम्भयति, खरविशदरूक्षत्वात् पक्षवधग्रहापतानका-र्दितप्रभृतींश्च वातविकारानुपजनयतीति ॥ (६)॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

टर्रो रसमा रोग शान्त पार्ने वा यथास्थितिमा राख्ने, ग्राहि, रोक्ने। घाउखटिरालाई निचोर्ने, घाउ भर्ने, घाउ सुकाउने, शरीरका अङ्गलाई लाटो बनाउने; कफविकार, रक्तविकार र पित्तविकारलाई नाश गर्ने; शरीरको गिलोपनलाई चुस्ने, रुखो, शीतवीर्यको र पचाउन कठिन हुने गुण हुन्छ । यो रस बढी प्रयोग गरिए यसले मुख सुकाउने, मुटु दुखाउने, आध्मान गर्ने, बोली अड्काउने, स्रोतग्रन्थिका प्वाल बन्द गर्ने, कालोपन बढाउने, दुब्लो बनाउने, पुंस्त्व नाश गर्ने, कब्जियत गराएर रोक निकाल्ने; वायु, पिसाब, दिसा र वीर्य रोक्ने; शरीरलाई तान्ने वा सोस्ने, मलीन बनाउने, तिर्खा लगाउने, शरीरलाई जकडयाउने, तथा तिक्खर, मोहक र रुखो हुनाले पक्षवध, हनुग्रह, मन्याग्रह, पृष्ठ, अपतानक र अर्दित जस्ता रोगहरू निकाल्दछ ।

(ज) भावप्रकाश संहिता :

...कषायाणां विपाको जायते कटुः ॥

टर्रो रस पचेपछि पिरो हुन्छ ।

कषायो रोपणो ग्राही स्तम्भनः शोधनस्तथा । लेखनः पीडनः सौम्यः शोषणो वातकोपनः ॥
कफशोणितपित्तघ्नो रूक्षः शीतो लघुर्मतः । त्वक्प्रसाधन आमस्य स्तम्भनो विशदो मतः ॥
जिह्वायां जाड्यकृत्कण्ठस्रोतसां च विबन्धकृत् । सोऽतियुक्तो ग्रहाध्मानहृत्पीडाक्षेपणादिकृत् ॥

टर्रो रसमा घाउ भर्ने, ग्राहि, शरीरलाई अँठ्याउने, घाउखटिरा आदि प्रशोधन गर्ने, लेखनी, मुटुमा पीडा गर्ने, चन्द्रमाबाट उत्पन्न भएको; घाउ, मासी आदि सुकाउने; वातविकारलाई उत्तेजित पार्ने; कफविकार, रक्तविकार र पित्तविकारलाई नाश गर्ने; रुखो, शीतवीर्यको, पचाउन सहज, छालालाई शुद्ध पार्ने, आमविकारलाई रोक्ने, सफा, जिभ्रोलाई लाटो बनाउने तथा घाँटी र स्रोत गन्थीका प्वाललाई बन्द गरिदिने गुणको हुन्छ । अत्यधिक टर्रो रस खानाले यो ग्राहि हुन्छ तथा यसले आध्मान, मुटुको पीडा, आक्षेपक आदि जस्ता रोग उत्पन्न गर्दछ ।

(झ) **मदनपाल निघण्टु :**

कषायो रोपणो ग्राही शोषणो वातकोपनः । सोऽतियुक्तो ग्रहाध्मानहृत्पीडाक्षेपणादिकृत् ॥

टर्रो रसले घाउ भर्ने काम गर्दछ । यसले दिसा आदि मल रोक्दछ, धातुलाई सोस्दछ र वातविकार बढाउँदछ । धेरै टर्रो रस खाए यसले कब्जियतका रोग, आध्मान, मुटु दुख्ने रोग, आक्षेप रोग आदि गराउन सक्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ञ) **राज निघण्टु :**

कषायस्तुवरः प्रोक्तः स तु पूगीफलादिषु ॥

सुपारी आदिमा पाइने टर्रो रसलाई कषाय वा तुवर भनिन्छ ।

कषायनामा निरुणद्धि शोफं वर्णं तनोर्दीपनपाचनश्च ।
सत्त्वापहोऽसौ शिथिलत्वकारी निषेवितः पाण्डु करोति गात्रम् ॥

टर्रो रसले शरीरमा हुने सुजन नाश गर्दछ र शरीरको वर्णमा निखार लेराउँदछ । यो दीपनी र पाचनी हुन्छ । धेरै टर्रो रस खानाले शरीरमा शिथिलता पैदा गर्ने र पाण्डुरोग निकाल्ने सम्भावना हुन्छ ।

(ट) **राजवल्लभ निघण्टु :**

कषायः शोषणः स्तम्भी व्रणपाकार्तिनाशनः । कफशोणितपित्तघ्नो रूक्षः शीतो गुरुस्तथा ॥

टर्रो रस सोस्ने, अँठ्याउने, घाउलाई पकाउने, दुःखनाशक तथा कफविकार, रक्तविकार र पित्तविकारलाई नाशगर्ने गुणको हुन्छ । यो रुखो, शीतवीर्यको र पचाउन कठिन हुन्छ ।

कषायः प्रायशः शांतः स्तम्भनश्चाभयं विना॥

हर्रो बाहेकका प्रायः सबै टर्रा पदार्थ शीतवीर्यका तथा दिसा रोक्ने गुणका हुन्छन् ।

(ठ) **शार्ङ्गधर संहिता :**

पृथ्वी र वायुको सम्मिश्रणबाट टर्रो रस उत्पन्न हुन्छ ।

(ड) **सुश्रुत संहिता :**

कषायः संग्राहको रोपणः स्तम्भनः शोधनोलेखनः शोषणः पीडनः क्लेदोपशोषणश्चेति । स एवंगुणोऽप्येक एवात्यर्थमुपसेव्यमानो हृत्पीडास्यशोषोदराध्मानवाक्यग्रहमन्यास्तम्भगात्र-स्फुरणचुमुचुमायनाकुञ्चनाक्षेपणप्रभृतीञ्जनयति ।

टर्रो रस ग्राहि, घाउखटिरा भर्ने, रगत आदि रसको बहावलाई रोक्ने, दोषलाई प्रशोधन गर्ने, घाउखटिरा आदिमा हुने बिग्रेको मासु नाश गर्ने, सुकाउने, निचोर्ने र आर्द्रता सोस्ने गुणको हुन्छ । अत्यधिक टर्रो रस खानाले मुटु दुखाउने, मुख सुकाउने, पेट फुलाउने, बोल्नमा कठिनाई निकाल्ने, मन्यास्तम्भ गर्ने, शरीरका अङ्ग फरफराउने बनाउने, चुमचुमायन (अङ्गहरू झमझमाउने, Tingling sensation), अङ्गहरू खुम्च्याउने र आक्षेप जस्ता रोगहरू निकाल्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ढ) **हारीत संहिता :**

जिह्वां कण्ठं ग्रसति नितरां ग्राहकश्चातिसारे श्लेष्मव्याधेरुषशमकरः श्वासकासापहर्त्ता ।
हिक्कां शूलं हरति नितरां शोधनः स्याद्व्रणानाम् प्रोक्तश्चायं समधिकगुणः श्रेष्ठकाषायनासा॥

टर्रो रसले जिभ्रो र घाँटीलाई बाँध्दछ । छेरपटी ठिक गर्दछ । कफजन्य रोग निको पार्दछ । श्वासप्रश्वाससम्बन्धी रोग र खोकी निको गर्दछ । बाडुली र शूल ठिक गर्दछ । यसले घाउलाई सोस्दछ वा सुकाउँदछ । यो अधिक गुणकारी रस हो ।

कषाय वा क्वाथ (कोँढा वा कोँढापानी)
(Decoction)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

क्वाथयेत् षोडशगुणं पिवेद् द्रव्याच्चतुर्गुणम् । कल्पनैषा कषायस्य यत्र नोक्तो विधिर्भवेत्॥

काँढापानी मात्र भनिएको छ र पकाउने विधि बताइएको छैन भने द्रव्य जति छ त्यसको सोह्र गुना पानी हालेर पकाउनू, एक चौथाई अर्थात् द्रव्यको चार गुना पानी बाँकी भएपछि छानेर पिउनू, यही नै काँढापानी पकाउने विधि हो ।
(विशेष : मिस्री आदि जस्ता पानीमै घोलिने पदार्थ बाहेक अरु पदार्थको काँडापानी पकाएर खाँदा दाल नै भएपनि चौटा खान हुँदैन, छानेर रस मात्र खानु पर्दछ ।)

(ख) चरक संहिता :

पञ्च कषाययोनय इति मधुरकषायोऽम्लकषायः ।
कटुककषायस्तिक्तकषायः कषायकषायश्चेति तन्त्रे संज्ञा॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

काँढापानी (कषाय) पाँच प्रकारको हुन्छ । मधुर कषाय अर्थात् गुलियो रस आउने पदार्थको काँढापानी, अम्ल कषाय अर्थात् अमिलो रस आउने पदार्थबाट बनाइएको काँढापानी, कटुक कषाय अर्थात् पिरो रस आउने पदार्थबाट बनाइएको काँढापानी, तिक्त कषाय अर्थात् तीतो रस आउने पदार्थबाट बनाइएको काँढापानी र कषाय कषाय अर्थात् टर्रो स्वाद आउने पदार्थबाट बनाइएको काँढापानी । यी पाँच काँढापानीलाई यस शास्त्रमा कषाय भनिएको छ । (नुनिलो पदार्थबाट चाहीँ काँढापानी तयार हुँदैन) ।

पञ्चविधं कषायकल्पनमिति, तद्यथा स्वरसः कल्कः श्रृतः शीतः फान्टः कषाय इति॥८॥

काँढापानी स्वरस कषाय, कल्क कषाय, श्रृत कषाय, शीत कषाय र फाण्ट कषाय गरी पाँच तरिकाले बनाइन्छ ।

(ग) शार्ङ्गधर संहिता :

पानीयं षोडशगुणं क्षुण्णे द्रव्यपले क्षिपेत् । मृत्पात्रे क्वाथयेद् ग्राह्यमष्टमांशावशेषितम्॥
तज्जलं पाययेद्धीमान्कोष्णं मृद्वग्निसाधितम् ।

चालीस ग्राम औषधीलाई छ सय चालीस ग्राम पानीमा हाली माटाको भाँडामा मन्द आँचमा तताउनू । जब अस्सी ग्राम पानी बाँकी रहन्छ तब त्यो माटाको भाँडो झिक्नू र औषधी कपडाले छान्नू । (यसलाई काँढा वा काँढापानी वा क्वाथ भनिन्छ) ।

शृतः क्वाथः कषायश्च निर्यूहः स निगद्यते॥

शृत, क्वाथ, कषाय र निर्यूह : यी काँढापानीका पर्यायवाची नाम हुन् ।
(प्रयोजन अनुसार काँढापानी पकाउने विभिन्न विधि र विभिन्न प्रकार हुन्छन् ।)

सङ्कलन : मोहन प्रसाद सापकोटा

कसेरु (कसुर)
(Water chestnut)

परिभाषा :

कसेरु (तस्बिर श्रोत : आयुष्वेदः डटकम)

(क) के.यन.स्वामी (कसेरु) : मोथे जातिको एक भेद । यसका ठूलो सानो गरी दुई प्रकार हुन्छन् । ठूलोलाई राजकसेरु र सानोलाई चिचोड भनिन्छ । ठूलो कसेरु पिंडालुको छोरा जस्तो र सानो कसेरु मोथे जस्तो हुन्छ ।

(ख) नेपाली बृहत् शब्दकोश (कसुर) : लामा-लामा पात, कोदाको बालाजस्तो खैरो फूल र रौँजस्ता जरा भएको कन्दफल फल्ने एक बोट । त्यसैको फल; कसेरुक ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Water chestnut तथा ल्याटिन भाषामा *Scirpus kysoor* Roxb. भनिन्छ ।

(घ) डा.सतिश चन्द्र साङ्खचधर : यो *Scirpus articulaus* Linn. वा *Scirpus esculentus* Linn., *Scirpus grossus* Linn. र *Scirpus Desf.* वा *Scirpus maritimus* C.B.Clarke गरी तीन थरी हुन्छ । यसका अन्य जात पनि हुन्छन् ।

कसेरु (तस्बिर श्रोत : आयुष्वेदः डटकम)

(ङ) फर्माकोपिया : यो Cyperaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Scirpus kysoor* Roxb. हो । अंग्रेजीमा यसलाई Water chestnut भनिन्छ । संस्कृत नाम कसेरुक हो । यसको गानाको धुलो ५-१० ग्राम ओखतीका लागि एक मात्रा हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **कैयदेव निघण्टु :**

मुस्ताकृति स्वल्पकन्दं वृषपर्वा कसेरुकम् । चिचोटकं कसेरुः स्यात् बृहद् राजकसेरुकम्॥
कसेरुकं हिमं रूक्षं मधुरं तुवरं गुरु । सङ्ग्राहि शुक्रलं स्तन्यकफमारुतवर्धनम्॥
पित्तशोणितदाहघ्नं नयनामयनाशनम् । वृष्यं मेहतृषां हन्याद् विष्टम्भि कृमिकारि च॥
कसेरुकस्य पुष्पं तु पित्तघ्नं कामलापहम् ।

मुस्ताकृति, स्वल्पकन्द, वृषपर्वा, कसेरुक, चिचोटक र कसेरु : यी कसुरका पर्यायवाची नाम हुन् । ठूलो कसुरलाई राजकसेरु भनिन्छ । यो शीतवीर्यको, रुखो, गुलियो, टर्रो, पचाउन कठिन, ग्राहि, शुक्रर्धक; दूध, कफविकार र वातविकार बढाउने; रक्तपित्त, डाह र आँखाका रोग नाश गर्ने; वीर्यवर्धक, प्रमेह र तिर्खा नाश गर्ने, कब्जियत गर्ने र कीरा पार्ने गुणको हुन्छ । यसको फूलले पित्तविकार र कमलपित्त नाश गर्दछ ।

(क) भावप्रकाश निघण्टु :

कसेरु द्विविधं तत्तु महद्राजकसेरुकम् । मुस्ताकृति लघु स्याद्यत्तच्चिचोढमिति स्मृतम् ॥
कसेरुकद्वयं शीतं मधुरं तुवरं गुरु । पित्तशोणितदाहघ्नं नयनामयनाशनम् ॥
ग्राहि शुक्रानिलश्लेष्मारुचिस्तन्यकरं स्मृतम् ।

कसेरु (तस्विर श्रोत : डा.सुभाष जैन)

कसेरु दुई किसिमको हुन्छ । ठूलो कसेरुलाई राजकसेरु भनिन्छ । सानो मोथेजस्तो कसेरुलाई चिचोढ भनिन्छ । यी दुवै कसेरुले शीतल गर्दछन् तथा गुलिया र टर्रा हुन्छन् । यी पचाउन कठिन हुन्छन् । यिनले पित्तविकार, रक्तविकार, डाह र आँखाका रोग नाश गर्दछन् । यिनले कब्जियत गर्दछन् तथा शुक्र, वातविकार, कफविकार, अरुचि र दूध बढाउँदछन् भनिन्छ ।

(ग) मदनपाल निघण्टु :

कसेरुकं स्वल्पकन्दं बृहद्राजं कसेरुजम् ।
कसेरुकं हिमं स्वादु गुरु पित्तास्रदाहजित् ॥

कसेरुक, स्वल्पकन्द, बृहद्राज र कसेरुज : यी कसेरुका पर्यायवाची नामहरू हुन् । कसेरु शीतवीर्यको, स्वादिलो, पचाउन कठिन तथा पित्तविकार, रक्तविकार र डाह नाश गर्ने गुणको हुन्छ ।

(घ) राज निघण्टु :

गुण्डकन्दः कसेरुः स्यात् क्षुद्रमुस्ता कसेरुका । शूकरेष्टः सुगन्धिश्च सुकन्दो गन्धकन्दकः ॥
कसेरुकः कषायोऽल्पमधुरोऽतिखरस्तथा । रक्तपित्तप्रशमनः शीतो दाहश्रमापहः ॥

गुण्डकन्द, कसेरु, क्षुद्रमुस्ता, कसेरुका, शूकरेष्ट, सुगन्धि, सुकन्द र गन्धकन्दक : यी कसेरुका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, थोरै गुलियो र अति रुखो हुन्छ । यसले रक्तपित्त, डाह र थकाई नाश गर्दछ । यो शीतवीर्यको हुन्छ ।

(ङ) शालिग्राम निघण्टु :

गुण्डकन्दः कसेरुः स्यात्क्षुद्रमुस्ता कसेरुका । सूकरेष्टः सुगन्धिश्च सुगन्धो गन्धकन्दकः ॥

गुण्डकन्द, कसेरु, क्षुद्रमुस्ता, कसेरुका, सूकरेष्ट, सुगन्धि, सुगन्ध र गन्धकन्दक : यी कसुरका पर्यायवाची नाम हुन् ।

कसेरु द्विविधं तत्तु महद्राजकशेरुकम् ।
मुस्ताकृतिर्लघुस्याद्यत्तच्चिचोडमितिस्मृतम् ॥

कसेरुको गाना (तस्विर श्रोत : डा.सुभाष जैन)

कसुर दुई प्रकारको हुन्छ । ठूलो कसुरलाई राजकशेरु भनिन्छ । मोथेका आकारको सानो कसुरलाई चिचोड भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कस्तूरी (कस्तुरी)
(Musk)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : मृगनाभि, मृगमद र कस्तूरी भनेको नेपालीमा कस्तूरी हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) कथुरो : मुखमा दाह्रा हुने फुस्रो रङको ससानो गाँठीको कस्तूरी मृग । (२) कस्तूरी :- नेपालमा प्रायः हिमप्रदेशमा हुने, हिउँबाट बगेर आएको पानी र हिउँ पग्लेपछि ढुङ्गाको लेउ खाने, छोटो पुच्छर, झीना खुट्टा र भालेको नाइटोनेर सुगन्धी बिना भएको, मृगको जातको झन्डै स्यालजत्रो प्रसिद्ध जन्तु; नेपालमा पाइने बदामी रङ्गको, पश्चिम आसाममा पाइने कालो रङ्गको र काश्मिरमा पाइने कैले रङ्गको गरी तीन जात मानिएका र मध्य एशियाका घना जङ्गलमा पनि ठन्डा ठाउँमा पाइने सोही जन्तु । त्यसै जन्तुको नाइटोनेर हुने र अनेक सुगन्धित वस्तु तथा औषधि बनाउनमा प्रयोग गरिने सुगन्धी द्रव्यको गोलो थैली; बिना । (३) नाभि : कस्तूरी मृगको नाइटोनिर हुने सुगन्धी द्रव्य; बिना । (४) बिना :- कस्तूरी मृगका नाभिमा हुने सुगन्धी द्रव्यको थैली वा गोल डल्लो; मृगनाभि । (५) मद : नाभिमा सुवासयुक्त दाना हुने एक मृगविशेष; कस्तूरी । (६) माउ कस्तूरी : कस्तूरीको माउ; पोथी कस्तूरी; मृगमातृका । (७) मृगनाभि : मृगको नाइटो; कस्तूरी; बिना; मृगमद । (८) मृगमद : कस्तूरी; मृगनाभि । (९) मृगमातृका : कस्तूरी मृगको पोथी । (१०) योजनगन्धा : कस्तूरी; वधिक ।

कस्तुरी मृग (तस्विर श्रोत : परिभाषा खण्ड (छ) बमोजिम)

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Musk र ल्याटिन भाषामा *Moschus* भनिन्छ । भाले कस्तूरीमृगको जननेन्द्रियको मणिलाई छोप्ने छालाको एक थैली हुन्छ । यो थैली नाइटो नजिक वा नाइटो र जननेन्द्रिय ढाक्ने आवरणको बीचमा हुन्छ । यसका आकार अण्डाकार र सवा एकदेखि तीन इञ्च लामो तथा एकदेखि दुई इञ्चसम्म चौडा हुन्छ । यसको मुखमा रौंयुक्त एक सानो प्वाल हुन्छ । अर्कोभाग साँगुरिँदै गई जननेन्द्रिय छोप्ने छालाको मुखसम्म गएर जोडिएको हुन्छ । जननेन्द्रियबाट बहेको रस गएर सोही थैलोमा जम्मा हुन्छ । सुकेपछिको यही रसलाई कस्तूरी भनिन्छ । जवान कस्तूरीमृगको कस्तूरी बढी सुगन्धित हुन्छ । आफूबाटै आएको सुगन्धलाई अन्तबाट आएको ठान्दै मृग विरुवा सुँघ्दै हिँड्दछ र मारिन्छ । कस्तूरीमृगमा यसरी जम्मा हुने कस्तूरी बढीमा साडे दुई तोलासम्म पाइएको छ । (यो अत्यन्त दुर्लभ र वसारपसार गर्न प्रतिबन्धित पदार्थ हो । बजारमा कस्तूरी भनेर जे दिइन्छ त्यो कुन जनावरको छाला हो बेच्नेलाई पनि थाहा हुँदैन) । शिकारीहरुले मृग मारेपछि नाइटो काट्दछन् र त्यसलाई घाममा सुकाउँदछन् । अनि यसलाई त्यही मृगको रौंले बेरी छालाको थैलोमा हालेर सिलबन्दी गरी बट्टा वा टिनको बाकसमा हालेर बाहिर काठको बासकले मोरी तस्करी गर्ने गर्दछन् ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसलाई ल्याटिन भाषामा *Moskus* भनिन्छ ।

(ङ) डा.सतिश चन्द्र साङ्ख्यधर : कस्तूरीको ल्याटिन नाम *Moschus moschiferus* हो ।

(च) के.यन.स्वामी (मृगमातृका) : पोथी मृग ।

(छ) नेपालमा अधिक चोरी शिकार र अवैध व्यापार हुने वन्यजन्तु तथा वनस्पतिहरूको जानकारी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौ, नेपाल, २०७५ : कस्तुरी मृगलाई अंग्रेजीमा *Musk Deer* भनिन्छ । यो *Moschidae* परिवारमा पर्दछ । नेपालमा तीन प्रजातिका कस्तुरी मृगहरू पाइन्छन् । ती सुनकण्ठे कस्तुरी (*Alpine Musk Deer, Moschus chrysogaster;* सेतोकण्ठे कस्तुरी *(Himalayan Mueer, Misch leucogaster)* र कालो कस्तुरी मृग *(Black Musk Deer, Moschus fuscus*) । सुनकण्ठे कस्तुरी पश्चिमदेखि पूर्व नेपालसम्म, सेतोकण्ठे कस्तुरी मध्य तथा पूर्वी नेपालमा तथा कालो कस्तुरी पूर्व नेपालका २,५००-५,००० मिटरको उचाइमा पाइन्छ । कस्तुरीको तौल १०-१५ किलोग्राम हुन्छ । यसको दाँत र बिना व्यापारमा प्रयोग हुन्छ । भाले र पोथी दुवैको शरीर मोटो, खस्रा र बाक्ला गाढा खैरो रङका रौँहरूले ढाकेको हुन्छ । यिनको सिङ हुँदैन, लामो कान र छोटो पुच्छर हुन्छ । भालेको माथिल्लो बङ्गारोमा लामा र तीखा दुईवटा दाह्राहरू हुन्छन् । वयस्क भालेको नाइटो र प्रजनन अङ्गको बीचमा कस्तुरी (बिना) हुन्छ जुन पोथीमा हुँदैन । यी एकैठाउँमा दिसा गर्ने गर्दछन् । यसलाई मार्नु र यसका कुनै पनि अङ्गको व्यापार गर्नु अवैध कार्य हो । कस्तुरीको असली बिना अलिकति चेप्टो परेको, गोलो वा अण्डाका हुन्छ र यसको रङ खैरो हुन्छ । यसमा भएका रौँहरू मोटा, खोक्रो परेका र सजिलैसँग चुँडिने खालका हुन्छन् । बिनामा कस्तुरी निकालेर मैन आदि भरिएको भए बिनामा सिरिञ्ज वा काटेको दाग हुन्छ । असली कस्तुरीलाई पानीमा राख्यो भने जस्ताको तस्तै रहन्छ । आगोमा हाल्दा पग्लेर तरल बन्दछ । यसको पहिचानको घरेलु उपायमा हिङ र लसुनको प्रयोग गर्दछन् । हिङलाई एउटा कपडाको टालोमा घोटेर त्यसपछि कस्तुरीलाई पनि त्यहीनिर घोटयो भने कस्तुरीको साटो हिङको बास्ना आउँदछ भने त्यो नक्कली कस्तुरी हो । हिङको बास्ना नआएर कस्तुरीको बास्ना आउँदछ भने त्यो सक्कली कस्तुरी हो । यसैगरी एउटा सियोलाई लसुनको पोटीमा घुसारेपछि त्यसलाई पुनः कस्तुरीको बिनाभित्र घुसारिन्छ । यसपछि सियोलाई निकालेर सुँघ्दा कस्तुरीको बास्ना आए त्यो सक्कली कस्तुरी हो, लसुनको गन्ध आए त्यो नक्कली कस्तुरी हो भनिन्छ ।

कस्तूरी मृग (तस्बिर श्रोत : पेयर डी आप्टे)

सङ्कलन : मोहन प्रसाद सपकोटा

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

कस्तूरी मृगनाभिर्मृगाण्डजा गन्धचैलिका सुरभिः ।
मदनी च वेधमुख्या दर्पः शतवेधिनी बुधैः प्रोक्ता॥ ...कस्तूरी मृगजा मता ।

कस्तूरी, मृगनाभि, मृगाण्डजा, गन्धचैलिका, सुरभि, मदनी, वेधमुख्या, दर्प र शतवेधिनी : यी

कस्तुरीका पर्यायवाची नाम हुन् । कस्तुरीलाई मृगजा पनि भनिन्छ ।

(ख) अभिधान रत्नमाला :

गन्धर्वा देवमुख्या कस्तूरी नाभिजो मदः । मृगनाभिर्मृगमदो दर्पः श्वेतमृगाण्डजः॥


कस्तूरी मृग (तस्विर श्रोत : पेयर डी अमरकोश)

गन्धर्वा, देवमुख्या, कस्तूरी, नाभिज, मद, मृगनाभि, मृगमद, दर्प र श्वेतमृगाण्डज : यी कस्तुरीका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

मृगनाभिर्मृगमदः कस्तूरी...।

मृगनाभि, मृगमद र कस्तूरी : यी कस्तूरीका पर्यायवाची नाम हुन् ।

(घ) अष्टाङ्ग निघण्टु :

मृगनाभिर्मृगमदः कस्तूरी दर्पसञ्ज्ञकः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

मृगनाभि, मृगमद, कस्तूरी र दर्पसञ्ज्ञक : यी कस्तुरीका पर्यायवाची नाम हुन् ।

(ङ) आयुर्वेद महोदधि :

कस्तूरी सौरभाढ्या कटुकरसगुरुः क्षारतिक्तोष्णयुक्ता
शीताटोपापहन्त्री कफपवनहरा पित्तकृच्छुक्रला च ।
सन्तघोल्लासहेतुर्वमथुविषहरा गात्रदौर्गन्ध्यहन्त्री
क्षुण्णा पित्तप्रकोपं प्रशमयति भृशं हन्ति शोषं विषं च॥

कस्तूरी अति सुगन्धित, पिरो, पचाउन कठिन, क्षारयुक्त, तितो र तातो हुन्छ । यसले चिसो लागेको हटाउँदछ । कफविकार र वायुविकार नाश गर्दछ तर पित्तविकार बढाउँदछ । शुक्रवृद्धि गर्दछ र मनलाई तृप्त पार्दछ । वाकवाकी, विषको असर र शरीरको दुर्गन्ध नाश गर्दछ । घोटिएको कस्तूरीले पित्तविकारलाई पनि शान्त गर्दछ । शरीर सुन्निएको र विषको असर ठिक गर्दछ ।

या गन्धं केतकीनां वहति भृशतरं वर्णतः पिङ्गलाभा
स्वादे तिक्ता कटूष्णा लघु परितुलिता मर्दिता चिक्कणा स्यात् ।
दग्धा नो याति भूतिं चिमिचिमि कुरुते चर्मगन्धं हुतां ते
सा शुद्धा शोभनीया मृगवरतनुजा राजयोग्या प्रदिष्टा॥

जुन कस्तूरी क्यात्तुकेको फूल वा हात्तीको मद-जल जस्तो बास्ना आउने हुन्छ, रङमा कैलो, स्वादमा तितो-पिरो, तातो, पचाउन हलुका, जोख्दा हलुको, मिच्दा च्याटच्याट लाग्नेगरी चिल्लो हुने, आगोमा हाल्दा धेरै बेरसम्म नडढ्ने र चिरचिर आवाज आउने तथा डढेपछि छालाको जस्तो गन्ध आउने खालको हुन्छ त्यस्तो मृगका शरीरबाट उत्पन्न कस्तूरीलाई उत्तम कस्तूरी मानिन्छ र राजाहरूका लागि उपभोग गर्न योग्य हुन्छ ।

करतलजलमध्ये स्थापनीया महद्भिः पुनरपि तदवश्यं चिन्तनीयं मुहूर्त्तम् ।
यदि भवति च रक्तं तज्जलं पीतवर्णं न भवति मृगनाभिः कृत्रिमोऽयं विकारः ॥

ठूला मान्छेको हत्केलामा अलिकति पानी राखेर त्यसमा कस्तूरी राख्नु । त्यसपछि अठचालीस मिनेटसम्म कुर्नु । यदि पानी रातो वा पहेँलो रङको भयो भने त्यो कस्तूरी नक्कली हो भनी थाहा पाउनु ।

कस्तुरीको विनाहरू (तस्विर श्रोत : परिभाषा खण्ड (छ) बमोजिम)

(च) **कैयदेव निघण्टु :**

कस्तूरिका वेधमुख्या सुगन्धा मदनी मदः ।
मार्गो दर्पो मृगमदो मृगनाभिर्मृगाण्डजः ॥
कस्तूरी कटुका तिक्ता क्षारोष्णा शुक्रला गुरुः । कफवातविषच्छर्दिशीतदौर्गन्ध्यशोषहा ॥
कश्मीरे कपिलच्छाया नेपाले चैव लोहिता । कामरूपोद्भवा कृष्णा कस्तूरी त्रिविधा स्मृता ॥
कामरूपोद्भवा श्रेष्ठा नेपालोत्था च मध्यमा । कश्मीरदेशसम्भूता कस्तूरी ह्यधमा मता ॥

कस्तूरिका, वेधमुख्या, सुगन्धा, मदनी, मद, मार्ग, दर्प, मृगमद, मृगनाभि र मृगाण्डज : यी कस्तुरीका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, क्षारयुक्त, उष्णवीर्यको, शुक्रवर्धक, पचाउन कठिन तथा कफविकार, वातविकार, विषविकार, वाकवाकी, चिसो लागेको, दुर्गन्ध र सुकेनास नाश गर्ने गुणको हुन्छ । काश्मीरमा पाइने कैलो रङको, नेपालमा पाइने रातो रङको र आसाममा पाइने कालो रङको गरी कस्तुरी तीन किसिमको हुन्छ । आसामतिर पाइने उत्तम, नेपालमा पाइने मध्यम र कश्मीरमा पाइने कस्तुरी निम्न गुणस्तरको हुन्छ ।

या गन्धं केतकीनां वहति भृशतरं वर्णतः पिङ्गलाभा ।
स्वादे तिक्ता कटूष्णा लघु परितुलिता मर्दिता चिक्कणा स्यात् ॥
दग्धा नो याति भस्म चिमचिमिकुरुते चर्मगन्धा हुताशे ।
सा शुद्धा शोभनीया वरमृगतनुजा राजयोग्या प्रदिष्टा ॥
करतलजलमध्ये स्थापनीया महद्भिः पुनरपि तदवश्यं चिन्तनीया मुहूर्तम् ।
यदि भवति च रक्तं तज्जलं पीतवर्णम् न भवति मृगनाभिः कृत्रिमोऽयं विकारः ॥

क्यात्तुकेको फूलको जसरी अति नै बास्ना चल्ने, कैलो कैलो रङको, तितो स्वादको, पिरो, उष्णवीर्यको,

जोख्दा हलुको, माड्दा लेस्याइलो, आगोमा बाल्दा खरानी नबनी चटचट गरेर पानी निस्की छाला गनाए जसरी गनाउने खालको कस्तुरी शुद्ध कस्तुरी हो । यस्तो मृग-कस्तुरी राजाका लागि पनि शोभनीय हुन्छ । कस्तुरीलाई एक मुहूर्तसम्म हत्केकालामा पानीमा डुबाएर राख्नू । यदि पानी रातो वा पहेँलो हुन्छ भने त्यो नक्कली कस्तुरी हो ।

(छ) **धन्वन्तरि निघण्टु :**

कस्तूरिका मृगमदो मृगनाभिर्मृगाण्डजा ॥ मार्जारी वेधमुख्या च मदनी गन्धचेलिका ।
कस्तूरिका रसे तिक्ता कटुः श्लेष्मानिलापहा ॥ विषघ्नी दोषशमनी मुखशोषहरा परा ।

कस्तुरीको विना (तस्विर श्रोत : परिभाषा खण्ड (छ) बमोजिम)

कस्तूरिका, मृगमद, मृगनाभि, मृगाण्डजा, मार्जारी, वेधमुख्या, मदनी र गन्धचेलिका : यी कस्तूरीका पर्यायवाची नाम हुन् । यो तीतो, पिरो तथा कफविकार, वातविकार र विषविकार नाशगर्ने एवं त्रिदोषलाई शान्तपार्ने गुणको हुन्छ । यसले मुखको सुकाई वा तिर्खा प्रभावकारी ढङ्गले नाश गर्दछ ।

(ज) **पर्यायरत्नमाला :**

मृगनाभिर्मृगमदो मदः कस्तुरिकाण्डजः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

मृगनाभि, मृगमद, मद, कस्तुरिक र अण्डज : यी कस्तुरीका पर्यायवाची नाम हुन् ।

(झ) **भावप्रकाश निघण्टु :**

मृगनाभिर्मृगमदः कथितस्तु सहस्रभित् ॥ कस्तूरिका च कस्तूरी वेधमुख्या च सा स्मृता ।
कामरूपोद्भवा कृष्णा नैपाली नीलवर्णयुक् ॥ काश्मीरी कपिलच्छाया कस्तूरी त्रिविधा स्मृता ।
कामरूपोद्भवा श्रेष्ठा नैपाली मध्यमा भवेत् ॥ काश्मीरदेशसम्भूता कस्तूरी ह्यधमा मता ।
कस्तूरिका कटुस्तिक्ता क्षारोष्णा शुक्रला गुरुः ॥ कफवातविषच्छर्दिशीतदौर्गन्ध्यशोषहृत् ।

मृगनाभि, मृगमद, सहस्रभिद्, कस्तूरिका, कस्तूरी र वेधमुख्या : यी कस्तूरीका संस्कृत पर्यायवाची नामहरू हुन् । रङ अनुसार यो तीन किसिमको हुन्छ । कामरूप देशमा हुने कस्तूरी कालो रङको हुन्छ । नेपालमा हुने कस्तूरी नीलो रङको हुन्छ । काश्मीरमा हुने कस्तूरी कैलो रङको हुन्छ । यी तीन कस्तूरीमध्ये कामरूपको उत्तम, नेपालको मध्यम र काश्मीरको अधम हुन्छ । कस्तूरीको स्वाद पिरो र तीतो हुन्छ । यसमा क्षार वा नुनिलो पना हुनुका साथै यसले गर्मी गर्दछ । यो वीर्यवर्धक र पचाउन कठिन हुन्छ । यसले कफविकार, वातविकार, विषविकार र वाकवाकी नाश गर्दछ । यसले ठण्डी, दुर्गन्ध र सुजन नाश गर्दछ ।

(ञ) मदनपाल निघण्टु :

कस्तूरिका मृगमदो वेदमुख्या मृगाण्डजः । मृगनाभिरथान्या स्याल्लताकस्तूरिका मता ॥

कस्तूरिका, मृगमद, वेदमुख्या, मृगाण्डज र मृगनाभि : यी कस्तूरीका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्को थरी कस्तूरीलाई लताकस्तूरी भनिन्छ ।

कस्तूरी शुक्रला गुर्वी कटुका कफशीतजित् । उष्णा हन्ति विषच्छर्दिशोफदौर्गन्ध्यमारुतान् ॥

कस्तूरीले शुक्र बढाउँदछ । यो पचाउन कठिन र पिरो हुन्छ । यसले कफविकार र चिसो लागेको ठिक गर्दछ तथा गर्मी गर्दछ । कस्तूरीले विषविकार, वाकवाकी, सुजन, शरीरको दुर्गन्ध र वातविकार नाश गर्दछ ।

कस्तूरी हरिणी गन्धी मुण्डनी मृगमातृका । कस्तूरी हरिणः स्वादुर्बद्धविड् दीपनो लघुः ॥

कस्तुरीको बिना (तस्विर श्रोत : परिभाषा खण्ड (छ) बमोजिम)

कस्तूरी, हरिणी, गन्धी, मुण्डनी र मृगमातृका : यी कस्तूरीमृगका वा मुण्डनीमृगका संस्कृत पर्यायवाची नामहरू हुन् । कस्तूरीमृगको मासु स्वादिलो, दिसालाई कस्ने, पाचनशक्ति बढाउने र पचाउन हलुका हुने गुणको हुन्छ ।

(ट) माधव द्रव्यगुण :

कस्तूरी छर्दिदौर्गन्ध्यवातालक्ष्मीमलापहा ।

कस्तुरीले वाकवाकी, दुर्गन्ध, वातविकार, अलक्ष्मी र मल नाश गर्दछ ।

(ठ) राज निघण्टु :

कस्तूरी मृगनाभिस्तु मदनी गन्धचेलिका । वेधमुख्या च मार्जाली सुभगा बहुगन्धदा ॥
सहस्रवेधी श्यामा स्यात् कामानन्दा मृगाण्डजा । कुरङ्गनाभी ललिता मदो मृगमदस्तथा ॥
श्यामली काममोदी च विज्ञेयाऽष्टादशाह्वया ॥
कस्तूरी सुरभिस्तिक्ता चक्षुष्या मुखरोगजित् । किलासकफदौर्गन्ध्यवातालक्ष्मीमलापहा ॥

(१) कस्तूरी, (२) मृगनाभि, (३) मदनी, (४) गन्धचेलिका, (५) वेधमुख्या, (६) मार्जाली, (७) सुभगा, (८) बहुगन्धदा, (९) सहस्रवेधी, (१०) श्यामा, (११) कामानन्दा, (१२) मृगाण्डजा, (१३) कुरङ्गनाभी, (१४) ललिता, (१५) मद, (१६) मृगमद, (१७) श्यामली र (१८) काममोदी : यी अठार नाम कस्तूरीका संस्कृत पर्यायवाची नामहरू हुन् । कस्तूरी सुगन्धी, तीतो, आँखाका लागि हितकर, मुखका रोगलाई

जित्ने तथा किलास, कफविकार, शरीरको दुर्गन्ध, वातविकार, अलक्ष्मी र मल नाशक हुन्छ ।

कपिला पिङ्गला कृष्णा कस्तूरी त्रिविधा क्रमात् । नेपालेऽपि च काश्मीरे कामरूपे च जायते ॥
साऽप्येका खरिका ततश्च तिलका ज्ञेया कुलित्थाऽपरा
पिण्डाऽन्याऽपि च नायिकेति च परा या पञ्चभेदाभिधा ।
सा शुद्धा मृगनाभितः क्रमवशादेषा क्षितीशोचिता
पक्षत्यादिदिनत्रयेषु जनिता कस्तूरिका स्तूयते ॥
चूर्णाकृतिस्तु खरिका तिलका तिलाभा कौलत्थबीजसदृशा च कुलित्थका च ।
स्थूला ततः कियदियं किल पिण्डिकाख्या तस्याश्च किञ्चिदधिका यदि नायिका सा ॥

बिना (तस्बिर श्रोत : स्वदेशीउपाचार डटइन)

रङ अनुसार कैलो (पहेँलो मिसिएको खैरो), पिङ्गला (रातो मिसिएको खैरो) र कालो गरी तीन प्रकारको हुन्छ । पाइने स्थान अनुसार पनि यो मुख्यतः नेपाली, काश्मिरी र असामी गरी तीन प्रकारको हुन्छ । कस्तूरी खरिका, तिलका, कुलित्था, पिण्डा र नायिका गरी पाँच रूपको हुन्छ । मृगको नाइटोबाट निकालिएका यी पाँच थरी कस्तूरी क्रमशः शुद्ध र राजाका लागि उचित हुन्छन् । पन्ध्रदेखि अठार (वा तीस) दिन लगाएर तयार पारिएको कस्तूरी प्रशंसनीय हुन्छ । धूलोरूपको कस्तूरीलाई खरिका, ससाना चक्की बनाइएका कस्तूरीलाई तिलका, गहत वा चना जस्ता गेडाको आकारमा तयार पारिएको कस्तूरीलाई कुलित्थका, डल्लो आकारको कस्तूरीलाई पिण्डिका र ठूलो डल्लो बनाइएको कस्तूरीलाई नायिका भनिन्छ ।

स्वादे तिक्ता पिञ्जरा केतकीनां गन्धं धत्ते लाघवं तोलने च ।
याऽप्सु न्यस्ता नैव वैवर्ण्यमीयात् कस्तूरी सा राजभोग्याप्रशस्ता ॥

स्वादमा तीतो, सुनौलो रङको, केतकी जस्तो बास्ना आउने, जोख्दा हलुको र पानीमा हाल्दा पनि रङ नउड्ने कस्तूरी राजाको प्रयोगका लागि योग्य उत्तम कस्तूरी हो ।

या गन्धं केतकीनामपहरति मदं सिन्धुराणाञ्च वर्णे
स्वादे तिक्ता कटुर्या लघुरथ तुलिता मर्दिता चिक्कणा स्यात् ।
दाहं या नैति वह्नौ शिमिशिमिति चिरं चर्मगन्धा हुताशे
सा कस्तूरी प्रशस्ता वरमृगतनुजा राजते राजभोग्या ॥

केतकी जस्तो बास्ना आउने, हात्तीको मद जस्तो सिन्दूरे रङको, तीतो एवं पिरो स्वादको, जोख्दा हलुको, माड्दा लेस्याइलो र बाल्दा छालाको गन्ध नआउने गरी चिटचिट गरी बिस्तारै बिस्तारै बल्ने मृगको शरीरबाट निकालिएको कस्तूरी राजाको उपभोगका लागि उत्तम हुन्छ ।

बाले जरति च हरिणे क्षीणे रोगिणी च मन्दगन्धयुता ।
कामातुरे च तरुणे कस्तूरी बहुलपरिमला भवति ॥

बच्चो, बूढो, कमजोर र रोगी मृगको कस्तूरी कम बास्नादार हुन्छ । कामातुर र जवान मृगको कस्तूरी धेरै बास्नादार हुन्छ ।

या स्निग्धा धूमगन्धा वहति विनिहिता पीततां पाथसोऽन्त-
र्निःशेषं या निविष्टा भवति हुतवहे भस्मसादेव सद्यः ।
या च न्यस्ता तुलायां कलयति गुरुतां मर्दिता रूक्षताञ्च
ज्ञेया कस्तूरिकेयं खलु कृतमतिभिः कृत्रिमा नैव सेव्या ॥

चिल्लो, बाल्दा धुवाँ गनाउने, पानीमा हाल्दा पहेँलो हुने, आगोमा हाल्दा चाँडै बल्ने, तराजुमा हालेर जोख्दा गह्रौं हुने र माड्दा रुखो हुने कस्तूरी निश्चय नै नक्कली कस्तूरी हो । यस्तो कस्तूरीको प्रयोग नगर्नू ।

शुद्धो वा मलिनोऽस्तु वा मृगमदः किं जातमेतावता को-
ऽप्यस्यानवधिश्चमत्कृतिनिधिः सौरभ्यमेको गुणः ।
येनासौ स्मरमण्डनैकवसतिर्भाले कपोले गले
दोर्मूले कुचमण्डले च कुरुते सङ्गं कुरङ्गीदृशाम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

सक्कली वा नक्कली जस्तो कस्तूरी भएपनि के फरक पर्दछ र ? वास्तवमा कस्तूरको महत्वपूर्ण र एउटै गुण भनेको यसको स्वाद हो । यसलाई युवतीका निधारमा, गालामा, घाँटीमा, दुवै हातका कुममा र स्तनमा दल्नाले यसबाट आउने मनमोहक सुगन्धका कारण तीव्र कामवासना जाग्दछ ।

(ड) **राजवल्लभ निघण्टु :**

कस्तूरी छर्दिदौर्गन्ध्यरक्तपित्तज्वरापहा ॥

कस्तूरीले वाकवाकी, दुर्गन्ध, रक्तपित्त र जरो नाश गर्दछ ।

कस्तूरी (तस्विर स्रोत : डेलीहण्ट डटइन)

(ढ) **शालिग्राम निघण्टु :**

कस्तूरिका तु चक्षुष्या कट्वी तिक्ता सुगन्धिका ।
उष्णा शुक्रप्रदा गुर्वी वृष्या क्षारा रसायनी ॥
किलासकुष्ठमुखरुक्ककफदौर्गन्ध्यनाशिनी । अलक्ष्मीमलवाततृट्छर्दिशोषविषापहा ॥
शीतञ्च कासरोगञ्च नाशयेदिति कीर्त्तिता । (निघण्टु रत्नाकर)

कस्तुरी आँखाका लागि हितकर, पिरो, तितो, सुगन्धि, उष्णवीर्यको, शुक्रप्रदायक, पचाउन कठिन, वीर्यवर्धक, क्षारयुक्त, रसायनी तथा किलास, कुष्ठ, मुखका रोग, कफविकार, दुर्गन्ध, अलक्ष्मी, मल, वातविकार, तिर्खा, वाकवाकी, सुकेनास, विषविकार, चिसो लागेको र खोकी नाश गर्ने गुणको हुन्छ ।

(ण) **सरस्वती निघण्टु :**

दर्पं कस्तूरिका नाभी कस्तूरी गन्धकेलिका । मृगनाभिर्मृगमदो वेधमुख्या मृगाण्डजा ॥

दर्प, कस्तूरिका, नाभी, कस्तूरी, गन्धकेलिका, मृगनाभि, मृगमदा, वेधमुख्या र मृगाण्डजा : यी कस्तुरीका पर्यायवाची नाम हुन् ।

(त) **सोढल निघण्टु :**

कस्तूर्यां च मृगमदो मृगनाभिः मृगाण्डजा । मार्जारी वेधमुख्या च मदनी गन्धचेलिका ॥
सहस्रवेधिका प्रोक्ता मृगजा श्रेष्ठवेधिका । तथाऽम्बरवधूः प्रोक्ता दीर्घगन्धा सुगन्धिका ॥

कस्तूरी, मृगमदा, मृगनाभि, मृगाण्डजा, मार्जारी, वेधमुख्या, मदनी, गन्धचेलिका, सहस्रवेधिका, मृगजा, श्रेष्ठवेधिका, अम्बरवधू, दीर्घगन्धा र सुगन्धिका : यी कस्तुरीका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(थ) **हृदयदीपक निघण्टु :**

...दर्पः कस्तूरिकामदः ।

दर्प र कस्तूरिकामद : यी कस्तुरीका पर्यायवाची नाम हुन् ।

नोट : भाले कस्तूरीमृगको जननेन्द्रियको मणिलाई छोप्ने छालाको एक थैली हुन्छ । यो थैली नाइटो नजिक वा नाइटो र जननेन्द्रिय ढाक्ने आवरणको बीचमा हुन्छ । यसका आकार अण्डाकार र सवा एकदेखि तीन इञ्च लामो तथा एकदेखि दुई इञ्चसम्म चौडा हुन्छ । यसको मुखमा रौंयुक्त एक सानो प्वाल हुन्छ । अर्कोभाग साँगुरिँदै गई जननेन्द्रिय छोप्ने छालाको मुखसम्म गएर जोडिएको हुन्छ । जननेन्द्रियबाट बहेको रस गएर सोही थैलोमा जम्मा हुन्छ । सुकेपछिको यही रसलाई कस्तूरी भनिन्छ । जवान कस्तूरीमृगको कस्तूरी बढी सुगन्धित हुन्छ । आफूबाटै आएको सुगन्धलाई अन्तबाट आएको ठान्दै मृग विरुवा सुँघ्दै हिँड्दछ र मारिन्छ । कस्तूरीमृगमा यसरी जम्मा हुने कस्तूरी बढीमा साडे दुई तोलासम्म पाइएको छ । यो अत्यन्त दुर्लभ र वसारपसार गर्न प्रतिबन्धित पदार्थ हो । बजारमा कस्तूरी भनेर जे दिइन्छ त्यो कुन जनावरको छाला हो बेच्नेलाई पनि थाहा हुँदैन । शिकारीहरुले मृग मारेपछि नाइटो काट्दछन् र त्यसलाई घाममा सुकाउँदछन् । अनि यसलाई त्यही मृगको रौंले बेरी छालाको थैलोमा हालेर सिलबन्दी गरी बट्टा वा टिनको बाकसमा हालेर बाहिर काठको बासकले मोरी तस्करी गर्ने गर्दछन् ।

काँस (धातुविशेष)
(Bell Metal)

परिभाषा :

(क) के.यन.स्वामी : कांस्य, घोषम् र कंसक भनेको काँस धातु हो ।
(ख) नेपाली बृहत् शब्दकोश (काँसो) : तामा र राङको मेलबाट बन्ने, सेतो चहक हुने र ठक्कर लाग्दा पट्ट फुट्ने स्वभावको एक उपधातु; काँस, कसकुट; कांस्य; चरेस ।
(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : काँसलाई अंग्रेजीमा Bell Metal र ल्याटिन भाषामा *Bronze* भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

घोषं घुष्टं निजं लोहं प्रकाश्यं कंसकं लवम् । घोषरं रूपकं चेति कांस्यमाहुर्मनीषिणः ॥

घोष, घुष्ट, निज, लोह, प्रकाश्य, कंसक, लव, घोषर, रूपक र कांस्य : यी काँसका पर्यायवाची नाम हुन् ।

काँसका पाता (तस्बिर श्रोत : इण्डियामार्ट)

(ख) अष्टाङ्ग निघण्टु :

...कांस्यं काशं च घोषकम् ।

कांस्य, काश र घोषक : यी काँसका पर्यायवाची नाम हुन् ।

(ग) **आयुर्वेद महोदधि :**

... क्षीरं .. कांस्ये रक्तप्रसादनम्॥

काँसको भाँडाको दूधले रगत प्रशोधन गर्दछ ।

दशरात्रोषितं नाद्यात् कांस्ये च निहितं घृतम्॥

दश दिनसम्म काँसको भाँडामा राखिएको घिउ विषाक्त हुन्छ खान हुँदैन ।

(घ) **कैयदेव निघण्टु :**

कांस्यं लोहनिभं घोषं प्रकाशं कमलं लवम् ।
कांस्यं कषायं तिक्तोष्णं लेखनं विशदं सरम्॥
रूक्षं गुरु कफं पित्तं हन्ति दृष्टिप्रसादनम् ।

कांस्य, लोहनिभ, घोष, प्रकाश, कमल र लव : यी काँसका पर्यायवाची नाम हुन् । यो टर्रो, तितो, उष्णवीर्यको, लेखनी, मनोहर, मलमूत्रलाई तलतिर सार्ने, रुखो, पचाउन कठिन, कफविकार र पित्तविकार नाश गर्ने तथा आँखाको दृष्टि सफा गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कांस्ये रुचिकरं हृद्यं रक्तपित्तप्रसादनम् ।
...शौचयत् नो कांस्यभाजने... ।

काँस (चरेस) को भाँडामा खाना खाँदा रुचिप्रद, मुटुका लागि हितकर र रक्तपित्त रोग सफा हुने गर्दछ । काँसका भाँडामा मलमूत्र त्याग नगर्नू ।

(ङ) **धन्वन्तरि निघण्टु :**

घोषपुष्पं च पठितं शब्दैः पर्यायवाचकैः॥
कांस्यं तिक्तोष्णरूक्षं च लघु लेखि प्रकीर्तितम् ।
अञ्जनादिप्रयुक्तं च दिव्यदृष्टिप्रदायकम्॥
निःसंशयं हन्ति समस्तरोगान्घोषं नृणां स्याद्दृढदेहकर्तृ ।
कामस्य वृद्धिं कुरुते बलासं यकृन्निहन्त्याशु बलं करोति॥

कांस्य, लोह, निज, घोष, प्रकाश, कांस्यक, बल र घोषपुष्प : यी काँसका पर्यायवाची नाम हुन् । काँस तितो, उष्णवीर्यको, रुखो, पचाउन सहज, लेखनी, गाजल आदिमा प्रयोग गर्दा दृष्टि क्षमता बढाउने, सबै रोग अवश्य नाश गर्ने, मानिसको शरीरलाई बलियो बनाउने, यौन क्षमता बढाउने, कफविकार र

कलेजोका रोग नाश गर्ने तथा तुरुन्त बल दिने गुणको हुन्छ ।

(च) भावप्रकाश निघण्टु :

ताम्रत्रपुजमाख्यातं कांस्यं घोषं च कंसकम् । उपधातुर्भवेत्कांस्यं द्वयोस्तरणिरङ्गयोः ॥
कांस्यस्य तु गुणा ज्ञेयाः स्वयोनिसदृशा जनैः ।
संयोगजप्रभावेण तस्यान्येऽपि गुणाः स्मृताः ॥
कांस्यं कषायं तिक्तोष्णं लेखनं विशदं सरम् । गुरु नेत्रहितं रूक्षं कफपित्तहरं परम् ॥

ताम्रजपुत्र, कांस्य, घोष र कंसक : यी काँसका संस्कृत पर्यायवाची नामहरू हुन् । तामा र राँग मिलेर काँस बन्दछ । यसैले यो यिनै दुई धातुको उपधातु हो । काँसमा तामा र राँगकै गुण हुन्छन् । अन्य द्रव्यको संयोग हुँदा त्यो द्रव्यको गुण पनि यसमा समावेश हुन्छ । काँस टर्रो र तीतो हुन्छ । यसले गर्मी गर्दछ । यो लेखनी, चम्किलो र मलमूत्र सार्ने गुणको हुन्छ । काँस पचाउन कठिन, आँखाका लागि लाभदायक, रुखो तथा विशेषतः कफविकार र पित्तविकार नाशक हुन्छ ।

(छ) मदनपाल निघण्टु :

कांस्यं लोहं निजं घोषं पञ्चलोहं प्रकाशकम् । कांस्यं गुरूष्णं चक्षुष्यं कफपित्तहरं सरम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कांस्य, लोह, निज, घोष, पञ्चलोह र प्रकाशक : यी काँसका संस्कृत पर्यायवाची नामहरू हुन् । काँस पचाउन कठिन, उष्णवीर्यको, आँखाका लागि लाभदायक, कफविकारनाशक, पित्तविकार नाशक र मलमूत्र तलतिर सार्ने गुणको हुन्छ ।

(ज) माधव द्रव्यगुण :

कांस्यं कषायानुरसं विशदं लेखनं सरम् । दृष्टिप्रसादनं रूक्षं तिक्तं पित्तकफापहम् ॥
सतिक्तलवणं छेदि पाण्डुत्वकृमिवातनुत् ।

काँसको अनुरस टर्रो हुन्छ । यो मनोहर, लेखनी, मलमूत्रलाई तलतिर सार्ने, दृष्टि सफा गर्ने, रुखो, तितो, पित्तविकार र कफविकार नाश गर्ने, हल्का तितो, नुनिनलो, छेदनी वा भेदनी तथा पाण्डु, छालाका रोग, कीरा र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(झ) शालिग्राम निघण्टु :

कांस्यं विद्युत्प्रियं कंसं ताम्रार्द्धं वङ्गशुल्वजम् ।

कांस्य, विद्युत्प्रिय, कंस, ताम्रार्द्ध र वङ्गशुल्वज : यी काँसका पर्यायवाची नाम हुन् ।

घृतमेकं विना चान्यत्सर्वं कांस्य गतं नृणाम् । भुक्तमारोग्यसुखदं हितं सात्म्यकरं तथा ॥

केवल घिउ एक थोकलाई छाडेर बाँकी सबै कुरा काँसका भाँडामा राखेर खानाले मानिसलाई आरोग्यता र सुख दिन्छ तथा शरीरले पनि खाएको कुरा सहने बनाउँदछ ।

(ञ) राज निघण्टु :

कांस्यं सौराष्ट्रिकं घोषं कंसीयं वह्निलोहकम् । दीप्तं लोहं घोरपुष्पं दीप्तकं सुमनाह्वयम् ॥
कांस्यन्तु तिक्तमुष्णं चक्षुष्यं वातकफविकारघ्नम् ।
रूक्षं कषायरुच्यं लघु दीपनपाचनं पथ्यम् ॥
श्वेतं दीप्तं मृदु ज्योतिः शब्दाढ्यं स्निग्धनिर्मलम् । घनाग्निसहं सूत्राङ्गं कांस्यमुत्तममीरितम् ॥

कांस्य, सौराष्ट्रिक, घोष, कंसीय, वह्निलोहक, दीप्त, लोह, घोरपुष्प, दीप्तक र सुमना : यी नाम काँसका संस्कृत पर्यायवाची नामहरू हुन् । काँस तीतो, उष्णवीर्यको, आँखाका लागि हितकर तथा वातविकार र कफविकार नाशक हुन्छ । यो रुखो, टर्रो, रुचिप्रद, पचाउन सहज, दीपनी, पाचनी र पथ्य हुन्छ । सेतो, तेजिलो, कोमल, चम्किलो, बज्ने, चिल्लो, निर्मल, घनको चोट सहने र पातलो पाता बन्ने खालको काँसलाई उत्तम काँस भनिन्छ ।

(ट) सरस्वती निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

कांस्यं सौराष्ट्रकं कास्यं श्वेतलोहं वरं मतम् ।

कांस्य, सौराष्ट्रक, श्वेतलोह र वर : यी काँसका पर्यायवाची नाम हुन् ।

(ठ) सोढल निघण्टु :

कांस्ये लोहं निजं घोषं प्रकाशं कांस्यकं बलम् ।

कांस्य, लोह, निज, घोष, प्रकाश, कांस्यक र बल : यी काँसका पर्यायवाची नाम हुन् ।

(ड) हारीत संहिता :

कांस्यपात्रमरुद्रूक्षाः सोष्णो वातस्य शान्तिकृत् ।
दाहश्रमघ्नः स्वेदघ्नो निद्रासौख्यकरो नृणाम् ॥

काँसको कुनै पात्र मार्फत आउने हावा रुखो हुन्छ । यसले गर्मी र वातलाई शान्त पार्दछ । डाह र थकाई मेट्दछ । पसिना सुकाउँदछ । मानिसलाई निद्रा र सुख दिन्छ । (आजभोली जेजस्ता विद्युतीय पङ्खा पाइन्छन्, ती काँसका बनाइएका भए वेश हुन्थ्यो) ।

काक (काग)
(Crow)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) कण्ठेकाग वा कण्ठेकौवा : घाँटीमा सेतो कण्ठी भएको काग । (२) (३) काउकाउ : कागको बचेरो (बालबोलीमा) । (४) काग : चिल्लो कालो प्वाँख हुने, रूखो र कर्कश स्वर निकालेर कराउने एक जातको केही लाम्चो चरा; कौवा; काक, अपकृष्ट, अलि, चिरञ्जीवी, चिरजीवी, यमदूत, वायस । कागजस्तो । (५) कागेझिँजा : कागले गुँड लाउने जस्ता मसिना झिक्राझिक्री । (६) गाँडेकाग : प्रायः चार हजार फिटभन्दा उचाइमा बस्ने र एक हाँचमा हजारौं भएर मकै आदि खान घुम्ने लेकाली काग । (७) जलकौवा : पानीकाग, जलाशयका नजिक रहने एक कालो पक्षी, पानीकौवा । (८) डुमकाग : शरीर सबै कालो हुने एक जातको जङ्गली कौवा, ढोले, ढोले काग । (९) देशी काग : सम्पूर्ण शरीर कालो भएको ठूलो काग । (१०) द्रोणकाक : सम्पूर्ण शरीर कालो हुने एक जातको ठूलो काग; डुमकाग; ढोले काग; देशी काग । (११ रातो चुच्चे काग : जीउ कालो भई चुच्चो र खुट्टा रातो हुने, गाउँहुँदी आएर चारा खोजी खाने, जमातमा र एक्लै पनि हिँड्ने कागजस्तै चरो ।

(ख) पेयर डी अमरकोश : कागको एक जातलाई जीवशास्त्रमा *Corvus splendens Vieillot* र अंग्रेजीमा House Crow भनिन्छ ।

(ग) डा.सतिश चन्द्र साङ्ग्चधर : कागको अंग्रेजी नाम The Crow तथा वैज्ञानिक नाम *Corvus splendens* हो । यसैगरी द्रोणकाकको अंग्रेजी नाम Raven तथा वैज्ञानिक नाम *Corvus macrorhynchus* हो ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(घ) Birds of Nepal, An Official Checklist नामक सन् २०१८ मा प्रकाशित पुस्तिका अनुसार नेपालमा कागका निम्न जातहरू हुन्छन् :-

क्र.सं.	नेपाली नाम	अंग्रेजी नाम	वैज्ञानिक नाम
१	कैले वनकाग	Plain-crowned Jay	Garrulus bispecularis
२	कालो टाउके वनकाग	Black-headed Jay	Garrulus lanceolatus
३	राजाकाग	Common Raven	Corvus corax
४	घरकाग	House Crow	Corvus splendens
५	कालोकाग	Large-billed Crow	Corvus macrorhynchos

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

काकोऽरिष्टः करटो बलिपुष्टश्चैकदृक् तथा बलिभुक् ।
चिरजीवी च ध्वाङ्क्षो सकृत्प्रजो वायसः प्रोक्तः ॥

काक, अरिष्ट, करट, बलिपुष्ट, चैकदृक्, बलिभुक्, चिरजीवी, ध्वाङ्क्ष, सकृत्प्रज र वायस : यी कागका पर्यायवाची नाम हुन् ।

(ख) **अमरकोश :**

काके तु करटारिष्टबलिपुष्टसकृत्प्रजाः । ध्वाङ्क्षात्मघोषपरभृद्बलिभुग्वायसा अपि ॥
स एव च चिरञ्जीवी चैकदृष्टिश्च मौकुलिः । द्रोणकाकस्तु काकोलो दात्यूहः कालकण्ठकः ॥

काक, करट, अरिष्ट, बलिपुष्ट, सकृत्प्रज, ध्वाङ्क्ष, आत्मघोष, परभृत्, बलिभुज्, वायस, चिरञ्जीविन्, र मौकुलि (मौकलि) : यी कागका; द्रोणकाक र काकोल : यी डुमकागका तथा दात्यूह (दात्यौह) र कालकठक : यी ठूलो, साह्रै कालो र पानीका नगिच बस्ने कागविशेषका पर्यायवाची नाम हुन् ।

(ग) **अष्टाङ्ग निघण्टु :**

काकस्तु करटोऽरिष्टः बलिपुष्टः सकृत्प्रजः । परभूर्बलिभुग् ध्वाङ्क्षश्चिरजीवी च वायसः ॥
एकदृष्टिश्चात्मघोषः द्रोणकाकस्तु कृष्टलः ।

काक, करट, अरिष्ट, बलिपुष्ट, सकृत्प्रज, परभू, बलिभुग्, ध्वाङ्क्ष, चिरजीवी र वायस : यी कागका तथा एकदृष्टि, आत्मघोष, द्रोणकाक र कृष्टल : यी डुमकागका पर्यायवाची नाम हुन् ।

(घ) **कैयदेव निघण्टु :**

बलिपुष्टो धूलिजङ्घो ध्वाङ्क्षोऽरिष्टो निमित्तकृत् ।
आत्मघोषो गूढकामी काकः काणः सकृत्प्रजः ॥
चिरञ्जीवी च परभृत् वायसो बलिभुक् द्विजः ।
एकदृष्टिः तु करटः परदृक् चलपुच्छकः ॥

बलिपुष्ट, धूलिजङ्घ, ध्वाङ्क्ष, अरिष्ट, निमित्तकृत्, आत्मघोष, गूढकामी, काक, काण, सकृत्प्रज, चिरञ्जीवी, परभृत्, वायस, बलिभुक्, द्विज, एकदृष्टि, करट, परदृक् र चलपुच्छक : यी कागका पर्यायवाची नाम हुन् ।

कृष्णकाको द्रोणकाकः काकोलो मौकुलिर्मतः ।
दृकुकाको वृद्धकाको मद्गुः स्याज्जलवायसः ॥
जलरङ्कुस्त्वधःकाको दात्यूहः कालकण्ठकः ।

कृष्णकाक, द्रोणकाक, काकोल, मौकुलि, दृकुकाक, वृद्धकाक, मद्गु, जलवायस, जलरङ्कु, अधःकाक, दात्यूह र कालकण्ठक : यी कागका जातहरू हुन् ।

(ङ) धन्वन्तरि निघण्टु :

काकोऽथ वायसो ध्वाङ्क्षः काणोऽरिष्ट उलूकजित् ।
बलिभुक्चिरजीवी च धूलिजङ्घो निमित्तकृत्॥

काक, वायस, ध्वाङ्क्ष, काण, अरिष्ट, उलूकजित्, बलिभुक्, चिरजीवी, धूलिजङ्घ र निमित्तकृत् : यी कागका पर्यायवाची नाम हुन् ।

काकद्रोणो द्रोणकाकः स्यात्काणोऽपि च वायसः ।

काकद्रोण, द्रोणकाक र काणवायस : यी डुमकागा पर्यायवाची नाम हुन् ।

रूक्षो भल्लो भल्लको भल्लशल्यो दुर्घोषः स्याद्भल्लकः पृष्ठदृष्टिः ।
द्रागीश्चासौ दीर्घकेशश्चिरायुर्ज्ञेयः सोऽयं दुःस्वरो दीर्घदर्शी॥

रूक्ष, भल्ल, भल्लक, भल्लशल्य, दुर्घोष, पृष्ठदृष्टि, द्रागी, दीर्घकेश, चिरायु, दुःस्वर र दीर्घदर्शी : यी कागविशेषका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

भासः शिवोऽनुभासेत गृध्राकारो रजःप्रभः ।

गिद्ध आकारको धूलो जस्तो वर्णको एक कागविशेषलाई भास र शिव भनिन्छ ।

जलकाकस्तु दात्यूहः स च स्यात्कालकण्टकः॥

जलकाक, दात्यूह र कालकण्टक : यी पानीकागका पर्यायवाची नाम हुन् ।

सर्वकाकभवं मांसं चक्षुष्यं दीपनं लघु । आयुष्यं बृहणं बल्यं क्षतदोषक्षयापहम्॥

सबै खालका कागको मासु आँखाका लागि हितकर, दीपनी, पचाउन सहज, आयुवर्धक, पौष्टिक, बलदायक तथा घाउजन्य विकार र क्षयरोग नाश गर्ने गुणको हुन्छ ।

(च) पर्याय रत्नमाला :

काको ध्वाङ्क्षश्चात्मघोषो वायसो बलिभुग् (द्विकः) ।

काक, ध्वाङ्क्ष, आत्मघोष, वायस र बलिभुग् (द्विक) : यी कागका पर्यायवाची नाम हुन् ।

(छ) **मदनपाल निघण्टु :**

काको ध्वांक्षो गूढकामी बलिपुष्टः सकृत्प्रजः । वायसो बलिभुक्काणः करटश्चतुरो द्विजः ॥

काक, ध्वांक्ष, गूढकामी, बलिपुष्ट, सकृत्प्रज, वायस, बलिभुक्, काण, करट, चतुर र द्विज : यी कागका संस्कृत पर्यायवाची नामहरू हुन् ।

काक...भवं मांसं चक्षुष्यं दीपनं लघु । आयुष्यं बृंहणं बल्यं क्षतदोषक्षयापहम् ॥

कागको मासु आँखाका लागि हितकर, दीपनी, पचाउन सहज, आयुवर्धक, पौष्टिक, बलदायक तथा घाउका विकार र क्षयरोग नाशक हुन्छ ।

कागहरू (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ज) **राज निघण्टु :**

काकस्तु वायसो ध्वाङ्क्षः काणोऽरिष्टः सकृत्प्रजः ।
बलिभुक् बलिपुष्टश्च धूलिजङ्घो निमित्तकृत् ॥
कौशिकारिश्चिरायुश्च करटो मुखरः खरः ।
आत्मघोषो महालोलश्चिरजीवी चलाचलः ॥

काक, वायस, ध्वाङ्क्ष, काण, अरिष्ट, सकृत्प्रज, बलिभुक्, बलिपुष्ट, धूलिजङ्घ, निमित्तकृत्, कौशिकारि, चिरायु, करट, मुखर, खर, आत्मघोष, महालोल, चिरजीवी र चलाचल : यी कागका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(झ) **राजवल्लभ निघण्टु :**

...मद्गु...पवनापहाः । स्निग्धाः सृष्टमला वृष्या रक्तपित्तहरा हिमाः ॥

पानी कागको मासु वातविकार नाशक, चिल्लो, दिसा निकाल्ने, वीर्यवर्धक, रक्तपित्त नाशक र शीतवीर्यको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काकजङ्घा (बुटीविशेष)
(Panicled peristrophe)

परिभाषा :

(क) आचार्य बालकृष्ण : यसको पहिचानमा मतभेद छ । सक्कली काकजङ्घाको बोट ०.९-१.२ मिटर अग्लो, हाँगायुक्त, सोझो र भुसयुक्त हुन्छ । हाँगाहरु छ कुने हुन्छन् । केही फरकमा कागको तिघ्रा जस्ता गाँठा हुन्छन् । यसैले यसलाई कागजङ्घा भनिन्छ । यसलाई नेपालीमा पिथपत्र भनिन्छ । यसको वास्पतिक नाम *Peristrophe bicalyculata* (Retz.) Nee; *Peristrophe paniculata* (Forssk.) Brummit वा *Dicliptera bicalyculata* (Forssk.) I. Darbysh. हो । यसलाई अंग्रेजीमा Panicled peristrophe भनिन्छ ।

काकजङ्घा (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ख) के.यन.स्वामी : सेतो भुस हुने, २-४ फीट अग्लो एक पोथ्रो । यो फिका हरियो वा कैलो रङको हुन्छ । बीचमा केही चौडा र चेप्टो हुन्छ । खुर्सानीका जस्ता कैला बियाँ फल्दछन् । हरियो पुष्पासनमा गुलाबी भावका फिका नीला, आधा अमल लामा पाँच चोसे फूल फुल्दछ । करिब चार अमल लामा दुई अमल चौडा डाँठतिर चेप्टो र चुच्चो परेका तथा डाँठको टुप्पामा दुवैतिर एकनासका हरिया पात हुन्छन् । डाँठमा नजिक नजिक कागका तिघ्राजस्ता चेप्टा, नाङ्गा आँख्ला हुन्छन् । कपास आदिको डोरीभन्दा केही मोटो जरा जस्तै गन्ध आउने डाँठ हुन्छ । कडा गन्ध आउने कान्छी औंला जति मोटो दश अमल जति लामो जरा हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) नेपाली बृहत् शब्दकोश : कागको जाँघजस्तो आकारका राता फूल फुल्ने एक प्रकारको बुटी ।

(घ) डा.चुनेकर : कसैले *Vitex peduncularis Wall.* लाई त कसैले *Leea hirta Roxb.* लाई काकजङ्घा मान्दै आएको समेत पाइन्छ ।

(ङ) फर्माकोपिया : यो *Acanthaceae* परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Peristrophe bicalyculala (Retz.) Nees,* हो । यसको बोट ६०-१८० से.मि. अग्लो हुन्छ । संस्कृतमा यसलाई नदीकान्ता, काकतिक्ता, प्रचीबला, सुलोमशा भनिन्छ । यसको जराको धूलो एक मात्रामा १-५ ग्रामसम्म तथा बीज १-३ ग्रामसम्म ओखतीमा प्रयोग हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधान मञ्जरी :**

प्रोक्ता तु काकतिक्ता शार्ङ्गेष्ठा काकमन्द्रिका मन्दा ।
वायस्युष्ट्रा कटभी काकाङ्गी ध्वाङ्क्षवल्लीति ॥

अङ्गारवल्ली सोवोक्ता काकजङ्घा च काम्लिका । काकसाह्वा च काकाह्वा शब्दैः पर्यायवाचकैः ॥

काकतिक्ता, शार्ङ्गेष्ठा, काकमन्द्रिका, मन्दा, वायस्युष्ट्रा, कटभी, काकाङ्गी, ध्वाङ्क्षवल्ली, अङ्गारवल्ली, काकजङ्घा, काम्लिका, काकसाह्वा र काकाह्वा : यी काकजङ्घाका पर्यायवाची नामहरू हुन् ।

(ख) **अभिधान रत्नमाला :**

काकजङ्घा ध्वाङ्क्षजङ्घा दासी वत्सा च जीवनी ।

काकजङ्घा, ध्वाङ्क्षजङ्घा, दासी, वत्सा र जीवनी : यी काजङ्घाका पर्यायवाची नामहरू हुन् ।

(ग) **अर्कप्रकाश :**

काकजङ्घोद्भवो हन्याज्ज्वरकण्डूविषकृमीन् ॥

काकजङ्घाको अर्कले जरो, शरीर चिलाउने रोग, विषविकार र किरा नाश गर्दछ ।

...काकजङ्घाभवोऽथवा ॥ मण्डूषकरणैर्हन्याद्दन्तानां कृमिजालकम् ।

काकजङ्घा नामक बूटीको अर्कले कुल्ला गरे दाँतका किरा मर्दछन् ।

(घ) **अष्टाङ्ग निघण्टु :**

काकजङ्घा ध्वाङ्क्षजङ्घा दासी कान्ता प्रचीबला ।

काकजङ्घा, ध्वाङ्क्षजङ्घा, दासी, कान्ता र प्रचीबला : यी काकजङ्घाका पर्यायवाची नामहरू हुन् ।

(ङ) **कैयदेव निघण्टु :**

मन्दध्याकर्मणी काका पारावतपदी तथा । काकजङ्घा काकतिक्ता नदीकान्ता सुलोमता ॥
प्राचीबला सरत्कामा दासी च मधुभूषणा । काकजङ्घा हिमा तिक्ता कषाया कफपित्तजित् ॥
निहन्ति ज्वरकुष्ठास्रव्रणकण्डूविषकृमीन् ।

मन्दध्याकर्मणी, काका, पारावतपदी, काकजङ्घा, काकतिक्ता, नदीकान्ता, सुलोमता, प्राचीबला, सरत्कामा, दासी र मधुभूषणा : यी काकजङ्घाका पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, तितो, टर्रो, कफविकार र पित्तविकारलाई जित्ने तथा जरो, कुष्ठ, रक्तविकार, खटिरा, चिलाउने रोग, विषविकार र कीरा नाश गर्ने गुणको हुन्छ ।

(च) धन्वन्तरि निघण्टु :

काकजङ्घा ध्वाङ्क्षजङ्घा काकपादा तु लोमशा । पारावतपदी दासी नदीकान्ता प्रचीबला ॥
काकजङ्घा च तिक्तोष्णा रक्तपित्तज्वरापहा । कृमिदोषहरी वर्ण्या विषदोषहरा मता ॥

काकजङ्घा, ध्वाङ्क्षजङ्घा, काकपादा, लोमशा, पारावतपदी, दासी, नदीकान्ता र प्रचीबला : यी काजङ्घाका पर्यायवाची नाम हुन् । यो तितो, उष्णवीर्यको तथा रक्तपित्त, जरो र कीराका दोष नाश गर्ने गुणको हुन्छ । यसले वर्णमा निखार लेराउँदछ र विषविकार नाश गर्दछ ।

(छ) निघण्टुशेष :

काकजङ्घायां तु दासी लोमहीना प्रचीबला । नदीकान्ता नद्याख्या च पारापतपदीत्यपि ॥
(काकस्येव जङ्घा अस्याः काकजङ्घा । दासते दासी । लोमभिर्हीना लोमहीना । अत एव लोमशा । प्रचिनोति प्रचीबला । नद्यां कान्ता नदीकान्ता । नदीत्याख्या अस्याः नद्याख्या । पारापत इव पदान्यस्याः पारापतपदी । एतस्या लोके “कालउघाडउ” इति प्रसिद्धिः ।) ।

काकजङ्घा, दासी, लोमहीना, प्रचीबला, नदीकान्ता, नद्याख्या र पारापतपदी : यी काकजङ्घाका पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ज) भावप्रकाश निघण्टु :

काकजङ्घा नदीकान्ता काकतिक्ता सुलोमशा ॥ पारावतपदी दासी काका चापि प्रकीर्त्तिता ।
काकजङ्घा हिमा तिक्ता कषाया कफपित्तजित् ॥ निहन्ति ज्वरपित्तास्रव्रणकण्डूविषक्रिमीन् ।

काकजङ्घा, नदीकान्ता, काकतिक्ता, सुलोमशा, पारावतपदी, दासी र काका : यी काकजङ्घाका संस्कृत पर्यायवाची शब्दहरू हुन् । यसले शीतल गर्दछ । यो तीतो र टर्रो हुन्छ । यसले कफविकार, पित्तविकार, जरो, रक्तपित्त, घाउखटिरा, लुतो, विषविकार र कीरा नाश गर्दछ ।

(झ) मदनपाल निघण्टु :

काकजङ्घा नदीकान्ता काकतिक्ता सुलोमशा । पारावतपदी काका मदाऽन्या छर्दिकारिणी ॥
काकजङ्घा हिमा हन्ति रक्तपित्तकफज्वरान् ॥

काकजङ्घा, नदीकान्ता, काकतिक्ता, सुलोमशा, पारावतपदी, काक, मदा र छर्दिकारिणी : यी काकजङ्घाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ तथा रक्तपित्त, कफविकार र जरो नाश गर्दछ ।

(ञ) **माधव द्रव्यगुण :**

काकजङ्घा विषं हन्ति रक्तपित्तभ्रमज्वरान् ।

काकजङ्घाले विषविकार, रक्तपित्त, भ्रम र जरो नाश गर्दछ ।

(ट) **राज निघण्टु :**

काकजङ्घा ध्वाङ्क्षजङ्घा काकाह्वा साऽथ वायसी । पारावतपदी दासी नदीकान्ता सुलोमशा ॥
काकजङ्घा तु तिक्तोष्णा कृमिव्रणकफापहा । बाधिर्य्याजीर्णजित् जिर्ण-विषमज्वरहारिणी ॥

काकजङ्घा, ध्वाङ्क्षजङ्घा, काकाह्वा, वायसी, पारावतपदी, दासी, नदीकान्ता र सुलोमशा : यी काकजङ्घाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तीतो, उष्णवीर्यको तथा कीरा, घाउखटिरा र कफविकार नाशक हुन्छ । यसले बहिरोपना र अजीर्णलाई जित्दछ तथा पुरानो खालको विषमज्वरलाई नाश गर्दछ ।

(ठ) **शालिग्राम निघण्टु :**

काकजङ्घा च काकाञ्ची काकाङ्गी काकनासिका ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काकजङ्घा, काकाञ्ची, काकाङ्गी र काकनासिका : यी काकजङ्घाका पर्यायवाची नामहरू हुन् । (यसलाई हिन्दीमा मसी पनि भनिन्छ) ।

(ड) **सोढल निघण्टु :**

प्राचीबले नदीकान्तो नद्याह्वा च सलोमशा । काकजङ्घा च दासी स्यात् पारावतपदी च सा ॥

प्राचीबला, नदीकान्ता, नद्याह्वा, सलोमशा, काकजङ्घा, दासी र पारावतपदी : यी काकजङ्घाका पर्यायवाची नामहरू हुन् ।

काकण (कुष्ठरोगविशेष)
(A kind of leprosy)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

...काकणं तीव्रदाहरुक्॥
पूर्वं रक्तं च कृष्णं च काकणन्तीफलोपमम् ।
कुष्ठलिङ्गैर्युतं सर्वैर्नैकवर्णं ततो भवेत्॥

जुन कुष्ठरोगको घाउ अति डाह गराउने र अति दुख्ने, पहिले रातो र कालो रातीगेडी जस्तो तथा पहिले बताइएका सबै थरी कुष्ठका लक्षण सहितको हुँदै जाने गर्दा सबै वा अनेक रङको हुने लक्षण देखिन्छ त्यसलाई "काकणक" भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान :

यत्काकणन्तिकावर्णमपाकं तीव्रवेदनम् ।
त्रिदोषलिङ्गं तत्कुष्ठं काकणं नैव सिध्यति॥
सङ्कलक : मोहन प्रसाद सापकोटा
(काकणन्तिका-गुञ्जा, गुञ्जावर्णत्वेन मध्ये कृष्णमन्ते रक्तम् अथवा मध्ये रक्तं अन्ते कृष्णम् । अपाकः स्वभावात् । त्रिलोषलिङ्गम् । सर्वेषां कुष्ठानां त्रिदोषत्वेऽपि उल्वणदोषत्रयलिङ्गम्) ।

जुन कुष्ठ रातीगेडी जस्तो कालो-रातो हुन्छ, स्वाभाविक किसिमले पाक्दैन, अति दुख्दछ र त्रिदोषका लक्षणसहित अति बलियो हुन्छ त्यो उपचार गर्न नसकिने कुष्ठलाई काकण भनिन्छ ।

(ग) शार्ङ्गधर संहिता :

त्रिदोषैः काकणं ज्ञेयं ...।

त्रिदोषले काकण नामक कुष्ठरोग हुन्छ ।

(घ) काश्यप संहिता :

काकणं हस्तिचर्मसदृशं खरं;

हात्तीको छाला जस्तो खस्रो कुष्ठलाई काकण भनिन्छ ।

(ङ) सुश्रुत संहिता :

काकणन्तिकाफलसदृशान्यतीव रक्तकृष्णानि काकणकानि,

रातीगेडी जस्तै अति रातो-कालो देखिने कुष्ठलाई "काकणक" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काकनासा (कौवाठोरी वा कागचुच्चे)
(Devil's Claws)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : काकनासिका र काकाङ्गी भनेको कौवाठोरी वा काकचुचे हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) कागचुच्चे : कागको टाउकाको जस्तो आकारको फल फल्ने, नीलो फूल फुल्ने, करेलाको भैँ पात हुने लताविशेष; त्यसैको फल वा फूल । (२) कौवाठोरी : कागका चुच्चाजस्तो सेता र नीला रङका फूल फुल्ने एक जातको बनैयाँ लहरो ।

(च) हिन्दी विश्वकोश : काकस्य नासा इव फलमस्याः । महाश्वेत काकमाची, कौवाटोंटी ।

(ज) फर्माकोपिया : कौवाठोरी Martyniaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Martynia annua* Linn. Syn. *M. diandra* Glox. हो । यसको अंग्रेजी नाम Devil's Claws, Tiger's Claw हो । यसलाई संस्कृतमा काकाङ्गी, काकनासिका भनिन्छ । यसको बीजको धूलो २-५ ग्रामको एक मात्रा हुन्छ ।

नोट : हाम्रो गाउँतिर यो फललाई बोक्सीको काँडो समेत भनेर चिनिने र घरको ठेला माथि सिउरिने वा तन्त्रमन्त्रमा बढी प्रयोग भएको देखिने गर्दछ ।

काकनासा (तस्बिर श्रोत : निताईन्यूजइण्डिया डटकम)

संस्कृत पर्यायवाची नामहरू :

(क) **अमरकोश :**

...काकाङ्गीकाकनासिका ।

काकाङ्गी र काकनासिका : यी कौवाठोरीका पर्यायवाची नाम हुन् । यसैलाई काकचुचे पनि भन्दछन् ।

(ख) **अर्कप्रकाश :**

काकनासाभवो वामी शोथार्शः श्वित्रकुष्ठनुत् ।

कौवाठोरीको अर्कले बान्ता गराउँदछ, सुन्निएको ठिक गर्दछ र सेतोकुष्ठ निको पार्दछ ।

(ग) **कैयदेव निघण्टु :**

काकास्यसस्या काकाङ्गी चोरस्नायुः शिरोबला । काकनासा तु काकास्या जीवनीया सुरङ्गका॥

काकनासा कषायोष्णा कटुका रसपाकयोः । कफघ्नी वामनी तिक्ता शोफाम्रांश्वित्रकुष्ठहा॥

काकास्यसस्या, काकाङ्गी, चोरस्नायु, शिरोबला, काकनासा, काकास्या, जीवनीया र सुरङ्गका : यी कौवाठोरीका पर्यायवाची नाम हुन् । यो टर्रो, उष्णवीर्यको, शुरुमा र पचेपछि पिरो, कफविकार नाश गर्ने, वान्ता गराउने, तितो तथा सुजन, रक्तविकार र सेतो कुष्ठ नाश गर्ने गुणको हुन्छ ।

(घ) **धन्वन्तरि निघण्टु :**

काकनासा ध्वाङ्क्षनासा काकतुण्डफला च सा । सुरङ्गी तस्करस्नायुर्ध्वाङ्क्षतुण्डफला मता॥
काकतुण्डी भवेत्तिक्ता कटूष्णा व्रणशोधिनी । अतिविद्धं शोधयन्ती तैलपाके हितावहा॥

काकनासा, ध्वाङ्क्षनासा, काकतुण्डफला, सुरङ्गी, तस्करस्नायु र ध्वाङ्क्षतुण्डफला : यी कौवाठोरीका पर्यायवाची नाम हुन् । यो तितो, पिरो, उष्ण वीर्यको, खटिरा सफा गर्ने, कडा दिसा खुकुल्याउने र तैलपाक गरेपछि हितकर हुने गुणको हुन्छ ।

(ङ) **निघण्टुशेषः**

काकनासायां सुरङ्गा वायसी वायसाङ्गिका । वारुणी तस्करा स्नायुः काकतुण्डफला च सा॥
(काकस्येव नासाऽस्याः काकनासा । शोभनो रङ्गोऽस्याः सुरङ्गा । वायसस्येयं वायसी । वायसस्येवाङ्गभासारूपं फलमस्याः वायसाङ्गी । वरुणस्येयं वारुणी । तस्कर इव तस्करा । स्नायति-वेष्टयति स्नायुः । काकतुण्डमिव फलमस्याः काकतुण्डफला ।) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काकनासा, सुरङ्गा, वायसी, वायसाङ्गिका, वारुणी, तस्करा, स्नायु र काकतुण्डफला : यी कौवाठोरीका पर्यायवाची नामहरू हुन् ।

(च) **भावप्रकाश निघण्टु :**

काकनासा तु काकाङ्गी काकतुण्डफला च सा । काकनासा कषायोष्णा कटुका रसपाकयोः॥
कफघ्नी वामनी तिक्ता शोथार्शश्वित्रकुष्ठहृत् ।

काकनासा, काकाङ्गी र काकतुण्डफला : यी कौवाठोरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो हुन्छ । यसले गर्मी गर्दछ । पचेपछि पिरो हुन्छ । यसले कफविकार नाश गर्दछ, बान्ता गराउँदछ तथा सुजन, अल्काई र सेतोकुष्ठ नाश गर्दछ ।

(छ) **राज निघण्टु :**

काकनासा ध्वाङ्क्षनासा काकतुण्डा च वायसी । सुरङ्गी तस्करस्नायुर्ध्वाङ्क्षतुण्डा सुनासिका॥
वायसाह्वा ध्वाङ्क्षवल्ली काकाक्षी ध्वाङ्क्षनासिका । काकप्राणा च विज्ञेया स्यादित्येष त्रयोदश॥

काकनासा तु मधुरा शिशिरा पित्तहारिणी । रसायनी दाढर्यकरी विशेषात्पलितापहा ॥

(१) काकनासा, (२) ध्वाङ्क्षनासा, (३) काकतुण्डा, (४) वायसी, (५) सुरङ्गी, (६) तस्करस्नायु, (७) ध्वाङ्क्षतुण्डा, (८) सुनासिका, (९) वायसाह्वा, (१०) ध्वाङ्क्षवल्ली, (११) काकाक्षी, (१२) ध्वाङ्क्षनासिका र (१३) काकप्राणा : यी तेह्र नाम कौवाठोरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, शीतवीर्यको, पित्तविकार नाशक, रसायनी, शरीर सुदृढ बनाउने र विशेषतः उमेर नपुगी कपाल फुल्नबाट जोगाउने गुणको हुन्छ ।

(ज) **शालिग्राम निघण्टु :**

काकनासा तु काकाङ्गी काकतुण्डफला च सा ।

काकनासा, काकाङ्गी र काकतुण्डफला : यी कौवाठोरीका पर्यायवाची नामहरू हुन् ।

(झ) **शिवकोश :**

काकनासा च लोके तु "कौवाठोठीति" विश्रुता ।

काकनासालाई लोकमा कौवाठोठी भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ञ) **सोढल निघण्टु :**

काकतुण्डफलायां तु काकनासा च कीर्तिता ।

काकतुण्डफला र काकनासा : यी कौवाठोरीका पर्यायवाची नामहरू हुन् ।

काकमाची (कबई)
(Garden night shade)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : काकमाची र वायसी भनेको कवई हो ।

(ख) नेपाली बृहत् शब्दकोश (कबई) : बिहींका भैं तर पाकेपछि काला वा राता भन्डै लालगेडीका जत्रा फल फल्ने एक भार; कबै ।

काकमाची (तस्विर श्रोत : पेअर डी अमरकोश)

(ग) डा. चुनेकर : कबईलाई अंग्रेजीमा Garden nightshade र ल्याटिन भाषामा *Solanum nigrum* Linn. भनिन्छ ।

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Solanum americanum* Mill. पनि हो । यसलाई अंग्रेजीमा Posion berry, Black nightshade, Hound's berry, Morcelle वा Petty morelle पनि भनिन्छ । यसलाई हिन्दीमा मकोय तथा नेपालीमा पैरे गोलभैंडा, जङ्गली बिही, काकमाची वा कालीगेडी भनिन्छ ।

(ङ) द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ : यसलाई अंग्रेजीमा Garden nightshade तथा ल्याटिन भाषामा *Solanum nigrum* Linn. *(S.rubrum, S.incertum)* भनिन्छ ।

(च) फर्माकोपिया : यो Solanaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Solanum nigrum* Linn. हो । अंग्रेजीमा यसलाई Garden Night Shade भनिन्छ । यसलाई संस्कृतमा काकमाची र ध्वाङ्क्षमाची भनिन्छ । हिन्दी नाम मकोय हो । यसको सबै भाग ओखती हुन्छ । जुसका रूपमा ५-१० मि.लि.को एक मात्रा हुन्छ ।

संस्कृत पर्यायवाची नामहरु :

(क) अभिधानमञ्जरी :

काकमाची कपोता च माचीका सर्पकारिका । काकसाह्वा बर्बरिका वायसी जङ्घनीफला ॥
कृष्णमूला गूढफला कट्वी बहुफला तथा । रसायनवरा प्रोक्ता शब्दैः पर्यायवाचकैः ॥

काकमाची, कपोता, माचीका, सर्पकारिका, काकसाह्वा, बर्बरिका, वायसी, जङ्घनीफला, कृष्णमूला, गूढफला, कट्वी, बहुफला र रसायनवरा : यी कबईका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

काकमाची गुडफला सर्पमारी च काकला ।

काकमाची, गुडफला, सर्पमारी र काकला : यी कबईका पर्यायवाची नाम हुन् ।

काकमाची (तस्विर श्रोत : पेअर डी अमरकोश)

(ग) अर्कप्रकाश :

काकमाच्या नेत्रहितः छर्दिहृद्रोगनाशनः ॥

कवईको अर्क आँखाका लागि लाभदायक हुन्छ । यसले वाकवाकी र मुटुका रोग नाश गर्दछ ।

(घ) अष्टाङ्ग निघण्टु :

काकमाची गूढफला काकाह्वा माचिकाऽपि च ।

काकमाची, गूढफला, काकाह्वा र माचिका : यी कबईका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) आयुर्वेद महोदधि :

काकमाची त्रिदोषघ्नी ....। ...कलमा । ...सार्धं सेव्या न काकमाची च॥

कबईले त्रिदोष नाश गर्दछ । कलम (डाँठ अरुभन्दा ठूलो हुने, धेरै पानी चाहिने सेतो धान विशेष) को भातसँग कवई खान हुन्न ।

(च) कैयदेव निघण्टु :

काकलाह्वा काकमाची कामाता जघनेफला । सर्वतिक्ता बहुफला स्वादुपाकफला स्मृता ॥
कामाची काकिनी ज्ञेया कुष्ठघ्नी वायसी तथा । ध्वाङ्क्षमाची गुडफला रसायनवरा कटुः ॥
काकमाची कटुस्तिक्ता सोष्णा स्निग्धा रसायनी ।
हृद्या वृष्या सरा स्वर्या त्रिदोषघ्नी लघुर्जयेत् ॥
कुष्ठशोफप्रमेहार्शःश्वासकासारुचिज्वरान् । कटुर्नेत्रहिता हिक्काछर्दिहृद्रोगनाशिनी ॥

काकलाह्वा, काकमाची, कामाता, जघनेफला, सर्वतिक्ता, बहुफला, स्वादुपाकफला, कामाची, काकिनी, कुष्ठघ्नी, वायसी, ध्वाङ्क्षमाची, गुडफला, रसायनवरा र कटु : यी कबईका पर्यायवाची नाम

हुन् । यो पिरो, तितो, उष्णवीर्यको, चिललो, रसायनी, मुटुका लागि हितकर, वीर्यवर्धक, मलमूत्रलाई तलतिर सार्ने, स्वरका लागि हितकर, त्रिदोष नाश गर्ने, पचाउन सहज; कुष्ठ, सुजन, प्रमेह, हर्सा, दम, खोकी, अरुचि र जरोलाई जित्ने; पिरो, आँखाका लागि हितकर तथा बाडुली, वाकवाकी र मुटुका रोग नाश गर्ने गुणको हुन्छ ।

(छ) द्रव्यगुण सङ्ग्रह :

त्रिदोषशमनी वृष्या काकमाची रसादनी । नात्युष्णा शीतवीर्या च भेदनी कुष्ठनाशिनी ॥

कबई त्रिदोष शान्त पार्ने, वीर्यवर्धक, रसायनी, कम उष्णवीर्यको, शीतवीर्यको, भेदनी र कुष्ठ नाश गर्ने गुणको हुन्छ ।

काकमाची (तस्विर श्रोत : पेअर डी अमरकोश)

(ज) धन्वन्तरि निघण्टु :

काकमाची ध्वाङ्क्षमाची काकाह्वा चैव वायसी । कट्वी कटुफला चैव रसायनवरा स्मृता ॥
काकमाची त्रिदोषघ्नी सरा स्वर्या सतिक्तका । हन्ति दोषत्रयं कुष्ठं वृष्या सोष्णा रसायनी ॥

सङ्कलन : मोह

काकमाची, ध्वाङ्क्षमाची, काकाह्वा, वायसी, कट्वी, कटुफला र रसायनवरा : यी कवईका पर्यायवाची नाम हुन् । यो त्रिदोष नाश गर्ने, मलमूत्रलाई तलतिर सार्ने, स्वरका लागि हितकर, केही तितो, त्रिदोष नाश गर्ने (दोहोरो परेको), कुष्ठ नाश गर्ने, वीर्यवर्धक, उष्णवीर्यको र रसायनी हुन्छ ।

(झ) निघण्टुशेष :

काकमाच्यां तु कामाची काकसाह्वा च वायसी ।
(काकवद् मचते-वर्णेन सम्पृच्यते काकमाची । पृषोदरादित्वान्मध्यककारलोपे कामाची, काकस इत्याह्वाऽस्याः काकसाह्वा । वायसवर्णत्वाद् वायसी ।) ।

काकमाची, कामाची, काकसाह्वा र वायसी : यी कबईका पर्यायवाची नाम हुन् ।

(ञ) पर्याय रत्नमाला :

काकमाची तु वायसी ।

काकमाची र वायसी : यी कबईका पर्यायवाची नाम हुन् ।

(ट) भावप्रकाश निघण्टु :

काकमाची ध्वाङ्क्षमाची काकाह्वा चैव वायसी । काकमाची त्रिदोषघ्नी स्निग्धोष्णा स्वरशुक्रदा ॥
तिक्ता रसायनी शोथकुष्ठार्शोज्वरमेहजित् । कटुर्नेत्रहिता हिक्काच्छर्दिहृद्रोगनाशिनी ॥

काकमाची (तस्विर श्रोत : पेअर डी अमरकोश)

काकमाची, ध्वाङ्क्षमाची, काकाह्वा र वायसी : यी कवईका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले त्रिदोष नाश गर्दछ । यो चिल्लो हुन्छ । यसले गर्मी गर्दछ, स्वरलाई लाभ गर्दछ र वीर्य बढाउँदछ । यो तीतो र रसायनी हुन्छ । यसले सुजन, कुष्ठ, अल्काई, जरो र प्रमेह नाश गर्दछ । यो पिरो हुन्छ । यसले आँखाका लागि फाइदा गर्दछ तथा बाडुली, वाकवाकी र मुटुका रोग नाश गर्दछ ।

(ठ) मदनपाल निघण्टु : सङ्कलन : मोहन प्रसाद सापकोटा

काकमाची ध्वाङ्क्षमाची कामची जघनी फला । रसायनवरा सर्वतिक्ता स्यात्काकिनी कटुः ॥
काकमाची त्रिदोषघ्नी स्निग्धोष्णा स्वरशुक्रदा । हृद्या रसायनी शोफकुष्ठार्शोज्वरमेहजित् ॥

काकमाची, ध्वाङ्क्षमाची, कामची, जघनी, फला, रसायनवरा, सर्वतिक्ता, काकिनी र कटु : यी कबईका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले त्रिदोष नाश गर्दछ । यो चिल्लो हुन्छ । यसले गर्मी गर्दछ । कबईले स्वर खुलाउँदछ र शुक्र बढाउँदछ । यो मुटुका लागि फाइदाजनक र रसायनी हुन्छ । यसले सुजन, कुष्ठ, अल्काई, जरो र प्रमेह नाश गर्दछ ।

(ड) मदनादि निघण्टु :

काकमाची तुण्डकी च कामना जघनेफला । ध्वाङ्क्षमाची गुडफला कुष्ठघ्नी वायसी तथा ॥
हन्तिदोषत्रयकुष्ठं वृष्यासोष्णा रसायिनी । काकमाची सरास्वर्या पथ्या पर्युषिताविषे ॥

काकमाची, तुण्डकी, कामना, जघनेफला, ध्वाङ्क्षमाची, गुडफला, कुष्ठघ्नी र वायसी : यी कबईका पर्यायवाची नाम हुन् । यो त्रिदोष नाश गर्ने, कुष्ठ नाश गर्ने, वीर्यवर्धक, उष्णवीर्यको, रसायनी, मलमूत्रलाई तलतिर सार्ने, स्वरका लागि हितकर तथा बासी कुरा खाएर हुने विषविकारमा पथ्य हुने गुणको हुन्छ ।

(ढ) माधव द्रव्यगुण :

त्रिदोषशमनी वृष्या काकमाची रसायनी । वलीपलितविध्वंसी भेषजं तद्रसायनम् ॥
नात्युष्णशीता स्वर्या च भेदनी कुष्ठनाशिनी ।

कबई त्रिदोष शान्त पार्ने, वीर्यवर्धक, रसायनी, उमेर नपुग्दै छाला चाउरी पर्ने र कपाल फुल्ने समस्या नाश गर्ने, कम उष्णवीर्यको अर्थात् शीतवीर्यको, स्वर खुलाउने र कुष्ठ नाश गर्ने गुणको हुन्छ ।

(ण) राजनिघण्टु :

काकमाची ध्वाङ्क्षमाची वायसाह्वा च वायसी ।
सर्वतिक्ता बहुफला कट्फला च रसायनी ॥
गुच्छफला काकमाता स्वादुपाका च सुन्दरी ।
वरा चन्द्राविणी चैव मत्स्याक्षी कुष्ठनाशिनी ॥
तिक्तिका बहुतिक्ता च नाम्नामष्टादश स्मृताः ॥
काकमाची कटुस्तिक्ता रसोष्णा कफनाशनी । शूलार्शःशोफदोषघ्नी कुष्ठकण्डूतिहारिणी ॥


काकमाची (तस्बिर श्रोत : पेअर डी अमरकोश)

(१) काकमाची, (२) ध्वाङ्क्षमाची, (३) वायसाह्वा, (४) वायसी, (५) सर्वतिक्ता, (६) बहुफला, (७) कट्फला, (८) रसायनी, (९) गुच्छफला, (१०) काकमाता, (११) स्वादुपाका, (१२) सुन्दरी, (१३) वरा, (१४) चन्द्राविणी, (१५) मत्स्याक्षी, (१६) कुष्ठनाशिनी, (१७) तिक्तिका र (१८) बहुतिक्ता : यी अठार वटा नाम कबईका संस्कृत पर्यायवाची नामहरू हुन् । कबई पिरो र तीतो हुन्छ । यो रसमा उष्णवीर्यको हुन्छ । यसले कफविकार, शूल, अल्काई, सुजनका दोष, कुष्ठ र लुतो नाश गर्दछ ।

(त) राजवल्लभ निघण्टु :

त्रिदोषशमनी वृष्या काकमाची रसायनी ॥

कवैको साग त्रिदोषलाई शान्त पार्ने, वीर्यवर्धक र रसायनी हुन्छ ।

(थ) शालिग्राम निघण्टु :

काकमाची ध्वांक्षमाची वायसी च घनाघना ।

काकमाची, ध्वांक्षमाची, वायसी र घनाघना : यी कबईका पर्यायवाची नाम हुन् ।

काकमाची रसे तिक्ता चोष्णा कट्व रसायनी । वृष्या स्निग्धा च स्वर्या च हृद्या धातुविवर्द्धिनी ॥
नेत्र्या रुच्या सरा लघ्वी कफशूलार्शशोफहा । त्रिदोषकुष्ठकण्डूतिकर्णकीटातिसारहा ॥
हिक्काछर्दिश्वासकासज्वरहृद्रोगमेहहा । (निघण्टु रत्नाकर)

कबई तितो, उष्णवीर्यको, पिरो, रसायनी, वीर्यवर्धक, चिल्लो, स्वरका लागि हितकर, मुटुका लागि हितकर, धातु बढाउने, आँखाका लागि हितकर, रुचिप्रद, मलमूत्रलाई तलतिर सार्ने, पचाउन सहज तथा कफविकार, शूल, हर्सा, सुजन, त्रिदोष, कुष्ठ, चिलाउने रोग,कानका कीरा, अतिसार, बाडुली, वाकवाकी, दम, खोकी, जरो, मुटुका रोग र प्रमेह नाश गर्ने गुणको हुन्छ ।

काकमाची (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(द) सरस्वती निघण्टु :

काकमाची ध्वाङ्क्षमाची कुष्ठघ्नी जघनेफला ।
सर्वतिक्ता बहुफला सर्पमारी कलापिनी ॥

काकमाची, ध्वाङ्क्षमाची, कुष्ठघ्नी, जघनेफला, सर्वतिक्ता, बहुफला, सर्पमारी र कलापिनी : यी कबईका पर्यायवाची नाम हुन् ।

(ध) सोढल निघण्टु :

ध्वाङ्क्षमाच्यां च काकाह्वा कट्वी कटुफला च सा ।
बहुफला शाकमाता रसायनवरा स्मृता ॥
कुष्ठघ्नी शोफहृच्चैव स्वादुपाकफला मता ।

ध्वाङ्क्षमाची, काकाह्वा, कट्वी, कटुफला, बहुफला, शाकमाता र रसायनवरा : यी कबईका पर्यायवाची नाम हुन् । यो कुष्ठ र सुजन नाश गर्ने र पाकेपछि गुलियो हुने गुणको हुन्छ ।

(न) सौश्रुत निघण्टु :

काकमाची बहुफला तथा च जघनेफला । ध्वाङ्क्षमाची सर्वतिक्ता कुष्ठघ्नी चापि शब्दिता ॥

काकमाची, बहुफला, जघनेफला, ध्वाङ्क्षमाची, सर्वतिक्ता र कुष्ठघ्नी : यी कबईका पर्यायवाची नाम हुन् ।

काकमाची (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(प) हारीत संहिता :

त्रिदोषशमनी वृष्या काकमाची रसायनी ॥

कबईले त्रिदोष नाश गर्दछ, वीर्य बढाउँदछ र रसायनी हुन्छ ।

(फ) हृदयदीपक निघण्टु :

काकमाची तु कामाची कामाता वायसी तथा ।

काकमाची, कामाची, कामाता र वायसी : यी कबईका पर्यायवाची नाम हुन् ।

काकादनी (सानो जातको कौवाठोरी)
(Kaakaadanee)

परिभाषा :

(क) के.यन.स्वामी (काकादनी) : सानो जातको कौवाठोरी ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

काकादनी कठोरी दुर्धषा हिंस्रकारिका हिंस्रा । विज्ञेया गृध्रनखी पर्यायैर्वक्त्रशल्येति ॥

काकादनी, कठोरी, दुर्धषा, हिंस्रकारिका, हिंस्रा, गृध्रनखी र वक्त्रशल्या : यी काकादनीका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

कुण्डली विरला हिंस्रा दुर्धर्षा काकशीर्षकः । काकादनी गृध्रनखी तथा गृध्रफला च सा ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुण्डली, विरला, हिंस्रा, दुर्धर्षा, काकशीर्षक, काकादनी, गृध्रनखी र गृध्रफला : यी काकादनीका पर्यायवाची नामहरू हुन् ।

(ग) धन्वन्तरि निघण्टु :

काकादनी काकपीलुः काकणन्ती च रक्तिका । वक्त्रशल्या ध्वाङ्क्षनखी दुर्मोहा काकणन्तिका ॥
काकणन्ति च तिक्तोष्णा वातश्लेष्महरा मता । ग्रहदोषहरा केश्या वृष्या चोर्ध्वगदापहा ॥

काकादनी, काकपीलु, काकणन्ती, रक्तिका, वक्त्रशल्या, ध्वाङ्क्षनखी, दुर्मोहा र काकणन्तिका : यी काकादनीका पर्यायवाची नाम हुन् । यो तितो, उष्णवीर्यको, वातविकार र कफविकार नाश गर्ने, ग्रहदोष हटाउने, कपालका हितकर, वीर्यवर्धक र घाँटीभन्दा माथिका रोग नाश गर्ने गुणको हुन्छ ।

(घ) पर्याय रत्नमाला :

हिंस्रा गृध्रनखी तुम्बी काला काकादनीत्यपि । अहिंस्रा कटुकापाली कापालः कुलिकोऽपरः ॥

हिंस्रा, गृध्रनखी, तुम्बी, काला र काकादनी तथा अहिंस्रा, कटुकापाली, कापाल र कुलिका : यी काकादनीका पर्यायवाची नाम हुन् ।

(ङ) राज निघण्टु :

काकादनी काकपीलुः काकशिम्बी च रक्तला । ध्वाङ्क्षादनी वक्त्रशल्या दुर्मोहा वायसादनी ॥
काकतुण्डी ध्वाङ्क्षनखी वायसी काकदन्तिका । ध्वाङ्क्षदन्तीति विज्ञेयास्तिस्रश्च दशधऽभिधाः ॥
काकादनी कटूष्णा च तिक्ता दिव्यरसायनी । वातदोषहरा रुच्या पलितस्तम्भिनी परा ॥

(१) काकादनी, (२) काकपीलु, (३) काकशिम्बी, (४) रक्तला, (५) ध्वाङ्क्षादनी, (६) वक्त्रशल्या, (७) दुर्मोहा, (८) वायसादनी, (९) काकतुण्डी, (१०) ध्वाङ्क्षनखी, (११) वायसी, (१२) काकदन्तिका र (१३) ध्वाङ्क्षदन्ती : यी तेह्र नाम सानो कागचुच्चेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, उष्णवीर्यको, तीतो र अति नै रसायनी हुन्छ । यसले वातविकार नाश गर्दछ, रुची जगाउँदछ र उमेर नपुगी कपाल फुल्नबाट रोक्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काकोदुम्बरिका (काठेडुम्री)
(Wild Fig)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : काकोदुम्बरिका भनेको काठेडुम्री हो ।

(ख) के.यन.स्वामी : (१) काकोदुम्बरिका र मलपू : खोस्रेटो वा काठे डुम्री । (२) फल्गु : खस्रेटो वा डुम्री । (३) जघनेफला : खस्रेटो । (४) कृष्णोदुम्बरिका, राजिका, उदुम्बरी, कठिना : खस्रेटो (रूख) । (५) खरपत्री : हलहले झार । (६) कुष्ठघ्नी, फल्गुवाटिका, अजाक्षा, फल्गुनी : खस्रेटो । (७) मलपू : खस्रेटो । काठे डुम्री । (८) चित्रभेषजा : डुम्री काठ ।

काकोदुम्बरिका (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ग) नेपाली बृहत् शब्दकोश : (१) खस्रे : गाईबस्तुलाई डाले घाँसका रूपमा पातहरू खुवाइने एक जातको रूख । (२) खस्रेतो : ठूलठूला खस्रा पात हुने र उन्यूका जस्ता गेडा फल्ने बोटविशेष । (३) काठेडुम्री : एक जातको डुम्रीको रूख ।

(घ) आचार्य बालकृष्ण : यसको नेपाली नाम खसेडो, खर्वा वा कोक्सा हो भने अंग्रेजीमा यसलाई Wild fig भनिन्छ ।

(ङ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Ficus hispida* Linn. हो । यसको बोट मध्यम खालको हुन्छ तर कतै कतै पत्थरिलो जमिनमा ठूलो रूख भएको पनि पाइन्छ । यसका कमला मुनामा मसिना रौं हुन्छन् ।

(च) डा.सतिश चन्द्र साङ्ख्यधर : काकोदुम्बरिकालाई ल्याटिन भाषामा *Ficus hispida* Linn f. भनिन्छ ।

(छ) नेपालको चुरे जङ्गल, जुलाई २०१४, नेपाल सरकार : खर्सेतो (खस्रेतो) को वानस्पतिक नाम *Ficus hispida* L.f. हो ।

(च) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : तिमिलो Angiosperm समूह अन्तर्गत Moraceae परिवारमा नै पर्दछ । तर यसको वास्पतिक नाम भने *Ficus auriculata* Lour. हो ।

(छ) फर्माकोपिया : फल्गु (काठेडुम्री) लाई संस्कृतमा काकोदुम्बुर, मलयु, मल्पु भनिन्छ । यो Moraceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Ficus hispida* Linn. f. तथा अंग्रेजी नाम Wild Fig, Devil Fig हो । यसको फल एक मात्रामा १०-२० ग्रामसम्म तथा जराको धूलो १-३ ग्राम ओखतीमा प्रयोग हुन्छ ।

(ज) शालिग्राम वैद्य : काठेडुम्रीको ठूलो रूखमा फूल फुल्दैन । हाँगातिर फल फल्दछन् । फल गोलाकार अञ्जीरका जस्ता हुन्छन् । यसबाट दूध निस्कन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

केलूटोऽन्यः फल्गुर्मूलफलः श्वित्रभेषजो मलयूः ।
काकोदुम्बरिका स्यात् फलपाटी चाप्यराजीति॥

केलूट, फल्गु, मूलफल, श्वित्रभेषज, मलयू, काकोदुम्बरिका, फलपाटी र अराजी : यी काठुडुम्रीका पर्यायवाची नाम हुन् ।

(ख) अमरकोश :

काकोदुम्बरिका फल्गुर्मलयूर्जघोफला ।

काकोदुम्बरिका, फल्गु, मलयू (मलपू) र जघनेफला : यी काठेडुम्रीका पर्यायवाची नाम हुन् ।

(ग) कैयदेव निघण्टु :

काकोदुम्बरिका कक्षा फल्गुः फल्गुशिवाटिका । मलयूः श्वित्रभैषज्यं फणिका फलभारिका॥
अराजी मञ्जरी भद्रा मासुरा जघनेफला । उदुम्बरी फल्गुवाटी फलिनी मूलकर्कटी॥
फल्गुस्तु तुवरातिक्ता शीतला स्तम्भनी जयेत् । कफपित्तव्रणश्वित्रकुष्ठपाण्ड्वस्रकामलाः॥
फलं तु शीतलं स्वादु कषायं गुरु तर्पणम् । शुक्रलं मधुरं पाके स्निग्धं विष्टम्भि बृंहणम्॥
ग्राहि वातकफपित्तक्षतदाहविषास्रजित् ।

मलयू (तस्बिर श्रोत : पेयर डी अमरकोश)

काकोदुम्बरिका, कक्षा, फल्गु, फल्गुशिवाटिका, मलयू, श्वित्रभैषज्य, फणिका, फलभारिका, अराजी, मञ्जरी, भद्रा, मासुरा, जघनेफला, उदुम्बरी, फल्गुवाटी, फलिनी र मूलकर्कटी : यी काठेडुम्रीका पर्यायवाची नाम हुन् । यो टर्रो, तितो, शीतवीर्यको, जडता गर्ने तथा कफविकार, पित्तविकार, खटिरा, श्वित्रकुष्ठ, पाण्डु, रक्तविकार र कमलपित्तलाई जित्ने गुणको हुन्छ । यसको फल शीतवीर्यको, गुलियो, टर्रो, पचाउन कठिन, तृप्तिदायक, शुक्रवर्धक, पचेपछि गुलियो, चिललो, कब्जियत गर्ने, पौष्टिक, ग्राहि तथा वातविकार, कफविकार, पित्तविकार, घाउ, डाह, विषविकार र रक्तविकारलाई जित्ने गुणको

हुन्छ ।

(घ) धन्वन्तरि निघण्टु :

काकोदुम्बरिका फल्गू राजिफल्गुः शिवाटिका॥ फल्गुनी फलसम्भारी मलयूश्वित्रभेषजा । काकोदुम्बरिका श्वित्रकण्डूकुष्ठव्रणापहा ॥ रक्तपित्तहरा शोफपाण्डुश्लेष्महरा च सा ।

काकोदुम्बरिका(तस्बिर श्रोत : पेयर डी अमरकोश)

काकोदुम्बरिका, फल्गू, राजिफल्गु, शिवाटिका, फल्गुनी, फलसम्भारी, मलयू र चित्रभेषजा : यी खस्रेतोका पर्यायवाची नाम हुन् । यो सेतोकुष्ठ, लुतो, कुष्ठ, खटिरा, रक्तपित्त, सुजन, पाण्डु र कफविकार नाश गर्ने गुणको हुन्छ ।

(ङ) निघण्टुशेष :

काकोदुम्बरिकायां तु फाल्गुनी फल्गुवाटिका । फल्गुराजी फलभारी मलयूर्जघनेफला॥

सङ्कलन : मोहन

(काकप्रिया उदुम्बरिका काकोदुम्बरिका । फल्गुनस्येयं फाल्गुनी । फल्गुश्चासौ वाटिका च फल्गुवाटिका । फलति फल्गुः । अजति आजिः । फलानि बिभर्ति फलभारी । मलं-श्वित्रं यावयते मलयूः । जघने-बुध्ने फलान्यस्याः जघनेफला ।) ।

काकोदुम्बरिका, फाल्गुनी, फल्गुवाटिका, फल्गु, आजी, फलभारी, मलयू र जघनेफला : यी काठेडुम्रीका पर्यायवाची नाम हुन् ।

(च) भावप्रकाश निघण्टु :

काकोदुम्बरिका फल्गुर्मलयूर्जघनेफला । मलयुः स्तम्भकृत्तिक्ता शीतला तुवरा जयेत्॥ कफपित्तव्रणश्वित्रकुष्ठपाण्ड्वर्शकामलाः ।

काकोदुम्बरिका, फल्गु, मलयू र जघनेफला : यी काठेडुम्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले दिसा कस्दछ, शीतल गर्दछ तथा कफविकार, पित्तविकार, घाउखटिरा, श्वेतकुष्ठ, पाण्डु, अल्काई र कमलपित्त ठिक गर्दछ । यो तीतो र टर्रो हुन्छ ।

(छ) मदनपाल निघण्टु :

काकोदुम्बरिका फल्गुर्मलायुश्चित्रभेषजम् । काकोदुम्बरिका तद्वद्विशेषाच्छ्वित्र(छिन्न)नाशिनी ॥

काकोदुम्बरिका, फल्गु, मलायु र चित्रभेषज : यी काठे डुम्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । काठेडुम्रीमा डुम्रीकै गुण हुन्छन् । विशेषतः यो काटेको ठाउँमा ओखती हुन्छ ।

(ज) राज निघण्टु :

कृष्णोदुम्बरिका चान्या खरपत्री च राजिका । उदुम्बरी च कठिना कुष्ठघ्नी फल्गुवाटिका ॥
अजाक्षी फल्गुनी चैव मलपूश्चित्रभेषजा । काकोदुम्बरिका चैव ध्वाङ्क्षनाम्नी त्रयोदश ॥
काकोदुम्बरिका शीता पक्वा गौल्याऽम्लिका कटुः ।
त्वग्दोषपित्तरक्तघ्नी तद्वल्कं चातिसारजित् ॥
उदुम्बरत्वचा शीता कषाया व्रणनाशिनी । गुर्विणी गर्भसंरक्षे हिता स्तन्यप्रदायिनी ॥

जघनेफला (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(१) कृष्णोदुम्बरिका, (२) खरपत्री, (३) राजिका, (४) उदुम्बरी, (५) कठिना, (६) कुष्ठघ्नी, (७) फल्गुवाटिका, (८) अजाक्षी, (९) फल्गुनी, (१०) मलपू, (११) चित्रभेषजा, (१२) काकोदुम्बरिका र (१३) ध्वाङ्क्ष : यी तेह्र नाम खस्रेतोका संस्कृत पर्यायवाची नामहरू हुन् । खस्रेतो शीतवीर्यको हुन्छ । पाकेपछि यो गुलियो, अमिलो र पिरो हुन्छ । यसले छालाका रोग, पित्तविकार र रक्तविकारलाई नाश गर्दछ । खस्रेतोको रूखको बोक्राले अतिसारलाई जित्दछ । यो शीतवीर्यको, टर्रो र घाउखटिरा नाशक हुन्छ । यो गर्भिणीको गर्भ संरक्षणका लागि हितकर तथा दूधवर्धक हुन्छ ।

(झ) राजवल्लभ निघण्टु :

फल्गोः फलं गुरु ग्राहि तर्पणं स्वादु शीतलम् ॥

खस्रेतोको फल पचाउन कठिन, ग्राहि, तृप्तिदायक, गुलियो र शीतवीर्यको हुन्छ ।

(ञ) शालिग्राम निघण्टु :

काकोदुम्बरिका शीता कषाया दद्रुघातिनी ।
रक्तातिसारहन्त्री च मुखनासास्रघातिनी ॥ (सोढल निघण्टु)

काठेडुम्री शीतवीर्यको, टर्रो तथा दाद, रक्तातिसार र नाकमुखबाट रगत आउने रक्तपित्त रोगलाई नाश गर्ने गुणको हुन्छ ।

काकोदुम्बरिका शीता तिक्ताम्लास्तम्भका कटुः ।
तुवरा ग्राहिणी प्रोक्ता चेन्द्रियाणां प्रसादका ॥
त्वग्दोषकामलापित्तरक्तपित्तकफाञ्जयेत् । श्वेतकुष्ठं व्रणं पाण्डुं रक्तरोगं च शोथकम् ॥
दुर्नामानं चोर्द्धदोषं नाशयेदितिकीर्त्तितम् । फलमस्याः स्वादु शीतं तुवरं तृप्तिकारकम् ॥
गुरु धातुवृद्धिकरं पाके च मधुरं स्मृतम् ।
स्निग्धं मलस्तम्भकरं पौष्टिक ग्राहि वातलम् ॥ (निघण्टु रत्नाकर)

काठेडुम्री शीतवीर्यको, तितो, अमिलो, जडता पैदा गर्ने, पिरो, टर्रो, ग्राहि, इन्द्रियलाई प्रशोधन गर्ने; छालाका रोग, कमलपित्त, पित्तविकार, रक्तपित्त र कफविकारलाई जित्ने; श्वेतकुष्ठ, खटिरा, पाण्डु र रक्तविकारलाई प्रशोधन गर्ने तथा हर्सा र शरीरको माथितिर भएका रोग नाश गर्ने गुणको हुन्छ । यसको फल गुलियो, शीतवीर्यको, टर्रो, तृप्तिदायक, पचाउन कठिन, धातलाई बढाउने तथा पचेपछि गुलियो हुने गुणको हुन्छ । यो फल चिल्लो, दिसा रोक्ने, पौष्टिक, ग्राहि र वातविकार गर्ने गुणको पनि हुन्छ ।

खस्रेतो (तस्बिर श्रोत : ईफ्लोराअफइण्डियाडटकम)

(ट) सौश्रुत निघण्टु :

काकोदुम्बरिका काकी वायसी जघनेफला । मूककर्कटिका चैव भद्रोदुम्बरिकेति च ॥

काकोदुम्बरिका, काकी, वायसी, जघनेफला, मूककर्कटिका र भद्रोदुम्बरिका : यी काठेडुम्रीका पर्यायवाची नाम हुन् ।

(ठ) हृदयदीपक निघण्टु :

काकोदुम्बरिका फल्गुर्मलयुश्चीत्रभेषजम् ।

काकोदुम्बरिका, फल्गु, मलयु र चीत्रभेषज : यी काठेडुम्रीका पर्यायवाची नाम हुन् ।

काकोली र क्षीरकाकोली (बूटीविशेष)
(Kakolee and kshirakaakolee)

परिभाषा :

(क) के.यन.स्वामी : काकोली भनेको कल्छे लहरो र क्षीरकाकोली भनेको दूधे कल्छे लहरो हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) काकोली : मरुई लताविशेष ।

(ग) फर्माकोपिया : काकोली, वाससोली र स्वादुमांसी : यी काकोलीका संस्कृत पर्यायवाची नाम हुन्। यो Liliaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Lilium polyphyllum* D.Don हो । यो १८००-३६०० मिटरको उचाईमा कुमाउँदेखि काश्मीरसम्म पाइन्छ । यसको गानु सहितको जरा ३-६ ग्रामको एक मात्रा हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

काकोली मधुराख्या स्याच्छुक्लक्षीरा च पायसा ।
सङ्क्षोभी (चापि) कायस्था ध्वाङ्क्षाक्षी (च) जीवनी ॥

क्षीरकाकोली

काकोली, मधुराख्या, शुक्लक्षीरा, पायसा, सङ्क्षोभी, कायस्था, ध्वाङ्क्षाक्षी र जीवनी : यी काकोलीका पर्यायवाची नाम हुन् ।

द्वितीया क्षीरकाकोली पयस्या स्यात् पयस्विनी । वीरालिका जीवकाली विषा क्षीरविषाणिका ॥
धीरा च क्षीरशुक्लेति वैद्यैः प्रोक्ता विकाणिका ।

क्षीरकाकोली, पयस्या, पयस्विनी, वीरालिका, जीवकाली, विषा, क्षीरविषाणिका, धीरा, क्षीरशुक्ला र विकाणिका : यी क्षीरकाकोलीका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

काकोली कबरी वीरा मधुरा वायसालिका । क्षीरकाकोलिका क्षीरशुक्ला सा जीवकालिका ॥

काकोली, कबरी, वीरा, मधुरा र वायसालिका : यी काकोलीका तथा क्षीरकाकोलिका, क्षीरशुक्ला र जीवकालिका : यी क्षीरकाकोलीका पर्यायवाची नाम हुन् ।

(ग) अर्कप्रकाश :

काकोल्याः प्रायशः शीतः पित्तशोथज्वरापहः ॥ क्षीरकाकोलिकाजातो बृंहणो दाहवातहा ।

काकोलीको अर्क प्रायः ठण्डा गर्ने, पित्तविकार नाशक, सुन्निएको रोग नाश गर्ने र जरोनाशक हुन्छ । क्षीरकाकोलीको अर्क पौष्टिक, डाहनाशक र वातविकार नाशक हुन्छ ।

(घ) **अष्टाङ्ग निघण्टु :**

काकोली कबरी वीरा ध्वाङ्क्षोली क्षीरशुक्लिका ।

काकोली, कबरी, वीरा, ध्वाङ्क्षोली र क्षीरशुक्लिका : यी काकोलीका पर्यायवाची नाम हुन् ।

(ङ) **कैयदेव निघण्टु :**

काकोली कचडी काणा स्वादुमांसी च मेदरा । शुक्लक्षीरा वायसोली ध्वाङ्क्षोली क्षीरशुक्लिका ॥
कायस्था मध्यमा शुक्ला धीरा वीरा पयस्विनी ।

काकोली, कचडी, काणा, स्वादुमांसी, मेदरा, शुक्लक्षीरा, वायसोली, ध्वाङ्क्षोली, क्षीरशुक्लिका, कायस्था, मध्यमा, शुक्ला, धीरा, वीरा र पयस्विनी : यी काकोलीका पर्यायवाची नाम हुन् ।

क्षीरिणी क्षीरकाकोली सुकाली जीववत्यपि ॥ वयःस्था क्षीरमधुरा वीरा शूरा विषाणिका ।
काकोलीयुगलं वृष्यं मधुरं शीतलं गुरु ॥ बृंहणं वातपित्तास्रदाहशोषज्वरापहम् ।

क्षीरिणी, क्षीरकाकोली, सुकाली, जीववती, वयःस्था, क्षीरमधुरा, वीरा, शूरा र विषाणिका : यी क्षीरकाकोलीका पर्यायवाची नाम हुन् । दुवै काकोली वीर्यवर्धक, गुलिया, शतिवीर्यका, पचाउन कठिन, पौष्टिक तथा वातविकार, पित्तविकार, रक्तविकार, डाह, सुकेनास र जरो नाश गर्ने गुणका हुन्छन् ।

(च) **धन्वन्तरि निघण्टु :**

काकोली मधुरा शुक्ला क्षीरा ध्वाङ्क्षोलिका स्मृता ।
वयस्था स्वादुमांसी च वायसोली च कर्णिका ॥
काकोली स्वादुशीता च वातपित्तज्वरापहा । दाहघ्नी क्षयहन्त्री च श्लेष्मशुक्रविवर्धिनी ॥

काकोली, मधुरा, शुक्ला, क्षीरा, ध्वाङ्क्षोलिका, वयस्था, स्वादुमांसी, वायसोली र कर्णिका : यी कल्छेलहरोका संस्कृत पर्यायवाची नामहरू हुन् । काकोली गुलियो, शीतवीर्यको तथा वातविकार, पित्तविकार, जरो, डाह र क्षयरोग नाशक हुन्छ । यसले कफविकार र शुक्र बढाउँदछ ।

द्वितीया क्षीरकाकोली क्षीरशुक्ला पयस्विनी । वयःस्था क्षीरमधुरा वीरा क्षीरविषाणिका ॥
रुचिष्या कफपित्तास्रहृद्रोगशमनी मता । श्वासकासक्षयहरा वृष्या वस्तिविशोधनी ॥

क्षीरकाकोली, क्षीरशुक्ला, पयस्विनी, वयःस्था, क्षीरमधुरा, वीरा र क्षीरविषाणिका : यी दोश्रो थरी काकोली अर्थात् दूधेकल्छेलहरोका संस्कृत पर्यायवाची नामहरू हुन् । दूधे कल्छेलहरो रुचिप्रद तथा कफविकार, रक्तपित्त र मुटुका रोग शान्त पार्ने गुणको हुन्छ । यसले दम, खोकी र क्षयरोग नाश गर्दछ । यो वीर्यवर्धक र तल्लोपेट (मूत्राशय) सफा गर्ने गुणको हुन्छ ।

(छ) **पर्याय रत्नमाला :**

वीरा पयस्या काकोली ध्वाङ्क्षोली सितपाक्यपि । द्वितीया क्षीरकाकोली महावीरा सुकोल्यपि ।

वीरा, पयस्या, काकोली, ध्वाङ्क्षोली र सितपाकी : यी काकोलीका पर्यायवाची नाम हुन् । क्षीरकाकोली, महावीरा र सुकोली : यी क्षीरकाकोलीका पर्यायवाची नाम हुन् ।

(ज) **भावप्रकाश निघण्टु :**

जायते क्षीरकाकोली महामेदोद्भवस्थले । यत्र स्यात्क्षीरकाकोली काकोली तत्र जायते ॥
पीवरीसदृशः कन्दः क्षीरं स्रवति गन्धवान् । सा प्रोक्ताक्षीरकाकोली काकोलीलिङ्गमुच्यते ॥
यथा स्यात्क्षीरकाकोली काकोल्यपि तथा भवेत् । एषा किञ्चिद्भवेत्कृष्णा भेदोऽयमुभयोरपि ॥

मरुई लता, कल्चे लहरो (काकोली)

जहाँ महामेदा उत्पन्न हुन्छ त्यहाँ काकोली र क्षीरकाकोली पनि उत्पन्न हुन्छ । क्षीरकाकोलीको कन्द कुरिलो (पीवरी) को जस्तो हुन्छ र यसबाट गन्धयुक्त दूध निस्कन्छ । यी क्षीरकाकोलीका लक्षण हुन् । काकोली पनि क्षीरकाकोली जस्तै हुन्छ तर यसको रङ केही कालो हुन्छ । यी दुईमा फरक यही हो ।

काकोली वायसोली च वीरा कायस्थिका तथा ।
सा शुक्ला क्षीरकाकोली वयःस्था क्षीरवल्लिका ॥
कथिता क्षीरिणी धीरा क्षीरशुक्ला पयस्विनी ।
काकोलीयुगलं शीतं शुक्रलं मधुरं गुरु ॥
बृंहणं वातदाहास्रपित्तशोषज्वरापहम् ।

काकोलीका वायसोली, वीरा र कायस्थिका संस्कृत पर्यायवाची नामहरू हुन् । सेता वर्णको काकोलीलाई क्षीरकाकोली भनिन्छ र यसका वयस्था, क्षीरवल्लिका, क्षीरिणी, धारा, क्षीरशुक्ला र पयस्विनी संस्कृत पर्यायवाची नामहरू हुन् । दुबै खाले काकोलीले शरीरलाई ठण्डी गर्दछन् । शुक्र बढाउँदछन् र खानमा मिठा हुन्छन् । तर पचाउन कठिन हुन्छन् । शरीरका धातु बढाउँदछन् तथा वायुजन्य रोग, डाह, रगतका विकार, पित्तका विकार, शरीर सुन्निने रोग र जरोलाई नाश गर्दछन् ।

(झ) **मदनपाल निघण्टु :**

काकोली मधुरा वीरा कायस्था क्षीरशुक्तिका ।
ध्वाङ्क्षोली वायसोली स्यात्स्वादुमांसी पयस्विनी ॥

काकोली, मधुरा, वीरा, कायस्था, क्षीरशुक्तिका, ध्वाङ्क्षोली, वायसोली, स्वादुमांसी र पयस्विनी-यी कल्छे लहराका संस्कृत पर्यायवाची नामहरू हुन् ।

द्वितीया क्षीरकाकोली सुराह्वा क्षीरिणी मता । पीवरः सदृशस्कन्धः सक्षीरः ससुगन्धकः ॥
क्षीरकाकोलिका ख्यातः पित्तदोषज्वरापहः ॥

क्षीरकाकोली, सुराह्वा, क्षीरिणी, पीवर, सदृशस्कन्ध, सक्षीर, ससुगन्धक र क्षीरकाकोलिका-यी दूधे कल्छे लहरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पित्तविकार र जरो ठिक गर्दछ ।

काकोलीयुगलं शीतं शुक्रलं मधुरं गुरु । जयेत्समीरदाहास्रपित्तशोषतृषाज्वरान् ॥

दुवै कल्छेलहराहरू ठण्डी गर्ने, शुक्र बढाउने, मिठा, पचाउन कठिन, वायुनाशक, डाह नाशक, रक्तपित्त नाशक, क्षयरोग नाशक, तिर्खा नाशक र जरो नाशक हुन्छन् ।

काकोली बृंहणी वृष्या दृष्टिमान्द्यप्रदा गुरुः ।

मोहन प्रसाद सापकोटा

कल्छेलहराको मदिरा पौष्टिक, वीर्यवर्धक, दृष्टिक्षमता कम गराउने र पचाउन कठिन हुने गुणको हुन्छ ।

(ञ) **मदनादि निघण्टु :**

काकोली कपटी काणं ध्वाङ्क्षोडी क्षीरशुक्लिकः । शुक्लक्षीरा वायसोली वीरा धीरा पयस्विनी ॥

काकोली, कपटी, काणा ध्वाङ्क्षोडी, क्षीरशुक्लिका, शुक्लक्षीरा, वायसोली, वीरा, धीरा र पयस्विनी : यी काकोलीका पर्यायवाची नाम हुन् ।

द्वितीया क्षीरकाकोली धीरा वीरा विषाणिका । पयस्विनीक्षीरणीचक्षुकाक्षीरीविषाणीका ॥
वातपित्तहरा वृष्या बृंहणी क्षयशोषजित् । काकोली क्षीरकाकोली स्यानुगुणाधिका ॥

क्षीरकाकोली, धीरा, वीरा, विषाणिका, पयस्विनी, क्षीरणी, चक्षुका र क्षीरीविषाणीका : यी क्षीरकाकोलीका पर्यायवाची नाम हुन् । (दुवै काकोली) वातविकार र पित्तविकार नाश गर्ने, वीर्यवर्धक, पौष्टिक तथा क्षयरोग र सुकेनासलाई जित्ने गुणका हुन्छन् । काकोलीभन्दा क्षीकाकोली बढी गुनिलो हुन्छ ।

(ट) **माधवद्रव्यगुण :**

काकोलीयुगलं शीतं शुक्लं च मधुरं गुरु । जयेत् समीरदाहास्रपित्तशोषतृषाज्वरान्॥

दुवै थरी काकोली शीतवीर्यका, सेता, गुलिया, पचाउन कठिन तथा वातविकार, डाह, रक्तपित्त, सुकेनास, तिर्खा र जरोलाई जित्ने गुणका हुन्छन् ।

(ठ) **राजनिघण्टु :**

काकोली मधुरा काकी कालिका वायसोलिका ।
क्षीरा च ध्वांक्षिका वीरा शुक्ला धीरा च मेदुरा॥
ध्वांक्षोली स्वादुमांसी च वयस्था चैव जीविनी । इत्येषा खलु काकोली ज्ञेया पञ्चदशाह्वया॥
काकोली मधुरा स्निग्धा क्षयपित्तानिलार्त्तिनुत् । रक्तदाहज्वरघ्नी च कफशुक्रविवर्द्धनी॥

दूधे कल्छे लहरो (क्षीरकाकोली)

(१) काकोली, (२) मधुरा, (३) काकी, (४) कालिका, (५) वायसोलिका, (६) क्षीरा, (७) ध्वांक्षिका, (८) वीरा, (९) शुक्ला, (१०) धीरा, (११) मेदुरा, (१२) ध्वांक्षोली, (१३) स्वादुमांसी, (१४) वयस्था र (१५) जीविनी : यी पन्ध्र नाम भनेका निश्चय नै कल्छे लहरोका संस्कृत पर्यायवाची नामहरू हुन् । कल्छे लहरो मिठो, चिल्लो तथा क्षयरोग, पित्तविकार र वातविकार नाशक हुन्छ । यसले रक्तविकार, डाह र जरो नाश गर्दछ तथा कफ र शुक्र बढाउँदछ ।

द्वितीया क्षीरकाकोली क्षीरशुक्ला पयस्विनी । पयस्या क्षीरमधुरा वीरा क्षीरविषाणिका॥
जीववल्ली जीवशुक्ला स्यादित्येषा नवाह्वया ।
रसवीर्यविपाकेषु काकोल्या सदृशी च सा॥

दोश्रो थरी कल्छे लहरो अर्थात् दूधे कल्छेलहरोका (१) क्षीरकाकोली, (२) क्षीरशुक्ला, (३) पयस्विनी, (४) पयस्या, (५) क्षीरमधुरा, (६) वीरा, (७) क्षीरविषाणिका, (८) जीववल्ली र (९) जीवशुक्ला : यी नौ संस्कृत पर्यायवाची नामहरू हुन् । यो रस, वीर्य र विपाकमा पनि कल्छेलहरो समानकै गुणको हुन्छ ।

(ड) **शालिग्राम निघण्टु :**

काकोली शीतपाकी च पयस्या वायसोलिका ।

काकोली, शीतपाकी, पयस्या र वायसोलिका : यी काकोलीका पर्यायवाची नाम हुन् ।

काकोली शीतला वृष्या मधुरा शुक्रकारिणी । तिक्ता कफकरी गुर्वी क्षयपित्ततृषाहरा ॥
रक्तदोषं रक्तपित्तं दाहं ज्वरं (तथा) विषम् । वातपित्तरुजं चैव नाशयेदितिकीर्त्तिता ॥

काकोली शीतवीर्यको, वीर्यवर्धक, गुलियो, शुक्र उत्पादन गर्ने, तितो, कफविकार गर्ने, पचाउन कठिन तथा क्षयरोग, पित्तविकार, तिर्खा, रक्तविकार, रक्तपित्त, डाह, जरो, विषविकार र वातपित्त नाश गर्ने गुणको हुन्छ ।

पयस्या क्षीरकाकोली महावीरा पयस्विनी ।

पयस्या, क्षीरकाकोली, महावीरा र पयस्विनी : यी क्षीरकाकोलीका पर्यायवाची नाम हुन् ।

क्षीरकाकोलिका वृष्यास्तन्यवृद्धिकरी लघुः । रसवीर्यविपाकेषु काकोलीसदृशा च सा ॥ (ग.नि.)

क्षीरकाकोली सुत्केरीको दूध बढाउने, पचाउन सहज तथा रस, वीर्य र विपाकमा काकोली समान हुन्छ ।

काकोली युगलं शीतं शुक्रलं मधुरं गुरु । बृंहणं वातदाहास्रपित्तशोषज्वरापहम् ॥

दुवै काकोली शीतवीर्यका, शुक्रवर्धक, गुलिया पचाउन कठिन, पौष्टिक तथा वातविकार, डाह, रक्तपित्त, सुकेनास र जरो नाश गर्ने गुणका हुन्छन् ।

सङ्कलन मोहन प्रसाद सापकोटा

काकोलिका द्वयं वृष्यमवस्थास्थापनं परम् ।
स्वादु पाकरसं बल्यं शीतवीर्यञ्च जीवनम् ॥ (शोढल निघण्टु)

दुवै काकोली वीर्यवर्धक, अति प्रभावकारी तरिकाले उमेर स्थिर राख्ने, पचेपछि गुलिया, बलदायक, शीतवीर्यका र जीवनदायक हुन्छन् ।

(ढ) **सोढल निघण्टु :**

काकोल्यां मधुरा शुक्ला क्षीरा ध्वाङ्क्षोलिका मता ।
वयःस्था जीवनीया च धीरा धीरविषाणिका ॥

काकोली, मधुरा, शुक्ला, क्षीर,। ध्वाङ्क्षोलिका, वयःस्था, जीवनीया, धीरा र धीरविषाणिका : यी काकोलीका पर्यायवाची नाम हुन् ।

द्वितीयायां तु दुग्धाख्या काकोलीव पयस्विनी ।

दुग्धाख्या, काकोलीका नाम र पयस्विनी : यी क्षीरकाकोलीका पर्यायवाची नाम हुन् ।

(ण) सौश्रुत निघण्टु :

काकोली वायसोली च (वीरा) धीरा च शब्दिता । मधुरा जीवनीया च ध्वाङ्क्षोली च प्रकीर्तिता ॥
द्वितीया क्षीरकाकोली शुक्लोली जीवनोलिका । वीरधीरोलिका चैव शब्दैः पर्यायवाचकैः ॥

काकोली (तस्बिर श्रोत : मेडिकलप्लान्ट्सअफ नेपाल)

काकोली, वायसोली, (वीरा) धीरा, मधुरा, जीवनीया र ध्वाङ्क्षोली : यी काकोलीका तथा क्षीरकाकोली, शुक्लोली, जीवनोलिका वीरधीरोलिका : यी क्षीरकाकोलीका पर्यायवाची नाम हुन् ।

(त) हृदयदीपक निघण्टु :

...काकोली स्याद् वयस्था च । काणाऽन्या तु वयस्था विषाणिका क्षीरकाकोली ॥

काकोलीलाई वयस्था भनिन्छ । काणा, वयस्था, विषाणिका र क्षीरकाकोली : यी क्षीरकाकोलीका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काच (नुनांवेशेष)
(Akind of salt)

परिभाषा :

(क) के.यन.स्वामी : (१) नील, काचोद्भव, काच, काचसौवर्चलम्, पाक्यज, काचोत्थ, हृद्यगन्ध, कृत्रिम : कचिया नुन । (२) तिलकम्, कृष्णलवणम् : सौचर नुन । कचिया नुन । (३) काचसम्भव, काचमलम् : कालोनुन । कचिया नुन । (४) कुरुविन्द : नुन । (५) काच : खारीमाटो ।

(ख) विक्षनरी (कचिया) : काँचबाट बनाइने एक थरी नुन ।

(ग) हिन्दी विश्वकोश (काचलवण) : काचात् क्षारमृत्तिकातः जातं लवणम् । सांचर नोन । खारिलो माटोबाट निकालिने नुन । सौंचर नुन ।

(घ) हलायुध कोश (काच) : क्षारः; मृत्तिकाविशेषः । क्षार, माटोविशेष ।

(ङ) मोनियर विलियम्स : Black salt (a medicinal salt prepared by calcining fossil salt and the fruit of the Emblic myrobalan together; it consists chiefly of muriate of soda with a small quantity of iron, lime, and sulphur, and is a tonic aperient. कालो नुन (ओखतीमा प्रयोग गरिने एक थरी नुन जुन जीवाश्म र अमलालाई मिसाई बालेर खरानी बनाई तयार पारिन्छ । यसमा अधिकतर सोडा-नुन र केही मात्रामा फलाम, चून र गन्धक मिसिएको हुन्छ । यो हल्का रेचनी हुन्छ) ।

संस्कृत पर्यायवाची नामहरू : सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) कैयदेव निघण्टु :

काचं पाक्यं त्रिकूटं स्यात्सर्वं तु लवणं कटु । काचः सक्षार उष्णः स्यात् चक्षुष्योऽञ्जनकर्मणि ॥

काच, पाक्य र त्रिकूट : यी काचनुनका पर्यायवाची नाम हुन् । यो पिरो, क्षारयुक्त, उष्णवीर्यको तथा गाजलमा प्रयोग गर्दा आँखाका लागि हित गर्ने गुणको हुन्छ ।

(ख) मदनपाल निघण्टु :

काचं त्रिकूटं पाक्याह्वं लवणं काचसम्भवम् । काचं दीपनमत्युष्णं रक्तपित्तविवर्द्धनम् ॥

काच, त्रिकूट, पाक्याह्व, लवण र काचसम्भव : यी काँचेनुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दीपनी, धेरै गर्मी गर्ने र रक्तपित्त बढाउने गुणको हुन्छ ।

(ग) राज निघण्टु :

नीलं काचोद्भवं काचं तिलकं काचसम्भवम् । काचसौवर्चलं कृष्णलवणं पाक्यजं स्मृतम् ॥
काचोत्थं हृद्यगन्धं तत्काललवणं तथा । कुरुविन्दं काचमलं कृत्रिमं चतुर्दश ॥

काचादिलवणं रुच्यमीषत्क्षारं च पित्तलम् । दाहकं कफवातघ्नं दीपनं गुल्मशूलहृत् ॥

(१) नील, (२) काचोद्भव, (३) काच, (४) तिलक, (५) काचसम्भव, (६) काचसौवर्चल, (७) कृष्णलवण, (८) पाक्यज, (९) काचोत्थ, (१०) हृद्यगन्ध, (११) तत्काललवण, (१२) कुरुविन्द, (१३) काचमल र (१४) कृत्रिम : यी चौध नाम काच नुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो नुन रुचिकर, केही नुनिलो, पित्तविकार बढाउने, डाह गर्ने, कफविकार र वातविकार नाश गर्ने, दीपनी तथा गुल्म र शूल नाशक हुन्छ ।

(घ) शालिग्राम निघण्टु :

काचत्रिकूटं पाक्याह्वं लवणं काचसम्भवम् । काचं दीपनमत्युष्णं रक्तपित्तविवर्द्धनम् ॥

काच, त्रिकूट, पाक्याह्व, लवण र काचसम्भव : यी काचलवणका पर्यायवाची नाम हुन् । यो दीपनी, अति उष्णवीर्यको र रक्तपित्त बढाउने गुणको हुन्छ ।

(ङ) सोढल निघण्टु :

श्वेतकाचोद्भवं काचलवणं कुरुविन्दकम् ।

सेतो खारिलो माटो (कमेरो) बाट निकालिने नुनलाई काचलवण वा कुरुविन्दक भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काञ्जिक (काँजी)
(Sour liquid prepared with of rice grain etc.)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) काँजी : सखर, मह, दही मिलाएर बनाइने पेय औषधी; महारस; कुञ्जल । (२) काञ्जिक : दूध-दहीको पानी फटाई त्यसमा नुन, मसला हाली साँधेको पेय पदार्थ; माडको अचार; काँजी ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कणानां कुडुबं पक्वा पादोनं तोयभाजने । तन्मण्डोऽयं त्रिसप्ताहस्तिन्त्रिणीकयुतेन तु ॥
शाल्यादिसर्वधान्यानां पोट्टलेनाधिवासितः । स हि धान्याम्लमित्युक्तमारनालं च काञ्चिकम् ॥
अवन्तिसोमं वक्त्रेष्टं तन्महारसमित्यपि ।

मार्सी आदि सबै (कुनै) अनाजलाई एक कुरुवा पानीमा पकाई एक चौथाइ घटेपछि त्यसको माड झिकी कुनै भाँडामा तीन हप्ता वा तीन दिनसम्म राख्नू र त्यसपछि झिकेर कपडाले छान्नू । यसैलाई धान्याम्ल, आरनाल, काञ्चिक, अवन्तिसोम, वक्त्रेष्ट र महारस पनि भनिन्छ ।

(ख) आयुर्वेद महोदधि :

धान्याम्लं भेदि तीक्ष्णं रुचिकरजरणं सोष्मसंस्पर्शशीतं
रूक्षं चैव क्लमघ्नं श्रमहरविशदं बस्तिसंशोधनं च ।
शस्तं चास्थापने स्याल्लघुकफपवनश्वासशूलापनोदि
गण्डूषैर्धारणात् स्यान्मुखमलजडतागन्धनिर्नाशनं च ॥

काञ्जिकमा अलग्याउने, तिक्खर, रुचिकर, पाचक, गर्मी गर्ने, छुँदा शीतल, रुखो, क्लम नाशक, थकाई मेट्ने, सेतो वा चम्किलो, मुत्राशय प्रशोधक, आस्थापन वस्तिका लागि हितकारी, पचाउन सहज, कफनाशक, वातनाशक, दम नाशक र शूल नाशक गुण हुन्छ । काञ्जिकले मुख कुला गरे मुखको मलिनता, स्वादविहीन अवस्था र दुर्गन्ध हट्दछ ।

धान्याम्लं भेदितीक्ष्णोष्णं पित्तकृत्स्पर्शशीतलम् । श्रमक्लमहरं रुच्यं दीपनं बस्तिशोधनम् ॥
शस्तमास्थापने हृद्यं लघुवातकफापहम् । गण्डूषधारणाद्वक्त्र-मलदौर्गन्ध्यदोषजित् ॥

(छन्द मात्र फरक, अर्थ माथिको श्लोक अनुसारकै हुन्छ) ।

शूलवातार्दिनां च आमाजीर्णो विबन्धके । श्रेष्ठं प्रोक्तं तुषाम्लं तु गुणाधिक्यंतरेषु च ॥

शूल, वातविकार, आम नपच्ने अवस्था र दिसा नखुल्दा काञ्जिक श्रेष्ठ औषधी हुन्छ ।

शोफमूर्छाज्वरार्तानां कृमिकण्डूविषाशिनाम् । कुष्ठिनां रक्तपित्तानां काञ्जिकं न प्रशस्यते ॥

शरीर सुन्निएको, बेहोस हुने, जरो, किरा, लुतो र विषविकारले पीडित व्यक्तिका लागि तथा कुष्ठ र रक्तपित्तका रोगीका लागि काञ्जिक लाभदायक हुँदैन ।

पाण्डुरोगे च यक्ष्मे च तथा शोफातुरेषु च । क्षतक्षीणपथश्रान्ते मन्तेमन्दक्षरनिपीडिते ॥
एतेषां न हितं प्रोक्तं काञ्जिकं दोषकारकम् ॥

पाण्डुरोग, क्षयरोग, शरीर सुन्निएको, क्षतक्षीण र बाटो हिँड्दा थाकेको अवस्थामा काञ्जिक हितकारी हुँदैन, हानिकारक हुन्छ ।

(ग) **कैयदेव निघण्टु :**

अत्यन्ताम्लं तु तीक्ष्णोष्णं रोचनं गुरु पाचनम् । शोषशूलप्रमेहार्शःश्रमघ्नं कफवातजित् ॥
काञ्जिकं क्षुद्रधान्यानां धान्याम्लसदृशं मनाक् ।
कुर्यात् पित्तानिलौ गुल्मं श्लीपदं पीनसादिकान् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

काञ्जिक अति अमिलो, तिक्खर, उष्णवीर्यको, रुचिप्रद, पचाउन कठिन, पाचक; सुकेनास, शूल, प्रमेह, हर्सा र थकाई नाश गर्ने तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । कोदो आदि जस्ता क्षुद्रधान्यको काञ्जिकले धान्याम्ल जस्तो कम गुणस्तरको हुन्छ । यसले पित्तविकार, वातविकार, गुल्म, हात्तीपाइले रोग, पिनास आदि गर्दछ ।

(घ) **चरक संहिता :**

दाहज्वरापहं स्पर्शात् पानाद्वातकफापहम् । विबन्धघ्नमविस्रंसि दीपनं चाम्लकाञ्जिकम् ॥

अमिलो काँजीको स्पर्शले डाहज्वर नाश हुन्छ । यसलाई पियनाले वातविकार कफविकार नाश हुन्छ । यसले कब्जियत नाश गर्दछ । यो अविस्रंसी (स्थानबाट च्यूत नहुने) र दीपनी हुन्छ ।

(ङ) **द्रव्यगुणसङ्ग्रह :**

काञ्जिकं भेदि तीक्ष्णोष्णं पित्तकृत् स्पर्शशीतलम् । भ्रमक्लमहरं रुच्यं दीपनं बस्तिशूलनुत् ॥
शस्तमास्थापने हृद्यं लघुवातकफापहम् । गण्डूषधारणाद्वक्त्रमलदौर्गन्ध्यशोषजित् ॥

काञ्जिक भेदनी, तिक्खर, उष्णवीर्यको, पित्तविकार गर्ने, छुँदा शीतल, भ्रम र मानसिक थकाइ नाश गर्ने, रुचिप्रद, दीपनी, मूत्रशायको शूल नाश गर्ने, आस्थापन बस्तिका लागि हितकर, मुटुका लागि हितकर,

पचाउन सहज, वातविकार र कफविकार नाश गर्ने, कुल्ला गर्दा मुखको दुर्गन्ध नाश गर्ने तथा सुकेनासलाई जित्ने गुणको हुन्छ ।

(च) **धन्वन्तरि निघण्टु :**

काञ्जिकं चैव सौवीरं कुल्माषाभिभवं तथा । अवन्तिसोमं धान्याम्लमारनालं महारसम्॥
दाहज्वरापहं स्पर्शात्पानाद् वातकफापहम् । विबन्धघ्नमवस्रंसि दीपनं चाम्लकाञ्जिकम्॥

काञ्जिक, सौवीर, कुल्माषाभिभव, अवन्तिसोम, धान्याम्ल, आरनाल र महारस : यी काञ्जिकका पर्यायवाची नाम हुन् । यो दल्नाले डाह र जरो नाश हुन्छ । अमिलो काञ्जिकलाई पिउनाले वातविकार, कफविकार र कब्जियत नाश गर्दछ । या रेचनी र दीपनी हुन्छ ।

(छ) **पर्याय रत्नमाला :**

काञ्जिकन्तु गृहाम्बु स्यादारनालं तुषाम्बु च ।

काञ्जिक, गृहाम्बु, आरनाल र तुषाम्बु : यी काञ्जिकका पर्यायवाची नाम हुन् ।

(ज) **भावप्रकाश निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

सन्धितं धान्यमण्डादि काञ्जिकं कथ्यते जनैः । काञ्जिकं भेदि तीक्ष्णोष्णं रोचनं पाचनं लघु॥
दाहज्वरहरं स्पर्शात्पानाद्वातकफापहम् । माषादिवटकैर्यत्तु क्रियते तद्गुणाधिकम्॥
लघु वातहरं तत्तु रोचनं पाचनं परम् । शूलाजीर्णविबन्धामनाशनं वस्तिशोधनम्॥

अनाज, माड (मण्ड) आदिलाई पानी सहित कुनै भाँडामा तीन दिनसम्म मुख बन्द गरी राखिएको पदार्थलाई काँजी भनिन्छ । काँजीले दिसा खुकुलो पार्दछ । यो तिक्खर, गर्मी गर्ने, रुचिकर, पाचक र पचाउन हलुका हुन्छ । यो दल्नाले डाह र जरो तथा पिउनाले वातविकार र कफविकार नाश गर्दछ । मासको बारा आदिको काँजी बढी गुनिलो हुन्छ । यस्तो काँजी पचाउन हलुका, वातविकार नाशक, रुचिकर र अति नै पाचक हुन्छ । यसले शूल, अजीर्ण, कब्जियत र आमविकार नाश गर्दछ ।

शोषमूर्च्छाभ्रमार्त्तानां मदकण्डूविशोषिणाम् । कुष्ठिनां रक्तपित्तिनां काञ्जिकं न प्रशस्यते॥
पाण्डुरोगे यक्ष्मणि च तथा शोषातुरेषु च । क्षतक्षीणे तथा श्रान्ते मन्दज्वरनिपीडिते॥
एतेषां न हितं प्रोक्तं काञ्जिकं दोषकारकम् ।

छ किसिमका क्षयरोग लागेर शरीर सुकेका, बेहोस भइरहने, पागलपन हुने, मद (नसाले) सुकेका, लुतो आदिले ग्रस्त भएका, कुष्ठरोगी, रक्तपित्तका रोगी, पाण्डुरोगी, क्षयरोगी, सुकेनासका रोगी, चोटपटक लागेर थला परेका, परिश्रमले थकित र हल्का जरो आएका व्यक्तिका लागि काँजी हितकर हुँदैन, यसबेला काँजी खाँदा यसले उल्टो अनेक थरी रोग निकाल्दछ ।

काञ्जिकं रोचनं रुच्यं पाचनं वह्निदीपनम् । शूलाजीर्णविबन्धघ्नं कोष्ठशुद्धिकरं परम्॥
न भवेत्काञ्जिकं यत्र तत्र जालि प्रदीयते ।

काँजीले रुचि बढाउँदछ र आफैं पनि रुचिकर हुन्छ । यो पाचक, जठराग्नि बाल्ने तथा शूल, अजिर्ण र गोटा परेको ठिक गर्ने गुणको हुन्छ । यसले विशेषतः पेट सफा गर्दछ । काँजी नपाउँदा जालि (काँजीविशेष) प्रयोग गर्नु पर्दछ ।

(झ) मदनपाल निघण्टु :

स्यात्काञ्जिकं तु सौवीरमारनालं तु दोषकृत् । काञ्जिकं शिशिरस्पर्शं पाचनं रोचनं लघु॥

काञ्जिक, सौवीर र आरनाल : यी काँजीका नामहरू हुन् । यिनले त्रिदोष गर्दछन् । छुँदा चिसा हुन्छन् । यी पाचनी, रोचनी र पचाउन सहज हुन्छन् ।

(दाहज्वरापहं स्पर्शात्पनाद्वातक्षयापहम् । विबन्धघ्नमविग्राहि दीपनं चापि काञ्जिकम्) ॥

काञ्जिकले छुँदा डाह र ज्वर नाश गर्दछ, पिउँदा क्षयरोग नाश गर्दछ । यसले विबन्ध नाश गर्दछ । कब्जियत गर्दैन । यो दीपनी पनि हुन्छ ।

(ञ) राज निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

काञ्जिकं काञ्जिका वीरं कुल्माषाभिभवं तथा । अवन्तिसोमं धान्याम्लमारनालोऽम्लसारकः॥
काञ्जिकं वातशोफघ्नं पित्तघ्नं ज्वरनाशनम् । दाहमूर्च्छाश्रमघ्नञ्च शूलाध्मानविबन्धनुत्॥

काञ्जिक, काञ्जिका, वीर, कुल्माषाभिभव, अवन्तिसोम, धान्याम्ल, आरनाल र अम्लसारक : यी काँजीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो वातविकार, सुजन, पित्तविकार, ज्वर, डाह, बेहोसीपन, थकाई, शूल, आध्मान र कब्जियत नाशक हुन्छ ।

काञ्जिकं काञ्जितैलञ्च पलितं वातकारकम् । दाहकं गात्रशैथिल्यं मर्दनान्न च भक्षणात्॥

काँजीको तेल लगाउनाले कपाल फुल्ने, वातविकार हुने, डाह हुने र शरीर शिथिल हुने जस्ता दोष देखिन्छन् । यी दोष तेल लगाउनाले हुन्छन्, खानाले हुने होइन ।

(ट) राजवल्लभ निघण्टु :

काञ्चिकं भेदि तीक्ष्णोष्णं पित्तकृत्स्पर्शशीतलम् । श्रमक्लमहरं रुच्यं दीपनं बस्तिशोधनम्॥
दीपनं जरणीयं च हृत्पाण्डुकृमिरोगनुत्॥

काँजी भेदनी, तिक्खर, उष्णवीर्यको, पित्तविकार गर्ने, छुँदा शीतल वा चिसो, थकाई र मानसिक थकाई

नाशक, रुचिप्रद, दीपनी, मूत्राशय प्रशोधक, पाचकाग्नि वर्धक, खाएको कुरा पचाउन तथा मुटुका रोग, पाण्डु र कीरा नाशगर्ने गुणको हुन्छ ।

(ड) **शार्ङ्गधर संहिता :**

कुल्माषधान्यमण्डादि सन्धितं काञ्जिकं विदुः ।

गहत, चामल आदिको माडलाई सुठो, रायो, जीरा, हिङ, सिधेनुन, बेसार, पानी आदि हाली तीन वा चार दिनसम्म उपरोक्त विधि (कुनै भाँडामा भरेर पूरै मुख बन्द गरी केही दिन राख्ने कार्य) ले बनाइने पदार्थलाई "काञ्जिक" भनिन्छ ।

(ढ) **शालिग्राम निघण्टु :**

काञ्जिकं कञ्जिकं काञ्जी कुण्डलं कुण्डगोलकम् ।
धान्यमूलं धान्ययोनिः कुल्माषं कुल्माभियुतम् ॥

काञ्जिक, कञ्जिक, काञ्जी, कुण्डल, कुण्डगोलक, धान्यमूल, धान्ययोनि, कुल्माष र कुल्माभियुत : यी काञ्जिकका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद गायकोटा

सन्धितं धान्यमण्डादि काञ्जिकं कथ्यते जनैः । काञ्जिकं भेदितीक्ष्णोष्णं रोचनं पाचनं लघु ॥
दाहज्वरहरं स्पर्शात्पानाद्वातकफापहम् । माषादिवटकैर्यत्तु क्रियते तद्गुणाधिकम् ॥
लघु वातहरं तत्तु रोचनं पाचनं परम् । शूलाजीर्णविबन्धामनाशनं बस्तिशोधनम् ॥

चामल आदिको माडलाई केही दिन राखेर अमिलो बनाइएको पदार्थलाई काञ्जिक भनिन्छ । यो भेदनी, तिक्खर, उष्णवीर्यको, रुचिप्रद, पाचनी, पचाउन सहज, छुँदा वा शरीरमा दल्दा डाह र जरो नाश गर्ने तथा पिउँदा वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । मास आदिको बारा हालेर बनाइएको काञ्जिक बढी गुनिलो हुन्छ । यो पचाउन सहज, वातविकार नाश गर्ने, रुचिप्रद, अत्यन्त पाचक तथा शूल, अजीर्ण, कब्जियत र आमविकार नाश गर्ने गुणको हुन्छ । यसले मूत्राशयलाई प्रशोधन गर्दछ ।

नूतनं मृन्मयं कुम्भं कटुतैलेन लेपयेत् । निर्मलं च जलं तस्मिन्नाजिकाजाजिसैन्धवम् ॥
हिङ्गुविश्वानिशा चैव ओदनं वंशपल्लवाः । औदनस्य कुलित्थानां जलं वटक खाण्डवम् ॥
सर्वं तस्मिन्निधायाऽथ मुद्रां दत्त्वा दिनत्रयम् । रक्षयित्वा ततो वस्त्रे गालितं काञ्जिकं मतम् ॥
तद्भेदकं वस्तिशुद्धिकरमुष्णं च तीक्ष्णकम् । रुच्यमम्लं पाचकं च लघु लेपे च दाहकम् ॥
ज्वरनाशकरं प्रोक्तं तत्पीतं कफवातहम् । शूलं शोथं भ्रमं दाहं मूर्च्छापित्तज्वरं तथा ॥
अजीर्णाध्मानविट्स्तम्भानामनाशकरं मतम् । काञ्जिके संस्थिताश्चैव वटका रुचिदामताः ।
शीताः कफकरा दाहशूलाजीर्णविनाशकाः ॥
नेत्ररोगे हिता नोक्ता ऋषिभि पाककोविदैः । (निघण्टु रत्नाकर)

एउटा माटोको नयाँ घडा लिनू । त्यसलाई सर्सिउँको तेलले पूरै लेप्नू । अनि सफा पानी हालेर भर्नू । त्यसमा रायो, जीरा, सिँधेनुन, हिङ र बेसारको धूलो; भात (वा भातको माड), बाँसका मुना, गहतको माड र (मासको) बाराका टुक्रा हाली मुख टम्म बन्द गर्नू । तीन दिनपछि खोलेर कपडाले छान्नू । यो पेयलाई काँजी (काञ्जिक) भनिन्छ । यो भेदनी, मूत्राशय प्रशोधन गर्ने, उष्णवीर्यको, तिक्खर, रुचिप्रद, अमिलो, पाचक र पचाउन सहज हुने गुणको हुन्छ । यसको लेप दल्नाले डाह र जरो नाश हुन्छ । यो पिउनाले कफविकार, वातविकार, शूल, सुजन, भ्रम, डाह, बेहोसी, पित्तजन्य जरो, अजीर्ण, पेट डम्म फुल्ने रोग र कब्जियत नाश गर्ने गुणको हुन्छ । काञ्जिकमा हालिएका (मासका) बारा रुचिप्रद, शीतवीर्यको, कफविकार गर्ने; डाह, शूल र अजीर्ण नाश गर्ने तथा आँखाका रोगमा अहितकर हुने गुणको हुन्छ भनी पाकशास्त्रका विज्ञ ऋषिहरूले बताएका छन् ।

(ण) सरस्वती निघण्टु :

...काञ्जिकं चाऽम्लकाञ्जिकम् ।

काञ्जिकलाई अम्लकाञ्जिक पनि भनिन्छ ।

(त) सोढल निघण्टु :

अवन्तिसोमे धान्याम्लं काञ्जिकं चाम्लमेव च ।

मोहन प्रसाद सापकोटा

अवन्तिसोम, धान्याम्ल, काञ्जिक र अम्ल : यी काञ्जिकका पर्यायवाची नाम हुन् ।

(थ) हारीत संहिता :

सन्धानं शीतलं स्वादु महातीसारनाशनम् ।

काञ्जी शीतल र मिठो हुन्छ र यसले महा-अतिसारलाई नाश गर्दछ ।

शोषे मूर्च्छाज्वरार्त्तानां भ्रमके दुर्विपार्दिते । कुष्ठानां रक्तपित्तानां काञ्जिकं न प्रशस्यते ॥

शोष (क्षयरोग आदिका कारणले शरीर सुक्दै जाने अवस्था वा रोग) मा, बेहोस हुने रोगमा, जरो आउँदा, भ्रम हुँदा, विषको असर हुँदा, कुष्ठरोगमा र रक्तपित्तको रोगमा काँजी खानु लाभदायक हुँदैन ।

पाण्डुरोगे राजयक्ष्मे तथा शोफातुरेषु च । क्षतक्षीणे पथिश्रान्ते मन्दज्वरनिपीडिते ॥
नरे चैव हितं प्रोक्तं काञ्जिकं दोषकारकम् ॥

पाण्डु रोगमा, क्षयरोगमा, शरीर सुन्निने रोगमा, सुकेनाश आदि शरीर क्षय हुने रोगमा, हिँडेर थाकेका बेलामा र मन्द जरो आउँदा पनि काँजी खानु लाभदायक हुँदैन उल्टो असर (दोष) गर्दछ ।

शूलवातार्दितानां तु तथा जीर्णविबन्धनाम् । श्रेष्ठं प्रोक्तं तथाम्लं च गुणाधिक्यं नरेषु च ॥

शूल हुँदा, वातसम्बन्धी रोगमा, अजीर्ण हुँदा र दिसा गोटा पर्दा काँजी खानु उत्तम हुन्छ, यसले मानिसका गुणमा वृद्धि गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काञ्जिकावटका (काँजी-फुरौला, परिकार विशेष)
(A type of dish)

(क) भावप्रकाश निघण्टु :

मन्थनी नूतना धार्या कटुतैलेन लेपिता । निर्मलेनाम्बुनाऽऽपूर्य तस्यां चूर्णं विनिक्षिपेत्॥
राजिकाजीरकलवणहिङ्गुशुण्ठीनिशाकृतम् । निक्षिपेद्वटकांस्तत्र भाण्डस्यास्यञ्च मुद्रयेत्॥
ततो दिनत्रयादूर्ध्वमम्लाः स्युर्वटका ध्रुवम् । काञ्जिकावटको रुच्यो वातघ्नः श्लेष्मकारकः॥
शूलघ्नोऽजीर्णदाहनुद् नेत्ररोगे तु नो हितः ।

एउटा नयाँ र बलियो माटाको हाँडीलाई पिरो तेलले पोत्नू । अनि त्यो हाँडीमा भरी पानी हाली त्यसमा रायो, जीरा, सिधेनुन, हिङ, सुठो र बेसार हाली अन्तमा मासका फुरौला डुबाएर त्यो भाँडाको मुख बन्द गर्नू । तीन दिन बितेपछि चौथो दिन फुरौला अमिलो भएपछि हाँडीको मुख खोल्नू । यो फुरौलालाई काँजी-फुरौला भनिन्छ । यो फुरौला रुचिकर, वातविकार नाशक, कफकारक, शूल नाशक, अजीर्ण नाशक र डाह नाशक हुन्छ । यो आँखाका लागि भने त्यति हितकर मानिदैन ।

(ख) मदनपाल निघण्टु :

शाण्डको वटको दृष्टिनाशनो दोषलो गुरुः॥

काँजी-बाराले दृष्टिशक्ति नाश गर्दछ । यसले त्रिदोष गर्दछ र पचाउन पनि कठिन हुन्छ ।

कादम्बरी (मदिराविशेष)
(A type of wine or liquor)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश (कादम्बरी) : कदम्बका फूलबाट बनाइएको रक्सी; उखुको मदिरा ।

(ख) हिन्दी विश्वकोश : मद्य । कदमको फूलबाट बनाइने मदिरा । फुलेको कदमका वृक्षमा जम्मा भएको वर्षात्को पानी । कदम्बरो बलरामः तस्य प्रिया ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) कैयदेव निघण्टु :

कादम्बरी सुरा वृष्या दीपनी पाचनी गुरुः । ईषद् वातकरा हृद्या रोचनी पित्तकोपनी ॥

कादम्बरी नामक मदिरा वीर्यवर्धक, दीपनी, पाचनी, पचाउन कठिन, केही वातविकार गर्ने, मुटुका लागि हितकर, रुचिप्रद र पित्तलाई विकृत बनाउने गुणको हुन्छ ।

(ख) मदनपाल निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

...सुरामण्डस्तस्मात्कादम्बरी घना ॥ कादम्बरी गुरुर्वृष्या दीपनी वातकृत्सरा ।

सुरामण्डको बाक्लो रूपलाई कादम्बरी भनिन्छ । कादम्बरी पचाउन कठिन, वीर्यवर्धक, दीपनी, वातकारक र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

(ग) राज निघण्टु :

नानाद्रव्यकदम्बेन मद्यं कादम्बरं स्मृतम् ॥
कादम्बरीशर्करजादि मद्यं सुशीतलं वृष्यकरं मदाढ्यम् ।

कदम आदि अनेक पदार्थ मिसाएर बनाइने मदिरालाई कादम्बरी भनिन्छ । चिनी आदि हाली बनाइने कादम्बरी नामक मदिरा शीतल गर्ने, वीर्यवर्धक र अधिक नसालु हुन्छ ।

(घ) शार्ङ्गधर संहिता, कैयदेव निघण्टु :

सुरामण्डः प्रसन्नः स्यात्ततः कादम्बरी घनः ॥

चामल आदि अनाजलाई उमालेर यन्त्र मार्फत निकालिने वा बनाइने मद्यलाई “सुरा” भनी बताइएको छ । सुराको बाक्लो भागलाई “कादम्बरी” भनिन्छ ।

नोट : आयुर्वेदमा कादम्बरीको बेग्लाबेग्लै परिभाषा दिइएको पाइएको छ । पुराणहरूमा दिइएको यसको परिभाषा राजनिघण्टुको परिभाषासँग केही हदसम्म मेल खाने देखिन्छ ।

उत्पत्ति प्रसङ्ग :

(क) हरिवंशपुराण :

अथ सङ्कर्षणः श्रीमान् विना कृष्णेन वीर्यवान् । चचार तस्य शिखरे नगस्य नगसन्निभः ॥
प्रफुल्लस्य कदम्बस्य सुच्छाये निषसाद ह । वायुना मन्दगन्धेन वीज्यमानः सुखेन वै ॥
तस्य तेनानिलौघेन सेव्यमानस्य तत्र वै । मद्यसंस्पर्शजो गन्धः संस्पृशन् घ्राणमागतः ॥
तृष्णा चैनं विवेशाशु वारुणीप्रभवा तदा । शुशोष च मुखं तस्य मत्तस्येवापरेऽहनि ॥
स्मारितः स पुरावृत्तममृतप्राशनं विभुः । तृषितो मदिरान्वेषी ततस्तं तरुमैक्षत ॥
तस्य प्रावृषि फुल्लस्य यदम्भो जलजोज्झितम् । तत्कोटरस्थं मदिरा सञ्जायत मनोहरा ॥
तां तु तृष्णाभिभूतात्मा पिबन्नार्त इवासकृत् । मोहाच्च चलिताकारः समजायत स प्रभुः ॥
तस्य मत्तस्य वदनं किञ्चिच्चलितलोचनम् । घूर्णिताकारमभवच्छरत्कालेन्दुसप्रभम् ॥
कदम्बकोटरे जाता नाम्ना कादम्बरीति सा ।

एक दिन अति पराक्रमी श्रीमान् बलराम श्रीकृष्णलाई छाडी एक्लै त्यो गोमन्त नामक पर्वतमा घुमिरहनु भएको थियो । त्यसबेला उहाँ स्वयं नै उक्त पर्वत समान देखिनु हुन्थ्यो । घुम्दै जाँदा एउटा फुलिरहेको कदमको रूख मुनि त्यसको छायामा गएर बस्नु भयो । त्यसबेला कदमको मिठो बास्ना लिएर हावाले उहाँलाई पङ्खा हम्के जसरी स्पर्श गर्न थाल्यो । यस्तो मन्द पवनले जब बलरामको सेवा गरिरहेको थियो तब उहाँका नाकमा कदमको रस छोएर आएको सुगन्धी वायुले प्रवेश गर्‍यो । त्यसबेला बलराम भित्र वारुणी मदिराको तृष्णा जाग्न पुग्यो । यसले गर्दा अर्को दिन त मदिरा सेवीको जसरी उहाँको मुख सुक्न थाल्यो । बलरामलाई पहिले पहिले पिउने गरेको अमृतको सम्झना आयो । उहाँ तिर्खाएर त्यस्तै अमृतको खोजी गर्न थाल्नु भयो । त्यसपछि उहाँले त्यो रूखतिर हेर्नुभयो । वर्षा ऋतुमा फुलेका फूलमाथि जब वर्षातको पानी परेको थियो त्यही नै उक्त रूखका टोड्कामा मनमोहक सुधा बनेर जम्मा भइरहेको थियो । बलरामको मन तिर्खाले आकुलव्याकुल भयो । उहाँ तिर्खाएको मानिसले जसरी त्यो अमृतलाई पटक पटक पिउन थाल्नु भयो । धेरै पिएका कारण उहाँलाई नसा लाग्यो, यसैले उहाँको शरीर थोरै लरखराउन थाल्यो । मधुले मातेको बलरामको अनुहार झुल्न लागेको जस्तो देखिन्थ्यो । आँखा पनि थोरै चञ्चल हुन थालेका थिए । उहाँको त्यो अनुहारको शोभा शरद् ऋतुको चन्द्रमाको शोभा जस्तै देखिइरहेको थियो । त्यो गुलियो फूलको रसरूपी मदिरा कदमको टोड्कामा उत्पन्न भएको थियो, त्यसैले यसको नाम कादम्बरी भनी प्रसिद्ध भयो ।

(ख) विष्णुपुराण :

वने विचरतस्तस्य सह गोपैर्महात्मनः । मानुषच्छद्मरूपस्य शेषस्य धरणीभृतः ॥
निष्पादितोरुकार्यस्य कार्येणोर्वीविचारिणः । उपभोगाथमत्यर्थं वरुणः प्राह वारुणीम् ॥

अभीष्टा सर्वदा यस्य मदिरे त्वं ! महौजसः । अनन्तस्योपभोगाय तस्य गच्छ मुदं शुभे ॥
इत्युक्ता वारुणी तेन सन्निधानमथाकरोत् । वृन्दावनवनोत्पन्नकदम्बतरुकोटरे ॥
वितरन् बलदेवोऽपि मदिरागन्धमुत्तमम् । आघ्राय मदिरातर्षमवापाथ पुरातनम् ॥
ततः कदम्बात् सहसा मद्यधारां स लाङ्गली । पतन्तीं वीक्ष्य मैत्रेय ! प्रययौ परमां मुदम् ॥
पपौ च गोपगोपीभिः समवेतो मुदान्वितः । प्रगीयमानो ललितं गीतवाद्यविशारदैः ॥

आफ्ना कार्यले पृथ्वीलाई नै विचलित तथा ठूला र कठिन काम कार्य गर्ने भएका धरणीधर शेषनागका अवतार मायाले मानवरूप लिएका महात्मा बलराम गोपीहरूसँग वनमा विहार गरिरहको देखेपछि उहाँका निमित्त भनी वरुण देवताले वारुणी (मदिरा) लाई भने- "हे मदिरे ! जुन महाबलशाली बलरामलाई तिमी सधैं मन पर्दछचौ, हे शुभे ! तिमी उनको उपभोग र प्रसन्नताका लागि जाऊ" । वरुणको आदेश पाएपछि वारुणी वृन्दावनमा गएर त्यहाँ उत्पन्न कदमको टोड्कामा गएर बस्न थालिन् । तब मनोहर अनुहार भएका बलराम वनमा घुम्दै जाँदा मदिराको अति उत्तम गन्ध थाहा पाएर त्यसलाई पिउने चाहना गर्न थाल्नु भयो । त्यहि बेला कदमको बोटबाट एक्कासी मदिराको धारा खसिरहेको देखी हलधारी बलराम अत्यन्त खुशी हुनु भयो । यसपछि नाचगानमा पोख्त गोप र गोपिनीसँग मिलेर मिठो स्वरमा गीत गाउँदै उहाँले तिनीहरूसँगै खुशी हुँदै मद्यपान गर्नुभयो ।

(ग) श्रीमद्भागमहापुराण :

त्यो वसन्त ऋतुमा कुमुदिनी फूलहरूले बास्नामय र मन्द मन्द गतिमा चलिरहेका हावा खाँदै पूर्ण चन्द्रमाको किरणले यमुनाको नजिकै रहेका वन र उपवन प्रकाशित भइरहेका थिए । यस्तो वनमा स्त्रीको समूह सहित बलराम घुमिरहेका थिए ।

वरुणप्रेषिता देवी वारुणी वृक्षकोटरात् । पतन्ती तद् वनं सर्वं स्वगन्धेनाध्यवासयत् ॥
तं गन्धं मधुधाराया वायुनोपहृतं बलः । आघ्रायोपगतस्तत्र ललनाभिः समं पपौ ॥
उपगीयमानचरितो वनिताभिर्हलायुधः । वनेषु व्यचरत् क्षीबो मदविह्वललोचनः ॥

भगवान् वरुणले पठाएकी वारुणी रूखका टोड्काबाट बरिहेकी थिइन् । उनको सुगन्धले वन नै सुगन्धित भइरहेको थियो । त्यो मधुगन्धलाई वायु देवताले बलरामसम्म पुऱ्याए, आफ्ना घरमा आएका अतिथिलाई उपहार दिएर सत्कार गर्न खोजे । त्यो मधुधाराको सुगन्धबाट आकर्षित भएर बलराम स्त्रीहरू सहित त्यहाँ गए अनि सबैसँग मिलेर त्यो मधुधारा पिए । त्यसबेला गोपिनीहरू बलरामका चारैतिर बसेर उनका मङ्गलमय चरित्रको गुणगान गरिरहेका थिए । बलराम मदका नसामा वनमा घुमिरहेका थिए । उनका आँखा मधुधारा पिउनाको कारणले नसालु देखिन्थे ।

कानन (वन)
(Jungle)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

...गहनं काननं वनम् ॥

गहन, कानन र वन : यी वनका नाम हुन् ।

(ख) अमरकोश :

अटव्यरण्यं विपिनं गहनं काननं वनम् । महारण्यमरण्यानी...।

अटवी, अरण्य, विपिन, गहन, कानन र वन : यी वनका पर्यायवाची नाम हुन् । महारण्य र अरण्यानी : यी झाडीका नाम हुन् (अन्यत्र ठूलो वन भनी अर्थ लगाइएको छ) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कानमा बाहिरी कीरा पस्नु
(Foreign body in the ear)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

पतङ्गाः शतपद्यश्च कर्णस्रोतः प्रविश्य हि । अरतिं व्याकुलत्वं च भृशं कुर्वन्ति वेदनाम्॥
कर्णो निस्तुद्यते तस्य तथा फरफरायते । कीटे चरति रुक् तीव्रा निष्पन्दे मन्दवेदना॥

पुतली, कनसुत्लो आदि जस्ता कीरा कान भित्र छिरेर अरुचि, व्याकुलता र कडा पीडा दिन थाल्दछन् । भित्र पसेका कीरा सलबलाउँदा कानमा सियोले घोचेको जस्तो पीडा हुन्छ, कान फरफराउँदछ र अति नै दुख्दछ । कीरा स्थिर हुँदा यो क्रम पनि मन्द हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कान्ति
(Glow)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : दीप्ति, प्रभा, तेज ।
(ख) हिन्दी विश्वकोश : दीप्ति, चमक, शोभा, सुन्दरता ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अमरकोश :

सुषमा परमा शोभा शोभा कान्तिर्द्युतिश्छविः ।

उत्तम शोभालाई सुषमा भनिन्छ । शोभा (अभिख्या), कान्ति, द्युति र छवि : यी सामान्य शोभाका पर्यायवाची नाम हुन् ।

(ख) राज निघण्टु :

कान्तिस्तु सुषमा शोभा छविश्छाया विभा शुभा ।
श्रीर्लक्ष्म्यर्कप्रियाऽभिख्या भानं भातिरुमा रमा ॥

कान्ति, सुषमा, शोभा, छवि, छाया, विभा, शुभा, श्री, लक्ष्मी, अर्कप्रिया, अभिख्या, भान, भातिरुमा र रमा : यी कान्तिका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कापालिक (कुष्ठरोगविशेष)
(A kind of leprosy)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कृष्णारुणकपालाभं रूक्षं सुप्तं खरं तनु॥
विस्तृतासमपर्यन्तं दूषितैर्लोमभिश्चितम्। तोदाढ्यमल्पकण्डूकं कापालं शीघ्रसर्पि च॥

जुन कुष्ठरोगमा घाउ कालो वा हल्का कालोपन युक्त रातो, गाग्राका खबटा जस्तो, रुखो, छुँदा थाहा नहुने, खस्रो, पातलो, फिँजिएको, किनारसम्म उस्तै, रौं दूषित भएको, दुख्ने, अलिअलि चिलाउने र चाँडै फैलने लक्षण हुन्छन् त्यसलाई "कापाल" कुष्ठ भनिन्छ।

(ख) काश्यप संहिता :

...वातोत्तरे कपालकुष्ठं...।
कृष्णखरपरुषमलिनमनेकसंस्थानमण्डलं मण्डूलमृतुसन्धिषूष्णे चातिबाधते कपालाकृति कपालं;

सङ्कलन : मोहन प्रसाद सापकोटा

वात दोष बढी भएर हुने कुष्ठरोगलाई कपालकुष्ठ भनिन्छ। कालो, खस्रो, साह्रो, मैलो, अनेक ठाउँमा आउने, गोलाकार हुने, चिलाउने, ऋतु बदलिने बेलामा तथा गर्मी मौसममा अति दुःख हुने गाग्राको खबटो आकारको कुष्ठलाई कपालकुष्ठ भनिन्छ।

(ग) भावप्रकाश संहिता, माधव निदान :

कृष्णारुणकपालाभं यद्रूक्षं परुषं तनु। कापालं तोदबहुलं तत्कुष्ठं विषमं स्मृतम्॥
(किञ्चित् कृष्णाः किञ्चित् अरुणाः ये कपालाः स्फुटितमृत्पात्रखण्डाः। खपरा इति यावत्।
तद्वर्णं परुषं खरस्पर्शम्। तनु-तनुत्वक्।
कापालम्- कपालसंज्ञम्।
विषमम्-दुश्चिकित्स्यम्।)

केही कालो र केही रातो माटाको खपटा जस्तो, रुखो, खस्रो, पातलो छाला सहितको, अति दुखाउने र निको पार्न कठिन हुने कुष्ठलाई "कपाल" भनिन्छ।

(घ) शार्ङ्गधर संहिता :

...वातात् कापालिकं भवेत्।

वातविकारले कापालिक नामक कुष्ठरोग हुन्छ ।

(ङ) **सुश्रुत संहिता :**

कृष्णकपालिकाप्रकाशानि कपालकुष्ठानि,

कालो माटाको ग्राग्रको खबटाजस्तो देखिने कुष्ठलाई "कपाल कुष्ठ" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काम (माया)
(Kaama)

Enjoyment: object of desire or of love or of pleasure; the third mansion to achieve the goal of life.

प्राचीन ग्रन्थका वचनहरू :

(क) शार्ङ्गधर संहिता :

स्त्रीषु जातो मनुष्याणां स्त्रीणाञ्च पुरुषेषु वा । परस्परकृतः स्नेहः काम इत्यभिधीयते ॥

स्त्रीले पुरुषलाई र पुरुषले स्त्रीलाई परस्पर गर्ने मायालाई काम भनिन्छ । तर यो माया उपभोगका लागि हुने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कामवृद्धि (वनस्पतिविशेष)
(Kaamavriddhi)

परिभाषा :

(क) के.यन.स्वामी : (१) कामवृद्धि : मैथुनको इच्छाको बढौती ।
(ख) शब्दकल्पद्रुम : (कामस्य वृद्धिर्यस्मात्) । क्षुपविशेष : । कामज इति कर्णाकटके प्रसिद्धः ।
(ग) वाचस्पत्यम् : कामस्य वृद्धिर्यस्मात् । कर्णाटदेशप्रसिद्धे (कामज) इतिख्याते क्षुपभेदे...।
(घ) आयुर्वेद विश्वकोश : कामजा नाम महाक्षुपः ।
(ङ) विज्डम लाइब्रेरी : सम्भवत यो *Blepharis edulis* Linn. वानस्पतिक नाम भएको विरुवा हो । यसलाई हिन्दीमा उटञ्गन वा उटंगन भनिन्छ ।
(च) हिन्दी विश्वकोश : (१) कन्दर्पजीव : कन्दर्पं जीवयति वर्धयति, कामजवृक्ष । (२) कामवृद्धि : कामजा नामको ठूलो झाडी । कर्णाटक देशमा यसलाई कामज भनिन्छ । यसको सेवन गर्नाले बल र वीर्य बढ्दछ । (३) कामोपजीव : कामवृद्धि नामक एक झाडीदार वनस्पति । (४) जितेन्द्रियाह्व : कामवृद्धि वृक्ष ।

नोट : कर्णाटकतिर कामज (हाल उटिंगन) भनिने वनस्पतिलाई वा *Blepharis edulis* Linn. लाई कामवृद्धि नामक वनस्पति मान्दा आचार्य बालकृष्ण आदिले जेजस्ता संस्कृत पर्यायवाची शब्द उटिंगनका लागि प्रयोग गर्नुभएको छ त्यो राजनिघण्टुको सुनिषण्णक नामक वनस्पतिका पर्यायवाची शब्दसँग मेल खान्छ, कामवृद्धिका पर्यायवाची शब्दसँग मेल खाँदैन । कामज भनी बताइएको वनस्पति सुनिषण्णक हो वा कामवृद्धि हो यसबाट द्विविधा उत्पन्न भएको देखिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

स्यात् कामवृद्धिः स्मरवृद्धिसञ्ज्ञो मनोजवृद्धिर्मदनायुधश्च ।
कन्दर्पजीवश्च जितेन्द्रियाह्वः कामोपजीवोऽपि च जीवसञ्ज्ञः ॥
कामवृद्धेस्तु बीजं स्यान्मधुरं बलवर्धनम् । कामवृद्धिकरं रुच्यं बहुलेन्द्रियवृद्धिदम् ॥

कामवृद्धि, स्मरवृद्धि, मनोजवृद्धि, मदनायुध, कन्दर्पजीव, जितेन्द्रियाह्व, कामोपजीव र जीव : यी कामवृद्धिका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको बीजले कामाशक्ति बढाउँदछ, मिठो हुन्छ र बल बढाउँदछ । यसले मैथुनको इछाशक्ति वृद्धि गर्दछ, रुचि जगाउँदछ र (पुरुषका) इन्द्रिय (अङ्ग) हरु समेत बढाउँदछ ।

कायचिकित्सा (शरीरको उपचार)
(Treatment of bodily diseases)

(क) अष्टाङ्ग हृदय (व्याख्या) :

काय भन्नाले सम्पूर्ण शरीरलाई जनाउँदछ । यसको चिकित्सा नै कायचिकित्सा हो । विभिन्न किसिमका रस शरीरभरी फैलिएका हुन्छन् । यस्ता रसमा दोष पैदा भएपछि मानिसलाई जरो आउने, रक्तपित्त हुने आदि जस्ता विकार पैदा हुने गर्दछ । "कायति शब्दं करोतीति कायो जाठराग्निः ॥" अर्थात् काय शब्दले जठराग्निलाई बुझाउँदछ । जठराग्निको जहाँ उपचार बताइएको छ त्यही नै "कायचिकित्सा" हो । जस्तो कि-जाठर प्राणिनामग्निः काय इत्यभिधीयते ॥ जाठरो भगवानग्निः ईश्वरोऽन्नस्य पाचकः ॥ गीतामा भगवान्ले भन्नु भएको छ- अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः । प्राणापानसमायुक्तो पचाम्यन्नं चतुर्विधम् ॥ अग्निको उपचार जुन अध्यायमा छ त्यो कायचिकित्सा हो । चरकसंहितामा लेखिएको छ-

शान्तेऽग्नौ म्रियते, युक्ते चिरंजीवत्यनामयः । रोगी स्याद् विकृते मूलमग्निस्तस्मान्निरुच्यते ॥

(ख) सुश्रुत संहिता :

कायचिकित्सा नाम सर्वाङ्गसंश्रितानां व्याधीनां ज्वररक्तपित्तशोषोन्मादापस्मारकुष्ठमेहातिसारादीनामुपशमनार्थम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

जरो, रक्तपित्त, क्षयरोग, पागलपन, छारेरोग, कुष्ठरोग, प्रमेह (पिसाबबाट वीर्य लगायतका अन्य धातु बहने रोग), आउँको रोग आदि शरीरभरी फैलिएका रोगहरुको उपचार कसरी गरिन्छ भन्ने ज्ञान जुन अङ्गमा छ त्यो (आयुर्वेदको) अङ्गलाई "कायचिकित्सा" भनिन्छ ।

कारवेल्ल (करेलो)
(Bitter gourd)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कारवेल्ल, कठिल्लक आदि भनेको करेलो हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) करेलो : वर्षायाममा तीनचोसे पात हुने लहरामा फल्ने, चोसैचोसा निस्कने र तीतो स्वादको हुने, तरकारी वा अचार बनाएर खाइने लाम्चो फल; तीते करेलो । (२) तिते करेला : घिरौँलाका जस्ता पात हुने, लहरामा लाम्चा फल फल्ने, बाहिरी सतह एकैनास नभएका, भित्र राता बियाँ हुने र तीतो स्वाद हुने, करेलाको एक जात; तिते करेलो । (३) पानी करेलो : सिमसारमा पाइने एक जातको करेलो । (४) रानी करेला : साधारणभन्दा केही ठूलो लाम्चो खालको करेला । (५) बन करेलो : फर्सीका छाँटका पात, सेता ठूला फूल, नरम, काँडेदार, रातो, लाम्चो फल र ठूलो कन्द हुने एक जातको लहरो; सोही लहराको फल; भुसेकरेलो ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Carrilla Fruit वा Bitter Gourd भनिन्छ । यसको ल्याटिन नाम *Momordica charantia* Linn. हो ।

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Momordica chinensis* Spreng पनि हो । यसलाई अंग्रेजीमा Bitter squash, Balsam pear वा Wild cucumber पनि भनिन्छ ।

करेलो (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ङ) के.यन.स्वामी : (१) काण्डीर, काण्डकटुक, नासासंवेदन, पटु, उग्रकाण्ड, तोयवल्ली र सुकाण्डिका : करेलाको लहरो । (२) कारवल्ली : करेलो ।

(च) फर्माकोपिया : यसको संस्कृत नाम कारवेल्ल, कठिल्ल, वारिवल्ली र कारवल्ली हो । यो Cucurbitaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Momordica charantia* Linn. हो । अंग्रेजीमा यसलाई Bitter gourd भनिन्छ । यसका ताजा फलको जुस १०-१५ मिलिग्रामको ओखतीका लागि एक मात्रा हुन्छ ।

(छ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : तितेकरेला Cucurbitaceae परिवारमा पर्दछ । यसको वास्पतिक नाम *Momordica charantia* L. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कारवेल्लक आख्यातः कारवेल्लश्च कारवी । तुङ्गी कर्पूरगन्धा च तिक्ता प्रतिमयूरकः ॥

कारवेल्लक, कारवेल्ल, कारवी, तुङ्गी, कर्पूरगन्धा, तिक्ता र प्रतिमयूरक : यी ठूलो करेलोका पर्यायवाची नाम हुन् ।

प्रोक्ता तु कारवल्ली करीरकाण्डा पटुश्च शङ्खजना ।
सितकाण्डा कृशवल्ली कीललता कर्कशं चेति ॥

करेलाको बोट (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

कारवल्ली, करीरकाण्डा, पटु, शङ्खजना, सितकाण्डा, कृशवल्ली, कीललता र कर्कशा : यी सानो करेलोका पर्यायवाची नाम हुन् ।

वन्या तु कारवल्ली कुलिका कुलका तथा रुद्रा । बहुबीजनी कृमिघ्नी वृत्तफला चेति निर्दिष्टा ॥

कारवल्ली, कुलिका, कुलका, रुद्रा, बहुबीजनी, कृमिघ्नी र वृत्तफला : यी वनकरेलोका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

उग्रकाण्डस्तोयवल्ली कारवल्ली सुकाण्डिका ।

उग्रकाण्ड, तोयवल्ली, कारवल्ली र सुकाण्डिका : यी करेलोका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

...कारवेल्लः कठिल्लकः । सुषवी ...।

कारवेल्ल, कठिल्लक र सुषवी (सुशवी, सुसवी) : यी करेलोका पर्यायवाची नाम हुन् ।

(घ) अर्कप्रकाश :

द्विः कारवेल्लं...।

करेलो दुई किसिमको हुन्छ ।

(ङ) **अष्टाङ्ग निघण्टु :**

उग्रकाण्डः कारवल्ली तोयवल्ली सुकाण्डका ।

उग्रकाण्ड, कारवल्ली, तोयवल्ली र सुकाण्डका : यी करेलोका पर्यायवाची नाम हुन् ।

(च) **आयुर्वेद महोदधि :**

बल्या वृष्या च कण्ठ्या कफपवनहरा स्यात्त्रिदोषेषु शस्ता
लघ्वी मुत्राभिघातप्रशमनवमने स्यात्तथा कृच्छ्रहन्त्री ।
पित्तोद्रेके च रक्ते विषमविषहरी दीपनी शाकश्रेष्ठा
पत्राणां राजवल्लीफलमतुलमलानां प्रवृत्तिं करोति॥
(राजवल्ली=कारवेल्लक :- आयुर्वेद महाकोष)

करेलो बलवीर्यवर्धक, घाँटीका लागि लाभदायक, कफविकार र वातविकार नाशक तथा त्रिदोषमा उत्तम मानिन्छ । यो पचाउन हलुका, मूत्राघात र वाकवाकी नाशक तथा कृच्छ्र नाशक हुन्छ । यो पित्त बढेको अवस्थामा र रक्तपित्त रोगमा लाभदायक हुन्छ । यसले कडा विषको असर पनि हरण गर्दछ । दीपन हुन्छ । यो सागवर्गमा श्रेष्ठ हुन्छ । यसको फलले दिसा पनि नियमित तरिकाले खुलाउँदछ ।

... कारवेल्लकम् । कुष्ठमेहज्वरश्वासकासमेदःकफापहम्॥

करेलो (कारवेल्ल) ले कुष्ठ, प्रमेह, जरो, खोकी, बोसो र कफ नाश गर्दछ ।

(छ) **कैयदेव निघण्टु :**

काण्डीरं काण्डकटुकं सुकाण्डं कारवेल्लकम् । उग्रकाण्डं कठिल्लः स्यान् नासासंवेदनः पटुः ॥
कारवेल्लदलं पथ्यं कृमिहृत् पित्तलं परम् । कारवेल्लं सकटुकं कटुपाकमवातलम्॥
दीपनं भेदनं तिक्तमवृष्यमहिमं लघु । हन्त्यरोचकपित्तास्रकफं पाण्डुव्रणकृमीन्॥
श्वासकासप्रमेहास्रकोठकुष्ठज्वरानपि ।

काण्डीर, काण्डकटुक, सुकाण्ड, कारवेल्लक, उग्रकाण्ड, कठिल्ल, नासासंवेदन र पटु : यी करेलाका पर्यायवाची नाम हुन् । यसको पात पथ्य, कीरा नाश गर्ने तथा अत्यन्त पित्तविकार गर्ने गुणको हुन्छ । करेलो केही पिरो, पचेपछि पनि पिरो, वातविकार नगर्ने, दीपनी, भेदनी, तितो, वीर्य नबढाउने, उष्णवीर्यको, पचाउन सहज तथा अरुची, पित्तविकार, रक्तविकार, कफविकार, पाण्डु, खटिरा, कीरा, दम, खोकी, प्रमेह, शरीर भित्रका अङ्गमा रगत बहने रोग, कुष्ठ र जरो समेत नाश गर्ने गुणको हुन्छ ।

क्षुद्राक्षं कारवेल्लं तु लघूष्णं कृमिवातजित्॥ दीपनं स्वादु पथ्यं च सर्वश्रेष्ठं च तद् विदुः ।

सानो जातको करेलो पचाउन सहज, उष्णवीर्यको, कीरा र वातविकारलाई जित्ने, दीपनी, स्वादिलो, पथ्य र सर्वश्रेष्ठ गुणको हुन्छ ।

कारवेल्लीफलं वन्यं ज्वरार्शःकृमिनाशनम्॥ कासघ्नं दीपनं हृद्यं सतिक्तं कफवातजित्।
तद्गुणाकारवल्ली स्यात् विशेषाद् दीपनी लघुः॥

वन करेलो जरो, हर्सा, कीरा र खोकी नाश गर्ने; दीपनी, मुटुका लागि हितकर, केही तितो, कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ वनकरेलोमा पनि करेलाका जस्तै गुण हुन्छन् विशेषगरी यो दीपनी र पचाउन सहज हुन्छ ।

पलाशिका बृहद्वल्ली तोयवल्यफलापि च । कारवेली कारवल्ली सुषवी सुकुमारिका॥
कारवेल्लं तु जलजं कृमिपित्तकफे हितम् ।

पलाशिका, कृहद्वल्ली, तोयवल्ली, कारवेली, कारवल्ली, सुषवी र सुकुमारिका : यी पानीकरेलोका पर्यायवाची नाम हुन् । यो कीरा, पित्तविकार र कफविकार नाश गर्न हितकारी हुन्छ ।

(ज) **द्रव्यगुणसङ्ग्रह :**

कारवेल्लः ...
रोचनः कफपित्तनुत् ।

करेलो रुचिप्रद तथा कफविकार पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

करेलो (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(झ) **धन्वन्तरि निघण्टु :**

काण्डीरः काण्डकटुको नासासंवेदनः पटुः । उग्रकाण्डस्तोयवल्ली कारवल्ली सुकाण्डकः॥
काण्डीरः कटुतिक्तोष्णः सरो दुष्टव्रणार्तिजित् । लूतागुल्मोदरप्लीहशूलमन्दाग्निनाशनः॥

काण्डीर, काण्डकटुक, नासासंवेदन, पटु, उग्रकाण्ड, तोयवल्ली, कारवल्ली र सुकाण्डक : यी करेलोका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, उष्णवीर्यको, मलमूत्रलाई तलतिर सार्ने, खराब खटिरालाई जित्ने तथा माकुराको विषविकार, गुल्म, पेटका रोग, फियोका रोग, शूल र कमजोर पाचन शक्तिको समस्या नाशगर्ने गुणको हुन्छ ।

(ञ) निघण्टुशेष :

कारवेल्ले तु सुषवी कटिल्लो मृदुपर्णकः ।
(कारेण वेल्लति कारवेल्लः । सुष्ठु सूयते सुषवी ।
कटिं लाति कटिल्लः, कटति-आवृणोति वा । मृदूनि पर्णान्यस्य मृदुपर्णः ।) ।

कारवेल्ल, सुषवी, कटिल्ल र मृदुपर्णक : यी करेलोका पर्यायवाची नाम हुन् ।

(ट) पर्याय रत्नमाला :

तोयपर्णी राजवल्ली सुषवी कारवेल्लकः ।

तोयपर्णी, राजवल्ली, सुषवी र कारवेल्लक : यी करेलोका पर्यायवाची नाम हुन् ।

(ठ) भावप्रकाश निघण्टु :

कारवेल्लं कठिल्लं स्यात्कारवेल्ली ततो लघुः ॥ कारवेल्लं हिमं भेदि लघु तिक्तमवातलम् ।
ज्वरपित्तकफास्रघ्नं पाण्डुमेहकृमीन् हरेत् ॥ तद्गुणा कारवेल्ली स्याद्विशेषाद्दीपनी लघुः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कारवेल्ल र कठिल्ल : यी करेलाका संस्कृत पर्यायवाची नामहरू हुन् । सानो जातको करेलोलाई कारवेल्ली भनिन्छ । करेलोले शीतल गर्दछ, दिसालाई खुकुलो पार्दछ, पचाउन हलुका हुन्छ, तीतो हुन्छ र वातविकार पनि गर्दैन । यसले जरो, पित्तविकार, कफविकार, रक्तविकार, पाण्डु, प्रमेह र कीरा नाश गर्दछ । सानो खालको करेलामा पनि यिनै गुण हुन्छन् तापनि विशेषतः यसले पाचकाग्नि बाल्दछ र यो पचाउन बढी हलुका हुन्छ ।

बोटमै पाकेको करेलो (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ड) मदनपाल निघण्टु :

कारवेल्लं कटिल्लं स्यादुग्रकाण्डं सुकाण्डकम् । कारवल्ली वारिवल्ली बृहद्वल्यपरा स्मृता ॥
कारवेल्लं हिमं भेदि लघुतिक्तमवातलम् । पित्तास्रकामलापाण्डुकफमेहक्रिमीञ्जयेत् ॥

कारवेल्ल, कांटेल्ल, उग्रकाण्ड, सुकाण्डक, कारवल्ली, वारिवल्ली र बृहद्वल्ली : यी करेलोका संस्कृत पर्यायवाची नामहरू हुन् । करेलो शीतवीर्यको, भेदनी, पचाउन सहज, तीतो र वातविकार नगर्ने गुणको हुन्छ । यसले रक्तपित्त, कमलपित्त, पाण्डु, कफविकार, प्रमेह र कीरा माथि जित हासिल गर्दछ ।

(ढ) **मदनादि निघण्टु :**

सुषवी कारवल्ली च तोयवल्यफलापि च । बृहद्वल्ली राजवल्ली सुकुमारी पलात्मिका ॥
कृमिपित्तहरा तिक्ता भेदिनी कफनाशिनी । पाण्डुकुष्ठविकारघ्नी कारवल्ली ज्वरापहा ॥

सुषवी, कारवल्ली, तोयवल्यफला, बृहद्वल्ली, राजवल्ली, सुकुमारी र पलात्मिका : यी करेलोका पर्यायवाची नाम हुन् । यो कीरा र पित्तविकार नाश गर्ने, तितो, भेदनी तथा कफविकार, पाण्डु, कुष्ठ र जरो नाश गर्ने गुणको हुन्छ ।

(ण) **माधवद्रव्यगुणः**

रोचनं कफपित्तघ्नमवृष्यं कारवेल्लकम् ।

करेलो रुचिप्रद, कफविकार र पित्तविकार नाश गर्ने तथा वीर्य नबढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(त) **राज निघण्टु :**

काण्डीरः काण्डकटुको नासासंवेदनः पटुः । उग्रकाण्डस्तोयवल्ली कारवल्ली सुकाण्डकः ॥
काण्डीरः कटुतिक्तोष्णः सरो दुष्टव्रणार्तिनुत् । लूतागुल्मोदरप्लीह शूलमन्दाग्निनाशनः ॥

काण्डीर, काण्डकटुका, नासासंवेदन, पटु, उग्रकाण्ड, तोयवल्ली, कारवल्ली र सुकाण्डक : यी करेलाका संस्कृत पर्यायवाची नामहरू हुन् । करेलो पिरो, तीतो र उष्णवीर्यको हुन्छ । यसले मलमूत्रलाई तलतिर सार्दछ तथा पुराना घाउखटिराको पीडा कम गर्दछ । करेलोले लुतो, गुल्म, पेटका रोग, फियोका रोग, शूल र कमजोर पाचनशक्तिसम्बन्धी रोग नाश गर्दछ ।

करका कारवल्ली च चीरिपत्रा करिल्लका । सूक्ष्मवल्ली कण्टफला पीतपुष्पाऽम्बुवल्लिका ॥
कारवल्ली सुतिक्तोष्णा दीपनी कफवातजित् । अरोचकहरा चैव रक्तदोषहरी च सा ॥

करका, कारवल्ली, चीरिपत्रा, करिल्लका, सूक्ष्मवल्ली, कण्टफला, पीतपुष्पा र अम्बुवल्लिका : यी करेलोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो अति तीतो, उष्णवीर्यको, दीपनी तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यसले अरुची र रक्तविकार नाश गर्दछ ।

(थ) **राजवल्लभ निघण्टु :**

कारवेल्लमवृष्यं च रोचनं कफपित्तजित्॥

करेलो वीर्य नबढाउने, रुचिप्रद तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

(द) शालिग्राम निघण्टु :

कारवेल्ली वारिवल्ली बृहद्वल्ल्याअपरास्मृता ।

कारवेल्ली र वारिवल्ली र बृहद्वल्ली : यी करेलाका नाम (जात ?) हुन् ।

कारवेल्लं चातितिक्तमग्निदीप्तिकरं लघु । उष्ण शीतं भेदकं च स्वादु पच्यं समीरितम्॥
अरुचिं च कफं वातं रक्तदोषं ज्वरं कृमीन् ।
पित्तं पाण्डुञ्च कुष्ठञ्च नाशयेदितिकीर्त्तितम्॥ (निघण्टु रत्नाकर)

सानो जातको करेलो अति तितो, अग्निलाई बाल्ने (पाचनशक्ति बढाउने), पचाउन सहज, उष्णवीर्यको (गर्मी गर्ने), शीतल (चिसो), दिसा खुकुल्याउने, स्वादिलो, पचाउन मद्दत गर्ने, वातविकार गर्ने (?) तथा अरुचि, कफविकार, वातविकार, रक्तपिकार, जरो, कीरा, पित्तविकार, पाण्डु र कुष्ठ नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

बृहदुक्तकारवेल्लं कटु तिक्तं च दीपकम् । अवृष्यं भेदकं स्वादु रुच्यं क्षारं लघु स्मृतम्॥
अवातलं पित्तहरं रक्तरुक्पाण्डुरोगहृत् । अरोचकं कफं श्वासं व्रणं कासं कृमींस्तथा॥
कोष्ठं कुष्ठं ज्वरं चैव प्रमेहाध्मान नाशनम् ।
कामलां नाशयत्येव गुणास्त्वन्ये तु पूर्ववत्॥ (निघण्टु रत्नाकर)

ठूलो जातको करेलो पिरो, तितो, दीपनी, वीर्य नबढाउने, भेदनी, स्वादिलो, रुचिप्रद, क्षारयुक्त, पचाउन सहज, वातविकार नगर्ने तथा पित्तविकार, रक्तविकार, पाण्डु, अरुचि, कफविकार, दम, खटिरा, खोकी, कीरा, कोष्ठका रोग, कुष्ठ, जरो, प्रमेह, आध्मान र कमलपित्त रोग नाश गर्ने गुणको हुन्छ । अन्य गुण सानो करेलाका जस्तै हुन्छन् ।

जलं कारवेल्लं स्यात्तिक्तं भेदकरं मतम् ।
कफं कुष्ठं पाण्डुरोगं कृमीन्पित्तञ्च नाशयेत्॥ (निघण्टु रत्नाकर)

पानीमा उम्रने करेलो तितो, भेदनी तथा कफविकार, कुष्ठ, पाण्डु, कीरा र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

वनजं कारवेल्लन्तु दीपनं तिक्तकं मतम् ।
हृद्यं ज्वरार्षःकासघ्नं कफवातकृमीहरम्॥ (निघण्टु रत्नाकर)

वनकरेलो दीपनो, तितो, मुटुका लागि हितकर तथा जरो, हसो, खोको, कफविकार, वातविकार र किरा नाश गर्ने गुणको हुन्छ ।

(ध) **सरस्वती निघण्टु :**

कारवल्या कारवल्ली सुषवी कारवल्लिका । दौर्बल्यकः पवारुश्च बृहद्वल्ली कठिल्लकः ॥

कारवल्ली, सुषवी, कारवल्लिका, दौर्बल्यक, पवारु, बृहद्वल्ली र कठिल्लक : यी करेलोका पर्यायवाची नाम हुन् ।

(न) **सोढल निघण्टु :**

गण्डीरे काण्डकटुको नासासंवेदनः कटुः । उग्रकाण्डस्तोयवल्ली कारवल्ली सुकाण्डकः ॥

गण्डीर, काण्डकटुक, नासासंवेदन, कटु, उग्रकाण्ड, तोयवल्ली, कारवल्ली र सुकाण्डक : यी करेलोका पर्यायवाची नाम हुन् ।

(प) **हारीत संहिता :**

कारवेल्लश्च वातघ्नः कफघ्नः पित्तकारकः । उष्णो रुचिकरः प्रोक्तो रक्तदोषकरो नृणाम् ॥

करेलाले वात र कफ नाश गर्दछ, पित्त बढाउँदछ, गर्मी गर्दछ, रुचि बढाउँदछ र मानिसलाई रक्तदोष गर्दछ भनिएको छ ।

(फ) **हृदयदीपक निघण्टु :**

... सुषवी कारवेल्लिका ।

सुषवी र कारवेल्लिका : यी करेलोका पर्यायवाची नाम हुन् ।

कारी (वनस्पतिविशेष)
(Kaaree)

परिभाषा :

(क) के.यन.स्वामी : (१) कारी : जुक्रेत । (२) गिरिजा : मुडिलो । लहरे बेली । वनकेरा । (३) कटुपत्र : कैरुवा ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : यो विरुवाको पहिचान हुन सकेको छैन । यसलाई कसैले *Clerodendrum infortunatum* Linn. र कसैले *Canthium parviflorum* Lam. वा *C. umbellatum* Wight वानस्पतिक नामको विरुवा हो भनेका छन् ।

(ग) हिन्दी विश्वकोश : (१) कटुपत्रिका : कण्टकारी । लघु चुञ्चक्षुप, बिछुवा । (२) कारिका : कण्टकारी । (३) कारी : स्वनामख्यात क्षुपविशेष । यो कण्टकारी र आकर्षकारी गरी दुई थरी हुन्छ । (४) कार्या : कारीवृक्ष । (५) गिरिजा : बिमिरो । त्रायमाण लता । चमेली । पर्वते केरा ।

प्राचीनग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

कारी तु कारिका कार्या गिरिजा कटुपत्रिका । तत्रैका कण्टकारी स्यादन्या त्वाकर्षकारिका ॥
कारी कषायमधुरा द्विविधा पित्तनाशिनी । दीपनी ग्राहिणी रुच्या कण्ठशोधकरी गुरुः ॥

कारी, कारिका, कार्या, गिरिजा र कटुपत्रिका : यी कारी नामक विरुवाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको कण्टकारी र आकर्षकारिका गरी दुई जात हुन्छ । स्वाद अनुसार पनि टर्रो र गुलियो गरी दुई जात हुन्छ । कारीले पित्तविकार नाश गर्दछ । यो दीपनी, ग्राही, रुचिप्रद, घाँटी सफा गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

कांतेक (मांहेनाको नाम)
(Kaartika)

(क) अमरकोश :

...स्यात्तु कार्तिके । बाहुलोर्जौ कार्तिकिको...।

कार्तिक, बाहुल, ऊर्ज र कार्तिकिक : यी कार्तिकका पर्यायवाची नाम हुन् । (कृत्तिका नक्षत्रले युक्त भएकी पूर्णिमालाई कार्तिकी भनिन्छ । कार्तिकीले युक्त भएको महिनालाई कार्तिक भनिन्छ) ।

(ख) ज्यौतिष शब्दकोष :

आश्विनानुजः, आश्विनावरजः, ऊर्जः, कार्तिकः, कार्तिकिकः, कौमुदः, बाहुलः, मार्गशीर्षपूर्वजः, शैलः, सैरः, सैरी र सैरीन् : यी कार्तिकका पर्यायवाची नाम हुन् ।

(ग) पर्याय रत्नमाला :

ऊर्जश्चैव तु कार्तिकः ।

ऊर्ज र कार्तिक : यी कात्तिकका पर्यायवाची नाम हुन् ।

सापकोटा

(घ) राज निघण्टु :

कार्तिको बाहुलोऽपि स्यादूर्जः कार्तिकिकश्च सः ॥

कार्तिक, बाहुल, ऊर्ज र कार्तिकिक : यी कात्तिकका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कार्पासी (कपास)
(Cotton Plant)

परिभाषा :

(क) कुलचन्द्‌ शर्मा : कपासले बनेको लुगालाई कार्पास, फाल वा वादर भनिन्छ । यसैगरी तुण्डिकेरी, समुद्रान्ता आदि भनेको कपास हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) उइँटनु : यन्त्रमा कपास हालेर बियाँ छुट्ट्याउनु; कपास केलाउनु; ओट्नु । (२) उइँटो : कपासका बियाँ वा गेडा अलग्याउने यन्त्र वा साधन । (३) हिउँदे नगदे बालीका रूपमा पाखो जमिनमा लगाइने, बोट प्रायः डेढ-दुई हात अग्लो, पाँच पाँचचुचे, फूल आरम्भमा सेता अथवा पहेँलो र अन्त्यमा हल्का रातो, फल भन्डै अफिमको दानु झैं हुने र फल फुटेपछि सिमलका जस्तै भुवा निस्कने तथा सो भुवाबाट कपडा आदिका लागि धागो कातिने एक प्रकारको वनस्पति; कबास । (४) कवास : कपास । (५) कालो कपास : कालोकालो भुवा हुने एक जातको कपास । (७) कोगिटा : खैरो रङको कपास फल्ने एक प्रकारको कपासको बोट । (८) ज्यापु : कपासको गेडाभित्र हुने बियाँ; कपासको बियाँ; कपासको बीज; फुटा । (९) तूल : कपासको बोट वा कपास; रुवा । (१०) तूलिका : कपास कातेर बनाइएको बत्ती । कपास खाँदेर बनाइएको तकिया वा गद्दा । (११) धुन्नु : कपास अइँटनु; रुवो फट्कनु । (१२) धुनियाँ : कपास फड्कने र सिरक, डस्ना आदि तयार पार्ने पेसा भएको व्यक्ति वा जाति; फ्याटफ्याटे । (१३) पल्ला : सिरक, डसना बनाउँदा कपास मोहोर्ने कपडा । (१४) पिउरी : बत्ती आदि कात्न बनाइएको फट्केका कपासको लामो लुर्को; प्यूरी ।



भारद्वाजी (तस्विर श्रोत : पेयर डी अमरकोश)

कार्पासी (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(१५) फाहा : शोभाका निम्ति अत्तरका सिन्कामा फूलका आकृतिमा बेरिने, विभिन्न रङको कपासको डल्लो । (१६) फूल कपास : पाँच-छ महिनामा पाक्ने वा फुल्ने कपास; फुट्टा कपास । (१७) बन कपास : पाँचकुने पात हुने, पहेँला फूल फुल्ने, सेतो भुवादार फल फल्ने रूख वा त्यसै रूखको कपास । (१८) भुवा : कपास, सिमल आदिको नरम रुवा । (१९) महावला : कुनाकुना परेका खस्रा पात हुने, पहेँलो गुलाफी वा सेता फूल फुल्ने माल्भेसी समूहको कपासको बोट । (२०) रुई : रुवो;

कपास । (२१) वङ्ग : कपासको ढिडी; रुवो । (२२) सरोजिनी : कपासको बोट । (२३) सारिणी : कपास । (२४) सुती : कपासबाट बनाइएका धागाले बुनिएको; सुतको; सूती ।

(ग) डा.चुनेकर : यसलाई अंग्रेजीमा Cotton Plant तथा ल्याटिन भाषामा *Gossypium herbaceum* Linn. भनिन्छ । ल्याटिन भाषामा बगैंचातिर लगाइने कपासलाई *Gossypium arboreum* Linn. तथा बनकपासलाई *Thespesia lampas* Dalz & Gibs भनिन्छ ।

कार्पासी (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Gossypium album* Buch.-Ham. पनि हो ।

(ङ) के.यन.स्वामी : कालाञ्जनी, कृष्णाञ्जनी, असिताञ्जनी, काली आदि भनेको कालो कपास हो ।

(च) फर्माकोपिया : यसको संस्कृत नाम कार्पास वा तुण्डिकेशी हो । यो Malvaceae परिवारमा पर्दछ यसको वानस्पतिक नाम *Gossypium herbaceum* Linn. हो । यसको गेडाको धुलो ओखतीका लागि ३-६ ग्रामको एक मात्रा हुन्छ ।

(छ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : कपास Angiosperm समूह अन्तर्गत Malvaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Gossypium herbaceum* L. हो ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कार्पासः शणपुष्पी महाशणो नग्नजित् पिचुर्वमनी ।
तुण्डी च तुण्डिकेरी शणकण्टक उच्यते पटीहेतुः॥

कार्पास, शणपुष्पी, महाशण, नग्नजित्, पिचुर्वमनी, तुण्डी, तुण्डिकेरी, शणकण्टक र पटीहेतु : यी कपासका पर्यायवाची नाम हुन् ।

भारद्वाजी (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ख) अभिधान रत्नमाला :

वारुण्याच्छादनफला वाटचा कार्पाससञ्ज्ञिका ।
मत्स्याक्षी काण्डपुषातु च पत्तूरः प्रिय इत्यपि॥

वारुणी, आच्छादनफला, वाटचा, कार्पाससञ्ज्ञिका, मत्स्याक्षी, काण्डपुषा, पत्तूर र प्रिय : यी कपासका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

तुण्डिकेरी समुद्रान्ता कार्पासी बदरेति च । भारद्वाजी तु सा वन्या...।

भारद्वाजी (तस्विर श्रोत : पेयर डी अमरकोश)

तुण्डिकेरी, समुद्रान्ता, कार्पासी (कर्पासि) र बदरा : यी कपासका तथा भारद्वाजी : यो वनकपासको पर्यायवाची नाम हो ।

(घ) अर्कप्रकाश :

कार्पासार्कः शिरः शङ्खकर्णरोगान्विनाशयेत् ।

कपासको अर्कले टाउको, कञ्चट र कानका रोग निको पार्दछ ।

(ङ) अष्टाङ्ग निघण्टु :

रामान्याच्छादनफला वाट्या कार्पाससञ्ज्ञका ।

रामान्या, छादनफला, वाट्या र कार्पाससञ्ज्ञका : यी कपासका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(च) कैयदेव निघण्टु :

कार्पास्याच्छादनफला ग्राह्या नग्नावमन्यपि । पटदाख्या बन्धफला भद्रा कार्पासिकापि च॥
कर्पासः पटदस्तूलं पिचव्यो बादरः पिचुः । कार्पासिका किञ्चिदुष्णा कषाया मधुरा लघुः॥
तत्पलाशं समीरघ्नं रक्तहृन् मूत्रवर्धनम् । तत्कर्णपिडकानादपूयास्रावविनाशनम्॥
तद्बीजं श्लेष्मलं वृष्यं स्निग्धं स्तन्यविबर्धनम् ।



कार्पासी (तस्विर श्रोत : पेअर डी अमरकोश)

कार्पास्या, आच्छादनफला, ग्राह्या, नग्ना, वमनी, पटदाख्या, बन्धफला, भद्रा, कार्पासिका, कर्पास, (पटद, तूल, पिचव्य, बादर र पिचु) : यी कपासका पर्यायवाची नाम हुन् । यो केही उष्णवीर्यको, टर्रो, गुलियो र पचाउन सहज हुने गुणको हुन्छ । कपासको पात वातविकार नाश गर्ने, रक्तविकार नाश गर्ने र पिसाब बढाउने गुणको हुन्छ । यसले कानमा आउने खटिरा, कान बज्ने रोग र कानबाट पीप बग्ने रोग नाश गर्दछ । कपासका बीज कफविकार गर्ने, वीर्यवर्धक, चिल्लो र सुत्केरीको

दूध बढाउने गुणको हुन्छ ।

(छ) पर्याय रत्नमाला :

त्रिपर्णी वनकार्पासी भारद्वाजी वनोद्भवा । कार्पासः पटदोऽम्बरः ।

त्रिपर्णी, वनकार्पासी, भारद्वाजी र वनोद्भवा : यी वनकपासका पर्यायवाची नाम हुन् । कार्पास, पटद र अम्बर : यी कपासका पर्यायवाची नाम हुन् ।

(ज) भावप्रकाश निघण्टु :

कार्पासी तुण्डकेशी च समुद्रान्ता च कथ्यते॥
कार्पासकी लघु कोष्णा मधुरा वातनाशिनी । तत्पलाशं समीरघ्नं रक्तकृन्मूत्रवर्द्धनम्॥
तत्कर्णपिडकानादपूयास्रावविनाशनम् । तद्बीजं स्तन्यदं वृष्यं स्निग्धं कफकरं गुरु॥

कपास (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

कार्पासी, तुण्डकेशी र समुद्रान्ता : यी कपासका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन हलुका, केही गर्मी गर्ने, मिठो र वातविकार नाशक हुन्छ । यसको पात वातविकार नाशक तथा रगत एवं मूत्र बढाउने गुणको हुन्छ । यसले कानका खटिरा, कान बज्ने समस्या र कानबाट पीप बहने रोग ठिक गर्दछ । कपासका गेडाले दूध र वीर्य बढाउँदछ । यो चिल्लो हुन्छ तथा कफ बढाउँदछ अनि पचाउन कठिन हुन्छ ।

पलालतृणकार्पासबीजजं रोगिणे हितम् ।

पराल, घाँस र कपासका गेडा खाने गाईको दूध रोगी मानिसका लागि हितकर हुन्छ ।

(झ) मदनपाल निघण्टु :

कार्पासः पटशूलश्छादवनी वादरः पिचुः ।
कार्पासको लघुः कोष्णो मधुरो वातनाशनः॥ तद्बीजं स्तन्यदं वृष्यं स्निग्धं कफकरं गुरु॥

कार्पास, पटशूल, छादवनी, वादर र पिचु : यी कपासका संस्कृत पर्यायवाची नामहरू हुन् । कपास

पचाउन सहज, गर्मी गर्ने, मिठो र वातविकार नाशक हुन्छ । यसका गेडा दूधवर्धक, वीर्यवर्धक, चिल्लो, कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

(ञ) **राज निघण्टु :**

कालाञ्जनी चाञ्जनी च रेचनी चासिताञ्जनी । नीलाञ्जनी च कृष्णाभा काली कृष्णाञ्जनी च सा ॥
कालाञ्जनी कटूष्णा स्यादम्लामक्रिमिशोधनी । अपानावर्तशमनी जठरामयहारिणी ॥

कालाञ्जनी, अञ्जनी, रेचनी, असिताञ्जनी, नीलाञ्जनी, कृष्णाभा, काली र कृष्णाञ्जनी : यी कालो कपासका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, उष्णवीर्यको, अमिलो र कीरा नाशक हुन्छ । यसले हावा भरिएर पेट कराउने रोग र पेटका रोग नाश गर्दछ ।

कार्पासी सारिणी चैव चव्या स्थूला पिचुस्तथा ।
बदरी बादरश्चैव गुणसूस्तुण्डिकेरिका ॥ मरूद्भवा समुद्रान्ता ज्ञेया एकादशाभिधा ॥
कार्पासी मधुरा शीता स्तन्या पित्तकफापहा । तृष्णादाहश्रमभ्रान्ति मूर्छाहृद्बलकारिणी ॥

कार्पासी (तस्बिर श्रोत : प्रेअर डी अमरकोश)

(१) कार्पासी, (२) सारिणी, (३) चव्या, (४) स्थूला, (५) पिचु, (६) बदरी, (७) बादर, (८) गुणसू, (९) तुण्डिकेरिका, (१०) मरूद्भवा र (११) समुद्रान्ता : यी एघार नाम कपासका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, शीतवीर्यको, दूध बढाउने तथा पित्तविकार र कफविकार नाशक हुन्छ । यसले तिर्खा, डाह, थकाई, भ्रम र बेहोसी नाश गर्नुका साथै बलदायक पनि हुन्छ ।

वनजाऽरण्यकार्पासी भारद्वाजी वनोद्भवा । भारद्वाजी हिमा रुच्या व्रणशस्त्रक्षतापहा ॥

वनजा, अरण्यकार्पासी, भारद्वाजी र वनोद्भवा : यी वनकपासका संस्कृत पर्यायवाची नामहरू हुन् । वनकपास शीतवीर्यको, रुचिकर तथा घाउखटिरा र हतियानले लाग्ने चोटपटक ठिक गर्ने गुणको हुन्छ ।

(ट) **शालिग्राम निघण्टु :**

कार्पासी तुण्डिकेरी च समुद्रान्ता च कथ्यते । त्रिपर्णा वनकार्पासी भारद्वाजी यशस्विनी ।
कालाञ्जनी च कृष्णाभा कृष्णाञ्जनी शिलाञ्जनी ।

कार्पासी, तुण्डिकेरी र समुद्रान्ता : यी कपासका पर्यायवाची नाम हुन्। त्रिपर्णा, वनकार्पासी, भारद्वाजी र यशस्विनी : यी वनकपासका पर्यायवाची नाम हुन् । कालाञ्जनी, कृष्णाभा, कृष्णाञ्जनी र शिलाञ्जनी : यी कालो कपासका पर्यायवाची नाम हुन्।

कपास र कपासको तेल (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ठ) सरस्वती निघण्टु :

कर्पासो नग्नजित्तुण्डी तुण्डिकेरी पटं पटी । तूलाऽनन्ता समुद्रान्ता कार्पासी सूत्रपुष्पिका ॥

कर्पास, नग्नजित्, तुण्डी, तुण्डिकेरी, पट, पटी, तूला, अनन्ता, समुद्रान्ता, कार्पासी र सूत्रपुष्पिका : यी कपासका पर्यायवाची नाम हुन्।

(ड) सौश्रुत निघण्टु :

कार्पासी वेसनी वाटी तुण्डिकेरी च शब्दिता । आच्छादनफला चैव फली चापि प्रकीर्तिता ॥

कार्पासी, वेसनी, वाटी, तुण्डिकेरी, आच्छादनफला र फली : यी कपासका पर्यायवाची नाम हुन्।

कालकूट (विषविशेष)
(A highly poisonous tree)

परिभाषा :

(क) के.यन.स्वामी : (१) भारतको श्रृङ्गवेर, कोंकण र मलयाचल पर्वतमा हुने पीपलको रूखको जस्तो चोप हुने नौथरी कन्दविषमध्ये एक विष । (२) भनिन्छ कि पौराणिक कालमा देवासुर सङ्ग्राममा देवताहरूले पृथुमाली नामको दैत्यलाई मार्दा त्यस दैत्यको रगतबाट पीपल जस्तो एक वृक्ष उत्पन्न भयो । त्यस वृक्षको खोटोलाई कालकूट विष भनिन्छ । यो वृक्षको पात ताडको जस्तै लामो हुन्छ, फल अङ्गुरका जस्तै झुप्पाकार हुन्छन् ।

(ख) नेपाली बृहत् शब्दकोश (कालकूट) : समुद्रमन्थन गर्दा निस्केको र महादेवले निलेको साह्रै कडा विष; हलाहल ।

(घ) शार्ङ्गधर संहिताका टीकाकार पं.रामप्रसाद राजवैद्य : यो सेतो रङको हुन्छ र यसमा राता राता थोप्ला धेरै हुन्छन् । यो हिलोजस्तै नरम हुन्छ । भनिन्छ कि यो विष देवता र दानवका बीचमा युद्ध हुँदा मालि नाम गरिएको दैत्यको रगतबाट उत्पन्न भएको थियो । यसको रूख पीपलको जस्तै हुन्छ र यसको चोप आउँदछ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

संकलन : मोहन प्रसाद सापकोटा

देवासुररणे देवैर्हतस्य पृथुमालिनः ॥ दैत्यस्य रुधिराज्जातस्तरुरश्वत्थसन्निभः ।
निर्यासः कालकूटोऽस्य मुनिभिः परिकीर्त्तितः ॥ सोऽहिक्षेत्रे शृङ्गवेरे कोङ्कणे मलये भवेत् ।

देवता र दानवका बीचमा युद्ध हुँदा देवताले पृथुमालिन नाम गरेको एक दानवलाई मारे । त्यो दानवको रगतबाट एउटा पीपलजस्तै रूख उम्रियो । त्यो रूको चोपलाई मुनिजनले कालकूट विष भनी बताएका छन् । यो विष अहिक्षेत्र (नागपूर), श्रृङ्गवेर, कोंकणदेश र मलयाचलमा हुन्छ ।

(ख) सुश्रुत संहिता :

स्पर्शाज्ञानं कालकूटे वेपथुः स्तम्भ एव च ।

कालकूटले स्पर्शको ज्ञान नाश हुन्छ, शरीर काम्दछ र जकडिन्छ । (यस ग्रन्थमा कालकूटलाई कन्दविषमा गणना गरिएको छ) ।

(ग) हारीत संहिता :

...कालकूटो मधुप्रभः ...। : कालकूट मह जस्तो वर्णको हुन्छ ।

कालज्वर (जरोविशेष)
(Kalagar)

(क) **माधव निदान, परिशिष्ट :**

आनूपदेशेषु महीजवाष्पात् प्रायेण नृणां कृमिकारणाच्च ।
कालज्वरः कालसमः किलायं जायेत तल्लक्षणमुच्यतेऽग्रे ॥

प्रायः आनूपदेशमा पृथ्वीको बाफले तथा कीराले गर्दा काल(मृत्यु)समान कालज्सर उत्पन्न हुने गर्दछ । यसको लक्षण अगाडि बताइन्छ ।

जीवाणवस्त्वस्य गदस्य नूनं मज्जान्त्रयोमुष्कजकोशमध्ये ।
अध्यन्त्रभित्तस्थनधिफुफ्फुसं वै प्रायो यकृत्प्लीहगता वसन्ति ॥
प्लीहा यकृच्चैधत एव नूनमनारतं ते क्षुभिते विशेषात् ।
स्यातां च ते सौत्रिकतन्तुयुक्ते ज्वरामयेऽस्मिन्ननु कालसंज्ञे ॥

यो रोगका जीवाणु प्रायः मासी, आन्द्रा, अण्डकोश, आन्द्राको भित्ता, हाड, फोक्सो, कलेजो र फियोमा पाइने गर्दछ । यो रोगमा फियो र कलेजो बढ्दछ र यी दुई अङ्ग विकृत भई धागोले जेलिए जसरी नसाले जेलिन पुग्दछन् । यस्तो जरोलाई कालज्वर भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गदेऽस्मिञ्ज्वरः पूर्वमेवाविसर्गी प्रवर्त्तेत यावत्त्रिसप्ताहमद्धा ।
क्वचिद्रोगिमध्येऽधिकं वा ततो वै सदाऽऽरोहसत्ताऽवरो हैः स्थितः स्यात् ॥
विमुच्य कालं किल कश्चिदेवमावर्त्तते रोगिजनेषु भूयः ।
पूर्वोदितैर्लक्ष्मभिरन्वितः सन् प्रायेण कालज्वर आमयोऽयम् ॥
एवं द्विवारागमनेन नृणां रक्ताल्पतां प्रत्यहमाचरेच्च ।
स्वेदस्य बाहुल्यमथाङ्गमध्ये प्रायेण हस्ताङ्घ्रिणि च प्रपीडनम् ॥
ज्वरस्तु मन्दत्वमुपागतस्तदा-भवेत्स्थिरो रोगितनौ सुनिश्चितम् ।
विपाण्डुताऽपि ग्रहणी च कामला प्रजायते चोर्ध्वगरक्तपित्तम् ॥
तथा क्वचित्स्यादपि रोमकूपिकं कराङ्घ्रिवक्त्रेऽपि च शोथसम्भवः ।
ध्रुवं सद्यःफलदं चिकित्सितं विनाऽमयोऽयं बहुकष्टसाध्यः ॥

यो जरो हत्तपत्त निको हुँदैन, तीन हप्ता वा यसभन्दा पनि बढी समयसम्म थोरै कम हुने र फेरी बढ्ने गरिरहन्छ । तीन-चार हप्ता बितेपछि केही समयका लागि यो जरो ठिक हुन्छ । पुनः माथि बताइएका लक्षण लिएर आउँदछ । यसरी जरो फर्किएपछि रोगीमा हरेक दिन रगत कम हुँदै जान्छ, अति धेरै पसिना आउँदछ र हातगोडा पनि बढी दुख्न थाल्दछ । यसरी मन्दरूपको जरो रोगीका शरीरमा स्थिर भएर बस्दछ । अन्तमा यसले पाण्डुता, ग्रहणी, कमलपित्त, उर्ध्वग-रक्तपित्त, कहिलेकाहीँ रौंका प्वालबाट निस्कने रक्तपित्त समेत निकाली हात, गोडा र अनुहारमा सुजन गराउँदछ । तुरुन्त असर गर्ने खालको उपचार नगरिए यो निको पार्न नसकिने अवस्थामा पुग्दछ । (यो रोगको अति उत्तम

ओषधी भनेको गाजल (Antimony) हो ।

अरोचकच्छर्दियुतं मनुष्यं क्षीणेन्द्रियं क्षीणबलं तथैव ।
क्षीणामिषं फुफ्फुसदाहयुक्तं समन्वितं यक्ष्मजलक्ष्मजातैः॥
प्रवाहिकापीडितमप्यतीसाराक्रान्तमेवंविधमेव वैद्यः ।
कालज्वरेणार्दितमन्तकस्याध्वगं विदित्वा न च तं चिकित्सेत्॥

अरुचि, बान्ता, क्षीण इन्द्रिय, मासु घटेको, फोक्सो दुख्ने, क्षयरोगका जस्ता सबै लक्षण, प्रवाहिका, अतिसार आदि सहितको कालज्वर देखिए निको पार्न नसकिने बुझी उसको उपचार नगर्नू ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कालिक (पहिचान हुन नसकेको)
(Kaalika)

(क) **राज निघण्टु :**

कालिकः कोकिलः प्रोक्तः कालुञ्चः कृष्णदंष्ट्रकः । कसारिका दीर्घमूर्छा गृहवासा बिलाशयी ॥

कालिक, कोकिल, कालुञ्च, कृष्णदंष्ट्रक, कसारिका, दीर्घमूर्छा, गृहवासा र बिलाशयी : यी कालिकका संस्कृत पर्यायवाची नामहरू हुन् ।
नोट : राजनिघण्टुमा लामखुट्टेभन्दा तल र जुम्राभन्दा माथि यसको वर्णन गरिएको छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काँस (झारविशेष)
(Thatch-Grass)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : इक्षुगन्धा र पोटगल भनेको काँस हो ।

(ख) नेपाली बृहत् शब्दकोश (काँस) : सेतो झुप्पे फूल फुल्ने, कुशको जातको एक झार; काश ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : काँसलाई अंग्रेजीमा Thactch grass तथा ल्याटिन भाषामा *Saccharum spotaneum* Linn. भनिन्छ ।

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Saccharum caducum* Tausch पनि हो ।

(ङ) के.यन.स्वामी : (१) काश, काण्डेक्षुरी, काण्डकाण्डक, कण्ठालङ्कारक : काँस घाँस । (२) काकेक्षु : काँस झार । काश । (३) वायसेक्षु : काँसनामको झार । (४) इक्षुर : रामशर । (५) इक्षुकाण्ड : ऊखुको लाँक्रो । रामशर । काँस नामको घाँस । मुज । (६) शारद, लेखनी : काँस नामको घाँस । (७) सितपुष्पक : काँसको बोट । (८) दर्भपत्र : काँस ।



काँस (तस्विर श्रोत : पेअर डी अमरकोश)

(च) डा.सतिश चन्द्र साङ्ख्यधर : यसको ल्याटिन नाम *Saccharum spontaneum* Linn. तथा अंग्रेजी नाम Thatch grass हो ।

(छ) फर्माकोपिया : यसलाई संस्कृतमा कास वा श्वेतचामर भनिन्छ । यो Poaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Saccharum spontaneum* Linn. हो । अंग्रेजीमा यसलाई Thatch-Grass भनिन्छ । यसको मूल काण्डको धुलो ३-६ ग्राम ओखतीका लागि एक मात्रा हुन्छ ।

(ज) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : काँस Angiosperm समूह अन्तर्गत Poaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम Saccharum spontaneum L. हो ।

(झ) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : काँसको अंग्रेजी नाम Fodder cane हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अमरकोश :

इक्षुगन्धा र पोटगल : यी काँसका पर्यायवाची नाम हुन् ।

(ख) धन्वन्तरि निघण्टु :

काशः काण्डेक्षुरुद्दिष्टः काकेक्षुर्वायसेक्षुकः ॥ इक्ष्वारिकेक्षुकाण्डश्च स चैवेक्षुरकः स्मृतः ।
श्वेतचामरपुष्पश्च तथेक्षुकुसुमश्च सः ॥ काशः स्वादुः रसे तिक्तो विपाके वीर्यतो हिमः ।
तर्पणो बलकृद्वृष्यः श्रमशोषक्षयापहः ॥ काशद्वयं च पित्तास्रकृच्छ्रजिन्मधुरं हिमम् ।

काश, काण्डेक्षु, काकेक्षु, वायसेक्षु, इक्ष्वारिका, इक्षुकाण्ड, इक्षुरक, श्वेतचामरपुष्प र इक्षुकुसुम : यी दुई थरी काँसका पर्यायवाची नाम हुन् । यो गुलियो, पचेपछि तितो, शीतवीर्यको, तृप्तिदायक, बलदायक, वीर्यवर्धक तथा थकाई, सुकेनास र क्षयरोग नाश गर्ने गुणको हुन्छ । दुवै थरी काँस पित्तविकार, रक्तविकार र कृच्छ्रलाई जित्ने तथा गुलिया र शीतवीर्यका हुन्छन् ।

(ग) भावप्रकाश निघण्टु :

कासः कासेक्षुरुद्दिष्टः स स्यादिक्षुरसस्तथा । इक्ष्वालिकेक्षुगन्धा च तथा पोटगलः स्मृतः ॥
कासः स्यान्मधुरस्तिक्तः स्वादुपाको हिमः सरः । मूत्रकृच्छ्राश्मदाहास्रक्षयपित्तजरोगजित् ॥

काँस (तस्बिर श्रोत : पेअर डी अमरकोश)

कास, कासेक्षु, इक्षुरस, इक्ष्वालिका, इक्षुगन्धा र पोटगल : यी काँसका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो र तीतो हुन्छ तथा पचेपछि गुलियो हुन्छ । यसले शीतल गर्दछ र मल खुलाउँदछ तथा मूत्रकृच्छ्र, पत्थरी, डाह, रक्तविकार, क्षयरोग र पित्तविकार नाश गर्दछ ।

(घ) मदनपाल निघण्टु :

काशः सुकाण्डः काशेक्षुर्ऋषीकः श्वेतवासरः । इक्ष्वारिकेक्षुकाशश्च स चैवेक्षुरसः स्मृतः ॥
कासकृच्छ्राश्मदाहास्रपित्तक्षयकरो हिमः ॥

काश, सुकाण्ड, काशेक्षु, ऋषीक, श्वेतवासर, इक्ष्वारिका, इक्षुकाश र इक्षुरस : यी काँसका संस्कृत पर्यायवाची नामहरू हुन् । काँसले खोकी, कृच्छ्र, पत्थरी, डाह, रक्तविकार, पित्तविकार र क्षयरोग नाश गर्दछ तथा शीतल गर्दछ ।

(ङ) राज निघण्टु :

काशः काण्डेक्षुरिक्ष्वारिः काकेक्षुर्वायसेक्षुकः । इक्षुरश्चेक्षुकाण्डश्च शारदः सितपुष्पकः ॥
नादेयो दर्भपत्रश्च लेखनः(नी) काण्डकाण्डकः । कण्ठालङ्कारकश्चैव ज्ञेयः पञ्चदशाह्वयः ॥

काशश्च शिशिरो गौल्यो रुचिकृत् पित्तदाहनुत् । तर्पणो बलकृद्वृष्य आमशोषक्षयापहः ॥

(१) काश, (२) काण्डेक्षु, (३) इक्ष्वारि, (४) काकेक्षु, (५) वायसेक्षुक, (६) इक्षु, (७) इक्षुकाण्ड, (८) शारद, (९) सितपुष्पक, (१०) नादेय, (११) दर्भपत्र, (१२) लेखनः(नी), (१३) काण्डकाण्डक र (१४) कण्ठालङ्कारक : यी पन्ध्र नाम काँसका संस्कृत पर्यायवाची नामहरू हुन् । काँस शीतवीर्यको, गुलियो, रुचिकर तथा पित्तविकार र डाह नाशक हुन्छ । यसले तृप्ति र बल दिन्छ तथा आमविकार, सुजन र क्षयरोग पनि नाश गर्दछ ।

काँस (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

अन्योऽशिरी मिशिर्गण्डा अश्वालो नीरजः शरः । मिशिर्मधुरशीतः स्यात् पित्तदाहक्षयापहः ॥

अशिरी, मिशि, गण्डा, नीरज र शर : यी काँशविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो काँश गुलियो, शीतवीर्यको तथा पित्तविकार, डाह र क्षयरोग नाशक हुन्छ ।

(च) शालिग्राम निघण्टु :

फुलेको काँस (तस्बिर श्रोत : गोरखापत्रअनलाइन डटकम)

काशः सुकाण्डः कासेक्षुर्नादियोनीरजस्तथा । काकेक्षुर्वायसेक्षुश्च सस्यादिक्षुरसः शिरिः ॥

काश, सुकाण्ड, कासेक्षु, नादिय, नीरज, काकेक्षु, वायसेक्षु, सस्यइक्षुरस र शिरि : यी काँसका पर्यायवाची नाम हुन् ।

काशस्तु तर्पणः शीतोगौल्योरुचिकरो मतः । बलकृन्मधुरोवृष्यस्तिक्तः पाकेमधुः स्मृतः ॥
सरः स्निग्धः पित्तदाहमूत्रकृच्छ्रक्षायापहः । मूत्राश्मरीं रक्तदोषं रक्तपित्तं क्षतक्षयम् ॥
पित्तरोगं नाशयतीत्येवं पूर्वैर्निवेदितम् ।

काँस तृप्तिदायक, शीतवीर्यको, गुलियो, रुचिप्रद, मलदायक, मधुर, वीर्यवर्धक, पचेपछि गुलियो, दिसाससिबलाई तलतिर सार्ने, चिल्लो तथा पित्तविकार, डाह, मूत्रकृच्छ्र, क्षयरोग, पिसाबजन्य पत्थरी, रक्तविकार, रक्तपित्त, घाउजन्य क्षय र पित्तजन्य रोग नाश गर्ने गुणको हुन्छ भनी पहिलेका विज्ञहरूले बताएका छन् ।

काश्मर्य (खमारी)
(Candhar Tree)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : गम्भारी, सर्वतोभद्रा आदि भनेको खमारी हो ।

(ख) नेपाली बृहत् शब्दकोश (खमारी) : पीपलका जस्ता पात, सेतो बोक्रो, पहेँला फूल र फल हुने, दूध निस्कने एक जातको रुख वा त्यसैको फल ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई ल्याटिन भाषामा *Gmelina arborea* Linn. भनिन्छ ।

खमारी (तस्बिर श्रोत : "Iidigenous Plants At Biodiversity Park, Ranchi" नामक पुस्तक

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : खमारीको काठलाई तीन वर्षसम्म पानीमा भिजाउँदा पनि कुनै विकार आएन (रक्सवर्गको भनाई) ।

(ङ) आचार्य बालकृष्ण : यसको पातमा महजस्तो गुलियो रस हुन्छ त्यसैले यसलाई मधुपर्णिका भनिएको हो । यसैगरी सुन्दर पात हुने हुनाले श्रीपर्णी र पहेँला फूल हुनाले पीतरोहिणी भनिएको हो । यसका खमारी र जल-खमारी गरी दुई जात हुन्छन् । यसको वानस्पतिक नाम *Gmelina arborea* Roxb. वा *Gmelina sinuata* Linn. हो । यसलाई अंग्रेजीमा Malay beech wood, White teak, Kashmir tree वा Coomb teak भनिन्छ ।

(च) धन्वन्तरी निघण्टुका टीकाकार वैद्य डी.के. कामत र डा.यस.डी.कामत : खमारी (काश्मर्या) Verbenaceae परिवारमा पर्दछ । खमारी (काश्मर्या)को *Gmelina arborea* Linn. वा *Gmelina arborea* Roxb. वानस्पतिक नाम हो ।

(छ) नेपालको चुरे जङ्गल, जुलाई २०१४, नेपाल सरकार : खमारीको वानस्पतिक नाम *Gmelina arborea* Roxb. वा *Holoptelea integrifolia* (Roxb.) Planch. हो ।

(ज) फर्माकोपिया : यसलाई संस्कृतमा गम्भारी, काश्मरी र काश्मर्य भनिन्छ । यो Verbenaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Gmelina arborea* Roxb. हो । अंग्रेजीमा यसलाई Candhar Tree भनिन्छ । ओखतीका लागि यसको जरा बोक्राको कोँढापानी २०-३० ग्रामको, फलको धूलो १-३ ग्रामको, डाँठको काँढा ५-१० ग्रामको तथा डाँठको बोक्राको धूलो ३-५ ग्रामको एक मात्रा हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

काश्मर्या मधुपर्णी श्रीपर्णी श्वेतवृन्तको हीरा । कमला च काश्मरी स्यात् कुम्भारी सर्वतोभद्रा ॥
कुम्भीका भद्रवती भद्रा श्रीपर्णिका महाकुम्भा । श्वेतश्च सोमवृक्षः पर्यायैः कट्फलश्चेति ॥

काश्मरी, मधुपर्णी, श्रीपर्णी, श्वेतवृन्तका, हीरा, कमला, कुम्भारी, सर्वतोभद्रा, कुम्भीका, भद्रवती, भद्रा, श्रीपर्णिका, महाकुम्भा, श्वेत, सोमवृक्ष र कट्फल : यी (सेतो) खमारीका पर्यायवाची नाम हुन् ।

असिता सर्वतोभद्रा जम्बुका कृष्णवृन्तिका । श्रीपर्णी वृन्तिकाऽनाहा कथ्यते कृष्णकाश्मरी ॥

असिता, सर्वतोभद्रा, जम्बुका, कृष्णवृन्तिका, श्रीपर्णी, वृन्तिका, अनाहा र कृष्णकाश्मरी : यी कालो खमारीका पर्यायवाची नाम हुन् ।

(क) अमरकोश :

गम्भारी सर्वतोभद्रा काश्मरी मधुपर्णिका । श्रीपर्णी भद्रपर्णी च काश्मर्यश्चाप्यथ द्वयोः ॥

गम्भारी, सर्वतोभद्रा, काश्मरी, मधुपर्णिका, श्रीपर्णी, भद्रपर्णी र काश्मर्य : यी खमारीका पर्यायवाची नाम हुन् ।

खमारीको रूख (तस्बिर श्रोत : अल्चेट्रन डटकम)

(ख) अर्कप्रकाश :

काश्मर्येण कोष्णेन सिञ्चेदङ्गुलवेष्टकम् । कोमलैः सप्तभिस्तस्य पत्रैर्बद्धं हरेद्गदम् ॥

खमारीको अर्क निकाली तात्तातै छर्कनू । अनि खमारीकै नरम नरम सात वटा पातले बाँध्नू । यसो गर्नाले अङ्गुलवेष्टक (औँला बाउँडिने रोग ?) निको हुन्छ ।

गम्भारीजो भ्रमतृष्णाशूलाशों विषदाहनुत् ।

खमारीको अर्कले भ्रम, तिर्खा, शूल, अल्काइ, विषविकार र डाह नाश गर्दछ ।

(ग) **कैयदेव निघण्टु :**

श्रीपर्णा सर्वतोभद्रा काश्मीरी काश्मरी मुदा । गम्भारी कट्फला हीरा काश्मर्या मधुपर्णिका ॥
कृष्णवृन्ता भद्रपर्णी कुम्भारी सफला मही । श्रीपर्णी मधुरा तिक्ता वीर्योष्णा तुवरा गुरुः ॥
दीपनी पाचनी मेध्या भेदनी भ्रमशोषजित् । दोषतृष्णामशूलार्शोविषदाहज्वरापहा ॥
तत्पुष्पं मधुरं शीतं तिक्तं सङ्ग्राहि वातलम् । कषायं मधुरं पाके पित्तास्रासृग्दरापहम् ॥
कफपित्तहरं तस्याः फलं स्निग्धं हिमं गुरु । स्वादुपाकरसंहृद्यं कषायाम्लं रसायनम् ॥
बृंहणं शुक्रलं केश्यं मेध्यं मूत्रविबन्धनुत् । हन्याद्वाततृषादाहपित्तरक्तक्षतक्षयान् ॥

श्रीपर्णी (तस्विर श्रोत : पेअर डी अमरकोश)

श्रीपर्णा, सर्वतोभद्रा, काश्मीरी, काश्मरी, मुदा, गम्भारी, कट्फला, हीरा, काश्मर्या, मधुपर्णिका, कृष्णवृन्ता, भद्रपर्णी, कुम्भारी, सफला र मही : यी खमारीका पर्यायवाची नाम हुन् । यो गुलियो, तितो, उष्णवीर्यको, टर्रो, पचाउन कठिन, दीपनी, पाचनी, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, भेदनी, भ्रम र सुकेनासलाई जित्ने तथा त्रिदोष, तिर्खा, आमविकार, शूल, हर्सा, विषविकार, डाह र जरोलाई नाश गर्ने गुणको हुन्छ । त्यसको फूल गुलियो, शीतवीर्यको, तितो, ग्राहि, वातविकार गर्ने, टर्रो, पचेपछि गुलियो तथा रक्तपित्त, रक्तविकार, कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ । त्यसको फल चिल्लो, शीतवीर्यको, पचाउन कठिन, शुरुमा र पचेपछि गुलियो, मुटुका लागि हितकर, टर्रो, अमिलो, रसायनी, पौष्टिक, शुक्रवर्धक, कपालका लागि हितकर, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, पिसाबका रोग र कब्जियत नाश गर्ने तथा वातविकार, तिर्खा, डाह, रक्तपित्त, क्षयरोग र घाउ नाश गर्ने गुणको हुन्छ ।

(घ) **द्रव्यगुणसङ्ग्रह :**

केश्यं रसायनं मेध्यं काश्मर्याः फलमुच्यते ।

खमारीको फल कपालका लागि हितकर, रसायनी र दिमागको ग्रहण गर्ने क्षमता बढाउने गुणको हुन्छ ।

(ङ) **धन्वन्तरि निघण्टु :**

काश्मर्या काश्मरी हीरा काश्मर्यो मधुपर्ण्यपि ॥ श्रीपर्णी सर्वतोभद्रा गम्भारी कृष्णवृन्तका ।
श्रीपर्णी स्वरसे तिक्ता गुरूष्णा रक्तपित्तजित् ॥ त्रिदोषश्रमदाहार्तिज्वरतृष्णाविषाञ्जयेत् ।

काश्मर्या, काश्मरी, हीरा, काश्मर्य, मधुपर्णी, श्रीपर्णी, सर्वतोभद्रा, गम्भारी र कृष्णवृन्तका : यी खमारीका संस्कृत पर्यायवाची नामहरू हुन् । खमारी तीतो, पचाउन कठिन र उष्णवीर्यको हुन्छ । यसले रक्तपित्तलाई जित्दछ तथा त्रिदोष, थकाई, डाह, पीडा, जरो, तिर्खा र विषविकार नाश गर्दछ ।

(च) **निघण्टुशेष :**

श्रीपर्ण्या काश्मरी कृष्णवृन्तिका मधुपर्णिका । गम्भारी सर्वतोभद्रा कज्जला भद्रपर्णिका ॥
विहारी कुमुदा हीरा महाकुम्भी च कश्मरी । नित्यभद्रा महाभद्रा काश्मर्यो मधुमत्यपि ॥

सर्वतोभद्रा (तस्बिर श्रोत : पेअर डी अमरकोश)

(श्रीयुक्तानि पर्णान्यस्याः श्रीपर्णी । काशते काश्मरी, कृश्यति-तनूकरोति वा । कृष्णं वृन्तमस्याः कृष्णवृन्तिका । मधूनि-मृष्टानि पर्णान्यस्याः मधुपर्णी । भारोऽस्य गम्भारी । सर्वतो भद्राण्यस्याः सर्वतोभद्रा । कज्जला श्यामवृन्तत्वात् । भद्राणि पर्णान्यस्याः भद्रपर्णी । विहरत्यवश्यं विहारी । कौ पृथिव्यां मोदते कुमुदा । हिनोति हीरा । महाकुम्भीव महाकुम्भी । कशति-दीप्यते कश्मरी । नित्यं भद्रमस्याः नित्यभद्रा । महता चासौ भद्रा च महाभद्रा । काशते-दीप्यते काश्मर्यः, कृश्यति-तनूकरोति वा । मधु विद्यते पर्णेष्वस्याः मधुमती ।) ।

श्रीपर्णी, काश्मरी, कृष्णवृन्तिका, मधुपर्णिका, गम्भारी, सर्वतोभद्रा, कज्जला, भद्रपर्णिका, विहारी, कुमुदा, हीरा, महाकुम्भी, कश्मरी, नित्यभद्रा, महाभद्रा, काश्मर्या र मधुमती : यी खमारीका पर्यायवाची नाम हुन् ।

(छ) **पर्याय रत्नमाला :**

श्रीपर्णी काश्मरी भद्रा गाम्भारी गोपभद्रिका । कुमुदा च सदाभद्रा कट्फला कृष्णवृन्तिका ॥

श्रीपर्णी, काश्मरी, भद्रा, गाम्भारी, गोपभद्रिका, कुमुदा, सदाभद्रा, कट्फला र कृष्णवृन्तिका : यी खमारीका पर्यायवाची नाम हुन् ।

(ज) **भावप्रकाश निघण्टु :**

गम्भारी भद्रपर्णी च श्रीपर्णी मधुपर्णिका ॥ काश्मीरी काश्मरी हीरा काश्मर्यः पीतरोहिणी ।
कृष्णवृन्ता मधुरसा महाकुसुमिकाऽपि च ॥ काश्मीरी तुवरा तिक्ता वीर्योष्णा मधुरा गुरुः ।
दीपनी पाचनी मेध्या भेदिनी भ्रमशोषजित् ॥ दोषतृष्णाऽऽमशूलार्शोविषदाहज्वरापहा ।

गम्भारी, भद्रपर्णी, श्रीपर्णी, मधुपर्णिका, काश्मीरी, काश्मरी, हीरा, काश्मर्य, पीतरोहिणी, कृष्णवृन्ता, मधुरसा र महाकुसुमिका : यी खमारीका संस्कृत पर्यायवाची नामहरू हुन्। यो टर्रो र तीतो हुन्छ। यसले गर्मी गर्दछ। स्वादिलो हुन्छ तर पचाउन कठिन हुन्छ। यो दीपनी, पाचनी र ग्रहण गर्ने क्षमता बढाउने गुणको हुन्छ। यसले मललाई खुकुलो पार्दछ। साथै यसले भ्रम, सुजन, त्रिदोष, तिर्खारोग, आमविकार, शूल, अल्काई, विषविकार, डाह र जरो समेत नाश गर्दछ।

तत्फलं बृंहणं वृष्यं गुरु केश्यं रसायनम्॥ वातपित्ततृषारक्तक्षयमूत्रविबन्धनुत्।
स्वादु पाके हिमं स्निग्धं तुवराम्लं विशुद्धिकृत्॥ हन्याद्दाहतृषावातरक्तपित्तक्षतक्षयान्।

खमारीका पात, फूल र फल (तस्विर श्रोत : चेट्रन डटकम)

खमारीको फल धातुवर्धक (पौष्टिक), वीर्यवर्धक, पचाउन कठिन, कपालका लागि लाभदायक र रसायनी हुन्छ। यसले वातविकार, पित्तविकार, तिर्खारोग, रगतको क्षय हुने रोग र पिसाब रोकिने समस्या ठिक गर्दछ। यसको पचेपछिको रस स्वादिलो हुन्छ। यसले शीतल गर्दछ, चिल्लो हुन्छ, केही टर्रो र अमिलो हुन्छ, र शुद्ध बनाउने गुणको हुन्छ। यसले डाह, तिर्खा, वातविकार, रक्तपित्त, घाउ र क्षयरोग समेत नाश गर्दछ।

नोटः खमारीको पात गाईको दूधमा पिँधेर टाउकोमा दल्नाले ग्रीष्मऋतुमा टाउको दुख्ने समस्या ठीक हुन्छ। मात्रा : धुलो ३-६ मासा र फल १-३ मासा।

(झ) मदनपाल निघण्टु :

काश्मरी सर्वतोभद्रा श्रीपर्णी कृष्णवृन्तिका। गम्भारी कश्मरी हीरा काश्मर्या भद्रपर्णिका॥
काश्मरी ज्वरशूलघ्नी वीर्योष्णा मधुरा गुरुः। तत्पुष्पं वातलं ग्राहि पित्तासृक्प्रदराहरम्॥
फलं रसायनं केश्यं बृंहणं शुक्रलं गुरु। वातपित्तक्षयतृषारक्तमूत्रविबन्धनुत्॥

काश्मरी, सर्वतोभद्रा, श्रीपर्णी, कृष्णवृन्तिका, कश्मारी, हीरा, काश्मर्या र भद्रपर्णिका : यी खमारीका संस्कृत पर्यायवाची नामहरू हुन्। यसले जरो र शूल रोगलाई भगाउँदछ। यो वीर्यशाली, गर्मी गर्ने, मिठो र पचाउन कठिन हुन्छ। यसको फूलले वायु उत्पन्न गर्दछ र दिसा कस्दछ। यसले रक्तपित्त र स्त्रीका जननेन्द्रियबाट रस बहिरहने रोग (प्रदर, ल्यूकोरिया) लाई ठिक गर्दछ। यसको फलले आयु र कपाललाई बढाउँदछ, शरीरलाई पुष्ट पार्दछ र वीर्य पनि बढाउँदछ। पचाउन कठिन हुने हुनाले यसले वायु र पित्त बढाउँदछ, शरीरका धातुलाई क्षय गर्दछ, तिर्खा लगाउँदछ तथा रगतका विकार बढाई

मूत्रलाइ रोक्दछ ।

(ञ) मदनादि निघण्टु :

काश्मर्यहीरा श्रीपर्णी काश्मर्यः कट्फलन्तथा । गम्भीरा सर्वतोभद्रा सफला कृष्णवृन्तिका॥
केश्या त्रिदोषशमनी कषायमधुरा रसे । रसायिनी भेदनी च मेध्या श्रीपर्णिका मता॥

काश्मर्यहीरा, श्रीपर्णी, काश्मर्यः, कट्फला, गम्भीरा, सर्वतोभद्रा, सफला र कृष्णवृन्तिका : यी खमारीका पर्यायवाची नाम हुन् । यो कपालका लागि हितकर, त्रिदोषलाई शान्त पार्ने, टर्रो, गुलियो, रसायनी, भेदनी र दिमागको ग्रहण गर्ने क्षमता बढाउने गुणको हुन्छ ।

(ट) माधव द्रव्यगुण :

कषायं मधुरं तिक्तं काश्मर्यं च कफापहम् ।
केश्यं रसायनं मेध्यं काश्मर्यं फलमुच्यते । मधुराण्यवपाकीनि श्लेष्मपित्तहराणि च॥

खमारी टर्रो, गुलियो, तितो र कफविकार नाश गर्ने गुणको हुन्छ । खमारीको फल कपालका लागि हितकर, रसायनी, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, पचेपछि गुलियो तथा कफविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ठ) राज निघण्टु :

स्यात् काश्मर्यः काश्मरी कृष्णवृन्ता हीरा भद्रा सर्वतोभद्रिका च ।
श्रीपर्णी स्यात् सिन्धुपर्णी सुभद्रा कम्भारी सा कट्फला भद्रपर्णी॥
कुमुदा च गोपभद्रा विदारिणी क्षीरिणी महाभद्रा ।
मधुपर्णी स्वभद्रा कृष्णा श्वेता च रोहिणी गृष्टिः॥
स्थूलत्वचा मधुमती सुफला मेदिनी महाकुमुदा ।
सुदृढत्वचा च कथिता विज्ञेयोनत्रिंशतिर्नाम्नाम्॥
काश्मरी कटुका तिक्ता गुरूष्णा कफशोफनुत् । त्रिदोषविषदाहार्तिज्वरतृष्णास्रदोषजित्॥

(१) काश्मर्य, (२) काश्मरी, (३) कृष्णवृन्ता, (४) हीरा, (५) भद्रा, (६) सर्वतोभद्रिका, (७) श्रीपर्णी, (८) सिन्धुपर्णी, (९) सुभद्रा, (१०) कम्भारी, (११) कट्फला, (१२) भद्रपर्णी, (१३) कुमुदा, (१४) गोपभद्रा, (१५) विदारिणी, (१६) क्षीरिणी, (१७) महाभद्रा, (१८) मधुपर्णी, (१९) स्वभद्रा, (२०) कृष्णा, (२१) श्वेता, (२२) रोहिणी, (२३) गृष्टि, (२४) स्थूलत्वचा, (२५) मधुमती, (२६) सुफला, (२७) मेदिनी, (२८) महाकुमुदा र (२९) सुदृढत्वचा : यी उनन्तीस नाम खमारीका संस्कृत पर्यायवाची नामहरू हुन् । खमारी पिरो, तीतो, पचाउन कठिन, उष्णवीर्यको तथा कफविकार र सुजन नाशक हुन्छ । यसले त्रिदोष, विषविकार, डाह, ज्वर, तिर्खारोग र रक्तविकार माथि विजय हासिल गर्दछ ।

(ड) राजवल्लभ निघण्टु :

गाम्भारिकाफलं ग्राहि सतिक्तं मधुरं गुरु । केश्यं रसायनं मेध्यं शीतलं दाहपित्तजित्॥
गाम्भारीमूलमत्युष्णमहितं मानुषेषु तत्॥

खमारीको फल ग्राहि, तीतो, गुलियो, पचाउन कठिन, कपालका लागि हितकर, रसायनी, पवित्र (वा स्मरणशक्ति बढाउने), शीतवीर्यको तथा डाह र पित्तसवकारलाई जित्ने गुणको हुन्छ । खमारीको जरा अति उष्णवीर्यको हुन्छ । त्यो मानिसका लागि हितकर हुँदैन ।

(ढ) शालिग्राम निघण्टु :

गम्भारी सर्वतोभद्रा काश्मरी मधुपर्णिका । श्रीपर्णी भद्रपर्णी च भद्रा च गोपभद्रिका॥

गम्भारी, सर्वतोभद्रा, काश्मरी, मधुपर्णिका, श्रीपर्णी, भद्रपर्णी, भद्रा र गोपभद्रिका : यी खमारीका पर्यायवाची नाम हुन् ।

काश्मिरी तुवरा तिक्ता वीर्योष्णा मधुरा गुरुः । दीपनी पाचनी मेध्या भेदिनी भ्रमशोषजित्॥
दोषतृष्णामशूलार्शोविषदाहज्वरापहा ।

खमारी टर्रो, तितो, उष्णवीर्यको, गुलियो, पचाउन कठिन, दीपनी, पाचनी, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, भेदनी, भ्रम र सुकेनास रोग जित्ने तथा त्रिदोष, तिर्खा, आमविकार, शूल, हर्सा, विषविकार, डाह र जरो नाश गर्ने गुणको हुन्छ ।

श्रीपर्णी मारुतश्लेष्मशोफमेहकृमीञ्जयेत् ।

खमारीले वातविकार, कफविकार, सुजन, प्रमेह र कीरालाई जित्दछ ।

तत्पुष्पं मधुरं शीतं तिक्तं सङ्ग्राहि वातलम् ।
कषायं मधुरं पाके पित्तास्रासृग्गदापहम्॥ (शोढल निघण्टु)

खमारीको फूल गुलियो, शीतवीर्यको, तितो, ग्राहि, वातविकार गर्ने, टर्रो, पचेपछि गुलियो तथा रक्तपित्त र रक्तविकार नाश गर्ने गुणको हुन्छ ।

गाम्भारी मूलमत्युष्णमहितं मानेषेषु तत् । (राजवल्लभ निघण्टु)

खमारीको जरा अति गर्मी गर्ने तथा मानिसका लागि अहितकारी हुन्छ ।

काश्मरी कटुका तिक्ता स्वाद्वयुष्णा तुवरा गुरुः । मधुरा दीपनी मेध्या पाचनी भेदिका मता॥
हृद्या तृषामशूलघ्नी कफशोफत्रिदोषहा । विषदाहज्वरारक्तदोषार्शोभ्रमनाशिनी॥
शोषनाशकरी प्रोक्ता फलं वृष्यं गुरु स्मृतम् । धातुवृद्धिकरं केश्यं स्वादु शीतं रसायनम्॥

स्निग्धं बुद्धिप्रदं चाम्लं तुवरं मूत्रलं गुरु । मूत्रकृच्छ्रं रक्तपित्तं रक्तदोषामवातकम् ॥
तृषां दाहं क्षयं वातं रक्तपित्तं क्षतक्षयम् । प्रदरं नाशयत्येव फलमज्जा तु शीतला ॥
मधुरा ग्राहिणी तिक्ता वातला तुवरा मता । बल्या वृष्या रक्तदोषकफपित्तहरा मता ॥
प्रदरं नाशयत्येवमृषिभिः परिकीर्त्तिता । (निघण्टु रत्नाकर)

खमारीका पाकेका फल (तस्बिर श्रोत : कीसर्भर डट लुसिडसेन्ट्रल डट ओआरजी)

खमारी पिरो, तितो, गुलियो, उष्णवीर्यको, टर्रो, पचाउन कठिन, गुलियो, दीपनी, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, पाचनी, भेदनी, मुटुका लागि हितकर तथा तिर्खा, आमजन्य शूल, कफविकार, सुजन, त्रिदोष, विषविकार, डाह, जरो, रक्तविकार, हर्सा, भ्रम र सुकेनास नाश गर्ने गुणको हुन्छ । खमारीको फल वीर्यवर्धक, पचाउन कठिन, धातु बढाउने, कपालका लागि हितकर, गुलियो, शीतवीर्यको, रसायनी, चिल्लो, बुद्धि प्रदायक, अमिलो, टर्रो, पिसाब बढाउने, गुरु (दोहोरो परेको ?) तथा मूत्रकृच्छ्र, रक्तपित्त, रक्तविकार, आमवात, तिर्खा, डाह, क्षयरोग, वातविकार, रक्तपित्त (दोहोरो परेको ?), घाउजन्य क्षयरोग र प्रदर रोग नाश गर्ने गुणको हुन्छ । यसको फलभित्रको (बीजभित्रको) गुदी शीतवीर्यको, गुलियो, ग्राहि, तितो, वातविकार गर्ने, टर्रो, बलदायक, वीर्य बढाउने तथा रक्तविकार, कफविकार, पित्तविकार र प्रदर नाश गर्ने गुणको हुन्छ भनी ऋषिहरूले बताएका छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ण) सरस्वती निघण्टु :

गम्भारी सर्वतोभद्रा काश्मरी मधुपर्णिका । श्रीपर्णी भद्रपर्णी च कुम्भी काश्मर्यकट्फले ॥

गम्भारी, सर्वतोभद्रा, काश्मरी, मधुपर्णिका, श्रीपर्णी, भद्रपर्णी, कुम्भी, काश्मर्या र कट्फला : यी खमारीका पर्यायवाची नाम हुन् ।

(त) सोढल निघण्टु :

काश्मर्ये काश्मरीहीरा काश्मीरी मधुपर्ण्यपि । श्रीपर्णी सर्वतोभद्रा गम्भारी कृष्णवृन्तिका ॥
कुमुदा भद्रपर्णी च सदाभद्रा च कट्फला । श्वेता स्थूलत्वचा स्निग्धा पवित्रा वातहृद् दृढा ॥
रोहिणी सफला भद्रा गोपभद्रा विदारिका । महाकुमुदिका गृष्टिर्मही मधुमती मुदी ॥

काश्मर्या, काश्मरी, हीरा, काश्मीरी, मधुपर्णी, श्रीपर्णी, सर्वतोभद्रा, गम्भारी, कृष्णवृन्तिका, कुमुदा,

भद्रपर्णा, सदाभद्रा, कट्फला, श्वेता, स्थूलत्वचा, स्निग्धा, पवित्रा, वातहृद् दृढा, रोहिणी, सफला, भद्रा, गोपभद्रा, विदारिका, महाकुमुदिका, गृष्टि, मही, मधुमती र मुदी : यी खमारीका पर्यायवाची नाम हुन् ।

(थ) सौश्रुत निघण्टु :

कट्फला काश्मरी चैव श्रीपर्णी सर्वभद्रिका । महिकुम्भा वराही च कुमुदा च प्रकीर्तिता॥

कट्फल, काश्मरी, श्रीपर्णी, सर्वभद्रिका, महिकुम्भा, वराही र कुमुदा : यी खमारीका पर्यायवाची नाम हुन् ।

(द) हृदयदीपक निघण्टु :

श्रीपर्णीकं च गम्भारी कश्मर्यः काश्मरी हीरा ।

श्रीपर्णीक, गम्भारी, कश्मर्य, काश्मरी र हीरा : यी खमारीका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काष्ठकदली (काठेकेरा)
(The wild plantain; the fruit being hard and woody)

परिभाषा :

(क) के.यन.स्वामी : (१) काष्ठकदली, काष्ठिका : जङ्गली वा काठे केरा । (२) सुकाष्ठा, फलाढ्या : काठे केरा । (३) वनकदली : जङ्गली केरा । वनकेरा । (४) शिलारम्भा, अश्मकदली : मर्चेकेरा । काठेकेरा । (५) दारुकदली, वनमोचा : वनकेरा ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) काठे केरा : कोसामा साह्रो नसा हुने एक जातको केरा । (२) मर्चमाने : मसिना र छोटाछोटा कोसा हुने एक जातको केरा ।

संस्कृत पर्यायवाची नामहरू :

(क) धन्वन्तरि निघण्टु :

द्वितीया काष्ठकदली श्वेताऽरण्यकदल्यपि । विषघ्नी कदली चापि पाषाणकदली तथा॥
स्यात्काष्ठकदली रुच्या रक्तपित्तहरा हिमा । गुरुर्मन्दाग्निजननी दुर्जरा मधुरा परा॥

काष्ठकदली, श्वेता, अरण्यकदली, विषघ्नी, कदली र पाषाणकदली : यी काठेकेराका पर्यायवाची नाम हुन् । यो रुचिप्रद, रक्तपित्त नाशक, शीतवीर्यको, पचाउन कठिन, पाचनशक्तिलाई कमजोर बनाउने, ढिलो पच्ने र अति नै गुलियो स्वादको हुन्छ ।

(ख) राज निघण्टु :

काष्ठकदली सुकाष्ठा वनकदली काष्ठिका शिलारम्भा ।
दारुकदली फलाढ्या वनमोचा चाश्मकदली च॥
स्यात्काष्ठकदली रुच्या रक्तपित्तहरा हिमा । गुरुर्मन्दाग्निजननी दुर्जरा मधुरा परा॥

काष्ठकदली, सुकाष्ठा, वनकदली, काष्ठिका, शिलारम्भा, दारुकदली, फलाढ्या, वनमोचा र अश्मकदली : यी काठेकेराका संस्कृत पर्यायवाची नामहरू हुन् । काठेकेरा रुचिप्रद, रक्तपित्त नाशक र शीतवीर्यको हुन्छ । यो पचाउन कठिन, पाचनशक्तिलाई कमजोर बनाउने, ढिलो पच्ने र अति नै गुलियो हुने गुणको हुन्छ ।

(ग) शालिग्राम निघण्टु :

काष्ठस्य कदली ग्राही हृद्या रुच्या च शीतला । अग्निमान्द्यकरी गुर्व्वी दुर्जरा चातिमाधुरी॥
तृड्दाहमूत्रकृच्छ्राणां रक्तपित्तस्य नाशिनी । विस्फोटं चास्थिरोगं च नाशयेदितिकीर्तिता॥

काठेकेरा ग्राही, मुटुका लागि हितकर, रुचिप्रद, शीतवीर्यको, पाचनशक्ति घटाउने, पचाउन कठिन,

ढिलो पच्ने, आंत गालिया तथा तिखो, डाह, मूत्रकृच्छ्र, रक्तपित्त, खांटेरा र हाडका रोग नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काष्ठकुट्ट (लाहाँचे)
(Wood-pecker)

परिभाषा :

(क) कुलचन्द्र शर्मा एवं अमरकोश : शतपत्रक र दार्वाघाट भनेको लाहाँचे चरो हो ।

(ख) नेपाली बृहत् शब्दकोश (१) काष्ठकुट्ट वा काष्ठकूट : लाहाँचे चरो; काठफोरुवा चरो । (२) लाहाँचे : कालो लामो चुच्चो, रातो टाउको, नीला खुट्टा र हरियो शरीर हुने, रूख कपेर गुँड लगाउने एक जातको चरो ।

(ग) पेयर डी अमरकोश : लाहाँचेलाई ल्याटिन भाषामा *Mulleripicus pulverulentus Temminck* वा *Diinopium javanense Ljungh* तथा अंग्रेजीमा Great Slaty Woodpecker वा Golden-backed Woodpecker भनिन्छ ।

(घ) डा.सतिश चन्द्र साङ्ख्यधर : काष्ठकुट्टलाई अंग्रेजीमा Wood-pecker तथा ल्याटिन भाषामा *Picus martius* भनिन्छ ।

(ङ) के.यन.स्वामी : काष्ठकुट्ट र काष्ठकूट भनेको काठ फोरुवा चरो वा लाहाँचे चरो हो ।

लाहाँचे (तस्बिर श्रोत : पेयर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

काष्ठकुट्टः काष्ठभङ्गी काष्ठकूटश्च शब्दितः ॥

काष्ठकुट्ट, काष्ठभङ्गी र काष्ठकूट : यी काठफोरुवा चरोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

काष्ठधात्रीफल (काठे अमला)
(A kind of Emblica officinalis)

परिभाषा :

(क) के.यन.स्वामी (काष्ठधात्रीफलम्) : काठे (सानो) अमला) ।
(ख) नेपाली बृहत् शब्दकोश (काठे अमला) : ससाना गेडा हुने एक जातको अमला ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

अन्यच्चामलकं प्रोक्तं काष्ठधात्रीफलं तथा ।
क्षुद्रामलकमित्युक्तं क्षुद्रजातीफलञ्च तत् ॥१६०॥
काष्ठधात्रीफलं स्वादे कषायं कटुकं तथा ।
शीतं पित्तास्रदोषघ्नं पूर्वोक्तमधिकं गुणैः ॥१६१॥

काष्ठधात्रीफल, क्षुद्रामलक र क्षुद्रजातीफल : यी अर्कोथरी अमला अर्थात् काठेअमलाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो अमलाको स्वाद टर्रो र पिरो हुन्छ । यो अमला शीतवीर्यको तथा पित्तविकार र रक्तविकार नाशक हुन्छ । यो पूर्वोक्त अमलाभन्दा बढी गुनिलो हुन्छ ।

कास (खोकी)
(The cough)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) काश, कास : खोकी । (२) काँसो : घाँटी खसखसाउने गरी लागेको खोकी । (३) खसखस : कफ जम्नाले असजिलो हुने गरी घाँटी सगसगाउने किसिमले; फुको खोकी लाग्दा घाँटी सकसकाएर; सगसग; सगसगी । (४) खोक्नु : घाँटीको कफ निकाल्न वा सकसकी मेट्न ख्वाकख्वाक शब्द निकाल्नु; ख्वाकख्वाक शब्दका साथ श्वासनलीबाट वेगसहित वायु निकाल्नु । (५) खोकी : घाँटीमा खसखस लागेर निस्कने आवाज; खोक्ने रोग; काँसो । (६) लहरेखोकी : विशेष गरेर बालकहरूलाई एकोहोरै किसिमले लाग्ने खोकी (हुपिङ कफ) ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अष्टाङ्ग हृदय :**

पञ्च कासाः स्मृता वातपित्तश्लेष्मक्षतक्षयैः ॥ क्षयायोपेक्षिताः सर्वे बलिनश्चोत्तरोत्तरम् ।

वातविकार हुने, पित्तविकारले हुने, कफविकारले हुने, छातीमा घाउ भएर हुने र शरीरमा रहेका रस, रगत आदि धातु क्षय भएर हुने गरी खोकी पाँच किसिमका हुन्छन् । यी खोकीको बेलैमा उपचार भएन भने अन्तमा क्षयरोग हुन्छ । यी क्रमशः पछिल्ला बलिया हुन्छन् ।

तेषां भविष्यतां रूपं कण्ठे कण्डूररोचकः ॥ शूकपूर्णाभकण्ठत्वं तत्राधो विहतोऽनिलः ।
ऊर्ध्वं प्रवृत्तः प्राप्योरस्तस्मिन् कण्ठे च संसजन् ॥ शिरःस्रोतांसि सम्पूर्य ततोऽङ्गान्युत्क्षिपन्निव ।
क्षिपन्निवाक्षिणी पृष्ठमुरः पार्श्वे च पीडयन् ॥ प्रवर्तते स वक्रेण भिन्नकांस्योपमध्वनिः ।
हेतुभेदात्प्रतीघातभेदो वायोः सरंहसः ॥ यद्रुजाशब्दवैषम्यं कासानां जायते ततः ।

घाँटी चिलाउनु, अरुचि हुनु र घाँटीमा केही कुराको टुँडो बिजे जस्तो भान हुनु : यी खोकीका पूर्वलक्षण हुन् । शरीरो तल्लो भागबाट विरोध गरिएको वायु शरीरको माख्लो भागतिर जानेक्रममा मुटु र फोक्सोमा पुगी त्यहाँ केही समय रोकिएर सासनलीमा (वा घाँटीमा) पुनः रोकिई टाउकाका ग्रन्थिलाई भर्दै अङ्गहरूमा झट्कार्दै, आँखालाई समेत हुत्याउन खोज्दै ढाड, फोक्सो, मुटु र कोख दुखाउँदै मुखबाट बाहिर निस्कन्छ । यसबेला त्यसको आवाज फुटेका काँसका भाँडा बजेजस्तो हुने गर्दछ । यसरी खोकी लागेको अवस्था हेर्दा खोकी एउटै किसिमको हुने देखिन्छ । तर पनि वायुले हिर्काउने र हुत्याउने तरिकामा भिन्नता हुने कारणले गर्दा यसका पाँच प्रकार हुन पुग्दछ । यी पाँच वटै खोकीमा कष्ट र निस्कने आवाजमा असमानता हुने गर्दछ ।

कुपितो वातलैर्वातः शुष्कोरःकण्ठवक्त्रताम् ॥ हृत्पार्श्वोरःशिरःशूलं मोहक्षोभस्वरक्षयान् ।
करोति शुष्कं कासं च महावेगरुजास्वनम् ॥
करोसोऽङ्गहर्षी कफं शुष्कं कृच्छ्रान्मुक्त्वाल्पतां व्रजेत् ।

वातविकार बढाउने खालको आहारविहारका कारण उत्तेजित भएको शरीर भित्रको वायुले मुटु, फोक्सो, घाँटी र मुखको सुक्खापन; मुटु, कोख, फोक्सो र टाउकोमा पीडा; मोह, शरीर भरी हलचल सहित स्वरलाई भेदन गर्दछ । यस अवस्थामा ठूलो वेगले सुक्खा खोकी लाग्दछ र उल्लेखित अङ्ग अति दुख्दछ । आवाज पनि ठूलो आउँदछ । शरीर रोमाञ्चित हुन्छ र सुकेको कफ अलि अलि बल्लतल्ल निस्केपछि खोकी पनि केही कम हुन्छ ।

पित्तात्पीताक्षिकफता तिक्तास्यत्वं ज्वरो भ्रमः ॥
पित्तासृग्वमनं तृष्णा वैस्वर्यं धूमकोऽम्लकः । प्रततं कासवेगेन ज्योतिषामिव दर्शनम् ॥

आँखा र निस्कने कफ पहेँलो हुनु, मुख तितो हुनु, जरो आउनु, भ्रम हुनु, पित्त र रगत सहितको बान्ता हुनु, तिर्खा लाग्नु, स्वर बस्नु, घाँटीबाट धुवाँ आइरहेको जस्तो भान हुनु, नसा लागे जसरी झुम्म हुनु तथा खोकी लाग्दा आँखा अगिल्तिर ज्योतिजस्तो देखिनु : यी पित्तजन्य खोकीका लक्षण हुन् ।

कफादुरोऽल्परुङ्मूर्धहृदयं स्तिमितं गुरु । कण्ठोपलेपः सदनं पीनसच्छर्दरोचकाः ॥
रोमहर्षो घनस्निग्धश्वेतश्लेष्मप्रवर्तनम् ।

मुटु र फोक्सो अलिअलि दुख्नु, टाउको र मुटु गिलो र भारी हुनु, घाँटी लेस्यालो हुनु, टाउको गल्नु, पिनास हुनु, वाकवाकी लाग्नु, अरुचि हुनु, शरीर रोमाञ्चित हुनु तथा बाक्लो, चिल्लो र सेतो कफ आउनु : यी कफजन्य खोकीका लक्षण हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

युद्धाद्यैः साहसैस्तैस्तैः सेवितैरयथाबलम् ॥ उरस्यन्तःक्षते वायुः पित्तेनानुगतो बली ।
कुपितः कुरुते कासं कफं तेन सशोणितम् ॥ पीतं श्यावं च शुष्कं च ग्रन्थितं कुथितं बहु ।
ष्ठीवेत्कण्ठेन रुजता विभिन्नेनेव चोरसा ॥ सूचीभिरिव तीक्ष्णाभिस्तुद्यमानेन शूलिना ।
पर्वभेदज्वरश्वासतृष्णावैस्वर्यकम्पवान् ॥ पारावत इवाकूजन् पार्श्वशूली ततोऽस्य च ।
क्रमाद्वीर्यं रुचिः पक्ता बलं वर्णश्च हीयते ॥ क्षीणस्य सासृङ्मूत्रत्वं स्याच्च पृष्ठकटीग्रहः ।

युद्ध आदि जस्ता आफ्ना शारीरिक क्षमताभन्दा बढी गर्नाले छाती भित्र घाउ हुन पुग्दछ । यसले गर्दा शरीर भित्रको वायु पित्तसँग मिलेर बलियो भई उत्तेजित हुँदै खोकी निकाल्न थाल्दछ । यस्तो खोकीमा रगत मिसिएको, पहेँलो, कालो, सुक्खा, डल्ला डल्ला परेको, सडेको कफ धेरै निस्कने गर्दछ । घाँटी दुख्दछ, छाती चिरिन लागेको जस्तो हुन्छ, छातीमा सियोले घोचेजसरी दुख्दछ, हरेक जोर्नी फुस्केको जसरी दुख्दछ, जरो आउँदछ, दम निस्कन्छ, तिर्खा लाग्दछ, स्वर बस्दछ, शरीर काम्दछ, रोगी परेबा घुरेजसरी घुर्दै ऐया ऐया गर्न थाल्दछ र कोखा सुन्निन्छ । यसपछि बिस्तारै शक्ति, रुचि, पाचनशक्ति, बल र वर्ण नाश हुँदै जान थाल्दछ ।
यदि यस्तो किसिमको खोकी अत्यधिक सहवासका कारण शुक्र क्षय भएर वा शुक्र बहने मार्गै वा ग्रन्थीमा घाउ भएर लागेको छ भने पिसाबसँगै सँगै मिसिएर रगत आउने गर्दछ तथा ढाड र कम्मर अररो हुन्छ ।

वायुप्रधानाः कुपिता धातवो राजयक्ष्मिणः ॥ कुर्वन्ति यक्ष्मायतनैः कासं ष्ठीवेत् कफं ततः ।

पूतिपूयोपमं पीतं विस्रं हरितलोहितम्॥ लुञ्च्यते इव पार्श्वे च हृदयं पततीव च ।
अकस्मादुष्णशीतेच्छा बह्वाशित्वं बलक्षयः॥
स्निग्धप्रसन्नवक्त्रत्वं श्रीमद्दर्शननेत्रता । ततोऽस्य क्षयरूपाणि सर्वाण्याविर्भवन्ति च॥

क्षयरोग (टी०बी०) लागेको बिरामीको वातविकारले बलियो भएको वात, कफ आदि दोष क्षयरोग सहित, वेगको रोकावट, धातुको क्षय तथा समय समयमा नखाने कारणले गर्दा उत्तेजित भई खोकी लगाउने गर्दछ । यस्तो खोकीमा गनाउने, पीप जस्तो, पहेँलो, काँचो मासु गनाए जस्तो गनाउने, हरियो वा रातो कफ आउने गर्दछ । कोखो वा फोक्सो अन्त सरेको जस्तो भान हुन्छ, मुटु पनि अन्त सरेको जस्तो लाग्दछ, कुनै कारण बिना नै कहिले तातो त कहिले चिसो आहारविशारको चाहना हुन थाल्दछ, खानाको परिमाण बढ्दछ, धेरै खान्छ तर बल भने घट्दै जान्छ, मुख चिल्लो र हँसिलो देखिन्छ, आँखा चम्किला र राम्रा देखिन्छन् । यसपछि क्षयरोगका सबै लक्षण देखिन थाल्दछ ।

इत्येष क्षयजः कासः क्षीणानां देहनाशनः । याप्यो वा बलिनां तद्वत् क्षतजोऽभिनवौ तु तौ॥
सिध्येतामपि सानाथ्यात् साध्या दोषैः पृथक् त्रयः ।
मिश्रा याप्या द्वयात्सर्वे जरसा स्थविरस्य च॥

यसरी लाग्ने यो क्षयरोगजन्य खोकी कमजोर र दुर्बल मानिसका लागि निको नहुने गर्दछ भने बलियालाई पनि कहिलेकाहीँ रोक्न मात्र सकिने बन्न पुग्दछ । यसैगरी घाउजन्य खोकी पनि कमजोरलाई निको नहुने र बलियोलाई रोक्न सकिने हुने गर्दछ । तर यी दुवै खालको खोकी नयाँ छ र उपचारका चारै उपाय गनिला छन् भने कहिले काहिँ ठिक पनि हुने गर्दछ । अरु तीन थरी खोकी उपचारले निको हुन्छ । दुई थरी दोष मिलेर लागेको खोकी र बृद्धावस्थामा लाग्ने खोकी रोक्न सकिने खालको मात्र हुन्छ ।

कासाच्छ्वासक्षयच्छर्दिस्वरसादादयो गदाः । भवन्त्युपेक्षया यस्मात्तस्मात्तं त्वरया जयेत्॥

बेलैमा उपचार नगर्दा खोकीले दम, क्षयरोग, वाकवाकी, स्वर बस्ने र पिनास हुने जस्ता रोग निकाल्दछ । यसैले खोकीको जतिसक्यो चाँडो उपचार गर्नुपर्दछ ।

(ख) गरुडपुराण :

आशुकारी यतः कासः स एवातः प्रवक्ष्यते । पञ्च कासाः स्मृता वातपित्तश्लेष्मक्षतक्षयैः॥

खोकीले तुरुन्त प्राणीमाथि आफ्नो खराब असर देखाउँदछ । अब त्यही रोगका बारेमा बताइन्छ । खोकी वात, पित्त, कफ, क्षत र धातु-क्षयका कारण हुनेगरी पाँच प्रकारका मानिएको छ ।

क्षयायोपेक्षिताः सर्वे बलिनश्चोत्तरोत्तरम् । तेषां भविष्यतां रूपं कण्ठे कण्डूररोचकः॥

यदि यी पाँच थरी खोकीलाई बेवास्ता गरियो भने त्यसले क्षयरोग हुन्छ । यि हरेक क्रमशः बलिया हुन्छन् । खोकी लाग्दा घाँटी चिलाउने र खान मन नलाग्ने हुन्छ ।

शुष्ककणास्यकण्ठत्वं तत्राधोवोहतोऽनिलः । ऊर्ध्वं प्रवृत्तः प्राप्योरस्तास्मन्कण्ठ च संसृजन्॥ शिरास्रोतांसि संपूर्य्य ततोऽङ्गान्युत्क्षिपन्ति च । क्षिपन्निवाक्षिणी क्लिष्टस्वरः पार्श्वे च पीडयन्॥ प्रवर्त्तते सवक्त्रेण भिन्नकांस्योपमध्वनिः । हृत्पार्श्वोरुशिरः शूलमोहक्षोभस्वरक्षयान्॥

कान मुख र घाँटीमा सुक्खापन आउँदछ । शरीरको वायु प्रायः अधोगामी हुन्छ । तर यो रोगमा ऊर्ध्वगामी भएर छातीमा पुग्दछ । त्यहाँ ठक्कर दिँदै वायु घाँटीमा रोग निकाल्दै मस्तिष्क तथा रक्तवाहिनी आदि शरीरका १३ वटा स्रोतमा पुग्दछ । त्यसपछि सबै अङ्ग-प्रत्यङ्गमा छिरी पीडा दिन थाल्दछ । यसले गाँजेपछि आँखामा दनक दिँदै ढाड तथा मुटु र कोख दुखाउँदै मुखबाट बाहिर निस्कने गर्दछ । बोल्न पनि गाह्रो हुन्छ । मुखबाट चर्केका काँसका भाँडा बजेजस्तो स्वर निस्कन्छ । छातीका दायाँबायाँ र टाउको दुख्न थाल्दछ । मोह एवं दिग्दारी हुन्छ र स्वरभङ्ग हुन्छ ।

करोति शुष्ककासञ्च महावेगरुजास्वनम् । सोंगहर्षो कफं शुष्कं कृछ्रान्मुक्त्वाल्पतां व्रजेत्॥

यसले रोगीलाई अती कडा दर्दसहीतको सुक्खा खोकी खोक्न बाध्य पार्दछ । रोगीलाई रोमाञ्चित पार्दछ । खोक्दा बल्लतल्ल अलिकति कफ बाहिर निस्कन्छ, जसले गर्दा रोगीलाई खोकी केही कम हुन्छ ।

पित्तात्पीताक्षिकत्वं च तिक्तास्यत्वं ज्वरो भ्रमः । पित्तासृग्वमनं तृष्णा वैस्वर्यं धूमको मदः॥

पित्तजन्य खोकीमा आँखा पहेँला हुन्छन्, मुख तीतो हुन्छ, जरो आउँदछ, भ्रम हुन्छ ररोगीले धुवाँ र पित्त मिसिएको बान्ता गर्दछ । उसलाई तिर्खा लाग्दछ, घाँटीबाट बसेको स्वर निस्कन्छ, उसलाई सबैतिर धुवाँ नै धुवाँ देखिन थाल्दछ । धुवाँ सहितको पिरो डकार आउँदछ र नसामा रहेको जस्तो हुन्छ ।

प्रततं कासवेगे च ज्योतिषामिव दर्शनम् । कफादुरोऽल्परुङ्मूर्द्धि हृदयं स्तिमिते गुरु॥

जब रोगीलाई खोकीको वेगले समाउँदछ तब उसलाई आँखाका अगिल्तिर ससाना चम्किरहेका प्रकाशपुञ्ज देखिन थाल्दछ । कफजन्य खोकीमा छाती साधारण तरिकाले दुख्ने गर्दछ । टाउको गह्रौं हुन्छ । मुटु कस्सिन थाल्दछ ।

कण्ठे प्रलेपमदजं पीनसच्छर्द्यरोचकाः । रोमहर्षो धनस्निग्धंश्लेष्मणाञ्च प्रवर्त्तनम्॥

घाँटीमा केही पदार्थ गएर टाँस्सिएको जस्तो हुन्छ । पूरै शरीर लठ्ठिएको जस्तो हुन्छ । पिनास, बान्ता, अरुचि, रोमाञ्च र चिल्लो कफमा वृद्धि हुन्छ ।

युद्धाद्यैः साहसैस्तैस्तैः सेवितैरयथाबलम् । उपस्यन्तः क्षतो वायुः पित्तेनानुगतो बली॥

युद्ध आदि अती साहसिला कार्य गर्ने मानिसबाट जब अत्यधिक शक्ति लगाएर कुनै काम गरिन्छ तब छातिमा त्यसले घाउ (क्षत) हुन्छ । यसपछि पित्तले लखेटिरहेको वायु बलियो हुन पुग्दछ ।

कुपितः कुरुते कासं कफं तेन सशोणितम्। पीतं श्यावञ्च शुष्कञ्च ग्रथितं कुपितं बहु॥

यसपछि रोगीलाई खोकी लाग्न शुरु हुन्छ। मुखबाट रगत मिसिएको कफ धेरै निस्कन थाल्दछ। यस्तो कफ प्रायः पहेंलो, कालो र पहेंलो मिसिएको, सुक्खा, डल्लो (ग्रथित) र अती दूषित हुने गर्दछ।

ष्ठीवेत्कण्ठेन रुजता विभिन्नेनैव चोरसा। सूचीभिरिव तीक्ष्णाभिस्तुद्यमानेन शूलिना॥

यस रोगमा रोगी कमजोर घाँटीबाट कफरूपी मललाई बाहिर निकाल्दछ। वायुदोषका कारण मुटु चिरिएको जस्तो लाग्ने गर्दछ। शरीरभरी सियोले घोजेजस्तो दुःख हुन्छ।

दुःखस्पर्शेन शूलेन भेदपीडाहितापिना। पर्वभेदज्वरश्वासतृष्णावैस्वर्यकम्पवान्॥

कष्टदायक शूलले गर्दा मर्मस्थलमा पीडा हुन थाल्दछ। जोर्नी जोर्नी दुख्दछन् र जरो पनि आउँदछ। सास फुल्दछ। तिर्खा बढ्दछ। आवाज बस्न थाल्दछ र शरीर काम्न थाल्दछ।

पारावत इवोत्कूजन्पार्श्वशूली ततोऽस्य च। कफाद्यैर्वमनं पक्तिबलवर्णञ्च हीयते॥

यस अवस्थामा रोगी परेबा घुरे जसरी घुर्न थाल्दछ। कोखमा शूल हुन थाल्दछ। कफविकारले गर्दा बान्ता हुन थाल्दछ। शरीरको बल घट्दछ र वर्ण कान्तिहीन हुन्छ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्षीणस्य सासृङ्मूत्रत्वं श्वासपृष्ठकटिग्रहः। षायुप्रधानाः कुपिता धावतो राजयक्ष्मणः॥

क्षयरोग हुनाले गर्दा रोगीको शरीर दुब्लाउन थाल्दछ। रगत मिसिएको पिसाब आउन थाल्दछ। सास फुल्नाले ढाड र कम्मर दुख्न थाल्दछ। जेलाई शास्त्रमा आयु भनिएको छ ती आयुरूपी धातुहरू शरीरमा दूषित भएर दौडन थाल्दछन्।

कुर्वन्ति यक्ष्मायतने कासं ष्ठीवत्कफं ततः। पूतिपूयोपमं वीतं मिश्रं हरितलोहितम्॥

क्षयरोगीले पूरै घरलाई खोकी र कफमय बनाई दिन्छ। यो खकार पनि पीप जस्तो गनाउने तथा हरियो र रातो रङ्गको हुन्छ।

सुप्यते तुद्यत इव हृदयं पचतीव च। अकस्मादुष्णशीतेच्छा बह्वाशित्वं बलक्षयः॥

यस्ता रोगीलाई सुत्नमा विशेष कठिनाई हुन्छ। यो रोगले रोगीको हृदयलाई लडिरहेको जस्तै दुःख दिन्छ। एक्कासी रोगीलाई तातो वा चिसो खानपिन गर्ने चाहना हुन्छ। धेरै खान्छ। उसका तागत घट्दै जान थाल्दछ।

स्निग्धप्रसन्नवक्त्रत्वं श्रीमद्दर्शननेत्रता। ततोऽस्य क्षयरूपाणि सर्वाण्याविर्भवन्ति च॥

मुखमा चिल्लोपन बाँसरहन्छ । आँखा पनि चाम्किला नै (शोभायमान) देखिन्छन् । तर, रोग बलियो भएपछि विनाशकारी क्षयरोगका लक्षण शरीरमा देखिने गर्दछन् ।

इत्येष क्षयजः कास क्षीणानां देहनाशनः । याप्यौ वा बलिनां तद्वत्क्षतजोऽपि नवौ तु तौ ॥

क्षयजन्य खोकीको लक्षण यस्तै हुन्छ । यो रोगबाट दुब्लाउँदै गएको रोगीको मृत्यु निश्चित छ । अथवा रोगीको तागत अनुसार यो रोग सजिलै निको हुन वा बल्लबल्ल निको हुन पनि सक्दछ । क्षतजन्य खोकी पनि यस्तै हो । यस रोगको शुरुका लक्षण देखिँदै उपचार गरिनु पर्दछ ।

सिध्येतामपि सामर्थ्यात्साध्यादौ च पृथक्क्रमः । मिश्रा याप्याश्च ये सर्वे जरसः स्थविरस्य च ॥

उपचार गर्ने सामर्थ्य हुँदा यो रोग निको हुन्छ । त्यसैले रोगीले सामर्थ्य अनुसार यस रोगको उपचार गर्नु पर्दछ । तर, उपचार शुरुगर्नु अघि उसका वात आदि अन्य सबै दोष, पथ्यापथ्य आहार, औषधीको मिश्रण आदि विचार गरेर मात्र उपचार शुरु गर्नु पर्दछ । बूढाबूढीको शरीरमा जेजस्ता खोकी लाग्दछन् ती अलि कठिन किसिमले निको हुन्छन् ।

कासश्वासक्षयच्छर्दिस्वरसादादयो गदाः । भवन्त्युपेक्षया यस्मात्तस्मात्तास्त्वरया जयेत् ॥

यसलाई वास्ता नगर्दा खोकी, दम, क्षयरोग, बान्ता र स्वर बस्ने आदि हुन्छ । (अझै) बेवास्ता गरे यो रोग निको नहुने बन्न पुग्दछ । यसैले जतिसक्यो चाँडो यसको उपचार गर्नु पर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) भावप्रकाश संहिता, माधव निदान :

धूमोपघातादृसतस्तथैव व्यायामरूक्षान्ननिषेवणाच्च ।
विमार्गगत्वाच्च हि भोजनस्य वेगावरोधात् क्षवथोस्तथैव ॥

(मुख, नाक वा घाँटीमा) धुवाँ छिर्नाले, धुलाम्मे बाटामा हिँड्नाले, हावाले बोकिरहेको आमरस मुखतिर छिर्नाले, रुखो अन्न धेरै खानाले, खाएको खाना अर्कै नलीमा जानाले तथा हाच्छिउँको वेग रोक्नाले लाग्ने रोगलाई बुद्धिमान् मानिस कास वा खोकी भन्दछन् ।

प्राणो ह्युदानानुगतः प्रदुष्टः स भिन्नकांस्यस्वनतुल्यघोषः ।
निरेति वक्त्रात् सहसा सदोषो मनीषिभिः कास इति प्रदिष्टः ॥

माथि उल्लेखित कारणले दूषित भएको प्राण वायु उदान वायुसँग मिलेर फुटेका काँसका भाँडा बज्दा निस्कने आवाज जस्तो आवाज निकालेर कफपित्त सहित (वा रहित) मुखबाट एक्कासी बाहिर आउँदछ, यस्तो अवस्थाविशेषलाई कास वा खोकी भनिन्छ ।

पञ्च कासाः स्मृता वातपित्तश्लेष्मक्षतक्षयैः । क्षयायोपेक्षिताः सर्वे बलिनश्चोत्तरोत्तरम् ॥

वातजन्य, पित्तजन्य, कफजन्य, घाउजन्य र क्षयरोगजन्य गरी खोकी पाँच किसिमका हुन्छन् । वास्ता गरिएन भने सबै खालका खोकी क्षयरोगमा परिणत हुन सक्दछन् । यी खोकी क्रमशः पछिल्ला कडा वा बलिया हुन्छन् ।

पूर्वरूपं भवेत्तेषां शूकपूर्णगलास्यता । कण्ठे कण्डूश्च भोज्यानामवरोधश्च जायते ॥

सबै खालका खोकीमा शुरुमा मुख र घाँटीमा टुँडो भरिएको जस्तो हल्का वेदना हुन्छ, घाँटी चिलाउँदछ र खाइने कुरा घाँटीमा रोकिने गर्दछ ।

हृच्छङ्खमूर्धोदरपार्श्वशूली क्षामाननः क्षीणबलस्वरौजाः ।
प्रसक्तवेगस्तु समीरणेन भिन्नस्वरः कासति शुष्कमेव ॥

वातविकारले लाग्ने खोकीमा मुटुको भाग, कञ्चटको भाग, टाउको, पेट र कोखो सुन्निने गर्दछ । खोक्नेको मुख (अनुहार) सुक्खा र तेजहीन देखिन्छ । शारीरिक बल, स्वर र ओक्ष पनि खिइन्छ । लगातार खोकी खाइरहन्छ । यो सुक्खा हुन्छ । कफ आदि प्रायः आउँदैन । आवाज घोत्रो हुन थाल्दछ वा स्वर बस्दछ ।

उरोविदाहज्वरवक्त्रशोषैरभ्यर्दितस्तिक्तमुखस्तृषार्तः ।
पित्तेन पीतानि वमेत् कटूनि कासेत्स पाण्डुः परिदह्यमानः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

पित्तजन्य खोकीमा छाती पोल्दछ वा दुख्दछ, जरो आउँदछ, मुख सुकिरहन्छ, मुखको स्वाद तितो हुन्छ, अत्यधिक तिर्खा लाग्दछ, पित्तसँगै पहेँलो रङको बान्ता हुन्छ, सारा शरीर भतभती पोल्दछ र पाण्डुरोगका लक्षण समेत देखिन थाल्दछन् ।

प्रलिप्यमानेन मुखेन सीदञ्छिरोरुजार्तः कफपूर्णदेहः ।
अभक्तरुग्गौरवकण्डुयुक्तः कासेद्भृशं सान्द्रकफः कफेन ॥

कफजन्य खोकीमा रोगीको मुख जतिखेर पनि कफले भरिने गर्दछ, शरीर शिथिल हुन्छ, टाउको दुखिरहन्छ, शरीरभरी कफ नै कफ भरिएको जस्तो भान हुन्छ, खान मन लाग्दैन, शरीर भारी हुन्छ, चिलाउँदछ र खोकीसँगै बाक्लो कफ मुखबाट बाहिर आउने गर्दछ ।

अतिव्यवायभाराध्वयुद्धाश्वगजविग्रहैः । रूक्षस्योरःक्षतं वायुर्गृहीत्वा कासमाचरेत् ॥
स पूर्वं कासते शुष्कं ततः ष्ठीवेत् सशोणितम् । कण्ठेन रुजताऽत्यर्थं विरुग्णेनेव चोरसा ॥
सूचीभिरिव तीक्ष्णाभिस्तुद्यमानेन शूलिना । दुःखस्पर्शेन शूलेन भेदपीडाभितापिना ॥
पर्वभेदज्वरश्वासतृष्णावैस्वर्यपीडितः । पारावत इवाकूजन् कासवेगात् क्षतोद्भवात् ॥

अति धेरै स्त्री-सहवास गर्नाले, क्षमताभन्दा बढीको बोझ उठाउनाले, धेरै पैदल हिँड्नाले; दौडिरहेका हात्ती, घोडा रोक्नाले र बलियो मानिससँग युद्ध गर्नाले छातीमा जब घाउ हुनछ तब शरीरको भित्रको वायु त्यो घाउ भएका स्थानमा पुगी खोकी लगाउन थाल्दछ । रोगीलाई शुरुमा त सुक्खा खोकी मात्र

लाग्दछ तर आलं पाछं गएर खाकां संगं मुखबाट रगत पानं आउन थाल्दछ । यसबला घाटा धरं दुख्दछ, छाती दुख्दछ, छातीमा सियोले घोचिरहेको जस्तो भान हुन्छ, शूल निस्कन्छ, हरेक अङ्ग टुटफुट भइरहेको जस्तो लाग्दछ, जरो आउँदछ, दम निस्कन्छ, तिर्खा लाग्दछ, स्वरमा समस्या देखिन्छ र परेबा घुरेको जस्तो स्वर सहित खोकी चलिरहने गर्दछ ।

विषमासात्म्यभोज्यातिव्यवायाद्वेगनिग्रहात् । घृणिनां शोचतां नृणां व्यापन्नेऽग्नौ त्रयो मलाः ॥
कुपिताः क्षयजं कासं कुर्युर्देहक्षयपदम् ॥

नमिल्दा वा शरीरले नसहने खालको भोजन, अति मैथुन, मलमूत्र आदिको वेग रोक्ने कार्य, अत्यन्त घृणा गर्ने आदत र जतिखेर पनि शोक गरिरहने आदतले मानिसको शरीरमा भएको अग्नि एवं पचाउने अग्नि विकृत वा खराब हुन पुग्दछ । यस्तो अग्निले गर्दा तिन वटै दोष सहितको शरीरलाई नाश गर्ने खोकी जन्माउँदछ ।

सगात्रशूलज्वरदाहमोहान् प्राणक्षयं चोपलभेत कासी ।
शुष्यन् विनिष्ठीवति दुर्बलस्तु पक्षीणमांसो रुधिरं सपूयम् ॥
तं सर्वलिङ्गं भृशदुश्चिकित्स्यं चिकित्सितज्ञाः क्षयजं वदन्ति ॥

क्षयरोगजन्य खोकी लागेका मानिसका हरेक अङ्गमा शूल हुन्छ, जरो आउँदछ, डाह हुन्छ र अन्तमा ज्यान समेत जाने सम्भावना हुन्छ । यसबेला रोगी बिस्तारै सुक्दै जान्छ, बल र मासु घट्दछ तथा खोकीसँगै पीप र रगत मिसिएर आउँदछ । यस्तो त्रिदोषका लक्षण सहितको खोकी प्रायः निको हुँदैन । चिकित्साशास्त्रका विज्ञहरू यसलाई क्षयरोगजन्य खोकी भन्दछन् ।

इत्येष क्षयजः कासः क्षीणानां देहनाशनः । साध्यो बलवतां वा स्याद्याप्यस्त्वेवं क्षतोत्थितः ॥
नवौ कदाचित्सिध्येतामपि पादगुणान्वितौ । स्थविराणां जराकासः सर्वो याप्यः पकीर्तितः ॥
त्रीन् पूर्वान् साधयेत् साध्यान् पथ्यैर्याप्यांस्तु यापयेत् ॥

यस्तो क्षयरोगजन्य खोकीले कमजोर शरीरलाई त नाश गर्दछ नै । बलियो शरीर हुनेलाई भने कहिले यो निको हुने र कहिले रोगथाम मात्र गर्न सकिने अवस्थाको हुने गर्दछ । यसैगरी घाउजन्य खोकी पनि कमजोरका लागि निको नहुने तथा बलियोका लागि सजिलै निको हुने वा रोक्न मात्र सकिने खालको हुने गर्दछ । भर्खर लागेको क्षरोगजन्य र घाउजन्य खोकी वैद्यका चार उपायले कहिलेकाहीँ सजिलै निको पनि हुने गर्दछ । यी खोकीमध्ये पहिला तीन थरी खोकीको उपचार गर्नू । रोक्न मिल्ने खोकीलाई त्यस्तै खालका ओखती खुवाएर रोक्नू र निको नहुने बन्न नदिनू ।

(घ) राज निघण्टु :

कास र क्षवथु : यी खोकीका पर्यायवाची नाम हुन् ।

कासमर्द (ठूलो तापे्र)
(Stinking weed)

परिभाषा :

(क) के.यन.स्वामी : कासमर्द : करौंदी ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) ठूलो तापे्र : ठुला पात हुने, पहेँला फूल र मकैबोडीका जस्ता कोसा फल्ने एक जातको तापे्रको बोट वा त्यसको कोसा; ठूलो जातको छिनछिने । (२) छिनछिने : पहेँलो रङ्को फूल फुल्ने, केराउका आकारका केही मोटा कोसा फल्ने, दुर्भिक्षमा ती कोसाका फल भुटेर खाइने र बोक्राको पाट निकालिने एक जातको वनस्पति ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा The Negro Coffee तथा ल्याटिन भाषामा *Cassia occidentalis* Linn. भनिन्छ । यो वर्षा ऋतुमा बढी हुन्छ । यसको बोट ३-४ फीट अग्लो र केही गन्ध आउने खालको हुन्छ ।

(घ) आचार्य बालकृष्ण : यसलाई वनस्पति शास्त्रमा *Cassia occidentalis* (L.) Rose. वा *Senna occidentalis* (Linn.) Link भनिन्छ । यसको अंग्रेजी नाम Coffeeweed, Coffee senna, Stinking weed, Weed coffee वा Styptic weed पनि हो । यसलाई नेपालीमा ठूलो तापे्र र हिन्दीमा कसौंदी भनिन्छ । यसको कालो रङ्को अर्को एक जात पनि हुन्छ ।

ठूलो तापे्र, कासमर्द (तस्बिर श्रोतः आचार्य बालकृष्ण)

(ङ) Indian medicinal plants, a compendium of 500 species, 2, Orient Longman : यो Caesalpiniaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Cassia occidentalis* Linn. वा *Senna occidentalis* roxb. हो । अंग्रेजीमा यसलाई Negro coffee, Stiking weed भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

कथयन्ति कासमर्दं कासघ्नं पीतपुष्पमरिमर्दम् ।
तालकतकं च कर्कशमित्यभिधानैः समानार्थैः ॥
सितकासमर्दमाहुः श्रीपुष्पं देवपुष्पमिति । चन्दनपुष्पं च लवं भृङ्गाराह्वं च दरपुष्पम् ॥

कासमर्द, कासघ्न, पीतपुष्प, अरिमर्द, तालकतक र कर्कश : यी ठूलोतापे्रका पर्यायवाची नाम हुन् ।

सितकासमर्द, श्रीपुष्प, देवपुष्प, चन्दनपुष्प, लव, भृङ्गाराह्व र दरपुष्प : यी सेतो ठूलोताप्रेका पर्यायवाची नाम हुन् ।

(ख) **आयुर्वेद महोदधि :**

कृमिपित्तकफध्वंसी दीपनः कासमर्दकः॥

ठूलोताप्रे कीरा, पित्तविकार र कफविकार नाशगर्ने तथा पाचनशक्ति बढाउने गुणको हुन्छ ।

(ग) **कैयदेव निघण्टु :**

कालः कातक कासारीः कासमर्दोऽरिमर्दकः । कासघ्नः कर्कशो ज्ञेयः स्तुषन्यो कासमर्दिका॥
कासमर्दः कटुस्तिक्तो मधुरः कण्ठशोधनः । पाचनो रोचनो रूक्षो दोषकासविषापहः॥
रुक्षं सरं वातकफौ निहन्ति, कृमींश्च वह्निं वितनोति तिक्तम् ।
कासारुचिश्वासहरं लघूष्णं कासघ्नपत्रं कटुकं विपाके॥
कासमर्दस्य पुष्पं तु श्वासकासोर्ध्ववातनुत् ।

काल, कातक, कासारी, कासमर्द, अरिमर्दक, कासघ्न र कर्कश तथा स्तुषन्या र कासमर्दिका : यी ठूलोताप्रेका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, गुलियो, घाँटी सफा गर्ने, पाचनी, रुचिप्रद, रुखो; त्रिदोष, खोकी र विषविकार नाश गर्ने; रुखो (? दोहोरो), मलमूत्रलाई तलतिर सार्ने तथा वातविकार, कफविकार र कीरा नाश गर्दछ तथा अग्निलाई फैलाउँदछ । यो तीतो हुन्छ । यसले खोकी, अरुचि र दम नाश गर्दछ । यो पातपचाउन सहज र उष्णवीर्यको हुन्छ । यसको पात पचेपछि पिरो हुन्छ । यसको फूलले दम, खोकी र ऊर्ध्ववात नाश गर्दछ ।



Source : Indian medicinal plants, a compendium of 500 species, 2, Orient Longman

(घ) **द्रव्यगुणसङ्ग्रह :**

कासमर्दोऽग्निदः कण्ठ्यः स्वादुस्तिक्तस्त्रिदोषनुत् ।

ठूलोताप्रे पाचकअग्नि बढाउने, घाँटि को हित गर्ने, स्वादिलो, तितो र त्रिदोषलाई नाश गर्ने गुणको हुन्छ ।

(ङ) **धन्वन्तरि निघण्टु :**

कासमर्दोऽरिमर्दश्च कासारिः कर्कशस्तथा॥ कालः कण्टक इत्युक्तः स च स्यात्कासमर्दकः ।
कासमर्दः सुतिक्तः स्यान्मधुरः कफवातजित्॥ विशेषतः पित्तहरः पाचनः कण्ठशोधनः ।

कासमर्द, अरिमर्द, कासारि, कर्कश, काल, कण्टक र कासमर्दक : यी ठूलो ताप्रेका पर्यायवाची नाम हुन् । यो अति तितो, गुलियो, कफविकार वातविकारलाई जित्ने, विशेषगरी पित्तविकार नाश गर्ने, पाचनी र घाँटीलाई प्रशोधन गर्ने गुणको हुन्छ ।

(च) **निघण्टुशेष :**

कासमर्दे त्वरिमर्दः कालं कनक-कर्कशौ ।
(कासं मर्दयति कासमर्दः । अरीन् मर्दयति अरिमर्दः । कालं वर्णेन । कनति-दीप्यते कनकः । कर्कं श्यति कर्कशः ।) ।

कासमर्द, अरिमर्द, काल, कनक र कर्कश : यी ठूलोताप्रेका पर्यायवाची नाम हुन् ।

(छ) **पर्यायरत्नमाला :**

कालङ्कतश्चारिमर्दः कासमर्दस्तु कर्कशः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कालङ्कत, अरिमर्द, कासमर्द र कर्कश : यी ठूलोताप्रेका पर्यायवाची नाम हुन् ।

(ज) **भावप्रकाश निघण्टु :**

कासमर्दोऽरिमर्दश्च कासारिः कर्कशस्तथा॥ कासमर्ददलं रुच्यं वृष्यं कासविषास्रनुत् ।
मधुरं कफवातघ्नं पाचनं कण्ठशोधनम्॥ विशेषतः कासहरं पित्तघ्नं ग्राहकं लघु ।

कासमर्द, अरिमर्द, कासारि र कर्कश : यी ठूलो ताप्रेका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको पात रुचिकर, वीर्यवर्धक तथा खोकी, विषविकार र रक्तविकार नाशक हुन्छ । गो गुलियो, कफविकार नाशक र वातविकार नाशक हुन्छ । यसले खाएको कुरा पचाउँदछ र घाँटी सफा गर्दछ । विशेषगरी यसले खोकी र पित्तविकार नाश गर्दछ । यसले कब्जियत गर्दछ तर यो पचाउन हलुका हुन्छ ।

(झ) **मदनपाल निघण्टु :**

कासमर्दः कर्कशः स्याज्जरणोऽजगरस्तथा । कासमर्दो लघुः कण्ठ्यः कासदोषविषास्रजित्॥

कासमर्द, कर्कश, जरण र अजगर : यी ठूलोताप्रेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन सहज, घाँटीका लागि हितकर तथा खोकी, त्रिदोष, विषविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

(ञ) **मदनादि निघण्टु :**

कासमर्दोऽरिमर्दश्च कासारिः कर्कशस्तथा । कोलङ्कतक इत्युक्तः स च स्यात्कासमर्दकः ॥
कासमर्दः समाख्यातः सूक्ष्मश्शिशिर एव च । कासनिर्न्यासयत्येषां नाशयत्यखिलं विषम् ॥

कासमर्द, अरिमर्द, कासारि, कर्कश, कोलङ्कतक, कासमर्दकःर सूक्ष्मश्शिशिर : यी ठूलोताप्रेका पर्यायवाची नाम हुन् । यसले खोकी सबै खालका विषविकार नाश गर्दछ ।

(ट) **माधवद्रव्यगुण, सुश्रुत संहिता :**

विशेषतः पित्तहरः सतिक्तः कासमर्दकः ।

केही तितो हुने ठूलोताप्रेले विशेषगरी पित्तविकार नाश गर्दछ ।

(ठ) **राजनिघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

कासमर्दोऽरिमर्दश्च कासारिः कासमर्दकः । कालः कनक इत्युक्तो जारणो दीपकश्च सः ॥
कासमर्दः सतिक्तोष्णो मधुरः कफवातनुत् । अजीर्णकासपित्तघ्नः पाचनः कण्ठशोधनः ॥

कासमर्द, अरिमर्द, कासारि, कासमर्दक, काल, कनक, जारण र दीपक : यी ठूलो ताप्रे (कासमर्द) का संस्कृत पर्यायवाची नामहरू हुन् । यो तीतो, उष्णवीर्यको, गुलियो तथा कफविकार र वातविकार नाशक हुन्छ । यसले अजीर्ण, खोकी र पित्तविकार नाश गर्दछ । यो पाचनी हुन्छ र यसले घाँटी सफा गर्दछ ।

(ड) **राजवल्लभ निघण्टु :**

कासमर्दोऽग्निदः स्वर्यः स्वादुस्तिक्तस्त्रिदोषजित् ॥

करौंदीको साग शरीरको अग्निलाई बाल्ने, स्वरका लासग हितकर, स्वादिलो, तीतो र त्रिदोषलाई जित्ने गुणको हुन्छ ।

(ढ) **सरस्वती निघण्टु :**

कासमर्दो राजवृक्षः कासघ्नः पीतपुष्पकः । कासारिः परिमर्दश्च कर्षकः कासमर्दकः ॥

कासमर्द, राजवृक्ष, कासघ्न, पीतपुष्पक, कासारि, परिमर्द, कर्षक र कासमर्दक : यी ठूलोताप्रेका पर्यायवाची नाम हुन् ।

(ण) सोढल निघण्टु :

कासमर्दोऽरिमर्दश्च कासारिः कर्कशस्तथा । कालङ्कतक इत्युक्तः स च स्यात् कासमर्दकः ॥

कासमर्द, अरिमर्द, कासारि, कर्कश, कालङ्कतक र कासमर्दक : यी ठूलोताप्रेका पर्यायवाची नाम हुन् ।

(त) हृदयदीपक निघण्टु :

...कासघ्नः कासमर्दकः ।

कासघ्न र कासमर्दक : यी ठूलोताप्रेका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कासीस (हिराकसी)
(Ferrous Sulphate)

परिभाषा :

(क) के.यन.स्वामी : (१) काशीसम् : हीराकसी । (२) धातुकाशीशम् : केही फुस्रो, धुलो खरानी रङ्गको हिराकसी ।

(ख) नेपाली बृहत् शब्दकोश (हिराकसी) : गन्धकको रासायनिक प्रक्रियाबाट तयार हुने फलामको विकार ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यो फलामको यौगिक उपरस हो । यो प्रायः हरियो हुन्छ । फुटाउँदा सजिलै फुट्द्छ र पानीमा घोलिन्छ । गन्धक र तेजाबको मिसावटमा हुने भिन्नताले यो रातो पनि हुने गर्दछ । यसलाई अंग्रेजीमा Ferrous Sulphate र ल्याटिन भाषामा *Ferry Sulphas* भनिन्छ ।

हिराकसी (तस्बिर श्रोत : इण्डियामार्ट डटकम)

सङ्कलन : मो

संस्कृत पर्यायवाची नामहरू :

(क) अभिधानमञ्जरी :

कासीसं पाण्डुकासीसं गन्धकासीसमम्बरम् । शो(ध)नं खचरं शुभ्रं लघुरूक्षं च रूक्षणम्॥
हंसलोमसमित्येवं धातुकासीसमुच्यते ।

कासीस, पाण्डुकासीस, गन्धकासीस, अम्बर, शो(ध)न, खचर, शुभ्र, (लघुरूक्ष, रूक्षण), हंसलोमस र धातुकासीस : यी धातुकासीसका पर्यायवाची नाम हुन् ।

तपनं द्वितीयमुक्तं मलीमसं नेत्रभूषणं विशदम्॥ पर्यायैः शीतलमिति लघुरूक्षं पुष्पकासीसम् ।

तपन, मलीमस, नेत्रभूषण, विशद, शीतल, (लघुरूक्ष) र पुष्पकासीस : यी पुष्पकासीसका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

कासीसं धातुकासीसं पांशुकासीसमुच्यते । अन्यन् मलीमसं पुष्पकासीसं नेत्रभूषणम्॥

कासीस, धातुकासीस र पांशुकासीस : यी धातुकासीसका तथा मलीमस, पुष्पकासीस र नेत्रभूषण : यी पुष्पकासीसका पर्यायवाची नाम हुन् ।

(ग) **अष्टाङ्ग निघण्टु :**

कासीसं पांशुधावाख्यं द्वितीयं पुष्पसञ्ज्ञकम् ।

कासीस र पांशुधाव : यी धातुकासीसका नाम हुन् । अर्को पुष्पकासीस हुन्छ ।

(घ) **कैयदेव निघण्टु :**

काशीशं धातुकाशीशं शोधनं खेचरं तथा । द्वितीयं पुष्पकाशीशं लोमशं च मलीमसम्॥
काशीशमम्लं सक्षारं कषायोष्णं दृशोर्हितम् । तिक्तं केश्यं विषश्वित्रसकृच्छ्राश्मकफापहम्॥

काशीश, धातुकाशीश, शोधन र खेचर : यी धातुकासीसका तथा पुष्पकाशीश, लोमश र मलीमस : यी पुष्पकासीसका पर्यायवाची नाम हुन् । कासीस अमिलो, क्षारयुक्त, टर्रो, उष्णवीर्यको, आँखाको हित गर्ने, तितो, कपालका लागि हितकर तथा विषविकार, श्वित्रकुष्ठ, कृच्छ्र, पत्थरी र कफविकार नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) **धन्वन्तरि निघण्टु :**

कासीसं धातुकासीसं केसरं तप्तलोमशम् । कासीसं तु कषायोष्णमम्लं वातबलासजित्॥
विषनेत्ररुजः श्वित्रं हन्ति कुष्ठव्रणानपि ।

कासीस, धातुकासीस, केसर र तप्तलोमश : यी हिराकसीका पर्यायवाची नाम हुन् । यो टर्रो, उष्णवीर्यको, अमिलो, वातविकार र कफविकारलाई जित्ने तथा विषविकार, आँखाका रोग, सेतो कुष्ठ, कुष्ठ र खटिरा नाश गर्ने गुणको हुन्छ ।

(च) **पर्यायरत्नमाला :**

कासीसं धातुकासीसं हरितं तच्च लोहितम् ।
द्वितीयं पुष्पकासीषमसितञ्च सितञ्च तत् ।

हरियो वा रातो कासीसलाई धातुकासीस वा कासीस भनिन्छ । सेतो अथवा नीलो कासीसलाई पुष्पकासीस भनिन्छ ।

(छ) भावप्रकाश निघण्टु :

काशीशं धातुकाशीशं पांशुकाशीशमित्यपि॥
तदेव किञ्चित्पीतं तु पुष्पकाशीशमुच्यते । काशीशमम्लमुष्णं च तिक्तञ्च तुवरं तथा॥
वातश्लेष्महरं केश्यं नेत्रकण्डूविषप्रणुत् । मूत्रकृच्छ्राश्मरीश्वित्रनाशनं परिकीर्त्तितम्॥

रातो हिराकसी-भस्म (तस्बिर श्रोत : ट्विटर डटकम रसशास्त्रक)

काशीश, धातुकाशीश र पांशुकाशीश : यी हिराकसीका संस्कृत पर्यायवाची नामहरू हुन् । हल्का पहेँलो रङ हुने त्यही हिराकसीलाई पुष्पकाशीश भनिन्छ । हिराकसी अमिलो, तीतो र टर्रो हुन्छ । यसले गर्मी गर्दछ तथा वातविकार र कफविकार नाश गर्दछ । यो कपालका लागि फाइदाजनक हुन्छ । यसले आँखा चिलाउने रोग र विषविकार नाश गर्दछ । साथै यो मूत्रकृच्छ्र, पत्थरी र सेतो कुष्ठरोग नाशक हुन्छ समेत भनिएको छ ।

(ज) मदनपाल निघण्टु :

कासीसं धातुकासीसं खेचरं तप्तलोमशम् । अपरं पुष्पकासीसं तुवरं वस्त्ररागधृक्॥
कासीसद्वयमम्लोष्णं तिक्तं केश्यं दृशे हितम् । हन्ति कण्डूविषश्वित्रमूत्रकृच्छ्रकफानिलान्॥

कासीस, धातुकासीस, खेचर र तप्तलोमश : यी हिराकसीका तथा पुष्पकासीस, तुवर र वस्त्ररागधृक् : यी पुष्पकासीसका संस्कृत पर्यायवाची नामहरू हुन् । दुवै थरी हिराकसी अमिला, उष्णवीर्य भएका, तीता तथा कपाल र आँखाका लागि हितकर हुन्छन् । यिनले लुतो, विषविकार, सेतोकुष्ठ, मूत्रकृच्छ्र, कफविकार र वातविकार नाश गर्दछन् ।

(झ) मदनादि निघण्टु :

काशिशं धातुकासिसं शोधनं खेचरं तथा । द्वितीयं पुष्पकासीसं शङ्खं तत्सुलोमशं तथा॥
सक्षारतिक्तं चक्षुष्यं कासीसं केशरञ्जनम् । कफवातहरा वर्ण्यमर्शघ्नं मूत्रकृच्छ्रजित् ॥

काशीश, धातुकासिस, शोधन र खेचर : धातुकासीसका तथा पुष्पकासीस, शङ्ख र सुलोमश : यी पुष्पकासीसका पर्यायवाची नाम हुन् । यो क्षारयुक्त, तितो, आँखाका लागि तिहकर, कपाल रङ्गाउन उपयोगी, कफविकार वातविकार नाश गर्ने, वर्णमा निखार लेराउने, हर्सा नाश गर्ने तथा मूत्रकृच्छ्रलाई जित्ने गुणको हुन्छ ।

(ञ) **माधव द्रव्यगुण :**

काशीशद्वयमम्लोष्णं तिक्तं केश्यं दृशोर्हितम् । हन्ति कण्डूविषश्वित्रमूत्राघातकफानिलान् ॥

दुवै थरी कासीस अमिला, उष्णवीर्यका, तिता, कपाल र आँखाका लागि हितकर तथा चिलाउने रोग, विषविकारर, श्वित्रककुष्ठ, मूत्रकृच्छ्र, कफविकार र वातविकार नाश गर्ने गुणका हुन्छन् ।

(ट) **राजनिघण्टु :**

कासीसं धातुकासीसं केसरं हंसलोमशम् । शोधनं पांशुकासीसं शुभ्रं सप्ताह्वयं मतम् ॥
कासीसं तु कषायं स्यात् शिशिरं विषकुष्ठजित् । खर्जूक्रिमिहरं चैव चक्षुष्यं कान्तिवर्धनम् ॥

(१) कासीस, (२) धातुकासीस, (३) केसर, (४) हंस(तप्त)लोमश, (५) शोधन, (६) पांशुकासीस र (७) शुभ्र : यी सात नाम हीराकसीका संस्कृत पर्यायवाची नामहरू हुन् । हीराकसी टर्रो, शीतवीर्यको तथा विषविकार र कुष्ठलाई जित्ने गुणको हुन्छ । यसले लुतो र कीरा नाश गर्दछ । यो आँखाका लागि हितकर हुन्छ र यसले शरीरको चमक पनि बढाउँदछ ।

द्वितीयं पुष्पकासीसं वत्सकञ्च मलीमसम् । ह्रस्वं नेत्रौषधं योज्यं विशदं नीलमृत्तिका ॥
पुष्पकासीसकं तिक्तं शीतं नेत्रामयापहम् । लेपेनात्यामकुष्ठादिनानात्वग्दोषनाशनम् ॥

पुष्पकासीस, वत्सक, मलीमस, ह्रस्व, नेत्रौषध, योज्य, विशद र नीलमृत्तिका : यी पुष्कासीसका संस्कृत पर्यायवाची नामहरू हुन् । पुष्पकासीस तीतो, शीतवीर्यको तथा आँखाका रोग नाशक हुन्छ । यसको लेप दल्नाले भर्खर शुरु भएको कुष्ठरोग जस्ता अनेक थरी छालाका रोग नाश गर्दछ ।

(ठ) **शालिग्राम निघण्टु :**

कासीसं धातुकासीसं खाचरं धातुशेखरम् । शोधनं पांसुकासीसं केसरं हंसलोमशम् ॥

कासीस, धातुकासीस, खाचर, धातुशेखर, शोधन, पांसुकासीस, केसर र हंसलोमश : यी धातुकासीसका पर्यायवाची नाम हुन् ।

द्वितीयं पुष्पकासीसं वत्सकं च मलीमसम् । ह्रस्वं नेत्रोषधं योज्यं विशदं नीलमृत्तिका ॥

पुष्पकासीस, वत्सक, मलीमस, ह्रस्व, नेत्रोषध, (योज्य), विशद र नीलमृत्तिका : यी अर्को थरी कासीस अर्थात् पुष्पकासीसका पर्यायवाची नाम हुन् ।

कासीसं तु कषायं स्याच्छिशिरं विषकुष्ठजित् । खर्जूकृमिहरं चैव चक्षुष्यं कान्तिवर्धनम् ॥

पुष्पकासीसकं तिक्तं शीतं नेत्रामयापहम् । लेपेन पामाकुष्ठादि नानात्वग्दोष नाशनम्॥

कासीस टर्रो, शीतवीर्यको, विषविकार र कुष्ठलाई जित्ने, लुतो र कीरा नाश गर्ने, आँखाका लागि हितकर र शरीरको चमक बढाउने गुणको हुन्छ । पुष्पकासीस तितो, शीतवीर्यको, आँखाका रोग नाश गर्ने तथा लेप दल्दा चिलाउने रोग, कुष्ठ आदि छालाका रोग नाश गर्ने गुणको हुन्छ ।

कासीसं तुवरं शीतं चक्षुष्यं कान्तिवर्द्धनम् । अम्लमुष्णञ्च तिक्तञ्च केश्यं क्षारविषप्रणुत्॥
वृष्यं च चित्रकुष्ठघ्नं मूत्रकृच्छ्राश्मरी हरम् । कफं वातं व्रणं कुष्ठं क्षयं चैव विनाशयेत्॥

कासीस टर्रो, शीतवीर्यको, आँखाका लागि हितकारी, शरीरको चमक बढाउने, अमिलो, उष्णवीर्यको, तितो, कपालका लागि हितकर, क्षारयुक्त, विषविकार नाश गर्ने, वीर्यवर्धक तथा चित्रकुष्ठ, मूत्रकृच्छ्र, पत्थरी, कफविकार, वातविकार, खटिरा, कुष्ठ र क्षयरोग समेत नाश गर्ने गुणको हुन्छ ।

पुष्पादि कासीसमपि प्रशस्तं सोष्णं कषायाम्लमतीव नेत्र्यम् ।
विषानिलश्लेष्ममतिव्रणघ्नं श्वित्रक्षयघ्नं कचरं जनं च॥
वातश्लेष्महरं केशनेत्रकण्डूविषप्रणुत् ।
मूत्रकृच्छ्राश्मरीश्वित्रनाशनं परिकीर्त्तितम्॥ (निघण्टु रत्नाकर)

पुष्पकासीस अति उपयोगी, उष्णवीर्यको, टर्रो, अमिलो, आँखाका लागि अति फाइदाजनक तथा विषविकार, वातविकार, कफविकार, खटिरा, सेतोकुष्ठ र क्षयरोग नाश गर्ने; कपाल रङ्गाउने एवं वातविकार, कफविकार, कपाल र आँखा चिलाउने रोग, विषविकार, मूत्रकृच्छ्र, पत्थरी र सेतोकुष्ठ नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

भस्मवन्मृत्तिकाम्लं च कासीसं धातुइत्यपि । तदेव किञ्चित्पीतं तु पुष्पकासीसमुच्यते॥

कासीस खरानी जस्तै कम माटो भएको हुन्छ । पुष्पकासीस धातु कासीसभन्दा केही पहेँलो हुन्छ ।

(ड) **सोढल निघण्टु :**

कासीसे धातुकासीसं खेचरं तन्मलीमसम् । द्वितीयं पुष्पकासीसं रसकं तदलोमशम्॥
रूक्षाक्षिभेषजं दृश्यं केशरङ्गं च तूवरम् ।

कासीस, धातुकासीस, खेचर र मलीमस : यी धातुकासीसका तथा पुष्पकासीस, रसक र अलोमश : यी पुष्पकासीसका पर्यायवाची नाम हुन् । कासीस रुखो, आँखाका लागि हितकर, कपाल रङ्गाउन उपयोगी र टर्रो स्वादको हुन्छ ।

(ढ) **हृदयदीपक निघण्टु :**

कासीसमपरं पुष्पकासीसं लोमशं तथा ।

कासीस : यो धातुकासीसको तथा पुष्पकासीस र लोमश : यी अर्को थरी कासीस वा पुष्पकासीसका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

किङ्किरात (पहिचान हुन नसकेको वनस्पति)
(An unidentified plant)

परिभाषा :

(क) के.यन.स्वामी : किङ्किरात : वृक्षविशेष । पीतभद्रक : सानो जातको बबूर । हेमगौरको अर्थ दिइएको छैन भने पीतकका अनेकौं अर्थ दिइएका छन् ।

(ख) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : सम्भवत : *Acacia latronum* Wild ल्याटिन नाम भएको वनस्पतिलाई किङ्किरात भनिएको हुनु पर्दछ ।

(ग) शब्दकल्पद्रुमले किङ्किरातलाई अशोक वृक्ष तथा फूलको रुख विशेष भनेर तलका पर्यायवाची शब्द राखी बेग्लै परिभाषा गरेको छ । यसबाट यो अशोक वृक्ष होइन भन्ने बुझिन्छ ।

(घ) केही शब्दकोशले यसलाई *Jonesia Ashoka* (अशोक वृक्ष) भनेका छन् ।

(ङ) हिन्दी विश्वकोश : (१) अशोक वृक्ष । (२) सकण्टपीतपुष्पारण्य झण्टीक्षुप, रातो झाडीदार कटसरैया । पुष्पविशेष ।

किङ्किरात (?), तस्विर श्रोत : फ्लावर्श अफ इण्डिया

भावप्रकाश निघण्टुमा पहेँलो कटसरैयालाई कुरण्टक भनी बेग्लै परिभाषा दिइएको छ । तर राज निघण्टुमा किङ्किरातलाई पहेँलो कटसरैया तथा मदनपाल निघण्टुमा किङ्करातकलाई सेतो कटसरैया बताइएको छ । यसैगरी अशोक वृक्षका सम्बन्धमा पनि बेग्लै परिभाषा दिइएको पाइन्छ । पहिचान हुन नसके पनि Robber Thorn भनिने *Vachellia horrida* subsp. horrida वानस्पतिक नाम भएको पर्यायवाची शब्दमा *Acacia latronum* राखिएको एक चित्र यहाँ समावेश गरिएको छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

किङ्किरातो हेमगौरः पीतकः पीतभद्रकः । किङ्किरातो हिमस्तिक्तः कषायश्च हरेदसौ ॥
कफपित्तपिपासाऽस्रदाहशोषवमिक्रिमीन् ।

किङ्किरात, हेमगौर, पीतक र पीतभद्रक : यी किङ्किरातका संस्कृत पर्यायवाची शब्दहरू हुन् । यसले शीतल गर्दछ । यो तीतो र टर्रो हुन्छ । यसले कफविकार, पित्तविकार, तिर्खा, रक्तविकार, डाह, सुजन र कीरा नाश गर्दछ ।

ांकांटभ (कुष्ठरोगांवशेष)
(Psoriasis)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

...किटिभं पुनः ॥ रूक्षं किणखरस्पर्शं कण्डूमत् परुषासितम् ।

रुखो, घाउ भएका स्थानमा छाम्दा खस्रो, चिलाउने र धेरै नै खस्रो कुष्ठलाई “किटिभ” भनिन्छ ।

(ख) काश्यप संहिता :

कृष्णश्यावारुणखरपरुषस्राववृद्धिमन्ति गुरूणि प्रशान्तानि च पुनः पुनरुत्पद्यन्ते किटिभानि;

कालो, कैलो वा ध्वाँसे र रातो; खस्रो, साह्रो, पानी वा पीप बहिरहने, बढिरहने, ठूलो र ठिक हुँदै पुनः आइरहने खालको कुष्ठलाई किटिभ भनिन्छ ।

(ग) भावप्रकाश संहिता, माधव निदान :

सङ्कलन : मोहन प्रसाद सापकोटा

श्या (मं) वं किणखरस्पर्शं परुषं किटिभं स्मृतम्॥

चिल्लो र कालो, निस्किएको स्थानमा छाम्दा खस्रो र कडा हुने कुष्ठलाई “किटिभ” भनिन्छ ।

(घ) शार्ङ्गधर संहिता :

...श्लेष्मवाताद्... किटिभ...।

कफ-वातविकारले किटिभ नामक कुष्ठरोग हुन्छ ।

(ङ) सुश्रुत संहिता :

यत् स्रावि वृत्तं घनमुग्रकण्डु तत् स्निग्धकृष्णं किटिभं (मं) वदन्ति ।

घाउबाट पानी आदि बगिरहने, गोलो, कडा, अति चिलाउने, चिल्लो र कालो खालको कुष्ठलाई “किटिभ” भनिन्छ ।

किलास (दुबीरोग)
(Leucodermia)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान :

कुष्ठैकसम्भवं श्वित्रं किलासं वारुणं भवेत्। निर्दिष्टमपरिस्रावि त्रिधातूद्भवसंश्रयम्॥
वाताद्रूक्षारुणं पित्तात्ताम्रं कमलपत्रवत्। सदाहं रोमविध्वंसि कफाच्छ्वेतं घनं गुरु॥
सकण्डूरं(कं) क्रमाद्रक्तमांसमेदःसु चादिशेत्। वर्णेनैवेदृगुभयं कृच्छ्रं तच्चोत्तरोत्तरम्॥

श्वित्र, किलास र वारुण हुने कारण कुष्ठका जस्तै हुन्छन्। यी रोगमा घाउबाट तरल पदार्थ बग्दैन। यी वात आदि तीन दोषले रगत, मासु र बोसोमा आश्रित भएर उत्पन्न हुन्छन्। वातविकारजन्य किलास रुखो र अरुण वर्णको हुन्छ। पित्तविकारजन्य किलास कमलका पातजस्तो र तामाका रङको हुन्छ। यसले डाह हुन्छ र रौं खुइलिन्छ। कफविकारजन्य किलास सेतो, बाक्लो, भारी र चिलाउने हुन्छ। यसरी नै अरुण, तामाका वर्णका र सेता किलास क्रमशः रगत, मासु र बोसोमा हुने गर्दछन्। खटिरा र त्रिदोषले हुने किलास क्रमशः बढी गम्भीर र धातुमा पुगेपछि कठिनाइपूर्वक निको हुने खालको हुन्छ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुष्ठैकसम्भवं श्वित्रं किलासं दारुणं च तत्। निर्दिष्टमपरिस्रावि त्रिधातूद्भवसंश्रयम्॥
वाताद्रूक्षारुणं पित्तात्ताम्रं कमलपत्रवत्। सदाहं रोमविध्वंसि कफाच्छ्वेतं घनं गुरु॥
सकण्डु च क्रमाद्रक्तमांसमेदःसु चादिशेत्। वर्णेनैवेदृगुभयं कृच्छ्रं तच् चोत्तरोत्तरम्॥
अशुक्लरोमाऽबुहलमसंसृष्टं मिथो नवम्। अनग्निदग्धजं साध्यं श्वित्रं वर्ज्यमतोऽन्यथा॥
गुह्यपाणितलौष्ठेषु जातमप्यचिरन्तनम्।

श्वित्र रोग हुने कारण कुष्ठरोगको जस्तै हुन्छ। श्वित्रलाई किलास वा दारुण पनि भनिन्छ। श्वित्रमा कुनै पनि किसिमको पानी आदि बहन्दैन तर कुष्ठमा बहन्छ। श्वित्र रगत, मासु वा बोसोमा उत्पन्न र आश्रित हुन्छ तर कुष्ठ सबै धातुमा आश्रित हुन्छ। वातविकारजन्य श्वित्र रुखो र कालोपन सहितको रातो हुन्छ। पित्तविकारजन्य श्वित्र तामा जस्तै रातो वा रातो कमलको पत्ति जस्तै रातो, डाह गराउने र आएको स्थानको रौं खुइल्याउने लक्षणको हुन्छ। कफविकारजन्य श्वित्र सेतो, बाक्लो, साह्रो र चिलाउने खालको हुन्छ। वातजन्य श्वित्र रगतमा, पित्तजन्य श्वित्र मासुमा तथा कफजन्य श्वित्र बोसोमा आश्रित हुन्छ। वात आदिले हुने र रगत आदिमा आश्रित हुने श्वित्र रङका आधारमा मात्र थाहा हुन्छ। यी क्रमशः निको पार्न कठिन हुन्छन्। जुन् श्वित्र आएको स्थानको रौं सेतो भएको हुँदैन, धेरै आएको हुँदैन, फरक फरक स्थानमा आएका श्वित्र परस्पर जोडिन पाएका हुँदैनन्, भर्खर आएका छन् र आगोले पोलेका कारण उत्पन्न भएका हुँदैनन् ती श्वित्र सजिलै निको हुन्छन्। यस बाहेकका श्वित्र निको हुँदैन। गुप्ताङ्ग, हत्केला र ओठमा उत्पन्न हुने नयाँ श्वित्र पनि निको हुँदैन।

(ग) सुश्रुत सांहता :

किलासमपि कुष्ठविकल्प एव; तत्त्रिविधं वातेन पित्तेनश्लेष्मणा चेति । कुष्ठकिलासयोरन्तरं-त्वग्गतमेव किलासमपरिस्रावि च । तद्वातेन मण्डलमरुणं परुषं परिध्वंसि च, पित्तेन पद्मपत्रप्रतीकाशं सपरिदाहं च, श्लेष्मणा श्वेतं स्निग्धं बहलं कण्डूमच्च । तेषु सम्बद्धमण्डलमन्तेजातं रक्तरोम चासाध्यमग्निदग्धं च॥

किलास छालामा हुने रोगकै एक प्रकार हो । यो वातविकार, पित्तविकार र कफविकारले हुने गरी तीन किसिमको हुन्छ । कुष्ठ र किलासको अन्तर यत्ति हो कि किलास रोगमा छालामा मात्र रहन्छ र पानी आदि बहँदैन । वातजन्य किलास गोलाकार, हल्का रातो , खस्रो र छालामा रहेका रौँ नाश गर्ने खालको हुन्छ । पित्तजन्य किलास कमलका पत्ती जस्तो र डाह गराउने खालको हुन्छ । कफजन्य किलास सेतो, चिल्लो, मोटो र चिलाउने खालको हुन्छ । यी किलासमध्ये जुन किलास आपसमा जोडिएका, हात, गोडा र गुप्ताङ्गमा आउने, रौँ रातो बनाउने तथा आगोले पोलेर निस्केको किलास निको हुँदैन ।

कुष्ठ र किलासमा फरक

कुष्ठ	किलास
कृमिजन्य	कृमिसँग असम्बन्धित
सङ्क्रामक	सङ्क्रामक नहुने
शरीरका धातु नाश गर्ने	शरीरका धातु नाश नगर्ने
त्रिदोषज	एकदोषज पनि हुने
सप्तधातुगत	छाला, रगत, मासु र बोसोमा मात्र हुने

सङ्कलन : मोहन प्रसाद सापकोटा

(घ) **राज निघण्टु :** किलास र सिध्म दुभीका पर्यायवाची नाम हुन् ।

किशोर र किशोरी
(Teenager)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोशः (१) किशोर : पन्ध्र वर्षभन्दा कम र एघार वर्षभन्दा बढी उमेरको केटो; अवयस्क; नाबालक । (वि.) एघार वर्षदेखि पन्ध्र वर्षभित्रको (केटो) । (२) किशोरी : एघार वर्षदेखि पन्ध्र वर्षसम्मकी बालिका । (वि.) त्यस उमेरकी (केटी)।

(ख) राज निघण्टु : एघार वर्ष लागी पन्ध्र वर्ष नपुग्दासम्मको व्यक्तिलाई किशोर भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कोटिका (पहिचान हुन नसकेको कीराविशेष)
(A kind of small worm)

(क) राज निघण्टु :

कीटिका चटिका प्रोक्ता वज्रदंष्ट्रा बहुप्रजा । कृशाङ्गी तामसी शूरा कीरिभारा महाबला ॥

कीटिका, चटिका, वज्रदंष्ट्रा, बहुप्रजा, कृशाङ्गी, तामसी, शूरा, कीरिभारा र महाबला : यी कीटिकाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुकुन्दर (वनस्पांतांवशेष)
(Kukundara)

परिभाषा :

(क) के.यन.शर्मा : (१) कुकुन्दर : कुकुरौंदा । (२) ताम्रचूड : कुकुसैंधा । (३) सूक्ष्मपत्र : कुकुरमुता वा कुकुररौंधा झार । (४) मृदुच्छद : कुकुरौंधा झार ।

(ख) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Blumea Lacera* DC. हो । यसको कडा गन्ध आउँदछ ।

(ग) आचार्य बालकृष्ण : यसको नेपाली नाम बुगी हो । यसका *Blumea Lacera* DC. र *Synconyza lacera* burm.f. वानस्पतिक नाम हुन् । यो नरम खालको जमिनमा हुन्छ । यसलाई संस्कृतमा कुकुन्दर, सूक्ष्मपत्र र मृदुच्छद भनिन्छ । यसलाई अंग्रेजीमा Blumea भनिन्छ ।

(घ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : यसलाई नेपालीमा कुरकुरे वा कुकुराद्र भनिन्छ । यो Asteraceae परिवारमा पर्दछ र यसको वानस्पतिक नाम *Blumea lacera* (Burm.f.) DC. हो ।

(ङ) नेपाली बृहत् शब्दकोश : (१) कुरकुरे : पात नहुने, पहेँलो फूल फुल्ने, डाँठ वा हाँगामा धेरै आँख्ला हुने र केटाकेटीहरूले ती आँख्लाद्वारा आँखामा ताल्चा मारी खेल्ने एक घाँस । (२) कुकुरे : सेतो भुवादार पात हुने र प्याजी रङका ससाना फूल फुल्ने एक बुटी ।

(च) शब्दकल्पद्रुमः (१) कुकुन्दर : कुं भूमिं दरयति दारयति वा । कुक्कुरद्रुः, कुकुरौदा इति हिन्दी भाषा । (२) ताम्रचूड : ताम्रा ताम्रवर्णा चूडा अस्य । कुक्कुरद्रुः । इति राजनिर्घण्टः । (३) मृदुच्छद : मृदुः छदः पत्रमस्य । कुक्कुरद्रुः, श्रीतालः । इति राजनिर्घण्टः । (४) सूक्ष्मपत्र : सूक्ष्माणि पत्राणि यस्य । कुक्कुरद्रुः । इति राजनिर्घण्टः । (जमिनलाई बाँध्ने, तामाको रङका टुप्पो वा सिउर हुने तथा कोमल र मसिना पात हुने वनस्पति विशेष) ।

(छ) मदनपाल निघण्टुका टीकाकार पं.रामप्रसाद वैद्य : जङ्गलमा यसका लामालामा बोट हुन्छन् । यसका पात सूर्तीका जस्ता र माथि रातो शिखा हुन्छ ।

(ख) ईफ्लावर्शअफइण्डिया डटकम : यसलाई नेपालीमा कुकुरे, कुकुर घाँस, थाङ्गने, थाङ्गने झार, बुगी वा कोपिले झार भनिन्छ ।

नोटः पर्यायवाची शब्दको अर्थ हेर्दा उल्लेखित कुनै पनि वनस्पतिलाई कुकुन्दर मान्नसकिने अवस्था रहेन । थप अनुसन्धान हुनुपर्ने देखिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

कुकुन्दरस्ताम्रचूडः सूक्ष्मपत्रो मृदुच्छदः॥
कुकुन्दरः कटुस्तिक्तो ज्वररक्तकफापहः । तन्मूलमाद्रं निक्षिप्तं वदने मुखशोषहृत्॥

कुकुन्दर, ताम्रचूड, सूक्ष्मपत्र र मृदुच्छद : यी कुकुन्दरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो र तीतो हुन्छ । यसले जरो, रक्तविकार र कफविकार नाश गर्दछ । यसको आलो वा ताजा जरा मुखमा राख्यो भने मुख सुक्न बन्द हुन्छ ।

(ख) मदनपाल निघण्टु :

कुक्कुरद्रुस्ताम्रचूडः सूक्ष्मपत्रो मृदुच्छदः । कुक्कुरद्रुः कटुस्तिक्तो ज्वररक्तकफापहः ॥

कुक्कुरद्रु, ताम्रचूड, सूक्ष्मपत्र र मृदुच्छद : यी कुकुरेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो तथा जरो, रक्तविकार र कफविकार नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुकूणक (आँखाको रोगविशेष)
(A kind of Trachoma, Follicular conjuncivitis)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कुकूणकः शिशोरेव दन्तोत्पत्तिनिमित्ततः ॥
स्यात्तेन शिशुरुच्छूनताम्राक्षो वीक्षणाक्षमः । सवर्त्मशूलपैच्छिल्यः कर्णनासाक्षिमर्दनः ॥

कुकूणक रोग बालकलाई नै हुन्छ र दाँत निस्कने बेलामा हुने पीडाका कारण लाग्ने गर्दछ । यो रोग हुँदा आँखा सुन्निन्छ र रातो हुन्छ । बालक सामुन्ने देख्न सक्दैन । आँखा खुल्दैनन् । पलकमा सुजन र च्याटच्याट हुने गर्दछ । बालक हातले कान, नाक र आँखा माडिरहने गर्दछ ।

(ख) काश्यप संहिता :

यदा माता कुमारस्य मधुराणि निषेवते । मत्स्यं मांसं पयः शाकं नवनीतं तथा दधि ॥
सुरासवं पिष्टमयं तिलपिष्टाम्लकाञ्जिकम् । अभिष्यन्दीनि सर्वाणि काले काले निषेवते ॥
भुक्त्वा भुक्त्वा दिवा शेते विसंज्ञा च विबुध्यते । तस्य दोषाः प्रकुपिता दूरं गत्वा च तिष्ठते ॥
दोषेणावृतमार्गायास्ततः स्तन्यं च दुष्यते ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

जब बालककी आमा नित्य गुलिया कुरा, माछा, मासु, दूध, सागपात, नौनी, दही, सुरा, आसव, पिठोका परिकार, तिलको छोपका परिकार, अमिलो काँजी लगायतका अभिष्यन्दि पदार्थ सेवन गर्दछे; दिनमा खानासाथ सुत्दछे र गहिरो निद्रामा पर्दछे तब उनका दोष (वात आदि विकार) उत्तेजित भएर शरीरको कुनातिर टाढा गएर बस्न पुग्दछ । यी दोषले बहने बाटो बन्द गरिदिने हुनाले उनको दूध दूषित हुन पुग्दछ ।

प्रदुष्टदोषसंज्ञं तु यदा पिबति दारकः ॥
लवणाम्लनिषेवित्वान्मातापुत्रौ रसादिह । आहारदोषातस्यास्तु बालस्यानन्नभोजिनः ॥
अनुप्रवेशादाक्षेपादुष्णसत्त्वावनादपि । जायते नयनव्याधिः श्लेष्मलोहितसंभवः ॥

दोषले गर्दा दूषित हुन पुगेको उक्त दूध जब बच्चाले चुस्दछ तब आमाले नुनिला र अमिला कुरा खाएका कारण भएको आहार दोषले अन्न नखाने अर्थात् केवल दूध मात्र पिउने बालकका शरीरमा छिरी झट्कार्ने (हुत्याउने) र गर्मी गर्ने हुनाले कफर रगतले उत्पन्न हुने आँखाको रोग निकाल्दछ ।

अभीक्ष्णमस्रं स्रवते न च क्षीवति दुर्मनाः । नासिकां परिमृद्नाति कर्णं वाञ्छति दुःखितः ॥
ललाटमक्षिकूटं च नासां च परिमर्दति । नेत्रे कण्डूयतेऽभीक्ष्णं पाणिना चाप्यतीव तु ॥
स प्रकाशं न सहते अश्रु चास्य प्रवर्तते । वर्त्मनि श्वयथुश्चास्य जानीयात्तं कुक्कुणकम् ॥

यसपछि बालकका आँखाबाट लगातार पानी हन्छ, उसलाई हाच्छिउँ आउँदैन, उसको मन अप्रसन्न हुन्छ, अत्यन्त दुखित हुँदै कष्टपूर्ण तरिकाले उ नाक र कान लगातार कोट्याउन थाल्दछ; निधार, आँखा र नाक माड्न थाल्दछ; आँखा अति चिलाउँदछ र उ हातले माड्न थाल्दछ; उसलाई उज्यालो मन पर्दैन अर्थात् सहँदैन; आँखाबाट आँशु बहिरहन्छ तथा उसका पलक सुन्निन्छ । यी कुक्कुणक रोगका लक्षणहरू हुन् ।

(ग) **कुमारतन्त्र, भावप्रकाश संहिता, माधव निदान :**

कुकूणकः क्षीरदोषाच्छिशूनामक्षिवर्त्मनि । जायते तेन तन्नेत्रं कण्डूरं च स्रवेन्मुहुः ॥
शिशुः कुर्याल्ललाटाक्षिकूटनासावघर्षणम् । शक्तो नार्कप्रभां द्रष्टुं न वर्त्मोन्मीलनक्षमः ॥

दूधमा हुने विकारले गर्दा बालकका आँखाका पलकमा "कुकूणक" नामको रोग हुने गर्दछ । यो रोग लागेपछि आँखा धेरै चिलाउने र आँखाबाट पानी बगिरहने (Lacrymation) गर्दछ । बालक हातले टाउको, आँखा र नाक पटकपटक माड्ने गर्दछ । उसले घाम हेर्न सक्दैन (Photophobia) र उसका पलक पनि बन्द हुन सक्दैनन् ।

(घ) **रावण संहिता :**

आमाको दूधमा हुने विकार (रोग) ले गर्दा त्यो दूध खाने बालकका आँखाको पलकमा "कुकूणक" नामक रोग हुने गर्दछ । यो रोग लागेपछि आँखा अति नै चिलाउँदछ । बालक आफ्नो निधार, आँखाका डिल र नाक कन्याउने गर्दछ । उ सूर्यको किरण हेर्न असमर्थ हुन्छ ।

(ङ) **सुश्रुत संहिता :**

स्तन्यप्रकोपकफमारुतपित्तरक्तैर्बालाक्षिवर्त्मभव एव कुकूणकोऽन्य ।
मृद्नाति नेत्रमतिकण्डुमथाक्षिकूटं नासाललाटमपि तेन शिशुः स नित्यम् ॥
सूर्यप्रभां न सहते स्रवति प्रबद्धं ...।

दूधमा विकार आउनाले, कफविकारले, वातविकारले, पित्तविकारले तथा रक्तविकारले गर्दा बालकका आँखाका पलकमा कुकूणक नामक एउटा अर्को रोग लाग्ने गर्दछ । यो रोगमा बालक आँखा मिच्दछ, धेरै चिलाउँदछ । आँखाको खोपिल्टो, नाक र निधारलाई मलक जतिखेर पनि माडिरहन्छ । उ सूर्यको प्रकाशलाई सहन सक्दैन, आँखाबाट लगातार पानी बगिरहन्छ ।

कुक्कुट तथा अरण्यकुक्कुट (कुखुरो र बनकुखुरो)
(Cock and Wild cock)

परिभाषा :

(क) कुलचन्द्र शर्मा, अमरकोश : कृकवाकु, ताम्रचूड, कुक्कुट र चरणायुध भनेको कुखुरा हो ।

(ख) के.यन.स्वामी : कुक्कुट भनेको कुखुरो हो ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) आरण्य कुक्कुट : जङ्गली कुखुरो; लुइँचे । (२) कालिज : मासु खाइने कुखुराका जातको कालो जङ्गली चरो । (३) कुक्कुट : जङ्गली कुखुरो; लुइँचे । कुखुरो । (४) कुखुरी : पोथी कुखुरो । (५) कुखुरी काँ : भाले कुखुरो बास्दा आउने आवाज । (६) कुखुरे : कुखुरोजस्तो; कुखुराका स्वभावको; कुखुरो खाने । (७) कुखुरो : टाउकामा छालाको रातो सिउर हुने, अण्डाबाट चल्ला कोरल्ने, मासु खानका लागि प्रसिद्ध दुईखुट्टे घरपालुवा चरो; कालज्ञ; घडीचरो; कुपक्षी; कुपक्षी । (८) खोङ्गी : कुखुरा हालिने चोयाको कोक्रो; फुर्लुङ । (९) खोलेस : कुखुराको ओथारो बस्ने ठाउँ । (१०) घडीचरो : प्रायः रातको प्रहर-प्रहरमा बासेर समयको सूचना गर्ने चरो; कुखुरो । (११) चरणायुध : आफ्नो गोडा नै हतियार भएको प्राणी; कुखुरो । (३) चिलको आहारा : कुखुरालाई गाली गर्ने बोली । (१२) चल्लो : कुखुराको बच्चो; चिँगना; चिङ्ना; चल्ला । (१३) चिँगना : ढुङ्गीप्वाँख पनि नउम्रेका कुखुराका ससाना बच्चा; चिङ्ना । कुखुराको बच्चा; चल्ला; चल्लो । (१४) च्वाली : कुखुराका अन्डाभित्रको सेतो पदार्थ । (१५) जलकुक्कुट : पानीकुखुरो; सिमकुखुरो । (१६) पोल्ट्रीफार्म : कुखुरा पाल्ने ठाउँ । (१७) पोहोरो : कुखुराको कोरलो पोथी; फुल पार्ने बेलाको कुखुरो । (१८) बनकुखुरो : वनमा हुने वा पाइने कुखुरो; वनकुक्कुट; लुइँचे । (१९) सिमकुखुरो : जलकुखुरो । (२०) सुन कुखुरो : ढाँडखेतमा हुने, कालो जीउ र छिरबिरे रङ भएको कुखुराको जातको चरो । (२१) सुन पङ्क्षी : तागाधारीले कुखुरो खान थालेपछि राखेको नाम; घडीचरो ।

कुक्कुटौ (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(घ) पेयर डी अमरकोश : जङ्गली कुखुरोलाई ल्याटिन भाषामा *Gallus gallus Linnaeus* तथा अंग्रेजीमा Red Junglefowl, Common Cock वा Wild Cock भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

ताम्रचूडकृकवाकुकुक्कुटा दक्षशौण्डचरणायुधास्तथा ।
चूलिकारुणिकबोधिविष्किराश्चिक्रिरश्च कथितास्तु समानाः॥

ताम्रचूड, कृकवाकु, कुक्कुटा, दक्ष, शौण्ड, चरणायुध, चूलिक, अरुणिक, बोधि, विष्किर र चिक्रिर : यी

कुखुरोका पर्यायवाची नाम हुन् ।

कुक्कुटो वनजातस्तु नामतो गिरिवर्तिकः ।
प्रोक्तश्शारपदः सद्भिः शरारिश्चारिरित्यपि ॥

गिरिवर्तिक, शारपद, सद्भि, शरारि र अरिरि : यी वनकुखुरोका पर्यायवाची नाम हुन् ।

कादम्बो जलरङ्कुः स्याज्जलकुक्कुट इत्यपि ।

कादम्ब, जलरङ्कु र जलकुक्कुट : यी सीमकुखुराका पर्यायवाची नाम हुन् ।

(ख) अर्कप्रकाश :

कुक्कुटं कृष्णवर्णन्तु जलेऽष्टगुणिते पचेत् ।
सरसन्तं विपक्ष च दद्यात्कोष्ठपशान्तये ॥

कालो रङको कुखुरो आठ गुना जलमा हाली पकाउनु, त्यसपछि पखेँटाका भाग निकाली त्यो रस पिउनाले पेटका रोग निको हुन्छन् ।

(ग) अष्टाङ्ग निघण्टु :

कृकवाकुस्ताम्रचूडः
कुक्कुटश्चरणायुधः ।

कृकवाकु, ताम्रचूड, कुक्कुट र चरणायुध : यी कुखुरोका पर्यायवाची नाम हुन् ।

ताम्रचूडो (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(घ) आयुर्वेद महोदधि :

उष्णः स्नेहकरो बलस्वरकरो वृष्यः सदा बृंहणः
पाके स्निग्धतरो महाबलकरो मेदः कफालस्यकृत् ।
आयुष्यं कुरुते क्षयेषु विषमे मेहे वमौ शस्यते
प्रोक्तः कुक्कुटको हि दोषशमनः सर्वामयध्वंसकः ॥

कुखुराको मासु गर्मी गर्ने, चिल्लो बढाउने, बलवर्धक, स्वरका लागि हितकारी, वीर्यवर्धक, सबै समयमा पौष्टिक, पचेपछि चिल्लो, अति बलशाली, बोसोवर्धक, कफवर्धक, आलस्य वर्धक, आयु वर्धक, क्षयरोग-विषमज्वर-प्रमेह-वाकवाकीमा लाभदायक र सबै रोग नाशक हुन्छ ।

(ङ) **कैयदेव निघण्टु :**

कुक्कुटाण्डः करोत्यग्निं बृंहणो बलवर्धनः ।
रुच्यः कान्तिकरो वृष्यः स्थौल्यकृच्छेऽति सो हितः ॥

कुखुराको फुल पाचन-अग्नि बढाउने, पौष्टिक, बलवर्धक, रुचिप्रद, कान्तिदायक, वीर्यवर्धक, मोटो बनाउने र कृच्छमा अति हित गर्ने गुणको हुन्छ ।

ताम्रचूडोऽरुणचूडो विष्किरश्चरणायुधः । कृकवाकुर्बह्वपत्यः शिखी शौण्डी शिखण्डिकः ॥
कालज्ञः कुक्कुटो बोधिर्दक्षोऽन्योऽरण्यकुक्कुटः ।
कुक्कुटो मधुरः स्निग्धो वीर्योष्णो बृंहणो गुरुः ॥
चक्षुष्यः स्वेदनो बल्यो वातघ्नः कफशुक्रकृत् । तद्वच्च कुक्कुटो वन्यो रूक्षः स्वादुकषायकः ॥
पानीयकुक्कुटो वृष्यः श्लेष्मकृद् बृंहणो गुरुः ।

ताम्रचूड, अरुणचूड, विष्किर, चरणायुध, कृकवाकु, बह्वपत्य, शिखी, शौण्डी, शिखण्डिक, कालज्ञ, कुक्कुट, बोधि र दक्ष : यी कुखुरोका पर्यायवाची नाम हुन् । अर्को थरी वन कुखुरोलाई अरण्यकुक्कुट भनिन्छ । कुखुराको मासु गुलियो, चिल्लो, उष्णवीर्यको, पौष्टिक, पचाउन कठिन, आँखाका लागि हितकर, पसिना निकाल्ने, बलदायक, वातविकार नाश गर्ने तथा कफविकार र शुक्रलाई बढाउने गुणको हुन्छ । वनकुखुराको मासु यही गुणको तथा रुखो, गुलियो र टर्रो हुन्छ । सीमकुखुराको मासु वीर्यवर्धक, कफविकार गर्ने, पौष्टिक र पचाउन कठिन हुने गुणको हुन्छ ।

चरणायुध (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(च) **द्रव्यगुणसङ्ग्रह :**

कुक्कुटो बृंहणो वन्यः स्वेदस्वरबलावहः । स्निग्धोष्णोऽनिलहा वृष्यो ग्राम्यस्तद्वद्गुरुस्तु सः ॥

वनकुखुराको मासु पौष्टिक, पसिना निकाल्ने, स्वरका लागि हितकर, बल बढाउने, चिल्लो, उष्णवीर्यको, वातविकार नाशक र वीर्यवर्धक हुन्छ । घरकुखुराको मासुमा पनि यिनै गुण हुन्छन् तर यो पचाउन कठिन हुन्छ ।

(छ) **धन्वन्तरि निघण्टु :**

कुक्कुटस्ताम्रचूडश्च दक्षः शौण्डोऽथ विष्किरः । कालज्ञः कृकवाकुश्च नियोद्धा चरणायुधः ॥

कुक्कुटः स्निग्धोष्णः स्वराग्नीन्द्रियदार्ढ्यकृत् । बृंहणो वातहा वृष्यो लघुर्बलकरः स्मृतः ॥
अन्यस्तद्वद्गुणो ग्राम्यो विशेषेण गुरुस्तथा ।

कुक्कुट, ताम्रचूड, दक्ष, शौण्ड, विष्किर, कालज्ञ, कृकवाकु, नियोद्धा र चरणायुध : यी कुखुराका पर्यायवाची नाम हुन् । यसको मासु चिल्लो, उष्णवीर्यको; स्वर, पाचक-अग्नि र इन्द्रियलाई लियो बलाउने; पौष्टिक, वातविकार नाश गर्ने, वीर्यवर्धक, पचाउन सहज र बलदायक हुन्छ । अन्य कुखुराको मासुमा पनि यिनै गुण हुन्छन् । घर कुखुराको मासु विशेषगरी पचाउन कठिन हुन्छ ।

ताम्रचूड (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ज) **पर्यायरत्नमाला :**

कृकवाकुस्ताम्रचूडः कुक्कुटश्चरणायुधः ।

कृकवाकु, ताम्रचूड, कुक्कुट र चरणायुध : यी कुखुराका पर्यायवाची नाम हुन् ।

(झ) **भावप्रकाश निघण्टु :**

कुक्कुटः कृकवाकुः स्यात्कालज्ञश्चरणायुधः ॥ ताम्रचूडस्तथा दक्षो यामनादी शिखण्डिकः ।
कुक्कुटो बृंहणः स्निग्धो वीर्योष्णोऽनिलहृद् गुरुः ॥
चक्षुष्यः शुक्रकफकृद् बल्यो वृष्यः कषायकः ।
आरण्यकुक्कुटः स्निग्धो बृंहणः श्लेष्मलो गुरुः ॥ वातपित्तक्षयवमिविषमज्वरनाशनः ।

कुक्कुट, कृकवाकु, कालज्ञ, चरणायुध, ताम्रचूड, दक्ष, यामनादी र शिखण्डिक : यी कुखुराका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको मासु पौष्टिक, चिल्लो, गर्मी गर्ने, वातविकार नाशक, पचाउन कठिन, आँखाका लागि फाइदाजनक, शुक्रवर्धक, कफवर्धक, बलदायक, वीर्यवर्धक र टर्रो हुन्छ । बनकुखुराको मासु चिल्लो, पौष्टिक, कफकारक, पचाउन कठिन, तथा वातविकार, पित्तविकार, क्षयरोग, वाकवाकी र विषमज्वर नाशक हुन्छ ।

(ञ) **मदनपाल निघण्टु :**

कुक्कुटो विकिरः शौण्डी कालज्ञश्चरणायुधः । कृकवाकुस्ताम्रचूडः स्यादन्योऽरण्यकुक्कुटः ॥

कुक्कुट, विकिर, शौण्डी, कालज्ञ, चरणायुध, कृकवाकु, ताम्रचूड र अन्य वनमा हुने अरण्यकुक्कुट : यी कुखुराका संस्कृत पर्ययवाची नामहरू हुन् ।

कुक्कुटो बृंहणः स्निग्धो वीर्योष्णोऽनिलजिद्गुरुः । चक्षुष्यः शुक्रकफकृद्वन्यो रूक्षः कषायकः ॥

पानीयकुक्कुटः स्निग्धो बृंहणः श्लेष्मलो गुरुः ॥

कुखुराको मासु पौष्टिक, चिल्लो, उष्णवीर्यको, वातविकारलाई जित्ने र पचाउन कठिन हुने गुणको हुन्छ । यो मासु आँखाका लागि हितकर, शुक्रवर्धक र कफवर्धक हुन्छ । वन कुखुराको मासु रुखो र टर्रो हुन्छ । पानी कुखुराको मासु चिल्लो, पौष्टिक, कफविकार बढाउने र पचाउन कठिन हुने गुणको हुन्छ ।

(ट) राजनिघण्टु :

कुक्कुटस्ताम्रचूडः स्यात् कालज्ञश्चरणायुधः । नियोद्धा कृकवाकुश्च विष्किरो नखरायुधः ॥

चरणायुध (तस्बिर श्रोत : पेयर डी अमरकोश)

कुक्कुट, ताम्रचूड, कालज्ञ, चरणायुध, नियोद्धा, कृकवाकु, विष्किर र नखरायुध : यी कुखुरोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

आरण्यकुक्कुटक्रव्यं हृद्यं श्लेष्महरं लघु ॥

बन कुखुराको मासु मुटुका लागि हितकर, कफविकार नाशक र पचाउन सहज हुन्छ ।

ाद सापकोटा

ग्राम्यकुक्कुटजं स्निग्धं वातहृद्दीपनं गुरु ॥

घरपालुवा कुखुराको मासु चिल्लो, वातविकार नाशक, दीपनी र पचाउन कठिन हुन्छ ।

जलकुक्कुटकश्चान्यो जलशायी जलस्थितः ॥

जलकुक्कुटक, जलशायी र जलस्थित : यी सिमकुखुरोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(ठ) राजवल्लभ निघण्टु :

कुक्कुटो मधुरो वृष्यः स्निग्धोष्णबलकृद्गुरुः ॥

कुखुराको मासु गुलियो, वीर्यवर्धक, चिल्लो, उष्णवीर्यको, बलदायक र पचाउन कठिन हुने गुणको हुन्छ ।

कुक्कुटो वनजो रूक्षः कषायः स्वादुशीतलः ॥

वनकुखुराको मासु रुखो, टर्रो, स्वादिलो र शीतवीर्यको हुन्छ ।

कुक्कुटाण्डं तु मधुरं बलकृद्वांह्निदांपनम्॥

कुखुराको फुल गुलियो, बलदायक र पाचन-अग्निवर्धक हुन्छ ।

(ङ) हारीत संहिता :

तथैव कौक्कुटो ज्ञेयो मधुरश्च गुणात्मकः॥

यसैगरी कुखुराको मासु पनि मुजुरको जस्तै गुलियो र त्यस्तै गुण भएको हुन्छ ।

वैवृताक्षस्त्रिदोषघ्नो बल्यः शुक्रविवर्द्धनः॥

कुखुरो विशेष (?) को मासु त्रिदोष नाशक, बलदायक र शुक्रवर्धक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुक्कुर (कुकुर)
(Dog)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) अलि : कुकुर । (२) अल्सेसियन : ब्वाँसो र कुकुर्नीका सम्पर्कबाट जन्मिएको कुकुरको एक जात । (३) कलर : कुकुरको घाँटीमा बाँध्ने छाला आदिको पेटी । (४) कालिकुत्तिम : निक्खरा कालो कुकुर (कालिकुत्तिम महाउत्तिम) । (५) कुकुर : स्याल, फ्याउरो, ब्वाँसो आदिका जातको प्रायः रखवारीका लागि पालिने घरपाला जनावर; श्वान; कुत्ता । (६) कुकुरगाँठो : मैथुनका समयमा कुकुर जोल्टिएको अश्लील उदाहरण दिएर माया-प्रीतिमा लठि्ठने जोडीलाई गिज्याइने शब्द । (७) कुकुरतिहार : कार्तिक कृष्ण चतुदर्शीका दिन कुकुरको पूजा गरिने र परम्पराअनुसार मनाइने चाडपर्व; तिहारको दोस्रो दिन । (८) कुकुरभुकाइ : कुकुर भुकेको शब्द । (९) कुकुरमुखा : कुकुरको जस्तो मुख भएको; कुरूप । (१०) कुकुरमुखे : कुकुरमुखा । (११) कुक्कुर :

भोटेकुकुर, ताप्लेजुङ, नेपाल (तस्बिर श्रोतः प्याकुरेलडटजेपीजी, कमन्सडटविकिमेडिया)

कुकुर । (१२) कुती : कुकुर; कुत्ता (बालबोलीमा) । (१३) कुत्ता : कुकुर । (१४) क्वाइँक्वाइँ : कुटाइ वा किचाइमा परेर कुकुर रुने-कराउने किसिम । (१५) खिचा : कुकुर । (१६) खिच्च : काम न काज भुकिरहने कुकुर । (१७) घङघङ : भोटे कुकुर वा जङ्गी कुकुरका भुकाइको शब्द । (१८) घुक्नु : कुकुर कराउनु; भुक्नु । (१९) घ्वाङघ्वाङ : कुकुर भुक्ता शब्द आउने गरी । (२०) चेइ : कुकुर (बालबोलीमा) । (२१) चेइचेइ : कुकुरलाई डाक्ता प्रयोग गरिने शब्द । (२२) जलत्रास : बहुलाहा कुकुरको टोकाइबाट हुने बहुलाहापन । (२३) ताजी : एक जातको घरपालुवा कुकुर । (२४) पाँडुले : कालो, पहेँलो वर्णका भुईँमा सेता र सेतो वर्णका भुईँमा चाहिँ पहेँला खालका पाटा वा पाङ्ग्रा भएको (प्रायः कुकुर) । (२५) बनकुकुर : जीउको रङ्ग खैरो-खैरो, टाउको कालो र पुच्छरको टुप्पो सेतै हुने, जङ्गलमा बस्ने कुकुर । (२६) भुस्याहा कुकुर : गल्लीगल्ली चहार्ने, बेवारिसे र निम्न स्तरको कुकुर । (२७) भोटेकुकुर : ठूलो टाउको र झ्याप्ल्याङ्ङ परेका भुत्ला हुने एक जातको जङ्गे कुकुर ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : कुकुरलाई ल्याटिन भाषामा *Canis familiaris* Linn. तथा अंग्रेजीमा Dog भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

वान्तादः श्वा शुनको भषजः कौलेयकश्च मृगदंशः ।
सालावृको वलूकः कुकुरः स्वामिप्रियः सदाक्रोशी ॥
ग्रामसिंहः सारमेयो भूसरो रात्रिजागरः । भत्सको भौभवकरः कुक्कुरः कथ्यते बुधैः ॥
मत्तश्वा वेगितोऽलर्क इति प्राज्ञैरुदाहृतः । सरमा तु शुनां माता शुनकी चेति कथ्यते ॥

वान्ताद, श्वा, शुनक, भषज, कौलेयक, मृगदंश, सालावृक, वलूक, कुकुर, स्वामिप्रिय, सदाक्रोशी, ग्रामसिंह, सारमेय, भूसर, रात्रिजागर, भत्सक, भौभवकर, कुक्कुर तथा मत्तश्वा, वेगिता र अलर्क : यी कुकुरका पर्यायवाची नाम हुन् । कुकुरकी माता सरमा र शुनकी हुन् ।

(ख) अर्कप्रकाश :

अपामार्गजटार्कों वा धत्तूरार्कः सदुग्धकः ॥ अङ्कोलार्कोऽथ वंशार्क श्वविषघ्नः पृथक् पृथक् ।

दतिवनको अथवा धतुरोको अर्क दुधसँग पिउनाले वा अम्फीफलको अर्क अथवा बाँसको अर्क बेग्लाबेग्लै पिउनाले कुकुरको विष नाश हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

समुद्रगामिनी नदी तदीयतीरमृत्तिकाम् । श्वकेशमस्यरेतसा सुरञ्जयेत्ततो नरः ॥
एतस्य वटिकां कृत्वा कोलमात्रां ददेतयः ।
सर्वाऽमनानाम्बन्धन्स्तु मोक्षोऽस्यार्कस्य पानतः ॥

समुद्रसम्म जाने नदी किनाराको माटो र कुकुरको रौं लिनू । अनि त्यही कुकुरको सहवासकालमा झरेको वीर्य र कुकुर्नीको रजमा त्यो रौं भिजाएर माटो मिसाउनू । यसका ससाना बयर जत्रा गोलि बनाउनू । यो गोलि जसलाई खान दिइन्छ त्यसको सहवास आसन खुल्दैन । पछि यसैको अर्क पिएपछि मुक्ति मिल्दछ ।

(ग) कैयदेव निघण्टु :

वान्तादः श्वा सारमेयो भषको रात्रिजागरः । भूसरो भूर्भुवःकरो भल्लूकः कुक्कुरः शुभः ॥
कृतज्ञोऽलर्कः कौलेयः शुनको मृगदंशकः । व्याघ्रारण्यशुनच्छागरिपुश्वानोऽनिलापहाः ॥
गुरूष्णा मधुरा बल्या हिता नेत्रविकारिणाम् ।

वान्ताद, श्वा, सारमेय, भषक, रात्रिजागर, भूसर, भूर्भुवःकर, भल्लूक, कुक्कुर, शुभ, कृतज्ञ, अलर्क, कौलेय, शुनक, मृगदंशक, व्याघ्रारण्य, शुन, छागरिपु र श्वान : यी कुकुरका पर्यायवाची नाम हुन् ।

यसको मासु वातविकार नाश गर्ने, पचाउन कठिन, उष्णवीर्यको, गुलियो, बलदायक र आँखाका रोगीका लागि हित गर्ने गुणको हुन्छ ।

(घ) **धन्वन्तरि निघण्टु :**

कुक्कुरः सारमेयश्च भषकः श्वानकः शुनः । भूस्तरो वक्रलाङ्गूलो भल्लूको रात्रिजागरः ॥

कुक्कुर, सारमेय, भषक, श्वानक, शुन, भूस्तर, वक्रलाङ्गूल, भल्लूक र रात्रिजागर : यी कुकुरका पर्यायवाची नाम हुन् ।

(ङ) **पर्यायरत्नमाला :**

शुनकः सारमेयः श्वा मृगदंशश्च कुक्कुरः ।

शुनक, सारमेय, श्वा, मृगदंश र कुक्कुर : यी कुकुरका पर्यायवाची नाम हुन् ।

(च) **मदनपाल निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुक्कुरः शुनकः श्वा स्यात्कौलेयः शुनकः शुनः ।
सारमेयः कृतज्ञश्च भक्षणो (भषणः) मृगदंशकः ॥

कुक्कुर, शुनक, श्वा, कौलेय, शुन, सारमेय, कृतज्ञ, भक्षण (भषण) र मृगदंशक : यी कुकुरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

...श्व... पललं गुरु । उष्णं वातहरं स्वर्यं हितमक्षिविकारिणाम् ॥

कुकुरको मासु पचाउन कठिन, उष्णवीर्यको, वातविकार नाशक, स्वरका लागि र आँखाका रोगका लागि हितकर हुन्छ ।

(छ) **राज निघण्टु :**

कुक्कुरः सारमेयश्च भषकः श्वानकः शुनः । भूस्तरो वक्रलाङ्गूलो वृकारी रात्रिजागरः ॥
कौलेयको ग्राममृगो मृगारिर्मृगदंशकः । शूरः शुनिः शयालुश्च भषः शरदि कामुकः ॥

कुक्कुर, सारमेय, भषक, श्वानक, शुन, भूस्तर, वक्रलाङ्गूल, वृकारी, रात्रिजागर, कौलेयक, ग्राममृग, मृगारि, मृगदंशक, शूर, शुनि, शयालु, भष र शरदिकामुक : यी कुकुरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कुङ्कुम (केशर)
(Saffron)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कुङ्कुम, पीतन, पिशुन आदि भनेको कुङ्कुम (केसर) हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) केशर : फूलभित्र हुने पराग र मकरन्दयुक्त मसिनो कोमल भुवा; केसर । प्रायः काश्मीरमा पाइने, सानो भुइँभारमा फुल्ने हल्का प्याजी रङ भएको फूलमा हुने सुगन्धी पहेँलो केस्रा, केसर । कुङ्कुम; किञ्जल्क । (२) कश्मीरी केशर : कस्मिरी केशर । (३) कस्मिरी केशर : कश्मीरको पाम्पोर नाम गरेको स्थानमा विशेष मात्रामा पैदा हुने एक जातको फूलको केशर । (४) गर्भ नाल : फक्रिएका फूलका थुँगामा पराग रहने नाल; फूलको केसर रहने नली । (५) गर्भामुख : फूलको सतहमा स्त्रीकेसर जम्मा हुने ठाउँ । (६) पक्ष्म : फूलको केसर । (७) मकरन्द : फूलको केसर; किञ्जल्क । (८) कुसुम्भ : केसर; कुङ्कुम ।

कुङ्कुम (तस्बिर श्रोत : पेअर डी अमरकोश)

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको धेरै वर्ष बाँच्ने सवा फीट अग्लो बोट हुन्छ । जराको तल प्याजको जस्तो गानु हुन्छ । फेदबाटै निस्केका लामा, पातला, छेउ पछाडितिर दोब्रिएका पात हुन्छन् । नीलो-रातो मिसिएका फूल फुल्दछन् । यही फूलको सुकेको अग्रभागलाई केशर भनिन्छ । यसलाई गानुबाट सार्ने गरिन्छ । केशरलाई अंग्रेजीमा Saffron र ल्याटिन भाषामा *Crocus sativus* Linn. भनिन्छ ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसलाई ल्याटिन भाषामा *rocistigmata* भनिन्छ ।

(ङ) आचार्य बालकृष्ण यसलाई अंग्रेजीमा Crocus वा Saffron crocus पनि भनिन्छ ।

(च) द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ : यसलाई अंग्रेजीमा Saffron तथा ल्याटिन भाषामा *Crocus sativus* Linn. *(C.saffron)* भनिन्छ ।

(छ) फर्माकोपिया : संस्कृतमा केशर, घुसृण, काश्मीर र रक्त भनिने केशर Iridaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Crocus sativus* Linn. हो । ओखतीका लागि २५-५० ग्रामसम्मको एक मात्रा हुन्छ ।

नोट : सक्कली केसर अलि महगो हुन्छ । प्रायः खीरमा हाल्ने गरिन्छ । उच्च हिमाली भेगतिर यसको खेती गर्न सकिए आर्थिकस्तर उकासिने थियो ।

संस्कृत पर्यायवाची नामहरू :

(क) अभिधानमञ्जरी :

कुङ्कुममुक्तं रुधिरं रक्तमसृक् शोणितं दलं हीरम् ।
काश्मीरं बाह्लीकं सङ्कोचं पीतकं वरं पिशुनम्॥
अरुणं केसरजातं मालाशोषी च पुष्पजं शोणम् । रक्ताभिधानवाच्यं रक्ताभं रक्तवर्णमिति॥

कुङ्कुम, रुधिर, रक्त, असृक्, शोणित, दल, हीर, काश्मीर, बाह्लीक, सङ्कोच, पीतक, वर, पिशुन, अरुण, केसरजात, मालाशोषी, पुष्पज, शोण, रगतका पर्यायवाची शब्द, रक्ताभ र रक्तवर्ण : यी केसरका पर्यायवाची नाम हुन् ।

अग्निशिखा (तस्विर श्रोत : पेअर डी अमरकोश)

(ख) अभिधान रत्नमाला :

काश्मीरं कुङ्कुमं रक्तं बाह्लीकं रुधिराह्वयम् । पीतकं पुष्पराजं च मसृणं घुसृणं च तत्॥

काश्मीर, कुङ्कुम, रक्त, बाह्लीक, रगतका पर्यायवाची शब्द, पीतक, पुष्पराज, मसृण र घुसृण : यी केसरका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

..अथ कुङ्कुमम् । काश्मीरजन्माग्निशिखं वरं बाह्लीकपीतने ।
रक्तसङ्कोचपिशुनं धीरं लोहितचन्दनम् ।

कुङ्कुम, काश्मीरजन्मन्, अग्निशिख, वर, बाह्ली(ह्लि)क, पीतन, रक्त, सङ्कोच, पिशुन, धीर र लोहितचन्दन : यी केसरका नाम हुन् । (यदि केसरको बास्ना हरायो भने त्यसमा गाईको घिउ हालेर माड्नु, गन्ध जस्ताको तस्तै हुन्छ) ।

(घ) अष्टाङ्ग निघण्टु :

काश्मीरं कुङ्कुमं रक्तं बाह्लीकं घुसृणं वरम् ।

काश्मीर, कुङ्कुम, रक्त, बाह्लीक र घुसृण : यी केसरका पर्यायवाची नाम हुन् ।

(ङ) आयुर्वेद महोदधि :

स्निग्धच्छायोष्णतीक्ष्णं कटुसुरभिगुणं कुङ्कुमं वातरक्तं
रक्तादीनूर्ध्व गात्रे प्रबलबहुरुजो नाशयेज्जाड्यहारी ।
त्वग्जाकण्डूतिपामामुखविषमभवान्ध्वंशयत्युग्ररोगान्
सौवर्णीं कान्तिमङ्गे विरति सततं भाग्यसौभाग्य योगान्॥

केशर (तस्बिर श्रोत : मेडिसिनल प्लान्ट्स अफ नेपाल)

केसर : चिल्लो, तातो, तिक्खर, पिरो र सुगन्धित गुण भएको हुन्छ । वातरक्त, शरीरका माथिल्लो भागमा हुने रक्त आदिका विकार र पीडालाई यसले नाश गर्दछ । केसरले शरीरका अङ्ग विशेषमा हुने लाटोपन (जडता) नाश गर्दछ । छालाको रोग, शरीर चिलाउने समस्या, मुख पाक्ने रोग तथा मुखका वा शरीरका अन्य कडा रोगलाई पनि यसले नाश गर्दछ । केसरले शरीरका अङ्गमा सुनजस्तै चमक दिन्छ तथा संयुक्तरूपमा निरन्तर भाग्य र सौभाग्य दिने गर्दछ ।

केसरकुङ्कुममत्र पवित्रं मर्दनचारुवपुः कुरुते च ।
सौरभदेशकरं च सुकान्तं पुण्यवधूतिलकेषु च शस्तम्॥

केसर पवित्र हुन्छ र दल्नाले शरीरलाई सुन्दर, उज्यालो र सुगन्धित बनाउँदछ । यो विवाहमा वधूलाई लगाउन (वधूतिलक, शास्त्रले बुकुवा दल्नु भन्दछ आजभोली मेहन्दी लगाइन्छ, खाली देखासिकीका काम गरिन्छ जसले फाइदाभन्दा हानी बढी गरिरहेको हुन्छ) हितकर हुन्छ ।

(च) कैयदेव निघण्टु :

कुङ्कुमं पीतकं रक्तं काश्मीरं पिशुनं वरम् । सङ्कोचं चारु बाह्लीकं वर्ण्यमग्निशिखं शिखम्॥
कुङ्कुमं कटुकं तिक्तं वर्ण्यं व्रणविशोधनम् । हन्ति दोषत्रयं हिक्काशिरोरोगवमिकृमीन्॥
कौङ्कुमं पुष्पमारक्तं गन्धवत्सूक्ष्मकेशरम् । काश्मीरेषु च सजातं पद्मगन्धि तदुत्तमम्॥
अतिस्थूलं लतारूपं मध्यमं कथयन्ति हि । अपाण्डुरं खरं चैव स्थूलकेशरमेव च॥
मधुगन्धि च विज्ञेयं पारसीकं तु कुङ्कुमम् । बाह्लीकदेशसञ्जातं कुङ्कुमं पाण्डुवर्णकम्॥
केतकीगन्धसंयुक्तं सूक्ष्मकेशरशोभितम् ।

कुङ्कुम, पीतक, रक्त, काश्मीर, पिशुन, वर, सङ्कोच, चारु, बाह्लीक, वर्ण्य, अग्निशिख र शिख : यी केसरका पर्यायवाची नाम हुन् । केसर पिरो, तितो, शरीरको वर्णमा निखार लेराउने, खटिरा सफा गर्ने

तथा त्रिदोष, बाडुली, टाउकाका रोग, वाकवाकी र कीरालाई नाश गर्ने गुणको हुन्छ । काश्मीरतिरको फूलमा हुने बास्नादार मसिनो रातो पद्मगन्धि नामक केसर उत्तम केसर हो । अति मोटो लहराजस्तो केसरलाई मध्यम केसर भनिन्छ । सेतो बाहेकको, मोटो वा बाक्लो, महजस्तो बास्ना आउने केसरलाई पारसिक केसर भनिन्छ । बाह्लीक (उज्वेकिस्तान)तिर हुने केसर फिका पहेँलो हुन्छ । केतकी फूलको जस्तो बास्ना आउने र मसिनो केसर उत्तम हुन्छ ।

(छ) **धन्वन्तरि निघण्टु :**

कुङ्कुमं रुधिरं रक्तमसृगस्रं च पीतकम्॥ काश्मीरं चारु बाह्लीकं सङ्कोचं पिशुनं वरम् ।
कुङ्कुमं कटुकं तिक्तमुष्णं श्लेष्मसमीरजित्॥ व्रणदृष्टिशिरोरोगविषहृत्कायकान्तिकृत् ।

रक्त (तस्बिर श्रोत : पेअर डी अमरकोश)

कुङ्कुम, रुधिर, रक्त, असृग्, अस्र, पीतक, काश्मीर, चारु, बाह्लीक, सङ्कोच, पिशुन र वर : यी केशरका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, उष्णवीर्यको, कफविकार र वातविकारलाई जित्ने तथा खटिरा, आँखाका रोग, टाउकाका रोग र विषविकार नाशगर्ने गुणको हुन्छ । यसले शरीरको चमक बढाउँदछ ।

(ज) **निघण्टुशेष :**

सङ्कलन : मोहन प्रसाद

कुङ्कुमे रक्तपर्यायं सङ्कोचपिशुनं वरम् । धीरं कुसुम्भं घुसृणं पीतं वाल्हीक-पीतने॥
कश्मीरजं वह्निशिखं वर्णं लोहितचन्दनम् ।
("कुकि वृकि आदाने" कुक्यते कुङ्कुमम् । रक्तपर्यायं रक्ताख्यम् । सङ्कोचस्य पिशुनं-सूचकं सङ्कोचपिशुनम् । सङ्कोचं पिशुनं चेति द्वे नाम्नी इत्यन्ये । व्रियते वरम् । धीरं स्थिररागम्, धीयते धीरम् वा । कुस्यते कुसुम्भम् । घुष्यते अनेनाङ्गं घुंषते-कान्तिं करोति वा घुसृणम् । पीयते स्म पीतम्, पीतयति वा । वाल्हीकेषु जातं वाल्हीकम् । पीतयत्यङ्गं पीतनम् । कश्मीरेषु जातं कश्मीरजम् । वह्नेरिव शिखा-केसरोऽस्य वह्निशिखम् । वर्ण्यते वर्णम्, व्रियते वा । लोहितं चन्दनमिव लोहितचन्दनम् ।) ।

कुङ्कुम, रातोका पर्यायवाची नाम, सङ्कोचपिशुन (सङ्कोच र पिशुन), वर, धीर, कुसुम्भ, घुसृण, पीत, वाल्हीक-पीतन, कश्मीरज, वह्निशिखं, वर्ण र लोहितचन्दन : यी केसरका पर्यायवाची नाम हुन् ।

(झ) **पर्याय रत्नमाला :**

काश्मीरजं कुङ्कुमञ्च बाह्लिकं शोणिताह्वयम् ।

काश्मीरज, कुङ्कुम, बाह्लिक र शोणिताह्वय (रगतका पर्याय) : यी केसरका पर्यायवाची नाम हुन् ।

(ञ) **भावप्रकाश निघण्टु :**

कुङ्कुमं घुसृणं रक्तं काश्मीरं पीतकं वरम्॥ संकोचं पिशुनं धीरं बाह्लीकं शोणिताभिधम्।
काश्मीरदेशजे क्षेत्रे कुङ्कुमं यद्भवेद्धि तत्॥ सूक्ष्मकेशरमारक्तं पद्मगन्धि तदुत्तमम्।
बाह्लीकदेशसञ्जातं कुङ्कुमं पाण्डुरं स्मृतम्॥ केतकीगन्धयुक्तं तन्मध्यमं सूक्ष्मकेशरम्।
कुङ्कुमं पारसीकं यन्मधुगन्धि तदीरितम्॥ ईषत्पाण्डुरवर्णं तदधमं स्थूलकेशरम्।
कुङ्कुमं कटुकं स्निग्धं शिरोरुग्व्रणजन्तुजित्॥ तिक्तं वमिहरं वर्ण्यं व्यङ्गदोषत्रयापहम्।

पीतक (तस्विर श्रोत : पेअर डी अमरकोश)

कुङ्कुम, घुसृण, रक्त, काश्मीर, पीतक, वर, सङ्कोच, पिशुन, धीर, बाह्लीक र शोणिताभिध : यी केसरका संस्कृत पर्यायवाची नामहरू हुन्। काश्मिरका खेतमा उत्पन्न हुने केसर सूक्ष्म केसरले युक्त, केही रातो र कमलको जस्तै सुगन्ध आउने हुन्छ । यसलाई उत्तम केसर मानिन्छ । बाह्लीक देशमा हुने केसर सेतो र पहेँलो मिश्रित वर्णको हुन्छ । यो क्यात्तुकेको फूलजस्तो जस्तो सुगन्धी हुन्छ । यो पनि सूक्ष्म केसरले युक्त हुन्छ । यसलाई मध्यम खालको केसर मानिन्छ। पारसीक देशको केसर मह जस्तै गन्ध आउने हुन्छ। यो पनि हल्का सेतो र पहेँलो मिश्रित वर्णको हुन्छ । यसका केसर मोटा हुन्छन् र यसलाई निम्नस्तरको केसर मानिन्छ। केसर पिरो तीतो हुन्छ। यो चिल्लो हुन्छ। यसले शरीरको वर्णमा निखार लेराउँदछ। यो टाउकाका रोग, घाउखटिरा, कीरा, वाकवाकी, व्यङ्ग र त्रिदोष नाशक हुन्छ।

(ट) **मदनपाल निघण्टु :**

कुङ्कुमं चारु बाह्लीकं वर्ण्यमग्निशिखं वरम्। काश्मीरं पीतमभ्राह्वं सङ्कोचं पिशुनांशुकम्॥

कुङ्कुम, चारु, बाह्लीक, वर्ण्य, अग्निशिख, वर, काश्मीर, पीत, अभ्राह्व, सङ्कोच, पिशुन र अंशुक : यी केसरका संस्कृत पर्यायवाची नामहरू हुन्।

कुङ्कुमं कटुकं सिध्मशिरोरुग्व्रणजन्तुजित्। उष्णं हास्यकरं बल्यं व्यङ्गदोषत्रयापहम्॥

केसर पिरो हुन्छ। यसले दुबी, टाउकाका रोग, घाउखटिरा र कीरामाथि जित हासिल गर्दछ। यसले गर्मी गर्दछ। यो हर्ष प्रदायक, बलदायक तथा व्यङ्गरोग र त्रिदोष नाशक हुन्छ।

(ठ) मदनादि निघण्टु :

कुङ्कुमं बाह्लिकं रक्तं पिशुनं वरयोनिकम् । काश्मीरं रक्तवर्णां च सारमग्निशिखा तथा ॥
स्निग्धोष्णं वातशमनं वर्णकृद्देहगन्धकृ(हृ)त् । कुङ्कुमं रसतः तिक्तं कषायं कृमिनाशनम् ॥

कुङ्कुम, बाह्लिक, रक्त, पिशुन, वरयोनिक, काश्मीर, रक्तवर्ण, सार र अग्निशिखा : यी केसरका पर्यायवाची नाम हुन् । यो चिल्लो, उष्णवीर्यको, वातविकार नाश गर्ने, वर्णमा निखार लेराउने, शरीरको गन्ध नाश गर्ने, तितो, टर्रो र कीरा नाश गर्ने गुणको हुन्छ ।

(ड) राजनिघण्टु :

ज्ञेयं कुङ्कुममग्निशेखरमसृक्काश्मीरजं पीतकं
काश्मीरं रुधिरं वरं च पिशुनं रक्तं शठं शोणितम् ।
बाह्लीकं घुसृणं वरेण्यमरुणं कालेयकं जागुडं
कान्तं वह्निशिखं च केसरवरं गौरं कराक्षीरितम् ॥
कुङ्कुमं सुरभि तिक्तकटूष्णं कासवातकफकण्ठरुजाघ्नम् ।
मूर्धशूलविषदोषनाशनं रोचनं च तनुकान्तिकारकम् ॥

(१) कुङ्कुम, (२) अग्निशेखर, (३) असृक्, (४) काश्मीरज, (५) पीतक, (६) काश्मीर, (७) रुधिर, (८) वर, (९) पिशुन, (१०) रक्त, (११) शठ, (१२) शोणित, (१३) बाह्लीक, (१४) घुसृण, (१५) वरेण्य, (१६) अरुण, (१७) कालेयक, (१८) जागुड, (१९) कान्त, (२०) वह्निशिख, (२१) केसरवर र (२२) गौर : यी बाईस (कराक्षी) नाम केशरका संस्कृत पर्यायवाची नामहरू हुन् । केशर सुगन्धी, तीतो, पिरो, उष्णवीर्यको तथा खोकी, वातविकार, कफविकार, घाँटीका रोग, टाउकाको शूल र विषविकार नाशक हुन्छ । यो रुचिप्रद र शरीरमा चमक लेराउने गुणको हुन्छ ।

(ढ) राजवल्लभ निघण्टु :

कुङ्कुमं भेदि वैवर्ण्यं कण्डूवातकफापहम् ॥

केशर भेदनी हुन्छ । यसले वर्णहीनता, लुतो, वातविकार र कफविकार नाश गर्दछ ।

(ण) शालिग्राम निघण्टु :

काश्मीरजं कुङ्कुमञ्च बाह्लीकं शोणिताह्वयम् । कुसुमात्मक सङ्कोचं पीतनं रक्चन्दनम् ॥

काश्मीरज, कुङ्कुम, बाह्लीक, शोणिताह्वय (रगतका पर्याय), कुसुमात्मक, सङ्कोच, पीतन र रक्चन्दन : यी केसरका पर्यायवाची नाम हुन् ।

अव्यक्तरक्तिमा मोदि मर्दनात्कर्णिकात्मकम् । स्थिररागं करेलग्नं भग्नं कुङ्कुममुत्तमम् ॥

हांनमेवाग्नं काश्मीरं गरं पाण्डुरकेशरम् । (द्रव्यांचह्व)

बाहिर प्रष्ट नदेखिने खालको रातोपन भएको, बास्ना आउने र हातमा लिई माड्दा हातमा रङ लागेर सजिलै नजाने किसिमको केसर उत्तम केसर हो । जुन् केसर आगोको ज्वाको रङको, विषयुक्त र पहेँलो रङको केसर भएको हुन्छ त्यो निम्नस्तरको केसर हो ।

कुङ्कुमं रेचकं प्रोक्तं कण्डूवैवर्ण्यनाशनम् । (राजवल्लभ निघण्टु)

केसर रेचनी तथा चिलाउने रोग र वर्ण नाशलाई नाश गर्ने गुणको हुन्छ ।

कुङ्कुमं तीक्ष्णमुष्णञ्च प्रियं वर्ण्यं सुगन्धिकम् । कटूष्णं कफवातघ्नं त्वग्दोषस्वेदपित्तजित् ॥

केसर तिक्खर, उष्णवीर्यको, प्रिय, वर्णमा निखार लेराउने, सुगन्धि, पिरो, गर्मी गर्ने, कफविकार वातविकार नाश गर्ने तथा छालाका रोग, पसिना र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

(त) **सरस्वती निघण्टु :**

काश्मीरजन्माग्निशिखं वरं वाह्लीकपीतनम् । रक्तसङ्कोचपिशुनं धीरं रुधिरनामकम् ॥

काश्मीरजन्मा, अग्निशिखा, वर, वाह्लीकपीतन, रक्तसङ्कोच, पिशुन, धीर र रगतका पर्यायवाची नाम : यी केसरका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(थ) **सोढल निघण्टु :**

कुङ्कुमे रुधिरं पीतं सङ्कोचं पिशुनं वरम् । काश्मीरं चारु बाह्लीकं घुसृणं कुक्कुटाह्वयम् ॥
पीतकेसरकं माल्यं हारं चाग्निशिखं तथा । कश्मीरजातं कालेयं तीव्रं च कुसुमोद्भवम् ॥

कुङ्कुम, रुधिर, पीत, सङ्कोच, पिशुन, वर, काश्मीर, चारु, बाह्लीक, घुसृण, कुक्कुटाह्वय, पीतकेसरक, माल्य, हार, अग्निशिख, कश्मीरजात, कालेय, तीव्र र कुसुमोद्भव : यी काश्मीरी केसरका पर्यायवाची नाम हुन् ।

तिषुके कुङ्कुमं रक्तं सुगन्धि तृणसम्भवम् । बद्धरागं तृणपुष्पं तुरुष्कं तु जनप्रियम् ॥

तिषुक, कुङ्कुम, रक्त, सुगन्धि, तृणसम्भव, बद्धराग, तृणपुष्प, तुरुष्क र जनप्रिय : यी तुर्की केसरका पर्यायवाची नाम हुन् ।

(द) **सौश्रुत निघण्टु :**

कुङ्कुमं बाह्लिकं हीरं पिण्डनं पीतकं वरम् । काश्मीरं रक्तवर्णञ्च मालमग्निशिखं तथा ॥

कुङ्कुम, बाह्लिक, हरि, पिण्डन, पीतक, वर, काश्मीर, रक्तवर्ण, माल र अग्निशिख : यी केसरका पर्यायवाची नाम हुन् ।

(ध) **हृदयदीपक निघण्टु :**

काश्मीरजं तु काश्मीरं बाह्लीकं कुङ्कुमं त्वसृक् ।

काश्मीरज, काश्मीर, बाह्लीक, कुङ्कुम र असृक् : यी काश्मीरी केसरका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुचन्दन (बकचन्दन)
(Sappan Wood)

परिभाषा :

(क) के.यन.स्वामी : (१) कुचन्दन, रञ्जन, रक्तसार : रक्तचन्दन । (२) पट्टरञ्जक, पतङ्गम्, रक्तसार, रक्तकाष्ठ, पटराग : वकचन्दन ।

(ख) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णाचन्द्र चुनेकर : यसको रूख होचो र काँडेदार हुन्छ । काठ साह्रो र भित्री भाग चम्किलो रातो हुन्छ । हल्का पहेँलो रङको फूल फुल्दछ । यो रक्तचन्दन जस्तै रातो तर बास्ना नआउने हुन्छ । यसलाई अंग्रेजीमा Sappan Wood तथा ल्याटिन भाषामा *Caesalpinia sappan* Linn. भनिन्छ ।

(ग) अष्टाङ्गहृदयकोष : यो एक जातको रातो चन्दन हो । यसलाई अंग्रेजीमा Brasiletto पनि भनिन्छ ।

(घ) कामतद्वय : कुचन्दन Leguminosae, Caesalpiniace परिवारमा पर्दछ । यसको वास्पतिक नाम *Caesalpinia sappan* Linn. हो ।

(ङ) संस्कृतमा पतङ्ग र पत्राङ्ग भनिने बोट Caesalpiniaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Caesalpinia sappan* Linn. हो । अंग्रेजीमा यसलाई Sappan Wood भनिन्छ । ओखतीका लागि यसको काठको चुरो एक मात्रामा ५-१० ग्राम प्रयोग गर्नुपर्दछ ।

संस्कृत पर्यायवाची नामहरू : सङ्कलन : मोहन प्रसाद साप

पतङ्ग (तस्बिर श्रोत : इजि आयुर्वेद)

(क) **अभिधानमञ्जरी :**

पटरञ्जनं चतुर्थं कुचन्दनं पत्तरं च पत्तङ्गम् । कथितं हि रक्तकाष्ठं कुगन्धकं पाण्डुरागमिति ॥

पटरञ्जन, कुचन्दन, पत्तर, पत्तङ्ग, रक्तकाष्ठ, कुगन्धक र पाण्डुराग : यी चौथो प्रकारको चन्दन अर्थात् बकचन्दनका पर्यायवाची नाम हुन् ।

(ख) **अभिधानरत्नमाला :**

कुचन्दनं रक्तकाष्ठं पत्तङ्गं क्षुद्रचन्दनम् ।

कुचन्दन, रक्तकाष्ठ, पत्तङ्ग र क्षुद्रचन्दन : यी बकचन्दनका पर्यायवाची नाम हुन् ।

(ग) **अष्टाङ्ग निघण्टु :**

कुचन्दनं ताम्रवर्णं ...।

कुचन्दन र ताम्रवर्ण : यी बकचन्दनका पर्यायवाची नाम हुन् ।

(घ) कैयदेव निघण्टु :

कुचन्दनं रक्तकाष्ठं पतङ्गं पट्टरञ्जनम् ।
जघन्यपट्टरागं च पत्तरं पट्टरागकम्॥
पतङ्गं मधुरं शीतं व्रणपित्तकफापहम् ।

कुचन्दन, रक्तकाष्ठ, पतङ्ग, पट्टरञ्जन, जघन्य, पट्टराग, पत्तर र पट्टरागक : यी बकचन्दनका पर्यायवाची नाम हुन् । यो गुलियो, शीतवीर्यको तथा घाउखटिरा, पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

(ङ) धन्वन्तरि निघण्टु :

कुचन्दनं पतङ्गं च रक्तकाष्ठं सुरङ्गकम् । पत्राङ्गं पट्टरागं च पट्टरञ्जनमेव च॥ स्वादु पाकरसे शीतं श्लेष्मलं नातिपित्तलम् । कुचन्दनं तु तिक्तं स्यात्सुगन्धि व्रणरोपणम्॥

बकचन्दन (तस्विर श्रोत : प्लान्टस्लाइभ)

कुचन्दन, पतङ्ग, रक्तकाष्ठ, सुरङ्गक, पत्राङ्ग, पट्टराग र पट्टरञ्जन : यी बकचन्दनका पर्यायवाची नाम हुन् । यो शुरुमा र पचेपछि गुलियो, शीतवीर्यको, कफविकार गर्ने, धेरै पित्तविकार नगर्ने, तितो, सुगन्धी र खटिरालाई भर्ने गुणको हुन्छ ।

(च) निघण्टुशेष :

कुचन्दने तु पत्राङ्गं पतङ्गं पट्टरञ्जनम् । सुरङ्गकं रक्तकाष्ठं पत्तूरं तिलपर्णिका॥
(कौ चन्दनं कुचन्दनम् । पत्रेष्वङ्गति पत्राङ्गम् । पतति-याति रङ्गोऽस्य पतङ्गः ।
पट्टस्य रञ्जनं पट्टरञ्जनम् । शोभनो रङ्गोऽस्येति सुरङ्गम्, के सुरङ्गकम्, सुरक्तकमित्यपि ।
रक्तं च तत् काष्ठं च रक्तकाष्ठम् । पत्यते पत्तूरम् ।
तिलस्येव पर्णान्यस्यास्तिलपर्णी, सैव तिलपर्णिका ।) ।

कुचन्दन, पत्राङ्ग, पतङ्ग, पट्टरञ्जन, सुरङ्गक, रक्तकाष्ठ, पत्तूर र तिलपर्णिका : यी बकचन्दनका पर्यायवाची नाम हुन् ।

(छ) पर्यायरत्नमाला :

पतङ्गं रञ्जनं रक्तं पत्राङ्गञ्च कुचन्दनम् ।

पतङ्ग, रञ्जन, रक्त, पत्राङ्ग र कुचन्दन : यी बकचन्दनका पर्यायवाची नाम हुन् । (यो ग्रन्थमा यसलाई रक्तचन्दनको एक जात भनिएको छ) ।

(ज) भावप्रकाश निघण्टु :

पतङ्गं रक्तसारञ्च सुरङ्गं रञ्जनं तथा ।
पट्टरञ्जकमाख्यातं पत्तूरञ्च कुचन्दनम्॥
पतङ्गं मधुरं शीतं पित्तश्लेष्मव्रणास्रनुत् ।
हरिचन्दनवद्वेद्यं विशेषाद्दाहनाशनम्॥

बकचन्दन (तस्बिर श्रोत : विकिपेडिया)

पतङ्ग, रक्तसार, सुरङ्ग, रञ्जन, पट्टरञ्जक, पत्तूर र कुचन्दन : यी बकचन्दनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, शीतल गर्ने, पित्तविकार नाशक, कफविकार नाशक, घाउखटिरा नाशक र रक्तविकार नाशक हुन्छ । यसका अन्य गुण पहेँलो चन्दनका जस्तै हुन्छन् विशेषतः यो डाहनाशक हुन्छ ।

(झ) मदनपाल निघण्टु :

पतङ्गं पटरागं स्याद्रक्तकाष्ठं कुचन्दनम् ।
सुरङ्गकं जगत्याह्वं पत्तूरं पट्टरञ्जकम्॥
पतङ्गमधुरं शीतं पित्तश्लेष्मव्रणास्रजित्॥

पतङ्ग, पटराग, रक्तकाष्ठ, कुचन्दन, सुरङ्गक, जगत्याह्व, पत्तूर र पट्टरञ्जक : यी बकचन्दनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, शीतवीर्य भएको तथा पित्तविकार, कफविकार, घाउखटिरा र रक्तविकार जित्ने गुणको हुन्छ ।

(ञ) मदनादि निघण्टु :

कुचन्दनं ताम्रसारञ्च स रक्तं बलिचन्दनम् ।

कुचन्दन, ताम्रसार, रक्त र बलिचन्दन : यी बकचन्दनका पर्यायवाची नाम हुन् ।

(ट) राज निघण्टु :

पत्तङ्गं चैव पत्राङ्गं रङ्गकाष्ठं सुरङ्गदम् । पत्राढ्यं पत्ररङ्गं भार्यावृक्षश्च रक्तकः ॥
लोहितं रक्तकाष्ठं च रागकाष्ठं कुचन्दनम् । पट्टरञ्जनकं चैव सुरङ्गं च चतुर्दश ॥
पत्राङ्गं कटुकं रूक्षमम्लं शीतं तु गौल्यकम् । वातपित्तज्वरघ्नं च विस्फोटोन्मादभूतहृत् ॥

(१) पत्तङ्ग, (२) पत्राङ्ग, (३) रङ्गकाष्ठ, (४) सुरङ्गद, (५) पत्राढ्य, (६) पत्ररङ्ग, (७) भार्यावृक्ष, (८) रक्तक, (९) लोहित, (१०) रक्तकाष्ठ, (११) रागकाष्ठ, (१२) कुचन्दन, (१३) पट्टरञ्जनक र (१४) सुरङ्ग : यी चौध नाम पतङ्ग नामक चन्दनविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो चन्दन पिरो, रुखो, अमिलो, शीतवीर्यको, गुलियो तथा वातविकार, पित्तविकार, ज्वर, विस्फोट, पागलपन र भूतबाधा नाशक हुन्छ ।

(ठ) शालिग्राम निघण्टु :

पत्राङ्गस्तिक्तकः शीतो रूक्षोऽम्लो मधुरः कटुः । व्रणशुद्धिकरो वर्ण्यः सुगन्धिर्वातपित्तहृत् ॥
उन्मादज्वरविस्फोटमूत्रकृच्छ्रव्रणाञ्जयेत् ।
कफाश्मरीरक्तदोषभूतबाधानिवारणः ॥ (निघण्टु रत्नाकर)

बकचन्दन तितो, शीतवीर्यको, रुखो, अमिलो, गुलियो, पिरो, घाउखटिरा सफा गर्ने, वर्णमा निखार लेराउने, सुगन्धि, वातविकार र पित्तविकारलाई जित्ने तथा कफविकार, पत्थरी, रक्तविकार र भूतबाधा नाश गर्ने गुणको हुन्छ ।

बकचन्दन (तस्विर श्रोत : युविका हर्ब्स आयुर्वेद)

(ड) सरस्वती निघण्टु :

यस ग्रन्थमा यसलाई रक्तचन्दनकै पर्यायवाची बनाइएको छ ।

(ढ) सोढल निघण्टु :

पतङ्गे रक्तकाष्ठं च पत्ररङ्गं कुचन्दनम् ।
सुरङ्गं पट्टरागं च पट्टरञ्जनमेव च ॥

पतङ्ग, रक्तकाष्ठ, पत्ररङ्ग, कुचन्दन, सुरङ्ग, पट्टराग र पट्टरञ्जन : यी बकचन्दनका पर्यायवाची नाम हुन् ।

(ण) हृदयदीपक निघण्टु :

...पतङ्गन्तु कुचन्दनम् ।

पतङ्ग र कुचन्दन : यी बकचन्दनका पर्यायवाची नाम हुन् ।

कुज्झटी (कुहिरो)
(Fog)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : नीहार, कुज्झटी र कुज्झटिका : यी कुहिरो वा हुस्सुका पर्यायवाची नाम हुन् ।

कुहिरो (By Ilias81 (Own work) [Public domain], via Wikimedia Commons

(ख) नेपाली बृहत् शब्दकोश : (१) कुइरो : वायुमा मिलेर बाफका रूपमा पृथ्वीमाथि ढाकिएको देखिने ससाना जलकणहरूको समूह; हुस्सु; कुहिरो । (२) कुहिरी मण्डल : बादल; तुवाँलो, धूवाँ, धूलो आदिले ढपक्क ढाक्ने काम । (३) कुहिरो : धूवाँजस्तो देखिने चिसो हावामा मिलेको जलकण; कुइरो; हुस्सु । (४) तुवाँलो : गर्मी याममा धर्तीमाथि तिरमिर भएर उडेको देखिने धूममण्डल वा धूलिमण्डल; एक किसिमको पातलो कुहिरो; प्वाँलो । (५) हुस्स : धूवाँजस्तो कुहिरो फैलने गरी । (६) हुस्सु : धूवाँजस्तो पातलो कुहिरो । (७) हुस्से : बिहान भुइँमै लाग्ने बाक्लो कुहिरो; हुस्सु ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) माधव द्रव्यगुण :

अपि नद्याः समुद्रान्ते वह्निमारुतसम्भवाः । धूमावयवनिर्मुक्ता नीहाराख्यास्तु ताः स्मृताः ॥
प्राक्समुद्राम्बुसम्पर्किसमीरणसमीरिताः । अपथ्याः प्राणिनां प्रायो भूरुहाणां हितास्तु ताः ॥

(प्रायः) नदी वा समुद्रका किनारमा अग्नि (तेज) र हावाका कारण उत्पन्न हुने, धुवाँजस्तो वस्तुलाई नीहार भनिन्छ । शुरुमा समुद्रको पानी र वायुको सम्पर्कमा हुने यो प्राणीका लागि हितकर हुँदैन, यो रूखविरुवाका लागि भने हितकर हुन्छ ।

(ख) राजवल्लभ निघण्टु :

रूक्षो तमोगुण प्रायो कुज्झटिः कफपित्तलः ॥

कुहिरो रुखो, तमोगुणी तथा कफविकार र पित्तविकार बढाउने गुणको हुन्छ ।

कुञ्चन (आँखाको रोगविशेष)
A particular disease of the eyes (contracting the eyelids)

(क) **भावप्रकाश संहिता, माधव निदान :**

वाताद्या वर्त्मसङ्कोचं जनयन्ति मला यदा । तदा द्रष्टुं न शक्नोति कुञ्चनं नाम तद्विदुः ॥

वातविकार आदि विकारले गर्दा आँखाका पलक खुम्च्याउनाले रोगी देख्न असमर्थ हुन पुग्दछ । यो रोगलाई कुञ्चन भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुटज (ठुलोकुरो)
(Ester tree)

परिभाषाः

(क) कुलचन्द्र शर्मा : कुटज, शक्र, वत्सक र गिरिमल्लिका भनेको ठुलो कुरो हो । यसैगरी कलिङ्ग, इन्द्रयव र भद्रयव भनेको ठुलो कुरोको फल (इन्द्रजौ) हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) ठुलोकुरो : लाम्चा पात हुने, लामा कोसा फल्ने र सेता फूल फुल्ने एक जातको वृक्ष वा त्यसैको फल, कटज । (२) इन्द्रजौ : ठूलो कुरो वा त्यसको फल ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसलाई ल्याटिन भाषामा *Hollarrhena Antidysentrica* भनिन्छ ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई ल्याटिन भाषामा *Hollarrhena Antidysenterica* Wall. भनिन्छ ।

(ङ) आचार्य बालकृष्ण : यो दुई थरी हुन्छ । ठूलो कुरोको वानस्पतिक नाम *Holarrhena antidysenterica* (Linn.) Wall. ex A.DC. तथा सेतो ठुलो कुरोको वानस्पतिक नाम *Holarrhena antidysenterica* (Linn.) हो । यसलाई अंग्रेजीमा Kurchi वा Coness tree भनिन्छ ।

कुटज (तस्विर स्रोत : वैद्य श्री मधुवज्र वज्राचार्य)

(च) पेयर डी अमरकोश : यसको ल्याटिन नाम *Holarrhena antidysenterica* (Roxb. ex Flem.) Wall हो ।

(छ) डा.सतिश चन्द्र साङ्ख्यधर : सेतो फूल फुल्ने भाले जातको ठुलोकुरोको *Holarrhena antidysentrica* (Linn.) Wall. तथा रातो फूल फुल्ने पोथी जातको ठुलोकुरोको *Wrightia tinctoria* R.Br. वा *W.tomentosa* Roem. & Schult.ल्याटिन नाम हो । केन्यातिर यसको अर्को जात पनि पाइन्छ जसलाई *H.febrifuga* Klotysch भनिन्छ ।

(ज) कामतद्वय : यो Apocynaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Holarrhena antidysenterica* Wall. Syn.-*Wrightia anlidysenterica* (J. Graham); *Wrightia tinctoria* R. Br.; *Holarrhena antidysenterica* (Roth.) DC. हो । इन्द्रजौलाई Seeds of *Holarrhena antidysenterica* Wall.भनिन्छ ।

(झ) फर्माकोपिया : संस्कृत कलिङ्ग, शक्र र वत्सक भनिने ठूलोकुरो Apocynaceae परिवारमा पर्दछ । यसको वास्पतिक नाम *Holarrhena antidysenterica* (Roth) A. DC. हो । अंग्रेजीमा यसलाई Ester tree, Conessi bark भनिन्छ । यसको काण्डको बोक्रा २०-३० ग्रामको तथा यसको बीज (इन्द्रजौ) को धुलो ३-६ ग्राम अनि २०-३० ग्राम काँढापानीका लागि एक मात्रा हुन्छ ।

(ञ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : यसको वानस्पतिक नाम *Holarrhena pubescens* (Buch.-Ham.) Wall. ex G. Don हो । यसलाई स्थानीय भाषामा इन्द्रजौ, कुर्ची, केवट, कदिसे खिर्रो, दूध खिर्रो र दूध खिरा भनिन्छ । यो Apocynaceae परिवारमा पर्दछ ।

(ट) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : यो Angiosperm समूह अन्तर्गतको Apocynaceae परिवारमा पर्दछ । यसलाई स्थानीय भाषामा वन खिर्रो वा इन्द्रजौ भनिन्छ । यसको वानस्पतिक नाम *Holarrhena pubescens* (Buch.-Ham.) Wall. ex G.Don. हो ।

(ठ) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : यो Apocynaceae परिवारमा पर्दछ । यसको वास्पतिक नाम *Holarrhena pubescens* Wall. ex G.Don हो । गुरुङ भाषामा तथा स्थानीय भाषामा यसलाई वन खिर्रो भनिन्छ ।

संस्कृत पर्यायवाची नामहरू :

(क) अभिधानमञ्जरी :

कुटजेन्द्रवृक्षवृक्षकगिरिजकलिङ्गाह्वमल्लिकापुष्पाः ।
गिरिमल्लिकेन्द्रयवकौ वत्सकपर्यायवाचकाः शब्दाः ॥

कुटज, इन्द्रवृक्ष, वृक्षक, गिरिज, कलिङ्गाह्व, मल्लिकापुष्पा, गिरिमल्लिका, इन्द्रयवक र वत्सक : यी ठूलोकरोका पर्यायवाची नाम हुन् ।

तद्बीजानि कलिङ्गा भद्रयवाश्चेति शक्राह्वाः।
प्रागिन्द्रनाममिलितैः शब्दैर्यववाचकैश्च कथ्यन्ते॥

ठूलो कुरो (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

ठूलोकरोको बीजलाई कलिङ्गा, भद्रयवा, शक्राह्वा र इन्द्रका पर्यायवाची शब्दका पछाडि यव जोडिएका शब्द : यी इन्द्रजौका पर्यायवाची नाम हुन् ।

(ख) अभिधानरत्नमाला :

कुटजो मल्लिकापुष्पो गिरिजो गिरिमल्लिका । वत्सक शक्रवृक्षश्च क्षवको वनतिक्तकः॥
तद्बीजेन्द्रयवं भद्रयवस्त्वस्मिन् कलिङ्गकाः ।

कुटज, मल्लिकापुष्प, गिरिजा, गिरिमल्लिका, वत्सक, शक्रवृक्ष, क्षवक र वनतिक्तक : यी ठूलोकुरोका पर्यायवाची नाम हुन् । त्यसको बीजलाई इन्द्रयव, भद्रयव वा कलिङ्गका भनिन्छ ।

(ग) अमरकोश :

...कुटज शक्रो वत्सको गिरिमल्लिका । एतस्यैव कलिङ्गेन्द्रयवभद्रयवं फले ।

कुटज, शक्र, वत्सक र गिरिमल्लिका भनेको ठूलो कुरो हो । यसैगरी कलिङ्ग, इन्द्रयव र भद्रयव भनेको ठूलो कुरोको फल (इन्द्रजौ) हो ।

(घ) अर्कप्रकाश :

कोटजोदीपनः शीतः कफतृष्णामकुष्ठजित् ।

ठूलोकुरोका अर्कले जठराग्निलाई बाल्दछ, शीतल गर्दछ तथा कफविकार, तिर्खा र कुष्ठ नाश गर्दछ ।



इन्द्रजौ (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ङ) अष्टाङ्ग निघण्टु :

वनतिक्तो वत्सकादौ कुटजो गिरिमल्लिका । वृक्षकः शक्रवृक्षश्च वत्सकः कुटजस्तथा ॥

वनतिक्त, वत्सक, कुटज, गिरिमल्लिका, वृक्षक, शक्रवृक्ष, वत्सक र कुटज : यी ठूलोकुरोका पर्यायवाची नाम हुन् ।

(च) कैयदेव निघण्टु :

कुटको वत्सकः कोही कलिङ्गो गिरिमल्लिका । उत्सको मल्लिकापुष्पो वृक्षको वरतिक्तकः॥
शक्राऽन्या वंशकुटजी कुटजी नीलयष्टिका ।

कुटक(ज?), वत्सक, कोही, कलिङ्ग, गिरिमल्लिका, उत्सक, मल्लिकापुष्प, वृक्षक, वरतिक्तक र शक्रा : यी एक थरी ठूलोकुरोका तथा वंशकुटजी, कुटजी र नीलयष्टिका : यी अर्को थरी ठूलोकुरोका पर्यायवाची नाम हुन् ।

तयोः फलं भद्रयवा शक्राह्वयवाः स्मृताः ॥ कालिङ्गकाः कौटजा यवाभद्रयवेन्द्रकाः ।

तिनको फललाई भद्रयवा, इन्द्र र यसका पर्यायवाचीशब्दका पछाडि यव आउने शब्द, कालिङ्गका, कौटजा, यवा वा भद्रयवा भनिन्छ ।

कुटजः शीतलो रूक्षः कषायो दीपनः कटुः ॥ कफपित्तास्रतृट्कुष्ठजन्त्वामार्शोऽतिसारहा ।

ठूलोकुरो शीतवीर्यको, रुखो, टर्रो, दीपनी, पिरो तथा कफविकार, पित्तविकार, रक्तविकार, तिर्खा, कुष्ठ, कीरा, हर्सा र अतिसार नाश गर्ने गुणको हुन्छ ।

तत्पुष्पं शीतलं तिक्तं कषायं लघु दीपनम् ॥ वातलं कफपितास्रकुष्ठातीसारजन्तुजित् ।

त्यसको फूल शीतवीर्यके, तितो, टर्रो, पचाउन सहज, दीपनी, वातविकार गर्ने तथा कफविकार, पित्तविकार, रक्तविकार, कुष्ठ, अतीसार र कीरालाई जित्ने गुणको हुन्छ ।

फलं तिक्तरसं ग्राहि कट्वनुष्णं त्रिदोषनुत् ॥
दीपनं पाचनं कुष्ठज्वरविसर्पशूलनुत् । गुदकीलकवातास्रश्रमलोहितनाशनम् ॥

यसको फल तितो, ग्राहि, पिरो, शीतवीर्यको, त्रिदोष नाश गर्ने, दीपनी, पाचनी तथा कुष्ठ, जरो, विसर्प, शूल, हर्सा, वातरक्त, थकाइ र रक्तविकार नाश गर्ने गुणको हुन्छ ।

इन्द्रजौ (तस्बिर श्रोत : अलआयुर्वेदिक डटओआरजी)

(छ) **द्रव्यगुण सङ्ग्रह :**

कफपित्तहरं पुष्पं कुष्ठघ्नं कुटजस्य च ।

ठूलोकुरोको फूलले कफविकार, पित्तविकार र कुष्ठ नाश गर्दछ ।

(ज) **धन्वन्तरि निघण्टु :**

कुटजः कौटजः कौटो वत्सको गिरिमल्लिका । कलिङ्गो मल्लिकापुष्प इन्द्रवृक्षोऽथ वृक्षकः ॥
कुटजः कटुकस्तिक्तः कषायो रूक्षशीतलः । कुष्ठातीसारपित्तास्रगुदजानि विनाशयेत् ॥

कुटज, कौटज, कौट, वत्सक, गिरिमल्लिका, कलिङ्ग, मल्लिकापुष्प, इन्द्रवृक्ष र वृक्षक : यी ठूलोकुरोका पर्यायवाची नाम हुन् । यो पिरो, तीतो, टर्रो, रुखो, शीतवीर्यको तथा कुष्ठ, अतीसार, पित्तविकार, रक्तविकार र मलद्वारका रोग नाशगर्ने गुणको हुन्छ ।

फलानि तस्येन्द्रयवाः शक्राह्वाः स्युः कलिङ्गका । तथा वत्सकबीजानि प्रोक्ता भद्रयवास्तथा ॥
(वल्लजं गह्वरं चैव सा चोक्ता कृष्णतण्डुला ।) शक्राह्वाः कटुतिक्तोष्णास्त्रिदोषघ्नाश्च दीपनाः ॥
रक्तार्शांस्यतिसारं च घ्नन्ति शूलवमीस्तथा ।

इन्द्रयव, शक्राह्व, (इन्द्रका पर्याय), कलिङ्गक, वत्सकबीजा, भद्रयवा, (वल्लज, गह्वर, र कृष्णतण्डुला) : यी ठूलोकुरोका बीज अर्थात् इन्द्रजौका पर्यायवाची नाम हुन् । यो पिरो, तीतो, उष्णवीर्यको, त्रिदोष नाशगर्ने, दीपनी तथा रक्तविकार, हर्सा, अतिसार, शूल र वाकवाकी नाशगर्ने गुणको हुन्छ ।

(झ) **निघण्टुशेष :**

कुटजे कोटजः कोही वत्सको गिरिमल्लिका । वृक्षको मल्लिकापुष्पः कलिङ्गः पाण्डुरद्रुमः ॥
इन्द्रवृक्षो यवफलो दीप्तभद्रोडुमल्लिका ।
(कुटति कुटजः । बाहुलकाद् गुणे च कोटजः । "कुहि विस्मापने" कोहते अवश्यं कोही । वस्ते त्वचं वत्सकः । गिरिणा मल्ल्यते-धार्यते गिरिमल्लिका, गिरौ मल्लिकेव वा । वृक्षते-वृणोति वृक्षकः । मल्लिकाया इव पुष्पाण्यस्य मल्लिकापुष्पः । कलिङ्गायति कलिङ्गः, कल्यते कलिङ्ग इति वा, कलिङ्गदेशजो वा । पाण्डुरो द्रुमः पाण्डुरद्रुमः । इन्द्रस्य वृक्षः इन्द्रवृक्षः । यव इव फलमस्य यवफलः । दीप्तं भद्रमस्या दीप्तभद्रा । उडूनां मल्लिकेव उडुमल्लिका ।) ।

ठूलो कुरोको फूल (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

कुटज, कोटज, कोही, वत्सक, गिरिमल्लिका, वृक्षक, मल्लिकापुष्प, कलिङ्ग, पाण्डुरद्रुम, इन्द्रवृक्ष, यवफल, दीप्तभद्रा र उडुमल्लिका : यी ठूलोकुरोका पर्यायवाची नाम हुन् ।

फलं तु तस्येन्द्रयवं, बीजं भद्रयवाह्वयम् ।
(तस्य- कुटजस्य फलं इन्द्रस्य यवम् इन्द्रयवम् । भद्रं यवं भद्रा यवा यस्य तदिति वा भद्रयवं बीजं कथ्यते । इन्द्रयवं कुटजफलम्, भद्रयवं तु कुटजबीजमित्यर्थः ।) ।

त्यसको फललाई इन्द्रयव वा भद्रयव भनिन्छ ।

(ञ) **पर्यायरत्नमाला :**

वृक्षकः शक्रपर्यायो वत्सको गिरिमल्लिका । कुटजस्तत्फलञ्चेन्द्रयवश्चापि कलिङ्गकः ॥

वृक्षक, इन्द्रका पर्यायवाची शब्द, वत्सक, गिरिमल्लिका र कुटज : यी ठूलोकुरोका पर्यायवाची नाम हुन्। त्यसको फललाई इन्द्रयव वा कलिङ्गक भनिन्छ ।

(ट) भावप्रकाश निघण्टु :

कुटजः कूटजः कौटो वत्सको गिरिमल्लिका । कालिङ्गः शक्रशाखी च मल्लिकापुष्प इत्यपि ॥
इन्द्रो यवफलः प्रोक्तो वृक्षकः पाण्डुरद्रुमः । कुटजः कटुको रूक्षो दीपनस्तुवरो हिमः ॥
अर्शोऽतिसारपित्तास्रकफतृष्णाऽऽमकुष्ठनुत् ।

कुटज, कूटज, कौट, वत्सक, गिरिमल्लिका, कालिङ्ग, शक्रशाखी, मल्लिकापुष्प, इन्द्र (इन्द्रका पर्यायवाची सबै शब्द), यवफल, वृक्षक र पाण्डुरद्रुम : यी ठूलोकुरोका संस्कृत पर्यायवाची नामहरू हुन्। यो पिरो, रुखो, दीपन, टर्रो र शीतल गर्ने गुणको हुन्छ । यसले अल्काई, अतिसार, पित्तविकार, रक्तविकार, कफविकार, तिर्खा, आमविकार र कुष्ठरोग नाश गर्दछ ।

उक्तं कुटजबीजं तु यवमिन्द्रयवं तथा ॥ कलिङ्गं चापि कालिङ्गं तथा भद्रयवं स्मृतम् ।
क्वचिदिन्द्रस्य नामैव भवेत्तदभिधायकम्॥ फलानीन्द्रयवास्तस्य तथा भद्रयवा अपि ।
इन्द्रयवं त्रिदोषघ्नं संग्राहि कटु शीतलम्॥ ज्वरातीसाररक्तार्शः कृमिवीसर्पकुष्ठनुत् ।
दीपनं गुदकीलास्रवातास्रश्लेष्मशूलजित्॥

ठूलो कुरो (तस्बिर श्रोत : पेयर डी अमरकोश)

कुटजबीज, इन्द्रयव, यव, कलिङ्ग, कालिङ्ग र भद्रयव : यी इन्द्रजौका संस्कृत पर्यायवाची नामहरु हुन् । कसै कसैले इन्द्रको नामले इन्द्रजौलाई पनि बुझाउँदछ पनि भनेका छन् । ती नामका पछाडि फल शब्द जोडिएपछि त्यो इन्द्रजौको नाम हुन्छ भन्दछन् । इन्द्रजौले त्रिदोष नाश गर्दछ र कब्जियत पनि गर्दछ । यो पिरो स्वादको हुन्छ र छाम्दा शीतल हुन्छ । यसले जरो, छेरपटी, रगत बहने खालको अलकाई, किरा, सुकेलुतो र कुष्ठरोग नाश गर्दछ । साथै, यो पाचकाग्नि बाल्ने, अल्काईका गिर्खा नाशक, रक्तविकार नाशक, वातविकार नाशक, कफविकार नाशक र शूल नाशक (जित्ने) हुन्छ । राम्ररी हुर्केपछि यसका पात कदमका जस्तै ठूला हुन्छन्, पात चुँड्दा सेतो दूध आउँदछ, गेडा जौ जस्तै हुन्छ, वर्षा ऋतुमा फूल फुल्दछ ।

(ठ) **मदनपाल निघण्टु :**

कुटजो मल्लिकापुष्पः कलिङ्गो गिरिमल्लिका । वत्सकः कूटजः कोटिवृक्षकः शक्रभूरहः ॥
कुटजः कटुको रूक्षो दीपनस्तुवरो लघुः । अर्शोऽतिसारपित्तास्रकफतृष्णामकुष्ठनुत् ॥
तत्फलं वातलं शीतं तिक्तपित्तातिसारजित् ॥

कुटज, मल्लिकापुष्प, कलिङ्ग, गिरिमल्लिका, वत्सक, कूटज, कोटिवृक्षक र शक्रभूरह : यी ठूलो कुरोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, रुखो, दीपन, टर्रो र पचाउन सरल हुन्छ । यसले अल्काई, अतिसार, पित्तविकार, रक्तविकार, कफविकार, तिर्खा, आमविकार र कुष्ठ नाश गर्दछ । यसको फल वातकारक, शीतल, तितो, पित्तविकार नाशक र अतिसार नाशक हुन्छ ।

ऐन्द्रयवस्तस्य फलं कालिङ्गः कौटजो मतः । शक्राह्वः पुरहूतश्च प्रोक्तो भद्रयवस्तथा ॥
ऐन्द्रयवस्त्रिदोषघ्नः सङ्ग्राही शीतलः कटुः । ज्वरातिसाररक्तार्शः कृमिवीसर्पकुष्ठनुत् ॥

ऐन्द्रयव, ऐन्द्रफल, कालिङ्ग, कौटज, शक्राह्व, पुरहूत र भद्रयव : यी इन्द्रजौका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले त्रिदोष नाश गर्दछ, सङ्ग्राही हुन्छ, शीतल गर्दछ र पिरो हुन्छ । यसले जरो, अतिसार, रगत बहने अल्काई, किरा, विसर्प र कुष्ठ रोग नाश गर्दछ ।

(ड) **मदनादि निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

कुटजो वत्सकस्तिक्तो वृक्षको गिरिमल्लिका । वरतिक्तः शक्रवृक्षः कुटज नीलयष्टिका ॥

कुटज, वत्सक, तिक्तवृक्षक, गिरिमल्लिका, वरतिक्त, शक्रवृक्ष, कुटज (?) र नीलयष्टिका : यी ठूलोकुरोका पर्यायवाची नाम हुन् ।

कुटजवत्सकस्य बीजानि कौटजानि कलिङ्गकाः । शक्रस्याह्वा इन्द्रयवाः शतक्रतु यवा स्मृताः ॥
दीपनः पाचनो ग्राही रक्तपित्तार्शसां हिताः । कृमिकुष्ठप्रशमना कुटजस्तिक्तको रसे ॥

कुटव वा वत्सकको बीजलाई कौटज, कलिङ्गक, इन्द्रका पर्याय र इन्द्रयव भनिन्छ । यो दीपनी, पाचनी, ग्राहि; रक्तपित्त र हर्साका लागि हितकर; कीरा र कुष्ठ शान्त पार्ने तथा तितो स्वाद हुने गुणको हुन्छ ।

(ढ) **माधव द्रव्यगुणः**

कुटजः कफपित्तास्रत्वग्दोषार्शोऽतिसारजित् । तद्बीजं रक्तपित्तातीसारज्वरहरं हिमम् ॥

ठूलोकुरो कफविकार, रक्तपित्त, छालाका रोग, हर्सा र अतिसारलाई जित्ने गुणको हुन्छ । त्यसको बीज रक्तपित्त, अतीसार र जरोलाई नाश गर्ने तथा शीतवीर्य गुणको हुन्छ ।

(ण) **राजनिघण्टु :**

कुटजः कौटजः शक्रो वत्सको गिरिमल्लिका । कलिङ्गो मल्लिकापुष्पः प्रावृष्यः शक्रपादपः ॥
वरतिक्तो यवफलः सङ्ग्राही पाण्डुरद्रुमः । प्रावृषेण्यो महागन्धः स स्यात् पञ्चदशाभिधः ॥
कुटजः कटुतिक्तोष्णः कषायश्चातिसारजित् । तत्रासितोऽस्रपित्तघ्नस्त्वग्दोषार्शोनिकृन्तनः ॥

(१) कुटज, (२) कौटज, (३) शक्र, (४) वत्सक, (५) गिरिमल्लिका, (६) कलिङ्ग, (७) मल्लिकापुष्प, (८) प्रावृष्य, (९) शक्रपादप, (१०) वरतिक्त, (११) यवफल, (१२) सङ्ग्राही, (१३) पाण्डुरद्रुम, (१४) प्रावृषेण्य र (१५) महागन्ध : यी पन्ध्र नाम ठुलोकुरोका संस्कृत पर्यायवाची नामहरू हुन् । ठुलोकुरो पिरो, तीतो, उष्णवीर्यको, टर्रो र अतिसारलाई जित्ने गुणको हुन्छ । कालो जातको ठुलोकुरोले रक्तपित्त, छालाका रोग र अल्काई नाश गर्दछ ।

इन्द्रयवा तु शक्राह्वा शक्रबीजानि वत्सकः । तथा वत्सकबीजानि भद्रजा कुटजाफलम् ॥
ज्ञेया भद्रयवा चैवं बीजान्ता कुटजाभिधा । तथा कलिङ्गबीजानि पर्यायैर्दशधाभिधा ॥
इन्द्रयवा कटुस्तिक्ता शीता कफवातरक्तपित्तहरा ।
दाहातिसारशमनी नानाज्वरदोषशूलमूलघ्नी ॥

(१) इन्द्रयव, (२) शक्र र यसका पर्यायवाची नाम, (३) शक्रबीज, (४) वत्सक, (५) वत्सकबीज, (६) भद्रजा, (७) कुटजाफलम्, (८) भद्रयवा, (९) कुटजबीज र (१०) कलिङ्गबीज : यी दश नाम ठुलोकुरोको बीजका संस्कृत पर्यायवाची नामहरू हुन् । इन्द्रजौ पिरो, तीतो, शीतवीर्यको तथा कफविकार, वातविकार र रक्तपित्त नाशक हुन्छ । यसले डाह र अतिसारलाई शान्त पार्दछ तथा अनेक प्रकारका ज्वर-विकार र शूलको जरैदेखि नाश गर्दछ ।

(त) **राजवल्लभ निघण्टु :**

कुटजः कफपित्तास्रत्वग्दोषार्शोऽतिसारजित् ॥ तद्बीजं ज्वरजित्तिक्तं रक्तपित्तातिसारजित् ॥

ठूलोकुरोले कफविकार, पित्तविकार, रक्तविकार, छालाका रोग, हर्सा र अतिसारलाई जित्दछ । ठूलोकुरोको बीजले जरोलाई जित्दछ । यो तीतो तथा रक्तपित्त र अतिसारलाई जित्ने गुणको हुन्छ ।

(थ) **शालिग्राम निघण्टु :**

कुटजः शक्रपर्यायोवत्सकोगिरिमल्लिका ।

कुटज, इन्द्रका पर्यायवाची नाम, वत्सक र गिरिमल्लिका : यी ठूलोकुरोका पर्यायवाची नाम हुन् ।

कुटजः कटुकः प्लीहकफपित्तातिसारनुत् । (सोढल निघण्टु)

ठूलोकुरो पिरो तथा फियोका रोग, कफविकार, पित्तविकार र अतिसार नाश गर्ने गुणको हुन्छ ।

श्वेतस्तुकुटजस्तिक्तः कटुश्चोष्णोग्निदीपकः । पाचकस्तुवरोरूक्षोग्राहकेरक्तदोषहा॥
कुष्ठातिसारपित्तार्शःकफतृट्कृमिहा मतः ।
ज्वरश्चामश्च दाहं च नाशयेदितिकीर्तितः॥ (निघण्टु रत्नाकर)

सेतो ठूलोकुरो तितो, पिरो, उष्णवीर्यको, पाचक-अग्नि बर्धक, पाचक, टर्रो, रुखो, ग्राहि तथा रक्तविकार, कुष्ठ, अतिसार, पित्तविकार, हर्सा, कफविकार, तिर्खा, कीरा, जरो, आमविकार र डाह गर्ने गुणको हुन्छ ।

पुष्पं तु वत्सकस्योक्तं तुवरं चाग्निदीपकम् । तिक्तं शीतं वातलं च लघुपित्तातिसारनुत्॥
रक्तदोषं कफं पित्तं कुष्ठं चैवातिसारकम् ।
कृमींश्चैवहरेदेतेदुक्तं पूर्वैश्चसूरिभिः॥ (निघण्टु रत्नाकर)

ठूलोकुरोको पूल टर्रो, पाचक-अग्निलाई बाल्ने, तितो, शीतवीर्यको, वातविकार गर्ने, पचाउन सहज तथा पित्तविकारजन्य अतिसार, रक्तविकार, कफविकार, पित्तविकार, कुष्ठ, अतिसार र कीरा नाश गर्ने गुणको हुन्छ ।

तस्याशिम्बीभवं शाकं व्यञ्जनं चामवातजित् । रुच्यं कफघ्नं रक्तातीसारकुष्ठकृमीञ्जयेत्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

ठूलोकुरोको कोसे फलको तरकारी आमवातलाई जित्ने, रुचिप्रद, कफविकार नाश गर्ने तथा अतीसार, कुष्ठ र कीरालाई जित्ने गुणको हुन्छ ।

कुटजस्य त्वचा तिक्तासर्वातीसारनाशिनी ।

ठूलोकुरोको बोटको बोक्रा तितो र सबै खालका अतिसार नाश गर्ने गुणको हुन्छ ।

उक्तं कुटजबीजन्तु यवमिन्द्रयवं तथा । कलिङ्गचापि कालिङ्गं तथा भद्रयवं स्मृतम्॥

कुटजबीज, यव, इन्द्रयव, कलिङ्ग, कालिङ्ग र भद्रयव : यी इन्द्रजौका पर्यायवाची नाम हुन् ।

वत्सकस्य तु बीजं च कटुतिक्तश्च शीतलम् । ग्राहकं पाचनं चोष्णं चाग्निदीप्तिकरं परम्॥
वातरक्तं कफं दाहं पित्तं नानाज्वरांस्तथा । शूलमर्शश्चातिसारं त्रिदोषं गुदकीलकम्॥
कुष्ठंकृमिविसर्पामरक्तार्शोस्रुजभ्रमान् ।
श्रमं चैव निहन्त्याशु कथितं मुनिमुङ्गवैः॥ (निघण्टु रत्नाकर)

इन्द्रजौ पिरो, तितो, शीतवीर्यको, ग्राहि, पाचनी, गर्मी गर्ने (?), पाचक-अग्निलाई बाल्ने तथा वातरक्त, कफविकार, डाह, पित्तविकार, अनेक थरी जरो, शूल, हर्सा, अतिसार, त्रिदोष, हर्सा (?), कुष्ठ, कीरा, विसर्प, आमजन्य रक्तविकार सहितको हर्सा, रक्तविकार, भ्रम र थकाइ नाश गर्ने गुणको हुन्छ भनी श्रेष्ठ मुनिजनले बताएका छन् ।

(द) सरस्वती निघण्टु :

कुटजो वत्सकः शक्रपादपो गिरिमल्लिका । कालिङ्गेन्द्राह्वयौ तिक्तः क्षीरी पाण्डुरभूरुहः ॥

कुटज, वत्सक, शक्रपादप, गिरिमल्लिका, कालिङ्ग, इन्द्रका पर्याय, तिक्त, क्षीरी र पाण्डुरभूरुह : यी ठूलोकुरोका पर्यायवाची नाम हुन् ।

इन्द्रयवो भद्रयवो वत्सकश्च कलिङ्गकः । कालिङ्गकः कुटजफलः कुटजबीजमुच्यते ॥

इन्द्रयव, भद्रयव, वत्सक, कलिङ्गक, कालिङ्गक, कुटजफल र कुटजबीज : यी इन्द्रजौका पर्यायवाची नाम हुन् ।

(ध) सोढल निघण्टु :

कुटजः कटजः कोही वत्सको गिरिमल्लिका । कलिङ्गो मल्लिकापुष्प इन्द्रवृक्षोऽथ वृक्षकः ॥
वरतिक्तो यवफलो नीलयष्टिः कुटी तथा ।

कुटज, कटज, कोही, वत्सक, गिरिमल्लिका, कलिङ्ग, मल्लिकापुष्प, इन्द्रवृक्ष, इन्द्रवृक्षक, वरतिक्त, यवफल, नीलयष्टि र कुटी : यी ठूलोकुरोका पर्यायवाची नाम हुन् ।

फलानि तस्येन्द्रयवाः शक्राह्वाः स्युः कलिङ्गकाः ॥ यवफलस्तु सङ्ग्राही प्रोक्तो भद्रयवस्तथा ।

इन्द्रयव, इन्द्रका पर्याय वाची शब्द, कलिङ्गक, यवफल र भद्रयव : यी त्यसको ग्राहि फलका पर्यायवाची नाम हुन् ।

(न) सौश्रुत निघण्टु :

कुटजश्चेन्द्रवृक्षश्च वृक्षकः पाण्डुरद्रुमः । वरतिक्तो यवफलस्तथा शक्रयवोऽपि च ॥

कुटज, इन्द्रवृक्ष, वृक्षक, पाण्डुरद्रुम, वरतिक्त, यवफल र शक्रयव : यी ठूलोकुरो (तथा त्यसको बीज) का पर्यायवाची नाम हुन् ।

(प) हृदयदीपक निघण्टु :

कुटजो वत्सकः शक्रो वृक्षको गिरिमल्लिका ।

कुटज, वत्सक, शक्र, वृक्षक र गिरिमल्लिका : यी ठूलोकुरोका पर्यायवाची नाम हुन् ।

...कालिङ्गः कुटजोद्भवः । इन्द्रयवश्चेन्द्रबीजं शक्राह्वः स्यात् कालिङ्गयवः ।

कालिङ्ग, कुटजोद्भव, इन्द्रयव, इन्द्रबीज, शक्राह्व र कलिङ्गयव : यी इन्द्रजौका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुटन्नट (सेतो मोथे)
(White cocograss)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कुटन्नट, दाशपुर आदि भनेको सेतो वर्ण हुने मोथेको भेदका नाम हुन् ।

(ख) के.यन.स्वामी : (१) कुटन्नट : ठूलो मोथे वा वनमोथे । (२) कैवर्तमुस्तकम् : पाँचथरी मोथेमध्ये गाँठो जस्तो सानो गानु हुने मोथे । (३) गोनर्द, प्लव, वानेय : नागरमोथे । (४) दाशपुर, दासपुर : वनमोथे । (५) परिपेलव : मोथे, वनमोथे ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : डा.देसाईले Celosia argentea Linn, लाई कुटन्नट मानेका छन् ।



सेतो मोथे (तस्बिर श्रोत : प्रेअर डी अमरकोश)

`(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यो मोथे जातकै सुगन्धित झार हो । मोथेको कन्द कालो हुन्छ तर यसका कन्द सेता र साना हुन्छन् । पानीका छेउछाउमा यो बढी उम्रन्छ ।यसको माथ्लो भागमा कालो रङ्को खोल हुन्छ, जसलाई हटाउँदा दूध जस्तै सेतो गाँठा निस्कन्छ र यसबाट हल्का कपुरको जस्तो बास्ना आउँदछ । यसको फूल पनि सेतो हुन्छ । यो मोथे जस्तै कमला कोसा भएको र सुँगा जस्तै रङ्को हुन्छ ।

(ङ) अष्टाङ्ग हृदय कोश (परिपेलवम्) : (परितः पेलवं मृदुता यस्य । जलमुस्ता । कैवर्तकमुस्तकम् । शैवलमध्ये जायमानो मुस्ताकारपदार्थ इत्येके ।) चारैतिर नरम र कोमलता हुने हुनाले यसलाई परिपेलवम् भनिएको हो । जलमोथे । कैवर्तक मोथे । यो सिँवालीका बीचमा उम्रने मोथे आकारको एक पदार्थ हो पनि कसैकसैले भनेका छन् ।

(च) हिन्दी विश्वकोश : (१) कुटन्नट : कैवर्तमुस्तक । (२) कैवर्तमुस्तक : कैवर्तिका, पानी उम्रने एक जातको मोथे ।

(छ) sdach.ac.in : यसको वानस्पतिक नाम *Cyperus esculentus* हो । यसलाई अंग्रेजीमा Earth almond भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

वन्यं कुटन्नटं स्यात् गोपुटसञ्ज्ञं प्लवं च गोनर्दम् ।
परिवेलं दाशपुरं कशेरुकं शीर्णपर्णि सितपुष्पम् ॥

वन्य, कुटन्नट, गोपुट, प्लव, गोनर्द, परिवेल, दाशपुर, कशेरुक, शीर्णपर्णि र सितपुष्प : यी सेतो मोथेका पर्यायवाची नाम हुन् ।

(ख) अमरकोश :

कुटन्नटं दाशपुरं वानेयं परिपेलबम् । प्लवगोपुरगोनर्दकैवर्त्तीमुस्तकानि च ॥

कुटन्नट, दाशपुर, वानेय, परिपेलव, प्लव, गोपुर, गोनर्द र कैवर्तीमुस्तक : यी सेतो वर्ण हुने मोथेका भेदका नाम हुन् ।

(ग) अष्टाङ्ग निघण्टु :

कुटन्नटं प्लवङ्गं च वितुन्नं परिपेलवम् ।

कुटन्नट, प्लवङ्ग, वितुन्न र परिपेलव : यी सेतो मोथेका पर्यायवाची नाम हुन् ।

(घ) कैयदेव निघण्टु :

कुटन्नटं प्लवं वन्यं गोनदं गोपुटं पुटम् । सीतपुष्पं सदापुष्टं वितुन्नं परिपेलवम् ॥
(जीर्णबुध्नं शीतपर्णं परिपेलं शुकाह्वयम्) ।
परिपेलं हिमं तिक्तं कषायं कटु कान्तिदम् । कफपित्तास्रविसर्पकुष्ठकण्डूविषप्रणुत् ॥

कुटन्नट, प्लव, वन्य, गोनद, गोपुट, पुट, सीतपुष्प, सदापुष्ट, वितुन्न, परिपेलव, जीर्णबुध्न, शीतपर्ण, परिपेल र शुकाह्वय : यी सेतो मोथेका पर्यायवाची नाम हुन् ।

(ङ) धन्वन्तरि निघण्टु :

परिप्लवं प्लवं वन्यं गोपुटं स्यात्कुटन्नटम् ॥ सितपुष्पं दासपुरं गोनर्दं जीर्णपुष्पकम् ।
परिप्लवं सुगन्धि स्यात्प्रस्वेदमलकण्डुजित् ॥ जयेत्वातकफौ चापि मेध्यं कान्तिप्रदं भवेत् ।
अन्यच्च-
परिप्लवं वातकफौ जयेन्मेध्यं च कान्तिदम् । कफतृष्णाहरं प्रोक्तमस्रपित्तविनाशनम् ॥

परिप्लव, प्लव, वन्य, गोपुट, कुटन्नट, सितपुष्प, दासपुर, गोनर्द र जीर्णपुष्पक : यी सेतो मोथेका पर्यायवाची नाम हुन् । यो सुगन्धी हुन्छ । यसले पसिना, शरीरको मल र लुतोलाई जित्दछ । वातविकार र कफविकारलाई पनि यसले जित्दछ । यसले दिमागको ग्रहण गर्ने क्षमता बढाउँदछ र शरीरमा चमक ल्याउँदछ । अन्यत्र भनिएको छ-मोथेविशेषले वातविकार र कफविकारलाई जित्दछ, दिमागको ग्रहण गर्ने क्षमता बढाउँदछ, शरीरको चमक ल्याउँदछ, कफविकार, तिर्खा र रक्तपित्त नाश

गर्दछ ।

जलमुस्तं दाशपुरं वानेयं परिपेलवम् । कैवर्तिमुस्तं शैवालं जलजं च शुकाह्वयम्॥
जलजं तिक्तकटुकं कषायं कान्तिदं हिमम् । मेध्यं वातान्ध्यवीसर्पकण्डूकुष्ठविषापहम्॥

जलमुस्त, दाशपुर, वानेय, परिपेलव, कैवर्तिमुस्त, शैवालं जलज र शुकाह्वय : यी जलमोथेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तीतो, पिरो र टर्रो हुन्छ । यसले शरीरमा चमक लेराउँदछ । यो शीतवीर्यको हुन्छ । यसले दिमागको ग्रहण गर्ने क्षमता बढाउँदछ । यो मोथेले वातविकार, अन्धोपन, वीसर्प, लुतो, कुष्ठ र विषविकार नाश गर्दछ ।

(च) **निघण्टुशेष :**

कुटन्नटे तु कैवर्तीमुस्तकं जीविताह्वयम् । काण्डीरकं जीर्णबुध्नं गोनर्दं गोपुरं प्लवम्॥
शतपुष्पं दाशपुरं वानेयं परिपेलवम् । जलमुस्ता मुस्तकाभं शेवालदलसम्भवम्॥
(कुटन्-वक्रीभवन् नटति-स्पन्दते कुटन्नटः । कैवर्त्या मुस्तकं कैवर्तीमुस्तकम् । जीवितस्य आह्वयोऽस्य जीविताह्वयम् । काण्डीमीरयति काण्डीरकम् । जीर्णं बुध्नमस्य जीर्णबुध्नम् । गवि नर्दतीव गोनर्दम् । गाः पिपर्ति गोपुरम्, गुप्यते वा । प्लवते लघुत्वात् प्लवम् । शतं-बहूनि पुष्पाण्यस्य शतपुष्पम् । दशपुरे भवं दाशपुरम्, दाशान् पिपर्ति वा । वने भवं वानेयम् । परि-सामस्त्येन पेलति परिपेलवम् । जलस्य मुस्ता जलमुस्ता । मुस्तकस्य आभाऽस्य मुस्तकाभम् । शेवालदले सम्भवति शेवालदलसम्भवम् ।) ।

कुटन्नट, कैवर्तीमुस्तक, जीविताह्वय, काण्डीरक, जीर्णबुध्न, गोनर्द, गोपुर, प्लव, शतपुष्प, दाशपुर, वानेय, परिपेलव, जलमुस्ता, मुस्तकाभ र शेवालदलसम्भव : यी सेतो मोथेका पर्यायवाची नाम हुन् ।

(छ) **पर्याय रत्नमाला :**

कुटन्नटं पुरं वन्यं मुस्ताभं परिपेलवम् ।

कुटन्नट, पुर, वन्य, मुस्ताभ र परिपेलव : यी सेतो मोथेका पर्यायवाची नाम हुन् ।

(ज) **भावप्रकाश निघण्टु :**

कुटन्नटं दासपुरं बालेयं परिपेलवम् । प्लवगोपुरगोनर्दकैवर्तीमुस्तकानि च॥
मुस्तावत्पेलवपुरं शुकाभं स्याद्वितुन्नकम् । वितुन्नकं हिमं तिक्तं कषायं कटु कान्तिदम्॥
कफपितास्रवीसर्पकुष्ठकण्डूविषप्रणुत् ।

कुटन्नट, दासपुर, बालेय, परिपेलव, प्लव, गोपुर, गोनर्द, कैवर्तीमुस्तक र बितुन्नक : यी सेतो मोथेका

सेतो मोथे (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

संस्कृत पर्यायवाची नामहरू हुन् । यो मोथे जस्तै कमला कोसा भएको र सुँगा जस्तै रङ्को हुन्छ । यसले शीतल गर्दछ । यसको स्वाद तीतो, टर्रो र पिरो हुन्छ । यसले शरीरमा कान्ति दिन्छ । साथै, कफविकार, पित्तविकार, रक्तविकार, वीसर्प, कुष्ठ, लुतो र विषविकार नाश गर्दछ ।

नोट : यो मोथे जातकै सुगन्धित झार हो । मोथेको कन्द कालो हुन्छ तर यसका कन्द सेतो र सानो हुन्छ । पानीका छेउछाउमा यो बढी उम्रन्छ ।यसको माख्लो भागमा कालो रङ्को खोल हुन्छ, जसलाई हटाउँदा दूध जस्तै सेतो गाँठो निस्कन्छ र यसबाट हल्का कपुरको जस्तो बास्ना आउँदछ । यसको फूल पनि सेतो हुन्छ ।

(झ) मदनपाल निघण्टु :

पारिपेलं प्लवं वन्यं शुकाह्वं परिपेलकम् । पारिपेलं हिमं कण्डूकुष्ठास्रकफपित्तजित् ॥४२॥

पारिपेल, प्लव, वन्य, शुकाह्व र परिपेलक : यी सेतो मोथेविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने तथा लुतो, कुष्ठ, रक्तविकार, कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

(ञ) मदनादि निघण्टु :

नटं कुटं प्लवं वन्यं शुकाह्वं परिपेलवम् । जीर्णबुध्नं वातपुरं वितुन्नं वेल्लवं पुटम् ॥
कषायतिक्तानुरसं कफपित्तास्रनाशनम् । शीतवीर्यं विसर्पघ्नं विशेषात् परिपेलवम् ॥

नट, कुट, प्लव, वन्य, शुकाह्व, परिपेलव, जीर्णबुध्न, वातपुर, वितुन्न, वेल्लव र पुट : यी सेतो मोथेका पर्यायवाची नाम हुन् । यो टर्रो, पछिल्लो रस तितो; कफविकार र रक्तपित्त नाश गर्ने, शीतवीर्यको र विर्प रोग नाश गर्ने गुणको हुन्छ ।

(ट) राजांनघण्टु :

परिपेल्लं प्लवं धान्यं गोपुटं स्यात् कुटन्नटम्। सितपुष्पं दासपुरं गोनर्दं जीर्णबुध्नकम्॥
परिपेल्लं कटूष्णञ्च कफमारुतनाशनम्। व्रणदाहामशूलघ्नं रक्तदोषहरं परम्॥

परिपेल्ल, प्लव, धान्य, गोपुट, कुटन्नट, सितपुष्प, दासपुर, गोनर्द र जीर्णबुध्नक : यी मोथेविशेषका संस्कृत पर्यायवाची नामहरू हुन्। यो पिरो, उष्णवीर्यको तथा कफविकार, वातविकार, घाउखटिरा, डाह, शूल र विशेषतः रक्तविकार नाशक हुन्छ।

(ठ) शालिग्राम निघण्टु :

कैवर्त्तीमुस्तकं वन्यं कुटं नटं कुटन्नटम्। सितपुष्पं दासपूरं वालेयं परिपेलवम्॥

कैवर्त्तीमुस्तक, वन्य, कुट, नट, कुटन्नट, सितपुष्प, दासपूर, वालेय र परिपेलव : यी सेतो मोथेका पर्यायवाची नाम हुन्।

(ड) सोढल निघण्टु :

परिपेल्ले प्लवं वन्यं गोपुटं स्यात् कुटन्नटम्।
श्वेतपुष्पं दासपुरं गोनर्दं जीर्णपुष्पकम्। मुस्ता च पेलवपुटं शुष्काह्वं च वितुन्नकम्॥

परिपेल्ल, प्लव, वन्य, गोपुट, कुटन्नट, श्वेतपुष्प, दासपुर, गोनर्द, जीर्णपुष्पक, मुस्ता, पेलवपुट, शुष्काह्व र वितुन्नक : यी सेतो मोथेका पर्यायवाची नाम हुन्।

कुटुंम्बिनी (रातो सानो झुसे दुधे झार)
(A kind of grass)

परिभाषा :

(क) के.यन.स्वामी : (१) कुटुम्बिनी, क्रूरकर्मा : अति सानो फिका रातो दूधे झार । (२) पयस्या : सानो फिका रातो, दुधेझार । (३) क्षीरिणी : रातो सानो झुसे दूधे झार । (४) जलकामुका, वक्रशल्या : सानो रातो दूधे झार । (५) दुराधर्षा : सानोपाते दूधेझार । (६) झिरिण्टिका : ज्यादै सानो दूधे झार ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

कुटुम्बिनी पयस्या च क्षीरिणी जलकामुका । वक्रशल्या दुराधर्षा क्रूरकर्मा झिरिण्टिका ॥
शीता प्रहरजाया च शीतला च जलेरुहा । विख्याता किल विद्वद्भिरेषा द्वादशनामभिः ॥
कुटुम्बिनी तु मधुरा ग्राहिणी कफपित्तनुत् । व्रणास्रदोषकण्डूतिनाशनी सा रसायनी ॥

(१) कुटुम्बिनी, (२) पयस्या, (३) क्षीरिणी, (४) जलकामुका, (५) वक्रशल्या, (६) दुराधर्षा, (७) क्रूरकर्मा, (८) झिरिण्टिका, (९) शीता, (१०) प्रहरजाया, (११) शीतला र (१२) जलेरुहा : यी बाह्र नाम सानो रातो दूधे झारका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, ग्राही तथा कफविकार र पित्तविकार नाशक हुन्छ । यसले घाउखटिरा, रक्तविकार र चिलाउने रोग नाश गर्दछ । यो रसायनी हुन्छ ।

कुडव (कुरुवा, नापोविशेष)
(A unit of Measurement)

परिभाषा :

(क) **के.यन.स्वामी (कुडव) :** ३२ तोला । कुरुवा ।
(ख) **नेपाली बृहत् शब्दकोश (कुरुवा) :** सं० कुडव । दुई माना वा बीस मुठीको नापो । दुई माना भरिने प्रायः पित्तले धातुको भाँडो । दुईमाने; बीस मुठीबराबरको ।
(ग) **लीलावती :** प्रस्थको एक चौथाइलाई कुडव भनिन्छ ।
(घ) आजकल एक कुडव बराबर १९२ ग्राम मानिन्छ । एक कुडवमा ४ पल वा १६ कर्ष हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **शार्ङ्गधर संहिता :**

मृद्वृक्षवेणुलोहादेर्भाण्डं यच्चतुरङ्गुलम्॥ विस्तीर्णञ्च तथोच्चञ्च तन्मानं कुडवं वदेत्।

चार अमल लामो, चार अमल चौडा र चार अमल गहिरो माटो वा बाँसको वा फलाम आदि धातुको वा हस्तिहाड वा कुनै काठको भाँडोलाई 'कुडव' भनिन्छ । (यसले प्राचीनकालमा दूध, पानी, तेल, घिउ आदि नापिन्थ्यो) ।

(ख) **हारीत संहिता :**

चतुः पलैः कुडवः । कुडवं चाञ्जलिर्द्वे च वक्ष्यमाणं महामते॥
चतुरङ्गुलविस्तारं चतुरङ्गुलमुन्नतम् । काष्ठजं मृन्मयं वाऽपि कुडवं तं विनिर्दिशेत्॥

चार पलको एक कुडव हुन्छ । दुई अँजुलीको एक कुडव हुन्छ । चार अमल फराकिलो (लामो र चौडा) र चार अमल अग्लो (गहिरो) काठ वा माटाको भाँडोलाई कुडव भनिन्छ ।

कुडुहुञ्चीं (काँक्रोविशेष)
(Kuduhunchee)

परिभाषा :

(क) के.यन.स्वामी : (१) श्रीफलिका, प्रतिपत्रफला : चिनियाँ करेला ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : कुडुहुञ्चीको ल्याटिन नाम *Momordica tuberosa* (Roxb). Cogn. वा *M. cymbalaria* Fenzl ex. Naud. हो भनी बेङ्गलेरको एउटा प्रतिवेदनमा उल्लेख भएको छ । त्रपुस (काँक्रो) वर्गका उपर्युक्त अन्य फलका बारेमा थप अनुसन्धान गरी निर्णयमा पुग्नु पर्ने देखिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

कुडुहुञ्ची श्रीफलिका प्रतिपत्रफला च सा । शुभ्रवी कारवी चैव प्रोक्ता बहुफला तथा ॥
क्षुद्रकारलिका प्रोक्ता ज्ञेया कन्दलता तथा । क्षुद्रादिकारवल्ली च प्रोक्ता सा च नवाह्वया ॥
कुडुहुञ्ची कटुरुष्णा तिक्ता रुचिकारिणी च दीपनदा ।
रक्तानिलदोषकरी पथ्याऽपि च सा फले प्रोक्ता ॥
कारलीकन्दमर्शोघ्नं मलरोधविशोधनम् । योनिनिर्गतदोषघ्नं गर्भस्रावविषापहम् ॥

कुडुहुञ्ची, श्रीफलिका, प्रतिपत्रफला, शुभ्रवी, कारवी, बहुफला, क्षुद्रकारलिका, कन्दलता र क्षुद्रादिकारवल्ली : यी नौ नाम कुडुहुञ्चीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, उष्णवीर्यको, तीतो, रुचिप्रद र दीपनी हुन्छ । यसको फलले रक्तविकार र वातविकार गर्दछ तर पथ्य हुन्छ । यसको कन्दले अल्काई, दिसाको अवरोध, योनिका रोग, गर्भपतन हुने रोग र विषविकार नाश गर्दछ ।

कुणञ्जर (बनबेथे)
(A plant)

परिभाषा :

(क) के.यन.स्वामी : कुणञ्जर, कुणञ्जी र अरण्यवास्तुक भनेको बनबेथे हो ।
(ख) नेपाली बृहत् शब्दकोश (बनबेथे) : पालुङ्गाका आकारका ससाना पात, सेता फूल तथा मसिना गेडा हुने जङ्गली बेथे ।
(ग) हिन्दी विश्वकोश : वनवास्तुविशेष । बनबेथेविशेष ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

कुणञ्जरः कुणञ्जी च कुणजैऽरण्यवास्तुकः । कुणञ्जो मधुरो रुच्यो दीपनः पाचनो हितः ॥

कुणञ्जर, कुणञ्जी, कुणज र अरण्यवास्तुक : यी बनबेथेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, रुचीकर, दीपनी र पाचनी हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुण्डलिनी (जिलेबी)
(A type of sweet dish)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) जिलेबी : जेरी; रोटीको सानो प्रकार । (२) जिल्फी : जिलेबी; जुल्फी रोटी । (३) जुल्फी रोटी : जिलेबी । (४) जेरी : दुईतीन दिन पानीमा भिजाई केही अमिल्याएर खमिर तुल्याइएको मैदाको पीठोबाट सेलजस्तै बाटुलो र सामान्यतया सेलभन्दा सानो पारी घिउमा पकाएर चिनीको पागमा डुबाइने, सानाठूला घेरामा जेलिएको मिठाई; तहतह परी घुम्रिएको ठूलो खालको जिलेबी वा जुल्फी ।

(ख) भोजन कुतूहल (कुण्डलिनी) : जिलेबी ।

(ग) हिन्दी विश्वकोश (कुण्डलिनी) : मिष्ठान्नविशेष, जलेबी ।

(घ) के.यन.स्वामी (कुण्डलिनी) : जिलेबी ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

नूतनं घटमानीय तस्यान्तः कुशलो जनः । प्रस्थार्द्धपरिमाणेन दध्नाऽम्लेन प्रलेपयेत् ॥
द्विप्रस्थां समितां तत्र दध्यम्ल प्रस्थसम्मितम् । घृतमर्द्धशरावञ्च घोलयित्वा घटे क्षिपेत् ॥
आतपे स्थापयेत्तावद् यावद्याति तदम्लताम् । ततस्तत्प्रक्षिपेत्पात्रे सच्छिद्रे भाजने तु तत् ॥
परिभ्राम्य परिभ्राम्य सुसन्तप्ते घृते क्षिपेत् । पुनः पुनस्तदावृत्त्या विदध्यान्मण्डलाकृतिम् ॥
तां सुपक्वां घृतान्नीत्वा सितापाके तनुद्रवे । कर्पूरादिसुगन्धे च स्नापयित्वोद्धरेत्ततः ॥
एषा कुण्डलिनी नाम्ना पुष्टिकान्तिबलप्रदा । धातुवृद्धिकरी वृष्या रुच्या चेन्द्रियतर्पणी ॥

पाकशास्त्रमा पोख्त भएको मानिसले एउटा नयाँ माटाको घैंटो लिनू । अनि करिब अस्सी ग्राम (आधा प्रस्थ) अमिलो दही लिएर त्यो घैंटोको भित्रपट्टि वरिपरि दल्नू । अनि तीन सय बीस ग्राम (दुई प्रस्थ) मैदा, एक सय साठी ग्राम (एक प्रस्थ) अमिलो दही र बत्तीस तोला (अर्द्धशराव) घिउ राम्ररी घोलेर त्यस घैंटोमा हाल्नू । त्यसपछि यो घैंटोलाई त्यसभित्र हालिएका पदार्थ अमिलो नहुँदासम्म (दुई वा तीन दिन) घाममा राख्नू । त्यसपछि यसलाई निकाल्नू । एउटा कान्छी औंला छिर्ने भन्दा अलि सानो प्वाल भएको भाँडो लिनू र त्यसमा यो लेदो

जिलेबी (तस्बिर श्रोत : नवभारतटाइम्स)

हाली घिउ उम्लिरहेको कराहीमा घुमाई घुमाई गोलो बनाएर एउटा माथि अर्को गर्दै नटुटाई लेदो चुहाउनू । चाहिने जत्रो आकार भएपछि त्यसलाई पकाउनू र पाकेपछि चिनीको पातलो पागमा डुबाउनू अनि माथिबाट कपूर आदि सुगन्धित पदार्थको धूलो छर्नू । यसपछि बिस्तारै निकालेर अर्को भाँडामा राख्नू । यसलाई जिलेबी (जेरी) भनिन्छ । यसले पुष्टि, कान्ति र बल दिन्छ तथा धातु बढाउँदछ । यो वीर्यवर्धक, रुचिकर र इन्द्रियलाई तृप्त पार्ने गुणको हुन्छ ।

(ख) मदनपाल निघण्टु :

द्विप्रस्थां शुद्धसमितां प्रस्थं गोधूमगालितम् । विमर्द्य पयसा स्थाप्यं व्रजेद्यावत्तदम्लताम् ॥
सच्छिद्रे नारिकेलस्य पात्रे निक्षिप्य निर्मले । परिभ्राम्य घृते तप्ते मन्दाग्नौ तु विपाचयेत् ॥
कर्पूरवासिते पक्वे विज्ञेया नृपवल्लभा । सुपक्वां कङ्कणाकारां सितालेहे विनिक्षिपेत् ॥
सा तु कुण्डलिका नाम्ना पुष्टिकान्तिबलप्रदा । धातुवृद्धिकरा वृष्या हृद्या चेन्द्रियतर्पणी ॥
तस्यामम्लत्वमाप्तायां न्यसेद्गोधूमगालिताम् ॥

एक सय अठ्ठाईस तोला मैदामा त्यसको आधा अर्थात् चौसठ्ठी तोला गहुँको पीठो मिसाई दूध हालेर लदरो हुनेगरी मुछ्नू र अमिलोपन नआउँदासम्म राख्नू । त्यसपछि नरिवलको सफा सुकेको खबटोमा हाली तातो घिउमा घुमाएर ओइरी मन्द आँचमा पकाउनू । पाकेपछि बाला आकारका यी जेरीलाई कपूर हाली बास्नादार बनाइएको चास्नीमा डुबाउनू । यसलाई कुण्डलिका (जेरी वा जिलेबी) भन्दछन् । यसले पुष्टि, कान्ति र बल दिन्छ । यो धातु बढाउने, वीर्यवर्धक, मुटुका लागि हितकर र इन्द्रियलाई तृप्त पार्ने गुणको हुन्छ । जेरी बनाउने पिठो धेरै अमिलो भए त्यसमा थोरै मैदा मिसाउनु पर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुधान्य
(An inferior kind of grain)

परिभाषा :

(क) हिन्दी विश्वकोश : कुत्सितं धान्यम् । तृणधान्य, क्षुद्रधान्य, घाँसको धान ।
(ख) के.यन.स्वामी : हविष्यवर्जित अन्न वा घाँसको बीउ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) मदनपाल निघण्टु : क्षुद्रधान्यं कुधान्यं तु ...।

तल्लो जातका अन्नलाई क्षुद्रधान्य वा कुधान्य भनिन्छ ।

(ख) अर्क प्रकाश :

कङ्गुश्चतुर्विधः प्रोक्तः स्यामाकः कङ्गुवद्गुणः । कोद्रवो द्विविधः प्रोक्तो वंशबीजं शरोद्भवम्॥
कुसुम्भबीजं नीवारः पवनश्च गवेधुका । यवनाले बाजरी च क्षुद्रधान्यगणस्त्वयम्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

चार किसिमका कागुनु, कागुनु जस्तै गुणको सामाधान, दुई प्रकारका कोदो, बाँसका बीज, खसका बीज, कुसुमका बीज, नाभो अन्न, पहेँलो भृङ्गराज, नागबला, जुनेलो र बाजुरा (?) यी क्षुद्रान्न गण हुन् ।

(ग) कैयदेव निघण्टु :

...कुधान्यं क्षुद्रधान्यकम् । क्षुद्रधान्यलाई कुधान्य भनिन्छ ।

(घ) सुश्रुत संहिता :

कोरदूषकश्यामाकनीवारशान्तनुवरकोद्दालकप्रियङ्गुमधूलिकानान्दीमुखीकुरुविन्दगवेधुकबरुक-तोद(य)पर्णीमुकुन्दकवेणुयवप्रभृतयः कुधान्यविशेषाः॥

कोदो (कोरदूषक), सामाधान (श्यामाक), नावो धान (नीवार), शान्तनु (?), वरक (?), वनकोदो (उद्दालक), कागुनु (प्रियङ्गु), सानो जातको गहुँ (मधुलिका), नान्दीमुखी (?), कुरुविन्द, गवेधुक, बरुक, तोद(य)पर्णी, मुकुन्दक, वेणुयव जस्ता धान कुधान्यविशेष हुन् ।

नोट : अनाजका कतिपय नामको पहिचान गर्न सकिएन ।

कुनख (नङको रोगविशेष)
(Onychogryphosis)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कृष्णोऽभिघाताद्रूक्षश्च खरश्च कुनखो नखः ॥

चोटपटकका कारण नङ कालो, रुखो र कठोर वा बाक्लो हुने रोगलाई "कुनख" भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

अभिघातात्प्रदुष्टो यो नखो रूक्षःसितः खरः । भवेत्तं कुनखं विद्यात्कुलीरं वाऽभिधानतः ॥

चोटपटक आदिले गर्दा खराब भएको नङ रुखो, सेतो र खस्रो हुने रोगलाई "कुनख" वा कुलीर भनिन्छ ।

(ग) माधव निदान :

सङ्कलन : मोहन प्रसाद सापकोटा

तदेवाल्पतरैर्दोषैः परुषं कुनखं वदेत् ॥

नङमा लाग्ने चिप्प रोग यदि कम शक्तिशाली दोषले युक्त भएर उत्पन्न हुन्छ र नङ सुक्खा र खस्रो हुन्छ भने त्यसलाई कुनख भनिन्छ ।

(घ) सुश्रुत संहिता :

अभिघातात् प्रदुष्टो यो नखो रूक्षोऽसितः खरः । भवेत्तं कुनखं विद्यात् कुलीनमिति संज्ञितम् ॥

चोटपटक लागेर नङ दूषित, रुखो, कालो र खस्रो हुने रोगलाई कुनख वा कुलीन भनिन्छ ।

कुन्द (कुन्दपुष्प)
(Star jasmine)

परिभाषा :

(क) के.यन.स्वामीः (१) कुन्दपुष्प : चमेलीका जस्ता लहरा, बेलीका जस्ता तर केही लामा र फराकिला पात भई वनबेलीका जस्ता तर केही साना सुगन्धित सेता फूल माघमा फुल्ने एक बोट । (२) शुक्ल, सदापुष्प : कुन्दपुष्प । (३) कुन्द : कुन्दपुष्प । कुन्दपुष्पको बोट ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) कुन्द : चमेलीका छाँटको सेतो फूल फुल्ने बोट । (२) कुन्दपुष्प : सेतो, नरम र सुगन्धित हुने कुन्दको फूल ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Jasminum pubescens* Wild. हो । यसको लहरा धेरै फैलन्छ ।

(घ) पेयर डी अमरकोश : यसको ल्याटिन नाम *Jasminum multiflorum* (Burm.f.) हो ।

कुन्दम् वा कुन्दपुष्प (तस्विर श्रोत : पेअर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) अभिधानमञ्जरी :

मन्दारो मकरन्दश्च कुन्दः पण्डरपुष्पिकः । मनोहरः सदापुष्पो महाश्वेतः प्रकीर्तितः ॥

मन्दार, मकरन्द, कुन्द, पण्डरपुष्पिक, मनोहर, सदापुष्प र महाश्वेत : यी कुन्दपुष्पका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

कुन्दस्तु मकरन्दीस्यात् सदापुष्पी च वल्लभः ।

कुन्द, मकरन्दी, सदापुष्पी र वल्लभ : यी कुन्दपुष्पका पर्यायवाची नाम हुन् ।

(ग) कैयदेव निघण्टु :

कुन्दो माध्यो महापुष्पः सदापुष्पी मनोरमः । अट्टहासो भृङ्गहुत् मकरन्दो दलाढकः ॥
शुक्लः सुमकरन्दः स्याश्लक्ष्णशाल्योदनोपमः । कुन्दः कटुर्लघुः शीतः शिरोरोगविषापहः ॥

कुन्द, माध्य, महापुष्प, सदापुष्पी, मनोरम, अट्टहास, भृङ्गहुत्, मकरन्द, दलाढक, शुक्ल, सुमकरन्द, श्लक्ष्ण र शाल्योदनोपम : यी कुन्दपुष्पका पर्यायवाची नाम हुन् । यो पिरो, पचाउन सहज, शीतवीर्यको तथा टाउकाका रोग र विषविकार नाश गर्ने गुणको हुन्छ ।

(घ) धन्वन्तरि निघण्टु, सोढल निघण्टु :

कुन्दः सुमकरन्दश्च सदापुष्पो मनोहरः ॥
अट्टहासो भृङ्गसुहृच्छुक्लः शाल्योदनोपमः । कुन्दस्य कुसुमं हृद्यं स्वल्पगन्धि मनोहरम् ॥

कुन्द, सुमकरन्द, सदापुष्प, मनोहर, अट्टहास, भृङ्गसुहृत्, शुक्ल र शाल्योदनोपम : यी कुन्दपुष्पका पर्यायवाची नाम हुन् । यसको फूल मुटुका लागि हितकर, कम बास्ना आउने र सुन्दर हुन्छ ।

(ङ) निघण्टुशेष :

कुन्दे माघ्यः सदापुष्पी मकरन्दो मनोहरः । अट्टहासो भृङ्गमित्रं शाल्योदनोपमश्च सः ॥
(कुन्द्यति कुन्दम् । माघे मासि भवो माघ्यः । सदा पुष्पाण्यस्याः सदापुष्पी । मङ्कयते-मण्डयते अनेन मकरन्दः । मनो हरति मनोहरः । अट्टहास इव अट्टहासः, श्वेतत्वात् । भृङ्गस्य मित्रं भृङ्गमित्रम् । शाल्योदनेनोपमाऽस्य शाल्योदनोपमः ।) ।

कुन्द, माघ्य, सदापुष्पी, मकरन्द, मनोहर, अट्टहास, भृङ्गमित्र र शाल्योदनोपम : यी कुन्दपुष्पका पर्यायवाची नाम हुन् ।

माध्यम् वा कुन्दपुष्प (तस्विर श्रोत : पेअर डी अमरकोश)

(च) पर्याय रत्नमाला :

कुन्दो माघ्यः शुक्लपुष्पो ।

कुन्द, माघ्य र शुक्लपुष्प : यी कुन्दपुष्पका पर्यायवाची नाम हुन् ।

(छ) भावप्रकाश निघण्टु :

कुन्दं तु कथितं माध्यं सदापुष्पञ्च तत्स्मृतम् ॥ कुन्दं शीतं लघु श्लेष्मशिरोरुग्विषपित्तहृत् ।

कुन्द, माध्य र सदापुष्प : यी कुन्दपुष्पका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ । यो पचाउन हलुका हुन्छ । यसले कफविकार, टाउकाका रोग, विषविकार र पित्तविकार नाश गर्दछ ।

(ज) **मदनपाल निघण्टु :**

कुन्दः शुक्लः सदापुष्पो भृङ्गबन्धुर्मनोरमः । कुन्दः शीतो लघुः श्लेष्मशिरोरुग्विषपित्तजित्॥

कुन्दपुष्प, लामाटार (तस्बिर श्रोत : स्वयम्)

कुन्द, शुक्ल, सदापुष्प, भृङ्गबन्धु र मनोरम : यी कुन्दपुष्पका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, पचाउन सहज तथा कफविकार, टाउकाका रोग, विषविकार र पित्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

(झ) **राजनिघण्टु :**

कुन्दस्तु मकरन्दश्च महामोदो मनोहरः । मुक्तापुष्पः सदापुष्पस्तारपुष्पोऽट्टहासकः॥
दमनो वनहासश्च मनोज्ञो रुद्रसम्मितः॥
कुन्दोऽतिमधुरः शीतः कषायः कैश्यभावनः । कफपित्तहरश्चैव सरो दीपनपाचनः॥

(१) कुन्द, (२) मकरन्द, (३) महामोद, (४) मनोहर, (५) मुक्तापुष्प, (६) सदापुष्प, (७) तारपुष्प, (८) अट्टहासक, (९) दमन, (१०) वनहास र (११) मनोज्ञ : यी एघार नाम कुन्दपुष्पका संस्कृत पर्यायवाची नामहरू हुन् । यो अति गुलियो, शीतवीर्यको, टर्रो र कपाल उमार्ने गुणको हुन्छ । यसले कफविकार र पित्तविकार नाश गर्दछ । यो पुष्प मलमूत्रलाई तलतिर सार्ने, दीपनी र पाचनी हुन्छ ।

कुन्दपुष्प, लामाटार, ललितपुर, नेपाल (तस्बिर श्रोत : स्वयम्)

(ञ) **शालिग्राम निघण्टु :**

कुन्दन्तु कथितं माघ्यं सदापुष्पञ्च तत्स्मृतम् ।

कुन्द, माघ्य र सदापुष्प : यी कुन्दपुष्पका पर्यायवाची नाम हुन् ।

कुन्दः शीतोतिमधुरस्तुवरः सारको लघुः । पाचको दीपको हृद्यः कटुकस्तिक्तकः स्मृतः॥
पित्तरोग शिरोरोग विषशोथामनाशनः । रक्तदोषञ्च वातञ्च नाशयेदितिकीर्त्तितम्॥

कुन्दपुष्प शीतवीर्यको, अति गुलियो, टर्रो, मलमूत्रलाई तलतिर सार्ने, पचाउन सहज, पाचक, दीपनी, मुटुका लागि हितकर, पिरो, तितो तथा पित्तविकार, टाउकाका रोग, विषविकार, सुकेनास, आमविकार, रक्तविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

नोट : सेतोको उपमा दिँदा तथा पानीलाई सुगन्धित बनाउन समेत यो फूलको प्रयोग गर्ने गरिएको पाइन्छ ।

कुन्दुरु (सिरु)
(Cogon grass)

परिभाषा :

(क) के.यन.स्वामी : (१) रुण्डी, खरच्छद, क्षेत्रसम्भूत : सिरुभार । (२) दीर्घपत्र : सिरु । कुश । (३) मृगवल्लभ : सिरु ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) जङ्गली खर : वनमा हुने सिरु आदि । (२) ठुलो सिरु : ठूलो एक जातको सिरु; इक्षुदर्भा । (३) सिरु : कुशका जस्ता लामालामा पात र काँसका जस्ता सेता फूल हुने घाँस । (४) सिरुबारी : सिरु भएको बारी वा जग्गा ।

सिरु (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ग) डा.सतिश चन्द्र साङ्ख्यधरले यसलाई खोटोविशेष (कुन्दुरुक) को अर्थमा व्याख्या गरेका छन् तर उक्त अध्यायको प्रसङ्गमा त्यो अर्थ त्यति उपयुक्त भने देखिँदैन ।

(घ) यनईडटविकिपेडियाडटओआरजी, ईफ्लोराजडटओआरजी : यसको वैज्ञानिक नाम *Imperata cylindrica* cyr. तथा अंग्रेजी नाम Red Baron हो ।

(ङ) आचार्य बालकृष्णले वानस्पतिक नाम *Imperata cylindrica* (Linn.) Raeuch., *Imperta arundinacea* Cirillo र *Imperta cylindrica* (Linn.) P.Beauv. भएको वनस्पतिको संस्कृत नाम दर्भ, सूच्याग्र भनी दिएका छन् । उनले यसको अंग्रेजी नाम Woolly grass, Beedy grass, Bedding grass, Cogon grass वा Silky grass भनी दिएका छन्। उनका अनुसार यसलाई हिन्दी भाषामा सिरु पनि भनिन्छ ।

(च) फर्माकोपिया : दर्भ, यज्ञमूल, उलु, कुटुक, खरदर्भ, श्वेतदर्भ संस्कृत नाम भएको वनस्पति Poaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Imperata cylindrica* (Linn.) Beauv. हो । अंग्रेजीमा यसलाई Thatch grass, Cogon grass भनिन्छ । काँढापानीको लागि यसको जरा १०-२० ग्रामको एक मात्रा हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

कुन्दुरुष्कन्दुरो रुण्डी दीर्घपत्रः खरच्छदः । रसाभः क्षेत्रसम्भूतः सुतृष्णो मृगवल्लभः ॥
गौल्यं कुन्दुरुमूलञ्च शीतं पित्तातिसारनुत् । प्रशस्तं शोधनानाञ्च बलपुष्टिविवर्धनम् ॥

कुन्दुरु, कन्दुर, रुण्डा, दीर्घपत्र, खरच्छद, रसाभ, क्षेत्रसम्भूत, सुतृष्ण र मृगवल्लभ : यी नाम सिरुका संस्कृत पर्यायवाची नामहरू हुन् । सिरुको जरा गुलियो, शीतवीर्यको तथा पित्तविकार र अतिसार नाशक हुन्छ । धातु, ओखती आदि प्रशोधनका लागि यो उत्तम हुन्छ । यसले बल र पुष्टि पनि बढाउँदछ ।

नोट : कुश, सेतो कुश र सिरुका पर्यायवाची शब्दहरू अन्योलपूर्ण देखिन्छन् । यसैले कुशका बारेमा पनि अध्ययन गर्नु हुन अनुरोध गर्दछु ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुन्दुरुकी (काँडि सल्लो)
(Frankincense)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कुन्दुरुकी, गजभक्ष्या आदि भनेको साज हो । कुन्द, कुन्दुरु र मुकुन्द भनेको पर्बलजस्तो फलविशेष वा पालुङ्गो हो ।

(ख) के.यन.स्वामी : शल्लकी : गोभ्रे सल्लो । गजभक्ष्या, सुवहा, सुरभि, महेरुणी, कुन्दुरुकी र वल्लकी : काँढे सल्लो । रसा र बहुस्राव : सल्लो । (१) कुन्द : कुन्दपुष्प, सल्लाको खोटो । (२) कुन्दुरुक, भीषण : काँडे सल्लाको खोटो । (३) मुकुन्द : गोलकाँक्री । (४) सुगन्ध : कराल, शालको खोटो ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) काँडे सल्लो : रातो खोटो आउने र काँडा हुने एक जातको सल्लो । (२) साज : सालका जस्ता पात र खैरा गोल फल फल्ने, गाईबस्तुलाई डाले घाँसका रूपमा खुवाइने एक जातको वृक्ष ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : कुन्दुरुकीको ल्याटिन नाम *Boswellia serrata* Roxb. हो । यसको बोट ३० फीट सम्म अग्लो हुन्छ । हाँगाहरू भुइँतिर झुकेका हुन्छन् । रातोमा पहेँलो मिसिएका वा हरियोमा सेतो मिसिएका, चिल्ला र कागज जस्तै फुक्लने खालका बोक्रा हुन्छन् । केही फरकमा भेट्नुका दुवैतिर ८-१५ जोडी पात हुन्छन् । पात नीमका जस्ता रेखाकार र धारिला हुन्छन् । सेता र साना फूल फुल्दछ । फल गुदीले भरिएको एवं तीन धार भएको हुन्छ र पाकेपछि तीन भागमा फुट्दछ । कुन्दुरुलाई अंग्रेजीमा Indian olibanum वा Frankincense तथा ल्याटिन भाषामा Gum resin of *Boswellia serrata* Roxb. भनिन्छ ।

काँढेसल्लो (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ङ) आचार्य बालकृष्ण : यसको बोक्रा खरानी रङको र पात नीमका जस्ता हुन्छन् । पातलाई हात्तीले मिठो मानेर खाने हुनाले यसलाई गजभक्ष्या पनि भनिन्छ । यसको बोट १८ मिटरसम्म अग्लो हुन्छ । बीचको आकार ठूलो हुन्छ । यसलाई अंग्रेजीमा Indian olibanum tree, Calibanum White dammer वा Indian frankincense tree भनिन्छ । यसको खोटो धूप बाल्नमा प्रयोग गरिन्छ ।

(घ) पेयर डी अमरकोशः शल्लको वानस्पतिक नामे *Boswellia serrata* Roxb. ex Colebr. हो ।

(ङ) फर्माकोपिया : कुन्दुरु वा शल्लकी भनेको Burseraceae परिवारमा पर्ने वानस्पतिक नाम *Boswellia serrata* Roxb. भएको रूखको खोटो हो । ओखतीका लागि यसको १-३ ग्रामको एक मात्रा हुन्छ ।

(च) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : सल्लइ वृक्ष Burseraceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Boswellia*

serrata Roxb. ex Colebr. हो ।

(ख) अष्टाङ्गहृदयकोष (कुन्दुरकम्) : सल्लकींचोपो नाम गन्धद्रव्यविशेषः । सल्लाको खोटो नामक एक गन्धद्रव्यविशेष । यसलाई ल्याटिन भाषामा *Boswellia glabra* भनिन्छ ।

काँढेसल्लो (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ग) डा.सतिश चन्द्र साङ्खधर : कुन्दुरुकलाई अंग्रेजी भाषामा Gum resin of *Boswellia serrata* भनिन्छ ।

नोट : यसको पहिचान र नेपाली नामाकरणका बारेमा समान धारणा पाइएन । कसैले सालको खोटो, कसैले सल्लाको खोटो, कसैले साजको खोटो र कसैले वृक्ष विशेषको खोटो भनी अर्थ लगाएका छन् । काँडे सल्लोको वानस्पतिक नाम *Araucaria bidwillii* पनि दिइएको पाइन्छ । अधिकांशले *Boswellia serrata* Roxb. लाई कुन्दुरुकी र त्यसको खोटोलाई कुन्दुरु मानेको पाइन्छ ।

संस्कृत पर्यायवाची नामहरु :

(क) अभिधानमञ्जरी :

प्रादा तृणखर्जूरी खल्वाटः सल्लकी तुरगमूर्तिः ।
सुरभिः शखावलं स्यात् गजभक्षा विल्लकी च कुन्दुरुकी ॥
लोलाङ्गी काण्डरुहा वसुस्रवा ह्लादनी रसा मोचा । नागप्रिया गजेष्टा पर्यायैर्गन्धपत्रीति ॥

संकलन : मोहन प्रसाद सापकोटा

प्रादा, तृणखर्जूरी, खल्वाट, सल्लकी, तुरगमूर्ति, सुरभि, शखावल, गजभक्षा, विल्लकी, कुन्दुरुकी, लोलाङ्गी, काण्डरुहा, वसुस्रवा, ह्लादनी, रसा, मोचा, नागप्रिया, गजेष्टा र गन्धपत्री : यी कुन्दुरुकीका पर्यायवाची नाम हुन् ।

खपुरः कुन्दुरुकोऽन्यो गोपुरसञ्ज्ञश्च सल्लकी शिखरी । नागवधूप्रिय उक्तः पर्यायैर्मेदकश्चेति ॥

खपुर, कुन्दुरुक तथा गोपुर, सल्लकी, शिखरी, नागवधूप्रिय र मेदक : यी कुन्दुरुकका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

कुन्दरुष्को कुन्दुरुश्च मोदकः कटुकश्च सः ।

कुन्दरुष्क, कुन्दुरु, मोदक र कटुक : यी कुन्दुरुका पर्यायवाची नाम हुन् ।

(ग) अष्टाङ्ग निघण्टु :

कुन्दुरुर्मेदकः कुन्द्रो विज्ञेयः खपुरस्तथा ।

कुन्दुरु, मेदक, कुन्द्र र खपुर : यी कुन्दुरुका पर्यायवाची नाम हुन् ।

साज (काँढे सल्लो)को जङ्गल (तस्विर श्रोत : नमस्तेबिहानीडटब्लगस्पटडटकम)

(घ) कैयदेव निघण्टु :

शल्लकी सुरभिर्मोचा सुगन्धा ह्लादनी ह्रदा । सुप्रस्रवा सुवहा चिम्पा महेरण्याऽश्वमूत्रिका ॥
गन्धकारी गन्धवीरा शल्लकी वनकर्णिका । गजभक्षा कुन्दुरुकी सतिक्ताऽतिरसा रसा ॥
शल्लकी तुवरा शीता क्रमेण रसवीर्ययोः । बलासपित्तपक्वतिसारव्रणविनाशिनी ॥
तत्पुष्पं कफवातास्रकुष्ठारोचकनाशनम् ।

Boswellia serrata Roxb., कुन्दुरु (तस्विर श्रोत : इण्डियाबायोडाइभर्सिटी डट ओआरजी)

शल्लकी, सुरभि, मोचा, सुगन्धा, ह्लादनी, ह्रदा, सुप्रस्रवा, सुवहा, चिम्पा, महेरण्या, अश्वमूत्रिका, गन्धकारी, गन्धवीरा, शल्लकी (?), वनकर्णिका, गजभक्ष, कुन्दुरुकी, सतिक्ता, अतिरसा र रसा : यी कुन्दुरुकीका पर्यायवाची नाम हुन् । यो टर्रो, शीतवीर्यको तथा कफविकार, पित्तविकार, गढेको अतिसार र खटिरा नाश गर्ने गुणको हुन्छ । त्यसको फूल कफविकार, वातविकार, रक्तविकार, कुष्ठ र अरुचि नाश गर्ने गुणको हुन्छ ।

खपरः कुन्दुरुः कुन्दुः मुकुन्दः भीषणो बली । नागः श्रीवल्लभः स्वाक्षो मेदुको मेचकः परः ॥
कुन्दुरुर्मधुरस्तिक्ततीक्ष्णस्त्वच्यः कटुर्हरेत् । ज्वरस्वेदग्रहालक्ष्मीमुखरोगकफानिलान् ॥

खपर, कुन्दुरु, कुन्दु, मुकुन्द, भीषण, बली, नाग, श्रीवल्लभ, स्वाक्ष, मेदुक, मेचक र पर : यी कुन्दुरुका पर्यायवाची नाम हुन् । यो गुलियो, तितो, तिक्खर, छालाका लागि हितकर, पिरो तथा जरो, पसिना, ग्रहबाधा, अलक्ष्मी, मुखका रोग, कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(ङ) धन्वन्तरि निघण्टु :

शल्लकी वल्लकी ह्लादा सुरभिः सुस्रवा च सा ॥ अश्वमूत्री कुन्दुरुकी गजभक्षा महेरणा ।
शल्लकी स्यात्कषायाऽतिशीता वीर्ये प्रकीर्तिता ॥ बलासं हन्ति पित्तस्य प्रकोपशमनी मता ।

कँडि सल्लो (तस्बिर श्रोत : फ्लावर्श अफ इण्डिया)

शल्लकी, वल्लकी, ह्लादा, सुरभि, सुस्रवा, अश्वमूत्री, कुन्दुरुकी, गजभक्षा र महेरणा : यी काँढे सल्लोका पर्यायवाची नाम हुन् । यो टर्रो, अति शीतवीर्यको, कफविकार नाश गर्ने तथा पित्तविकारलाई शान्त पार्ने गुणको हुन्छ भनिएको छ ।

कुन्दुरुः स्यात्कुन्दुरुकः शिखरी कुन्द्रगोपुरः ॥
सुकुन्द्रस्तीक्ष्णगन्धश्च पालिन्दो भीषणो बली ।
कुन्दुरुः कटुकस्तिक्तो वातश्लेष्मामयापहः ॥
पाने लेपे च शिशिरः प्रदरामयशान्तिकृत् ।

कुन्दुरु, कुन्दुरुक, शिखरी, कुन्द्र, गोपुर, सुकुन्द्र, तीक्ष्णगन्ध, पालिन्द, भीषण र बली : यी काँडे सल्लाको खोटोका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, वातविकार र कफविकार नाश गर्ने, पिउनाले वा लेप दल्नाले ठण्डी गर्ने तथा प्रदर रोगलाई शान्त पार्ने गुणको हुन्छ ।

(च) निघण्टुशेष :

सल्लक्यां वल्लकी ह्लादा सुवहा सुस्रवा रसा । अश्वमूत्री कुन्दुरुकी गजभक्षा महेरणा ॥
गन्धवीरा गन्धकारी सुरभिर्वनकर्णिका ।
(सल्लिः सौत्रः, सल्लति सल्लकी, गजैरिति वा । वल्लते वल्लकी । ह्लदा सन्त्यस्यां ह्लादा । सुष्ठु वहति सुवहा । सुष्ठु स्रवति सुस्रवा । रस्यते-आस्वाद्यते गजैः रसा । अश्वस्य मूत्रमस्या अश्वमूत्री । कुं-पृथ्वीं द्यति कुन्दुरुः, स्वार्थिके के कुन्दुरुकी । गजैर्भक्ष्यते गजभक्षा । महद् ईरणमस्या महेरणा । गन्धेन वीरा गन्धवीरा । गन्धं करोति गन्धकारी । सुष्ठु रम्भते सुरभिः । वनस्य कर्णिकेव वनकर्णिका ।) ।

संकलन: मोहन प्रसाद सापकोटा

सल्लकी, वल्लकी, ह्लादा, सुवहा, सुस्रवा, रसा, अश्वमूत्री, कुन्दुरुकी, गजभक्षा, महेरणा, गन्धवीरा, गन्धकारी, सुरभि र वनकर्णिका : यी कुन्दुरकीका पर्यायवाची नाम हुन् ।

(छ) भावप्रकाश निघण्टु :

शल्लकी गजभक्ष्या च सुवहा सुरभी रसा । महेरुणा कुन्दुरुकी वल्लकी च बहुस्रवा ॥
शल्लकी तुवरा शीता पित्तश्लेष्मातिसारजित् । रक्तपित्तव्रणहरी पुष्टिकृत्समुदीरिता ॥

शल्लकी, गजभक्ष्या, सुवहा, सुरभि, रसा, महेरुणा, कुन्दुरुकी, वल्लकी र बहुस्रवा : यी काँढे सल्लोका संस्कृत पर्यायवाची नामहरु हुन् । यो टर्रो हुन्छ । यसले शीतल गर्दछ तथा पित्तविकार, कफविकार, अतिसार, रक्तपित्त र घाउकठिरा निको पार्नुका साथै यो पुष्टिकारक समेत हुन्छ ।

कुन्दुरुस्तु मुकुन्दः स्यात्सुगन्धः कुन्द इत्यपि । कुन्दुरुर्मधुरस्तिक्तस्तीक्ष्णस्त्वच्यः कटुहरेत् ॥

ज्वरस्वेदग्रहालक्ष्मीमुखरोगकफानिलान् ।

कुन्दुरु, मुकुन्द, सुगन्ध, र कुन्द : यी कुन्दुरुका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, तीतो र तिक्खर हुन्छ । यो खोटो छालाका लागि लाभदायक, यसले जरो, पसिना आउने रोग, ग्रहबाधा, अलक्ष्मी, मुखका रोग, कफविकार र वायुविकार नाश गर्दछ ।

(ज) **मदनपाल निघण्टु :**

शल्लकी वल्लकी मोची गजभक्षा महारुहा । गन्धवीरा कुन्दुरुकी सुस्रावा वनकर्णिका ॥
शल्लकी व्रणपित्तास्रश्लेष्मपित्तातिसारजित् ॥

कँढि सल्लो (तस्बिर श्रोत : प्लान्ट्स म्याप डटकम)

शल्लकी, वल्लकी, मोची, गजभक्षा, महारुहा, गन्धवीरा, कुन्दुरुकी, सुस्रावा र वनकर्णिका : यी कँाडे सल्लोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले घाउखटिरा, रक्तपित्त, कफविकार, पित्तविकार र अतिसारलाई जित्दछ ।

कुन्दुरुर्मेचकः कुन्दः खपुरो भीषणो बली । कुन्दुरुः स्वेदपवनश्लेष्मब्रध्नज्वरापहः ॥

कुन्दुरु, मेचक, कुन्द, खपुर, भीषण र बली : यी कँढिसल्लाको खोटोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पसिना आउने रोग, वातविकार, कफविकार, ब्रध्नरोग र जरो नाश गर्दछ ।

(झ) **मदनादि निघण्टु :**

सल्लकी सुरभी मोचा महारण्याऽश्वमूर्तिका । गजभक्षां कुन्दुरुकी सुगन्धा ह्लादिनी रसा ॥
वर्ण्याकषायकफहृत् पक्वातिसारनाशिनी ।
सल्लकी धूपयोगेषु तैलयोगेषु पूजिता च विशेषतः ॥

सल्लकी, सुरभी, मोचा, महारण्या, अश्वमूर्तिका, गजभक्षा, कुन्दुरुकी, सुगन्धा, ह्लादिनी र रसा : यी कुन्दुरुकीका पर्यायवाची नाम हुन् । यो वर्णमा निखार लेराउने, टर्रो, कफविकार र गढेको अतिसार नाश गर्ने तथा धूप बनाउन तेल बनाउन उपयोगी हुने गुणको हुन्छ ।

कुन्दुरुर्मोचकः कुन्दुश्शिखरी गोपुरः पुरः । खपुरस्तीक्ष्णगन्धश्च बली नागवधूप्रियः ॥
सुगन्धो धूपयोगार्हः पानलेपनकर्मसु । कुन्दुरुः रसतस्तीक्ष्णः कफघ्नस्त्वक्प्रसादनः ॥

कुन्दुरु, मोचक, कुन्दु, शिखरी, गोपुर, पुर, खपुर, तीक्ष्णगन्ध, बली र नागवधूप्रिय : यी कुनदुरुका पर्यायवाची नाम हुन् । यो सुगन्धी धूप बनाउन, पिउन र लेप बनाएर दल्न उपयोगी हुन्छ । यो तिक्खर, कफविकार नाश गर्ने तथा छाला शुद्ध पार्ने गुणको हुन्छ ।

(ञ) **राजनिघण्टु :**

सल्लकः सल्लकी सल्ली सुगन्धा सुरभिस्रवा । सुरभिर्गजभक्ष्या च सुवहा गजवल्लभा ॥
गन्धमूला मुखामोदा सुश्रीका जलविक्रमा । हृद्या कुण्टरिका चैव प्रोक्ता त्र्यस्रफला च सा ॥
छिन्नरुहा गन्धफला ज्ञेया चाष्टादशाह्वया ॥
सल्लकी तिक्तमधुरा कषाया ग्राहिणी परा । कुष्ठास्रकफवातार्शोव्रणदोषार्तिनाशिनी ॥

कँढिसल्लो (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(१) सल्लक, (२) सल्लकी, (३) सल्ली, (४) सुगन्धा, (५) सुरभिस्रवा, (६) सुरभि, (७) गजभक्ष्या, (८) सुवहा, (९) गजवल्लभा, (१०) गन्धमूला, (११) मुखामोदा, (१२) सुश्रीका, (१३) जलविक्रमा, (१४) हृद्या, (१५) कुण्टरिका, (१६) त्र्यस्रफला, (१७) छिन्नरुहा र (१८) गन्धफला : यी अठार नाम कँडे सल्लोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो सल्लो तीतो, गुलियो, टर्रो र अत्यन्त ग्राही हुन्छ । यसले कुष्ठ, रक्तविकार, कफविकार, वातविकार, अल्काई र घाउखटिरा नाश गर्दछ ।

कुन्दुरुकः सौराष्ट्रः शिखरी कुन्दुरुककुन्दुकस्तीक्ष्णः ।
गोपुरको बहुगन्धः पालिन्दो भीषणश्च दशसञ्ज्ञः ॥
कुन्दुरुर्मधुरस्तिक्तः कफपित्तार्तिदाहनुत् । पाने लेपे च शिशिरः प्रदरामयशान्तिकृत् ॥

(१) कुन्दुरुक, (२) सौराष्ट्र, (३) शिखरी, (४) कुन्दुरुक, (५) कुन्दुक, (६) तीक्ष्ण, (७) गोपुरक, (८) बहुगन्ध, (९) पालिन्द र (१०) भीषण : यी दश नाम (कुन्दुरुक दोहोरिएको) कँडे सल्लाको खोटोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, तीतो तथा कफविकार, पित्तविकार र डाह ठिक गर्ने गुणको हुन्छ । यो खाँदा वा दल्दा शीतल गर्दछ । यसले प्रदर रोगलाई शान्त पार्दछ ।

(ट) **राजवल्लभ निघण्टु :**

...कुन्दुरु...परमालक्ष्मीरक्षोघ्ना ज्वरनाशनाः॥

कँाडे सल्लाको खोटोले अलक्ष्मी, राक्षसबाधा र जरो नाश गर्दछ ।

(ठ) **शालिग्राम निघण्टु :**

पालङ्क्याकुन्दुरुः कुन्दुः सौराष्ट्री शिखरी वली ।

पालङ्की, कुन्दुरु, कुन्दु, सौराष्ट्री, शिखरी र वली : यी कुन्दुरुका पर्यायवाची नाम हुन् ।

कुन्दुरुर्मधुरीतीक्ष्णस्तिक्तोरुच्यः कटुः स्मृतः ।
स्निग्धस्त्वच्यस्तथा चोष्णो ज्वरस्वेदकफापहः॥
रक्तरुक्प्रदरंवातमलक्ष्मींग्रहपीडनम् ।
रक्तातिसारं यूकाञ्च नाशयेदितिकीर्त्तितः॥ (निघण्टु रत्नाकर)

कुन्दुर गुलियो, तिक्खर, तितो, रुचिप्रद, पिरो, चिल्लो, छालाका लागि हितकर, उष्णवीर्यको तथा जरो, पसिना, कफविकार, रक्तविकार, प्रदर, वातविकार, अलक्ष्मी, ग्रहबाधा, रक्तातिसार र जुम्रा नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ड) **सोढल निघण्टु :**

शल्लक्यां वल्लकी ह्लादा सुरभिः सुस्रवा रसा । अश्वमूत्री कुन्दुरुकी गजमक्षा महोरणा॥
गजप्रिया नागवधूः शङ्खिनी च बहुस्रवा । सुवहा गन्धमूला च रसाला मदगन्धिका॥

शल्लकी, वल्लकी, ह्लादा, सुरभि, सुस्रवा, रसा, अश्वमूत्री, कुन्दुरुकी, गजमक्षा, महोरणा, गजप्रिया, नागवधू, शङ्खिनी, बहुस्रवा, सुवहा, गन्धमूला, रसाला र मदगन्धिका : यी कुन्दुरुकीका पर्यायवाची नाम हुन् ।

कुन्दुरौ स्यात् कुन्दरुकः कुन्दसाह्वो मुकुन्दकः ।
विडालाक्षस्तीक्ष्णगन्धः पालक्यो भीषणो बली॥

कुन्दुर, कुन्दरुक, कुन्दसाह्व, मुकुन्दक, विडालाक्ष, तीक्ष्णगन्ध, पालक्य, भीषण र बली : यी कुन्दुरका पर्यायवाची नाम हुन् ।

(ढ) **सौश्रुत निघण्टु :**

शल्लकी गजभक्षा च ह्लादनी सुरभी रसा । गन्धपत्रा कुन्दुरुकी तथा प्रोक्ता वसुश्रवा॥

शल्लकी, गजभक्षा, ह्लादनी, सुरभी, रसा, गन्धपत्रा, कुन्दुरुकी र वसुश्रवा : यी कुन्दुरुकीका पर्यायवाची नाम हुन्।

खोटो (तस्बिर श्रोत : इण्डिया मार्ट)

कुन्दूरको मेदकश्च शिखरी गोपुरस्तथा। शल्लकी वै पुरश्चैव तथा नागवधूप्रियः॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुन्दूरक, मेदक, शिखरी, गोपुर, शल्लकी, पुर र नागवधूप्रिय : यी गोपुरका पर्यायवाची नाम हुन्।

कुब्जक (बाह्रमासे गुलाफ)
(Musk rose)

परिभाषा :

(क) के.यन.स्वामी : (१) कुब्जक, कुब्जकम्, चारुकेसरा : गुलाफ । (२) अतिकेसर, कण्टकाढ्या, भद्रतरुणी, वृत्तपुष्प, कण्टकाढ्य, खर्व, खर्वम्, अलिकुलसङ्कुल : बाह्रमासे गुलाफ । (३) कर्णिका : सेतो गुलाफ । (४) कुब्जक : मालती । बाह्रमासे गुलाफ । (५) वृत्तपुष्प : बाह्रमासे गुलाफ । मोगरबेली ।

(ख) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णाचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Rosa moschata* Herrm हो ।

(ग) आचार्य बालकृष्ण : यसलाई अंग्रेजीमा Himalayan musk rose, Musk scented rose, Old garden rose वा Musk rose भनिन्छ । यसको नेपाली नाम कस्तुरी गुलाफ हो । यसलाई वनस्पति शास्त्रमा *Rosa brunonii Lindl* भनिन्छ ।

(घ) डा.सतिश चन्द्र साङ्ख्यधर : यसको ल्याटिन नाम *Rosa moschata* Hook.f., non Mill., nec Herrm. पनि हो ।

बाह्रमासे गुलाफ (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधान रत्नमाला :** सङ्कलन : मोहन

कुब्जको भद्रकरणो बृहत्पुष्पोऽतिकेसरः ।

कुब्जक, भद्रकरण, बृहत्पुष्प र अतिकेसर : यी कुब्जकका पर्यायवाची नाम हुन् ।

(ख) **अष्टाङ्ग निघण्टु :**

...कण्टकाढ्यश्च कुब्जकः ।

कण्टकाढ्य र कुब्जक : यी कुब्जकका पर्यायवाची नाम हुन् ।

(ग) **कैयदेव निघण्टु :**

कर्णिका रामतरुणी तरुणी चारुकेशरा । कण्टकप्रावृता धीरा नीलालिकुलसङ्कुला ॥
अपरा भद्रतरुणी बृहत्पुष्पातिकेशरा । कुपप्र कुब्जकी वल्ली कुमारी कर्णिकापरा ॥
महासहा कण्टकाख्या पङ्कारो जलकुब्जकः । महाकुमारी गन्धाढ्या तत्पुष्पं भष मुच्यते ॥
कर्णिका कटुका तिक्ता शीतला शुक्रला लघुः । ग्राहिणी दीपनी हृद्या वर्ण्या दोषत्रयापहा ॥
कुब्जकः सुरभिः स्वादुः कषायानुरसः सरः । त्रिदोषशमनो वृष्यः शीतहर्ता च स स्मृतः ॥

कर्णिका, रामतरुणी, तरुणी, चारुकेशरा, कण्टकप्रावृता, धीरा र नीलालिकुलसङ्कुला; भद्रतरुणी, बृहत्पुष्पा, अतिकेशरा, कुपप्र कुब्जकी वल्ली कुमारी र कर्णिकापरा तथा महासहा, कण्टकाख्या, पङ्कारा, जलकुब्जक, महाकुमारी र गन्धाढ्या, भष (फूल) : यी बाह्रमासे गुलाफका पर्यायवाची नाम हुन् । कर्णिका पिरो, तितो, शीतवीर्यको, वीर्यवर्धक, पचाउन सहज, ग्राही, दीपनी, मुटुका लागि हितकर, वर्णमा निखार लेराउने र त्रिदोष नाश गर्ने गुणको हुन्छ । कुब्जक सुगन्धि, गुलियो, पछिल्लो स्वाद टर्रो, मलमूत्रलाई तलतिर सार्ने, त्रिदोषलाई शान्त पार्ने, वीर्यवर्धक र चिसो नाश गर्ने गुणको हुन्छ ।

(घ) **द्रव्यगुण सङ्ग्रह :**

...कुब्जकः कफपित्तहा ।

कुब्जकले कफविकार र पित्तविकार नाश गर्दछ ।

(ङ) **धन्वन्तरि निघण्टु :**

कुब्जको भद्रतरुणी बृहत्पुष्पाऽतिकेशरा । महासहा कण्टकाढ्या नीलालिकुलसङ्कुला ॥
कुब्जकः सुरभिः स्वादुः कषायस्तु रसायनः । त्रिदोषशमनो वृष्यः शीतः सङ्ग्रहणोपरः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुब्जक, भद्रतरुणी, बृहत्पुष्पा, अतिकेशरा, महासहा, कण्टकाढ्या र नीलालिकुलसङ्कुला : यी कुब्जकका पर्यायवाची नाम हुन् । कुब्जक सुगन्धि, गुलियो, टर्रो, रसायनी, त्रिदोषलाई शान्त पार्ने, वीर्यवर्धक, शीतवीर्यको र अति ग्राही हुन्छ ।

(च) **निघण्टुशेष :**

कुमार्यां कर्णिका चारुकेसरा भृङ्गसम्मता । तरणी रामतरणी गन्धाढ्या कन्यका सहा ॥
(कुं-भूमिं मारयति कुमारी; कुत्सितो मारोऽस्या इति वा । कर्णयति कर्णिका । चारवः केसराः अस्याः चारुकेसरा । भृङ्गाणां सम्मता भृङ्गसम्मता । तरन्त्यनया दुःखं तरणी । रामा चासौ तरणी च रामतरणी । गन्धेन आढ्या गन्धाढ्या । कनति-दीप्यते कन्या, के कन्यका, कुमारीपर्याया वा । सहते परिमलं सहा ।) ।

कुमारी, कर्णिका, चारुकेसरा, भृङ्गसम्मता, तरणी, रामतरणी, गन्धाढ्या, कन्यका र सहा : यी कुब्जकका पर्यायवाची नाम हुन् ।

(छ) **पर्याय रत्नमाला :**

कुब्जको बहुकण्टकः ।

कुब्जक र बहुकण्टक : यी कुब्जकका पर्यायवाची नाम हुन् ।

(ज) भावप्रकाश निघण्टु :

कुब्जको भद्रतरुणी वृत्तपुष्पोऽतिकेसरः । महासहा कण्टकाढ्या नीलालिकुलसंकुला ॥
कुब्जकः सुरभिः स्वादुः कषायानुरसः सरः । त्रिदोषशमनो वृष्यः शीतहर्त्ता च स स्मृतः ॥

कुब्जक, भद्रतरुणी, वृत्तपुष्प, अतिकेसर, महासहा, कण्टकाढ्या र नीलालिकुलसंकुला : यी बाह्रमासे गुलाफका संस्कृत पर्यायवाची नामहरू हुन् । यो सुगन्धी, शुरुमा स्वादिलो र पछि टर्रो हुन्छ । यसले मल खुकुल्याउँदछ । यसले त्रिदोष नाश गर्दछ, वीर्य बढाउँदछ र चिसो लागेको ठिक गर्दछ ।

(झ) मदनपाल निघण्टु :

कुब्जको भद्रतरुणी बृहत्पुष्पा महासहा । शतपत्री तरुण्युक्ता कर्णिका चारुकेशरा ॥
रक्ताऽपरा रक्तपुष्पा लाक्षापुष्पाऽतिमञ्जुला ॥
शतपत्री हिमा हृद्या ग्राहिणी शुक्रला लघुः । दोषत्रयास्रजिद्वर्ण्या कुब्जकोऽपि च तद्गुणः ॥

कुब्जक, भद्रतरुणी, बृहत्पुष्पा, महासहा, शतपत्री, तरुणी, कर्णिका र चारुकेशरा : यी बाह्रमासे गुलाफका तथा रक्ता, रक्तपुष्पा, लाक्षापुष्पा र अतिमञ्जुला : यी रातो बाह्रमासे गुलाफका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, मुटुका लागि हितकर, ग्राही, शुक्रवर्धक र पचाउन सहज गुणको हुन्छ । यसले त्रिदोष र रक्तविकारलाई जित्दछ । बाह्रमासे गुलाफमा पनि यिनै गुण हुन्छन् ।

(ञ) राज निघण्टु :

कुब्जको भद्रतरुणो वृत्तपुष्पोऽतिकेसरः । महासहः कण्टकाढ्यः खर्वोऽलिकुलसङ्कुलः ॥
कुब्जकः सुरभिः शीतो रक्तपित्तकफापहः । पुष्पं तु शीतलं वर्ण्यं दाहघ्नं वातपित्तजित् ॥

कुब्जक, भद्रतरुण, वृत्तपुष्प, अतिकेसर, महासह, कण्टकाढ्य, खर्व र अलिकुलसङ्कुल : यी बाह्रमासे गुलाफका संस्कृत पर्यायवाची नामहरू हुन् । यो सुगन्धी, शीतवीर्यको तथा रक्तपित्त र कफविकार नाशक हुन्छ । यसको फूल शीतवीर्यको, वर्णमा निखार लेराउने, डाह नाशक तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

कुमार (उमेरको अवस्था)
(Kumaara)

(क) **राज निघण्टु :**

... पञ्चदशभिः कुमारस्त्रिंशता स्मृतः ।

सोह्र वर्ष लागेदेखि तीस वर्ष सम्मकोलाई कुमार भनिन्छ ।

कौमारं पञ्चमाब्दान्तं ...।

पाँच वर्ष सम्मको बालकलाई (पनि प्रसङ्ग हेरी) कुमार भनिन्छ ।

नोट : मनुस्मृतिका अनुसार कुमारको अर्थ ब्रह्मचारी पनि हुन्छ । अश्विनीकुमार, कार्तिकेय आदि अनेक अर्थ कुमारका हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुमारक (सिप्लिकान)
(Three leaved caper)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : वरण, वरुण, सेतु, तिक्तशाक र कुमारक भनेको सिप्लिकान हो ।

(ख) के.यन.स्वामी : वरण, वरुण, सेतु : सिप्लिकानको रूख । कुमारक, तिक्तशाक : सिप्लिकान ।

(ग) नेपाली बृहत् शब्दकोश (सिप्लिकान) : लाम्चा नरम पात हुने, पहेँला फूल फुल्ने र गोल फल फल्ने तथा मुन्टाको अचार, तरकारी आदि खाइने एक जातको रूख ।

(घ) आचार्य बालकृष्ण : यसको अंग्रेजी नाम Tree leaved caper वा Temple plant हो ।

(ङ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Crataeva nurvala* Buch.-Ham हो ।

(च) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसको ल्याटिन नाम Crateava Religiosa हो ।

(छ) पेयर डी अमरकोशले *Crataeva religiosa* G.Forest. लाई यसको पर्यायवाची बनाएर केही तस्बिर दिएको छ ।

(ज) डा.सतिश चन्द्र साङ्ख्यधर : यसलाई ल्याटिन भाषामा *Crataeva religiosa* Hook. f. Thomas. पनि भनिन्छ ।

(झ) फर्माकोपिया : संस्कृतमा वरुण भनिने बोट Capparidaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Crataeva nurvala* Buch-Ham हो । अंग्रेजीमा यसलाई Three leaved caper भनिन्छ । ओखतीका लागि यसको काण्डको बोक्राको काँढापानी २०-३० ग्रामको एक मात्रा हुन्छ ।

(ञ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : सिप्लिकान वा खाखोला Capparaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Crateva unilocularis* Buch.-Ham. हो ।

(ट) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : सिप्लेगान Capparaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Crateva unilocularis* Buch.-Ham. हो ।

वरुण (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ठ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : सिप्लीगान वा सिप्लीकान Angiosperm समूह अन्तर्गत Capparaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Crateva unilocularis* Buch.-Ham. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

...वरुणे तिक्तशावकः ।

वरुण र तिक्तशावक (तिक्तशाक) : यी सिप्लिकानका नाम हुन् ।

(ख) अभिधानमञ्जरी :

वरणं कुमारकं स्यादुरुमाणाख्यस्तमालश्च । श्वेतद्रुमो मरुघ्नो व्याधितरुस्तिक्तशाक इति ॥

वरण, कुमारक, उरुमाणाख्य, तमाल, श्वेतद्रुम, मरुघ्न, व्याधितरु र तिक्तशाक : यी सिप्लिकानका पर्यायवाची नाम हुन् ।

(ग) अभिधानरत्नमाला :

वरुण श्वेतपुष्पास्यात्तिक्तशाकः कुमारकः । शेलुद्रुमः पीतपुष्पो वरुणो मारुतापहः ॥

वरुण, श्वेतपुष्प, तिक्तशाक र कुमारक तथा शेलुद्रुम, पीतपुष्प, वरुण र मारुतापह : यी सिप्लिकानका पर्यायवाची नाम हुन् ।

(घ) अष्टाङ्ग निघण्टु :

वरुणादौ श्वेतपुष्पो वरुणो वरणः स्मृतः ।

वरुण, श्वेतपुष्प र वरण : यी सिप्लिकानका पर्यायवाची नाम हुन् ।

(ङ) कैयदेव निघण्टु :

वरुणो वरणः सेतुरुरुमाणः कुमारकः । शाकद्रुम सेतुवृक्षो रोधवृक्षस्तमालकः ॥
साधुवृक्षः श्वेतपुष्पस्तिक्तशाकश्चलापहः । वरुणो मधुरस्तिक्तः कषायकटुको लघुः ॥
रूक्षोष्णः पित्तलो भेदी दीपनः कफवातजित् । निहन्ति कृमिवातास्रमूत्राघातास्रहृद्गदान् ॥
पुष्पं पितास्रहृद् ग्राहि फलं स्निग्ध सरं गुरु । स्वादूष्णं मधुरं पाके वातघ्नं कफपित्तजित् ॥

वरुण, वरण, सेतु, उरुमाण, कुमारक, शाकद्रुम, सेतुवृक्ष, रोधवृक्ष, तमालक, साधुवृक्ष, श्वेतपुष्प, तिक्तशाक र चलापह : यी सिप्लिकानका पर्यायवाची नाम हुन् । यो गुलियो, तितो, टर्रो, पिरो, पचाउन सहज, रुखो, उष्णवीर्यको, पित्तविकार गर्ने, भेदनी, दीपनी, कफविकार र वातविकारलाई जित्ने तथा कीरा, वातरक्त, मूत्राघात, रक्तविकार र मुटुका रोग नाश गर्ने गुणको हुन्छ । यसको फूल रक्तपित्त

नाश गर्ने र ग्राही हुन्छ । यसको फल चिल्लो, मलमूलाई तलतिर सार्ने, पचाउन कठिन, गुलियो, उष्णवीर्यको, पचेपछि गुलियो, वातविकार नाश गर्ने तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

(च) **निघण्टुशेष :**

वरुणे गन्धवृक्षः स्यात् तिक्तशाकः कुमारकः । श्वेतपुष्पः श्वेतफलस्तमालो मारुतापहः॥
शीधुवृक्षः श्वेतवृक्षः सेतुरश्मरिकारिपुः ।
(वृणोति वरुणः, कर्णिकावृक्षत्वात् । गन्धयुक्तो वृक्षो गन्धवृक्षः । तिक्तरसः शाकः तिक्तशाकः, शाकमध्ये पाठात् । कुमारप्रतिकृतिः कुमारकः, नित्यं तरुणत्वात्; काम्यते कुमारः, स्वार्थिके के कुमारक । श्वेतानि पुष्पाण्यस्य श्वेतपुष्पः । श्वेतानि फलान्यस्य श्वेतफलः । ताम्यति तमालः । मारुतं-वायुमपहन्ति मारुतापहः । शीधोः वृक्षः शीधुवृक्षः । श्वेतश्चासौ वृक्षश्च श्वेतवृक्षः । सेतुमत्त्वात् सेतुः । सिनोति वा सेतुः । अश्मरिका-मूत्रबन्धनं तस्या रिपुः अश्मरिकारिपुः, अश्मरीहरत्वात् ।) ।

वरुण, गन्धवृक्ष, तिक्तशाक, कुमारक, श्वेतपुष्प, श्वेतफल, तमाल, मारुतापह, शीधुवृक्ष, श्वेतवृक्ष, सेतु, अश्मरिकारिपु : यी सिप्लिकानका पर्यायवाची नाम हुन् ।

(छ) **धन्वन्तरि निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

वरुणः श्वेतपुष्पश्च तिक्तशाकः कुमारकः । श्वेतद्रुमो गन्धवृक्षस्तमालो मारुतापहः॥
वरुणः शीतवातघ्नस्तिक्तो विद्रधिजन्तुजित् । तथा च कटुरूष्णश्च रक्तदोषहरः परः॥

वरुण, श्वेतपुष्प, तिक्तशाक, कुमारक, श्वेतद्रुम, गन्धवृक्ष, तमाल र मारुतापह : यी सिप्लिकानका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, वातविकार नाश गर्ने, तितो, विद्रधि र कीरालाई जित्ने, पिरो, उष्णवीर्यको, तथा प्रभावकारी ढङ्गले रक्तविकार नाश गर्ने गुणको हुन्छ ।

(ज) **पर्यायरत्नमाला :**

वरुणस्तिक्तशाकश्च सेतुवृक्षोऽम्भसाम्पतिः ।

वरुण, तिक्तशाक, सेतुवृक्ष र अम्भसाम्पति : यी सिप्लिकानका पर्यायवाची नाम हुन् ।

(झ) **भावप्रकाश निघण्टु :**

वरुणो वरणः सेतुस्तिक्तशाकः कुमारकः॥ वरुणः पित्तलो भेदीश्लेष्मकृच्छ्राश्ममारुतान् ।
निहन्ति गुल्मवातास्रकृमींश्चोष्णोऽग्निदीपनः॥ कषायो मधुरस्तिक्तः कटुकोरूक्षको लघुः ।

वरुण, वरण, सेतु, तिक्तशाक र कुमारक : यी सिप्लिकानका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पित्त बढाउँदछ, यसमा भेदन र दीपन गुण हुन्छ तथा कफविकार, कृच्छ्र, पत्थरी, वातविकार, गुल्म, वातरक्त र कीरा नाश गर्दछ । यो टर्रो, गुलियो, तीतो र पिरो हुनुका साथै रुखो र पचाउन हलुका समेत हुन्छ ।

(ञ) मदनपाल निघण्टु :

वरुणो वरणः श्वेतः शाकवृक्षः कुमारकः । वरुणः पित्तलो भेदी श्लेष्मकृच्छ्राश्ममारुतान्॥
निहन्ति गुल्मवातास्रकृमिशोथाञ्च दीपनः ॥

वरुण, वरण, श्वेत, शाकवृक्ष र कुमारक : यी सिप्लिकाननका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पित्तविकार गर्दछ । यो भेदी हुनुका साथै कफविकार, कृच्छ्र, रक्तविकार, वातविकार, गुल्म, वातरक्त, कीरा र सुजन नाशक तथा दीपन हुन्छ ।

(ट) मदनादि निघण्टु :

वरुण श्वेतपुष्पश्च तिक्तशाकद्रुमस्तथा । (वरुणो बीजकः कामः प्रियः प्रियतरुः स्मृतः) ।
श्वेतद्रुमो लोध्रवृक्षः तमालो मारुतापहः॥ सर्वविद्रधि वातघ्नः तिक्तोस्रक्कफनाशनः ।
बाधिर्यः कर्णशूलघ्नः वरुणो योनिदोषजित्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

वरुण, श्वेतपुष्प, तिक्तशाकद्रुम, (वरुण, बीजक, काम, प्रिय, प्रियतरु), श्वेतद्रुम, लोध्रवृक्ष, तमाल र मारुतापह : यी सिप्लिकानका पर्यायवाची नाम हुन् । यो सबैखालका विद्रधि नाश गर्ने, वातविकार नाश गर्ने; तितो; रक्तविकार, कफविकार, बहिरोपन र कर्णशूल नाश गर्ने तथा स्त्री जननेन्द्रियका रोगलाई जित्ने गुणको हुन्छ ।

(ठ) माधवद्रव्यगुण :

उष्णोऽश्मरीहरो भेदी वरुणोऽनिलशूलनुत् ।

सिप्लिकान उष्णवीर्यको, पत्थरी नाश गर्ने, भेदनी तथा वातविकार र शूलरोग नाश गर्ने गुणको हुन्छ ।

(ड) राज निघण्टु :

वरुणः श्वेतपुष्पश्च तिक्तशाकः कुमारकः ।
श्वेतद्रुमः साधुवृक्षः तमालो मारुतापहः॥
वरुणः कटुरुष्णश्च रक्तदोषहरः परः ।
शीर्षवातहरः स्निग्धो दीप्यो विद्रधिवातजित्॥

वरुण, श्वेतपुष्प, तिक्तशाक, कुमारक, श्वेतद्रुम, साधुवृक्ष, तमाल र मारुतापह : यी सिप्लिकानका संस्कृत पर्यायवाची नामहरू हुन्। यो पिरो, उष्णवीर्यको र विशेषतः रक्तविकार नाशक हुन्छ। यसले टाउकाको वातविकार नाश गर्दछ। यो चिल्लो, दीपनी तथा विद्रधि र वातविकारलाई जित्ने गुणको हुन्छ।

(ढ) राजवल्लभ निघण्टु :

पुष्पं वरुणजं ग्राहि पित्तघ्नमामवातजित्॥ वरुणोऽनिलशूलघ्नो भेदी चोष्णाश्मरीहरः॥

सिप्लिकानको फूल ग्राही, पित्तविकार नाशक तथा आम विकार र वातविकार (वा आमजन्य वातविकार) लाई जित्ने गुणको हुन्छ। सिप्लिकानले वातविकार र शूल नाश गर्दछ। यो भेदनी, उष्णवीर्यको र पत्थरी नाशगर्ने गुणको हुन्छ।

(ण) शालिग्राम निघण्टु :

वरुणोष्णः कटुः स्निग्धो दीपनो मधुरः स्मृतः। लघुस्तिक्तस्तु तुवरः पित्तलो भेदकः स्मृतः॥
वातं कफं विद्रधिं च मूत्रकृच्छ्रं च नाशयेत्। अश्मरीं वातरक्तं च गुल्मं रक्तरुजं कृमीन्॥
रक्तदोषं शीर्षवातं मुत्राघातं च हृद्रुजम्। हृद्रोगं नाशयत्येव पुष्पं चास्य च ग्राहकम्॥
रक्तदोषहरं चैव फलं चास्य सरं गुरु। पाके तु मधुरं स्वादु स्निग्धोष्णं वातनाशकम्॥
पित्तं कफं नाशयतीत्यवच मुनिभिर्मतम्। (निघण्टु रत्नाकर)

वरुण (तस्बिर श्रोत : पेयर डी अमरकोश)

सिप्लिकान उष्णवीर्यको, पिरो, चिल्लो, दीपनी, गुलियो, पचाउन सहज, तितो, टर्रो, पित्तविकार गर्ने, भेदनी; वातविकार, कफविकार, विद्रधि, मूत्रकृच्छ्र, पत्थरी, वातरक्त, गुल्म, रक्तविकार, कीरा, रक्तदोष, शीर्षवात, मूत्राघात र छातीको शूल नाश गर्ने गुणको हुन्छ। यसको फूल ग्राही र रक्तविकार नाश गर्ने गुणको हुन्छ। यसको फल मलमूत्रलाई तलतिर सार्ने, पचाउन कठिन, पचेपछि गुलियो, स्वादिलो, चिल्लो, उष्णवीर्यको तथा वातविकार, पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ।

(त) सरस्वती निघण्टु :

वरुणो वरणः सेतुस्तिक्तशाकः कुमारकः। श्वेतपुष्पो लोध्रवृक्षस्तिक्तः साधुद्रुमस्तथा॥

वरुण, वरण, सेतु, तिक्तशाक, कुमारक, श्वेतपुष्प, लोध्रवृक्ष, तिक्त र साधुद्रुम : यी सिप्लिकानका पर्यायवाची नाम हुन्।

(थ) **सोढल निघण्टु :**

वरुणो श्वेतपुष्पश्च तिक्तसारः कुमारकः । श्वेतवृक्षो बोधिवृक्षः तमालो मारुतापहः॥

वरुण, श्वेतपुष्प, तिक्तसार, कुमारक, श्वेतवृक्ष, बोधिवृक्ष, तमाल र मारुतापह : यी सिप्लिकानका पर्यायवाची नाम हुन् ।

(द) **सौश्रुत निघण्टु :**

वरुणः श्वेतपुष्पश्च तिक्तशाकद्रुमस्तथा । सेतुद्रमो रोहवृक्षः कपालश्चापि शब्दितः॥

वरुण, श्वेतपुष्प, तिक्तशाकद्रुम, सेतुद्रम, रोहवृक्ष र कपाल : यी सिप्लिकानका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुमारी (घिउकुमारी)
(Aloe vera)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कुमारी, तरणी र सहा भनेको घिउकुमारी हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) घिउकुमारी : भित्रपट्टि लस्सादार पदार्थ रहने, केत्तुकेका जस्ता पात हुने, बीचका डाँठमा साना र पहेँला फूल फुल्ने, पोलेका ठाउँमा लगाउँदा शीतल गर्ने र विषालु खटिरामा औषधी लगाइने एक प्रकारको बोट । (२) तरणी : घिउकुमारी ।

ठूलो जातको घिउकुमारी (श्रोतः मोहनप्रसाद सापकोटा)

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Common Aloe, Curacao aloe, Barbados aloe वा Musabbar भनिन्छ । यसको ल्याटिन नाम *Aloe barbadensis,* Mill. भनिन्छ ।

(घ) आचार्य बालकृष्ण : यसका अनेक प्रजाति हुन्छन् । मुख्यतः *Aloe vera* (Linn.) f. र *Aloe abyssinica* (पीतपुष्पा कुमारी) गरी दुई प्रजातिलाई ओखतीमा प्रयोग गरिन्छ । यसको वानस्पतिक नाम *Aloe vera* (Linn.) Burm.f., Syn-*Aloe barbadensis* Mill. हो । अंग्रेजीमा यसलाई Aloe vera, common aloe, Barbados aloe, Musabbar, Common Indian aloe भनिन्छ । संस्कृत नाम कुमारी, गृहकन्या, कन्या, घृतकुमारी हो ।

(ङ) द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ : कुमारीलाई अंग्रेजीमा Indian Alces, Aloe Vera तथा ल्याटिन भाषामा *Aloe barbadensis* Mill.,*Aloe Indica, A.Barbados, A.Vera, Varieties : Officinalis (Liliaceae)* भनिन्छ ।

(च) फर्माकोपिया : संस्कृतमा कन्यासार, कुमारी, रससम्भव, सहासार आदि नामले चिनिने वनस्पति Liliaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Aloe barbadensis* Mill. Syn. *Aloe vera* Tourn.ex Linn, *Aloe indica* Royle. हो । अंग्रेजीमा यसलाई Indian Aloe भनिन्छ । यसको पातको धूलो १२५-५०० मिलिग्रामको एक मात्रा हुन्छ ।

(छ) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : घिउकुमारी Xanthorrhoeaceae परिवारमा पर्दछ । अंग्रेजीमा Tiger aloe र Aloe भनिने यसको वानस्पतिक नाम क्रमशः *Aloe variegata* L. र *Aloe vera* (L.)

Burm. f. हो ।

(ज) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : घिउकुमारी Asphodelaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम Aloe vera (L.) Burm. f. हो ।

(झ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : घिउकुमारी Angiosperm समूह अन्तर्गत Asphodelaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Aloe vera* (L.) Burm.f. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अमरकोश :

कुमारी, तरणी र सहा : यी घिउकुमारीका पर्यायवाची नाम हुन् ।

(ख) अर्कप्रकाश :

कुमारिकाया ग्रन्थ्यग्निदग्धविस्फोटकाञ्जयेत् ।

घिउकुमारीको अर्कले गाँठागुँठी र आगोले पोलेको घाउ ठिक गर्दछ ।

(ग) कैयदेव निघण्टु :

कुमारी गण्डला माता फलमत्स्याक्षकारकः । कुमारी गृहकन्या च कन्या घृतकुमारिका ॥
कुमारी शीतला तिक्ता मधुरा भेदनी जयेत् । गुल्मप्लीहयकृद्वृद्धिं कफज्वरहरी हरेत् ॥
ग्रन्थ्याग्निदग्धविस्फोटपित्तरक्तत्वगामयान् । चक्षुष्या विषवातघ्नी बल्या वृष्या रसायनी ॥
वातपित्तकृमिहरं कुमारीकुसुमं गुरु ।

कुमारी, गण्डला, माता, गृहकन्या, कन्या र घृतकुमारिका : यी घिउकुमारीका पर्यायवाची नाम हुन् । यसको फल माछाको आँखा जस्तो हुन्छ । घिउकुमारी शीतवीर्यको, तितो, गुलियो, भेदनी; गुल्म, फियोका रोग, कलेजोका रोग, कफविकार र जरोलाई जित्ने; शरीरमा हुने गाँठा, आगोले पोलेको, विस्फोट, रक्तपित्त र छालाका रोग नाश गर्ने; आँखाका लागि तिहकर, विषविकार र वातविकार नाश गर्ने, बलदायक, वीर्यवर्धक र रसायनी गुणको हुन्छ । यसको फूल वातविकार, पित्तविकार र कीरा नाश गर्ने तथा पचाउन कठिन हुने गुणको हुन्छ ।

(घ) भावप्रकाश निघण्टु :

कुमारी गृहकन्या च कन्या घृतकुमारिका । कुमारी भेदनी शीता तिक्ता नेत्र्या रसायनी ॥
मधुरा बृंहणी बल्या वृष्या वातविषप्रणुत् । गुल्मप्लीहयकृद्वृद्धिकफज्वरहरी हरेत् ॥

ग्रन्थ्यग्निदग्धविस्फोटपित्तरक्तत्वगामयान् ।

कुमारी, गृहकन्या, कन्या र घृतकुमारिका : यी घिउकुमारीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सानो जातको घिउकुमारी (श्रोतः मोहनप्रसाद सापकोटा)

यसले दिसा खुकुलो पार्दछ र शीतल गर्दछ । यो तीतो हुन्छ र आँखाका लागि फाइदा गर्दछ । यो रसायनी, गुलियो, पौष्टिक, बलदायक, वातविकार नाशक र विषविकार नाशक हुन्छ । यसले गुल्म, फियोका रोग, कलेजो सुन्निने रोग र कफजन्य जरो नाश गर्दछ । गाँठेरोग, आगोले पोलेको, विस्फोट, पित्तविकार, रक्तविकार र छालाको रोग ठिक गर्दछ ।

(ङ) **मदनपाल निघण्टु :**

कुमारी मण्डला माता गृहकन्याऽतिपिच्छला । रसायनी कटिकिनी सवराऽन्या वनोद्भवा॥
कुमारी भेदनी शीता यकृत्प्लीहकफज्वरान् । निहन्ति ग्रन्थिविस्फोटपित्तरक्तत्वगामयान्॥

कुमारी, मण्डला, माता, गृहकन्या, अतिपिच्छला, रसायनी, कटिकिनी, सवरा र वनोद्भवा : यी घिउकुमारीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो भेदनी हुन्छ । यसले शीतल गर्दछ तथा कलेजोका रोग, फियोका रोग, कफविकार र जरो नाश गर्दछ । घिउकुमारीले गाँठा, विस्फोट, पित्तविकार, रक्तविकार र छालाका रोगहरू नाश गर्दछ ।

(च) राजनिघण्टु :

गृहकन्या कुमारी च कन्यका दीर्घपत्रिका । स्थलेरुहा मृदुः कन्या बहुपत्राऽमराऽजरा ॥
कण्टकप्रावृता वीरा भृङ्गेष्टा विपुलस्रवा । व्रणघ्नी तरुणी रामा कपिला चाम्बुधिस्रवा ॥
सुकण्टका स्थूलदलेत्येकविंशतिनामका ॥
गृहकन्या हिमा तिक्ता मदगन्धिः कफापहा । पित्तकासविषश्वासकुष्ठघ्नी च रसायनी ॥

(१) गृहकन्या, (२) कुमारी, (३) कन्यका, (४) दीर्घपत्रिका, (५) स्थलेरुहा, (६) मृदु, (७) कन्या, (८) बहुपत्रा, (९) अमरा, (१०) अजरा, (११) कण्टकप्रावृता, (१२) वीरा, (१३) भृङ्गेष्टा, (१४) विपुलस्रवा, (१५) व्रणघ्नी, (१६) तरुणी, (१७) रामा, (१८) कपिला, (१९) अम्बुधिस्रवा, (२०) सुकण्टका र (२१) स्थूलदला : यी एक्काईस वटा नाम घिउकुमारीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, तीतो, मदिराको गन्ध आउने र कफविकार नाश गर्ने गुणको हुन्छ । यसले पित्तविकार, खोकी, विषविकार, दम र कुष्ठ पनि निको पार्दछ । यो रसायनी हुन्छ ।

(छ) शालिग्राम निघण्टु :

सहा घृतकुमारी च कुमारी दीर्घपत्रिका । अफला सुरसा कन्या मृदुघृतकुमारिका ॥

सहा, घृतकुमारी, कुमारी, दीर्घपत्रिका, अफला, सुरसा, कन्या र मृदुघृतकुमारिका : यी घिउकुमारीका पर्यायवाची नाम हुन् ।

तन्मध्यदण्डो मधुरः कुमारीसदृशोगुणैः । विशेषात्कृमिपित्तघ्नः पुष्पमस्य गुरु स्मृतम् ॥
वातं पित्तं कृमींश्चैव नाशयेदिति कीर्त्तितम् ।

यसको बीचको डाँठको घिउकुकारीको (पात) जस्तै गुण हुन्छ । यो विशेषतः गुलियो तथा कीरा र पित्तविकार नाश गर्ने गुणको हुन्छ । यसको फूल पचाउन कठिन तथा वातविकार, पित्तविकार र कीरा नाश गर्ने गुणको हुन्छ ।

कुम्भिका (जलकुम्भी)
(Common water hyacinth)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : ठूलठूला पात हुने कमल विशेषलाई वारिपर्णी आदि भनिन्छ ।

(ख) के.यन.स्वामी : कुम्भिका भनेको जलकुम्भी, रातो गुलाब, काफल वा परबर हो ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : अधिकांश विद्वानले ल्याटिन भाषामा *Pistia stratiotes* Linn. तथा अंग्रेजी भाषामा *The wester-Lettuce* भनिने वनस्पतिलाई तथा केहीले ल्याटिन भाषामा *Eichhornia crassipes* Solms भनिने वनस्पतिलाई जलकुम्भी मानेका छन् ।

जलकुम्भी (तस्विर श्रोत : आयुर्वेदकार्ट)

(घ) हिन्दी विश्वकोश : (१) खमूलिका : पानीमा हुने एक विरुवा, कुम्भिका । (२) वारिपर्णी : कुम्भिका, जलकुम्भी । पानीको लेउ । (३) वारिमूली : वारिपर्णी, जलकुम्भी । (४) जलकुंभी : कुम्भी नामक वनस्पति जुन जलायशमा पानी माथि तैरिने गर्दछ ।

(ङ) नेपाली बृहत् शब्दकोश : (१) पानपाते : पानका पातका आकारका पात हुने एक जातको सानो जलकुम्भी । (२) पिँडाल्ने : सिमसारमा हुने, लामा डाँठ तथा ठूलठूला चिल्ला, हरिया, पानी नअडिने मुटुका आकारका पात हुने सानो जातको जलकुम्भी; त्यसैका फेदमा हुने कोक्याउने कन्दविशेष ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(च) जलकुम्भीलाई अंग्रेजीमा *Tropical Duckweed* वा *Water hyacinth* तथा ल्याटिन भाषामा *Pistia stratiotes Linn.* भनिन्छ ।(छ) TERAI FORESTS OFNEPAL, GOVERNMENT OF NEPAL, April 2014 : स्थानीय भाषामा जलुको, जलकुम्भी, पुरेनी र जलुकी भनिने विरुवा Pontederiaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Eichhornia crassipes* (Martius) Solms हो ।

(ज) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : जलकुम्भी Pontederiaceae परिवारमा पर्दछ । यसलाई अंग्रेजीमा Common water hyacinth तथा ल्याटिन भाषामा *Eichhornia crassipes* (Mart.) Solms भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग निघण्टु :

तोयच्छदा वारिपर्णी कुम्भिका जलकुम्भिका ।

तोयच्छदा, वारिपर्णी, कुम्भिका र जलकुम्भिका : यी जलकुम्भीका पर्यायवाची नाम हुन् ।

(ख) **कैयदेव निघण्टु :**

वारिपर्णी तोयवृक्षो हठः पानीयपृष्ठजा ।
कुली कुम्भी तोयकुम्भी ढण्ढणो वृकधूमकः ॥
वारिपर्णी हिमा तिक्ता लघ्वी स्वाद्वी सरा कटुः ।
दोषत्रयहरी रूक्षा पित्तास्रज्वरशोषहृत् ॥

वारिपर्णी, तोयवृक्ष, हठ, पानीयपृष्ठजा, कुली, कुम्भी, तोयकुम्भी, ढण्ढण र वृकधूमक : यी जलकुम्भीका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, तितो, पचाउन सहज, मलमूत्रलाई तलतिर सार्ने, पिरो, त्रिदोष नाश गर्ने, रुखो तथा रक्तपित्त, जरो र सुकेनास नाश गर्ने गुणको हुन्छ ।

(ग) **निघण्टुशेष :**

वारिपर्ण्यां तु पानीया पृष्ठगा कुम्भिका हठः ।
(वारि पिपर्ति वारिपर्णी, पीयते पानीया । पृष्ठं गच्छति पृष्ठगा । कुम्भोऽस्त्यस्याः कुम्भिका । हठति हठ ।) ।

वारिपर्णी, पानीया, पृष्ठगा, कुम्भिका र हठ : यी जलकुम्भीका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

पोखराको फेवातालमा फैलिएको जलकुम्भी (तस्बिर श्रोत : पोखरान्यूज डटकम)

(घ) **पर्यायरत्नमाला :**

कुम्भिका वारिपर्णी च हठः पानीयपृष्ठजा ।

कुम्भिका, वारिपर्णी, हठ र पानीयपृष्ठजा : यी जलकुम्भीका पर्यायवाची नाम हुन् ।

(ङ) **भावप्रकाश निघण्टु :**

वारिपर्णी कुम्भिका स्याद्वारिमूली खमूलिका ।
वारिपर्णी हिमा तिक्ता लघ्वी स्वाद्वी सरा कटुः । दोषत्रयहरी रूक्षा शोणितज्वरशोषकृत्॥

वारिपर्णी, कुम्भिका, वारिमूली र खमूलिका : यी जलकुम्भीका संस्कृत पर्यायवाची नामहरू हुन् जलकुम्भीले शीतल गर्दछ । यो तीतो, पचाउन सहज, स्वादिलो, मल खुलाउने र पिरो हुन्छ । यसले त्रिदोष नाश गर्दछ । यो रुखो हुन्छ । यसले रक्तविकार, जरो र सुजन गर्दछ ।

(च) **शालिग्राम निघण्टु :**

कुम्भिका वारिपर्णी च वारिमूली खमूलिका । आकाशमूली कुतृणं कुमुदाजलवल्कलम्॥

कुम्भिका, वारिपर्णी, वारिमूली, खमूलिका, आकाशमूली, कुतृण, कुमुदा र जलवल्कल : यी जलकुम्भीका पर्यायवाची नाम हुन् ।

(छ) **सरस्वती निघण्टु :**

कुम्भीका वारिपर्णी च ...।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुम्भीका र वारिपर्णी : यी जलकुम्भीका पर्यायवाची नाम हुन् ।

कुम्भी (वृक्षविशेष)
(Kumbi)

परिभाषा :

(क) के.यन.स्वामी : (१) कुम्भी : अजयपाल । क्यामुनो । पाडरी । काफल । डेहरी । रूखविशेष । (२) रोमालु : काउछो । कनिके कुरो । सेतो सकरकन्द । (३) रोमश : सेतो सकरकन्द । क्यामुनु । (४) पर्पटद्रुम : जलकुम्भी ।

कुम्भी (तस्बिर श्रोत : दिनेश वाल्के, फ्लिकर)

(ख) नेपाली बृहत् शब्दकोश : (१) पानीपाते : पानका पातका आकारका पात हुने एक जातको सानो जलकुम्भी ।(२) पिँडाल्ने : सिमसारमा हुने, लामा डाँठ तथा ठूलठूला चिल्ला, हरिया, पानी नअडिने मुटुका आकारका पात हुने सानो जातको जलकुम्भी; त्यसैका फेदमा हुने कोक्याउने कन्दविशेष । (३) कुम्भी : ठूलठूला पात, गुलाफजामुनाका ढाँचाको फूल र लाम्चा हरिया फल हुने विशेषतः तराईमा पाइने एक वृक्ष वा त्यसैको फल ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) दिनेश वाल्के, फ्लिकर : यसको ल्याटिन नाम *Careya arborea* हो । अंग्रेजीमा यसलाई patana oak, slow match tree, tummy wood वा wild guava भनिन्छ ।

(घ) डा.सतिश चन्द्र साङ्ख्यधर : यो जलकुम्भी नभई सम्भवतः *Careya arborea* Roxb. हुनुपर्दछ । थप अनुसन्धान हुनु पर्ने देखिन्छ ।

(ङ) हिन्दी विश्वकोश : कुन्तीपुष्पवृक्ष, एक फूल फुल्ने वृक्ष । यो कोङ्कणमा प्रसिद्ध छ । (कोङ्कण : गुजरात आसपासको एक प्राचीन देश) ।

कुम्भी (तस्बिर श्रोत : दिनेश वाल्के, फ्लिकर)

(च) फर्माकोपिया : यसलाई संस्कृतमा स्वादुपुष्प, विटपी, स्थलकुम्भी, रोमश र कुम्भीका भनिन्छ । यो Lecythidaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Careya arborea* Roxb. हो । अंग्रजी नाम Kumbi हो । यो १,५०० मिटरको उचाइसम्मका भूभागमा पाइन्छ र ९-१८ मिटर अग्लो हुन्छ । यसको बीजको धुलो २-६ ग्रामसम्म ओखतीमा एक मात्रामा प्रयोग हुन्छ ।

(छ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : यसको स्थानीय नाम कुम्भी, कुमा, बोदार हो । यो Lecythidaceae परिवारमा

पर्दछ । यसको वानस्पतिक नाम *Careya herbacea* Roxb.हो ।

कुम्भी (तस्विर श्रोत : दिनेश वाल्के, फ्लिकर)

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

कुम्भी रोमालुविटपी रोमशः पर्पटद्रुमः । कुम्भी कटुः कषायोष्णो ग्राही वातकफापहः ॥

कुम्भी, रोमालुविटपी, रोमश र पर्पटद्रुम : यी कुम्भीका संस्कृत पर्यायवाची नामहरू हुन् । कुम्भी पिरो, टर्रो, उष्णवीर्यको, ग्राही तथा वातविकार नाशक र कफविकार नाशक हुन्छ ।

कुम्भी (तस्विर श्रोत : दिनेश वाल्के, फ्लिकर)

कुम्भीका (आँखामा आउने खटिराविशेष)
(A disease of the eyes, hordeolum or stye)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कृष्णाः पित्तेन बह्वयोऽन्तर्वत्र्म कुम्भीकबीजवत्॥
आध्मायन्ते पुनर्भिन्नाः पिटिकाः कुम्भिसंज्ञिताः ।

पित्तविकारले पलकको भित्रतिर जलकुम्भी (वा नागकेशर) को बीज जस्तो कालो, फुटेपछि वा फुटाएपछि पुनः भरिने खालको जुन खटिरा आउँदछ त्यसलाई कुम्भि भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान :

वर्त्मान्ते पिडका ध्माता भिद्यन्ते च स्रवन्ति च ।
कुम्भीकाबीजप्रतिमाः कुम्भीकाः सन्निपातजाः॥

आँखाको पलकको छेउमा आउने, कुम्भीकाका बीज जत्रा, सन्निपातजन्य, पटकपटक फुलेर फुट्ने, त्यसबाट तरल पदार्थ बहने बिमिरा वा खटिरालाई कुम्भीका भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) सुश्रुत संहिता :

कुम्भीकबीजप्रतिमाः पिडका यास्तु वर्त्मजाः॥
आध्मापयन्ति भिन्ना याः कुम्भीकपिडकास्तु ताः ।
(कुम्भीका-कच्छदेशोद्भवा दाडिमफलाकार फलालता- तद्बीजेन प्रतिमा यासां ताः) ।

आँखाका पलकमा आउने, कुम्भीफलको बीज जत्रो, फुटेपछि फुल्ने वा पुनः भरिने खटिरालाई कुम्भीक भनिन्छ । (कच्छ (गुजरात नजिकको एक प्राचीन देश) देशतिर हुने दारिमको फल जत्रै फल फल्ने एक लहरा- त्यसको बीज जत्रै) ।

कुम्भीका (पुरुष जननेन्द्रियमा आउने खटिराविशेष)
(A peniel disease)

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, माधव निदान, सुश्रुत संहिता :

कुम्भि(म्भी)का रक्तपित्तोत्था जाम्बवास्थिनिभाऽशुभा ।

रगत र पित्त दूषित भई लिङ्गमा निस्कने जामुनु जत्रो कालो खटिरालाई कुम्भिका भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

कुम्भिका रक्तपित्तात्स्याज्जाम्बवास्थिनिभा सिता ॥

पुरुष जननेन्दियमा रक्तविकार र पित्तविकारले गर्दा आउने जामुनको बीज जत्रो सेतो खटिरालाई कुम्भिका भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुम्भीपाक (सान्निपातज्वरविशेष)
(A kind of fever)

(क) भावप्रकाश संहिता, माधव निदान (परिशिष्ट) :

घोणाविवरझरद्बहुशोणसितलोहितं सान्द्रम् ।
विलुठन्मस्तकमभितः कुम्भीपाकेन पीडितं विद्यात् ॥

जुन् सन्निपातज्वरमा रोगीको नाकबाट कालो, रातो र बाक्लो रगत निस्कन्छ र रोगी टाउको पटकपटक यताउता हल्लाउँदछ भने त्यसलाई “कुम्भिपाक” नामक सन्निपातज्वर भनी थाहा पाउनू ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुम्भीर (घडियाल गोही)
(Gharial)

परिभाषा :

(क) के.यन.स्वामी : (१) नक्र : नाक नाम गरेको गोही । (२) कुम्भीर : नाव जातको गोही ।

(ख) पेयर डी अमरकोश : घडियाल गोही (कुम्भीर) लाई अंग्रेजीमा Gangetic Gharial तथा ल्याटिन भाषामा *Gavialis gangeticus* भनिन्छ ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) घडियाल : एक जातको ग्राह । (२) घरियाल (ना० सं० कुम्भीर) एक जातको ग्राह; घडियाल ।

(घ) डा.सतिश चन्द्र साङ्ग्चधर : घडियाल गोहीलाई अंग्रेजीमा Long nose Alligator तथा जीव विज्ञानमा *Crocodilus porosus* भनिन्छ ।

(ङ) जैविक विविधता संरक्षण तथा वन्यजन्तु र वनस्पति अपराध नियन्त्रण सम्बन्धी स्रोत पूस्तिका, २०७७, नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग : घडियाल गोहीलाई अंग्रेजीमा Gharial तथा जीव विज्ञानमा *Gavialis gangeticus* भनिन्छ । यसको थुतुनु निकै लामो तथा पातलो हुन्छ जसको मद्दतले आफ्नो मुख्य आहार माछालाई सजिलै समात्न सक्दछ । यो जीवित गोही प्रजातिहरू मध्ये सबैभन्दा ठूलो गोही हो । यो स्वच्छ पानीमा बस्ने गर्दछ । मुख्य आहार माछा भएपनि कहिलेकाहीँ यसले कछुवा र स-साना स्तनधारी जीव पनि खाने गर्दछ । पोथी घडियाल वयस्क हुन करीब १० वर्ष लाग्दछ । वयस्क पोथी गोहीको लम्बाई २.५ मिटर सम्म र वयस्क भाले गोहीको लम्बाई ६ मिटरसम्म हुन्छ । यसले १३२ वर्ष भएपछि प्रजनन गर्न सक्दछ । घडियाल गोहीको औसत आयु २९ वर्ष हुन्छ । नेपालका राप्ती, नारायणी, बबई र कर्णाली नदीमा गरी जम्मा १०२ वटा जति घडियाल गोहीहरू रहेका छन् ।

घडियाल गोहीहरू, कर्णाली नदी, नेपाल, तस्बिर श्रोत : पेयर डी अमरकोश

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कुम्भीरो नक्रजातीयः क्षुद्रग्राह उदाहृतः ।

कुम्भीर, नक्रजातीय र क्षुद्रग्राह : यी घडीयाल गोहीका पर्यायवाची नाम हुन् ।

(ख) कैयदेव निघण्टु :

यष्ट्याकारस्तु नक्रः स्यात्...।

घडियाल गोही यष्टि (खम्बा, गधा, लौरो) आकारको हुन्छ । नक्र र यष्ट्याकार : यी घडियाल गोहीका पर्यायवाची नाम हुन् ।

घडियाल गोही, तस्बिर श्रोत : पेयर डी अमरकोश

(ग) राज निघण्टु :

भवेन्नक्रस्तु कुम्भीरो गलग्राहो महाबलः ॥

नक्र, कुम्भीर, गलग्राह र महाबल : यी घरियाल गोहीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

नोटः अर्कप्रकाशमा कुम्भीर र नक्रलाई बेग्लाबेग्लै गणना गरिएको छ ।

कुरङ्ग मृग
(Fourhorned Antelope)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश (कुरङ्ग) : कृष्णसारका आकारप्रकारको र खैरो रङ हुने ठूलो मृगको एक जाति ।

(ख) के.यन.स्वामी : पुवाले वा फिका तामो रङको कृष्णसार मृग, जुन कालो कृष्णसारभन्दा ठूलो हुन्छ ।

(ग) पेयर डी अमरकोश : यो Antelope कै एक जात हो ।

(घ) हिन्दी विश्वकोश : हरिण । मृगभेद, तामाका रङको अथवा कालो हरिण, कसैले यो हल्का तामावर्णको हुन्छ पनि भनेका छन् ।

(ङ) मृगपक्षिशास्त्रका अनुवादक मारुति चित्रमपल्ली : यसको अंग्रेजी नाम Fourhorned Antelope हो । ल्याटिन नाम *Tetracerus quadriconis* हो ।

प्राचीन ग्रन्थका वचनहरू :

कुरंग – The Fourhorned Antelope (*Tetracerus quadricornis*) – E. P. Gee

(क) धन्वन्तरि निघण्टु :

...कुरङ्गश्चारुलोचनः ॥

कुरङ्गमृगका आँखा सुन्दर हुन्छन् ।

(ख) भावप्रकाश निघण्टु :

कुरङ्गईषत्ताम्रः स्यादेणतुल्याकृतिर्महान् ।

हल्का तामाको जस्तो रङ हुने मृगलाई कुरङ्ग भनिन्छ । यो एण मृग जत्रै जत्रै तर केही ठूलो हुन्छ ।

कुरङ्गो बृंहणो बल्यः शीतलः पित्तहृद् गुरुः । मधुरो वातहृद् ग्राही किञ्चित्कफकरः स्मृतः ॥

कुरङ्ग मृगको मासु पौष्टिक, बलदायक, शीतल गर्ने, पित्तविकार नाशक र पचाउन कठिन हुन्छ । यो गुलियो, वातविकार नाशक, कब्जियत गर्ने र थोरै कफविकार गर्ने गुणको हुन्छ ।

(ग) मृगपक्षिशास्त्र, हंसदेव :

कुरङ्गा रक्तवर्णास्तु किञ्चिध्रस्व शरीरका । शाखाश्रृङ्गसमायुक्ता विशालनयनाश्च ते ॥
छागतुल्यमुखोपेताः शश्वत् चर्वणतत्पराः । नितरां सुन्दराङ्गांश्च बुद्धिमन्तश्च ते मताः ॥

भृशं लालनलोलाश्च सन्ततं शान्तमानसाः । सान्त्ववाक्यपरा नित्यं दुर्गुणैश्च विवर्जिताः ॥
कृतज्ञा यौवने मत्ता गीतादिश्रवणोत्सुकाः । तेजः सत्त्वसमोपेताः क्षान्तियुक्ताश्च ते मताः ॥

कुरङ्ग मृग (कृष्णसार विशेष), तस्बिर श्रोत : परिवर्तन नेपाल डटकम

कुरङ्ग मृग रातो वर्णको, केही छोटो शरीरको, हाँगाबिँगा भएका सिङ हुने, ठूला आँखा हुने, बोकाको जस्तो मुख हुने, जतिखेर पनि चरिरहने, अत्यन्त सुन्दर अङ्ग भएको, बुद्धिमान वा चलाख, सुमसुम्याउँदा आनन्द मान्ने वा लाग्ने, हरदम शान्त रहने, प्रेमपूर्ण आवाज निकाल्ने वा मन पराउने, कुनै पनि दुर्गुण नभएको वा हानी नगर्ने, कृतज्ञ, जवानीमा उन्मत्त हुने, गीत आदि सुन्न उत्सुक हुने, तेजिलो, इमान्दार र धैर्यशाली हुन्छ ।

(घ) **राज निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुरङ्गमांसं मधुरञ्च तद्वत् कफापहं मांसदपित्तनाशि ॥

पुवाले वा फिका तामा रङको कृष्णसार मृग (कुरङ्ग) को मासु त्यस्तै गुलियो, कफविकार नाशक, मासुवर्धक र पित्तविकार नाशक हुन्छ ।

कुरण्टक (कटसरैया)
(Crossandra)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : अम्लान, महासहा आदि नामले कटसरैयालाई बुझाउँदछ । तर नीलो कटसरैयालाई उनले नीलो कपुरनली भनी बताएका छन् ।

(ख) के.यन.स्वामी : (१) कटसारिका : काँडा हुने एक पोथ्रा, झिम्टा, कटसरैया । यसका पाँच पत्ते डुङ्गे फूल हुन्छ र जूहीका जस्तै कोपिला लाग्दछ । किनारा काटिएका करिब २-३ अमल लामा र १ अमल फराकिला पात हुन्छन् । भेट्नोतिर झिनो हुने, चुचाचुची परेका फराकिलो र गोलो टुप्पा भएको मुसल आकारको फल लाग्दछ । फूलका रङका भेदले यसका चार जात छन्-सेतो कटसरैया-श्वेतसरेयः, नीलो कटसरैया-आर्तगल, पहैँलो कटसरैया-कुरण्टक, रातो कटसरैया-कुरवक । (२) भिन्दी, बाण : कटसरैया । (३) सहचर, सहाचर : पहैँलो कटसरैया । (४) सैरेय,सैरेयक : सेतो फूल हुने कटसरैया । (५) कुरण्टक : पहैँलो कटसरैया । (६) कुरवक : रातो कटसरैया । (७) आर्तगल, दासी : नीलो कटसरैया ।

पहैँलो कटसरैया, Barleria prionitis Linn. (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) नेपाली बृहत् शब्दकोश : (१) कटसरैया : विभिन्न रङका फूलका भेदले चारजातको मानिएको, त्रिदोषलाई शमन गर्ने एक प्रकारको बुटी । (२) भेडेकुरो : फुस्रा लाम्चा पात र भुस भएका झुप्पे फूल फुल्ने र छुनासाथ लुगामा टाँसिने कुरोजातको एक झार; त्यसैको फूल ।

(घ) आचार्य बालकृष्ण : यसको अंग्रेजी नाम Crossandra वा Porcupine flower र वानस्पतिक नाम *Barleria prionitis* Linn.हो । सेतो, पहैँलो, रातो र नीलो फूल फुल्ने कटसरैयाको वानस्पतिक नाम क्रमशः *Barleria dichotoma* Roxb., *Barleria prionitis* Linn., *Barleria cristata* Linn. र *Barleria strigosa* Willd. हो ।

(ङ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : ल्याटिन भाषामा सेतो फूल हुने कटसरैयालाई *Barleria cristata* Linn., पहैँलो फूल हुनेलाई *Barleria prionitis* Linn., रातो फूल हुनेलाई *Barleria cristata* Linn. र नीलो फूल हुनेलाई *Barleria strigosa* Wild Linn.भनिन्छ ।

(च) कामतद्वय : यो Acanthaceae परिवारमा पर्दछ । पहैँलो कटसरैयाको *Barleria prionitis* Linn., रातो कटसरैयाको *B.involucrata Nees.* तथा नीलो कटसरैयाको *B. cristata* Linn. वानस्पतिक नाम हो ।

(छ) फर्माकोपिया : यसको संस्कृत नाम सहचर, कुरण्टक, कोरण्ड र केरण्डक हो । यो Acanthaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Barleria prionitis* Linn. हो । विरुवाका सबै भाग ओखती लाग्दछ । ओखतीका लागि काँढापानीको मात्रा ५०-१०० ग्राम हो । दासी, बाण, कृष्ण, सैरेयक, नील सैरयक र नीलझिण्टी संस्कृत नाम भएको कटसरैया पनि सोही परिवारमा पर्दछ ।

यसको वानस्पतिक नाम *Barleria strigosa* Willd. हो । यसको स्वरस १०-२० मिलिलिटर र काँढा ५०-१०० मिलिलिटरको एक मात्रा हुन्छ ।

(ज) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : Angiosperm समूह अन्तर्गत Acanthaceae परिवारमा पर्ने वानस्पतिक नाम *Barleria cristata* L. भएको वनस्पतिको नेपाली नाम भेडेकुरो हो ।

(झ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : Acanthaceae परिवारमा पर्ने वानस्पतिक नाम *Barleria cristata* Lirur. भएको वनस्पतिको स्थानीय नाम भेडेकुरो, कटसरैया वा लरिफूल हो ।

प्राचीन ग्रन्थका वचनहरू :

पहेंलो कटसरैया, Barleria prionitis Linn. (तस्विर श्रोत: प्रेजर डी अमरकोश)

(क) अभिधानमञ्जरी :

सैरेयकः सहचारः सैर्यकश्च सैरेयः ।
पर्णाढ्ययो मृदुकण्टक उक्तः सामान्यतो हि पर्यायैः ॥
नीलस्तु बाण उक्तश्चार्तगलः केशरञ्जनो दासी ।
सितपुष्पो झिण्टी स्यादोदनपाकी च झिण्टिका चेति ॥

मोहन प्रसाद शब्दकोश

सैरेयक, सहचार, सैर्यक, सैरेय, पर्णाढ्य र मृदुकण्टक : यी सैरेयकका पर्यायवाची नाम हुन् । बाण, आर्तगल, केशरञ्जनी र दासी : यी नीलो कटसरैयाका पर्यायवाची नाम हुन् । झिण्टी, ओदनपाकी र झिण्टिका : यी सेतो कटसरैयाका पर्यायवाची नाम हुन् ।

(ख) अमरकोश :

...अम्लानस्तु महासहा । तत्र शोणे कुरबकस्तत्र पीते कुरण्टकः ।
नीली झिण्टी द्वयोर्बाणा दासी चार्तगलश्च सा ॥
सैरेयकस्तु झिटी स्यात्तस्मिन्कुरबकोऽरुणे । पीता कुरण्टको क्रिटीतस्मिन्सहचरीद्वयोः ॥

अम्लान र महासहा : यी कटसरैयाका; कुवरक : यो रातो कटसरैयाको; कुरण्टक : यो पहेँलो कटसरैयाको; नील, झिण्टी, बाढा, दासी, आर्तगल (अन्तर्गल) : यी नीलो कपुरनलीका; सैरेयक (सैरीयक) र झिण्टी : यी सामान्य कपुरनलीका; कुरवक (कुरुवक) : यो रातो कपुरनलीको तथा कुरण्टक (कुरुण्डक) र सहचरी : यी पहेँलो कपुरनलीका पर्यायवाची नाम हुन् ।

(ग) कैयदेव निघण्टु :

सैरेयकः सहचरः सैरेयो मृदुकण्टकः । कोमलप्रसवो दासी वर्णाढ्यः किङ्करान्तकः ॥

झिण्टी सहचरोऽम्लानः सैर्यकश्च महासहा । रक्तपुष्पः कुरूबकः पीतपुष्पः कुरण्टकः ॥
नीलपुष्पस्त्वार्तगलो राजसैरेयकः स्मृतः । बाणस्त्वोदनपाकी स्यात् शाणकः केशरञ्जकः ॥
सैरेयो मधुरःस्निग्धस्तिक्तोष्णः केशरञ्जनः । केश्यो बलासवातास्रकुष्ठकण्डूविषं जयेत् ॥

पहेँलो कटसरैया, Barleria prionitis Linn. (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

सैरेयक, सहचर, सैरेय, मृदुकण्टक, कोमलप्रसव, दासी, वर्णाढ्य, किङ्करान्तक, झिण्टी, सहचर, अम्लान, सैर्यक र महासहा : यी कटसरैयाका पर्यायवाची नाम हुन् । रातो फूल फुल्नेलाई कुरूबक, पहेँलो फूल फुल्नेलाई कुरण्टक तथा नीलो फूल फुल्नेलाई आर्तगल, राजसैरेयक, बाण, ओदनपाकी, शाणक र केशरञ्जक भनिन्छ । कटसरैया गुलियो, चिल्लो, तितो, उष्णवीर्यको, कपाल रङ्गाउन उपयुक्त, कपालका लागि हितकर तथा कफविकार, वातविकार, रक्तविकार, कुष्ठ र चिलाउने रोगलाई जित्ने गुणको हुन्छ ।

(घ) **धन्वन्तरि निघण्टु :**

सैरेयकः सहचरः सैरेयश्च सहाचरः ॥
पीतो रक्तोऽथ नीलश्च कुसुमैस्तं विभावयेत् । पीतःकुरण्टको ज्ञेयो रक्तः कुरबकः स्मृतः ॥
कुरण्टको हिमस्तिक्तः शोफतृष्णाविदाहनुत् । केश्यो वृष्योऽथ बल्यश्च त्रिदोषशमनो मतः ॥

सैरेयक, सहचर, सैरेय र सहाचर : यी कटसरैयाका पर्यायवाची नाम हुन् । फूलका आधारमा यो पहेँलो, रातो र नीलो गरी तीन किसिमको हुन्छ । पहेँलो फूल फुल्ने कटसरैयालाई कुरण्टक तथा रातो फूल फुल्ने कटसरैयालाई कुरबक भनिन्छ । कटसरैया शीतवीर्यको, तीतो तथा सुजन, तिर्खा र डाह नाशगर्ने गुणको हुन्छ । यो कपालका लागि हितकर, वीर्यवर्धक, बलदायक र त्रिदोषलाई शान्त पार्ने खालको हुन्छ ।

(ङ) **निघण्टुशेषः**

सैरेयकः सहचरो झिण्टी सहाचरश्च सः ।
(सीरे भवः सैरेयः, स्वार्थिके के सैरेयकः । सह चरति सहचरः । रटतीति झिण्टी, सह आचरति सहाचरः ।) ।

सैरेयक, सहचर, झिण्टी र सहाचर : यी कटसरैयाका पर्यायवाची नाम हुन् ।

स तु रक्तः कुरबकः स्यात् पीतस्तु कुरण्टकः । नील आर्तगलो दासी बाण ओदनपाक्यपि ॥
(कौ रूयते-अर्यते कुरबकः । कुरण्टकस्य साधना पूर्ववत् । आर्तः-क्षीणो गलति आर्तगलः । दस्यति-क्षीयते दासी । वण्यते बाणः । ओदनस्येव पाकोऽस्या ओदनपाकी ।) ।

रातो कटसरैयालाई कुरबक, पहैँलो कटसरैयालाई कुरण्टक तथा नीलो कटसरैयालाई आर्तगल, दासी, बाण र ओदनपाकी भनिन्छ ।

(च) पर्यायरत्नमाला :

कटसरैया, Barleria cristata Linn. (तस्विर स्रोत : ...)

सैरीयकः सहचरो बाणो नीलकुरण्टकः ।
वीरः सहचरः पीतपुष्पो दासी कुरण्टकः ॥

सैरीयक, सहचर, बाण र नीलकुरण्टक : यी नीलो कटसरैयाका तथा वीर, सहचर, पीतपुष्प, दासी र कुरण्टक : यी पहैँलो कटसरैयाका पर्यायवाची नाम हुन् ।

(छ) भावप्रकाश निघण्टु :

अम्लातोऽम्लाटनः प्रोक्तस्तथाऽम्लातक इत्यपि ।
कुरण्टको वर्णपुष्पः स एवोक्तो महासहः ॥
अम्लाटनः कषायोष्णः स्निग्धः स्वादुश्च तिक्तकः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अम्लात, अम्लाटन, अम्लातक, कुरण्टक, वर्णपुष्प र महासह : यी अम्लातकका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, स्वादिलो र तीतो हुन्छ । यो चिल्लो हुन्छ । यसले गर्मी गर्दछ ।

सैरेयकः श्वेतपुष्पः सैरेयः कटसारिका ॥ सहाचरः सहचरः स च भिन्द्यपि कथ्यते ।
कुरण्टकोऽत्रपीते स्याद्रक्त कुरबकः स्मृतः ॥ नीले बाणा द्वयोरुक्तो दासी चार्त्तगलश्च सः ।
सैरेयः कुष्ठवातास्रकफकण्डूविषापहः ॥ तिक्तोष्णो मधुरोऽनम्लः सुस्निग्धः केशरञ्जनः ।

सैरेयक, श्वेतपुष्पसैरेयक, सैरेय, कटसारिका, सहाचर, सहचर र भिन्दी : यी सेतो फूल फुल्ने कटसरैयाका; कुरण्टक यो पहैँलो फूल फुल्ने कटसरैयाको; कुरबक यो राता फूल फुल्ने कटसरैयाको तथा बाणा, बाण (यो शब्द पुंलिङ्ग र स्त्रीलिङ्ग दुबैमा प्रयोग हुने), दासी र आर्तगल : यी नीलो फूल फुल्ने कटसरैयाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले कुष्ठ, वातविकार, रक्तविकार, कफविकार, लुतो र विषविकार नाश गर्दछ । यो तीतो, गर्मीगर्ने, गुलियो, हल्का अमिलो, अति चिल्लो र कपालका लागि फाइदाजनक (केशरञ्जन) हुन्छ ।

(ज) मदनपाल निघण्टु :

सौरेयकः सहचरः सौरेयः किङ्करातकः । दासीसहचरः किण्टी शैर्षको मृदुकण्टकः ॥

सौरेयक, सहचर, सौरेय, किङ्करातक, दासीसहचर, किण्टी, शैर्षक र मृदुकण्टक : यी सेतो कटसरैयाका

संस्कृत पर्यायवाची नामहरू हुन् ।

रक्तपुष्पः कुरुवकः पीतपुष्पो कुरण्टकः । नील आर्त्तगलः प्रोक्तो बाणा गोदनपाक्यपि ॥

रातो फूल फुल्ने कटसरैयालाई कुरुवक र पहेँलो फूल फुल्ने कटसरैयालाई कुरण्टक भनिन्छ । नीलो फूल फुल्ने कटसरैयालाई आर्त्तगल, बाणा वा गोदनपाकी भनिन्छ ।

सैरेयः कुष्ठवातास्रकफपाण्डुविषापहः । तिक्तोष्णो मधुरः केश्यः सुस्निग्धः केशरञ्जनः ॥

नीलो कटसरैया, Barleria strigosa Wild (तस्बिर श्रोत : प्रेअर डी अमरकोश)

कटसरैयाले कुष्ठ, वातविकार, रक्तविकार, कफविकार, पाण्डु र विषविकार नाश गर्दछ । यो तीतो र गुलियो हुन्छ । यसले गर्मी गर्दछ । यो कपालका लागि हितकर, चिल्लो र कपाल बढाउने गुणको हुन्छ ।

आर्गटः स्यादार्तगलो बहुकण्टः प्रघर्षणः । आर्गटः स्तुवरः शीतो व्रणशोधनरोपणः ॥

आर्गट, आर्त्तगल, बहुकण्ट र प्रघर्षण : यी नीलो फूल फुल्ने कटसरैयाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, शीतवीर्य भएको तथा घाउ प्रशोधन गर्ने र भर्ने गुणको हुन्छ । (कसैकसैले यसलाई एक काँडेदार वृक्ष भनी उल्लेख गरेका छन्) ।

(झ) मदनादि निघण्टु :

दासी कुरण्टको मूनःपर्णाघः कुरुबस्तथा । राजसैरेयकश्चान्यो नीलपुष्पार्थ सैर्यकः ॥
बाणम्लानः सहचरः केशरञ्जनकस्तथा । सैर्यकस्तिक्तमधुरः स्निग्धोष्णकफवातजित् ॥
केश्याखालित्यपालित्यबाधास्तथा दारुणनाशनः ॥

दासी, कुरण्टक, मूनःपर्णाघ र कुरुब : यी (रातो) कटसरैयाका तथा राजसैरेयक, नीलपुष्पी, सैर्यक, बाण, अम्लान, सहचर र केशरञ्जनक : यी नीलो कटसरैयाका पर्यायवाची नाम हुन् । कटसरैया तीतो, गुलियो, चिल्लो, उष्णवीर्यको, कफविकार र वातविकारलाई जित्ने, कपालका लागि हितकर तथा उमेर नपुग्दै कपाल झर्ने र फुल्ने रोग र खस्रोपन नाश गर्ने गुणको हुन्छ ।

(ञ) राज निघण्टु :

अथ रक्ताम्लानः स्याद्रक्तसहाख्यः स चापरिम्लानः ।
रक्तामलान्तकोऽपि च रक्तप्रसवश्च कुरबकश्चैव ॥

रामालिङ्गनकामो रागप्रसवो मधूत्सवः प्रसवः ।
सुभगो भ्रमरानन्दः स्यादित्ययमिन्दुचन्द्रमितः॥
उष्णः कटुः कुरवको वातामयशोफनाशनो ज्वरनुत् ।
आध्मानशूलकासश्वासार्तिप्रशमनो वर्ण्यः॥

(१) रक्ताम्लान, (२) रक्तसह, (३) अपरिम्लान, (४) रक्तामलान्तक, (५) रक्तप्रसव, (६) कुरबक, (७) रामालिङ्गनकामा, (८) रागप्रसव, (९) मधूत्सव, (१०) प्रसव, (११) सुभग र (१२) भ्रमरानन्द : यी बाह्र नाम रातो कटसरैयाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो उष्णवीर्यको, पिरो तथा वातविकार, सुजन र ज्वर नाशक हुन्छ । यसले आध्मान, शूल, खोकी र दम शान्त पार्दछ तथा शरीरको वर्णमा निखार लेराउँदछ ।

कटसरैया, Barleria cristata Linn. (तस्बिर श्रोत : प्रेअर डी अमरकोश)

पीतः स किङ्किरातः पीताम्लानः कुरण्टकः कनकः ।
पीतकुरवः सुपीतः स पीतकुसुमश्च सप्तसञ्ज्ञकः स्यात्॥
किङ्किरातः कषायोष्णस्तिक्तश्च कफवातजित् । दीपनः शोफकण्डूतिरक्तत्वग्दोषनाशनः॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

(१) किङ्किरात, (२) पीताम्लान, (३) कुरण्टक, (४) कनक, (५) पीतकुरव, (६) सुपीत र (७) पीतकुसुम : यी सात नाम पहेँलो कटसरैयाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, उष्णवीर्यको, तीतो तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यो दीपनी तथा सुजन, चिलाउने रोग, रक्तविकार र छालाका विकार नाशक पनि हुन्छ ।

नीलपुष्पा तु सा दासी नीलाम्लानस्तु छादनः ।
बाला चाऽऽर्तगला चैव नीलपुष्पा च षड्विधा॥
आर्तगला कटुस्तिक्ता कफमारुतशूलनुत् । कण्डूकुष्ठव्रणान् हन्ति शोफत्वग्दोषनाशनी॥

(१) नीलपुष्पा, (२) दासी, (३) नीलाम्लान, (४) छादन, (५) बाला र (६) आर्तगला : यी छ नाम नीलो कटसरैयाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो तथा कफविकार, वातविकार र शूल नाशक हुन्छ । यसले लुतो, कुष्ठ, घाउखटिरा, सुजन र छालाका विकार नाश गर्दछ ।

कण्टः कुरण्टो झिण्टी सा वन्यसहचरी तु सा पीता ।
शोणी कुरवकनाम्नी कण्टकिनी शोणझिण्टिका चैव॥
साऽन्या तु नीलझिण्टी नीलकुरण्टश्च नीलकुसुमा च ।
बाणी बाणा दासी कण्टाऽऽर्तगला च सप्तसञ्ज्ञा स्यात्॥
झिण्टिकाः कटुकास्तिक्ता दन्तामयशान्तिदाश्च शूलघ्न्यः ।
वातकफशोफकासत्वग्दोषविनाशकारिण्यः॥

कण्ट, कुरण्ट, झिण्टी र वन्यसहचरी : यी पहेँलो कटसरैयाका; शोणीकुरवक, कण्टकिनी र शोणझिण्टिका : यी रातो कटसरैयाका तथा (१) नीलझिण्टी, (२) नीलकुरण्ट, (३) नीलकुसुमा, (४) बाणी, (५) बाणा, (६) दासी र (७) कण्टार्तगला : यी सात नाम नीलो कटसरैयाका पर्यायवाची नामहरू हुन् । यी कटसरैया पिरा, तीता, दाँतका रोग शान्त पार्ने र शूल नाशक हुन्छन् । यी वातविकार, कफविकार, सुजन, खोकी र छालाका रोग नाशका कारण हुने गर्दछन् ।

(ट) **राजवल्लभ निघण्टु :**

... सैरिपः कफवातजित् ॥

कटसरैयाले कफविकार र वातविकारलाई जित्दछ ।

कटसरैया, Barleria cristata Linn. (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(ठ) **शालिग्राम निघण्टु :**

सैरेयकः श्वेतपुष्पः सैरेयं कटसारिका ।
सहाचरः सहचरः स च भिन्द्यपि कथ्यते ॥

सैरेयक, श्वेतपुष्प, सैरेय, कटसारिका, सहाचर, सहचर र भिन्दी : यी सेतो कटसरैयाका पर्यायवाची नाम हुन् ।

किङ्किरातो कुरण्टश्च कनकः पीतपुष्पकः । पीताम्लानः सहचरः पीतसैरेयकश्च सः ॥

किङ्किरात, कुरण्ट,कनक, पीतपुष्पक, पीताम्लान, सहचर र पीतसैरेयक : यी पहेँलो कटसरैयाका पर्यायवाची नाम हुन् ।

नीलपुष्पी नीलझिण्टी दासी चार्तगलश्च सः ।

नीलपुष्पी, नीलझिण्टी, दासी र आर्तगल : यी नीलो कटसरैयाका पर्यायवाची नाम हुन् ।

रक्ताम्लानो रक्तपुष्पो रामालिङ्गनकामुकः । रागप्रसवकश्चैव सुभगः शोणझिण्टिकः ॥

रक्ताम्लान, रक्तपुष्प, रामालिङ्गनकामुक, रागप्रसवक, सुभग र शोणझिण्टिक : यी रातो कटसरैयाका पर्यायवाची नाम हुन् ।

रक्तपुष्पः कुरबकः पीतपुष्पः कुरण्टकः । नीलपुष्पश्चार्त्तगलः सैरेयः श्वेतपुष्पकः ॥

कटसरैयामध्ये रातो फूल फुल्नेलाई कुरबक, पहेँलो फूल फुल्नेलाई कुरण्टक, नीलो फूल फुल्नेलाई आर्तगल र सेतो फूल फुल्नेलाई सैरेय भनिन्छ ।

श्वेतः कुरण्टकस्तिक्तः केश्यः स्निग्धो मधुः स्मृतः । कटुश्चोष्णो दन्तहितो वलीपतिलनाशनः ॥
कुष्ठं वातं रक्तदोषं कफं कण्डूं विषं तथा ।
नाशयेद्दारुणं चैव ऋषिभिः परिकीर्त्तितः ॥ (निघण्टु रत्नाकर)

पहेँलो कटसरैया, Barleria prionitis Linn. (तस्विर श्रोत : पेअर डी अमरकोश)

सेतो कटसरैया तितो, कपालका लागि हितकर, चिल्लो, गुलियो, पिरो, उष्णवीर्यको, दाँतका लागि हितकर तथा उमेर नपुगी छाला चाउरी पर्ने रोग, कपाल फुल्ने रोग, कुष्ठ, वातविकार, रक्तविकार, कफविकार, चिलाउने रोग, विषविकार र अति पीडा वा खस्रोपन नाश गर्ने गुणको हुन्छ भनी ऋषिहरूले बताएका छन् ।

पीतः कुरण्टकश्चोष्णास्तिक्तश्च तुवरः स्मृतः । अग्निदीप्तिकरो वातकफकण्डूहरः स्मृतः ॥
शोथं रक्तविकारञ्च त्वग्दोषञ्चैव नाशयेत् ॥

पहेँलो कटसरैया उष्णवीर्यको, तितो, टर्रो, पाचन-अग्निलाई बाल्ने तथा वातविकार, कफविकार, चिलाउने रोग, सुजन, रक्तविकार र छालाको रोग नाश गर्ने गुणको हुन्छ ।

नीलः कुरण्टकस्तिक्तः कटुर्वातकफापहः । शोथकण्डूशूलकुष्ठव्रणत्वग्दोषनाशनः ॥

नीलो कटसरैया तितो, पिरो तथा वातविकार, कफविकार, सुजन, चिलाउने रोग, शूल, कुष्ठ, खटिरा र छालाको रोग नाश गर्ने गुणको हुन्छ ।

नील झिण्टी तु कटुका तिक्ता त्वग्दोषनाशिनी । दन्तरोगं कफं शूलं वातं शोथञ्च नाशयेत् ॥

कालो फूल फुल्ने कटसरैया पिरो, तितो तथा छालाका रोग, दाँतका रोग, कफविकार, शूल र सुजन नाश गर्ने गुणको हुन्छ ।

रक्तः कुरण्टकस्तिक्तो वर्ण्यश्चोष्णः कटुः स्मृतः । शोथं ज्वरं वातरोगं कफं रक्तरुजं तथा ॥
पित्तमाध्मानकं शूलं श्वासं कासञ्च नाशयेत् ॥ (निघण्टु रत्नाकर)

रातो कटसरैया तितो, वर्णमा निखार लेराउने, पिरो तथा सुजन, जरो, वातरोग, कफविकार, रक्तविकार, पित्तविकार, पेट फुल्ने रोग, शूल, दम र खोकी समेत नाश गर्ने गुणको हुन्छ ।

कुलत्थ (गहत)
(Horse-gram)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कुलत्थिका, कुलाली र चक्षुष्या भनेको गहत हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) गहत : एकै भेट्नामा फुस्रा तीन पात हुने, पहेँला फूल फुल्ने र लाम्चा

गहत खेती (तस्बिर श्रोत : अमेजन डटइन)

कोसा लाग्ने, दाल-जातको लहरो वा वा त्यसैको कोसामा फल्ने सेतो, रातो र कालो तीन जातको हुने चेप्टो आकार भएको गेडादार अन्न । (२) गहते : गहतका रङको; गहतजस्तो वर्ण भएको । (३) गहतेकाठो : गहत खाएर निर्वाह गर्ने बाहुन; दुःखी बाहुन (निन्दार्थमा) । (४) गहते जाउलो : गहत मिसाएर बनाइने जाउलो । (५) गहते डाँडो, गहते पाखो : गहत मात्र उब्जने जग्गा-जमिन; रूखो पाखो । (६) बन गहत : गहतकै छाँटका पात हुने, हरियो लामो धोगे झारको जस्तो फूल फुल्ने, झुप्पादार कोसा फल्ने एक जातको लहरो; सोही कोसाभित्रको गेडा वा अन्न ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : गहतलाई अंग्रेजीमा Horse-gram तथा ल्याटिन भाषामा *Dolichos biflorus* Linn. भनिन्छ ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : गहतलाई अंग्रेजीमा Two Flowered Dolicoses तथा ल्याटिन भाषामा *Dolicus biflorus* भनिन्छ ।

(ङ) आचार्य बालकृष्ण : गहतको वानस्पतिक नाम *Dolichos uniflorus* Lamk.वा *Macrotyloma uniflorum* (Lam.) Verdc. हो ।

(च) फर्माकोपिया : कुलत्थ, खल्व र वर्द्धिपत्रक संस्कृत नाम भएको वनस्पति Leguminosae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Vigna unquiculata* (Linn.) Walp. Syn. *Dolichos biflorus* Linn. हो । यसलाई अंग्रेजीमा *Horse gram* भनिन्छ । यसको गेडाको धूलो एक मात्रामा १२ ग्रामसम्म काँडापानी (वा यूष) का लागि प्रयोग हुन्छ ।

संस्कृत पर्यायवाची नामहरू :

(क) अमरकोश :

...चक्षुष्यनकुलाल्यौ तु कुलत्थिका ।

चक्षुष्या, कुलाली र कुलत्थिका : यी गहतका पर्यायवाची नाम हुन् ।

(ख) आयुर्वेद महोदधि :

उष्णः कुलत्थो रसतः कषायः कटुर्विपाके कफमारुतघ्नः ।
शुक्राश्मरीगुल्मनिषूदनश्च संग्राहकः पीनसकासहारी ॥

गहतले गर्मी गर्दछ । यसको रस टर्रो हुन्छ । पचेपछिको यसको स्वाद पिरो हुन्छ । यसले कफविकार, वातविकार, शुक्रजन्य पत्थरी, गुल्म, पिनास र खोकी निको पार्दछ । यसले कब्जियत गर्दछ ।

आनाहमेदोगुदकीलहिक्काश्वासापहः शोणितपित्तकृच्च ।
कफस्य हन्ता नयनामयघ्नो विशेषतो वन्यकुलत्थ उक्तः ॥

वन गहतले पेट फुलेको, बोसो बढेको, अलकाई, बाडुली र दम ठिक गर्दछ । यसले रक्तपित्त बढाउँदछ, कफविकार र नेत्ररोग हटाउँदछ । वन गहतमा विशेष गरी यिनै गुण पाइन्छन् ।

वीर्ये चोष्णाः कुलत्थाः कफपवनहराः पित्तरक्तप्रदाश्च
पाकेम्लाः श्वासकासोदरहृदयशिरोबस्ति शूलापहाः स्युः ।
मूत्राघातप्रमेहाश्मरिगददमनाः शुक्रविच्छेदनाश्च
श्रेष्ठादुर्नामकुष्ठश्वयथु गुदयकृद्गुल्मतूनीगदेषु ॥

गहतमा गर्मी गर्ने, कफविकार नाश गर्ने, पित्तरक्त गर्ने, पचेपछि अमिलो हुने, दम र खोकी नाश गर्ने तथा पेट, मुटु, टाउको र मूत्राशयमा हुने शूल (पीडा) हटाउने गुण हुन्छ । मूत्रघात, प्रमेह र पत्थरी ठिक गर्दछ । गहतले शुक्रलाई घटाउँदछ । अलकाई, कुष्ठ, शरीर सुन्निएको, मलद्वारका रोग, कलेजोका रोग, गुल्म र तूनी (मूत्राशय र पक्वाशयमा हुने वातजन्य पीडा) रोगमा गहत विशेष लाभदायक हुन्छ ।

(ग) कैयदेव निघण्टु :

कुलत्था लघवस्तीक्ष्णा विपाकेऽम्ला विदाहिनः । वीर्योष्णा मधुरा रूक्षा कषाया रक्तपित्तलाः ॥
भेदना घ्नन्ति शोफार्शोहिध्मानाहकफानिलान् । शुक्रशुक्राश्मरीदृष्टिश्वासकासान् सपीनसान् ॥

गहत पचाउन सहज, तिक्खर, पचेपछि अमिलो, डाह गराउने, उष्णवीर्यको, गुलियो, रुखो, टर्रो,

रक्तपित्त गर्ने, भदनो तथा सुजन, हर्सा, पेट फुल्ने रोग, कफविकार, वातविकार, शुक्र, शुक्रजन्य पत्थरी, दृष्टि क्षमता, दम, खोकी र पिनासलाई नाश गर्ने गुणको हुन्छ ।

कुलत्थिका कुम्भकारी चक्षुष्या विटपापहा । कुलाली लोचनहिता वीरा वनकुलत्थिका ॥
कुलत्थिका हिमा श्लेष्मविषनेत्रामयापहा । शाकं वन्यकुलत्थस्य हिक्काभिष्यन्दनाशनम् ॥

कुलत्थिका, कुम्भकारी, चक्षुष्या, विटपापहा, कुलाली, लोचनहिता, वीरा र वनकुलत्थिका : यी वनगहतका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको तथा कफविकार, विषविकार र आँखाका रोग नाश गर्ने गुणको हुन्छ । बन गहतको सागले बाडुली र अभिष्यन्द रोग नाश गर्दछ ।

(घ) **द्रव्यगुण सङ्ग्रह :**

कुलत्थः कफवातघ्नो ग्राह्युष्णस्तुवरः कटुः । शुक्राश्मरीगुल्मकासश्वासानाहान् सपीनसान् ॥
हन्त्यर्शोमेदसी हिक्कां रक्तपित्तकरश्च सः । वन्यः कुलत्थस्तद्वच्च विशेषान्नेत्ररोगनुत् ॥

गहत कफविकार र वातविकार नाश गर्ने, ग्राहि, उष्णवीर्यको, टर्रो, पिरो तथा शुक्र, पत्थरी, गुल्म, खोकी, दम, पेट फुल्ने रोग, पिनास, हर्सा, बोसोविकार र बाडुली नाश गर्ने एवं रक्तपित्त गर्ने गुणको हुन्छ । वनगहतमा पनि यिनै गुण हुन्छन् । विशेषतः यसले आँखाका रोग नाश गर्दछ ।

(ङ) **धन्वन्तरि निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

चक्षुष्या दृक्प्रसादा च सैव प्रोक्ता कुलत्थिका । कुलाली लोचनहिता कुम्भकारी मलापहा ॥
हिमा प्रोक्ता कषाया च विषं स्थावरजङ्गमम् । निहन्ति योजिता सम्यक् नेत्रस्रावाननेकशः ॥
सा च विस्फोटकण्ड्वर्तिव्रणदोषनिबर्हिणी ।

चक्षुष्या, दृक्प्रसादा, कुलत्थिका, कुलाली, लोचनहिता, कुम्भकारी र मलापहा : यी गहतका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, टर्रो, स्थावर र जङ्गम विषविकार नाश गर्ने, अरु ओखतीमा मिसाएर प्रयोग गर्दा आँखाबाट रस आदि बहने अनेक रोग नाश गर्ने तथा विस्फोट, लुतो र खटिराका विकार नाश गर्ने गुणको हुन्छ ।

(च) **निघण्टुशेष :**

कुलत्थे तु कालवृन्तः ताम्रवृन्ता कुलत्थिका ।
(कुले तिष्ठति कुलत्थः । कालं वृन्तमस्य कालवृन्तः । ताम्रं वृन्तमस्याः ताम्रवृन्ता । ह्रस्वः कुलत्थः कुलत्थिका, एतस्य विशेषोऽयम् ।)

कुलत्थ र कालवृन्त : यी गहतका तथा ताम्रवृन्ता र कुलत्थिका : यी सानो जातको गहत वा वनगहतका पर्यायवाची नाम हुन् ।

(छ) **पर्यायरत्नमाला :**

कालवृन्तस्ताम्रवृन्तः कुलत्थश्च कुलत्थिका । व्रीडा कुलाली चक्षुष्या कुम्भकारी कुलत्थिका ।

कालवृन्त, ताम्रवृन्त, कुलत्थ र कुलत्थिका : यी गहतका तथा व्रीडा, कुलाली, चक्षुष्या, कुम्भकारी र कुलत्थिका : यी वनगहतका पर्यायवाची नाम हुन् ।

(ज) **भावप्रकाश निघण्टु :**

कुलत्थिका कुलत्थश्च कथ्यन्ते तद्गुणा अथ॥
कुलत्थः कटुकः पाके कषायः पित्तरक्तकृत् । लघुर्विदाही वीर्योष्णः श्वासकासकफानिलान्॥
हन्ति हिक्काऽश्मरीशुक्रदाहानाहान् सपीनसान् । स्वेदसंग्राहको मेदोज्वरकृमिहरः सरः॥

कुलत्थिका र कुलत्थ : यी गहतका संस्कृत पर्यायवाची नामहरू हुन् । गहत पिरो र पचेपछि टर्रो हुन्छ । यसले पित्तविकार र रक्तविकार गर्दछ । यो पचाउन हलुका, डाह गर्ने, गर्मी गर्ने तथा दम, खोकी, कफविकार र वातविकार नाशक हुन्छ । गहतले बाडुली, पत्थरी, शुक्र, डाह, आनाह र पिनास नाश गर्दछ । यसमा पसिना रोक्ने, बोसोविकार नाश गर्ने, जरो ठिक गर्ने, कीरा मार्ने र मलमूत्र तलतिर सार्ने गुण हुन्छ ।

(झ) **मदनपाल निघण्टु :**

कुलत्थश्चक्रकश्चक्रः कुलालो वजनः परः । अपरा दृक्प्रसादा च चक्षुष्या च कुलत्थिका॥
कुलाली लोचनहिता कुम्भकारी मलापहा । कुलत्थः कटुकः पाके कषायो रक्तपित्तजित्॥

कुलत्थ, चक्रक, चक्र, कुलाल, वजन, अपरा, दृक्प्रसादा, चक्षुष्या, कुलत्थिका, कुलाली, लोचनहिता, कुम्भकारी र मलापहा : यी गहतका संस्कृत पर्यायवाची नामहरू हुन् । गहत पचेपछि पिरो हुन्छ । यो टर्रो हुन्छ । यसले रक्तपित्तलाई जित्दछ ।

लघुर्विदाही वीर्योष्णः श्वासकासकफानिलान् । हन्ति हिक्काश्मरीशुक्रदृगानाहान्सपीनसान्॥

गहत पचाउन सहज, डाहकारी, उष्णवीर्यको तथा दम, खोकी, कफविकार, वातविकार, बाडुली, पत्थरी, शुक्र, दृष्टिक्षमता, आनाह र पीनास नाश गर्दछ ।

स्वेदसङ्ग्राहको गुल्ममेदःकृमिहरः सरः । वन्यो विशेषतः शीतो नेत्रामयविषापहः ॥

गहतले पसिना रोक्दछ । यसले गुल्म, बोसो र कीरा नाश गर्दछ । यो मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । बनगहतमा शीतल गर्ने क्षमता बढी हुन्छ । यसले आँखाका रोग र विषविकार नाश गर्दछ ।

कुलस्थयूषो गुल्मार्शःकफवाताश्मशर्कराः । तूनीप्रतूनीमेदांसि निहन्ति त्वग्निकृत्सरः ॥

गहतको यूष (दाल)ले गुल्म, अल्काई, कफविकार, वातविकार, पत्थरी, मधुमेह, तूनी, प्रतूनी र भित्री बोसोका विकारलाई नाश गर्दछ । यसले पाचनशक्ति बढाउँदछ र मलमूत्रलाई तलतिर सार्दछ ।


गहत (तस्बिर श्रोत : ईकान्तिपुर डटकम)

(ञ) **मदनादि निघण्टु :**

कुलित्थास्ताम्रवर्णाश्च कालवृन्तानिलापहा । कुलित्था कलाश्चैव शमिजाः शिम्बिजास्तथा ॥ अम्लपित्तहराश्चोष्णा कुलित्था स कषायकः । अश्मघ्नः पीनसः श्वासकासघ्नाः सकफापहाः ॥

कुलित्था, ताम्रवर्णा, कालवृन्ता र अनिलापहा तथा कुलित्था, कला, शमिजा र शिम्बिजा : यी गहतका पर्यायवाची नाम हुन् । गहत अम्लपित्त नाश गर्ने, उष्णवीर्यको, टर्रो तथा पत्थरी, पिनास, दम, खोकी र कफविकार नाश गर्ने गुणको हुन्छ ।

(ट) **माधव द्रव्यगुण :**

उष्णः कुलत्थो रसतः कषायः कटुर्विपाके कफमारुतघ्नः ।
शुक्राश्मरीगुल्मनिसूदनश्च सङ्ग्राहकः पीनसकासहन्ता ॥
आनाहमेदोगुदकीलहिक्काश्वासापहः शोणितपित्तकर्ता ।
कफस्य हन्ता नयनामयघ्नो विशेषतो वन्यकुलत्थ उक्तः ॥

गहत उष्णवीर्यको, टर्रो, पचेपछि पिरो, कफविकार र वातविकार नाश गर्ने; शुक्रजन्य पत्थरी र गुल्म नाश गर्ने; ग्राहि, पिनास र खोकी नाश गर्ने; पेट फुल्ने रोग, बोसोविकार, हर्सा, बाडुली र दम नाश गर्ने तथा रक्तपित्त गर्ने गुणको हुन्छ । वनगहतले विशेषतः कफविकार र आँखाका रोग नाश गर्दछ ।

कुलत्थयूषोऽनिलहा शर्कराश्मरिनाशनः । तूनीप्रतूनीकासार्शोगुल्मोदरकफापहः ॥

गहतको दालले बातविकार, शर्करा पत्थरी, पत्थरी, तूनी, प्रतूनी, खोकी, हर्सा, गुल्म, पेटका रोग र कफविकार नाश गर्दछ ।

(ठ) **राजनिघण्टु :**

कुलित्थस्ताम्रबीजश्च श्वेतबीजः सितेतरः॥ कुलित्थस्तु कषायोष्णो रूक्षो वातकफापहः॥

कुलित्थ, ताम्रबीज, श्वेतबीज र सितेतर : यी गहतका संस्कृत पर्यायवाची नामहरू हुन्। गहत टर्रो, उष्णवीर्यको, रुखो तथा वातविकार र कफविकार नाशक हुन्छ ।

कुलत्था दृक्प्रसादा च ज्ञेयाऽरण्यकुलत्थिका । कुलाली लोचनहिता चक्षुष्या कुम्भकारिका॥
कुलत्थिका कटुस्तिक्ता स्यादर्शःशूलनाशनी । विबन्धाध्मानशमनी चक्षुष्या व्रणरोपणी॥

कुलत्था, दृक्प्रसादा, अरण्यकुलत्थिका, कुलाली, लोचनहिता, चक्षुष्या र कुम्भकारिका : यी गहतका संस्कृत पर्यायवाची नामहरू हुन्। यो पिरो, तीतो तथा अल्काई र शूल नाशक हुन्छ । यसले विबन्ध र आध्मानलाई शान्त पार्दछ । गहत आँखाका लागि हितकर हुन्छ । यसले घाउ भर्दछ ।

(ड) **राजवल्लभ निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

कुलत्थः कफवातघ्नो ग्राह्युष्णो बृंहणः कटुः ।
गुल्मशुक्राश्मरीमेदः श्वासकासप्रमेहजित्॥

गहत कफविकार वातविकार नाशगर्ने; ग्राही, उष्णवीर्यको, पौष्टिक, पिरो, तथा गुल्म, वीर्य, पत्थरी, बोसोविकार, दम, खोकी र प्रमेहलाई जित्ने गुणको हुन्छ ।

कुलत्थयूषोऽनिलहा शर्कराश्मरिनाशनः ।
तूणीप्रतूणीकासार्शोगुल्ममेदःकफापहः॥

गहतको यूष वातविकार, शर्करा (पत्थरीशिशेष), पत्थरी, तूणी, प्रतूणी, खोकी, हर्सा, गुल्म, बोसोविकार र कफविकार नाशगर्ने गुणको हुन्छ ।

(ढ) **शालिग्राम निघण्टु :**

कुलित्थस्ताम्रबीजश्च श्वेतबीजः सितेतरः ।

कुलित्थ, ताम्रबीज, श्वेतबीज र सितेतर : यी गहतका पर्यायवाची नाम हुन् ।

(ढ) सरस्वती निघण्टु :

कुलत्थः शिम्बिजः खल्वस्ताम्रवृन्तः शिलापहः । कुलत्थको रक्तकश्च ताम्रबीजः प्रकीर्तितः ॥

कुलत्थ, शिम्बिज, खल्व, ताम्रवृन्त, शिलापह,कुलत्थक, रक्तक र ताम्रबीज : यी गहतका पर्यायवाची नाम हुन् ।

गहत (तस्बिर श्रोत : साइन्स इन्फोटेक डटकम डट एनपी)

(ण) हारीत संहिता :

उष्णो जयेन्मारुतपीनसं तु कासप्रतिश्यायविबन्धगुल्मान् ।
हिक्कां सरक्तं तु बलाशपित्तं निहन्ति मेदश्च कुलत्थकोऽयम् ॥

गहतले गर्मी गर्दछ । यसले वातविकार, पिनास, खोकी, रुघा, कब्जियत, गुल्म र बाडुलीलाई जित्दछ । रातो गहतले कफ, पित्त र बोसोका विकार नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुलत्थयूषो मधुरः कषायो भवेच्च रक्तस्य कफस्य हन्ता ।
महाश्मरीपायुजमेदहन्ता सन्दीपनो मेहविशोषणश्च ॥

गहतको रस मिठो र हल्का टर्रो हुन्छ । यसले रक्तविकार र कफविकार नाश गर्दछ । पत्थरी र अल्काई ठिक गर्दछ भने बोसो समेत पगाल्दछ । यसले पाचकाग्निलाई बाल्नुका साथै मधुमेह आदि प्रमेहलाई पनि सोस्दछ ।

कुलत्था (गाजल विशेष)
(Kulatthaa)

परिभाषा :

(क) के.यन.स्वामी : कुलत्था, दृक्प्रसादा, कुम्भकारी आदि भनेको कुलत्थाञ्जन हो ।
(ख) हिन्दी विश्वकोश : कुलत्थया कृतमञ्जनम् । गहतबाट बनाइएको गाजल ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

कुलत्था दृक्प्रसादा च चक्षुष्याऽथ कुलत्थिका । कुलाली लोचनहिता कुम्भकारी मलापहा ॥
कुलत्थिका तु चक्षुष्या कषाया कटुका हिमा । विषविस्फोटकण्डूतिव्रणदोषनिबर्हिणी ॥

कुलत्था, दृक्प्रसादा, चक्षुष्या, कुलत्थिका, कुलाली, लोचनहिता, कुम्भकारी र मलापहा : यी नाम कुलत्थ (गहत) बाट बनाइने गाजलविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो आँखाका लागि हितकर, टर्रो, पिरो, शीतवीर्यको तथा विषविकार, फोका, चिलाउने रोग र रक्तविकार नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुल्माष (पारंकारांवंशेष)
(Kulmaasha)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

अर्धस्विन्नास्तु गोधूमा अन्येऽपि चणकादयः॥
कुल्माषा इति कथ्यन्ते शब्दशास्त्रेषु पण्डितैः । कुल्माषागुरवो रूक्षा वातला भिन्नवर्चसः॥

आधा पाक्ने गरी उसिनेको गहुँ, चना आदिलाई शब्दशास्त्रका विद्वानहरू कुल्माष भन्दछन् । यो पचाउन कठिन, रुखो, वातविकार गर्ने र दिसा खुकुल्याउने गुणको हुन्छ ।

(ख) मदनपाल निघण्टु :

गोधूमाद्यास्तु कुल्माषा अर्धस्विन्ना मताः क्वचित् । कुल्माषा गुरवो रूक्षा वातला भिन्नवर्चसः॥

कसैले आधा पाक्ने गरी उसिनेको गहुँ, जौ आदिलाई कुल्माष भनेका छन् । कुल्माष पचाउन कठिन, रुखो, वातविकार गर्ने र कब्जियत गराउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुश
(Sacrificial grass)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : दर्भ, कुथ आदि भनेको कुश हो ।
(ख) के.यन.स्वामी (दीर्घपत्र) : सिरु ।
(ग) नेपाली बृहत् शब्दकोश : (१) आस्तरण : यज्ञ-वेदीमा चारैतिर ओछ्याइने कुश । (२) कुश : धार्मिक कार्य तथा यज्ञ आदिमा चाहिने पवित्र मानिएको काँसजस्तो एक प्रकारको झार वा घाँस । (३) कुशग्रन्थि : कुशको ग्रन्थि । कुनै-कुनै कुशको जरामा पाइने विशेष प्रकारको गाँठो । (४) कौस : कुशबाट निर्मित; कुशसम्बन्धी; कुशको । (५) पवित्र : श्राद्ध आदिमा प्रयोग गरिने कुशका दुई वा तीन त्यान्द्राको ग्रन्थि । (६) सिरु : कुशका जस्ता लामालामा पात र काँसका जस्ता सेता फूल हुने घाँस ।
(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : कुशलाई ल्याटिन भाषामा *Eragrostis cynosuroides* Beauv. भनिन्छ । कुशकै ठूलो जातलाई दर्भ भनिन्छ ।
(ङ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : कुशको ल्याटिन नाम *Andropogon Nardaiydes* हो ।
(च) आचार्य बालकृष्ण : कुशको वानस्पतिक नाम *Desmostachya bipinnata* (Linn.) Stapf. हो । यसलाई अंग्रेजीमा Sacrificial grass वा Halfa grass भनिन्छ ।
(छ) द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ : यसलाई अंग्रेजीमा Sacred Creeping Grass तथा ल्याटिन भाषामा *Eragrostis cynosuriodes* Beauv. भनिन्छ ।
(ज) फर्माकोपिया : संस्कृतमा कुश, यज्ञभूषण र सूच्याग्र भनिने वनस्पति Poaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Desmostachya bipinnata* Stapf. हो । यसको जरा वा काण्डको धूलो ५०-१०० ग्रामको एक मात्रा हुन्छ ।
(झ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : कुश Angiosperm समूह अन्तर्गत Poaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Desmostachya bipinnata* (L.) Stapf हो ।

नोटः आयुर्वेदका प्राचीन ग्रन्थमा बताइएका विभिन्न थरी कुशका जातका बारेमा स्पष्ट वर्गीकरण गर्न सकिने स्थिति रहेन । म जस्ताको तस्तै ती ग्रन्थका वचन यहाँ राख्दछु । मैले कुशको धार्मिक पक्षलाई यहाँ समेट्न चाहिन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

दर्भस्तु दीर्घपत्रः क्षुरपत्रो यज्ञसंस्तरणः । बर्हिःस्याद्दृष्टिशस्त्रं याज्ञीयाह्वः कुशः समन्त्रश्च॥

दर्भ, दीर्घपत्र, क्षुरपत्र, यज्ञसंस्तरण, बर्हि, दृष्टिशस्त्र, याज्ञीयाह्व, कुश र समन्त्र : यी दर्भका पर्यायवाची

सङ्कलन : मोहन प्रसाद सापकोटा

नाम हुन् ।

राजदर्भो महादर्भो महामूलो महाकुशः । महापत्रीति कथितः शब्दैः पर्यायवाचकैः ॥

राजदर्भ, महादर्भ, महामूल, महाकुश र महापत्री : यी राजदर्भका पर्यायवाची नाम हुन् ।

तृडघ्नः कुशः कुथाह्वो वृत्ततृणः शृंविवेरमूलः स्यात् ।
सूची वीरो गुच्छो वृन्दकनामा च मृदुजातः ॥

तृडघ्न, कुश, कुथाह्व, वृत्ततृण, शृंविवेरमूल, सूची, वीर, गुच्छ, वृन्दकनामा र मृदुजात : यी कुशका पर्यायवाची नाम हुन् ।

(ख) **अभिधान रत्नमाला :**

खरस्तु वीरणश्रेणी मृदुदर्भः कुशो लवः ।

खर, वीरणश्रेणी, मृदुदर्भ, कुश र लव : यी कुशका पर्यायवाची नाम हुन् ।

(ग) **अमरकोश :** कुथ, कुश, दर्भ र पवित्र : यी कुशका नाम हुन् ।

(घ) **अष्टाङ्ग निघण्टु :**

दर्भः कुशो लवः स्थूलः सूक्ष्मो वेदपवित्रकः ।

दर्भ, कुश र लव : यी स्थूल कुशका तथा वेदपवित्रक : यो सानो कुशको नाम हो । (अथवा स्थूल र सूक्ष्म सहित सबै कुशका पर्यायवाची नाम हुन् ।

कुश (तस्बिर श्रोत : ताजा खबर)

(ङ) **कैयदेव निघण्टु :**

कुषो दर्भो ह्रस्वदर्भो याज्ञेयो यज्ञभूषणः । श्वेतदर्भः पूतिदर्भो मृदुदर्भो लवःकुशः ॥
बर्हिः पवित्रको यज्ञसंस्तरः कुतपोऽपरः । सूच्यग्रः क्षुद्र दर्भश्च मुनिशस्त्रं क्षुरच्छदः ॥
दर्भः स्निग्धो हिमः स्वादुः कषायः कफपित्तहा । विसर्पदाहकृच्छ्राश्मतृष्णावस्तिविकारनुत् ॥

कुष, दर्भ, ह्रस्वदर्भ, याज्ञेय, यज्ञभूषण, श्वेतदर्भ, पूतिदर्भ, मृदुदर्भ, लव, कुश, बर्हि, पवित्रक, यज्ञसंस्तर

र कुतप : यी कुशका तथा सूच्यग्र, क्षुद्र, दर्भ, मुनिशस्त्र र क्षुरच्छद : यी अर्को थरी कुशका पर्यायवाची नाम हुन् । दर्भ चिल्लो, शीतवीर्यको, गुलियो, टर्रो तथा कफविकार, पित्तविकार, विसर्प, डाह, कृच्छ्र, पत्थरी, तिर्खा र मूत्राशयका विकार नाश गर्ने गुणको हुन्छ ।

(च) धन्वन्तरि निघण्टु :

मृदुदर्भः कुशो बर्हिः शुचिचीरः सुवृत्तकः ।
खरोऽन्यः पृथुलः शीरी गुन्द्रा च नीरजः स्मृतः ॥
दर्भयुग्मं पवित्रं स्यान्मूत्रकृच्छ्रघ्नशीतलम् ।
रक्तपित्तप्रशमनं केवलं पित्तनाशनम् ॥

मृदुदर्भ, कुश, बर्हि, शुचिचीर र सुवृत्तक : यी कुशका तथा खर, पृथुल, शीरी, गुन्द्रा र नीरज : यी अर्को थरी कुशका पर्यायवाची नाम हुन् । दुवै थरी कुश पवित्र, मूत्रकृच्छ्र रोग नाश गर्ने, शीतवीर्यका, रक्तपित्तलाई शान्त पार्ने, र एक्लैले पित्तविकार नाशगर्ने गुण भएका हुन्छन् ।

(छ) निघण्टुशेष :

दर्भे दभ्रः खरो बर्हिर्वीरः सूची कुथः कुशः । सीरी वानीरजो गुन्द्रः पवित्र-कुतुकावपि ॥ (दृणाति पारुष्याद् दर्भः, दृभ्यतेऽसाविति वा । पृषोदरादित्वाद् दभ्रः । खरः परुषत्वात् । बृंहति बर्हिः । विशेषेण ईरयति वीरः । सूचीव सूची । कुथ्नाति कुथः । कौ शेते कुशः । सीरोऽस्त्यस्य सीरी । वार्नीरे जातो वानीरजः । गुणैर्दोषा द्रान्ति अस्मिन् गुन्द्रः । पूयतेऽनेन पवित्रम् । कुः-भूमिस्तुद्यतेऽनेन कुतुकः, कुत्सितं तन्यते वा ।) ।

दर्भ, दभ्र, खर, बर्हि, वीर, सूची, कुथ, कुश, सीरी, वानीरज, गुन्द्र, पवित्र र कुतुक : यी दर्भका पर्यायवाची नाम हुन् ।

सिरु (तस्विर श्रोत : कृषिमल डटकम)

(ज) पर्याय रत्नमाला :

याज्ञिको ह्रस्वगर्भश्च बर्हिर्दर्भः कुथः कुशः ।

याज्ञिक, ह्रस्वगर्भ, बर्हि, दर्भ, कुथ र कुश : यी कुशका पर्यायवाची नाम हुन् ।

सूच्यग्रो दर्भकस्तूल्लु()जूर्णाख्यश्च खरच्छदः ।

सूच्यग्र, दर्भक, स्तूल्लु(?), जूर्णाख्य र खरच्छद : यी दर्भका पर्यायवाची नाम हुन् ।

(झ) **भावप्रकाश निघण्टु :**

कुशो दर्भस्तथा बर्हिः सूच्यग्रो यज्ञभूषणः । ततोऽन्यो दीर्घपत्रः स्यात्क्षुरपत्रस्तथैव च ॥
दर्भद्वयं त्रिदोषघ्नं मधुरं तुवरं हिमम् । मूत्रकृच्छ्राश्मरीतृष्णावस्तिरुक्प्रदरास्रजित् ॥

कुश, दर्भ, बर्हि, सूच्यग्र र यज्ञभूषण : यी कुशका संस्कृत पर्यायवाची नामहरू हुन् । दीर्घपत्र र क्षुरपत्र : यी अर्को थरी कुशका संस्कृत पर्यायवाची नामहरू हुन् । यी दुवै त्रिदोष नाशक, गुलिया र टर्रा हुन्छन् । यिनले शीतल गर्दछन् तथा मुत्रकृच्छ्र, पत्थरी, तिर्खा, तल्लोपेटका रोग र रक्तप्रदर नाश गर्दछन् ।

(ञ) **मदनपाल निघण्टु :**

दर्भो बर्हिः कुशस्तीक्ष्णः सूच्यग्रो यज्ञभूषणः । दर्भः कृच्छ्राश्मतृट्पित्तवस्तिरुक्कफरक्तजित् ॥

दर्भ, बर्हि, कुश, तीक्ष्ण, सूच्यग्र र यज्ञभूषण : यी कुशका संस्कृत पर्यायवाची नामहरू हुन् । कुशले कृच्छ्र, पत्थरी, तिर्खारोग, पित्तविकार, तल्लो पेटका रोग, कफविकार र रक्तविकार नाश गर्दछ ।

(ट) **मदनादि निघण्टुः** सङ्कलन : मोहन प्रसाद सापकोटा

कुशोदर्भ श्वेतदर्भो यज्ञाङ्गो यज्ञभूषणः । क्षुद्रोऽपरस्सूचिपत्रो लताबर्हिरिति द्विधा ॥

कुश, दर्भ, श्वेतदर्भ, यज्ञाङ्ग र यज्ञभूषण तथा सूचिपत्र र लताबर्हि : यी दुई थरी कुशका पर्यायवाची नाम हुन् ।

(ठ) **राजनिघण्टु :**

सितदर्भो ह्रस्वकुम्भः पूतो यज्ञियपत्रकः । वज्रो ब्रह्मपवित्रश्च तीक्ष्णो यज्ञस्य भूषणः ॥
सूचीमुखः पुण्यतृणो वह्निः पूततृणो द्विषट् ॥
यज्ञमूलं हिमं रुच्यं मधुरं पित्तनाशनम् । रक्तज्वरतृषाश्वासकामलादोषशोषकृत् ॥

(१) सितदर्भ, (२) ह्रस्वकुम्भ, (३) पूत, (४) यज्ञियपत्रक, (५) वज्र, (६) ब्रह्मपवित्र, (७) तीक्ष्णा, (८) यज्ञभूषण, (९) सूचीमुख, (१०) पुण्यतृण, (११) वह्निः र (१२) पूततृण : यी बाह्र नाम सेतो कुशका संस्कृत पर्यायवाची नामहरू हुन् । यो कुशको जरा शीतवीर्यको, रुचिप्रद, गुलियो र पित्तनाशक हुन्छ । यसले रक्तविकार, ज्वर, तिर्खा, दम र कमलपित्तजन्य विकारलाई सोस्ने काम गर्दछ ।

कुशोऽल्पः शरपत्रश्च हरिद्दर्भः पृथुच्छदः । शारी च रूक्षदर्भश्च दीर्घपत्रः पवित्रकः ॥
दर्भौ द्वौ च गुणे तुल्यौ तथाऽपि च सितोऽधिकः । यदि श्वेतकुशाभावस्त्वपरं योजयेद्भिषक् ॥

शरपत्र, हरिद्दर्भ, पृथुच्छद, शा(शी)री, रूक्षदर्भ, दीर्घपत्र र पवित्रक : यी कुशका संस्कृत पर्यायवाची नामहरू हुन् । दुवै थरी कुश समान गुणका हुन्छन् ता पनि सेतो कुश बढी गुनिलो हुन्छ । सेतो कुश नपाउँदा मात्र वैद्यले अर्को कुशको प्रयोग गर्नू ।

(ड) **शालिग्राम निघण्टु :**

कुशो दर्भस्तथाबर्हिः सूच्यग्रो यज्ञभूषणः । ततोन्यो दीर्घपत्रः स्यात्क्षुरपत्रस्तथैव च॥

कुश, दर्भ, बर्हि, सूच्यग र यज्ञभूषण : यी कुशका पर्यायवाची नाम हुन् । दीर्घपत्र तथा क्षुरपत्र : यी अर्को थरी कुशका पर्यायवाची नाम हुन् ।

दर्भस्तु मधुरः शीतो गर्भस्थापनकारकः ।
पित्तदाहश्रमरजोदोषश्चैव विनाशयेत्॥ (धन्वन्तरि निघण्टु)

कुश गुलियो, शीतवीर्यको, गर्भ स्थापना गर्ने तथा पित्तविकार, डाह, थकाइ र रजविकार नाश गर्ने गुणको हुन्छ ।

दर्भः शीतो रुचिकरो मधुरस्तुवरो मतः । स्निग्धः कफकरः शुक्ररक्तशुद्धिकरो मतः॥
कफं रक्तं रक्तपित्तं पित्तं श्वासं तृषां तथा । मूत्रकृच्छ्रं वस्तिशूलं कामलां प्रदरं तथा॥
रक्तदोषं विसर्पञ्च छर्दिं मूर्च्छां तथाऽश्मरीम् । नाशयेदिति च प्रोक्तो मूलं तस्य तु शीतलम्॥
रुच्यं च मधुरं रक्तज्वरतृट्श्वासकामलाम् ।
पित्तञ्च नाशयत्येवं मुनिभिः परिकीर्त्तितम्॥ (निघण्टु रत्नाकर)

दर्भ शीतल, रुचिप्रद, गुलियो, टर्रो, चिल्लो, कफविकार गर्ने (तल्ला भनाइसँग विरोधाभाष ?), शुक्र र रगत शुद्ध बनाउने तथा कफविकार, रक्तविकार, रक्तपित्त, पित्तविकार, दम, तिर्खा, रक्तविकार (दोहोरो परेको), विसर्प, वाकवाकी, बेहोसी र पत्थरी नाश गर्ने गुणको हुन्छ । यसको जरो शीतवीर्यको, रुचिप्रद, गुलियो तथा रक्तविकार, जरो, तिर्खा, दम, कमलपित्त र पित्तविकार नाश गर्ने गुणको हुन्छ भनी मुनिजनले बताएका छन् ।

दर्भौ द्वौ च गुणैस्तुल्यौ तथाऽपि च सितोधिक । यदि श्वेत कुशाभावस्त्वपरं योजयेद्भिषक्॥

दुवै थरी कुश समान गुणका भएपनि सेतो कुश बढी गुनिलो हुन्छ । सेतो कुश नपाउँदा वैद्यजनले अर्को कुशको प्रयोग गर्नु पर्दछ ।

(ढ) **सरस्वती निघण्टु :**

कुशो दर्भः श्वेतदर्भः पूतिदर्भः समन्तकः । ऊर्ध्वलोमो दीर्घपत्रस्तरणीक्षुरपत्रकाः॥

कुश, दर्भ, श्वेतदर्भ, पूतिदर्भ, समन्तक, ऊर्ध्वलोम, दीर्घपत्र, तरुणी र क्षुरपत्रका : यी कुशका पर्यायवाची नाम हुन् ।

(ण) सोढल निघण्टु :

मृदुदर्भे कुशो बर्ही सूचीवीरश्च वृत्तकः । खरेऽन्यस्मिन् पृथुः शीरी गुन्द्रो वानीरजस्तथा ॥

मृदुदर्भ, कुश, बर्ही, सूचीवीर र वृत्तक तथा खर, पृथु, शीरी, गुन्द्र र वानीरज : यी दुई थरी कुशका पर्यायवाची नाम हुन् ।

(त) सौश्रुत निघण्टु :

कुशदर्भः श्वेतदर्भः पूतिदर्भश्च शब्दितः । याज्ञेयश्च समन्त्रश्च ह्रस्वदर्भस्तथैव च ॥

कुशदर्भ, श्वेतदर्भ, पूतिदर्भ, याज्ञेय, समन्त्र र ह्रस्वदर्भ : यी कुशका पर्यायवाची नाम हुन् ।

(थ) हृदयदीपक निघण्टु :

दर्भं कुशोऽपरक्षुद्रः ...

सङ्कलन : मोहन प्रसाद सापकोटा

दर्भ र कुश तथा अर्को क्षुद्रदर्भ : यी कुशका पर्यायवाची नाम हुन् ।

कूट (कुष्ठ)
(Costus)

परिभाषा:

(क) कुलचन्द्र शर्मा : व्याधि, कुष्ठ आदि भनेको कूट हो ।

(ख) के.यन.स्वामी : (१) उत्पल : कुटबूटी, कुष्ठ । (२) कुष्ठ : कुटनामको बुटी । (३) पाकल : कुट (ओखती) । (४) व्याधि : कुठ नामको बुटी । (५) रोगाह्वय : कूठनामको बुटी । (६) वाप्य : कूट नामको बुटी ।

(ग) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Saussurea costus* (Falc.) Lipsch. वा *Saussurea lappa* (Decne.) Sch.-Bip. तथा अंग्रेजी नाम saussurea lappa, Costus वा Kuth root हो ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको वृक्ष ८,०००-१३,००० फीटको उचाईमा पाइन्छ । यसलाई अंग्रेजीमा Costus root र ल्याटिन भाषामा *Saussurea lappa,* C.B.Clarke भनिन्छ ।

(ङ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसलाई वापीमा पैदा हुने हुनाले वाप्य, मानसिक विकार नाशक हुनाले व्याधि र नपाकेको खटिरा पकाउने हुनाले पाकल नाम दिइएको हो ।

(च) द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ : यसलाई अंग्रेजीमा Costus, Kut Root तथा ल्याटिन भाषामा *Saussurea lappa* Clarke. भनिन्छ ।

(छ) फर्माकोपिया : संस्कृतमा कुष्ठ, आमय र पाकल भनिने वनस्पति Compositae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Saussurea lappa* C.B. Clarke हो । यो २,५००-३,६०० मिटरको उचाइमा हुन्छ । यसको जराको धूलो ०.२-१.० ग्रामको एक मात्रा हुन्छ ।

संस्कृत पर्यायवाची नामहरू :

(क) अभिधानमञ्जरी :

कुष्ठं चोत्पलकुष्ठं वाप्यं रामं च नीरजं सुरभि ।
गदितं गदाभिधानैर्ब्रुवन्ति चैतद्विचक्षणा भिषजः॥
कुष्ठं त्वन्यत् प्रोक्तं कौबेरं वारिभद्रकं चेति । किञ्जल्कं परिहार्यं पर्यायैः पाकजं चेति॥

कुष्ठ, उत्पलकुष्ठ, वाप्य, राम, नीरज, सुरभि र गदाभिधान : यी कूटका तथा कौबेर, वारिभद्रक, किञ्जल्क,

पारिहार्य र पाकज : यी अकोथरी कूटका पर्यायवाची नाम हुन् ।

(ख) **अभिधान रत्नमाला :**

दुर्नामा वालुकं कुष्ठं पारिभाव्यं तदुत्पलम् ।

दुर्नाम, वालुक, कुष्ठ, पारिभाव्य र उत्पल : यी कूटका पर्यायवाची नाम हुन् ।

(ग) **अमरकोश :**

व्याधिः कुष्ठं पारिभाव्यं व्याप्यं पाकलमुत्पलम् ।

व्याधि, कुष्ठ, पारिभाव्य, व्याप्य (वाप्य, आप्य), पाकल र उत्पल : यी कूटका पर्यायवाची नाम हुन् ।

(घ) **अर्कप्रकाश :**

कुष्ठस्य हन्ति वातास्रकासकुष्ठमरुत्कफान् । पौष्करस्यारुचिश्वासान् विशेषत्पार्श्वशूलनुत् ॥

कूटको अर्कले वातविकार, रक्तविकार, खोकी, कुष्ठ र वातजन्य कफरोग नाश गर्दछ । पुष्कर (कूटविशेष)को अर्कले अरुचि, दम र विशेषगरी कोखाको शूल नाश गर्दछ ।

संकलन : मोहन प्रसाद सापकोटा

(ङ) **अष्टाङ्ग निघण्टु :**

पाकलं वारिभाव्यं च वाप्यं कुष्ठं गदाह्वयम् ।

पाकल, वारिभाव्य, वाप्य, कुष्ठ र गदाह्वय : यी कूटका पर्यायवाची नाम हुन् ।

(च) **कैयदेव निघण्टु :**

पावकं पाठकं कुष्ठं त्वग्दोषो वाप्यमुत्पलम् । आमरोगगदोरोग सामं वा नीरुजो रुजा ॥
परिहार्यं पारिभद्रं कौवेरं हरिभद्रकम् ।
मांसं जाप्यं परिभाव्यमाममुत्पलकुष्ठकम् ॥
कुष्ठं तिक्तं कटु स्वादु लघूष्णं शुक्रलं जयेत् ।
वातास्रविषवीसर्पकुष्ठकासकफानिलान् ॥

पावक, पाठक, कुष्ठ, त्वग्दोष, वाप्य, उत्पल, आमरोग, गदोरोग, साम, नीरुज, रुज, परिहार्य, पारिभद्र, कौवेर, हरिभद्रक, मांस, जाप्य, परिभाव्य,आम र उत्पलकुष्ठक : यी कूटका पर्यायवाची नाम हुन् । यो तितो, पिरो, गुलियो, पचाउन सहज, उष्णवीर्यको, शुक्रवर्धक तथा वातरक्त, विषविकार, वीसर्प, कुष्ठ, खोकी, कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(छ) **धन्वन्तरि निघण्टु :**

कुष्ठं रोगोऽगदो व्याधिरुत्पलं पाकलं रुजा ॥ वाप्यं वानीरजं रामं कौबेरं पारिभद्रकम् ।
कुष्ठं कटूष्णं तिक्तं स्यात्कफमारुतरक्तजित् ॥ त्रिदोषविषकण्डूंश्च कुष्ठरोगांश्च नाशयेत् ।

कुष्ठ, रोग, अगद, व्याधि, उत्पल, पाकल, रुजा, वाप्य, वानीरज, राम, कौबेर र पारिभद्रक : यी कूटका पर्यायवाची नाम हुन् । यो पिरो, उष्णवीर्यको, तितो तथा कफविकार, वातविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ । यसले त्रिदोष, विषविकार, लुतो र कुष्ठ समेत नाश गर्दछ ।

(ज) **निघण्टुशेष :**

कुष्ठे तु पाकलं रामं वानीरं वाप्यमुत्पलम् । वानीरजं पारिभव्यं कौरव्यं व्याधिनामकम् ॥
(कुष्णाति कुष्ठम् । पाकलं व्याधित्वात्, पाकं लाति वा । रमते रामम् । वन्यते वानीरम् । वाप्यां भवं वाप्यम् । व्याप्यमित्येके उत्पलं दाहहृत्त्वात्, उत्पलपुष्पत्वाद्वा । वानीरे जातं वानीरजम् । पारिषु-तोयाशयेषु भवति पारिभव्यम् । कुरौ भवं कौरव्यम् । व्याधेर्नामास्य व्याधिनामकम् ।) ।

कुष्ठ, पाकल, राम, वानीर, वाप्य, उत्पल, वानीरज, पारिभव्य, कौरव्य र व्याधिका पर्यायवाची नाम : यी कूटका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(झ) **पर्यायरत्नमाला :**

गदाख्यं जरणं वाप्यं पाकलं कुष्ठमुत्पलम् ।

रोगका पर्यायवाची नाम, जरण, वाप्य, पाकल, कुष्ठ र उत्पल : यी कुटका पर्यायवाची नाम हुन् ।

कूट (कुष्ठ), श्रोतः पतञ्जलीको वेवसाइड

(ञ) **भावप्रकाश निघण्टु :**

कुष्ठं रोगाह्वयं वाप्यं पारिभव्यं तथोत्पलम् ॥
कुष्ठमुष्णं कटु स्वादु शुक्रलं तिक्तकं लघु । हन्ति वातास्रवीसर्पकासकुष्ठमरुत्कफान् ॥

कुष्ठ, रोगाह्वय (रोगका पर्याय), वाप्य, पारिभव्य र उत्पल : यी कूटका संस्कृत पर्यायवाची नामहरू हुन् । कूट उष्णवीर्य, पिरो, स्वादिलो, शुक्रवर्धक, तितो र पचाउन हलुका हुन्छ । यसले वातरक्त, विसर्प, खोकी, कुष्ठ, वातविकार र कफविकार नाश गर्दछ ।

(ट) मदनपाल निघण्टु :

कुष्ठं रोगाह्वयं दिव्यं कौबेरं पारिभद्रकम् । पारिहार्यं पारिभाव्यमुत्पलं पारिभव्यकम्॥
कुष्ठमुष्णं कटु स्वादु तिक्तं शुक्रप्रदं लघु । हन्ति वातास्रवीसर्पकुष्ठकासमरुत्कफात्॥

कुष्ठ, रोगाह्वय, दिव्य, कौबेर, पारिभद्रक, पारिहार्य, पारिभाव्य, उत्पल र पारिभद्रक : यी कूटका संस्कृत पर्यायवाची नामहरू हुन् । कूट गर्मी गर्ने, पिरो, गुलियो, तीतो, शुक्रवर्धक र पचाउन सहज हुनुका साथै यसले वातरक्त, वीसर्प, कुष्ठ, खोकी, वातविकार र कफविकार नाश गर्दछ ।

(ठ) मदनादि निघण्टु :

निकुष्ठमूलकुष्ठञ्च वाप्यं कापालभाव्यकम् । आमयोऽथ गदो रोगः त्वग्दोषो वाप्यसञ्ज्ञकः॥
कुष्ठं तिक्तकटूष्णं स्यात् त्रिदोषशमनं परम् ।
तृड्वीसर्पविषं तन्द्रा कण्डूकुष्ठञ्चनाशयेत्॥

कूट (कुष्ठ), श्रोतः पतञ्जलीको वेवसाइड

निकुष्ठ, मूलकुष्ठ, वाप्य, कापाल, भाव्यक, आमय, गद, रोग, त्वग्दोष र वाप्यसञ्ज्ञक : यी कूटका पर्यायवाची नाम हुन् । यो तितो, पिरो, उष्णवीर्यको, त्रिदोषलाई शान्त पार्ने तथा तिर्खा, वीसर्प, विषविकार, तन्द्रा, चिलाउने रोग र कुष्ठ नाश गर्ने गुणको हुन्छ ।

(ड) राजनिघण्टु :

कुष्ठं रुजाऽगदो व्याधिरामयं पारिभद्रकम् । रामं वानीरजं वाप्यं ज्ञेयं त्वग्दोषमुत्पलम्॥
कुत्सञ्च पाटवं चैव पद्मकं मनुसञ्ज्ञकम्॥
कुष्ठं कटूष्णं तिक्तं स्यात् कफमारुतकुष्ठजित् । विसर्पविषकण्डूतिखर्जूदद्रुघ्नकान्तिकृत्॥

(१) कुष्ठ, (२) रुजा, (३) अगद, (४) व्याधि, (५) आमय, (६) पारिभद्रक, (७) राम, (८) वानीरज, (९) वाप्य, (१०) त्वग्दोष, (११) उत्पल, (१२) कुत्स, (१३) पाटव र (१४) पद्मक : यी चौध नाम कूटका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, उष्णवीर्यको, तीतो तथा कफविकार, वातविकार र कुष्ठलाई जित्ने गुणको हुन्छ । कूटले विसर्प, विषविकार, चिलाउने रोग, लुतो र दाद नाश गर्दछ तथा शरीरलाई पनि चम्किलो बनाउँदछ ।

(ढ) राजवल्लभ निघण्टु :

कुष्ठं वातकफश्वासकासहिक्काज्वरापहम्॥

कूटले वातविकार, कफविकार, दम, खोकी, बाडुली र जरो नाश गर्दछ ।

(ण) **शालिग्राम निघण्टु :**

कुष्ठं व्याधिः पारिभाव्यं व्याप्यं पाकलमुत्पलम् ।

कुष्ठ, व्याधि, पारिभाव्य, व्याप्य, पाकल र उत्पल : यी कूटका पर्यायवाची नाम हुन् ।

कुष्ठं श्वासं कासकुष्ठं ज्वरं हिक्कां च नाशयेत् ।

कूटले दम, खोकी, कुष्ठ, जरो र बाडुली नाश गर्दछ ।

कुष्ठमुष्णं कटुस्तिक्तं स्वादु वृष्यं च शुक्रलम् । रसायनं कान्तिकरं लघु वातकफापहम्॥
कुष्ठं विषं विसर्पञ्च कण्डूं दद्रूं त्रिदोषकम् । पामा रक्तविकारं च कासं वान्तिं तृषां तथा॥
नाशयेदिति च प्रोक्तं लेपनाद्वातव्याधिजित् । (निघण्टु रत्नाकर)

कूट उष्णवीर्यको, पिरो, तितो, गुलियो, वीर्यवर्धक, शुक्रवर्धक, रसायनी, कान्तिदायक, पचाउन सहज तथा वातविकार, कफविकार, कुष्ठ, विषविकार, विसर्प, चिलाउने रोग, दाद, त्रिदोष, लुतो, रक्तविकार, खोकी, वाकवाकी र तिर्खा नाश गर्ने गुणको हुन्छ । यसको लेप दल्नाले वातरोगलाई जित्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(त) **सरस्वती निघण्टु :**

किञ्जल्कमुत्पलं कुष्ठं त्वग्दोषं व्याधिकुष्ठके । परिभाव्यगदं वाप्यं पाकलं पुष्कराह्वयम्॥

किञ्जल्क, उत्पल, कुष्ठ, त्वग्दोष, व्याधि, कुष्ठक, परिभाव्य, गद, वाप्य, पाकल र पुष्कराह्वय : यी कूटका पर्यायवाची नाम हुन् ।

(थ) **सोढल निघण्टु :**

कुष्ठे रोगो गदो व्याधिरुत्पलं पाकलं रुजा । वाष्पं वानीरजं रोमं कौबेरं पारिभद्रकम्॥
आमयं परिहार्यं च तथैवोत्पलकुष्ठकम् । तदेव पाटलं प्रोक्तं किञ्जल्कं सुषिरं स्मृतम्॥

कुष्ठ, रोग, गद, व्याधि, उत्पल, पाकल, रुजा, वाष्प, वानीरज, रोम, कौबेर, पारिभद्रक, आमय, परिहार्य, उत्पलकुष्ठक, पाटल, किञ्जल्क र सुषिर : यी कूटका पर्यायवाची नाम हुन् ।

(द) **सौश्रुत निघण्टु :**

कुष्ठमुत्पलकुष्ठञ्च वाप्यं किञ्जल्कमेव च । पापकं पारिभाव्यञ्च त्वग्दोषं व्याधिरेव च॥

कुष्ठ, उत्पलकुष्ठ, वाप्य, किञ्जल्क, पापक, पारिभाव्य, त्वग्दोक्ष र व्याधि : यी कूटका पर्यायवाची नाम हुन् ।

कूट (कुष्ठ), को जरा, श्रोत: पतञ्जलीको वेबसाइड

(ध) **हृदयदीपक निघण्टु :**

कुष्ठं रुक् पाकलं वाप्यं पारिभाव्यं गदामयौ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुष्ठ, रुक्, पाकल, वाप्य, पारिभाव्य, गद र आमय : यी कूटका पर्यायवाची नाम हुन् ।

कुष्ठरोग
(Leprosy, Deseases of the skin)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

मिथ्याऽऽहारविहारेण विशेषेण विरोधिता । साधुनिन्दावधाऽन्यस्वहरणाद्यैश्च सेवितैः ॥
पाप्मभिः कर्मभिः सद्यः प्राक्तनैश्चेरिता मलाः । सिराः प्रपद्य तिर्यग्गास्त्वग्लसीकासृगामिषम् ॥
दूषयन्ति श्लथीकृत्य निश्चरन्तस्ततो बहिः । त्वचः कुर्वन्ति वैवर्ण्यं दुष्टाः कुष्ठमुशन्ति तत् ॥

यस जन्ममा मिथ्या आहारविहार गर्नाले, विशेषगरी परस्पर विरोधी आहार एवं विहार गर्नाले, साधुसज्जनलाई निन्दा गर्नाले, तिनलाई मार्नाले, अर्काको धनसम्पत्ति हरण गर्नाले वा नाश गर्नाले वा यस्तै पापकर्म गर्नाले तथा पूर्वजन्ममा गरिएको पापको फल भोग्नका लागि शरीरमा रहेका वात, कफ आदि विकृत एवं उत्तेजित भई तेर्सो तरिकाले रस बहने सिराहरूमा पुगी छाला, लसीका, रगत र मासुलाई दूषित र विकृत बनाउँदै तिनलाई शिथिल पारी बाहिर निस्केर छालाको रङ नाश पार्ने गर्दछ । यसलाई “कुष्ठ” भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

सङ्कलन : मोहन प्रसाद सापकोटा

विरोधीन्यन्नपानानि द्रवस्निग्धगुरूणि च । भजतामागताँश्छर्दिवेगांश्चान्यान् प्रतिघ्नताम् ॥
व्यायाममग्नितापञ्चाप्यतिभुक्त्वा निषेविणाम् । शीतोष्णलङ्घनाहारान् क्रमं मुक्त्वा निषेविणाम् ॥
घर्मश्रमभयार्तानां द्रुतं शीताम्बुसेविनाम् । अजीर्णाध्यशिनां चापि पञ्चकर्मापचारिणाम् ॥
नवान्नदधिमत्स्यादिलवणाम्लनिषेविणाम् । माषमूलकपिष्टान्नतिलक्षीरगुडाशिनाम् ॥
व्यवायं चाप्यजीर्णेऽन्ने दिवानिद्रां निषेविणाम् । विप्रान्गुरून्धर्षयतां पापं कर्म च कुर्वताम् ॥
वातादयस्त्रयो दोषास्त्वग्रक्तं मांसमम्बु च । दूषयन्ति स कुष्ठानां सप्तको द्रव्यसङ्ग्रहः ॥
अतः कुष्ठानि जायन्ते सप्तधैकादशैव च ।

दूध र माछा, दही र दूध आदि जस्ता परस्पर विरोधी खानपिन; तरल, चिल्लो बढी भएका र पचाउन कठिन हुने पदार्थको अत्यधिक सेवन; बान्ता आदिको वेगलाई रोक्ने कार्य, टन्न खाना खाएर व्यायाम गर्ने कार्य, टन्न खाएर अत्यधिक तातो (आगा, घाम आदि) मा सेक्ने वा बस्ने कार्य; चिसो, तातो, भोकै बस्ने कार्य र खानपिन विधि विपरीत गर्ने कार्य; पसिनाले लतपत हुँदा, परिश्रम गरेर वा डराएका बेलामा तत्काल चिसो पानी पिउने वा चिसो पानीले नुहाउने कार्य; अजीर्णमा वा खाना माथि खाना थप्दै खाने कार्य, पञ्चकर्म (वमन, विरेचन, नस्य, अनुवासन र निरुहवस्ति) गर्दा शरीरले नसहने कुरा खानपिन गर्ने कार्य वा यसले गर्दा; नयाँ अन्न, दही, माछा, नुन र अति अमिला पदार्थ धेरै खाने कार्य; मास, मूला, पिठोले बनाइएका पदार्थ, तिल, दूध र सक्खर आदि कुरा एकै पटक वा धेरै खाने कार्य; खाएपिएको कुरा नपच्दै ग्राम्यधर्ममा संलग्न हुने कार्य, दिउस सुत्ने बानी; ब्राह्मण तथा माता, पिता र आचार्यलाई तिरस्कार गर्ने कार्य तथा नीचकर्म गर्ने कार्यले मानिसको शरीरभित्र रहेको वायु, पित्त र कफ दूषित भई छाला, रगत, मासु र शरीरमा रहेका अन्य तरल पदार्थ (लसिका) लाई दूषित

बनाउँदछन् । यी सात कुरा (वात, पित्त, कफ, रस, रगत, मासु र लसिका) नै सबै खालका कुष्ठरोग उत्पादन गर्ने कारणहरू हुन् । यसरी नै अठार किसिमका कुष्ठरोग हुने गर्दछन् ।

(ग) माधव निदान :

विरोधीन्यन्नपानानि द्रवस्निग्धगुरूणि च । भजतामागतां छर्दि वेगांश्चान्यान् प्रतिघ्नताम् ॥
व्यायाममतिसन्तापमतिभुक्त्वा निषेविणाम् । घर्मश्रमभयार्तानां द्रुतं शीताम्बुसेविनाम् ॥
अजीर्णाध्यशिनां चैव पञ्चकर्मापचारिणाम् । नवान्नदधिमत्स्यातिलवणाम्लनिषेविणाम् ॥
माषमूलकपिष्टान्नतिलक्षीरगुडाशिनाम् । व्यवायं चाप्यजीर्णेऽन्ने निद्रां च भजतां दिवा ॥
विपान् गुरून् धर्षयतां पापं कर्म च कुर्वताम् । वातादयस्त्रयो दुष्टास्त्वग्रक्तं मांसमम्बु च ॥
दूषयन्ति स कुष्ठानां सप्तको द्रव्यसङ्ग्रहः । अतः कुष्ठानि जायन्ते सप्त चैकादशैव च ॥

परस्पर विरोधी खानपिन, चिल्लो बढी भएका पदार्थको अत्यधिक सेवन, बान्ता आदिको वेगलाई रोक्ने कार्य, टन्न खाना खाएर व्यायाम गर्ने कार्य, अत्यधिक तातो (आगो आदि) मा बस्ने कार्य; अत्यधिक घाममा बसेर, परिश्रम गरेर वा डराएका बेलामा कुनै परिश्रम नगरी चिसो पानी पिउने कार्य; राम्रोसँग नपाकेका खानेकुरा खाने कार्य, धेरै खाना खाने कार्य, पञ्चकर्म (वमन, विरेचन, नस्य, अनुवासन र निरुहवस्ति) गर्दा शरीरले नसहने कुरा खानपिन गर्ने कार्य; नयाँ अन्न, दही, माछा, नुन र अति अमिला पदार्थ धेरै खाने कार्य; मास, आलु, पिठोले बनाइएका पदार्थ, तिल, दूध र सक्खर आदि कुरा एकै पटक खाने कार्य; खाएपिएको कुरा नपच्दै ग्राम्यधर्ममा संलग्न हुने कार्य, दिउस सुत्ने बानी; ब्राह्मण तथा माता, पिता र आचार्यलाई तिरस्कार गर्ने कार्य तथा नीचकर्म गर्ने कार्यले मानिसको शरीरभित्र रहेको वायु, पित्त र कफ दूषित भई छाला, रगत, मासु र शरीरमा रहेका अन्य तरल पदार्थलाई दूषित बनाउँदछन् । यी सात कुरा (वातविकार, पित्तविकार, कफविकार, वात-पित्तविकार, वात-कफविकार, पित्त-कफविकार र मिश्रित विकार) नै सबै खालका कुष्ठरोग उत्पादन गर्ने कारणहरू हुन् । यसरी नै अठार किसिमका कुष्ठरोग हुने गर्दछन् ।

(घ) राज निघण्टु :

दुश्चर्मा मण्डलं कोठस्त्वग्दोषश्चर्मदूषिका । कुष्ठन्तु पुण्डरीकः स्यात् श्वित्रन्तु चर्मचित्रकम् ॥

दुश्चर्मा, मण्डल, कोठ, त्वग्दोष, चर्मदूषिका, कुष्ठ र पुण्डरीक : यी कुष्ठरोगका तथा श्वित्र र चर्मचित्रक : यी सेतो कुष्ठरोग (श्वेतकुष्ठ) का संस्कृत पर्यायवाची नामहरू हुन् ।

(ङ) सुश्रुत संहिता :

मिथ्याहाराचारस्य विशेषाद्गुरुविरुद्धासात्म्याजीर्णाहिताशिनः स्नेहपीतस्य वान्तस्य वा व्यायामग्राम्यधर्मसेविनो ग्राम्यानूपौदकमांसानि वा पयसाऽभीक्ष्णमश्नतो यो वा मज्जत्यप्सूष्माभितप्तः सहसा छर्दिर्वा प्रतिहन्ति, तस्य पित्तश्लेष्माणौ प्रकुपितौ परिगृह्यानिलः प्रवृद्धस्तिर्यग्गाः सिराः संप्रतिपद्य समुद्धूय बाह्यं मार्गं प्रति समन्ताद्विक्षिपति, यत्र यत्र च दोषो विक्षिप्तो निश्चरति (निःसरति) तत्र तत्र मण्डलानि प्रादुर्भवन्ति, एवं समुत्पन्नस्त्वचि दोषस्तत्र तत्र

च परिवृद्धं प्राप्याप्रतिक्रियमाणोऽभ्यन्तरं प्रतिपद्यते धातूनभिदूषयन् ॥२॥

मिथ्या आहारविहार गर्ने; विशेषगरी पचाउन कठिन हुने, परस्पर विरोधी, शरीरले नहसने, अजीर्ण हुँदाहुँदै र अहितकर खानपिन गर्ने; चिल्लो खाएर वा बान्ता गरेर तुरुन्त कसरत गर्ने वा मैथुन गर्ने; ग्रामिण वा आनूप वा जल जीवका मासु पटकपटक दूधसँग खाने; घाममा तापिएर तुरुन्त चिसो पानीमा डुबुल्की लगाउने तथा बान्ताको बेगलाई रोक्ने मानिसको शरीरमा रहेको वायु उत्तेजित र विकृत भई पित्त र कफलाई सँगै लिएर तेर्सो बहने सिरामा पुगी त्यसलाई ढाकेर रौंको प्वाल हुँदै पित्त र कफ शरीरको बाहिरी रोग निस्कने भाग (छाला) मा फैलाउने गर्दछ । अनि जहाँ जहाँ तत्स्तो विकृत विकार फैलन्छ त्यहाँ त्यहाँ गोलाकार टाटाहरू देखिन थाल्दछ । यसरी छालामा देखिएका टाटा बढ्दै जान्छ र बेलैमा त्यसको प्रतिकार वा उपचार गरिएन भने यसले क्रमैसँग रगत, मासु आदि शरीरका धातुलाई दूषित पार्दै भित्रभित्र छिर्न थाल्दछ ।

नोट : सामान्य कुष्ठ (Deseases of the skin) एघार प्रकारका तथा महाकुष्ठ (Leprosy) सात प्रकारका हुन्छन् । विभिन्न किसिमका लुतो आदि पनि आयुर्वेदका अनुसार कुष्ठरोग भित्र नै पर्दछन् । अत्यधिक सेवन गरेर पनि शरीरलाई हानी नगर्ने संसारमा कुनै पनि कुरा छैन । छालासम्बन्धी कुनै पनि रोग हुने मानिसले माथि बताइएका कुरा ध्यान दिउन् । नहुनेले सम्भव भएसम्म बच्नका लागि ध्यान दिनु पर्दछ । तेर्सो हिँड्ने सिरा भनेको चार प्रकारका धमनी हुन् । यी क्रमशः सूक्ष्म र असङ्ख्य शाखामा विभाजित भई पूरा शरीरमा फैलिएको हुन्छ । कुष्ठरोगको मूल कारण B. Leproe नामक जीवाणु हो उल्लेखित अन्य कारण सहायक कारण हुन् । तर आयुर्वेदले कुष्ठरोग मानेका पामा आदि सबैको कारण भने यो जीवाणु होइन । अठार प्रकारका कुष्ठरोगका बेग्लाबेग्लै कारण र लक्षण दिइएका छन् । नाममा पनि समानता पाइँदैन । समग्रमा हेर्दा उल्लेखित आचरणले मानिसको शरीरलाई कुष्ठरोगको जीवाणुको अनुकूल पार्ने सम्भावना देखिन्छ ।

सङ्कलन: मोहन प्रसाद सापकोटा

कुसुम्भ (कुसुम)
(Safflower)

परिचय :

(क) कुलचन्द्र शर्मा : कुसुम्भ, वह्निशिख आदि नामले कुसुमलाई बुझाउँदछ ।

(ख) नेपाली बृहत् शब्दकोश : पहेँलो फूल फुल्ने र बीजबाट तेल निस्कने एक बोट; कुसुम्भ ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यो जाडोमा फुल्दछ । यसका लामा, काँडेदार र नरम पात हुन्छन् । फूलको रङ कुङ्कुम जस्तै हुनाले यसलाई ग्राम्यकुङ्कुम पनि भनिन्छ । यसको गेडा, फूल र पात ओखतीमा प्रयोग हुन्छ । यसले हानी गरे सुप खानु पर्दछ ।

वह्निशिख (तस्विर श्रोत : पेयर डी अमरकोश)

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : एकदेखि तीन फीसम्म अग्लो बोट; लामा, किनारा काटिएका, तीखा र काँडा भएका पात; हल्का रातो मिसिएको केसरी रङको गुच्छाकार फूल, चारकुने फल र सेता, चिल्ला र शङ्खका आकारका बीज हुने एक वनस्पति । यो दुई थरी हुन्छ काँडा हुने र नहुने । काँडा नहुने फूलबाट उत्तम तरिकाले रङ निस्कन्छ भने काँडा हुने बोट तेलका लागि उत्तम मानिन्छ । यो केसर जस्तै हुन्छ, केसरमा मिसाइन्छ पनि तर यसको केसर बास्ना नआउने र सेता दाग भएको हुन्छ । यसलाई अंग्रेजीमा Safflower, Parrot seed वा Bastard saffron तथा ल्याटिन भाषामा *Carthamus tinctorius* Linn. भनिन्छ ।

(ङ) पेयर डी अमरकोश : यसलाई अंग्रेजीमा Dyer's saffron भनिन्छ ।

(च) कामतद्वय : कुसुमलाई अंग्रजीमा Safflower तथा ल्याटिन भाषामा *Carthamus tinotorius* Linn. भनिन्छ । वनकुसुमलाई अंग्रेजीमा Wild safflower तथा ल्याटिन भाषामा *Carthamus oxycantha* Bieb. भनिन्छ ।

संस्कृत पर्यायवाची नामहरू :

(क) अमरकोश :

...कमलोत्तरम् । स्यात्कुसुम्भं वह्निशिखं महारजनमित्यपि ।

कमलोत्तर, कुसुम्भ, वह्निशिख र महारजन : यी कुसुमका पर्यायवाची नाम हुन् ।

(ख) अर्कप्रकाश :

कौसुम्भजो वर्णकरो रक्तपित्तकफापहः॥

कुसुमको अर्कले कान्ति बढाउँदछ, रक्तपित्त र कफविकार नाश गर्दछ ।

(ग) आयुर्वेद महोदधि :

कटुर्विपाके कटुकः कफघ्नो विदाहिभावादहितः कुसुम्भः॥

कमलोत्तर (तस्बिर श्रोत : पेयर डी अमरकोश)

कुसुम शुरुमा र पचेपछि पिरो, कफनाशक र डाह गर्ने हुनाले स्वास्थका लागि हितकर मानिंदैन । (यसको प्रयोग कपडा रङ्गाउन बढी गरिन्छ) ।

(घ) कैयदेव निघण्टु :

कुसुम्भं पावकं पीतमलक्तं वस्त्ररञ्जनम् ।
पद्मोत्तरा तु किरटा लट्वा रक्तं च लोहितम्॥
तद्वत्कुसुम्भः कटुको विदाही कफनाशनः ।
शाकं गुरूष्णं स्वाद्वम्लं कफघ्नं पित्तलं सरम्॥

प्रसाद सापकोटा

कुसुम्भ, पावक, पीत, अलक्त र वस्त्ररञ्जन (कुसुमका) तथा पद्मोत्तरा, किरटा, लट्वा, रक्त र लोहित (कुसुमको गेडाका) पर्यायवाची नाम हुन् । कुसुम पिरो, डाह गर्ने र कफविकार नाश गर्ने गुणको हुन्छ । यसको साग पचाउन कठिन, उष्णवीर्यको, गुलियो, अमिलो, कफविकार नाश गर्ने, पित्तविकार गर्ने तथा मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

(ङ) धन्वन्तरि निघण्टु :

कुसुम्भं पावकं पीतमलक्तं वस्त्ररञ्जनम् । कौसुम्भं स्याद्वह्निशिखं वस्त्ररञ्जकसञ्ज्ञितम्॥
तद्बीजं कीलता लट्वा शुद्धा पद्मोत्तरा तथा । कुसुम्भं वातलं रूक्षं रक्तपित्तकफापहम्॥

कुसुम्भ, पावक, पीत, अलक्त, वस्त्ररञ्जन, कौसुम्भ, वह्निशिख र वस्त्ररञ्जक : यी कुसुमका पर्यायवाची नाम हुन् । यसको बीजलाई कीलता, लट्वा, शुद्धा वा पद्मोत्तरा भनिन्छ । यो वातविकार गर्ने, रुखो तथा रक्तपित्त र कफविकारलाई नाश गर्ने गुणको हुन्छ ।

कुसुम्भतैलमुष्णं च विपाके कटुकं गुरु । विदाहि च विशेषेण तच्चरोगप्रकोपनम्॥

कुसुमको तेल उष्णवीर्यको, पचेपछि पिरो, पचाउन कठिन, डाह गर्ने र विशेषतः रोगलाई उत्तेजित पार्ने

गुणको हुन्छ ।

(च) निघण्टुशेष :

कुसुम्भेऽग्निशिखमहारजने कमलत्तोरम् ।
(कुस्यति कुसुम्भम्, कौ सुम्भ्यते-निकुटचते वा । अग्नेरिव शिखाऽस्य अग्निशिख । रज्यतेऽनेन रजनम्, महच्च तद् रजनं च महारजनम् । कमलेभ्य उत्तरं-प्रधानं कमलोत्तरम्, वर्णाधिक्यात् ।) ।

कुसुम्भ, अग्निशिख, महारजन र कमलत्तोर : यी कुसुमका पर्यायवाची नाम हुन् ।

(छ) भावप्रकाश निघण्टु :

स्यात्कुसुम्भं वह्निशिखं वस्त्ररञ्जकमित्यपि । कुसुम्भं वातलं कृच्छ्रं रक्तपित्तकफापहम् ॥

कुसुम्भ (तस्बिर श्रोत : पेयर डी अमरकोश)

कुसुम्भ, वह्निशिख र वस्त्ररञ्जक : यी कुसुमका संस्कृत पर्यायवाची नामहरू हुन् । कुसुमले वातविकार बढाउँदछ । यो कृच्छ्र, रक्तपित्त र कफविकारको ओखती हुन्छ ।

प्रसाद सापकोटा

कुसुम्भबीजं वरटा सैव प्रोक्ता वरट्टिका ।
वरटा मधुरा स्निग्धा रक्तपित्तकफापहा ॥
कषाया शीतला गुर्वी स्यादवृष्याऽनिलापहा ।

कुसुम्भबीज, वरटा र वरट्टिका : यी कुसुम-बीजका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो र टर्रो तथा चिल्लो हुन्छ । यसले रक्तविकार, पित्तविकार र कफविकार नाश गर्दछ तथा शीतल गर्दछ । यो पचाउन कठिन, धेरै वीर्य नबढाउने र वातविकार नाशक हुन्छ ।

कुसुम्भतैलमम्लं स्वादुष्णं गुरुविदाहि च । चक्षुर्भ्यामहितं बल्यं रक्तपित्तकफप्रदम् ॥

कुसुमको तेल अमिलो, स्वादिलो, गर्मी गर्ने, पचाउन कठिन, विदाहि, आँखाका लागि फाइदा नगर्ने, बलदायक, तथा रक्तविकार, पित्तविकार र कफविकार गर्ने गुणको हुन्छ ।

(ज) मदनपाल निघण्टु :

कुसुम्भं वार्द्धकी पीतमलक्तं वस्त्ररञ्जनी । तद्बीजं किरटी लघ्वी तथा शुद्धपयोत्तरा ॥

महारजन (तस्विर श्रोत : पेयर डी अमरकोश)

कुसुम्भ, वार्द्धकी, पीत, अलक्त र वस्त्ररञ्जनी : यी कुसुमका संस्कृत पर्यायवाची नामहरू हुन् । किरटी, लघ्वी र शुद्धपयोत्तरा : यी कुसुमका बीजका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कुसुम्भं वातलं कृच्छ्ररक्तपित्तकफापहम् ।
किरटचतसीवदुद्दिष्टा विशेषाद्विषनाशिनी ॥

कुसुमले वातविकार गर्दछ । यसले कृच्छ्र, रक्तपित्त र कफविकार नाश गर्दछ । कुसुमको बीजमा आलसकै जस्ता गुण हुन्छन् । विशेषेतः यसल विषविकार नाश गर्दछ ।

(झ) **राज निघण्टु :**

ज्ञेयोऽरण्यकुसुम्भः स्यात् कौसुम्भश्चाग्निसम्भवः । कौसुम्भः कटुकः पाके श्लेष्महृद्दीपनश्च सः ॥

अरण्यकुसुम्भ, कौसुम्भ र अग्निसम्भव : यी वनकुसुमका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचेपछि पिरो हुन्छ । यसले कफविकार नाश गर्दछ । यो दीपनी हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुसुम्भतैलं क्रिमिहारि तेजोबलावहं यक्ष्ममलापहं च ।
त्रिदोषकृत्पुष्टिबलक्षयं च करोति कण्डूञ्च करोति दृष्टेः ॥

कुसुमको तेल कीरा नाशक, तेजोबल दायक, क्षयरोग नाशक र मल नाशक हुन्छ । यसले त्रिदोष गर्दछ तथा पुष्टि र बल घटाउँदछ अनि आँखा चिलाउने रोग निकाल्दछ ।

कौसुम्भशाकं मधुरं कटूष्णं विण्मूत्रदोषापहरं मदघ्नम् ।
दृष्टिप्रसादं कुरुते विशेषाद्रुचिप्रदं दीप्तिकरं च वह्नेः ॥

कुसुम्भबीजम् (तस्विर श्रोत : पेयर डी अमरकोश)

कुसुमको साग गुलियो, पिरो, उष्णवीर्यको तथा मलमूत्रका विकार र नसा नाशक हुन्छ । यसले दृष्टिक्षमता बढाउँदछ तथा विशेष गरी रुचि र पाचनशक्ति बढाउँदछ ।

(ञ) **राजवल्लभ निघण्टु :**

कुसुम्भतैलं कटुकं गुरूष्णञ्च त्रिदोषदम् ॥

कुसुमको तेल पिरो, पचाउन कठिन, उष्णवीर्यको र त्रिदोष बढाउने गुणको हुन्छ ।

(ट) सरस्वती निघण्टु :

स्यात्कुसुम्भं वह्निशिखं महारजनमित्यपि ।

कुसुम्भ, वह्निशिख र महारजन : यी कुसुमका पर्यायवाची नाम हुन् ।

नोट : कुसुम जाडोमा फुल्दछ । यसका लामा, काँडेदार र नरम पात हुन्छन् । फूलको रङ कुङ्कुम जस्तै हुनाले यसलाई ग्राम्यकुङ्कुम पनि भनिन्छ । यसको गेडा, फूल र पात ओखतीमा प्रयोग हुन्छ । मात्रा : स्वरस एक-दुई तोला, फूलको काँढापानी पाँच-दश तोला र गेडा वा बोक्रा दुई-चार आना प्रयोग हुन्छ । यसले हानी गरे सुप खानु पर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कूर्च (शरीरको अङ्गविशेष)

(The upper part of the nose, the part between the eyebrows)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : दुई आँखीभुइँका बीचको ठाउँ ।
(ख) के.यन.स्वामी : दुई आँखीभौँका बीचमा उम्रिएका रौँ ।
(ग) हिन्दी विश्वकोश : दुई आँखीभुइँको बीचको भाग ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अमरकोश :

कूर्चमस्त्री भ्रुवोर्मध्यं....।

दुई आँखीभौँका माझको नाम कूर्च हो ।

(ख) राज निघण्टु :

...रोमराजिः । मध्यं तयोर्भवति कूर्चम्...।

मोहन प्रसाद सापकोटा

दुई आँखीभुइँ (रोमराजि) का बीच भागलाई कूर्च भनिन्छ ।

कूर्पर (कुहुनु)
(Elbow)

परिभाषा :

(क) डा.सतिश चन्द्र साङ्ख्यधर : कुहुनुलाई अंग्रेजीमा Elbow joint भनिन्छ ।

(ख) नेपाली बृहत् शब्दकोश (कुहुनु) : पाखुरा र नारीका जोर्नीको तल्लो साह्रो भाग; कुइनु ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अमरकोश :

...स्यात्कफोणिस्तु कूर्पर : ।

कफोणि (कफणि) र कूर्पर (कर्पर) : यी कुहिनाका पर्यायवाची नाम हुन् ।

(ख) पर्यायरत्नमाला : सङ्कलन : मोहन प्र



बाहुमध्ये तु कूर्परः ।

हातको बीच भागलाई कूर्पर भनिन्छ ।

(ग) राज निघण्टु :

...भुजमध्ये कूर्परः कफोणिश्च ॥

हातको बीचको जोर्नीलाई कूर्पर वा कफोणि (कुहुनु) भनिन्छ ।

कूलेचर (पशु-समूहविशेष)
(Animals that roam on the banks of rivers etc.)

परिभाषा :

(क) के.यन.स्वामी : राँगो, गैंडा, बँदेल, चमरी गाई, हात्ती आदि पशु ।
(ख) हिन्दी विश्वकोश : नद्यादि तीरविहारी पशु । नदी आदिका किनारमा विचरण गर्ने जनावर ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

लुलाय गण्ड वाराह चमरी वारणादयः । एते कूलचराः प्रोक्ता यतः कूलेचरन्त्यपाम्॥

राँगो, गैंडा, बँदेल, चौंरी, हात्ती आदि पानीका नजिकै चर्ने वा विचरण गर्ने कूलेचर जीव हुन् ।

लुलायगण्डवाराह चमरीवारणादयः॥ कूलेचरा एतदर्को वृष्यः श्लेष्मविवर्द्धनः ।

राँगो, गैंडा, बँदेल, चौंरी गाई, हात्ती आदिलाई जलका छेउछाउमा बस्ने हुनाले “कूलेचर” भनिन्छ । यिनको अर्क वीर्यवर्धक र कफवर्धक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) कैयदेव निघण्टु :

तत्रेभमहिषन्यङ्कुरुरुरोहितशूकराः । खड्गिगोकर्णचमराः सृमरः कालपुच्छकः॥
कोड्वो गवयाद्याश्च पशवः कूलचारिणः॥
मधुराः रसपाकाभ्यां सुस्निग्धाः बलिनो हिमाः । शुक्रला मूत्रला वातपित्तघ्नाः कफवर्धनाः॥

हात्ती, अर्ना राँगो, जरायो, रुरुमृग, रोहितमृग, बनेल, गैंडा, सारङ्ग मृग, चमरी गाई, सृमर मृग, कालपुच्छक मृग, कोड्व (?), नीलगाई आदि जनावर कूलेचर जनावर हुन् । यी जनावरको मासु शुरुमा र पचेपछि गुलियो, अति चिल्लो, बलदायक, शीतवीर्यको, शुक्रवर्धक, पिसाब बढाउने, वातविकार र पित्तविकार नाश गर्ने तथा कफविकार बढाउने गुणको हुन्छ ।

(ग) द्रव्यगुणसङ्ग्रहको टीका :

कूले पानीयसमीपे चरन्तीति कूलचराः, ते च गजगवयमहिषप्रभृतयः ।

कूल भनेको पानीको नजिक, त्यहाँ चर्ने जनावरलाई कूलचरा भनिन्छ । हात्ती, नीलगाई, अर्ना राँगो आदि यस वर्गका पर्दछन् ।

(घ) भावप्रकाश निघण्टु :

लुलायगण्डवाराहचमरीवारणादयः । एते कूलेचराः प्रोक्ता यतः कूले चरन्त्यपाम्॥

राँगो, गैंडा, बँदेल, याक, हात्ती आदिलाई कूलेचर वर्गका जनावर भनिन्छ । जुन जनावर जलाशय नजिक चर्दछन् तिनलाई कूलेचर भनिन्छ ।

कूलेचरा मरुत्पित्तहरा वृष्या बलावहाः । मधुराः शीतलाः स्निग्धामूत्रलाः श्लेष्मवर्धनाः॥

कूलेचर जीवको मासु वातविकार नाशक, पित्तविकार नाशक, वीर्यवर्धक, बलबर्धक, मिठो, शीतल गर्ने, चिल्लो, पिसाब लगाउने र कफविकार बढाउने गुणका हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कूष्माण्ड (कुभिन्डो)
(White gourd melon)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कूष्माण्डक र कर्कारु भनेको कुभिण्डो हो । कूष्माण्डी भनेको सानो जातको कुभिन्डो हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) कुभिन्डो : काँक्रो, फर्सी आदिका जस्तै लहरा लागी सेता वा पहेँला फूल फुल्ने, फल पाकेपछि सेता-सेता भुवा हुने र अचार, तरकारी, मुरब्बा आदि बनाएर खाइने एक फल; कुष्माण्ड; पेठो; काशीफल । (२) पेठो : कुभिण्डोको भुजुरी आदि ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : कुभिण्डोलाई अंग्रेजीमा The Ash Gourd तथा ल्याटिन भाषामा *Benincasa cerifera* Savi भनिन्छ । कूष्माण्डीलाई अंग्रेजीमा Vegetable Marrow वा Field Pumpkin तथा ल्याटिन भाषामा *Cucurbita pepo* Linn. भनिन्छ । यसका *C.maxima Duchesne, C.moschata* Duchesne ex Poir. आदि जात हुन्छन् ।

(घ) आचार्य बालकृष्ण : यसलाई अंग्रेजीमा White gourd melon, Wax gourd, White pumpkin वा Ash Gourd भनिन्छ ।

(ङ) के.यन.स्वामी : (१) कर्कोटका, सुफला, कुम्भफला, नागपुष्पफला : कुभिन्डो । (२) कुष्माण्डी : सानो जातको कुभिण्डो । (३) कुभाण्ड : बाटुलो लौका । (४) बृहत्फला : तीतो तुम्बा । कुभिण्डो ।

(च) डा.सतिश चन्द्र साङ्ख्यधर : कुभिन्डोको वानस्पतिक नाम *Benincasa cerifera* वा *Benincasa hispidda* (Thumb.) Cogn. हो ।

(छ) कामतद्वय : यो Cucurbitaceae परिवारमा पर्दछ । यो वानस्पतिक नाम *Benincasa hispida* Cogn. वा *Benincasa cerifera* Savi, Syn. *Cucurbita pepo* Wild. (non Linn.) हो । यसलाई अंग्रेजीमा Ash guard वा White Gourd भनिन्छ ।

कुभिन्डो (तस्विर श्रोत : डिजिटल खबर डटकम)

(ज) संस्कृतमा पुष्पफल, कूष्माण्ड, वृहत्फल भनिने वनस्पति Cucurbitaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Benincasa hispida* (Thunb.) Cogn. हो । अंग्रेजीमा यसलाई White guard melon भनिन्छ । ओखतीका लागि यसको फलको मात्रा ५-१० ग्राम हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

कूष्माण्डकशिफार्कस्तु कोष्णः श्वासंक्षणाद्धरेत् । कूष्माण्डार्को गुडयुतः कोद्रबोत्थमदात्यये ।

भुइँ कुभिण्डोको जराको अर्क तात्तातो पिउनाले दमरोग तुरुन्त निको हुन्छ । भुइँ कुभिण्डोको अर्कमा सक्खर मिसाएर पिउनाले कोदोको मदात्यय नाश हुन्छ ।

(ख) आयुर्वेद महोदधि :

कूष्माण्डार्कमरिचैर्जीरकसिन्धूत्थमेथिकासहितैः । पिष्टैर्माषदलोत्थैर्विहिता वटकाश्च वटिकाश्च ॥

कुभिण्डो (वा फर्सी) लाई घाममा सुकाई त्यसपछि यसमा जीरा, सिधेनुन र मेथी हालेर मोल्नु । त्यसपछि माषको पिठोमा मिसाउनु र बारा वा फुरौला बनाउनु ।

वृष्यं वर्णकरं बलोपजननं पित्तापहं वातजित् मूत्राघातहरं प्रमेहशमनं कृच्छ्राश्मरीछेदनम् । विण्मूत्रग्लपनं तृषार्तिशमनं क्षीणाङ्गपुष्टिप्रदं कूष्माण्डं प्रवरं वदन्ति भिषजो वल्लीफलानां पुनः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुभिण्डो : वीर्यवर्धक, शरीरको वर्ण चम्काउने, बल बढाउने, पित्तनाशक, वातनाशक, मूत्राघात विनाशक, प्रमेह शान्त पार्ने, कृच्छ्र नाशक र पत्थरी नाशक हुन्छ । यसले मलमूत्रलाई खुकुलो पार्दछ, तिर्खा मेटाउँदछ र खिइएका अङ्गलाई पुष्ट पार्दछ । वैद्यहरू कुभिण्डोलाई लहरेफल मध्येमा सर्वश्रेष्ठ फल भनी बताउँदछन् ।

पक्वं पक्वापहं रूक्षं स्वादुहृद्यं रुचिप्रदम् । त्वचावृतं तु सक्षारं त्रिदोषशमनं परम् ॥

पाकेको कुभिण्डोले पाकेका रोग नाश गर्दछ । यो रुखो, स्वादिलो, मुटुका लागि फाइदाजनक, रुचिकर, केही नुनिलो र विशेषगरी त्रिदोषनाशक हुन्छ ।

सर्वदोषहरं ज्ञेयं कूष्माण्डं बस्तिशोधनम् ।

कुभिण्डोले सबै दोष नाश गर्नुका साथै मूत्राशयलाई प्रशोधन गर्दछ ।

(ग) कैयदेव निघण्टु :

कूष्माण्डकी स्थिरफला पीतका सोमकामृता । महाफला पुष्पफला कुम्भारी सोमगृष्टिका ॥

कूष्माण्डकी, स्थिरफला, पीतका, सोमकामृता, महाफला, पुष्पफला, कुम्भारी र सोमगृष्टिका : यी

कुभिण्डोका पर्यायवाची नाम हुन् ।

कूष्माण्डं शीतलं वृष्यं स्वादुपाकरसं गुरु । हृद्यं रूक्षं रसस्यन्दि श्लेष्मलं वातपित्तजित्॥

कुभिण्डो शीतवीर्यको, वीर्यवर्धक, शुरुमा र पचेपछि गुलियो, पचाउन कठिन, मुटुका लागि हितकर, रुखो, रस चुहिने, कफविकार गर्ने तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

बालं पित्तहरं शीतं मध्यमं तु कफापहम् । पक्वं तु सर्वदोषघ्नं दीपनं बस्तिशोधनम्॥
लघूष्णं स्वादु सक्षारं पथ्यं चेतोविकारिणाम् ।

कुभिण्डाको चिचिलो पित्तविकार नाश गर्ने गुणको, मध्यम खालको फल कफविकार नाश गर्ने तथा पाकेको फल सबै दोष नाश गर्ने, दीपनी, मूत्राशय सफा गर्ने, पचाउन सहज, उष्णवीर्यको, गुलियो, क्षारयुक्त र अपस्मार आदिका रोगीलाई पथ्य हुने गुणको हुन्छ ।

कूष्माण्डभाण्डी सक्षारा मधुरा रोचनी गुरुः॥ कफवातहरा रूक्षा शर्कराश्मरिभेदिनी ।

कूष्माण्डभाण्डी (?) क्षारयुक्त, गुलियो, रुचिप्रद, पचाउन कठिन, कफविकार र वातविकार नाश गर्ने, रुखो तथा धुले पत्थरी र पत्थरी फुटाउने गुणको हुन्छ ।

Cucurbita pepo, lh5.googleusercontent.com

तन्मज्जा मधुरो वृष्यः पित्तनुत् बस्तिशोधनः॥

कुभिण्डोको बीजको गुदी गुलियो, वीर्यवर्धक, पित्तविकार नाश गर्ने र मूत्राशयलाई सफा गर्ने गुणको हुन्छ ।

कूष्माण्डशाकं गुरु सन्निपातज्वरामशोफानिलदाहहारि । वह्निप्रदं रोचनमुष्णवीर्यं कफे च पित्ते च हितं सरं स्यात्॥
दोषत्रयं तस्य रसो निहन्ति, ज्वरेषु पथ्यो लघुरग्निकारी ।

कुभिण्डोको साग वा तरकारी पचाउन कठिन; सन्निपात जरो, आमविकार, सुजन, वातविकार र डाह नाश गर्ने; पाचक-अग्निलाई बाल्ने, रुचिप्रद, उष्णवीर्यको, कफविकार र पित्तविकारमा हितकारी र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । यसको रस त्रिदोष नाश गर्ने, जरोमा पथ्य, पचाउन सहज र पाचक-अग्निलाई बाल्ने गुणको हुन्छ ।

कूष्माण्डं श्लेष्मलं विद्यान्नवं शरदि भक्षितम् । तदल्पदोषं भवति यत्तु संवत्सरोषितम्॥

शरद् ऋतुमा खाइने ताजा कुभिण्डोले वातविकार गर्दछ । एक वर्ष पुरानो कुभिण्डो कम दोषकारी

हुन्छ ।

(घ) **द्रव्यगुणसङ्ग्रह :**

कूष्माण्डकं पित्तहरं बालं मध्यं कफावहम् । पक्वं लघूष्णं सक्षारं दीपनं बस्तिशोधनम्॥
सर्वदोषहरं हृद्यं पथ्यं चेतोविकारिणाम् । सक्षारा मधुरा रूक्षा रुच्या वातकफापहा॥
अश्मरीभेदनी गुर्वी नाडी कूष्माण्डसम्भवा ।

कलिलो कुभिण्डोले पित्तविकार तथा मध्यम खालको कुभिण्डोले कफविकार नाश गर्दछ । पाकेको कुभिण्डो पचाउन सहज, उष्णवीर्यको, क्षारयुक्त, दीपनी, मूत्राशय सफा गर्ने, सबै दोष नाश गर्ने, मुटुका लागि तिहकर र छारेरोग आदिमा पथ्य हुन्छ । यसको डाँठ क्षारयुक्त, गुलियो, रुखो, रुचिप्रद, वातविकार र कफविकार नाश गर्ने, पत्थरीलाई फुटाउने र पचाउन कठिन हुने गुणको हुन्छ ।

(ङ) **धन्वन्तरि निघण्टु :**

कूष्माण्डिका कुम्भफला तथा स्थिरफला मता । कूष्माण्डी सोमसृष्टा च पीतिका च बृहत्फला॥
वल्लीफलानां प्रवरं कूष्माण्डं वातपित्तजित् । वस्तिशुद्धिकरं वृष्यं हृद्यं चेतोविकारजित्॥

कूष्माण्डिका, कुम्भफला, स्थिरफला, कूष्माण्डी, सोमसृष्टा, पीतिका र बृहत्फला : यी कुभिण्डोका पर्यायवाची नाम हुन् । यो लहरे फल-तरकारीमा उत्तम तरकारी हो । यसले वातविकार र पित्तविकारलाई जित्दछ । कुभिण्डोले तल्लो पेट वा मूत्राशय सफा गर्दछ । यो वीर्यवर्धक, मुटुका लागि हितकर तथा मानसिक विकार नाशगर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद आपकोटा

(च) **निघण्टुशेष :**

कूष्माण्डके तु कर्कारुः ...।
(कुष्यते कूष्माण्डः, कोः उष्मणा अनितीति वा, कुत्सित उष्मा अण्डेषु-बीजेष्वस्य वा ।
कर्कति कर्कारुः, बस्तिशोधनः सरत्वात्, कर्कश्चासावरुश्चेति वा ।) ।

कूष्माण्डक र कर्कारु : यी कुभिण्डोका पर्यायवाची नाम हुन् ।

(छ) **भावप्रकाश निघण्टु :**

कूष्माडं स्यात्पुष्पफलं पीतपुष्पं बृहत्फलम्॥
कूष्माण्डं बृंहणं वृष्यं गुरु पित्तास्रवातनुत् । बालं पित्तापहं शीतं मध्यमं कफकारकम्॥
बृद्धंनातिहिमं स्वादु सक्षारं दीपनं लघु । बस्तिशुद्धिकरं चेतोरोगहृत्सर्वदोषजित्॥

कूष्माण्ड, पुष्पफल, पीतपुष्प र बृहत्फल : यी कुभिण्डोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो

पौष्टिक, वीर्यवर्धक, पचाउन कठिन तथा पित्तविकार, रक्तविकार र वातविकार नाशक हुन्छ । काँललो कुभिण्डोले वातविकार नाश गर्नुका साथै शीतल गर्दछ । अलि हुर्केको कुभिण्डोले कफविकार बढाउँदछ । पाकेको कुभिण्डोले धेरै शीतल पनि गर्दैन, स्वादिलो र केही नुनिलो हुन्छ । यसले पाचकाग्निलाई बाल्दछ । यो पचाउन सहज हुन्छ । यसले तल्लो पेट (वा मूत्राशय) प्रशोधन गर्दछ, मानसिक रोग र सबै खालका दोष नाश गर्दछ ।

कूष्माण्डी तु भृशं लघ्वी कर्कारुरपि कीर्त्तिता । कर्कारुग्राहिणी शीता रक्तपित्तहरा गुरुः ॥
पक्वा तिक्ताऽग्निजननी सक्षारा कफवातनुत् ।

अति सानु कुभिन्डोलाई कूष्मान्डी भनिन्छ । यसैलाई कर्कारु पनि भन्दछन् । यो कब्जियत गराउने, शीतल गर्ने, रक्तविकार नाशक, पित्तविकार नाशक र पचाउन कठिन हुन्छ । पाकेको कूष्माण्डी तीतो, पाचकाग्नि वर्धक, नुनिलो (क्षार युक्त) तथा कफविकार र वातविकार नाशक हुन्छ ।

कूष्माण्डकवटी ज्ञेया पूर्वोक्तवटिकागुणा ॥ विशेषात्पित्तरक्तघ्नी लघ्वी च कथिता बुधैः ।

मासको गोली बनाउने बेलामा जस्तै पीठोमा कुभिण्डोको भुजुरी मिसाउनू । अनि पहिले बताएकै मसला हाल्नू र गोली बनाई कपडामा सुकाउनू । अनि यसलाई तेल वा घिउमा भुट्नू । कुभिण्डोको गोली तयार हुन्छ । यसको गुण पहिले बताइएको मासको गोलीको जस्तै हुन्छ । विशेषतः यो रक्तविपकार नाशक र र पचाउन हलुका हुन्छ भनेर विद्वहरू भन्दछन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ज) **मदनपाल निघण्टु :**

कूष्माण्डकी पुष्पफली पचनालिश्चतुर्विधः । कर्कारुरफला कन्दी स्यादारू राजकर्कटी ॥

कूष्माण्डकी, पुष्पफली, पचनालि, चतुर्विध, कर्कारु, अफला, कन्दी, आरू र राजकर्कटी : यी कुभिण्डोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कूष्माण्डं बृंहणं शीतं गुरु पित्तास्रवातजित् । बल्यं पित्तापहं शीतं मध्यमं कफकारकम् ॥

यो पौष्टिक, शीतवीर्यको, पचाउन कठिन तथा पित्तविकार, रक्तविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यो बलदायक, पित्तनाशक र शीतवीर्यको हुन्छ । छिप्पिएको तर राम्ररी नपाकेको कुभिण्डो कफविकार गर्ने गुणको हुन्छ ।

पक्वं नातिहिमं स्वादु सक्षारं दीपनं लघु । बस्तिशुद्धिकरं रेतोरोगदोषत्रयापहम् ॥

पाकेको कुभिण्डो धेरै शीतवीर्य नभएको, स्वादिलो, केही नुनिलो, दीपनी, पचाउन सहज, तल्लो पेटलाई सफा गर्ने, वीर्यसम्बन्धी रोग नाशक र त्रिदोष नाशक हुन्छ ।

कूष्माण्डं नातिमधुरं वातश्मरिकफापहम् । तन्मज्जा पित्तनुद् वृष्यो मधुरो बस्तिशोधनः ॥

कुभिण्डो धेरै गुलियो पनि हुँदैन । यसले वातविकार, पत्थरी र कफविकार नाश गर्दछ । यसको बीजको गुदीले पित्तविकार नाश गर्दछ । यो पौष्टिक, गुलियो र तल्लो पेट सफा गर्ने गुणको हुन्छ ।

(ग) **राज निघण्टु :**

कर्कोटिका च कुष्माण्डी कुम्भाण्डी तु बृहत्फला ।
सुफला स्यात्कुम्भफला नागपुष्पफला मुनिः ॥
मूत्राघातहरं प्रमेहशमनं कृच्छ्राश्मरीच्छेदनं
विण्मूत्रग्लपनं तृषार्त्तिशमनं जीर्णाङ्गपुष्टिप्रदम् ।
वृष्यं स्वादुतरं त्वरोचकहरं बल्यं च पित्तापहं
कुष्माण्डं प्रवरं वदन्ति भिषजो वल्लीफलानां पुनः ॥

(१) कर्कोटिका, (२) कुष्माण्डी, (३) कुम्भाण्डी, (४) बृहत्फला, (५) सुफला, (६) कुम्भफला र (७) नागपुष्पफला : यी सात नाम कुभिन्डोका संस्कृत पर्यायवाची नामहरू हुन् । कुभिन्डोले मूत्राघात (पिसाब बन्द हुने बाह्र थरीको रोग) नाश गर्दछ, प्रमेह (पिसाबसँग मिसिई वीर्य अथवा शरीरका अरू धातु पातलिएर जाने विभिन्न रोगहरू) लाई शान्त पार्दछ तथा कृच्छ्र (मूत्रकृच्छ्र आदि पिसाबसम्बन्धी रोगहरू) र पत्थरीलाई छेदन (एक आपसमा मिली जमेर बसेको कफ आदि दोषलाई आफ्नो तागतले अलग गरी फोर्दछ तर बाहिर निकाल्न सक्ने क्षमता हुन्न) गर्दछ । दिसापिसाब खुलाउँदछ, तिर्खारोग नाश गर्दछ र कमजोर अङ्गलाई पुष्ट बनाउँदछ । यो वीर्यशाली, गुलियो, अरुची नाशक, बलदायक र पित्तविकार नाशक हुन्छ । वैद्यजन कुभिन्डोलाई लहरामा फल्ने फलमध्येमा उत्तम फल हो भन्दछन् ।

(घ) **राजवल्लभ निघण्टु :**

कूष्माण्डकं पित्तहरं बालं मध्यं कफापहम् । पक्वं लघूष्णं सक्षारं दीपनं बस्तिशोधनम् ॥
सर्वदोषहरं हृद्यं पथ्यं चेतोविकारिणम् ॥

कमलो कुभिण्डोको फल (चिचिलो) ले पित्तविकार नाश गर्दछ । अलि ठूलो फलले कफविकार नाश गर्दछ । पाकेको कुभिण्डोको फल पचाउन सहज, उष्णवीर्यको, केही क्षारयुक्त, दीपनी, मूत्राशय प्रशोधक, सबै दोष नाशक, मुटुका लागि हितकर, पथ्य र मुटुका विकार नाशगर्ने गुणको हुन्छ ।

कूष्माण्डनाडिका गुर्वी शर्कराश्मरिनाशिनी ॥

कुभिण्डोको लहराको डाँठ (वा मुन्टा) पचाउन कठिन हुन्छ । यसले शर्करा रोग र पत्थरी नाश गर्दछ ।

कूष्माण्डमज्जा वृष्या स्यात् पित्तनुद्बस्तिशोधना ॥

कुभिण्डोका बियाँ भित्रको गुदी वीर्यवर्धक, पित्तविकार नाशक र मूत्राशय प्रशोधक हुन्छ ।

(ङ) शालिग्राम निघण्टु :

कूष्माण्डं स्यात्पुष्पफलं पीतपुष्पं वृहत्फलम् ।

कूष्माण्ड, पुष्पफल, पीतपुष्प र वृहत्फल : यी कुभिण्डोका पर्यायवाची नाम हुन् ।

कूष्माण्डं भेद्यभिष्यन्दि विष्टम्भि वातपित्तजित् । वस्तिशुद्धिकरं वृष्यं स्वादुपाकरसं गुरु ॥
विशेषत्पित्तनुब्दालमध्यं चैव कफपहम् । पक्वं लघूष्णं सक्षारं दीपनं पाचनं तथा ॥
सर्वदोषहरं हृद्यं पथ्यं चेतोविकारनुत् । (सोढल निघण्टु)

कुभिण्डो भेदनी, अभिष्यन्दी, कब्जियत गर्ने, वातपित्तलाई जित्ने, मूत्राशय सफा गर्ने, वीर्यवर्धक, पचेपछि गुलियो र पचाउन कठिन हुने गुणको हुन्छ । कलिलो कुभिण्डो विशेषतः पित्तविकार नाश गर्ने गुणको हुन्छ । छिप्पिएको कुभिण्डोले कफविकार नाश गर्दछ । पाकेको कुभिण्डो पचाउन सहज, उष्णवीर्यको, क्षारयुक्त, दीपनी, पाचनी, सबै दोष नाश गर्ने, मुटुका लागि हितकर,पथ्य र छारेरोग नाश गर्ने गुणको हुन्छ ।

कूष्माण्डकफलं वृष्यं पुष्टिकृद्धातुवर्ध्कम् । वस्तिशुद्धिकरं बल्यमतिस्वादु च शीतलम् ॥
गुरु रूक्षं सारकं च हृद्यं कफकरं मतम् । मूत्राघातं प्रमेहञ्च मूत्रकृच्छ्राश्मरीं तृषाम् ॥
अरोचकं वातपित्तं पित्तं रक्तरुजं तथा । वातं रेतोविकारं च नाशयेदिति तन्मतम् ॥
तत्कोमलं चातिशीतं दोषकृत्पित्तहारकम् । तन्मध्यमं कफकरं पक्वं किञ्चित्वशीतलम् ॥
दीपकं च लघु स्वादु क्षारं वस्तेश्च शुद्धिदम् । सर्वदोषहरं पथ्यं पक्वमज्जा च माधुरी ॥
वस्तिशुद्धिकरी वृष्या पित्तनाशकरी मता । (निघण्टु रत्नाकर)

कुभिण्डोको फल वीर्यवर्धक, पुष्टिदायक, धातुवर्धक, मूत्राशय सफा गर्ने, गुलियो, शीतवीर्यको, पचाउन कठिन, रुखो, मलमूत्रलाई तलतिर सार्ने, मुटुका लागि हितकर, कफविकार गर्ने तथा मूत्राघात रोग, प्रमेह, मूत्रकृच्छ्र रोग, पत्थरी, तिर्खा, अरुचि, वातपित्त, पित्तविकार, रक्तविकार, वातविकार र वीर्यविकार नाश गर्ने गुणको हुन्छ । त्यसको कमलो फल अति शीतवीर्यको, दोष गर्ने र पित्तविकार नाश गर्ने गुणको हुन्छ । त्यसको मध्यम खालको फल कफविकार गर्ने गुणको हुन्छ । पाकेको फल केही शीतवीर्यको, दीपनी, पचाउन सहज, गुलियो, क्षारयुक्त र मूत्राशय सफा गर्ने गुणको हुन्छ । पाकेको बीजको गुदी सबै दोष नाश गर्ने, पथ्य, गुलियो, मूत्राशय सफा गर्ने, वीर्यवर्धक र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

कृकलास (छेपारो)
(Lizard)

परिभाषा :

(क) डा.सतिश चन्द्र साङ्ख्यधर : अंग्रेजीमा सरटलाई Chamaeleon तथा जाहकलाई The black Chamaeleon भनिन्छ ।

(ख) के.यन.स्वामी : (१) सरट : पल्ली । माउसुली । (२) कृकलास, प्रतिसूर्य, वृत्तिस्थ, द्रुमाश्रय : छेपारो । (३) शयानक : छेपारो । अजिङ्गर । (४) जाहक : छेपारो । (५) गात्रसङ्कोची : खेखर (मुसोविशेष) । (६) मण्डली : सर्प । बिरालो । ओत । (७) बहुरूप : छेपारो । (८) विरूपी वा विरूपिन् : छेपारो । (९) बिलवास : खेखस । फ्याउरो ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) छेपारे : छेपाराका चालको । (२) छेपारो : घाँटीमा माल र टाउकामा कुखुराका भालेको जस्तो सिउर हुने, प्रकाशमा विभिन्न रङ्गमा बदलिएको देखिने माउसुलीभन्दा केही ठूलो र त्यस्तै चारवटा खुट्टा भएको अण्डज वर्गको घस्रेर हिँड्ने जीव । (३) टिकटिके छेपारो : टिकटिक आवाज गरेर पुच्छर हल्लाउने एक जातको छेपारो । (४) भानेमुङ्ग्रो : मुङ्ग्रोजस्तो भान हुने वा देखिने, डँडाल्नु, पुच्छर र टाउकामा पखेटाजस्तो हुने, चिप्लो र बलियो छेपाराका छाँटको तर छेपारोभन्दा ठूलो र गोहोरोभन्दा सानो एक जन्तु । (५) माल : छेपारोका घाँटीमा झुन्डिने छाला ।

छेपारो (श्रोत : Ashahar alias Krishna Khan)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **माधव निदान :**

कार्ष्ण्यं श्यावत्वमथवा नानावर्णत्वमेव वा । मोहोऽथ वर्चसो भेदो दष्टे स्यात् कृकलासकैः ॥

छेपारोले टोकेमा टोकिएको स्थान कालो, कैलो वा विचित्र वर्णको हुन्छ । रोगी बेहोस हुने र छेरपटी लागेर पीडित हुने गर्दछ ।

(क) **राज निघण्टु :**

सरटः कृकलासः स्यात् प्रतिसूर्यः शयानकः । वृत्तिस्थः कण्टकागारो दुरारोहद्रुमाश्रयः ॥

सरट, कृकलास, प्रांतसूयं, शयानक, वृांत्तस्थ, कण्टकागार, दुरारोह र द्रुमाश्रय : यां छेपारोका सस्कृत पर्यायवाची नामहरू हुन् ।

जाहको गात्रसङ्कोची मण्डली बहुरूपकः । कामरूपी विरूपी च बिलवासः प्रकीर्तितः ॥

जाहक, गात्रसङ्कोची, मण्डली, बहुरूपक, कामरूपी, विरूपी र बिलवास : यी छेपारो विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् ।

जातहरू :

(क) ईयनडटविकिपेडियाडटओआरजी : Agamidae परिवारमा पर्ने छेपाराका निम्न अनुसार पाँच जात हुन्छन् ।

क्र.सं.	वैज्ञानिक नाम	अंग्रेजी नाम
१	*Calotes versicolor*	Oriental garden lizard
२	*Laudakia tuberculata*	Kashmir rock agama
३	*Japalura variegata*	Variegated mountain lizard
४	*Sitana fusca*	Dark sitana
५	*Sitana sivalensis*	Siwalik sitana

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) ईयनडटविकिपेडियाडटओआरजी : Scincidae परिवारमा पर्ने सर्पजस्तै चिल्ला छेपाराका निम्न अनुसार एघार जात हुन्छन् ।

क्र.सं.	वैज्ञानिक नाम	अंग्रेजी नाम
१	*Eutropis macularia*	bronze grass skink
२	*Eutropis carinata*	many-keeled grass skink
३	*Eutropis dissimilis*	striped grass skink
४	*Ablepharus ladacensis*	Ladak ground skink
५	*Ablepharus sikimmensis*	Sikkim ground skink
६	*Scincella reevesii*	Reeves's smooth skink
७	*Scincella capitanea*	large ground skink

८	*Sphenomorphus indicus*	Indian forest skink
९	*Sphenomorphus maculatus*	spotted forest skink
१०	*Riopa albopunctata*	white-spotted supple skink
११	*Riopa punctata*	common snake skink

सङ्कलन : मोहन प्रसाद सापकोटा

कृकांटिका (घाँटीको पांछेल्तिरको भाग)
(The back of the neck)

परिभाषा :

(क) आयुर्वेद शब्दकोश : (१) अवटु : ग्रीवायाः पश्चिमो भागः । (२) कृकाटिका : ऊर्ध्वजत्रुगतं मर्म । (३) घाटा : शारीरज अन्तकण्ठस्थमस्थि, अवटुः, गीवायाः पश्चाद्भागः, शङ्खस्योपरिभागः ।

(ख) कुलचन्द्र शर्मा : अवटु, घाटा र कृकाटिका : यी रुद्रघण्टीका पर्यायवाची नाम हुन् । गर्धनको माझको हाडको नाम भनी कसै-कसैले भन्दछन् । गर्धनको नसालाई मन्या भनिन्छ ।

(ग) के.यन.स्वामी : (१) अवटु : घाँटीको पछाडिको भाग (पुंलि.), गर्दनको उठेको भाग (स्त्रीलि.) । (२) घाटा : गर्दनको (पछाडिको) भाग । (३) कृकाटिका : घाँटीको उठेको भाग । गर्दनको उठेको भाग ।

(घ) राजनिघण्टु : अवटुस्तु शिरःपश्चात् सन्धिर्घाटा कृकाटिका ॥ टाउकाको पछिल्तिर रहेको गर्दनको उठेको भागलाई संस्कृतमा अवटु, घाटा र कृकाटिका भनिन्छ ।

(ङ) हलायुधकोष : (१) अवटु : ग्रीवापश्चाद्भागः । (२) कृकाटिका : घाटा, घाँटी । (३) घाटा : ग्रीवापश्चाद्भागः । अवटुः, कृकाटिका, शिरः पश्चात्सन्धिः, घाटः, कृकाटी, घाटिका ।

(च) हिन्दी विश्वकोश : (१) अवटु : घाँटीको पछिल्लो भाग । (२) कृकाटिका : ग्रीवापश्चाद्भागः, घाँटीको पछाडिको भाग । घाँटीका दुई मर्मस्थल । (३) घाटा : घाँटीको पछिल्तिरको भाग ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्रिमिदन्त (दाँत कीराले खानु)
(Dental Caries)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

समूलं दन्तमाश्रित्य दोषैरुल्बणमारुतैः । शोषिते मज्जि सुषिरे दन्तेऽन्नमलपूरिते ॥
पूतित्वात्कृमयः सूक्ष्मा जायन्ते जायते ततः । अहेतुतीव्रार्तिशमः ससंरम्भोऽसितश्चलः ॥
प्रभूतपूयरक्तस्तु स चोक्तः कृमिदन्तकः ।

जब वात शक्तिशाली भएको पित्त, कफ र रगत विकृत एवं उत्तेजित भई दाँतको जरामा बसेर दाँतको मासीलाई सुकाउँदछन् तब दाँतमा खाल्टो पर्न जान्छ । त्यसपछि त्यो खाल्डोमा खाएको अन्न एवं फोहोर पर्न थाल्दछ । यो सड्दछ र त्यहाँ स-साना (सूक्ष्म) कीरा पर्न थाल्दछन् । जसले गर्दा कुनै विशेष कारण बिना नै दाँत अति दुख्न थाल्दछ । कहिले यो कुनै उपचार नगर्दा पनि त्यत्तिकै शान्त हुन्छ भने कहिलेकाहीँ त्यो दाँतको वरिपरिको गिजा सुन्निने पनि गर्दछ । दाँत (विशेषगरी बङ्गारा)को भित्री भाग कालो हुन थाल्दछ र बङ्गारा हल्लिन थाल्दछ । कहिले गिजाबाट अत्यधिक मात्रामा पीप र रगत बहन थाल्दछ । यो रोगलाई "कृमिदन्तक" रोग भनिन्छ र प्रायः बङ्गारामा हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

कृष्णच्छिद्रश्चलः स्रावी ससंरम्भो महारुजः । अनिमित्तरुजो वाताद्विज्ञेयः क्रिमिदन्तकः ॥

दाँतमा स-साना काला प्वाल देखिन्छ, दाँत हल्लिन्छ, त्यसबाट पानी आदि पदार्थ बगिरहन्छ, गिजा सुन्निन्छ र कुनै कारण नै नभए पनि बेस्सरी दुख्दछ भने त्यो वातविकारले हुने "क्रिमिदन्त" रोग वा दाँत कीराले खाएको लक्षण हो ।

कृमिनाशक गण (औषधीको कीरानाशक गण)
(kriminashaka Gana)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

बिडंगं नागभिन्ना च पारसीकयवानिका । द्विधाकरञ्जष्टङ्कारी कौटजः कृमिहागणः ॥

वायुविडङ्ग, फ्याक्सेकन्द, पारसिक ज्वानु, दुई थरी कुबेराक्ष, टङ्कारी (आँखातरुवा) र ठूलोकुरो : यी कृमिनाशक गण हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कृशर (खिचडी)
(A kind of dish)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कृसर भनेको खिचडी वा खिच्रो हो ।

(ख) नेपाली बृहत् शब्दकोश (खिच्रो) : दाल, चामल एकै ठाउँमा मिसाई नुन, बेसार, मसला आदि हालेर पकाइएको जाउलो; खिचडी ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) आयुर्वेद महोदधि :

कफपित्तकरी बल्या कृशरानिलनाशनी ॥

खिचडीले कफ र पित्त बढाउँदछ, तागत दिन्छ र वातविकार नाश गर्दछ ।

(ख) कैयदेव निघण्टु :

यवागूः कृशरा ज्ञेया तिलतण्डुलमाषजा । तिलतण्डुलजा वापि यवागूः कृशरा मता ॥
कृशरा दुर्जरा बल्या गुरुर्वातविनाशिनी । बलपुष्टिमलश्लेष्मपित्तविष्टम्भशुक्रकृत् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

तिल, चामल र मास अथवा तिल र चामल हालेर पकाइएको यवागूलाई कृशरा (खिचडी) भनिन्छ । खिचडी ढिलो पच्ने, बलदायक, पचाउन कठिन, वातविकार नाश गर्ने तथा बल, दिसा, कफविकार, पित्तविकार, कब्जियत र शुक्र बढाउने गुणको हुन्छ ।

(ग) द्रव्यगुणसङ्ग्रह :

कृशरा पित्तकफदा बल्या मारुतनाशिनी ।

खिचडीले पित्तविकार र कफविकार गर्दछ, बल दिन्छ तथा वातविकार नाश गर्दछ ।

(घ) भावप्रकाश निघण्टु :

तण्डुला दालिसंमिश्रा लवणार्द्रकहिङ्गुभिः ॥ संयुक्ताः सलिले सिद्धाः कृशरा कथिता बुधैः ।
कृशरा शुक्रला बल्या गुरुः पित्तकफप्रदा ॥ दुर्जरा बुद्धिविष्टम्भमलमूत्रकरी स्मृता ।

चामलमा त्यही बराबर दाल मिसाएर आवश्यकता अनुसार नुन, अदुवा, हिङ हाली पानीमा पकाइएको खाने कुरालाई खिचडी भनिन्छ । खिचडी शुक्रजनक, बलदायक, पचाउन कठिन, पित्तविकार गर्ने, कफविकार गर्ने, ढिलो पच्ने, बुद्धिवर्धक, कब्जियत गर्ने र दिसापिसाब लगाउने गुणको हुन्छ ।

(ङ) **मदनपाल निघण्टु :**

क्वचित्समाषैःक्वाप्येवं कृशरा तिलतण्डुलैः । कृशरा बलकृद् ग्राह्या सिद्धा तण्डुलवैदलैः ॥
कृशरा शुक्रला बल्या गुरुः पित्तकफप्रदा । दुर्जरापुष्टिविष्टम्भमलहृद्वातनाशिनी ॥

कतै चामल र मास त कतै तिल र चामल हाली खिचडी पकाइन्छ । खिचडी बलदायक र ग्राहि हुन्छ । चामल र दाल हाली पकाइएको खिचडी वीर्यवर्धक, बलवर्धक, पचाउन कठिन तथा पित्तविकार र कफविकार बढाउने गुणको हुन्छ । यस्तो खिचडी ढिलो पच्ने, पुष्टिदायक, विष्टम्भी, मलवर्धक, र वातविकार नाशक हुन्छ ।

क्षिप्राऽपि तद्गुणा सैषा सुधान्यगुणकारिणी ॥

क्षिप्रा (चना, मटरकोसा आदि हाली पकाइएको खिचडी) मा पनि खिचडीकै गुण हुन्छन् । यो सुन्दर अनाज जस्तै गुनिलो हुन्छ ।

(च) **माधव द्रव्यगुण :**

कफपित्तकरी बल्या कृशरानिलनाशिनी ।

खिचडी कफविकार र पित्तविकार गर्ने, बलदायक तथा वातविकार नाश गर्ने गुणको हुन्छ ।

(छ) **हारीत संहिता :**

गुरुर्विष्टम्भजननो वातश्लेष्मकरः स्मृतः । पित्तसंशमनो बल्यो वृष्यश्चैव बलप्रदः ॥
मुहुस्तण्डुलसंयुक्तो माषतण्डुलवान् पुनः । अन्यथा धान्यगुणवाँल्लक्ष्यते च भिषग्वर ॥
तिलानां संयुतो हृद्यो धातुपुष्टिविवर्द्धनः । गुरुर्विष्टम्भमलकृद्दुर्जरः श्लेष्मकोपनः ॥

खिचडी पचाउन कठिन, विष्टम्भी, वातविकार गर्ने र कफविकार गर्ने गुणको हुन्छ । यसले पित्तलाई शान्त पार्दछ । बल र वीर्यका लागि यो हितकर हुन्छ र तागत दिन्छ । चामल मिसाइएको अथवा चामल र मास मिसाइएको खिचडीमा पनि यही गुण हुन्छ । अन्य खिचडीमा जे अन्न हालिन्छ त्यही अन्नको गुण हुन्छ । तिलको खिचडी सुन्दर, धातुलाई पुष्ट पार्ने पचाउन कठिन, विष्टम्भी, दिसा लगाउने, ढिलो पच्ने र कफविकार गर्ने गुणको हुन्छ ।

(ज) **हृदयदीपक निघण्टु :**

तिलतण्डुलैस्तु कृशरा ...।

तिल र चामल हाली पकाइएको खानेकुरालाई खिचडी भनिन्छ ।

कृष्णसर्षप (काल्तोरी)
(Black mustard)

परिभाषा :

(क) डा.सतिश चन्द्र साङ्ख्यधर : यसको ल्याटिन नाम *Brassica nigra* Linn. र हिन्दी नाम वनारसी राई हो ।

(ख) नेपाली बृहत् शब्दकोश (काल्तोरी) : कलेजी रङ्को जरा हुने, साधारण तोरीका भन्दा केही ठूला पात हुने र सागको तरकारी खाइने एक जातको तोरी ।

काल्तोरी, picture source : inaturalist.org

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

राजक्षवकसञ्ज्ञाऽन्या राजिका कृष्णसर्षपा । क्षुधाभिजनका प्रोक्ता शब्दैः पर्यायवाचकैः ॥

राजक्षवक, राजिका, कृष्णसर्षपा र क्षुधाभिजनका : यी काल्तोरीका पर्यायवाची नाम हुन् ।

(ख) धन्वन्तरि निघण्टु :

राजक्षवक इत्युक्ता राजिका कृष्णसर्षपः । क्षुधाभिजनकश्चैव सा चोक्ता राजसर्षपः ॥
राजिका कटुतिक्तोष्णा कृमिश्लेष्महरा परा । रुचिष्या पित्तला प्रोक्ता दृष्टिबस्तिप्रदूषिणी ॥

राजक्षवक, राजिका, कृष्णसर्षप, क्षुधाभिजनक र राजसर्षप : यी कालो रायोका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, उष्णवीर्यको, प्रभावकारी तरिकाले कीरा र कफविकार नाश गर्ने, रुचिप्रद, पित्तविकार गर्ने तथा दृष्टि र मूत्राशयलाई प्रदूषित पार्ने गुणको हुन्छ ।

(ग) भावप्रकाश निघण्टु :

क्षवः क्षुधाभिजनकः कृष्णीका कृष्णसर्षपः ॥ अतितीक्ष्णा विशेषेण तद्वत्कृष्णाऽपि राजिका ।

क्षव, क्षुधाभिजनक, कृष्णिका र कृष्णसर्षप : यी काल्तोरीका संस्कृत पर्यायवाची नामहरू हुन् । काल्तोरीमा पनि रायोका जस्तै गुण हुन्छन् तर यो विशेष तिक्खर हुन्छ ।

(घ) राज निघण्टु :

राजक्षवकः कृष्णस्तीक्ष्णफला राजराजिका राज्ञी ।
सा कृष्णसर्षपाख्या विज्ञेया राजसर्षपाख्या च ॥
राजसर्षपकस्तिक्तः कटूष्णो वातशूलनुत् । पित्तदाहप्रदो गुल्मकण्डूकुष्ठव्रणापहः ॥

राजक्षवक, कृष्ण, तीक्ष्णफला, राजराजिका, राज्ञी, कृष्णसर्षपा र राजसर्षपा : यी काल्तोरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तीतो, पिरो, उष्णवीर्यको तथा वातविकार र शूल नाशक हुन्छ । यसले पित्तविकार र डाह गराउँदछ तथा गुल्म, लुतो, कुष्ठ र घाउखटिरा नाश गर्दछ ।

केतकी तथा सुवर्णकेतकी (केत्तुके र पहेँलो केत्तुके)
(Screw pine)

परिभाषा :

(क) कुलचन्द्र शर्माले केतकालाई केत्तुके भनेका छन् ।

(ख) के.यन.स्वामी : (१) केतक, सूचिका : केबडाको फूल । (२) जम्बुक : केबडा । (३) क्रकचच्छद, लघुपुष्पा : सुनकेबडा । (४) सुवर्णकेतकी : सुनकेबडा, पहेँलो केबडा फूल । (५) सुगन्धिनी : सुनकेबडा, पहेँलो केबडा फूल ।

केतकी (तस्विर श्रोत : पेअर डी अमरकोश)

(ग) नेपाली बृहत् शब्दकोश : (१) केतक : लामा साँप्लाजस्ता तीखा र चिल्ला पात हुने, डाँठ र पातमा काँढा लाग्ने, डाँठबाट वरका जस्ता जरा निस्कने, घोगो परेको र सेतो सुगन्धी फूल फुल्ने एक जातको झाङ वा त्यसैको फूल; केतकी; केत्तुके; केवडा । (२) केत्तुके : केतकी; काँढादार लामा पातबाट पाट बनाउनमा प्रसिद्ध एक बोट ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Screw Pine र ल्याटिनमा *Pandanus odoratissimus* Roxb. भनिन्छ । बाक्ला, चम्किला, हरिया, तरबार जस्ता, ३-७ फीट लामा, तीखा काँडा भएका र बाक्ला पात हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) प्रेअर डी अमरकोश : केतकीलाई ल्याटिन भाषामा *Pandanus fascicularis* Lam. भनिन्छ ।

(च) नेपालको चुरे जङ्गल, जुलाई २०१४, नेपाल सरकार : केत्तुकेको वानस्पतिक नाम *Yucca gloriosa* L. वा *Agave cantula* Roxb. हो ।


केतकी (तस्विर श्रोत : पेअर डी अमरकोश)

(छ) डा.सतिश चन्द्र साङ्ख्यधर : केही विद्वानहरूले भाले जातको केतकीलाई सेतो केतकी र पोथी जातको केतकीलाई स्वर्णकेतकी भनी बताएको पनि पाइन्छ ।

(ज) फर्माकोपिया : संस्कृतमा केतकी, सूचिकापुष्प भनिने वनस्पति Pandanaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम Pandanus tectorius *Soland.ex Parkinson* र अंग्रेजी नाम Screw pine हो । ओखतीका लागि यसको जराको काँडापानी २०-३० ग्रामको एक मात्रा हुन्छ ।

(झ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : केवरा Angiosperm समूह अन्तर्गत Pandanaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Pandanus furcatus* Roxb. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

केतकी (तस्विर श्रोत : पेअर डी अमरकोश)

(क) अभिधानमञ्जरी :

केतकी दृढगन्धा च गृह्यगन्धा प्रमोदिनी ।
पुण्यगन्धा ब्रह्मपुत्री विज्ञेया लोकनन्दनी ॥

केतकी, दृढगन्धा, गृह्यगन्धा, प्रमोदिनी, पुण्यगन्धा, ब्रह्मपुत्री र लोकनन्दनी : यी केतकीका पर्यायवाची नाम हुन् ।

(ख) अभिधानरत्नमाला :

महापत्रो महाशाखो तु सुगन्धा च सुपत्रिका ।
वर्षपुष्पी केतकी च कृष्णसर्पप्रिया च सा ॥

महापत्रा, महाशाखा, सुगन्धा, सुपत्रिका, वर्षपुष्पी, केतकी र कृष्णसर्पप्रिया : यी केतकीका पर्यायवाची नाम हुन् ।

(ग) अर्कप्रकाश :

सङ्कलन : मोहन प्रसाद सापकोटा

केतक्याः पित्तदाहघ्नश्चक्षुष्योन्मादहृत्सराः ॥

केतकीको फूलको अकर्ले पित्त-डाह नाश गर्दछ, आँखाका लागि लाभदायक हुन्छ, उन्माद ठिक गर्दछ र दिसा लगाउँदछ ।

(घ) कैयदेव निघण्टु :

केतकी कम्बुको ज्ञेयः सूचीपुष्पो ललीनकः । तृणशून्यं करतृणं सुगन्धः क्रकचत्वचः ॥
केतकी मधुरा तिक्ता कफघ्नी कटुका लघुः । तत्फलं कटुकं तिक्तं लघूष्णं कफवातजित् ॥
पुष्पाणां प्रवरं हेमकेतकीपुष्पमुच्यते । ईषदुष्णं सुगन्धं च सतिक्तं दृष्टिदायकम् ॥

केतकी (तस्विर श्रोत : पेअर डी अमरकोश)

केतकी, कम्बुक, सूचीपुष्प, ललीनक, तृणशून्य, करतृण, सुगन्ध र क्रकचत्वच : यी केतकीका पर्यायवाची नाम हुन् । यो गुलियो, तितो, कफविकार नाश गर्ने, पिरो र पचाउन सहज हुने गुणको हुन्छ । त्यसको फल पिरो, तितो, पचाउन सहज, उष्णवीर्यको तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । फूलमा पहेँलो केकतकीको फूल उत्तम हुन्छ । यो केही उष्णवीर्यको, सुगन्धि, केही तितो र दृष्टि प्रदान

गर्ने गुणको हुन्छ ।

(ङ) **धन्वन्तरि निघण्टु :**

केतकी (तस्बिर श्रोत : पेअर डी अमरकोश)

केतकी सूचिकापुष्पो जम्बूकः क्रकचच्छदः ।
सुवर्णकेतकी चान्या लघुपुष्पा सुगन्धिनी॥
केतकी कटुका पाके लघु तिक्ता कफाहरा ।

केतकी, सूचिकापुष्प, जम्बूक र क्रकचच्छद : यी केतकीका तथा सुवर्णकेतकी, लघुपुष्पा र सुगन्धिनी : यी सुवर्णकेतकीका पर्यायवाची नाम हुन् । केतकी पचेपछि पिरो, पचाउन सहज, तितो र कफविकार नाश गर्ने गुणको हुन्छ ।

(च) **निघण्टुशेष :**

केतके तु रजःपुष्पो जम्बूलः क्रकचच्छदः ।

केतकीको फूल (तस्बिर श्रोत : अमेजन डटकम)

("कित निवासे" केतति वने केतकः । (रजोयुक्तानि पुष्पाण्यस्य रजःपुष्पः । जायते जम्बूलः । क्रकचाकाराणि छदान्यस्य क्रकचच्छदः ।) ।

हन प्रसाद सापकोटा

केतक, रजःपुष्प, जम्बूल र क्रकचच्छद : यी केतकीका पर्यायवाची नाम हुन् ।

(छ) **पर्यायरत्नमाला :**

सूचिपुष्पो हलीनश्च जम्बुलः केतकीति च ।

सूचिपुष्प, हलीन, जम्बुल र केतकी : यी केतकीका पर्यायवाची नाम हुन् ।

(ज) **भावप्रकाश निघण्टु :**

केतकः सूचिकापुष्पो जम्बुकः क्रकचच्छदः । सुवर्णकेतकी त्वन्या लघुपुष्पा सुगन्धिनी॥
केतकः कटुकः स्वादुर्लघुस्तिक्तः कफापहः । उष्णा तिक्तरसा ज्ञेया चक्षुष्या हेमकेतकी॥

केतक, सूचिकापुष्प, जम्बुक र क्रकचच्छद : यी केत्तुकेका तथा सुवर्णकेतकी, लघुपुष्पा र सुगन्धिनी : यी पहेँलो केत्तुकेका संस्कृत पर्यायवाची नामहरू हुन् । केत्तुके पिरो, स्वादिलो, तीतो र पचाउन हलुका हुन्छ । यसले कफविकार नाश गर्दछ । पहेँलो केत्तुके पनि तीतो हुन्छ । यसले गर्मी गर्दछ र आँखाका

लागि लाभदायक हुन्छ ।

(झ) **मदनपाल निघण्टु :**

केतकी सूचिकापुष्पो जम्बूकः क्रकचच्छदः । सुवर्णकेतकी चान्या लघुपुष्पा सुगन्धिनी ॥
केतकी कटुका स्वाद्वीर्लघुस्तिक्ता कफापहा ॥

केतकी, सूचिकापुष्प, जम्बूक र क्रकचच्छद : यी केतकीका तथा लघुपुष्पा र सुगन्धिनी : यी अर्को थरी केतकी अर्थात् सुवर्णकेतकीका संस्कृत पर्यायवाची नामहरू हुन् । केतकी पिरो, स्वादिलो, पचाउन सहज, तीतो र कफविकार नाशक हुन्छ ।

केतकी (तस्विर श्रोत : पेअर डी अमरकोश)

(ञ) **माधव द्रव्यगुण :**

कफघ्नं केतकं तिक्तं ...।

केतकी कफविकार नाश गर्ने र तीतो हुन्छ ।

(ट) **राजनिघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

केतकी तीक्ष्णपुष्पा च विफला धूलिपुष्पिका । मेध्या कण्टदला चैव शिवद्विष्टा नृपप्रिया ॥
क्रकचा दीर्घपत्रा च स्थिरगन्धा तु पांशुला । गन्धपुष्पेन्दुकलिका दलपुष्पा त्रिपञ्चधा ॥

(१) केतकी, (२) तीक्ष्णपुष्पा, (३) विफला, (४) धूलिपुष्पिका, (५) मेध्या, (६) कण्टदला, (७) शिवद्विष्टा, (८) नृपप्रिया, (९) क्रकचा, (१०) दीर्घपत्रा, (११) स्थिरगन्धा, (१२) पांशुला, (१३) गन्धपुष्प, (१४) इन्दुकलिका र (१५) दलपुष्पा : यी पन्ध्र नाम सेतो केत्तुकेका संस्कृत पर्यायवाची नामहरू हुन् ।

स्वर्णादि केतकी त्वन्या ज्ञेया सा हेमकेतकी । कनकप्रसवा पुष्पी हैमी छिन्नरुहा तथा ॥
विष्टरुहा स्वर्णपुष्पी कामखड्गदला च सा ॥

स्वर्णकेतकी, हेमकेतकी, कनकप्रसवा, पुष्पी, हैमी, छिन्नरुहा, विष्टरुहा, स्वर्णपुष्पी र कामखड्गदला : यी पहेँलो केत्तुकेका संस्कृत पर्यायवाची नामहरू हुन् ।

केतकीकुसुमं वर्ण्यं केशदौर्गन्ध्यनाशनम् । हेमाभं मदनोन्मादवर्धनं सौख्यकारि च ॥
तस्याः स्तनोऽतिशिशिरः कटुः पित्तकफापहः । रसायनकरो बल्यो देहदार्ढ्यकरः परः ॥

केत्तुकेको फूलले शरीरको वर्णमा निखार लेराउँदछ र कपालको दुर्गन्ध हटाउँदछ । पहेँलो केतकीको फूलले कामोत्तेजना र पागलपन बढाउँदछ । ये सुखदायी पनि हुन्छ । केत्तुकेको काण्ड अति

शीतवीर्यको, पिरो तथा पित्तविकार र कफविकार नाश गर्दछ । यो रसायनी, बलदायक र शरीरलाई अत्यन्त दृढ बनाउने गुणको हुन्छ ।

(केही विद्वानहरूले भाले जातको केतकीलाई सेतो केतकी र पोथी जातको केतकीलाई स्वर्णकेतकी भनी बताएका छन्) ।

(ठ) राजवल्लभ निघण्टु :

केतकं तिक्तकटुकं ...॥

केतकीको फूल तीतो र पिरो हुन्छ ।

केतकी (तस्बिर श्रोत : पेअर डी अमरकोश)

(ड) शालिग्राम निघण्टु :

श्वेता तु केतकी कट्वी स्वाद्वी तिक्ता लघुःस्मृता । विषं कफं नाशयति पुष्पमस्यालघुस्मृतम्॥
कटुतिक्तं कान्तिकरमुष्णवातकफापहम् । केशदुर्गन्धतापघ्नं केसरः सिध्मकण्डुहा॥
किञ्चिदुष्णं फलं स्वादु वातमेहकफापहम् । सुवर्णकेतकी तिक्ता नेत्र्या चोष्णा लघुः स्मृता॥
कटुका मधुरा चैव विषरुक्कफनाशिनी । अस्याः पुष्पं सुखकरं कामोद्दीपनकारकम्॥
किञ्चिदुष्णञ्च कटुकं तिक्तं नेत्र्यं सुगन्धिकम् । स्तनश्चास्यातिशिशिरो देहदार्ढ्यकरः पटुः॥
फलकेसरयोश्चैव गुणाः पूर्वोक्तवन्मताः॥ (निघण्टु रत्नाकर)

केतकीको ठूलो बोट (तस्बिर श्रोत : पेअर डी अमरकोश)

सेतो केतकी पिरो, गुलियो, तितो, पचाउन सहज हुने तथा विषविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । यसको फूल पचाउन सहज, पिरो, तितो, कान्तिदायक, उष्णवीर्यको, वातविकार र कफविकार नाश गर्ने, तथा कपालको दुर्गन्ध हटाउने गुणको हुन्छ । यसको केसर सिध्मरोग र चिलाउने रोग नाश गर्ने र केही उष्णवीर्यको हुन्छ । यसको फल गुलियो तथा वातविकार, प्रमेह र कफविकार नाश

गर्ने गुणको हुन्छ । सुवर्णकेतकी तितो, आँखाका लागि हितकर, उष्णवीर्यको, पचाउन सहज, पिरो, गुलियो तथा विषविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । यसको फूल सुखदायक, मैथुन शक्ति बढाउने, केही उष्णवीर्यको, पिरो, तितो, आँखाका लागि हितकर र सुगन्धि गुणको हुन्छ । यसको स्तन (दूध) अती शीतवीर्यको, शरीरलाई बलियो बनाउने, नुनिलो, बलदायक, रसायनी तथा पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । यसको फल र केसरको गुण सेतो केतकीको जस्तै हुन्छ ।

(ढ) **सरस्वती निघण्टु :**

केतकी चर्ष्टिका भृङ्गप्रिया च विफला पविः ।

केतकी, चर्ष्टिका, भृङ्गप्रिया, विफला र पवि : यी केतकीका पर्यायवाची नाम हुन् ।

(ण) **हारीत संहिता :**

केतकी वातला वृष्या तन्द्रानिद्राकरी मता ।

केतकी वातविकार बढाउने, वीर्यवर्धक, तन्द्रा बढाउने र निद्रा बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

केमुक (बेतलौरी)
(Wild ginger)

परिभाषा :

वन अदुवा (तस्विर श्रोत : ईयनडटविकिपेडियाडटओआरजी)

(क) के.यन.स्वामी : स्वल्पविटप, स्वादुकन्द भनेको केमुक वा केमुआ हो । केमुक मोथेजस्तो लामो पात, कसूरको जस्तो गानु र सेतो जरा हुने (पानीमा फैलने) झार हो ।

(ख) आचार्य बालकृष्ण : संस्कृतमा केमुक एवं हिन्दीमा केमुआ वा केमुक भनिने विरुवाको नेपाली नाम बेतलौरी हो । यसको वैज्ञानिक नाम *Costus speciosus* (Koen.ex Retz.) Sm. वा *Cheilocostus speciosus* (J.Koen.) C. Specht हो । अंग्रेजीमा यसलाई Wild or Spiral ginger), Crepe Wild Spiral ginger वा Elegant costus भनिन्छ ।

(ग) नेपाली बृहत् शब्दकोश (१) बेतलौरी : सेता फूल फुल्ने, अदुवाका ढाँचाका पात र कन्द हुने, लौरोजस्तो एउटै डाँठ हुने, पिसाब बन्द हुँदा तथा पेट पोल्ने रोगमा सेवन गरिने बुटे झार । (२) केमाच : कसुरजस्तो कन्द, सेतो जरा र लामालामा पात हुने, पानीभित्र उम्रने एक जातको झ्याउ वा एक किसिमको घाँस ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई ल्याटिन भाषामा *Costus speciosus* (Koen) Sm भनिन्छ ।

(ङ) संस्कृतमा केबुक, केम्बुक, केमुक वा केम्बु भनिने वनस्पति Zingiberaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम Costus speciosus (Koerning ex Retz.) हो । प्रशोधन गरिएको यसको गानाको मात्रा ३-६ ग्राम हो ।

बेतलौरी (तस्विर श्रोत : ने डट विकिपेडिया डट ओआरजी)

(च) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : बेतलौरी Angiosperm समूह अन्तर्गत Costaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Hellenia speciosa* (J.Koenig) S.R.Dutta हो । यो वानस्पतिक नाम *Costus speciosus* (Koen.ex Retz.) Sm.को पर्यायवाची नाम हो ।

(छ) हिन्दी विश्वकोश : (१) स्वल्पविटप : केमुक, केमुआ । (२) स्वादुकन्दल : केमुक, केमुआ । (३) केमुक : केवुककन्द । राजनिघण्टुमा यसका पर्याय पेचुक, पेचुनी, पेचु, पेचिका, दलसारिणी, र केचुक भनी दिइएको छ ।

(ज) शालिग्राम वैश्य : केमुकको वानस्पतिक नाम *Costus speciosus* हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) कैयदेव निघण्टु :

केलूटं स्वल्पविटपं कन्दं तत् स्वादु शीतलम् । कोविदेन तु लोकेन कोटुम्ब इति कथ्यते ॥
केलूटं मधुरं रूक्षं विशदं शीतलं गुरु । ग्राह्यभिष्यन्दि पित्तघ्नं बलासपवनप्रणुत् ॥

केलूट र स्वल्पविटप : यी बेतललौरीका पर्यायवाची नाम हुन् । यसको कन्द गुलियो र शीतवीर्यको हुन्छ । लोकका विद्वानले यसलाई कोटुम्ब नाम दिएका छन् । यो गुलियो, रुखो, सुन्दर, शीतवीर्यको, पचाउन कठिन, ग्राहि, अभिष्यन्दि तथा पित्तविकार, कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(ख) भावप्रकाश निघण्टु :

केमुकं कटुकं पाके तिक्तं ग्राहि हिमं लघु ॥
दीपनं पाचनं हृद्यं कफपित्तज्वरापहम् । कुष्ठकासप्रमेहास्रनाशनं वातलं कटु ॥

बेतलौरी शुरुमा पिरो र तीतो तथा पचेपछि पिरो हुन्छ । यसले कब्जियत र शीतल गर्दछ । यो पचाउन हलुका हुन्छ । यसले पाचकाग्निलाई बाल्दछ र खाएको कुरा पचाउँदछ । यो मुटुका लागि फाइदाजनक हुन्छ । यसले कफविकार, पित्तविकार, जरो, कुष्ठ, खोकी, प्रमेह र रक्तविकार नाश गर्दछ । यसले वातविकार गर्दछ ।

बेतलौरी (केमुक), तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ग) मदनपाल निघण्टु :

केयूरं स्वल्पविटपं कन्दलः स्वादुकन्दलः । केयुरं शीतलं ग्राहि पित्तलं कफवातजित् ॥

केयूर, स्वल्पविटप, कन्दल र स्वादुकन्दल : यी बेतलौरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, ग्राहि, पित्तविकार गराउने तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ ।

(घ) राजवल्लभ निघण्टु :

केबुकं कफपित्तघ्नं रोचनं वह्निदीपनम् ॥ महार्द्रं दीपनं ग्राहि रूक्षं वातकफापहम् ॥

बेतलौरी कफविकार र पित्तविकार नाशक, रोचनी र अग्निवर्धक हुन्छ । यो दीपनी, ग्राहि, रुखो तथा वातविकार र कफविकार नाशगर्ने गुणको हुन्छ ।

बेतलौरी (तस्बिर श्रोत : ने डट विकिपेडिया डट ओआरजी)

(ङ) शालिग्राम निघण्टु :

केबुका केमुकः केम्बु सुपत्रा दलमालिनी । केलूटः स्वल्पविटपः स्वादुकन्दश्च पोलिनी ॥

केबुका, केमुक, केम्बु, सुपत्रा, दलमालिनी, केलूट, स्वल्पविटप, स्वादुकन्द र पोलिनी : यी बेतलौरीका पर्यायवाची नाम हुन् ।

बेतलौरी (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

केलूटकं तु मधुरं रूक्षमच्छं च शीतलम् ।
भेदकं ग्राहकं रुच्यं गुरुपित्तकफापहम् ॥
वातनाशकरं चैव कन्देप्येते गुणाः स्मृताः ॥
(निघण्टु रत्नाकर)

बेतलौरीको कन्द गुलियो, रुखो, सफा, शीतवीर्यको, भेदनी, ग्राहि, रुचिप्रद, पचाउन कठिन तथा कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

केविका (फूलविशेष)
(A kind of flower)

परिभाषा :

(क) के.यन.स्वामी : (१) केविका : एक किसिमको फूल । यो काशीका बगैंचाहरूमा प्रायः देखिन्छ । यो वर्षाऋतुमा हुन्छ । दुईदेखि नौ फिट अग्लो पोथ्रा हुन्छ । कचुर वा हल्दीको जस्तो पाँचदेखि बाह्र इन्च लामो, केही बदामी रङको टुप्पामा चुच्चो भएको पात हुन्छ, गानुको बीचबाट सुइरो निस्कन्छ । यसमा तल फर्केको कमलो सेतो फूल फुल्दछ । (२) कविका, राजकन्या : केवडाको फूल । (३) भृङ्गारि, नृपवल्लभा : केवडा ।

(ख) शब्दकल्पद्रुम : (१) केविका : पुष्पविशेषः । केवेर इति भाषा कोकणे प्रसिद्धा ।

(ग) हिन्दी विश्वकोश : (१) अलिमोहिनी : केविका पुष्पवृक्ष, केवडेके फूल । (२) कविका : पुष्पवृक्ष विशेष । (३) केवा : पुष्पवृक्ष विशेष । कोङ्कण देशमा यसलाई केवार भनिन्छ । (४) केविका : केवा । (५) नृपवल्लभा : केतकी । महाराजचूतवृक्ष । (६) भृङ्गमारी : कोङ्कणदेशप्रसिद्ध केविका पुष्पवृक्ष । (७) भृङ्गारि : केविका पुष्प । केवडा । (८) महागन्धा : केविका पुष्प । केवडा । (९) राजकन्या : केविका पुष्प । केवडा ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **राज निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

केविका कविका केवा भृङ्गारिर्नृपवल्लभा । भृङ्गमारी महागन्धा राजकन्याऽलिमोहिनी ॥
केविका मधुरा शीता दाहपित्तश्रमापहा । वातश्लेष्मरुजां हन्त्री पित्तच्छर्दिविनाशिनी ॥

केविका, कविका, केवा, भृङ्गारि, नृपवल्लभा, भृङ्गमारी, महागन्धा, राजकन्या र अलिमोहिनी : यी केविकाका संस्कृत पर्यायवाची नामहरू हुन् । केविका गुलियो, शीतवीर्यको तथा डाह, पित्तविकार र थकाई नाशक हुन्छ । यसले वातविकार, कफविकार र पित्तजन्य वाकवाकी नाश गर्दछ ।

केश (कपाल)
(Hair)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) कचः कपालको रौँ; केश । (२) कपाल : मान्छे आदिका टाउकाको रौँ; केश । (३) केश : टाउकाको रौँ; कपाल । (४) चूल : कपाल; केश । शिखा; टुपी । (५) बालः कपाल; केश; रौँ ।

(ख) कपाललाई अंग्रेजीमा Hair भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

केशाः प्रोक्ताश्शिरोरुहाः ।

केशा र शिरोरुहा : यी कपालका पर्यायवाची नाम हुन् ।

(ख) अमरकोश :

सङ्कलन : मोहन प्रसाद सापकोटा

चिकुरः कुन्तलो वालः कचः केशः शिरोरुहः ॥

चिकुर (चिकूर), कुन्तल, वाल, कच, केश र शिरोरुह : यी कपालका पर्यायवाची नाम हुन् ।

(ग) पयार्य रत्नमाला :

कचः केशः शिरोरुहः ।

कच, केश र शिरोरुह : यी कपालका पर्यायवाची नाम हुन् ।

(घ) राज निघण्टु :

केशाः शिरसिजा बालाः कुन्तला मूर्धजाः कचाः । चिकुराः करुहाश्चाथ तद्वेष्टाः कवरीमुखाः ॥

केशा, शिरसिजा, बाला, कुन्तला, मूर्धजा, कचा, चिकुरा, करुहा, तद्वेष्टा र कवरीमुखा : यी कपालका संस्कृत पर्यायवाची नामहरू हुन् ।

केशकीट (जुम्रा)
(Lice)

परिभाषा :

(क) के. यन. स्वामी : यूका भनेको जुम्रो हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) किकी, कुरी कुरी, कीरी : जुम्रा (बालबोलीमा) । (२) चमजुम्रो : मानिसका छालामा बलियोसँग टाँसिएर बस्ने मासु रङको सानो किर्नुविशेष; छालामा टाँसिने जुम्रो; चुमजम्रो । (३) चम्कनु, चम्कनो : मानिसको कपालमा लाग्ने जुम्राको पूरै नहुर्किएको अवस्था; ढाडीभन्दा सानु र भुसुनुभन्दा ठूलो जुम्रो । (४) जम्रो : जुम्रो, यूका । (५) जुम्रा, जुम्रो : पसिना आदिले वा शरीरमा लगाउने लुगा आदिमा मयल जम्न गएमा जन्मने, शरीरको रगत चुसेर बाँच्ने एक जातको सानो कीरो; जम्रो; सेतो जम्रो । कपालमा लाग्ने त्यस्तै तर भिन्न रङको कीरो; कालो जम्रो । मान्छेको छालामा टाँसिएर बसेको हत्तपत्त नदेखिने एकदम सानो आकारको किर्नु; चमजुम्रो । (६) ढाडी : ठूलो जुम्रो, किर्नु आदि । (७) लिखा : जुम्रा, उडुस आदिको फुल; लिखो ।



(ग) अमरकोशमा कुलचन्द्र शर्मा गौतम : लिक्षा भनेको लिखा हो ।

(घ) डा.सतिश चन्द्र साङ्खधर : जुम्रालाई Lice, Head-louse, *Pediculus humanus Capitis* भनिन्छ । चमजुम्रोलाई Body Louse, *Pediculus humanus Corporis* भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

यूका तु केशकीटः स्यात् स्वेदजः षट्पदः स्मृतः॥
पक्ष्मजा पक्ष्मयूका स्यात् सूक्ष्मा षट्चरणाऽपि सा॥ श्वेतयूकाऽङ्गवस्त्रोत्था लिक्षा यूकाङ्गवस्त्रके॥

यूका, केशकीट, स्वेदज र षट्पद यी टाउकामा पर्ने जुम्राका; पक्ष्मजा, पक्ष्मयूका, सूक्ष्मा र षट्चरणा : यी जुम्रा विशेषका तथा श्वेतयूका, अङ्गवस्त्रोत्था, लिक्षा र यूकाङ्गवस्त्रक : यी शरीरका वस्त्रमा पर्ने जुम्राका पर्यायवाची नामहरू हुन् ।

कैडर्य (मिठो निम)
(Curry bush)

परिभाषा :

(क) के.यन.स्वामी : (१) कैडर्य, महानिम्ब, रमण, गिरिनिम्ब, महारिष्ट, शुक्लशाल, : पर्वते नीम । (२) रामण : पहाडी नीम ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : यसको पहिचानका सम्बन्धमा सर्वसम्मत धारणा छैन ।

(ग) आचार्य बालकृष्ण : यसलाई नेपालीमा मिठो नीम तथा संस्कृतमा कैडर्य, कैटर्य, सुरभिनिम्ब भनिन्छ । यसको वानस्पतिक नाम *Murraya koenigii* (Linn.) Spreng. हो । यसलाई अंग्रेजीमा Curry leaf tree, Curry leaf वा Curry bush भनिन्छ । यसको रूख ४-५ मिटर अग्लो, सुगन्धित र सानो हुन्छ । यसका बोक्रा चिल्लो र गाढा खरानी रङ्को हुन्छ । यसका सेता बास्ना आउने फूल हुन्छन् । यसको फल २.५ से.मी.लामा, ०.८ से.मी.चौडा र भुस सहितका फल हुन्छन् । पाकेपछि यी फल कलेजी रङका हुन्छन् । प्रायः हरेक फलमा दुई वटा बीज हुन्छन् । यसका बीज र पातबाट सुगन्धित तेल निकालिन्छ ।

कैदर्य (तस्विर श्रोत : Indian Journal of Public Health Research & Development, November 2020, Vol. 11, No. 11)

सङ्कलन : मोहन प्रसाद सापकोटा

(घ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : Rutaceae परिवारमा पर्ने वानस्पतिक नाम *Murraya koenigii* (L.) Spreng. भएको वनस्पतिको स्थानीय नाम असारे, मिठो निम वा खोले जामुन हो ।

(ङ) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : मिठो निम Rutaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Murraya koenigii* (L.) Spreng. हो ।

(च) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : मिठो निम वा करिपत्ता Angiosperm समूह अन्तर्गत Rutaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Murraya koenigii* (L.) Spreng. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कैडर्यतृतीयः कृष्णनिम्बः स्यात् कैडर्यः कृष्णपुष्पिकः ।
कृष्णपूर्वेण निम्बस्य पर्यायेण च कथ्यते ॥

तेश्रो थरी निम अर्थात् मिठो निमलाई संस्कृतमा कैडर्य, कृष्णनिम्ब वा कृष्णपुष्पिक भनिन्छ ।

(ख) अभिधान रत्नमाला :

कृष्णनिम्बः कालशाकः कैडर्यः सुरभिच्छदः ।

कृष्णनिम्ब, कालशाक, कैडर्य र सुरभिच्छद : यी मिठो निमका पर्यायवाची नाम हुन् ।

(ग) अष्टाङ्ग निघण्टु :

कृष्णनीलः कालशाखः कैडर्यः सुरभिच्छदः ।

कृष्णनील, कालशाख, कैडर्य र सुरभिच्छद : यी मिठोनिमका पर्यायवाची नाम हुन् ।

(घ) राज निघण्टु :

कैडर्य्योऽन्यो महानिम्बो रामणो रमणस्तथा । गिरिनिम्बो महारिष्टः शुक्लशालः कफाह्वयः ॥
कैडर्यः कटुकस्तिक्तः कषायः शीतलो लघुः । सन्तापशोषकुष्ठास्रक्रिमिभूतविषापहः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

कैडर्य्यो, महानिम्ब, रामण, रमण, गिरिनिम्ब, महारिष्ट, शुक्लशाल र कफाह्वय : यी मिठो निमका संस्कृत पर्यायवाची नामहरू हुन् । यो नीम पिरो, तीतो, टर्रो, शीतवीर्यको र पचाउन सहज हुन्छ । यसले डाह, सुजन, कुष्ठ, रक्तविकार, कीरा, भूतबाधा र विषविकार नाश गर्दछ ।

(ङ) शालिग्राम निघण्टु :

कैडर्य्योऽन्यो महानिम्बो रामणो रमणस्तथा ।
गिरिनिम्बो महारिष्टः शुक्लसारोऽलकाह्वयः ॥

कैडर्य्य, महानिम्ब, रामण, रमण, गिरिनिम्ब, महारिष्ट, शुक्लसार र अलकाह्वय : यी मिठोनिमका पर्यायवाची नाम हुन् ।

कैडर्यः शीतलस्तिक्तः कटुश्च तुवरो लघुः ।
दाहार्शःकृमिशूलघ्नः सन्तापविषनाशनः ॥
शोफकण्डूभूतबाधानाशयेदिति कीर्त्तितः । (निघण्टु रत्नाकर)

मिठोनिम शीतवीर्यको, तितो, पिरो, टर्रो, पचाउन सहज तथा डाह, हर्सा, कीरा, शूल, सन्ताप, विषविकार, सुजन, चिलाउने रोग र भूतबाधा नाश गर्ने गुणको हुन्छ ।

(च) सरस्वती निघण्टु :

कैडर्यः कालशाकश्च सुरभिः कृष्णनिम्बकः ।

कैडर्य, कालशाक, सुरभि र कृष्णनिम्बक : यी मिठोनिमका पर्यायवाची नाम हुन् ।

(छ) सोढल निघण्टु :

कैडर्यः केशमुष्टिश्च रामणो व्रणशोधनः । द्रेक्का च रम्यकोऽक्षीवः कार्मुको विषमुष्टिकः ॥

कैडर्य, केशमुष्टि, रामण, व्रणशोधन, द्रेक्का, रम्यक, अक्षीव, कार्मुक र विषमुष्टिक : यी मिठोनिमका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

केदार (खेतको पानी)
(Water of fields)

परिभाषा :

(क) के.यन.स्वामी (कैदार) : खेतको मूलको पानी ।
(ख) हिन्दी विश्वकोश (कैदार) : केदारस्थित जल । खेतको पानी ।
(ग) नेपाली बृहत् शब्दकोश (केदार) : धानखेतको गरो, आली वा बगैंचाको डयाङ; क्यारी ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) आयुर्वेद महोदधि :

केदारं मधुरं प्रोक्तं विपाके गुरु दोषलम्॥ (केदारं मधुरं पाके गुरुदोषविपाकलम्) ।

खेतको पानी पचेपछि मिठो, पचाउन कठिन र दोष बढाउने गुणको हुन्छ ।

(ख) कैयदेव निघण्टु, धन्वन्तरि निघण्टु :

...क्षेत्राम्बु कैदारमितिप्रसिद्धम् । कैदारं मधुरं पाके गुर्वभिष्यन्दि दोषलम् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

खेतको पानी कैदार नामले प्रख्यात छ । कैदार जल पचेपछि गुलियो, पचाउन कठिन, अभिष्यन्दि र दोषकारक हुन्छ ।

(ग) द्रव्यगुणसङ्ग्रह :

कैदारं ... स्वादु विपाके गुरु दोषलम् ।

कैदारजल पचेपछि गुलियो, पचाउन कठिन र दोषकारक हुन्छ ।

(घ) भावप्रकाश निघण्टु :

केदारः क्षेत्रमुद्दिष्टं कैदारं तज्जलं स्मृतम् । कैदारं वार्यभिष्यन्दि मधुरं गुरु दोषकृत्॥

केदार भनेको खेत हो । खेतमा हुने पानीलाई कैदार भनिन्छ । खेतको पानी अभिष्यन्दि, मिठो, पचाउन कठिन र दोषकारक हुन्छ ।

(ङ) मदनपाल निघण्टु :

कैदारं स्वाद्वभिष्यन्दि विपाके गुरु दोषलम्॥

खेतको पानी स्वादिलो, अभिष्यन्दी, पचेपछि गह्रौं हुने र दोष निकाल्ने गुणको हुन्छ ।

(च) **माधव द्रव्यगुण :**

कैदारं दुर्जरं प्रोक्तं विपाके गुरु दोषलम् ।

कैदार जल ढिलो पच्ने, विपाकमा गुरु र दोषकारक हुन्छ ।

(छ) **राज निघण्टु :**

केदारसलिलं स्वादु विपाके दोषदं गुरु । तदेव बद्धमुक्तन्तु विशेषाद्दोषदं भवेत् ॥

खेतको पानी पचेपछि गुलियो र दोषकारक हुन्छ । यो पचाउन कठिन हुन्छ । यदि यो सबैतिरबाट थुनिएको छ भने यो अझै विकार उब्जाउने गुणको हुन्छ ।

धानखेतको पानीमा गरिएको माछापालन, सिर्सैया, शुक्लाफाँटा न.पा. (तस्बिर श्रोत : कृषिपोष्ट डटकम)

कैवर्तिका (लताविशेष)
(A kind of creeper)

परिभाषा :

(क) के.यन.स्वामी : (१) कैवर्तिका : कालो फल हुने ऐँसेलु । (२) सुरङ्गा, वस्त्ररङ्गा : कालो फल हुने ऐँसेलुको लहरो । (३) द्रुमारुहा : कालो फूल हुने ऐँसेलु । (४) रिङ्गिणी : कालो फूल हुने ऐँसेलुको लहरो ।
(ख) नेपाली बृहत् शब्दकोश (कालीऐँसेलु) : लहरामा फल्ने र राता टोप्रा हुने एक जातको ऐँसेलु ।
(ग) हिन्दी विश्वकोश : (१) कैवर्तिका : जलमुस्ताविशेष, पानीमा हुने एक जातको मोथे । (२) द्रुमारुहा : कैवर्त्तमुस्ता, कैवर्त नामक मोथे । (३) लता : कैवर्त्तिका । (४) वस्त्ररङ्गा : कैवर्त्तकी । (५) सुरङ्गा : कैवर्त्तिका लता ।
(घ) आयुर्वेदीय शब्दकोश : मालवे स्वनामख्यातजलमुस्ता ।
(ङ) वैद्यक शब्दकोश (कैवर्तक) : कैवर्तमोथा ।
(च) शब्दकल्पद्रुमः मालवे प्रसिद्धो लताविशेषः ।
(छ) वाचस्पत्यम् : मालवदेश प्रसिद्ध लताभेदः ।
(ज) केही आधुनिक शोधकर्ताहरूले अंग्रेजी नाम red creeper तथा वानस्पतिक नाम *Ventilago madraspatana, Ventilago braeteata* भएको वनस्पतिलाई कैवर्तिका बताएका छन् ।

प्राचीन ग्रन्थका वचनहरू :

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) राज निघण्टु :

कैवर्तिका सुरङ्गा च लता वल्ली द्रुमारुहा । रिङ्गिणी वस्त्ररङ्गा च भगा चेत्यष्टधाऽभिधा॥
कैवर्तिका लघुर्वृष्या कषाया कफनाशनी । कासश्वासहरा चैव सैव मन्दाग्निदोषनुत्॥

(१) कैवर्तिका, (२) सुरङ्गा, (३) लता, (४) वल्ली, (५) द्रुमारुहा, (६) रिङ्गिणी, (७) वस्त्ररङ्गा र (८) भगा : यी आठ नाम कैवर्तिकाका पर्यायवाची नामहरू हुन् । यो पचाउन हलुका, वीर्यवर्धक, टर्रो र कफनाशक हुन्छ । यसले खोकी, दम र मन्द-पाचनशक्ति सम्बन्धी विकारलाई नाश गर्दछ ।

कोकड (मलसाँप्रो)
(Indian Fox, Marten, Weasel)

परिभाषा :

(क) के.यन.स्वामी (कोकड) : मलसाँप्रो ।
(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : मलसाँप्रोलाई अंग्रेजीमा Indian Fox भनिन्छ ।
(ग) नेपाली बृहत् शब्दकोश (मलसाँप्रो) : खैरो र कालो रङ्को, न्याउरीमुसाका आकारको एक वन्य जन्तु ।

(भनिन्छ कि-मलसाँप्रोले आलो खान्न बासी पाउन्न । मलसाँप्रोले कुनै चिजको सिकार गरेमा त्यसलाई त्यतीखेर नखाएर सूर्यको छायाँ हेरेर माटो मुनि लुकाएर छोड्दछ । जब बासी भएको बेला खानको लागी खोज्दछ तब सूर्य अर्को ठाउँमा गएकोले छायाँ सर्दछ र उ त्यो चिज भेटाउन सक्दैन।)

मलसाँप्रो (तस्विर श्रोत : एनईडटविकिपेडियाडटओआरजी)

जात :

सङ्कलन : मोहन प्रसाद सापकोटा

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले निकालेको जैविक विविधता संरक्षण तथा वन्यजन्तु र वनस्पति अपराध नियन्त्रण सम्बन्धी स्रोत पूस्तिका, २०७७ मा छ थरी मलसाँप्रोका बारेमा उल्लेख भएको पाइन्छ ।

क्र.सं.	नाम	वैज्ञानिक नाम	अंग्रेजी नाम
१	मलसाँप्रो	Martes flavigula	Yellow-throated Marten
२	हिमाली मलसाँप्रो	Martes foina	Beech Marten
३	पहाडी मलसाँप्रो	Mustela altaica	Alpine Weasel, Mountain Weasel
४	बहुरूपी मलसाँप्रो	Mustela ermine	Ermine, Stoat
५	पितोदर मलसाँप्रो	Mustela kathiah	Yellow-bellied Weasel
६	साइबेरियाली मलसाँप्रो	Mustela sibirica	Siberian Weasel

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

कोकडो जवनः प्रोक्तः कोकोवाचो बिलेशयः । ज्ञेयश्चमरपुच्छश्च लोमशो धूम्रवर्णकः॥

कोकड, जवन, कोकोवाच, बिलेशय, चमरपुच्छ, लोमश र धूम्रवर्णक : यी मलसाँप्रोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

हिमाली मलसाँप्रो, माथिल्लो मुस्ताङ्ग, नेपाल (तस्विर श्रोत : रुटिन अफ नेपाल बन्दको फेसबुक पेज)

सङ्कलन : मोहन प्रसाद सापकोटा

कोकिल (कोइली)
(Cuckoo)

परिभाषा :

(क) के.यन.स्वामी : (१) दुर्गा : श्यामा चरा । कागठोरी । (२) श्यामा : पोथी परेबा । पोथी कोइली । (३) पिक : कोइली ।

(ख) शब्दकल्पद्रुम : दुर्गा : श्यामापक्षी ।

(ग) नेपाली बृहत् शब्दकोश (१) कुहु कुहु : कोइलीको सुरिलो आवाज; कुहू-कुहू । (२) कोइली : कागजस्तै तर चिल्लो कालो रङ्को, पुच्छर अलि लामो हुने, वसन्त ऋतुमा झ्याम्म परेको रूखको हाँगामा बसेर सुरिलो स्वरमा कुहू-कुहू वा को हो ? को हो भन्दै कराउने प्रसिद्ध चरो; अलि, कलकण्ठ, कलापी, काकपुष्ट, कोक, कोकिल, चिपिचल्लो वा चिपिचिल्लो, परजात, पिक र रक्ताक्ष । (३) पोथी कोइली : कादम्बरी, कोकिला र श्यामा । (४) श्यामा : मीठो बोली बोल्ने कालो रङ्को प्रसिद्ध चरो; पोथी कोइली ।

(घ) डा.सतिश चन्द्र साङ्ख्यधर : दुर्गालाई अंग्रेजीमा Female Cuckoo भनिन्छ । भाले कोइलीलाई अंग्रेजीमा Male Cuckoo र ल्याटिन भाषामा *Cuculus micropterus* भनिन्छ । पोथी कोइलीलाई अंग्रेजीमा Female Cuckoo र ल्याटिन भाषामा *Eudynamis honorata* भनिन्छ ।

(ङ) पेयर डी अमरकोश : यसलाई ल्याटिन भाषामा *Eudynamys scolopaceus Linnaeus* र अंग्रेजीमा (Asian) Koel भनिन्छ ।



कोइली (तस्बिर श्रोत : पेयर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कोकिलपरपुष्टासितपरभृतताम्राक्षकृष्णगन्धर्वाः ।
कलरुहवनभूषणपिककलकण्ठवसन्तदूताः स्युः ॥

कोकिल, परपुष्टासित, परभृत, ताम्राक्ष, कृष्णगन्धर्व, कलरुह, वनभूषण, पिक, कलकण्ठ र वसन्तदूत : यी कोइलीका पर्यायवाची नाम हुन् ।

(ख) अष्टाङ्ग निघण्टु :

वनप्रियः परभृतः कोकिलः सुस्वरः पिकः ।

वनप्रिय, परभृत, कोकिल, सुस्वर र पिक : यी कोइलीका पर्यायवाची नाम हुन् ।

(ग) कैयदेव निघण्टु :

कोकिलः परपुष्टः स्यात् कलकण्ठो वनप्रियः । वसन्तदूतस्ताम्राक्षो गन्धर्वोऽन्यभृतः पिकः ॥
हरिकण्ठश्च कृष्णाह्वो मत्ताक्षो मधुरस्वरः ।

कोकिल, परपुष्ट, कलकण्ठ, वनप्रिय, वसन्तदूत, ताम्राक्ष, गन्धर्व, अन्यभृत, पिक, हरिकण्ठ, कृष्णाह्व, मत्ताक्ष र मधुरस्वर : यी कोइलीका पर्यायवाची नाम हुन् ।

(ग) धन्वन्तरि निघण्टु :

कोकिलः परपुष्टश्च कृष्णः परभृतोऽसितः । वसन्तदूतस्ताम्राक्षो गन्धर्वो वनभूषणः ॥
कोकिला परपुष्टा च धूर्ता परभृताऽसिता । कोकिलः परपुष्टश्च काकः परभृतः कपिः ॥
वसन्तदूतस्ताम्राक्षो गन्धर्वो मधुगायनः । कुहूरवः कलकण्ठः कामान्धः काकलीरवः ॥
कोकिलो बृंहणः प्रोक्तो मधुरो बलवर्धनः । कफघ्नो मधुरो ग्राही चक्षुष्यः कफकासजित् ॥

पोथी कोइली (तस्बिर श्रोत : पेयर डी अमरकोश)

कोकिल, परपुष्ट, कृष्ण, परभृत, असित, वसन्तदूत, ताम्राक्ष, गन्धर्व र वनभूषण : यी कोइलीका कोकिला, परपुष्टा, धूर्ता, परभृता र असिता : यी पोथी कोइलीका तथा कोकिल, परपुष्ट, काक, परभृत, कपि, वसन्तदूत, ताम्राक्ष, गन्धर्व, मधुगायन, कुहूरव, कलकण्ठ, कामान्ध र काकलीरव : यी ग्रन्थमा बताइएका कोइलीका पर्यायवाची नाम हुन् । कोइलीको मासु पौष्टिक, गुलियो, बल बढाउने, कफविकार नाश गर्ने, ग्राही, आँखाका लागि हितकर तथा कफजन्य खोकीलाई जित्ने गुणको हुन्छ ।

(घ) पर्यायरत्नमाला :

कोकिलः परपुष्टश्च मत्ताख्योऽन्यभृतः पिकः ।

कोकिल, परपुष्ट, मत्ताख्य, अन्यभृत र पिक : यी कोइलीका पर्यायवाची नाम हुन् ।

(ङ) **मदनपाल निघण्टु :**

कोकिलः कलकण्ठःस्यात्परपुष्टो वनप्रियः । पिकः परभृताहारी ताम्राक्षो मधुदूतकः ॥
कोकिलो दीपनो ग्राही चक्षुष्यः क्षयकासजित् ॥

कोकिल, कलकण्ठ, परपुष्ट, वनप्रिय, पिक, परभृताहारी, ताम्राक्ष र मधुदूतक : यी कोइलीका संस्कृत पर्यायवाची नामहरू हुन् । कोइलीको मासु दीपनी, ग्राही, आँखाका लागि हितकर तथा क्षयरोग र खोकीलाई जित्ने गुणको हुन्छ ।

(च) **राज निघण्टु :**

दुर्गा भगवती चैव सैवोक्ता सत्यपाण्डवी ॥

दुर्गा, भगवती र सत्यपाण्डवी : यी पोथी कोइली विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कोकिलः परपुष्टः स्यात् कालः परभृतः पिकः । वसन्तदूतस्ताम्राक्षो गन्धर्वो मधुगायनः ॥
वासन्तः कलकण्ठश्च कामान्धः काकलीरवः । कुहूरवोऽन्यपुष्टश्च मत्तो मदनपाठकः ॥

कोकिल, परपुष्ट, काल, परभृत, पिक, वसन्तदूत, ताम्राक्ष, गन्धर्व, मधुगायन, वासन्त, कलकण्ठ, कामान्ध, काकलीरव, कुहूरव, अन्यपुष्ट, मत्त र मदनपाठक : यी भाले कोइलीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कोकिला त्वन्यपुष्टा स्यान्मत्ता परभृता च सा । सुकण्ठी मधुरालापा कलकण्ठी मधूदया ॥
वसन्तदूती ताम्राक्षी पिकी सा च कुहूरवा । वासन्ती कामगा चैव गन्धर्वा वनभूषणी ॥

कोकिला, अन्यपुष्टा, मत्ता, परभृता, सुकण्ठी, मधुरालापा, कलकण्ठी, मधूदया, वसन्तदूती, ताम्राक्षी, पिकी, कुहूरवा, वासन्ती, कामगा, गन्धर्वा र वनभूषणी : यी पोथी कोइलीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

कोकिलाक्ष (तालमखाना)
(Marsh barbel)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : इक्षुगन्धा, काण्डेक्षु आदि नाम तालमखानाका नाम हुन् ।

(ख) नेपाली बृहत् शब्दकोश (तालमखाना) : लामालामा पात हुने, हाँगा र डाँठका बीचमा काँडादार गाँठा फल्ने, सेता वा नीला जूहीका जस्ता फूल फुल्ने एक जातको बुटी वा त्यसैको फल ।

(ग) चुनेकर : यसलाई ल्याटिन भाषामा *Hygrophila spinosa,* T. And. भनिन्छ ।

(घ) शास्त्री : यसलाई ल्याटिन भाषामा *Aster Cantha Longfolia* भनिन्छ ।

(ङ) आचार्य बालकृष्ण : कोकिलाक्षको वानस्पतिक नाम *Hygrophila auriculata (Schumach)* Heine वा *Hygrophila spinosa* T. Anders हो । यसलाई अंग्रेजीमा Marsh barbel, Long leaved barleria वा Talmakhana भनिन्छ ।

(च) फर्माकोपिया : संस्कृतमा कोकिलाक्ष, इक्षुर, इक्षुरक र कोकिलाक्षी भनिने वनस्पति Acanthaceae परिवारमा पर्दछ । यसको वानस्पति नाम Asteracantha longifolla Nees. Syn. Hygrophila spinosa T .Anders हो । ओखतिका लागि यो वनस्पतिका सबै भाग प्रयोग हुन्छ । एक मात्रा ३-६ ग्रामको हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

सङ्कलन : मोहन प्रसा

(क) अभिधानमञ्जरी :

नादेयी चेक्षुरः पुण्ड्रः कण्टकी कोकिलाक्षकः ।
प्रोक्तः कोकिलपर्यायैरक्षिपर्यायपूर्वगैः ॥

क्षुर (तस्विर श्रोत : पेअर डी अमरकोश)

नादेयी, इक्षुर, पुण्ड्र, कण्टकी, कोकिलाक्षक र अक्षि पूर्वमा आउने कोकिल शब्दका पर्याय : यी तालमखानाका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

पर्वमूलेक्षुर स्थूलकण्टका कोकिलाक्षकः ।

पर्वमूल, इक्षुर, स्थूलकण्टक र कोकिलाक्षक : यी तालमखानाका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

इक्षुगन्धा तु काण्डेक्षुकोकिलाक्षेक्षुरक्षुराः ।

इक्षुगन्धा, काण्डेक्षु, कोकिलाक्ष, इक्षुर र क्षुर : यी तालमखानाका पर्यायवाची नाम हुन् ।

कोकिलाक्ष (तस्विर श्रोत : वैद्य श्री मधुवज्र बज्राचार्य)

(घ) **अर्कप्रकाश :**

कोकिलाक्षिभवः शघ्रिं सेकाच्छोथान्निवारयेत् ।

तालमखानाको अर्क पिउनाले तुरुन्तै सुन्निएको बस्दछ ।

कोकिलाक्षस्य वीजन्तु महिषीदुग्धक्षौद्रयुक् । द्वादशाहं क्षुधां हन्यादेतदर्को न संशयः ॥

तालमखानाका बीजको अर्क निकाली त्यसमा भैंसीको दूध र मह मिसाएर पिउनाले बाह्र दिनसम्म भोक लाग्दैन, यसमा कुनै शङ्का गर्नु पर्दैन ।

(ङ) **कैयदेव निघण्टु :**

कोकिलाक्षो निक्षुरिक्षुबालिका तैलघण्टिकः । अथेक्षुरः क्षुरो ध्वाङ्गः क्षुरकश्चेक्षुगन्धिका ॥
अन्यः कदम्बशालिः स्याद् बृहत्केशश्चखगाटः ।
कोकिलाक्षो हिमस्तिक्तः स्वाद्वम्लः स्निग्धपिच्छिलः ॥
वृष्यो वातामवाताश्मतृष्णादृष्टिखुडास्रजित् । इक्षुरस्य दलं स्वादु तिक्तं शोफविषापहम् ॥
शूलपाण्डूदरानाहवातमूत्रविबन्धनुत् ।

सङ्कलन : मोहन प्रसाद मापकोटा

कोकिलाक्ष (तस्विर श्रोत : पेअर डी अमरकोश)

कोकिलाक्ष, निक्षु, इक्षु, बालिका, तैलघण्टिक, इक्षुर, क्षुर, ध्वाङ्ग, क्षुरक र इक्षुगन्धिका : यी तालमखानाका तथा कदम्बशालि र बृहत्केश र खगाट : यी अर्को थरी तालमखानाका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, तितो, गुलियो, अमिलो, चिल्लो, लेस्याइलो, वीर्यवर्धक तथा वातविकार, आमवात, पत्थरी, तिर्खा, दृष्टि (रोग) र खुडास्र (?) लाई जित्ने गुणको हुन्छ । यसको पात स्वादिलो, तितो तथा सुजन, विषविकार, शूल, पाण्डु, पेटका रोग, आनाह, वातविकार, पिसाबका रोग र कब्जियत नाश गर्ने गुणको हुन्छ ।

(च) **पर्यायरत्नमाला :**

कोकिलाक्षो वीरतरुस्त्विक्षुरः क्षुरकस्तथा । शुक्लपुष्पश्छत्रकः स्यादतिच्छत्रोऽरुणश्च सः ॥

कोकिलाक्ष, वीरतरु, इक्षुर, क्षुरक, शुक्लपुष्प, छत्रक, अतिच्छत्र र अरुण : यी तालमखानाका पर्यायवाची नाम हुन् ।

(छ) भावप्रकाश निघण्टु :

कोकिलाक्षस्तु काकेक्षुरिक्षुरः क्षुरकः क्षुरः । भिक्षुः काण्डेक्षुरप्युक्त इक्षुगन्धेक्षुबालिका ॥
क्षुरकः शीतलो वृष्यः स्वाद्वम्लः पिच्छिलस्तथा ।
तिक्तो वातामशोथाश्मतृष्णादृष्ट्यनिलास्रजित् ॥

इक्षुगन्धा (तस्बिर श्रोत : पेअर डी अमरकोश)

कोकिलाक्ष, काकेक्षु, इक्षुर, क्षुरक, क्षुर, भिक्षु, काण्डेक्षु, इक्षुगन्धा र इक्षुबालिका : यी तालमखानाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ र वीर्य बढाउँदछ । यो स्वादिलो, तीतो, अमिलो र लेस्याइलो हुन्छ । यसले वातविकार, आमविकार, सुजन, पत्थरी, तिर्खा, दृष्टिरोग र वातरक्त नाश गर्दछ ।

(ज) मदनपाल निघण्टु :

सङ्कलन : मो

इक्षुरः क्षुरमेधाण्डः कोकिलाक्षः क्षुर स्मृतः । तैलकण्डस्तिक्षरिक्षुवालिकाचेक्षुगन्धिका ॥
इक्षुरः शीतलो वृष्यो गुरुर्वातकफास्रजित् ॥

इक्षुर, क्षुरमेधाण्ड, कोकिलाक्ष, क्षुर, तैलकण्ड, तिक्षरिक्षु, वालिका र इक्षुगन्धिका : यी तालमखानाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ । यो वीर्यवर्धक, पचाउन कठिन तथा वातविकार, कफविकार र रक्तविकार नाशक हुन्छ ।

(झ) राज निघण्टु :

कोकिलाक्षः शृगाली च शृङ्खला रणकस्तथा । शृङ्गालघण्टी वज्रास्थि-शृङ्खला वज्रकण्टकः ॥
इक्षुरः क्षुरको वज्रः शृङ्खलिका पिकेक्षणः । पिच्छिला चेक्षुगन्धा च ज्ञेया भुवनसम्मिता ॥
कोकिलाक्षस्तु मधुरः शीतः पित्तातिसारनुत् । वृष्यः कफहरो बल्यो रुच्यः सन्तर्पणः परः ॥

(१) कोकिलाक्ष, (२) शृगाली, (३) शृङ्खला, (४) रणक, (५) शृङ्गालघण्टी, (६) वज्रास्थि-शृङ्खला, (७) वज्रकण्टक, (८) इक्षुर, (९) क्षुरक, (१०) वज्र, (११) शृङ्खलिका, (१२) पिकेक्षण, (१३) पिच्छिला र (१४) इक्षुगन्धा : यी चौध नाम तालमखानाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, शीतवीर्यको तथा पित्तविकार र अतिसारलाई ठिक गर्ने गुणको हुन्छ । यसका साथै यो वीर्यशाली, कफविकार नाशक, बलदायक, रुचिकर र अत्यन्त तृप्तिदायक हुन्छ ।

कोकिलाक्ष (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ञ) **राजवल्लभ निघण्टु :**

आमवातानिलापघ्नौ कोकिलाक्ष...॥

तालमखानाले आमजन्य वातविकार र वातविकार नाश गर्दछ ।

(६) **शालिग्राम निघण्टु :**

कोकिलाक्षो मधुः शीतो रुच्यो बल्यो गुरुः स्मृतः ।
वृष्योम्लतर्पणस्तिक्तः स्वादुः स्निग्धश्च चिक्कणः॥
आमवातामवातातिसारतृष्णाश्मरीरुजः । वातास्रमेहशोथामरक्तरुङ्नाशनो मतः॥
पित्तञ्च दृष्टिरोगञ्च नाशयेदिति कीर्त्तितः । पर्णञ्च स्वादु तिक्तं स्याच्छोथशूलविषापहम्॥
आनाहवातमुदरंपाण्डुरोगञ्च नाशयेत् । बन्धञ्च मलमूत्राणां वातमेवं च नाशयेत्॥
वृद्धस्य कोकिलाक्षस्य गुणास्त्वस्यसमा मताः ।

कोकिलाक्ष (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

तालमखाना गुलियो, शीतवीर्यको, रुचिप्रद, बलदायक, पचाउन कठिन, वीर्यवर्धक, अमिलो, तृप्तिदायक, तितो, स्वादिलो, चिल्लो, लेस्याइलो तथा आमवात, आमविकार, वातातिसार, तिर्खा, पत्थरी, वातरक्त, प्रमेह, सुजन, आमरक्त, पित्तविकार र आँखाका रोग नाश गर्ने गुणको हुन्छ । यसका पात गुलियो, तितो तथा सुजन, शूल, विषविकार, आनाह, वातविकार, पेटका रोग, पाण्डु, कब्जियत, पिसाब रोकिने रोग र वायु रोकिने रोग नाश गर्ने गुणको हुन्छ । ठूलो जातको तालमखानामा पनि यिनै गुण हुन्छन् ।

कोकिलाक्षस्य बीजं तु शीतं स्वादु कषायकम् । तिक्तं वृष्यं गुरुर्बल्यं ग्राहकं गर्भस्थापनम्॥
कफवातकरञ्चैव मलस्तम्भकरं तथा । रक्तदोषञ्च दाहञ्चपित्तञ्चैव विनाशयेत्॥

यसको बीज शीतवीर्यको, गुलियो, टर्रो, तितो, वीर्यवर्धक, पचाउन कठिन, बलदायक, ग्राहि, गर्भ संस्थापक, कफविकार र वातविकार गर्ने, कब्जियत गर्ने तथा रक्तविकार, डाह र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

कोद्रव (कोदो)
(Kodo millet)

परिभाषा :

(क) अमरकोषमा कुलचन्द्र शर्मा : कोद्रव र कोरदूष भनेको कोदो हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) कपना : कोदो फल्दाको झुप्पो । (२) कोदे : कोदो खाएर जीविका गर्ने; कोदो बाहेक अरु अन्न खान नपाएको; पाङ्दुरे; कोदो खाने । (३) कोदो : सिरुका जस्तै पात हुने र टुप्पामा झुप्पे बाला लाग्ने बोट वा त्यसै बोटका बालामा फल्ने तोरीका दानाजस्तै आकार र रङ हुने दाना (अन्न); कुअन्न; क्षुद्रधान्य । (४) चौंरे कोदो : चमरजस्तै झुप्पा बाला लाग्ने एक जातको कोदो । (५) पाङ्दुर : चाँडो रोपेर चाँडै पाक्ने, राई-जातिले पितृपूजाका निम्ति उपयोगमा ल्याउने एक जातको कोदो । चौंरिकोदो । (६) बनकोदो : जङ्गलमा हुने एक जातको कोदो; चौंरिकोदो; पाङ्दुर । (७) मडुवा : आँख्ला-आँख्लाबाट हाँगा पलाई फल्ने एक जातको कोदो । (८) मुड्के कोदो : मुङ्ग्रे कोदो । (९) मुङ्ग्रे कोदो : बोट अलि सानो भई बाला ठाडो हुने एक जातको कोदो वा त्यसैको बोट ।

कोद्रव (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : कोदोको ल्याटिन नाम *Paspalum scrobiculatum* Linn. हो । मधुमेहका बिरामीलाई चामलको साटो यो खुवाइन्छ ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : कोदोलाई अंग्रेजीमा Punctured Paspalum तथा ल्याटिन भाषामा *Paspalum Scrobiculatum* भनिन्छ ।

(ङ) आचार्य बालकृष्ण : कोदो यस्तो अन्न हो जुन लामो समय राख्दा पनि बिग्रँदैन र कीरा पर्दैन । यसको वानस्पतिक नाम *Paspalum commersonii* Lam. पनि हो । यसलाई अंग्रेजीमा Rice grass, Native millet वा Kodo millet पनि भनिन्छ । उनले यसको नेपाली नाम "जनै घाँस" दिएका छन् । यसलाई हिन्दीमा कोद्रा, कोदो धान, कोदव र कोदो भनिन्छ ।

(च) फर्माकोपिया : कोद्रव, कोरदूष र कोर दूषक संस्कृत नाम भएको अन्नविशेष *Poaceae* परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Paspalum scrobiculatum* Linn. र अंग्रेजी नाम Kodo Millet हो । ओखतीका लागि ५०-१०० ग्रामको एक मात्रा हुन्छ ।

(छ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : जनै घाँस Angiosperm समूह अन्तर्गत Poaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Paspalum distichum* L. हो । कोदो

Angiosperm समूह अन्तर्गत Poaceae परिवारमा पर्दछ यसको वानस्पतिक नाम *Paspalum scrobiculatum* L. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कोद्रव (तस्विर श्रोत : आचार्य बालकृष्ण)

कोद्रवः कोरदूषश्च कोद्दारुष उदाहृतः ।
मदनश्चमरीरूषस्तथा मर्षणफेनिलः ॥

कोद्रव, कोरदूष, कोद्दारुष, मदन, चमरीरूष र मर्षणफेनिल : यी कोदोका पर्यायवाची नाम हुन् ।

(ख) अभिधानरत्नमाला :

कोरदूषो वरी(महारूक्षो) वरकः कोद्रवश्च सः ।

कोरदूष, वरी (महारुक्ष), वरक र कोद्रव : यी कोदोका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) अर्कप्रकाश :

कोद्रवो द्विविधः प्रोक्तः ।

कोदो दुई प्रकारको हुन्छ ।

(घ) अष्टाङ्ग निघण्टु, पर्याय रत्नमाला :

...कोरदूषस्तु कोद्रवः ।

कोदूष र कोद्रव : यी कोदोका पर्यायवाची नाम हुन् ।

(ङ) कैयदेव निघण्टु :

कोद्रवः कोरदूषः स्यादुद्दालो वनकोद्रवः ।
...कोद्रवो विषपित्तजित् । हिमः स्पर्शे हिमो ग्राही वीर्योष्णो वनकोद्रवः ॥

कोद्रव र कोरदूषक : यी कोदोका तथा उद्दाल र वनकोद्रव : यी वनकोदोका पर्यायवाची नाम हुन् । कोदो विषविकार र पित्तविकारलाई जित्ने, छुँदा शीतल, शीतवीर्यको र ग्राही हुन्छ । वनकोदो

उष्णवीर्यको हुन्छ ।

(च) **धन्वन्तरि निघण्टु :**

कोद्रवः कोरदूषः स्यादुद्दालो वनकोद्रवः । कोद्रवः शीतलो ग्राही विषपित्तकफाञ्जयेत्॥

कोद्रव र कोरदूष : यी कोदोका तथा उद्दाल र वनकोद्रव : यी वनकोदोका पर्यायवाची नाम हुन् । कोदो शीतवीर्यको, ग्राही तथा विषविकार, पित्तविकार र कफविकारलाई जित्ने गुणको हुन्छ ।

(छ) **भावप्रकाश निघण्टु :**

**कोद्रवः कोरदूषः स्यादुद्दालो वनकोद्रवः । कोद्रवो वातलो ग्राही हिमः पित्तकफापहः॥
उद्दालस्तु भवेदुष्णो ग्राही वातकरो भृशम् ।**

कोद्रव र कोरदूष कोदोको तथा उद्दाल र वनकोद्रव बनकोदोका संस्कृत पर्यायवाची नाम हुन् । कोदोले वातविकार बढाउँदछ र कब्जियत गर्दछ । यसले शीतल गर्नुका साथै पित्तविकार र कफविकार नाश गर्दछ । बनकोदोमा गर्मी र कब्जियत गर्ने तथा अती नै वातविकार बढाउने गुण हुन्छ ।

कोदो बारी, पाल्पा (तस्विर श्रोत : हिमालपोष्ट डटकम)

(ज) **मदनपाल निघण्टु :**

**... कोद्रवः कुरसः स्मृतः । कोद्रवः कोरदूषः स्यादुद्दालो वनकोद्रवः॥
कोद्रवः शीतलो ग्राही विषपित्तकफाञ्जयेत्॥**

कोद्रव, कुरस, कोरदूष, उद्दाल र वनकोद्रव : यी कोदोका नाम वा जात हुन् । कोदो शीतल गर्ने, ग्राही तथा विषविकार, पित्तविकार र कफविकारलाई जित्ने गुणको हुन्छ ।

(झ) **राजनिघण्टु :**

**कोद्रवः कोरदूषश्च कुद्दालो मदनाग्रजः । स च देशविशेषेण नानाभेदः प्रकीर्त्तितः॥
कोद्रवो मधुरस्तिक्तो व्रणिनां पथ्यकारकः । कफपित्तहरो रूक्षो मोहकृद्वातलो गुरुः॥**

कोद्रव, कोरदूष, कुद्दाल र मदनाग्रज : यी कोदोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो देश (स्थान) अनुसार अनेक थरीको हुन्छ । कोदो गुलियो, तीतो तथा घाउखटिरा हुनेहरूका लागि पथ्य हुन्छ । यसले कफविकार र पित्तविकार नाश गर्दछ । यो रुखो, मोहदायक, वातविकार गर्ने र पचाउन कठिन

हुने गुणको हुन्छ । (कोदो लगाइएको खेत वा बारीलाई कोद्रवीणम् भनिन्छ) ।

(ञ) **शालिग्राम निघण्टु :**

कोद्रवः कोरदूषः स्यादुद्दालो वनकोद्रवः ।

कोद्रव र कोरदूष : यी कोदोका तथा उद्दाल र वनकोद्रव : यी वनकोदोका पर्यायवाची नाम हुन् ।

कोद्रवो मधुरस्तिक्तो व्रणिनां पथ्यकारकः । कफपित्तहरोरूक्षो मोहकृद्वातलो गुरुः ॥

कोदो गुलियो, तितो, खटिरा आएका व्यक्तिलाई पथ्य, कफविकार र पित्तविकार नाश गर्ने, रुखो, मोह गराउने, वातविकार बढाउने र पचाउन कठिन हुने गुणको हुन्छ ।

कोरदूषः परं ग्राहीस्पर्शशीतो विषापहः । (वाग्भट)

कोदो अति ग्राही, छुँदा शीतल र विषविकार नाश गर्ने गुणको हुन्छ ।

कोद्रवो बद्धविण्मूत्रो वातलो लेखनो लघुः । विषपित्तकफामघ्नो कषायो रक्तपित्तजित् ॥
स्पर्शः शीतः परं ग्राही मधुरो रूक्ष शीतलः । उद्दालकस्तु वीर्योष्णो लेखनो वातलो लघुः ॥
रूक्षः स्वादुः कषायश्च श्लेष्मजिद्बद्धमूत्रविट् । (शोढल निघण्टु)

सङ्कलन : मोहन प्रसाद सापकोटा

कोदो दिसा पिसाब रोक्ने, वातविकार बढाउने, लेखनी, पचाउन सहज; विषविकार, पित्तविकार र कफविकार नाश गर्ने; टर्रो, रक्तपित्तलाई जित्ने, छुँदा शीतल, अति ग्राही, गुलियो, रुखो र शीतवीर्यको हुन्छ । वनकोदो उष्णवीर्यको, लेखनी, वातविकार गर्ने, पचाउन सहज, रुखो, गुलियो, टर्रो, कफविकारलाई जित्ने तथा दिसापिसाबलाई रोक्ने गुणको हुन्छ ।

(ट) **सरस्वती निघण्टु :**

कोद्रवः कोरदूषश्च कोरदूषक इष्यते ।

कोद्रव, कोरदूष र कोरदूषक : यी कोदोका पर्यायवाची नाम हुन् ।

(ठ) **हारीत संहिता :**

ग्लानिमूर्च्छाकरं सद्यः कोद्रवं न हितं मतम् ॥

सामान्य अन्नमा कोदोको माडले तुरुन्त ग्लानि र बेहोसी गर्नसक्ने हुनाले यो खानु हितकर मानिएको छैन ।

कोद्रवो रूक्षो ग्राही स्याद्रक्तपित्तविशोषणः ॥
नाधिक कफकृत् प्रोक्तो रुच्यः स्वादुः प्रकीर्तितः ॥

कोदो रुखो, ग्राही र रक्तपित्त नाशक हुन्छ । यसले धेरै कफविकार बढाउँदैन । यो रुचिकर र स्वादिलो हुन्छ पनि भनिएको छ ।

एक जातको नेपाली कोदो (तस्बिर श्रोत : हलोखबर डटकम)

(ङ) **हृदयदीपक निघण्टु :**

कोद्रवः कोरदूषोऽन्य उद्दालो वनकोद्रवः ।

कोद्रव र कोरदूषक : यी कोदोका तथा उद्दाल र वनकोद्रव : यी वनकोदोका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कोल (बयर)
(Jujube)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कर्कन्धू, बदरी र कोली बयर वृक्षका तथा कोल, कुबल,फेनिल, सौवीर, बदर र घोण्टा बयर फलका नामहरू हुन् ।

(ख) के.यन.स्वामी : (१) कर्कन्धू : इरानी बयर वा त्यसको रूख; अगुजे (?) बयर; पिठौली । (२) बदरी : अगुजे बयर वा बयरको रूख । (३) कोलम्, फेनिल, विषमा : अगुजे बयर । (४) कोली : बयर । (५) कुवल, सौवीर : बयरको फल । (६) राजबदर, नृपेष्ट, राजवल्लभ, पृथुकोल, मधुरफल, राजकोल : पिउँदी बयर । (७) तनुबीज : ठुलो बयर । (८) भूबदरी : जङ्गली बयर । (९) क्षितिबदरी, वल्लीबदरी, बहुफलिका, बदरफली, सूक्ष्मबदरी : देहाती बयर । (१०) लघुबदरी : सानो जातको बयर । (११) सूक्ष्मफल : सानो बोहोरी । (१२) दुःस्पर्श, मधुर : औले बयर । (१३) शम्बराहार : अगुजे बयर । (१४) शिखिप्रिय : औले बयर । जङ्गली बयर ।

बदरी (तस्बिर स्रोत : पेयर डी अमरकोश)

(ग) नेपाली बृहत् शब्दकोश : (१) औलिया बयर : औल लाग्ने ठाउँमा लहरामा फल्ने एक प्रकारको फल; कोल । (२) कासी बयर : लाम्चा गेडा फल्ने खल्लो गुलियो स्वादको एक जातको बयर । (३) ठूलो बयर : लाम्चा पात, पहेँला फूल र लाम्चा हरिया फल लाग्ने काँडावाल रूख वा त्यसको फल । (४) बदरिका : बयरको रूख वा त्यसको फल । (५) बयर (सं.वदरी) : विशेष गरी औलिया जग्गामा पाइने, बाक्लो झाङ र काँडा हुने कलिलोमा हरिया, कट्मिरोमा पहेँला र पाकेपछि राता फल लाग्ने र गुदीभित्र सानो बियाँ वा हाड र त्यसभित्र दिउल हुने झन्डै अमलाजत्रो एक फल । (६) रूख बयर : सानासाना पात हुने र पहेँला फूल फुल्ने एक जातको काँढि रूख वा त्यसैको खैरो फल । (७) सतिबयर : भेट्नैपिच्छे तीनतीनवटा पात लाग्ने, पहेँला वा राता फूल फुल्ने, मसिना अमिला दाना फल्ने एक जातको बोट वा त्यसैको फल; पिठाउली; पिठौली । (८) सेतो सतीबयर : उज्जर रङका दाना फल्ने सतीबयर । (९) सौवीर : ठूलो र लाम्चा दाना लाग्ने बयरको एक जात; काशीबयर ।

सङ्कलन : मोहन प्रसाद सापके

(घ) भावप्रकाश निघण्टु : पाकेको र मिठो ठूलो खालको बयरलाई सौवीर भनिन्छ । सानो, गुलियो र पाकेको सौवीर बयरलाई कोल भनिन्छ । पहिलेका विद्वानहरूले सानो जातको बयरलाई कर्कन्धु भनेका छन् ।

(ङ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : बयरलाई ल्याटिन भाषामा *Zizyphus jujuba* Lam. र अंग्रेजीमा Plum भनिन्छ । कर्कन्धु नामको बयरलाई ल्याटिन भाषामा *Zizyphus nummularia* W.& A.भनिन्छ । अर्को *Zizyphus vulgaris* Lam. नामक बयर पनि हुन्छ ।

(च) पेयर डी अमरकोशले सबै खालका बयरको ल्याटिन नाम *Ziziphus jujuba* Mill. र अंग्रेजी नाम Breastberry दिएको छ ।

(छ) आचार्य बालकृष्ण : बयरको वानस्पांतेक नाम *Zizyphus mauritiana* Lam.वा *Ziziphus jujuba* Lam. हो । यसलाई अंग्रेजीमा Jujube, Indian Jujube वा Indian cherry plum भनिन्छ । राजबयरको ल्याटिन नाम *Ziziphus sativa* Gaertn.पनि हो । यसलाई अंग्रेजीमा Chinese date वा Common jujube भनिन्छ ।

(ज) डा.सतिश चन्द्र साङ्ख्यधर : राजबदरलाई ल्याटिन भाषामा *Ziziphus jujuba* Mill., *Ziziphus sativa* वा *Ziziphus vulgaris* Lam भनिन्छ । यसको हिन्दी नाम उन्नाव हो । लघुबदरलाई ल्याटिन भाषामा *Ziziphus nummularia* (Burm.f.)Wight & Arn. वा *Ziziphus rotundifolia* Lam. & *Rhamnus nummularia* Burm.f. भनिन्छ । यसको हिन्दी नाम झडबेरी हो ।

(झ) फर्माकोपिया : संस्कृतमा कोल, कोली, बदरी, कर्कन्धू भनिने वृक्ष *Rhamnaceae* परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Zizyphus mauritiana* Lam. Syn. *Z. jujuba* Lam. हो । अंग्रेजीमा यसलाई Jujube भनिन्छ । ओखतीका लागि यसको पाकेका फलको गुदीको सुकेको धूलो ३-६ ग्राम तथा रूखको फेदको बोक्रा धूलो भए ३-५ ग्राम तथा काँढापानी भए १०-२० ग्रामको एक मात्रा हुन्छ ।

(ञ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : बयर Angiosperm समूह अन्तर्गत Rhamnaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Ziziphus mauritiana* Lam. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) अभिधानमञ्जरी :

कोली स्यात् कोलिकं शुङ्गी सौवीरं बदरान्वयम् ।
कर्कन्धुरुरुमाणाख्यं गदालफलमित्यपि ॥
अन्या कौली कोलं बदरं बदरी च फेनिलं कटुकम् ।
शिम्बितिका गुडसञ्ज्ञं कुहुस्तथा कथ्यते (च) कट्वम्लम् ॥
ज्वरघ्नफेनः फेनाढ्यः पर्णफेनो महाकुहुः ।
मुखप्रिया पानकर्ता महाबदर उच्यते ॥

कोली, कोलिक, शुङ्गी, सौवीर, बदरान्वय, कर्कन्धु, रुरुमाणाख्य र गदालफल तथा कौली, कोल, बदर, बदरी, फेनिल, कटुक, शिम्बितिका, गुडसञ्ज्ञ, कुहु, कट्वम्ल, ज्वरघ्नफेन, फेनाढ्य, पर्णफेन, महाकुहु, मुखप्रिया, पानकर्ता र महाबदर : यी बयरका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

कोलातु बदरी चण्डीकर्कन्धूर्युगकण्टका ।

कोला, बदरी, चण्डी,कर्कन्धू र युगकण्टका : यी बयरका पर्यायवाची नाम हुन् ।

(ग) अष्टाङ्ग निघण्टु :

कर्कन्धूः काष्ठकृत् कोली बदरी युग्मकण्टकः ।

सौवीर (तस्बिर श्रोत : पेयर डी अमरकोश)

कर्कन्धू, काष्ठकृत्,कोली, बदरी र युग्मकण्टक : यी बयरका पर्यायवाची नाम हुन् ।

(घ) कैयदेव निघण्टु :

घोटा घुण्टा गोपघुण्टा बदरी मर्कटी गुहा । राष्ट्रवृद्धिकरी कोली गोकण्टी युग्मकण्टिका॥ स्निग्धच्छदा कोशफला परा सौवीरकापरा । हस्तिकोली सिञ्चितिकापरा कर्कन्धुकी घुका॥

बयर (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

घोटा, घुण्टा, गोपघुण्टा, बदरी, मर्कटी, गुहा, राष्ट्रवृद्धिकरी, कोली, गोकण्टी, युग्मकण्टिका, स्निग्धच्छदा र कोशफला : यी पहिलो थरी बयरका; सौवीरका : यो दोश्रो थरी बयरको; हस्तिकोली र सिञ्चिति : यी तेश्रो थरी बयरका तथा कर्कन्धुकी र घुका : यी चौथो थरी बयरका पर्यायवाची नाम हुन् ।

बदर्यस्तुवराः स्निग्धाः कफप्रशमनाः स्मृताः ।

बदरी टर्रो, चिल्लो र कफविकार शान्त पार्ने गुणको हुन्छ ।

बदरं चापरं कोलं कुवलं फेनिलं कुहम्॥ कर्कन्धु ह्रस्वबदरं बेरटं कन्धुकं धुकम् ।

कोल, कुवल, फेनिल, कुह, कर्कन्धु, ह्रस्वबदर, बेरट, कन्धुक र धुक : यी अर्को थरी बयरका पर्यायवाची नाम हुन् ।

स्यादापक्वादिवस्थासु स्वादु सौवीरकं महत्॥ मुष्टिप्रमाणं बदरं स्वादु सिञ्चितिकाफलम् ।

पाकेको अवस्थामा सौवीरक जातको बयर गुलियो हुन्छ । मुठी बराबरको सिञ्चितिका जातको बयर गुलियो हुन्छ ।

कफपित्तहरं पुष्पं कुष्ठघ्नं बदरस्य च॥

हस्तिकोलं हिमं स्वादु पित्तघ्नं तुवरं गुरु । सङ्ग्राहि रोचनं स्निग्धं विबन्धाध्मानपुष्टिदम्॥

बदरको फूल कफविकार, पित्तविकार र कुष्ठ नाश गर्ने गुणको हुन्छ । हस्तिकोल जातको बयर शीतवीर्यको, गुलियो, पित्तविकार नाश गर्ने, टर्रो, पचाउन कठिन, ग्राही, रोचनी, चिल्लो तथा कब्जियत, आध्मान र पुष्टि गर्ने गुणको हुन्छ ।

सौवीरं मधुरं स्निग्धं स्वादुपाकरसं हिमम् । भेदनं गुरु विष्टम्भि बृंहणं कफशुक्रदम्॥
पित्तमारुततृड्दाहक्षतरक्तक्षयापहम् ।

सौवीर बयर गुलियो, चिल्लो, पचेपछि गुलियो, शीतवीर्यको, भेदनी, पचाउन कठिन, कब्जियत गर्ने, पौष्टिक, कफविकार गर्ने, शुक्रजनक तथा पित्तविकार, वातविकार, तिर्खा, डाह, चोटपटक, रक्तविकार र क्षयरोग नाश गर्ने गुणको हुन्छ ।

विभिन्न जातका बयर (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

बदरं तुवरञ्चोष्णं लघु सङ्ग्राहि रोचनम् ॥ वातघ्नं कफकृत्तद्वत् कोलमुष्णं सरं गुरु ।

बदर टर्रो, उष्णवीर्यको, पचाउन सहज, ग्राही, रोचनी, वातविकार नाशक र कफविकार गर्ने गुणको हुन्छ । यस्तै कोल बयर उष्णवीर्यको, मलमूत्रलाई तलतिर सार्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

तद्वत् कर्कन्धु पक्वानि स्वादु स्निग्धरसानि च॥
घ्नन्ति पित्तानिलं, सर्वं शुष्कं मेधाग्निकृल्लघु । तृष्णाक्लमश्रमश्लेष्ममारुतघ्नमपित्तलम्॥

यसैगरी पाकेको कर्कन्धु बयर गुलियो, चिल्लो तथा पित्तविकार र वातविकार नाश गर्ने गुणको हुन्छ । सबै खालका सुकेका बयर दिमागको ग्रहण गर्ने क्षमता र पाचक-अग्नि बढाउने तथा पचाउन सहज हुने गुणका हुन्छन् ।

तस्य मज्जा तु रुचिरो मधुरो वीर्यवर्धनः । श्वासकासतृषादाहछर्दिमारुतपित्तजित्॥

बयरको बीजको गुदी रुचिप्रद, गुलियो, वीर्य बढाउने तथा दम, खोकी, तिर्खा, डाह, वाकवाकी, वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

(ङ) द्रव्यगुणसङ्ग्रहः

कर्कन्धुकोलबदरमामं पित्तकफावहम् ।
पक्वं पित्तानिलहरं स्निग्धं समधुरं सरम्॥
तच्छुष्कं कफवातघ्नं न च पित्ते विरुध्यते ।
पुराणं तृट्प्रशमनं श्रमघ्नं लघु दीपनम्॥

काँचो कर्कन्धु, कोल वा बदर पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । पाकेको भए पित्तविकार र वातविकार नाश गर्ने, चिल्लो, गुलियो र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । सुकेको बयर कफविकार र वातविकार नाश गर्ने र पित्तको अविरोधी हुन्छ । पुरानो बयर तिर्खा शान्त पार्ने, थकाइ नाश गर्ने, पचाउन सहज र दीपनी हुन्छ ।

सौवीरं बदरं स्निग्धं मधुरं वातपित्तजित् ।

सौवीर बयर चिल्लो, गुलियो तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

(च) धन्वन्तरि निघण्टु :

बदरं कोलकं कोलं सौवीरं फेनिलं कुहम् ॥ कर्कन्धुकं गुडफलं बालेष्ठं फलशैशिरः ।
कर्कन्धुकोलबदरमम्लं वातकफापहम् ॥ पक्वं पित्तानिलहरं स्निग्धं च मधुरं रसे ।
पुरातनं तृट्शमनमामघ्नं दीपनं लघु ॥ सौवीरबदरं स्निग्धं मधुरं वातपित्तजित् ।

बदर, कोलक, कोल, सौवीर, फेनिल, कुह, कर्कन्धुक, गुडफल, बालेष्ठ र फलशैशिर : यी बयरका पर्यायवाची नाम हुन् । कर्कन्धुक, कोल र बदर (जातका) बयर काँचोमा अमिला तथा वातविकार र कफविकार नाश गर्ने गुणका हुन्छन् । पाकेका बयर पित्तविकार र वातविकार नाश गर्ने, चिल्ला र गुलिया हुन्छन् । पुरानो (सुकेका) बयर तिर्खा शान्त पार्ने, आमविकार नाश गर्ने, दीपनी र पचाउन सहज हुने गुणको हुन्छ । सौवीर जातको बयर चिल्लो, गुलियो तथा वातविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

राजबयर (तस्बिर श्रोत : इण्डियामार्टडटकम)

(छ) निघण्टुशेष :

बदर्यां कुवली कोलिः कर्कन्धुः फलितच्छदा । राष्ट्रवृद्धिकरी कोली सौवीरी वज्रशल्यिका ॥
घुट्टा घोण्टा गोपघोण्टा व्याघ्र-गृध्रनखीत्यपि ।
(बदति बदरी । तस्याम् कौति कुवली, कौ-भूमौ वलतीति वा । कोलति-संस्त्यायति कोलिः । कर्कस्य अन्धुरिव कर्कन्धुः, कर्कः-लोहितोऽन्धुरिति वा कर्कन्धुः । फलितं छदमस्याः फलितच्छदा । राष्ट्रस्य वृद्धिकरी राष्ट्रवृद्धिकरी । इकारान्तात् कोलिशब्दाद् ङ्यां कोली । सुवीरदेशे भवा सौवीरी । वज्र इव शल्यं-कण्टकमस्या वज्रशल्यिका । घुणति-वृत्तत्वाद् भ्रमति घुट्टा घोण्टा च । गोपानां घोण्टा गोपघोण्टा । व्याघ्र-गृध्रखी इति व्याघ्र-गृध्रशब्दाभ्यां परो नखशब्दः सम्बध्यते, तेन व्याघ्रस्येव नखा अस्याः व्याघ्रनखी एवं गृध्रनखी । एतस्या लोके "बोरि" इति प्रसिद्धिः ।) ।

बदरी, कुवली, कोलि, कर्कन्धु, फलितच्छदा, राष्ट्रवृद्धिकरी, कोली, सौवीरी, वज्रशल्यिका, घुट्टा, घोण्टा, गोपघोण्टा, व्याघ्रनखी र गृध्रनखी : यी बयरका पर्यायवाची नाम हुन् ।

(ज) **पर्याय रत्नमाला :**

शृगालकोली कर्कन्धु ।

शृगाल, कोली र कर्कन्धु : यी बयरका पर्यायवाची नाम हुन् ।

(झ) **भावप्रकाश निघण्टु :**

पुंसि स्त्रियाञ्च कर्कन्धूर्बदरी कोलमित्यपि
फेनिलं कुवलं घोण्टा सौवीरं बदरं महत् । अजप्रिया कुहा कोली विषमोभयकण्टका॥

कर्कन्धू (स्त्रीलिङ्ग र पुंलिङ्ग दुबैमा प्रयोग हुने), बदरी, कोल, फेनिल, कुवल, घोण्टा र सौवीर : यी सानो बयरका तथा अजप्रिया, कुहा, कोली, विषमा र उभयकण्टका : यी ठूलो बयरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

पच्यमानं सुमधुरं सौवीरं बदरं महत् ।

पाकेको र मिठो ठूलो खालको बयरलाई सौवीर भनिन्छ ।

सौवीरं बदरं शीतं भेदनं गुरु शुक्रलम्॥
बृंहणं पित्तदाहास्रक्षयतृष्णानिवारणम् ।
सौवीरं लघु सम्पक्वं मधुरं कोलमुच्यते॥
कोलन्तु बदरं ग्राहि रुच्यमुष्णञ्च वातहृत् । कफपित्तकरं चापि गुरु सारकमीरितम्॥
कर्कन्धूः क्षुद्रवदरं कथितं पूर्वसूरिभिः । अम्लं स्यात्क्षुद्रवदरं कषायं मधुरं मनाक्॥
स्निग्धं गुरु च तिक्तञ्च वातपित्तापहं स्मृतम् । शुष्कं भेद्यग्निकृत्सर्वं लघु तृष्णाक्लमास्रजित्॥

सौवीरले शीतल गर्दछ । यो भेदनी, पचाउन कठिन, शुक्रवर्द्धक र पौष्टिक हुन्छ । यसले पित्तविकार, डाह, रक्तविकार, क्षयरोग र तिर्खा नाश गर्दछ । सानो, गुलियो र पाकेको सौवीर बयरलाई कोल भनिन्छ । यो सङ्ग्राही, रुचिकर, गर्मी गर्ने, वातनाशक, कफविकार पित्तविकार गर्ने, पचाउन कठिन र मलमूत्र सार्ने गुणको हुन्छ । पहिलेका विद्वानहरूले सानो जातको बयरलाई कर्कन्धु भनेका छन् । यो अमिलो, टर्रो र केही गुलियो हुन्छ । यो चिल्लो, पचाउन कठिन, तीतो, वातविकार नाशक र पित्तविकार नाशक हुन्छ भनिएको छ । सबै खालका सुकेका बयर दिसा खुकुलो पार्ने, पाचनशक्ति बढाउने, पचाउन हलुका तथा तिर्खा, परिश्रम बिनाको थकाई र रक्तविकार नाशक हुन्छन् ।

राजबयर (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ञ) मदनपाल निघण्टु :

बदरी कर्कटी मोघा कोरण्टी युग्मकण्टका ।
अन्या स्निग्धच्छदा क्रोशफला सौवीरिकाऽपरा ॥

बदरी, कर्कटी, मोघा, कोरण्टी र युग्मकण्टका : यी पहिलो थरी बयरका तथा स्निग्धच्छदा र क्रोशफला : यी दोश्रो थरी बयरका संस्कृत पर्यायवाची नामहरू हुन् । तेश्रो थरी बयरलाई संस्कृतमा सौवीरिका भनिन्छ ।

हस्तिकोलिः परा त्वन्या लघ्वी कर्कन्धुकीधुके । बदरी शीतला तिक्ता रूक्षा पित्तकफापहा ॥
बदरं त्वपरं लोके फेनिलं कुवलं कुहम् ॥
कर्कन्धु ह्रस्वबदरं वरटं कन्धु कन्धुकम् । पक्वं ताम्र च मधुरं मतं सौवीरकं महत् ॥

हस्तिकोलि, लघ्वी, कर्कन्धु र कीधुका : यी चौथो थरी बयरका संस्कृत पर्यायवाची नामहरू हुन् । ठूलो खालको बयर शीतवीर्यको, तीतो, रुखो तथा पित्तविकार र कफविकार नाशक हुन्छ । सानो खालको बयरलाई लोकमा फेनिल, कुवल, कुह, कर्कन्धु, ह्रस्वबदर, वरट र कन्धु पनि भनिन्छ । सानो खालको र पाकेको बयर गुलियो हुन्छ । सौवीरक नामको बयर ठूलो हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

बदरं लघु सङ्ग्राहि रुच्यमुष्णं समीरजित् । कफपित्तकरं तद्वत्कोलं गुरु सरं स्मृतम् ॥

बयर पचाउन सहज, ग्राही, रुचिकर, उष्णवीर्य भएको, वातविकार जित्ने, कफविकार गर्ने र पित्तविकार गर्ने गुणको हुन्छ । कोल नामक बयरमा पनि यिनै गुण हुन्छन् । यो पचाउन कठिन र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

सौवीरं बदरं शीतं भेदनं गुरु शुक्रलम् । बृंहणं पित्तदाहास्रक्षततृष्णानिलापहम् ॥
शुष्कं भेद्यग्निकृत्सर्वं लघु तृष्णाक्लमास्रजित् ॥

सौबीर नामक बयर शीतवीर्यको, भेदनी, पचाउन कठिन, शुक्रवर्धक र पौष्टिक तथा पित्तविकार, डाह, रक्तविकार, घाउ, तिर्खा र वातविकार नाशक हुन्छ ।

कर्कन्धु मधुरं स्निग्धं गुरु पित्तानिलापहम् ।
मरुत्पित्तहरा मज्जा वृष्या वीर्यबलप्रदा ॥

सानो खालको बयर गुलियो, चिल्लो र पचाउन कठिन तथा पित्तविकार र वातविकार नाशक हुन्छ । यसको गुदीले पित्तविकार नाश गर्दछ तथा पौष्टिक, वीर्यवर्धक र बलवर्धक हुन्छ ।

(ट) मदनादि निघण्टु :

बदरी गोपघोण्टा च घोण्टा च कोलिका मता । स्निग्धछदाकोश(ल)फलाराष्ट्रवृद्धिकरी तथा॥
फलेम्लमधुराश्लेष्म पित्तलावातनाशिनी । मुग्धश्छदा कोलफलारष्टवृद्धिकरी तथा॥
मूले कषायतिक्ता च कफघ्नी बदरी तथा । बदरा कोलकं कोलं सौवीरा फेनिलं कुहम्॥
कर्कन्धू ह्रस्वबदरं स्वादु सीञ्जनकस्मृतः ।

बदरी, गोपघोण्टा, घोण्टा, कोलिका, स्निग्धछदा, कोश(ल)फला र राष्ट्रवृद्धिकरी : यी बदरीका पर्यायवाची नाम हुन् । यसको फल अमिलो, गुलियो कफविकार र पित्तविकार गर्ने तथा वातविकार नाश गर्ने गुणको हुन्छ । यसको जरो टर्रो र तितो तथा कफविकार नाश गर्ने गुणको हुन्छ । बदर, कोलक, कोल, सौवीर, फेनिल, कुह र कर्कन्धू : यी सानो बयरका पर्यायवाची नाम हुन् । सीञ्जनक बयर गुलियो हुन्छ ।

(ठ) **माधवद्रव्यगुण :**

कर्कन्धूकोलबदरमम्लं वातकफापहम् । पक्वं पित्तानिलहरं स्निग्धं समधुरं सरम्॥
पुराणं तृट्प्रशमनं श्रमघ्नं लघु दीपनम् । पित्तमारुतकृद्बालं पित्तलं लघु दीपनम्॥
हृद्यं वर्णकरं रुच्यं मांसशुक्रबलप्रदम् ।

कर्कन्धू, कोल वा बदर अमिलो तथा वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । पाकेको बयर पित्तविकार र वातविकार नाश गर्ने, चिल्लो, गुलियो र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । पुरानो बयर तिर्खा शान्त पार्ने, थकाइ नाश गर्ने, पचाउन सहज र दीपनी हुन्छ ।यष्सले पित्तविकार र वातविकार गर्दछ । बयरको चिचिलो पित्तविकार गर्ने, पचाउन सहज, दीपनी, मुटुका लागि हितकर, वर्णमा निखार लेराउने, रुचिप्रद तथा मासु, शुक्र र बल दिने गुणको हुन्छ ।

(ड) **राजनिघण्टु :**

बदरो बदरी कोली कर्कन्धूः कोलफेनिलौ । सौवीरको गुडफलो बालेष्टः फलशैशिरः॥
दृढबीजो वृत्तफलः कण्टकी वक्रकण्टकः । सुवीजः सुफलः स्वच्छः सुरसः स्मृतिसम्मितः॥
बदरं मधुरं कषायमम्लं परिपक्वं मधुराम्लमुष्णमेतत् ।
कफकृत्पचनातिसाररक्तश्रमशोषार्तिविनाशनं च रुच्यम्॥
बदरस्य पत्रलेपो ज्वरदाहविनाशनः । त्वचा विस्फोटशमनी बीजं नेत्रामयापहम्॥

(१) बदर, (२) बदरी, (३) कोली, (४) कर्कन्धू, (५) कोल, (६) फेनिल, (७) सौवीरक, (८) गुडफल, (९) बालेष्ट, (१०) फलशैशिर, (११) दृढबीज, (१२) वृत्तफल, (१३) कण्टकी, (१४) वक्रकण्टक, (१५) सुवीज, (१६) सुफल, (१७) स्वच्छ र (१८) सुरस : यी अठार नाम वयरका संस्कृत पर्यायवाची नामहरू हुन् । बयर गुलियो, टर्रो र अमिलो हुन्छ । राम्ररी पाकेको बयर गुलियो, अमिलो र उष्णवीर्यको हुन्छ । यसले कफविकार गर्दछ, पचाउँदछ तथा अतिसार, रक्तविकार, थकाई र सुजन नाश गर्दछ । यो रुचिप्रद हुन्छ । बयरको पातको लेप दल्नाले ज्वर र डाह नाश हुन्छ । यसको बोक्राले विस्फोटलाई शान्त पार्दछ । बयरको बीजले आँखाका रोगहरू नाश गर्दछ ।

राजबदरो नृपेष्टो नृपबदरो राजवल्लभश्चैव । पृथुकोलस्तनुबीजो मधुरफलो राजकोलश्च॥
राजबदरः सुमधुरः शिशिरो दाहार्तिपित्तवातहरः । वृष्यश्च वीर्यवृद्धिं कुरुते शोषश्रमं हरते॥

राजबदर, नृपेष्ट, नृपबदर, राजवल्लभ, पृथुकोल, तनुबीज, मधुरफल र राजकोल : यी राजबयरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो बयर अति गुलियो, शीतवीर्यको तथा डाह र पित्तविकार नाशक हुन्छ । यो पौष्टिक, वीर्यवर्धक तथा सुजन र थकाई नाशक पनि हुन्छ ।

भूबदरी क्षितिबदरी वल्लीबदरी च बदरिवल्ली च ।
बहुफलिका लघुबदरी बदरफली सूक्ष्मबदरी च॥
भूबदरी मधुराऽम्ला कफवातविकारहारिणी पथ्या ।
दीपनपाचनकर्त्री किञ्चित् पित्तास्रकारिणी रुच्या॥

भूबदरी, क्षितिबदरी, वल्लीबदरी, बदरिवल्ली, बहुफलिका, लघुबदरी, बदरफली र सूक्ष्मबदरी : यी बयरविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो बयर गुलियो, अमिलो तथा कफविकार र वातविकार नाशक एवं पथ्य हुन्छ । यो दीपनी, पाचनी, थोरै पित्तविकार र रक्तविकार गर्ने तथा रुचिप्रद हुन्छ ।

सूक्ष्मफलो लघुबदरो बहुकण्टः सूक्ष्मपत्रको दुःस्पर्शः ।
मोहन प्रसाद सापकोटा
मधुरः शम्बराहारः शिखिप्रियश्चैव निर्दिष्टः॥
लघुबदरं मधुराम्लं पक्वं कफवातनाशनं रुच्यम् ।
स्निग्धं तु जन्तुकारकमीषत्पित्तार्तिदाहशोषघ्नम्॥

सूक्ष्मफल, लघुबदर, बहुकण्ट, सूक्ष्मपत्रक, दुःस्पर्श, मधुर, शम्बराहार र शिखिप्रिय : यी बयरविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो बयर गुलियो र अमिलो हुन्छ । पाकेपछिको यो बयरले कफविकार र वातविकार नाश गर्दछ तथा रुचि बढाउँदछ । यो चिल्लो, पेटमा कीरा पार्ने तथा केही हदसम्म पित्तविकार, डाह र सुजन नाश गर्ने गुणको हुन्छ ।

(ढ) राजवल्लभ निघण्टु :

कर्कन्धुकोलबदरमामं पित्तकफावहम्॥ पक्वं पित्तानिलहरं स्निग्धं समधुरं सरम्॥
तच्छुष्कं कफवातघ्नं नच पित्ते विरुध्यते॥ पुराणं तृट्प्रशमनं श्रमघ्नं दीपनं लघु॥
कोलमज्जा तु मधुरा पित्तच्छर्दितृषापहा॥

काँचो अगुजेबयर (सानो बयर), मझौला आकारको बयर (कोल) र ठूलो बयर (बदर)ले पित्तविकार र कफविकार बढाउँदछन्। पाकेको उपरोक्त बयरले पित्तविकार र वातविकार नाश गर्दछ । यो चिल्लो, केही गुलियो र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ । सुकेको उल्लेखित बयरले कफविकार र बातविकार नाश गर्दछ । यो पित्तको विरोधी पनि हुँदैन । पुरानो बयरले तिर्खा शान्त पार्दछ र थकाई नाश गर्दछ । यो दीपनी र पचाउन हलुका हुन्छ । बयरको गेडा भित्रको गुदी गुलियो तथा पित्तविकार,

वाकवाकी र तिर्खा नाशगर्ने गुणको हुन्छ ।

(ण) **शालिग्राम निघण्टु :**

बदरी दृढबीजा च कण्टकी सुफलापि च । नखी व्याघ्रनखी घोण्टा कोली गुडफलापि च ॥

बदरी, दृढबीजा, कण्टकी, सुफला, नखी, व्याघ्रनखी, घोण्टा, कोली र गुडफला : यी बयरका नाम हुन् ।

फलं तु बदरं कोलं सौवीरं फेनिलं कुहम् । कर्कन्धुः कोलि कुवलं पिच्छला बदरीच्छदा ॥

बदर, कोल, सौवीर, फेनिल, कुह, कर्कन्धु, कोलि, कुवल, पिच्छला र बदरीच्छदा यी बयरको फलका पर्यायवाची नाम हुन् ।

अपक्वं श्लेष्माणं विरचयति वातं वितनुते ततो मध्यावस्थं किमपि मधुराम्लं पवनहृत् ।
सुपक्वं पित्तघ्नं श्रममदवमिच्छेदि बलदं सरं तृष्णाजित्तग्दृहबदरमश्नन्तिधनिनः ॥

काँचो बयर कफविकार गर्ने र वातविकार नाश गर्ने गुणको हुन्छ । छिप्पिएको बयर केही गुलियो, अमिलो र वातविकार नाश गर्ने गुणको हुन्छ । पाकेको बयर पित्तविकार, थकाई, नसा र वाकवाकी नाश गर्ने; बलदायक, मलमूत्रलाई तलतिर सार्ने तथा तिर्खालाई जित्ने गुणको हुन्छ ।

बदरी शीतला रुक्षा तिक्ता पित्तकफापहा । फलमस्यास्तु मधुरं तुवरं चाम्लमीरितम् ॥
तच्च पक्वं तु मधुरमम्लमुष्णकफप्रदम् । ग्राहकं लघुरुच्यञ्च वाय्वतीसारशोषहृत् ॥
रक्तश्रमहरं प्रोक्तं पण्डितैश्चरकादिभिः । (निघण्टु रत्नाकर)

बयर शीतवीर्यको, रुखो, तितो तथा पित्तविकार र कफविकार नाश गर्ने गुणको हुन्छ । यसको फल गुलियो, टर्रो र अमिलो हुन्छ । पाकेको फल गुलियो, अमिलो, उष्णवीर्यको, कफविकार गर्ने, ग्राही, पचाउन सहज, रुचिप्रद तथा वातविकार, अतीसार र सुकेनास नाश गर्ने गुणको हुन्छ ।

गजकोलं दुर्जरं स्याच्छीतं स्वादु गुरुस्मृतम् । ग्राहकं लेखनं स्निग्धं पौष्टिकमलबद्धकृत् ॥
आध्मानकारकं चैव पित्तवातविनाशनम् ।

गजकोल जातको बयर ढिलो पच्ने, शीतवीर्यको, गुलियो, पचाउन कठिन, ग्राही, लेखनी, चिल्लो, पौष्टिक, कब्जियत गराउने, आध्मान गर्ने तथा पित्तविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

बदरीफलमज्जा तु तुवरा मधुरा मता । शुक्रदा बलदा वृष्या कासश्वासतृषापहा ॥
वातघ्नीछर्दिदाहघ्नी पित्तहा मुनिभिर्मता ।

बयरका बीजको गुदी टर्रो, गुलियो, शुक्रवर्धक, बलदायक, वीर्यवर्धक तथा खोकी, दम, तिर्खा, वातविकार, वाकवाकी, डाह र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

(त) **सरस्वती निघण्टु :**

बदरो बदरी कोली कुवलं पिच्छिलच्छदः ।
विषमाऽन्तरःखरी स्निग्धं कोलं कर्कन्धुकं फले॥

बदर, बदरी, कोली, कुवल, पिच्छिलच्छद, विषमाअन्तरःखरी, स्निग्ध, कोल र कर्कन्धुक : यी बयरका पर्यायवाची नाम हुन् ।

(थ) **सोढल निघण्टु :**

बदरे कोलकं कोलं सौवीरं फेनिलं कुहम् ।

बदर, कोलक, कोल, सौवीर, फेनिल र कुह : यी बदरका पर्यायवाची नाम हुन् ।

स्वादौ कर्कन्धुकं चैव कण्टसिञ्चितिका गुडा ।

स्वाद, कर्कन्धुक, कण्टसिञ्चितिका र गुडा : यी कर्कन्धुका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काष्ठबदरिके प्रोक्तं कोलं कुवलदासिकम् ।

काष्ठबदरिक, कोल र कुवलदासिक : यी कोल बयरका पर्यायवाची नाम हुन् ।

(द) **सौश्रुत निघण्टु :**

कर्कन्धूर्गोपघोण्टा च राजा कण्टककोलिका ।
बदरी मर्कटानाञ्च शब्दैः पर्यायवाचकैः॥

कर्कन्धू, गोपघोण्टा, राजा, कण्टककोलिका, बदरी र मर्कटा : यी बयरका पर्यायवाची नाम हुन् ।

राजबयर (तस्विर श्रोत : ग्रोफ्बल्सडटओआरजी)

(ध) **हृदयदीपक निघण्टु :**

कोलं बदरं चान्यत् कर्कन्ध्वन्यातु सौवीरम् ।

कोल र बदर; कर्कन्धु तथा सौवीर : यी तीन थरी बयरका पर्यायवाची नाम हुन् ।

(न) **हारीत संहिता :**

कोलं चाम्लं मधुरमथवा श्लेष्मलं ग्राहि शस्तम् ।

बयर अमिलो र मिठो हुन्छ । यसले कफ र कब्जियत बढाउँदछ तर मनोहर हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कोलकन्द (बनप्याज)

(Sea onion)

परिभाषा :

(क) **के.यन.स्वामी :** कोलकन्द, वस्त्रपञ्जल, सुपुट, पुटकन्द, पञ्जल : तीते गिठो ।

(ख) **आचार्य वालकृष्ण :** कोलकन्द र वनपलाण्डु संस्कृत नाम भएका वनस्पतिलाई बनप्याज भनिन्छ । **यसको वानस्पतिक नाम** Urginea indica (Roxb.) Kunth (अर्जीनिया इण्डिका) Syn-Urginea senegalensis Kunth **हो । यो** Liliaceae **परिवारमा पर्दछ । अंग्रेजीमा यसलाई** Indian squill (Scilla, Sea onion) **भनिन्छ । नेपाली नाम वनप्याज हो ।**

(ग) **हिन्दी विश्वकोश :** (१) कोलकन्द : कोल इव sGbf]ऽस्य । स्वनामख्यात महाकन्द शाकविशेष । काश्मिरतिर यसलाई पुटालु भन्दछन् । (कोल : बयर) । (२) क्रिमिघ्न : क्रिमिं हन्ति नाशयति । कोलकन्द । कृमिघ्न : कृमिं हन्तीति । प्याज । कोलकन्द । (३) पञ्जल : कोलकन्द । (४) वस्त्रपञ्जुल : कोलकन्द । (५) पुटालु : पुट संश्लिष्ट आलुः । कोलकन्द । (६) सुपुट : कोलकन्द, चमार आलु । विष्णुकन्द । (७) पुटकन्द : पुटमिव कन्दो यस्य । कोलकन्द, वाराहीकन्द । (पुट : दुनु, जाइफल, खुर, अँजुली आदि) ।

(घ) Kolakanda : in the Sanskrit language is the name of a plant identified with *Drimia indica* (Roxb.) Jessop from the Asparagaceae (Asparagus) family having the following synonyms: *Scilla indica*, *Urginea coromandeliana*, *Urginea indica*. **यी नाम भने बनप्याजका नाम हुन् ।**



प्राचीन ग्रन्थका वचन :

(क) राजनिघण्टु :

कोलकन्दः क्रिमिघ्नश्च पञ्जलो वस्त्रपञ्जलः । पुटालुः सुपुटश्चैव पुटकन्दश्च सप्तधा ॥
कोलकन्दः कटुश्चोष्णः क्रिमिदोषविनाशनः । वान्तिहृच्छर्दिशमनो विषदोषनिवारणः ॥

(१) कोलकन्द, (२) क्रिमिघ्न, (३) पञ्जल, (४) वस्त्रपञ्जल, (५) पुटालु, (६) सुपुट र (७) पुटकन्द : यी सात नाम बनप्याजका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, उष्णवीर्यको तथा कीराजन्य रोग नाशक हुन्छ । यसले वाकवाकी नाश गर्दछ वा शान्त पार्दछ तथा विषविकार नाश गर्दछ ।

वनप्याज (श्रोत : वनएमजीडटकम)

(ख) शालिग्राम निघण्टु :

कोलकन्दः कृमिघ्नश्च पञ्जलो वस्त्रपञ्जलः । पुटालुः सुपुटश्चैव पुटकन्दश्च सप्तधा ॥
कोलकन्दः कटुश्चोष्णः कृमिदोषविनाशनः । वान्तिविच्छर्दिशमनो विषदोषनिवारणः ॥

कोलकन्द, कृमिघ्न, पञ्जल, वस्त्रपञ्जल, पुटालु, सुपुट र पुटकन्द : यी सात नाम कोलकन्दका पर्यायवाची नाम हुन् । कोलकन्द पिरो, उष्णवीर्यको, कीराका रोग नाश गर्ने; वाकवाकी र कडा खालको वमनलाई शान्त पार्ने तथा विषविकार ठिक गर्ने गुणको हुन्छ ।

कोविदार (कोइरालो)
(Mountain Ebony)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कोविदार, चमरिक आदि भनेको कोइरालो हो ।

तस्विर स्रोत : मधुव्रज वज्राचार्य

(ख) नेपाली बृहत् शब्दकोश : (१) कोइरालो : एकै भेट्नामा दुई टुप्पा भएका पात हुने, राता वा सेता फूल फुल्ने र लामालामा कोसा फल्ने एक बोट वा तरकारी, अचार आदि बनाएर खाइने त्यसैको फूल । (२) कोविदार : कोइरालोको वृक्ष वा फूल; कोइरालो । (३) पुष्पशाक : कोइरालो ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : धेरैले *Bauhinia variegata* लाई कोविदार मानेका छन् । कसैले अंग्रजी नाम Mountain Ebony र ल्याटिन नाम *Bauhinia variegata* Linn. भएको वनस्पतिलाई, कसैले *Bauhinia purpurwa* Linn. लाई त कसैले *Bauhinia tomentosa* Linn. लाई कोविदार मानेका छन् ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : *Bauhinia Acuminata* Roxb. सेतो कोविदारको, *Bauhinia candida* Roxb. सेतो सुगन्धित कोविदारको, *Bauhinia variegata* Roxb. रातो कोविदारको तथा *Bauhinia purpurea* Roxb. पहेँलो फूल फुल्ने कोविदारको वानस्पतिक नाम हो ।

(ङ) आचार्य बालकृष्ण : रातो फूल फुल्ने कोविदारको *Bauhinia purpurea,* सेतो फूल फुल्ने

कोविदार (तस्विर स्रोत : पेअर डी अमरकोश)

कोविदारको *Bauhinia racemosa* तथा पहेँलो फूल फुल्ने कोविदारको *Bauhinia tomentosa* Linn. वानस्पतिक नाम हो । रातो कोविदारका *Bauhinia purpurea* Linn. र *Bauhinia blakeana* Dunn. गरी दुई जात हुन्छन् । सेतो फूल फुल्ने कोविदारको पनि *Bauhinia racemosa* Lam., *Bauhinia acuminata* Linn. र *Bauhinia variegata* var.candida (Aiton) Corner गरी तीन उपजात हुन्छन् । अर्को एक थरी पहेँलो कोविदार हुन्छ जसको वानस्पतिक नाम *Bauhinia semla* Wunderlin हो । कोविदारलाई नेपालीमा कोइरालो वा टाँकी भनिन्छ ।

(च) द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ : यसलाई अंग्रेजीमा Mountain Ebony तथा ल्याटिन भाषामा *Bauhinia variegata* Linn. (B.racemosa) भनिन्छ ।

(छ) कामतद्वय : कामतद्वयः Leguminosae परिवार र Caesalpinae उप-परिवारमा पर्ने यो कोइरालोको वानस्पतिक नाम *Bauhinia candida* Willd. हो । अश्मन्तक र अम्लत्रपक Leguminosae परिवार र Caesalpinae उप-परिवारमा पर्ने तथा Caesalpinaceae

परिवारमा पर्ने दुई वनस्पति हुन् । यी वनस्पतिको वानस्पतिक नाम क्रमशः *Bauhinia racemosa* Lam. र *Bauhinia malabarica* Roxb. हो ।

(ज) फर्माकोपिया : काञ्चनार Leguminosae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Bauhinia variegata* Blume हो । अंग्रेजीमा यसलाई Mountain Ebony भनिन्छ । यसको काण्डको बोक्रा ओखतीका लागि २०-३० ग्रामको एक मात्रा काँडापानीमा प्रयोग गर्न सकिन्छ ।

कोविदार (तस्विर श्रोत : पेअर डी अमरकोश)

(झ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 M स्थानीय भाषामा टाँकी, अमिल टाँकी, असोटी, खट्टा झिनझोरा, झिनझोरा र खटुवा जस्ता नामले चिनिने बोट Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Bauhinia malabarica* Roxb. हो । स्थानीय भाषामा टाँकी, रातो कोइरालो, कोइरालो, काचनार जस्ता नामले चिनिने बोट Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Bauhinia purpurea* L. हो । स्थानीय भाषामा भोर्लाको नामले चिनिने बोट Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Bauhinia* vahlii Wight & Arn हो । स्थानीय भाषामा कोइरालो, कनबु, सेतो कोइरालो, कोइरार, काचनार, अनबु जस्ता नामले चिनिने बोट Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Bauhinia variegata* L. हो ।

कोविदारको फेद (तस्विर श्रोत : पेअर डी अमरकोश)

(ञ) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : स्थानीय भाषामा कोइरालो नामले चिनिने बोट Leguminosae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Bauhinia variegata* L. हो ।

(ट) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : स्थानीय भाषामा टाँकीका नामले चिनिने बोट Angiosperm समूह अन्तर्गत Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Bauhinia purpurea* L. हो । स्थानीय भाषामा कोइरालोका नामले चिनिने बोट Angiosperm समूह अन्तर्गत Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Bauhinia variegata* L. हो ।

नोटः नेपालमा पाइने कोइरालोको फूल प्रायः सेतोमा रातो मिसिएको हुन्छ । कोविदार वर्गमा पर्ने अर्को एक वनस्पति टाँकी पनि कोइरालो जस्तै नै हुन्छ । टाँकीको फूल अचार खाइन्न, यो डालेघाँसका रूपमा मात्र प्रयोग हुने गरेको मलाई अनुभव छ । चरक संहिता, भावप्रकाश संहिता आदि ग्रन्थमा कोविदारको रूखको बोक्रा नै ओखतीका लागि बढी प्रयोग गर्ने विधि उल्लेख भएका पाइन्छन् । अश्मन्तक शब्दको कतै कतै काभ्रो भनी दिइएको छ । तर, सँगै प्रयुक्त पर्यायवाची शब्द युग्मपत्र (जोडिएका पात वा जुम्ल्याहा पात) छ । दुई वटा पात जोडिएको जस्तो पात कोइरालो र टाँकीको मात्र

देखिने गर्दछ । यी दुई वनस्पतिका पनि अनेक जात हुन्छन् ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

...कोविदारे द्विपत्रकः ॥

कोविदार र द्विपत्रक : यी कोइरालोका नाम हुन् ।

(ख) अमरकोश :

कोविदारे चमरिकः कुद्दालो युगपत्रकः ।

कोविदार, चमरिक, कुद्दालो र युगपत्रक : यी कोइरालोका पर्यायवाची नाम हुन् ।

(ग) अर्कप्रकाश :

युगपत्रक (तस्विर श्रोत : पेअर डी अमरकोश)

काञ्चनारो गण्डमालागुदभ्रंशव्रणापहः ।
कोविदारस्तु पित्तास्रप्रदरक्षयकासहा ॥

कोइरालोको रुखको अर्कले गण्डमाला, गुदभ्रंश र घाउखटिरा निको पार्दछ । कोइरालोको फूलको अर्कले रक्तपित्त, प्रदर, क्षयरोग र खोकी ठिक गर्दछ ।

(घ) अष्टाङ्ग निघण्टु :

अश्मन्तकोऽम्लयोनिश्च ज्ञेयो यमलपत्रकः ।

अश्मन्तक, अम्लयोनि र यमलपत्रक : यी अश्मन्तकका पर्यायवाची नाम हुन् ।

(ङ) कैयदेव निघण्टु :

अश्मन्तको युग्मपत्रः कुलशीचम्लपत्रकः । अश्मयोनिः पापहरः श्लक्ष्णत्वन्मालुकाच्छदः ॥
अश्मन्तोऽम्लो हिमो ग्राही कषायः कफवातजित् । निहन्ति गण्डमालास्रगलगण्डगलामयान् ॥
फलं स्वादु हिमं रूक्षं कषायं लेखनं गुरु । सङ्ग्राहि कफवातघ्नं विबन्धाध्मानकारकम् ॥

अश्मन्तक, युग्मपत्र, कुलशी, अम्लपत्रक, अश्मयोनि, पापहर, श्लक्ष्णत्वक् र मालुकाच्छद : यी रातो

कोइरालोका पर्यायवाची नाम हुन् । यो अमिलो, शीतवीर्यको, ग्राहि, टर्रो, कफविकार र वातविकारलाई जित्ने तथा गण्डमाला, रक्तविकार, गलगाँड र घाँटीका रोग नाशगर्ने गुणको हुन्छ । यसको फल गुलियो, शीतवीर्यको, रुखो, टर्रो, लेखनी, पचाउन कठिन, ग्राहि, कफविकार र वातविकार नाशगर्ने तथा कब्जियत र आध्मान रोग निकाल्ने गुणको हुन्छ ।

(च) **धन्वन्तरि निघण्टु :**

कोविदार (तस्बिर श्रोत : पेअर डी आमरकोश)

अश्मन्तकश्चन्द्रकस्तु कुश(द्दा)ली चाम्लपत्रकः ।
श्लक्ष्णस्त्वग्व(म)ालुकापर्णः स्मृतो यमलपत्रकः ॥
अश्मन्तकः कषायस्तु हिमः पित्तकफापहः ।
मधुरः शीतसङ्ग्राही दाहतृष्णाप्रमेहजित् ॥

अश्मन्तक, चन्द्रक, कुश(द्दा)ली), अम्लपत्रक, श्लक्ष्णत्वक्, व(म)ालुकापर्ण र यमलपत्रक : यी अश्मन्तकका पर्यायवाची नाम हुन् । यो टर्रो, शीतवीर्यको तथा पित्तविकार र कफविकार नाशगर्ने गुणको हुन्छ । यो गुलियो, शीतवीर्यको, ग्राहि तथा डाह, तिर्खा र प्रमेहलाई जित्ने गुणको हुन्छ ।

कोविदारेऽथ काञ्चनारः कुद्दालः (कुद्दालः कुम्भारः) कुण्डली कुली ।
ताम्रपुष्पश्चमरिको महायमलपत्रकः ॥
कोविदारः कषायस्तु सङ्ग्राही व्रणरोपणः ।
गण्डमालागुदभ्रंशशमनः कुष्ठकेशहा ॥

कोविदार (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

कोविदार, काञ्चनार, कुद्दाल, (कुम्भार), कुण्डली, ताम्रपुष्प, चमरिक र महायमलपत्रक : यी सेतो कोइरालोका पर्यायवाची नाम हुन् । यो टर्रो, ग्राहि, घाउखटिरा भर्ने, गण्डमाला र गुदभ्रंश शान्तपार्ने तथा कुष्ठ र कपाल (दाँतको रोग कापालिका ?) नाशगर्ने गुणको हुन्छ ।

(छ) **निघण्टुशेष :**

अश्मन्तके सूक्ष्मपत्रः पाषाणान्तक इन्द्रकः । अम्लपत्रस्ताम्रपुष्पः कुशली यमलच्छदः ॥
(अश्नुते अश्मन्तम् "सीमन्त-हेमन्त-स्वार्थिके के अश्मन्तकम् । सूक्ष्माणि पत्राण्यस्य सूक्ष्मपत्रः । पाषाणमन्तयति पाषाणान्तकः । इन्दति इन्द्रः, स्वार्थिके के इन्द्रकः । अम्लानि पत्राण्यस्य अम्लपत्रः । ताम्राणि-रक्तत्वात् पुष्पाण्यस्य ताम्रपुष्पः । कुशलमस्त्यस्य कुशली । यमलरूपं छदमस्य यमलच्छदः । लोके तु "आसद्रा" इति प्रसिद्धिः ॥) ।

अश्मन्तक, सूक्ष्मपत्र, पाषाणान्तक, इन्द्रक, अम्लपत्र, ताम्रपुष्प, कुशली र यमलच्छद : यी काभ्रोका पर्यायवाची नाम हुन् ।

(ञ) पर्याय रत्नमाला :

अश्मन्तकोऽश्मयोनिश्च श्लक्ष्णत्वक् यमलच्छदः ।

अश्मन्तक, अश्मयोनि, श्लक्ष्णत्वक् र यमलच्छद : यी अश्मन्तकका पर्यायवाची नाम हुन् ।

(झ) भावप्रकाश निघण्टु :

काञ्चनारः काञ्चनको गण्डारिः शोणपुष्पकः । कोविदारश्च मरिकः कुद्दालो युगपत्रकः ॥
कुण्डली ताम्रपुष्पश्चाश्मन्तकः स्वल्पकेशरी । काञ्चनारो हिमो ग्राही तुवरः श्लेष्मपित्तनुत् ॥
कृमिकुष्ठगुदभ्रंशगण्डमालाव्रणापहः । कोविदारोऽपि तद्वत्स्यात्तयोः पुष्पं लघु स्मृतम् ॥
रूक्षं संग्राहि पित्तास्रप्रदरक्षयकासनुत् ।

कोविदार (तस्विर श्रोत : आचार्य बालकृष्ण)

काञ्चनार, काञ्चनक, गण्डारि र शोणपुष्पक : यी कोइरालोका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्को एक थरी कोइरालोका कोविदार, मरिक, कुद्दाल, युगपत्रक, कुण्डली, ताम्रपुष्प, आश्मन्तक र स्वल्पकेशरी संस्कृत पर्यायवाची नामहरू हुन् । यी दुवैले शीतल गर्दछन् । यो सङ्ग्राही, टर्रो, कफनाशक र पित्तविकार नाशक हुन्छ । यसले कीरा, कुष्ठ, गुदभ्रंश, गण्डमाला र घाउखटिरा नाश गर्दछ । कोइरालोका फूल साना हुन्छन् । यो फूल पचाउन सहज, रुखो, दिसा कस्ने तथा पित्तविकार, रक्तप्रदर, क्षयरोग र खोकी नाशक हुन्छ ।

(ञ) मदनपाल निघण्टु :

काञ्चनारः काञ्चनकः पाकारी रक्तपुष्पकः ।
कोविदारोऽस्य भेदः स्यात्कुद्दालः कुण्डली कुली ॥
आस्फोतो दालकः स्वल्पकेसरश्चमरी मता ॥
काञ्चनारो हिमो ग्राही तुवरः श्लेष्मपित्तनुत् ।
कृमिकुष्ठगुदभ्रंशगण्डमालाव्रणापहः ॥
कोविदारो पित्तहृत् स्यात्पुष्पं शीतं तयोर्लघु । रूक्षं सङ्ग्राहि पित्तास्रप्रदरक्षतकासनुत् ॥

काञ्चनार, काञ्चनक, पाकारी र रक्तपुष्पक कोइरालोका नाम हुन् । कोविदार (रातो कोइरालो) यसको एक जाति हो । कुद्दाल, कुण्डली, कुली, आस्फोत, दालक, स्वल्पकेसर र चमरी कोविदारका पर्यायवाची नामहरू हुन् । रातो कोइरालोले पित्तविकार नाश गर्दछ । दुवैको फूलले शीतल गर्दछ र पचाउन हलुका हुन्छ । यो रुखो, ग्राही तथा रक्तपित्त, प्रदर, घाउ र खोकी नाश गर्ने गुणको हुन्छ ।

(ट) राजनिघण्टु :

अश्मन्तकश्चेन्दुकश्च कुद्दालश्चाम्लपत्रकः । श्लक्ष्णत्वक् पीलुपत्रश्च स्मृतो यमलपत्रकः ॥
अश्मान्तकेन्दुशफरी शिलान्तश्चाम्बुदः स्मृतः । पाषाणान्तक इत्युक्तो वह्निचन्द्रमिताह्वयः ॥
अश्मन्तकः स्यान्मधुरः कषायः सुशीतलः पित्तहरः प्रमेहजित् ।
विदाहतृष्णाविषमज्वरापहो विषार्तिविच्छर्दिहरश्च भूतजित् ॥

(१) अश्मन्तक, (२) इन्दुक, (३) कुद्दाल, (४) अम्लपत्रक, (५) श्लक्ष्णत्वक्, (६) पीलुपत्र, (७) यमलपत्रक, (८) अश्मान्तक, (९) इन्दुशफरी, (१०) शिलान्त, (११) अम्बुद र (१२) पाषाणान्तक : यी बाह्र (तेह्र भनिएको) नाम रातो कोइरालोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, टर्रो, शीतवीर्यको, पित्तनाशक र प्रमेहलाई जित्ने गुणको हुन्छ । यसले डाह, तिर्खारोग, विषमज्वर, विषविकार र वाकवाकी नाश गर्दछ । यसले भूतबाधालाई जित्दछ ।

कोविदारः काञ्चनारः कुद्दालः कनकारकः । कान्तपुष्पश्च करकः कान्तारो यमलच्छदः ॥
पीतपुष्पः सुवर्णारो गिरिजः काञ्चनारकः । युग्मपत्रो महापुष्पः स्याच्चतुर्दशधाभिधः ॥
कोविदारः कषायः स्यात्सङ्ग्राही व्रणरोपणः । दीपनः कफवातघ्नो मूत्रकृच्छ्रनिबर्हणः ॥

(टाँकी) *Bauhinia purpurea* L., Catalogue of Plants of NBG, Nepal

(१) कोविदार, (२) काञ्चनार, (३) कुद्दाल, (४) कनकारक, (५) कान्तपुष्प, (६) करक, (७) कान्तार, (८) यमलच्छद, (९) पीतपुष्प, (१०) सुवर्णार, (११) गिरिज, (१२) काञ्चनारक, (१३) युग्मपत्र र (१४) महापुष्प : यी चौध नाम कोइरालोका संस्कृत पर्यायवाची नामहरू हुन् । कोइरालो टर्रो, ग्राही र घाउखटिरा भर्ने गुणको हुन्छ । यो दीपनी तथा कफविकार, वातविकार र मूत्रकृच्छ्र नाशक हुन्छ ।

(ठ) राजवल्लभ निघण्टु :

कोविदारकर्बुदार...पुष्पकम् । ग्राहि शाकं प्रशस्तं च रक्तपित्ते विशेषतः ॥

कोइरालोको फूल (कोविदार-रातो, कर्बुदार-सेतो) को सागमा ग्राहि गुण हुन्छ । यो साग विशेषतः रक्तपित्तमा हितकर हुन्छ ।

कोशस्थ (खोलभित्र रहने जीव)
(An animal living in a shell)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अर्कप्रकाश :**

शङ्खः शङ्खनखश्चापि शुक्ति शम्बूककर्कटाः । जीवा एवं विधाश्चान्ये कोशस्थाः परिकीर्त्तिता ॥

शङ्ख, सानो शङ्ख, सिपी, शम्बूक (जलजन्तू विशेष), गँगटो, जीवा आदि कोशस्थ (खोलभित्र हुने) जीव हुन् ।

(ख) **कैयदेव निघण्टु :**

शङ्खः शङ्खनक(ख)ः शुक्तिभल्लूकशम्बुकादय । कोशस्थाः...।

शङ्ख, सानो शङ्ख, सिपी, भल्लूक (शङ्खजस्तै खपटाभित्र बस्ने जीवविशेष), शम्बूक (जलजन्तू विशेष) आदि कोशस्थ (खोलभित्र हुने) जीव हुन् ।

(ग) **भावप्रकाश निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

शङ्खः शङ्खनखश्चापिशुक्तिशम्बूककर्कटाः ॥ जीवा एवंविधाश्चान्येकोशस्थाः परिकीर्त्तिताः ।
कोशस्था मधुराःस्निग्धा वातपित्तहरा हिमाः ॥ बृंहणा बहुवर्चस्का वृष्याश्च बलवर्द्धनाः ।

शङ्ख, साना शङ्ख (शङ्खनख), सिपी (शुक्ति), सानो घोंघी (शम्बूक), गँगटो आदी जीवलाई कोशस्थ जीव वा खोलभित्र रहने जीव भनिन्छ । यिनको मासु मिठो, चिल्लो, वातविकार नाशक, पित्तविकार नाशक र शीतल गर्ने गुणको हुन्छ । यो मासु पौष्टिक, धेरै दिसा लगाउने, वीर्यवर्धक र बलवर्धक हुन्छ ।

कोशातकी (घिरौंलो)
(Ribbed Gourd)

परिभाषा :

(क) शालिग्राम वैद्य : घिरौंलो : सानो घिरौंलो (तोरई), ठूलो घिरौंलो (घिया तोरई) र तितो घिरौंलो (कडवी तोरई) गरी तीन प्रकारको हुन्छ । सानो घिरौंलो सेतो रङ्को, धार भएको र पहेँलो फूल फुल्ने हुन्छ । धाराफलालाई हिन्दीमा तोरई, अंग्रेजीमा Acuteangled Cucumber तथा ल्याटिन भाषामा Luffa acutangula भनिन्छ ।

(ख) कुलचन्द्र शर्मा : कोशातकी भनेको घिरौंलो तथा पाटेतोरियाँ दुवै हो । धामार्गव र घोषक : यी तोरियाँ (घिरौंलो) का नामहरू हुन् । महाजाली भनेको पाटे घिरौंलो हो ।

(ग) के.यन.स्वामी : (१) महाकोशातकी, घोषक, हस्तिपर्ण, हस्तिकोशातकी, बृहत्कोशातकी, वृत्ता, ग्राम्यकोशातकी, राजकोषातक, सपीतक, पीतपुष्प, राजकोषातक : घिरौंलो । (२) धामार्गव : पाटे घिरौंला । (३) सपीतिका : लामो जातको घिरौंलो । (४) जालिनी, सुतिक्ता, घण्टाली, मृदङ्गफलिनी : झिँगनी । (४) कोशातकी : पाटेतोरियाँ । पाटेघिरौंला । घिरौंला । (५) स्वादुफला, पीतपुष्पा, धाराफला, दीर्घफला, सुकोशा, धामार्गव : पाटेतोरियाँ ।

(घ) नेपाली बृहत् शब्दकोश : (१) घिरौंलो : खस्रा र चोसाचोसा परेका पात, पहेँला फूल र लामालामा फल फल्ने, नङ्गा हुने एक जातको लहरो वा तरकारी खाइने त्यसैको फल; तोरियाँ । (२) जालिनी : घिरौंलो, तोरियाँ । (३) तोरियाँ : काँक्रो, फर्सी आदिझैँ वर्षायाममा लहरामा फल्ने, लामो आकारको हरियो तरकारी; घिरौंला । (४) झिँगनी तोरियाँ : घिरौंलाजस्तो तर पाटापाटा परेको तोरियाँ; पाटेतोरियाँ; झिङ्नीतोरियाँ । (५) पाटे घिरौंलो : पाटैपाटा परेको घिरौंलो; पाटेतोरियाँ । (६) पाटे तोरियाँ : पीपलका पातका आकारका ठूलठूला पात हुने, पहेँला फूल फुल्ने, पाटैपाटा परेका लामा फल फल्ने लहरो । तर्कारीका रूपमा प्रयोगमा आउने त्यसैको फल; पाटेघिरौंलो; झिँगनीतोरियाँ ।

घिरौंलो (तस्बिर श्रोत : पेयर डी अमरशकोश)

सङ्कलन : मोहन प्रसाद

(ङ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : घिरौंलोलाई अंग्रेजीमा Sponge Gourd तथा ल्याटिन भाषामा *Luffa aegyptiaca* Mill ex Hook f. भनिन्छ । कृतवेदनालाई ल्याटिन भाषामा *Luffa acutangula* Roxb. भनिन्छ । यसको एक जङ्गली जाति हुन्छ जसलाई ल्याटिन भाषामा *L.acutangula* (Linn.) Roxb. var.amara Clark भनिन्छ ।

(च) आचार्य बालकृष्ण : घिरौंलाको वानस्पतिक नाम *Luffa cylindrica* (Linn.) M. Roemer पनि हो । यसलाई अंग्रेजीमा Vegetable sponge gourd वा Smooth luffa पनि भनिन्छ । कृतवेदनाको वानस्पतिक नाम *Luffa amara* Roxb. वा *Luffa acutangula* (Linn.) हो । यसलाई अंग्रेजीमा Ridged gourd वा (Angled loofah) Ribbed

gourd भनिन्छ ।

(छ) डा.सतिश चन्द्र साङ्ख्यधर : महाकोशातकीको ल्याटिन नाम *Luffa aegyptiaca* Mill. ex. Hook F. हो । राजकोशातकीको ल्याटिन नाम *Luffa acutangula* Linn.Roxb. हो । तिक्तकोशातकीको ल्याटिन नाम *Luffa amara* (bitter luffa) हो ।

(ज) कामतद्धय : घिरौँलो तीतो र गुलियो गरी दुई किसिमको हुन्छ । यसको वानस्पतिक नाम *Luffa cylindrica* (L.) M.Roem, Syn. *Luffa pentrandra* Roxb. हो । यसलाई अंग्रजीमा Bitter sponge वा smooth gourd भनिन्छ । सुतिक्ताको *Luffa acutangula* Roxb. var. amara clarke. र धाराफलाको वानस्पतिक नाम *Luffa acutangula* Roxb. हो ।

(झ) फर्माकोपिया : संस्कृतमा कोशातकी, कृतवेदना, जाली र धामार्ग भनिने वनस्पति Cucurbitaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Luffa acutangula* (Linn.) Roxb. हो । यसलाई अंग्रेजीमा Ribbed Gourd भनिन्छ । यसका सबै भाग ओखती लाग्दछ । ओखतीका लागि यसको मात्रा ५-१० ग्राम हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कोशवती तु सतिक्ता घण्टाली जालिनी यकृच्छिद्रा ।
क्ष्वेलो मृदङ्गफलिका गदिता कृतवेधनी घटिल्लेति॥

कोशवती, सतिक्ता, घण्टाली, जालिनी, यकृच्छिद्रा, क्ष्वेला, मृदङ्गफलिका, कृतवेधनी र घटिल्ला : यी कृतवेधनीका पर्यायवाची नाम हुन् ।

कोशातकी द्वितीया कोशफला पीतपुष्पा कोशवती ।
कर्कोटकीति च महाजाली धामार्गवः कथितः॥

कोशातकी, कोशफला पीतपुष्पा र कोशवती तथा कर्कोटकी, महाजाली र धामार्गव : यी कोशातकीका पर्यायवाची नाम हुन् ।

कोशातकी चतुर्थी तु प्रोक्ता मालवनन्दिनी । धाराकोशातकी दीर्घधारा च लवली झषा॥

कोशातकी, मालवनन्दिनी, धाराकोशातकी, दीर्घधारा, लवली र झषा : यी धाराकोशातकीका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

धामार्गवः कोशफलो राजकोशातकी तथा ।

धामार्गव, कोशफला र राजकोशातकी : यी राजकोशातकीका पर्यायवाची नाम हुन् ।

कटुकोशातकी क्ष्वेला जालिनी कृतवेधना ।

कटुकोशातकी, क्ष्वेला, जालिनी र कृतवेधना : यी कृतवेधनाका पर्यायवाची नाम हुन् ।

(ग) अष्टाङ्ग निघण्टु :

धामार्गवः कोशफलो राजकोशातकी स्मृता । कटुकोशातकी क्ष्वेडा जालिनी कृतवेधनः ॥

धामार्गव, कोशफला र राजकोशातकी : यी राजकोशातकीका तथा कटुकोशातकी, क्ष्वेडा, जालिनी र कृतवेधन : यी कृतवेधनका पर्यायवाची नाम हुन् ।

(घ) कैयदेव निघण्टु :

श्वेतघोषा कृमिच्छिद्रा घण्टाली कृतवेधना । मृदङ्गवत्कोशवती मृदङ्गफलिका तथा ॥
कोशातकी तु कर्कोटी जालिनी कर्कशछदा ।
क्ष्वेडा सतिक्ता घण्टालीज्योत्स्नाजाली तु घोषका ॥
कोशातकी कटुस्तीक्ष्णा पक्वामाशयशोधनी । लघ्वी रूक्षा कटुःपाके जयेत् कासगरोदरम् ॥
पाण्डुशोफकफप्लीहगुल्मार्शःकुष्ठकामलाः । फलमस्याः कटु स्निग्धं तिक्तं पाके हिमं लघु ॥
दीपनं भेदनं हृद्यं वातलं हन्त्यरोचकम् । कासमेहज्वरश्वासकुष्ठपित्तकफानिलान् ॥

घिरौंलो (तस्बिर श्रोत : पेयर डी अमरशकोश)

श्वेतघोषा, कृमिच्छिद्रा, घण्टाली, कृतवेधना, मृदङ्गवत्कोशवती, मृदङ्गफलिका, कोशातकी, कर्कोटी, जालिनी, कर्कशछदा, क्ष्वेडा, सतिक्ता, घण्टाली, ज्योत्स्नाजाली र घोषका : यी कृतवेदनाका पर्यायवाची नाम हुन् । यो पिरो, तिक्खर, पक्वाशय र आमाशय सफा गर्ने, पचाउन सहज, रुखो, पचेपछि पिरो तथा खोकी, गरविष, पेटका रोग, पाण्डु, सुजन, कफविकार, फियोका रोग, गुल्म, हर्सा, कुष्ठ र कमलपित्तलाई जित्ने गुणको हुन्छ । यसको फल पिरो, चिल्लो, पचेपछि तितो, शीतवीर्यको, पचाउन सहज, दीपनी, भेदनी, मुटुका लागि हितकर, वातविकार गर्ने तथा अरुचि, खोकी, प्रमेह, जरो, दम, कुष्ठ, पित्तविकार, कफविकार र वातविकार (विरोधाभाष देखिएको) नाश गर्ने गुणको हुन्छ ।

राजकोशातकी हस्तिपर्णिका पीतपुष्पिका । धामार्गवः कोशफला महाजाली सपीतकः ॥

राजकोशातकी तिक्ता मधुरा कफवातला । पित्तघ्नी दीपनी हन्ति श्वासकासज्वरकृमीन् ॥

राजकोशातकी, हस्तिपर्णिका, पीतपुष्पिका, धामार्गव, कोशफला, महाजाली र सपीतक : यी राजकोशातकीका पर्यायवाची नाम हुन् । यो तितो, गुलियो, कफविकार र वातविकार गर्ने, पित्तविकार नाश गर्ने, दीपनी तथा दम, खोकी, जरो र कीरा नाश गर्ने गुणको हुन्छ ।

अन्यात्वैभी हस्तिघोषा महत्पुष्पा सपीतिका । महाकोशातकी तासां कथितं जाङ्गलं फलम् ॥
हस्तिघोषा सरा स्निग्धा मधुरा श्लेष्मला गुरुः ॥

ऐभी, हस्तिघोषा, महत्पुष्पा, सपीतिका र महाकोशातकी : यी जङ्गली फल महाकोशातकीका पर्यायवाची नाम हुन् । यो मलमूत्रलाई तलतिर सार्ने, चिल्लो, गुलियो, कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

(ङ) धन्वन्तरि निघण्टु :

धामार्गवः कोशफला राजकोशातकी तथा । कर्कोटकी पीतपुष्पा महाजालिनिरुच्यते ॥

धामार्गव, कोशफला, राजकोशातकी, कर्कोटकी, पीतपुष्पा र महाजालिनि : यी घिरौंलो विशेषका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

महाकोशातकी धन्या हस्तिघोषा महाफला । धामार्गवो गदेष्विष्टः स्थिरेषु च महत्सु च ॥

महाकोशातकी, हस्तिघोषा र महाफला : यी अर्को थरी घिरौंलोका पर्यायवाची नाम हुन् । धामार्गव जरो गढेका र फैलिएका रोगमा हितकर हुन्छ ।

कोशातकी सुतिक्तोष्णा पक्वामाशयशोधिनी । कासगुल्मोदरगरे वाते श्लेष्माशयस्थिते ॥
कफे च कण्ठवक्त्रस्थे कफसञ्चयनेषु च । अन्या स्वादुस्त्रिदोषघ्नी ज्वरस्यान्ते हिता स्मृता ॥

कोशातकी तीतो, उष्णवीर्यको तथा पक्वाशय र आमाशयलाई प्रशोधन गर्ने गुणको हुन्छ । कफविकार, गुल्म, पेटका रोग, कृत्रिम विषविकार, कफजन्य वातविकार, घाँटी र मुखमा कफ जम्मा भएको रोग र कफ थुप्रिने रोगमा यो हितकर हुन्छ । अर्को गुलियो खालको घिरौंलोविशेष त्रिदोष नाशक र जरोका अन्तमा हितकर हुन्छ ।

कोशातकी कृतच्छिद्रा जालिनी कृतवेधनी । क्ष्वेडा सुतिक्ता घण्टाली मृदङ्गफलिका मता ॥
क्ष्वेडस्तिक्तः कटुस्तीक्ष्णोऽप्रगाढश्च प्रशस्यते । कुष्ठपाण्ड्वामयप्लीहशोफगुल्मगरादिषु ॥

कोशातकी, कृतच्छिद्रा, जालिनी, कृतवेधनी, क्ष्वेडा, सुतिक्ता, घण्टाली र मृदङ्गफलिका : यी अर्को थरी घिरौंलाका पर्यायवाची नाम हुन् । यो तीतो, पिरो, तिक्खर तथा कडा खालका कुष्ठ, पाण्डु,

फियोका रोग, सुजन, गुल्म र कृत्रिम विषविकारमा हितकर हुन्छ ।

(च) निघण्टुशेष :

कोशातक्यां कृष्णच्छत्रा जाली घोषा सुतिक्तिका । मृदङ्गफलिका क्ष्वेडा घण्टाली कृतवेधना ॥
धामार्गवः पीतपुष्पो महाजाली महाफली । कर्कोटकी कोशफलो राजकोशातकीति च ॥
(कोशमतति-गच्छति कोशातकी । कृष्णं छत्रमस्याः कृष्णच्छत्रा । जालोऽस्यास्ति जाली । घोषति घोषः । सुतरां तिक्ता सुतिक्ता, के सुतिक्तिका । मृदङ्गाकाराणि फलान्यस्या मृदङ्गफली, के मृदङ्गफलिका । क्ष्वेडते क्ष्वेडा । घण्टामलति घण्टाली । कृतं वेधनमनया कृतवेधना । धाम इयर्ति धामार्गवः । पीतानि पुष्पाण्यस्य पीतपुष्पः । महांश्चासौ जाली च महाजाली । महान्ति फलान्यस्या महाफली । करोति कर्कोटः, के कर्कोटकी । कोशे-मध्ये फलान्यस्य कोशफलः । राज्ञी चासौ कोशातकी च राजकोशातकी ।) ।

कोशातकी, कृष्णच्छत्रा, जाली, घोषा, सुतिक्तिका, मृदङ्गफलिका, क्ष्वेडा, घण्टाली, कृतवेधना, धामार्गव, पीतपुष्प, महाजाली, महाफली, कर्कोटकी, कोशफल र राजकोशातकी : यी कोशातकीका पर्यायवाची नाम हुन् ।

हस्तिकोशातकी त्वैभी विशाला कर्कटच्छदा ।
(हस्तिनः कोशातकी हस्तिकोशातकी । इभस्येयं ऐभी । विशाला विस्तीर्णा । कर्कटस्येव च्छदोऽस्याः कर्कटच्छदा ।) ।

हस्तिकोशातकी, ऐभी, विशाला र कर्कटच्छदा : यी हस्तिकोशातकीका पर्यायवाची नाम हुन् ।

(छ) भावप्रकाश निघण्टु :

महाकोशातकी प्रोक्ता हस्तिघोषा महाफला ॥
धामार्गवो घोषकश्च हस्तिपर्णश्च स स्मृतः । महाकोशातकीस्निग्धा रक्तपित्तानिलापहा ॥६६॥

महाकोशातकी, हस्तिघोषा, महाफला, धामार्गव, घोषक र हस्तिपर्ण : यी घिरौंलाका संस्कृत पर्यायवाची नामहरू हुन् । घिरौंलो चिल्लो हुन्छ । यसले रक्तपित्त र वातविकार नाश गर्दछ ।

धामार्गवः पीतपुष्पो जालिनी कृतवेधना । राजकोशातकी चेति तथोक्ता राजिमत्फला ॥
राजकोशातकी शीता मधुरा कफवातकृत् । पित्तघ्नी दीपनी श्वासज्वरकासकृमिप्रणुत् ॥

धामार्गव, पीतपुष्प, जालिनी, कृतवेधना, राजिमत्फला र राजकोशातकी : यी पाटेघिरौंलाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ । यो गुलियो हुन्छ । यसले कफविकार र वातविकार गर्दछ । पाटे घिरौंलाले पित्तविकार नाश गर्दछ । यसले पाचकाग्निलाई बाल्दछ तथा दम, जरो, खोकी

र कीरा नाश गर्दछ ।

(ज) **मदनपाल निघण्टु :**

कोशातकी शतच्छिद्रा जालिनी कृतवेधसा ।
मृदङ्गफलका ज्वेरा घोटाकी कर्कशच्छदा ॥

कोशातकी, शतच्छिद्रा, जालिनी, कृतवेधसा, मृदङ्गफलका, ज्वेरा, घोटाकी र कर्कशच्छदा : यी घिरौंलोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

पाटेघिरौंला (तस्बिर श्रोत : पेयर डी अमरशकोश)

कोशातकी लघुस्तिक्ता रूक्षाऽऽमाशयशोधनी ।
शोफपाण्डूदरप्लीहकुष्ठार्शः कफपित्तजित् ॥
तत्फलं भेदनं शीतं लघु मेहत्रिदोषजित् ॥

घिरौंलो पचाउन सहज, तीतो, रुखो, आमाशय सफा गर्ने तथा सुजन, पाण्डु, पेटका रोग, फियोका रोग, कुष्ठ, अल्काई, कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ । यसको फल भेदनी, शीतवीर्यको, पचाउन सहज तथा प्रमेह र त्रिदोषलाई जित्ने गुणको हुन्छ ।

राजकोशातकी मिष्टा महाजालिः सपीतका ।
राजकोशातकी शीता ज्वरघ्नी कफवातला ॥

राजकोशातकी, मिष्टा, महाजालि र सपीतका : यी घिरौंलोविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, ज्वर नाशक तथा कफविकार र वातविकार गर्ने गुणको हुन्छ ।

महाकोशातकी त्वन्या हस्तिघोषा महाफला ।
महाकोशातकी स्निग्धा मिष्टा पित्तानिलापहा ॥

अर्कोथरी घिरौंलोका महाकोशतकी, हस्तिघोषा र महाफला : यी अर्को घिरौंलो विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो चिल्लो, गुलियो तथा पित्तविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

(झ) **मदनादि निघण्टु :**

कोशातकः कृतच्छिद्रा जालिनी कृतवेधना । क्षेडास्तुतिक्ता घण्टाली मृदङ्गफलिका च सा ॥

राजाकोशातकी त्वन्या कर्कोटी हस्तिपर्णिका । धामार्गवः कोशफला महाजालीनिकांत च॥
कफकासप्रशमनी पाण्डु कामल नाशिनी । रसे पाके च कटुका लघ्वी कोशातकी मता॥

कोशातकी, कृतच्छिद्रा, जालिनी, कृतवेधना, क्ष्वेडा, तिक्ता, घण्टाली र मृदङ्गफलिका : यी कोशातकीका तथा राजाकोशातकी, कर्कोटी, हस्तिपर्णिका, धामार्गव, कोशफला र महाजालीनिका : यी राजकोशातकीका पर्यायवाची नाम हुन् । कोशातकी कफविकार र खोकी शान्त पार्ने, पाण्डु र कमलपित्त नाश गर्ने, शुरुमा र पचेपछि पिरो र पचाउन सहज हुने गुणको हुन्छ ।

(ञ) **माधव द्रव्यगुण :**

कोशातकी कफार्शोघ्नी पक्वामाशयशोधनी ।

कोशातकी कफविकार र हर्सा नाश गर्ने तथा पक्वाशय र आमाशय सफा गर्ने गुणको हुन्छ ।

कोशातकी लघुस्तिक्ता रूक्षामाशयशोधिनी । शोफपाण्डूदरप्लीहकुष्ठार्शःकफपित्तकृत्॥
तत्फलं भेदनं शीतं लघु मेदास्त्रिदोषजित् । राजकोशातकी शीता ज्वरघ्नी कफवातला॥
महाकोशातकी स्निग्धा सरा पित्तानिलापहा ।

कोशातकी पचाउन सहज, तितो, रुखो, आमाशय सफा गर्ने; सुजन, पाण्डु, पेटका रोग, फियोका रोग, कुष्ठ, हर्सा, कफविकार र पित्तविकार गर्ने (नाशगर्ने हुनुपर्ने ?) गुणको हुन्छ । त्यसको फल भेदनी, शीतवीर्यको, पचाउन सहज, बोसोविकार र त्रिदोषलाई जित्ने गुणको हुन्छ । राजकोशातकी शीतवीर्यको, जरो नाश गर्ने तथा कफविकार र वातविकार गर्ने गुणको हुन्छ । महाकोशातकी चिल्लो, मलमूत्रलाई तलतिर सार्ने तथा पित्तविकार र वातविकार नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ट) **राजनिघण्टु :**

कोशातकी स्वादुफला सुपुष्पा कर्कोटकी स्यादपि पीतपुष्पा ।
धाराफला दीर्घफला सुकोशा धामार्गवः स्यान्नवसञ्ज्ञकोऽयम्॥
धाराकोशातकी स्निग्धा मधुरा कफपित्तनुत् । ईषद्वातकरी पथ्या रुचिकृच्चलवीर्यदा॥

(१) कोशातकी, (२) स्वादुफला, (३) सुपुष्पा, (४) कर्कोटकी, (५) पीतपुष्पा, (६) धाराफला, (७) दीर्घफला, (८) सुकोशा र (९) धामार्गव : यी नौ नाम पाटेतोरियाँका संस्कृत पर्यायवाची नामहरू हुन् । यो चिल्लो, गुलियो तथा कफविकार र पित्तविकार नाशक हुन्छ । यसले थोरै वातविकार गर्दछ । यो पथ्य, रुचिवर्धक र चलायमान- वीर्यदायक हुन्छ ।

कोषातकी कृतच्छिद्रा जालिनी कृतवेधना । क्ष्वेडा सुतिक्ता घण्टाली मृदङ्गफलिनी तथा॥
कोशातकी तु शिशिरा कटुकाऽल्पकषायका । पित्तवातकफघ्नी च मलाध्मानविशोधिनी॥

(१) कोषातकी, (२) कृतच्छिद्रा, (३) जालिनी, (४) कृतवेधना, (५) क्ष्वेडा, (६) सुतिक्ता, (७) घण्टाली

र (८) मृदङ्गफालेनी : यी पाटाघिरौँलाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, पिरो र थोरै टर्रो हुन्छ । यसले पित्तविकार, वातविकार र कफविकारलाई नाश गर्दछ । यो घिरौँलोले मल (दिसा)जन्य आध्मान रोगलाई सफा गर्दछ ।

हस्तिकोशातकी त्वन्या बृहत्कोशातकी तथा । महाकोशातकी वृत्ता ग्राम्यकोशातकी शराः॥
हस्तिकोशातकी स्निग्धा मधुराऽऽध्मानवातकृत्। वृष्या क्रिमिकरी चैव व्रणसंरोपणी च सा॥

(१) हस्तिकोशातकी, (२) बृहत्कोशातकी, (३) महाकोशातकी, (४) वृत्ता र (५) ग्राम्यकोशातकी : यी पाँच नाम घिरौँलाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो चिल्लो, गुलियो तथा आध्मान र वातविकार गर्ने गुणको हुन्छ । घिरौँलो वीर्यवर्धक, पेटमा कीरा पार्ने र घाउ भर्ने गुणको हुन्छ ।

(ठ) राजवल्लभ निघण्टु :

झिङ्गाकं तिक्तमधुरमामवाताग्निमान्द्यहृत्॥

तीतो तोरियाँको फल तीतो, गुलियो तथा आमजन्य वातविकार र कमजोर पाचनशक्ति नाशगर्ने गुणको हुन्छ ।

कोषातकी कफार्शोघ्नी पक्वामाशयशोधिनी॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

घिरौँलोले कफविकार र हर्सा नाश गर्दछ तथा पक्वाशय र आमाशयलाई प्रशोधन गर्दछ ।

(ड) शालिग्राम निघण्टु :

कोशातकी स्वादुफला सुपुष्पा कर्कोटकी स्यापि पीतपुष्पा ।
धाराफला दीर्घफला सुकोशा धामार्गवः स्यान्नवसंज्ञकोयम्॥

कोशातकी, स्वादुफला, सुपुष्पा, कर्कोटकी, पीतपुष्पा, धाराफला, दीर्घफला, सुकोशा र धामार्गव : यी नौ नाम घिरौँलोका पर्यायवाची नाम हुन् ।

पित्तानिलघ्नं कफजिद्विपाकात्पथ्यंज्वरे स्वादुरसोपपन्नम् ।
हुताशनोद्दीपन भेदकं च कोशातकं शाकवरं वदन्ति॥

यो घिरौँलो पित्तविकार र वातविकार नाश गर्ने, पचेपछि कफविकारलाई जित्ने, जरोमा पथ्य, गुलियो, पाचक-अग्निलाई बाल्ने र भेदनी गुणको हुन्छ । यो उत्तम तरकारी हो भन्दछन् ।

महाकोशातकी प्रोक्ता हस्तिघोषा महाफलाः । धामार्गवो घोषकश्च हस्तिपर्णश्च स स्मृतः॥

महाकोशातकी, हस्तिघोषा, महाफला,धामार्गव, घोषक र हस्तिपर्ण : यी महाकोशातकीका

पर्यायवाची नाम हुन् ।

कोषातक्यां कृतच्छिद्रा जालिनी कृतवेधना । क्ष्वेडा सुतिक्ता घण्टाली मृदङ्गफलिका मता॥

कोषातकी, कृतच्छिद्रा, जालिनी, कृतवेधना, क्ष्वेडा, सुतिक्ता, घण्टाली र मृदङ्गफलिका : यी तितो घिरौंलोका पर्यायवाची नाम हुन् ।

तिक्त कोशातकी शीता किञ्चित्कट्वी कषायका । तिक्ता पक्वाशयाध्मामलामाशय शुद्धिकृत्॥
लघ्वी रूक्षा वातकफपित्तपाण्डुविषापहा । यकृत्कुष्ठार्शशोधघ्नी कासोदरविशनाशिनी॥
कामलागुल्मशमनी फलं चास्यास्तु भेदकम् । कटुतिक्तं च शीतञ्च स्निग्धं हृद्यं च दीपनम्॥
कासारोचकमेहघ्नं ज्वरकुष्ठकफापहम् । श्वासं पित्तं च वातञ्च नाशयेदिति कीर्त्तितम्॥

तितो घिरौंलो (लहरा) शीतवीर्यको, केही पिरो, टर्रो, तितो; पक्वाशय, आध्मान रोग, दिसा र आमाशयलाई सफा गर्ने; पचाउन सहज, रुखो तथा वातविकार, कफविकार, पित्तविकार, पाण्डु, विषविकार, कलेजोका रोग, कुष्ठ, हर्सा र सुजन नाश गर्ने गुणको हुन्छ । यसको फल भेदनी, पिरो, तितो, शीतवीर्यको, चिल्लो, मुटुका लागि हितकर, दीपनी तथा खोकी, अरुचि, प्रमेह, जरो, कुष्ठ, कफविकार, दम, पित्तविकार र वातविकार नाशगर्ने गुणको हुन्छ ।

पाटेघिरौंला (तस्बिर श्रोत : पेयर डी अमरशकोश)

तिक्त कोशातकं तिक्तं वातलं कफपित्तजित् । अवृष्यं कटुकं पाके सारकं वान्तिकारकम्॥
एतत्फलं च बीजं च नस्यान्नासाशिरोर्त्तिजित्॥ (शोढल निघण्टु) ।

तितो घिरौंलो तितो, वातविकार गर्ने, कफविकार र पित्तविकारलाई जित्ने, वीर्य नबढाउने, पचेपछि पिरो, मलमूत्रलाई तलतिर सार्ने र बान्ता गराउने गुणको हुन्छ । यसको फल र बीजको नस लिनाले नाक र टाउकाको पीडा नाश हुन्छ ।

(ढ) सोढल निघण्टु :

कोशातक्यां कृतच्छिद्रा जालिनी कृतवेधना । क्ष्वेडा सुतिक्ता घण्टाली मृदङ्गफलिका मता॥
धामार्गवः कोशफला तथा घोषवतीति च । स्वादौ च राजूपर्वाणि स्वाद्वाद्यानि भवन्ति च॥

कोशातकी, कृतच्छिद्रा, जालिनी, कृतवेधना, क्ष्वेडा, सुतिक्ता, घण्टाली, मृदङ्गफलिका, धामार्गव, कोशफला र घोषवती : यी कोशातकीका पर्यायवाची नाम हुन् । स्वाद आदि राजकोशातकीको जस्तै

हुन्छ ।

(ण) **सौश्रुत निघण्टु :**

धामार्गवी कोषफला राजकोशातकी तथा । कोशातकी कृतच्छिद्रा जालिनी कृतवेधना ॥

धामार्गवी, कोषफला, राजकोशातकी, कोशातकी, कृतच्छिद्रा, जालिनी र कृतवेधना : यी कोशातकीका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कोष्ठ (शरीरका भित्री अङ्गविशेष)
(Koshtha)

परिभाषा :

(क) **के.यन.स्वामी (कोष्ठ) :** (१) शरीर वा पेटभित्रको कलेजो फोक्सो आदि । (२) ढुकुटी वा भण्डार । (३) पेट । (४) भित्रीकोठा ।

(ख) उण्डूकलाई अंग्रेजीमा Caecum भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अष्टाङ्ग सङ्ग्रह :**

तेषु सप्तसु प्रतिबद्धानि कोष्ठाङ्गानि हृदययकृत्प्लीहफुफ्फुसोण्डुकवृक्कान्त्रादीनि ।

ती सात आशयमा कोष्ठका अवयव हृदय, कलेजो, फियो, फोक्सो, उण्डूक, मृगौला, आन्द्रा आदि सम्बन्धित रहेका हुन्छन् ।

(ख) **अष्टाङ्ग हृदय :** सङ्कलन : मोहन प्रसाद सापकोटा

कोष्ठाङ्गानि स्थितान्येषु हृदयं क्लोम फुप्फुसम् ।
यकृत्प्लीहोन्लुकं वृक्कौ नाभिडिम्बान्त्रवस्तयः॥

कोष्ठ-अङ्ग भनेको मुटु, दाहिने फोक्सो, (देब्रे) फोक्सो, कलेजो, फियो, (उण्डूक-ठूलो आन्द्रा र सानो आन्द्रा जोडिने ठाउँमा रहेको एक थैली), दुई मृगौला, नाइटो, डिम्बाशय (वा डिम्बकोश), आन्द्रा र मूत्राशय हुन् ।

(ग) **माधव निदान, सुश्रुत संहिता :**

स्थानान्यामाग्निपक्वानां मूत्रस्य रुधिरस्य च॥ हृदुण्डुकः फुप्फुसश्च कोष्ठ इत्यभिधीयते ।

आमाशय, अग्न्याशय, पक्वाशय, मूत्राशय, रक्ताशय, हृदय, उण्डूक र फोक्सो : यी अङ्गलाई "कोष्ठ" भनिन्छ ।

व्याख्या : शरीर भित्रका जुन अङ्ग प्राकृतिकरूपमा भित्र खोक्रा हुन्छन्, त्यसमा केही न केही भरिएको हुन्छ र फुट्दा त्यो भरिएको कुरा बहन्छ वा बाहिर आउँदछ, ती अङ्गलाई "कोष्ठ" भनिन्छ । तर आयुर्वेदका प्रायः सबै ग्रन्थमा प्रायः सबै अनुवादकले कोष्ठको अर्थ पेट मात्र लगाएको देखिन्छ । यो सही देखिएन । प्रसङ्ग विचार गरेर मात्र कोष्ठको अर्थ लगाउनु पर्ने देखिन्छ ।

कोष्ठभेद (शरीर भित्रका अङ्ग फुट्ने रोग)
(Visceral wounds)

प्राचीन ग्रन्थका वचनहरू :

(क) माधव निदान :

तस्मिन् भिन्ने रक्तपूर्णे ज्वरो दाहश्च जायते । मूत्रमार्गगुदास्येभ्यो रक्तं घ्राणाच्च गच्छति ॥
मूर्च्छा श्वासस्तृषाऽऽध्मानमभक्तच्छन्द एव च । विण्मूत्रवातसङ्गश्च स्वेदास्रावोऽक्षिरक्तता ॥
लोहगन्धित्वमास्यस्य गात्रदौर्गन्ध्यमेव च । हृच्छूलं पार्श्वयोश्चापि विशेषं चात्र मे शृणु ॥
आमाशयस्थे रुधिरे रुधिरं छर्दयत्यपि । आध्मानमतिमात्रं च शूलं च भृशदारुणम् ॥
पक्वाशयगते चापि रुजा गौरवमेव च । अधःकाये विशेषेण शीतता च भवेदिह ॥

कोष्ठ (शरीरका भित्री अङ्गविशेष) कुनै कारणले फुटेमा वा छेडिएमा त्यो रगतले भरिने गर्दछ । यसपछि जरो आउने र डाह हुने गर्दछ । पिसाबको बाटो, मलद्वार, मुख र नाकबाट रगत निस्कन थाल्दछ । यस बाहेक बेहोस हुने, सास फेर्न कठिनाई हुने, तिर्खा लाग्ने, पेट फुल्ने, खान मन नलाग्ने, दिसा र पिसाब अवरुद्ध हुने, धेरै पसिना आउने, आँखा राता हुने, मुखबाट फलामको जस्तो गन्ध आउने, शरीर गनाउने, मुटु र कोखो दुख्ने जस्ता लक्षणहरू पनि देखिन्छन् । यी कोष्ठभेदका सामान्य लक्षण हुन् । कोष्ठविशेष भेदन हुँदाका लक्षण पछि बताइनेछ । जस्तै : आमाशयमा रगत भरियो भने रोगीले रगत नै बान्ता गर्न थाल्दछ । पेट अति नै फुल्दछ र अति नै पीडा हुन्छ । पक्वाशयमा रगत भरियो भने पीडा, शरीर भारी हुने र शरीरका तल्ला अङ्ग चिसो हुने जस्ता लक्षण देखिन्छन् ।

(ख) सुश्रुत संहिता :

तस्मिन् भिन्ने रक्तपूर्णे ज्वरो दाहश्च जायते ॥ मूत्रमार्गगुदास्येभ्यो रक्तं घ्राणाच्च गच्छति ।
मूर्च्छा श्वासस्तृषाऽऽध्मानमभक्तच्छन्द एव च ॥ विण्मूत्रवातसङ्गश्च स्वेदास्रावोऽक्षिरक्तता ।
लोहगन्धित्वमास्यस्य गात्रदौर्गन्ध्यमेव च ॥ हृच्छूलं पार्श्वयोश्चापि विशेषं चात्र मे शृणु ।

कोष्ठ (शरीरका भित्री अङ्गविशेष) कुनै कारणले फुटेमा वा छेडिएमा त्यो रगतले भरिने गर्दछ । यसपछि जरो आउने र डाह हुने गर्दछ । पिसाबको बाटो, मलद्वार, मुख र नाकबाट रगत निस्कन थाल्दछ । यस बाहेक बेहोस हुने, सास फेर्न कठिनाई हुने, तिर्खा लाग्ने, पेट फुल्ने, खान मन नलाग्ने, दिसा र पिसाब अवरुद्ध हुने, धेरै पसिना आउने, आँखा राता हुने, मुखबाट फलामको जस्तो गन्ध आउने, शरीर गनाउने, मुटु र कोखो दुख्ने जस्ता लक्षणहरू पनि देखिन्छन् । यी कोष्ठभेदका सामान्य लक्षण हुन् । कोष्ठविशेष भेदन हुँदाका लक्षण पछि बताइनेछ ।

आमाशयस्थे रुधिरे रुधिरं छर्दयेत् पुनः ॥ आध्मानमतिमात्रं च शूलं च भृशदारुणम् ।
पक्वाशयगते चापि रुजो गौरवमेव च ॥ शीतता चाप्यधो नाभेः खेभ्यो रक्तस्य चागमः ।

आमाशयमा रगत भएका कारण पटकपटक रगत बान्ता हुन्छ । धेरै नै पेट फुल्दछ । अति नै

दुख्दछ । पक्वाशयमा रगत हुँदा पीडा र शरीर भारी हुन्छ । नाइटो मुनि चिसो हुन्छ । मलद्वार र मूत्रद्धारबाट रगत निस्कने गर्दछ ।

अभिन्नेऽप्याशयेऽन्त्राणां खैः सूक्ष्मैरन्त्रपूरणम्॥ पिहितास्ये घटे यद्वल्लक्ष्यते तस्य गौरवम् ।

जसरी गाग्रोको मुख बन्द गर्दा पनि छेउछाउमा भएका प्वालहरूबाट छिरेर गाग्रोमा पानी भरिन्छ, ठीक यसरी नै आमाशय नफाट्दा पनि आन्द्रामा भएका ससाना प्वालहरूबाट छिरी आन्द्रा रगत आदिले भरिने गर्दछ ।

नोट : आमाशय, अग्न्याशय, पक्वाशय, मूत्राशय, रक्ताशय, हृदय, उण्डूक र फोक्सो : यी अङ्गलाई "कोष्ठ" भनिन्छ । यी अङ्गमा कुनै कारण प्वाल परी वा चोट लागी त्यसबाट केही कुरा चुहिनु वा बहनुलाई कोष्ठभेद भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कोष्ठचहृद्यन्त्ररोग (मुटुको रोग विशेष)
(A kind of heart-disease)

प्राचीन ग्रन्थका वचनहरू :

(क) माधव निदान, परिशिष्ट :

सदाऽभिघातादथवाऽऽमवातात्तथैव पूर्वोदितकारणाद्भिः ।
प्रजायते हृद्गतकोष्ठमध्ये यतस्ततः कोष्ठचक एष उच्यते ॥
अस्मिन् गदे स्यादरुचिर्ज्वरोऽथो वैवर्ण्यमङ्गेऽनलसङ्क्षयोऽपि ।
श्वासोऽथ कम्पः कसनं च दाहो यक्ष्माधिकोष्ठं ननु पूयसञ्चयः ॥
आक्षेपमूर्च्छे अपि च प्रलापो नूनं धमन्या विषमा गतिश्च ।
अस्माद्गदाद् घोरतरात्कदाचिद् विमुच्यते कोऽपि गदी तु दैवात् ॥

अभिघात (चोटपटक) वा आमवातले वा पहिले बताइएका कारणले मुटुको खण्डको बीचमा हुने भएकोले यसलाई "कोष्ठचहृद्यन्त्ररोग" भनिन्छ । यो रोगमा अरुचि, जरो, अङ्गमा दुर्बलता, दम, कम्पन, खोकी, डाह, क्षयरोग, खण्डमा पीपको सञ्चय, झट्का दिने, बेहोसी, बरबराउने र नाडीको गति समान नहुने जस्ता लक्षण देखिन्छन् । यो भयानक रोगबाट कोहीकोही भाग्यले मात्र बाँच्न सफल हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कौतुक (विशेष सिद्धि)
(Conjuring tricks)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

अङ्कोलस्य तु बीजानि निक्षिप्ता तैलमध्यतः । धूपं दत्वा तु तत्तैलं सर्वसिद्धिप्रदायकम् ॥
तडागे निक्षिपेत्पाद्मवीजं तत्तेल संयुतम् । तत्क्षणाज्जायते योगिन् तडागात्कमलोद्भवः ॥
तत्तैलमामवीजे तु निक्षिपेत् विन्दुमात्रतः । आम्रवृक्षस्तदुपन्नः क्षणमात्रात्फलान्वितः ॥

अम्पीफलको गेडालाई त्यसैको तेलमा भिजाएर त्यसको धूप बाल्नाले यसले सबै खालका सिद्धि दिन्छ । कमलका गेडालाई अम्पीफलको तेलमा भिजाएर तलाउमा हाल्नाले तुरुन्त उम्रन्छ । यही तेल एक थोपा आँपको कोयामा हाल्ने हो भने तुरुन्तै आँप उम्रन्छ ।

घूकविष्ठां गृहित्वा त्वैरण्ड तैलेन पेषयेत् । यस्याङ्गे विनिक्षिपेद्विन्दुमदृश्यो जायते नरः ॥
मातुलुङ्गस्यबीजानां तैलं ग्राह्यं प्रयत्नतः । लेपयेत् ताम्रपत्रे तं मध्याह्ने च विलोकयेत् ॥
रथेन सहचाकाशे दृश्यते भास्करो ध्रुवम् । विनामन्त्रेण सिद्धिः स्यात् सिद्धयोगः उदाहृतः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

लाटोकोसेरोको विष्ठा लेराई अरिडको तेलमा मिसाएर जसको शरीरमा एक थोपा हालिन्छ उ अदृश्य हुन्छ । बिमिरोको गेडा जम्मा पारी विधिपूर्वक तेल निकाल्नू । यसलाई कुनै तामाको भाँडामा हाल्नू । मध्याह्नमा सूर्यलाई सामुन्ने पारी यो तेल सहितको भाँडो राख्नू र सूर्यलाई हेर्नू । आकाशमा रथमा चढेका सूर्यलाई देखिन्छ । यो बिना मन्त्र सिद्ध हुने सिद्ध योग हो ।

कौप (कुवा वा इनारको पानी)
(Water of a pit or a well)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) अरघट्टी : इनारबाट पानी झिक्ने घडाहरू झुन्ड्याइएको मालाकार यन्त्र; अरघट; कूपयन्त्र । (२) इनार : जमिनमा खनेर पानीको मूल भेट्टाई इँट आदिको गोलाकार गाह्रो लगाएर बनाइएको, डोरीमा घल्चा, बाल्टी आदि झुन्ड्याएर डुबाई पानी झिकिने गहिरो खाल्डो । (३) कुवा : हातले पानी उभाउन सकिने वा भेटिने, मानिसले बनाएको सानो जलाशय; कूप; कूवा । (४) लखाकी : इनारबाट पानी झिक्न डोल, बाल्टिन आदि झुन्ड्याइने डोरी ।

(ख) पेयर डी अमरकोश : कूपलाई अंग्रेजीमा Pit वा Well भनिन्छ ।

घाँसीकुवा, व्यास न.पा., तनहुँ (तस्बिर श्रोत : मेडियामिशननेपाल डटकम)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कूपात् कौपमिति ज्ञेयं...।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कुवाबाट निकालिने पानीलाई कौपम् भनिन्छ ।

(घ) आयुर्वेद महोदधि :

भूम्यूत्खातसमुद्भूतं महाशैलसमुद्भवम् ।
विमलं मधुरास्वादं कौपं जलमुदाहृतम् ॥

जमिन खनेर (वा खाल्डाबाट) निस्कने वा ठूलठूला पर्वतबाट निस्कने, निर्मल र मिठो पानीलाई "कौप" भनिन्छ ।

सक्षारं पित्तलं कौपं श्लेष्मघ्नं (वातजित्तथा) दीपनं लघु ॥
कौपं जलं च तृष्णाघ्नं श्रमघ्नं प्रीतिवर्धनम् ।

कुवाको पानी केही नुनिलो, पित्त बढाउने, कफ नाश गर्ने, दीपन र हलुका हुन्छ । "कौप" पानीले तिर्खा र थकाई मेट्दछ, आनन्द दिन्छ ।

(ङ) कैयदेव निघण्टु :

सक्षारं पित्तलं कौपं श्लेष्मघ्नं दीपनं लघु ।

कुवाको पानी क्षारयुक्त, पित्तविकार गर्ने, कफविकार नाश गर्ने, दीपनी र पचाउन सहज हुने गुणको हुन्छ ।

कूप, भारत (तस्बिर श्रोत : पेयर। डी अमरकोश)

(च) द्रव्यगुणसङ्ग्रह :

कौपं कफघ्नं सक्षारं पित्तलं लघु दीपनम् ।

कुवाको पानी कफविकार नाश गर्ने, क्षारयुक्त, पित्तविकार गर्ने, पचाउन सहज र दीपनी गुणको हुन्छ ।

(छ) धन्वन्तरि निघण्टु :

सक्षारं पित्तलं कौपं श्लेष्मघ्नं लघु दीपनम् ।

प्रसाद सापकोटा

कुवाको पानी क्षारयुक्त, पित्तविकार गर्ने, कफविकार नाश गर्ने, पचाउन सहज र दीपनी गुणको हुन्छ ।

(ज) भावप्रकाश निघण्टु :

भूमौ खातोऽल्पविस्तारो गम्भीरो मण्डलाकृतिः॥
बद्धोऽबद्धः स कूपः स्यात्तदम्भः कौपमुच्यते ।
कौपं पयो यदि स्वादु त्रिदोषघ्नं हितं लघु॥ तत्क्षारं कफवातघ्नं दीपनं पित्तकृत्परम् ।

कम फराकिलो, गहिरो, गोलाकार र वरिपरि इँट्टाले घेरिएका वा नघेरिएको जलाशयलाई कुवा (कूप) भनिन्छ । यसको पानीलाई कौपजल भनिन्छ । कुवाको पानी मिठो भए त्रिदोषनाशक, हितकारी र पचाउन सहज हुन्छ । यदि यस्तो पानी क्षारयुक्त छ भने यो कफविकार नाशक, वातविकार नाशक, पाचकाग्नि वर्धक र धेरै नै पित्तविकार वर्धक हुन्छ ।

(झ) मदनपाल निघण्टु :

कौपं श्लेष्महरं क्षारं पित्तलं दीपनं लघु॥

कुवाको पानीले कफविकार नाश गर्दछ । तर यो जलमा क्षार मिसिएको हुन्छ । यसले पित्तविकार गर्दछ र पाचनशक्ति बढाउँदछ । यो पचाउन हलुका हुन्छ ।

(ञ) **माधव द्रव्यगुण :**

कौपं स्वादु त्रिदोषघ्नं लघु पथ्यं च सर्वदा ।

कुवाको पानी गुलियो, त्रिदोष नाश गर्ने, पचाउन सहज र जहिले पनि पथ्य हुन्छ ।

(ट) **राज निघण्टु :**

कफघ्नं कूपपानीयं क्षारं पित्तकरं लघु॥

कूपको पानी कफविकार नाशक, नुनिलो, पित्तविकार गर्ने र पचाउन हुने गुणको हुन्छ ।

(ठ) **राजवल्लभ निघण्टु :**

गौतम बुद्धले प्रयोग गर्ने इनार, निग्रोधारा बगैंचा, कपिलवस्तु (तस्बिर श्रोत : रासस)

कौपं वातकफौ हन्ति दीपनं लघु पित्तलम्॥

कुवाको पानी वातविकार कफविकार नाशगर्ने, दीपनी, पचाउन सहज तथा पित्तविकार गर्ने गुणको हुन्छ ।

(ड) **हारीत संहिता :**

रूक्षं कफघ्नं लवणात्मकञ्च सन्दीपनं पित्तकरं लघूष्णम् ।
कौपं जलं वातहरं प्रदिष्टं शरदृत्तौ नैव हितं न शस्तम्॥

कुवाको पानी रुखो, कफनाशक र केही नुनिलो हुन्छ । यसले जठराग्नि बाल्दछ तर पित्त बढाउँदछ । यो हलुका हुन्छ र वात नाश गर्दछ भनी बताइएको छ । तर शरद् ऋतुमा यो पानी न हितकर हुन्छ न त प्रशंसनीय नै ।

कौमुदी (चन्द्रकिरण, जून)
(Moonbeam)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) जुन : चन्द्रमाको किरण; चन्द्ररश्मि । (२) जुनेली : जून लागेको; चन्द्रमाको किरणले उज्यालो भएको (रात) । जूनको प्रकाश; चन्द्रमाको उज्यालो । (३) ज्योत्स्ना : चन्द्रमाको किरण; चन्द्ररश्मि; जून; जुनेली; हरिचन्दन; कौमुदी; चन्द्रलेखा, चाँदनी; चन्द्रिका, जून ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अमरकोश :** चन्द्रिका, कौमुदी र ज्योत्स्ना : यी जूनका नाम हुन् ।

(ख) **राज निघण्टु :**

ज्योत्स्ना तु चन्द्रिका चान्द्री कौमुदी कामवल्लभा । चन्द्रातपश्चन्द्रकान्ता शीताऽमृततरङ्गिणी ॥ त्रिदोषशमनी ज्योत्स्ना ...।

सङ्कलन : मोहन

ज्योत्स्ना, चन्द्रिका, चान्द्री, कौमुदी, कामवल्लभा, चन्द्रातप, चन्द्रकान्ता, शीता र अमृततरङ्गिणी : यी चन्द्रमाको किरणका संस्कृत पर्यायवाची नामहरू हुन् । चन्द्रकिरणले त्रिदोष नाश गर्दछ ।

जूनमा रमाइरहेकी एक बालिका, तस्बिर श्रोत : openart.ai, Sith Exar Kun

(ग) **राजवल्लभ निघण्टु :**

ज्योत्स्ना कषायमधुरा दाहासृक्पित्तनाशिनी ॥

चन्द्रकिरण (शरीरमा) टर्रो, गुलियो (भर्ने) तथा डाह र रक्तपित्त नाशगर्ने गुणको हुन्छ ।

क्रकर (माटीकोरे चरा)
(Kingfisher)

परिभाषा :

(क) के.यन.स्वामी (क्रकर) : माटीकोरे चरा ।

(ख) नेपाली बृहत् शब्दकोश (माटीकोरे) : पहरामा प्वाल पारेर गुँड लाउने, हरियो शरीर, रातो टाउको र तीखो चुच्चो हुने एक चरो ।

(ग) हिन्दी विश्वकोश (१) क्रकर : क्रकण पक्षी, किलकिला । (२) किलकिला : पक्षिविशेष, यो सानो हुन्छ । माछा खाएर आफ्नो पेट भर्दछ । माछा देखेपछि यो पानीमाथि १० हात फरकमा उड्दछ अनि झम्टेर माछा समाती लिएर उड्दछ ।

kingfisher (Source : wesomewildlifeco.co.uk)

नोट : नेपालीमा माटीकोरे र हिन्दीमा किलकिला भनिने चरालाई अंग्रेजीमा Kingfisher भनिन्छ । यसका अनेक रंग र अनेक जात हुन्छन् । यो चराले भीर, पहरा, रुख आदिमा गुँड लगाएको पाइन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) **राजवल्लभ निघण्टु :**

क्रकरा लघवो हृद्यास्तथा ... ।

माटीकोरे चराको मासु पचाउन सहज र मुटुका लागि हितकर हुन्छ ।

क्रिमि (कीरा)
(Worm, bacteria)

आयुर्वेदमा प्राय: शरीरको भित्र वा बाहिर रहेर मानव शरीरलाई हानी गर्ने कीरालाई कृमि वा क्रिमि तथा बाहिर वातावरणमा हुने अन्य कीरालाई कीट नामले सम्वोधन गरिएको छ । कतै दुवै शब्द पर्यायवाची शब्द पनि बनाइएको हुन्छ । प्रसङ्गहेरी अर्थ लगाउनु पर्ने हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कुष्ठैकहेतवोऽन्र्तजाः श्लेष्मजास्तेषु चाधिकम्॥
मधुरान्नगुडक्षीरदधिसक्तुनवौदनैः । शकृज्जा बहुविड्धान्य पर्णशाकोलकादिभिः॥

शरीर भित्र उत्पन्न हुने कीराको कारण कुष्ठरोग उत्पन्न हुने कारणजस्तै हुन्छ । विशेषगरी कफजन्य कीरा गुलियो खानेकुरा, सखर, दूध, दही, सातु र नयाँ चामलको भात अत्यधिक सेवन गर्नाले उत्पन्न हुन्छ । दिसाजन्य कीरा दिसा बढाउने खालका अनाज, पातलाई तरकारी बनाइने साग र हरियो र काँचो गेडागुडीका कारण उत्पन्न हुने गर्दछ ।

कफादामाशये जाता वृद्धाः सर्पन्ति सर्वतः । पृथुव्रध्ननिभाः केचित् केचिद्गण्डूपदोपमाः॥
रूढधान्याङ्कुराकारास्तनुदीर्घास्तथाऽणवः । श्वेतास्ताम्रावभासाश्च नामतः सप्तधा तु ते॥
अन्त्रादा उदरावेष्टा हृदयादा महागु(कु)हाः । चु(कु)रवो दर्भकुसुमाः सुगन्धास्ते च कुर्वते॥
हृल्लासमास्यस्रवणमविपाकमरोचकम् । मूर्च्छाच्छर्दिज्वरानाहकार्श्यक्षवथुपीनसान्॥

शरीरमा कफबाट उत्पन्न हुने कीरा आमाशयमा उत्पन्न हुन्छ । यी बढ्दै गएपछि शरीरभर सगबगाउँदै फैलन्छन् । कीरा कुनै चेप्टा वा मोटा, कुनै लामो फित्ता जस्ता, कुनै गँड्यौलो जस्ता तथा कुनै धानका जमरा जस्ता पातला, लामा र सूक्ष्म हुन्छन् । यी हेर्दा सेता वा तामाका रङ्का हुन्छन् । नामका आधारमा अन्त्राद, उदरावेष्ट, हृदयाद, महागु(कु)ह, चु(कु)रु, दर्भकुसुम र सुगन्ध गरी सात प्रकारका कीरा हुन्छन् । शरीरमा यस्ता कीरा परेपछि छाती थाक्ने वा बाडुली लाग्ने, मुखबाट राल चुहिरहने, पाक्ने, अरुचि हुने, बेहोस हुने, बान्ता हुने, जरो आउने, पेट फुल्ने, दुब्लाउने, हाच्छिउँ आइरहने र पिनास हुने जस्ता रोग देखिने गर्दछ ।

रक्तवाहिसिरोत्थाना रक्तजा जन्तवोऽणवः । अपादा वृत्तताम्राश्च सौक्ष्म्यात्केचिददर्शनाः॥
केशादा रोमविध्वंसा रो(लो)मद्वीपा उदुम्बराः । षट् ते कुष्ठैककर्माणः सहसौ(जा)रसमातरः॥

शरीरमा रगतबाट उत्पन्न हुने कीरारगत बहने नसामा उत्पन्न हुनछन् । यी सूक्ष्म आकारका, खुट्टा नभएका, गोलाकार, तामाका रङ्का र अतिसूक्ष्म हुनाले आँखाले नदेखिने खालका हुन्छन् । केशाद, लोमविध्वंस, लोमद्वीप, उदुम्बर, सौरस र माता : यी प्रकारका यस्ता कीराका नाम हुन् । यिनले कुष्ठरोगमा कपाल, रौं आदि नाश गर्ने गर्दछन् ।

पक्वाशये पुरीषोत्था जायन्तेऽधोविसर्पिणः । वृद्धाः सन्तो भवेयुश्च ते यदाऽमाशयोन्मुखाः ॥
तदाऽऽस्योद्गारनिःश्वासा विड्गन्धानुविधायिनः । पृथुवृत्ततनुस्थूलाः श्यावपीतसितासिताः ॥
ते पञ्च नाम्ना कृमयः ककेरुकमकेरुकाः । सौसुरादाः सुलूनाख्या लेलिहा जनयन्ति च ॥
विड्भेदशूलविष्टम्भकार्श्यपारुष्यपाण्डुताः । रोमहर्षाग्निसदनगुदकण्डूर्विनिर्गमात् ॥

शरीरमा दिसाबाट उत्पन्न हुने कीरा पक्वाशयमा उत्पन्न हुन्छन् र तलतिर घुम्ने वा सर्ने गर्दछन् । जब बढेर यी आमाशयतिर सर्दछन् तब रोगीको डकार र सासमा दिसाको जस्तो गन्ध आउन थाल्दछ । यी कीरा चेप्टा, गोला, पातला र मोटा हुन्छन् । यिनको रङ कैलो, पहेँलो, सेतो वा कालो हुन्छ । ककेरुक, मकेरुक, सौसुराद, सुलून र लेलिह : यी मलजन्य पाँच कीराका नाम हुन् । यी बाहिर निस्केपछि (निस्कन थालेपछि) अतीसार, शूल, कब्जियत, दुब्लोपन, रुखोपन, पाण्डु, रोमाञ्च, पाचनशक्ति कमजोर हुने तथा मलद्वार चिलाउने जस्ता रोग देखा पर्दछ ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, भावप्रकाश संहिता, माधव निदान :

क्रिमयश्च(स्तु) द्विधा प्रोक्ता बाह्याभ्यन्तरभेदतः । बहिर्मलकफासृग्विड्जन्मभेदाच्चतुर्विधाः ॥
नामतो विंशतिविधाः...।

शरीर बाहिरका र भित्रका गरी कीरा दुई किसिमका हुन्छन् । पसिना बाहिरी मल, कफ। रगत र दिसाकाट उत्पन्न हुने आधारमा यिनलाई चार किसिममा वर्गीकरण गरिएको हुन्छ । नामका आधारमा भने बीस प्रकारका कीरा हुन्छन् ।

...बाह्यास्तत्र मलोद्भवाः । तिलप्रमाणसंस्थानवर्णाः केशाम्बराश्रयाः ॥
बहुपादाश्च सूक्ष्माश्च यूका लिक्षाश्च नामतः । द्विधा ते कोठपिड(डि)काकण्डूगण्डान् प्रकुर्वते ॥

मलबाट उत्पन्न हुने बाहिरी कीरा तिलका दाना जस्तो आकार, नाप र रङका हुन्छन् । यी कपाल र कपडामा रहन्छन् । यी सूक्ष्म र धेरै खुट्टा भएका हुन्छन् । जुम्रा, लिखा आदि यिनका नाम हुन् । यिनले कुष्ठ, खटिरा, चिलाउने रोग र ग्रन्थि सुजन हुने जस्ता रोग उत्पन्न गर्दछन् ।

(ग) भावप्रकाश संहिता, माधव निदान :

अजीर्णभोजी मधुराम्लनित्यो (सेवी) द्रवप्रियः पिष्टगुडोपभोक्ता ।
व्यायामवर्जी च दिवाशयानो विरुद्धभुक् संलभते क्रिमींस्तु ॥

अजीर्ण हुँदाहुँदै खाना खाने, गुलियो र अमिलो धेरै खाने, रसिला कुरा बढी मन पराउने, पीठो र सक्खर वा चिनी आदि बढी खाने, कसरत नगर्ने, दिउस सुत्ने र परस्पर विरोधी खानपिन गर्ने मानिसलाई कीरारोगले समाउँदछ ।

माषपिष्टाम्ललवणगुडशाकैः पुरीषजाः । मांसमत्स्यगुडक्षीरदधिशुक्तैः कफोद्भवाः ॥

विरुद्धाजीर्णशाकाद्यैः शोणितोत्था भवन्ति हि ।

मास, पीठोजन्य पदार्थ, अमिलो र नुनिलो बढी भएका पदार्थ, सक्खर र सागपातबाट दिसाजन्य कीरा उत्पन्न हुने गर्दछन् । मासु, माछा, सक्खर, दूध, दही तथा सडाएर अमिलो पारिएका खानेकुराले कफजन्य कीरा उत्पन्न हुने गर्दछन् । परस्पर विरोधी खानपिन, अजीर्ण हुँदाहुँदै गरिने खानपिन र सागपातको सेवनबाट रगतजन्य कीरा उत्पन्न हुन्छन् ।

ज्वरो विवर्णता शूलं हृद्रोगः सदनं भ्रमः ॥ भक्तद्वेषोऽतिसारश्च सञ्जातक्रिमिलक्षणम् ।

जरो आउनु, शरीरको वर्ण बिग्रनु, शूल हुनु, मुटुका रोग हुनु, अङ्ग गल्नु वा शिथिल हुनु, भ्रम हुनु, खान मन नलाग्नु र छेरपटी चल्नु : यी कीराले दुःख दिएको अवस्थामा देखिने सामान्य लक्षण हुन् ।

कफादामाशये जाता वृद्धाः सर्पन्ति सर्वतः ॥ पृथुब्रध्ननिभाः केचित् केचिद्गण्डूपदोपमाः ।
रूढधान्याङ्कुराकारास्तनुदीर्घास्तथाऽणवः ॥ श्वेतास्ताम्रावभासाश्च नामतः सप्तधा तु ते ।
अन्त्रादा उदारावेष्टा हृदयादा महागुदाः ॥ चुरवो दर्भकुसुमाः सुगन्धास्ते च कुर्वते ।
हृल्लासमास्यस्रवणमविपाकमरोचकम् ॥ मूर्च्छाच्छर्दिज्वरानाहकार्श्यक्षवथुपीनसान् ।

कफ बढेर आमाशयमा उत्पन्न हुने कफजन्य कीरा बढेपछि ती तलमाथि सबैतिर घुम्न थाल्दछन् । तिमध्ये कुनै छालाको मोटो पत्रजस्ता, कुनै गँडयौला जस्तै लामा तथा कुनै जमरा जस्तै साना र मसिना हुन्छन् । यिनको रङ सेतो वा तामा धातुको जस्तो हुन्छ । अन्त्राद (आन्द्रामा हुने), उदरावेष्ट (पेटमा हुने), हृदयाद (मुटुमा हुने), महागुद (मलद्वारतिर हुने), चुरु, दर्भकुसुम र सुगन्ध जस्ता नाम अनुसार यी सात किसिमका हुन्छन् । यसबाट छाती आदि दुख्ने, रगत बहने, अजीर्ण हुने, बेहोस हुने, वाकवाकी लाग्ने, जरो आउने, पेट ढुस्स भएर फुल्ने, दुब्लाउने, हाच्छिउँ आउने र पिनास हुने जस्ता रोग हुने गर्दछ ।

रक्तवाहिसिरास्थानरक्तजा जन्तवोऽणवः ॥ अपादा वृत्तताम्राश्च सौक्ष्म्यात् केचिददर्शनाः ।
केशादा रोमविध्वंसा रोमद्वीपा उदुम्बराः । षट् ते कुष्ठैककर्माणः सहसौरसमातरः ॥

रगत बहने नसामा रहने रगतजन्य कीरा अति नै सूक्ष्म, खुट्टा नभएका, गोलाकार र तामाका रङका हुन्छन् । यिमध्ये कतिपय त अति साना हुनाले नाङ्गो आँखाले देखिँदैन । यी केशाद, रोमविध्वंश, रोमद्वीप, उदुम्बर, सौरस र मातृ गरी छ प्रकारका हुन्छन् । यी सबैले कुष्ठरोग उत्पन्न गर्दछन् ।

पक्वाशये पुरीषोत्था जायन्तेऽधोविसर्पिणः । प्रवृद्धाः स्युर्भवेयुश्च ते यदाऽऽमाशयोन्मुखाः ॥
तदाऽस्योद्गारनिःश्वासा विड्गन्धानुविधायिनः । पृथुवृत्ततनुस्थूलाः श्यावपीतसितासिताः ॥
ते पञ्च नाम्ना क्रिमयः ककेरुकमकेरुकाः । सौसुरादाः सशूलाख्या लेलिहा जनयन्ति हि ॥
विड्भेदशूलविष्टम्भकार्श्यपारुष्यपाण्डुताः । रोमहर्षाग्निसदनं गुदकण्डूर्विमार्गगाः ॥

दिसाबाट उत्पन्न हुने कीराहरू पक्वाशयमा उत्पन्न हुने गर्दछन् । यी कीरा प्रायः तलतिर सर्ने गर्दछन् । धेरै बढे भने आमाशयतिर पनि सर्दछन् । आमाशयतिर सरेको अवस्थामा डकार आइरहने

र सास दिसा गनाए जसरी गनाउने गर्दछ । यस्ता कीरा मोटा, गोलाकार, छोटा वा लामा हुन्छन् । यी कुनै काला, कुनै पहेँला, कुनै सेता त कुनै नीला हुन्छन् । ककेरुक, मकेरुक, सौसुराद, सशूल र लेलिह : यी पाँच यस्ता कीराका नाम हुन् । यी जब सधैं गलत बाटोमा पुग्दछन् तब मलभेद, शूल मलावरोध, दुब्लोपन, रुखोपन, पाण्डुता, रोमाञ्च, अग्निमान्द्य र मलद्वार चिलाउने जस्ता रोग निकाल्दछन् ।

(घ) सुश्रुत संहिता :

अजीर्णाध्यशनासात्म्यविरुद्धमलिनाशनैः । अव्यायामदिवास्वप्नगुर्वतिस्निग्धशीतलैः ॥
माषपिष्टान्नविदलबिसशालूकसेरुकैः । पर्णशाकसुराशुक्तदधिक्षीरगुडेक्षुभिः ॥
पललानूपपिशितपिण्याकपृथुकादिभिः । स्वाद्वम्लद्रवपानैश्च श्लेष्मा पित्तं च कुप्यति ॥
कृमीन् बहुविधाकारान् करोति विविधाश्रयान् । आमपक्वाशये तेषां कफविड्जन्मनां पुनः ।
धमन्यां रक्तजानां च प्रसवः प्रायशः स्मृतः ॥

अजीर्ण, अध्यशन, असात्म्य, विरुद्ध र मलिन भोजनले; व्यायाम नगर्नाले, दिउस सुत्नाले; पचाउन कठिन हुने, धेरै चिल्लो र धेरै चिसो खानपिन गर्नाले; मास र पिठो खानाले, दलहनले; कमलको डाँठ र कन्द, कसेरू (मोथेविशेष), सागपात, सुरा, शुक्त, दही, दूध, सक्खर, उखु आदि खानाले; तिको छोप, आनूप मांस, पिना, चिउरा तथा गुलियो र अमिलो कुरा अत्यधिक खानाले शरीरमा रहेको कफ र पित्त उत्तेजित र विकृत हुने गर्दछ । यसबाट अनेक स्थानमा आश्रय लिने अनेक प्रकारका कीरा शरीर भित्र उत्पन्न हुन्छन् । यी कीरा कफमा, दिसामा, आमाशयमा र पक्वाशयमा रहने गर्दछन् । रगतका हुने कीरा प्रायः रगत बहने धमनिहरूमा आश्रय लिन्छन् ।

संकलन : मोहन प्रसाद सापकोटा

विंशते कृमिजातीनां त्रिविधः संभवः स्मृतः । पुरीषकफरक्तानि तासां वक्ष्यामि विस्तरम् ॥

कृमि बीस जातका हुन्छन् । यिनलाई दिसाबाट, कफबाट र रगतबाट उत्पन्न गरे तीन समूहमा वर्गीकरण गरिएको छ । यसका बारेमा विस्तारले बताउँदछु ।

अजवा विजवाः किप्याश्चिप्या गण्डूपदास्तथा । चूरवो द्विमुखाश्चैव ज्ञेयाः सप्त पुरीषजाः ॥

अजवा, विजवा, किप्य, चिप्य, गण्डूपद, चूरु र द्विमुखा गरी दिसामा उत्पन्न हुने वा पर्ने कीरा सात प्रकारका हुन्छन् ।

श्वेताः सूक्ष्मास्तुदन्त्येते गुदं प्रतिसरन्ति च । तेषामेवापरे पुच्छैः पृथवश्च भवन्ति हि ॥
शूलाग्निमान्द्यपाण्डुत्वविष्टम्भबलसंक्षयाः । प्रसेकारुचिहृद्रोगविड्भेदास्तु पुरीषजैः ॥

यी कीरा सेता, सूक्ष्म र मलद्वारतिर सधैं त्यहाँ टोक्ने खालका हुन्छन् । तिमध्ये केही कीराको पुच्छरतिरको भाग चेप्टो हुन्छ । यी कीराले शूल, कमजोर पाचनशक्ति, पाण्डु, कब्जियत, बलनाश, राल बग्ने, अरुचि, मुटुका रोग र अतिसार जस्ता रोग पैदा गर्दछन् ।

रक्ता गण्डूपदा दीर्घा गुदकण्डूनिपातिनः । शूलाटोपशकृद्भेदपक्तिनाशकराश्च ते ॥

यी कीरामध्ये गण्डूपद रातो, लामो र गँड्यौ जस्तो हुन्छ । यसले शूल, पेट फुलाउने, छेरपटी लगाउने र पाचनशक्ति नाश गर्ने काम गर्दछ ।

दर्भपुष्पा महापुष्पाः प्रलूनाश्चिपिटास्तथा । पिपीलिका दारुणाश्च कफकोपसमुद्भवाः ॥

कफविकारबाट उत्पन्न हुने कीरा दर्भपुष्प, महापुष्प, प्रलून, चिपिट, पिपीलिका र दारुण गरी छ थरी हुन्छन् ।

रोमशा रोममूर्धानः सपुच्छाः श्यावमण्डलाः । रूढधान्याङ्कुराकाराः शुक्लास्ते तनवस्तथा ॥

यी कीराको शरीरभरी रौँ हुन्छ । कपालमा ठूला रौँ हुन्छन् । पुच्छरजस्तो आकार हुन्छ । कैलो घेरा हुन्छ, धानको जमरा जस्तो आकार हुन्छ तथा सेता र पातला हुन्छन् ।

मज्जादा नेत्रलेढारस्तालुश्रोत्रभुजस्तथा । शिरोहृद्रोगवमथुप्रतिश्यायकराश्च ते ॥

यी कीराले मासी खान्छन्, आँखा चाट्दछन् (चिलाउने बनाउँदछन्) तथा तालु र कान खान्छन् । टाउको र मुटुका रोग निकाल्दछन्, बान्ता गराउँदछन् र पिनास गराउँदछन् ।

केशरोमनखादाश्च दन्तादाः किक्किशास्तथा । कुष्ठजाः सपरीसर्पा ज्ञेयाः शोणितसंभवाः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

केशाद (कपाल खाने), रोमद (रौँ खाने), नखाद (नङ खाने), दन्ताद (दाँत खाने), किक्किश (गर्भवतीको पेटमा हुने जस्ता सेता धर्का शरीरमा निकाल्ने), कुष्ठरोग निकाल्ने र परीसर्प गरी सात थरी रगतमा उत्पन्न हुने कीरा हुन्छन् ।

ते सरक्ताश्च कृष्णाश्च स्निग्धाश्च पृथवस्तथा । रक्ताधिष्ठानजान् प्रायो विकारान् जनयन्ति ते ॥

यी रक्तजन्य कीरा केही राता, काला, चिल्ला र चेप्टा हुन्छन् । यी कीराले प्रायः रगतको आश्रय लिई रक्तविकारबाट हुने कुष्ठ, विसर्प, पिलो जस्ता रोग उत्पन्न गर्दछन् ।

माषपिष्टान्नविदलपर्णशाकैः पुरीषजाः । मांसमाषगुडक्षीरदधितैलैः कफोद्भवाः ॥
विरुद्धाजीर्णशाकाद्यैः शोणितोत्था भवन्ति हि । ज्वरो विवर्णता शूलं हृद्रोगः सदनं भ्रमः ॥
भक्तद्वेषोऽतिसारश्च संजातकृमिलक्षणम् ।

मास, पिठो, दलहन र सागपात धेरै खानाले पेटमा दिसाजन्य कीरा पर्दछन् । मासु, मास, सक्खर, दूध, दही र तेल जस्ता कुराले कफजन्य कीरा पर्दछन् । परस्परविरोधि खानपिन, अजीर्ण हुँदा गरिने खानपिन र सागपातले रक्तजन्य कीरा पर्दछन् । जरो आउनु, शरीरको रङ उड्नु, शूल हुनु, मुटुका रोग देखिनु, शरीर शिथिल हुनु, भ्रम हुनु (वा रिँगटा लाग्नु), भोजनप्रति अरुचि हुनु र छेरपटि चल्नु : यी शरीरभित्र कीरा पर्दा देखिने लक्षण हुन् ।

दृश्यास्त्रयोदशाद्यास्तु कृमीणां परिकीर्तिताः ॥ केशादाद्यास्त्वदृश्यास्ते द्वावाद्यौ परिवर्जयेत् ।

शुरुका तेह्र (दिसाजन्य र कफजन्य) कीरालाई आँखाले देख्न सकिन्छ । केदाद आदि रक्तजन्य सात थरी कीरालाई आँखाले् देख्न सकिँदैन । यी रक्तजन्य कीरामध्ये पनि शुरुका दुई थरी कीराको उपचार हुँदैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्रिमिकर्ण (कानको रोगविशेष)
(An ear-disease)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

वातादिदूषितं श्रोत्रं मांसासृक्क्लेदजा रुजम्॥ खादन्तो जन्तवः कुर्युस्तीव्रां स कृमिकर्णकः ।

वातविकार आदि कारणले दूषित भएको कानमा मासु र रगत सडी कीरा परेर ती कीराले कानको त्यो भागलाई खान थाल्ने र अति दुख्ने रोगलाई "कृमिकर्णक" भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

यदा तु मूर्च्छन्त्यथवाऽपि जन्तवः सृजन्त्यपत्यान्यथवाऽपि मक्षिकाः ।
तद्व्यञ्जनत्वाच्छ्रवणो निरुच्यते भिषग्भिराद्यैः क्रिमिकर्णको गदः॥

जब कानमा मासु र रगत सडेर कीरा पर्दछ अथवा झिङ्गा आदि कीरा कानमा पसेर फुल पार्दछ तब वैद्यजन यो रोगलाई क्रिमिलक्षणले युक्त हुने कारणले "कृमिकर्णक" भन्दछन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(जब कुनै कीरा कानमा पर्दछ अथवा झिँगा आदिले कानमा फुल वा बच्चा पार्दछ तब कीराका कारण हुने यो रोगलाई प्राचीन वैद्यजनले कृमिकर्ण भनी नाम दिएका छन् । अन्य केही ग्रन्थमा यसलाई बाहिरी कीरा पर्नु र भित्री पाकेर कीरा पर्नु भनी बेग्लै वर्णन गरिएको छ) ।

क्रिमिग्रन्थि (आँखाको रोगविशेष)
(Phthiriasis pulpebrum)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

अपाङ्गे वा कनीने वा कण्डूषापक्ष्मपोटवान्॥ पूयास्रावी कृमिग्रन्थिर्ग्रन्थिः कृमियुतोऽर्तिमान्।

आँखाको कुनामा वा पुतलीमा चिलाउने र पलक सुन्निने गरी गाँठो पलाई त्यो पाकी त्यसबाट पीप बग्ने र कीरा पर्ने रोगलाई "कृमिग्रन्थि" भनिन्छ।

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

क्रिमि(जन्तु)गन्थिर्वर्त्मनः पक्ष्मणश्च कण्डूं कुर्युः क्रिमयः (जन्तवः) सन्धिजाताः।
नानारूपा वर्त्मशुक्लान्तसन्धौ चरन्त्यन्तर्लोचनं दूषयन्तः॥

आँखाका जोर्नीमा उत्पन्न कीराले वर्त्म (आँखाको पलक) र पक्ष्म (परेला) चिलाउन थाल्दछ। यी अनेक रूपका हुन्छन्। वर्त्म र शुक्ल सन्धिमा पुगेर आँखालाई भित्रभित्रै दूषित पार्दछन्। यसलाई क्रिमिग्रन्थि रोग भनिन्छ।

सङ्कलन: मोहन प्रसाद सापकोटा

क्रोध (रिस)
(Anger)

प्राचीन ग्रन्थका वचनहरू :

(क) शार्ङ्गधर संहिता :

य उष्मा हृदयाज्जातः समुत्तिष्ठति वै सकृत् । परहिंसात्मकः क्लेशः क्रोध इत्यभिधियते ॥

एकपटक प्राणीको हृदयबाट गर्मी उत्पन्न भई त्यसले अरुलाई हिंसात्मक तरिकाले दुःख दिने हुन्छ, यसले चित्तलाई एक किसिमको दुःख हुन्छ र त्यही दुःख (क्लेश) लाई क्रोध भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्रोष्टुकशीर्ष (घुँडाको रोगविशेष)
(Inflamed knee, Sinoarthritis of the knee joint, Gonorrhoeal arthitis)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, भावप्रकाश संहिता, माधव निदान :

वातशोणितजः शोथो जानुमध्ये महारुजः॥ ज्ञेयः क्रोष्टुकशीर्षस्तु स्थूलः क्रोष्टुकशीर्षवत्।

वातविकार र रक्तविकारका कारण कडा दुखाईका साथ स्यालको टाउको जसरी मोटो भएर घुँडा सुन्निने रोगलाई "क्रोष्टुकशीर्ष" भनिन्छ ।

(ख) सुश्रुत संहिता :

वातशोणितजः शोफो जानुमध्ये महारुजः। शिरः क्रोष्टुकपूर्वं तु स्थूलः क्रोष्टुकमूर्धवत्॥

वातविकार र रक्तविकारका कारण कडा दुखाईका साथ स्यालको टाउको जसरी मोटो भएर घुँडा सुन्निने रोगलाई "क्रोष्टुकशिर" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्रौञ्च (कन्याङकुरुङ)
(Demoiselle Crane)

परिभाषा :

(क) के.यन.स्वामी : (१) कुरर : चखेवा । कन्याङकुरुङ । न्याउली चरो । (२) खरशब्द : समुद्री गिद्ध । (३) क्रौञ्च, पङ्क्तिचर : कन्याङकुरुङ । (४) खर : कौवा, काग । (५) नीलाङ्ग : सारस । (६) दीर्घग्रीव : सारस । कन्याङकुरुङ । (७) अतिजागर : ठेउवा चरो । बकुल्ला चरो ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : कन्याङकुरुङलाई अंग्रेजीमा Curlew भनिन्छ ।

(ग) पेयर डी अमरकोश : क्रौञ्चलाई ल्याटिन भाषामा *Grus grus Linnaeus* तथा अंग्रेजीमा Common Crane भनिन्छ ।

(घ) नेपाली बृहत् शब्दकोश : कन्याङकुरुङ : हाँसको जस्तो टाउको र ठुँडो भई बाँकी शरीर कुखुराको जस्तो हुने, घाँटी सेतो र अरू भाग कालो हुने तथा जलाशयमा रहने एक जातको चरो; क्रौञ्च पक्षी ।

कन्याङकुरुङ (तस्विर श्रोत : ईबर्डडटओआरजी)

(ङ) Birds of Nepal, An Official Checklist नामक सन् २०१८ मा प्रकाशित पुस्तिका : कन्याङकुरुङ नामक सारसको अंग्रेजी नाम Demoiselle Crane तथा वैज्ञानिक नाम *Anthropoides virgo* हो ।

(च) मृगपक्षीशास्त्रका अनुवादक मारुति चित्रमपल्ली : क्रौञ्चको अंग्रेजी नाम Demoiselle Crane तथा वैज्ञानिक नाम *Anthropoides virgo* हो ।

साइबेरियातिरबाट जाडो छल्न हिउँद लागेपछि हिमाल नाघी नेपाल हुँदै भारततिर जाने चराहरूमध्येको एक चराको नाम हो-कन्याङकुरुङ । यी चराहरू वसन्त ऋतु शुरु भएपछि पुनः आफ्नो पुरानो वासस्थानतिर फर्कने गर्दछन् । त्यसैले नेपालमा "कन्याङकुरुङ आयो, काँक्राफर्सी रोप" भन्ने प्रचलन छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

क्रौञ्चस्तु खञ्जरीटः प्रथितोऽसौ खञ्जनश्चेति ।

क्रौञ्च, खञ्जरीट र खञ्जन : यी क्रौञ्चका पर्यायवाची नाम हुन् । (सम्भवतः यी जात हुनुपर्दछ) ।

(ख) **कैयदेव निघण्टु :**

क्रुडः स्यात् क्रौञ्चकोयष्टिः शिखरी टिट्टिभस्तथा ।

क्रुड, क्रौञ्चक, यष्टि, शिखरी र टिट्टिभ : यी क्रौञ्चका पर्यायवाची नाम हुन् ।

(ग) **मदनपाल निघण्टु :**

क्रौञ्चः पित्तानिलहरः पेचकः कफवातजित् ।

कन्याङकुरुङ (क्रौञ्च)को मासु पित्तविकार र वातविकार नाशक हुन्छ ।

(घ) **मृगपक्षीशास्त्र :**

क्रौञ्चास्ते श्वेतपक्षा ये रक्तवर्णाङ्गकैर्युताः ॥
नितरां दीर्घपादाश्च दीर्घचञ्चुपुटद्वयाः । किञ्चित्स्थूलशरीराश्च किञ्चित्परूषदर्शना ॥
गद्गदक्रेङ्कारकराः स्खलद्गमनका मताः । दृढकर्कशपक्षाढ्या गगने दूरगामिनः ॥
मन्दाश्च मन्दनादाश्च स्वयूथसहचारिणः । कोपे प्रचण्डवेगाश्च वैरिपक्षिविनाशिनः ॥
मांसभक्षणलोलाश्च सन्ततं निद्रयान्विताः । मध्याह्ने सलिलक्रीडारताश्च परिकीर्तिताः ॥

कन्याङकुरुङको रातो वर्णले युक्त भएको सेतो परखैँटा हुन्छ । यसका लामा खुट्टा र लामो चुच्चो हुन्छ । शरीर केही मोटो र हल्का नराम्रो (भद्दा) हुन्छ । तिनको आवाज छोटो हुन्छ र तलतिर झर्दै उड्ने गर्दछन् । आकाशमा टाढाटाढासम्म उड्नसक्ने खालका बलिया र कठोर परखैँटा हुन्छन् । मन्द स्वभाव लिई मन्द आवाज निकालेर बथानमा उड्ने गर्दछन् । रिसाउँदा तिव्र वेगले उडी शत्रु चरालाई मार्ने गर्दछन् । यी मासु खान रुचाउँदछन् र प्रायः सुत्ने गर्दछन् तथा मध्याह्नमा पानीमा खेल्न रुचाउँदछन् ।

(ङ) **राज निघण्टु :**

कुररः खरशब्दः क्रुङ् क्रौञ्चः पङ्क्तिचरः खरः ॥ नीलक्रौञ्चस्तु नीलाङ्गो दीर्घग्रीवोऽतिजागरः ॥

कुरर, खरशब्द, क्रुङ, क्रौञ्च, पङ्क्तिचर र खर : यी सबै नाम कन्याङकुरुङका संस्कृत पर्यायवाची नामहरू हुन् । नीलो कन्याङकुरुङलाई नीलक्रौञ्च, नीलाङ्ग, दीर्घग्रीव र अतिजागर भनिन्छ ।

क्लिष्टवर्त्म (आँखाको एक रोग)
(An eye disease)

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

मृद्वल्पवेदनं ताम्रं यद्वर्त्म सममेव च । अकस्माच्च भवेद्रक्तं क्लिष्टवर्त्मेति तद्विदुः ॥

जुन रोगमा दुवै पलक कोमल, कम दुखाउने, र तामाका रङ्का भई पुनः एक्कासी रातो हुन पुग्दछ त्यो रोगलाई क्लिष्टवर्त्म भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्लेदक (आमाशयमा हुने कफ)
(Phlegm in the stomach)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह :

आमाशयस्थितोऽन्नसङ्घातस्य क्लेदनात् क्लेदकः ।

आमाशयमा बसेर जुन कफले अन्न-समूहलाई गलाउँदछ त्यसलाई "क्लेदक कफ" भनिन्छ ।

(ख) अष्टाङ्ग हृदयः

...यस्त्वामाशयसंस्थितः॥ क्लेदकः सोऽन्नसङ्घातक्लेदनात्....।

आमाशयमा रहेर खाएको खानालाई पसिना निकाली गिलो बनाउने (क्लेदन गर्ने) कफलाई "क्लेदक कफ" भनिन्छ ।

(ग) भावप्रकाश संहिता : सङ्कलन : मोहन प्रसाद सापकोटा

क्लेदनः क्लेदयत्यन्नमात्मशक्त्याऽपराण्यपि । अनुगृह्णाति च श्लेष्मस्थानान्युदककर्मणा॥

क्लेदन नामक (आमाशयमा रहने) कफले अन्नलाई क्लेदयुक्त (गिलो वा हँडिदो) बनाउँदछ । साथै, यसले आफ्नो शक्तिले कफका अन्य स्थानलाई समेत जल मार्फत सहायता गर्दछ ।

अयमर्थः-क्लेदनोऽन्नं क्लेदयति तेन संहतमन्नं भेदं प्राप्नोति ।

यसको तात्पर्य यो हो कि क्लेदन कफले खाएको अन्नलाई भिजाउँदछ । यसबाट अन्न टुक्रा टुक्रा हुन पुग्दछ ।

(घ) शार्ङ्गधर संहिता :

"आम" स्थान (आमाशय) मा रहने कफलाई "क्लेदन" भनिन्छ ।

क्लोम (फोक्सो)
(Lung)

परिभाषा :

(क) के.यन.स्वामी : (१) तिलकम् : फोक्सो । पिसाब थैली । (२) क्लोम : दाहिने तिरको फोक्सो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) क्लोम : कलेजो; फोक्सो । (२) क्लोमचित्र : विद्युतीय विकिरणद्वारा लिइएको फोक्सोको चित्र । (३) क्लोम ध्वनि : छातीबाट सुन्न सकिने फोक्सोको आवाज; सास फेर्दा आउने शब्द ।

प्राचीन ग्रन्थका वचनहरू :



(क) **अभिधानमञ्जरी :**

तिलकं क्लोम निर्दिष्टम्... ।

तिलक र क्लोम : यी फोक्सोका पर्यायवाची नाम हुन् ।

(ख) **पर्यायरत्नमाला :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

तर्षभूस्तिलकं क्लोम ...।

तर्षभू, तिलक र क्लोम : यी फोक्सोका पर्यायवाची नाम हुन् ।

(ग) **राज निघण्टु :**

तिलकं क्लोम ... ।

तिलक र क्लोम : यी फोक्सोका पर्यायवाची नामहरू हुन् ।

नोट : क्लोम नामक अङ्गको पहिचानमा विवाद छ, क्लोमरोग पनि हेर्नु हुन ।

क्लोमरोग
(Diseases of pancreus)

(क) माधव निदान, परिशिष्ट :

अग्न्याशयः संप्रति यः स वैद्यैः क्लोमेतिनाम्नाऽऽधुनिकैर्निगद्यते ।
कुत्रास्ति प्राचीनभिषक्प्रदिष्टं क्लोमेति नाद्याप्यवधारितं हि ॥
निरूप्यतेऽद्धाऽऽधुनिकानुसारि क्लोमस्वरूपं सविशेषरूपम् ।
भागे तु दक्षे हृदयादधः स्यात् क्लोम्नो निवासो विदुषां मतेन ॥
इदं नु नूनं सलिलप्रवाहि सिरैकमूलं लपितं विशेषात् ।
तृष्णासमुत्पादनशालि चायुर्वेदज्ञवृन्दैर्बहुशो निरीक्ष्य ॥

आजकल जुन अङ्गलाई वैद्यजन अग्न्याशय भन्दछन् त्यसैलाई आधुनिक चिकित्सकहरू क्लोम भन्दछन् । प्राचीन वैद्यले बताएको क्लोम शरीरमा कहाँनेर हुन्छ भन्ने सम्बन्धमा आजसम्म थाहा हुन सकेको छैन । यसैले आधुनिक मत अनुसारको क्लोमका बारेमा विशेष किसिमले विवेचना गरिन्छ । दाहिनेतिर मुटुको तल क्लोम रहन्छ । यसलाई जल बहने सिराको मूल भनिएको छ । किन कि यसले तिर्खा उत्पन्न गर्दछ भनेर वैद्यजनले अनुसन्धान गरी बताएका छन् ।

क्लोम्नोऽभिवृद्धिर्मृदुताऽथवाऽन्नैः स्निग्धैर्भृशं वा गुरुभिः सुसेवितैः ।
सङ्कलन : मोहन प्रसाद सापकोटा
किंवाऽभिघातादिभिरेव नूनं सञ्जायते मानवदेहमध्ये ॥
किञ्चापि सङ्घात इहास्रजातः प्रदृश्यते विद्रधिराश्ववश्यम् ।
एवंविधा नैकविधास्तथाऽन्ये रोगा भवेयुर्भृशदारुणाश्च ॥

धेरै चिल्ला कुरा खानाले, पचाउन कठिन हुने कुरा अत्यधिक खानाले वा चोटपटक लाग्नाले क्लोम बढ्ने वा नरम हुने गर्दछ । कहिलेकाहीँ यसमा बाक्लो रगत जम्ने गर्दछ । कहिले विद्रधि हुन्छ । यसरी अन्य अनेक थरी भयानक रोग पनि उत्पन्न हुने गर्दछ ।

अग्नेर्मान्द्यं पाण्डुता चापि कार्श्यंभ्रान्तिः सादः स्यादधोर्ध्वोदरे तु ।
औष्ण्यं काठिन्यं तथोत्क्लेशवान्ती क्लोमस्थायिन्यामये कामलाऽपि ॥
प्रजाते विकारे सदा विद्रधेस्तु भवेदत्र शूलं तथाऽऽध्मानमेव ।
तृषा चाधिकाऽप्यश्मरीतुल्यरूपाऽतिघोरा शिला कष्टदायिन्यवश्यम् ॥

क्लोम रोगमा शरीरको अग्नि कमजोर हुने, पाण्डुता, दुब्लोपन, भ्रम, दुःख, पेटको माख्लो भाग तातो र साह्रो हुने, वेचैनी, बान्ता र कमलपित्त हुने गर्दछ । क्लोममा विद्रधि हुँदा शूल, आध्मान र अति तिर्खा लाग्ने जस्ता लक्षण देखिन्छ । क्लोममा पत्थरी हुँदा अन्य सामान्य पत्थरीका जस्तै अति दुःखदायी लक्षण देखिन्छन् ।

क्वथित र क्वथिता (परिकारविशेष)
(A kind of dish)

(क) **मदनपाल निघण्टु :**

तक्रादिक्वाथसम्भूता क्वथिता कथिता बुधैः॥
क्वथिता पाचनी हृद्या रुच्या वह्निप्रदा लघुः । कफानिलविबन्धघ्नी किञ्चित्पित्तप्रकोपिनी॥

तक्र आदि हालेर पकाइएको खानेकुरालाई विद्वानहरूले क्वथिता भनी बताएका छन्। क्वथिता पाचनी, मुटुका लागि हितकर, रुचिप्रद, पाचनशक्ति बर्धक, पचाउन सहज, तथा कफविकार, वातविकार र विबन्ध नाशक हुन्छ । यसले थोरै पित्तविकार बढाउँदछ ।

शाकं तक्रादिभिः सम्यक्साधितं क्वथितं मतम्। क्वथितं दीपनं रुच्यं वातश्लेष्मश्रमापहम्॥
त्यक्त्वा स्वहेतुशाकस्य गुणानेतद्गुणं भवेत्॥

तक्र आदि हाली राम्ररी पकाइएको सागलाई क्वथित मानिएको छ । यो दीपनी, रुचिप्रद तथा वातविकार, कफविकार र थकाई नाशक हुन्छ । मसला आदि हालेर पकाइएको सागले आफ्नो स्वाभाविक (कारणजन्य) गुण छाडी जेजस्ता मसला हालिएको छ त्यही मसलाका गुणको हुन पुग्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्षांत्रिय
(Kshatriya)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश (क्षत्रिय) : हिन्दूहरूका चार जातमध्ये एक जात वा चार वर्णमध्ये दोस्रो वर्ण ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण, अमरकोश :

मूर्द्धाभिषिक्तो राजन्यो बाहुजः क्षत्रियो विराट् ।

मूर्द्धाभिषिक्त, राजन्य, बाहुज, क्षत्रिय र विराट् : यी क्षत्रियका पर्यायवाची नाम हुन् । (क्षत्रिया जातका स्त्रीलाई क्षत्रिया वा क्षत्रियाणी भनिन्छ) ।

(ख) राज निघण्टु :

राजा तु सार्वभौमः स्यात् पार्थिवः क्षत्रियो नृपः ॥

प्रसाद सापकोटा

राजा, सार्वभौम, पार्थिव, क्षत्रिय र नृप : यी क्षत्रियका संस्कृत पर्यायवाची नामहरू हुन् ।

नरपतिमतिलोहितेषु ...॥...राजा राजन्यादौ ...।

(भर्खर पलाएका पालुवा, फूल, काण्ड र हाँगाबिँगा) अति राता भएका वृक्षलाई 'क्षत्रिय वृक्ष' भनिन्छ । क्षत्रिय वृक्ष क्षत्रियका लागि प्रयोग गर्नू ।

क्षय वा शोष (क्षयरोग)
(Tuberculosis; consumption)

परिभाषा :

(ख) नेपाली बृहत् शब्दकोश : (१) अस्थिक्षय : तरुण अवस्थामा लाग्ने हाडको क्षयरोग । (२) क्षयरोग : फोक्सामा विशेष किसिमका कीटाणुले प्रवेश गर्नाले घाउ भई बिस्तारै रोगी गल्दै जाने प्रसिद्ध रोग; राजयक्ष्मा; टी० बी०; सुकेनास; राजरोग । (३) क्षयी : क्षयरोग लागेको । (४) टिबी : मन्द ज्वर आइरहने र फोक्सोलाई बिस्तारै माइक्रोब्याक्टेरिया नामक कीटाणुले खतम गरिरहने महारोग; क्षयरोग; राजयक्ष्मा; (टचुबरकुलेसिस) । (५) टी० बी० : टिबी रोग; क्षयरोग । (६) थाइसिस : क्षयरोग; राजयक्ष्मा; सुकेनास; टिबी । (७) राजरोग : क्षयरोग । (८) राजरोगी : राजरोगले ग्रस्त । (९) सुकेनास : शरीर दुब्लाएर क्षीण हुँदै जाने एक रोग; क्षयरोग; सुकुवा ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग हृदय :

क्षयायोपेक्षिताः सर्वे ...।

खोकीको बेलैमा उपचार भएन भने अन्तमा क्षयरोग हुन्छ ।

(ख) गरुडपुराण :

अनेकरोगानुगतो बहुरोगपुरोगमः॥

क्षयरोग हुनु पूर्व (मानिसका शरीरमा) अनेक रोग हुन्छन् र यो भएपछि पनि अनेक रोग हुन्छन् ।

राजयक्ष्मा क्षयः शोषो रोगराडिति कथ्यते । नक्षत्राणां द्विजानाञ्च राज्ञोऽभूद्यदयं पुरा॥
यच्च राजा च यक्ष्मा च राजयक्ष्मा ततो मतः । देहौषधक्षयकृतेः क्षयस्तत्सम्भवाच्च सः॥
रसादिशोषणाच्छोषो रोगराडिति राजवत् । साहसं वेगसंरोधः शुक्रौजः स्नेहसंक्षयः॥
अन्नपानविधित्याग- श्चत्वारस्तस्यहेतवः ।

क्षयरोगलाई राजयक्ष्मा, क्षय, शोष र रोगराज पनि भनिन्छ । प्राचीनकालमा नक्षत्रका तथा द्विजका राजा चन्द्रमालाई यो रोग भएको थियो । यो रोगहरूको राजा हो, त्यसैले यसलाई "राजयक्ष्मा" भनिन्छ । यसले शरीर र औषधी दुवैलाई नाश (क्षय) गर्दछ र यसैका लागि उत्पन्न हुन्छ त्यसैले यसलाई "क्षय" भनिन्छ । यो रोगले शरीरमा रहेका रस आदि धातुलाई सोस्दछ (शोषण गर्दछ) त्यसैले यसलाई "शोष" भनिन्छ । राजासरह यो रोगहरूको राजा हो, त्यसैले यसलाई "रोगराज" पनि भनिन्छ । आफ्नो शारीरिक क्षमताले नभ्याउने खालका परिश्रम (साहसिक कार्य); दिसा, पिसाब आदि शरीरका मललाई जबरजस्ती रोक्ने कार्य; शरीरमा भएको (वा हुनुपर्ने) चिल्लो पनको विनाश र

आहार एवं विहारमा संयमितता नअपनाउनु : यी चार कुरा नै क्षयरोग लाग्नुका कारण हुन् ।

तैरुदीर्णोऽनिलः पित्तं व्यर्थं चोदीर्य्य सर्वतः॥ शरिरसन्धिमाविश्य ताः शिराः प्रतिपीडयन् ।
मुखानि स्रोतसां रुद्ध्वा तथैवातिविसृज्य वा॥ मध्यमूर्ध्वमधस्तिर्य्यगव्यथां सञ्जनयेद्धृदः ।

यी चार कारणले रिसाएको (दूषित भएको) वायुले बिनाकारण पित्त र कफलाई दूषित बनाउँदछ । यसपछि यो शरीरका जोर्नीहरू भित्र पसी त्यहाँ रहेका नसालाई दूषित पार्दै रगत, अन्न र रस बहने नसा आदि सबै स्रोतको मुख बन्द गर्न थाल्दछ । अथवा ती सबैलाई छाडेर एकैचोटी मुटुमा पुगी त्यसलाई चारैतिरबाट पीडा दिन थाल्दछ ।

रूपं भविष्यतस्तस्य प्रतिश्यायो भृशं ज्वरः॥
प्रसेको मुखमाधुर्य्यं मार्दवं वह्निदेहयोः । लौल्यभावोऽन्नपानादौ शुचावशुचिवीक्षणम्॥

यो रोगका रुघा लाग्ने, जरो धेरै आउने, मुखबाट र्‍याल बहने, अनुहारको चमक हराउने तथा पाचकाग्नि र शरीर शिथिल हुने लक्षणहरू देखिन्छन् । अन्न र पेयपदार्थप्रतिको रुचि हराउँदछ र रोगीलाई पवित्र हुँदाहुँदै पनि अपवित्रताको भ्रम हुन्छ ।

मक्षिकातृणकेशादिपातः प्रायोऽन्नपानयोः । हृल्लासश्छर्दिररुचिरश्नातेऽपि बलक्षयः॥
पाण्योरुवक्षः पादास्यकुक्ष्यक्ष्णोरतिशुक्लता । बाह्वोः प्रतोदो जिह्वायाः काये बैभत्स्यदर्शनम्॥
स्त्रीमद्यमांसप्रियता घृणिता मूर्द्धगुण्ठनम् । नखकेशास्थिवृद्धिश्च स्वप्ने चाभिभवो भवेत्॥
पतनं कृकलासाहिकपिश्वापदपक्षिभिः । केशास्थितुषभस्मादितरौ समधिरोहणम्॥
शून्यानां ग्रामदेशानां दर्शनं शुष्यतोऽम्भसः । ज्योतिर्दिवि दावाग्नीनां ज्वलताञ्च महीरुहाम्॥

रोगीलाई खानेपिउने कुरामा झिङ्गा, घाँसपात र कपाल परेको भान हुन्छ । फोक्सो कफले ढाकिन्छ । बान्ता हुन्छ । आहार र विहारप्रति मन मर्दछ । खाना खाएर पनि रोगी आफूलाई कमजोर ठान्न थाल्दछ । रोगीका हात, गोडा, तिघ्रा, छाती, मुख, आँखा र कोखा सुक्दछन् । रगतको कमीले गर्दा शरीर सेतो हुन्छ । भुजामा विशेष किसिमको पीडा हुन्छ । जरो आदिको असरले गर्दा जिब्रोमा पनि पीडा हुन्छ । आफ्नो शरीरप्रति आफैंलाई घृणा हुन थाल्दछ । मैथुन, मद्यपान र मांसभक्षणप्रति प्रेम र घृणा दवबै हुन थाल्दछ । रिँगटा लाग्दछ । यो रोग लागेपछि नङ, कपाल र हाड पहिलेकोभन्दा चौँडचौँडो बढ्दछन् । रोगीले सपनामा आफू हारेको देख्दछ । पुतली, छेपारो, दुम्सी, बाँदर, कुकुर र (अनेक थरी) चराहरूदेखि डराएर आफू हार्दै वा लड्दै गरेको सपना देख्दछ । सपनामा कपाल, हाड, भुष, खरानी आदि देख्दछ (र तर्सन्छ) । रुख चढेको सपना देख्दछ । उ सपनामा जनशून्य गाउँ र देश देख्दछ । सपनामा जलहीन जमिन देखेर उ तर्सने गर्दछ । उसलाई आकाशमा प्रकाशपुञ्ज र (जमिनमा) आगोले बलिरहेको रुख सपनामा देखिन्छन् र उ भयभीत हुने गर्दछ । (यी सबै यक्ष्माका कारणले हुने गर्दछन्, त्यसैले यी उक्त रोगका पूर्वरूप हुन्) ।

पीनसश्वासकासं च स्वरमूर्द्धरुजोऽरुचिः । ऊर्ध्वंनिःश्वाससंशोषावधश्छर्दिश्च कोष्ठगे॥
स्थिते पार्श्वे च रुग्बोधे सन्धिस्थे भवति ज्वरः । रूपाण्यैकादशैतानि जायन्ते राजयक्ष्मणः॥

(जब रोगले प्रभाव जमाउन शुरु गर्दछ तब) रोगीमा पिनास, सास फेर्नमा समस्या, खोकी, बोल्नमा

समस्या, टाउको दुख्ने, खान मन नलाग्ने, खुइय्य गरेर सुस्केरा हाल्ने, शरीर सुक्खा हुने, मनुजस्तो पीडा हुने र बान्ता हुने लक्षण देखिन्छन् । उसका कोखा र जोर्नीहरू दुख्न थाल्दछन् । जरोले शरीर तातो भइरहन्छ । यसरी क्षयरोगीमा एघार थरीका लक्षण देखिने गर्दछन् ।

तेषामुपद्रवान्विद्यात्कण्ठध्वंसकरी रुजाः । जृम्भाङ्गमर्दनिष्ठीववह्निमान्द्यास्यपूतिता ॥

(जब रोगले च्याप्दछ तब) रोगीलाई सास फेर्ने बाटो अवरोध हुनाले तथा छाती दुखेर घाँटीमा असह्य पीडा हुन थाल्दछ । हाई आइरहन्छ । हरेक अङ्ग दुख्न थाल्दछ । मुखबाट पटकपटक थुक निस्कन्छ । खाएको कुरा पचाउने शक्ति कमजोर हुन्छ । मुखबाट दुर्गन्ध निस्कन थाल्दछ ।

तत्र वाताच्छिरः पार्श्वशूलनं सांगमर्दनम् । कण्ठरोधः स्वरभ्रंशः पित्तात्पादांसपाणिषु ॥
दाहोऽतिसारोऽसृक्छर्दिर्मुखगन्धो ज्वरो मदः । कफादरोचकच्छर्दिकासा अर्द्धाङ्गगौरवम् ॥

क्षयरोगमा शरीरको वायु दूषित हुनाले रोगीको टाउको र कोखा सुन्निन्छ र यसले सही नसक्नु पीडा दिन्छ । दुखेर जोर्नी जोर्नी फुस्केको जस्तो भान हुन्छ । घाँटी अवरुद्ध भई स्वर बस्दछ । पित्तदोषले गर्दा गोडा, काँध र हातमा डाह हुन्छ । छेरपटी चल्दछ । रगत मिसिएको बान्ता हुन थाल्दछ । मुख अति गनाउने हुन्छ । जरो आउँदछ र रोगी नसामा झुम्म भइरहेको जस्तो देखिन्छ । कफजन्य दोषले गर्दा रोगीलाई अरुचि र बान्ता हुन्छ । खोकी लाग्दछ । आधा शरीर भारी हुन्छ ।

प्रसेकः पीनसः श्वासः स्वरभेदोऽल्पवह्निता । दोषैर्मन्दानलत्वेन शोथलेपकफोल्बणैः ॥
सङ्कलन : मोहन प्रसाद सापकोटा
स्रोतोमुखेषु रुद्धेषु धातुषु स्वल्पकेषु च । विदाहो मनसः स्थाने भवन्त्यन्ये ह्युपद्रवाः ॥
पच्यते कोष्ठ एवान्नमम्लयुक्तै रसैर्युतम् । प्रायोऽस्य क्षयभागानां नैवान्नं चाङ्गपुष्टये ॥
रसो ह्यस्य न रक्ताय मांसाय कुरुते तु तत् । उपष्टब्धः समन्ताच्च केवलं वर्त्तते क्षयी ॥

र्‍यालको मात्रा बढ्दछ । पिनास हुन्छ । सास फेर्न कठिन हुन्छ । स्वर बस्दछ र मन्दाग्निको प्रकोप हुन्छ । मन्दाग्निका कारण शरीर फुलाउन बल पुर्‍याउने खालको प्रदूषित कफजन्य दोषले गर्दा रोगीका रगत आदि बहने स्रोतको मुखमा अवरोध हुन्छ, यसले गर्दा धातुक्षय हुन थाल्दछ र त्यसले छातीमा पीडा आदि जस्ता खराबीलाई जन्म दिन थाल्दछ । शरीर भित्र पक्वाशयमा रहेको अन्न यी दोषले गर्दा अमिलो रसले मात्र पच्न थाल्दछ । यस्तो रस न राम्ररी पच्दछ न त यसले शरीरका अङ्गलाई कुनै पुष्टि नै गर्दछ । रोगीका शरीरको यस्तो अम्लीय रस रगत र मासुलाई पुष्ट पार्न असक्षम हुन्छ । शरीरका सात धातुको पोषण नहुँदा रोगी मलका भरमा बाँचिरहेको हुन्छ ।

लिङ्गेष्वल्पेष्वतिक्षीणं व्याधौ षट्करणक्षयम् । वर्जयेत्साधयेदेव सर्वेष्वपि ततोऽन्यथा ॥
दोषैर्व्यस्तैः समस्तैश्च क्षयात्सर्वस्य मेदसः । स्वरभेदो भवेत्तस्य क्षामो रूक्षश्चलः स्वरः ॥

रोगीमा यी लक्षणमा कमी हुँदा पनि अत्यन्त खिइने लक्षण देखिन सक्दछ । यो रोगमा छ प्रकारले क्षय हुन्छ । त्यसैले ती सबै खाले क्षयहुँदा रोगीलाई हुने सकस कम गर्दै यथासम्भव उपायले यो रोगलाई जरैदेखि निको पार्ने प्रयास गर्नुपर्दछ, नभए यो रोगले निश्चय नै रोगीको ज्यान लिन्छ । यो रोगका लक्षण बेग्लाबेग्लै वा समूहगतरूपमा शरीरमा देखिन सक्दछ । रोगीको भित्री बोसो क्षय हुन्छ जसले गर्दा स्वरमा समस्या उत्पन्न हुने, दुब्लाउने, रुखो हुने र चञ्चलताका लक्षण देखिने गर्दछन् ।

शुकवर्णाभकण्ठत्वं स्निग्धोष्णोपशमोऽनिलात् । पित्तात्तालुगले दाहः शोषो भवति सन्ततम् ॥
लिम्पन्निव कफैः कण्ठं मुखं घुरघुरायते । स्वयं विरुद्धैः सर्वैस्तु सर्वालिङ्गैः क्षयो भवेत् ॥
धूमायतीव चात्यर्थमुदेति श्लेष्मलक्षणम् । कृच्छ्रसाध्याः क्षयाश्चात्र सर्वैरल्पश्च वर्जयेत् ॥

वातदोषले गर्दा रोगीको घाँटी सेतो (वा हरियो) देखिन थाल्दछ । शरीरको चिल्लोपन र तातोपन समाप्त हुन्छ । पित्तदोषले गर्दा रोगीलाई तालु र घाँटी पोल्न थाल्दछ र निरन्तर सुक्दै (वा सुन्निदै) जान्छ । घाँटी र मुख जतिखेर पनि कफले भरिने गर्दछ र रोगी घुरिरहने गर्दछ । रोगी सबैखाले प्रतिकूल आचरणले प्रभावित हुन थाल्दछ । त्यसैले रोगी त्यतैतिर उन्मुख हुन्छ र यसले गर्दा अन्य सबै लक्षण उत्पन्न हन पुग्दछन् । यसले गर्दा रोगी मर्दछ नै । यस्तो अवस्थाका रोगीले सबैतिर धुवाँ नै धुवाँ जस्तो देख्दछ र सबैखाले कफजन्य विकार उसमा देखिन्छन् । यस्तो क्षयरोगबाट बाँच्न अति नै गाह्रो छ । यदि सबै लक्षण देखिएर रोग लागेको छ भने रोगीलाई बचाउन सम्भव हुन्न । त्यसैले, थोरै लक्षण देखिँदैमा यसलाई शरीरबाट निकाल्न विधिपूर्वक उपचार गर्नु पर्दछ । (केही थोरै भिन्नता भएपनि अष्टाङ्ग हृदय र अष्टाङ्ग सङ्ग्रहमा यिनै श्लोक पाइन्छन्) ।

(ग) **भावप्रकाश निघण्टु :**

वेगरोधात्क्षयाच्चैव साहसाद्विषमाशनात् । त्रिदोषो जायते यक्ष्मा गदो हेतुचतुष्टयात् ॥

अपानवायु आदिको वेग रोक्नाले, शरीरका कुनै अङ्ग क्षय हुनाले (अति मैथुन आदिका कारण), आफूभन्दा बलियोसँग कुस्ती खेल्ने आदि कार्य गर्नाले, नियमित खानपिन नगर्नाले वा भोकभोकै बस्नाले क्षयरोग हुन्छ । त्रिदोषले गर्दा यो रोग हुन्छ । अन्य अनेक कारणले पनि क्षयरोग हुन्छ । तर ती सबै यिनै चार कारण भित्र पर्दछन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

वैद्यो व्याधिमता यस्माद्व्याधेर्यत्नेन यक्ष्यते ।
स यक्ष्मा प्रोच्यते लोके शब्दशास्त्रविशारदैः ॥

रोगीबाट वैद्य राम्ररी प्रयत्नपूर्वक पूजिने वा पालन गरिने हुनाले शब्दशास्त्रका विज्ञले यो रोगलाई "यक्ष्मा" भन्ने गर्दछन् ।

राज्ञश्चन्द्रमसो यस्मादभूदेष किलामयः । तस्मात्तं राजयक्ष्मेति प्रवदन्ति मनीषिणः ॥

सर्वप्रथम राजा चन्द्रमालाई यो रोग लागेको हुनाले विद्वानहरू यसलाई राजयक्ष्मा भन्ने गर्दछन् ।

क्रियाक्षयकरत्वात्तु क्षय इत्युच्यते बुधैः ।
संशोषणाद्रसादीनां शोष इत्यभिधीयते ॥

यो रोगले सम्पूर्ण क्रियालाई क्षय गर्दछ, यसैले पण्डितजन यसलाई क्षय भन्दछन् । यो रोगले रस आदि आदि सोस्दछ, त्यसैले यसलाई शोष भन्दछन् ।

(घ) **राज निघण्टु :**

राजयक्ष्मा क्षयो यक्ष्मा रोगराजो गदाग्रणीः । उष्मा शोषोऽतिरोगश्च रोगाधीशो नृपामयः ॥

राजयक्ष्मा, क्षय, यक्ष्मा, रोगराज, गदाग्रणी, उष्मा, शोष, अतिरोग, रोगाधीश र नृपामय : यी क्षयरोगका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(ङ) **शार्ङ्गधर संहिता :**

क्षयाः पञ्चैव विज्ञेयास्त्रिभिर्दोषैस्त्रयश्च ते ॥ चतुर्थः सन्निपातेन पञ्चमः स्यादुरःक्षतात् ।

वात, पित्त, कफ, सन्निपात र उरक्षत गरी क्षयरोग पनि पाँच किसिमका हुन्छन् ।

शोषाः स्युः षट्प्रकारेण स्त्रीप्रसङ्गाच्छुचो व्रणात् ॥ अध्वश्रमाच्च व्यायामाद् बार्धक्यादपि जायते ।

शरीर सुकेर जाने रोग पनि क्षयरोगकै एक प्रकार हो । अती मैथुन, अती शोक, चोटपटक, अती हिँडाई, अति व्यायाम वा श्रम वा दण्ड र वृद्धावस्था गरी छ कारणले शरीर सुक्ने (शोषरोग) गर्दछ ।

(च) **सुश्रुत संहिता :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

अनेकरोगानुगतो बहुरोगपुरोगमः । दुर्विज्ञेयो दुर्निवारः शोषो व्याधिर्महाबलः ॥

अनेक थरी रोगका आश्रयस्थल भएको; दम, खोकी आदि पहिले देखिने; त्रिदोषकै लक्षण हुने कारणले कठिनतापूर्वक पहिचान हुने; परस्पर विरोधी उपचार गर्नुपर्ने हुनाले कठिनतापूर्वक निको हुने र अति बलियो रोगलाई "शोष" भनिन्छ ।

संशोषणाद्रसादीनां शोष इत्यभिधीयते । क्रियाक्षयकरत्वाच्च क्षय इत्युच्यते पुनः ॥

राज्ञश्चन्द्रमसो यस्मादभूदेष किलामयः । तस्मात्तं राजयक्ष्मेति केचिदाहुः पुनर्जनाः ॥

रस आदि शरीरमा रहेका धातुलाई सोस्ने हुनाले यो रोगलाई शोष भनिन्छ । शरीरका क्रियालाई क्षय गर्ने हुनाले यसलाई क्षयरोग पनि भनिन्छ । राजा चन्द्रमालाई यो रोग लागेको थियो । यसैले केही विद्वान यसलाई राजयक्ष्मा भन्दछन् ।

(चन्द्रमालाई क्षयरोग लागेको सम्बन्धमा जेजस्तो कथा पुराणहरूमा पाइन्छ, त्यो कथा प्रसङ्गले क्षमताभन्दा बढी ग्राम्यधर्ममा संलग्न हुनाले क्षयरोग लाग्दछ भन्न खोजेको देखिन्छ) ।

स व्यस्तैर्जायते दोषैरिति केचिद्वदन्ति हि ।

केही विद्वान् यो रोग वात, पित्त आदि दोष अनुसार बेग्लाबेग्लै हुन्छ पनि भन्दछन् ।

एकादशानामेकस्मिन् सान्निध्यात्तन्त्रयुक्तितः ॥
क्रियाणामविभागेन प्रागेकोत्पादनेन च । एक एव मतः शोषः सन्निपातात्मको ह्यतः ॥

क्षयरोगका रोगीमा एघार लक्षण हुन्छन् । तर यसको बेग्लाबेग्लै उपचार नहुने हुनाले तथा सबभन्दा पहिले प्रजापतिको रिसले एउटै रूपमा उत्पन्न भएकाले यो एक किसिमको अर्थात् सन्निपातजन्य मात्र हुन्छ ।

उद्रेकात्तत्र लिङ्गानि दोषाणां निपतन्ति हि ।

यसो भए पनि दोषको आधिक्यता अनुसार बेग्लाबेग्लै दोषका लक्षण देखिन्छन् । तर रोग भने एउटै हुन्छ ।

क्षयाद्वेगप्रतीघातादाघाताद्विषमाशनात् ॥ जायते कुपितैर्दोषैर्व्याप्तदेहस्य देहिनः ।

जब विकृत एवं उत्तेजित भएका दोषहरू शरीरमा व्यापक भएर फैलन्छन् तब क्षय, दिसा आदिको वेगमा हुने अवरोध, चोटपटक (मानसिक आघात समेत) र विषम तरिकाले भोजन गर्नाले क्षयरोग उत्पन्न गर्दछ ।

सङ्कलक : मोहन प्रसाद सापकोटा

कफप्रधानैर्दोषैर्हि रुद्धेषु रसवर्त्मसु ॥

कफविकार बढी भएको दोषले नै रसादि बहने बाटो बन्द भई क्षयरोग हुने गर्दछ ।

अतिव्यवायिनो वापि क्षीणे रेतस्यनन्तरम् । क्षीयन्ते धातवः सर्वे ततः शुष्यति मानवः ॥

अति धेरै ग्राम्यधर्ममा संलग्न हुने पुरुषको शुरुमा वीर्य खिइएर पछि सबै धातु खिइने गर्दछ । यसपछि मानिस सुक्न (दुब्लाउन) थाल्दछ ।

भक्तद्वेषो ज्वरः श्वासः कासः शोणितदर्शनम् । स्वरभेदश्च जायेत षड्रूपे राजयक्ष्मणि ॥

खानमा अरुचि, जरो, दम, खोकी, रगत आउनु र स्वर बस्नु : यी छ क्षयरोगका रूप हुन् ।

स्वरभेदोऽनिलाच्छूलं सङ्कोचश्चांसपार्श्वयोः । ज्वरो दाहोऽतिसारश्च पित्ताद्रक्तस्य चागमः ॥
शिरसः परिपूर्णत्वमभक्तच्छन्द एव च । कासः कण्ठस्य चोद्ध्वंसो विज्ञेयः कफकोपतः ॥

क्षयरोगमा वातविकारले गर्दा स्वर बस्ने, शूल र कोखा सुन्निने गर्दछ; पित्तविकारले गर्दा जरो आउने, डाह हुने, टेरपटी लाग्ने र रगत निस्कने गर्दछ; कफविकारले गर्दा टाउकामा कफ भरिने, खान मन नलाग्ने, खोकी लाग्ने र घाँटी बिग्रने गर्दछ । यसरी वातले तीन, पित्तले चार र कफले चार गरी जम्मा एघार लक्षण क्षयरोगमा देखिने गर्दछ ।

एकादशभिरेभिर्वा षड्भिर्वाऽपि समन्वितम् । कासातीसारपार्श्वार्तिस्वरभेदारुचिज्वरैः ॥
त्रिभिर्वा पीडितं लिङ्गैर्ज्वरकासासृगामयैः । जह्याच्छोषार्दितं जन्तुमिच्छन् सुविपुलं यशः ॥

यी एघार लक्षणमध्ये छ लक्षण अर्थात् खोकी, छेरपटी, कोखा दुख्ने, स्वर बस्ने, खान मन नगर्ने र जरो आउने अथवा तीन लक्षण अर्थात् जरो आउने, खोकी लाग्ने र रगत निस्कने जस्ता लक्षण देखिने रोगीलाई यश चाहने वैद्यले उपचार गर्न छाड्नू ।

व्यवायशोकस्थाविर्यव्यायामाध्वोपवासतः । व्रणोरःक्षतपीडाभ्यां शोषानन्ये वदन्ति हि ॥

मैथुन, शोक, बुढ्यौली, कसरत, यात्रा, उपवास, घाउखटिरा र उरःक्षत रोगले पनि क्षयरोग हुन्छ भनी अन्य आचार्यहरू भन्दछन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्षवक (छिउँकीझार)
(Spreading sneezeweed)

परिभाषा :

(क) के.यन.स्वामी : छिक्कनी आदि शब्दले छिम्केझारलाई बुझाउँदछ ।

(ख) नेपाली बृहत् शब्दकोश (छिउँकीझार) : मसिना पात हुने र आँख्लैपिच्छे मसिना फल फल्ने, माडेर नाकमा नस लाउँदा हाच्छिउँ निकाल्ने मसिना बुट्टे झार; छिम्के झार ।

(ग) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Centipeda minima* (Linn.) A.Br. Aschers. र *Centipeda orbicularis* Lour. हो । अंग्रेजीमा यसलाई Spreading sneezeweed भनिन्छ । हिन्दीमा यसलाई नकछिनी भनिन्छ ।

छिउँकेझार (तस्विर श्रोत : यू ट्युव)

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Centipeda orbicularis*, Lour. हो ।

(ङ) डा.सतिश चन्द्र साङ्ख्यधर : क्षवकको ल्याटिन नाम *Centipeda minima* (Linn.) A. Br. & Aschers हो । यसको पर्यायवाची शब्द *Centipeda orbicularis* Lour. हो ।

(च) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : हाँछ्युका झार Angiosperm समूह अन्तर्गत Asteraceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Centipeda minima* (L.) A.Braun. & Asch. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) कैयदेव निघण्टु :

छिक्किका छिद्यपत्रा च नासासन्दनकस्तथा । क्षवकः क्षरकस्तीक्ष्णः क्रूर उद्वेगनस्तथा ॥
क्षुधाभिजननो राजक्षवकः क्षुद्बिबोधकः । क्षवकः कटुकः पाके रसे रुच्यग्निपित्तकृत् ॥
तीक्ष्णोष्णः कफवातास्रदृक्कुष्ठक्रिमिजिल्लघुः ।

छिक्किका, छिद्यपत्रा, नासासन्दनक, क्षवक, क्षरक, तीक्ष्ण, क्रूर, उद्वेगन, क्षुधाभिजनन, राजक्षवक र क्षुद्बिबोधक : यी छिम्के झारका पर्यायवाची नाम हुन् । यो शुरुमा र पचेपछि पिरो, रुचिप्रद, पाचकाग्नि

बढाउने, पित्तविकार गर्ने, तिक्खर, उष्णवीर्यको; कफविकार, वातविकार, रक्तविकार, दृष्टिरोग, कुष्ठ र कीरालाई जित्ने तथा पचाउन सहज हुने गुणको हुन्छ ।

(ख) भावप्रकाश निघण्टु :

छिक्कनी क्षवकृत्तीक्ष्णा छिक्किका घ्राणदुःखदा ।
छिक्कनी कटुका रुच्या तीक्ष्णोष्णावह्निपित्तकृत्॥
वातरक्तहरी कुष्ठक्रिमिवातकफापहा ।

छिउँकेझार (तस्विर श्रोत : यु ट्युब)

छिक्कनी, क्षवकृत्, तीक्ष्णा, छिक्किका र घ्राणदुःखदा : यी छिम्केझारका संस्कृत पर्यायवाची नामहरू हुन्। यो पिरो, रुचिकारक र तिक्खर हुन्छ । यसले गर्मी गर्दछ तथा पाचकाग्नि र पित्तविकार बढाउँदछ । यसले वातरक्त, कुष्ठ, कीरा, वातविकार र कफविकार नाश गर्दछ ।

(ग) मदनपाल निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

छिक्किका क्षवकः क्रूरो नासा संवेदना पटुः । छिक्किका पित्तला कुष्ठक्रिमिवातकफापहा॥

छिक्किका, क्षवक, क्रूर, नासा, संवेदना र पटु : यी छिउँकी झारका संस्कृत पर्यायवाची नामहरू हुन्। यसले पित्तविकार गर्दछ तथा कुष्ठ, कीरा, वातविकार र कफविकार नाश गर्दछ ।

(घ) राज निघण्टु :

क्षवकः क्षुरकस्तीक्ष्णः क्रूरो भूताङ्कुशः क्षवः । राजोद्वेजनसञ्ज्ञश्च भूतद्रावी ग्रहाह्वयः॥
भूताङ्कुशस्तीव्रगन्धः कषायोष्णः कटुस्तथा । भूतग्रहादिदोषघ्नः कफवातनिकृन्तनः॥

(१) क्षवक, (२) क्षुरक, (३) तीक्ष्ण, (४) क्रूर, (५) भूताङ्कुश, (६) क्षव, (७) राजोद्वेजन र (८) भूतद्रावी : यी आठ नाम (नौ भनिएको) छिउँके झारका संस्कृत पर्यायवाची नामहरू हुन्। यो कडा गन्ध आउने, टर्रो, उष्णवीर्यको र पिरो हुन्छ । यसले भूतबाधा, ग्रहबाधा, कफविकार र वातविकार नाशक गर्दछ ।

क्षार
(Alkaline substance)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) क्षार : दाहक, जारक आदि औषधी वा खनिज पदार्थहरूको भस्मबाट रासायनिक प्रक्रियाले बनाइने नुन । (२) क्षारक : क्षार गर्ने वा जलाउने; दाहक; कास्टिक ।

(ख) के.यन.स्वामी : खनिज पदार्थ वा जरीबुटीलाई डढाएर वा रासायनिक प्रक्रियाबाट निकालिएको पोल्ने, पचाउने, डढाउने, फोका निकाल्ने खरानी वा नुनजस्तो वस्तु । सोडा । खारिलो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

सर्जिक्षारो यवक्षारष्टंकणं च सुवर्चिका । पलाशवज्र शिखरी क्षार सप्तकमीरितम्॥

सज्जिखार, जवाखार, स्वाग, सुवर्चिका (?), पलाँश, हिरा र शिखरी (?) यी सात क्षारगण हुन् ।

(ख) कैयदेव निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

यवक्षारः स्वर्जिकाख्यष्टङ्कणस्तिलनालजः । पलाशकदलीमोचश्वदंष्ट्रामोक्षकादिजाः॥
क्षाराः सर्वेऽग्निसङ्काशाश्छेदिभेदिविदारणाः । वीर्योष्णा लवणास्तीक्ष्णा क्लेदिनश्च विदाहिनः॥
दीपनाः पाचना रूक्षा विशदा रक्तपित्तदाः । शुक्रौजःकेशदृष्टिघ्ना कटवः पटवः सराः॥
अहृद्या घ्नन्ति गुल्मार्शःशर्कराश्मरीपीनसान् । विबन्धानाहपाण्डुत्वबलासग्रहणीकृमीन्॥

जवाखार, सज्जिखार, सुहागाको खार, तिलको बोटको खार, पलाँसको खार, केराको खार, केराको बोटको खार, गोखुरको खार र बुढेत्रोको खार : यी सबै खार अग्निसमान छेदनी, भेदनी र च्यात्ने वा फोर्ने गुणका हुन्छन् । यी उष्णवीर्यका, नुनिला, तिक्खर, पसिना निकाल्ने, डाह गराउने, दीपनी, पाचनी, रुखा, सफा (वा सेता), रक्तपित्त गराउने; शुक्र, ओज, कपाल र दृष्टिक्षमता नाश गर्ने, पिरा, नुनिला (दोहोरो परेको), मलमूत्रलाई तलतिर सार्ने, मुटुका लागि अहितकर तथा गुल्म, हर्सा, धुले पत्थरी, पत्थरी, पिनास, कब्जियत, आनाह, पाण्डु, कफविकार, ग्रहण र शरीरलाई हानी गर्ने कीरा नाश गर्ने गुणका हुन्छन् ।

(ग) धन्वन्तरि निघण्टु :

सर्जिक्षारं यवक्षारं टङ्कणक्षारमेव च । क्षारत्रयं समाख्यातं त्रिक्षारं च प्रकीर्तितम्॥

सज्जिखार, जवाखार र सुहागाको क्षार : यी तीन खारलाई क्षारत्रय वा त्रिक्षार भनिन्छ ।

पलाशतिलमुष्काणां क्षाराः सर्जियवाग्रजैः । समांशमिलिताः पञ्च क्षारपञ्चकमादिशेत्॥

पलाँश, तिल, बूढेत्रो, सज्जिखार र जवाखार : यी पाँच खारको बराबर मात्रा मिसाइएपछि त्यसलाई क्षारपञ्चक भनिन्छ ।

कृष्णतिलजपालाशौ वचापामार्गजस्तथा । कुटजो मुष्कजश्चैव क्षारषट्कं विनिर्दिशेत्॥

कालोतिल, पलाँश, बोझो, दतिवन, ठूलोकुरो र बूढेत्रोको खारको सम्मिश्रणलाई क्षारषट्क भनिन्छ ।

अपामार्गपलाशार्कतिलमुष्कयवाग्रजम् । सर्जिकाटङ्कणयुतं क्षाराष्टकमुदाहृतम्॥

दतिवन, पलाँश, आँक, तिल, बूढेत्रो, जवाखार, सज्जिखार र सुहागाको खारको मिश्रणलाई क्षाराष्टक भनिन्छ ।

(घ) **भावप्रकाश निघण्टु :**

स्वर्जिका यावशूकश्च क्षारद्वयमुदाहृतम्॥ टङ्कणेन युतं तत्तु क्षारत्रयमुदीरितम् ।
मिलितं तूक्तगुणकृद्विशेषाद्गुल्महृत्परम्॥ पलाश वज्रि शिखरि चिञ्चाऽर्कतिलनालजाः ।
यवजः स्वर्जिका चेति क्षाराष्टकमुदाहृतम्॥ क्षारा एतेऽग्निना तुल्या गुल्मशूलहरा भृशम् ।

साजीखार र यवाखारलाई क्षारद्वय भनिन्छ । क्षारद्वयमा स्वाग मिसाएपछि क्षारत्रय हुन्छ । यी तीनका जेजस्ता गुण बताइएका छन् सम्मिश्रणमा त्यो सबै गुण हुन्छ । विशेषतः यसले गुल्म नाश गर्दछ । यसमा पलाँश, सिउँडी, ऐँजेरु (वा गुनाभा), अमिली, आँक र तिलको डाँठको क्षार मिसाएपछि क्षाराष्टक हुन्छ । यी सबै क्षार अग्निसमान हुन्छन् र गुल्म र शूल नाश गर्न उत्तम मानिन्छन् ।

(ङ) **मदनपाल निघण्टु :**

पलाशतिलनालश्वदंष्ट्रकाकदलीभवाः । अपमार्गार्कसेहुण्डमोक्षकादिसमुद्भवाः॥
क्षारा वह्निसमाः सर्वे पाचना भेदिदारुणाः । लघवः क्लेदिनस्तीक्ष्णाः शुक्रला दृष्टिनाशनाः॥

पलाँस, तिलको बोट, गोखरु, केराबाट निकालिने वा दतिवन, आँक, सिउँडी, लोधविशेष आदिबाट निकालिने सबै क्षार अग्निसमान हुन्छन् । यी सबै पाचनी, भेदी, फोर्ने गुणका, पचाउन सहज, पसिना निकाल्ने, तिक्खर, शुक्रवर्धक र दृष्टिक्षमता नाशक हुन्छन् ।

रक्तपित्तकरा घ्नन्ति विबन्धानाहपीनसान् । यकृत्प्लीहबलासामगुल्मार्शोग्रहणीकृमीन्॥

क्षारले रक्तपित्त गर्दछ तथा विबन्ध, आनाह, पिनास, कलेजोका रोग, फियोका रोग, कफविकार,

आमाविकार, गुल्म, अल्काइ, ग्रहणी र कीरा नाश गर्दछ ।

(च) राज निघण्टु :

सर्जिक्षारं यवक्षारं टङ्कणक्षारमेव च । क्षारत्रयं समाख्यातं त्रिक्षारञ्च प्रकीर्तितम् ॥

सज्जिखार, जवाखर र सुहागाको मिश्रणलाई क्षारत्रय वा त्रिक्षार भनिन्छ ।

यव मुष्कक सर्जानां पलाश तिलयोस्तथा । क्षारैस्तु पञ्चभिः प्रोक्तः पञ्चक्षाराभिधो गणः ॥

जवाखर, बुढेत्रो (मुष्कक), सर्ज (साज), पलाँस र तिल : यी पाँच कुराको क्षारको मिश्रणलाई क्षारपञ्चक वा पञ्चक्षार भनिन्छ ।

धवापामार्गकुटजलाङ्गलीतिलमुष्कजैः । क्षारैरेतैस्तु मिलितैः क्षारषट्कमुदाहृतम् ॥

धयैँरो (धव), दतिवन (अपामार्ग), ठुलोकुरो (कुटज), गुन्याँमधुरा (लाङ्गली), तिल र बुढेत्रो (मुष्क)को क्षारको मिश्रणलाई क्षारषट्क भनिन्छ ।

शिग्रुमूलकपलाशचुक्रिकाचित्रकार्द्रकसनिम्बसम्भवैः ।
इक्षुशैखरिकमोचकोद्भवैः क्षारपूर्वदशकं प्रकीर्तितम् ॥

शिग्रू (सैजन), मूलक (मूला), पलाश, चुक्रिका (अमिली), चित्रक (चितु), आर्द्रक (अदुवा), निम्ब (नीम), इक्षु (उखु), शैखरिक (अपामार्ग) र मोचक (बुढेत्रो)को क्षारलाई क्षारदशक भनिन्छ ।

(छ) राजवल्लभ निघण्टु :

पलाशधवपूतीककरञ्जपाटलादिजाः । क्षारास्तु पाचनाः सर्वे रक्तपित्तहराः सराः ॥
गुल्मार्शःकृमिपुंस्त्वघ्नाः शर्कराश्मरिनाशनाः ॥

पलाँश, धयैँरो, बल्ढ्याङ्ग्रो, पाडरी आदि सबैको क्षार पाचक, रक्तपित्त नाशक, मलमूत्रलाई तलतिर सार्ने, तथा गुल्म, हर्सा, कीरा, पुंसत्व, शर्करा (पत्थरीविशेष) र पत्थरी नाशगर्ने गुणको हुन्छ ।

(ज) शार्ङ्गधर संहिता :

स्वर्जिका यावशूकश्च क्षारयुग्ममुदाहृतम् । ज्ञेयौ वह्निसमौ क्षारौ स्वर्जिकायावशूकजौ ॥
क्षाराश्चान्येऽपि गुल्मार्शोग्रहणीरुक्छिदः सराः ।
पाचनाः कृमिपुंस्त्वघ्नाः शर्कराऽश्मरिनाशनाः ॥

सज्जीखार र यवखार अग्नि समान पाचक हुन्छ भनी थाहा पाउनू । यी दुई क्षारलाई क्षारयुग्म

भांनन्छ । अन्य क्षारले गुल्म, अल्काइ र ग्रहाणं नाश गदछ । ।दसा खुलाउने बनां पाचकाांग्नलाइ बाल्दछ । यसले कीरा, पुरुषत्व, मधुमेह र पत्थरी पनि नाश गर्दछ ।

क्षारवृक्षस्य काष्ठानि शुष्काण्यग्नौ प्रदीपयेत् । नीत्वा तद्भस्म मृत्पात्रे क्षिप्त्वा नीरे चतुर्गुणे ॥
विमर्द्य धारयेद्रात्रौ प्रातरच्छजलन्नयेत् । तन्नीरं क्वाथयेद्वह्नौ यावत् सर्वं विशुष्यति ॥
ततः पात्रात् समुल्लिख्य क्षारो ग्राह्यः सितप्रभः ।
चूर्णाभः प्रतिसार्यः स्यात् पेयः स्यात् क्वाथवत्स्थितः ॥
इति क्षारद्वयं धीमान् युक्तकार्येषु योजयेत् ।

खार (क्षार) बनाउने वृक्षका बोट पाँचै अङ्ग सहित लेराई सुकाएर डढाउनू । जब खरानी हुन्छ तब त्यो खरानीलाई कुनै माटाका भाँडामा हाली खरानीको चार गुना पानी हाली घोलेर राख्नू । यसरी एक रात राखेपछि भोलिपल्ट बिहान त्यो भाँडोका मास्तिरको निथारिएको पानी फलामको कराहीमा निथार्नू । अनि कराहीलाई आगोमा बसाली उमाल्दै पानी सुकाउनू । पानी सुकेपछि कराहीका चारैतिर सेतो रङका खारको धुलो टाँसिएर बसेको हुन्छ । यसलाई निकाल्नू । यस्तो क्षारलाई “प्रतिसार्य” भनिन्छ । यो खारलाई दम आदि रोगमा खान दिनू । काँढापानी जस्तो क्षारलाई “पेय” भनिन्छ । यस्तो क्षारलाई गुल्म आदि रोगमा खान दिनू । यसरी धुलो र तरल गरी क्षार दुई किसिमको हुन्छ । यी क्षारलाई बुद्धिमानले उपयुक्त उपचारका लागि प्रयोग गर्नू ।

नोट : क्षारको अर्थ नुन पनि हुन्छ । क्षारकर्म भनेको क्षारको प्रयोग गरी गरिने उपचार हो ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्षीरवृक्ष (दुधालु वृक्ष)
(Latex yeilding trees)

प्राचीन ग्रन्थका वचनहरू :

(क) राजवल्लभ निघण्टु :

क्षीरकायाः फलं विद्यात् गुरु विष्टम्भि शीतलम् ।
कषायमधुरं साम्लं नातिमारुतकोपनम् ॥१८४॥

दुधालु वृक्षका फल पचाउन कठिन, कब्जियत गर्ने, शीतवीर्यका, टर्रो, गुलिया, अमिला र धेरै वातविकार नगर्ने गुणका हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्षुत (हाांच्छउँ आइरहने रोग)
(Sneezing)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अमरकोश :

क्षुत्, क्षुत र क्षव : यी हाच्छिउँका पर्यायवाची नाम हुन् । (क्षवथु खोकीको पर्यायवाची शब्द पनि हो) ।

(ख) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

तीक्ष्णाऽऽघ्राणोपयोगार्करश्मिसूत्रतृणादिभिः । वातकोपिभिरन्यैर्वा नासिकातरुणास्थनि ॥
विघट्टितेऽनिलः क्रुद्धो रुद्धः श्रृङ्गाटकं व्रजन् । निवृत्तः कुरुतेऽत्यर्थं क्षवथुं स भृशक्षवः ॥

मरिच आदिजस्ता तिक्खर पदार्थ नाकमा प्रयोग गर्नाले, सूर्यको किरण नाकभित्र छिर्नाले वा सूर्यतिर नाक उठाएर हेर्नाले अथवा कुनै डोरो, सुप्लो, घाँसपात आदिले नाक भित्र रहेको कोमल (तरुण) हाड छुनाले अथवा पिनास आदिजस्ता वातविकारका कारणले रिसाएको र विकृत भएको वायु रोकिएर श्रृङ्गाटक नामक मर्मस्थलतिर जाँदै फर्केर आई धेरै मात्रामा हाच्छिउँ निकाल्ने गर्दछ । यसलाई "भृशंक्षव" भनिन्छ । सङ्कलन : मोहन प्रसाद सापकोटा

(सामान्य अवस्थामा एकदुई पटक हाच्छिउँ आउनु निरोगिताको लक्षण हो । तर धेरै पटक आउनु रोग हो । कसैकसैलाई पचासौं पटक त कसैकसैलाई सैयौं पटक लगातार हाच्छिउँ आउने गरेको देखिएको छ) ।

(ग) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

घ्राणाश्रिते मर्मणि सम्प्रदुष्टे यस्यानिलो नासिकया निरेति ।
कफानुयातो बहुशोऽतिशब्दस्तं रोगमाहुः क्षवथुं गदज्ञाः ॥

नाकका कोमल हाड वा श्रृङ्गाटक नामक मर्मस्थलमा दूषित भएको कफसहितको वायुले शब्द सहित धेरै पटक हाच्छिउँ निकाल्ने गर्दछ । यो रोगलाई वैद्यजन दोषजन्य "क्षवथु" भन्दछन् ।

तीक्ष्णोपयोगादतिजिघ्रतो वा भावान्कटूनर्कनिरीक्षणाद्वा ।
सूत्रादिभिर्वा तरुणास्थिमर्मण्युद्घर्षितेऽन्य क्षवथुर्निरेति ॥

रायो आदि जस्ता तिक्खर पदार्थ प्रयोग गर्नाले वा तिखो पदार्थको गन्ध सुँघ्नाले, सूर्यतिर हेर्नाले, कफ पग्लनाले अथवा डोरो आदिले नाक भित्र रहेको कोमल हाड रहेको मर्मस्थलमा रगडिनाले हाच्छिउँ आउने गर्दछ । यसलाई "आगन्तुक क्षवथु" भनिन्छ ।

(घ) **राज निघण्टु :**

क्षुतन्तु क्षवथुः क्षुच्च...।

क्षवथु, क्षुत र क्षुत् : यी हाच्छिउँका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्षुद्रमत्स्य, सूक्ष्ममत्स्य (अति साना माछाको मासु)
(Meat of very small fish)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

सूक्ष्ममत्स्या, Source : Genomar.com

क्षुद्रमत्स्यादिकाः सर्वे मांसेषु मृदुलाः स्मृताः॥

ससाना माछा आदि सबैको मासु कोमल हुन्छ ।

(ख) कैयदेव निघण्टु :

सूक्ष्ममत्स्योऽग्निकृत् बल्यो मेदोमूत्रानिलापहः ।
रुच्यो ग्राही हरेत् पुस्त्वं तीक्ष्णः स्यात् श्वासकासजित्॥

साना माछाको मासु पाचनशक्ति बढाउने, बलदायक; बोसोको विकार, पिसाबका रोग र वातविकार नाश गर्ने; रुचिप्रद, ग्राही, पुरुषत्व नाश गर्ने, तिक्खर तथा दम र खोकीलाई जित्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) द्रव्यगुण सङ्ग्रह, धन्वन्तरि निघण्टु, माधव द्रव्यगुण :

क्षुद्रमत्स्यास्तु लघवो ग्राहिणो ग्रहणीहिताः ।

साना जातका माछाको मासु पचाउन सहज, ग्राही र ग्रहणी रोगमा हितकर हुन्छ ।

(घ) भावप्रकाश निघण्टु :

अतिसूक्ष्माः पुंस्त्वहरा रुच्याः कासानिलापहाः॥

धेरै साना माछाको मासुले यौन क्षमता घटाउँदछ, रुची जगाउँदछ तथा खोकी र वायुविकारलाई नाश गर्दछ ।

(ङ) मदनपाल निघण्टु :

क्षुद्रमत्स्याः स्वादुरसा दोषत्रयनिबर्हणाः । सूक्ष्माः परं पुंस्त्वकरा रुच्याः कासानिलापहाः॥

ससाना माछा स्वादिला रस भएका र त्रिदोष नाशक हुन्छन् । अति साना माछाको मासु पुंस्त्व प्रदान गर्ने, रुचिप्रदायक तथा खोकी र वातविकार नाश गर्ने गुणको हुन्छ ।

क्षुद्रवारुणी (मद्यविशेष)
(Kshudravaarunee)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

कङ्गुश्चणः कोद्रवश्च श्यामाको वनकोद्रवः । शणबीजं वंशबीजं गवेधुश्च प्रसाधिका ॥
यावन्त्येतानि चोक्तानि तुषधान्यानि वेधसः । सर्वे संकुटच यत्नेन वितुषीकृत्य यत्नतः ॥
तक्रे वा क्वचिदम्ले वा आकीटं तद्विनिक्षिपेत् । ततो निष्कासयेन्मद्यं भवेत्सा क्षुद्रवारुणी ॥

कागुनो, चना, कोदो, सामाधान, वनकोदो, सनपाटको बिउ, बाँसको बिउ, जङ्गली गहुँ र नाभो धान : यी सबैलाई राम्ररी कुटी भुस केलाई तक्र वा कुनै अमिलो कुरामा जबसम्म किरा पर्दैन तबसम्म राख्नू । त्यसपछि यसबाट निकालिने मद्यलाई “क्षुद्रवारुणी” भनिन्छ । (भुस वा टुँडो हुने अनाजलाई तुषधान्य भनिन्छ) ।

मण्डलार्धं तु भोक्तव्या बहुक्लेशकरैर्नरैः । क्षुधातृषा च चिन्ता च पर्वतारोहणादिकम् ॥
एतत्संसेविनो नास्ति महाभारवहोऽपि वा । सूता समुपविष्टश्चेज्जयेत्प्रसव वेदनाम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

यो अर्क धेरै परिश्रम गर्ने मानिसले सातदेखि बीस दिनसम्म पिउनू । यो पिउनाले भोक, प्यास, चिन्ता, पहाड चढेर लाग्ने र धेरै गह्रौं भारी बोकेर लाग्ने थकाइ तथा प्रसूती-पीडा नाश हुन्छ ।

क्षुद्रान्न, क्षुद्रधान्य
(An inferior kind of grain)

परिभाषा :

(क) के.यन.स्वामी : (१) क्षुद्रधान्यम् : कागुनु जस्तो सानो दाना हुने अन्नहरू । (२) कुधान्य : हविष्यवर्जित (होम गर्न नहुने) अन्न वा घाँसको बीउ । (३) तृणधान्य : साँवा । तिन्नी । खनजोत नगर्दा पनि आफैं उम्रेर भएको अन्न ।

(ख) कुलचन्द्र शर्मा : तृणधान्य भनेका साँवाप्रभृति नछरी आफैं हुने अन्न हुन् ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

कंगुश्चतुर्विधः प्रोक्तः स्यामाकः कंगुवद्गुणः । कोद्रवो द्विविधः प्रोक्तो वंशबीजं शरोद्भवम् ॥
कुसुम्भबीजं नीवारः पवनश्च गवेधुका । यवनाले बाजरी च क्षुद्रधान्यगणस्त्वयम् ॥

चार किसिमका कागुनु, कागुनु जस्तै गुणको सामाधान, दुई प्रकारका कोदो, बाँसका बीज, खसका बीज, कुसुमका बीज, नाभो अन्न, पहेँलो भृङ्गराज, नागबला, जुनेलो र बाजरा (?) यी क्षुद्रान्न गण हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) भावप्रकाश निघण्टु :

...क्षुद्रधान्यं तृणधान्यञ्च तत्स्मृतम् ।

क्षुद्रधान्यलाई तृणधान्य पनि भनिन्छ ।

क्षुद्रधान्यं कुधान्यं च तृणधान्यमिति स्मृतम् ॥ क्षुद्रधान्यमनुष्णं स्यात्कषायं लघु लेखनम् ।
मधुरं कटुकं पाके रूक्षं च क्लेदशोषकम् ॥ वातकृद् बद्धविट्कं च पित्तरक्तकफापहम् ।

क्षुद्रधान्यलाई कुधान्य वा तृणधान्य पनि भनिन्छ । क्षुद्रधान्यले थोरै गर्मी गर्दछ । यो टर्रो, पचाउन सहज, लेखनी, गुलियो, पचेपछि पिरो, रुखो, चिसोपन (आर्द्रता) लाई सुकाउने, वातविकार बढाउने, दिसालाई कस्ने तथा पित्तविकार, रक्तविकार र कफविकारलाई नाश गर्ने गुणको हुन्छ ।

खग (चरा)
(Birds)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) चराचुरुङ्गी : दुई खुट्टा हुने, फूल पार्ने र प्वाँख तथा पखेटा हुने, मेरुदण्डीय पक्षीजाति । (२) चरी : चराको बच्चा । सानो चरो । पोथी चरो । चरो (बालबोलीमा) । (३) चरो : चराचुरुङ्गीवर्गको, पखेटा र चुच्चो हुने दोपाया प्राणी । (४) चिडिया : चरो; द्युचर; पक्षी; पखेरु; पङ्क्षी; पतङ्ग; पन्छी; विहग; विहङ्ग; विहङ्गम; शकुन्त; शकुन्तक । (५) चिल्को : चराचुरुङ्गी आदिको प्वाँख नउम्रेको बच्चो । (६) चुच्चो : चराचुरुङ्गीहरूको मुखको टुप्पो; ठुँडो; टुँडो; नाक । (७) छरी : चराहरूका चार नङ्ग्राभन्दा भिन्नै अलि माथि रहेको पाँचौं नङ्ग्रा । (८) जल पक्षी : नदी,

Birds, Source : pinterest.com

तलाउ आदिका किनारमा बसेर माछा आदि जलजन्तुको आहार गर्ने पक्षी; चरो; पानीचरो (हाँस, चखेवा, बकुल्ला आदि) । (९) डिम्ब : चरा आदिको फुल; डिम्बा; पेशिकोष; पेशीकोष । (१०) ढुङ्गी प्वाँख : चराचुरुङ्गीका बचेराहरूको नयाँ उम्रेको प्वाँख ।(११) निर्मोचन : सर्पले काँचुली फेरेजस्तै प्रत्येक वर्ष चराहरूले पनि प्रजनन समयपछि प्वाँख फेर्ने प्रक्रिया । (१२) निलय : चराले आफ्नो आश्रयका लागि र बच्चा पार्न समेत रूख वा घरभित्र बनाएको वासस्थान; गुँड; नीड । (१३) पक्षिणी : पोथी चरो; चरी । (१४) पखेटा : चराचुरुङ्गीका शरीरको दायाँ र बायाँ रहने, उड्दा फिजिने र साधारण अवस्थामा जीउमै लेप्सिने, विशेष प्रकारको अङ्ग; पक्षीको उड्ने काममा सहायक अङ्ग । (१५) पखेटो : चराका दुई पखेटामध्येको एक । (१६) प्वाँख : चराको भुत्ला । (१७) फटफट : चराचुरुङ्गीले पखेटा चलाउँदा शब्द निस्कने गरी; भटभट । (१८) फुर्र : चरा उड्ने किसिमले । (१९) फ्यारफ्यार : चराहरूले पखेटा टकटक्याउने वा उड्ने किसिमले । (२०) बचरो : चराको चल्लो वा बच्चो; बच्चो पक्षी; बचेरो । (२१) बास्नु : कुखुरो, तित्रा आदि चरा प्रहर-प्रहरमा कराउनु वा बोल्नु । (२२) भाले : चरा आदिको लोग्ने जात । (२३) वासित : चराचुरुङ्गीहरूको सामूहिक स्वर; कलरव; चराहरूको कूजन; विरुत । (२४) विमोक्षण : चरा आदिले फुल पार्ने काम । (२५) शकुनि : चरो; पक्षि (खास गरी कुखुरो, चील, गिद्ध, बाज आदि) । (२६) सिउर : मुजुर, जुरेली आदि चराको टाउकामाथि हुने केशगुच्छ; स्यूर । कुखुरा वा हाँसका टाउकामा च्याप्टो वा डोलो भई निस्केको मासुको लोलो । (२७) स्थलपक्षी : पानीमा पौडी नखेल्ने वा आकाशमा धेर उड्न नसक्ने चरो (कुखुरो, च्याखुरो, मुजुर आदि) । (२८) हुर्कनु : चराका बचेरा उड्न सक्ने हुनु ।

संकलन : मोहन प्रसाद सापकोटा

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

विहगविहङ्गविहङ्गमविष्किरविकिरविपक्षिपत्त्ररथाः ।

पतगपतङ्गपतङ्गमपतांत्रपत्र्यण्डजांद्विजखगाश्च ॥
शकुनिशकुन्ताश्शकुनवयोनीडजाविहायश्च ।
वाजिदरौ च प्राज्ञैः कथिताः पर्यायवाचकाश्शब्दाः ॥

विहग, विहङ्ग, विहङ्गम, विष्किर, विकिर, विपक्षि, पत्ररथ, पतग, पतङ्ग, पतङ्गम, पतत्रि, पत्रि, अण्डज, द्विन, खग, शकुनि, शकुन्ता, शकुनवय, नीडज, विहाय र वाजिदर : यी चराका पर्यायवाची नाम हुन् ।

(ख) **अमरकोश :**

खगे विहङ्गविहगविहङ्गमविहायसः । शकुन्तिपक्षिशकुनिशकुन्तशकुनद्विजाः ॥
पतत्त्रिपत्त्रिपतगपतत्पत्त्ररथाण्डजाः । नगौकोवाजिकविकिरविविष्किरपतत्त्रयः ॥
नीडोद्भवा गरुत्मन्तः वित्सन्तो नभ सङ्गमाः ।

खग, विहङ्ग, विहग, विहङ्गम, विहायस्, शकुन्ति, पक्षिन्, शकुनि, शकुन्त, शकुन, द्विज, पतत्त्रिन्, पत्त्रन्, पतग, पतत्, पत्त्ररथ, अण्डज, नगौकस्, वाजिन्, विकिर, वि, विष्किर, पतत्त्रि, नीडोद्भव, गरुत्मत्, पित्सत् र नभसङ्गम : यी सामान्य पक्षीका नाम हुन् ।

थप विवरण : गरत्, पक्ष, छद, पत्र, पतत्र, र तनूरुह : यी प्वाँखका नाम हुन् । पक्षति र पक्षमूल : यी प्वाँख (पखेटा)को फेदका नाम हुन् । चञ्चु (चञ्चू) र त्रोटि : यी चुच्चोका नाम हुन् । बसेको पक्षी भुर्र उड्नुलाई प्रडीन, सोझै माथितिर उड्नुलाई उड्डीन र घेरैबेर उडिरहनुलाई सण्डीन भनिन्छ । पेशी (शि), कोष (कोश) र अण्ड : यी फुलका नाम हुन् । कुलाय र नीड : यी गुँडका नाम हुन् । परेवाको बथानलाई कापोत, सुगाको बथानलाई शौक, मयूरको बथानलाई मायूर, तित्राको बथानलाई तैत्तिर, कागको बथानलाई काक, वकुल्लाको बथानलाई वाक र लाटोकोसेरोको बथानलाई औलूक भनिन्छ । पालेका पशुपक्षीलाई छेक वा गृह्यक भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) **आयुर्वेद महोदधि :**

कपोत पारावत भृङ्गराज जटी कुलिङ्गं गृहजम्पिकश्च ।
भेदाशि डण्डी शुक सारिकाश्च वल्गूरिका खञ्जरीटाहरीताः ॥
कषायामधुरारूक्षा फलाहारामरुत्कराः । पित्तश्लेष्महराः शीताबद्धमूत्राल्पवर्च्चसः ॥
सर्वदोषहरास्तेषां भेदाशीमलदूषकः ॥
काषायालवणा हिमाः कफहरा वृष्याः सदा दुर्ज्जरा
विष्टम्भं जनयन्ति मूत्रबहुलं पित्तं स दाहं किल ।
पामाध्मानकरा स्त्रिदोशशमना मोहास्य वैरस्यकाः
कृच्छ्राग्नेर्बलकारकाः श्रमहरा दौर्गन्ध्यकृत् श्लेष्मलाः ॥
एते प्रावृषिसेविताः प्रतिदिनं दोषव्रजघ्नाः खलु । आकाशगामिनः सर्वे बल्या वृष्यासुदुर्ज्जराः ॥

मलेवा, परेवा, भृङ्गराज (चरा विशेष), जटी (जटायु, गिद्ध ?), कुलिङ्ग (भँगेरा), गृहजम्पिक (गृहजं

पिक ?), भेदाशि (?), डण्डा (?), सुँगा, मैना, वल्गूरिका (?), खञ्जरी (बाहुनचरी), हरीता (?) : यी सबै चरो मासु टर्रो, मिठो, रुखो, फलाहारी, वातविकार बढाउने, पित्तविकार र कफविकार नाशक, शीतल गर्ने र मलमूत्र कम गर्ने गुणको हुन्छ । यिनले सबैदोष नाश गर्दछन्, भेदाशीको मासुले दिसा दूषित बनाउँदछ । यी सबै टर्रा, नुनिला, शीतल गर्ने, कफनाशक, वीर्यवर्धक, ढीलो पच्ने, विष्टम्भी, धेरै पिसाब लगाउने, पित्तदाह गर्ने, भैंसे लुतो र आध्मान गर्ने, त्रिदोशनाशक, थकाई मेट्ने, दुर्गन्धकारक, मोह गर्ने, मुखलाई नमिठो पारेर सुकाउने र कफ बढाउने गुणका हुन्छन् । वर्षा ऋतुमा खाइएको यिनको मासुले दोषहरू बढाउँदछ । आकाशमा विचरण गर्ने सबै चराको मासु बल र वीर्यका लागि लाभदायक, सुन्दर र ढिलो पच्ने गुणको हुन्छ ।

(घ) **कैयदेव निघण्टु :**

पक्षी पत्री पतत्रीविर्विहङ्गो विहगः खगः । विहङ्गमः पत्ररथः शकुन्तः शकुनिर्द्विजः ॥

पक्षी, पत्री, पतत्रीवि, विहङ्ग, विहग, खग, विहङ्गम, पत्ररथ, शकुन्त, शकुनि र द्विज : यी चराका पर्यायवाची नाम हुन् ।

(ङ) **पर्याय रत्नमाला :**

शकुन्तो विहगः पक्षी विहङ्गो विः खगोऽण्डजः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

शकुन्त, विहग, पक्षी, विहङ्ग, वि, खग र अण्डज : यी चराका पर्यायवाची नाम हुन् ।

(ग) **भावप्रकाश निघण्टु :**

(स्थूला कठोरा वृत्ता च यस्याश्चञ्चूपरि स्थिता ।
गुटिका जम्बुसदृशी प्रोक्ता नन्दीमुखीति सा ॥)

जुन चराको चुच्चोमाथि जामुनुका आकारको गोलो, मोटो र साह्रो डल्लो हुन्छ त्यसलाई नन्दीमुखी भनिन्छ) ।

पक्षी खगो विहङ्गश्च विहगश्च विहङ्गमः ॥ शकुनिर्विः पतत्री च विष्किरो विकिरोऽण्डजः ।
धान्याङ्कुरचरा येऽत्र तेषां मांसं लघूत्तमम् ॥ आनूपं बलकृन्मांसं स्निग्धं गुरुतरं स्मृतम् ।

पक्षी, खग, विहङ्ग, विहग, विहङ्गम, शकुनि, वि, पतत्री, विष्किर, विकिर र अण्डज : यी चराका संस्कृत पर्यायवाची नामहरू हुन् । धानका अङ्कुरमा चर्ने चराको मासु पचाउन सहज र उत्तम हुन्छ । जलका छेउछाउमा बस्नने चराको मासु बलदायक, चिल्लो र धेरै नै पचाउन कठिन हुन्छ ।

नातिस्निग्धानि वृष्याणि स्वादुपाकरसानि च । वातघ्नान्यतिशुक्राणि गुरूण्यण्डानि पक्षिणाम् ॥

चराको फूल धेरै चिल्लो हुँदैन र वीर्यवर्धक हुन्छ । यो शुरुमा र पचेपछि पनि स्वादिलो वा गुलियो हुन्छ । यसले वातविकार नाश गर्दछ, अति नै शुक्र बढाउँदछ र पचाउन कठिन हुन्छ ।

विहङ्गेषु पुमाञ्छ्रेष्ठः स्त्री चतुष्पदजातिषु । परार्द्धं लघु पुंसां स्यात्स्त्रीणां पूर्वार्द्धमादिशेत्॥
देहमध्यं गुरुप्रायं सर्वेषां प्राणिनां स्मृतम् । पक्षक्षेपाद्विहङ्गानां तदेव लघु कथ्यते॥
गुरूण्यण्डानि सर्वेषां गुर्वी ग्रीवा च पक्षिणाम् । उरः स्कन्धोदरं कुक्षी पादौ पाणी कटी तथा॥
पृष्ठत्वग्यकृदन्त्राणि गुरूणीह यथोत्तरम् । लघुवातकरं मांसं खगानां धान्यचारिणाम्॥
मत्स्याशिनां पित्तकरं वातघ्नं गुरु कीर्त्तितम् । फलाशिनां श्लेष्मकरं लघु रूक्षमुदीरितम्॥
बृंहणं गुरु वातघ्नं तेषामेव पलाशिनाम् । तुल्यजातिष्वल्पदेहा महादेहेषु पूजिताः॥
अल्पदेहेषु शस्यन्ते तथैव स्थूलदेहिनाः ।

चराहरूमा भालेको र चौपायामा पोथीको मासु श्रेष्ठ हुन्छ । भाले जीवको शरीरको तल्लो भागको तथा पोथी जीवको शरीरको माथ्लो भागको मासु पचाउन सहज हुन्छ । सबै जीवको शरीरको बीच भागको मासु पचाउन कठिन हुन्छ तर चराहरूको भने परखैँटा चलाइरहने हुनाले पचाउन सहज हुन्छ । सबै खालका चराको फुल र गर्दनको मासु पचाउन कठिन हुन्छ । छाती, काँध, पेट, दुवै कोखा, दुवै खुट्टा, दुवै हात (अगाडिका खुट्टा), कम्मर, ढाड, छाला, कलेजो र आन्द्रा यी क्रमशः पचाउन कठिन हुन्छन् । अनाज खाने चराको मासु पचाउन सहज र वातविकार बढाउने गुणको हुन्छ । माछा खाने चराको मासु पित्तकारक, वातनाशक र पचाउन कठिन हुने गुणको हुन्छ । फलफूल खाने चराको मासु कफविकार बढाउने, पचाउन सहज र रुखो गुणको हुन्छ । मासु खाने चराको मासु पौष्टिक, पचाउन कठिन र वातविकार नाश गर्ने गुणको हुन्छ । समान जातका ठूलो शरीर हुने जीवमा शरीर सानो हुने जीवको तथा समान जातका सानो शरीर हुने जीवमा ठूलो शरीर हुने जीवको मासु श्रेष्ठ हुन्छ ।

(ङ) मदनपाल निघण्टु :

पक्षी विहङ्गमः पत्री शकुन्तिर्विहगः खगः । अण्डजो विः पत्ररथः पतत्त्री शकुनिर्द्विजः॥

पक्षी, विहङ्गम, पत्री, शकुन्ति, विहग, खग, अण्डज, वि, पत्ररथ, पतत्त्री शकुनि र द्विज : यी चराका संस्कृत पर्यायवाची नामहरू हुन् ।

विहगेषु पुमान् श्रेष्ठः स्त्री चतुष्पादजातिषु । पश्चार्धं लघु पुंसां स्यात्स्त्रीणां पूर्वार्धमादिशेत्॥

चरामा भालेको र चौपायामा पोथीको मासु श्रेष्ठ हुन्छ । भालेको पछिल्लो र पोथीको अघिल्लो आधा भाग मासु पचाउन सहज हुन्छ ।

पक्ष्मोत्क्षेपाद्विहङ्गानां तदेव सममुच्यते । गुरूण्यङ्गानि सर्वेषां गलग्रीवं च पक्षिणाम्॥

चरामा भने परखैँटाको व्यायाम हुने कारणले बीच भागको मासु समान (उत्तम) हुन्छ । उसका अन्य सबै भाग र घाँटी पचाउन कठिन हुन्छ ।

(घ) **राज निघण्टु :**

अन्ये बकबलाकाद्या गुरवो मांसभक्षणात् ।

अरु बकुल्ला, पोथी बकुल्ला आदि चराको मासु पचाउन कठिन हुन्छ ।

पक्षी चेत् पुरुषो लघुः शृणु शिरःस्कन्धोरुपृष्ठे क्रमात्

भाले चराको टाउका, काँध, तिघ्रा र ढाडको मासु क्रमशः पचाउन बढी सहज हुन्छ ।

खगविहगविहङ्गमा विहङ्गः पिपतिषुपत्रिपतत्रिपत्रवाहाः ।
शकुनिशकुनविष्किराण्डजा विः पतगपतन्नभसङ्गमा नगौकाः॥
वाजी पत्ररथः पक्षी द्विजो नीडोद्भवोऽनुगः । शकुन्तः पतगः पिच्छन् पतङ्गो विकिरश्च सः॥

खग, विहग, विहङ्गम, विहङ्ग, पिपतिषु, पत्रि, पतत्रि, पत्रवाह, शकुनि, शकुन, विष्किर, अण्डज, वि, पतग, पतन, नभसङ्गम, नगौका, वाजी, पत्ररथ, पक्षी, द्विज, नीडोद्भव, अनुग, शकुन्त, पतग, पिच्छन्, पतङ्ग र विकिर : यी चराका संस्कृत पर्यायवाची नामहरू हुन् ।

स्निग्धहिमं गुरु वृष्यं मांसं जलपक्षिणान्तु वातहरम्॥
तेष्वपि च हंसमांसं वृष्यतमं तिमिरहरणञ्च॥

सङ्कलक : मोहन प्रसाद सापकोटा

जलपक्षीको मासु चिल्लो, शीतवीर्यको, पचाउन कठिन, वीर्यवर्धक र वातविकार नाशक हुन्छ । तीमध्येमा पनि हाँसको मासु अति नै वीर्यवर्धक र धमिलो देखिने आँखाको रोग नाशक हुन्छ ।

खञ्जरीट (ठेउवा चरो)
(Roller)

परिभाषा :

(क) कुलचन्द्र शर्मा, अमरकोश : (१) चाष (चास) र किकीदिवि (किकि, किकी, किकिदिव, किकीदिवी, किकीदीवी) भनेको ठेउवा चरो हो । (२) शकुन्त वा भास भनेको कुखुराजस्तो पक्षी हो ।

(ख) नेपाली बृहत् शब्दकोश (ठेउवा) : चुच्चो, डँडाल्नु र पुच्छरको माझ खैरो, घाँटी गुलाफी र अरू शरीर नीलो हुने पक्षीविशेष ।

(ग) पेयर डी अमरकोश : ठेउवा चरोका अनेक जातमध्येको एक जातलाई जीवविज्ञानमा *Coracias benghalensis Linnaeus* र अंग्रेजीमा Roller भनिन्छ ।

(घ) के.यन. स्वामी : (१) खञ्जन : खञ्जन चरा । (२) खञ्जरीट : मझौला जातको खञ्जन चरा । (३) चाष : ठेउवा चरो । चाषलाई अंग्रेजीमा The blue jay भनिन्छ । चाषको हिन्दी नाम नीलकण्ठ पक्षी हो ।

(ङ) हिन्दी विश्वकोश : (१) किकीदिवि : किकिदिव, चाषपक्षी, नीलकण्ठ । (२) खञ्जनक : खञ्जन, Wagtail . यो चराका अनेक जात हुन्छन् । धेरैजसो सेता र काला हुन्छन् । कतिपयको पुच्छरमा कालोकालो टिका हुन्छ । यसका आँखा काला, गोडा मासुयुक्त र सेता हुन्छन् । यो प्राय १० इञ्च लामो हुन्छ । हिमाली भागमा धेरै देखिन्छ । पुच्छर हल्लाउँदा खूब आकर्षक देखिन्छ । पहाडतिरका नदीका मुहानमा वा झर्ना भएका स्थानमा यो बढी देखिन्छ । एक्लै घुमिरहेको खञ्जन चरा मानिसलाई देख्नासाथ उडेर वनभित्र वा नदीका किनारमा जान्छ । यसले ससाना कीरा समातेर खान्छ । यो सुनसान स्थलमा रहने एकान्तप्रिय चरा हो । कहिलेकाहीँ दुई तीन वटा सँगै देखिए पनि धेरै बेर सँगै बस्दैनन् । झगडा गरी अर्कोलाई लखेट्दछ । घाँसपातले गुँड बनाउँदछ । यो चरा सानातिना गाउँमा पनि देखिएको छ । (३) खञ्जरीट : खञ्जन । (४) चाष : स्वर्णचातक, नीलकण्ठ चरा । *Coracias Indica* । यसको दर्शन गर्नाले वा सबै पर्यायवाची नाम उच्चारण गर्नाले कार्यसिद्धि हुन्छ । यसको हत्या गर्नाले चार वर्णका मानिसको हत्या गरे गरेसरह पाप लाग्दछ । यो चरा पहाडतिर नै बस्दछ र जाडोको शुरुमा तल्लोभेगमा झर्दछ । सिउर आएपछि यो लुक्दछ र प्रायः देख्न सकिँदैन ।

ठेउवा चरो (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(च) मृगपक्षीशास्त्रका अनुवादक मारुति चित्रमपल्ली : चाषलाई अंग्रेजीमा Roller वा Blue Jay तथा ल्याटिन भाषामा *Coracias bengalensis* भनिन्छ । **किकीदिवलाई अंग्रेजीमा** Kashmir Roller तथा ल्याटिन भाषामा *Coracias garrulus* भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) बृहत् संहिता :

स्थूलोऽभ्युन्नतकण्ठः कृष्णगलो भद्रकारको भद्रः ।
आ कण्ठमुखात् कृष्णः सम्पूर्णः पूरयत्याशाम्॥
कृष्णो गलेऽस्य विन्दुः सितकरटान्तः स रिक्तकृद्रिक्तः ।
पीतो गोपीत इति क्लेशकरः खञ्जनो दृष्टः॥

मोटो, अग्लो र कालो घाँटी भएको खञ्जन चरालाई भद्र भनिन्छ । यसको दर्शन गर्नाले मङ्गल हुन्छ । मुखदेखि घाँटीसम्म कालो हुने खञ्जनलाई सम्पूर्ण भनिन्छ । यसको दर्शन गर्नाले आशा पूरा हुन्छ । जुन खञ्जनको घाँटीमा काला थोप्लाका बीचमा एउटा सेतो थोप्ला हुन्छ, त्यस्तो खञ्जन चरा दर्शन गर्नाले आशा निष्फल हुन्छ । यसैले यो चरालाई रिक्त भनिन्छ । पहैँलो खञ्जन देखिए पीडा प्राप्त हुन्छ ।

अथ मधुरसुरभिफलकुसुमतरुषु सलिलाशयेषु पुण्येषु ।
करितुरगभुजगमूर्ध्नि प्रासादोद्यानहर्म्येषु॥
गोगोष्ठसत्समागमयज्ञोत्सव पार्थिवद्विजसमीपे । हस्तितुरङ्गमशादाच्छत्रध्वजचामराद्येषु॥
हेमसमीपसिताम्बरकमलोत्पलपूजितोपलिप्तेषु । दधिपात्रधान्यकूटेषु च श्रियं खञ्जनः कुरुते॥

मिठो र सुगन्धि फलफूलको वृक्ष, कुनै पवित्र जलाशय, राजा वा ब्राह्मणका छेउछाउमा, हात्ती-घोडा वा सर्पका टाउकामा, भव्य भवनमा, उपवनमा, दरबारमा, गाईको गोठमा, सत्सङ्ग ले युक्त यज्ञस्थलमा, हात्तीसारमा, तबेलामा, छाता वा ध्वजा वा चमरमा, जलका नजिक, सेतो वस्त्र माथि, कमल वा नक्तकमल फुलेको तलाउ दहीका भाँडा माथि, धानको थुप्रो माथि र कमल सहितको तलाउमा देखिने खञ्जन लक्ष्मी (धन) बढाउने गुणको हुन्छ ।

पङ्के स्वाद्वन्नाप्तिर्गोरससम्पश्च गोमयोपगते । शाद्वलगे वस्त्राप्तिः शकटस्थे देशविभ्रंशः॥

हिलोमा देखिए अनाज पाइन्छ, गोबरमाथि देखिए गोरस पाइन्छ । हरियो घाँस भएको चउरमाथि देखिए कपडा पाइन्छ । गाडा आदि सवारी साधनमा देखिए देशको नाश हुन्छ ।

गृहपटलेऽर्थभ्रंशो वध्रे बन्धोऽशुचौ भवति रोगः । पृष्ठे त्वजाविकानां प्रियसङ्गममावहत्याशु॥
महिषोष्ट्रगर्दभास्थिश्मशानगृहकोणशर्करादिस्थः । प्राकारभस्मकेशेषु चाशुभो मरणरुग्भयदः॥
पक्षौ धूवन्न शुभः शुभः पिबन् वारि निम्नगासंस्थः । सूर्योदयेऽथ शसतो नेष्टफलः खञ्जनोऽमये॥

घरको छानामा देखिए धननाश हुन्छ । घरका प्वालतिर देखिए बन्धनमा परिन्छ । अपवित्र स्थानमा देखिए रोग लाग्दछ । भेडा आदिको ढाडमा देखिए चाँडै प्रियजनसँग भेट हुन्छ । भैंसी, उँट, गधा, हाड, मसान, घरको सुर, बालुवा, (नाङ्गो) पहाड, पर्खाल, खरानी र कपाल माथि देखिए अमङ्गल, मृत्यु

र रोगको भय हुन्छ । यो चराले पखेँटा चलाइरहेको देख्नु अशुभ हुन्छ । नदीमा निहुरेर पानी पिइरहेको देख्नु शुभ हुन्छ । सूर्य उदाउँदा खञ्जन चरा देख्नु शुभ र अस्ताउने बेलामा देख्नु अशुभ हुन्छ ।

नीराजने निवृत्ते यया दिश खञ्जनं नृपो यान्तम् । पश्येत्तया गतस्य क्षिप्रमरातिर्वशमुपैति ॥
तस्मिन्निधिर्भवति मैथुनमेति यस्मिन् यस्मिंस्तु छर्दयति तत्र तलेऽस्ति काचः ।
अङ्गारमप्युपदिशन्ति पुरीषणेऽस्य तत्कौतुकापनयनाय खनेद्धरित्रीम् ॥

यात्राकालमा यो चरा जता उडेर जान्छ राजाले त्यही दिशातिर यात्रा गर्नुपर्दछ । यसो गर्नाले शत्रु वशमा पर्दछन् । जहाँ यो चरा सहवासमा संलग्न हुन्छ त्यहाँ गाडधन पाउने सम्भावना हुन्छ । यो चराले जहाँ दिसा गर्दछ त्यहाँ मुनि कोइलाखानी र जहाँ बान्ता गर्दछ त्यहाँमुनि सिसाखानी हुने सम्भावना हुन्छ । यी कुरा प्राप्त गर्न उल्लेखित स्थानमा खनेर हेर्नू ।

मृतविकलविभिन्नरोगितः स्वतनुसमानफलप्रदः खगः ।
धनकृदभिनिलीयमानको वियति च बन्धुसमागमप्रदः ॥

मरेको, कुरुप र रोगी खञ्जनले उसको अवस्था अनुसारको फल दिन्छ । घर भित्र छिर्न लाग्दा अगिल्तिर खञ्जन देखिए धन लाभ हुन्छ । आकाशमा उडिरहेको देखिए नातेदार (पाहुना) आउँदछन् ।

नृपतिरपि शुभं शुभप्रदेशे खगमवलोक्य महीतले विदध्या ।
सङ्कलन : मोहन प्रसाद सापकोटा
सुरभिकुसुमधूपयुक्तमर्घं शुभमभिनन्दितमेवमेति वृद्धिम् ॥
अशुभमपि विलोक्य खञ्जनं द्विजगुरुसाधुसुरार्चने रतः ।
न नृपतिरशुभं समाप्नुयान्नयदि दिनानि च सप्त मांसभुक् ॥
आ वर्षात् प्रथमे दर्शने फलं प्रतिदिनं तु दिनशेषे ।
दिक्स्थानपूर्तिलग्नर्क्षशान्तदीप्तादिभिश्चोह्यम् ॥

शुभस्थानमा शुभ लक्षण भएको खञ्जन देखेपछि राजाले सुगन्धि कुसुम र धूपसहितको अर्घ जमिनमा दिनु पर्दछ । यसो गर्नाले शुभ फल अझ बढ्दछ र सम्मान पनि बढ्दछ । अशुभ खञ्जन देखेपछि राजाले ब्राह्मण, गुरु र देवताका पूजामा व्यस्त हुनू । अशुभ दोष मेटिन्छ । सात दिन मासु नखाई बस्दा पहिलोपटक देखिएको खञ्जन चरा देखिएको फल एक वर्षभित्र प्राप्त हुन्छ । तर यसबीचमा फेरी देखिए त्यही दिन फल प्राप्त हुन्छ । दिशा, स्थान, शरीरको आकार, लग्न, नक्षत्र, शान्त र दीप्त आदि अनुसार पनि शुभ एवं अशुभ फलको विवेचना स्वविवेक अनुसार गर्नु पर्दछ ।

(ख) मदनपाल निघण्टु :

खञ्जरीटः खञ्जनकश्चाषनामा किकीदिविः ॥ खञ्जरीटो ..चाषः श्लेष्मानिलापहः ॥

खञ्जरीट, खञ्जनक, चाष र किकीदिवि : यी ठेउवाका संस्कृत पर्यायवाची नामहरू हुन् । ठेउवाको मासुले कफविकार र वातविकार नाश गर्दछ ।

(ग) मृगपक्षीशास्त्र :

चाषास्तु द्विविधाः प्रोक्ताः कपोताध्रस्वकायकाः । श्यामावयवसंयुक्ताः किञ्चिच्छ्वेतगरुद्यताः ॥
सन्ततं हृदनिनदाः कामोद्दीपनकारिणः । प्रायः कपोततुल्याश्च शान्तात्मानश्च चे मताः ॥
(एतेषां जातिभेदश्च क्रमादत्र निरूप्यते) ।

चाष दुई प्रकारका हुन्छन् । यी मलेवाभन्दा साना हुन्छन् । यिनको शरीर कालो हुन्छ र पखेँटा केही सेता हुन्छन् । मनमोहक कामवासना जगाउने खालको स्वर हुन्छ । यी मलेवाजस्तै शान्तचित्तका हुन्छन् । यिनका जातका बारेमा यहाँ (अब) क्रमैले बताइन्छ ।

नितरां नीलवर्णाङ्गास्ते चाषाः सम्प्रकीर्तिताः ॥ नितरां क्षुद्रचञ्चूकाः विशालछदभूषिताः ।
मृदुस्पर्शाश्च नितरां शान्तात्मानश्च ते मताः ॥ शश्वत्प्लुतिसमायुक्ता मनोज्ञक्रेंकनादकाः ।
प्रातःसायं विशेषेण नानालीलाविचक्षणाः ॥ मनुष्यकरलाल्याश्च यूनामाह्लादवर्षिणः ।
सलिलान्तिकवासाश्च सन्ततं जलपायिनः ॥ नितान्तमातपे क्लान्ता मध्याह्ने रक्तनेत्रकाः ।
स्वल्पाहारा कामपूर्णा योषित्सञ्चारशीलकाः ॥ पीतबिन्दुंनोपेता केचित्ते परिकीर्तिताः ।

चाष पूरै नीलो रङको हुन्छ । सानो चुच्चो, ठूला पखेँटा, छुँदा नरम र शान्तचित्तका हुन्छन् । प्रायः यी उडिरहन्छन् । क्रें क्रें गरेर मिठो आवाजले कराउँदछन् । प्रायः बिहान र बेलुकी अनेक प्रकारका लीला देखाउँदछन् । यी मानिसका लागि पाल्न योग्य हुन्छन् । युवायुवतीलाई हर्ष प्रदान गर्दछन् । नदीका किनारातिर बस्दछन् र पटकपटक पानी पिउँदछन् । यी घामबाट थकित हुन्छन् । मध्याह्नमा यिनको आँखा रातो हुन्छ । कम आहार गर्दछन् । सहवासका लागि पोथीसँगै घुम्ने गर्दछन् । यी चरामध्ये कुनैकुनैको शरीरमा पहेँलो थोप्ला पनि हुन्छ ।

ते किकीदिवयः प्रोक्ता ये भृशं तुङ्गदेहकाः ॥
मस्तके पक्षतिप्रान्ते वक्षस्यपि विशेषतः । किञ्चिच्छ्वेतास्तथान्यत्र नीलवर्णविभूषिताः ॥
मृदुस्पर्शाश्च नितरां गगने वेगगामिनः । एकाकिनश्च यूथाढ्या प्रातः सायं विशेषतः ॥
नानाप्लुतिरता नित्यं जलभाण्डादिपार्श्वकाः । वनस्थास्ते नदीतीरवासिनश्च विनिश्चिताः ॥
हरिद्रावर्णनेत्रान्ता नानाबिन्दुंकनास्तु वा । शान्तात्मानो हृद्यनादा मनुष्यवशवर्तिनः ॥

अग्लो शरीर हुने चाषलाई किकीदिव भनिन्छ । टाउको, पखेँटाको किनार विशेषगरी छाती सेतो हुन्छ । अन्य भाग निलो हुन्छ । छुँदा नरम हुन्छन् । आकाशमा वेगले उड्ने गर्दछन् । अरु बेलामा एकान्तप्रिय रहने यी चरा बिहान बेलुकी भने बथानमा देखिने गर्दछ । अनेक किसिमले उडिरहने यी चरा पानीका नजिकै रहन्छन् । वनमा यी नदीका किनारमा बस्दछन् । आँखाको कुनु पहेँलो हुन्छ । शरीरमा अनेक किसिमका थोप्ला हुन्छन् । शान्तचित्तका, मनमोहक आवाज निकाल्ने र मानिसले सधाउन सक्ने खालका हुन्छन् ।

स्वादुमांसदधिक्षीरभोजिनश्च विनिश्चिताः । सम्प्राप्तयौवनास्ते तु किञ्चिद्दीण संयुताः ॥
कीराश्चाषाश्चकोराश्च ये तूत्तमगुणान्विताः । तैः सह क्रीडनं प्रायो यूनां कौतुकबन्धनम् ॥

**चाषैः समानशीलाश्च चाषनायश्च निश्चिताः । एतेषां परमं चायुस्त्रीणि वर्षाणि कीर्तितम्॥
जातिक्रियादि भेदेन ते मता राजसोत्तमाः ।**

यी स्वादिलो मासु, दही र दूध पनि खान्छन् । जवानीमा यी केही घमण्डी हुन्छन् । सुँगा, ठेउवा, च्याँखुरा जस्ता चरा उत्तम गुणका हुन्छन् । यौवन कालमा मानिसले यीसँग खेलबाड गर्नु रमाइलो हुन्छ । पोथी चाषमा पनि भालेका जस्तै गुण हुन्छन् । यी चराको अधिकतम आयु तीन वर्ष हुन्छ । जात र कर्मका आधारमा यी (ठेउवा) चरालाई राजसी र उत्तम चरा भनिएको छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

खटिका (चक वा खरी)
(Chalk, Talc)

परिभाषा :

(क) के.यन.स्वामी : (१) खटिका : चक । (२) कठिनी : चक, खरी । (३) खटी, खटिनी, लेखनी : खरी । (४) धवलमृत्तिका : कमेरो । (५) सितधातु, श्वेतधातु : खरीढुङ्गो । (६) पाण्डुमृत्, पाण्डुमृत्तिका : खरी ।

(ख) नेपाली बृहत् शब्दकोश (चक) : सेतो वा फुस्रो, धुलो माटोबाट बन्ने र ब्ल्याकबोर्ड वा कालोपाटीमा लेख्न प्रयोग गरिने दुई इञ्चजति लामो डोलो साधन; खरीमट्टी ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : खटिकालाई अंग्रेजीमा Pipe clay वा Chalk भनिन्छ । यसको ल्याटिन नाम *Carbonate of Calcium* हो । यो माटोको एक जात हो । यसमा चूनको मात्रा बढी हुन्छ । गौरखटीमा भने केही पारो पनि मिसिएको हुन्छ । प्राकृतिक चक शुद्ध हुँदैन । यसमा अनेकौं द्रव्य मिसिएको हुन्छ ।

चकको डल्लो (तस्विर श्रोत बियरसिविस्टफाइभ्स ब्लग)

नोट : राजनिघण्टुमा खरीको बेग्लै वर्णन गरिएको छ । यसैले दुग्धाश्ममा पनि हेर्नु हुन ।

संकलन : मोहन प्रसाद सापकोटा

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

खटिका कठिनी चापि लेखनी च निगद्यते॥ खटी दाहास्रजिच्छीता मधुरा विषशोथजित् ।
लेपादेतद्गुणा प्रोक्ता भक्षिता मृत्तिकासमा॥ खटी गौरखटी द्वे च गुणैस्तुल्ये प्रकीर्तिते ।

खटिका, कठिनी र लेखनी : यी चकका संस्कृत पर्यायवाची नामहरू हुन् । चकले डाह र रक्तविकार नाश गर्नुका साथै शीतल गर्दछ । यो गुलियो हुन्छ । यसले विषविकार र सुजन नाश गर्दछ । यी गुण यसको लेप दल्नाले पाइने गुण हुन् । खाँदा भने माटाको जस्तै गुण प्राप्त हुन्छ । चक (खटीका) जस्तै अर्को गौरखटी भन्ने पनि हुन्छ । दुवैको गुण समान हुन्छ

(ख) मदनपाल निघण्टु :

खटी कपोलः खटिनी श्वेता नाडीतरङ्गकः । तद्भेदो गौडपाषाणः क्षीरपाक उदाहृतः॥
खटी दाहास्रनुच्छीता गौडग्रावापि तद्गुणः॥

खटी, कपोल, खटिनी, श्वेता र नाडीतरङ्गक : यी खरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यसका

गौडपाषाण र क्षीरपाक गरी दुई जात हुन्छन् । खरीले डाह र रक्तविकार नाश गर्दछ । यो शीतवीर्यको हुन्छ । गौडग्राव (गौड-प्राचीन देश, ग्राव-पत्थर) मा पनि यही गुण हुन्छ ।

चक (तस्बिर श्रोत : इण्डियामार्ट डटकम)

(ग) राज निघण्टु :

खटिनी खटिका चैव खटी धवलमृत्तिका ।
सितधातुः श्वेतधातुः पाण्डुमृत् पाण्डुमृत्तिका ॥
खटिनी मधुरा तिक्ता शीतला पित्तदाहनुत् ।
व्रणदोषकफास्रघ्नी नेत्ररोगनिकृन्तनी ॥

खटिनी, खटिका, खटी, धवलमृत्तिका, सितधातु, श्वेतधातु, पाण्डुमृत् र पाण्डुमृत्तिका : यी चकका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, तीतो, शीतवीर्यको तथा पित्तविकार, डाह, घाउखटिरा, कफविकार, रक्तविकार र आँखाका रोग नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

खड्गी (गैंडा)
(Rhino)

परिभाषा :

(क) नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, संरक्षित जीवहरु : नेपालमा पाइने एक सिङ्गे गैंडाको वैज्ञानिक नाम *Rhinoceros unicornis* तथा अंग्रेजी नाम One Horned Rhino हो ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : गैंडाको वैज्ञानिक नाम *Rhinoceros unicarnis* तथा अंग्रेजी नाम Rhinoceros हो ।

(ग) मृगपक्षिशास्त्रका संपादक मारुती चितमपल्ली र कै.पं.नरसिंशास्त्री भातखंडे : गण्डकलाई अंग्रेजीमा Great Indian onehorned Rhinoceros तथा ल्याटिन भाषामा *Rhinoceros unicornus* भनिन्छ ।

गैंडा (तस्बिर श्रोत : नेपाल सरकारको वन्यजन्तु संरक्षणसम्बन्धी पोष्टर)

प्राचीन ग्रन्थका वचनहरू :

(क) कैयदेव निघण्टु :

..अथ खड्गी खड्गश्च गण्डकः ।
खड्गिमांसं कषायं स्याद्बलानिलविनाशनम् । पित्र्यं पवित्रमायुष्यं बद्धमूत्रं विरूक्षणम्॥

खड्गी, खड्ग र गण्डक : यी गैंडाका पर्यायवाची नाम हुन् । यसको मासु टर्रो, बल र वातविकार नाश गर्ने, पितृहरूका लागि पवित्र तथा पिसाब बन्द हुने रोगलाई रुखो बनाउने (खोल्ने) गुणको हुन्छ ।

(ख) द्रव्यगुणसङ्ग्रह :

खड्गिमांसं कफघ्नं तु कषायमनिलापहम् । पित्र्यं पवित्रमायुष्यं बद्धमूत्रविरूक्षणम्॥

गैंडाको मासु कफविकार नाश गर्ने, टर्रो, वातविकार नाश गर्ने, पितृलाई तृप्त पार्ने, पवित्र, आयुवर्धक

र बन्द भएको पिसाबलाई खोल्ने गुणको हुन्छ ।

(ग) **मदनपाल निघण्टु :**

...खड्गी खड्गश्च गण्डकः । गण्डको बहुविण्मूत्रे पवित्रोनिलनाशनः॥

खड्गी, खड्ग र गण्डक : यी गैंडाका संस्कृत पर्यायवाची नामहरू हुन् । गैंडाको मासुले अति नै दिसापिसाब उत्पन्न गराउँदछ । यो पवित्र हुन्छ । यसले वातविकार नाश गर्दछ ।

(घ) **मृगपक्षिशास्त्र :**

गण्डका द्विविधा लोक जाताः काननचारिणः॥
गजरूपसमाकाराः शुण्डादण्डविवर्जिताः । कृष्णवर्णा ह्रस्वपुच्छाः क्रूरा दृढपराक्रमाः॥
विकृताङ्गसमेताश्च मांसभक्षणजीविनः । मूढात्मानो मन्दपदा भीषणाः सत्त्वहिंसकाः॥
कठोरदिवसेष्वेषां मदात्कामविजृम्भणम् । दिने वा रात्रिकाले वा योषित्पापार्श्वतलाश्रयाः॥

जङ्गलमा दुई प्रकारका गैंडा विचरण गर्दछन् । यिनको हात्तीको जत्रै आकार हुन्छ तर सुँड हुँदैन । कालो रङ, छोटो पुच्छर र क्रूर स्वभाव हुनुका सार्थ यी अति बलिया हुन्छन् । यिनको अङ्ग विकृत हुन्छ र मासु खाएर बाँच्दछन् । मूर्ख बुद्धि र मन्द गति हुने यी जीव डरलाग्दा र हिंस्रक हुन्छन् । गर्मी मौसममा यी कामातुर हुने गर्दछन् र माथि चढ्दछन् । दिनमा वा रातमा पोथीका छेउछाउमा घुमिरहन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

तत्सम्भोगरताः शश्वत् भ्रमन्तः काममेदुराः । योषिदङ्गानि जिघ्रन्तो लालयेयुरनुक्षणम्॥
ताश्चापि कामसन्नुनास्तद्योगाय भवन्ति हि । अन्यथा विपुलोत्साहाः प्रायस्ते गण्डका मताः॥
शैलीय सर्वसत्त्वानां तुल्यरूपा प्रकीर्तिता । पुंभिः सम्भोगभाजस्ताः कुञ्जे निम्नस्थलेऽपि च॥
सद्यः सम्प्राप्तसत्त्वाः स्युः कामशान्तिश्च तत्क्षणात् । गर्भभारक्लान्तदेहा मिताहारा दिने दिने॥
नीत्वा मासान् दश पुनर्मासद्वादशकं तु वा । सूते भयङ्करं पोतं गजतुल्यस्वरूपकम्॥
स्तन्य पानरताः पोता नीतवत्सरकालकाः । वन्यसत्त्ववधासक्ता धावन्ति परितो भृशम्॥
पञ्चमे वत्सरे चैषां यौवनं पूर्णमुच्यते ।

भाले रतिसुखका लागि पोथीका पछाडि बेसुर भएर दौडने गर्दछ । पोथीका अङ्ग पटकपटक सुँघी (वा चाटी) तिनलाई सहवासका लागि सहमत गराउँदछन् । पोथी पनि कामातुर हुन्छन् र त्यसपछि सहवास हुन्छ । अन्यथा ती गैंडाहरू प्रायः अति नै उत्साहित हुने गर्दछन् । प्रायः सबै स्थलचर जनावरको रतिक्रिडा समान किसिमको हुने गर्दछ । यिनको समागम प्रायः होचोस्थलका झाडीमा हुने गर्दछ । पोथी चाँडै गर्भवती हुन्छे र कामवासना तुरुन्त शान्त हुने गर्दछ । पोथीको शरीर गर्भको बोझले थकित हुन थाल्दछ र दिनैपिच्छे उसको आहार घट्न थाल्दछ । दश वा बाह्र महिनाको गर्भधारण पछि हात्तीसमानको डरलाग्दो बच्चा जन्माउँदछन् । गाँडूले एक वर्षसम्म निरन्तर आमाको दूध पिउँदछ । त्यसबेला (जब यी कुद्न सक्ने हुन्छन् तब) (साना) जङ्गली जनावर मार्ने उद्देश्यले पटकपटक यताउता दौडने गर्दछन् । पाँच वर्षमा यी पूर्ण जवान हुन्छन् ।

**गण्डका कृष्णगात्राश्च ह्रस्वपुच्छाः प्रकीर्तिताः॥ ह्रस्वस्थूलपदोपेता तीक्ष्णदीर्घनखास्तथा ।
दुर्गन्धा विकृताङ्गाश्च नासान्ते शृङ्गसंयुताः॥ स्थूलत्वचः स्थूलगात्राः श्वेतबिन्द्वंचिताश्च ते ।
चतुर्हस्तोन्नताः केचित् पञ्चहस्तोन्नताः परे॥ क्षुद्रास्या ह्रस्वनेत्राश्च लम्बमुष्कास्तथा मताः ।
क्षुत्कालेऽत्यन्तकोपाश्च नीचात्मानश्च निश्चिताः॥ सन्ततं क्रूरचरिता भीकराश्च भवन्ति ते ।**

कालो शरीर र छोटो पुच्छर हुने गैँडालाई गण्डका भनिन्छ । यिनका खुट्टा छोटो र मोटा हुन्छन् । तिखा र लामा नङ हुन्छन् । दुर्गन्धित र विकृत शरीर हुन्छ । नाकको टुप्पो सिङले युक्त हुन्छ । चार वा पाँच हात अग्लो सेता थोप्ला र मोटो छाला भएको मोटो शरीर हुन्छ । मुख सानो हुन्छ । आँखा पनि साना वा छोटा हुन्छन् । अण्डकोश लामो वा झुण्डिएको हुन्छ । भोकाउँदा अति रिसाउँदछन् र निश्चितरूपले नीच स्वभावका हुन्छन् । यिनको स्वभाव हरदम क्रूर हुन्छ । यी डरलाग्दा हुन्छन् ।

**खड्गा नीलाङ्गभाजः स्युः रक्तबिन्दुकलङ्किताः॥
अथवा स्वशरीरेषु श्वेतरक्ताङ्कनैर्युताः । नितरां तुङ्गदेहाश्च भीमघोषणदायिनः॥
सततं कोपशीलाश्च सूर्यातपविहारिणः । मूढात्मानः श्रुतिप्रान्ते स्थूलत्वक्सहिताश्च ते॥
विकारवदना नित्यं दीर्घकर्णद्वयान्विताः । केचित्ककुत्समायुक्ता भीषणाः क्रूरचेतसः॥
दुर्धर्षाः कान्तिहीनाश्च वन्यप्राणिवधे रताः । लम्बमुष्काः पृष्ठभागे नितरां मांसलाश्च ते॥
श्वेतवर्णयुताः खड्गाः किञ्चिन्मन्दपराक्रमाः । वन्यकुञ्जेषु जायन्ते झिल्लिकातृणभक्षकाः॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

खड्ग जातका गैँडाको शरीर राता थोप्ला सहितको निलो हुन्छ । अथवा तिनको शरीर सेतो र रातो थोप्ला मिसिएको हुन्छ । अग्लो शरीर भएका यी गैँडाको आवाज अति डरलाग्दो हुने गर्दछ । यी जतिखेर पनि रिसाइरहने र घाममा घुम्ने गर्दछन् । मूर्ख स्वभाव हुन्छ । कानका छेउ वा कन्पारोमा बाक्लो छाला हुन्छ । मुख विकृत र कान लामा हुन्छन् । कुनै कुनै गैँडाको जुरो हुन्छ । यी डरलाग्दा र क्रूरस्वभावका हुन्छन् । यिनलाई सजिलै समाउन सकिँदैन । यी तेजहीन हुन्छन् र जङ्गली जीव मार्न तत्पर रहने गर्दछन् । अण्डकोश लामो वा झोल्लिएको हुन्छ र ढाडको भाग हरदम मासुले भरिएको हुन्छ । सेतो रङका यो जातका गैँडा केही कम शक्तिशाली हुन्छन् । यी लहरायुक्त वनमा सानातिना झ्याउँकीरी जस्ता कीरा र घाँस खाने गर्दछन् ।

**सर्वे ते तुल्यरूपाश्च मन्दप्रकृतिसंयुताः । तेषा तु योषितः प्रायस्तल्लक्षणविभूषिताः॥
काश्चिच्छान्तस्वरूपाश्च काश्चित्कोपस्वरूपकाः ।
द्विवारप्रसवः काश्चित् काश्चित् त्रिवारप्रसवाः पराः॥
अतीते विंशके वर्षे जरैतेषामुदीरिता । समाद्विषोडशपरमायुरेषां प्रकीर्तितम्॥
अल्पत्वान्मन्दबुद्धित्वात्त एते तामसाधमाः ।**

यी सबैको समान रूप र मन्द स्वभाव हुन्छ । पोथी गैँडाको भालेको जस्तै लक्षण हुन्छ । पोथी गैँडा कुनै शान्त स्वभावका त कुनै रिसाहा हुन्छन् । कुनै दुई पटक त कुनैले तीन पटक बच्चा जन्माउँदछन् । बीस वर्षको उमेर भएपछि गैँडाको बुढेसकाल शुरु हुन्छ । यिनको अधिकतम आयु बत्तीस वर्ष हुन्छ । (आजभोली ६०-७० वर्षसम्म गैँडा बाँच्ने गरेको पाइन्छ) । थोरै र मन्द बुद्धि भएका

कारण यो पशुलाइं तामस र अधम पशु मांनन्छ ।

(ङ) **राज निघण्टु :**

खङ्गः खङ्गमृगः क्रोधी मुखशृङ्गो मुखेबली । गण्डको वज्रचर्मा च खङ्गी वार्ध्रीणसश्च सः ॥

खङ्ग, खङ्गमृग, क्रोधी, मुखशृङ्ग, मुखेबली, गण्डक, वज्रचर्मा, खङ्गी र वार्ध्रीणस : यी गैंडाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

मांसं खङ्गमृगोत्थं तु बलकृद् बृंहणं गुरु ॥

गैंडाको मासु बलदायक, पौष्टिक र पचाउन कठिन हुन्छ ।

(च) **राजवल्लभ निघण्टु :**

खङ्गिमांसं कफच्छेदि कषायमनिलापहम् । पैत्र्यं पवित्रमायुष्यं बद्धमूत्रं विरूक्षणम् ॥

गैंडाको मासु कफलाई खुकुल्याउने, टर्रो, वातविकार नाशक, पितृलाई प्रसन्न पार्ने, पवित्र, आयुवर्धक, पिसाब रोक्ने र रुखो गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

धर्मशास्त्रका वचनहरू :

(क) मनुस्मृति, अध्याय ३; गौतमस्मृति, अध्याय १५ : पितृहरू गैंडाको मासुले अनन्त कालसम्म तृप्त हुन्छन् ।

(ख) याज्ञवल्क्यस्मृति, श्राद्धप्रकरण : गया आदि तीर्थमा गई भाद्रकृष्ण त्रयोदशीमा अझ मघा नक्षत्र समेत परेको बेलामा जसले गैंडाको मासु, मह, आदिको पिण्ड प्रदान गर्दछ त्यसले अनन्त पुण्य पाउँदछ ।

(ग) पारस्करगृह्यसूत्रम्, परिशिष्टानि, सप्तमी कण्डिका : गैंडाको मासुले वर्षा ऋतुमा, मघा नक्षत्रमा तथा गजच्छाया-योगमा गरिएको श्राद्ध पितृका लागि अक्षय तृप्तिकारक हुन्छ ।

(घ) विष्णुपुराण, तेश्रो अंश, अध्याय १६ : श्राद्धकर्ममा गैंडाको मासु, मह आदि अत्यन्त प्रशस्त र तृप्तिदायक हुन्छ ।

नोट : अन्यत्र अरु शास्त्रमा पनि यी कुरा गरिएका छन् । विकल्पमा खिर चढाउन सकिने व्यवस्था पनि छ । गैंडाको मासु दुर्लभ हुन थालेपछि सम्भवतः गैंडाको खाग वा खगौतोले तर्पण दिन थालिएको हो । कलियुगमा मासुको पिण्ड दिएर श्राद्ध गर्न निषेध गरिएको पनि पाइन्छ । गैंडाको मासु र पितृका बीचमा रहस्यपूर्ण कुनै सम्बन्ध भएको कुरा शास्त्रमा पाइएको छैन ।

खण्ड (खाँड)
(Raw Sugar)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) खाँड : संस्कार नपुगेको रातो वा सेतो सखर; नखारिएको चिनी । (२) खाँडसारी : सफा नगरिएको खैरो रङको चिनी ।

(ख) के.यन.स्वामी (खण्ड) : खाँड, सफा नगरेको चिनी (खुँदोको लेदो) ।

(ग) हिन्दी विश्वकोश (खण्ड) : इक्षुविकारविशेष, चलचल्तीको भाषामा यसलाई खाड भनिन्छ । चिनी । उखुको एक जात ।

नोट : फाणित र मत्स्यण्डीलाई खुँदोमा नाम भनी बताइएको छ । उक्त विवरणहरू पनि हेर्नु हुन ।

प्राचीन ग्रन्थका वचनहरू :

खण्ड (खाँड), तस्बिर श्रोत : स्पाइसोग्राफीडटकम)

(क) **अभिधानमञ्जरी :**

खण्डश्शुभ्रांशुकः शुभ्रः कर्पूरधवलः स्मृतः ।

खण्ड, शुभ्रांशुक, शुभ्र र कर्पूरधवल : यी खाँडका पर्यायवाची नाम हुन् ।

(ख) **अष्टाङ्ग निघण्टु :**

...खण्डं फुल्लमिति स्मृतम् ।

खण्ड र फुल्ल : यी खाँडका पर्यायवाची नाम हुन् ।

(ग) **कैयदेव निघण्टु :**

खण्डं गुरु सरं रुच्यं वातघ्नं बलपुष्टिदम् ।

खाँड पचाउन कठिन, मलमूत्रलाई तलतिर सार्ने, रुचिप्रद, वातविकार नाश गर्ने तथा बल र पुष्टि प्रदान गर्ने गुणको हुन्छ ।

(घ) **द्रव्यगुणसङ्ग्रह :**

खण्डं वृष्यतमं बल्यं चक्षुष्यं बृंहणं तथा । वातपित्तहरं नातिस्निग्धं हृद्यं सुखप्रदम् ॥

खाँड अति वीर्यवर्धक, बलदायक, आँखाका लागि हितकर, पौष्टिक, वातविकार र पित्तविकार नाश गर्ने, कम चिल्लो, मुटुका लागि हितकर र सुखदायक गुणको हुन्छ ।

(ङ) **भावप्रकाश निघण्टु :**

खण्डन्तु मधुरं वृष्यं चक्षुष्यं बृंहणं हिमम् । वातपित्तहरं स्निग्धं बल्यं वान्तिहरं परम्॥

खाँड गुलियो, वीर्यवर्धक, आँखाका लागि हितकर, पौष्टिक, शीतल गर्ने, वात तथा पित्तविकार नाशक, चिल्लो, बलदायक र धेरै नै बाकवाकी नाशगर्ने गुणको हुन्छ ।

(च) **मदनपाल निघण्टु :**

अन्या विषपलद्धन्धा शिग्रुका कृत्तिकाऽमला॥ खण्डम्...।
खण्डमप्येवमुद्दिष्टं रुच्यं पुष्टिबलप्रदम्॥

विषपलद्धन्धा, शिग्रुका, कृत्तिका, अमला, खण्ड र खण्डसिता : यी खाँडका पर्यायवाची नाम हुन् । खाँडमा पनि मिश्रीकै गुण हुन्छन् । यो रुचिप्रद, पुष्टिदायक र बलदायक हुन्छ ।

(छ) **माधवद्रव्यगुण :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

वातपित्तहरं स्निग्धं शीतं बल्यं मुखप्रियम् । चक्षुष्यं बृंहणं बल्यं खण्डं वृष्यतमं मतम्॥

खाँड वातविकार र पित्तविकार नाश गर्ने, चिल्लो, शीतवीर्यको, बलदायक, मुखलाई मनपर्ने, आँखाका लागि हितकर, पौष्टिक, बलदायक र अति वीर्यवर्धक गुणको हुन्छ ।

(ज) **राजवल्लभ निघण्टु :**

खण्डं वृष्यतमं बल्यं चक्षुष्यं वातपित्तनुत्॥

खण्ड अति नै वीर्यवर्धक, बलदायक, आँखाका लागि हितकर तथा वातविकार र पित्तविकारलाई नाशगर्ने गुणको हुन्छ ।

(झ) **शालिग्राम निघण्टु :**

खण्डेरसोद्भवाशुक्लासुपिष्टापाण्डुरा तथा ।

खण्डा, रसोद्भवा, शुक्ला, सुपिष्टा र पाण्डुरा : यी खाँडका पर्यायवाची नाम हुन् ।

वातं निवारयति पित्तमपाकरोति तृष्णां छिनत्ति विनिहन्ति च मोहमूर्च्छाम् ।

शोषं विघट्टयति तर्पयतीन्द्रियाणि शीतः सदासुमधुरः खलु शुद्धखण्डः ॥

खाँड वातविकार र पित्तविकार नाश गर्ने, तिर्खा मेट्ने, मोह र बेहोसीपन नाश गर्ने, सुजन बसाउने, इन्द्रियलाई तृप्त पार्ने, शीतवीर्यको र गुलियो स्वादको हुन्छ ।

(ञ) सरस्वती निघण्टु :

खण्डं खण्डगुडं चेति ...।

खण्ड र खण्डगुड : यी खाँडका पर्यायवाची नाम हुन् ।

(ट) हारीत संहिता :

वातपित्तहरं शीतं स्निग्धं बल्यं मुखप्रियम् । चक्षुष्यं श्लेष्मकृच्चोक्तं खण्डं वृष्यतमं मतम् ॥

खाँड वातविकार र पित्तविकार नाश गर्ने, शीतवीर्यको, चिल्लो, बलदायक, मुखका लागि प्रिय, आँखाका लागि हितकर, कफविकार गर्ने र अत्यन्त वीर्य बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

खदिर (खयर)
(Cutch tree)

परिभाषा :

(क) कुलचन्द्र शर्मा (अमरकोश) : गायत्री, वालतनय, खदिर र दन्तधावन खयरका नाम हुन् । कदर सेतो खयरको संस्कृत नाम हो ।

(ख) के.यन.स्वामी : (१) खदिर : खयरको रूख । यो एक जङ्गली रूख हो, यसको खोटो निकालिन्छ, अमलाको जस्तो सानो पात हुन्छ, सेतो सानो फूल हुन्छ । एक बित्ता लामा खैरा बोक्रा हुने कोसा हुन्छन् । खैरा रङ्गको चिरिएको जस्तो बोक्रा हुन्छ, रूखको हाँगामा काँढा हुन्छन् । यसको काठ टुक्रै टुक्रा पारी पानीमा पकाई खोटो बनाएर जमाइन्छ, जुन ओखती वा पानमा प्रयोग गरिन्छ । (२) रक्तसार, श्वेतसार, महासार : खयर । (३) गायत्री, दन्तधावन, बहुशल्य : रातो खयर । (४) कण्टकी, बालपत्र, बालतनय, पथिद्रुम, यूपद्रु, बहुसार : खयरको रूख । (५) कार्मुक, सोमसार, नेमिवृक्ष, सोमवल्क, कदर : सेतो खयर । (६) सुसार, ताम्रकण्टक : रातो खयरको रूख । (७) बहुशल्य : रातो खयर । (८) विट्खदिर, कालस्कन्ध, गोरट, पत्रतरु, अरि, सन्दानिका, अरिमेद, गोधास्कन्ध, अहिमेद, अहिमार, पूतिमेध : गनाउने खयर । (९) काम्भोजी : गन्ध आउने खयर । (१०) खादिर : खयर वा कत्था जुन पानमा लगाइन्छ ।



कदर (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ग) नेपाली बृहत् शब्दकोश : (१) कत्था : पानसुर्ती आदि नशावाल खाद्य पदार्थमा मिसाउन, मसी आदि बनाउन वा औषधी बनाउन प्रयोग गरिने खास प्रकारको रूखबाट निकालिने खोटी; खयर । (२) कदर : रातो र सेतो रङ्ग निस्कने दुई खालका खयरमध्ये पानमा हालिने चाहिँ खयर; श्वेतखदिर ।(३) खयर : अमलाका जस्ता ससाना पात हुने, मञ्जरीका छोँटका सेना सानासाना फूल पुल्ने, खैरो लामो कोसा र खैरै काठ हुने काँढादार बोट वा त्यसैको काठ पकाएर झिकेको सारवस्तु । (४) भोटे खयर : कपडा, ऊन आदि रँगाउने काममा प्रयोग हुने, रातो रङ हुने एक जातको खयर । (५) मेध्य : खयरको रूख ।

(घ) आचार्य बालकृष्ण : यसको वानस्पति नाम *Acacia catechu* (Linn.f.) Wild वा *Mimosa catechu* Linn.f. हो । यसलाई अंग्रेजीमा Cutch tree catechu पर नेपालीमा खयर भनिन्छ । प्राचीन आयुर्वेदका ग्रन्थमा यसका पाँच प्रजातिसम्म बताइएको पाइन्छ ।

(ङ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : खयरलाई ल्याटिन भाषामा *Acacia catechu* Wild र अंग्रेजीमा Black Catechu भनिन्छ । सेतो खयरलाई ल्याटिन भाषामा *Acacia suma Kurg.* भनिन्छ ।

(च) डा.सतिश चन्द्र साङ्ख्यधर : *Acacia catechu* Willd. तथा अंग्रेजी नाम Cutch-Tree हो । डा.सतिश चन्द्र साङ्ख्यधर : नरहरीले बिट्खदिरको बारेमा वर्णन गरि सकेका छन् । इरिमेदका धेरै कुरा सोही बिट्खदिरसँग मिल्दछन् । बेग्लै उल्लेख गर्नुको कारण पत्ता लगाउन सकिएन ।

(छ) धन्वन्तरी निघण्टुका टीकाकार वैद्य डी.के. कामत र डा. यस.डी.कामत : खयरको वानस्पतिक नाम *Acacia catechu* Willd., *Acacia catechu* (Linn f.) Willd. वा *Mimosa catechu* Linn. हो । यो Leguminosae परिवार र Mimosae उप-परिवार भित्र पर्दछ । यसैगरी सेतो खयरलाई वनस्पति शास्त्रमा *Acacia ferruginea* DC. वा *Mimosa ferruginea* Roxb. तथा कालो खयरलाई *Acacia leulcophloea* Willd. वा *Acacia polycantha* Willd. भनिन्छ ।

(ज) पेयर डी अमरकोश : सेतो खयरको ल्याटिन नाम *Acacia polyacantha* Willd. हो ।

(झ) फर्माकोपिया : खयर Leguminosae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Acacia catechu* (Linn. f.) Willd. हो । यसलाई संस्कृतमा गायत्री भनिन्छ । यसको अंग्रेजी नाम Black catechu, Cutch tree हो । यसको काठको धुलो एक मात्रामा २०-३० ग्राम काँढापानीमा प्रयोग गरिन्छ । सेतो खयर Mimosaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Acacia suma* Buch .-Ham. हो । संस्कृतमा यसलाई सोमवल्क वा श्वेतखदिर भनिन्छ । यसको अंग्रेजी नाम White Cutch tree, White Catechu हो । यसको चुरोको धुलो एक मात्रामा २-६ ग्राम ओखतीमा प्रयोग हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

गायत्री (तस्विर श्रोत : पेयर डी अमरकोश)

(क) **अभिधान मञ्जरी :**

कदरः खदिराकारः कालस्कन्धश्च कार्मुकः कामी ।
नेमी च सोमवल्कः पथिद्रुमः श्यामसारश्च॥
नेमिवृक्षो महाकालः कालकः क्षुद्रकण्टकः ।
चक्रवृक्ष इति ज्ञेयः शब्दैः पर्यायवाचकैः॥

कदर, खदिराकार, कालस्कन्ध, कार्मुक, कामी, नेमी, सोमवल्क, पथिद्रुम, श्यामसार, नेमिवृक्ष, महाकाल, कालक, क्षुद्रकण्टक र चक्रवृक्ष : यी कदरका पर्यायवाची नाम हुन् ।

खदिरो गायत्र्याह्वः क्षितिक्षमी दन्तधावनः शल्यः । कुष्ठघ्नो होमतरुः सकण्टको रक्तसारश्च॥
प्रोच्यते बालपत्रोऽज्झो बालः कुटिलकण्टकः । जिह्मशल्यो होमवृक्षः शब्दैः पर्यायवाचकैः॥

खदिर, गायत्री, क्षिति, क्षमी दन्तधावन, शल्य, कुष्ठघ्न, होमतरु, सकण्टक, रक्तसार, बालपत्र, अज्झ, बाल, कुटिलकण्टक, जिह्मशल्य र होमवृक्ष : यी खयरका पर्यायवाची नाम हुन् ।

अपरो गौरः खदिरः किञ्चित्खदिरकण्टकः । कुम्भाण्डको घुणावासो भवेत् खदिरपत्रकः॥

गौर, खदिर, किञ्चित्खदिरकण्टक, कुम्भाण्डक, घुणावास र खदिरपत्रक : यी अर्को एकथरी सेतो खयरका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

कदरः खदिरस्सारः कोटरी श्यामसारकः ।

कदर, खदिर, सार, कोटरी र श्यामसारक : यी कदरका पर्यायवाची नाम हुन् ।

श्वेतसारो महावल्को रोहिणी सोमवल्कलः । गायत्री कण्टकी गीतिः खदिरो दन्तधावनः ॥
कुष्ठघ्नो बालप्रत्रश्च कषायफलपुष्पकः ।

श्वेतसार, महावल्क, रोहिणी, सोमवल्कल, गायत्री, कण्टकी, गीति, खदिर, दन्तधावन, कुष्ठघ्न, बालप्रत्र, कषायफल र कषायपुष्पक : यी खयरका पर्यायवाची नाम हुन् ।

खदिर (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ग) अष्टाङ्ग निघण्टु :

गायत्री खदिरो गीता कुष्ठघ्नो बालपत्रकः ।
कदरः खदिरः सारो कोटरी श्यामसारकः ॥

गायत्री, खदिर, गीता, कुष्ठघ्न र बालपत्रक तथा कदर, खदिर, सार, कोटरी र श्यामसारक : यी खयरका पर्यायवाची नाम हुन् ।

(घ) कैयदेव निघण्टु :

गायत्री खदिरो गीतः कुष्ठघ्नो बालपत्रकः । क्षतिक्षामो रक्तसार शल्यको बहुशालकः ॥
गौराटः कदरः श्यामः सारकः कुञ्जकण्टकः । कालस्कन्धः सारशल्यो महासारः पथिद्रुमः ॥
खदिरः शीतलस्तिक्तः कषायः कफपित्तहा । दन्त्यो हन्ति कृमिश्वित्रकुष्ठकण्डूज्वरव्रणान् ॥
शोफाममेहमेदोऽस्रकासारोचकपाण्डुताः ।

गायत्री, खदिर, गीत, कुष्ठघ्न, बालपत्रक, क्षतिक्षाम, रक्तसार, शल्यक, बहुशालक, गौराट, कदर, श्याम, सारक, कुञ्जकण्टक, कालस्कन्ध, सारशल्य, महासार र पथिद्रुम : यी खयरका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, तितो, टर्रो, कफविकार र पित्तविकार नाश गर्ने, दाँतका लागि हितकर तथा कीरा, सेतो कुष्ठ, चिलाइ, जरो, घाउखटिरा, सुजन, आमविकार, प्रमेह, रक्तविकार, खोकी, अरुची र पाण्डुरोग नाश गर्ने गुणको हुन्छ ।

आरश्च वल्लीखदिरतथा खदिरवेल्लरी । ऐरावतो सुगन्धा स्याद्वातप्रशमनी स्मृता ॥
ऐरावती रसे पाके चाम्लोष्णाऽनिलकापहा ।

आर, वल्लीखदिर र खदिरवेल्लरी : यी लहरे खयरका पर्यायवाची नाम हुन् । यो सुगन्धी, वातविकारलाई शान्त पार्ने, शुरुमा र पचेपछि अमिलो, उष्णवीर्यको तथा वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

खदिरः श्वेतसारोऽन्यः कदरः सोमवल्कलः । कदरो विशदो वर्ण्यो मुखरोगकफास्रजित्॥

अर्को सेतो खालको खयरलाई श्वेतसार, कदर वा सोवल्कल भनिन्छ । यो सुन्दर, वर्णमा निखार लेराउने तथा मुखका रोग, कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

(ङ) धन्वन्तरि निघण्टु :

खदिरो रक्तसारश्च गायत्री दन्तधावनः । कण्टकी बालपत्रश्च जिह्मशल्यः क्षतक्षमः ॥
खदिरः स्याद्रसे तिक्तो हिमपित्तकफास्रनुत् । कुष्ठामकासकण्डूतिकृमिदोषहरः स्मृतः ॥

खदिर, रक्तसार, गायत्री, दन्तधावन, कण्टकी, बालपत्र, जिह्मशल्य र क्षतक्षम : यी खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । खयर तीतो र शीतवीर्यको हुन्छ । यसले पित्तविकार, कफविकार, रक्तविकार, कुष्ठ, आमविकार, खोकी, लुतो र कीरा नाशक हुन्छ ।

खदिर (तस्विर श्रोत : पेयर डी अमरकोश)

खदिरः श्वेतसारोऽन्यः सोमवल्कः पथिद्रुमः ।
श्यामसारो नेमिवृक्षः कार्मुकः कुब्जकण्टकः ॥
श्वेतस्तु खदिरस्तिक्तः शीतपित्तकफापहः ।
रक्तदोषहरश्चैव कण्डूकुष्ठविनाशनः ॥

श्वेतसार, सोमवल्क, पथिद्रुम, श्यामसार, नेमिवृक्ष, कार्मुक र कुब्जकण्टक : यी अर्को थरी खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । सेतो खयर तीतो र शीतवीर्यको हुन्छ । यसले पित्तविकार, बफविकार, रक्तविकार, लुतो र कुष्ठ नाश गर्दछ ।

(च) निघण्टुशेष :

खदिरे स्याद् रक्तसारः कण्टकी दन्तधावनः । गायत्री बालपत्रश्च जिह्मशल्यः क्षितिद्रुमः ॥ (खदति खदिरः । रक्तश्चासौ सारश्च रक्तसारः । कण्टकाः सन्त्यस्य कण्टकी । दन्तस्य धावनो दन्तधावनः । गायते-विप्रान् त्रायतेऽवश्यं गायत्री । बालवत् पत्राण्यस्य बालपत्रः । सूक्ष्मपर्णो ह्यसौ जिह्मं-वक्त्रं शल्यमस्य जिह्मशल्यः । क्षितौ द्रुमः क्षितिद्रुमः) ।

खदिर, रक्तसार, कण्टकी, दन्तधावन, गायत्री, बालपत्र, जिह्मशल्य र क्षितिद्रुम : यी खयरका पर्यायवाची नाम हुन् ।

सिते तु तत्र कदरः कामुकः कुब्जकण्टकः । सोमवल्को नेमिवृक्षः श्यामसारः पथिद्रुमः ॥

(सिते-धवले । कफघ्नत्वात् कदरः । कमनशीलः कामुकः । कुब्जाः कण्टका अस्य कुब्जकण्टकः । सोमस्येव-चन्द्रस्येव वल्कमस्य सोमवल्कः । कण्टकित्वात् "शुक्लत्वग् वा" इति । नेमिश्चासौ वृक्षश्च नेमिवृक्षः । श्यामः सारोऽस्य श्यामसारः ।) ।

कदर, कामुक, कुब्जकण्टक, सोमवल्क, नेमिवृक्ष, श्यामसार र पथिद्रुम : यी सेतो खयरका पर्यायवाची नाम हुन् ।

(छ) पर्याय रत्नमाला :

खदिरस्तिक्तसारः स्याद् गायत्री कण्टकिद्रुमः । सोमवल्को ब्रह्मशल्यः कदरः खदिरोपमः ।

खदिर, तिक्तसार, गायत्री र कण्टकिद्रुम : यी खयरका पर्यायवाची नाम हुन् । सोमवल्क, ब्रह्मशल्य, कदर र खदिरोपम : यी सेतो खयरका पर्यायवाची नाम हुन् ।

(ज) भावप्रकाश निघण्टु :

कदर (तस्विर श्रोत : पेयर डी अमरकोश)

छिलिहिण्टो महामूलः पातालगरुडाह्वयः ॥ छिलिहिण्टः परं वृष्यः कफघ्नः पवनापहः ।

छिलिहिण्ट, महामूल र पातालगरुड : यी भोटे खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो अति नै वीर्यवर्धक हुन्छ । यसले कफविकार र वातविकार नाश गर्दछ ।

खदिरो रक्तसारश्च गायत्री दन्तधावनः ॥ कण्टकी बालपत्रश्च बहुशल्यश्च यज्ञियः । खदिरः शीतलो दन्त्यः कण्डूकासारुचिप्रणुत् ॥ तिक्तः कषायो मेदोघ्नः कृमिमेहज्वरव्रणान् । श्वित्रशोथामपित्तास्रपाण्डुकुष्ठकफान् हरेत् ॥

खदिर, रक्तसार, गायत्री, दन्तधावन, कण्टकी, बालपत्र, बहुशल्य र यज्ञिय : यी खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ, दाँतलाई फाइदा गर्दछ तथा लुतो, खोकी र अरुची नाश गर्दछ । । यो तीतो र टर्रो हुन्छ । यसले बोसोविकार, कीरा, प्रमेह, जरो र घाउखटिरा ठिक गर्दछ । यसका साथै यसले श्वेतकुष्ठ, सुजन, आमविकार, पित्तविकार, रक्तविकार, पाण्डु, कुष्ठ र कफविकार समेत नाश गर्दछ ।

खदिरः श्वेतसारोऽन्य कदरः सोमवल्कलः । कदरो विशदो वर्ण्यो मुखरोगकफास्रजित् ॥

श्वेतखदिर, श्वेतसार, कदर र सोमवल्कल : यी सेतो खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो विशद, वर्णलाई निखार्ने तथा मुखका रोग र कफविकार नाशक हुन्छ ।

इरिमेदो विट्खदिरः कालस्कन्धोऽरिमेदकः । इरिमेदः कषायोष्णो मुखदन्तगदास्रजित्॥
हन्ति कण्डूविषश्लेष्मकृमिकुष्ठविषव्रणान् ।

कदर (तस्विर श्रोत : पेयर डी अमरकोश)

इरिमेद, विट्खदिर, कालस्कन्ध र अरिमेदक : यी गनाउने खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो र गर्मी गर्ने तथा मुखका रोग, दाँतका रोग र रक्तविकार नाशक हुन्छ । यसले लुतो, विषविकार, कफविकार, कीरा, कुष्ठ, विषविकार र घाउखटिरा निको पार्दछ ।

(झ) **मदनपाल निघण्टु :**

खदिरो रक्तसारः स्याद्गायत्री बालपत्रकः । खदिरः श्वेतसारोऽन्यः कार्मुकः कुब्जकण्टकः॥
खदिरः शीतलो दन्त्यः कृमिमेहज्वरव्रणान् । श्वित्रशोथामपित्तास्रपाण्डुकुष्ठकफाञ्जयेत्॥
निर्यासस्तस्य मधुरो बल्यः शुक्रविवर्द्धनः । सारस्तु विशदो बल्यो मुखरोगकफास्रजित्॥

खदिर, रक्तसार, गायत्री र बालपत्रक : यी खयरका तथा खदिर, श्वेतसार, कार्मुक र कुब्जकण्टक : यी अर्को खालको खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । खयर शीतवीर्यको र दाँतका लागि फाइदाजनक हुन्छ । यसले कीरा, प्रमेह, जरो, घाउखटिरा, सेतोकुष्ठ, सुजन, आमविकार, पित्तविकार, रक्तविकार, पाण्डुरोग, कुष्ठ र कफविकार माथि जित हासिल गर्दछ । यसको खोटो मिठो, बलदायक र शुक्रवर्धक हुन्छ । यसको कत्था सुन्दर, बलदायक हुन्छ तथा मुखका रोग, कफविकार र रक्तविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

अरिमेदो विट्खदिरो गोधास्कन्धोऽरिमेदकः । अरिमेदः कषायोष्णो मुखदन्तगदास्रनुत्॥
तथा कण्डूविषश्लेष्मक्रिमिकुष्ठव्रणाञ्जयेत्॥

अरिमेद, विट्खदिर, गोधास्कन्ध र अरिमेदक : यी गनाउने खयरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो टर्रो, उष्णवीर्यको तथा मुख, दाँत तथा रगत सम्बन्धी रोग नाशगर्ने गुणको हुन्छ । यसले लुतो, विषविकार, कफविकार, कीरा, कुष्ठ र घाउखटिरा माथि विजय हासिल गर्दछ ।

(ञ) **मदनादि निघण्टु :**

खदिरोबालपत्रश्च शल्यको दन्तधावनः । गायत्री रक्तसारश्च बहुशल्यः क्षतक्षमः॥
कषायतिक्तकुष्ठघ्नः कफमेदोविशोधनः । रक्तप्रसादनः शीतः खदिरो दन्तदार्ढ्यकृत्॥

खदिर, बालपत्र, शल्यक, दन्तधावन, गायत्री, रक्तसार, बहुशल्य र क्षतक्षम : यी खयरका पर्यावाची नाम हुन्। यो टर्रो, तितो, कुष्ठ नाश गर्ने, कफविकार र बोसोविकारलाई प्रशोधन गर्ने, रगतलाई सफा गर्ने, शीतवीर्यको र दाँतलाई बलियो बनाउने गुणको हुन्छ ।

कदरोऽन्या खदिरको गौराठः श्यामसारकः ।
श्यालस्कन्धः श्यालशल्यः कार्मुकः कुब्जकण्टकः॥
प्रमेहमेदो दोषघ्नः कफपित्तव्रणापहः । पाण्डुकुष्ठप्रशमनः खदिरश्वित्रनाशनः॥

कदर, खदिरक, गौराठ, श्यामसारक, श्यास्कन्ध, श्यालशल्य, कार्मुक र कुब्जकण्टक : यी खयरविशेषका पर्यायवाची नाम हुन् । यसले प्रमेह, बोसोविकार, कफविकार, पित्तविकार र खटिरा नाश गर्दछ । पाण्डु र कुष्ठलाई शान्त पार्दछ तथा सेतोकुष्ठ नाश गर्दछ ।

(ट) **माधव द्रव्यगुण :**

खदिरः कुष्ठवीसर्पमेहपित्तकफापहः ।

खयरले कुष्ठ, वीसर्प, प्रमेह, पित्तविकार र कफविकार नाश गर्दछ ।

कदर (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ठ) **राजनिघण्टु :**

खदिरो बालपत्रश्च खाद्यपत्रीक्षितीक्षमाः । सुशल्यो वक्रकण्टश्च यज्ञाङ्गो दन्तधावनः॥
गायत्री जिह्मशल्यश्च कण्टी सारद्रुमस्तथा । कुष्ठारिर्बहुसारश्च मेध्यः सप्तदशाह्वयः॥
खदिरस्तु रसे तिक्तः शीतः पित्तकफापहः । पाचनः कुष्ठकासास्रशोफकण्डूव्रणापहः॥

(१) खदिर, (२) बालपत्र, (३) खाद्य, (४) पत्री, (५) क्षिती, (६) क्षमा, (७) सुशल्य, (८) वक्रकण्ट, (९) यज्ञाङ्ग, (१०) दन्तधावन, (११) गायत्री, (१२) जिह्मशल्य, (१३) कण्टी, (१४) सारद्रुम, (१५) कुष्ठारि, (१६) बहुसार र (१७) मेध्य : यी सत्र नाम खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो रसमा तीतो, शीतवीर्यको तथा पित्तविकार र कफविकार नाशक हुन्छ । यो पाचनी तथा कुष्ठ, खोकी, रक्तविकार, सुजन, चिलाउने रोग र घाउखटिरा नाशक समेत हुन्छ ।

खदिरः श्वेतसारोऽन्यः कार्मुकः कुब्जकण्टकः । सोमसारो नेमिवृक्षः सोमवल्कः पथिद्रुमः॥
श्वेतस्तु खदिरस्तिक्तः कषायः कटुरुष्णकः । कण्डूतिभूतकुष्ठघ्नः कफवातव्रणापहः॥

श्वेतसार, कार्मुक, कुब्जकण्टक, सोमसार, नेमिवृक्ष, सोमवल्क र पथिद्रुम : यी अर्को थरी खयर अर्थात् सेतो खयरका संस्कृत पर्यायवाची नामहरू हुन् । सेतो खयर तीतो, टर्रो, पिरो र उष्णवीर्यको हुन्छ । यसले चिलाउने रोग, भूतबाधा, कुष्ठ, कफविकार, वातविकार र घाउखटिरा नाश गर्दछ ।

स रक्तो रक्तसारश्च सुसारस्ताम्रकण्टकः ।
स प्रोक्तो बहुशल्यश्च याज्ञिकः कुष्ठतोदनः॥
यूपद्रुमोऽस्रखदिरोऽपरुश्च दशधा स्मृतः॥
कटूष्णो रक्तखदिरः कषायो गुरुतिक्तकः ।
आमवातास्रवातघ्नो व्रणभूतज्वरापहः॥

(१) रक्त, (२) रक्तसार, (३) सुसार, (४) ताम्रकण्टक, (५) बहुशल्य, (६) याज्ञिक, (७) कुष्ठतोदन, (८) यूपद्रुम, (९) अस्रखदिर र (१०) अपरु : यी दश नाम रातो खयरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो खयर पिरो, उष्णवीर्यको, टर्रो, पचाउन कठिन र तीतो हुन्छ। यसले आमविकार, वातविकार, रक्तविकार, घाउखटिरा, भूतबाधा र ज्वर नाश गर्दछ।

विट्खदिरः काम्भोजी कालस्कन्धश्च गोरटो मरुजः। पत्रतरुर्बहुसारः संसारः खादिरो ग्रहैर्महासारः॥
विट्खदिरः कटुरुष्णस्तिक्तो रक्तव्रणोत्थदोषहरः। कण्डूतिविषविसर्पज्वरकुष्ठोन्मादभूतघ्नः॥

(१) विट्खदिर, (२) काम्भोजी, (३) कालस्कन्ध, (४) गोरट, (५) मरुज, (६) पत्रतरु, (७) बहुसार, (८) संसार र (९) महासार : यी नौ नाम गनाउने खयरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो खयर पिरो, उष्णवीर्यको, तीतो तथा रक्तविकार र घाउखटिराजन्य विकार नाशक हुन्छ। यसले चिलाउने रोग, विषविकार, विसर्प, ज्वर, कुष्ठ, पागलपन र भूतबाधा नाश गर्दछ।

अरिः सन्दानिका दाला ज्ञेया खदिरपत्रिका। अरिः कषायकटुका तिक्ता रक्तार्तिपित्तनुत्॥

अरि, सन्दानिका, दाला र खदिरपत्रिका : यी नाम लहरे खयरविशेषका संस्कृत पर्यायवाची नामहरू हुन्। यो खयर टर्रो, पिरो, तीतो तथा रक्तविकार र पित्तविकार नाशक हुन्छ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

खादिरः खदिरोद्भूतस्तत्सारो रङ्गदः स्मृतः। ज्ञेयः खदिरसारश्च तथा रङ्गः षडाह्वयः॥
कटुकः खादिरः सारस्तिक्तोष्णः कफवातहृत्। व्रणकण्ठामयघ्नश्च रुचिकृद्दीपनः परः॥

(१) खादिर, (२) खदिरोद्भूत, (३) तत्सार, (४) रङ्गद, (५) खदिरसार र (६) रङ्ग : यी छ नाम कत्थाका संस्कृत पर्यायवाची नामहरू हुन्। कत्था पिरो, तीतो, उष्णवीर्यको तथा कफविकार र वातविकार नाशक हुन्छ। यसले घाउखटिरा र घाँटीका रोग निको पार्दछ। यो रुचीप्रद र अत्यन्त दीपनी हुन्छ।

दन्तधावन (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ङ) **राजवल्लभ निघण्टु :**

खदिरः कुष्ठवीसर्पमेहपित्तकफापहः॥
... कदरो दन्तदार्ढ्यकृत्॥

खयरले कुष्ठ, वीसर्प, प्रमेह, पित्तविकार र कफविकार नाश गर्दछ। सेतो खयरले दाँतलाई बलियो बनाउँदछ।

(ढ) **शालिग्राम निघण्टु :**

खदिरो रक्तसारश्च गायत्री दन्तधावनः । कण्टकी बालपत्रश्च बहुशल्यश्च याज्ञिकः ॥

खदिर, रक्तसार,गायत्री, दन्तधावन, कण्टकी, बालपत्र, बहुशल्य र याज्ञिक : यी खयरका पर्यायवाची नाम हुन् ।

खदिर (तस्बिर श्रोत : पेयर डी अमरकोश)

खदिरः श्वेतसारोऽन्यः कदरः सोमवल्कलः ।

खदिर, श्वेतसार, कदर र सोवल्कल : यी सेतो खयरका पर्यायवाची नाम हुन् ।

निर्य्यासस्तस्य मधुरो बल्यः शुक्रविवर्द्धनः ।
सारस्तु विशदो व्रण्यो मुखरोगकफास्रजित्॥ (म.वि.)

खयरको चोप गुलियो, बलदायक र वीर्य बढाउने तथा यसको सार सुन्दर, घाउखटिरामा फाइदा गर्ने तथा मुखका रोग, कफविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

खादिरः खदिरोद्भूस्तत्सारोरङ्गदः स्मृतः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अखादिर, खदिरोद्भूत, खदिरसार र रङ्गद : यी खयरको सार(गुदी) का पर्यायवाची नाम हुन् ।

खादिरस्तुवरोष्णश्च तिक्तो रुचिकरो मत । अग्निदीप्तिकरो ग्राही दन्तदार्ढ्यकरो मतः ॥
कटुकः कफवातानां व्रणस्य च विनाशकः । कण्ठरोगं सर्वमेहं कृमीन्मुखरुजं तथा ॥
अष्टादशैवकुष्ठानि स्थौल्यं चार्शं च नाशयेत् ।

खयरको सार (कत्था) टर्रो, उष्णवीर्यको, तितो, रुचिप्रद, पाचनशक्ति बढाउने, ग्राही, दाँत्लाई बलियो बनाउने, पिरो तथा कफविकार, वातविकार, खटिरा, घाँटीका रोग, सबै थरी प्रमेह, कीरा, मुखका रोग, अठार थरी कुष्ठ, मोटोपन र हर्सा नाश गर्ने गुणको हुन्छ ।

(ण) **सरस्वती निघण्टु :**

खदिरो बालतनयः कुष्ठघ्नो दन्तधावनः ।
सोमवल्कश्च गायत्री शल्यः कुटिलकण्टकः ॥

खदिर, बालतनय, कुष्ठघ्न, दन्तधावन, सोमवल्क, गायत्री, शल्य र कुटिलकण्टक : यी खयरका पर्यायवाची नाम हुन् ।

(त) सोढल निघण्टु :

खदिरो रक्तसारश्च गायत्री दन्तधावनः । कण्टकी बालपत्रश्च जिह्मशल्यः क्षितिक्षयः ॥
मेदोघ्नो कृमिकुष्ठघ्नोऽरुचिकृत् गलरोगनुत् । सुसारो यूपवृक्षश्च बहुशल्यश्च याज्ञिकः ॥

खदिर, रक्तसार, गायत्री, दन्तधावन, कण्टकी, बालपत्र, जिह्मशल्य, क्षितिक्षय, मेदोघ्न, कृमिघ्न, कुष्ठघ्न, अरुचिकृत्, गलरोगनुत्, सुसार, यूपवृक्ष,बहुशल्य र याज्ञिक : यी खयरका पर्यायवाची नाम (वा गुण समेत ?) हुन् ।

कदरः सोमवल्कश्च श्यामसारोऽथ कार्मुकः । कण्टाद्यो गोरडो वक्त्रो महावृक्षो द्विजप्रियः ॥
महावल्कः संवरणो मार्गवृक्षः सुकण्टकी । काम्बोजीपत्रकः सोमो नेमिवृक्षो मरुद्भवः ॥

कदर, सोमवल्क, श्यामसार, कार्मुक, कण्टाद्य, गोरड, वक्त्र, महावृक्ष, द्विजप्रिय, महावल्क, संवरण, मार्गवृक्ष, सुकण्टकी, काम्बोजीपत्रक, सोम, नेमिवृक्ष र मरुद्भव : यी खयरविशेषका पर्यायवाची नाम हुन् ।

(थ) हृदयदीपक निघण्टु :

गायत्री खदिरो बालपत्रोऽथ कदिरः सितः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गायत्री, खदिर, बालपत्र, कदिर र सित : यी खयरका पर्यायवाची नाम हुन् ।

खद्योत (जुनकिरी)
(The glow worm)

परिभाषा :

(क) के.यन.स्वामी : (१) प्रभाकीट : जूनकीरी। (२) खद्योत, खज्योति : जुनकिरी।

(ख) नेपाल बृहत् शब्दकोश (जुनकिरी) : शरीरको सबभन्दा पछिल्लो भाग केही चहकदार हुने र त्यसबाट झिलिक्कझिलिक्क देखिने मलिनो तर जूनको जस्तो प्रकाश दिँदै प्रायः वर्षाऋतुको रातमा उड्ने एक जातको कीरो; खद्योत; जुन्किरी।

(ग) डा.सतिश चन्द्र साङ्खधर : जुनकिरीलाई अंग्रेजीमा The glow worm or Beetles भनिन्छ।

जुनकिरी (तस्बिर श्रोत : रातोपाटीडटकम)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी, अमरकोश, अष्टाङ्ग निघण्टु, पर्याय रत्नमाला :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

...खद्योतो द्यो(ज्यो)तिरीख(ङ्ग)णः।

खद्योत र द्यो(ज्यो)तिरीख(ङ्ग)ण : यी जुनकिरीका पर्यायवाची नाम हुन्।

(ख) **कैयदेव निघण्टु :**

...ज्योतिरिङ्गणः। खद्योतकः कीटमणिः ...।

ज्योतिरिङ्गण, खद्योतक र कीटमणि : यी जुनकिरीका पर्यायवाची नाम हुन्।

(ग) **राज निघण्टु :**

प्रभाकीटस्तु खद्योतः खज्योतिरुपसूर्यकः॥

प्रभाकीट, खद्योत, खज्योति र उपसूर्यक : यी जुनकिरीका संस्कृत पर्यायवाची नामहरू हुन्।

(घ) **शब्द रत्नावलि :**

ज्योतिरिङ्गन खद्योत ध्वान्तोन्मेषास्तमोमणिः। दृष्टिबन्धुस्तमोज्योतिर्ज्योतिवीजं निमेषकः॥

ज्योतिरिङ्गन, खद्योत, ध्वान्तोन्मेष, तमोमणि, दृष्टिबन्धु, तमोज्योति, ज्योतिवीज र निमेषक : यी जुनकिरीका पर्यायवाची नाम हुन् ।

थप जानकारी :

हिमाल खबर पत्रिका, सेतोपाटी आदिबाट :

यसको पुच्छरमा पाइने लुसिफेरास र लुसिफेरिन नामक रसायन अक्सिजनमा मिसिएपछि बत्ती बल्ने गर्दछ । यिनीहरूको बत्तीबाट ताप निस्कँदैन । यो बत्ती पहेँलो, हरियो र सुन्तला रङ्गको हुने गर्दछ । कतिपय प्रजातिका लार्भा र फूलले पनि बत्ती बाल्ने गर्दछन् । पोथी जुनकिरीको चमक भालेको भन्दा बढी हुन्छ ।

यिनीहरूले बत्तीसँगै गन्ध आउने रसायन छोड्दछन्, जसले शत्रुलाई टाढै राख्न सहयोग गर्दछ । पोथीले पेटको तल्लो भागमा रहेको बत्ती पिलपिल बालेर भाले आकर्षण गर्दछे । भालेले पनि त्यसै गर्दछ । बत्तीकै माध्यमबाट पोथी र भालेबीच सूचना आदानप्रदान हुन्छ । जुनकिरीको आहारा खोज्ने माध्यम पनि यही पिलपिल हो । बत्ती देखेर अरू किरा झुम्मिन आइपुग्दछन् । त्यही मौकामा जुनकिरी त्यसलाई आहारा बनाउँदछ । जुनकिरीका हकमा यहाँदेखि यहाँसम्मको ठाउँ मेरो हो भनी चिनाउने माध्यम पनि यही बत्ती हो।

सङ्कलन : मोहन प्रसाद सापकोटा

संसारमा दुई हजार प्रजातिका जुनकिरी छन् । नेपालमा कति छन् भन्ने कुराको आधिकारिक अध्ययन भएको छैन । सबै प्रजाति दुई खालका हुन्छन् -बत्ती बाल्ने र नबाल्ने । दिउँसो सल्बलाउने जुनकिरीले बत्ती बाल्दैन, राति डुल्नेले मात्र बाल्दछ ।

यिनीहरूको लार्भा सफा पानी मुनि पनि बस्ने गर्दछन् । जुनकिरीका लार्भा पानीका स्रोतमा हुर्कन्छन् । नदी वा पोखरी छेउछाउ बढी देखिनुको कारण यही हो । नदी जति प्रदूषित हुन्छ, लार्भा हुर्कन चाहिने वातावरणीय तालमेल उति बिग्रँदै जान्छ ।

बगैंचा, घर, सडक चारैतिर चौबीसै घन्टा बत्तीले धावा बोलेपछि जुनकिरीको पिलपिल प्रकाश देखिन छाड्यो । एउटा जुनकिरीले बालेको बत्ती अर्कोलाई देख्न मुस्किल भयो । यसले उनीहरूको सम्पर्क र मिलनमा बाधा पुग्यो । वयस्क जुनकिरीको भेट र सम्पर्कमै अवरोध आएपछि नयाँ जन्मने कुरै भएन, यसले गर्दा विस्तारै संख्या घट्दै गयो ।

जुनकिरी हराउनुको अर्को कारण वायु प्रदूषण हो । जुनकिरी हराउनुले पर्यावरणमा असर गर्दछ । जुनकिरी एक्लै हराउँदैनन्, तिनलाई आहारका रूपमा खाने लाटोकोसेरो र चमेरा पनि सँगसँगै हराउन थाल्दछन् ।
यसले तरकारीमा लाग्ने हानिकारक किरा खाइदिन्छ र बालीनालीमा रोग फैलिनबाट जोगाउँदछ ।

अमेरिकाको “ग्रेट स्मोकी माउन्टेन्स नेसनल पार्क” मा हरेक वर्ष मे महिना अन्त्यदेखि जूनको पहिलो हप्तासम्म सयौं मान्छे जुनकिरी हेर्न पुग्दछन् । यो समय देखिने सबै जुनकिरीले एकैपटक बत्ती बाल्ने

र निभाउने गर्दछन् । यो दृश्य हेर्न आउनेको यति घुँइचो हुन्छ, पार्कले चिट्ठा खोलेर टिकट वितरण गर्दछ । नेपालमा पनि यसको संरक्षण गर्न शुरु गरिएको छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

खर (गधा)
(The Ass, The donkey)

परिभाषा :

(क) के.यन.स्वामी : गर्दभ भनेको गधा हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) गधा : घोडाका जातिको तर घोडाभन्दा सानो र प्रायः खैरो रङको हुने, भारी बोक्ने काममा लगाइने, स्तनपायीवर्गको पाल्तु जनावर; खर; गर्दभ । (२) गाँडु : माउबाट टुट्टचाउने अवस्थामा नपुगेको गधा; गधाको बच्चो; गाँडू । (३) पागल : गधाको बच्चो; गाँडु । (४) पाजी : गधाको बच्चो । (६) घोडगदाहा : मधेसका जङ्गलमा पाइने घोडाकै बान्कीको र घोडाजस्तै दगुर्ने गधा । (७) बनगधा : बनमा हुने, राघेपाटे रङको एक जातको गधा । (८) एकखुरे : एउटा मात्र खुर भएको; खुर नफाटेको (गधा) । (९) टाप : गधाका गोडाको टेक्ने भाग वा खुर । (१०) बन्जारा वा बन्जारो : गधा आदिमा मालताल बोकाएर घुमीघुमी व्यापार गर्ने व्यक्ति; घोक्रे व्यापारी ।

गधा (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ग) डा.सतिश चन्द्र साङ्ख्यधर : गधालाई अंग्रेजीमा The Ass तथा ल्याटिन भाषामा *Asinus equidae* भनिन्छ । बनगधालाई अंग्रेजीमा Wild Ass तथा ल्याटिन भाषामा *Equus hemionus Onager* भनिन्छ ।

(घ) पेयर डी अमरकोश : बनगधालाई अंग्रेजीमा Indian Wild Ass तथा ल्याटिन भाषामा *Equus hemionus khur* भनिन्छ ।

(ङ) मृगपक्षिशास्त्रका संपादक मारुती चितमपल्ली र कै.पं.नरसिंशास्त्री भातखंडे : खरलाई अंग्रेजीमा Asiatic Wild Ass तथा ल्याटिन भाषामा *Equus hemionus* भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

खरभूरिगामिभूसररासभवालेयशङ्कुकर्णाः स्युः । गर्दभभारसहतृषः प्रियप्रिया तवसदा शूला॥

खर, भूरिगामि, भूसर, रासभ, वालेय, शङ्कुकर्ण, गर्दभ, भारसह, तृष, प्रियप्रिया, तवसदा र शूला : यी गधाका पर्यायवाची नाम हुन् ।

(ख) **अमरकोश :**

चक्रीवन्तस्तु बालेया रासभा गर्दभाः खराः ।

चक्रीवत्, बालेय, रासभ, गर्दभ र खर : यी गधाका पर्यायवाची नाम हुन् ।

(ग) **अष्टाङ्ग निघण्टु :**

वालेयो रासभो घेयो धूसरो गर्दभः खरः ।

वालेय, रासभ, घेय, धूसर, गर्दभ र खर : यी गधाका पर्यायवाची नाम हुन् ।

(घ) **आयुर्वेद महोदधि :**

गर्दभं ... मूत्रं तैलयोग्यं क्वचिद्भवेत् । सक्षारं कटुकं तिक्तमुन्मादकुष्ठरोगजित् ॥

गधाको मूत्र तैलीय औषधी बनाउन प्रयोग गरिन्छ । यो नुनिलो, पिरो र तितो हुन्छ । यसले पागलपन र कुष्ठरोग भगाउँदछ ।

... खरमूत्रं वा तैले नस्ये विधीयते ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

गधाको मूत्र तैलीय औषधी बनाउन वा नस लिन प्रयोग गरिन्छ ।

(ङ) **कैयदेव निघण्टु :**

गर्दभो रासभो वाहो धूसरो रेणुभूषितः । भारवाही दूरगमो द्विरेताः दूरगः खरः ॥
बालेयः शङ्कुकर्णश्च स्यात् क्लीबो धूलिधूसरः ।
रासभं मधुरं मांसं विपाके कटुकं लघु ॥
दीपनं बृंहणं बल्यं कफपित्तविवर्धनम् ।

गर्दभ, रासभ, वाह, धूसर, रेणुभूषित, भारवाही, दूरगम, द्विरेत, दूरग, खर, बालेय, शङ्कुकर्ण र धूलिधूसर : यी गधाका पर्यायवाची नाम हुन् । यसको मासु गुलियो, पचेपछि पिरो, पचाउन सहज, दीपनी, पौष्टिक, बलदायक तथा कफविकार र पित्तविकार बढाउने गुणको हुन्छ ।

(च) **चरक संहिता :**

खरमूत्रमपस्मारोन्मादग्रहविनाशनम् ॥

गधाको मूत्र हिस्टेरिया (छारेरोग), उन्माद आदिको लागि औषधी हुन्छ ।

(छ) धन्वन्तरि निघण्टु :

गर्दभः शङ्कुकर्णश्च बालेयो रासभः खरः । भारवाहो भूरिगमो धूसरो रेणुभूषितः ॥

गर्दभ, शङ्कुकर्ण, बालेय, रासभ, खर, भारवाह, भूरिगम, धूसर र रेणुभूषित : यी गधाका पर्यायवाची नाम हुन् ।

कासश्वासहरं क्षीरं गार्दभं बालरोगनुत् । मधुराम्लरसं रूक्षं लवणानुरसं गुरु ॥

गधाको दूध खोकी र दम नाश गर्ने, बालरोग ठिक गर्ने, गुलियो, अमिलो, रुखो, पछिल्लो स्वाद नुनिलो तथा पचाउन कठिन हुने गुणको हुन्छ ।

गर्दभीदधि रूक्षोष्णं लघु दीपनपाचनम् । मधुराम्लरसं रुच्यं वातदोषविनाशनम् ॥

गधाको दही रुखो, उष्णवीर्यको, पचाउन सहज, दीपनी, पाचक, गुलियो, अमिलो, रुचिप्रद तथा वातविकार नाश गर्ने गुणको हुन्छ ।

घृतं गार्दभिकं बल्यं दीपनं मूत्रदोषनुत् । पाके लघूष्णवीर्यं च कषायं कफनाशनम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

गधाको घिउ बलदायक, दीपनी, पिसाबका रोग नाश गर्ने, पचाउन सहज, उष्णवीर्यको, टर्रो तथा कफविकार नाश गर्ने गुणको हुन्छ ।

गरचेतोविकारघ्नं तीक्ष्णं ग्रहणिरोगनुत् । दीपनं गार्दभं मूत्रं कृमिवातकफापहम् ॥

गधाको मूत्र गरविष र अपस्मार नाश गर्ने, तिक्खर, ग्रहणी रोग नाश गर्ने, दीपनी तथा कीरा, वातविकार र कफविकार नाश गर्ने गुणको हुन्छ ।

गार्दभं पित्तलं बल्यं बृंहणं कफपित्तकृत् । कटु पाके लघु श्रेष्ठं तस्माद्वन्यखरोद्भवम् ॥

गधाको मासु पित्तविकार गर्ने, बलदायक, पौष्टिक, कफविकार र पित्तविकार गर्ने, पचेपछि पिरो र पचाउन सहज हुन्छ । ग्रामीणभन्दा वनगधाको मासु श्रेष्ठ हुन्छ ।

(ज) पर्याय रत्नमाला :

गर्दभो रासभः खरः ।

गर्दभ, रासभ र खर : यी गधाका पर्यायवाची नाम हुन् ।

(झ) **मदनपाल निघण्टु :**

गर्दभो रासभो भारवाही दूरगमः खरः । गार्दभं पित्तलं बल्यं बृंहणं कफपित्तकृत्॥
कटु पाके लघु श्रेष्ठं तस्माद्वन्यखरोद्भवम्॥

गर्दभ, रासभ, भारवाही, दूरगम र खर : यी गधाका संस्कृत पर्यायवाची नामहरू हुन्। गधाको मासुले पित्तविकार बढाउँदछ, बल दिन्छ, पौष्टिक हुन्छ तथा कफविकार र पित्तविकार बढाउँदछ। यो पचेपछि पिरो र पचाउन सहज हुने गुणको हुन्छ। योभन्दा वनगधाको मासु उत्तम हुन्छ।

गार्दभं ग्रहणीमेहकुष्ठोन्मादकृमीञ्जयेत्॥

गधाको मूत्रले ग्रहणी, प्रमेह, कुष्ठ, पागलपन र कीरालाई जित्दछ।

(ञ) **मृगपक्षिशास्त्र :**

गर्दभास्त्रिविधा लोके जायन्ते मन्दबुद्धयः । धूम्राः श्वेताः कृष्णवर्णा भस्मवर्णान्वितास्तु वा॥

संसारमा मन्दबुद्धि भएको जनावर गधा तीन प्रकारका उत्पन्न हुने गर्दछन्। यी ध्वाँसे, सेता, काला वा खरानी रङका हुन्छन्।

सङ्कलन : मोहन प्रसाद सापकोटा

विकृताङ्गा दीर्घकर्णा हयानामनुजा मताः । दीर्घाननास्तृणादाश्च निन्दकार्यैकलोलुपाः॥

नमिलेको शरीर र लामा कान हुने यी जनावरलाई घोडाको भाइ अर्थात् घोडाभन्दा पछि उत्पन्न भएको जनावर मानिन्छ। लाम्चो अनुहारका घाँस खाने (शाकाहारी) यी पशु निन्दनीय कार्य गर्न मन पराउँदछन्।

सत्त्वकान्तिबलैर्हीनाः कर्णारुन्तुदनादकाः । कामान्विताः कृष्णमेढ्रा नीचात्मानश्च निश्चिताः॥

यिनको बुद्धि (ज्ञान), तेज र बल कम हुन्छ। कानलाई अप्रिय हुनेगरी कराउने गर्दछन्। यी निश्चय नै कामवासनाले युक्त, जननेन्द्रिय कालो भएका र नीच स्वभावका हुन्छन्।

दुर्गन्धदेहाः सततं भारवाहाश्च ते मताः । मन्दक्रियाः स्खलत्पादा निन्द्याः प्रायो मनीषिभिः॥

यिनको शरीर हरदम गनाउँदछ र भारी बोकाउनका लागि उपयुक्त हुन्छन्। लोसो स्वभाव र लडखडाउने चाल भएका यी जनावरलाई अधिकांश विद्वानहरूले निन्दनीय जनावर मानेका छन्।

त्रिवर्षाश्च चतुर्वर्षाः खरा यौवनेमेदुराः । सन्ततं कामसंयुक्ता गर्दभीपार्श्ववर्तिनः॥

तीन वा चार वर्षको भएपछि गधाहरू जवान हुन्छन् र कामवासना जाग्न थाल्दछ । यसपछि यी जतिखेर पनि पोथीको छेउछाउमै मण्डराउन थाल्दछन् ।

पूर्णकामश्च गर्दभ्यः तत्समानस्वरूपकाः । वर्षाकाले च शरदि भृशं कामजवान्विताः ॥

भालेको जस्तै पोथीमा पनि जवानी आउँदछ । वर्षा वा शरद् ऋतुमा यी अति नै कामुक भई सहवासको चाहना गर्ने गर्दछन् ।

प्राप्नुवन्ति च संयोगं रात्रिकाले विशेषतः । तदानीमेव ताः सर्वा गर्भधारेण सन्नताः ॥

यी प्रायः रातमा सहवासमा संलग्न हुन्छन् र सहवास पछि तत्काल पोथीमा गर्भ बस्ने गर्दछ ।

मन्दहाराः क्लान्तदेहा निद्रालस्यादिसंयुताः । नवमे दशमे मासि सूते गर्दभपोतकम् ॥
गर्भवती भएपछि यी कम खाने गर्दछन्, शरीर थकित हुन्छ, आलस्य भएको जीउ लिएर सुत्न खोज्दछन् । नौ वा दश महिना भएपछि बच्चा जन्माउँदछन् ।

जननीस्तन्यपायी च स शिशुः शश्वदन्तिके । निद्राति मन्दगामी च मातृवन्मन्दकार्यकः ॥

सङ्कलन : मोहनप्रसाद सापकोटा

दाँत नउम्रिँदासम्म गाँडूले आमाको दूध चुस्ने गर्दछ । गाँडू पनि आफ्नी आमाजस्तै धेरै सुत्ने, मन्दचालले हिँड्ने र लोसो स्वभावका हुन्छन् ।

शिक्षायामपि ते प्रायो मतिभ्रंशा स्खलत्पदाः । मूढा भारसहाः शश्वत् शिक्ष्याः स्वल्पपराक्रमाः ॥

जतिसुकै तालिम दिएर सिकाए पनि गधा बुद्धिभ्रष्ट, लडखडाएर हिँड्ने, मूर्ख, बोझ सहने, र कम पराक्रमी हुन्छन् ।

गर्दभास्ते समाख्याता धूम्रवर्णशरीरकाः ॥

ध्वाँसे रङको शरीर हुने गधालाई गर्दभ भनिन्छ ।

पृष्ठभागे मुखे कुक्षौ श्वेतवर्णसमन्विताः । नातितुङ्गा नातिनीचाः क्षान्तियुक्ताश्च नित्यशः ॥

यी गधाको ढाड, मुख र कोख सेतो हुन्छ । यिनको उचाई मध्यम खालको हुन्छ । यी हरदम सहनशील हुन्छन् ।

क्षुत्तृच्छीतातपसहा भीरवश्च विनिश्चिताः । स्वल्पकामाः स्वल्पकोपाः श्लक्ष्णाङ्गरूहसंयुताः ॥

भोक, प्यास, जाडो र गर्मी सहने क्षमता हुन्छ । डरछेरुवा हुन्छन् । कम कामुक, कम रिसाहा र पातलो एवं चिल्लो शरीरका हुन्छन् ।

स्वल्पाहाराः स्वल्पमूत्राः यन्तृचित्तानुवर्तिनः । सततं भारवाहश्च कृशाङ्गाः प्रस्खलत्पदाः ॥

यो जातका गधाहरू कम खाने, कम पिसाब गर्ने र दुब्लो शरीर भएपनि नियन्त्रित भएर लडखडाउँदै भारी बोक्ने गर्दछन् ।

स्वल्पदुःखाः कृतज्ञाश्च नराणां हितकारिणः ।

यी कम दुखी, गुनिला र मानिसका लागि हितकर हुन्छन् ।

दीर्घकर्कश रोमाणे जटिलाङ्गरुहैर्युताः ॥
कृष्णवर्णा धूम्रवर्णाः स्वल्पसौन्दर्यदेहकाः । स्थूलास्तुङ्गाश्च शान्ताश्च कोपरोगविवर्जिताः ॥

लामा र कडा रौँ हुने, जटिल अङ्ग भएका, काला वा ध्वाँसे, कम सुन्दर शरीर भएका, मोटा, अग्ला, शान्त स्वभावका तथा नरिसाउने र रोग नलाग्ने खालका गधालाई खर भनिन्छ ।

दृढस्मरणयुक्ताश्च नाथचित्तानुवर्तिनः । पूर्णविक्रमसंयुक्ताः पूर्णकामजवान्विताः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

यो जातका गधाको सम्झनाशक्ति हुन्छ र यी मालिकको आज्ञा अनुसारको व्यवहार गर्दछन् । यी साहसी र पूर्ण कामुक (वा धैर्यशाली) हुन्छन् ।

कृतघ्ना जातु गम्भीराकृतयो नातिवेगकाः । दुर्गन्धहीनाः सततं कोपे दुष्कार्यलोलुपाः ॥

यी बैगुनी, गम्भीर रूपका, कम वेगिला, दुर्गन्ध नआउने तथा रिसाउँदा दुष्कर्म गर्न मन पराउने स्वभावका हुन्छन् ।

जितश्रमाश्च दुर्धर्षाः किञ्चिद्दीर्घशरीरिणः । सान्त्ववाक्यपराश्चैव बृहन्नेत्रसमन्विताः ॥

यी गधा थाक्दैनन्, वशमा पार्न कठिन हुन्छन्, केही लामो शरीर हुन्छ र मिठो शब्द सुन्न रुचाउँदछन् । यिनका आँखा ठूला हुन्छन् ।

नानावर्णयुताः केचिन्नानाबिन्दुविभूषिताः ।

यी अनेक रङ्का र कुनै कुनै शरीरमा अनेक रङ्का थोप्ला भएका हुन्छन् ।

गर्दभ्यामश्वरेतोभिः सञ्जाता रासभा मताः ॥

पोथी गधा र र घोडाको समागमबाट रासभ जातको गधा जन्मन्छ भनिन्छ । (सम्भवतः यो खच्चड हो । तर यहाँ गधाको जात भनी बताइएको छ) ।

शुक्लाः कृष्णाश्च रक्ताश्च धूम्राः सङ्कीर्णवर्णकाः । प्रायस्तुरङ्गरूपाश्च दीर्घरेखाङ्कका मताः ॥

यी सेता, काला, राता, ध्वाँसे र मिश्रित रङका हुन्छन् । यी प्रायः घोडाको जस्तै रूपका र लामा रौंका रेखाले युक्त हुन्छन् ।

किञ्चिद्धीनजवास्ते तु हयवच्छिक्षणोचिताः । वानवासप्रिया नित्यं मृगाणां भयदा मताः ॥

यी कुनै कम वेगिला, घोडालाई जस्तै तालिम दिन उचित वा सकिने, केही वनमा बस्न रुचाउने र सानातिना जनावरलाई तर्साउने खालका हुन्छन् ।

नातितुङ्गा नातिनीचाः स्वल्पकामजवान्विताः । कोपे त्वरितपादाश्च भीषणाश्च विनिश्चिताः ॥

यिनको उचाई मध्यम खालको हुन्छ । यी कम कामुक र कम वेगिला हुन्छन् । रिसाउँदा छिटो छिटो हिँड्ने गर्दछन् र डरलाग्दा देखिन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

निद्रालस्यादिहीनाश्च क्रूरगर्जनकारिणः । क्षुत्तृड्भारसहा नित्यं दुर्धर्षाः स्मरणान्विताः ॥

यो जातका गधामा निद्रा र अल्छीस्वभाव हुँदैन । क्रूर आवाज निकालेर कराउँदछन् । भोक, प्यास र बोझ सहन्छन् । सधाउन कठिन हुन्छ । स्मरणशक्ति हुन्छ ।

दण्डसाध्याः कोपकाले विपुलाक्षिमनोहराः । बाल्ये लभ्याः क्रियादक्षा दृढमेधासमन्विताः ॥

रिसाउँदा दण्ड दिएर तह लगाउनु पर्दछ । ठूला र सुन्दर आँखा हुन्छन् । यिनलाई सानो उमेरमा समाउनु पर्दछ । यी कार्यकुशल हुन्छन् । यिनको दिमागको ग्रहण गर्ने क्षमता बलियो हुन्छ ।

गर्दभ्यो गर्दभसमा रूपशीलादिसंयुताः । शान्तात्मानः कोपहीनाः सुन्दराङ्ग्यः प्रकीर्तिताः ॥

पोथी गधामा पनि भालेको जस्तै रूप र स्वभाव हुन्छ । यी शान्तचित्तका, नरिसाउने र सुन्दर अङ्गका हुन्छन् ।

यौवने पुष्टदेहाश्च त्रिचतुस्तनयप्रदाः । जरया पीडितास्ते तु वर्जनीयाः खराधमाः ॥

जवानीमा यिनको शरीर पुष्ट हुन्छ । पोथी गधाले तीन वा चार वटा सन्तान पाउँदछे । बुढचौली लागेपछि यी अधम जनावर पाल्न योग्य हुँदैनन् ।

आयुर्द्वादशवर्षाणि गर्दभानां प्रकीर्तितम् । स्वभावात्कार्यभेदाच्च ते मतास्तामसाऽधमाः॥

गधाको अधिकतम आयु बाह्र वर्षको हुन्छ । (आजकल यी चालीस वर्षसम्म बाँचेको पाइन्छ) । स्वभाव र कामको प्रकृतिका आधारमा यो जनावरलाई तामस र अधम जनावर मानिएको छ ।

(ट) राज निघण्टु :

गर्दभः शङ्कुकर्णश्च बालेयो रासभः खरः । भारवाहो भूरिगमश्चक्रीवान्धूसराह्वयः॥

गर्दभ, शङ्कुकर्ण, बालेय, रासभ, खर, भारवाह, भूरिगम, चक्रीवान् र धूसर : यी गधाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

बलकृद्गर्दभीक्षीरं वातश्वासहरं परम् । मधुराम्लरसं रूक्षं दीपनं पथ्यदं स्मृतम्॥

पोथी गधाको दूध बलदायक तथा विशेष गरी वातविकार र दमरोग नाशक हुन्छ । यो गुलियो, अमिलो, रुखो, दीपनी र पथ्य हुन्छ ।

गर्दभीदधि रूक्षोष्णं लघु दीपनपाचनम् । मधुराम्लरसं रुच्यं वातदोषविनाशनम्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

गधाको दही रुखो, उष्णवीर्यको, पचाउन सहज, दीपनी, पाचनी, गुलियो, अमिलो, रुचिप्रद तथा वातविकार नाशक हुन्छ ।

गर्दभीनवनीतन्तु कषायं कफवातनुत् ।
बल्यं दीपनदं पाके लघूष्णं मूत्रदोषनुत्॥

पोथी गधाको नौनी टर्रो, कफविकार र वातविकार नाशक, बलदायक, दीपनी, पचेपछि हलुका, उष्णवीर्यको र पिसाबका रोगहरू नाश गर्ने गुणको हुन्छ ।


बनगधा (तस्बिर श्रोत : पेयर डी अमरकोश)

घृतं गार्दभिकं बल्यं दीपनं मूत्रदोषनुत् ।
पाके लघूष्णवीर्यञ्च कषायं कफनाशनम्॥

गधाको घिउ बलदायक, दीपनी, पिसाबसम्बन्धी रोग नाशक, पचेपछि हलुको, उष्णवीर्यको, टर्रो र कफविकार नाशक हुन्छ ।

खरमूत्रं कटूष्णं च क्षारं तीक्ष्णं कफापहम् । महावातापहं भूतकम्पोन्मादहरं परम्॥

गधाको मूत्र पिरो, उष्णवीर्यको, क्षरयुक्त, तिक्खर र कफविकार नाशक हुन्छ । यसले कडा खालको वातविकार, भूतबाधा, काम्ने रोगविशेष र विशेष गरी पागलपनलाई नाश गर्दछ ।

गर्दभप्रभवं मांसं किञ्चिद्गुरु बलप्रदम् । रुच्यं तु वन्यजं शैत्यं बहुवीर्यबलप्रदम् ॥

गधाको मासु केही पचाउन कठिन, बलदायक र रुचिप्रद तथा बन-गधाको मासु शीतवीर्यको र धेरै वीर्यवर्धक र बलदायक हुन्छ ।

(ठ) हारीत संहिता :

गार्दभं नामनं मूत्रं तैले योज्यं क्वचिद्भवेत् । सक्षारं तिक्तकटुकमुन्मादकुष्ठरोगनुत् ॥

गधाको मूत्रले विकार र क्रोध बढाउँदछ, यसलाई कुनै तेलमा मिसाएर (मात्र) प्रयोग गर्नु पर्दछ । यो नुनिलो, तितो र पिरो पिरो स्वादको हुन्छ । यसले उन्माद र कुष्ठरोग नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

खरच्छद (टिकवृक्ष)
(Teak tree)

परिभाषा :

(क) के.यन.स्वामी : (१) द्वारदारु : बाँझो, काठविशेष । (३) खरच्छद् : सिरु । (३) शाकः सागोनको रूख । (सागोनलाई नेपालीमा टिक नाम दिइएको छ) ।


खरच्छद् (तस्विर श्रोत : "Iidigenous Plants At Biodiversity Park, Ranchi" नामक पुस्तक

(ख) नेपाली बृहत् शब्दकोश : (१) बाँझ : खोलाका किनारतिर उम्रने, लाम्चा मसिना पात हुने एक जातको रूख । जङ्गलमा हुने ठूला खस्रा पात भएको, गाईबस्तुलाई घाँस खुवाइने एक प्रकारको रूख । (२) टिक : ठूलठूला पात र मसिना फल लाग्ने एक जातको रूख अथवा प्लाइउड बनाउन प्रयोग गरिने त्यसैको काठ । (३) सागौन : शालवृक्ष ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Indian Teak Tree र ल्याटिनमा *Tectona grandis Linn.* भनिन्छ । यसको रूख धेरै अग्लो, सोभ्रो र ठूलो हुन्छ । ५०-६० फीटको उचाइमा हाँगाहरू हुन्छन् । यसको पात मिच्दा हात कालो हुन्छ ।

टिक (तस्विर श्रोत : सीड्सएण्डस्माइल्सडटकम)

(घ) हिन्दी विश्वकोश : (१) खरच्छद : खरस्तीव्रच्छदः पत्रमस्य । उलुपनाम तृण । रत्कट नाम क्षुद्र क्षुप । कुन्दुरु तृण । भूमिसह वृक्ष । सजिवनको रूख । शाखोट वृक्ष । रातो दतिवन । (२) द्वारदारु : शाकवृक्ष । भूमिसह वृक्ष । (३) भूमिसह : भूमे सहते उत्सहते उत्पद्यते । वृक्षविशेष । (४) वरदारु : वृक्षविशेष (*Tectona grandis*) । श्रेष्ठदारु । पीपल, बर आदि ठूला रूख ।

टिकको जङ्गल वा खेती (तस्विर श्रोत : एग्रिफार्मिङ्गडटइन)

(ङ) फर्माकोपिया : संस्कृतमा शाक, भूमिसह, द्वारदारु र खरच्छद भनिने वृक्ष Verbenaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Tectona grandis* Linn. f. हो । यसलाई अंग्रेजीमा Indian Teak भनिन्छ । यसको काठको चुरो धुलो भए ३-६ ग्राम तथा काँडापानी भए ३०-६० ग्रामको ओखतीका लागि एक मात्रा हुन्छ ।

(च) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : टिक, सगवन, सगुवान स्थानीय नाम भएको रूख Verbenaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Tectona grandis* L.f. हो ।

(छ) Catalogue of Plants of National Botanical Garden, Nepal,

Government of Nepal, 2022 : टिक स्थानीय नाम भएको रूख Angiosperm समूह अन्तर्गत Lamiaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Tectona grandis* L.f. हो ।

खरच्छदका विशाल वृक्षहरू, केरला, भारत (तस्बिर श्रोत : केरलाटुरिजमडटओआरजी)

(ज) आचार्य बालकृष्ण : सागौन Verbenaceae परिवारमा पर्दछ, यसको वानस्पतिक नाम *Tectona grandis* Linn. f. Syn- *Jatus grandis* (Linn.f.) Kuntze, *Tectona theca* Lour.हो । अंग्रेजीमा यसलाई Indian oak, Indian teak tree, Ship tree, Teak tree, Common teak wood, Common teak भनिन्छ । संस्कृतमा यसलाई भूमिसह, क्रकच पत्र, गृहद्रुम, अतिपत्रक, भूमिरुह, द्वारदारु, वरदारु, खरच्छद, महापत्र, स्थिरसारा, श्रेष्ठकाष्ठ र सुरभिसारक भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

टीक वृक्ष (तस्बिर श्रोत : ट्री पिक्चर्स अनलाइन डटकम)

(क) भावप्रकाश निघण्टु :

भूमीसहो द्वारदारुर्वरदारुः खरच्छदः ॥ भूमीसहस्तु शिशिरो रक्तपित्तप्रसादनः॥

भूमीसह, द्वारदारु, वरदारु र खरच्छद : यी टिक वृक्षका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्नुका साथै रक्तपित्तलाई शुद्धीकरण गर्दछ ।

(ख) मदनपाल निघण्टु :

शाकः खरच्छदो भूमिसहो दीर्घच्छदो मतः । शाकः श्लेष्मानिलास्रघ्नो गर्भसन्धानदो हिमः॥

शाक, खरच्छद, भूमिसह र दीर्घच्छद : यी टिकका संस्कृत पर्यायवाची नामहरू हुन् । टिकले कफविकार, वातविकार र रक्तविकार नाश गर्दछ । यसले गर्भस्थापना गर्दछ । यो शीतवीर्यको हुन्छ ।

खर्जूरी (खजुर)
(Date)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : (१) खर्जूर : खजुर । (२) खर्जूरी : छकडा ।

(ख) के.यन.स्वामी : (१) स्वादुमस्तका, स्वाद्वी : खजुर । (२) दुरारोहा : खजुरको रूख । (३) स्कन्धफला : थाकल । (४) पिण्डखर्जुरी : सुलेमानी खजुर । (५) मधुकर्कटिका, मधुफलिका, माध्वी, मधुरा, मधुरखर्जूरी : गुलियो खजुर । (६) कोलकर्कटी, भूखर्जूरी, वसुधा, खर्जुरिका : सानो जातको खजुर । (७) दीप्या, पिण्डखर्जूरी, सथलपिण्डा, फलपुष्पा, स्वादुपिण्डा : सुलेमानी खजुर । (८) राजखजूरी, राजेष्टा : सुलेमानी खजुर । (९) राजपिण्डा : छोहरा । (१०) नृपप्रिया, मुनिखजुरिका, वन्या : छोहोरा ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) खजुर : टुप्पामा मात्र बाँसका ढाँचाका पात हुने, पहेँलो फूल फुल्ने र छोहराका जस्ता फल फल्ने स्तम्भजस्तो ठूलो काण्ड हुने एक बोट; खर्जूर । खजुरा : मल्लिँडो नामको झारमा फल्ने जीराजस्तो मसिनु एक प्रकारको फल । (२) खजूर : खजुर । (३) खज्यौरी : थाकलको बोटमा फल्ने, काँचोमा हरिया तथा पाकेपछि काला दाना हुने र खाइने एक फल । (४) छोकडा : लाम्चो वा ठूलो जातको खजुरको फल सुकाएर तयार पारिने गुलियो स्वाद भएको सुकुटी; खजुरको सुकुटी; छोहोरा । (५) छोहोरा : थाकलको झैं बोट हुने र फल खजुरभन्दा ठूला फल्ने एक प्रकारको वनस्पति वा त्यसको गुलियो फल (खास गरी सुकेको सुकुटी चाहिँ); छोकडा । (६) डल्ले खजुर : डल्लो खालको एक जातको खजूर । (७) दु:स्पर्श : थाकल । (८) थाकल : खजुर वा खजुरको बोट । (९) पिण्डखर्जुरिका : सानो जातको डल्ले फल फल्ने खजूर; थाकल । (१०) मल्लिँडो : हलुवावेदजस्तै तर अमिलो फल फल्ने एक वनस्पति; खजुरी; थाकल; चिरौंडो ।

खजुर (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ङ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : खजुरलाई अंग्रेजीमा Date र ल्याटिन भाषामा *Phoenix sylvestris* Roxb. भनिन्छ । छोकडा वा पिण्डखजुरलाई अंग्रेजीमा Date Palm तथा ल्याटिन भाषामा *Phoenix dactylifera* Linn. भनिन्छ ।

(च) आचार्य बालकृष्ण : खजुरलाई अंग्रेजीमा Wild date, India date, Silver date palm र Sugar Date Palm पनि भनिन्छ ।

(छ) फर्माकोपिया : संस्कृतमा खर्जूर, पिण्डखर्जूर भनिने वनस्पति Araceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Phoenix dactylifera* Linn. हो । यसका सुकेका फललाई अंग्रेजीमा Dried Dates भनिन्छ । यसको ओखतीका लागि मात्रा १०-१५ ग्राम हो । ओखतीका लागि यसको ताजा फलको मात्रा १०-५० ग्राम हो ।

(ज) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : स्थानीय नाम खजुर, थाकल, खजुरिया, खजुरी र टाकुल भएको वनस्पति Arecaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Phoenix acaulis* Roxb. वा *Phoenix humilis* Royle ex Becc. & Hook. f. हो । यही परिवारमा पर्ने छोहराको वानस्पतिक नाम

Phoenix dactylifera L. हो ।

(झ) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : जगर पाम वा फोनिक्स पाम स्थानीय नाम लेखिएको वनस्पति Arecaceae परिवारमा पर्दछ । यसको अंग्रेजी नाम Wild date palm तथा ल्याटिन नाम *Phoenix sylvestris* (L.) Roxb. हो ।

(ञ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : खजुर Angiosperm समूह अन्तर्गत Arecaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Phoenix acaulis* Roxb. वा *Phoenix sylvestris* (L.) Roxb. हो ।

खजुर (तस्बिर श्रोत : पेयर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

खर्जूरो यमकफलो दुरारुहः स्वादुमस्तको मधुरः ।
मधुराग्रजः खराख्यः स्कन्धः परिपठ्यते महानन्दी ॥

खर्जूर, यमकफल, दुरारुह, स्वादुमस्तक, मधुर, मधुराग्रज, खराख्य, स्कन्ध र महानन्दी : यी खजुरका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) आयुर्वेद महोदधि :

खर्जूरो रक्तपित्तं शमयति मधुरः स्वादुपाकोऽतिशीतः
तृष्णाशोषापहन्ता विषममदरुजाश्वासहिध्मापनोदी ।
स्निग्धो वृष्यो बलासं जनयति नितरां वह्निमान्द्यं विधत्ते
कान्तिं वै पुष्टियुक्तां वपुषि समधिकं मूत्रकृच्छ्रं निहन्ति ॥

खजुरले रक्तपित्तलाई शान्त बनाउँदछ । यो रस र पचेपछिपछिको रसमा गुलियो हुन्छ । शीतल हुनाका साथै तिर्खा र शोष नाश गर्दछ । मदजन्य रोग, दम र बाडुली ठिक गर्दछ । यो चिल्लो, वीर्यशाली, तागतिलो र विशेषगरी पाचन अग्निलाई कमजोर बनाउने गुणको हुन्छ । यसले कान्ति दिन्छ र शरीरलाई पुष्टि गर्दछ सोथै मूत्रकृच्छ्र रोग पनि निको पार्दछ ।

पिण्डः खर्जूरमध्ये तु तादृगेव निगद्यते । विशेषादूर्ध्वगरक्ते दाहे पित्ते च शस्यते ॥

खजुरको जातमध्ये पिण्डखजुरमा पनि खजुरकै जस्ता गुण हुन्छन् । यसले माथितिर सर्ने रक्तपित्तलाई विशेष गरी ठिक गर्दछ । यस्तै यो डाह र पित्तविकारमा पनि लाभदायक हुन्छ ।

ईषत्कषायामधुरा वातपित्तनिबर्हणी । बल्या वृष्या च हृद्या च विशेषादुत्तती तथा ॥

सुकेको खजुर (छोकडा) केही टर्रो र गुलियो हुन्छ । यसले वातविकार र पित्तविकार नाश गर्दछ । यो तागतिलो, वीर्यवर्धक र हृदयका लागि विशेषरूपले लाभदायक हुन्छ ।

(ग) द्रव्यगुण :

खर्जूरं मधुरं वृष्यं स्निग्धं शोणितपित्तजित् ।
क्षतक्षयापहं हृद्यं शीतलं तर्पणं गुरु ॥

खजुर गुलियो, वीर्यवर्धक, चिल्लो, रक्तविकार र पित्तविकारलाई जित्ने, घाउ र क्षयरोग नाश गर्ने, मुटुका लागि हितकर, शीतवीर्यको, तृप्तिदायक र पचाउन कठिन हुने गुणको हुन्छ ।

खजुर (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(घ) धन्वन्तरि निघण्टु :

खर्जूरी तु खरस्कन्धा कषाया मधुराग्रजा ॥ दुष्प्रधर्षा दुरारोहा निःश्रेणी स्वादुमस्तका ।
क्षतक्षयापहं हृद्यं शीतलं तर्पणं गुरु ॥ रसे पाके च मधुरं खर्जूरं रक्तपित्तजित् ।

खर्जूरी, खरस्कन्धा, कषाया, मधुराग्रजा, दुष्प्रधर्षा, दुरारोहा, निःश्रेणी र स्वादुमस्तका : यी खजूरका पर्यायवाची नाम हुन् । यो घाउ र क्षयरोग नाश गर्ने, मुटुका लागि हितकर, शीतवीर्यको, तृप्तिदायक, पचाउन कठिन, शुरुमा र पचेपछि गुलियो तथा रक्तपित्तलाई जित्ने गुणको हुन्छ ।

दीप्या च पिण्डखर्जूरी स्थलपिण्डा मधुस्रवा ॥ फलपुष्पा स्वादुपिण्डा हयभक्षा रसाभिधा ।

दीप्या, पिण्डखर्जूरी, स्थलपिण्डा, मधुस्रवा, फलपुष्पा र हयभक्षा : यी छ नाम खजुरीविशेषका पर्यायवाची नाम हुन् ।

(ङ) भावप्रकाश निघण्टु :

भूमिखर्जूरीका स्वाद्वी दुरारोहाः मृदुच्छदा । तथा स्कन्धफला काककर्कटी स्वादुमस्तका ॥
पिण्डखर्जूरिका त्वन्या सा देशे पश्चिमे भवेत् । खर्जुरी गोस्तनाकारा परद्वीपादिहागता ॥
जायते पश्चिमे देशे सा छोहारेति कीर्त्त्यते । खर्जूरीत्रितयं शीतं मधुरं रसपाकयोः ॥
स्निग्धं रुचिकरं हृद्यं क्षतक्षयहरं गुरु । तर्पणं रक्तपित्तघ्नं पुष्टिविष्टम्भशुक्रदम् ॥
कोष्ठमारुतहृद् बल्यं वान्तिवातकफापहम् । ज्वरातिसारक्षुत्तृष्णाकासश्वासनिवारकम् ॥
मदमूर्च्छामरुत्पित्तमद्याद्भूतगदान्तकृत् । महतीभ्यां गुणैरल्पास्वल्पखर्जूरिका स्मृता ॥

भूमिखर्जूरिका, स्वाद्वी, दुरारोहा, मृदुच्छदा, स्कन्धफला, काककर्कटी र स्वादुमस्तका : यी खजुरका

संस्कृत पर्यायवाची नामहरू हुन् । अन्य एक जातको खजुर पश्चिम देश (अफगानिस्तान) तिर उब्जा हुन्छ त्यसलाई पिण्डखर्जूरिका भनिन्छ । तेश्रो जातको गाई थुनको मुन्टो जत्रो आकारको, अर्को द्वीपबाट भारतीय द्वीपमा आएको खजुरलाई छोकडा भनिन्छ । तीन वटै जातका खजुरले शीतल गर्दछ । यी खाँदा शुरुमा र पचेपछि पनि गुलिया हुन्छन् । यी चिल्ला, रुचिकर, मुटुलाई फाइदा गर्ने, चेटपटक ठिक गर्ने, क्षयरोग नाशक र पचाउन कठिन हुन्छन् । यिनले तृप्ती दिन्छन् तथा रक्तविकार र पित्तविकार नाश गर्दछन् । यी पुष्टिदायक, विष्टम्भि र शुक्रवर्द्धक हुन्छन् । यिनले पेटको वायुविकार नाश गर्दछन्, बल दिन्छन् तथा वाकवाकी, वातविकार र कफविकार नाश गर्दछन् । यिनले जरो, अतिसार, भोक, तिर्खा, खोकी र दम ठिक गर्दछन् । नसा, बेहोसी, वातपित्त र मदजन्य रोग नाश गर्दछन् । दुवै खालका ठूला खजुरभन्दा कम गुनिलो हुनाले गर्दा अर्को सानो जातको खजुरलाई स्वल्पखर्जूरिका भनिन्छ ।

खर्जूरीतरुतोयं तु मदपित्तकरं भवेत् । वातश्लेष्महरं रुच्यं दीपनं बलशुक्रकृत् ॥
सुलेमानी तु मृदुला दलहीनफला च सा । सुलेमानी श्रमभ्रान्तिदाहमूर्च्छाऽस्रपित्तहृत् ॥

खजुरको वृक्षाको पानी रुचीकारक, पाचकाग्नि बाल्ने, नसा लगाउने, पित्तविकार उब्जाउने, वातविका नाशक, कफविकार नाशक, रुचिकर, दीपन, बलदायक र शुक्रवर्द्धक हुन्छ । सुलेमानी नामक सानो जातको खजुर जसलाई सुलेमानी, खर्जूरी, मृदुला वा दलहीनफला पनि भनिन्छ त्यो खजूरले थकाई, भ्रम, डाह, बेहोसी र रक्तपित्त नाश गर्दछ ।

(च) मदनपाल निघण्टु : सङ्कलन : मोहन प्रसाद सापकोटा

श्रेणी खर्जूरिकावृक्षः श्रीफला द्वीपसम्भवा । पिण्डखर्जूरिका खर्जूर्दुष्प्रधर्षा सुकण्टका ॥
अन्या स्कन्धफला स्वाद्वी दुरारोहा मृदुच्छदा । भूमिखर्जूरिका काककर्कटी कासुकर्कटी ॥

श्रेणी, खर्जूरिकावृक्ष, श्रीफला, द्वीपसम्भवा, पिण्डखर्जूरिका, खर्जू, दुष्प्रधर्षा र सुकण्टका : यी पहिलो थरी खजुरका तथा स्कन्धफला, स्वाद्वी, दुरारोहा, मृदुच्छदा, भूमिखर्जूरिका, काककर्कटी र कासुकर्कटी : यी दोश्रो थरी खजुरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

खजुर (तस्बिर श्रोत : पेयर डी अमरकोश)

खर्जूरिकाफलं शीतं स्वादु स्निग्धं क्षतास्रजित् । बल्यं हन्ति मरुत्पित्तमदमूर्च्छामदात्ययान् ॥

खजुरको फल शीतवीर्य भएको, स्वादिलो, चिल्लो तथा घाउ र रक्तविकारलाई जित्ने गुणको हुन्छ । यसले बल दिन्छ तथा वातविकार, पित्तविकार, नसा, बेहोसी र मदात्ययलाई नाश गर्दछ ।

तस्मादल्पगुणं ज्ञेयमन्यत्खर्जूरिकाफलम् । तन्मज्जा मूर्धजूः शीतो वृष्यः पित्तास्रदाहजित् ॥

अन्य जातका खजुर को फल (छोकडा) मा यसभन्दा कम गुण हुन्छन् । यसको गुदीले टाउकाका रोगमाथि जित हासिल गर्दछ । यो शीतवीर्य भएको, वीर्यवर्धक तथा पित्तविकार, रक्तविकार र डाहलाई जित्ने गुणको हुन्छ ।

शिलेमानी लोकपरा मृद्वला तिवरीफला । शिलेमानी श्रमभ्रान्तिदाहमूर्छास्रपित्तनुत्॥

खजुर (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

शिलेमानी, लोकपरा, मृद्वला र तिवरीफला : यी शिलेमानी खजुरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो खजुरले थकाई, भ्रम, डाह, बेहोसी, रक्तविकार र पित्तविकार नाश गर्दछ ।

...खर्जूरमनिलप्रदम् ।
तदेव विशदं रुच्यं श्लेष्मघ्नं कर्षणं लघु॥

खजुरको मदिराले वातविकार गर्दछ । तर यो सफा, रुचिप्रद, कफविकार नाशक, रसलाई सोस्ने र पचाउन सहज हुने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(छ) **राजनिघण्टु :**

खर्जूरी तु खरस्कन्धा दुष्प्रधर्षा दुरारुहा । निःश्रेणी च कषाया च यवनेष्टा हरिप्रिया॥
खर्जूरी तु कषाया च पक्वा गौल्यकषायका । पित्तघ्नी कफदा चैव क्रिमिकृद् वृष्यबृंहणी॥

खर्जूरी, खरस्कन्धा, दुष्प्रधर्षा, दुरारुहा, निःश्रेणी, कषाया, यवनेष्टा र हरिप्रिया : यी खजुरका संस्कृत पर्यायवाची नामहरू हुन्। खजुर टर्रो हुन्छ । पाकेपछि यो गुलियो र टर्रो हुन्छ । यसले पित्तविकार नाश गर्दछ, कफविकार गर्दछ तथा पेटमा कीरा पार्दछ । यो वीर्यवर्धक र पौष्टिक हुन्छ ।

मधुखर्जूरी त्वन्या मधुकर्कटिका च कोलकर्कटिका ।
कण्टकिनी मधुफलिका माध्वी मधुरा च मधुरखर्जूरी॥
मधुखर्जूरी मधुरा वृष्या सन्तापपित्तशान्तिकरी ।
शिशिरा च जन्तुकरी बहुवीर्यविवर्धनं तनुते॥

मधुखर्जूरी, मधुकर्कटिका, कोलकर्कटिका, कण्टकिनी, मधुफलिका, माध्वी, मधुरा र मधुरखर्जूरी : यी गुलियो खजुरका संस्कृत पर्यायवाची नामहरू हुन् । यो खजुर गुलियो, वीर्यवर्धक तथा डाह र पित्तविकारलाई शान्त पार्ने गुणको हुन्छ । यो शीतवीर्यको, पेटमा कीरा पार्ने र धेरै र गुणस्तरीय वीर्यवर्धक हुन्छ ।

भूखर्जूरी भुक्ता वसुधाखर्जूरिका च भूमिखर्जूरी । भूखर्जूरी मधुरा शिशिरा च विदाहपित्तहरा॥

भूखर्जूरी, भुक्ता, वसुधा, खर्जूरिका र भूमिखर्जूरी : यी सानो जातको खजुरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो खजुर गुलियो, शीतवीर्यको तथा डाह र पित्तविकार नाशक हुन्छ।

दीप्या च पिण्डखर्जूरी स्थलपिण्डा मधुस्रवा । फलपुष्पा स्वादुपिण्डा हयभक्ष्या स्वराभिधा॥

(१) दीप्या, (२) पिण्डखर्जूरी, (३) स्थलपिण्डा, (४) मधुस्रवा, (५) फलपुष्पा, (६) स्वादुपिण्डा र (७) हयभक्ष्या : यी सात नाम पिण्डखर्जुरिकाका संस्कृत पर्यायवाची नामहरू हुन्।

तथाऽन्या राजखर्जूरी राजपिण्डा नृपप्रिया । मुनिखर्जूरिका वन्या राजेष्टा रिपुसम्मिता॥

राजखर्जूरी, राजपिण्डा, नृपप्रिया, मुनिखर्जूरिका, वन्या, राजेष्टा र रिपुसम्मिता : यी खजुरविशेषका संस्कृत पर्यायवाची नामहरू हुन्।

पिण्डखर्जूरिकायुग्मं गौल्यं स्वादे हिमं गुरु । पित्तदाहार्तिश्वासघ्नं श्रमहृद्वीर्यवृद्धिदम्॥
दाहघ्नी मधुराऽस्रपित्तशमनी तृष्णार्तिदोषापहा
शीता श्वासकफश्रमोदयहरा सन्तर्पणी पुष्टिदा ।
वह्नेर्मान्द्यकरी गुरुर्विषहरा हृद्या च दत्ते बलं
स्निग्धा वीर्यविवर्धनी च कथिता पिण्डाख्यखर्जूरिका॥६३॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

खजुर (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

दुवै थरी पिण्डखजुरको स्वाद गुलियो हुन्छ। यी शीतवीर्यका, पचाउन कठिन तथा पित्तविकार, डाह, दम र थकाई नाशक एवं वीर्यवर्धक हुन्छन्। यिनले डाह नाश गर्दछन्। यी खजुर गुलिया र रक्तपित्तलाई शान्त पार्ने गुणका हुन्छन्। यिनले तिर्खारोग नाश गर्दछन्। यी शीतवीर्यका हुन्छन्। यिनले दम, कफविकार, थकाई र पेटका रोग नाश गर्दछन्। यी तृप्ति र पुष्टिदायक हुन्छन्। यी खजुरले

पाचनशक्तिलाई कमजोर पार्दछन् तथा पचाउन कठिन हुन्छन् । यिनले विषविकार नाश गर्दछन् । यी मुटुका लागि हितकर, बलदायक, चिल्ला र वीर्यवर्धक हुन्छन् भनिएको छ ।

(ज) राजवल्लभ निघण्टु :

...खर्जूर...शिरांसि च ।
स्वादुतिक्तकषायाणि मूत्रातङ्कहराणि च॥ बलप्राणकराण्याहुः शुक्रवृद्धिकराणि च॥

खजुरको मुना वा गुभो (वा फूल) स्वादिलो, तीतो, टर्रो, पिसाबका रोग नाशगर्ने तथा बल, आयु र शुक्र बढाउने गुणको हुन्छ ।

खर्जूरं मधुरं वृष्यं बृंहणं गुरु शीतलम् । क्षयेभिघाते दाहे च वातपित्ते च तद्धितम्॥

खजुर (छोकडा) गुलियो, वीर्यवर्धक, पौष्टिक, पचाउन कठिन, शीतवीर्यको तथा क्षयरोगमा, चोटपटकमा, डाहमा, वातविकारमा र पित्तविकारमा हितकर हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

खर्परी (खाप्रे)
(Black Jack)

परिभाषा :

खाप्रे (तस्बिर श्रोत : वैद्यनमः डटकम)

(क) के.यन.शर्मा : (१) खर्परी : खाप्रे, खप्परे । (२) तुत्थक : तुथो । (३) रसक : खाप्रे, खपरिया ।
(ख) नेपाली बृहत् शब्दकोश (खाप्रे) : जस्ताको खानीबाट निस्कने धातुजस्तो पदार्थ; एक प्रकारको उपधातु ।
(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : खाप्रेलाई अंग्रेजीमा Black Jack तथा ल्याटिन भाषामा *Zinci Sulphidum* भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

खर्परी तुत्थकं तुत्थादन्यत्तद्रसकं स्मृतम्॥
ये गुणास्तुत्थके प्रोक्तास्ते गुणा रसके स्मृताः ।

खर्परी, तुत्थक, रसक र तुत्थभेद : यी खाप्रेका संस्कृत पर्यायवाची नामहरू हुन् । जुन गुण नीलोतुथोको बताइएको छ, त्यही गुण खाप्रेको पनि हुन्छ ।

(ख) राजनिघण्टु :

द्वितीयं खर्परीतुत्थं खर्परीरसकं तथा । चक्षुष्यममृतोत्पन्नं तुत्थं खर्परिका तु षट्॥
खर्परी कटुका तिक्ता चक्षुष्या च रसायनी । त्वग्दोषशमनी रुच्या दीप्या पुष्टिविवर्धनी॥

(१) खर्परीतुत्थ, (२) खर्परी, (३) रसक, (४) चक्षुष्य, (५) अमृतोत्पन्न र (६) तुत्थ-खर्परिका : यी छ नाम खर्परीतुत्थका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, तीतो, आँखाका लागि हितकर, रसायनी, छालाको रोगहरू शान्त पार्ने, रुचिप्रद, दीपनी र पुष्टिवर्धक हुन्छ ।

खर्बूज (खरबुजो)
(Mush Melon)

परिभाषा :

(क) के.यन.स्वामी : (१) दशाङ्गुल आदिले खरबुजोलाई बुझाउँदछ । (२) षड्भुजा, मधुफला, वृत्तकर्कटी, तिक्ता, तिक्तफला, मधुपाका, वृत्तेर्वारु : खरबुजो । (३) षण्मुखा : तरबुजो ।

(ख) नेपाली बृहत् शब्दकोश : फर्सीको जस्तो डल्लो आकारमा हरिया र सेता धर्का हुने काँक्राका जस्ता बियाँ लाग्ने र पाकेपछि गुलियो गुदी हुने, प्रायः बालुवाप्रधान भूमिमा फल्ने एक फल ।

(ग) आचार्य बालकृष्ण : मधुपाकलाई अंग्रेजीमा Chibud fruit, Melon, Mush Melon वा Rock melon तथा वनस्पति शास्त्रमा *Cucumis melo* Linn. वा *Cucumis acidus* Jacq. भनिन्छ । यसलाई नेपालीमा खरबुजो भनिन्छ । यसलाई संस्कृतमा दशाङ्गुल, खर्बूजम, मधुपाक, मधुफल र षड्भुजा भनिन्छ ।

Cucumis melo (दशाङ्गुल), 123RF

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : दशाङ्गुललाई अंग्रेजीमा Melon र ल्याटिन भाषामा *Cucumis melo* Linn. भनिन्छ ।

(ङ) डा.सतिश चन्द्र साङ्ख्यधर : मधुफलालाई अंग्रेजीमा Musk Melon वा Sweet Melon भनिन्छ ।

(च) हिन्दी विश्वकोश : (१) अमृताह्व : अमृतं आह्वयते तुल्यस्वाद फलत्वेन स्पर्द्धते । अमृतफल, नास्पाती । खरबुजो । (२) खर्बूज : तन्नामक फलविशेष । काँक्रो जातको एक गोलाकार फल । (३) तिक्तफला : तिक्तानि फलानि यस्याः । यवतिक्ता लता । वार्त्ताकी । षड्भुजा । (४) तिक्ता : तिक्तस्तिक्रसोऽस्त्यस्याः । खरबुजो । (५) दशाङ्गुल : दश अङ्गुलव इव शिरा चिह्नानि फलत्वगुपरि सन्त्यस्य । खरबुजो । (६) फलराज : तरबुजो । खरबुजो । (७) वृत्तकर्कटी : वृत्ता वर्त्तुला कर्कटी । खरबुजो । (८) वृत्तेर्वारु : वृत्तो वर्त्तुल इर्वारुः । खरबुजोको लहरा ।

नोट : पर्यायवाची शब्दको अर्थ हेर्दा गोलो, गुलियो, तितो र फलको बाहिरी भागमा दश वटा औंलाको जस्तो चिह्न भएको वा मुख भएको फल भन्ने बुझिन्छ । खरबुजोका पनि अनेक जात हुने भएकोले यी अर्थसँग मेलखाने खालको खरबुजोलाई मात्र समावेश गर्नु उपयुक्त हुने देखिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

दशाङ्गुलं तु खर्बूजं कथ्यन्ते तद्गुणा अथ॥
खर्बूजं मूत्रलं बल्यं कोष्ठशुद्धिकरं गुरु । स्निग्धं स्वादुतरं शीतं वृष्यं पित्तानिलापहम्॥
तेषु यच्चाम्लमधुरं सक्षारञ्च रसाद्भवेत् । रक्तपित्तकरं तत्तु मूत्रकृच्छ्रकरं परम्॥

दशाङ्गुल र खर्बूज : यी खर्बुजाका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले पिसाबको मात्रा बढाउँदछ,

बल दिन्छ र विशेषतः पेट शुद्ध वा सफा पार्दछ । यो चिल्लो, अती स्वादिलो, शीतल गर्ने, वीर्यवर्द्धक तथा पित्तविकार र वातविकार नाशक हुन्छ । यसको फलमा हुने अमिलो, गुलियो र नुनिलो रसले भने रक्तपित्त र मूत्रकृच्छ्र रोग जन्माउने सम्भावना अत्यधिक हुन्छ ।

(ख) मदनपाल निघण्टु :

खर्बूजं फलराजः स्यादमृताह्वं दशाङ्गुलम्॥

खर्बूज, फलराज, अमृताह्व र दशाङ्गुल : यी खरबुजोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

खर्बूजं मूत्रलं बल्यं कोष्ठशुद्धिकरं गुरु । स्निग्धं स्वादुकरं शीतं वृष्यं पित्तानिलापहम्॥

खरबुजोले पिसाब लगाउँदछ, बल दिन्छ, पेट सफा गर्दछ र पचाउन कठिन हुन्छ । यो चिल्लो, स्वादिलो, शीतवीर्यको, वीर्यवर्धक तथा पित्तविकार र वातविकार नाशक हुन्छ ।

तेषु यच्चाम्लमधुरं सक्षारं च रसाद्भवेत् । रक्तपित्तकरं तत्तु मूत्रकृच्छ्रकरं परम्॥

अमिलो-गुलियो र नुनिलो रस हुने खरबुजोले रक्तपित्त र मूत्रकृच्छ्र गर्दछ । (खरबुजोको तेल पचाउन कठिन, पचेपछि गुलियो, शीतवीर्यको र पिसाब बढाउने गुणको हुन्छ । यो तेल दीपनी हुँदैन । यसमा अभिष्यन्दी गुण हुन्छ । यसले कफविकार बढाउँदछ तर वातविकार र पित्तविकारलाई जित्दछ ।) ।

दशाङ्गुल (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

(ग) राज निघण्टु :

अथ षड्भुजा (खरबुजा) मधुफला षड्रेखा वृत्तकर्कटी तिक्ता ।
तिक्तफला मधुपाका वृत्तेर्वारुश्च षण्मुखा नवधा॥
तिक्तं बाल्ये तदनु मधुरं किञ्चिदम्लं च पाके निष्पक्वं चेत्तदमृतसमं तर्पणं पुष्टिदायि ।
वृष्यं दाहश्रमविशमनं मूत्रशुद्धिं च धत्ते पित्तोन्मादापहरकफदं षड्भुजं वीर्यकारि॥

(१) षड्भुजा (खरबुजा), (२) मधुफला, (३) षड्रेखा, (४) वृत्तकर्कटी, (५) तिक्ता, (६) तिक्तफला, (७) मधुपाका, (८) वृत्तेर्वारु र (९) षण्मुखा : यी नौ नाम खरबुजोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो कलिलोमा तीतो, पछि गुलियो । पाकेपछि (वा पचेपछि) थोरै अमिलो हुन्छ । राम्ररी पाकेको खरबुजो अमृतसमान, तृप्तिदायक र पुष्टिदायक हुन्छ । यो वीर्यवर्धक, डाह र थकाई नाशक एवं पिसाबलाई सफा बनाउने गुणको हुन्छ । खरबुजोले पित्तविकार र पागलपन नाश गर्दछ, कफविकार गर्दछ र वीर्यवर्धक हुन्छ ।

खलिवर्धन (अतिरिक्त दाँत पलाइ दुख्ने अवस्था)
(An extra tooth eruption)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

दन्तोऽधिकोऽधिदन्ताख्यः स चोक्तः खलु वर्धनः ।
जायमानेऽतिरुग् दन्ते जाते तत्र तु शाम्यति ॥

बत्तीस वटा दाँतका अतिरिक्त जब दाँत आउँदछ तब त्यसलाई "अधिदन्त" वा "वर्द्धनक" भनिन्छ । यो दाँत उम्रदा अति दुख्दछ र उम्रिसकेपछि दुख्न छोड्दछ ।

(ख) भावप्रकाश संहिता, माधव निदान :

मारुतेनाधिको दन्तो जायते तीव्रवेदनः । खलिवर्धनसञ्ज्ञोऽसौ जाते रुक् च प्रशाम्यति ॥

वातविकारका कारण अति दुखाउँदै एउटा थप दाँत निस्कने र त्यो दाँत निस्केपछि दुख्न छाड्ने रोगलाई "खलिवर्धन" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) सुश्रुत संहिता :

मारुतेनाधिको दन्तो जायते तीव्रवेदनः । वर्धनः स मतो व्याधिर्जाते रुक् च प्रशाम्यति ।

वातविकारका कारण अति दुखाउँदै एउटा थप दाँत निस्कने र त्यो दाँत निस्केपछि दुख्न छाड्ने रोगलाई "वर्धन" भनिन्छ ।

खल्ली (रोगविशेष)
(Cramp)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

विश्वाची गृध्रसी चोक्ता खल्लि(ल्ली) तीव्ररुजान्विता ।

जब विश्वाची र गृध्रसी नामका रोग एकैपटक उत्पन्न हुन्छन् तब अति पीडा हुन्छ । यसलाई "खल्ली" भनिन्छ ।

(ख) चरक संहिता, भावप्रकाश संहिता, माधव निदान :

खल्ली तु पादजङ्घोरुकरमूलावमोटनी ।

गोडा, पिडौंला, तिघ्रा र हातको फेद जकडिने रोगलाई खल्ली भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गङ्गापत्री (एक वनस्पति)
(Gangaapatree)

परिभाषा :

(क) के.यन.स्वामी : (१) गन्धपत्रिका : पहेँलो सडी । (२) पत्री : ताड, दमना, खयरको रूख । (३) सुगन्धा : फल नहुने चठेलको बोट । पहाडिया सुप । कालो सिमाली । कालो जीरा । लहरे चमेली । ठूलो नेवारी बेली । पहेँलो जुहीफूल । काँढे सल्लो । कपुरपाति । गईतिहारे, रास्ना । पहेँलो सटी । शङ्करजटा, साबुदाना । तार्पिनतेल, सल्लाको खोटो । घुर्रो, अनन्तमूल । बिमिरो । तुलसी । बक्ची । सुगन्धकोकिला ।

(ख) हिन्दी विश्वकोश : (१) गन्धपत्रिका : गन्धपत्रा । अजमोदा । (२) गन्धपत्रा : शठीविशेष, कपूरकचरी अर्थात् कपुरहलेदो विशेष । (३) गङ्गापत्री : गङ्गावत् पवित्रम् पत्रमस्याः । वृक्षविशेष । यसका पात अति नै सुगन्धित हुन्छन् ।

नोट : कपुरहलेदोका दुई जातका विषयमा राजनिघण्टुमा बेग्लै वर्णन गरिएको छ । यसको पहिचान गर्न सकिएन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **राज निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

गङ्गापत्री तु पत्री स्यात् सुगन्धा गन्धपत्रिका । गङ्गापत्री कटूष्णा च वातजिद्व्रणरोपणी ॥

गङ्गापत्री, पत्री, सुगन्धा र गन्धपत्रिका : यी गङ्गापत्री (?) का पर्यायवाची नामहरू हुन् । यो पिरो, उष्णवीर्यको, वातविकारलाई जित्ने तथा घाउ भर्ने गुणको हुन्छ ।

गङ्गेरुक (काठे अमला)
(Gangeruka)

परिभाषा :

(क) के.यन. स्वामी (कर्कटक) : जङ्गली अमला ।

(ख) एजुकलिङ्गो डटकम : अमला जस्तै ससाना फल फल्ने एक पहाडी वृक्ष ।

(ग) हिन्दी विश्वकोश : (१) कर्कटक : कोष्ठामलक, जङ्गली अमला । (२) गङ्गेरुवा : पहाडी भागमा पाइने एक प्रकारको वृक्ष । यसको फल अमला जत्रै साना हुन्छन् । यसको रूख औषधीमा प्रयोग हुन्छ । यसको फल अमिलो र गुलियो हुन्छ । (३) मृगलण्डिका : फलविशेष ।

(घ) आयुर्वेद शब्दकोश (मृगलण्डिका) : फलविशेष ।

(ङ) नेपाली बृहत् शब्दकोश (काठेअमला) : ससाना गेडा हुने एक जातको अमला ।

(च) शालिग्राम वैद्य : यसको वानस्पतिक नाम *Garuga pindatta* हो । काठे अमला भनिने यसको रूख प्रायः पहाडतिर हुन्छ । पात लहरै हुन्छन् । फल अमला जस्तै अति साना हुन्छन् । यसलाई हिन्दीमा गंगेरुवा वा काठअमला भनिन्छ ।

(छ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : स्थानीय भाषामा दबदबे, रामसिन, औले दबदबे र खर्पट भनिने वृक्ष Burseraceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Garuga pinnata* Roxb. हो ।

(ज) Indian Medicinal Plants: A Compendium of 500 Species, Volume 3 : *Garuga pinnata* वानस्पतिक नामको विरुवालाई संस्कृतमा कृष्णाम्लीका र गोलिका भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(झ) वनस्पति विज्ञ दिनेश वाल्के : काठे अमलाको ल्याटिन नाम *Phyllanthus acidus* (L.) Skeels हो । संस्कृतमा यसलाई हरिपवेरी, पाण्डु र स्कन्धफल भनिन्छ ।

(ञ) फर्माकोपिया : वानस्पतिक नाम *Phyllanthus acidus* (Linn.) Skeels syn. *Cicca acida* Linn. Merrill (Fam. Euphorbiaceae) भएको वृक्षलाई संस्कृतमा सुगन्धमूला, लवली, पाण्डु र कोमल वल्कल भनिन्छ ।

(ट) मोनियर विलियम्स : क्षुद्रामलकको ल्याटिन नाम *Myrobalan Lit.* L. हो ।

(ठ) PLANT RESOURCES OF KAILALI, WEST NEPAL, Government of Nepal Ministry of Forests and Soil Conservation Department of Plant Resources District Plant Resources Office Kailali Dhangadhi, Kailali, Nepal 2016 : *Garuga pinnata* Roxb. लाई नेपालीमा दबदबे भनिन्छ ।

नोट : धनुर्वृक्षलाई पनि नेपालीमा दबदबे भनिएको छ । यसैले उक्त विवरण पनि हेर्नु हुन । यो गंगेरुक वृक्ष वा काठे अमलाको विवादरहीत पहिचान हुन सकेको पाइएन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) मदनपाल निघण्टु :

गङ्गेरुकं कर्कटकं कारकं मृगालिण्डकम् । तोदनं क्रन्दनं चान्यन्मृगाविट्सदृशं तथा ॥

गङ्गेरुक, कर्कटक, कारक र मृगलिण्डक : यी पहिलो थरी तथा तोदा, क्रन्दन र मृगविट्सदृश : यी दोश्रो थरी गङ्गेरुकका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गङ्गेरु रेचनं पक्वं गुरुवातास्रजिन्मतम् । तोदनं ग्राहि मधुरं वातपित्तहरं लघु ॥

पहिलो गङ्गेरुक रेचनी हुन्छ । पाकेको यो गङ्गेरुक पचाउन कठिन तथा वातविकार र रक्तविकारलाई जित्ने गुणको हुन्छ भनिन्छ । दोश्रो थरी गङ्गेरुक ग्राही, मिठो, वातविकार नाशक, पित्तविकार नाशक र पचाउन हलुका हुन्छ ।

(ख) शालिग्राम निघण्टु :

कर्कटः कार्कटः कर्कः क्षुद्रधात्रीसमःस्मृतः । क्षुद्रामलकसंज्ञश्च प्रोक्तः कर्कफलश्च षट् ॥

कर्कट, कार्कट, कर्क, क्षुद्रधात्रीसम, क्षुद्रामलक र कर्कफल (गांगेरुक, कर्कटक, मृगलिण्डक, तोदन, कृन्दन, मृगविट्सदृश) : यी जङ्गली अमलाका पर्यायवाची नाम हुन् ।

तोदनं ग्राहकं चाम्लं लघूष्णं चाग्निदीपकम् । पित्तलं च फलं चास्याः पक्वन्तु मधुरं मतम् ॥
स्निग्धं च तुवरं प्रोक्तं कफवातहरं स्मृतम् । गाङ्गेरुक तु तुवरमम्लं चोष्णं गुरुस्मृतम् ॥
रक्तपित्तकफकरं सारकं वातहारकम् । पक्वं गाङ्गेरुकफलं रुचिरं च गुरुस्मृतम् ॥
वातरक्तहरं पित्तनाशकं मुनयो जगुः । (निघण्टु रत्नाकर)

काठे अमला ग्राही, अमिलो, पचाउन सहज, उष्णवीर्यको, पाचन-अग्निलाई बाल्ने र पित्तविकार गर्ने गुणको हुन्छ । यसको पाकेको फल गुलियो, चिल्लो, टर्रो तथा कफविकार र वातविकार नाश गर्ने गुणको हुन्छ । गाङ्गेरुक टर्रो, अमिलो, उष्णवीर्यको, पचाउन कठिन, रक्तपित्त र कफविकार गर्ने, मलमूत्रलाई तलतिर सार्ने तथा वातविकार नाश गर्ने गुणको हुन्छ । यसको पाकेको फल रुचिप्रद, पचाउन कठिन तथा वातरक्त र पित्तविकार नाशगर्ने गुणको हुन्छ भनी मुनिजनले बताएका छन् ।

गज (हात्ती)
(Elephant)

परिभाषा :

(क) डा.सतिश चन्द्र साङ्ग्चधर : हात्तीको वैज्ञानिक नाम Elephas indicus maximus तथा अंग्रेजी नाम Elephant हो ।

(ख) नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, संरक्षित जीवहरु : एसियाली हात्तीको वैज्ञानिक नाम Elephas maximus तथा अंग्रेजी नाम Asian Elephant हो ।

(क) नेपाली बृहत् शब्दकोश : (१) अँधेरी : सधिएका हात्ती, घोडा आदिको आँखामा लगाइने पर्दा । (२) अङ्कुसे : हात्ती हाँक्ने सिलसिलामा हात्तीलाई तह लगाउन माहुतेद्वारा प्रयोग गरिने, टुप्पो नुहेको र अरू भाग सोझो हुने दुईमुखे काँटा । (३) अपरा : हात्तीको पछिल्लो भाग । (४) आलान : हात्ती बाँध्ने बलियो काठको मोटो खम्बा; खमारी । हात्ती बाँध्ने बलियो डोरी वा फलामे सिक्री । (५) एकदन्त : एउटै मात्र दाँत भएको (हात्ती आदि) । (६) एकदन्ता वा एकदन्ते : एउटा मात्र दन्त वा दाँत भएको (हात्ती) । (७) ऐरावत : इन्द्रले चढ्ने हात्ती; चार दिग्गजमध्ये पूर्व दिशाको दिग्गज । (८) कर : हात्तीको हात अर्थात् सुँड । (९) करभ : हात्तीको सुँड वा बचो । (१०) करभोरु : हात्तीको सुँडझैं सलक्क परेको तिघ्रा भएकी स्त्री । (११) कलभ : हात्तीको बचो; छावा । (१२) कादम्बरी : हात्तीको गण्डस्थलबाट बहने मद । (१३) कुची : धान र सखरको डल्लोलाई परालले बेरेर बनाइने हात्तीको दाना । (१४) कुञ्ज : हात्तीको दाँत । (१५) कुञ्जर : हात्ती । (१६) कुटुनी : हात्ती बाँध्ने डोरी, अग्रन । (१७) कुथ : हौदामाथि बिछ्याइने कार्चोप भरिएको मूल्यवान् कपडा; हात्तीको झल्लर । (१८) कुम्भ : हात्तीका टाउकाको दुवैतिर उठेको माथिल्लो भाग । (१९) कुम्भी : हात्ती । (२०) कृत्ति : हात्ती आदिको छाला । (२१) खमारी : हात्ती बाँधिने खम्बा; आलानस्तम्भ । (२२) खुर्ची : हात्ती आदिलाई बोकाइने भारी हाल्ने ठूलो थैलो । (२३) खेदा : हात्तीको सिकार; जङ्गली हात्तीलाई पक्रने तरिका । (२४) गज : हात्ती । (२५) गजघट्ट : हात्ती बसेझैं बस्ने किसिमसँग । (२६) गजदन्त : हात्तीको दाँत; हस्तीदन्त । (२७) गजमणि : हात्ती पूरै छिप्पिएपछि त्यसका दाँतभित्र पाइने ठूला खालको मोतीका दानाजत्रो पदार्थ; हात्तीका दाँतको बहुमूल्य पदार्थ । (२८) गजदान : मस्त उमेर भएका हात्तीको मद । विधिपूर्वक गरिने हात्तीको दान । (२९) गजपाल : हात्तीको पालनपोषण गर्ने मान्छे; हात्तीको रखवारी गर्ने व्यक्ति; माहुते । (३०)

हात्ती (तस्बिर श्रोत : नेपाल सरकारको वन्यजन्तु संरक्षणसम्बन्धी पोष्टर)

गजबन्धन : हात्ती बाँध्ने थाम वा ठूलो मोटो काँलो; खमारो । (३१) गजमणि : हात्तीका मस्तकमा रहने रातो रङको विशिष्ट प्रकारको मोतीजस्तो देखिने अमूल्य पदार्थ; गजमुक्ता; गजमोती । (३२) गजमुक्ता : गजमणि । (३३) गजमोती : गजमणि । (३४) गजराज : ठूलो हात्ती; श्रेष्ठ हात्ती; बथानको नाइके हात्ती । इन्द्रको वाहन; ऐरावत । (३५) गजशाला : हात्तीहरू बाँध्ने घर वा ठाउँ; हात्तीसार । (३६) गजानन : हात्तीको जस्तो मुख भएका देवता; गौरीपुत्र; गणेश । (३७) गजेन्द्र : गजराज; ठूलो हात्ती; श्रेष्ठ हात्ती । ऐरावत; इन्द्रको वाहन । (३८) गजेन्द्रमोक्ष : पुराण आदिका अनुसार हात्तीलाई ग्राहले समातेका बेला विष्णुले सुदर्शन चक्रद्वारा ग्राहलाई मारी गजराजलाई बचाएको प्रसङ्गमा आधारित कथानक । (३९) गण्ड : हात्तीको कनपटी । (४०) गद्दी : हात्तीका हौदामा बिछ्याइने आसन । (४१) गलचेप : हात्ती बाँध्ने साङ्लो । (४२) घट : हात्तीको गण्डस्थल । (४३) घनरस : हात्तीलाई लाग्ने एक प्रकारको रक्तरोग । (४४) चतुर्दन्त : चार दाँते हात्ती; चौदन्त; चौदन्ता । ऐरावत । (४५) चौपाला : हात्तीको हौदामाथि जडिएको चँदुवा भएको बस्न हुने साधन । (४६) छइ : हात्तीलाई पछि हट्ने पार्नका निम्ति भनिने शब्द । (४७) छट्का : हात्तीका पछाडिका खुट्टा बाँध्ने डोरी वा साङ्लो । (४८) छारपन : हात्तीका एकापट्टिका पाखामा कडी लगाई हौदा कस्ने डोरी । (४९) छावा : हात्तीको बच्चो । (५०) जोरही : हात्तीको पोथी बच्चो । (५१) झुल : शोभाका निम्ति हात्तीको पिठ्यूँमा हाली तलसम्म लर्काइने कपडा । (५२) टोका : हात्तीलाई ऐँचमा राख्नका निम्ति पिट्न प्रयोग गरिने लट्ठी । (५३) डित्थ : काठद्वारा बनाइएको हात्ती । (५४) ढोई : पोथी हात्ती; हस्तिनी । (५५) थासो : हात्तीको विष्ठा । (५६) थ्याप्चेपाइले : हात्ती । (५७) दँतार, दतार : पूरा दाँत उम्रिसकेको मत्ता हात्ती; ठूला र लामा दाह्रा आइसकेको हात्ती; दतार । (५८) दँतुलो : पूरा दाँत वा दाह्रा भएको मत्ता हात्ती; दँतार । (५९) दन्त : हात्तीको दाह्रा । (६०) दन्तायुध : दाँत नै हतियार भएको हात्ती आदि । (६१) दन्तावल : हात्ती । (६२) दन्ती : हात्ती । (६३) दम : हात्ती आदिको हिँड्ने चाल । (६४) दान : हात्तीको उमेर पुगेपछि कन्चटबाट निस्कने गन्धयुक्त बाक्लो पसिना; मद; दानवारि । (६५) दारोगा : हात्तीसार, अस्तबल आदिको रेखदेख वा व्यवस्था गर्ने मुख्य व्यक्ति । (६६) दाह्रा : मत्ता हात्ती आदिको मुखबाहिर निस्केको लामो दाँत, दाह्रो । (६७) दिग्गज : पुराणअनुसार आठ दिशामा रहेर पृथ्वीलाई थाम्ने कल्पित हात्तीहरू (ऐरावत, पुण्डरीक, वामन, कुमुद, अञ्जन, पुष्पदन्त, सार्वभौम र सुप्रतीक) । (६८) द्विप : सुँडमा लिएर खाने हुँदा दुई बाजी पानी खाने भनिने जन्तु अर्थात् हात्ती; गज । (६९) धरणीकरण : दिशारूपी हात्ती; दिग्गज । (७०) धर्ना : हात्ती बाँध्ने साङ्लो । (७१) नागदन्त : हात्तीको दाँत । (७२) नागराज : ऐरावत हात्ती । (७३) नालिका : हात्तीलाई सधाउने अङ्कुशे । (७४) निगड : हात्ती बाँध्ने सिक्री । (७५) नियन्ता : हात्तीलाई तह लगाउने माहुते । (७६) पछाड : हात्ती आदिको पछाडिका खुट्टा बाँध्ने डोरी । (७७) पछुवा : हात्तीका सवारीमा पछाडिपट्टि बस्ने (माहुतेभन्दा तल्लो दर्जाको) व्यक्ति । (७८) पछोड : कडी लगाएर हात्तीका पछिल्तिर कसिने डोरी । (७९) पञ्चनख : हात्ती । (८०) पट्ठो : जवान हात्ती । (८१) पद्म : हात्तीको सुँड वा गालामा बनाइने चित्र । (८२) पालकाव्य : हात्ती आदिको लक्षण, गुण आदि निरूपण गरिएको शास्त्र । (८३) पुलुकिसी : इन्द्रजात्राको अवधिभर काठमाडौँको कीलागल टोलबाट निकालिने, मान्द्रोको हात्तीभित्र दुईजना पसेर मनोरञ्जनका लागि टोलटोलमा नचाइने एक जात्रा; पुलुगणेश । (८४) पुष्कर : हात्तीको सुँडको अघिल्लो भाग । (८५) पोलो : हात्ती वा घोडामा चढेर खेलिने खेलविशेष । (८६) फाँद : जङ्गली हात्तीलाई खेदो गर्दा फसाइने वा पक्राउमा पारिने मोटो डोरीको पासो; फन्दा । (८७) फिलखाना : हात्ती बाँध्ने ठाउँ; हस्तिशाला; हात्तीसार । (८८) भुज : हात्तीको सुँड । (८९) मकुनु : छावाको उमेर नाघेको तर दाह्रो नआएको जवान हात्ती । (९०) मत्त : मत्ता हात्ती । भाले हात्ती । (९१) मत्ता : गण्डस्थल फुटेर मद चुहिरहेको हात्ती; जवान हात्ती । भाले हात्ती । (९२) मत्ताउनु : हात्तीको गण्डस्थलबाट मद फुट्नु । (९३) मद : हात्तीको गण्डस्थल फुटी निस्कने गन्धयुक्त तरल

संकलन : मोहन प्रसाद सापकोटा

पदार्थ । (९४) मदजल : हात्तीको गण्डस्थलबाट चुहुने तरल पदार्थ; मदवारि । (९५) मन्दार : हात्ती । (९६) महाकाय : हात्ती । (९७) महागज : पुरातत्त्वशास्त्रका अनुसार पुराप्रातिनूतनाश्ममा पाइने सुदूर पूर्वको हात्ती । (९८) माझा : हात्तीको पिठ्यूँमा कसिने पछुवा अडिने डोरी; मादा । (९९) मातङ्ग : हात्ती । (१००) माहुते : हात्ती हाँक्ने मानिस; हात्तीवान; माउते; फिलवान । (१०१) मिर्धा : नाइके हात्ती । (१०२) मृग : एक जातको हात्ती । (१०३) मौलो : हात्ती बाँध्ने कीलो; खमारी; खम्बा । (१०४) लम्बकर्ण : हात्ती । (१०५) लसकमसक, लसकलसक : हात्ती आदि हिँडेझैँ गरी; लस्काइका चालमा । (१०६) लस्कनु : हात्ती वा त्यस्तै कुनै मोटो प्राणी हिँड्नु; लम्कनु; हात्ती हिँडेझैँ गरी हिँड्नु । (१०७) लादी : हात्ती, घोडा आदिको विष्ठा; लिदी । (१०८) लोहाड : हात्तीको पछिल्तिर झुन्ड्याइने र पछुवाले पुट्ठमा पिट्ने फलामका कीला ठोकिएको काठको मुङ्ग्रो । (१०९) वनकरी : जङ्गली हात्ती; वनकुञ्जर । (११०) वप्रक्रीडा : हात्ती, साँढे आदिले सिँगौरी खेल्ने काम । (१११) वालक : हात्ती, घोडा आदि जनावरको पुच्छर । (११२) वाहक : मानिसलाई बोकी ओसार्ने हात्ती आदि पशु । (११३) वाहन : हात्ती आदि सामान ओसार्ने सवारी । (११४) शम्बूक : हात्तीको सुँडको अगिल्लो भाग । (११५) शिरोमणि : हात्ती आदिको शिरमा पाइने मणि । (११६) शुण्ड : मत्ताहात्तीको गण्डस्थलबाट चुहिने सुगन्धी रस । हात्तीको सुँड । (११७) श्रोत : हात्तीको सुँड । (११८) सधाउनु : हात्ती आदिलाई आफू अनुकुलको बनाउनु । (११९) सान : मत्ताका पछिपछि लागेर हिँड्ने हात्तीको बथान । (१२०) सुँड : हात्तीको नाकको टुप्पो । (१२१) सुरगज : ऐरावत । (१२२) हतिनी : हात्तीको पोथी; ढोई; हत्तिनी, हस्तिनी । (१२३) हस्त : हात्तीको सुँड । (१२४) हस्ति; हस्ती : हात्ती । (१२५) हस्तिदन्त : हात्तीको दाँत वा दाह्रा । (१२६) हस्तिहाड : हात्तीको हाड; हात्तीको दाँत । (१२७) हस्त्यायुर्वेद : हात्तीको चिकित्साविषयमा लेखिएको शास्त्र । (१२८) हस्त्यारोही : हात्तीको सबार । हात्ती चढ्ने । (१२९) हात्ती : लामो सुँड, ठूलो र भद्दा शरीर, नाङ्लाजत्रा कान भएको, प्रायः वाहनका रूपमा प्रयोगमा ल्याइने एक स्तनपायी जनावर । (१३०) हात्तीसार : हात्ती बाँध्ने ठाउँ वा घर; हात्ती राखिने ठाउँ । (१३१) हात्तीसुँडे : हात्तीको जस्तो सुँड भएको; भद्दा लाम्चो अनुहारको । (१३२) हिक्नु : हात्ती कराउनु । (१३३) हौदा : आरामसँग मानिस बस्नका लागि हात्तीका पिठ्यूँमा कसिने आसन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

वारणकरिद्विरदरदिगजकुञ्जरकुम्भिदन्तिमातङ्गाः ।
द्विपहस्तिस्तम्बेरमसिन्धुरनागेभसामजाः कथिताः ॥

वारण, करिन् (करी), द्विरद, रदिन् (रदी), गज, कुञ्जर, कुम्भि, दन्ति, मातङ्ग, स्तम्बेरम, सिन्धुर, द्विप, हस्ति, नाग, इभ र सामज : यी हात्तीका पर्यायवाची नाम हुन् ।

हस्तिनी वाशिका प्रोक्ता । व्यालो दुष्टगजः स्मृतः ।
कलभः करिपोतः स्यान्मदोन इति च स्मृतः ।

हस्तिनी र वाशिका : यी ढोईका पर्यायवाची नाम हुन् । हिंस्रक वा दुष्ट हात्तीलाई व्याल भनिन्छ ।

कलभ, कारंपोत र मदोन : यी छावाका पर्यायवाची नाम हुन् ।

(ख) अमरकोश :

दन्ती दन्तावली हस्ती, द्विरदोऽनेकपो द्विपः । मतङ्गजो गजो नाग कुञ्जरो वारणः करी ॥
इभः स्तम्बेरमः पद्मी यूथनाथस्तु यूथपः । मदोत्कटो मदकलः कलभः करिशावकः ॥
प्रभिन्नो गर्जितो मत्तः समावृद्धान्तनिर्मदौ । हास्तिकं गजता वृन्दे करिणी धेनुका वशा ॥
गण्डः कटो मदो दानं वमथुः करशीकरः । कुम्भौ तु पिण्डौ शिरस्तयोर्मध्ये विदुः पुमान् ॥
अवग्रहो ललाटं स्यादीषिका त्वक्षिकूटकम् । अपाङ्गदेशो निर्याणं कर्णमूलं तु चूलिका ॥
अधः कुम्भस्य वाहित्थं प्रतिमानमधोऽस्य यत् ।
आसनं स्कन्धदेशः स्यात्पद्मकं विन्दुजालकम् ॥
पार्श्वभागः पक्षभागो दन्तभागस्तु योऽग्रतः ।
द्वौ पूर्वपश्चाज्जङ्घादिदेशौ गात्रावरे क्रमात् ॥
तोत्रं वैणुकमालानं बन्धस्तम्भेऽथ शृङ्खले ।
अन्दुको निगडोऽस्त्री स्यादङ्कुशोऽस्त्री सृणिः स्त्रियाम् ॥
दूष्या कक्ष्या वरत्रा स्यात्कल्पना सज्जना समे ।
प्रवेण्यास्तरणं वर्णः परिस्तोमः कुथो द्वयोः ॥
वीतं त्वसारं हस्त्यश्वं वारी तु गजबन्धनी ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

दन्तिन्, दन्तावल, हस्तिन्, द्विरद, अनेकप, द्विप, मतङ्गज, गज, नाग, कुञ्जर, वारण, करिन्, इभ, स्तम्बेरम र पद्मिन् : यी हात्तीका पर्यायवाची नाम हुन् । यूथनाथ र यूथप : यी हात्तीको बथानमा मुख्य हात्तीको पर्यायवाची नाम हुन् । मदोत्कट र मदकल : यी मत्त हुन आँटेको हात्तीका नाम हुन् । कलभ र करिशावक : यी छावाका नाम हुन् । प्रभिन्न, गर्जित र मत्त : यी मत्ताएको हात्तीका नाम हुन् । उद्धान्त र निर्मद : यी मत्ताएपछि मद सकिएर तह लागेको हात्तीका नाम हुन् । हास्तिक र गजता : यी हात्तीको बथानका नाम हुन् । करिणी, धेनुका र वशा : यी ढोईका नाम हुन् । गण्ड र कट : यी हात्तीको गण्डस्थलका नाम हुन् । मद र दान : यी हात्तीको मदजलका नाम हुन् । वमथु र करशीकर : यी सुँडबाट उठेको छिटोका नाम हुन् । कुम्भ र माथ : यी हात्तीको टाउकाको मांसपिण्डका नाम हुन् । विदु : यो हात्तीको टाएकाको दुई मांसपिण्डको बीचको केही खाल्डो परेको ठाउँको नाम हो । अवग्रह : यो हात्तीको निधारको नाम हो । इषिका (इषीका) र अक्षिकूटक : यी हात्तीको आँखाको गोलका नाम हुन् । निर्याण : यो हात्तीको नेत्रको छेउको भागको नाम हो । चूलिका : यो हात्तीको कानको फेदको नाम हो । वाहित्थ : यो हात्तीको गण्डस्थलको तल्लो भागको नाम हो । प्रतिमान : यो हात्तीको दुई दाँतका बीचको भागको नाम हो । आसन र स्कन्धदेश : यी हात्तीको काँधका नाम हुन् । पद्मक र विन्दुजालक : यी हात्तीको कोखाको नाम हुन् । दन्तभाग : यो हात्तीको मुखपट्टिको भागको नाम हो । गात्र : यो हात्तीको जाँघदेखि अगाडिपट्टिको भागको नाम हो । तोत्र र वैणुक (वणुक) : यी हात्ती कुट्ने बाँसको लट्ठीका नाम हुन् । आलान र बन्धस्तम्भ : यी हात्ती बाँध्ने मौलोका नाम हुन् । शृङ्खला, अन्दुक (अन्दू) र निगड : यी हात्ती बाँध्ने सिक्रीका नाम हुन् । अङ्कुश र सृणि (शृणि) : यी अङ्कुशेका नाम हुन् । दूष्या, कक्ष्या र वरत्रा : यी हात्ती कस्ने डोरीका नाम हुन् । कल्पना र सज्जना : यी कस्नु वा तयार पार्नुका नाम हुन् । प्रवेणी, आस्तरण, वर्ण, परिस्तोम र कुथ : यी हात्तीको झुलका नाम हुन् । वीत : यो युद्धमा काम नलाग्ने हात्ती (वा घोडा) को नाम हो । वारी : यो हात्तीसारको

नाम हो ।

(ख) **अष्टाङ्ग निघण्टु :**

कलभो वारणो दन्ती मातङ्गो द्विरदो द्विपः । गजो हस्ती करीभश्च करेणुर्हस्तिनी स्मृता ॥

कलभ, वारण, दन्ती, मातङ्ग, द्विरद, द्विप, गज, हस्ती र करीभ : यी हात्तीका तथा करेणु र हस्तिनी : यी ढोइका पर्यायवाची नाम हुन् ।

(ग) **आयुर्वेद महोदधि :**

हस्तिन्या मधुरं वृष्यं कषायानुरसं गुरु । स्निग्धं स्थैर्यकरं शीतं चक्षुष्यं बलवर्धनम् ॥

ढोईको दूध मिठो, बलवीर्यवर्धक, विपाकमा टर्रो, पचाउन कठिन, चिल्लो, दृढता वर्धक, ठण्डी गर्ने, आँखाका लागि लाभदायक र बलवर्धक हुन्छ ।

लघु पाके बलासघ्नं वीर्योष्णं पक्तिनाशनम् । कषायानुरसं नाग्या दधि वर्चोविवर्धनम् ॥

ढोईको दही विपाकमा हलुका, कफनाशक, उष्णवीर्य, पक्तिशूल (खाएको पच्ने बेलामा पेटमा हुने दुःख) नाशक, विपाकमा टर्रो र दिसा बढाउने गुणको हुन्छ ।

संकलन : मोहन प्रसाद सापकोटा

गुरु चोष्णं कषायं च कफमूत्रापहं च तत् ॥

ढोईको दही पचाउन कठिन, गर्मी गर्ने, टर्रो र कफ एवं मूत्र विकार नाशक हुन्छ ।

कषायं बद्धविण्मूत्रं तिक्तमग्निकरं लघु । हन्ति कारेणवं सर्पिः कफकुष्ठविषापहम् ॥

ढोईको घिउ टर्रो र तितो हुन्छ, मलमूत्रलाई रोक्दछ, जठराग्नि बाल्दछ र पचाउन हलुका हुन्छ । यसले कफविकार, कुष्ठरोग र विषको असर नाश गर्दछ ।

सतिक्तं लवणं भेदि वातघ्नं पित्तकोपनम् । क्षारं मण्डलकुष्ठानां नाशनं गजमूत्रकम् ॥

हात्तीको मूत्र तितो, नुनिलो, मल खुकुल्याउने, वातविकार नाशक, पित्तवर्धक र क्षारिलो र मण्डलकुष्ठ नाशक हुन्छ ।

गजमुत्रं प्रलेपेन कण्डुदद्रुविसर्पनुत् ।

हात्तीको मूत्र दल्नाले लुतो, दाद र सुकेलुतो ठिक हुन्छ ।

(घ) कैयदेव निघण्टु :

हस्तीभो वारणो दन्ती मातङ्गो द्विरदो द्विपः । मतङ्गजे गजो नागः सिन्धुरो मुष्करी करी ॥
स्तम्बेरमोऽनेकपश्च कुञ्जरः षष्टिहायनः । दन्तावलो दरी पद्मी कुम्भी सामोद्भवस्तथा ॥
करेणुका हस्तिनिका करिणी धेनुका च सा । गजोऽम्लो लवणः स्वादुः कटुपाको विलेखनः ॥
उष्णवीर्योऽनिलश्लेष्महरः पितास्रदूषणः । केश्यो हस्तिमदः श्वित्रघ्नो विषनाशनः ॥
यूथनाथो यूथपतिः कलभः करिशावकः ।

हस्ती, वारण, दन्ती, मातङ्ग, द्विरद, द्विप, मतङ्गज, गज, नाग, सिन्धुर, मुष्करी, करी, स्तम्बेरम, अनेकप, कुञ्जर, षष्टिहायन, दन्तावल, दरी, पद्मी, कुम्भी र सामोद्भव : यी हात्तीका तथा करेणुका, हस्तिनीका, करिणी र धेनुका : यी ढोईका पर्यायवाची नाम हुन् । हात्तीको मासु अमिलो, नुनिलो, गुलियो, पचेपछि पिरो, लेखनी, उष्णवीर्यको, वातविकार र कफविकार नाश गर्ने, पित्तविकार र रक्तविकार गर्ने तथा कपालका लागि हित गर्ने गुणको हुन्छ । हात्तीको मद सेतोकुष्ठ निकाल्ने र विषविकार नाश गर्ने गुणको हुन्छ । जङ्गली हात्तीको अगुवा हात्तीलाई यूथनाथ र यूथपति भनिन्छ । छावालाई कलभ र करिशावक भनिन्छ ।

(ङ) चरक संहिता :

हास्तिकं लवणं मूत्रं हितं तु क्रिमिकुष्ठिनाम् ॥ प्रशस्तं बद्धविण्मूत्रविषश्लेष्मामयार्शसाम् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

हात्तीको मूत्र नुनिलो स्वादको हुन्छ । यो जुका-चुर्ना र कुष्ठरोग भएका पुरुषका लागि लाभदायक हुन्छ । यो दिसा गोटा पर्ने रोग अनि मूत्र रोग, हैजा रोग, विष, खकारजन्य रोग र पाइल्सका लागि पनि औषधी हुन्छ ।

(च) धन्वन्तरि निघण्टु :

हस्ती द्विपो गजो नाग इभोऽथ द्विरदः करी । वारणः कुञ्जरो दन्ती मातङ्गः षष्टिहायनः ॥
कुम्भी स्तम्बेरमः पद्मी सिन्धुरश्च मतङ्गजः । करेणुः करिणी प्रोक्ता कलभः करिशावकः ॥
हस्तिनी धेनुका ज्ञेया गजस्त्री गजगामिनी । हस्ती कफानिलौ हन्यादुष्णः पित्तास्रकोपनः ॥

हस्ती, द्विप, गज, नाग, इभ, द्विरद, करी, वारण, कुञ्जर, दन्ती, मातङ्ग, षष्टिहायन, कुम्भी, स्तम्बेरम, पद्मी, सिन्धुर, मतङ्गज, करेणु र करिणी : यी हात्तीका; कलभ र करिशावक : यी छावाका तथा हस्तिनी, धेनुका, गजस्त्री र गजगामिनी : यी ढोईका पर्यायवाची नाम हुन् ।

हस्तिन्या मधुरं वृष्यं कषायानुरसं गुरु । स्निग्धं शीतकरं चापि चक्षुष्यं बलवर्धनम् ॥

ढोईको दूध गुलियो, वीर्यवर्धक, पछिल्लो रस टर्रो, पचाउन कठिन, चिल्लो, शीतवीर्यको, आँखाका लागि हितकर र बल बढाउने गुणको हुन्छ ।

लघु पाके बलासघ्नं वीर्योष्णं पक्तिनाशनम् । कषायानुरसं नाग्या दधि वर्चोविवर्धनम्॥

ढोईको दही पचाउन सहज, कफविकार नाश गर्ने, उष्णवीर्यको, पक्तिशूल नाश गर्ने, पटिल्लो रस टर्रो र दिसा बढाउने गुणको हुन्छ ।

कषायं बद्धविण्मूत्रं तिक्तमग्निकरं लघु । हन्ति कारेणवं सर्पिः कफकुष्ठविषक्रिमीन्॥

ढोईको घिउ दसापिसाब बन्द गराउने, तितो, पाचनशक्ति बढाउने, पचाउन सहज तथा कफविकार, कुष्ठ, विषविकार र कीरा नाश गर्ने गुणको हुन्छ ।

सतिक्तं लवणं भेदि वातघ्नं पित्तकोपनम् । तीक्ष्णं क्षारं किलासे च नागमूत्रं प्रयोजयेत्॥

हात्तीको मूत्र केही तितो, नुनिलो, भेदनी, वातविकार नाश गर्ने, पित्तविकार गर्ने, तिक्खर र क्षारयुक्त हुन्छ । किलास रोगको हात्तीको मूत्र प्रयोग गर्नू ।

(छ) **पर्याय रत्नमाला :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

मातङ्गोऽनेकपो नागो वारणः कुञ्जरः करी । हस्तीभो द्विरदो दन्ती द्विपः स्तम्बेरमो गजः॥

मातङ्ग, अनेकप, नाग, वारण, कुञ्जर, करी, हस्तीभ, द्विरद, दन्ती, द्विप, स्तम्बेरम र गज : यी हात्तकि पर्यायवाची नाम हुन् ।

(ज) **भावप्रकाश निघण्टु :**

बृंहणं हस्तिनीदुग्धं मधुरं तुवरं गुरु॥ वृष्यं बल्यं हिमं स्निग्धं चक्षुष्यं स्थिरताकरम् ।

ढोईको दूध मिठो र टर्रो हुन्छ । यो पौष्टिक, पचाउन कठिन, वीर्यवर्धक, बलदायक, शीतल गर्ने, चिल्लो, आँखाका लागि लाभदायक र शरीरलाई स्थिर राख्ने गुणको हुन्छ ।

(झ) **मदनपाल निघण्टु :**

हस्ती मतङ्गजो दन्ती मतङ्गोऽनेकपः करी । सिन्धुरः कुञ्जरः पद्मी वारणो द्विरदो द्विपः॥
इभो दन्तावलो नागः कुम्भी स्तम्बेरमो गजः । हस्तिनी धेनुका प्रोक्ता करेणुः करिणी च सा॥
हस्ती कफानिलौ हन्यादुष्णपित्तास्रकोपनः॥

हस्ती, मतङ्गज, दन्ती, मतङ्ग, अनेकप, करी, सिन्धुर, कुञ्जर, पद्मी, वारण, द्विरद, द्विप, इभ, दन्तावल, नाग, कुम्भी, स्तम्बेरम र गज : यी हात्तीका संस्कृत पर्यायवाची नामहरू हुन् । हात्तीको मासुले कफविकार र वातविकार नाश गर्दछ । यो उष्णवीर्यको हुन्छ । यसले रक्तपित्तलाई दूषित बनाउँदछ ।

हस्तिन्याः स्वादु बलकृच्चक्षुष्यं शीतलं गुरु॥

ढोईको दूध स्वादिलो, बलदायक, आँखाका लागि हितकर, शीतल गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ ।

हस्तिन्या दधि वीर्योष्ण कटु पाकेऽग्निनाशनम् । कषायानुरसं वर्चोवर्धनं कफवातजित्॥

ढोईको दही उष्णवीर्यको, पचेपछि पिरो, पाचनशक्ति नाशक, पछि टर्रो हुने, दिसा बढाउने तथा कफविकार र वातविकार बढाउने गुणको हुन्छ ।

हस्तिमूत्रं विषार्शोघ्नं कुष्ठगुल्मक्रिमीञ्जयेत्॥

हात्तीको मूत्रले विषविकार, अल्काई, कुष्ठ, गुल्म र कीरालाई जित्दछ ।

(ञ) राज निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

द्विरदगजमतङ्गजेभकुम्भिद्विरदनवारणहस्तिपद्मिनागाः ।
करिकरटिविषाणिकुञ्जरास्ते रदनिमदाबलसम्मदद्विपाश्च॥
भद्रः स्तम्बेरमो दन्ती द्रुमारिः षष्टिहायनः । मातङ्गः पुष्करी दन्ता बलश्चानेकपस्त्विभः॥

द्विरद, गज, मतङ्ग, इभ, कुम्भि, द्विरदन, वारण, हस्ति, पद्मि, नाग, करि, करटि, विषाणि, कुञ्जर, रदनि, मदाबल, सम्मद, द्विप, भद्र, स्तम्बेरम, दन्ती, द्रुमारि, षष्टिहायन, मातङ्ग, पुष्करी, दन्ताबल, अनेकप र इभ : यी हात्तीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

स बालः कलभो ज्ञेयो दुर्दान्तो व्याल उच्यते । प्रभिन्नो गर्जितो भ्रान्तो मत्तो मदकलश्च सः॥

हात्तीको बच्चा (छावा) लाई संस्कृतमा कलभ भनिन्छ । दुर्दान्त, व्याल, प्रभिन्न, गर्जित, भ्रान्त, मत्त र मदकल : यी सजिलै वशमा पार्न नसकिने हात्तीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

इभी तु करिणी ज्ञेया हस्तिनी धेनुका वशा । करेणुः पद्मिनी चैव मातङ्गी वासिता च सा॥

इभी, करिणी, हस्तिनी, धेनुका, वशा, करेणु, पद्मिनी, मातङ्गी र वासिता : यी ढोईका संस्कृत पर्यायवाची नामहरू हुन् ।

भद्रो मन्दो मृगश्चेति विज्ञेयास्त्रिविधा गजाः । वनप्रचारसारूप्य सत्त्वभेदोपलक्षिताः॥

बस्ने वन तथा प्राकृतिक स्वभाव अनुसार भद्र, मन्त र मृग गरी तीन प्रकारका हात्ती हुन्छन् ।

ढोईको दूध दुहुँदै एक महिला (तस्विर श्रोत : एडील्याण्डडटटीभी)

मधुरं हस्तिनीक्षीरं वृष्यं गुरु कषायकम् । स्निग्धं स्थैर्यकरं शीतं चक्षुष्यं बलवर्धनम्॥

ढोईको दूध वीर्यवर्धक, पचाउन कठिन, टर्रो, चिल्लो, शरीरलाई स्थिर राख्ने, शीतवीर्यको, आँखाका लागि हितकर र बलवर्धक हुन्छ ।

हस्तिनीदधि कषायलघूष्णं पक्तिशूलशमनं रुचिप्रदम् ।
दीप्तिदं खलु बलासगदघ्नं वीर्यवर्धनबलप्रदमुक्तम्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

ढोइको दही टर्रो, पचाउन सहज, उष्णवीर्यको, पाकेको शूल शान्त पार्ने (?), रुचिप्रद, चमक दिने, कफविकार नाशक, वीर्यवर्धक र बलदायक हुन्छ भनिएको छ ।

हस्तिनीनवनीतं तु कषायं शीतलं लघु । तिक्तं विष्टम्भि जन्तुघ्नं हन्ति पित्तकफक्रिमीन्॥

ढोईको नौनी टर्रो, शीतवीर्यको पचाउन सहज, तीतो, कब्जियत गराउने तथा पेटका ठुला कीरा, पित्तविकार, कफविकार र पेटका साना कीरा नाशक हुन्छ ।

निहन्ति हस्तिनीसर्पिः कफपित्तविषक्रिमीन् । कषायं लघु विष्टम्भि तिक्तं चाग्निकरं परम्॥

ढोईको घिउले कफविकार, पित्तविकार, विषविकार र पेटका कीरा नाश गर्दछ । यो घिउ टर्रो, पचाउन सहज, कब्जियत गराउने, तीतो र अत्यन्त जठराग्नि वर्धक हुन्छ ।

हस्तिमूत्रं तु तिक्तोष्णं लवणं वातभूतनुत् । तिक्तं कषायं शूलघ्नं हिक्काश्वासहरं परम्॥

हात्तीको मूत्र तीतो, उष्णवीर्यको, नुनिलो तथा वातविकार र भूतबाधा नाशक हुन्छ । यो तीतो, टर्रो, शूल नाशक र विशेषत बाडुली र दम नाशक हुन्छ ।

हास्तिक्रव्यं गुरु स्निग्धं वातलं श्लेष्मकारकम् । बहुपुष्टिप्रदं चैव दुर्जरं मन्दवह्निदम् ॥

हात्तिको मासु पचाउन कठिन, चिल्लो, वातविकार गर्ने, कफविकार गर्ने, अति पौष्टिक, ढिलो पच्ने र पाचनशक्तिलाई कमजोर बनाउने गुणको हुन्छ ।

(ट) राजवल्लभ निघण्टु :

हस्तिन्या मधुरं वृष्यं कषायानुरसं गुरु ॥

ढोईको दूध गुलियो, वीर्यवर्धक, पछिल्लो स्वाद टर्रो हुने र पचाउन कठिन हुने गुणको हुन्छ ।

हस्तिन्या दधि वीर्योष्णं कषायं कफवातनुत् ॥

ढोईको दही उष्णवीर्यको, टर्रो तथा कफविकार र वातविकार नाशगर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गजकर्ण (हस्तिकर्णी पलाँस)
(Leea)

परिभाषा :

(क) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई ल्याटिन भाषामा *Leea macrophylla* Horn. भनिन्छ । यसको बोट १-३ फिट अग्लो र मोटो हुन्छ । धेरै वर्ष बाँच्ने कन्दबाट हरेक वर्ष पलाउँदछ । पात हात्तीका कान जस्तो धेरै ठूला १-२ फिटसम्म लामा हुन्छन् । सेता फूल फुल्दछन् । झुम्का जस्ता काला फल फल्दछन् । यसैको कन्द ओखतीमा प्रयोग हुन्छ ।

(ख) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Leea macrophylla* Roxb. ex Hornem., *Leea integrifolia* Roxb. वा *Leea latifolia* Wall. ex Kurz हो । अंग्रेजीमा यसलाई Leea र नेपालीमा बुलेवेत्र भनिन्छ । यसलाई हस्तिकर्ण पलास पनि भनिन्छ । संस्कृत नाम गजकर्ण, हस्तिकर्ण, हस्तिकर्णपलाश, हस्तिकंद र केकिदंडा हो । हिन्दीमा हत्कन, हस्तिकर्ण पलाश आदि भनिन्छ । अंग्रेजीमा Leea वा Hathikana भनिन्छ ।

(ग) Handbook of Flowering plants of Nepal नामक पुस्तकमा *Leea macrophylla* Roxb.ex Hornem. को नेपाली नाम गलेनी वा बुलेभेत्रा लेखिएको छ ।

(घ) नेपाली बृहत् शब्दकोश : (१) गलेनी : पाकेपछि कालो र खौँदा गुलियो स्वादको हुने, असारतिर पलाएर फली कात्तिकमा पाक्ने र मङ्सिरपुसमा मर्ने एक वनस्पति वा त्यसैको फल । (२) हस्तिकर्णी पलाँस : एउटै पातको डाँठबाट तीनतीनवटा पात निस्कने संयुक्त पात भएको, मञ्जरीका भावको गाढा रातो वा सुन्तला रङको फूल फुल्ने, आयुर्वेदअनुसार कृमि, पखाला र आउँलाई निको पार्ने तथा सर्पको बिख मार्ने मानिएको (लेगुमिनोसी समूहको) एक बोट ।

Leea macrophylla (PC: GD Bhatta)

(ङ) के.यन.स्वामी (हस्तिकर्ण) : पलासको बोट ।

(च) CHURIA FORESTS OF NEPAL, FOREST RESOURCE ASSESSMENT NEPAL DEPARTMENT OF FOREST RESEARCH AND SURVEY MINISTRY OF FORESTS AND SOIL CONSERVATION GOVERNMENT OF NEPAL, July 2014 : स्थानीय नाम बुलेभेत्र, बल्यात्र, गलेनी, गलोनी, डढुवाही झाङ्गी वा कावा ओखर रहेको वनस्पति Leeaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Leea macrophylla* Roxb. ex Hornem. हो ।

(छ) नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वनस्पति विभाग, आ.व.२०७६, ०७७ मा सञ्चालित कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन : गलेनी Vitaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Leea macrophylla* Roxb.ex Hornem. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

गजकर्णा तु तिक्तोष्णा तथा वातकफाञ्जयेत् ॥ शीतज्वरहरी स्वादुः पाके तस्यास्तु कन्दकः । पाण्डुशोथकृमिप्लीहगुल्मानाहोदरापहः ॥ ग्रहण्यर्शोविकारघ्नी वनसूरणकन्दवत् ।

गजकर्ण तीतो, गर्मी गर्ने तथा वातविकार र कफविकारलाई जित्ने गुणको हुन्छ । यसले शीतज्वर नाश गर्दछ । पचेपछि गुलियो हुन्छ । यसको कन्दले ओलले जसरी नै पाण्डु, सुजन, कीरा, फियोका रोग, गुल्म, आनाह, पेटका रोग, ग्रहणी र अल्काईका विकार नाश गर्दछ ।

गजकर्ण (तस्बिर श्रोत : ईफ्लोरा अफ इण्डिया डटकम)

(ख) **राजवल्लभ निघण्टु :**

हस्तिकर्णः परं वृष्यो मेधायुर्बलवर्धनः ॥

गजकर्ण (पलाँशविशेष) अति वीर्यवर्धक तथा दिमागको ग्रहण गर्ने क्षमता, आयु र बल बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गजपादप (लहरेपीपल)
(Gajapaadapa)

परिभाषा :

(क) के.यन.स्वामी : (१) गजपादप, क्षीरी : दाही (?) हुने पीपल । (२) अश्वत्थभेद : दारी हुने पीपल । (३) नन्दीवृक्ष, प्रोरोही, वनस्पति, क्षयतरु : दाह्री हुने पीपल । (४) स्थालीवृक्ष : लहरेपीपल ।

Populus deltoides, Sorce : nadiatalent, ne.wukipedia.org

(ख) नेपाली बृहत् शब्दकोश (लहरेपीपल) : हाँगाबाट लहरा निस्कने एक जातको पीपल ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Ficus retusa* Linn. हो । यो एक यकीन हुन नसकेको वनस्पति हो ।

(घ) हिन्दी विश्वकोश (गजपादप) : गजप्रियः पादपः । स्थालीवृक्ष । वेलियापीपल ।

(ङ) शालिग्राम वैद्य : वेलिया (लहरे) पीपल पनि पीपलकै एक जात हो । यसका पात ठूल्ठूला हुन्छन् । यसका हाँगामा पनि टुसा हुन्छन् । यसको जरा अति मोटो हुन्छ ।

(च) शिवकोश : नन्दीवृक्ष, गजपादप आदि संस्कृत नाम भएको वृक्षलाई लोकमा वेलियापीपल भन्दछन् ।

(छ) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 : लहरेपीपल Salicaceae परिवारमा पर्दछ । यसको अंग्रेजी नाम Aspen तथा ल्याटिन नाम *Populus × canadensis* Moench हो ।

(ज) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : लहरेपीपल Angiosperm समूह अन्तर्गत Salicaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Populus deltoides* W.Bartram ex Marshall हो ।

(झ) मोनियर विलियम्स : गजपादप भनेको Elephant-tree (Bignonia suaveolens Lit. Bhpr.) हो ।

नोट : गजपादप नामक वृक्षका सम्बन्धमा पनि एकमत पाइएको छैन । कसैले पादपको अर्थ गोडा लगाएर हात्तीको गोडाजस्तो फेद हुने वृक्ष (Elephant-tree, Bignonia suaveolens Lit. Bhpr.) लाई गजपादप लेखेको पनि पाइन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

नन्दीवृक्षोऽश्वत्थभेदः प्ररोही गजपादपः॥ स्थालीवृक्षः क्षयतरुः क्षीरी च स्याद्वनस्पतिः । नन्दीवृक्षो लघुः स्वादुस्तिक्तस्तुवर उष्णकः॥ कटुपाकरसो ग्राही विषपित्तस्रजित् ।

Populus × canadensis, Source : jojan, wikipedia commons

नन्दीवृक्ष, अश्वत्थभेद, प्ररोही, गजपादप, स्थालीवृक्ष, क्षयतरु, क्षीरी र वनस्पति : यी लहरेपीपलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन हलुका, स्वादिलो, तीतो, टर्रो र गर्मीगर्ने गुणको हुन्छ । पचेपछि पिरो हुन्छ । यो सङ्ग्राही तथा विषविकार, पित्तविकार, कफविकार र रक्तविकार नाशक हुन्छ ।

(ख) मदनपाल निघण्टु :

नन्दीवृक्षोऽश्वत्थभेदः प्ररोही गजपादपः । नन्दीवृक्षोऽश्वत्थगुणो लघूष्णो गरनुत्पुनः॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

नन्दीवृक्ष, अश्वत्थभेद, प्ररोही र गजपादप : यी लहरेपीपलका संस्कृत पर्यायवाची नामहरू हुन् । यसमा पीपलका गुण हुन्छन् । यो पचाउन सहज, उष्णवीर्य भएको र गरविष नाशक हुन्छ ।

गडु (ढाडांतर हुने गिखा)
(Gadu)

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

...पृष्ठग्रन्थौ गडुर्भवेत् ।

ढाडतिर हुने गाँठोलाई पृष्ठग्रन्थी वा गडु भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गांणकारां (वनस्पांतांवशेष)
(Ganikaree)

परिभाषा :

(क) के.यन.स्वामी : (१) गणिकारी : गिनेरी । (२) काञ्चनिका, गन्धकुसुमा, मदमादिनी : गोदावरी फूल । (३) काञ्चनपुष्पकम् : वनमाली फूल । (४) वसन्तदूती : पाडरी । रातो गुलाफ । सानो जातको नेवारी । गोदावरी फूल । (५) अतिमोदा : नेवारी फूल । गोदावरी फूल । (६) वासन्ती : वसन्ती वा वराती फूल । सानो नेवारी बेली । गिनेरीको रूख ।

(ख) आचार्य बालकृष्ण : गोदावरीलाई संस्कृतमा सेवन्ती वा शतपत्री भनिन्छ ।

(ग) हिन्दी विश्वकोष : गणिकारी : पुष्पवृक्षविशेष । गनियारको रूख । वसन्त ऋतुमा फूल फुली चारैतिर सुगन्धित पार्दछ ।

(घ) अन्यत्र प्रायः यसलाई गिनेरी (अग्निमन्थ)को अर्थमा व्याख्या गरिएको पाइन्छ । राजनिघण्टुका एक टीकाकार डा.सतिश चन्द्र साङ्ख्यधर यसलाई पहिचान हुन नसकेको वनस्पति भन्दछन् ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

गणिकारी काञ्चनिका काञ्चनपुष्पी वसन्तदूती च ।
गन्धकुसुमाऽतिमोदा वासन्ती मदमादिनी चैव ॥
गणिकारी सुरभितरा त्रिदोषशमनी च दाहशोषहरा ।
कामक्रीडाऽऽडम्बरशम्बरहरचापलप्रसरा ॥

संकलन : मोहन प्रसाद सापकोटा

गणिकारी, काञ्चनिका, काञ्चनपुष्पी, वसन्तदूती, गन्धकुसुमा, अतिमोदा, वासन्ती र मदमादिनी : यी गणिकारीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो सुगन्धी तथा त्रिदोष, डाह र सुजन नाशक हुन्छ । यसले मैथुन क्षमता, घमण्ड र भाग्य नाश गर्दछ तथा चञ्चलता बढाउँदछ ।

गणेरुक (सयपत्री)
(Marigold)

परिभाषा :

(क) के.यन.स्वामी : गणेरुका, कर्णिकार र गणिकारिका भनेको सयपत्री हो । झण्डुक, स्थूलपुष्पा र झेण्डूक भनेको मखमली फूल हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) थुँगेफूल, पद्मचारिणी, शतदल, पद्मा : सयपत्री । (२) सयपत्री : छेउमा करौँतीजस्ता धार परेका नरम लामा पात र धेरै पत्र हुने पहेँला वा सुनौला रङको फूल फुल्ने एक जातको बोट । त्यसैको फूल । (३) सान्थुङ्गे : सानो एक जातको सयपत्री । (४) केत्तुके : सयपत्रीको नाभो फूल । (५) ठुलथुँगे : ठूलठूलो थुँगा हुने एक जातको सयपत्री; ठुलथुङे ।

नेपाल राष्ट्र बैंक, पोखराको अतिथि गृह परिसरमा फुलेका सयपत्री, तस्विर श्रोत : स्वयम्

(ग) आचार्य बालकृष्ण : सयपत्रीका विभिन्न जात हुन्छन् । यसलाई संस्कृतमा झण्डू, गणेरुक र स्थूलपुष्प; हिन्दीमा गेंदा (हजारा, सुरनाई, कौकहान); नेपालीमा सयपत्री; अंग्रेजीमा Marigold, African marigold, Big marigold वा French marigold तथा वनस्पति शास्त्रमा *Tagetes erecta* Linn. वा *Tagetes excelsa* Soule. भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

प्राचीन ग्रन्थका वचनहरू :

(क) मदनपाल निघण्टु :

गणेरुकः कर्णिकारः कर्णश्च गणिकारिका । गणेरुः शोधनी शोफश्लेष्मास्रव्रणकुष्ठनुत्॥

गणेरुक, कर्णिकार, कर्ण र गणिकारिका : यी सयपत्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो प्रशोधक तथा सुजन, कफविकार, रक्तविकार, घाउखटिरा र कुष्ठ नाशक हुन्छ ।

(ख) राज निघण्टु :

झण्डूः स्यात्स्थूलपुष्पा तु झण्डूको झेण्डुकस्तथा ।
झण्डूः कटुकषायः स्यात् ज्वरभूतग्रहापहा॥

झण्डू, स्थूलपुष्पा, झण्डूक र झेण्डुक : यी सयपत्रीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो र टर्रो हुन्छ । यसले जरो, भूतबाधा र ग्रहबाधा हटाउँदछ ।

गण्डमाला (रोगविशेष)
(Inflammation of the glands)

परिभाषा :

(क) के.यन.स्वामी : मालाझैं गरी गलाको वरिपरिदेखि छातीसम्म आउने खटिरो ।

(ख) नेपाली बृहत् शब्दकोश : घाँटीमा वरिपरि मालाका आकारको गाँठैगाँठा परेर आउने रोग; कण्ठमाला ।

(ग) हिन्दी विश्वकोश : (१) गण्डमाला : गण्डानां ग्रीवाजातस्फोटविशेषाणां माला समूहोऽस्यां । घाँटीमा आउने एक प्रकारको रोग, गलगण्ड, कण्ठमाला । (२) गण्डमालिका : गण्डानां ग्रन्थीनां माला यत्र । गाँठाहरूको मालाको आकारको समूह ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **भावप्रकाश संहिता, माधव निदान :**

कर्कन्धुकोलामलकप्रमाणैः कक्षांसमन्यागलवङ्क्षणेषु॥
मेदःकफाभ्यां चिरमन्दपाकैः स्याद्गण्डमाला बहुभिश्च गण्डैः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

काखी, काँध, घिच्रो, घाँटी, तिघ्रा र टुइँकेको जोर्नी जस्ता स्थानमा बोसोविकार र कफविकारका कारण अगुजेबयर, बयर वा अमला जत्रा ढिला गरेर विस्तारै विस्तारै पाक्ने अनेक गाँठालाई गण्डमाला भनिन्छ ।

गण्डाली (घोडे दूबो)
(Barmuda grass)

परिभाषा :

(क) के.यन.स्वामी : (१) मत्स्याक्षी भनेको घोडेदूबो हो । (२) गण्डाली : घोडे दूबो । सेतो दूबो । (३) गण्डदूर्वा : खस वा उशीर । घोडे दूबो । (४) अतितीव्रा, मत्स्याक्षी, मीननेत्रा, सूचीपत्रा, जलस्था, कलाया, चित्रा : घोडे दूबो । (५) वारुणी : दूबो । (७) ग्रन्थिपर्णी : घोडे दूबो । लहरे दूबो । (८) श्यामकाण्डा : लहरे दूबो । (९) शकुलाक्षी : सेतो दूबो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) गण्डदूर्वा : घोडेदूबो । (२) घोडे दूबो : कुशका जस्ता फूल फुल्ने साह्रो र ठूलो एक जातको दुबो । (३) ढोडे बन्सो : घोडेदूबो । (४) पटपटे : मोटो जातको दुबो; घोडे दूबो ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यो प्रायः जलाशयका किनारमा उम्रन्छ । दूबो जस्तै तर दूबोकाभन्दा ठूला डाँठ र पात हुन्छन् ।

(घ) घोडे दूबोलाई अंग्रेजीमा Barmuda grass भनिन्छ । यसको पनि ल्याटिन नाम दूबोकै अर्थात् *Cynodon dactylon* भनी दिइएको छ । यसैले चारै प्रकारका दूबोको विवरण पनि हेर्नु हुन ।

घोडेदुबो (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

सङ्कलन : मोह

अपरा चण्डा तीव्रा गन्धाली गन्धदूर्वा स्यात् ।
मत्स्याक्षिकाखिलाक्षी वल्ली नाली कलाया च॥

चण्डा, तीव्रा, गन्धाली, गन्धदूर्वा, मत्स्याक्षिका, अखिलाक्षी, वल्ली, नाली र कलाया : यी घोडेदूबोका पर्यायवाची नाम हुन् ।

(ख) अभिधानरत्नमाला :

महादूर्वा तु गण्डाली वारुणीशकुलाक्षिका ।

महादूर्वा, गण्डाली, वारुणी र शकुलाक्षिका : यी घोडेदूबोका पर्यायवाची नाम हुन् ।

(ग) कैयदेव निघण्टु :

मत्स्याक्षको मत्स्यगन्धा वाह्नी नाडीकलायका: ।
मत्स्यादनी तु गण्डाली तथा गर्तकलम्बुका:॥
मत्स्याक्षस्तुवरस्तिक्तः कषायो मधुरो हिमः । कटुपाको लघुर्ग्राही लोहद्राव्यनिलप्रदः॥

बलासांपत्ततृष्णास्रकुष्ठदाहज्वरापहः ।

मत्स्याक्षका, मत्स्यगन्धा, वाह्नी, नाडीकलायका, मत्स्यादनी, गण्डाली र गर्तकलम्बुका : यी घोडेदूबोका पर्यायवाची नाम हुन् । यो टर्रो, तितो, टर्रो (दोहोरो परेको), गुलियो, शीतवीर्यको, पचेपछि पिरो, पचाउन सहज, ग्राही, फलाम पगाल्ने, वातविकार गर्ने तथा कफविकार, पित्तविकार, तिर्खा, रक्तविकार, कुष्ठ, डाह र जरो नाश गर्ने गुणको हुन्छ ।

(घ) **धन्वन्तरि निघण्टु :**

गण्डदूर्वा च गण्डाली तीव्रा मत्स्याक्षिकाऽपि च । बाह्नी नाडीकलापश्च वारुणी शकुलाक्षिका ॥

गण्डदूर्वा, गण्डाली, तीव्रा, मत्स्याक्षिका, बाह्नी, नाडीकलाप, वारुणी र शकुलाक्षिका : यी घोडेदूबोका पर्यायवाची नाम हुन् ।

(ङ) **निघण्टुशेष :**

गण्डदूर्वायां गण्डाली वारुणी शकुलाक्षकः ।
(श्वेतदूर्वाविशेषोऽयम्, गण्डैः-ग्रन्थिभिरल्यते गण्डाली । ... वारुणी । शकुलस्येव अक्षि अस्य शकुलाक्षः, मत्स्याक्षितुल्यग्रन्थिः, स्वार्थिके के शकुलाक्षकः ।) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गण्डदूर्वा, गण्डाली, वारुणी र शकुलाक्षक : यी घोडेदूबोका पर्यायवाची नाम हुन् ।

(च) **भावप्रकाश निघण्टु :**

गण्डदूर्वा तु गण्डाली मत्स्याक्षी शकुलादनी । गण्डदूर्वा हिमा लोहद्राविणी ग्राहिणी लघुः ॥
तिक्ता कषाया मधुरा वातकृत्कटुपाकिनी । दाहतृष्णाबलासास्रकुष्ठपित्तज्वरापहा ॥

गण्डदूर्वा, गण्डाली, मत्स्याक्षी र शकुलादनी : यी घोडेदूबोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतल गर्ने, फलाम समेत पगाल्ने, कब्जियत गराउने, पचाउन सहज, तीतो, टर्रो र गुलियो स्वादको हुन्छ । यसले वातविकार बढाउँदछ र पचेपछि पिरो हुन्छ । यसले डाह, तिर्खा, कफविकार, रक्तविकार, कुष्ठ र पित्तज्वर नाश गर्दछ ।

(छ) **मदनपाल निघण्टु :**

गण्डदूर्वा मत्स्यगन्धा मत्स्याक्षी शकुलादनी । गण्डदूर्वा हिमा लोहद्राविणी ग्राहिणी लघुः ॥
दाहतृष्णाबलासास्रकुष्ठपित्तज्वरापहा ॥

गण्डदूर्वा, मत्स्यगन्धा, मत्स्याक्षी र शकुलादनी : यी घोडेदूबोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ र फलाम पगाल्दछ ।यो ग्राही र पचाउन हलुका हुन्छ । यसले डाह, तिर्खा,

कफविकार, रक्तविकार, कुष्ठ, पित्तविकार र जरो नाश गर्दछ ।

(ज) मदनादि निघण्टु :

गण्डदूर्वा तु गण्डाली नीवामत्स्याक्षिकाऽपि च । बाह्ली नालीकलायाश्च वारुणी शकुलाक्षिका ॥
वीर्ये शीता पित्तहरा विसर्पघ्नी ज्वरापहा । रक्तप्रसादनी ज्ञेया दूर्वा सञ्जीवनी परा ॥

गण्डदूर्वा, गण्डाली, नीवा, मत्स्याक्षिका, बाह्ली, नालीकलाया, वारुणी र शकुलाक्षिका : यी घोडेदूबोका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको; वित्तविकार, विसर्प र जरो नाश गर्ने; रगतलाई सफा गर्ने र जीवनदान दिने गुणको हुन्छ ।

(ग) राज निघण्टु :

गण्डाली स्याद्गण्डदूर्वाऽतितीव्रा मत्स्याक्षी स्याद्वारुणी मीननेत्रा ।
श्यामाग्रन्थि ग्रन्थिला ग्रन्थिपर्णी सूचीपत्रा श्यामकाण्डा जलस्था ॥
शकुलाक्षी कलाया च चित्रा पञ्चदशाह्वया ॥
गण्डदूर्वा तु मधुरा वातपित्तज्वरापहा । शिशिरा द्वन्द्वदोषघ्नी भ्रमतृष्णाश्रमापहा ॥

(१) गण्डाली, (२) गण्डदूर्वा, (३) अतितीव्रा, (४) मत्स्याक्षी, (५) वारुणी, (६) मीननेत्रा, (७) श्यामाग्रन्थि, (८) ग्रन्थिला, (९) ग्रन्थिपर्णी, (१०) सूचीपत्रा, (११) श्यामकाण्डा, (१२) जलस्था, (१३) शकुलाक्षी (१४) कलाया र (१५) चित्रा : यी पन्ध्र नाम घोडे दूबोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो दूबो गुलियो तथा वातविकार, पित्तविकार र ज्वर नाशक हुन्छ । यो शीतवीर्यको, त्रिदोषमध्ये दुई दोष मिलेर हुने विकार, भ्रम, तिर्खा र थकाई नाशक हुन्छ ।

गदोद्वेग (मानसिक रोगविशेष)
(Hypochondriasis)

(क) **माधव निदान, परिशिष्ट :**

अत्यन्तदुर्बलतया मनसोऽथ मस्तिष्कस्यातिसम्भ्रमवशान्नु मानवानाम् ।
नूनं वृथा विविधकल्पनयैकजातः ख्यातः स आमय इहाद्य श्रृणुष्व तं त्वम्॥
उपर्युक्तहेतुप्रजातामयो वै गदोद्वेगसंज्ञो भिषग्भिः प्रदिष्टः ।
विना व्याधिना व्याधिशङ्का यदि स्यात्तदा तं गदोद्वेगमेवात्र विद्यात्॥
पदार्थस्य राहित्यतः सर्वथा सोऽपदार्थो गदो भाषितः संज्ञयाऽद्धा॥

बान्ता गर्दा गर्दा अति कमजोर भएपछि दिमागमा अति नै भ्रम हुन थाल्दछ । यसपछि मानिसले अनेक थरी काल्पनिक रोगका बारेमा सोच्न थाल्दछ । यसरी कल्पनाबाट उत्पन्न हुने रोगलाई वैद्यजन "गदोद्वेग" भन्दछन् । यदि रोग नहुँदा पनि रोगको शङ्का हुन्छ भने त्यसलाई गदोद्वेग रोग भनी थाहा पाउनु पर्दछ । जुन पदार्थका बारेमा रोगीलाई ज्ञान हुन्छ वास्तवमा त्यही पदार्थको अस्तित्व नरहने हुनाले यो रोगलाई "अपदार्थगद" पनि भन्ने गरिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गन्धक
(Sulphur)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : गन्धक, गन्धाश्मन् र सौगन्धिक भनेको गन्धक हो ।

(ख) के.यन.स्वामी : ज्वालामुखी फुट्दा वा खानीबाट धातु निकाल्दा माटोसँग मिलेर निस्कने एक धातु । गन्धकमा गन्ध रहन्छ, यो ओखती, रोगन आदि बनाउँदा प्रयोग हुन्छ ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) गन्धक : बारुद आदि बिष्फोटक पदार्थमा र कीटाणुनाशक विषालु औषधीमा प्रयोग हुने, तीखो हरक र पहेँलो रङ भएको एक खनिज पदार्थ वा उपधातु । (२) तातापानी : जमिनमनिबाट गन्धक, चुन आदिको संयोगले तातेर निस्कने पानी । (३) दूधगन्धक : सेतो रङको गन्धक ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : गन्धकलाई ल्याटिन भाषामा *Sulphur* भनिन्छ । गन्धक बढी मात्रामा चून र जिप्सम (खनिज विशेष) भएका स्थानमा पाइन्छ ।



गन्धिक (गन्धकको खानी, पाकिस्तान), तस्बिर श्रोत : पेयर डी अमरकोश

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

गन्धाह्वं वैगन्धं गन्धाढ्यं गन्धपाषाणम् ।
सौगन्धि च गन्धफलं निकृन्तकं गन्धकं प्रोक्तम् ॥

गन्धाह्व (गन्धका पर्याय), वैगन्ध, गन्धाढ्य, गन्धपाषाण, सौगन्धि, गन्धफल, निकृन्तक र गन्धक : यी गन्धकका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

वैगन्धकं सुगन्धश्च गन्धकं गन्धको बली ।

वैगन्धक, सुगन्ध, गन्धकम्, गन्धक र बली : यी गन्धकका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

गन्धक, गन्धाश्मन् र सौगन्धिक : यी गन्धकका पर्यायवाची नाम हुन् ।

(घ) अर्कप्रकाश :

रुधिरस्थेषु कृमिषु गन्धकार्कं पिबेत्तु यः । रात्रौ जागरणं कुर्यात् रक्तकृमिनिवर्त्तते ॥

गन्धकको अर्क पिई रातभर जागराम बस्नाले चमजुम्रा (रक्तकृमि) नष्ट हुन्छन् ।

गन्धकं भूमिलवणं सममेकत्र चूणयेत् ॥ अनातपेमतूरस्य तोयः पात्रै विनिक्षिपेत् ।
निष्कास्य तज्जलं प्रातः सममम्लेन मर्दयेत् ॥ पुनर्दत्वा जलं क्षिप्त्वा शतवारं समाचरेत् ।
जायते गन्धको दिव्यः श्वेतोगन्ध विवर्जितः ॥ शतधा भावयेत्तं तु कदलीकाण्डजैर्जलैः ।
दीप्तो न जायते वह्निस्तत्संयोगात्कदाचन ॥ सुगन्धार्केण भाव्योऽसौ नखबारं प्रयत्नतः ।
को वा तस्य गुणं वक्तुं भुवि शक्तो हि मानवः ॥ हन्ति कुष्ठदिका रोगान् पामादीनां तु का कथा ।

गन्धाश्म (गन्धक), तस्बिर श्रोत : पेयर डी अमरकोश

गन्धक र खारा नुन बराबर मिसाई पिँध्नू । यसपछि मसुरोको पानीमा हाली शीतलमा राख्नू । बिहान पानी निथारेर अमिलो रस हाली मोल्नू । फेरी मसुरोको रसमा हाली छायामा राख्नू । बिहान पानी निथारेर अमिलोसँग घोट्नू । यस्तो सय पटक गर्नू । यसो गर्नाले गन्धक दिव्य, सेतो र नगनाउने हुन्छ । त्यसपछि यो गन्धकलाई केराको जराको पानीमा सय पटक भिजाउनू । यसपछि यो हाल्दा आगो पनि नबल्ने हुन्छ । अनि यसलाई पुनः फ्याक्सेकन्दको अर्कमा बीस पटक भिजाउनू । अब यो गन्धकको गुणको वर्णन पृथ्वीको कुन मानिसले गर्न सक्ला र ? यसले कुष्ठ आदि रोगलाई समेत नाश गर्दछ भने लुतो आदिका के कुरा गर्नु ?

(ङ) अष्टाङ्ग निघण्टु :

सौगन्धिको गन्धकस्तु वैगन्धो गन्धको बलिः ।

सौगन्धिक, गन्धक, वैगन्ध, गन्धक र बलि : यी गन्धकका पर्यायवाची नाम हुन् ।

(च) **कैयदेव निघण्टु :**

वैगन्धो गन्धपाषाणो गन्धको गन्धमादनः । लेली लेलीतको गन्धो गन्धाश्मा गन्धपीतकः ॥
वशङ्कारो बलिवसा वटसौगन्धिको बलीः । शुल्बशत्रुर्धातुमारी शुकपुष्पो निकृन्तकः ॥
गन्धकः कटुकस्तिक्तो वीर्योष्णस्तुवरः सरः । पित्तलः कटुकः पाके कण्डूविसर्पकुष्ठनुत् ॥
कफवातक्षयप्लीहकृमीन् हन्ति रसायनम् ।

वैगन्ध, गन्धपाषाण, गन्धक, गन्धमादन, लेली, लेलीतक, गन्ध, गन्धाश्मा, गन्धपीतक, वशङ्कार, बलिवसा, वटसौगन्धिक, बली, शुल्बशत्रु, धातुमारी, शुकपुष्प र निकृन्तक : यी गन्धकका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, उष्णवीर्यको, टर्रो, मलमूत्रलाई तलतिर सार्ने, पित्तविकार गर्ने, पचेपछि पिरो तथा चिलाउने रोग, विसर्प, कुष्ठ, कफविकार, वातविकार, क्षयरोग, फियोका रोग र कीरा नाशगर्ने गुणको एवं रसायनी हुन्छ ।

(छ) **धन्वन्तरि निघण्टु :**

गन्धको गन्धपाषाणो लेलीनो(तो) गन्धमादनः ॥
पूतिगन्धो बलिवसा गन्धाश्मा धातुहा बली ।
गन्धकः कटुतिक्तोष्णस्तीव्रगन्धोऽतिगन्धकृत् ॥ विषघ्नः कुष्ठकण्डूतिकच्छूत्वग्दोषनाशनः ।

गन्धक, गन्धपाषाण, लेलीन (त), गन्धमादन, पूतिगन्ध, बलिवसा, गन्धाश्मा, धातुहा र बली : यी गन्धकका पर्यायवाची नाम हुन् । यो पिरो, तितो, उष्णवीर्यको, कडा गन्ध आउने, अति गनाउने तथा विषविकार, कुष्ठ, लुतो, कडा लुतो र छालाका अन्य रोग नाश गर्ने गुणको हुन्छ ।

सौगन्धिक (गन्धक मिश्रित तातोपानीमा नुहाइरहेका मानिस, म्याग्दी, नेपाल), तस्बिर श्रोत : न्युजअफनेपाल डटकम

वटसौगन्धिको गन्धो गन्धको गन्धमादनः ॥ लेलीनो
गन्धपाषाणो लेलीतश्च निकृन्तक(न): ।
त्वग्दोषकुष्ठवीसर्पलोहसंहारि सूतहा ॥ रसायनवरो ह्येष कटूष्णो गन्धको मतः ।

वटसौगन्धिक, गन्ध, गन्धक, गन्धमादन, लेलीन, गन्धपाषाण, लेलीत र निकृन्तक(न) : यी गन्धकविशेषका पर्यायवाची नाम हुन् । यसले कुष्ठ, वीसर्प आदि जस्ता छालाका रोग नाश गर्दछ । फलाम र पारोलाई प्रशोधन गर्दछ । यो पिरो र उष्णवीर्यको हुन्छ भनिएको छ ।

(ज) **पर्यायरत्नमाला :**

गन्धको गन्धपाषाणः पामाघ्नश्च सुगन्धकः ।

गन्धक, गन्धपाषाण, पामाघ्न र सुगन्धक : यी गन्धकका पर्यायवाची नाम हुन् ।

(झ) **पारद संहिता :**

श्वेतद्वीपपुरे देव्याः क्रीडन्त्याः प्रसृतं रजः । क्षीरार्णवे तु स्नाताया दुकूलं रजसान्वितम्॥
धौतं यन्मथितं वस्त्रं गन्धवद्गन्धकं स्मृतम्॥ (टो० नं०)

श्वेतद्वीपमा खेलिरहँदा पार्वती रजस्वला भइन् । तब पार्वतीले रजोधर्म लतपतिएको गन्धसहितको वस्त्रलाई क्षीरसमुद्रमा माडीमाडी धोइन् । यसैले त्यसबाट उत्पन्न भएको पदार्थलाई गन्धक भनिन्छ ।

पूर्वं द्वीपवरे सिते गिरिसुता क्षीराब्धितीरे मुदा
क्रीडन्ती सखिभिर्वृता धृतकरा धौतं रजस्तद्गतम् ।
जातं गन्धकमद्भुतं सुरगणैस्तन्मन्थने चोद्धृतं
तद्गन्धैर्मुदताः सुरासुरगणाः प्रोचुस्तदाख्यामिमाम्॥
गन्धाश्मायमिति क्षितौ गदगणध्वस्त्यै चिरं जृम्भताम्॥ (र० सा० प०)

प्राचीन समयमा क्षीरसागरको किनारमा रहेको श्वेतद्वीप नामक उत्तम द्वीपमा सखीहरूसँग आनन्दपूर्वक खेलिरहेकी पार्वती रजस्वला भई समुद्रमा स्नान गर्दा उनको रज समुद्रको पानीले पखालियो र त्यसबाट गन्धक उत्पन्न भयो । पछि यसलाई समुन्द्र मन्थन गर्दा निस्कियो र त्यसको सुगन्धले देवता र दानव खुशी भए अनि गन्धक (गन्धाश्म) भनी नाम राखे । उक्त गन्धकले पृथ्वीका अनेकौं रोगलाई नाश गर्नेछ ।

श्वेतद्वीपे पुरा देवि सर्वरत्नविभूषिते । सर्वकाममये रम्ये तीरे क्षीरपयोनिधेः ॥
विद्याधरादिमुख्याभिरङ्गनाभिश्च योगिनाम् । सिद्धाङ्गनाभिः श्रेष्ठाभिस्तथैवाप्सरसां गणैः ॥
देवाङ्गनाभी रम्याभिः क्रीडिताभिर्मनोहरैः । गीतैर्नृत्यैर्विचित्रैश्च वाद्यैर्नानाविधैस्तथा ॥
एवं संक्रीडमानायाः प्राभवत्प्रसृतं रजः । तद्रजोऽतीव सुश्रोणि सुगन्धि समनोहरम्॥
रजश्चाति बाहुल्याद्वासस्ते रक्ततां ययौ । तत्र त्यक्त्वम तु तद्वस्त्रं सुस्नाता क्षीरसागरे ॥
वृता देवाङ्गनाभिस्त्वं कैलासं पुनरागता । ऊर्भिमिस्तद्रमजो वस्त्रं नीतं मध्ये पयोनिधः ॥
एवं ते शोणितं भद्रे प्रवृष्टं क्षीरसागरे । क्षीराब्धिमथेन चैव अमृतेन लहोत्सिमम्॥
निजगन्धेन तान् सर्वान् हर्षयन् सर्वदानवान् । ततो देवगणैरुक्तं गन्धकाख्यो भवत्वयम्॥
इति देवगणैः प्रीतैः पुरा प्रोक्तं सुरेश्वरि ।
तेनायं गन्धको नाम विख्यातः क्षितिमण्डले॥१३॥ (र० र० सं०)

हे देवी ! पूर्वकालमा अनेक थरी रत्नले युक्त सबैका चाहना पूरा गर्ने श्वेतद्वीपको क्षीरसागरको किनारमा (तिमी) उत्तमभन्दा उत्तम विद्याधरका पत्नी, सिद्धका पत्नी, योगिराजका पत्नी, श्रेष्ठ अप्सराहरू र देवताका पत्नीहरूसँग खेलबाड,मनोहर गीत, नृत्य र अनेक थरी बाजाका साथ रमाइरहेका बेलामा तिमी रजस्वला भएकी थियौ । त्यसबेला त्यो रज अत्यन्त मनोहर र सुन्दर थियो । धेरै रज बहन गई त्यसबेला तिमीले लगाएका वस्त्र पनि रङ्गिएका थिए । अनि तिमीले ती वस्त्र त्यहीँ किनारमा छाडी समुद्रमा गएर नुहाई देवताका स्त्रीसँगै लिएर कैलाशतिर गएकी थियौ । पछि तिमीले किनारमा छाडेका तिम्रा कपडा लहरले समुद्रभित्र लगेको थियो । यसरी तिम्रो रज क्षीरसमुद्रमा गएको थियो । तिम्रो यही रज समुन्द्र मन्थन गर्दा अमृत (पारो) सहित उत्पन्न भयो र आफ्नो सुगन्धले देवता र दानवलाई प्रसन्न पार्न लाग्यो । तब देवताहरूले “यसको नाम गन्धक हुनुपर्दछ, पारोलाई नियन्त्रण र प्रशोधन गर्न यो समर्थ हुनेछ, जेजस्ता गुण पारोमा हुन्छन् तिनै गुण गन्धकमा पनि हुनेछन्” भने । यसरी प्रसन्न भएका देवताले प्राचीन कालमा यी कुरा गरेका थिए । यो पदार्थ पृथ्वीमा गन्धकका नामले प्रसिद्ध भयो ।

बलिना सेवितः पूर्वं प्रभूतबलहेतवे । वासुकिं कर्षस्तस्य तन्मुखज्वालया द्रुता ॥
वसागन्धकगन्धाढ्या सर्वतो निसृताः तनोः । गन्धकत्वं च सम्प्राप्ता गन्धोऽभूत्सविषः स्मृतः ॥
तस्माद्बलिवसेत्युक्तो गन्धकोऽतिमनोहरः ॥ (र० र० स०)

प्राचीनकालमा राजा बलिले अधिक बलियो हुन गन्धकको सेवन गरेका थिए । अनि समुन्द्र मन्थनका बेलामा वासुकीका मुखको ज्वालाले वासुकीलाई तान्दै तिनै राजा बलिको शरीरबाट जुन सुगन्धयुक्त बोसो निस्कियो र गन्धक बन्न पुग्यो । त्यो विषनामक गन्धकलाई यसैकारण बलिवसा भन्ने गरिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ञ) **भावप्रकाश निघण्टु :**

श्वेतद्वीपे पुरा देव्याः क्रीडन्त्या रजसाप्लुतम् । दुकूलं तेन वस्त्रेण स्नातायाः क्षीरनीरधौ ॥
प्रसृतं यद्रजस्तस्माद्गन्धकः समभूत्तदा ।

श्वेतद्वीप (पुराण अनुसार क्षीरससागर नजिकको एक टापु जहाँ विष्णुको निवासस्थान छ) मा खेलिरहेकी देवी (महामाया दुर्गा) रजस्वला हुँदा उनको पातलो पछेउरा रजले भिज्न पुग्यो । त्यसपछि उनले कपडा सहित नै क्षीरसागरमा नुहाइन् । त्यसबेला त्यो वस्त्रबाट जुन रज फैलियो त्यसबाट गन्धक उत्पत्ति हुन पुग्यो ।

गन्धको गन्धिकश्चापि गन्धपाषाण इत्यपि ॥ सौगन्धिकश्च कथितो बलिर्बलरसोपि च ।

गन्धक, गन्धिक, गन्धपाषाण, सौगन्धिक, बलि र बलरस : यी गन्धकका संस्कृत पर्यायवाची नामहरू हुन् ।

चतुर्धा गन्धकः प्रोक्तो रक्तः पीतः सितोऽसितः ॥
रक्तो हेमक्रियासूक्तः पीतश्चैव रसायने । व्रणादिलेपने श्वेतः कृष्णः श्रेष्ठः सुदुर्लभः ॥

रातो, पहेँलो, सेतो र कालो गरी चार प्रकारका गन्धक हुन्छन् । सुन बनाउनले रातो, रसायनको काममा पहेँलो, घाउको उपचार गर्न सेतो र सबै काममा कालो गन्धक उत्तम हुन्छ । तर, कालो गन्धक दुर्लभ हुन्छ ।

गन्धक कटुकस्तिक्तो वीर्योष्णस्तुवरः सरः । पित्तलः कटुकः पाके कण्डुवीसर्पजन्तुजित्॥
हन्ति कुष्ठक्षयप्लीहकफवातान् रसायनः॥

(प्रशोधित वा शुद्ध) गन्धक टर्रो, पिरो र तीतो हुन्छ । यसले गर्मी गर्दछ तथा मलमूत्रलाई तलतिर सार्दछ । गन्धकले पित्तविकार बढाउँदछ । यो पचेपछि पिरो हुन्छ । यसले लुतो, वीसर्प, कीरा, कुष्ठ, क्षयरोग, फियोका रोग, कफविकार र वातविकार नाश गर्दछ । यो रसायनी हुन्छ ।

अशोधितो गन्धक एष कुष्ठं करोति तापं विषमं शरीरे ।
सौख्यं च रूपं बलं तथौजः शुक्रं निहन्त्येव करोति चास्रम्॥

अप्रशोधित गन्धकले कुष्ठरोग तथा शरीरमा डाह वा विषमज्वर उत्पन्न गर्दछ । यसले सुख, रूप, बल, ओज र शुक्र नाश गर्नुका साथै रक्तविकार समेत उत्पन्न गर्दछ ।

(ट) मदनपाल निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

गन्धः सौगन्धको लेखी गन्धाश्मा गन्धपीतकः । लेलीतको बलिवसा वेगन्धो गन्धको बलिः॥
गन्धकः कटुकः पाके वीर्योष्णः पित्तलः सरः । हन्ति कुष्ठक्षयप्लीहकफवातरसामयान्॥

गन्ध, सौगन्धक, लेखी, गन्धाश्मा, गन्धपीतक, लेलीतक, बलिवसा, वेगन्ध, गन्धक र बलि : यी गन्धकका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचेपछि पिरो हुन्छ । गन्धक उष्णवीर्य भएको, पित्तविकार बढाउने र मलमूत्र तलतिर सार्ने गुणको हुन्छ । यसले कुष्ठ, क्षयरोग, फियोका रोग, कफविकार, वातविकार र पारोजन्य विकार नाश गर्दछ ।

(ठ) माधवद्रव्यगुण :

गन्धकं कृमिकुष्ठघ्नं विषनेत्रामयापहम् ।

गन्धक कीरा, कुष्ठ, विषविकार र आँखाका रोग नाश गर्ने गुणको हुन्छ ।

(ड) रस रत्नाकर :

साज्यं भाण्डे पयः क्षिप्त्वाः खं वस्त्रेण बन्धयेत् । तत्पृष्ठे चूर्णितं गन्धं क्षिप्त्वास्रावेण शोधयेत्॥
भाण्डं निक्षिप्य भूम्यन्ते ऊर्ध्वे देयं पुटं लघु । ततः क्षीरे द्रुतं गन्धं शुद्धं योगेषु योजयेत्॥

घिउ मिसाइएको दूधलाई एउटा भाँडामा हाल्नू । त्यो भाँडोको मुख कपडाले बेरेर बन्द गर्नू । अनि त्यो कपडामाथि गन्धकको धूलो राख्नु र त्यसमाथि माटाको प्याला वा रिकापी राख्नू । यसपछि त्यो भाँडालाई जमिनमा खाल्डो खनेर राखी त्यसमाथि मन्द आँचलको आगो बाल्नू । यसपछि चाँडै गन्धक गएर दूधमा मिसिन्छ । यो शुद्ध गन्धकलाई विभिन्न ओखती बनाउन प्रयोग गर्नू ।

अथवाऽर्कस्नुहीक्षीरैर्वस्त्रं लेप्यञ्च सप्तधा । गन्धकं नवनीतेन पिष्ट्वा वस्त्रं प्रलेपयेत् ॥
तद्वह्निज्वलितादेशेहृत्वाधार्याह्यधोमुखा । तैलं पतेदधो भाण्डे ग्राह्यं योगेषु योजयेत् ॥
शुद्धो गन्धो हरेद्रोगान्कुष्ठमृत्युज्वरादिकान् । अग्निकारी महानुष्णो वीर्यवृद्धिं करोति च ॥

अथवा आँक र सिउँडीको दूधमा कपडा पूरा भिजाउनू । गन्धकलाई नौनीमा पिसी त्यो कपडालाई सात पटक त्यो लेपले लिप्नू । अनि त्यसको सुप्लो बनाएर उधमुण्टो पारेर बाल्नू । त्यो जलिरहेको सुप्लोबाट झरिरहने तेलका थोपालाई अर्को भाँडामा जम्मा गर्दै जानू । यसरी जम्मा गरिएको तेल जब जम्दछ तब शुद्ध गन्धक तयार हुन्छ । यो गन्धकलाई ओखती बनाउन प्रयोग गर्नू । शुद्ध गन्धकले कुष्ठ, मृत्यु, जरो आदि नाश गर्दछ । यो अग्नि बढाउने, अती उष्णवीर्यको र वीर्यवर्धक हुन्छ ।

(ढ) राजनिघण्टु :

गन्धको गन्धपाषाणो गन्धाश्मा गन्धमोदनः । पूतिगन्धोऽतिगन्धश्च वटसौगन्धिकस्तथा ॥
सुगन्धो दिव्यगन्धश्च गन्धश्च रसगन्धकः । कुष्ठारिः क्रूरगन्धश्च कीटघ्नः शरभूमितः ॥
गन्धकः कटुरुष्णश्च तीव्रगन्धोऽतिवह्निकृत् । विषघ्नः कुष्ठकण्डूतिखर्जूत्वग्दोषनाशनः ॥
श्वेतो रक्तश्च पीतश्च नीलश्चेति चतुर्विधः । गन्धको वर्णतो ज्ञेयो भिन्नो भिन्नगुणाश्रयः ॥
श्वेतः कुष्ठापहारी स्याद्रक्तो लोहप्रयोगकृत् । पीतो रसप्रयोगार्हो नीलो वर्णान्तरोचितः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

सौगन्धिक (गन्धक मिश्रित तातोपानीमा नुहाइरहेका मानिस, देहरादून, भारत), तस्विर श्रोत : पेयर डी अमरकोश

(१) गन्धक, (२) गन्धपाषाण, (३) गन्धाश्म, (४) गन्धमोदन, (५) पूतंगन्ध, (६) आतंगन्ध, (७) वट, (८) सौगन्धिक, (९) सुगन्ध, (१०) दिव्यगन्ध, (११) गन्ध, (१२) रसगन्धक, (१३) कुष्ठारि, (१४) क्रूरगन्ध र (१५) कीटघ्न : यी पन्ध्र नाम गन्धकका संस्कृत पर्यायवाची नामहरू हुन् । गन्धक पिरो, उष्णवीर्यको, कडा गन्ध आउने, धेरै नै पाचनशक्ति बढाउने तथा विषविकार, कुष्ठ, चिलाउने रोग, लुतो र छालाका अन्य रोग नाशक हुन्छ । सेतो, रातो, पहेँलो र नीलो गरी गन्धक चार प्रकारको हुन्छ । रङ अनुसार यसका गुण पनि फरक फरक हुन्छन् । सेतो कुष्ठनाशक, रातो फलाम आदि धातुको रसायनमा, पहेँलो पारो प्रशोधनका विभिन्न चरणमा र नीलो बाहिरी रङ्ग बदल्नमा प्रयोग हुन्छ ।

(ण) **शार्ङ्गधर संहिता :**

लोहपात्रे विनिक्षिप्य घृतमग्नौ प्रतापयेत्॥ तप्ते घृते तत् समानं क्षिपेद्गन्धकजं रजः ।
विद्रुतं गन्धकं ज्ञात्वा दुग्धमध्ये विनिःक्षिपेत्॥ एवं गन्धकशुद्धिः स्यात् सर्वकार्येषु योजयेत् ।

फलामको भाँडामा घिउ हाली मन्द आँचमा तताउनू । त्यसपछि त्यहाँ घिउ जति नै गन्धकको धुलो हाल्नू । जब गन्धक पग्लेर रस बन्दछ तब एउटा दूधको भाँडोको मुखमा कपडा बाँधी त्यो गन्धकलाई खन्याउनू । जब सेलाउँदछ तब त्यो गन्धकलाई निकाल्नू । यो शुद्ध गन्धकलाई सबै (तोकिएका काममा प्रयोग गर्नू ।

(त) **शालिग्राम निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

गौरीबीजं बलिर्गन्धपाषाणो गन्धकः स्मृतः ।

गौरीबीज, बलि, गन्धपाषाण र गन्धक : यी गन्धकका पर्यायवाची नाम हुन् ।

शोधितोयस्तु गन्धः स्याज्जरामृत्युरुजापहः ।
अग्निसन्दीपनः श्रेष्ठो वीर्यवृद्धिकरोऽस्थिकृत्॥ (प्र.भृ.)

प्रशोधित गन्धक बुढ्यौली, मृत्यु र रोग नाशगर्ने; अग्नि बाल्ने, श्रेष्ठ, वीर्यवर्धक र हाड बढाउने गुणको हुन्छ ।

पवनपित्तकफान्विषकामलान् सकलकुष्ठगदाञ्छुचिगन्धकः ।
हरतिनिष्कमितः पयसान्वितो मदनवृद्धिकरो नयनार्त्तिहृत्॥ (निघण्टु रत्नाकर)

प्रशोधित गन्धक चार मासा दूधसँग खानाले वातविकार, पित्तविकार, कफविकार, विषविकार, कमलपित्त, सबै प्रकारका कुष्ठरोग र आँखाका रोग नाश गर्ने गुणको हुन्छ । यसले रतिशक्ति पनि बढाउँदछ ।

अशुद्धं कुरुते कुष्ठं पित्तं दाहं भ्रमं रुजम् ।

हन्ति वीर्यं बलं रूपं गन्धकं शोधयेत्ततः ॥

अप्रशोधित गन्धकले कुष्ठ, पित्तविकार, डाह, भ्रम र पीडा गराउनुका साथै वीर्य, बल र रूप समेत नष्ट पार्ने हुनाले प्रशोधन गरेर मात्र प्रयोग गर्नू ।

शुक्लपद्मसमच्छायो नवनीतसमप्रभः ।
मसृणः कठिनः स्निग्धः श्रेष्ठगन्धकउच्यते ॥

सेतो कमलको जस्तो रङ, नौनी जस्तो चम्किलो, राम्रो, साह्रो र चिल्लो गन्धकलाई उत्तम गन्धक भनिन्छ ।

(थ) सरस्वती निघण्टु :

बली सौगन्धिको गन्धं सौगन्ध्यं गन्धकं तथा । गन्धपाषाणकश्चेति गन्धारमितिशब्दितम् ॥

बली, सौगन्धिक, गन्ध, सौगन्ध्य, गन्धक, गन्धपाषाणक र गन्धार : यी गन्धकका पर्यायवाची नाम हुन् ।

(द) सोढल निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

पट्टसौगन्धिको गन्धो गन्धको गन्धमादनः । गन्धाश्मा गन्धपाषाणः सौगन्धो व्रणकृन्तकः ॥
लेली लेलीतकश्चैव वसाकारो वसारसः । मक्षारिः कीटदह्नो रसद्रावः शिवारजः ॥

पट्टसौगन्धिक, गन्ध, गन्धक, गन्धमादन, गन्धाश्म, गन्धपाषाण, सौगन्ध, व्रणकृन्तक, लेली, लेलीतक, वसाकार, वसारस, मक्षारि, कीटदहन, रसद्राव र शिवारज : यी गन्धकका पर्यायवाची नाम हुन् ।

नोट : गन्धक मिश्रित तातोपानीका धारामा नुहाउनेहरुले टाउको बाहेकका अन्य अङ्ग मात्र नुहाउन वा कुण्ड भए टाउको बाहेकका अन्य अङ्ग मात्र डुबाएर बस्न उपयुक्त हुन्छ । यसले गन्धक पानी शरीरभित्र पसी हुने प्रत्यक्ष-अप्रत्यक्ष हानीबाट मानिसलाई जोगाउँदछ । यदि प्रशोधित गन्धक-पानी छ भने त्यसले डुस समेत लिन हुन्छ, शरीर भित्र गएपनि हानी गर्दैन । नेपालमा यस्ता तातोपानी भएका स्थलमा यससम्बन्धी सूचना टाँस गर्नु उपयुक्त हुन्छ ।

गन्धकोकिला र गन्धमालती
(Gandhakokilaa)

परिभाषा :

क) हिन्दी विश्वकोश : (१) गन्धकोकिला : गन्धप्रधाना कोकिला इव । गन्ध द्रव्यविशेष । सुगन्धकोकिल । (२) सुगन्धकोकिला : एक प्रकारको गन्धद्रव्य । गन्धकोकिला । (३) गन्धमालती : गन्धेन मालतीव । लताविशेष ।

ख) गन्धमालतीलाई शब्दकल्पद्रुममा गन्धद्रव्य विशेष भनी लेखिएको छ भने गन्धप्रधान, गन्धमूलिका वा कोकिला नामको गन्धद्रव्य विशेष भनी गन्धकोकिलाको परिभाषा दिइएको छ । यी दुई वनस्पतिका बारेमा यकीन गर्न सकिएको पाइएन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश निघण्टु :

स्निग्धोष्णा कफहृत्तिक्ता सुगन्धा गन्धकोकिला ॥ गन्धकोकिलया तुल्या विज्ञेया गन्धमालती ।

गन्धकोकिला चिल्लो, गर्मी गर्ने, कफनाशक, तीतो र सुगन्धी हुन्छ । गन्धमालतीका गुण पनि गन्धकोकिलाका सरह हुन्छन् भनी जान्नू ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गन्धनाम वा गन्धमाला (खांटराविशेष)
(A kind of boil)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

तादृशी महती त्वेका गन्धनामेति कीर्तिता ।

कक्षा नामक खटिरा जस्तै तर त्योभन्दा ठूलो काखीमा आउने एउटा मात्र खटिरालाई “गन्धनामा” भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

एकां तु तादृशीं दृष्ट्वा पिडकां स्फोटसन्निभाम् । त्वग्जातां पित्तकोपेन गन्धमालां प्रचक्षते ॥
तदृशीम्-बाह्वादिषु कृष्णां सवेदनाञ्च ।

कक्षा जस्तै पित्तविकारका कारण आउने, कालो र दुख्ने खालको एउटा मात्र खटिरा आए त्यसलाई “गन्धमाला” भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) माधव निदान, सुश्रुत संहिता :

एकामेतादृशीं दृष्ट्वा पिडकां स्फोटसन्निभाम् । त्वग्गतां पित्तकोपेन गन्धमालां प्रचक्षते ॥

पित्तविकारका कारण छालामा आउने कक्षा नामक खटिरा जस्तै पिलो समान एउटा खटिरालाई “गन्धमाला” भनिन्छ ।

गन्धमार्जार (नेति बिरालो)
(The Civet-Cat)

परिभाषा :

(क) के.यन.स्वामी : गन्धविलाव, गन्धविलावनामक विरालो । यो विरालो टाढाबाट बिरालो झैं देखिने तर प्रकृतिमा फरक हुन्छ । यसको आँखा तीखो र सुँघ्ने शक्ति पनि कडा हुन्छ । यसले आफ्नो मुखको रौंबाटै आफ्नो खाने कुरा थाहा पाउँछ । गन्धविलावमध्ये केही सधैंजसो रूखमा बस्न रुचाउँछन् । तर केही जमिनमा नै बस्न रुचाउँछन् । भारतमा सबैभन्दा ठूला जातको गन्धविलावलाई "कटास" भन्दछन् । नेपाल, भुटान बाहेक यो सिक्किम, बङ्गाल र आसाममा पनि पाइन्छ । बङ्गालमा पाइने गन्धविलावले सर्प पनि खान्छ । गन्धविलाव अनेक छाँटको हुन्छ । मुष्कविलाव सानो कद र फुस्रो रङको हुन्छ । यसले रातीमा सिकार खेल्छ । "मुसँग" वा "ताडविलाव" कालो र बदामी रङको हुन्छ । यसले आँप वा ताडको रूखमा बस्न मन पराउँछ र ताडी चुहाएको भाँडोबाट ताडी पनि पिउँछ । हिमालमा पनि यो ताडविलाव भेटिन्छ । तर यसको गाला सेतो हुन्छ । एक थरी गन्धविलाव भालु जस्तो देखिन्छ । यसलाई "भालुविलाव" भन्छन् । भोटे भाषामा गन्धविलावलाई "जिकचुप" भन्छन् भने लेप्चा भाषामा "मिचु" भन्दछन् । वास्तवमा "गन्धविलाव" भन्नुमा एक कारण छ । खास गरेर यी जीवहरूमा एक थैली हुन्छ । यसबाट अत्तर बनाइन्छ । थैली हरेक बिरालोमा एकै किसिमको हुँदैन । गन्धविलावलाई नेपाली भाषामा नीरबिरालो वा नेतीबिरालो पनि भनिन्छ । यसको वासस्थान पहाडी वन क्षेत्रका रूखहरू हुन् । यसको सुगन्धग्रन्थि हुन्छ । त्यसबाट निस्केको पदार्थबाट अत्तर, ओखती आदि बनाइन्छ । यिनीहरू रूखको टोडकामा बस्ने र त्यहीं बच्चा पार्ने गर्दछन् । यिनीहरूको मुख्य आहार सागपात हो ।

जवाद बिरालो (तस्बिर श्रोत : vietlinhjsc.com)

सङ्कलन : मोहन प्रसाद आपकोटा

(ख) नेपाली बृहत् शब्दकोश : (१) निर बिरालो : मुसाको जस्तो थुतुनु हुने, नीलो रङको बिरालो; नीर बिरालो । (२) नेति बिरालो : कस्तूरी मृगको जस्तो सुगन्धी बिना हुने एक प्रकारको बिरालो ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : गन्धमार्जारवीर्य नामको यो सुगन्धी पदार्थ गन्धमार्जार नामक एक थरी बिरालोको पुच्छरभन्दा तल हुने थैलीमा पाइने प्रव्य पदार्थ हो । यो जीव अफ्रिका, दक्षिण एशिया र भारतको मालाबार प्रान्तमा पाइन्छ । यसको उचाई बिरालोको जत्रै तर पुच्छर धेरै लामो हुन्छ । शरीरमा गहिरा टिका (बुट्टा) हुन्छन् । मलद्वार र पुच्छरका बीचमा पुच्छर मुनि एक ठूलो थैली हुन्छ । यो थैली दुई खण्डको हुन्छ । यो थैलीमा हुने तरल पदार्थलाई "सिवेट" भनिन्छ । प्राकृतिक रूपमा यसको गन्ध अति नै तीक्ष्ण र असह्य हुन्छ । तर, जब यसलाई अरु वस्तुसँग मिसाएर तयार पारिन्छ तब यसबाट कस्तूरीको जस्तो सुगन्ध आउन थाल्दछ । यो तरल पदार्थ निकाल्न बिरालोलाई पिँजडामा थुनी लटट्याएर निचोर्ने गरिन्छ । यसका खेती गर्नेहरु खेतबारीमा बाँस गाड्दछन् । यो बिरालो त्यसमा आएर आफ्नो जननेन्द्रिय रगड्दछ र वीर्यस्खलन गर्दछ । त्यो वीर्य बाँसमा लाग्दछ । मानिसहरू यसैलाई जम्मा पारेर बेच्ने गर्दछन् । अरु कतिपयले भने यसलाई मारेर अण्डकोष उल्टयाई नसा आदि निकालेर फाल्दछन् र त्यसभित्र घाँस भरी सुकाएर बेच्ने गर्दछन् । यो वीर्य आलोमा हल्का पहेँलोमा सेतो रङको, नरम र महजस्तो गाढा हुन्छ । पुरानो भएपछि कालोपन देखिन्छ । सेतो रङकोलाई गुणस्तरहीन मानिन्छ । यसलाई सुत्लोमा चोपी

आगोमा सेकाउँदा पग्लेर तेल भए नक्कली र एकैठाउँमा जम्मा भए सक्कली मानिन्छ । यो बिरालोलाई अंग्रेजीमा Civet cat र ल्याटिन भाषामा *Viverra zibetha, Linn.* भनिन्छ ।

(घ) डा.सतिश चन्द्र साङ्ख्यधर : नेति बिरालोलाई अंग्रेजीमा The Civet-Cat भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) धन्वन्तरि निघण्टु :

लोमशोऽन्यो बिडालश्च पूतिकः पूतिकेशरः । सुगन्धिमूत्रपतनो गन्धमार्जारसञ्ज्ञकः ॥
तृतीयः पिङ्गलश्चचान्य उग्र उग्रबिडालकः । सुगन्धिमूत्रवृषणः कस्तूरीति निगद्यते ॥

लोमश, बिडाल, पूतिक, पूतिकेशर, सुगन्धिमूत्रपतन र गन्धमार्जार : यी गन्धमार्जारका पर्यायवाची नाम हुन् । तेश्रो यस्तै कैलो बिरालो पनि हुन्छ । जसलाई पिङ्गल, उग्र, उग्रबिडालक, सुगन्धिमूत्रवृषण र कस्तूरी भनिन्छ ।

(ख) भावप्रकाश निघण्टु :

गन्धमार्जारवीर्यन्तु वीर्यकृत्कफवातहृत् ॥
कण्डूकुष्ठहरं नेत्र्यं सुगन्धं स्वेदगन्धनुत् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा


जवाद बिरालो (तस्बिर श्रोत : विकिपेडिया)

गन्धमार्जारवीर्य वीर्यजनक, कफवात नाशक, लुतो र कुष्ठ नाशक, आँखाका लागि लाभकारी, सुगन्धयुक्त र पसिनाको गन्ध हटाउने गुणको हुन्छ ।

(ग) मदनपाल निघण्टु :

मार्जारी पूतिका पूतिवचा स्याद्गन्धचेलिका । मार्जारी वान्तिमाधत्ते चक्षुष्या कफवातजित् ॥

मार्जारी, पूतिका, पूतिवचा र गन्धचेलिका : यी गन्धमार्जारवीर्यका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वाकवाकी लगाउँदछ । यो आँखाका लागि फाइदाजनक तथा कफविकार र वातविकार माथि जित हासिल गर्ने गुणको हुन्छ ।

(घ) **राजांनघण्टु :**

अन्यो लोमशमार्जारः पूतिको मारजातकः । सुगन्धिमूत्रपतनो गन्धमार्जारकश्च सः ॥

लोमशमार्जार, पूतिक, मारजातक, सुगन्धिमूत्रपतन र गन्धमार्जार : यी नेति बिरालोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(ङ) **राजवल्लभ निघण्टु :**

... पूतिः ... परमालक्ष्मीरक्षोघ्ना ज्वरनाशनाः ॥

... गन्धमार्जारवीर्यले अलक्ष्मी, राक्षसबाधा र जरो नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गन्धराज (जवा कस्तूरी)
(Jawaa Kastooree)

परिभाषा :

(क) के.यन.स्वामी : (१) जवाकस्तूरी : कस्तूरी जस्तै सुगन्धित एक प्रकारको झारको बूटी वा औषधि । (२) गन्धराज, कृत्रिमम्, मृगचर्मज, सुगन्ध, तैलनिर्यास : जवाकस्तूरी ।

(ख) नेपाली बृहत् शब्दकोश (जवा कस्तूरी) : कस्तूरीजस्तै सुगन्धित, एक प्रकारको झारको बुटी वा औषधी ।

(ग) हिन्दी विश्वकोश : (१) गन्धराज : जवादि नामक गन्धद्रव्य । (२) जवादि : सुगन्धि द्रव्य भेद । यो एक प्रकारको मृगको पसिनाबाट बन्दछ । (३) कुटामोद : गन्धमार्जाराण्ड ।

(घ) आयुर्वेदीय शब्दकोश : (१) गन्धराज : जवादि । (२) जवादि : सुगन्धिद्रव्य । जवादिकस्तुरी ।

नोट : कसैकसैले गन्धमार्जारवीर्यलाई पनि जवादि अर्थ लगाएको पाइन्छ । तर निघण्टु ग्रन्थले यसको पुष्टि गरेको पाइएन । यसलाई बूटी मान्दा “मृगचर्मज” पर्यायवाची शब्दसँग मेल खाँदैन । यसैले यो द्रव्यका बारेमा ढुक्क हुन सक्ने अवस्था रहेन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **राज निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

जवादि गन्धराजं स्यात् कृत्रिमं मृगचर्मजम् । समूहगन्धं गन्धाढ्यं स्निग्धं सास्राणिकर्दमम्॥
सुगन्धं तैलनिर्यासं कुटामोदं दशाभिधम्॥
सौगन्धिकं जवादि स्यात् स्निग्धञ्चोष्णं सुखावहम् । वाते हितं च राज्ञाञ्च मोहनाह्लादकारणम्॥
जवादि नीलं सस्निग्धमीषत्पीतं सुगन्धदम् । आतपे बहुलामोदं राज्ञां योग्यं न चान्यथा॥

जवादि, गन्धराज, कृत्रिम, मृगचर्मज, समूहगन्ध, गन्धाढ्य, स्निग्ध, सास्राणिकर्दम, सुगन्ध, तैलनिर्यास र कुटामोद : यी नाम जवाकस्तुरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो सुगन्धी, चिल्लो, उष्णवीर्यको र सुखदायी हुन्छ । यो वातविकारका लागि हितकर उवं धनीहरूका लागि मोहक र आनन्ददायक हुन्छ । नीलो, चिल्लो, हल्का पहेँलो र सुगन्धी जवाकस्तुरी घाममा राख्नाले अति नै आनन्ददायक हुन्छ । यो धनीका लागि योग्य हुन्छ अरुका लागि होइन ।

गम्भीरिका (आँखाको रोगविशेष)
(Phthisis Bulbi)

(क) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

दृष्टिर्विरूपा श्वसनोपसृष्टा सङ्कोचमभ्यन्तरतस्तु याति॥
रुजावगाढा च तमक्षिरोगं गम्भीरिकेति प्रवदन्ति तज्ज्ञाः ।

वायुविकारले गर्दा दृष्टि विरूप र सङ्कुचित भई भित्रतिर प्रवेश गर्दछ र अति नै आँखा दुख्दछ भने त्यस्तो रोगलाई विज्ञले “गम्भीरिका” नाम दिएका छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गरघ्नी (गरही माछा)
(African tilapia)

परिभाषा :

(क) शब्दकल्पद्रुम (गरघ्नी) : गरै नामक माछाविशेष ।
(ख) के.यन.स्वामी (गरघ्नी) : गरही माछो । भोटी माछो ।
(ग) नेपाली बृहत् शब्दकोश (गरही) : मधेशका पोखरी वा दहतिर पाइने एक जातको माछा ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **भावप्रकाश निघण्टु :**

गरघ्नी मधुरा तिक्ता तुवरा वातपित्तहृत् । कफघ्नी रुचिकृल्लघ्वी दीपनी बलवीर्यकृत्॥

गरघ्नीको मासु गुलियो-तीतो र टर्रो; वातविकार, पित्तविकार र कफविकार नाशक; रुचिकर, पचाउन सहज तथा जठराग्नि, बल र वीर्य बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गरविष (कृत्रिम विष)
(Artificial poison)

परिभाषा :

(क) के.यन.स्वामी (गर) : विष ।
(ख) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : अनेक थरीका प्राणीका शरीरको मल, परपरस्पर विरोधी औषधीको भस्म, कम असर गर्ने खालका विष आदिको परस्पर हुने योगलाई "गर" भनिन्छ ।)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कृत्रिमं गरसंज्ञं तु क्रियते विविधौषधैः । हन्ति योगवशेनाशु चिराच्चिरतराच्च तत्॥
शोफपाण्डूदरोन्मादर्दुनामादीन् करोति च ।

अनेक प्रकारको औषधी र द्रव्य मिसाएर तयार पारने कृत्रिम विषलाई "गर" भनिन्छ । यो विषले मिसावट अनुसार चाँडै मार्ने, लामो समयपछि मार्ने अथवा मन्द मिसावट भए नमारीकन सुजन, पाण्डु, पेटका रोग, पागलपन र हर्सा जस्ता रोग मात्र निकाल्ने पनि गर्दछ ।

सौभाग्यार्थं स्त्रियो भर्त्रे राज्ञे वारतिचोदिताः॥ गरमाहारसंपृक्तं यच्छन्त्यासन्नवर्तिनः ।
नानाप्राण्यङ्गशमल-विरुद्धौषधिभस्मनाम्॥ विषाणां चाल्पवीर्याणां योगो गर-इति स्मृतः ।

कहिलेकाहीँ स्त्रीहरू आफ्नो सौभाग्यको बारेमा गलत चाहना राखी आफ्ना पतिलाई अथवा कहिलेकाहीँ शत्रुहरूबाट बहकाइएका नारीहरू वा सेवकहरू आफ्ना राजालाई खानेकुरामा मिसाएर गर नामक विष दिने गर्दछन् । (कसैको गोप्यरूपमा हत्या गर्नुपर्दा पनि यो विषको प्रयोग गरिएको पाइन्छ) । सर्प आदि अनेक जीवका अङ्ग, प्रत्यङ्ग, मल, अनेक थरी विरोधी पदार्थका खरानी र कम असर (वा मन्द असर) गर्ने खालको विषको मिश्रणलाई "गर" भनिन्छ ।

तेन पाण्डुः कृशोऽल्पाग्निः कासश्वासज्वरार्दितः॥ वायुना प्रतिलोमेन स्वप्नचिन्तापरायणः ।
महोदरयकृत्प्लीहो दीनवाग्दुर्बलोऽलसः॥ शोफवान् सतताध्मातः शुष्कपादकरः क्षयी ।
स्वप्ने गोमायुमार्जारनकुलव्यालवानरान्॥ प्रायः पश्यति शुष्कांश्च वनस्पतिजलाशयान् ।
मन्यते कृष्णमात्मानं गारो गौरं च कालकः॥ विकर्णनासानयनं पश्येत्तद्विहतेन्द्रियः ।
एतैरन्यैश्च बहुभिः क्लिष्टो घोरैरुपद्रवैः॥ गरार्तो नाशमाप्नोति कश्चित् सद्योऽचिकित्सितः ।

यो विषले तुरुन्त मृत्यु हुँदैन तर यसको असरले मानिसको शरीर पाण्डुवर्णको हुन थाल्दछ, दुब्लाउन थाल्दछ, पाचनशक्ति कमजोर हुन्छ; खोकी, दम र जरो निस्कन्छ; शरीर भित्रको वायुको गति उल्टो हुन थाल्दछ, वायुको गति उल्टो हुन थालेपछि सुतिरहन वा चिन्ता गरिरहन थाल्दछ । पेट, कलेजो र

फियो सुन्निन्छ । रोगी कमजोर र अल्छी हुन थाल्दछ । शरीर सुन्निन्छ । जांतखेर पनि पेट डम्म फुल्दछ । हात र गोडा सुक्दछन् । क्षयरोगका जस्ता लक्षण देखिन थाल्दछन् । सपनामा स्याल, बिरालो, न्याउरीमूसो, सर्प, बाघ जस्ता हिंस्रक जन्तु तथा बाँदरका बथान, सुकेका रूख, सुकेका तलाउ आदि जलाशय देख्ने गर्दछ । गोरोले आफू कालो भएको र कालोले आफू गोरो भएको सम्झन थाल्दछ । यो विषको प्रभावले कान, नाक र आँखा नभएको जस्तो देखिन थाल्दछ । आँखा आदि इन्द्रिय विकृत र कमजोर हुन थाल्दछन् । यस्तो विषबाट पीडित व्यक्ति तत्काल उचित उपचार नगर्दा माथि उल्लेखित तथा अन्य अनेक थरी डरलाग्दा सहरोगबाट पीडित भई मृत्युको मुखमा पुग्दछ ।

(ख) भावप्रकाश संहिता, माधव निदान :

सौभाग्यार्थं स्त्रियः स्वेदं रजो नानाङ्गजान् मलान् ।
शत्रुप्रयुक्तांश्च गरान् प्रयच्छन्त्यन्नमिश्रितान् ॥
तैः स्यात् पाण्डुः कृशोऽल्पाग्निर्गरश्चास्योपजायते । मर्मप्रधमनाध्मानं हस्तयोः शोथलक्षणम् ॥
जठरं ग्रहणीदोषो यक्ष्मा गुल्मः क्षयो ज्वरः । एवंविधस्य चान्यस्य व्याधेर्लिङ्गानि दर्शयेत् ॥

केही स्त्रीहरूसौभाग्य पाउनका लागि (वशीकरण) पसिना, रज, विविध अङ्गबाट उत्पन्न मल तथा शत्रुहरूले प्रयोग गरेका गर वा संयोगजन्य विषलाई अन्नमा मिसाएर खुवाउने गर्दछन् । यसबाट खाने व्यक्ति पाण्डुवर्णको, दुब्लो र पाचनशक्ति कमजोर भएको हुन पुग्दछ । यी कुराले उसका शरीरमा गरविष उत्पन्न हुन पुग्दछ । यसले मर्ममा पीडा, पेट फुल्ने, हात सुन्निने, पेटका रोग हुने, ग्रहणी, क्षयरोय, गुल्म तथा अन्य क्षयरोग, जरो आदि जस्ता अनेकौं रोगका लक्षणहरू पनि देखिने गर्दछ ।

गर्दभाण्ड (पारिसपिप्पल)
(Portia tree)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : गर्दभाण्ड, कन्दराल, कपीतन, सुपार्श्वक र प्लक्ष : यी पारिसपिप्पलका नाम हुन् ।

(ख) के.यन.स्वामी : (१) कपिचूत : पारिस पीपल । अमारो । (२) कपीतन : पारिश पीपल । शिरीष । अमारो । (३) गर्दभाण्ड : पारिस पीपल । पाखरी । (४) गर्दभाण्डक : पारिस पीपल । पाखरी । (५) पारिश : पारीश । पारीश पीपल । (६) सुपार्श्व : पाखीको बोट । पारसपीपल । कर्कटशङ्गी ।

पारसपीपल (तस्बिर श्रोत : हिन्दीडटवनइण्डियाडटकम)

(ग) हिन्दी विश्वकोश : १) कन्दराल : पाखरीको बोट । पारिसपीपल । ओखरको बोट । (२) कपिचूत : पीपलको एक जात । अमारो । (३) कपिभूत : पीपलको एक जात । (४) कमण्डलु : अश्वत्थभेद । पारिसपीपल । पाखरीको बोट । (५) पारिश : पारिसपीपल । पारीश । (६) पारिसपीपल : भिण्डीका जातको एक बोट । यसमा कपासको फल जत्रो फल लाग्दछ र यो अमिलो हुन्छ । यसमा भिण्डीका जस्तै सुन्दर पाँच दल भएको ठूलो फूल फुल्दछ । यसको जरा गुलियो हुन्छ । बोक्राको रेसा गुलियो र टर्रो हुन्छ । (७) सुपार्श्व : पाखरीको बोट । पारिसपीपल । (८) सुपार्श्वक : पारिसपीपल ।

संकलन : मोहन प्रसाद सापकोटा

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसको ल्याटिन नाम *Thespesia populnea* Soland ex Correa हो । यसको रूख मध्यम आकारको सधैं हरियो हुने र चाँडै बढ्ने हुन्छ । पात ३-४ इञ्च लामा र २-३ इञ्च व्यासका हुन्छन् । पीपलका जस्तै भएपनि पातको टुप्पो कम तिखो हुन्छ । घण्टाकार, पाँचपत्ते, पहेँला र ओइलाएपछि गुलाबी रङका हुने फूल हुन्छन् । बयरजस्ता तर कडा फल फल्दछन् । अरिडका जस्ता तर ठूला चारवटा बीज हुन्छन् । हरियो फललाई काट्दा धेरै मात्रामा पहेँलो रङको दूध निस्कन्छ । फल शुरुमा हरियो र पाकेपछि खरानी रङका भएर सुक्दछन् तर बीज छुट्टिदैन ।

(घ) फर्माकोपिया : संस्कृतमा कपीतन, पारिश, कन्दराल, पालीश र गर्दभाण्ड भनिने बोट *Malvaceae* परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Thespesia populnea* (L.) Soland. ex Correa syn. *Hibiscus populneus* Linn. हो । अंग्रेजीमा यसलाई Portia tree, Umbrella tree भनिन्छ । हिन्दी नाम पारसपीपल हो । यसको रूखको बोक्राको काँढापानी ओखतीका लागि १०० मि.लि.को एक मात्रा हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

कथितः कपीतन इति प्लक्षस्तुङ्गी च गर्दभाण्डश्च ।
कपिचूडश्च सुपार्श्वप्लवकोऽसौ चारुदर्शनकः ॥

कपीतन, प्लक्ष, तुङ्गी, गर्दभाण्ड, कपिचूड, सुपार्श्व, प्लवक र चारुदर्शनक : यी पारिसपीपलका पर्यायवाची नाम हुन् ।

(ख) **अभिधानरत्नमाला :**

प्लक्षः कपीतनः शृङ्गी सुपार्श्वश्चारुदर्शनः । वटप्लवो गर्दभाण्डः प्लवङ्गः पिप्पलच्छदः ॥

प्लक्ष, कपीतन, शृङ्गी, सुपार्श्व, चारुदर्शन, वट, प्लव, गर्दभाण्ड, प्लवङ्ग र पिप्पलच्छद : यी पारिसपीपलका पर्यायवाची नाम हुन् ।

(ग) **अमरकोश :**

गर्दभाण्डे कन्दरालकपीतनसुपार्श्वकाः । प्लक्षश्च... ।

गर्दभाण्ड, कन्दराल, कपीतन, सुपार्श्वक र प्लक्ष : यी पारिसपिप्पलका पर्यायवाची नाम हुन् ।

(घ) **अष्टाङ्ग निघण्टु :**

प्लक्षः कुपिप्पलः प्लावो गर्दभाण्डः कपीतनः ।

प्रसाद सापकोटा

प्लक्ष, कुपिप्पल, प्लाव, गर्दभाण्ड र कपीतन : यी पारिसपीपलका पर्यायवाची नाम हुन् ।

(ङ) **कैयदेव निघण्टु :**

पिप्परिः शृङ्गिका वाटि गर्दभाण्डः कमण्डलुः ।
प्लक्षः प्लवो गन्धमुण्डो मुग्धिकोऽश्वत्थपत्रकः ॥
पूगमुण्डश्चचारुदारुः सुपार्श्वश्चारुदर्शनः । पिप्परिस्तुवरः शीतो व्रणयोनिविसर्पनुत् ॥
दाहपित्तकफास्रघ्नो मेदःपित्तास्रशोफजित् ।

पिप्परि, शृङ्गिका, वाटि, गर्दभाण्ड, कमण्डलु, प्लक्ष, प्लव, गन्धमुण्ड, मुग्धिक, अश्वत्थपत्रक, पूगमुण्ड, चारुदारु, सुपार्श्व र चारुदर्शन : यी पारिसपीपलका पर्यायवाची नाम हुन् । यो टर्रो, शीतवीर्यको तथा खटिरा, स्त्री जननेन्द्रियका रोग, विसर्प, डाह, पित्तविकार, कफविकार, रक्तविकार, बोसोविकार, रक्तपित्त र सुजन नाश गर्ने गुणको हुन्छ ।

(च) **धन्वन्तरि निघण्टु :**

प्लक्षः कपीतनः शृङ्गी सुपार्श्वश्चारुदर्शनः ॥ प्लवको गर्दभाण्डश्च कमण्डलुर्वटप्लवः ।
प्लक्षः कटुकषायश्च शीतलो रक्तपित्तजित् ॥ मूर्च्छाश्रमप्रलापांश्च हरेत्प्लक्षो विशेषतः ।

प्लक्ष, कपीतन, शृङ्गी, सुपार्श्व, चारुदर्शन, प्लवक, गर्दभाण्ड, कमण्डलु, वट र प्लव : यी पारिसपिप्पलका पर्यायवाची नाम हुन् । यो पिरो, टर्रो, शीतवीर्यको, रक्तपित्तलाई जित्ने तथा विशेषगरी बेहोसी, थकाई र बर्बराउने रोग नाश पार्ने गुणको हुन्छ ।

(छ) निघण्टुशेषः

गर्दभाण्डे कन्दरालश्छायावृक्षः कमण्डलुः । प्लक्षो वटः प्लवः शृङ्गी सुपार्श्वश्चारुदर्शनः ॥
कपीतनः कपीतः स्यात् पीतन-प्लवकावपि ।
(गर्दभ इवाण्डमस्य गर्दभाण्डः, गर्दं-सशब्दं भाण्डमस्येति वा । कन्दरां लाति कन्दरालः । शोणादित्वात् कन्दराशब्दस्याबन्ततत्वम् । छायायुक्तश्छायाया वा वृक्षः छायावृक्षः । के-पानीयमनिति-प्राणित्यस्मिन्निति कमण्डलुः । प्लक्षति-अधो गच्छति प्लक्षः, प्लोषत्यशिवमिति वा । वटति-वेष्टयति मूलैर्वटः । प्लवते अशिवमस्मादिति प्लवः । शाम्यति शृङ्गी । शोभनं पार्श्वमस्य सुपार्श्वः । चारु-मनोहरं दर्शनमस्य चारुदर्शनः । कं पीतयति कपीतनः, कपीन् एति वा । कं पीतयति कपीतः । पृषोदरादित्वाल्लोपे पीतनः; पीतयति वा पीतनः । प्लवते वातेन प्लवकः ।) ।

गर्दभाण्ड, कन्दराल, छायावृक्ष, कमण्डलु, प्लक्ष, वट, प्लव, शृङ्गी, सुपार्श्व, चारुदर्शन, कपीतन, कपीत, पीतन र प्लवक : यी पारिसपीपलका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ज) पर्यायरत्नमाला :

नन्दिवृक्षस्ताम्रपाकी फलेपाकी कपीतनः । गर्दभाण्डो गन्धमुण्डो द्वितीयः क्षिप्रपाक्यसौ ॥

नन्दिवृक्ष, ताम्रपाकी, फलेपाकी, कपीतन, गर्दभाण्ड र गन्धमुण्ड : यी पारिसपीपलका पर्यायवाची नाम हुन्। दोश्रो थरीको पारिसपीपललाई क्षिप्रपाकी भनिन्छ ।

(झ) भावप्रकाश निघण्टु :

पारीषोऽन्य पलाशश्च कपिचूतः कमण्डलुः ॥
गर्दभाण्डः कन्दरालः कपीतनसुपार्श्वकौ ।
पारीषो दुर्जरः स्निग्धः कृमिशुक्रकफप्रदः ॥
फलेऽम्लो मधुरो मूले कषायस्वादुमज्जकः ।

पारीष, पलाश, कपिचूत, कमण्डलु, गर्दभाण्ड, कन्दराल, कपीतन र सुपार्श्वक : यी पारिसपिप्पलका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन कठिन, चिल्लो तथा कीरा, शुक्र र कफ वृद्धि गराउने गुणको हुन्छ । यसको फल अमिलो, जरा गुलियो र काठ (मज्जा) टर्रो एवं स्वादिलो हुन्छ ।

(ञ) **मदनपाल निघण्टु :**

प्लक्षः प्लवश्चारुवृक्षः सुपार्श्वो गर्दभाण्डकः । वटी कमण्डलुर्यूपः पिप्परिश्चारुदर्शनः ॥
प्लक्षः शीतो व्रणश्लेष्मपित्तशोथविसर्पजित् ॥

पारसपीपल (तस्बिर श्रोत : हिन्दीडटवनइण्डियाडटकम)

प्लक्ष, प्लव, चारुवृक्ष, सुपार्श्व, गर्दभाण्डक, वटी, कमण्डलु, यूप, पिप्परि र चारुदर्शन : यी पाखरीका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको हुन्छ । यसले घाउखटिरा, कफविकार, पित्तविकार, सुजन र विसर्प माथि जित हासिल गर्दछ ।

पारिशोऽन्यः पलीशः स्यात्कपिनूतः कपीतनः ।
पारिशाश्वत्थको वृष्यः स्निग्धः श्लेष्मकृमिप्रदः ॥

पारिश, पलीश, कपिनूत र कपीतन : यी पारिसपिप्पल विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो वीर्यवर्धक, चिल्लो तथा कफविकार र कीरा पार्ने गुणको हुन्छ ।

(ट) **मदनादि निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

प्लक्षस्तु पिप्पलः पुण्ड्रो गर्दभाण्डकमण्डलुः । मौनिकोऽश्वत्थपत्रश्च सुपार्श्वश्चारुदर्शनः ॥
कषाय कफपित्तघ्नो व्रणशोधनरोपणः । रक्तपित्तहरो योनिशोधना पिप्पली स्मृता ॥

प्लक्ष, पिप्पल, पुण्ड्र, गर्दभाण्ड, कमण्डलु, मौनिक, अश्वत्थपत्र, सुपार्श्व र चारुदर्शन : यी पारिसपीपलका पर्यायवाची नाम हुन् । यो टर्रो, कफविकार र पित्तविकार नाश गर्ने, घाउखटिरा सफा गर्ने र भर्ने, रक्तपित्त नाश गर्ने तथा स्त्री जननेन्द्रियलाई सफा गर्ने गुणको हुन्छ ।

(ठ) **राज निघण्टु :**

प्लक्षः कपीतनः क्षीरी सुपार्श्वोऽथ कमण्डलुः । शृङ्गी वरोहशाखी च गर्दभाण्डः कपीतकः ॥
दृढप्ररोहः प्लवकः प्लवङ्गश्च महाबलः ॥ प्लक्षश्चैवापरो ह्रस्वः सुशीतः शीतवीर्यकः ।
पुण्ड्रो महाऽवरोहश्च ह्रस्वपर्णस्तु पिम्परिः ॥ भिदुरो मङ्गलच्छायो ज्ञेयो द्वाविंशधाभिधः ॥
प्लक्षः कटुकषायश्च शिशिरो रक्तदोषजित् । मूर्छाभ्रमप्रलापघ्नो ह्रस्वप्लक्षो विशेषतः ॥

प्लक्ष, कपीतन, क्षीरी, सुपार्श्व, कमण्डलु, शृङ्गी, वरोहशाखी, गर्दभाण्ड, कपीतक, दृढप्ररोह, प्लवक, प्लवङ्ग र महाबल : यी पहिलो थरी पाखरीका तथा ह्रस्वप्लक्ष, सुशीत, शीतवीर्यक, पुण्ड्र, महाअवरोह, ह्रस्वपर्ण, पिम्परि, भिदुर र मङ्गलच्छाय : यी दोश्रो थरी पाखरीका गरी जम्मा बाईस नाम पाखरीका संस्कृत पर्यायवाची नामहरू हुन् । पाखरी पिरो, टर्रो, शीतवीर्यको तथा रक्तविकारलाई

जित्ने गुणको हुन्छ । सानो पाखरीले विशेषत बेहोसीपन, भ्रम र बकवास गर्ने रोग निको पार्दछ ।

(ड) **सोढल निघण्टु :**

प्लक्षे कपीतनः शृङ्गी सुपार्श्वश्चारुदर्शनः ।
प्लवनो गर्दभाण्डश्च कमण्डलुवटप्लवः ॥
कपिमूत्रः कपिरसः सुशीलः शीतवीर्यकः ।

प्लक्ष, कपीतन, शृङ्गी, सुपार्श्व, चारुदर्शन, प्लवन, गर्दभाण्ड, कमण्डलु, वट, प्लव, कपिमूत्र, कपिरस, सुशील र शीतवीर्यक : यी पारिसपीपलका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गर्दभिका (खटिराविशेष)
(An cutaneous disease)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

सा विद्धा वातपित्ताभ्यां ताभ्यामुव च गर्दभी । मण्डला विपुलोत्सन्ना सरागपिटिकाचिता ॥

वातविकार र पित्तविकारका कारण आउने गोलाकार, ठूलो, अग्लो र राता ससाना अन्य खटिराले वरपर ढाकिएको हुने "विद्धा" खटिरालाई "गर्दभी" भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान :

मण्डलं वृत्तमुत्सन्नं सरक्तं पिडकाचितम् । रुजाकरीं गर्दभिकां तां विद्याद्वातपित्तजाम् ॥

वातविकार र पित्तविकारका कारण आउने खटिराले घेरिएको रातो वर्णको, गोलो, भुक्क उठेको र दुखाउने खालको पिलो वा खटिरालाई "गर्दभिका" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गर्भधारण गराउने ओखती

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

अश्वगन्धाभवार्केण सिद्धं दुग्धं घृतान्वितम्॥ ऋतुस्नाताङ्गना प्रातः पीत्वा गर्भं दधातिहि॥

अश्वगन्धाको अर्कमा दूध र घिउ हालेर ऋतुस्नान गरेपछि (चौथो दिन) बिहान पिउनाले स्त्री गर्भधारण गर्न सक्षम हुन्छे ।

वृद्धया गर्भप्रदः...। कण्टकार्य्या गर्भकरः...। कण्टकार्य्या गर्भकरः...।

वृद्धिको अर्कमा गर्भधारण गराउने गुण हुन्छ । कण्टकारीको अर्क गर्भ स्थापक हुन्छ । सेतो कण्टकारीको अर्क गर्भ कारक हुन्छ ।

प्रत्यहं यासमश्नाति मालत्यर्कमुपोदकी । तस्या गर्भं न स्पृश्यामि यावज्जीवं न संशयः॥

जुन् गर्भिणी नित्य चमेलीको अर्क पिउँदछे, आजीवन त्यस्ता स्त्रीको गर्भलाई शीतलाले अवश्य नै हानी गर्दिनन् ।

(ख) अष्टाङ्ग हृदय :

पुष्ये पुरुषकं हैमं राजतं वाऽथवाऽऽयसम्॥ कृत्वाग्निवर्णं निर्वाप्य क्षीरे तस्याञ्जलिं पिबेत् ।

पुष्य नक्षत्रमा सुन, चाँदी वा फलामको पुरुषको आकृति (मूर्ति) बनाई त्यसलाई आगोमा तताई रातो पार्नू र (गाईको) दूधमा डुबाउनू । अनि यो दूध एक अँजुली स्त्रीले पिउनू ।

नोट : यसलाई पुंसवन संस्कारको एक विधि भनी बताइएको छ । पुंसवन संस्कार गर्भको लिङ्ग बन्ने क्रम शुरु नहुँदै अर्थात् थलथले अवस्थामा हुँदैमा त्यसलाई पुत्र बनाउनका लागि गरिने एक हिन्दू संस्कार हो ।

गौरदण्डमपामार्गं जीवकर्षभसैर्यकान्॥ पिबेत्पुष्ये जले पिष्टानेद्वित्रिसमस्तशः ।

सेतो डाँठ हुने दतिवन, जीवक, ऋषभक र सेतो वा नीलो कटसरैया : यी चार ओखतीलाई पानीमा बेग्लाबेग्लै वा दुई दुई वा तीन तीन अथवा चारैवटा एकै ठाउँमा हाली पिस्नू र त्यो रस स्त्रीले पिउनू ।

नोट : सेतो ठाँठ भएको दांतवन गर्भदायक तथा जननेन्द्रिय प्रशोधक विशेष औषधी भएकाले जननेन्द्रिय प्रशोधनका लागि नित्य यसको प्रयोग गर्नु भनिएको छ । यसको काँढापानी पकाएर दिनहुँ दश-दश ग्राम खाने सम्बन्धी कुरा पनि छन् । यसको डाँठको काँडापानी पकाएर मनतातो काँढापानीले जननेन्द्रिय पखाल्ने विधि पनि छ । कुनै बेलासम्म यसले नित्य दाँत माझिन्थ्यो र त्यतिखेर दिनहुँ यसको रस स्वतः शरीर भित्र जान्थ्यो । पछि वर्षको एकैपटक र एकै दिन ३६५ वटा दतिवनका छेस्का पाप कट्टा गर्ने भनेर प्रयोग गर्न शुरु भयो । दतिवनको महत्व नारीहरूले नबिर्सियून् भनी यसलाई पनि बिमिरो आदि जसरी नै धर्मसँग लगी जोडिएको हुनु पर्दछ । धार्मिक पाटोबाट मात्र संस्कृति र संस्कार चलाइएको हुँदैन । यो दतिवन त्यतिखेर सर्वसुलभ हुँदो हो आजकल त दुर्लभ भएको छ । कतैकतै सेतो फूल फुल्ने दतिवन भनी बाङ्गो अर्थ लगाएर व्याख्या गरिएको छ, यो सही होइन । केही गुण त आजकल जतातते पाइने दतिवनमा पनि हुँदो हो तर यसरी प्रयोग गरिएको सुनेको छैन । हिमालयतिर पाइने जीवक र ऋषभक नामका बूटी आजकल दुर्लभ छ । त्यसैले परिचय दिइएन ।

क्षीरेण श्वेतबृहतीमूलं नासापुटे स्वयम् ॥ पुत्रार्थं दक्षिणे सिञ्चेद्वामे दुहितृवाञ्छया ।

सेतो कण्टकारीको जरालाई गाईको दूधमा पिसेर स्त्री आफैंले छोरो पाउन इच्छा भए आफ्नो नाकको दाहिने प्वालमा र छोरी पाउन इच्छा भए देब्रे प्वालमा हाल्नू ।

नोट : नाकमा नस हाल्ने विधि हुन्छ त्यसलाई ध्यान दिइनु पर्दछ ।

पयसा लक्ष्मणामूलं पुत्रोत्पादस्थितिप्रदम् ॥ नासयाऽऽस्येन वा पीतं वटशुङ्गाष्टकं तथा ।
ओषधीर्जीवनीयाश्च बाह्यान्तरुपयोजयेत् ॥

लक्ष्मणा नामक बूटीको जरालाई दूधमा पिसेर तयार पारिएको कहिले मुखले र कहिले नाकले पिउने गर्नाले पुत्रप्राप्त हुन्छ अथवा (बसिसकेको) गर्भमा पुत्रको स्थिति बन्दछ । यसैगरी बरका आठ वटा आँकुरा वा मुनालाई दूधमा पिसेर नाक वा मुखबाट पिउनू । जीवनीय गणका ओखती हालेको पानीले नुहाउनू र भित्री उपचारका लागि आहार आदिमा ध्यान दिनू ।

नोट : लक्ष्मणा नामक बूटीको आधिकारिक पहिचान आजसम्म भएको छैन । सामाजिक सञ्जालमा यो बूटीका बारेमा जथाभावी कुरा लेखिएको पाइन्छ, तर ती सही होइनन् । आयुर्वेदका ग्रन्थमा यसको साटो सेतो कण्टकारी प्रयोग गर्न सल्लाह दिइएको छ ।

(ग) उड्डीश तन्त्र (रावण-शिव संवादात्मक) :

समूलमत्रां सर्पाक्षीं रविवारे समुद्धरेत् । एकवर्णगवांक्षीरे कन्याहस्तेन पेषयेत् ॥
ऋतुकाले पिबेद्वन्ध्या बलार्द्धं तद्दिने दिने । क्षीरशाल्यन्नमुद्गं च लघ्वाहार प्रदापयेत् ॥
एवं सप्तदिनं कुर्यात् वन्ध्या भवति गर्भिणी ॥
उद्वेगं भयशोकौ च दिवानिद्रां विवर्जयेत् । न कर्म कारयेत् किञ्चित् वर्जयेच्छीतमातपौ ॥
न तथा परमां सेवां कारयेत् पूर्ववत् क्रियाम् । पतिसङ्गाद्गर्भलाभो नात्र कार्य्या विचारणा ॥

आइतबार सर्पको काफल (सर्पाक्षी) को जरा लेराई एउटै रङ भएकी गाईको दूधमा कन्याका हातबाट पिस्न लगाई ऋतुकालमा पिउनाले र ओखती खाने अवधिमा दूध, मार्सीचामलको भात र मुगीको दाल जस्ता पथ्य कुरा खानाले सात दिनमा बन्ध्यादोष नाश हुन्छ । ओखती खाने अवधिमा स्त्रीले कुनै किसिमको उत्तेजना, डर, शोक नगर्नू । दिउस नसुत्नू । धेरै तातो वा चिसोबाट बच्नू । पहिला जस्तो काम (सेवा) नगर्नू । यसरी पतिसँग ग्राम्यधर्ममा संलग्न हुने बन्ध्या स्त्री अवश्य गर्भवती हुन्छे, दशतिर मन डुलाउन पर्दैन ।

मुस्तां प्रियङ्गुं सौवीरं लाक्षाक्षौद्रं समं पिबेत् । कर्षं तण्डुलतोयेन वन्ध्या भवति पुत्रिणी ॥
पथ्यमुक्तं यथा पूर्वन्तद्वत् सप्तदिनं पिबेत् ॥

माथि दिएकै विधिले नागरमोथे, दहीगुयैँलो, बयर, लाहा र मह बराबर मात्रामा लिई (पुरानो) चामलको चौलानीसँग दिनहुँ एक कर्ष खानाले सात दिन भित्र वन्ध्या स्त्रीलाई पतिको संससर्गबाट गर्भ रहन्छ ।

सपिप्पली केशर शृङ्गवेर क्षुद्रोषणं गन्धघृतेन पीतम् ।
वन्ध्यापि पुत्रं लभते हठेन, योगस्तु सोऽयं विधिना मयोक्तः ॥

पिप्ला, नागकेशर, अदुवा, क्षुद्र (कनिका ?), मरिच (उषण), गन्ध (?) घिउसँग खानाले वन्ध्या स्त्री पनि पुत्रवती हुन्छे ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

मूलं शिफा वा किल लक्ष्मणाया ऋतौ निपीय त्रिदिनं पयोभिः ।
क्षीरान्नचर्या नियमेन भुङ्क्ते पुत्रं प्रसूते वनिताविचित्रम् ॥

बरको हाँगाको जरा (शिफा ?) वा सेतो कण्टकारीको जरा लेराई ऋतुकालका तीन दिनसम्म दूधसँग पिसेर खानाले तथा यी दिनमा दूध र अन्न (भात) मात्र खाने गरेमा वन्ध्या स्त्रीले पनि अचम्मसँग सन्तान जन्माउँदछे ।

तुरङ्गगन्धाघृतवारिसिद्धमाज्यं पयः स्नानदिने च पीत्वा ।
प्राप्नोति गर्भं नियमं चरन्ति वन्ध्या च नूनं पुरुषप्रसङ्गात् ॥

अश्वगन्धालाई पानीमा पकाएर घिउमा भुट्नू अनि दूध र घिउ मिसाएर रजस्वला भएको चौथो दिन खानू । यसरी ओखती खाई नियममा बस्ने वन्ध्या स्त्रीले पतिको संसर्गबाट अवश्य सन्तान जन्माउँदछिन् ।

कृष्णापराजिता मूलं वत्सक्षीरेण सम्पिबेत् । ऋतुस्नाता त्रिघस्रं तु वन्ध्यागर्भधराभवेत् ॥

रजस्वला भएको चौथो दिन नुहाएर शुद्ध भएकी स्त्रीले कालो अपराजिताको जरा लेराई बाच्छाबाच्छी भएकी पहिलो बेते गाईको दूधसँग मिसाएर तीन दिनसम्म खानाले वन्ध्या स्त्री पनि पतिको संसर्गबाट गर्भवती हुन्छे ।

नागकेशरकं चूर्णं नूतनाद्व्यदुग्धतः । पिबेत्सप्तदिनं दुग्धं घृतैर्भोजनमाचरेत्॥
तदृतौ लभते गर्भं सा नारी पतिसङ्गता॥

नागकेशरलाई (पहिलो बेते र बाच्छाबाच्छी जिउँदै भएकी लैनू गाईको) ताजा दूधसँग खाई सो अवधिमा दूध र भात मात्र खाने वन्ध्या स्त्रीले पतिको संसर्गबाट गर्भधारण गर्दछे ।

तिलरसगुडश्चैवं गोपुरीषाग्नियोगात्तरुणवृषभमूत्रंप्रस्थयुक्तं विपक्वम् ।
ऋतुदिवस तु मध्ये सप्तवारं च पीतं जनयति सुतमेतन्निश्चितं पुष्पितैव॥

तिल, रस (पारो ?), सक्खर र तरुनो साँढेको मूत्र एक प्रस्थ एउटा भाँडामा हाली गाईको गुइँठा बालेर पकाउनू, पाकेपछि यसलाई ऋतुकालमा सात पटक पिउनाले अवश्य नै वन्ध्या स्त्री पतिको संसर्गबाट सन्तानवती हुन्छे ।

कदम्बपत्रं श्वेतं च वृहतीमूलमेव च । एतानि समभागानि ह्यजाक्षीरेण पेषयेत्॥
त्रिरात्रं पञ्चरात्रं वा पिबेदेतन्महौषधम् । निपीयमाने तु सदा गर्भो भवति निश्चितम्॥

कदमका पात, सेतोचन्दन र बिहींको जरा बराबर मात्रामा लिई बाख्रीको दूधमा पिसेर ऋतुकालका तीन वा पाँच रातसम्म पिउनाले वन्ध्या स्त्री पनि पतिको संसर्गबाट निश्चय नै गर्भवती हुन्छे ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

विष्णुक्रान्तासमूलं तु पिष्ट्वा दुग्धेषु माहिषैः । महिषीनवनीतेन ऋतुकाले तु भक्षये॥
एवं सप्तदिनं कुर्यात् पथ्यभुक्तं च पूर्ववत् । गर्भं सा लभते नारी काकवन्ध्या सुशोभनम्॥

जरैसहितको विष्णुक्रान्तालाई भैंसीको दूधमा पिसेर भैंसीकै नौनीसँग ऋतुकालमा खानू । सात दिनसम्म यो ओखती खाएर पहिले बताएझैं पथ्य खानपिन गर्ने नारीले कागजस्तै एक पटक मात्र बच्चा पाउने भएपनि पुनः गर्भधारण गर्दछे ।

गर्भे सञ्जातमात्रे तु पश्चान्मासाच्चवत्सरात् । म्रियते द्वित्रिवर्षाया यस्याः सामृतवत्सका॥
प्राङ्मुखा कृत्तिकर्क्षे तु बन्ध्यां कर्कोटकीं हरेत् ।
तत् कन्दं पेषयेत्तोयैः कर्षमात्रं सदा पिबेत् । ऋतुकाले तु सप्ताहं दीर्घजीवी सुतो भवेत्॥

जसको गर्भ जन्मनासाथ वा महिना दिनपछि वा वर्ष दिनपछि वा दुईतीन वर्षमा मर्ने गर्दछ त्यस्ता स्त्रीलाई मृतवत्सा भनिन्छ । कृत्तिका नक्षत्र परेको आइतबार बाँझी नारीले जरै समेतको चठेललाई लेराई त्यसको जरालाई दूधमा पिसी ऋतुकालमा सात दिनसम्म एक एक कर्ष प्रतिदिनका दरले खानाले उक्त स्त्रीको दीर्घजीवी सन्तान हुन्छ ।

या बीजपूरद्रुममूलमेकं, क्षीरेणसिद्धं हविषाविमिश्रम् ।
ऋतो तु पीत्वा स्वपतिं प्रयाति, दीर्घायुषं सा तनयं प्रसूते॥

बिमिरोको जरा एउटा लेराई दूधमा पिसेर (पकाएर) घिउ मिसाई गर्भ नबस्ने स्त्रीले खाई पिएर पतिसँग ग्राम्यधर्ममा संलग्न भएमा लामो आयु भएको सन्तान जन्माउने छिन्।

(घ) **काश्यप संहिता :**

स्नेहस्वेदवमनविरेचनास्थापनानुवासनैः क्रमश उपचरेन्मधुरौषधसिद्धाभ्यां क्षीरघृतपुष्टं पुरुषं स्त्रियं तु तैलमांसाभ्यामित्येके सात्म्यैरेवेति प्रजापतिः॥

(कुनै कारणले गर्दा सन्तान उत्पन्न हुँदैन भने त्यसबखतमा तिनलाई उपचार गर्नु पर्दछ) । केही विद्वानहरू चिल्लो खाने वा खुवाउने, पसिना निकाल्ने वा निकाल्न लगाउने, वान्ता गर्ने वा गराउने, दिसा गर्ने वा गराउने (विरेचन), आस्थापन वस्ति लिने वा दिने तथा अनुवासन वस्ति लिने वा दिने जस्ता उपचार विधिको प्रयोग गरी शरीरलाई क्रमशः शुद्ध पारी दूध र घिउ खाएर पुष्ट भएका पुरुषलाई मधुर ओखती हाली तयार पारिएको घिउ तथा स्त्रीलाई तेल र मासु (वा मास) खुवाउनु पर्दछ भन्दछन्। तर प्रजापति काश्यप भने जसको शरीरले जे सहन्छ त्यही खुवाउनु पर्दछ भन्नु हुन्छ।

(ङ) **गरुड महापुराण :**

सदुग्धा लक्ष्मणा पीता नस्याद्वा पुत्रदा ऋतौ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

सेतो कण्टकारी (लक्ष्मणा) को जरा दूधमा पिसेर खाएमा वा नाकमा नस हालेमा ऋतुमती स्त्रीलाई पुत्र प्राप्त हुन्छ।

दुग्धस्यार्धाढकं चाज्यमश्वगन्धा च पुत्रदा। वन्ध्या पुत्रं लभेत्पीत्वा घृतेन व्योषकेसरम्॥

दूध ३.७३ किलोग्राम र त्यसको आधा घिउमा पकाएर तयार पारिएको अश्वगन्धा खानाले पनि स्त्रीलाई पुत्रलाभ हुन्छ। सुठो, पिप्ला र कालो मरिचको धुलो (व्योष) मा केसरको धुलो हाली खाने गरेमा बाँझी स्त्री पनि पुत्रवती हुन्छे।

(च) **पारस्कर गृह्यसूत्र :**

सा यदि गर्भं न दधीत सिꣳह्याः श्वेतपुष्प्या उपोष्य पुष्येण मूलमुत्थाप्य चतुर्थेऽहनि स्नातायां निशायामुदपेषं पिष्ट्वा दक्षिणस्यां नासिकायामासिञ्चति। इयमौषधी त्रायमाणा सहमाना सरस्वती। अस्या अहं बृहत्याः पुत्रः पितुरिव नाम जग्रभमिति॥

यदि पत्नीले गर्भाधारण गर्न नसके सेतो फूल फुल्ने कण्टकारीलाई पुष्य नक्षमा चन्द्रमा हुँदा उपवास बसी जरै समेत उखेल्नू। फेरी पत्नी पर सरेको चौथो दिन नुहाएर शुद्ध भएपछि रातमा पानीसँग पिसेर त्यसको रस दुई-तीन थोपा उनको नाकको दाहिने प्वालमा 'इयमोषधी...' आदि मन्त्र पढ्दै हालि दिनू।

नोट : पूरा मन्त्र : ॐ इयमोषधी त्रायमाणा सहमाना सरस्वती । अस्याऽअहं बृहत्त्याः पुत्रः पितुरिवनामजग्रभम् ॥ अर्थः गर्भधारणमा बाधक दोषहरु हटाएर गुणहरु लेराउने भएको यो काष्ठौषधी कष्ट सहेर पनि सेवन गर्नेको रक्षा गर्दछिन् तथा दोषका वेगलाई नष्ट गर्दछिन् । अनेक प्रकारका फल दिने भएकी यी वनस्पतिको कृपाले जसरी म आफ्नो पिताको नाम लिन्छु त्यसरी नै मेरा सन्तानले मेरो नाम उज्वल गरुन् । "कर्मकाण्ड प्रदीप" नामक पुस्तकमा यस सम्बन्धी अझ विस्तृत कुरा उल्लेख छन् तर समग्रमा कुरा यही नै हो ।

(छ) भावप्रकाश निघण्टु :

वृद्धि, पैयुँ, सेतो कण्टकारी, जीवन गणका औषधी, दूधे झार, कमलका गेडा र पुत्रञ्जीवाले गर्भधारण गराउन मद्दत गर्दछ ।

(ज) भावप्रकाश संहिता :

बला सिताढ्या मधुकं बला च शृङ्गं वटोत्थं गजकेशरं च ।
एतन्मधुक्षीरघृतैर्निपीतं वन्ध्या सुपुत्रं नियतं प्रसूते ॥

बलु, मिश्री, जेठीमधु, नीलो कटसरैया, बरको मुना र नागकेसरको धुलो बराबर मात्रामा लिई मह, घिउ र दूधमा पिसेर खाने गर्नाले वन्ध्या स्त्रीले पनि असल सन्तान जन्माउन सक्दछे ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अश्वगन्धाकषायेण सिद्धं दुग्धं घृतान्वितम् । ऋतुस्नाताऽङ्गना प्रातः पीत्वा गर्भं दधाति हि ॥

रजस्वला भएर जोखिई नुहाएकी स्त्रीले चौथो दिन बिहान अश्वगन्धालाई गाईको दूधमा पकाएर घिउ हाली खाए निश्चय नै गर्भाधान हुन्छ ।

पुष्योद्धृतं लक्ष्मणाया मूलं दुग्धेन कन्यया । पिष्टं पीत्वा ऋतुस्नाता गर्भं धत्ते न संशयः ॥

ऋतुस्नान गरेकी स्त्रीले पुष्य नक्षत्र परेका दिन उखेलेर लेराइएको सेतो कण्टकारीको जरालाई कुमारी कन्याका हातबाट गाईको दूधमा पिस्न लगाउनू र पिउनू अवश्य गर्भ रहन्छ ।

कुरण्टमूलं धातक्याः कुसुमानि वटाङ्कुराः । नीलोत्पलं पयोयुक्तमेतद्गर्भप्रदं ध्रुवम् ॥

नीलो कटसरैयाको जरा, धयैंरोको फूल, बरको मुना र नीलकमल बराबर मात्रामा लिई मिसाई गाईको दूधमा पिसेर खानाले अवश्य गर्भ रहन्छ ।

याऽबला पिबति पार्श्वपिप्पलं जीरकेण सहितं हिताशिनी ।
श्वेतया विशिखपुङ्खया युतं सा सुतं जनयतीह नान्यथा ॥

पारिसपीपलको ठूलो फललाई जीरा र सेता फूल फुल्ने मुज (घाँस विशेष)सँग पिसेर खाई पथ्य (शरीरले सहने र सजिलै पच्ने) खानपिन गर्नाले स्त्रीले अवश्य सन्तान जन्माउँदछे ।

(झ) **रसराज महोदधि :**

लौकाको बीजलाई गाईको दूधमा मिसाएर ढुङ्गाको सिलौटामा पिस्नू र यसलाई दूधमै घोली मिश्री मिसाएर पिउनू । अवश्य नै गर्भधारण हुन्छ । दुई तोला अश्वगन्धालाई दुई सय ग्राम गाईको दूधमा पिसेर घोल्नू । यसमा एक तोला गाईको घिउ मिसाएर मन्द आँचमा पकाउनू । दूध एक चौथाई बाँकी हुँदा झिकेर सेलाएपछि ऋतुस्नान पछिका पाँच दिनसम्म पिउने गर्नू । बाँझी स्त्री पनि गर्भधारण गर्न सक्षम हुन्छे ।

(ञ) **राजनिघण्टु :**

वस्तान्त्री, पुत्रदात्री र पुत्रदाले गर्भधारण गराउन मद्दत गर्दछ । लौकाले गर्भलाई पोस्दछ । पुत्रञ्जीवा, खस्रेतो र गन्धशालिले गर्भलाई जीवित राख्दछ ।

(ट) **रावणसंहिता :**

पुष्य नक्षत्रमा जरै समेत उखेलेर लेराइएको सेतो कण्टकारीलाई कुमारी कन्याका हातबाट पिस्न लगाउनू र रस निकाल्नू । पुत्र चाहने ऋतुस्नान गरेकी नारीले यो रसलाई गाईको दूध र गाईको घिउमा मिसाएर पिउनु उचित हुन्छ । अश्वगन्धाको काँढापानी पकाई त्यसलाई गाईको घिउ र गाईको दूध मिसाएर खानाले ऋतुस्नान गरेकी स्त्री गर्भधारण गर्न समर्थ हुन्छे ।

(ठ) **विष्णुधर्मोत्तर महापुराण :**

षष्टिकान्नं तु पयसा समश्नीयाद् घृतेन सा । घृतस्य पीत्वा प्रसृतिं नागपुष्पावचूर्णितम्॥
ऋतुकाले समाप्नोति नारी गर्भं द्विजोत्तम ।

(रजस्वला भएको चौथो दिन) सठिया चामलको भात घिउ र दूधसँग खानू । यसपछि नागकेशर मिसाइएको घिउ सोह्र तोला खानू । यसो गर्नाले ऋतुकालकी स्त्रीलाई गर्भ रहन्छ ।

उपोषितेन शुचिना शुक्लपक्षे समुद्धृतम्॥
पुष्येण बृहतीमूलमुत्तरां वा मुखे नयेत् । श्वेतपुष्पा तु बृहती द्रुमूलस्यैष निश्चयः॥
नस्या देयाश्च चत्वार उन्मूला द्रुमबिन्दवः । तस्मिन्नहनि सा तेन गर्भं धत्ते वराङ्गना॥

उपवास बसी शुद्ध भएका व्यक्तिले शुक्लपक्षको पुष्य नक्षत्रमा सेतो फूल फुल्ने कण्टकारीलाई उत्तरतिर फर्की जरै सहित उखेलेर लेराउनू । यसरी लेराई राखिएको कण्टकारीको जरालाई सफा गरी कुटेर रस निकाली छानी त्यो रस रजस्वला भई चोखिएकी स्त्रीका नाकमा चार थोपा (दुई प्वालमा

दुई-दुई थोपा) हाल्नू । त्यो स्त्रीले त्यहां रात गर्भधारण गर्दछ ।

(ड) शार्ङ्गधर संहिता :

ब्रह्माले गर्भ स्थापनाका लागि महारास्नादि नामक काँढापानीका विषयमा बताएका छन् । जीवनीय गण, योगराजगुग्गुलु, फलघृत र बलातेलले गर्भ स्थापना गर्न मद्दत गर्दछ । लाहा आदि घृत तेलले गर्भलाई पुष्ट पार्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गर्भधारण नगराउने ओखती

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

आरनाल परिपेषितं त्र्यहं या जपाकुसुममत्तिपुष्पिणी ।
सा पुराणगुडमिष्टसेविनी सा दधाति नहि गर्भमङ्गना ॥

काँजी (साँधिएको दही वा मोही अथवा गहुँको अर्कविशेष) मा बाह्रमासे फूल (जपाकुसुम) पिसेर पुरानो सखर मिसाई परसरेको दिनदेखि तीन दिनसम्म चार चार तोला खानाले स्त्रीमा गर्भ रहँदैन ।

चूतकमण्डलबीजं स्थलपद्मिनिपत्रपिहितं च । उद्धृत्य सम्यगर्क मण्डलमेकं समाश्नीयात् ॥

आँपको कोया भित्रको गुदी निकाली भिजाएर स्थलकमल फूलको पत्तीले छोपी नियमानुसार अर्क निकाल्नू । यो अर्क नियमानुसार एक मण्डल (पन्ध्रदेखि अठचालीस दिन) सम्म पिउनू ।

ऋतुदिनतोया ललना पिवति कुचस्तम्भनं कुर्यात् ।
गर्भस्य भीतिरहिता रमयति पुनःकलप्रसूतापि ॥

सङ्कलन : मोहनप्रसाद सापकोटा

रजस्वला भएको दिनदेखि यो अर्क पिउने गरे स्त्रीको छाती (स्तन) कठोर भइरहन्छ र गर्भ बस्ने डर पनि हुँदैन ।

(ख) भावप्रकाश संहिता :

पिप्पलिविडङ्गटङ्कणसमचूर्णं या पिबेत्पयसा । ऋतुसमये न हि तस्या गर्भः सञ्जायते क्वापि ॥

रजस्वला भएका बेलामा पिप्ला, वायुविडङ्ग र सुहागा प्रत्येकको धुलो बराबर मात्रामा लिई दूधसँग पिउने गर्नाले कहिल्यै (सो अवधिभर) गर्भ रहँदैन ।

आरनालपरिपेषितं त्र्यहं या जपाकुसुममत्ति पुष्पिणी ।
सत्पुराणगुडमुष्टिसेविनी सन्दधाति न हि गर्भमङ्गना ॥

स्त्रीले रजस्वला भएको दिनदेखि तीन दिनसम्म बाह्रमासे फूल (Garden hibiscus वा China rose) का पत्ती आरनाल नामक काँजीमा पिसेर पिई हरेक पटक चार तोला उत्तम पुरानो सखर खाने गरे कदापि गर्भधारण गर्दिन । (काँचो वा पाकेको केलाएको गहुँको धुलोबाट बनाइने अर्कलाई 'आरनाल' भनिन्छ । आरनालको गुण सौवीर सरह हुन्छ ।-भावप्रकाश निघण्टु) ।

गर्भस्राव र गर्भपात
(Abortion and Miscarriage)

प्राचीन ग्रन्थका वचनहरू :

(क) काश्यप संहिता :

द्वितीयेऽहनि चेत् स्रंसते च्यवते वा;

रजस्वला भएको दोश्रो दिन गर्भाधान भए त्यो गर्भ पतन वा स्राव हुन्छ ।

(ख) परासरस्मृति :

आ चतुर्थाद्भवेत् स्रावः पातः पञ्चमषष्ठयोः ।

चार महिनासम्म गर्भ स्राव हुन्छ । पाँचौं र छैठौं महिनामा गर्भपात हुन्छ ।

(ग) भावप्रकाश संहिता, माधव निदान :

सङ्कलन : मोहन प्रसाद सापकोटा

भयाभिघातात्तीक्ष्णोष्णपानाशननिषेवणात् । गर्भे पतति रक्तस्य सशूलं दर्शनं भवेत्॥

डरले, चोटपटकले तथा तिक्खर र उष्णवीर्यका खानपिन गर्नाले गर्भपात हुँदा दुखाउँदै रगत पनि बहने गर्दछ । अर्थात् उल्लेखित कारणले गर्भपात हुन्छ र दुखाउँदै रगत पनि निस्कन्छ ।

आचतुर्थात्ततो मासात् प्रसवेद्गर्भविद्रवः । ततः स्थिरशरीरस्य पातः पञ्चमषष्ठयोः॥

चौथो महिनासम्म प्रायः तरलरूपको गर्भ पतन हुने हुने गर्दछ, यसलाई गर्भस्राव भनिन्छ । तर, गर्भको शरीर स्थिर भएपछि पाँचौं वा छैटौं महिनामा जुन गर्भ पतन हुन्छ त्यसलाई गर्भपात भनिन्छ ।

गर्भोऽभिघातविषमाशनपीडनाद्यैः । पक्वं द्रुमादिव फलं पतति क्षणेन ।

आघात पर्नाले, नमिल्दो आसनका कारण, थिचिएर आदि कारणले रूखबाट पाकेको फल झरेजसरी अकस्मात् गर्भपतन हुने गर्दछ ।

(घ) सुश्रुत संहिता :

कृमिवाताभिघातैस्तु तदेवोपद्रुतं फलम् । पतत्यकालेऽपि यथा तथा स्याद् गर्भविच्युतिः॥

जसरी कीरा लागेर, हुरीले वा चोट (आघात) का कारण समय नभई फल खस्दछ त्यसरी नै गर्भ पनि समय नपुग्दै झर्ने गर्दछ ।

आचतुर्थात्ततो मासात् प्रस्रवेद् गर्भविच्युतिः । ततः स्थिरशरीरस्य पातः पञ्चमषष्ठयोः ॥

चार महिनासम्मको गर्भ झर्नुलाई गर्भस्राव तथा पाँचौं र छैटौं महिनामा गर्भ झर्नुलाई गर्भपात भनिन्छ ।

प्रविध्यति शिरो या तु शीताङ्गी निरपत्रपा । नीलोद्धतसिरा हन्ति सा गर्भं स च तां तथा ॥

जुन गर्भवती स्त्रीले शरीरका अङ्ग झुकाएर टाउको धेरै हल्लाउँदछे, जुन स्त्रीमा लाजशरम भन्ने कुरा अलिकति पनि छैन, जुन स्त्रीका शिरा (नसा) माथि निस्केर उठेका र काला देखिन्छन् त्यो स्त्रीले आफ्नै गर्भलाई र गर्भले त्यो स्त्रीलाई नष्ट पार्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गर्भाशय (पाठेघर)
(Uterus)

परिभाषा :

(क) के.यन.स्वामी (गर्भाशय) : पाठेघर ।
(ख) नेपाली बृहत् शब्दकोश (गर्भाशय) : गर्भ रहने ठाउँ; गर्भस्थली; पाठेघर; बच्चादानी; गर्भ; कोख ।
(ग) डा.सतिश चन्द्र साङ्ख्यधर : गर्भाशयलाई अंग्रेजीमा Uterus भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :



(क) **राज निघण्टु :**

गर्भाशयो जरायुश्च गर्भाधारश्च स्मृतः ॥

गर्भाशय, जरायु र गर्भाधार : यी गर्भाशयका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गर्भिणी
(Pregnant)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) गर्भवती : गर्भधारण गरेकी; पेट बोकेकी; भुँडी बोकेकी; गर्भिणी; दोजिया ।

प्राचीन ग्रन्थका वचनहरू :

गर्भवती महिला

(क) राज निघण्टु :

गुर्विण्यापन्नसत्त्वा स्यादन्तर्वत्नी च गर्भिणी ॥

गुर्विणी, आपन्नसत्त्वा, अन्तर्वत्नी र गर्भिणी : यी गर्भवतीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गर्भौटिका (झारविशेष)
(A kind of grass)

परिभाषा :

(क) के.यन.स्वामी : (१) सुनीला : कुटिलको झार । (२) जलाश्रय : तीन पाते गुँदे झार ।
(ख) हिन्दी विश्वकोश : (१) गर्मूटिका : तृणविशेष । (२) गर्मोटिका : तृणविशेष । (३) जलाशया : शूलीतृण । (४) जरडी : तृणविशेष, यो घाँस खाएको भैंसीले बढी दूध दिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

गर्भौटिका सुनीला च जरडी च जलाश्रया॥
जरडी मधुरा शीता सारणी दाहहारिणी । रक्तदोषहरा रुच्या पशूनां दुग्धदायिनी॥

गर्भौटिका, सुनीला, जरडी र जलाश्रया : यी झारविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो झार गुलियो, शीतवीर्यको, मलमूत्र तलतिर सार्ने, डाह नाशक, रक्तविकार नाशक, रुचिप्रद र पशुको दूध बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गलगण्ड (गलगाँड)
(Goitre)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश (गलगण्ड) : घाँटीमा रुद्रघण्टीका वरिपरि नसामा पानी जमेर फुल्दै जाने रोग; गलगाँड; गलाको गाँड ।

संस्कृत पर्यायवाची नामहरू :

(क) **अर्कप्रकाश :**

श्वेतापराजितामूलजातोऽर्कः सर्पिषा सह । गलगण्ड हरेदेव मण्डलात्पथ्यभोजनः ॥

सेतो अपराजिताको जराको अर्क घिउसँग खानाले गलगण्ड रोग नाश गर्दछ । तर पन्ध्र दिनसम्म पथ्य भोजन गर्नुपर्दछ ।

(ख) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

सङ्कलन : मोहन प्रसाद

पवनश्लेष्ममेदोभिर्गलगण्डो भवेद् बहिः ॥
वर्धमानः स कालेन मुष्कवल्लम्बतेऽतिरुक् ।
कृष्णोऽरुणो वा तोदाढ्यः स वातात्कृष्णराजिमान् ॥
वृद्धस्तालुगले शोषं कुर्याच्च मधुरास्यताम् ।
स्थिरः सवर्णः कण्डूमान् शीतस्पर्शो गुरुः कफात् ॥
वृद्धस्तालुगले लेपं कुर्याच्च मधुरास्यताम् ।
मेदसः श्लेष्मवद्धानिवृद्धयोः सोऽनुविधीयते ॥
देहं वृद्धश्च कुरुते गले शब्दं स्वरेऽल्पताम् ।


A female affected with Goitre.

वायु, कफ र बोसोमा विकार आएपछि घाँटीको बाहिरी भागमा “गलगण्ड” नामक सुजन हुन्छ । यो समय पाएर बढ्दै गई अण्डकोश झुन्डिए जसरी घाँटीमा टाँसिएर झुन्डन थाल्दछ । यसमा कुनै किसिमको पीडा हुँदैन । वातविकार बढी भए यसको रङ कालो वा कालोपन मिसिएको रातो हुन्छ । यस अवस्थामा अलिअलि दुख्ने पनि गर्दछ । यसमाथि काला रेखाहरू हुन्छन् । जब यो बढ्दछ तब मुख सुन्निने, सुक्खा हुने र रसहीन हुने अवस्था बनिरहन्छ । कफविकार बढी भएर हुने गलगाँड स्थिर, अचल, कडा र भारी हुन्छ । जब यो बढ्दछ तब तालुमा लेप दलेजस्तो च्याटच्याट, मुखको गुलियोपन भइरहन्छ । बोसोविकार बढी भएर हुने गलगाँडमा पनि कफविकार बढी भएर हुने गलगाँडकै जस्ता लक्षण हुन्छन् । यसमा विशेषगरी शरीर पुष्टि हुँदा गाँड बढ्ने र शरीर दुब्लाउँदा गाँड पनि घट्ने

गर्दछ । बोल्दा र सास फेर्दा घाँटी नजानिंदो किसिमले बज्दछ । स्वर पनि मसिनो हुन्छ ।

(ग) **चरक संहिता :**

यस्य श्लेष्मा प्रकुपितो गलबाह्येऽवतिष्ठते । शनैः सञ्जनयेच्छोफं गलगण्डोऽस्य जायते॥

जसको घाँटीको बाहिरी भागमा गएर विकृत कफ जम्मा हुन्छ, बिस्तारै त्यो भाग सुन्निन्छ र गलगण्ड रोग उत्पन्न हुन्छ ।

(घ) **भावप्रकाश संहिता, माधव निदान :**

निबद्धः श्वयथुर्यस्य मुष्कवल्लम्बते गले । महान् वा यदि वा ह्रस्वो गलगण्डं तमादिशेत्॥

जसको घाँटीमा ठूलो वा सानो त्यसैमा सम्बन्ध भएर सुजन भई अण्डकोश जस्तो गरी झुण्डिएको हुन्छ त्यसलाई गलगाँड भनिन्छ ।

वातः कफश्चापि गले प्रदुष्टो मन्ये च संश्रित्य तथैव मेदः ।
कुर्वन्ति गण्डं क्रमशः स्वलिङ्गैः समन्वितं तं गलगण्डमाहुः॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

वायु, कफ र भित्री बोसो दूषित भई घाँटी र घिच्रोमा पुगी आ-आफ्ना लक्षणसहित बिस्तारै बिस्तारै बढ्ने खालको गाँठो उत्पन्न गर्दछ, त्यसलाई गलगाँड भनिन्छ ।

(ङ) **राज निघण्टु :**

...स्याद्गलगण्डो गलस्तनः ।

गलगाँडलाई गलगण्ड वा गलस्तन भनिन्छ ।

(च) **सुश्रुत संहिता :**

वातः कफश्चैव गले प्रवृद्धौ मन्ये तु संसृत्य तथैव मेदः ।
कुर्वन्ति गण्डं क्रमशः स्वलिङ्गैः समन्वितं तं गलगण्डमाहुः॥

विकृत भएका वायु, कफ र बोसो घिच्रोको आश्रय लिएर घाँटीमा क्रमशः आआफ्ना लक्षण सहितको गाँड उत्पन्न गर्दछन् । यसलाई गलगाँड भनिन्छ ।

तोदान्वितः कृष्णसिरावनद्धः कृष्णोऽरुणो वा पवनात्मकस्तु ।
मेदोन्वितश्चोपचितश्च कालाद्भवेदतिस्निग्धतरोऽरुजश्च॥

पारुष्ययुक्तांश्चिरवृद्ध्यपाको यदृच्छया पाकमियात् कदाचित् ।
वैरस्यमास्यस्य च तस्य जन्तोर्भवेत्तथा तालुगलप्रशोषः ॥

वातविकार बढी भएको गलगाँड काला शिराले भरिएको, कालो वा केही रातो वर्णको, केही समय पछि बढ्दा बोसो भरिएर अति चिल्लो हुने, नदुख्ने, छाम्दा खस्रो, ढिलो बढ्ने, नपाक्ने र कुनै कुनै आगन्तुक कारणले गर्दा पाक्ने खालको हुन्छ । यस्तो रोग लागेका मानिसको मुखमा अरुचि हुन्छ तथा तालु र गला सुक्ने गर्दछ ।

स्थिरः सवर्णोऽल्परुगुग्रकण्डूः शीतो महांश्चापि कफात्मकस्तु ।
चिराभिवृद्धिं कुरुते चिराच्च प्रपच्यते मन्दरुजः कदाचित् ॥
माधुर्यमास्यस्य च तस्य जन्तोर्भवेत्तथा तालुगलप्रलेपः ॥

कफविकार बढी भएको गलगाँड स्थिर, छालाकै रङको, कम दुख्ने, धेरै चिलाउने, शीतल, मोटो, ढिला बढ्ने, पाकेका खण्डमा अलिअलि दुख्ने, मुखमा गुलियोपन बसिरहने तथा गला र तालुमा कफ बसिरहने लक्षणको हुन्छ ।

स्निग्धो मृदुः पाण्डुरनिष्टगन्धो मेदःकृतो नीरुगथातिकण्डूः ।
प्रलम्बतेऽलाबुवदल्पमूलो देहानुरूपक्षयवृद्धियुक्तः ॥
स्निग्धास्यता तस्य भवेच्च जन्तोर्गलेऽनुशब्दं कुरुते च नित्यम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

बोसोविकार बढी भएको गलगाँड चिल्लो, नरम, सेतो (वा पहेँलो), गनाउने, नदुख्ने, अति चिलाउने, लौका झुन्डिए जसरी झुन्डिने, फेदमा पातलो तथा शरीर घट्दा घट्ने र बढ्दा बढ्ने लक्षणको हुन्छ । यसले पीडित भएका मानिसको मुख चिल्लो भइरहन्छ तथा बोली वा आवाज अस्पष्ट हुन्छ ।

गलविद्रधि (घाँटीको रोगविशेष)
(Tumor and abscess in the throat)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग निघण्टु, अष्टाङ्ग हृदय :

व्याप्तसर्वगलः शीघ्रजन्मपाको महारुजः ॥ पूतिपूयनिभस्रावी श्वयथुर्गलविद्रधिः ।

घाँटीको भागमा घाँटी भरी फैलिने, चाँडै उत्पन्न हुने, पाक्ने, अनेक थरी पीडा दिने र गनाउने पीप बहने खालको जुन सुजन हुन्छ त्यसलाई "गलविद्रधि" भनिन्छ ।

(ख) भावप्रकाश निघण्टु, माधव निदान :

सर्वं गलं व्याप्य समुत्थितो यः शोथो रुजः सन्ति च यत्र सर्वाः ।
स सर्वदोषैर्गलविद्रधिस्तु तस्यैव तुल्यः खलु सर्वजस्य ॥

त्रिदोषले उत्पन्न हुने, पूरै घाँटी भित्र फैलिने र सबै दोषका पीडा हुने सुजनलाई गलविद्रधि भनिन्छ । यो सामान्य त्रिदोषजन्य विद्रधि जस्तै हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) सुश्रुत संहिता :

सर्वं गलं व्याप्य समुत्थितो यः शोफो रुजो यत्र च सन्ति सर्वाः ।
स सर्वदोषो गलविद्रधिस्तु तस्यैव तुल्यः खलु सर्वजस्य ॥

त्रिदोषले उत्पन्न हुने, पूरै घाँटी भित्र फैलिने र सबै दोषका पीडा हुने सुजनलाई गलविद्रधि भनिन्छ । यो सामान्य त्रिदोषजन्य विद्रधि जस्तै हुन्छ ।

गलायु (घाँटीको रोगविशेष)
(A tumour in the throat)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

मांसकीलो गले दोषैरेकोऽनेकोऽथवाऽल्परुक्॥ कृच्छ्रोच्छ्वासाभ्यवहृतिः पृथुमूलो गिलायुकः ।

त्रिदोष विकृत भएर घाँटीको भागमा एउटा अथवा अनेक मासुका लोलो उत्पन्न हुने, अलिअलि दुख्ने, सास फेर्न एवं खानपिन गर्न कष्ट हुने फेदमा फराकिलो देखिने रोगलाई "गलायु" भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

ग्रन्थिर्गले त्वामलकास्थिमात्रः स्थिरोऽल्परुक्स्यात्कफरक्तमूर्त्तिः ।
संलक्ष्यते सक्तमिवाशितञ्च स शस्त्रसाध्यस्तु गलायुसंज्ञः॥

कफ एवं रक्तविकारले गलामा अमलाको गेडा जत्रो, स्थिर, कम दुख्ने, खाएको अन्न घाँटीमै अड्किएको जस्तो भान हुने गरी जुन् गाँठो पलाउँदछ त्यसलाई "गलायु" भनिन्छ । यसलाई चिरफार गरेर निको पार्न सकिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) माधव निदान :

गन्थिर्गले त्वामलकास्थिमात्रः स्थिरोऽतिरुग्यः कफरक्तमूर्त्तिः ।
संलक्ष्यते सक्तमिवाशनं च स शस्त्रसाध्यस्तु गलायुसञ्ज्ञः॥

घाँटीमा आउने अमलाको गेडा जत्रो, स्थिर, अति दुख्ने कफविकार र रक्तविकारका कारण आउने गाँठोलाई "गलायु" भनिन्छ । यसले गर्दा खाएको कुरा घाँटीमा अड्किने गर्दछ । यो शल्यक्रिया गरेर ठिक हुने रोग हो ।

(घ) सुश्रुत संहिता :

गन्थिर्गले त्वामलकास्थिमात्रः स्थिरोऽतिरुग्यः कफरक्तमूर्त्तिः ।
संलक्ष्यते सक्तमिवाशनं च स शस्त्रसाध्यस्तु गिलायुसञ्ज्ञः॥४९॥

घाँटीमा आउने अमलाको गेडा जत्रो, स्थिर, अति दुख्ने कफविकार र रक्तविकारका कारण आउने गाँठोलाई "गिलायु" भनिन्छ । यसले गर्दा खाएको कुरा घाँटीमा अड्किने गर्दछ । यो शल्यक्रिया गरेर ठिक हुने रोग हो ।

गलार्बुद (घाँटीको रोगविशेष)
(Throat tumor)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

जिह्वावसाने कण्ठादावपाकं श्वयथुं मलाः ॥ जनयन्ति स्थिरं रक्तं नीरुजं तद् गलार्बुदम् ।

जिभ्रोको फेद वा घाँटीको बीचमा वात आदि विकारले कहिल्यै नपाक्ने, स्थिर, अचल, रातो र नदुख्ने किसिमको जुन सुजन हुन्छ त्यसलाई "गलार्बुद" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गलौघ (घाँटीको रोगविशेष)
(Swelling in the throat)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

बाह्यान्तः श्वयथुर्घोरो गलमार्गार्गलोपमः । गलौघो मूर्धगुरुतातन्द्रालालाज्वरप्रदः ॥

घाँटी भित्र र बाहिर डरलाग्दोसँग सुन्निएर गलामा हुने अर्गला रोगमा जस्तै खानपिन गर्न र सासको गतिलाई समेत रोक्दै, टाउको भारी हुने, तन्द्रा लाग्ने राल चुहिने र जरो समेत निकाल्ने रोगलाई "गलौघ" भनिन्छ ।

(ख) भावप्रकाश संहिता :

शोथो महान्यस्तु गलावरोधी तीव्रज्वरो वायुगतेर्निहन्ता ।
कफेन जातो रुधिरान्वितेन गले गलौघः परिकीर्त्तितोऽसौ ॥
(वायुगतेर्निहन्ता-उदानवायुगतिरोधकः)

सङ्कलन : मोहन प्रसाद सापकोटा

कफ र रक्तविकारले गर्दा हुने, घाँटीबाट जाने खानपिनलाई रोक्ने, उदानवायुको गति नाश गर्ने तथा कडा जरो निकाल्ने खालको घाँटीमा हुने ठूलो सुजनलाई "गलौघ" भनिन्छ ।

(ग) माधव निदान, सुश्रुत संहिता :

शोथो(फो) महानन्नजलावरोधी तीव्रज्वरो वायुगतेर्निहन्ता ।
कफेन जातो रुधिरान्वितेन गले गलौघः परिकीर्त्यते तु (परिकीर्त्यतेऽसौ) ॥

कफविकार र रक्तविकारले हुने, अन्न र पानीलाई अवरुद्ध पार्ने, कडा जरो आउने र वायुको गतिलाई समेत रोक्ने खालको गलाको सुजनलाई गलौघ भनिन्छ ।

गवय (नीलगाई)
(Jungle-cow)

परिभाषा :

(क) भावप्रकाश निघण्टुका टीकाकार : ऋष्य नामक मृग नीलो वर्णको हुन्छ यसलाई मानिसहरू रोभ्फ भन्दछन् ।

नीलगाई (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ख) नेपाली बृहत् शब्दकोश : (१) ऋष्य : एक प्रकारको जङ्गली गाई; नील गाई । (२) नीलगाई : गाईका जस्ता कान, छोटो र बाङ्गो सिङ, गर्दनमा काला छोटा रौं, घाँटीमा लामा रौंका गुच्छा हुने र बराँठको जस्तो रङ हुने एक जातको लामपुछ्रे मृग; घोडगधा; लिलीगाई । (३) मिर्गाई : मृगजस्तो देखिने एक थरी गाई; नीलगाई ।

(ग) के.यन.स्वामी : (१) ऋष्य : मृगविशेष । (२) गवय : गोरुको जातिविशेष । नीलगाई । (३) बलभद्र : नीलगाई । (४) महागव : वनगाईको साँढे; गवय । (५) वनधेनु : नीलगाई । जङ्गली गाई ।

(घ) पेयर डी अमरकोशः गवयलाई राम भनिन्छ । यसलाई जीवशास्त्रमा *Boselaphus tragocamelus Pallas* तथा अंग्रेजीमा Nilgauantilope भनिन्छ । यसका पनि विभिन्न वर्ण र जात हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) डा.सतिश चन्द्र साङ्ख्यधर : नीलगाईको साँढेलाई अंग्रेजीमा Wild-Bull, Gayel Ox भनिन्छ । नीलगाईलाई ल्याटिन भाषामा *Bos gavocus* तथा अंग्रेजीमा Jungle-cow भनिन्छ ।

(च) कुलचन्द्र शर्मा : गवय, ऋष्य आदि मृगविशेषका नाम हुन् ।

(छ) हिन्दी विश्वकोश (गवय) : गाई जातको एक जनावर । यसका घाँटीमा माल हुँदैन । नीलगाई ।

(ज) अभिधानमञ्जरी र अभिधान रत्नमालामा गवयको अर्थ अर्ना लगाइएको छ ।

(झ) मृगपक्षीशास्त्रका अनुवादक मारुति चित्रमपल्ली : नीलगाईलाई अंग्रेजीमा Nilgai तथा ल्याटिन भाषामा Boselaphus tragocamelus भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **द्रव्यगुणसङ्ग्रह :**

गवयस्यापि मांसं तु स्निग्धं कासनिबर्हणम् । रसे पाके च मधुरं व्यवायस्य तु वर्धनम् ॥

गवयको मासु चिल्लो, खोकी नाश गर्ने, शुरुमा र पचेपछि गुलियो र यौन-क्षमता बढाउने गुणको हुन्छ ।

(ख) भावप्रकाश निघण्टु :

ऋष्यो नीलाण्डकश्चापि गवयो रोभ्फ इत्यपि । गवयो मधुरो बल्यः स्निग्धोष्णः कफपित्तलः ॥

ऋष्य, नीलाण्डक, गवय र रोभ्फ (?) : यी ऋक्ष्य मृगका संस्कृत पर्यायवाची नामहरू हुन् । ऋष्य मृगको मासु गुलियो, बलदायक, चिल्लो, गर्मी गर्ने, कफविकार गर्ने र पित्तविकार गर्ने गुणको हुन्छ ।

(ग) मदनपाल निघण्टु :

रूक्षो मीलाण्डको नीलो गवयश्चारुदर्शनः । गवयो मधुरो वृष्यः स्निग्धोष्णः कफपित्तलः ॥

रूक्ष, मीलाण्डक, नील, गवय र चारुदर्शन : यी नीलगाईका संस्कृत पर्यायवाची नामहरू हुन् । यसको मासु गुलियो, वीर्यवर्धक, चिल्लो, उष्णवीर्यको तथा कफ र पित्त बढाउने गुणको हुन्छ ।

(घ) मृगपक्षीशास्त्र :

ते रोहिताक्षा विज्ञेया रोहिताक्षिसमुज्वला । मृगयालोलुपा नित्यं राज्ञां स्पर्शनयोग्यकाः ॥
पुरन्ध्रीभिश्च राज्ञीभिः क्रीडने दत्तमानसाः । कटाक्षवीक्षणाद्राज्ञां सम्पत्सन्ततिवर्धकाः ॥
नातितुङ्गा नातिनीचा नानावर्णसमुज्वलाः । नातिस्थूला नातिकृशा नयनोल्लसवर्षिणः ॥
मनोज्ञशृङ्गसहिता मनौज्ञनयना मताः । पीतवर्णाः स्वर्णवर्णाः बहुबिन्दुविभूषिताः ॥
शिशुवल्लालनीयाश्च युवतीभिर्विशेषतः । सांत्ववाक्यप्रियाः सर्वमङ्गलावाप्तिहेतवः ॥
नानालङ्कारलोलाश्च यौवने तु विशेषतः ।

आँखा राता र चम्किला हुने, शिकार गर्न मन पराइने र राजाबाट स्पर्श गर्न योग्य जनावरलाई रोहिताक्ष (नीलगाई) भनिन्छ । कुलीन स्त्री र रानीहरूसँग मग्न भएर खेल्न रुचाउने यो जनावरलाई छड्के आँखाले हेर्दा राजाको सम्पत्ति र सन्तान बढ्दछ । यो जनावर न धेरै अग्लो न धेरै होचो हुन्छ । अनेक थरी चम्किला वर्णले युक्त हुन्छ । नीलगाई न धेरै मोटो न धेरै दुब्लो हुन्छ । यसको दर्शन अति आनन्ददायक हुन्छ । यसका मनमोहक सिङ र आँखा हुन्छन् । यो पहेँलो र सुनौलो रङका असंख्य थोप्लाले युक्त हुन्छ । यो जनावर विशेषगरी स्त्रीहरूले बालकलाई जस्तै गरी पालनपोषण गर्न योग्य हुन्छ । नीलगाई मिठो आवाज सुन्न रुचाउँदछ र सबै किसिमका मङ्गल प्राप्त गर्ने कारण हुन्छ । विशेषगरी जवानीमा यी अलङ्कारका प्रिय हुने गर्दछन् ।

नील गाई (तस्विर श्रोत : प्रशासन डटकम)

(ङ) **राजनिघण्टु :**

**गवयक्षीरजं क्षीरं सुस्निग्धं शीतलं लघु । सुगन्धि द्रावकं शुभ्रमन्यत्स्वल्पगुणं स्मृतम्॥
गवयस्यामिषं बल्यं रुच्यं वृष्यञ्च बृंहणम्॥ वनगौर्गवयः प्रोक्तो बलभद्रो महागवः॥
गवयो वनधेनुः स्यात् सैव भिल्लगवो मता॥**

नीलगाईको दूधबाट बन्ने तवक्षीर चिल्लो, शीतवीर्यको र पचाउन सहज हुन्छ । यो बास्ना आउने, बाल्ने गुणको र सेतो हुन्छ । अरु तवक्षीर कम गुणस्तरीय हुन्छन्। भाले नीलगाईको मासु बलदायक, रुचिप्रद, वीर्यवर्धक र पौष्टिक हुन्छ। वनगौ, गवय, बलभद्र र महागव : यी नीलगाईको साँढेका संस्कृत पर्यायवाची नामहरू हुन्। गवय, वनधेनु र भिल्लगव : यी नीलगाईका संस्कृत पर्यायवाची नामहरू हुन्।

(च) **राजवल्लभ निघण्टु :**

गवयस्यापि मांसं च स्निग्धं कासनिबर्हणम्। रसे पाके च मधुरं व्यवायि स्तन्यवर्धनम्॥

नीलगाईको मासु पनि चिल्लो, खोकी नाशगर्ने, शुरुमा र पचेपछि गुलियो, व्यवायी र दूध बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गवेधुक (भिर्कौंलो)
(Job's tears)

परिभाषा :

(क) के.यन.स्वामी : गवेधुक भनेको भिर्कौंला हो । यो करिब साढे दुई तीन अङ्गुल चौडा, एक डेढ हात लामो हुन्छ । यसको मकैको बोटको पातजस्तो पात हुन्छ । बैजनी रङ्गको दुई पङ्खडी हुने कोप्रो जस्तो देखिने फूल हुन्छ । ठूलो केराउभन्दा केही ठूलो र लामो चुच्चो हुने, टुप्पाको भेट्नोतिर थ्याप्चो, सेतो वा फिक्का बैजनी रङ्गको फूल हुन्छ, तीन चार हात अग्लो गाँज हुने बोट हुन्छ ।

(ख) नेपाली बृहत् शब्दकोशः (१) भिरगौंडी : मकैका जस्ता पात र बोट हुने, सेता दाना फल्ने एक जातको बोट; वनजुनेलो । (२) भिर्कौंले वा भिर्कौंलो : लाम्चा र किनारामा सेता भावका पात हुने, लाम्चा र चिप्ला फल फल्ने, जुनेलोजस्तो एक जातको बोट वा त्यसैको फल । (३) बाजरा : जुनेलाका जातको काला र मसिना दाना हुने अन्नविशेष ।

(ग) आचार्य बालकृष्ण : यसको वास्पतिक नाम *Coix lacryma-jobi* Linn.वा *Coix arundinacea* Lam. हो । यसलाई अंग्रेजीमा Adlay Jobs tears, Job's tears, Pearl barley, Adlay Millet भनिन्छ । यसको हिन्दी नाम वैजन्ती पनि हो । यसको बीजबाट बनाइने वैजन्ती मालाका बारेमा प्राचीन ग्रन्थमा धेरै वर्णन गरिएको पाइन्छ । यसलाई संस्कृतमा गवेधुका, गवेधु र गवेधुक भनिन्छ । नेपालीमा भिर्कौंले भनिन्छ ।

(घ) फर्माकोपिया : संस्कृतमा गवेधुक र गवेधु भनिने वनस्पति Gramineae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Coix lachryma-jobi* Linn. syn. *C. lachryma* Linn. हो । यसलाई अंग्रेजीमा Adlay, Jobs tears भनिन्छ । यसको जरा ओखतीका लागि एक मात्रामा ३-६ ग्राम प्रयोग हुन्छ ।

(ङ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : भिरकौंलो Angiosperm समूह अन्तर्गत Poaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Coix lacryma-jobi* L. हो ।

बाजरा (तस्बिर श्रोत : ne.healthy-food-near-me.com)

(च) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Adlay Jobs Tears तथा ल्याटिन भाषामा *Coix lachryma jobi* Linn. भनिन्छ ।

(छ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसलाई ल्याटिन भाषामा *Coixbarbata* भनिन्छ ।

(ज) अमरकोश : गवेधु (गवेडू) र गवेधुका : यी बाजराका नाम हुन् ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग निघण्टु :

गवेधुका च गोजिह्वा कर्शनीया सिता तथा ।

गवेधुका, गोजिह्वा, कर्शनीया र सिता : यी भिर्कौलोका पर्यायवाची नाम हुन् ।

(ख) कैयदेव निघण्टु :

गवेधुका तु गोजिह्वा वार्षिका वार्षणी तथा । गवेधुका कटुः कार्श्यकरी स्वाद्वी कफापहा ॥

गवेधुका, गोजिह्वा, वार्षिका र वार्षणी : यी भिर्कौलोका पर्यायवाची नाम हुन् । यो पिरो, दुब्लो बनाउने, स्वादिलो र कफविकार नाश गर्ने गुणको हुन्छ ।

(ग) निघण्टुशेष :

गवेधुकायां गवेधुः ...।
(गूयते गवेधुका-मुन्यन्नम् । गवा-अम्भसा एधते गवेधुः । एतस्या लोके "गररी" इति प्रसिद्धिः ।) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गवेधुका र गवेधु : यी भिर्कौलोका पर्यायवाची नाम हुन् ।

(घ) भावप्रकाश निघण्टु :

गवेधुका तु विद्वद्भिर्गवेधुः कथिता स्त्रियाम् ॥ गवेधुः कटुका स्वाद्वी कार्श्यकृत्कफनाशिनी ।

गवेधुका र गवेधु (स्त्री लिङ्गमा) भिर्कौलाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो र गुलियो हुन्छ । यसले दुब्लोपन गराउँदछ र कफविकार नाश गर्दछ ।

(ङ) मदनपाल निघण्टु :

गवेधुका कर्षणी स्याद्गोजिह्वाऽऽकर्षिणी मता । गवेधुकाः कटुः स्वाद्वी कार्श्यकृत्कफनाशिनी ॥

गवेधुका, कर्षणी, गोजिह्वा र आकर्षिणी : यी भिर्कौलोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो, स्वादिलो, दुब्लो बनाउने र कफनाशक गुणको हुन्छ ।

गारुत्मत (पन्ना)
(Emerald)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : अश्मगर्भ, गारुत्मत, मरकत र हरिन्मणि भनेको पन्ना (रत्नविशेष) हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) पन्ना : हरियो वा नीलो रङको एक जातको बहुमूल्य रत्न; नीलमणि; चन्द्रमणि । (२) मरकत : पन्ना नामक एक रत्न ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : पन्नालाई अंग्रेजीमा Emerald वा Smeragolus भनिन्छ ।

(घ) बुध ग्रहले दुःख दिए पन्ना जडित औंठी लगाउनु पर्दछ भनेर मुहूर्त चिन्तामणीमा भनिएको छ ।

संस्कृत पर्यायवाची नामहरू :

पन्ना (तस्बिर श्रोत : नवभारतटाइम्स डट इण्डियाटाइम्स डटकम)

(क) कैयदेव निघण्टु :

गारुत्मतं मरकतमश्मगर्भं हरिन्मणिः ।

गारुत्मत, मरकत, अश्मगर्भ र हरिन्मणि : यी पन्नाका पर्यायवाची नाम हुन् ।

(ख) धन्वन्तरि निघण्टु :

गारुत्मतं मरकतं रौहिणेयं हरिन्मणिः । सौपर्णं गरुडोद्गीर्णं बुधरत्नाश्मगर्भजम् ॥
गरलारिर्वायवालं गारुडं रुद्रसम्मितम् । रौहिणेयं विषघ्नं च शीतलं मधुरं रसे ॥
अम्लपित्तहरं वृष्यं पुष्टिदं भूतनाशनम् ।

गारुत्मत, मरकत, रौहिणेय, हरिन्मणि, सौपर्ण, गरुडोद्गीर्ण, बुधरत्न, अश्मगर्भज, गरलारि, वायवाल, गारुड र रुद्रसम्मित : यी पन्नाका पर्यायवाची नाम हुन् । यो विषविकार नाश गर्ने, शीतवीर्यको, गुलियो, अम्लपित्त नाशक, वीर्यवर्धक, पुष्टिदायक र भूतबाधा नाश गर्ने गुणको हुन्छ ।

(ग) भावप्रकाश निघण्टु :

गारुत्मतं मरकतमश्मगर्भो हरिन्मणिः ।

गारुत्मत, मरकत, अश्मगर्भ र हरिन्मणि : यी पन्नाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(घ) **मदनपाल निघण्टु :**

गारुत्मतं मरकतं दृषद्गर्भं हरिन्मणिः॥

गारुत्मत, मरकत, दृषद्गर्भ र हरिन्मणि : यी पन्नाका संस्कृत पर्यायवाची नामहरू हुन्। (यसको भस्म टर्रो र गुलियो हुन्छ। यो रत्न आँखाका लागि हितकर, लेखनी, शीतवीर्य भएको र मलमूत्र तलतिर सार्ने गुणको हुन्छ। यसलाई लगाउनाले मङ्गलदायक हुन्छ तथा यसले डाह, दुष्टग्रहबाधा र विषविकार नाश गर्दछ।)।

(ङ) **रसरत्नसमुच्चय :**

हरिद्वर्णं गुरु स्निग्धं स्फुरद्रश्मिचयं शुभम्। मसृणं भासुरं तार्क्ष्यंगात्रं सप्तगुणं मतम्॥
कपिलं कर्कशं नीलं पाण्डुकृष्णं च लाघवम्। चिपिटं विकटं कृष्णं रूक्षं तार्क्ष्यं न शस्यते॥

हरियो, गरौं, चिल्लो, चम्किलो किरण भएको, तेजिलो, खस्रो नभएको र समान बनोट भएको : यस्तो सात गुणको पन्ना उत्तम हुन्छ। कैलो, खरानी रङको, खस्रो (वा नीलो), हल्का पहेँलो वा पहेँलो-कालो मिसिएको, हलुका, चेप्टो, बाङ्गोटिङ्गो, कालो र रुखो पन्ना निकृष्ट हुन्छ।

ज्वरच्छर्दिविषश्वाससन्निपाताग्निमान्द्यनुत्। दुर्नामपाण्डुशोफघ्नं तार्क्ष्यमोजो विवर्धनम्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

पन्नामा जरो, वाकवाकी, विषविकार, दम, सन्निपात, मन्दाग्नि, हर्सा, पाण्डु र सुजन नाश गर्ने तथा ओजलाई बढाउने गुण हुन्छ।

(च) **राज निघण्टु :**

गारुत्मतं मरकतं रौहीणेयं हरिन्मणिः। सौपर्णं गरुडोद्गीर्णं बुधरत्नाश्मगर्भजम्॥
गरलारिर्वायवालं गारुडं रुद्रसम्मितम्॥

(१) गारुत्मत, (२) मरकत, (३) रौहीणेय, (४) हरिन्मणि, (५) सौपर्ण, (६) गरुडोद्गीर्ण, (७) बुधरत्न, (८) अश्मगर्भज, (९) गरलारि, (१०) वायवाल र (११) गारुड : यी एघार नाम पन्नाका संस्कृत पर्यायवाची नामहरू हुन्।

मरकतं विषघ्नञ्च शीतलं मधुरं रसे। आमपित्तहरं रुच्यं पुष्टिदं भूतनाशनम्॥

पन्ना विषविकार नाशक, शीतवीर्यको र गुलियो हुन्छ। यसले आमविकार र पित्तविकार नाश गर्दछ। यो रुचिप्रद, पुष्टिदायक र भूतबाधा नाशक हुन्छ।

स्वच्छं गुरु सुच्छायं स्निग्धं गात्रे च मार्दवसमेतम्।
अव्यङ्गं बहुरङ्गं शृङ्गारि मरकतं शुभं बिभृयात्॥

शर्करिलकलिलरूक्षं मलिनं लघु हीनकान्ति कल्माषम् ।
त्रासयुतं विकृताङ्गं मरकतममरोऽपि नोपभुञ्जीत ॥

स्वच्छ, गह्रौं, मनमोहक प्रतिबिम्ब देखिने, चिल्लो, सतहमा छाम्दा नरम हुने, दाग नभएको र धेरै रङ्ग देखिने पन्ना शुभ हुन्छ, लगाउनू । खस्रो, मिसिएको, रुखो, चमक नआउने, हलुका, तेजहीन, मैलो, डरलाग्दो र खुँडे पन्ना देवताले पनि नलगाउनू ।

यत् शैवालशिखण्डिशाद्वलहरित्काचैश्च चाषच्छदैः
खद्योतेन च बालकीरवपुषा शैरीषपुष्पेण च ।
छायाभिः समतां दधाति तदिदं निर्दिष्टमष्टात्मकं
जात्यं यत्तपनातपैश्च परितो गारुत्मतं रञ्जयेत् ॥

लेउ, मुजुर, हरियो घाँस, स्फटिक, नीलकण्ठ, जुनकीरि, सुँगा र शिरीषको फूलको प्रतिबिम्ब देखिने पन्नालाई राम्रो पन्ना भनिन्छ । यी सबै प्रतिबिम्ब समानरूपमा आठ वटा कुनाबाट देखिन्छ । असल पन्नाले घाममा वा आगोमा राख्दा चारैतिर रङ फाल्दछ ।

(छ) **सरस्वती निघण्टु :**

गारुत्मतं मरकतं दृषद्गर्भो हरिन्मणिः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गारुत्मत, मरकत, दृषद्गर्भ र हरिन्मणि : यी पन्नाका पर्यायवाची नाम हुन् ।

गुग्गुल (गोकुलधूप)
(Indian bdellium)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : कुम्भ, उलूखलक आदि भनेको गोकुलधूपको रूख हो ।

(ख) के.यन.स्वामी : प्रायः पहाडमा हुने एक प्रकारको रूख वा त्यसको खोटो । नीमको छाँटको तर किनारा नकाटिएको पात । सेतो सानो पाँच पङ्खडीको फूल । खिर्नीको जस्तो तीनपाटे फूल । यसको खोटो आगोमा हाल्दा सुगन्ध आउने हुँदा "गोकुलधूप" भनिन्छ । यसको बोटबाट हर मौसममा खोटो निस्कने गर्दछ । अनेक थरी गोकुलधूपमध्ये गाढा निलोलाई "महानीलः" (पुं.लिङ्ग), गाढा पहेँलोलाई "हिरण्याक्षः" (पुं.), भमराभैँ कालो र राँगोको आँखाभैँ टल्कनेलाई "महिषाक्षः" (पु.), माणिकभैँ रातोलाई"पद्माक्षः" (पुं.), सेतोलाई "कुमुदाक्षः" (पुं.), आशापुरीलाई "आशापुरसम्भवः" (पु.), कणकण हुनेलाई "कणगुग्गुलः" (पु.) र पहाडियालाई "जिङ्गिनी वा भिङ्गिनी" भनिन्छ ।


गोकुलधूप (तस्बिर श्रोत : पेअर डी अमरकोश)

(ग) नेपाली बृहत् शब्दकोश : मसिना पात, खैरा ससाना फूल र लाम्चा हरिया पात हुने एक रूख, त्यसै रूखको सुगन्धी खोटो वा धूप ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : गोकुलधूपलाई अंग्रेजीमा Indian Bdellium तथा ल्याटिन भाषामा *Balsamodendron mukul* Hook.ex Stocks भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद स

(ङ) पेयर डी अमरकोश : यसको ल्याटिन नाम *Commiphora mukul* (Hook ex Stocks) Engl. हो । यसलाई अंग्रेजीमा Balsam Tree पनि भनिन्छ ।

(च) अष्टाङ्ग हृदय कोश : गुजो व्याधेर्गुडति । गुड रक्षणे । रोगमाथि आवाज निकाली जाइ लाग्दै (शरीरको) रक्षा गर्ने हुनाले यसलाई संस्कृतमा गुग्गुलुः भनिएको हो । यसलाई अंग्रेजीमा Gum gugul पनि भनिन्छ ।

(छ) द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ : यसलाई अंग्रेजीमा Indian Bedellium तथा ल्याटिन भाषामा *Balsamodendron mukul* Hook. *(B.agollocha., Commiphora mukul; C.africana)* भनिन्छ ।

(ज) डा.सतिश चन्द्र साङ्ख्यधर : गोकुलधुपलाई ल्याटिन भाषामा *Commiphora mukul* (Hook.ex Stocks) Engl., *Balsamodendron mukul* Hook ex Stocks, *Commiphora roxburghii* (Arn.)Engl. वा *Balsamodendron roxburghii* (Arn.) भनिन्छ । यसको अंग्रेजी नाम Indian Bdellium Tree हो ।

(झ) आचार्य बालकृष्ण : गुग्गुल, देवधूप, जटायु, कौशिक, पुर, कुम्भोलूखलक, महिषाक्ष र पलङ्कषा : यी गोकुलधूपका पर्यायवाची नाम हुन् । यो परिवारमा पर्दछ । यसको वानस्पतिक *Commiphora wightii* (Arnott) Bhandari, Syn-*Commiphora mukul* (Hook. ex Stocks) Engl., *Balsamodendron mukul* (Hook. ex

Stocks) नाम हो । यसलाई अंग्रेजीमा Indian bdellium, Gum guggul, Mukul myrrh tree भनिन्छ ।

(ञ) फर्माकोपिया : गोकुलधूपलाई संस्कृतमा गुग्गुलु, पुर, महिषाक्ष, कौशिक र पलङ्कष भनिन्छ । यो Burseraceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम exudate of *Commiphora wightii* (Arn.) Bhand, Syn. *Balsamodendron mukul* Hook. ex Stocks, *Commiphora mukul* Engl.) हो । अंग्रेजीमा यसलाई Gum-gugul, Indian Bdellium भनिन्छ । ओखतीका लागि यसको मात्रा २-४ ग्राम हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

गुत्गु(ल्गु)लुरिण्डी मचणः पलङ्कषा कौशिको जटायुश्च ।
सहिकश्च वायसारिः शिवप्रियो धूपिकः पुरो दुर्गः ॥
महिषाक्षोऽर्णक्रामो भद्रश्रियं च कालरसः । नकुञ्चरः शिलाख्यः पर्यायैः कथ्यते महाधूपः ॥
द्वितीयो गुत्गु(ल्गु)लुर्धूर्तो धूमितो धूम्रलोहितः । पैशाचो राक्षसावासः कट्वङ्गोद्भव उच्यते ॥

गुत्गु(ल्गु)लुरिण्डी, मचण, पलङ्कषा, कौशिक, जटायु, सहिक, वायसारि, शिवप्रिय, धूपिक, पुर, दुर्ग, महिषाक्ष, अर्णक्राम, भद्रश्रिय, कालरस, नकुञ्चर, शिलाख्य र महाधूप : यी गोकुलधूपका तथा गुत्गु (ल्गु)लु, धूर्त, धूमित, धूम्रलोहित, पैशाच, राक्षसावास र कट्वङ्गोद्भव : यी दोश्रोथरी गोकुरधूपका पर्यायवाची नाम हुन् ।

गोकुलधूप (तस्बिर श्रोत : पेअर डी आमरकोश)

(ख) अभिधान रत्नमाला :

महिषाक्षो निशाचारो कौशिको गुग्गुलुः पुरः ।
जटायुः कालनिर्यासो दुर्गनामा पलङ्कषा ॥

महिषाक्ष, निशाचार, कौशिक, गुग्गुलु, पुर, जटायु, कालनिर्यास, दुर्गनामा र पलङ्कषा : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

कुम्भोलूखलकं क्लीबे कौशिको गुग्गुलः पुरः ।

कुम्भ, उलूखलक, (कुम्भीलूखकल, कुम्भोलु, खलक), कौशिक, गुग्गुल र पुर : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

(घ) **अष्टाङ्ग निघण्टु :**

महिषाक्षो निशाचारी कौशिको गुग्गुलुः पुरः ।

महिषाक्ष, निशाचारी, कौशिक, गुग्गुलु र पुर : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

(ङ) **कैयदेव निघण्टु :**

महिषाक्षो निशाशायी कौशिको गुग्गुलः पुरः । जटायुः कालनिर्यासः शिवो दुर्गो निशाचरः॥
उलूखलः सर्वसहः शिवधूपः पलङ्कषः ।

गोकुलधूपको रूख (तस्विर श्रोत : इण्डियामार्ट)

महिषाक्ष, निशाशायी, कौशिक, गुग्गुल, पुर, जटायु, कालनिर्यास, शिव, दुर्ग, निशाचर, उलूखल, सर्वसह, शिवधूप र पलङ्कष : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

दानवेन्द्रविजितान् पुरा सुरान्नष्टकान्तिधृतिवीर्यतेजसः ।
वीक्ष्य विष्णुरमृतं किलासृजद् गुग्गुलुं बलवपुर्जयप्रदम्॥

प्राचीन समयमा दानवबाट पराजित हुँदा देवताहरूको कान्ति, धैर्य, वीर्य र तेज नष्ट भएको थियो । यस्तो देखी भगवान् विष्णुले अमृतबाट बल, सौन्दर्य र विजय प्रदान गर्ने खालको गोकुलधूपको सृष्टि गर्नुभएको थियो ।

मरुभूमिषु जायन्ते प्रायशः पुरपादपाः । भानोर्मयूखैः सन्तप्ता ग्रीष्मे मुञ्चन्ति गुग्गुलुम्॥
हिमान्विताश्च हेमन्ते विधिना तं समाहरेत् ।

प्रायः मरुभूमिमा हुने यसको वृक्षबाट ग्रीष्म ऋतुमा घामको रापले गोकुलधूप निस्कने गर्दछ । हिउँले ढाकेका स्थानमा हेमन्त ऋतुमा यसलाई विधिपूर्वक जम्मा गर्नुपर्दछ ।

हिरण्यः कुमुदः पद्मो महानीलस्तथापरः । पञ्चमो महिषाक्षश्च नामतः परिकीर्तितः॥

हिरण्य, कुमुद, पद्म, महानील र महिषाक्ष गरी गोकुलधूप पाँच किसिमका हुन्छन् ।

सुवर्णवर्णः प्रथमः कुमुदः कुमुदद्युतिः । पद्मरागनिभः पद्मो महानीलश्च नामधृक्॥
भृङ्गाञ्जनसवर्णस्तु महिषाक्ष इति स्मृतः॥

पहिलो सुनौलो रङको हुन्छ । कुमुद सेतो चन्द्रकमलजस्तो, पद्म पद्मरागमणि जस्तो, महानील नीलो र महिषाक्ष भमरा वा गाजलजस्तो कालो हुन्छ ।

आतपैस्ते विलीयन्ते क्षिप्ताश्चाग्नौ ज्वलन्ति हि ।
स्वभावविशदाः स्निग्धाः स्वामोदाः कण्ठशोधनाः ॥

यी सबै खालका गोकुलधूप आगामा हाल्दै बिलाउँदछन् वा बल्दछन् । यी सुन्दर, चिल्ला र घाँटी सफा गर्ने गुणका हुन्छन् ।

सर्वे समानवीर्यास्ते सर्वे रसगुणैः समाः । आस्वादे तिक्तकटुकाः कषायाः स्वादवः परम् ॥

यी सबैको उस्तै वीर्य, रस र गुण हुन्छ । यी तिता, पिरा र टर्रा हुन्छन् ।

महिषाक्षो गजेन्द्राणां महानीलश्च शस्यते । वाजिनां कुमुदः पद्मो नराणां कनकः स्मृतः ॥

हात्तीहरूका लागि महिषाक्ष र महानील, घोडाहरूका लागि कुमुद र पद्म तथा मानिसहरूका लागि कनक जातको गोकुलधूप श्रेष्ठ हुन्छ ।

स नवो बृंहणो वृष्यः पुराणस्त्वस्तिकर्षणः । माधुर्याच्छमयेद् वातं कषायत्वाच्च पित्तजित् ॥
तिक्तत्वाच्छ्लेष्महृच्चैवं गुग्गुलुः सर्वदोषहा ।

ताजा गोकुलधूप पौष्टिक र वीर्यवर्धक हुन्छ भने पुरानो गोकुलधूपले मूत्राशय सफा गर्दछ । गोकुलधूपमा हुने गुलियोपनले वातविकारलाई शान्त पार्दछ, टर्रोपनले पित्तविकारलाई जित्दछ र तितोपनले कफविकार नाश गर्दछ । यसरी गोकुलधूपले सबै खालका दोष (त्रिदोष) नाश गर्दछ ।

गोकुलधूपको रूख (तस्विर श्रोत : पत्रिका)

कृष्णः शोणितपित्ते च श्लेष्मपित्ते च पिङ्गलः ॥ वातपित्ते तथा श्वेतो गुग्गुलुः शस्यते तथा ।

कालो गोकुलधूप रक्तपित्त रोगमा, कैलो कफविकार र पित्तविकारमा तथा सेतो वातविकार र पित्तविकारमा उपयोगी हुन्छ ।

गुग्गुलुर्मधुरस्तिक्तो कषायः कटुकः कटुः ॥ पाके रूक्षो लघुः सूक्ष्मः वीर्येणोष्णः सरस्तथा ।

गोकुलधूप गुलियो, तितो, टर्रो र पिरो हुन्छ । यो पचेपछि पिरो, रुखो, पचाउन सहज, सूक्ष्म, उष्णवीर्यको तथा मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

दीपनः कफवातघ्नो वृष्यः बल्यो रसायनः ॥ भग्नसन्धानकृत् स्वर्यो बृंहणो विनियच्छति ।
मेदोमेहाश्मवातास्र ग्रन्थिगण्डव्रणापचीः ॥ पिडकाक्लेदशोफार्शोकण्डूकुष्ठवमिक्रिमीन् ।

यो दीपनी, कफविकार र वातविकारलाई नाश गर्ने, वीर्यवर्धक, बलदायक, रसायनी, भाँचिएका हाड जोड्ने, स्वरका लागि हितकर, पौष्टिक तथा बोसोविकार, प्रमेह, पत्थरी, वातविकार, रक्तविकार, गाँठा

आउने रोग, गाँड, खटिरा, अपची रोग, पिलो, पसिना आउने रोग, सुजन, चिलाउने रोग, कुष्ठ, वाकवाकी र कीरा नाश गर्ने गुणको हुन्छ ।

तच्छाकं मधुरं रूक्षं कटुकं शिशिरं गुरु॥
विष्टम्भि सृष्टविण्मूत्रं कफमारुतकोपनम्॥

यसको वृक्षको मुना गुलियो, रुखो, पिरो, शीतवीर्यको, पचाउन सहज, कब्जियत गर्ने, दिसापिशसा उत्पादक वा खुलाउने तथा कफविकार र वातविकारलाई उत्तेजित बनाउने गुणको हुन्छ ।

(च) धन्वन्तरि निघण्टु :

गुग्गुलुः कालनिर्यासो जटायुः कौशिकः पुरः॥
नक्तञ्चरः शिवो दुर्गो महिषाक्षः पलङ्कषः ।
गुग्गुलुः पिच्छिलः प्रोक्तः कटुस्तिक्तः कषायवान्॥
वर्ण्यैः स्वर्यो लघुः सूक्ष्मो रूक्षो वातबलासजित् ।

गुग्गुलु, कालनिर्यास, जटायु, कौशिक, पुर, नक्तञ्चर, शिव, दुर्ग, महिषाक्ष र पलङ्कष : यी गोकुलधूपका पर्यायवाची नाम हुन् । यो लेस्याइलो, पिरो, तितो, टर्रो, शरीरको वर्णमा निखार लेराउने, स्वरका लागि लाभदायक, पचाउन सहज, सूक्ष्म, रुखो तथा वातविकार र कफविकारलाई जित्ने गुणको हुन्छ ।

गोकुलधूपको रूख (तस्विर श्रोत : हेल्थलाइन)

(छ) निघण्टुशेष :

गुग्गुलौ तु पुरो दुर्गो महिषाख्यः पलङ्कषः । जटायुः कालनिर्यासो वासवोलूकनामकः॥
नक्तञ्चरः शिवधूपः कुम्भोलूखलकं शिवः॥
(गूयते गुग्गुलुः । पुरति पुरः, पिपर्ति पुरः वा । दुःखेन गम्यते दुर्गः, उग्रगन्धत्वात् । महिषस्य आख्या अस्य महिषाख्यः । पलं-मांसं कपति पलङ्कषः । जटामेति जटायुः । कालो निर्यासोऽस्य कालनिर्यासः । वासवोलूकनामकः इति वासवोलूकशब्दाभ्यां परो नामशब्दः सम्बध्यते, वासवस्य नामास्य वासवनामकः । उलूकस्य नामाऽस्य उलूकनामकः । अत एव नक्तं चरति नक्तञ्चरः । शिवस्य धूपः शिवधूपः । कुम्भोलूखलाकाराद् वृक्षगुल्माद् निर्यातीति कुम्भोलूखलकम् । शेते शिवः ।) ।

गुग्गुल, पुर, दुर्ग, महिषाख्य, पलङ्कष, जटायु, कालनिर्यास, वासवनामक, उलूकनामक, नक्तञ्चर, शिवधूप, कुम्भोलूखलक र शिव : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

(ज) पर्यायरत्नमाला :

जटायुः कालनिर्यासः कौशिको गुग्गुलुः पुरः । देवधूपः सर्वसहो महिषाक्षः पलङ्कषा ॥

जटायु, कालनिर्यास, कौशिक, गुग्गुलु, पुर, देवधूप, सर्वसह, महिषाक्ष र पलङ्कष : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

(झ) भावप्रकाश निघण्टु :

गुग्गुलर्देवधूपश्च जटायुः कौशिकः पुरः । कुम्भोलूखलकं क्लीबे महिषाक्षः पलङ्कषः ॥

गुग्गुल, देवधूप, जटायु, कौशिक, पुर, कुम्भोलूखलक (नपुंसक लिङ्गमा), महिषाक्ष र पलङ्कष : यी गोकुलधूपका संस्कृत पर्यायवाची नामहरू हुन् ।

महिषाक्षो महानीलः कुमुदः पद्म इत्यपि । हिरण्यः पञ्चमो ज्ञेयो गुग्गुलोः पञ्च जातयः ॥

महिषाक्ष, महानील, कुमुद, पद्म र हिरण्य गरी गोकुलधूप पाँच किसिमका हुन्छन् ।

भृङ्गाञ्जनसवर्णस्तु महिषाक्ष इति स्मृतः । महानीलस्तु विज्ञेयः स्वनामसमलक्षणः ॥
सङ्कलन : मोहन प्रसाद सापकोटा
कुमुदः कुमुदाभः स्यात्पद्मो माणिक्यसन्निभः । हिरण्याख्यस्तु हेमाभः पञ्चानां लिङ्गमीरितम् ॥
महिषाक्षो महानीलो गजेन्द्राणां हितावुभौ । हयानां कुमुदः पद्मः स्वस्त्यारोग्यकरौ परौ ॥
विशेषेण मनुष्याणां कनकः परिकीर्त्तितः । कदाचिन्महिषाक्षश्च मतः कैश्चिन्नृणामपि ॥

पुर (तस्विर श्रोत : पेअर डी अमरकोश)

भमरा वा गाजलजस्तो कालो रङको गोकुलधूपलाई "महिषाक्ष" भनिन्छ । गाढा नीलो वर्णको गोकुलधूपलाई "महानील" भनिन्छ । सेतो चन्द्रकमल जस्तो वर्णको गोकुलधूपलाई "कुमुद" भनिन्छ । माणिकको जस्तो वर्णको गोकुलधूपलाई "पद्म" भनिन्छ । सुनजस्तो वर्णको गोकुलधूपलाई "हिरण्याक्ष" भनिन्छ । महिषाक्ष र महानील हात्तीको उपचार गर्न लाभदायक हुन्छन् । कुमुद र पद्म घोडाको उपचारका लागि अत्यन्त लाभदायक र उपयोगी हुन्छन् । हिरण्याक्ष विशेषतः मानिसका लागि उपयोगी हुन्छ । कसै कसैले मानिसका लागि महिषाक्ष पनि उपयोगी हुन्छ भनेका छन् ।

गुग्गुलुर्विशदस्तिक्तो वीर्योष्णः पित्तलः सरः । कषायः कटुकः पाके कटू रूक्षो लघुः परः ॥
भग्नसन्धानकृद् वृष्यः सूक्ष्मः स्वर्यो रसायनः । दीपनः पिच्छिलो बल्यः कफवातव्रणापचीः ॥
मेदोमेहाश्मवातांश्च क्लेदकुष्ठाममारुतान् । पिडकाग्रन्थिशोफार्शोगण्डमालाकृमीञ्जयेत् ॥
माधुर्याच्छमयेद्वातं कषायत्वाच्च पित्तहा । तिक्तत्वाद् कफजित्तेन गुग्गुलुः सर्वदोषहा ॥

गोकुलधूप चम्किलो, तीतो, गर्मी गर्ने, पित्त बढाउने र दिसा लगाउने गुणको हुन्छ । यो टर्रो र पिरो, पचेपछि पिरो, रुखो र अति नै पचाउन सहज हुन्छ । यसले भाँचिएका हाड जोड्दछ, वीर्य बढाउँदछ, सूक्ष्मरूपले काम गर्ने गर्दछ र स्वरलाई उत्तम बनाउँदछ । यो रसायनी, पाचकाग्नि बर्धक, चिप्लो र बल बढाउने गुणको हुन्छ । कफविकार, वातविकार, घाउखटिरा, अपची, बोसोविकार, प्रमेह, पत्थरी, वातविकार, थकाई, कुष्ठ, आमवात, पिड्को, गाँठिरोग, सुजन, अल्काइ, गण्डमाला र कीरा नाश गर्दछ । यसमा हुने गुलियोपनले वातरोग, टर्रोपनले पित्तरोग र तीतोपनले कफरोग नाश गर्दछ । यसैले यसलाई सबै दोष (त्रिदोष) नाशक भनिएको छ ।


गोकुलधूप (तस्बिर श्रोत : पेअर डी अमरकोश)

स नवो बृंहणो वृष्यः पुराणस्त्वतिलेखनः । स्निग्धः काञ्चनसङ्काशः पक्वजम्बूफलोपमः ॥
नूतनो गुग्गुलुः प्रोक्तः सुगन्धिर्यस्तु पिच्छिलः । शुष्को दुर्गन्धकश्चैव त्यक्तप्रकृतिवर्णकः ॥
पुराणः स तु विज्ञेयो गुग्गुलुर्वीर्यवर्जितः ।

ताजा गोकुलधूप धातु र वीर्यवर्धक हुन्छ । पुरानोले शरीरका धातुलाई खियाउँदछ । चिल्लो, सुनजस्तो पहेँलो, पाकेको जामुनु जस्तो, बास्ना आउने र चिप्लो गोकुलधूपलाई ताजा गोकुलधूप भनिन्छ । सुकेको, गनाउने, रङ उडेको र वीर्यरहीत गोकुलधूपलाई पुरानो गोकुलधूप भनिन्छ ।

अम्लं तीक्ष्णमजीर्णञ्च व्यवायं श्रममातपम् ॥ मद्यं रोषं त्यजेत्सम्यग् गुणार्थी पुरसेवकः ।

गोकुलधूपको सेवन गरी लाभ लिन चाहने व्यक्तिले अमिलो, तिक्खर र नपच्ने खालका खानपिन गर्न हुँदैन । मैथुन, परिश्रम, घाममा हिँडडुल, मदिरा सेवन र रिसाउने काम गर्न हुँदैन ।

(ञ) मदनपाल निघण्टु :

गुग्गुलुः कालनिर्यासो महिषाक्षः पलङ्कषः । जटायुः कौशिको धूर्त्तो देवधूपः शिवः पुरः ॥
गुग्गुलुर्विशदस्तिक्तो वीर्योष्णो मधुरः सरः । भग्नसन्धानकृद् वृष्यः सूक्ष्मः स्वर्यो रसायनः ॥
दीपनः पिच्छलो बल्यः कफवातव्रणापचीः । मेदोमेहास्रवातास्रक्लेदकुष्ठाममारुतान् ॥
पिटिकाग्रन्थिशोफार्शोग्रन्थिगण्डक्रिमीञ्जयेत् । स नवो बृंहणो वृष्यः पुराणस्त्वतिलेखनः ॥

गुग्गुलु, कालनिर्यास, महिषाक्ष, पलङ्कष, जटायु, कौशिक, धूर्त्त, देवधूप, शिव र पुर : यी गोकुलधूपका संस्कृत पर्यायवाची नामहरू हुन् । यो निर्मल (गर्ने), तीतो, गर्मी गर्ने, मीठो, मलमूत्रलाई तलतिर सार्ने, भाँचिएका अङ्ग जोड्ने, वीर्यवर्धक, सूक्ष्म, स्वरका लागि हितकर, रसायनी, दीपनी, लेस्याइलो र बलदायक गुणको हुन्छ । यसले कफविकार, वातविकार, घाउखटिरा, अपची रोग, बोसोविकार, प्रमेह, रक्तविकार, वातरक्त रोग, परिश्रम नगर्दा पनि थकाई लाग्ने रोग, कुष्ठ, आमजन्य वातविकार, पिटिका, गाँठा (जोर्नी) मा हुने सुजन, अल्काई, गलगाँड र कीरामाथि जित हासिल गर्दछ । यो ताजा

भए पौष्टिक र वीर्यशाली हुन्छ तथा पुरानो भए आँत नै लेखनो गुणको हुन्छ ।

(ट) **मदनादि निघण्टु :**

गुग्गुलुर्महिषाक्षश्च कौशिको यामिनीति च । नक्तञ्चरो वायसारीरुलूकौ रात्रिगः पुरः ॥

गुग्गुलु, महिषाक्ष, कौशिक, यामिनी, नक्तञ्चर, वायसारी, उलूक, रात्रिग र पुर : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

हरेनोत्पादिनापूर्वं सुरभेर्मूत्रसञ्चयात् । अन्येषां च मतो ज्ञातं क्षीराब्देर्मथनाद्धृतम् ॥

प्राचीकालमा भगवान् हरिले कामधेनु गाईको मूत्र जम्मा गरी गोकुलधूप उत्पादन गर्नुभएको थियो । अन्य मत क्षीरसागर मन्थन गर्दा यसको उत्पत्ति भएको थियो भन्ने छ ।

माङ्गल्यो गुग्गुलुर्वृष्यः स्तनिव्यांशो रसायनः ।
तीक्ष्णः कपिच्छलः स्निग्धः सुगन्धिः पावक कटुः ॥

यो मङ्गलदायक, वीर्यवर्धक, स्तनिव्यांश (?), रसायनी, तिक्खर, लेस्याइलो (?), चिल्लो, सुगन्धि, पचाउने र पिरो हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

रसेरनम्ललवणश्चतुर्भिर्गुग्गुलुर्युतः । बलमांसे वृद्धिकरो रक्षोघ्नः पुष्टिवर्धनः ॥

यो अमिलो, नुनिलो र चार थरी मिसाउँदा (?) बल र मासु बढाउने, राक्षसबाधा हटाउने र पुष्टिदायक हुन्छ ।

सन्धानसाधनो मेध्यः स्वस्थानां रोगिणां हितः । तिक्तः स्वादुकषाये यद्बलासानिलपित्तहा ॥

यसलाई विधिपूर्वक तयार पार्दा यो दिमागको ग्रहण गर्ने क्षमता बढाउने, स्वस्थ र रोगीका लागि हितकर, तितो, टर्रो तथा कफविकार, वातविकार र पित्तविकार नाशगर्ने गुणको हुन्छ ।

बलवृद्धिकरः स्थैर्यात् कटुत्वात् कृमिहाग्निकृत् । स नवो बृंहणो वृष्यः पुराणत्वास्त्वपकर्षणः ॥

यसको स्थिर गुणले बल बढाउँदछ भने पिरोपनले कीरा (?) र अग्नि बढाउँदछ । यो ताजा हुँदा पौष्टिक र वीर्यवर्धक हुन्छ । पुराना भए तलतिर तान्ने गुणको हुन्छ ।

(गुग्गुलुः पिच्छिलास्पर्शो विशदोऽभ्यवहारतः । सुस्वादु कटुकस्तिक्तो सकषायो रसायनः ॥
व्रण्यः स्वर्यः कटुः पाके रूक्षसूक्ष्मोऽग्निदीपनः) ॥

गोकुलधूप छुँदा लेस्याइलो, हेर्दा सुन्दर, स्वादिलो, पिरो, तितो, टर्रो, रसायनी, खटिरा र स्वरका लागि

हितकर, पचेपछि पिरो, सूक्ष्म र अग्निवर्धक हुन्छ । (नोटः मूल पुस्तक कुनै नपाइएकोले अनुवादमा आफैँ सन्तुष्ट हुन सकिएन) ।

(ठ) **माधव द्रव्यगुणः**

गुग्गुलुः पिच्छिलः स्पर्शे विशदोऽभ्यवहारतः । सुस्वादुः सकटुस्तिक्तः सकषायो रसायनः ॥
व्रण्यः स्वर्यः कटुः पाके रूक्षः श्लक्ष्णोऽग्निदीपनः । क्लेदमेदोऽनिलश्लेष्मगण्डमेहापचीकृमीन् ॥
पिडकाग्रन्थिशोफांश्च हन्त्युष्णः स्रंसनो लघुः । स नवो बृंहणो वृष्यः पुराणस्त्वपकर्षणः ।
पाके सक्षारमधुरो मध्ये मधुरपिच्छिलः ।

गोकुलधूप छुँदा लेस्याइलो, प्रयोग गर्दा सफा वा अनुकूल, स्वादिलो, पिरो, तितो, टर्रो, रसायनी, वर्णमा निखार लेराउने, स्वरका लागि हितकर, पचेपछि पिरो, रुखो, नरम, पाचकाग्निलाई बाल्ने तथा पसिना वा शरीरको आर्द्रता, बोसोविकार, वातविकार, कफविकार, गाँड, प्रमेह, अपची, कीरा, पिलो, गाँठा र सुजन नाश गर्ने गुणको हुन्छ । यो उष्णवीर्यको, संस्रनी र पचाउन सहज हुन्छ । ताजा गोकुलधूप पौष्टिक र वीर्यवर्धक हुन्छ पुरानोले तलतिर तान्ने काम गर्दछ । पाक्दा क्षारयुक्त र गुलियो हुन्छ मध्यम अवस्थामा गुलियो र लेस्याइलो हुन्छ ।

गोकुलधूप (तस्बिर श्रोत : मेडिसिनल प्लान्ट्स अफ नेपाल)

(ड) **राजनिघण्टु :**

गुग्गुलुर्यवनद्विष्टो भवाभीष्टो निशाटकः । जटालः कालनिर्यासः पूरो भूतहरः शिवः ॥
कौशिकः शाम्भवो दुर्गो यातुघ्नो महिषाक्षकः । देवेष्टो मरुदेश्योऽपि रक्षोहा रूक्षगन्धकः ॥
दिव्यस्तु महिषाक्षश्च नामान्येतानि विंशतिः ॥
गुग्गुलुः कटुतिक्तोष्णः कफमारुतकासजित् । क्रिमिवातोदरप्लीहशोफार्शोघ्नो रसायनः ॥

(१) गुग्गुलु, (२) यवनद्विष्ट, (३) भवाभीष्ट, (४) निशाटक, (५) जटाल, (६) कालनिर्यास, (७) पूर, (८) भूतहर, (९) शिव, (१०) कौशिक, (११) शाम्भव, (१२) दुर्ग, (१३) यातुघ्न, (१४) महिषाक्षक, (१५) देवेष्ट, (१६) मरुदेश्य, (१७) रक्षोहा, (१८) रूक्षगन्धक, (१९) दिव्य र (२०) महिषाक्ष : यी बीस नाम गोकुलधुपका संस्कृत पर्यायवाची नामहरू हुन् । गोकुलधुप तीतो, उष्णवीर्यको तथा कफविकार, वातविकार र खोकीलाई जित्ने गुणको हुन्छ । यसले कीरा, वातविकार, पेटका रोग, फियोका रोग, सुजन र अल्काई नाश गर्दछ । यो रसायनी हुन्छ ।

गन्धराजः स्वर्णकणः सुवर्णः कणगुग्गुलुः । कनको वंशपोतश्च सुरसश्च पलङ्कषः ॥
कणगुग्गुलुः कटूष्णः सुरभिर्वातनाशनः । शूलगुल्मोदराध्मानकफघ्नश्च रसायनः ॥

गन्धराज, स्वर्णकण, सुवर्ण, कणगुग्गुलु, कनक, वंशपोत, सुरस र पलङ्कष : यी पहिलो गोकुलधुपका संस्कृत पर्यायवाची नामहरू हुन् । यो धुप पिरो, उष्णवीर्यको, सुगन्धी र वातविकार नाशक हुन्छ । यसले शूल, गुल्म, पेटका रोग, आध्मान र कफविकार पनि नाश गर्दछ । यो रसायनी हुन्छ ।

गुग्गुलुश्च तृतीयोऽन्यो भूमिजो दैत्यमेदजः ।
दुर्गाह्लाद इडाजात आशादिरिपुसम्भवः ॥ मज्जाजो मेदजश्चैव महिषासुरसम्भवः ॥
गुग्गुलुर्भूमिजस्तिक्तः कटूष्णः कफवातजित् । उमाप्रियश्च भूतघ्नो मेध्यः सौरभ्यदः सदा ॥

भूमिज, दैत्यमेदज, दुर्गाह्लाद, इडाजात, आशादिरिपुसम्भव, मज्जाज, मेदज र महिषासुरसम्भव : यी गोकुलधुप विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तीतो, पिरो, उष्णवीर्यको तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । यो देवीका लागि प्रिय, भूतबाधा नाशक, दिमागको ग्रहण गर्ने क्षमता बढाउने र सदा सुगन्धी हुन्छ ।

(ढ) **राजवल्लभ निघण्टु :**

गुग्गुलो दीपनस्तिक्तः सकषायो रसायनः । कटुर्मेदोनिलश्लेष्मकुष्ठघ्नः स्रंसनो लघुः ॥
सुस्वादः पीडकाघ्नश्च सोष्णश्च स्पर्शशीतलः ।
वर्ण्यः स्वर्य्यः कटुः पाके रूक्षस्तीक्ष्णोग्निदीपनः ॥
क्लेदमेहोपचीग्रन्थिशोथकृमिविनाशनः । स्निग्धः काञ्चनसङ्काशः पक्वजम्बूफलोपमः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोकुलधूप दीपनी, तीतो, केही टर्रो, रसायनी, पिरो तथा बोसोविकार, वातविकार, कफविकार र कुष्ठ नाशगर्ने गुणको हुन्छ । यो दोषलाई बहाउने, पचाउन सहज, स्वादिलो, पिलो नाशक, उष्णवीर्यको, छुँदा चिसो, वर्णका लागि हितकर, स्वरका लागि हितकर, पचेपछि पिरो, रुखो, तिक्खर, पाचनशक्ति बढाउने तथा पसिना, प्रमेह, अपची, गाँठा सुन्निने रोग, र कीरा नाशगर्ने गुणको हुन्छ । यो धूप चिल्लो, सुनजस्तै चम्किलो र पाकेको फणिर जस्तो रङको हुन्छ ।

नूतनो गुग्गुलुः प्रोक्तः सुगन्धिश्चापि पिच्छिलः ॥

ताजा गोकुलधूप सुगन्धी र लेस्याइलो हुन्छ ।

पुराणः शुष्को दुर्गन्धो मलानां नापकर्षकः ॥

पुरानो गोकुलधूप सुक्खा, गनाउने र कल सफा पनि नगर्ने गुणको हुन्छ ।

(ण) **शालिग्राम निघण्टु :**

जायन्ते पुरपादपामरुभुविग्रीष्मेऽर्क सन्तापिताः
शीतर्त्तौशिशिरेपि गुग्गुल रसं मुञ्चन्ति ते पञ्चधा ।
हेमाभं महिषाक्षितुल्यमपरं सत्पद्मरागोपमं

भृङ्गाभं कुकुदद्युतिं च विधिना ग्राह्यापरीक्षा ततः॥ (राजनिघण्टु)

गोकुलधूपको रूख मरुभूमितिर हुन्छ । ग्रीष्मऋतुमा सूर्यको तापले तातेर तथा शीतकालमा चिसोले यी वृक्षबाट पाँच किसिमको रस निस्कने गर्दछ । सुनौलो, भैंसीका आँखा जस्तो रङको, पद्मराग जस्तो, भमरा जस्तो र कुमुद जस्तो गरी पाँच थरी हुन्छन् । यसलाई विधिपूर्वक परीक्षा गरी जम्मा गर्नु पर्दछ ।

वह्नौ ज्वलन्ति तपने विलयं प्रयान्ति क्लिद्यन्ति कोष्ण सलिले पयसः समानाः ।
ग्राह्याः शुभाः परिहरेच्चिरकालजातान्सक्षारवर्णसमपूयविगन्धवर्णान्॥ (प्रयोगाामृत)

आगोमा पर्दा बल्ने, घाममा राख्दा पग्लने, तातोपानीमा राख्दा घोलिएर पानी जस्तै हुने खालको गोकुलधूप श्रेष्ठ हुन्छ । क्षारको जस्तो (सेतो) रङको र पीप जस्तो गनाउने र धेरै पुरानो गोकुलधूप (ओखतीका लागि) कहिल्यै प्रयोग नगर्नू । (यो तीन महिनासम्म मात्र प्रभावशाली हुन्छ) ।

गोकुलधूप (तस्विर श्रोत : वनएमजीडटकम)

गुडूची त्रिफलाक्वाथैर्क्षीरैचैव विशेषतः । पक्त्वा च खण्डशः शुद्धं गृह्णीयान्मृदुगुग्गुलम्॥

गोकुलधूपलाई गुर्जो र त्रिफलाको काँडापानीमा तथा विशेषतः दूधमा टुक्रा बनाएर पकाउनू । यस्तो गोकुलधूप नरम र शुद्ध हुन्छ । यही प्रयोग गर्नू ।

क्वाथे हि दशमूलस्यकोष्णे प्रक्षिप्य गुग्गुलम् । आलोड्यवस्त्रपूतं तं चण्डातपविशोषितम्॥
घृताक्तं पिण्डितं कुर्याच्छुद्धिमायाति गुग्गुलुः॥ (आत्रेय संहिता)

मनतातो दशमूलको काँडापानीमा गोकुलधूप हाली कपडछान गरेर त्यसलाई मिसाई चर्को घाममा सुकाउनू । अनि घिउमा मिसाएर गोली बनाई राख्नू, गोकुलधूप शुद्ध हुन्छ ।

अमृतायाः कषायेण शोषयित्वाऽथ गुग्गुलम् ।
गृह्णीयादातपे शुष्कं तथाऽवकरवर्जितम्॥ (आत्रेय संहिता)

गुर्जोको काँडापानीमा गोकुलधूप मिसाई घाममा सुकाएर प्रयोग गर्नू । यसमा धूलो पर्न नदिनू ।

दुग्धे वा त्रिफलाक्वाथे दोलायन्त्रे विपाचितः ।
वाससा गालितो ग्राह्यः सर्वकर्मसु गुग्गुलुः॥ (आत्रेय संहिता)

दूध वा त्रिफलाको काँडापानीमा मिसाएर दोलायन्त्रमा पकाउनू । अनि कपडछान गरी यो शुद्ध गोकुलधूपलाई सबै काममा प्रयोग गर्नू ।

(त) सरस्वती निघण्टु :

गुग्गुलुः महिषाक्षं च कुम्भोलुखलकः पुरः । शिवप्रियोऽमरभवः कौशिकश्च पलङ्कषः ॥

गुग्गुलु, महिषाक्ष, कुम्भोलुखलक, पुर, शिवप्रिय, अमरभव, कौशिक र पलङ्कष : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

(थ) सुश्रुत संहिता :

सुगन्धिः सुलघुः सूक्ष्मस्तीक्ष्णोष्णः कटुको रसे ।
कटुपाकः सरो हृद्यो गुग्गुलुः स्निग्धपिच्छिलः ॥
स नवो बृंहणो वृष्यः पुराणस्त्वपकर्षणः । तैक्ष्ण्यौष्ण्यात्कफवातघ्नः सरत्वान्मलपित्तनुत् ॥
सौगन्ध्यात् पूतिकोष्ठघ्नः सौक्ष्म्याच्चानलदीपनः । तं प्रातस्त्रिफलादार्वीपटोलकुशवारिभिः ॥
पिबेदावाप्य वा मूत्रैः क्षारैरुष्णोदकेन वा । जीर्णे यूषरसैः क्षीरैर्भुञ्जानो हन्ति मासतः ॥
गुल्मं मेहमुदावर्तमुदरं सभगन्दरम् । कृमिकण्ड्वरुचिश्वित्राण्यर्बुदं ग्रन्थिमेव च ॥
नाड्याढ्यवातश्वयथून् कुष्ठदुष्टव्रणांश्च सः । कोष्ठसन्ध्यस्थिगं वायुं वृक्षमिन्द्राशनिर्यथा ॥

गोकुलधूप सुगन्धि, अति नै पचाउन सहज, सूक्ष्म, तिक्खर, पिरो, पचेपछि पनि पिरो, मलमूत्रलाई तलतिर सार्ने, मुटुका लागि हितकर, चिल्लो र लेस्याइलो गुणको हुन्छ । ताजा गोकुलधूप पौष्टिक र वीर्यवर्धक हुन्छ । पुरानोले मल आदिलाई तलतिर तान्दछ । यो तिक्खर र उष्णवीर्य हुने भएकाले यसले कफविकार र वातविकार नाश गर्दछ । मलमूत्रलाई तलतिर सार्ने गुणका कारण यसले दिसा र पित्तविकार नाश गर्दछ । सुगन्धित हुने हुनाले यसले शरीरको भित्री दुर्गन्ध नाश गर्दछ । सूक्ष्म हुनाले यो पाचक-अग्नि बढाउने गुणको हुन्छ । गोकुलधूपलाई त्रिफला, चुत्रो, परबर र कुशको काँढापानीमा अथवा गहुँतमा अथवा क्षार मिसाइएको पानी अथवा तातोपानीमा घोलेर पिउने गर्नू । यो पचेपछि सुप, मासुको रस वा दूधसँग भात खानू । यसरी एक महिनासम्म गोकुलधूप खाने गरिएमा गुल्म, प्रमेह, उदावर्त, पेटका रोग, भगन्दर, कीरा, चिलाउने रोग, अरुचि, सेतोकुष्ठ, अर्बुद, गाँठा आउने रोग, नसाका रोग वा चाल, आढ्यवात, सुजन, कुष्ठ, खराब खालका खटिरा तथा पेटभित्रका अङ्गमा पसेका अथवा हाडमा पसेका विकृत वायु त्यसरी नै नष्ट हुन्छ जसरी चटचाङ पर्नाले रूखहरू नष्ट हुने गर्दछन् ।

(द) सोढल निघण्टु :

गुग्गुलौ कणनिर्यासो जटायुः कौशिकः पुरः । नक्तञ्चरः शिवो दुर्गो महिषाख्यः पलङ्कषः ॥
सर्वसहो मरुद्भूतो देवधूपो निशाशयी । खेलको वायसाली च जतुकन्दः प्रकीर्तितः ॥

गुग्गुल, कणनिर्यास, जटायु, कौशिक, पुर, नक्तञ्चर, शिव, दुर्ग, महिषाख्य, पलङ्कष, सर्वसह, मरुद्भूत, देवधूप, निशाशयी, खेलक, वायसाली र जतुकन्द : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

कनकाख्ये कणश्चैव निर्मलः कनकः स्मृतः ।

कनकाख्य, कण, निर्मल र कनक : यी पहेँलो गोकुलधूपका पर्यायवाची नाम हुन् ।

(ध) **सौश्रुत निघण्टु :**

गुग्गुलुर्महिषाक्षश्च कौशिको मरुसम्भवः । नक्तञ्चरो वायसारिरुलूकश्चापि शब्दितः ॥

गुग्गुलु, महिषाक्ष, कौशिक, मरुसम्भव, नक्तञ्चर, वायसारि र उलूक : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

(न) **हारीत संहिता :**

मरुभूमौ प्रजायन्ते प्रायशः पुरपादपाः । भानोर्मयूखैः सततं ग्रीष्मे मुञ्चन्ति गुग्गुलम् ॥

प्रायः गोकुलधूपको रूख मरुभूमिमा हुने गर्दछ । ग्रीष्म ऋतुमा चर्को सूर्यको किरण परी यी रूखले निरन्तर गोकुलधूप निकाल्ने वा छाड्ने गर्दछन् ।

हिमाद्रितो वा हेमन्ते विधिवत्तं समाहरेत् । जातरूपनिभं शुभ्रं पद्मरागनिभं क्वचित् ॥

हिमाद्रि पर्वतमा रहेका गोकुलधूपका रूखबाट भने हेमन्त ऋतुमा गोकुलधूप निस्कने गर्दछ । यो धूप कतै चाँदी जस्तै सेतो त कतै पद्मराग (माणिक) जस्तो हुने गर्दछ ।

क्वचिन्महिषनेत्राभं यक्षदैवतवल्लभम् । विधानं तस्य विधिवन्निबोध गदतो मम ॥

कतै भैँसीको आँखाजस्तो रङको हुने गर्दछ । यक्ष देवतालाई मनपर्ने यो धूपका बारेमा भएको विधिविधान बताउँदछु मसँग सुन ।

त्रिदोषशमनो वृष्यः स्निग्धो बृंहणदीपनः । गुग्गुलुः कटुकः पाके वर्णप्रबलवर्द्धनः ॥

गोकुलधूप त्रिदोष शान्त पार्ने, वीर्यवर्धक, चिल्लो, पौष्टिक, दीपनी, पचेपछि पिरो तथा शरीरको वर्ण र बल बढाउने गुणको हुन्छ ।

आयुष्यः श्रीकरः पुत्रस्मृतिमेधाविवर्द्धनः । पापप्रशमनः श्रेष्ठः शुक्रार्त्तवकरः स्मृतः ॥

यो धूप आयुवर्धक, लक्ष्मीदायक, पुत्र-सम्झनाशक्ति-दिमागको ग्रहण गर्ने क्षमता बढाउने, पाप शान्त पार्ने, श्रेष्ठ, शुक्रवर्धक र रजवर्धक हुन्छ ।

वर्णगन्धरसोपेतो गुग्गुलो मात्रया युतः । भेषजैः सह निष्क्वाथ्यो यथा व्याधिहरैः पृथक् ॥

रङ, गन्ध र रस भएको तथा मात्रा अनुसार ओखतीसँग मिसाई काँडापानी पकाएर खान दिइएको गोकुलधूपले सबै खालका रोग नाश गर्दछ ।

मात्रावशिष्टं तं दृष्ट्वा चालयेच्छुक्लवाससा । मृन्मये हेमपात्रे च राजते स्फाटिकेऽपिवा ॥

मात्रा अनुसार गोकुलधूप पाएपछि (देखेपछि) सेतो कपडामा छान्नू र माटाको, सुनको, चाँदीको वा सिसाको भाँडामा राख्नू ।

पुण्ये तिथौ शुभे भे च जीर्णाहारः क्षमान्वितः । हुत्वाग्निं पर्युपासीत देवब्राह्मणभक्तितः ॥

यसरी राख्दा शुभ तिथि, शुभ नक्षत्र पार्नू । पछि खाना पचेपछि क्षमाशील भई सुन्दर पुष्पले सजिएर पुरुष कुनै मन्दिरमा गई देवता र ब्राह्मणको पूजा उपासना गर्नू ।

प्रविश्य कुसुमाकीर्णे मन्दिरे च समाश्रिते ।

त्यहाँ त्यो गोकुलधूप राखी अनि मात्र लगेर प्रयोग गर्नू ।

रास्ना गुडूची चैरण्डो दशमूलं प्रसारिणी ॥ क्वाथं तेषां यथायोग्यं यवान्या वातिके पिबेत् ।

वातविकारजन्य रोगमा गोकुलधूप खाएपछि रास्ना, गुर्जो, अँडिर, दशमूल, बिरी लहरो, र ज्वानुको काँडापानी यथायोग्य पिउनू ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

पृथक्छृतैर्जीवनीयैः पिबेत्पित्तामयार्दितः ॥

पित्तविकारजन्य रोग हुनेले जीवनीय गणको काँडापानी पिउनू ।

वासाचन्दनह्रीबेरं मृद्वीका तिक्तरोहिणी । खर्जूरञ्च परूषञ्च तथा जीवककर्षकौ ॥
सपित्तरोगे पानाय क्वाथः स्याद्गुग्गुलान्वितः ॥

गोकुलधूप खाएपछि असुरो, रक्तचन्दन, सुगन्धवाल, मुनक्का, कटुकी खजूर, फाल्सा, जीवक र ऋषभको काँडापानी पिउनु पित्तजन्य रोगमा हितकर हुन्छ ।

त्रिफलाव्योषगोमूत्र निम्बधान्यकपुष्करैः । अमृता दीप्यकः क्वाथः पटोली च कफार्दितः ॥

कफविकारजन्य रोगमा गोकुलधूप खाएपछि त्रिफला, त्रिकटु, गहुँत, नीम, धनिया, पुष्करमूल, गुर्जो, ज्वानु र परबलको काँडापानी पिउनु हितकर हुन्छ ।

नाडीदुष्टव्रणग्रन्थिगण्डमालार्बुदान्वितः । त्रिफलाक्वाथसंयुक्तं पिबेन्मेही व्रणी तथा ॥

नसासम्म गढेका खटिरा, गाँठा, गण्डमाला, अर्बुद, प्रमेह र खटिराका रोगमा गोकुलधूपलाई त्रिफलाको काँडापानीसँग खानु पर्दछ ।

किरातकामृतानिम्बवृषाव्याघ्रीदुरालभाः । एषां क्वाथेन संयुक्तं गुग्गुलं पाययेद्भिषक् ॥
गुल्मे कासे क्षते श्वासे विद्रधावरुचौ व्रणे ।

वैद्यले रोगीलाई चिराइतो, गुर्जो, नीम, असुरो, कण्टकारी र दुरालभाको काँडापानी सँग गोकुलधूप पिउन दिनू । गुल्म, खोकी, चोटपटक, दम, विद्रधि, अरुचि र खटिराका रोग नाश हुन्छ ।

दार्वी पटोलक्वाथेन संयुक्तं गुग्गुलं पिबेत् ॥ कण्डूपिटकशोफाद्ये पिबेद्वातकफापहम् ।

चुत्रो र परबरको काँडापानीसँग गोकुलधूप खानाले चिलाउने रोग, पिलो, वातविकार र कफविकार नाश हुन्छ ।

पथ्या पुनर्नवा दार्वी गोमूत्रममृतं तथा ॥
एषां क्वाथो हितः पाण्डौ शोथोदरकिलासिनाम् । भवेन्मात्रां पलं यावत्कर्षादारभ्य यत्नतः ॥

हर्रो, पुनर्नवा, चुत्रो, गहुँत तथा अमृत (दूध) को काँढापानीसँग खाइएको गोकुलधूप पाण्डु, सुजन, पेटका रोग र किलासकुष्ठ रोगमा हितकर हुन्छ । गोकुलधूप एकदेखि चार तोलासम्म खानु हितकर हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोकुलधूप (तस्बिर श्रोत : वनएमजीडटकम)

जीर्णेऽश्नीयान्मुद्गयूषैरसैर्वा जाङ्गलैस्तथा । पयसा षष्टिकान्नञ्च शालीनामोदनं मृदु ॥

खाएको गोकुलधूप पचेपछि मुगीको सुप वा जाङ्गलजीवका मासुको रससँग खाना खानु अथवा दूधसँग सठिया चामलको वा मार्सी चामलको भात खानु हितकर हुन्छ ।

दिनाः सप्त प्रथमा च मध्यमा द्विगुणाः स्मृताः । त्रिगुणाः परमा मात्रा विज्ञेया योगचिन्तकैः ॥

यसरी सात दिनसम्म गोकुलधूप खानु पहिलो मात्रा हुन्छ । चौध दिनसम्म खानु मध्यम मात्रा र एक्काइस दिनसम्म खानु अधिकतम मात्रा हुन्छ । यस्तो ओखती-योगका विज्ञले बताएका छन् ।

सेवते गुग्गुलं यो वै वर्षेणापि नरः क्रमात् । स्थावराज्जङ्गमाच्चैव न स्यादस्य क्षतिर्विषात् ॥

जसले एक वर्षसम्म क्रमैले गोकलधूप खान्छ उसलाई स्थावर र जङ्गमविषले हानी गर्दैन ।

निर्मुक्तो वलितत्वचोपि पलितो वृद्धो युवा जायते मेधादृष्टिबलौजवीर्यमधिकं वृद्धत्वहीनो भवेत् ।

गुल्माष्ठीलहृदामवातशमनः कुष्ठं प्रमेहाश्मरी शूलानाहविसर्परक्तशमनो भूतोपसृष्टे हितः ॥

छालाका चाउरी पर्न बन्द हुन्छ, कपाल फुल्दैन, बूढो पनि जवान हुन्छ । दिमागको ग्रहण गर्ने क्षमता, आँखाको दृष्टिक्षमता, बल, ओज र वीर्य बढ्छ । (अकालमा) बुढ्यौली लाग्दैन । यो गुल्म, अष्ठीला, मुटुका रोग, आमजन्य वातविकार, कुष्ठ, प्रमेह, पत्थरी, शूल, आनाह, विसर्प र रक्तविकारलाई शान्तपार्ने तथा भूतबाधा नाश गर्ने गुणको हुन्छ ।

(प) **हृदयदीपक निघण्टु :**

गुग्गुलुः कौशिकः पुरो महिषाख्यपलङ्कषाम् ।

गुग्गुलु, कौशिक, पुर, महिषाख्य र पलङ्कष : यी गोकुलधूपका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुच्छाह्वकन्द (कन्दविशेष)
(Guchchhaahwakanda)

परिभाषा :

(क) डा.सतिश चन्द्र साङ्ख्यधर : यो पहिचान हुन नसकेको एक वनस्पति हो ।

(ख) हिन्दी विश्वकोश : (१) गुच्छाह्वकन्द : गुलञ्चकन्द । (२) गुलुच्छकन्द : गुच्छकन्द । (३) गुच्छकन्द : कन्द शाक ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

गुच्छाह्वकन्दस्तवकाह्वकन्दको गुलुच्छकन्दश्च विघण्टिकाभिधः ।
गुलुच्छकन्दो मधुरः सुशीतलो वृष्यप्रदस्तर्पणदाहनाशनः ॥

गुच्छाह्वकन्द, स्तवकाह्वकन्द, गुलुच्छकन्द र विघण्टिकाकन्द : यी कन्दविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, शीतवीर्यको, वीर्यदायक, तृप्तिदायक र डाह नाशक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुञ्जा (रातीगेडी)
(Jequirity)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : (१) चूडाला, चक्रला र उच्चटा भनेको श्वेतगुञ्जा (रातीगेडीविशेष, सेतीगेडी) हो । (२) काकचिञ्चा, गुञ्जा र कृष्णला भनेको रातीगेडी हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) आँखीगेडी : रातीगेडी; लालगेडी । (२) काकजङ्घा : लालगेडी; रातीगेडी; रत्ती । (३) रत्ती : रातीगेडी, लालगेडी । (४) रातीगेडी : चनाका जस्ता पात हुने, हल्का गुलाफी रङ्गका फूल फुल्ने, केराउका जस्ता कोसा लाग्ने, जरा "जेठीमधु" कहिने एक प्रकारको लता वा त्यसमा फल्ने, सुन आदि तौलिँदा लाल र रत्तीको परिमाण बनाइने, कालो टीका भएको रातो गेडो; लालगेडी; आँखीगेडी ।

रातीगेडी (तस्बिर श्रोत : पेअर डी अमरकोश)

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : रातीगेडीलाई अंग्रेजीमा Jequirity र ल्याटिन भाषामा *Abrus precatorius* Linn. भनिन्छ । यसको जराको स्वाद पनि करिब करिब जेठीमधुको जस्तै हुन्छ तर यो जेठीमधु होइन, यसलाई जेठीमधु मान्नु सही होइन । रातीगेडीको गेडामा हुने विष उमालेपछि नष्ट हुन्छ ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : यसलाई अंग्रेजीमा Bead Tree भनिन्छ । यसका पात इमलीका जस्तै हुन्छन् । कालो भाग नहुने रातीगेडी पनि हुन्छ । कुनै पूरै कालो भएका पनि हुन्छन् । यो उपविष हो । यसको जराको स्वाद जेठीमधुको जस्तै हुने हुनाले कोही कोही झुक्किएर यसलाई जेठीमधु भन्ने गर्दछन् ।

(ङ) फर्माकोपिया : यसलाई संस्कृतमा गुञ्जा, रक्तिका र काकनन्ती भनिन्छ । यो Leguminosae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Abrus precatorius* Linn. हो । अंग्रेजीमा यसलाई Jequirity भनिन्छ । प्रशोधित गुञ्जाको धूलो ओखतीका लागि ६०-१८० मिलिग्रामको एक मात्रा हुन्छ । यसको जराको धूलो ओखतीका लागि १-३ ग्रामको एक मात्रा हुन्छ ।

(च) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014 : रातीगेडी Fabaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Abrus precatorius* L. हो ।



रातीगेडी (तस्विर श्रोत : पेअर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

कथिता तु शीतपाकी ताम्रीका काकनन्दिका गुञ्जा ।
चूडामणिः शिखण्डी काकाह्वा कृष्णलोच्चटिका॥
दुर्मोषा ध्वाङ्क्षनखी सुरक्तिका काकपीलुश्च ।
काकादनीति कथिता गुञ्जीता पीततैलाह्वा॥

शीतपाकी, ताम्रीका, काकनन्दिका, गुञ्जा, चूडामणि, शिखण्डी, काकाह्वा कृष्णला, उच्चटिका, दुर्मोषा, ध्वाङ्क्षनखी, सुरक्तिका, काकपीलु, काकादनी, गुञ्जीता र पीततैलाह्वा : यी रातीगेडीका पर्यायवाची नाम हुन् ।

पालिन्दी श्वेतकटभी सितगुञ्जा सिताह्वया । महाश्वेता श्वेतवती विषघ्ना चेति कथ्यते॥

पालिन्दी, श्वेतकटभी, सितगुञ्जा, सिताह्वया, महाश्वेता, श्वेतवती र विषघ्ना : यी सेतीगेडीका पर्यायवाची नाम हुन् ।

(ख) अभिधानरत्नमाला : सङ्कलन : मोहन प्रसाद सापकोटा

चूडामणिः शीतपाकी ताम्रिका कृष्णरक्तकः । अज्झटा फलशीर्षाह्वा गुञ्जा सा काकचिञ्चिका॥
श्वेतकाम्भोजिका ध्वाङ्क्षा श्वेतपाकी शिखण्डिनी ।
तृतीया कृष्णकाम्भोजी कृष्णपाकी च शितीशिनी॥

रातीगेडी (तस्विर श्रोत : पेअर डी अमरकोश)

चूडामणि, शीतपाकी, ताम्रिका, कृष्णरक्तक, अज्झटा, फलशीर्षाह्वा, गुञ्जा र काकचिञ्चिका : यी रातीगेडीका; श्वेतकाम्भोजिका, ध्वाङ्क्षा, श्वेतपाकी र शिखण्डिनी : यी सेतीगेडीका तथा कृष्णकाम्भोजी, कृष्णपाकी र शितीशिनी : यी कालीगेडीका पर्यायवाची नाम हुन् ।

(ग) अर्कप्रकाश :

उच्चटार्कः केशकरो वातपित्तज्वरापहः ।
गुञ्जायाश्च हरेच्छ्वासमुखशोषभ्रमिज्वरान्॥

सेतीगेडीको अर्कले कपाल बढाउँदछ तथा वातजरो र पित्त जरो नाश गर्दछ । रातीगेडीको अर्कले दम, मुख सुन्निएको, भ्रम र जरो नाश गर्दछ ।

(घ) अष्टाङ्ग निघण्टु :

बर्हिशिखाह्वया गुञ्जा रक्तिका काकणन्तिका । श्वेतकाम्भोजिका ध्वाङ्क्षी श्वेतपाकी शिखण्डिका ॥
तृतीया कृष्णकाम्भोजी कुणपोकः सुसादनी ।

रातीगेडी (तस्विर श्रोत : पेअर डी अमरकोश)

बर्हिशिखाह्वया, गुञ्जा, रक्तिका र काकणन्तिका : यी रातीगेडीका; श्वेतकाम्भोजिका, ध्वाङ्क्षी, श्वेतपाकी र शिखण्डिका : यी सेतीगेडीका तथा कृष्णकाम्भोजी, कुणपोक र सुसादनी : यी कालीगेडीका पर्यायवाची नाम हुन् ।

(ङ) कैयदेव निघण्टु :

गुञ्जा चूडामणिस्ताम्रा रक्तिका काकणन्तिका । शिखण्डिका शीतपाकी घूघण्टा कृष्णला रती ॥
अन्या श्वेता श्वेतपाकी चूडाला काकपीलका । दुर्माया चक्रिपा चूडा चक्रशल्या चिरण्टिका ॥
गुञ्जाऽनुष्णा रसे तिक्ता कषाया कफपित्तहा । चक्षुष्या शुक्रला केश्या त्वच्या रुच्या बलप्रदा ॥
इन्द्रलुप्तहरा तीव्रा सविषा मदमोहकृत् । हन्ति रक्षोग्रहविषकण्डूकुष्ठव्रणकृमीन् ॥

रातीगेडी (तस्विर श्रोत : पेअर डी अमरकोश)

गुञ्जा, चूडामणि, ताम्रा, रक्तिका, काकणन्तिका, शिखण्डिका, शीतपाकी, घूघण्टा, कृष्णला र रती : यी रातीगेडीका तथा श्वेता, श्वेतपाकी, चूडाला, काकपीलका, दुर्माया, चक्रिपा, चूडा, चक्रशल्या र चिरण्टिका : यी सेतीगेडीका पर्यायवाची नाम हुन् । गुञ्जा शीतवीर्यका, तिता, टर्रो, कफविकार र पित्तविकार नाश गर्ने, आँखाका लागि हितकर, वीर्यवर्धक, कपाल र छालाका लागि हितकर, रुचिप्रद, बलदायक, इन्द्रलुप्त नाश गर्ने, विषयुक्त, नसा र मोह गराउने तथा राक्षसबाधा, ग्रहबाधा, विषविकार, चिलाउने रोग, कुष्ठ, खटिरा र कीरा नाश गर्ने गुणको हुन्छ ।

(च) धन्वन्तरि निघण्टु :

चूडामणिः शीतपाकी शिखण्डी कृष्णला मता । उच्चटा ताम्रिका गुञ्जा चटकी काकसाह्वया ॥
गुञ्जा रूक्षा तथा तिक्ता वीर्योष्णा च प्रकीर्तिता । विषवैषम्यजन्तुघ्नी रोगग्रामभयापहा ॥

चूडामणि, शीतपाकी, शिखण्डी, कृष्णला, उच्चटा, ताम्रिका, गुञ्जा, चटकी र काकसाह्वया : यी रातीगेडीका पर्यायवाची नाम हुन् । यो रुखो, तितो, उष्णवीर्यको तथा विषविकार, कीरा र रोगका समूहको डर नाश गर्ने गुणको हुन्छ ।

अपरा श्वेतकाम्भोजी श्वेतगुञ्जा भिराटिका । काकादनी काकपीलुर्वक्त्रशल्या सितोच्चटा ॥

गुञ्जाद्वयं च तिक्तोष्णं बीजवान्तिकरं शिफा । शूलघ्नी विषहृत्पत्रं वश्ये श्वेता प्रशस्यते॥

श्वेतकाम्भोजी, श्वेतगुञ्जा, भिराटिका, काकादनी, काकपीलु, वक्त्रशल्या र सितोच्चटा : यी सेतीगेडीका पर्यायवाची नाम हुन् । दुवै थरी गेडी तिता, उष्णवीर्यका, गेडाले बान्ता गराउने, जराले शूल नाश गर्ने र पातले विषविकार नाश गर्ने गुणका हुन्छन् । वशीकरणमा सेतीगेडी उपयोगी हुन्छ ।

रातीगेडी (तस्विर श्रोत : प्रेअर डी अमरकोश)

(छ) **निघण्टुशेष :**

गुञ्जायां कृष्णला काकचिञ्चिका काकनिन्दिका । काकादनी काकनखी रक्तिका काकनन्तिका॥
काकपीलुश्चक्रशल्या दुर्मेषा ताम्रिकोच्चटा । चूडामणिर्द्रुमोच्चा च शीतपाकी शिखण्डिनी॥
(गुञ्जति शिम्ब्यां गुञ्जा । कृष्णं प्रान्ते लाति कृष्णला । काकपर्णा चिञ्ची-प्रान्तोऽस्याः काकचिञ्ची, स्वार्थिके के काकचिञ्चिका । काक इव निन्द्यते श्यामवर्णेन काकनिन्दिका । काकैरद्यते काकादनी । काकस्येव नखोऽस्याः काकनखी । रक्तो वर्णोऽस्त्यस्या रक्तिका । काकान् अन्तयति काकनन्तिका । काकानां पीलुरिव काकपीलुः । चक्राकारं शल्यमस्याः चक्रशल्या । दुष्टो मेषोऽस्या दुर्मेषा । ताम्रो वर्णोऽस्त्यस्याः ताम्रिका । उच्चटति उच्चटा । चूडायां मणिः चूडामणिः । द्रुमेषु उच्चा द्रुमोच्चा । शीतेन पाकोऽस्याः शीतपाकी । शिखण्डोऽस्त्यस्याः शिखण्डिनी ।) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुञ्जा, कृष्णला, काकचिञ्चिका, काकनिन्दिका, काकादनी, काकनखी, रक्तिका, काकनन्तिका, काकपीलु, चक्रशल्या, दुर्मेषा, ताम्रिका, उच्चटा, चूडामणि, द्रुमोच्चा, शीतपाकी र शिखण्डिनी : यी गुञ्जाका पर्यायवाची नाम हुन् ।

(ज) **पर्यायरत्नमाला :**

साङ्गुष्ठा कृष्णला गुञ्जा रक्तिका काकणन्तिका ।
काकादनी काकतिक्ता काकजङ्घा शिखण्डिनी॥

साङ्गुष्ठा, कृष्णला, गुञ्जा, रक्तिका, काकणन्तिका, काकादनी, काकतिक्ता, काकजङ्घा र शिखण्डिनी : यी गुञ्जाका पर्यायवाची नाम हुन् ।

सेतो रातीगेडी (तस्विर श्रोत : वाग्भटोक्त शोधनादि गणद्रव्य सङ्ग्रह, फेसबुक पेज)

(झ) **भावप्रकाश निघण्टु :**

श्वेता गुञ्जोच्चटा प्रोक्ता कृष्णला चापि सा स्मृता ।
रक्ता सा काकचिञ्ची स्यात्काकणन्ती च रक्तिका॥
काकादनी काकपीलुः सा स्मृता काकवल्लरी । गुञ्जाद्वयन्तु केश्यं स्याद्वातपित्तज्वरापहम्॥
मुखशोषभ्रमश्वासतृष्णामदविनाशनम् । नेत्रामयहरं वृष्यं बल्यं कण्डूं व्रणं हरेत्॥

कृमीन्द्रलुप्तकुष्ठानि रक्ता च धवलाऽपि च ।

सेतो रातीगेडी (तस्बिर श्रोत : वाग्भटोक्त शोधनादि गणद्रव्य सङ्ग्रह, फेसबुक पेज)

श्वेतगुञ्जा, उच्चटा र कृष्णला सेतीगेडीका र रक्तगुञ्जा, काकचिञ्ची, काकणन्ती, रक्तिका, काकादनी, काकपीलु र काकवल्लरी रातो रातीगेडीका संस्कृत पर्यायवाची नामहरू हुन् । दुवै खालका गेडी कपालका लागि लाभदायक तथा वातविकार, पित्तविकार, जरो, मुखको सुक्ने रोग, भ्रम, दम, तिर्खा, नसा (मद) र आँखाका रोग नाशक हुन्छन् । यी वीर्यवर्धक र बलदायक हुन्छन् । यिनले लुतो, घाउखटिरा, कीरा, इन्द्रलुप्त र कुष्ठ ठिक गर्दछन् ।

(ञ) **मदनपाल निघण्टु :**

गुञ्जा शिखण्डिका ताम्रा रक्तिका काकनासिका ।
श्वेताऽन्या चक्रिका चूडा दुर्मुखा काकपीलुका ॥
गुञ्जा केश्या बलकरा त्वच्या पित्तकफापहा । नेत्रामयहरा वृष्या हन्ति कण्डूग्रहव्रणान् ॥
कृमीन्प्रलुप्तकुष्ठानि तच्छ्वेतापि च शस्यते ॥

गुञ्जा, शिखण्डिका, ताम्रा, रक्तिका र काकनासिका : यी रातीगेडीका तथा श्वेता, चक्रिका, चूडा, दुर्मुखा र काकपीलुका : यी सेतीगेडीका संस्कृत पर्यायवाची नामहरू हुन् । रातीगेडीले कपाल र छालालाई फाइदा गर्दछ । यो बलदायक तथा पित्तविकार र कफविकार नाशक हुन्छ । यसले आँखाका रोग नाश गर्दछ, वीर्य बढाउँदछ तथा लुतो, ग्रहदोष, घाउखटिरा, कीरा कपाल झर्ने रोग र कुष्ठरोग नाश गर्दछ । सेतीगेडीमा पनि यिनै गुण हुन्छन् ।

कालीगेडी (तस्बिर श्रोत : इण्डियामार्टडटकम)

(ट) **मदनादि निघण्टु :**

कृष्णकाम्बोजिकां गुञ्जा रक्तिका काकनन्तिका ।
चूडामणिश्शीतपाकी शिखण्डी कृष्णलालका ॥
द्वितीय श्वेतकाम्बोजी दुर्मुखा काकपीलुका । काकादिनी काकभिन्दी पजनालेपनादिभिः ॥

कृष्णकाम्बोजिका, गुञ्जा, रक्तिका, काकनन्तिका, चूडामणि, शीतपाकी, शिखण्डी र कृष्णलालका : यी रातीगेडीका तथा श्वेतकाम्बोजी, दुर्मुखा, काकपीलुका, काकादिनी र काकभिन्दी (पजनालेपनादिभि ?) : सेतीगेडीका पर्यायवाची नाम हुन् ।

(ठ) **माधवद्रव्यगुण :**

सेतीगेडी (तस्विर श्रोत : पर्थपूजाडटकम)

...गुञ्जा कुष्ठव्रणापहा ।

गुञ्जाले कुष्ठ र खटिरा नाश गर्दछ ।

(ण) **राज निघण्टु :**

गुञ्जा चूडामणिः सौम्या शिखण्डी कृष्णलाऽरुणा ।
ताम्रिका शीतपाकी स्यादुच्चटा कृष्णचूडिका ॥
रक्ता च रक्तिका चैव काम्भोजी भिल्लिभूषणा । वन्यास्या मानचूडा च विज्ञेया षोडशाह्वया ॥

(१) गुञ्जा, (२) चूडामणि, (३) सौम्या, (४) शिखण्डी, (५) कृष्णला, (६) अरुणा, (७) ताम्रिका, (८) शीतपाकी, (९) उच्चटा, (१०) कृष्णचूडिका, (११) रक्ता, (१२) रक्तिका, (१३) काम्भोजी, (१४) भिल्लिभूषणा, (१५) वन्यास्या र (१६) मानचूडा : यी सोह्र नाम रातीगेडीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

द्वितीया श्वेतकाम्भोजी श्वेतगुञ्जा भिराटिका । काकादनी काकपीलुर्वक्त्रशल्या षडाह्वया ॥

(१) श्वेतकाम्भोजी, (२) श्वेतगुञ्जा, (३) भिराटिका, (४) काकादनी, (५) काकपीलु र (६) वक्त्रशल्या : यी छ नाम दोश्रो सेतीगेडीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गुञ्जाद्वयन्तु तिक्तोष्णं बीजं वान्तिकरी शिफा । शूलघ्नं विषकृत् पत्रं वश्ये श्वेतञ्च शस्यते ॥

दुवै थरी गेडी तीता हुन्छन् । यिनको बीज उष्णवीर्यका र जरा बान्ताकारक हुन्छन् । यिनका पात शूल नाशक तर विषालु हुन्छन् । वशीकरणका लागि सेतीगेडी उत्तम हुन्छ ।

(त) **राजवल्लभ निघण्टु :**

... गुञ्जा कुष्ठव्रणापहा ॥

रातीगेडीले कुष्ठ र खटिरा नाश गर्दछ ।

(थ) **शार्ङ्गधर संहिता :**

तक्षयित्वा क्षुरेणाङ्गं केवलानिलपीडितम् ॥ तत्र प्रदेहं दद्याच्च पिष्टं गुञ्जाफलैः कृतम् ।
तेनापबाहुजा पीडा विश्वाची गृध्रसी तथा ॥ अन्याऽपि वातजा पीडा प्रशमं याति वेगतः ।

वातरोगले मात्र पीडित भएका मानिसको पीडा हुने अङ्गमा रौं खौरनू र रातीगेडीलाइ पानीमा घोटेर लेप बनाई दल्नू । यसले अपबाहुक, विश्वाची, गृध्रसी र अन्य वातरोगका पीडा पनि अति चाँडो नाश गर्दछ ।

(द) शालिग्राम निघण्टु :

रक्तिका गुञ्जिका गुञ्जा काकजङ्घा शिखण्डिनी ।
कृष्णला काकिनी कक्षा कनीचिः काकणन्तिका ॥

रक्तिका, गुञ्जिका, गुञ्जा, काकजङ्घा, शिखण्डिनी, कृष्णला, काकिनी, कक्षा, कनीचि र काकणन्तिका : यी गुञ्जाका पर्यायवाची नाम हुन् ।

द्वितीया श्वेतकाम्बोजी श्वेतगुञ्जा भिरिण्टिका । श्वेतोच्चटा श्वेतबीजा श्वेतपूर्वा च सा स्मृता ॥

श्वेतकाम्बोजी, श्वेतगुञ्जा, भिरिण्टिका, श्वेतोच्चटा, श्वेतबीजा र श्वेत अगाडि भएका अन्य गुञ्जा बुझाउने शब्द : यी सेतीगेडीका पर्यायवाची नाम हुन् ।

गुञ्जाद्वयं स्वादु तिक्तं बल्यं चोष्णं कषायकम् । त्वच्यं केश्यञ्च रुच्यं च शीतं वृष्यं मतं बुधैः ॥
नेत्ररोगं विषं पित्तमिन्द्रलुप्तं व्रणं कृमीन् । राक्षसग्रहपीडां च कण्डूं कुष्ठकफं ज्वरम् ॥
मुखशीर्षरुजं वातं भ्रमं श्वासं तृषं तथा । मोहं मदं नाशयति बीजं वान्तिकरं मतम् ॥
शूलनाशकरं मूलं पर्णं च विषनाशकम् । श्वेतगुञ्जा विशेषेण वशीकरणकृन्मता ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

सेतीगेडी र रातीगेडी : यी दुवै स्वादिला, तिता, बलदायक, उष्णवीर्यका, टर्रा, छाला र कपालका लागि हितकर, रुचिप्रद, शितल, वीर्यवर्धक तथा आँखाका रोग, विषविकार, पित्तविकार, इन्द्रलुप्त रोग, खटिरा, कीरा, राक्षसबाधा, ग्रहबाधा, चिलाउने रोग, कुष्ठ, कफविकार, जरो, मुखका रोग, टाउकाका रोग, वातविकार, भ्रम, दम, तिर्खा, मोह, र नसा नाश गर्ने गुणका हुन्छन् । यिनको बीजले बान्ता गराउँदछ, जराले शूल नाश गर्दछ तथा पातले विषविकार नाश गर्दछ । सेतीगेडी विशेषतः वशीकरणमा प्रयोग हुन्छ ।

(ध) सरस्वती निघण्टु :

गुञ्जा चूडामणी रक्तफलिका काकनन्तिका । काकादनी काकचिञ्ची कृष्णला कृष्णरक्तिका ॥

गुञ्जा, चूडामणी, रक्तफलिका, काकनन्तिका, काकादनी, काकचिञ्ची, कृष्णला र कृष्णरक्तिका : यी गुञ्जाका पर्यायवाची नाम हुन् ।

(न) सोढल निघण्टु :

काकदन्यां काकपीलुः काकचञ्चुश्च रक्तिका । चक्रशल्या ध्वाङ्क्षमुखी दुर्भेद्या काकणन्तिका ॥

बहुवीर्या बहुफला सुभिक्षा वनवासिनी । चूडामणिः शीतपाकी शिखण्डी कृष्णला मता ॥
उच्चटा ताम्रका गुञ्जा चतस्रः काकसाह्वयाः ।

काकदनी, काकपीलु, काकचञ्चु, रक्तिका, चक्रशल्या, ध्वाङ्क्षमुखी, दुर्भेद्या, काकणन्तिका, बहुवीर्या, बहुफला, सुभिक्षा, वनवासिनी, चूडामणि, शीतपाकी, शिखण्डी, कृष्णला, उच्चटा, ताम्रका, गुञ्जा, (चतस्रः) र काकसाह्वया : यी गुञ्जाका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुटिकालवण (नुनविशेष)
(Gutikaa-lawana)

परिभाषा :

(क) हिन्दी विश्वकोश (गुटिकाह्वय) : लवणविशेष । एक किसिमको नुन ।

(ख) द्रव्यगुण : दीपनमित्यादि पाकादतिकठिनीभावेन गुटिकाकारं लवणं गुटिकालवणम् । बाल्ने आदि कार्य गरी पकाएर अति साह्रो गोली (ससाना डल्ला) बनाइएको नुनलाई गुटिकालवण भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) द्रव्यगुणसङ्ग्रह :

दीपनं पाचनं भेदि लवणं गुटिकाह्वयम् । कफवातक्रिमिघ्नं च लेखनं पित्तकोपनम्॥

गुटिका नुन दीपनी, पाचनी, भेदनी; कफविकार, वातविकार र कीरा नाश गर्ने; लेखनी तथा पित्तविकार गर्ने गुणको हुन्छ ।

(ख) सुश्रुत संहिता, माधवद्रव्यगुण :

सङ्कलन : मोहन प्रसाद सापकोटा

कफवातकृमिहरं लेखनं पित्तकोपनम् । दीपनं पाचनं भेदि लवणं गुटिकाह्वयम्॥

गुटिका नुन कफविकार, वातविकार र कीरा नाश गर्ने; लेखनी, पित्तविकार गर्ने, दीपनी, पाचनी र भेदनी : गुणको हुन्छ ।

गुड (खुँदो वा सखर)
(Treacle)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : (१) गुड भनेको चाकु हो । (२) शर्करा भनेको सक्खर हो । (३) शर्करा र सिता भनेको चिनी हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) ऐक्षव : उखुबाट बन्ने वा बनेको पदार्थ । (२) खण्डपाल : सखर, चिनी, मिस्रीसम्बन्धी चीजबीजको काम गर्ने व्यक्ति । (३) गजेटो : उखुको रसबाट खुदो वा सखर बनाउँदा गाजका रूपमा निस्कने मैलो फिँज निकाल्ने बेल्चाका आकारको चोयाको साधन । (४) गुड : उखुको

उखुको रसको खुँदो पकाएर सखर बनाउने कार्य (तस्बिर श्रोतः शिलापत्रडटकम)

रस पकाई बनाइएको गुलियो पदार्थ; सखर । (५) चाकु : मसिना जातको उखुको रस वा सखर पकाएर राम्ररी छानी चाका-चाका पारी जमाइएको, गुलियो खाद्य पदार्थ । (६) धुले सखर : डल्ला वा चाका नपारी धुल्याइएको सखर; बुरबुराउँदो सखर । (७) सक्खर : सखर । (८) सखर : उखु, खजुर, ताड आदिको रस पकाएर जमाइएको, रासायनिक पदार्थद्वारा प्रशोधन नभएको बुको वा डल्लो गुलियो पदार्थ; गुड; शकर; शर्करा ।

(ग) डा.सतिश चन्द्र साङ्खधर : गुडको अंग्रेजी नाम Treacle हो । कसैकसैले गुडको अर्थ सखर लगाएका छन् तर गुड भनेको बाक्लो खुँदो हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

फाणितं चैव मत्स्यण्डी गुडखण्डकमेव च । सिता सितापला चैते षड्भेदा इक्षुजामताः ॥

पातलो खुँदो, बाक्लो खुँदो, कालो सक्खर, रातो सक्खर, मिस्री र चिनी गरी उखुका छ किसिमका खाद्य (विकार) बन्दछन् ।

सुराजीर्णगुडासाज्या निहन्ति विषमज्वरम् ॥

पुरानो सक्खरको अर्कमा घिउ मिसाएर खाए विषमज्वर नाश गर्दछ ।

(ख) **अष्टाङ्ग निघण्टु :**

गुडस्त्विक्षुविकारः स्यात् ...।

गुड र इक्षुविकार : यी सखरका पर्यायवाची नाम हुन् ।

(ग) **आयुर्वेद महोदधि :**

..गुडैः कुष्ठमावहति सेवितं पयः ।

सखरसँग दूध पिउनाले रक्तविकार भई कुष्ठ (आदि) रोगलाई जन्म दिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सक्षारो मधुरोऽति मुत्रबहुलो रक्तार्शसां शोधनो
मेदोमांसकरोऽतिपित्तशमनो वातस्य विष्टम्भनः ।
श्लेष्माणं जनयेच्च बृंहणकरो बल्यः सदा स्वास्थ्यकृत्
वातघ्नो विषहास्रपित्तशमनः सेव्यो विरेके गुडः ॥

सक्खर केही नुनिलो, अति गुलियो, पिसाब धेरै लगाउने, रगत बहने खालको हर्सालाई ठिक गर्ने, बोसो र मासु बढाउने, पित्तविकारलाई अति नै ठिक गर्ने, वायुलाई रोक्ने, कफ बढाउने, पौष्टिक, बलदायक, सबै समयमा स्वास्थ्यका लागि उपयोगी तथा वातविकार, विषविकार र रक्तपित्त नाश गर्ने गुणको हुन्छ । यस्तो गुनिलो सक्खर खाने गर्नुपर्दछ ।

क्षतक्षयतृषादाहरक्तपित्तज्वरापहा । स्निग्धा वृष्या हिमा स्वादुः सक्षारा गुडशर्करा ॥

उखुको खुँदोले बनाइने सक्खरले घाउ, क्षयरोग, तिर्खा, डाह, रक्तपित्त र जरो नाश गर्दछ । यो चिल्लो, बलवीर्य वर्धक, शीतल, गुलियो र केही नुनिलो हुन्छ ।

पित्तघ्नो पवनापहो रुचिकरो हृद्यस्त्रिदोषापहा संयोगेन विशेषतो ज्वरहरः सन्तापशान्तिप्रदः ।
विण्मूत्रामयनाशनोऽग्निजननः कण्डूप्रमेहान्तकृत्
स्निग्धः स्वादुरसो लघुः श्रमहरः पथ्यः पुराणो गुडः ॥

पुरानो सखर पित्तविकार नाशक, वातविकार नाशक, रुचि जगाउने, मनोहर र त्रिदोष नाशक हुन्छ । यस्तो सखर उत्तम औषधीसँग मिसाएर खानाले जरो र डाह नाशक, मलमूत्र प्रशोधक, जठराग्नि बाल्ने, शरीर चिलाउने रोग र प्रमेह नाशक, चिल्लोपनले युक्त, गुलियो, पचाउन सहज, थकाइ मेट्ने र पथ्य हुने गर्दछ ।

मत्स्यण्डिका सखण्डशर्करा विमलोत्तरोत्तरं स्निग्धा ।
गुरुतरमधुरतरा वृष्यानिलरक्तपित्तनाशकरी ॥

खुँदो, मिस्री र सखर क्रमशः निर्मल, चिल्लोपनले युक्त र पचाउन कठिन हुन्छन् । क्रमशः गुलिया, बलवीर्य वर्धक, वातविकार नाशक र रक्तपित्त विनाशक हुन्छन् ।

गुडगोधूमोर्मिश्रं तैलपक्वान्नभक्षणात् । पित्तश्लेष्मप्रकुर्वन्ति मारुतं चापकर्षति ॥

गहुँ र सक्खर मिसाएर तेलमा पकाइएका खानेकुराले पित्त र कफ बढाउँदछ तथा वायु घटाउँदछ ।

(घ) कैयदेव निघण्टु :

इक्षोस्तु सारं विपचेत् यथावद् यावद्घनीभूतमथाप्सु मज्जेत् ।
एषो गुडाख्यः कटुतीक्ष्ण उष्णः सस्वादुरुच्यो गुरुबृंहणीयः ॥

उखुको रसलाई बाक्लो नहुँदासम्म पकाई पानीले पखालेर बन्ने पदार्थलाई गुड भनिन्छ । यो पिरो, तिक्खर, उष्णवीर्यको, गुलियो, रुचिप्रद, पचाउन कठिन र पौष्टिक हुन्छ ।

नवोऽधौतो गुडः स्वादुः सक्षारः सारको गुडः । वातपित्ताग्निकृत् स्निग्धो मूत्ररक्तविशोधनः ॥
मेदोमांसकृमिश्लेष्ममज्जास्रबलशुक्रकृत् ।

ताजा र नपखालिएको गुड गुलियो, क्षारयुक्त, मलमूत्रलाई तलतिर सार्ने, वातविकार र पित्तविकार गर्ने, पाचक-अग्नि बढाउने, चिल्लो, पिसाब र रगत सफा गर्ने तथा बोसो, मासु, कीरा, कफविकार, मासी, रगत, बल र शुक्र बढाउने गुणको हुन्छ ।

नातिश्लेष्मकरो धौतो वातघ्नोऽसृक्प्रसादनः ॥ स्वादुपाकरसः स्निग्धः शकृन्मूत्रानुलोमनः ।

पखालिएको गुड धेरै कफविकार नगर्ने, वातविकार नाश गर्ने, रगत सफा गर्ने, पचेपछि गुलियो, चिल्लो र दिसा पिसाबलाई आफ्ना बाटो हिँडाउने गुणको हुन्छ ।

जीर्णः स्वादुः पथ्यहृद्यो नाभिष्यन्द्यग्निकृल्लघुः ॥ प्रपुराणो वरस्तस्मात्सर्वरोगहरो लघुः ।

पुरानो गुड गुलियो, पथ्य, मुटुका लागि हितकर, अनभिष्यन्दि र पचाउन सहज हुने गुणको हुन्छ ।

यसैले पुरानो गुड सबै रोग नाश गर्ने एवं पचाउन सहज हुने पुरानो सखर प्रयोग गर्नु नै उत्तम हुन्छ ।

संवत्सरोषितगुडः पुराण इति कथ्यते॥ वर्षत्रयोषितः सोऽपि प्रपुराणः प्रकीर्तितः ।
अरिष्टाद्येषु सर्वेषु प्रपुराणं प्रयोजयेत्॥

बनाएको एक वर्ष बितेपछिको गुडलाई पुरानो गुड भनिन्छ । तीन वर्ष पुरानो गुडलाई प्रपुराण भनिन्छ । अरिष्ट आदि सबै कुरा बनाउँदा प्रपुराण गुडको प्रयोग गर्नू ।

चतुर्वर्षात्परस्तस्मान्निर्वीर्यो निष्फलो गुडः । अनिष्टगन्धादम्लत्वादच्छत्वात् कृमिसम्भवात्॥
कासश्वासादिकान् सर्वान् जनयेत् स विशेषतः । तस्मात् सर्वप्रयोगेषु मतिमान्न प्रयोजयेत्॥
इक्षोर्विकारेषु सिता फाणितं च वरावरे ।

चार वर्षभन्दा पुरानो भएपछि गुड वीर्यहीन र निष्फल हुन्छ । यसबाट नमिठो गन्ध आउन थाल्दछ, अमिलो हुन्छ, अपवित्र हुन्छ र कीरा समेत पर्दछ । यस्तो गुडले खोकी, दम जस्ता सबै खालका रोग निकाल्न सक्दछ । यसैले कुनै पनि प्रयोजनका लागि यस्तो गुड प्रयोग नगर्नू । यस्तै गुण उखुबाट बन्ने अन्य चिनी, खुँदो आदिमा पनि हुन्छ ।

(घ) **द्रव्यगुणसङ्ग्रह, माधव द्रव्यगुण :**

गुडो वृष्यो गुरुः स्निग्धः सक्षारो मूत्रशोधनः । नातिपित्तहरो मेदःकफक्रिमिबलप्रदः॥
सङ्कलन : मोहन प्रसाद सापकोटा
(इक्षुरसस्यैव पाकादतिघनभावं गतस्य गुडसञ्ज्ञा) ।

(नपखालिएको) गुड वीर्यवर्धक, पचाउन कठिन, चिल्लो, क्षारयुक्त, पिसाब सफा गर्ने, पित्तविकार कम नाश गर्ने तथा बोसोविकार, कफविकार, कीरा र बल प्रदान गर्ने गुणको हुन्छ । (उखुको रसलाई पकाएर अति बाक्लो बनाइएको पदार्थलाई गुड भनिन्छ) ।

पित्तघ्नो मधुरः शुद्धो वातघ्नोऽसृक्प्रसादनः ।

पखालेर फोहोर निकाली शुद्ध पारिएको गुड पित्तविकार र वातविकार नाश गर्ने, गुलियो र रगत सफा गर्ने गुणको हुन्छ ।

स पुराणोऽधिकगुणो गुडः पथ्यतमः स्मृतः ।

पुरानो गुड बढी गुनिलो र बढी पथ्य हुन्छ ।

(ङ) **धन्वन्तरि निघण्टु :**

गुडः स्यादिक्षुसारश्च मधुरो रसपाकजः । गुडः समधुरः क्षारो गुरूष्णः कफवातनुत्॥
अहितः पित्तरक्ते च जीर्णश्चैव रसायनः ।

गुड, इक्षुसार, मधुर र रसपाकज : यो गुडका पर्यायवाची नाम हुन् । यो गुलियो, क्षारयुक्त, पचाउन किठन, उष्णवीर्यको, कफविकार र वातविकार नाश गर्ने तथा पित्तविकार र रक्तविकारमा हित नगर्ने गुणको हुन्छ । पुरानो सक्खर रसायनी हुन्छ ।

(च) भावप्रकाशसंहिता :

सगुडं मूत्रकृच्छ्रघ्नं पित्तश्लेष्मकरं परम् ।

सखर हालिएको दूध मूत्रकृच्छ्र नाशक तथा अति नै पित्तविकार र कफविकार गर्ने गुणको हुन्छ ।

मधुनः शर्करायाश्च गुडस्यापि विशेषतः ।
एकसंवत्सरे वृत्ते पुराणत्वं स्मृतं बुधैः ॥

विशेष गरी मह, चिनी र सखरलाई बनेको एक वर्ष बितेपछि विद्वानहरू पुरानो भन्ने गर्दछन् ।

इक्षो रसो यः सम्पक्वो जायते लोष्टवद् दृढः ॥ स गुडो गौडदेशे तु मत्स्यण्डचैव गुडो मतः ।
गुडो वृष्यो गुरुः स्निग्धो वातघ्नो मूत्रशोधनः ॥ नातिपित्तहरो मेदःकफकृमिबलप्रदः ।

पकाउँदा पकाउँदा बाक्लो भएको र डल्ला पार्दा माटाको डल्लो जस्तो साह्रो हुने उखुको रसलाई 'गुड (सखर)' भनिन्छ । गौड देशमा भने मत्स्यण्डीलाई नै गुड मान्दछन् । गुड वीर्यवर्धक, पचाउन कठिन, चिल्लो, वातविकार नाशक र मूत्र प्रशोधक हुन्छ । यसले धेरै वित्तविकार नाश पनि गर्दैन । यसले बोसो, कफ, कीरा र बल उत्पन्न गर्दछ ।

सङ्कलन : मोहन प्रसाद भण्डारी

गुडो जीर्णो लघुः पथ्योऽनभिष्यन्द्यग्निपुष्टिकृत् ॥
पित्तघ्नो मधुरो वृष्यो वातघ्नोऽसृक्प्रसादनः ।

पुरानो सखर पचाउन सहज, पथ्य, अनभिष्यन्दि, पाचकाग्नि वर्धक, पुष्टिदायक, पित्तविकार नाशक, गुलियो, वीर्यवर्धक, वातविकार नाशक र रगत प्रशोधन गर्ने गुणको हुन्छ ।

गुडो नवः कफश्वासकासकृमिकरोऽग्निकृत् ॥

नयाँ सखरले कफविकार, दम, खोकी र कीरा बढाउँदछ तर जठराग्निलाई बाल्दछ ।

श्लेष्माणमाशु विनिहन्ति सहार्द्रकेण पित्तं निहन्ति च तदेव हरीतकीभिः ।
शुण्ठ्या समं हरति वातमशेषमित्थं दोषत्रयक्षयकराय नमो गुडाय ॥

सखरलाई अदुवासँग खानाले तुरुन्त कफविकारलाई नाश गर्दछ । हर्रोसँग खानाले पित्तविकारलाई नाश गर्दछ । सुठोसँग खानाले सबै खालका वातविकार हटाउँदछ । यस्तो त्रिदोष नाशक सखरलाई नमस्कार छ ।

(छ) मदनपाल निघण्टु :

गुडः क्षारो गुरुः स्वादुर्वातपित्ताग्निकृत्सरः । बल्यः कृमिश्लेष्मकरो मूत्ररक्तविशोधनः ॥
जीर्णोहृद्यो लघुः पथ्यो नाभिष्यन्द्यग्निपुष्टिकृत् ॥

सखर क्षारयुक्त, पचाउन कठिन, गुलियो, वातविकार गर्ने, पित्तविकार गर्ने, पाचनशक्ति बढाउने, मलमूत्रलाई तलतिर सार्ने, बलदायक, पेटमा कीरा पार्ने, कफविकार गर्ने, पिसाब प्रशोधन गर्ने र रगत प्रशोधन गर्ने गुणको हुन्छ । पुरानो सखर मुटुका लागि लाभदायक, पचाउन सहज, पथ्य, अभिष्यन्दि नहुने तथा पाचनशक्ति र पुष्टि बढाउने गुणको हुन्छ ।

(ज) राज निघण्टु :

विडङ्गं मधु मण्डूरो दाडिमं पिप्पली गुडः । नागवल्लीन्दुशाल्याद्याः पुराणाः स्युर्गुणोत्तमाः ॥

वायुविडङ्ग, मह, फलामको कीट (?), दारिम, पिप्ला, सखर, नागवल्ली (पानको लहरो ?), कपुर, शालीधान आदि पुरानो प्रयोग गर्नु उत्तम हुन्छ ।

गुडः स्यादिक्षुसारश्च मधुरो रसपाकजः । शिशुप्रियः सितादिः स्यादरुणो रसजः स्मृतः ॥
पित्तघ्नः पवनार्तिजिद्रुचिकरो हृद्यस्त्रिदोषापहः संयोगेन विशेषतो ज्वरहरः सन्तापशान्तिप्रदः ।
विण्मूत्रामयशोधनोऽग्निजननः पाण्डुप्रमेहान्तकः
संकलन: मोहन प्रसाद सापकोटा
स्निग्धः स्वादुतरो लघुः श्रमहरः पथ्यः पुराणो गुडः ॥

गुड, इक्षुसार, मधुर, रसपाकज, शिशुप्रिय, सितादि, अरुण र रसज : यी खुँदोका संस्कृत पर्यायवाची नामहरू हुन् । पुरानो खुँदो पित्तविकार नाशक, वातविकारलाई जित्ने, रुचिकर, मुटुका लागि लाभदायक, त्रिदोष नाशक, अरु ओखतीमा मिसिएपछि विशेषत ज्वर नाशक, डाहलाई शान्त पार्ने तथा मल र मूत्रका रोगलाई शुद्ध बनाउने गुणको हुन्छ । यसले जठराग्निलाई बाल्दछ तथा पाण्डु र प्रमेहलाई नाश गर्दछ । यो चिल्लो, अती स्वादिलो, पचाउन सहज, थकाई नाशक र पथ्य हुन्छ ।

मत्स्यमांसगुडमुद्गमूलकैः कुष्ठमावहति सेवितं पयः ।

माछा, मासु, खुँदो (सखर), मुगी र मूलासँग दूध पिउनाले कुष्ठरोग हुन्छ ।

(झ) राजवल्लभ निघण्टु :

गुडो वृष्यो गुरुः स्निग्धो वातघ्नो मूत्रशोधनः । नातिपित्तकरो मेदःकफकृमिबलप्रदः ॥

सखर वीर्यवर्धक, पचाउन कठिन, चिल्लो, वातविकार नाशक, पिसाब सफा गर्ने, कम पित्तविकार गर्ने तथा बोसो, कफविकार, कीरा र बल बढाउने गुणको हुन्छ ।

गुडः पुराणोऽतिगुणो वातहासृक्प्रसादनः । पित्तघ्नो मधुरः स्निग्धो बल्यः पथ्यो विशेषतः ॥

पुरानो सखर अति गुनिलो, वातविकार नाशक, रगतलाई खुशी पार्ने, पित्तविकार नाशक, गुलियो, चिल्लो, बलदायक र विशेषरूपले पथ्य हुन्छ ।

(ञ) **शार्ङ्गधर संहिता :**

चूर्णे गुडः समो देयः शर्करा द्विगुणा भवेत् ।

ओखतीको धुलोमा सक्खर मिसाउनु भनिएको अवस्थामा ओखती बराबर मिसाउनू । चिनी हाल्ने भए दोब्बर हाल्नू ।

आमेषु सगुडां शुण्ठीमजीर्ण(र्णे) गुडपिप्पलीम्॥
कृच्छ्रे जीरगुडं दद्यादर्शःसु च(स) गुडाभयाम् ।

आमविकार वा आउँमा सुठो मिसाएर, अजीर्णमा पिप्लाको धुलो मिसाएर, कृच्छ्र (पिसाब रोकिने) रोगमा जीराको धुलो मिसाएर र अल्काईमा हर्रोको धुलो मिसाएर सक्खरका ससाना गोली बनाई चुस्ने गर्नाले धेरै लाभ गर्दछ ।

(ट) **शालिग्राम निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

नूतनो गुडो मधुक्षारो गुरुश्चोष्णश्च सम्मतः । रक्तरुक्पित्तदोषाणामहितो मूत्रशोधनः ॥
वृष्यः स्निग्धः सरः प्रोक्तः कृमिमेदकरो मतः । शुक्रमज्जामांसरक्तकारकश्चाग्निदीपनः ॥
पित्तलो भेदको वातश्वासकासकफापहः । सशुद्धो रक्तकफकृत्स्वादुःस्निग्धश्च वातहा ॥
मलमूत्रे यथामार्गं प्रवर्तयतिचाञ्जसा । सचैकहायनो रुच्यः पथ्यश्चाग्निप्रदीपकः ॥
मूत्रविष्ठाशुद्धिकरो हृद्यः स्वादुश्च पौष्टिकः । रसायनो लघुः स्निग्धो वृष्यो मेहश्रमापहः ॥
त्रिदोषपाण्डुसन्तापपित्तवातापहो मतः । संयोगेन ज्वरहरस्त्र्यब्दजीर्णो लघुः स्मृतः ॥
सर्वदोषहरः श्रेष्ठः पुराणेषु च उत्तमः ।
अरिष्टादिषु योज्यः स्यादूर्ध्वंहीनगुणः स्मृतः ॥ (निघण्टु रत्नाकर)

ताजा गुड गुलियो, क्षारयुक्त, पचाउन कठिन, उष्णवीर्यको; रक्तविकार र पित्तविकारमा हित नगर्ने, पिसाब सफा गर्ने, वीर्यवर्धक, चिल्लो, मलमूत्रलाई तलतिर सार्ने; कीरा र बोसो बढाउने; शुक्र, मासी, मासु र रगत बढाउने; पाचक-अग्निलाई बाल्ने, पित्तविकार गर्ने, भेदनी तथा वातविकार, दम, खोकी र कफविकार नाश गर्ने गुणको हुन्छ । शुद्ध पारिएको गुड रगत र कफविकार बढाउने, गुलियो, चिल्लो, वातविकार नाश गर्ने तथा दिसा र पिसाबलाई यथोचित बाटोमा हिँडाउने गुणको हुन्छ । एक वर्ष पुरानो गुड रुचिप्रद, पथ्य, पाचक-अग्निलाई बाल्ने, पिसाब र दिसालाई शुद्ध पार्ने, मुटुका लागि हितकर, गुलियो, पौष्टिक, रसायनी, पचाउन सहज, चिल्लो, वीर्यवर्धक तथा प्रमेह, थकाई, त्रिदोष, पाण्डु, सन्ताप, पित्तविकार र वातविकार नाश गर्ने गुणको हुन्छ । यो गुड अरु द्रव्यसँग मिसाएर

प्रयो गर्नाले जरो नाशक पानं हुन्छ । तीन वर्ष पुरानो गुड पचाउन सहज, सबै रोग नाश गर्ने, उत्तम र पुरानो गुडमध्येमा उत्तम गुड हुन्छ । यस्तो गुडलाई अरिष्ट आदि बनाउँदा प्रयोग गर्नुपर्दछ । तीन वर्षभन्दा पुरानो गुड गुणहीन हुन्छ ।

(ठ) हारीत संहिता :

बल्यो वृष्यो गुरुः स्निग्धो वातघ्नो मूत्रशोधनः । स पुराणोऽधिकगुणो गुल्मार्शोऽरोचकापहः ॥
क्षये कासे क्षतक्षीणे पाण्डुरोगेऽसृजः क्षये । हितो योग्येन सयुक्तो गुडः पथ्यतमो मतः ॥

सखरले बलवीर्य बढाउँदछ, पचाउन कठिन हुन्छ, चिल्लोपन हुन्छ, वातविकार नाश गर्दछ र मूत्रलाई प्रशोधन गर्दछ । पुरानो सखर अधिक गुनिलो हुन्छ । यसले गानुगोला, अल्काई र अरुचीलाई नाश गर्दछ । क्षयरोग, खोकी, सुकेनास, पाण्डु, रक्तक्षय जस्ता रोगमा हितकारी द्रव्यमा मिसाएर सखर खानाले उत्तम र पथ्य हुन्छ भनी बताइएको छ । (सामान्यतः सखरमा गुनिलो द्रव्यसँग मिसाएर खाए गुन गर्ने र बैगुनी द्रव्यसँग मिसाएर खाए बैगुन गर्ने गुण हुन्छ। फुको सखर त्यति लाभदायक मानिंदैन ।)

कासे शोषे गुडो नेष्ट अन्यत्रापि हितो मतः । योगयुक्तोहि सर्वत्र हितो गुणगणालयः ॥

खोकी लाग्दा र सुकेनासमा फुको सखर खानु राम्रो हुन्न अरु बेलामा हुन्छ । अन्य द्रव्य वा औषधी मिसाइएको सखर सबै रोगका लागि लाभदायक हुन्छ र यसमा गुणका समूह रहेका हुन्छन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्षामक्षामक्षतगतरुजाश्वासमूर्च्छागदीनामध्वश्रान्तिश्रमदविषमूत्रकृच्छ्राश्मरीणाम् ।
जीर्णक्षामज्वरविषमगे रक्तपित्तप्रकोपे तृष्णादाहक्षयरुधिरगे सर्वरोगान्निहन्ति ॥

दुब्लोपन, क्षयरोग, श्वासप्रश्वासका रोग, बेहासी जस्ता रोगमा; बाटो हिँडेर थकाई लागेका बेलामा; परिश्रमले थाक्दा, मदमा, विषको असरमा, पिसाब नखुल्ने आदि पिसाबसम्बन्धी रोग (मूत्रकृच्छ्र) मा, पत्थरीमा, बुढचौलीमा, विषमज्वरमा, रक्तपित्तको प्रकोपमा, तिर्खा लाग्दा, डाह हुँदा, क्षयरोगमा र रगतजन्य रोगमा सखरले लाभ गर्दछ ।

बल्यो वृष्यो गुरुः स्निग्धो वातघ्नो मूत्रशोधनः । स पुराणोऽधिकगुणो गुल्मार्शोऽरोचकापहः ॥
क्षये कासे क्षतक्षीणे पाण्डुरोगेऽसृजः क्षये । हितो योग्येन संयुक्तो गुडः पथ्यतमो मतः ॥

सखर बलदायक, वीर्यवर्धक, पचाउन कठिन, चिल्लो, वातविकार नाश गर्ने र पिसाबलाई प्रशोधन गर्ने गुणको हुन्छ । पुरानो सखर बढी गुनिलो हुन्छ । यसले गुल्म, हर्सा र अरुचि नाश गर्दछ । क्षयरोग, खोकी, घाउजन्य क्षयरोग, पाण्डु र रगत क्षय हुने जस्ता रोगमा विधिपूर्वक हितकारी पदार्थसँग मिसाएर खाइने सखर अति नै पथ्य हुन्छ ।

गुदामये कामलशोषमेहे गुल्मालय पाण्डुहलीमके च ।

वाते सांपत्तासृांजे राजरोगे रुांचप्रदो रोगहरो गुरुः स्यात्॥
कासे शोषे गुडो नेष्ट अन्यत्रापि हितो मतः । योगयुक्तोहि सर्वत्र हितो गुणगणालयः॥
क्षामक्षामक्षतगतरुजाश्वासमूर्च्छागदीनामध्व श्रान्तिश्रमदविषमूत्रकृच्छ्राश्मरीणाम् ।
जीर्णक्षामज्वरविषमगे रक्तपित्तप्रकोपे तृष्णादाहक्षयरुधिरगे सर्वरोगान्निहन्ति॥

मलद्वारसम्बन्धी रोग, कमलपित्त, सुकेनास, प्रमेह, गुल्म, पाण्डु, हलीमक रोग। वातविकार, रक्तपित्त र रजविकार रोगमा सखरले रुचि जगाउँदछ र रोग नाश गर्दछ । यो पचाउन कठिन हुन्छ । तर खोकी लाग्दा र सुकेनास हुँदा सखर मात्र खानु हितकर हुँदैन । अरु रोगमा हितकर हुन्छ । अय ओखतस्मा मिसाएर खाइने सखर सबै रोगका लागि हितकर तथा गुणको खानी हुने गर्दछ । सखर दुब्लोपन, क्षयरोग, दम, बेहोसी, पदयात्राबाट हुने थकान, थकान, नसा, विषविकार, मूत्रकृच्छ्र, पत्थरी, बूढचौली, विषमज्वर, रक्तपित्तको प्रकोप, तिर्खा, डाह र रक्तक्षय रोग जस्ता सबै रोग नाशगर्ने गुणको हुन्छ ।

आजं दुग्धं गुडोपेतं पानाय ज्वरशान्तये । तेन क्लमविनाशः स्यात्सुखमाशु प्रपद्यते॥

बाख्रीको दूधमा सखर मिसाएर पिउनाले जरो शान्त हुन्छ र मानसिक थकाई मेटिई तुरुन्त सुखको अनुभव हुन्छ ।

सजीरकं गुडं भक्षेत्सगुडां वा हरीतकीम् । सगुडान्वा तिलान्भक्षेज्ज्वरे च विषमानुगे॥

सखरसँग जीरा अथवा हर्रो अथवा तिल खानाले विषमज्वर नाश हुन्छ ।

गुडार्द्रकं वा सम्भक्षेत्सगुडं त्रिफलाक्वाथम् । क्वाथोऽपि विषमाणान्तु ज्वराणां नाशकारकः॥

सक्खरसँग अदुवा खानाले अथवा सखरसँग त्रिफलाको काँढा पिउनाले विषमज्वर नाश हुन्छ ।

गुडूची (गुर्जो)
(Tinospora)

परिभाषा :

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) कुलचन्द्र शर्मा : वत्सादनी, छिन्नरुहा आदि नामले गुर्जोलाई बुझाउँदछ ।

(ख) नेपाली बृहत् शब्दकोश (गुर्जो) : पीपलका जस्तै पात हुने, मसिना राता फल फल्ने र पहेँला फूल फुल्ने तथा मोटा डाँठ हुने, आयुर्वेदिक औषधीका लागि उपयुक्त लहरो वा बुटी ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : गुर्जोलाई ल्याटिन भाषामा *Cocculus Cordifolious* वा *Tinospora Cordifolia* भनिन्छ । यो लहरा धेरै पुरानो भएपछि मानिसको हातजत्रै मोटो हुन्छ । यसको बोक्रो धेरै पातलो हुन्छ ।यसको लहरा जहाँसुकै राखेपनि पलाउँदछ । यसैले यसलाई अमृता वा अमृतवल्लरी भनिएको हो । यो लहरालाई काटेर हेर्दा डाँठमा चक्रको आकार देखिन्छ, यसैले यसलाई चक्रलक्षणिका भनिन्छ । यसलाई मसिना टुक्रा पारेपनि त्यसबाट नयाँ लहरो पलाउँदछ त्यसैले यसलाई छिन्नोद्भवा भनिन्छ । घुमाउरो खालका लहरा धेरै हुने हुनाले यसलाई कुण्डली पनि भनिन्छ । (मात्रा : पात भए -४ देखि ८ माषासम्म । लहराको धुलो भए २-४ माषासम्म । कुटेर निचोरेको रस भए १-२ तोलासम्म । काँडापानी भए ५-१० तोलासम्म) ।


गुर्जोको लहरा (श्रोत : पेयर डी अमरकोश)

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : यसलाई अंग्रेजीमा Tinospora तथा ल्याटिन भाषामा *Tinospora cordifolia* (Wild.) Miers भनिन्छ ।पानका जस्ता पात हुन्छन् । प्रायः वसन्तमा पात पहेँला भई झर्न शुरु गरी जेठसम्म नयाँ पात पलाउँदछ । त्यही बेला हरियो मिसिएको पहेँलो वा पहेँलो फूल फुल्दछ । केराउका जत्रा फल शुरुमा हरिया र पाकेपछि राता देखिन्छन् । यसको जरा र लहराको डाँठ ओखतीमा प्रयोग हुन्छ ।

(ङ) आचार्य बालकृष्ण : यसका धेरै प्रजाति हुन्छन् । जसमध्ये *Tinospora cordifolia* (Willd.) Miers, *Tinospora crispa* (L.) Hook. f. & Thomson र *Tinospora sinensis (Lour.) Merr.* प्रसिद्ध छन् । यसलाई अंग्रेजीमा Indian tinospora, Heart leaved tinospora, Moon seed, Gulancha tinospora वा Tinospora भनिन्छ ।

(च) द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ : यसलाई ल्याटिन भाषामा *Tinospora cordifolia* Miers*; (Menisper mum cordifolium, Cocculuc cordifolia, E.Tinospora* भनिन्छ ।

(छ) Studies on Medicinal Plants & Drugs in Dhanvantari-Nighantu, Vd.D.K. Kamat & Dr.S.D.Kamat, 2002 AD : *Tinospora, cordifolia (Willd.) Miers, Cocculus cordifolia* DC.

(ज) फर्माकोपिया : गुडूची Menispermaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम

Tinospora cordifolia (Willd.) हो । ओखतीका लागि यसको डाँठ धूलो भए ३-६ ग्राम तथा काँढापानी भए २०-३० ग्रामको एक मात्रा हुन्छ ।

(झ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014, Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019, Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : गुर्जो Menispermaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Tinospora sinensis* (Lour.) Merr. हो ।

संस्कृत पर्यायवाची नामहरू :

(क) अभिधानमञ्जरी :

धाराऽमृता गुलूची छिन्नरुहा छिन्नरोहका छिन्ना ।
छिन्नोद्भवाऽमृतलता मधुपर्णी तन्त्रिका तन्त्री ॥
प्रोक्ता चामृतवल्ली जीवन्ती चक्रलक्षणी । वत्सादनी वयःस्था सोमलता कुण्डली चेति ॥
अनिलघ्नी महाकन्दा विषघ्नी देवनिर्मिता । विषायणी बहुच्छिद्रा सौवोक्ता चामृताह्वया ॥

धारा, अमृता, गुलू(डू)ची, छिन्नरुहा, छिन्नरोहका, छिन्ना, छिन्नोद्भवा, अमृतलता, मधुपर्णी, तन्त्रिका, तन्त्री, अमृतवल्ली, जीवन्ती, चक्रलक्षणी, वत्सादनी, वयःस्था, सोमलता, कुण्डली, अनिलघ्नी, महाकन्दा, विषघ्नी, देवनिर्मिता, विषायणी, बहुच्छिद्रा र अमृता शब्दका पर्याय : यी गुर्जोका पर्यायवाची नामहरू हुन् ।

(ख) अभिधानरत्नमाला :

वयःस्था कुण्डली छिन्नरुहाऽमृतलताऽमृता । मधुपर्णी सोमवल्ली गुडूची देवनिर्मिता ॥
वत्सादनी काण्डजाता तन्त्रिका चक्रलक्षणा ।

वयःस्था, कुण्डली, छिन्नरुहा, अमृतलता, अमृता, मधुपर्णी, सोमवल्ली, गुडूची, देवनिर्मिता, वत्सादनी, काण्डजाता, तन्त्रिका र चक्रलक्षणा : यी गुर्जोका पर्यायवाची नामहरू हुन् ।

(ग) अमरकोश :

वन्दा वृक्षादनी वृक्षरुहा जीवन्तिकेत्यपि ।
वत्सादनी छिन्नरुहा गुडूची तन्त्रिकाऽमृता ॥
जीवन्तिका सोमवल्ली विशल्या मधुपर्ण्यपि ।

वन्दा, वृक्षादनी, वृक्षरुहा, जीवन्तिका, वत्सादनी, छिन्नरुहा, गुडूची, तन्त्रिका, अमृता, जीवन्तिका, सोमवल्ली विशल्या र मधुपर्णी : यी गुर्जोका पर्यायवाची नामहरू हुन् ।

(घ) **अर्कप्रकाश :**

गुडूच्या दीपनो ग्राही कासपाण्डुज्वरापहः । बैल्वः श्लेष्महरो बल्यो लघू रूक्षश्च पाचनः ॥

गुर्जोको अर्कले जठराग्निलाई बाल्दछ, दम, खोकी, पाण्डुरोग र जरो ठिक गर्दछ ।

(ङ) **अष्टाङ्ग निघण्टु :**

गुडूची कुण्डली छिन्नरुहा काण्डोद्भवाऽमृता । मधुपर्णी वयःस्था च मण्डली तन्त्रिका स्मृता ॥

गुडूची, कुण्डली, छिन्नरुहा, काण्डोद्भवा, अमृता, मधुपर्णी, वयःस्था, मण्डली र तन्त्रिका : यी गुर्जोका पर्यायवाची नामहरू हुन् ।

गुर्जोका पात (श्रोत : पेयर डी अमरकोश)

(च) **अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :**

गुडूची वातास्ररोगे ।

वातरक्त रोगमा गुर्जो ओखती हुन्छ ।

(छ) **कैयदेव निघण्टु :**

सङ्कलन : मोहन प्रसाद

गुडूची कुण्डली सोमा छिन्ना छिन्नोद्भवाऽमृता । मधुपर्णा छिन्नरुहा वयःस्था चक्रलक्षणी ॥
चन्द्रहासाऽमृतलता धारा वत्सादनी वरा । पिण्डामृता सटीरूपा विच्छिन्ना कन्दरोहिणी ॥
गुडूची मधुरा पाके कषाया कटुका लघुः । तिक्ता सङ्ग्राहिणी हृद्या बल्योष्णा वह्निकृज्जयेत् ॥
दोषकुष्ठकृमिच्छर्दिदाहवातास्रपाण्डुताः । ज्वरामकामलामेहतृष्णाकासान् रसायनी ॥
त्रिदोषघ्नं स्वादु पथ्यं चक्षुष्यं दीपनं लघु । वयसः स्थापनं मेध्यममृताशाकमुच्यते ॥

गुडूची, कुण्डली, सोमा, छिन्ना, छिन्नोद्भवा, अमृता, मधुपर्णा, छिन्नरुहा, वयःस्था, चक्रलक्षणी, चन्द्रहासा, अमृतलता, धारा, वत्सादनी, वरा, पिण्डामृता, सटीरूपा, विच्छिन्ना र कन्दरोहिणी : यी गुर्जोका पर्यायवाची नामहरू हुन् । गुर्जो पचेपछि गुलियो हुन्छ । शुरुमा यो टर्रो र पिरो हुन्छ । गुर्जो पचाउन सहज, तितो, ग्राही, मुटुका लागि हितकर, बलदायक, उष्णवीर्यको, पाचक-अग्निलाई बढाउने तथा त्रिदोष, कुष्ठ, कीरा, वाकवाकी, डाह, रक्तपित्त, पाण्डु, जरो, कमलपित्त, प्रमेह, तिर्खा र खोकी नाश गर्ने एवं रसायनी गुणको हुन्छ । यो त्रिदोष नाश गर्ने, स्वादिलो, पथ्य, आँखाका लागि हितकर, दीपनी, पचाउन सहज, उमेरलाई स्थापना गर्ने र दिमागको ग्रहण गर्ने क्षमता बढाउने गुणको हुन्छ । (यसैले) यसलाई अमृताशाक पनि भनिन्छ ।

(ज) **द्रव्यगुण सङ्ग्रह :**

वायुं वत्सादनी हन्यात् ... ।

गुर्जोले वातविकार नाश गर्दछ ।

(झ) धन्वन्तरि निघण्टु :

गुडूच्यमृतवल्ली च छिन्ना छिन्नरुहाऽमृता । छिन्नोद्भवाऽमृतलता धारा वत्सादनी स्मृता ॥
सैवोक्ता सोमवल्ली च कुण्डली चक्रलक्षणा । प्रोक्ता नागकुमारी च च्छिन्नाङ्गी ज्वरनाशिनी ॥
जीवनी मधुपर्णी च तन्त्रिका देवनिर्मिता । वयःस्था मण्डली सौम्या विशल्याऽमृतसम्भवा ॥
रसायनी मृत्तिका च चन्द्रहासा भिषग्जिता । पिण्डामृता बहुच्छिन्ना सा चोक्ता कन्दरोहिणी ॥
अन्या कन्दोद्भवा कन्दाऽमृतकन्दागुडूचिका । गुडूची स्वरसे तिक्ता कषायोष्णा गुरुस्तथा ॥
त्रिदोषजन्तुरक्तार्शःकुष्ठज्वरहरा परा । गुडूच्यायुष्प्रदा मेध्या तिक्ता सङ्ग्राहिणी बला ॥
ज्वरतृट्पाण्डुवातासृक्छर्दिमेहत्रिदोषजित् । गुडूची कफवातघ्नी पित्तमेदोविशोषिणी ॥
रक्तवातप्रशमनी कण्डूविसर्पनाशिनी । कन्दोद्भवा गुडूची च कटूष्णा सन्निपातहा ॥
विषघ्नी ज्वरभूतघ्नी वलीपलितनाशिनी ।

गुडूची, अमृतवल्ली, छिन्ना, छिन्नरुहा, अमृता, छिन्नोद्भवा, अमृतलता, धारा, वत्सादनी, सोमवल्ली, कुण्डली, चक्रलक्षणा, नागकुमारी, छिन्नाङ्गी, ज्वरनाशिनी, जीवनी, मधुपर्णी, तन्त्रिका, देवनिर्मिता, वयस्था, मण्डली, सौम्या, विशल्या, अमृतसम्भवा, रसायनी, मृत्तिका, चन्द्रहासा र भिषग्जिता : यी गुर्जोका संस्कृत पर्यायवाची नामहरू हुन् । अर्कोथरी गुर्जो अर्थात् गानेगुर्जोका पिण्डामृता, बहुच्छिन्ना, कन्दरोहिणी, कन्दोद्भवा, कन्दा, अमृतकन्दा र गुडूचिका : यी संस्कृत पर्यायवाची नामहरू हुन् । गुर्जो तीतो, टर्रो, उष्णवीर्यको र पचाउन कठिन हुने गुणको हुन्छ । यसले त्रिदोष, कीरा, रगत बहने खालको अल्काई, कुष्ठ र जरो नाश गर्दछ । गुर्जो आयुवर्धक, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, तीतो, कब्जियत गराउने र बलदायक हुन्छ तथा यसले जरो, तिर्खा, पाण्डु, वातरक्त, वाकवाकी, प्रमेह र त्रिदोषलाई जित्दछ । गुर्जोले कफविकार र वातविकारलाई नाश गर्दछ तथा पित्तविकार र बोसोविकारलाई सोस्दछ । यसले रक्तवातलाई शान्त पार्दछ तथा लुतो र विसर्पलाई नाश गर्दछ । यसैगरी गानेगुर्जो पिरो, उष्णवीर्यको तथा सन्निपात, विषविकार, जरो, भूतबाधा, उमेर नपुगी छाला चाउरी पर्ने रोग र उमेर नपुगी कपाल फुल्ने रोग नाशक हुन्छ ।

(ञ) निघण्टुशेष :

गुडूच्याममृता सोमवल्ली वत्सादनी धरा । छिन्नोद्भवा छिन्नरुहा विषघ्नी देवनिर्मिता ॥
विशल्या कुण्डली लम्बा तन्त्रिका चक्रलक्षणा । देव्यनन्ता मधुपर्णी जीवन्त्यमृतवल्ल्यपि ॥
(गुडति-रक्षति कफे गुडूची । नास्ति मृतमस्या अमृता । सोमस्य वल्ली सोमवल्ली । वत्सानामदनं वत्सादनी । धरति रसं धरा । अच्छिन्ना सती उद्भवति-प्रकटीभवति छिन्नोद्भवा । छिन्ना सती रोहति छिन्नरुहा । विषं हन्ति विषघ्नी । देवैर्निर्मिता देवनिर्मिता । विगतं शल्यमस्या विशल्या । कुण्डते कुण्डली । लम्बते लम्बा । तन्त्रयते-धारयत्यायुस्तन्त्रिका । चक्रैर्लक्ष्यते चक्रलक्षणा । दीव्यति देवी । नास्ति अन्तोऽस्या अनन्ता । मधूनि पर्णान्यस्याः मधुपर्णी । जीवनाद् जीवन्ती । अमृतस्य वल्ली अमृतवल्ली ।) ।

गुडूची, अमृता, सोमवल्ली, वत्सादनी, धरा, छिन्नोद्भवा, छिन्नरुहा, विषघ्नी, देवनिर्मिता, विशल्या, कुण्डली, लम्बा, तन्त्रिका, चक्रलक्षणा, देवी, अनन्ता, मधुपर्णी, जीवन्ती र अमृतवल्ली : यी गुर्जोका पर्यायवाची नामहरू हुन् ।

(ट) पर्यायरत्नमाला :

वत्सादनी छिन्नरुहा मधुपर्ण्यमृतामरा । कुण्डल्यमृतवल्ली च गुडूची चक्रलक्षणा ॥

वत्सादनी, छिन्नरुहा, मधुपर्णी, अमृता, अमरा, कुण्डली, अमृतवल्ली, गुडूची र चक्रलक्षणा : यी गुर्जोका पर्यायवाची नामहरू हुन् ।

(ठ) भावप्रकाश निघण्टु :

यदा लङ्केश्वरो मानी रावणो राक्षसाधिपः । रामपत्नीं बलात्सीतां जहार मदनातुरः ॥
ततस्तं वलवान् रामो रिपुं जायापहारिणम् । वृतो बानरसैन्येन जघान रणमूर्द्धनि ॥
हते तस्मिन् सुरारातौ रावणे बलगर्विते । देवराजः सहस्राक्षः परितुष्टो हि राघवे ॥
तत्र ये वानराः कैचिद्राक्षसैर्निहता रणे । तानिन्द्रो जीवयामास संसिच्यामृतवृष्टिभिः ॥
ततो येषु प्रदेशेषु कपिगात्रात्परिच्युताः । पीयूषबिन्दवः पेतुस्तेभ्यो जाता गुडूचिका ॥
गुडूची मधुपर्णी स्यादमृतामृतवल्लरी । छिन्ना छिन्नरुहा छिन्नोद्भवा वत्सादनीति च ॥
जीवन्ती तन्त्रिका सोमा सोमवल्ली च कुण्डली । चत्रव्रलक्षणिका धीरा विशल्या च रसायनी ॥
चन्द्रहासा वयस्था च मण्डली देवनिर्मिता । गुडूची कटुका तिक्ता स्वादुपाका रसायनी ॥
संग्राहिणी कषायोष्णा लघ्वी बल्याग्निदीपनी । दोषत्रयामतृड्दाहमेहकासांश्च पाण्डुताम् ॥
कामलाकुष्ठवातास्रज्वरकृमिवमीर्हरेत् । प्रमेहश्वासकासार्शः कृच्छ्रहृद्रोगवातनुत् ॥

जब राक्षसको स्वामी लङ्काको घमण्डी राजा रावणले कामान्ध भई रामचन्द्रकी पत्नी सीतालाई बलपूर्वक हरण गरेर लग्यो तब बलिया रामचन्द्रले स्त्रीहरण गर्ने त्यो शत्रुलाई बाँदर सेनाको सहयोगमा

गुर्जोका फूल (श्रोत : पेयर डी अमरकोश)

युद्ध गरी मारे । बलको अभिमानी एवं देवताको शत्रु त्यो रावण मारिँदा हजार आँखा भएका देवताका राजा इन्द्र रामचन्द्रसँग अति प्रसन्न भए र युद्धमा राक्षसबाट मारिएका सबै बाँदरलाई अमृत वर्षा गरी सिँचेर पुनः ब्युँताइ दिए । यसपछि अमृत वर्षा गर्दा जुन ठाउँमा बाँदरका शरीरबाट अमृतका थोपा जमिनमा खस्यो त्यहाँ गुर्जो उत्पन्न भयो । गुडूची, मधुपर्णी, अमृता, अमृतवल्लरी, छिन्ना, छिन्नरुहा, छिन्नोद्भवा, वत्सादनी, जीवन्ती, तन्त्रिका, सोमा, सोमवल्ली, कुण्डली, चक्रलक्षणिका, धीरा, विशल्या, रसायनी, चन्द्रहासा, वयस्था, मण्डली र देवनिर्मिता : यी गुर्जोका संस्कृत पर्यायवाची नामहरु हुन् । गुर्जो पिरो, तीतो र टर्रो हुन्छ र पचेपछि गुलियो हुन्छ । यो रसायनी,

सग्राही, गमी गर्ने, पचाउन सहज, बलदायक र पाचकाग्नि वर्धक हुन्छ । यसले त्रिदोष, आमविकार, तिर्खा, डाह, प्रमेह, खोकी, पाण्डुरोग, कमलपित्त, कुष्ठ, वातरक्त, जरो, कीरा र वाकवाकी नाश गर्दछ । यसले दम, खोकी, अल्काई, कृच्छ्र, मुटुका रोग र वातविकार नाश गर्दछ ।

गुडूचीपत्रमाग्नेयं सर्वज्वरहरं लघु ॥ कषायं कटुतिक्तं च स्वादुपाकं रसायनम् ।
बल्यमुष्णं च संग्राहि हन्याद्दोषत्रयं तृषाम् ॥ दाहप्रमेहवातासृक्कामलाकुष्ठपाण्डुताः ।

गुर्जोको साग (पात वा मुण्टा) अग्निवर्धक गुणको (आग्नेय), सबै खालका जरो नाशक र पचाउन हलुका हुन्छ । यो टर्रो, पिरो र तीतो हुन्छ तथा पचेपछि गुलियो हुन्छ । यो रसायनी हुन्छ । यसले बल दिन्छ तर गर्मी र कब्जियत गर्दछ । यसले त्रिदोष र तिर्खा-रोग नाश गर्दछ । गुर्जोको सागले डाह, प्रमेह, वातविकार, रक्तविकार, कमलपित्त, कुष्ठ र पाण्डुरोग नाश गर्दछ ।

(ड) मदनपाल निघण्टु :

गुडूची कुण्डली छिन्ना वयस्थाऽमृतवल्लरी । छिन्नोद्भवा छिन्नरुहाऽमृता ज्वरविनाशिनी ॥
वत्सादनी चन्द्रहासा जीवन्ती चक्रलक्षणा । गुडूची कटुका लघ्वी स्वादुपाका रसायनी ॥
सङ्ग्राहिणी कषायोष्णा बल्या तिक्ताऽग्निदीपनी । कामलाकुष्ठवातादिज्वरपित्तकृमीन् जयेत् ॥
घृतेन वातं सगुडा विबन्धं पित्तं सिताया मधुना कफं च ।
वातास्रमुग्रं रुबुतैलमिश्रा शुण्ठ्यामवातं शमयेद्गुडूची ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुर्जोका गुडूची, कुण्डली, छिन्ना, वयस्था, अमृतवल्लरी, छिन्नोद्भवा, छिन्नरुहा, अमृता, ज्वरविनाशिनी, वत्सादनी, चन्द्रहासा, जीवन्ती र चक्रलक्षण संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरोपिरो, पचाउन सरल, पकाएर खाँदा स्वादिलो र आयुवर्धक हुन्छ । यसले दिसा कस्दछ, टर्रोटर्रो स्वादको हुन्छ । यो गर्मी गर्ने, बल बढाउने, तितो र पाचनशक्ति बढाउने गुणको हुन्छ । कमलपित्त, कुष्ठ, वातदोष, जरो, पित्तरोग र किरा परेको यसले ठिक गर्दछ । गुर्जोलाई घिउसँग खाँदा वायुजन्य रोग, सखरसँग खाँदा कब्जियत, मिश्रीसँग खाँदा पित्तजन्य रोग, महसँग खाँदा कफजन्य रोग, अँडिरको तेलसँग खाँदा कडा खालको वातरक्त रोग र सुठोसँग खाँदा आमवात (अधकल्चो भएर पच्न नसकेको खानपिनको रसले गर्दा शरीरका जोर्नी दुख्ने रोग, वाथरोग) निको गर्दछ ।

(ढ) मदनादि निघण्टु :

गुडूच्यमृतवल्ली च छिन्नाछिन्नरुहामृता । छिन्नोद्भवामृता धारावत्सादनी स्मृता ॥
(मधुपर्णी वयस्थाच कुण्डली सोमवल्यपि) । सैवोक्ता सोमवल्ली च कुण्डली चक्रलक्षणा ॥
जीवन्ती मधुपर्णी च तन्त्रिका देवनिर्मिता । (तिक्तामृता त्रिदोषघ्नी ग्राहिण्युष्णा रसायनी ॥
दीपनीज्वरतृड्दाहकामिला रक्तवातनुत्) ॥

गुडूची, अमृतवल्ली, छिन्ना, छिन्नरुहा, अमृता, छिन्नोद्भवा, अमृता, धारा, वत्सादनी, (मधुपर्णी, वयस्था, कुण्डली, सोमवल्ली,) सोमवल्ली, कुण्डली, चक्रलक्षणा, जीवन्ती, मधुपर्णी, तन्त्रिका र

देवानांमता : यी गुर्जोका पर्यायवाची नामहरू हुन्। (गुर्जो तितो, त्रिदोष नाश गर्ने, ग्राहि, उष्णवीर्यको, रसायनी, दीपनी तथा जरो, तिर्खा, डाह, कमलपित्त र रक्तवात नाश गर्ने गुणको हुन्छ) ।

(ण) राजनिघण्टु :

...गुडूची...। इत्यादि तु नित्यार्द्रं गुणवच्छुष्कं यदा तदा द्विगुणम्॥

गुर्जो आदि ओखती सधैं आलो प्रयोग गर्नू, सुकेको प्रयोग गर्नु पर्दा दोब्बर प्रयोग गर्नू ।

**ज्ञेया गुडूच्यमृतवल्ल्यमृता ज्वरारिः श्यामा वरा सुरकृता मधुपर्णिका च ।
छिन्नोद्भवाऽमृतलता च रसायनी च छिन्ना च सोमलतिकाऽमृतसम्भवा च॥
वत्सादनी च्छिन्नरुहा विशल्या भिषक्प्रिया कुण्डलिनी वयःस्था ।
जीवन्तिका नागकुमारिका च स्याच्छद्मिका सैव च चन्द्र(चण्ड)हासा॥
अन्या कन्दोद्भवा कन्दामृता पिण्डगुडूचिका । बहुच्छिन्ना बहुरुहा पिण्डालुः कन्दरोहिणी॥
पूर्वा वार्द्धि(चाब्धि)कराह्वा स्यादुत्तरा लोकसञ्ज्ञिका । गुडूच्योरुभयोरित्थमेकत्रिंशदिहाभिधाः॥**

(१) गुडूची, (२) अमृतवल्ली, (३) अमृता, (४) ज्वरारि, (५) श्यामा, (६) वरा, (७) सुरकृता, (८) मधुपर्णिका, (९) छिन्नोद्भवा, (१०) अमृतलता, (११) रसायनी, (१२) छिन्ना, (१३) सोमलतिका, (१४) अमृतसम्भवा, (१५) वत्सादनी, (१६) छिन्नरुहा, (१७) विशल्या, (१८) भिषक्प्रिया, (१९) कुण्डलिनी, (२०) वयस्था, (२१) जीवन्तिका, (२२) नागकुमारिका, (२३) छद्मिका र (२४) चन्द्र(चण्ड)हासा : यी गुर्जोका तथा (१) कन्दोद्भवा, (२) कन्दामृता, (३) पिण्डगुडूचिका, (४) बहुच्छिन्ना, (५) बहुरुहा, (६) पिण्डालु र (७) कन्दरोहिणी : यी अर्को थरी गुर्जो अर्थात् गानेगुर्जोका संस्कृत पर्यायवाची नामहरू हुन्। यसरी दुवै थरी गुर्जोका गरी जम्मा एकतीस नामहरू हुन्छन्।

सङ्कलन : मोहन प्रसाद सापकोटा

**ज्ञेया गुडूची गुरुरुष्णवीर्या तिक्ता कषाया ज्वरनाशिनी च ।
दाहार्त्तितृष्णावमिरक्तवातप्रमेहपाण्डुभ्रमहारिणी च॥
कन्दोद्भवा गुडूची च कटूष्णा सन्निपातहा । विषघ्नी ज्वरभूतघ्नी वलीपलितनाशिनी॥**

गुर्जो पचाउन कठिन, उष्णवीर्य भएको, तीतो, टर्रो, जरोनाशक तथा डाह, पीडा, तिर्खा, वाकवाकी, रक्तविकार, वातविकार, प्रमेह, पाण्डु र भ्रम नाशक पनि हुन्छ । गानेगुर्जो पिरो, उष्णवीर्यको तथा सन्निपात, विषविकार, जरो, भूतबाधा, छाला चाउरी पर्नेर कपाल फुल्ने रोग नाशक हुन्छ ।

(त) राजवल्लभ निघण्टु :

गुडूची ग्राहिणी बल्या त्रिदोषघ्नी रसायनी । दीपनी ज्वरतृट्छर्दिकामलावातपित्तनुत्॥

गुर्जो ग्राहि, बलदायक, त्रिदोष नाशक, रसायनी, दीपनी तथा जरो, तिर्खा, वाकवाकी, कमलपित्त, वातविकार र पित्तविकार नाशगर्ने गुणको हुन्छ ।

(थ) शार्ङ्गधर संहिता :

अमृताया हिमः पेयो जीर्णज्वरहरः स्मृतः॥

गुर्जोको शीत-काँढाले पुरानो जरो नाश गर्दछ भनिएको छ ।

(द) सरस्वती निघण्टु :

गुडूची कुण्डली पथ्या छिन्ना छिन्नरुहाऽमृता । छिन्नोद्भवा ब्रह्मलता धारा वत्सादनी स्मृता॥
मधुपर्णी सोमवल्ली विशल्या चक्रलक्षणा । बहुछिन्ना सूक्ष्मपत्रा जीवन्ती देवनिर्मिता॥

गुडूची, कुण्डली, पथ्या, छिन्ना, छिन्नरुहा, अमृता, छिन्नोद्भवा, ब्रह्मलता, धारा, वत्सादनी, मधुपर्णी, सोमवल्ली, विशल्या, चक्रलक्षणा, बहुछिन्ना, सूक्ष्मपत्रा, जीवन्ती र देवनिर्मिता : यी गुर्जोका पर्यायवाची नामहरू हुन् ।

(ध) सुश्रुत संहिता :

पत्रं गुडूच्याः शाकार्थे ज्वरितानां प्रदापयेत् ।

जरो आएका व्यक्तिलाई गुर्जोको मुन्टाको साग पकाएर खान दिनू ।

(न) सोढल निघण्टु :

गुडूच्याममृता छिन्ना छिन्नाङ्गा ज्वरनाशिनी । छिन्नोद्भवाऽमृतलता वयःस्था देवनिर्मिता॥
कुण्डली मण्डली श्यामा विशल्या नागकन्यका ।
चक्राङ्गी सोमवल्ली च धारा वत्सादनी तथा॥
जीवन्ती मधुपर्णी च तन्त्रिका च गुडूचिका॥

गुडूची, अमृता, छिन्ना, छिन्नाङ्गा, ज्वरनाशिनी, छिन्नोद्भवा, अमृतलता, वयःस्था, देवीनामिता, कुण्डली, मण्डली, श्यामा, विशल्या, नागकन्यका, चक्राङ्गी, सोमवल्ली, धारा, वत्सादनी, जीवन्ती, मधुपर्णी, तन्त्रिका र गुडूचिका : यी गुर्जोका पर्यायवाची नाम हुन् ।

(प) **सौश्रुत निघण्टु :**

गुडूच्यमृतवल्ली च कुण्डली मधुपर्ण्यपि । तथा छिन्नरुहा चापि शब्दैः पर्यायवाचकैः ॥

गुडूची, अमृतवल्ली, कुण्डली, मधुपर्णी र छिन्नरुहा : यी गुर्जोका संस्कृत पर्यावाची नामहरू हुन् ।

(फ) **हृदयदीपक निघण्टु :**

गुडूच्यमृतवल्ली च छिन्ना छिन्नोद्भवामृता । वत्सादनी वयःस्था च कुण्डली मधुपर्ण्यपि ॥

गुडूची, अमृतवल्ली, छिन्ना, छिन्नोद्भवा, अमृता, वत्सादनी, वयःस्था, कुण्डली र मधुपर्णी : यी गुर्जोका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुण्ठ वा गुण्ड (घाँसविशेष)
(A kind of grass)

परिभाषा :

(क) हिन्दी विश्वकोश : (१) गुण्ठ : वृत्ततृण । (२) वृत्तगुण्ड : दीर्घनाल र गोंदला नामक घाँस । यो पातलो र मोटो गरी दुई प्रकारको हुन्छ । (३) शृङ्गभेदी : गुन्द्रा नामक घाँस । (४) इभमूलक : गन्धवृक्ष, हस्तिमूलक । (५) पृथुकन्दन : तृणविशेष ।

(ख) के.यन.स्वामी : (१) गुण्ड, छत्रगुच्छ, नीलपत्रम्, त्रिधारक : तीन पाटे गुँदेझार । (२) दीर्घकाण्ड, असिपत्र : तीन पाते गुँदे झार । (३) त्रिकोणक : तीनपाटे नुन्देझार ।

प्राचीन ग्रन्थका वचनहरु :

(क) धन्वन्तरि निघण्टु :

गुण्ठो वृत्तगुणः शुण्ठः शृङ्गभेदीभमूलकः॥ शुण्ठं कुण्ठं तृणशुण्ठो वर्तुलः पृथुकन्दकः ।
कषायानुरसः स्वादुः शीतलो मूत्रकृच्छ्रहा॥ रक्तपित्तहरो गुण्ठो रजःशुक्रविशोधनः ।

गुण्ठ, वृत्तगुण, शुण्ठ, शृङ्गभेदी, इभमूलक, शुण्ठं, कुण्ठं, तृणशुण्ठ, वर्तुल र पृथुकन्दक : यी गुण्ठका संस्कृत पर्यायवाची नामहरू हुन् । यो अन्तमा (अनुरस) टर्रो र गुलियो हुन्छ । गुण्ठ शीतवीर्यको र मूत्रकृच्छ्र नाशक हुन्छ । यसले रक्तपित्त नाश गर्नुका साथै रज र वीर्यलाई प्रशोधन गर्दछ ।

(ख) राजनिघण्टु :

गुण्डस्तु काण्डगुण्डः स्याद् दीर्घकाण्डस्त्रिकोणकः । छत्रगुच्छोऽसिपत्रश्च नीलपत्रस्त्रिधारकः॥
वृत्तगुण्डोऽपरो वृत्तो दीर्घनालो जलाश्रयः । तत्र स्थूलो लघुश्चान्यस्त्रिधाऽयं द्वादशाभिधः॥
गुण्डास्तु मधुराः शीताः कफपित्तातिसारहाः । दाहरक्तहरास्तेषां मध्ये स्थूलतरोऽधिकः॥

गुण्ड, काण्डगुण्ड, दीर्घकाण्ड, त्रिकोणक, छत्रगुच्छ, असिपत्र, नीलपत्र र त्रिधारक : यी गुँदि झारविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । वृत्तगुण्ड, वृत्त, दीर्घनाल र जलाश्रय : यी अर्कोथरी गुँदि झारका संस्कृत पर्यायवाची नामहरू हुन् । यो झार मोटो, मझौला र सानो गरी पुनः तीन किसिमको हुन्छ । यसरी यसका जम्मा बाह्र पर्यायवाची नाम हुन्छन् । यो गुँदि झार गुलियो, शीतवीर्यको तथा कफविकार, पित्तविकार र अतिसार नाशक हुन्छ । यसले डाह र रक्तविकार पनि नाश गर्दछ । तीन थरी गुँदि झारमध्ये मझौला र मोटो झार बढी गुनिलो हुन्छ ।

गुण्डाला (झारविशेष)
(Gundaalaa)

परिभाषा :

(क) के.यन.स्वामी : (१) गुण्डा, गुण्डाला : जलपाडरी । (२) जलोद्भूता : जलपाडली । नागरमोथे । जलपापडी । (३) जलाशया : नागरमोथे ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : यसको पहिचान हुन सकेको छैन ।

(ग) हिन्दी विश्वकोश : (१) गुच्छबुन्धा : गुण्डालिनी तृण । गोंदला । (२) गुण्डाला : एक किसिमको जल-लहरा वा झाडी । गुण्डासिनी तृण । गांडर घास । (३) जलाशया : गुण्डला वृक्ष । गुंदला । नागरमोथे । (४) जलोद्भूता : गुण्डाला क्षुप । (५) गुच्छमूलिका : गुँदझार विशेष (गौँदला घास) । (६) गुण्डा : काशतृण । (७) गुण्डासिनी : घाँसविशेष । (८) चिपिटा : गुण्डासिनी तृण । वनगहत । (९) तृणपत्री : एक प्रकारको घाँस । (१०) पृथुला : हिंगुपत्री ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

गुण्डासिनी तु गुण्डा गुण्डाला गुच्छमूलका चिपिटा ।
तृणपत्री जलवासा पृथुला सुविष्टरा च नवाह्वा ॥
गुण्डासिनी कटुः स्वादे पित्तदाहश्रमापहा । तिक्तोष्णा श्वयथुघ्नी च व्रणदोषनिबर्हणी ॥

गुण्डासिनी, गुण्डा, गुण्डाला, गुच्छमूलका, चिपिटा, तृणपत्री, जलवासा, पृथुला र सुविष्टरा : यी जलपाडरी विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पिरो स्वादको तथा पित्तविकार, डाह र थकाई नाशक हुन्छ । यो पाडरी तीतो, उष्णवीर्यको तथा श्वयथु र घाउखटिराको विकार नाशक पनि हुन्छ ।

नोट : डा.सतिश चन्द्र साङ्ख्यधर : नरहरीले अध्याय पाँचको श्लोक १२८ मा जलपाडरीका बारेमा लेखिसकेको अवस्थामा यहाँ पुनः लेखिनुले यो सोही वनस्पतिको फरक जात हो कि जस्तो बुझिन्छ ।

गुद (मलद्वार)
(Anus)

परिभाषा :

(क) के.यन.स्वामी : (१) पायु, गुद, अपान : गुदद्वार । दिसा गर्ने प्वाल ।
(ख) नेपाली बृहत् शब्दकोश : (१) गुद : दिसा गर्ने अङ्ग; चाक; गुदा । (२) गुदद्वार : प्राणीहरूले खाएको अन्न, फल आदि पाकस्थलीमा पुगेर मल वा विष्ठाका रूपमा शरीरबाट बाहिर निस्कने प्वाल; चाकको प्वाल; मलद्वार; गुदा । (३) गुदा : गुद; चाक । (४) गुदाद्वार : गुदद्वार । (५) चाक : कम्मरभन्दा मुनि दुई नितम्बका जोर्नीका बीचमा रहेको अङ्ग ।
(ग) डा.सतिश चन्द्र साङ्ख्यधर : गुदद्वारलाई अंग्रेजीमा Anus भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

...पायुर्गुदापानं तदासनम्॥

पायु, गुद, अपान र आसन : यी गुदद्वारका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुदभ्रंश (मलद्वारको रोगविशेष)
(Prolapse of the rectum)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अग्निपुराण :

चाङ्गेरीकोलदध्यम्बुनागरक्षारसंयुतम्॥ घृतयुक्क्वाथितं पेयं गुदभ्रंसे रुजापहम् ।

चरीअमिलो, बयरको फल, दहीको पानी, सुठो र जवाखरको काँडापानी घिउसँग पिउनाले गुदभ्रंश रोग निको हुन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

प्रवाहणातीसाराभ्यां निर्गच्छति गुदं बहिः । रूक्षदुर्बलदेहस्य गुदभ्रंशं तमादिशेत्॥

रुखो र कमजोर शरीर हुने रोगीको मलद्वार कुनै बेला बलपूर्वक हुने छेरपटीका कारण बाहिर आउन सक्दछ । यस्तो रोगलाई “गुदभ्रंश” भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुल्फ (गोलीगाँठो)
(Ankle)

परिभाषा :

(क) के.यन.स्वामी : (१) अङ्घ्रि : खुट्टा । (२) घुटिका, गुल्फ : गोलीगाँठो ।
(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : गोलीगाँठोलाई अंग्रेजीमा Ankle भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **राज निघण्टु :**

जङ्घाऽङ्घ्रिसन्धिग्रन्थौ तु घुटिका गुल्फ इत्यपि ॥

तिघ्रा (पिडौंला) र गोडाको जोर्नी (गोलीगाँठो) लाई घुटिका वा गुल्फ भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुल्म (गानुगोला)
(Abdominal tumour)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह :

गुल्मोऽष्टधा पृथग्दोषैः संसृष्टैर्निचयं गतैः । आर्तवस्य च दोषेण नारीणां जायतेऽष्टमः ॥

गुल्म आठ प्रकारका हुन्छन् । वाद आदि बेग्लाबेग्लै हुने तीन, दुई वटा दोष मिलेर हुने तीन, सन्निपातले हुने एक र स्त्रीहरूमा रजले हुने एक गरी आठ हुन्छन् । (क्षारपाणीले रजजन्य गुल्म स्त्रीमा मात्र हुने भएपनि अन्य रक्तजन्य गुल्म स्त्री र पुरुष दुवैमा हुन्छ भनेका छन्) ।

अथ यो ज्वरातिसारादिभिर्वमनादिभिर्वा कर्मभिः कर्शितो वातलान्याहारयत्याहाराभिलाषी वा शीतमुदकं पिबत्यन्नपानानन्तरं वा लङ्घनप्लवनव्यवाययानयानादीन् देहविक्षोभिणः सेवतेऽनुदीर्णां वा छर्दिमुदीरयत्युदीर्णान्वा वातादीन्निश्वासोच्छ्वासौ वा निगृह्णात्यस्नेहपूर्वं वा वमनविरेचने करोति तथा कर्शित एवातिविदाहिनोऽभिष्यन्दिनो वा निषेवते तस्य यथास्वं वातप्रधानाः प्रकुपिताः दोषाः पृथक् संसृष्टाः समस्ताः सरक्ता वा महास्रोतोऽनुप्रविश्यावृत्योर्ध्व- मधश्च मार्गं शूलमुपजनयन्तो गुल्ममभिनिर्वर्तयन्ति । यतश्च तस्मिन् शूलविद्ध इव व्यथतेऽतिवेदनार्दितः कृच्छ्रोच्छ्वासस्तस्माच्छूलमित्युच्यते ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

जो जरो, छेरपटी वा बान्ता आदिले दुब्लो हुँदा वायुविकार गर्ने कुरा खान्छ; भोक लाग्दा खाना नखाएर चिसो पानी पिउँदछ; खानपिन गर्नासाथ उफ्रिने, पौडी खेल्ने, मैथुन गर्ने, कुनै सवारी साधनमा चढेर यात्रा गर्ने जस्ता शरीरलाई खलबल पार्ने कार्य गर्दछ; अथवा नआउँदा पनि बलपूर्वक बान्ता गर्दछ; अथवा वातजन्य सास तान्ने, सास फेर्ने (अपानवायु) जस्ता वेगलाई रोक्दछ; अथवा विधिपूर्वक स्नेहपान नगरी वमन, विरेचन जस्ता उपचार विधि प्रयोग गर्दछ अथवा वमन, विरेचन आदि मार्फत शरीरलाई संशोधन गरेपछि अति डाहकारी वा अभिष्यन्दी गुण भएका कुराको सेवन गर्दछ त्यो व्यक्तिका आ-आफ्ना लक्षण अनुसार वात प्रधान भएको तीन थरी दोष उत्तेजित भएर एक्लाएक्लै वा दुईदुई मिलेर वा तीन वटै दोष मिलेर वा रगतलाई पनि साथमा लिएर महास्रोत (आमाशय र पक्वाशय) मा पुगी त्यहाँबट तल वा माथितिर जाने मार्गमा भरिएर अवश्य नै शूल निकाल्ने गर्दछ । यही शूल पछि गुल्म बन्न पुग्दछ । अर्थात् पहिले शूल हुन्छ अनि गुल्म । किन कि यो रोगमा शूल (फिर, त्रिशूल आदि) ले घोचे जस्तै पीडा हुन्छ र मुश्किलसँग सास बाहिर निस्कन्छ । यसैले गुल्मलाई शूल पनि भन्ने गरिन्छ ।

तत्रातिकर्शनात्कफपित्ताभ्यां वा मार्गनिरोधाल्लब्धाश्रयो वायुरुत्प्लुतो रौक्ष्यात्कठिनीभूतः स्वाशये स्वतन्त्रः परतन्त्रो वा पित्तश्लेष्माश्रये स्पर्शोपलभ्यः पिण्डितत्वादमूर्तोऽपि मूर्ततामिवोपगतो ग्रन्थिरूपेणावतिष्ठमानो गुल्मसंज्ञां लभते ॥

आंत ने निधो बनाइएका कारण अथवा कफ र पित्तले बाटो बन्द हुने कारणले गर्दा आश्रय पाइ शरीरको माथितिर जान खोजिरहेको वायु रुखोपनले गर्दा कठोर भई आफ्नै स्थानमा अथवा पित्त र कफको स्थानमा स्वतन्त्ररूपमा वा परतन्त्रकारूपमा बसेको छ भन्ने कुरा छामेर थाहा हुने गर्दछ । यो डल्लो जस्तो भएर रहने हुँदा स्पष्ट आकार नहुँदा पनि आकार लिएको जस्तो गरी एउटा गाँठोका रूपमा बस्ने गर्दछ । यसैले यसलाई गुल्म भनिन्छ ।

तस्य पञ्च स्थानानि बस्तिर्नाभिः पार्श्वे हृदयं च॥

त्यो (गुल्म) तल्लोपेट वा मूत्राशय, नाइटो, दुवै कोख र मुटुमा गरी पाँच स्थानमा हुने गर्दछ ।

अथास्य पूर्वरूपाणि-
सदनमग्निशरीरयोररुचिः सौहित्यासहिष्णुताकुक्षिशूलमाध्मानमुद्गिरणं बहुशो विदग्धेऽन्ने छर्दिराटोपो मलस्याप्रादुर्भावोऽप्रवृत्तिश्च॥

गुल्मको पूर्वलक्षण-
पचाउने क्षमता कमजोर हुनु, शरीर शिथिल हुनु, अरुचि, पेटभरी खान वा अघाउन कठिन हुनु, कोखामा शूल हुनु, पेट फुल्नु (आध्मान), अत्यधिक बान्ता हुनु, अन्न राम्ररी नपच्दै बान्ता हुनु, पेट कराउनु, मल उत्पन्न हुनु र दिसा लाग्नु : यी गुल्मका पूर्वलक्षण हुन् ।

तत्र वातात्सूच्येव च शङ्कुनेव च व्यधो मन्याशिरःशङ्खशूलज्वराङ्गमर्दप्लीहाटोपान्त्र-कूजोदावर्तोच्छ्वासोपरोधमुखशोषस्तब्धगात्रताः वायुकालेषूपद्रववृद्धिर्विषमाग्निता कृष्णारुण-परुषत्वङ्नखादित्वं गुल्मश्चास्य चलत्वाद्वायोरनियतस्थानसंस्थानोदयप्रलयाल्पमहारुजः पिपीलिकापरिगत इव तोदस्फुरणबहुलो विस्तारयतीव स्वदेशं चर्म इव कदाचित्कदाचित्सङ्कोचयतीव हर्षयतीव रोमाणि वेदनातिप्रवृत्तौ तु सर्वस्मिन्नपि देहे प्रायो बस्त्याश्रयश्च भवति॥

सङ्कलक : मोहन प्रसाद सापकोटा

वातगुल्मको लक्षण-
यो गुल्ममा वायुले गर्दा सियोले घोचेजस्तो वा किला बिझेजस्तो पीडा हुने; घिच्रो, टाउको र कञ्चट दुख्ने; जरो आउने, अङ्गहरू दुख्नु, फियो सुन्निनु, पेट कराउनु, आन्द्रा कराउनु, उदावर्त रोग हुनु, सास तान्न समस्या हुनु, अनुहार सुन्निनु, शरीर लाटो हुनु, वायु सक्रिय हुने समय (बेलुकी पख, रातको तेश्रो प्रहर, खाना पचेपछि) मा सह-रोग बढ्नु; पाचनशक्ति स्थिर नहुनु; छाला, नङ आदि कालो वा अरुण वर्णको भई रुखो हुन थाल्नु; वायुको स्वभाव चञ्चल हुने कारणले गर्दा गुल्मको स्थान, आकार, उत्पत्ति र नाश अनिश्चित हुनु; सानो आकारको हुनु, अति दुख्नु, भित्र कमिला सल्बलाइरहेको जसरी चसचस दुख्नु, गुल्म भएको स्थान धेरै फरफराउनु, गुल्म निस्केको भागको छाला कहिले तन्कने र कहिले खुम्चने गर्नु तथा दुख्दा पूरा शरीर रोमाञ्चित हुनु : यी वातजन्य गुल्मका लक्षणहरू हुन् । यो वातगुल्म प्रायः तल्लोपेट वा मूत्राशयमा हुने गर्दछ ।

पित्तगुल्मको लक्षण-

पित्ताद्दाहो धूमकोऽम्लकस्तृष्णा ज्वरः स्वेदो विड्भेदो मूर्च्छा शीतोपशयता हारितहारिद्रत्व-गादित्वं गुल्मश्चास्य तप्तायःपिण्ड इव तमवकाशं दहति दूयते धूमायत ऊष्मायते शिथिल इव व्रण इवास्पर्शसहो निर्लोमा प्रायो नाभ्याश्रयश्च ॥

पित्तजन्य गुल्ममा डाह हुने, धुवाँदार अमिलो डकार आउने, तिर्खा लाग्ने, जरो आउने, पसिना आउने, दिसा लाग्ने, बेहोस हुने, चिसो प्रिय हुनु, छाला आदि हरियो वा पहेँलो हुनु, तातो फलामको डल्लोले पोले जसरी गुल्म भएको स्थानमा पोल्नु वा तताउनु, धुवाँ जस्तो हुनु, बाफ निस्किरहेको भान हुनु, गुल्म कमजोर देखिनु, छुँदा सहन नसक्ने हुनु तथा आएको भागमा रौं नहुनु : यी पित्तजन्य गुल्मका लक्षणहरू हुन् । यो प्रायः नाइटोको भागमा हुने गर्दछ ।

कफगुल्मको लक्षण-

कफात् स्तैमित्यमरोचकाविपाकौ हृदयोपलेपः शीतज्वरस्तृप्तिः सदनं कासो हृल्लासः पीनसोनिद्राऽऽलस्यं नखादिषु शुक्लता गुल्मश्च सुप्तस्थिरगुरुकठिनाऽवगाढोऽल्परुक् प्रायो हृत्पार्श्वाश्रयश्च ॥

शरीरमा लाटोपन हुनु, अरुचि हुनु, अजीर्ण हुनु, मुटु भारी हुनु, शीतज्वर आउनु, नखाए पनि पेट भारी हुनु, शरीर शिथिल हुनु, खोकी लाग्नु, जीउ बटार्ने मन हुनु, पिनास हुनु, निद्रा बढी लाग्नु, अल्छि लाग्नु, नङ आदि सेतो हुनु तथा गुल्म आएको स्थानमा गुल्म सुतेको जस्तो, स्थिर, भारी, साह्रो, गहिरो र कम दुखाउने हुनु : यी कफजन्य गुल्मका लक्षणहरू हुन् । यो प्रायः मुटु र कोखतिर हुने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

संसृष्टलिङ्गः संसर्गात्स त्रिविधः ॥

संयुक्त लक्षण देखाउने दुई दोषजन्य गुल्म तीन किसिमका हुन्छन् ।

सर्वलिङ्गनिचयेन च यो गुल्मः सोऽसाध्यः ॥

सबै लक्षण सहितको त्रिदोषजन्य गुल्मको उपचार गर्न सकिन्न ।

रक्तगुल्मस्तु गर्भकोष्ठार्तवागमनवैशेष्यात्पारतन्त्र्यादवैशारद्यादुपचारानुरोधाच्च स्त्रिया एव भवति ॥

गर्भाशयमा आउने रगतको विभिन्नताले, स्त्रीहरू सधैं अर्काका अधिनमा रहने हुनाले, यससम्बन्धी ज्ञान नहुनाले तथा हरपल अरुको सेवामा लागिरहने हुनाले रक्तजन्य गुल्म स्त्रीलाई नै हुने गर्दछ ।

तत्र यदासावृतुमती नवप्रसूता योनिरोगिणी वा वातलान्यासेवेत तदाऽस्या वायुः कुपितो योन्या मुखमनुप्रविश्यार्तवमुपरुणद्धि । तदुपरुध्यमानं मासे मासे कुक्षिमभिनिर्वर्तयति गर्भलिङ्गानि च हृल्लासतन्द्राऽङ्गसाददौर्हृदस्तन्यदर्शनादीनि । वायुसंसर्गात्पुनः पित्तैकप्रकोपतया च वातपित्तगुल्मरूपाणि क्रमाच्छूलस्तम्भदाहातीसारादीनि गर्भाशये च सुतरां शूलं तया योन्या दौर्गन्ध्यमास्रावं च करोति । गुल्मश्च न गर्भ इवाङ्गैः पिण्डित इव तु चिरेण सशूलं स्पन्दते । गुल्म

एव वर्द्धते न कुक्षिः ॥

जब स्त्री रजस्वला हुँदा, सुत्केरी हुँदा वा कुनै योनिका रोगले पीडित हुँदा वातविकार गर्ने आहारविहार गर्दछे तब उनको वायु उत्तेजित र विकृत भई योनिको मुखमा छिरेर रजलाई बाहिर आउनबाट रोक्दछ । यसरी रोकिँदै गएको रज हरेक महिना कोखमा बढ्दै जान्छ । अनि जीउ दुखेर मर्काउने, तन्द्रा लाग्ने, अङ्गहरू शिथिल हुने, सुत्केरीलाई लागे जसरी विभिन्न कुराको तलतल वा चाह हुने, स्तनमा दूध देखिने जस्ता गर्भ बस्दा देखिने जस्तै लक्षणहरू देखिने गर्दछन् । वायुको संसर्ग र पित्त उत्तेजित र विकृत भएका कारण वातपित्तजन्य गुल्म हुँदा शूल, लाटोपन वा चेष्टाहीनता, डाह, छेरपटी आदि लक्षण क्रमैले देखिन्छन् । गर्भाशय निरन्तर दुखिरहन्छ । योनिबाट गनाउने खालको पदार्थ बगिरहन्छ । यो गुल्म गर्भ हलचल गरे जसरी हलचल गर्दैन, डल्लो बनेर दुखाउँदै लामो समयपछि चल्ने गर्दछ । आकारमा गुल्म नै बढ्ने गर्दछ, कोख बढ्दैन ।

स्वदोषाधिष्ठानश्च सर्वो भवति गुल्मः । तस्माच्चिरेण नैव वा पाकमेति । भृशदुष्टरक्ताश्रयत्वात्तु विद्रधिः शीघ्रपाको भवतीति ॥

सबै किसिमका गुल्म दोषकै आश्रयमा हुन्छन्, यसैले ढिलो गरेर पाक्दछन् वा नपाक्न पनि सक्दछन् वा पाकेर पनि नपाकेको जस्तो देखिन्छन् । तर विद्रधि अरु दोषले युक्त भएपनि त्यसमा रगतको दोषको मात्रा अधिक हुन्छ, यसैले चाँडै पाक्दछ ।

भवति चात्र-

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुल्मेऽन्तराश्रये बस्तिकुक्षिहृत्प्लीहवेदनाः । अग्निवर्णबलभ्रंशो वेगानां चाप्रवर्तनम् ॥
अतो विपर्ययो बाह्ये कोष्ठाङ्गेषु तु नातिरुक् । वैवर्ण्यमवकाशस्य बहिरुन्नतताधिकम् ॥

शरीरको भित्री भागमा आश्रय लिएको गुल्छ छ भने तल्लोपेट, कोख, मुटु र फियो दुखाउने; आगोको जस्तो रङको, बल नाश गर्ने तथा दिसा आदिको वेगलाई बाहिर आउन नदिने लक्षणको हुन्छ । बाहिरी भागमा आश्रित गुल्ममा यसको उल्टो लक्षण हुन्छ । यसमा पेटभित्रका अङ्ग धेरै नदुख्ने, गुल्म भएको स्थानको रङ उडेर फुस्रो हुने र बाहिरी भाग भुक्क माथि उठ्ने जस्ता लक्षण पनि देखिन्छन् ।

(ख) अष्टाङ्ग हृदय :

रूक्षकृष्णारुणसिरातन्तुजालगवाक्षितः ॥
गुल्मोऽष्टधा पृथग्दोषैः संसृष्टैर्निचयं गतैः । आर्तवस्य च दोषेण नारीणां जायतेऽष्टमः ॥

रुखो, कालो र अरुण वर्णका सिराका जालोले आँखीझ्याल जस्तो व्यापक बनेको गुल्म हुन्छ । यो वायुजन्य, पित्तजन्य। कफजन्य, वातपित्तजन्य, वातकफजन्य, पित्तकफजन्य, त्रिदोषजन्य र रजजन्य गरी आठ प्रकारको हुन्छ ।

ज्वरच्छर्द्यतिसाराद्यैर्वमनाद्यैश्च कर्मभिः । कर्शितो वातलान्यत्ति शीतं वाऽम्बु बुभुक्षितः ॥
यः पिबत्यनु चान्नानि लङ्घप्लवनादिकम् । सेवते देहसङ्क्षोभि च्छर्दिं वा समुदीरयेत् ॥

अनुदीर्णान् उदीर्णान्वा वातादीन्न विमुञ्चति । स्नेहस्वेदावनभ्यस्य शोधनं वा निषेवते ॥
शुद्धो वाऽऽशु विदाहीनि भजते स्यन्दनानि वा ।
वातोल्बणास्तस्य मलाः पृथक् क्रुद्धा द्विशोऽथवा ॥
सर्वे वा रक्तयुक्ता वा महास्रोतोऽनुशायिनः । ऊर्ध्वाधोमार्गमावृत्य कुर्वते शूलपूर्वकम् ॥
स्पर्शोपलभ्यं गुल्माख्यमुत्प्लुतं ग्रन्थिरूपिणम् ।

जो व्यक्ति जरो, वाकवाकी वा छेरपटी जस्ता रोगले अथवा वमन, विरेचन जस्ता कर्मले गर्दा दुब्लो हुँदा वातविकार गर्ने खालका आहार गर्दछ अथवा भोको हुँदा चिसो पानी पिउने गर्दछ अथवा खाना खानासाथ नाघ्ने, कुद्ने जस्ता शरीरलाई हैरान पार्ने कार्य गर्दछ अथवा बान्ता हुन नखोज्दा पनि बान्ता गर्ने प्रयाश गर्दछ अथवा डकार, पिसाब आदिको वेगलाई रोक्दछ अथवा विधिपूर्वक स्नेहन र स्वेदन नगरी वमन, विरेचन गर्दछ अथवा वमन, विरेचन गरी शुद्ध हुनासाथ डाह गर्ने र अभिष्यन्दी कुरा खानपिन गर्दछ उसको वात आदि दोष बेग्लाबेग्लै वा दुई दुई दोष मिलेर अथवा त्रिदोष मिलेर अथवा रगत समेत मिलेर उत्तेजित भई आमाशय तथा पक्वाशयलाई आधारस्थल बनाई तल र माथिका मार्गलाई अवरुद्ध पारी गुल्म नामक रोगलाई जन्माउँदछ । यसको पूर्वलक्षण भनेको शूल हुनु हो । जहाँ दुख्दछ त्यहाँ छाम्दा गाँठो जस्तो भेट्टिने गर्दछ । यो माथितिर फरफराइरहेको जस्तो भान हुन्छ ।

कर्शनात्कफविट्पित्तैर्मार्गस्यावरणेन वा ॥
वायुः कृताश्रयः कोष्ठे रौक्ष्यात् काठिन्यमागतः । स्वतन्त्रः स्वाश्रये दुष्टः परतन्त्रः पराश्रये ॥
पिण्डितत्वादमूर्तोऽपि मूर्तत्वमिव संश्रितः । गुल्म इत्युच्यते बस्तिनाभिहृत्पार्श्वसंश्रयः ॥

शरीरमा दुब्लोपन आएपछि अथवा कफ, दिसा र पित्त मार्फत शरीर भित्रका रस आदि बहने बाटो रोकिएपछि आधारस्थलमा आश्रय लिई रुखोपनले गर्दा कठोर भई आफ्नो स्थान (पक्वाशय) मा अथवा अन्यत्र (आमाशय र आन्द्रा) कफ र पित्तको अधीनस्थ भएर आकार नभएपनि गोलो आकार लिएर बस्ने वा घुम्ने भएकोले यसलाई गुल्म भनिएको हो । यो मूत्राशय, नाइटो, मुटु र कोखको आश्रय लिने गर्दछ ।

वातान्मन्याशिरःशूलं ज्वरप्लीहान्त्रकूजनम् । व्यधः सूच्येव विट्सङ्गः कृच्छ्रादुच्छ्वसनं मुहुः ॥
स्तम्भो गात्रे मुखे शोषः कार्श्यं विषमवह्निता । रूक्षकृष्णत्वगादित्वं चलत्वादनिलस्य च ॥
अनिरूपितसंस्थानस्थानवृद्धिक्षयव्यथः । पिपीलिकाव्याप्त इव गुल्मः स्फुरति तुद्यते ॥

वातजन्य गुल्ममा घिच्रो र टाउको दुख्दछ, जरो आउँदछ, फियो विकृत हुन्छ, आन्द्रा कराउन थाल्दछन्, सियोले घोचे जसरी दुख्दछ, दिसा रोकिन्छ, सास फेर्न पटकपटक कष्ट हुन्छ, शरीर लाटो हुन थाल्दछ, मुख सुक्दछ, मानिस दुब्लाउँदछ, पाचनशक्ति स्थिर हुँदैन, छाला र दिसा आदि रुखो एवं कालो हुन्छ । वायु चञ्चल हुनाले गर्दा गुल्मको स्वरूप, स्थान, बढ्ने र घट्ने अवस्था तथा दुख्ने तरिकामा पनि समानता हुँदैन, बदलिइ रहन्छ । व्यापकरूपमा कमिला सल्बलाए जसरी गुल्म फरफराउने र तिनले टोकेजसरी दुख्ने गर्दछ ।

पित्ताद्दाहोऽम्लको मूर्च्छाविड्भेदस्वेदतृड्ज्वराः । हारिद्रत्वं त्वगाद्येषु गुल्मश्च स्पर्शनासहः ॥

दूयते दीप्यते सोष्मा स्वस्थानं दहतीव च ।

पित्तविकारजन्य गुल्ममा डाह हुने, अमिलो डकार आउने, बेहोस हुने, छेरपटी लाग्ने, पसिना आउने, तिर्खा लाग्ने, जरो आउने, छाला र दिसा बेसार जस्तै पहेँलो हुने, गुल्म भएको स्थानमा छुँदा सहन नसक्ने वा दुख्ने, डडिरहेको एवं बाफ आइरहेको जस्तो भान हुने र भित्र गुल्म भएको स्थानमा जलाइरहेको जस्तो आभाष हुने गर्दछ ।

कफात्स्तैमित्यमरुचिः सदनं शिशिरज्वरः ॥
पीनसालस्यहृल्लासकासशुक्लत्वगादिताः । गुल्मोऽवगाढः कठिनो गुरुः सुप्तः स्थिरोऽल्परुक् ॥

कफजन्य गुल्ममा आर्द्रता, अरुचि, शिथिलता, शीतज्वर, पिनास, आलस्य, जिउ बटार्ने मन लाग्ने, खोकी तथा छाला आदि सेतो हुने गर्दछ । गुल्म गम्भीर, कठोर, भारी लाग्ने, शून्य, स्थिर र कम दुखाउने खालको हुन्छ ।

स्वदोषस्थानधामानः स्वे स्वे काले च रुक्कराः ।
प्रायः त्रयस्तु द्वन्द्वोत्था गुल्माः संसृष्टलक्षणाः ॥
सर्वजस्तीव्ररुग्दाहः शीघ्रपाकी घनोन्नतः । सोऽसाध्यो रक्तगुल्मस्तु स्त्रिया एव प्रजायते ॥

प्रायः सबै गुल्म आआफ्ना सहयोगी दोषहरू बस्ने स्थानमा हुन्छ । जस्तै : वातगुल्म मलाशयमा, पित्तगुल्म सानो आन्द्रामा र कफगुल्म आमाशयमा रहन्छ । यिनले आआफ्नो अनुकूल समयमा बढी दुखाउने गर्दछन् । जस्तै : पित्तगुल्मले पित्तप्रकोप भएका बेलामा, कफगुल्मले कफप्रकोप भएका बेलामा र पित्तगुल्मले पित्तप्रकोप भएको बेलामा बढी दुखाउने गर्दछ । दुई दोषजन्य गुल्ममा दुईवटा दोषका लक्षण संयुक्तरूपमा देखिन्छन् । त्रिदोजन्य गुल्म अति दुख्ने, अति डाह गराउने, चाँडै पाक्ने, कठोर र भुक्क उठेको हुन्छ । यसको उपचार हुँदैन । रक्तजन्य गुल्म नारीको गर्भाशयमा मात्र हुन्छ ।

ऋतौ वा नवसूता वा यदि वा योनिरोगिणी । सेवते वातलानि स्त्री क्रुद्धस्तस्याः समीरणः ॥
निरुणद्ध्यार्तवं योन्यां प्रतिमासमवस्थितम् । कुक्षिं करोति तद्गर्भलिङ्गमाविष्करोति च ॥
हृल्लासदौर्हृदस्तन्य दर्शनं क्षामतादिकम् । क्रमेण वायुसंसर्गात्पित्तयोनितया च तत् ॥
शोणितं कुरुते तस्या वातपित्तोत्थगुल्मजान् । रुक्स्तम्भदाहातीसारतृड्ज्वरादीनुपद्रवान् ॥
गर्भाशये च सुतरां शूलं दुष्टासृगाश्रये । योन्याश्च स्रावदौर्गन्ध्यतोदस्यन्दनवेदनाः ॥
न चाङ्गैर्गर्भवद् गुल्मः स्फुरत्यपि तु शूलवान् ।
पिण्डीभूतः स एवास्याः कदाचित्स्पन्दते चिरात् ॥
न चास्या वर्धते कुक्षिर्गुल्म एव तु वर्धते ।

जुन स्त्री रजस्वला भएका बेलामा अथवा सुत्केरी भएको ४०-४५ दिनभित्र अथवा गर्भस्राव आदि योनीरोग लागेका बेलामा शरीरमा वायु बढाउने खालका खानपिन वा आचरण गर्दछे उसको वायु उत्तेजित हुन्छ र त्यो उत्तेजित वायुले उनको गर्भाशयमा रजलाई हरेक महिना रोक्दै जान थाल्दछ । यसरी रोकिएको रजले उनको कोखलाई बढाउँदै लैजान्छ । उनलाई जिउ भारी हुने र वाकवाकी लाग्न,

गर्भवतीलाई उठ्ने जस्तै चाहना उठ्ने, स्तन बढ्ने, शरीर दुब्लाउने जस्ता गर्भवती भएको बेलाका जस्तै लक्षण देखिन थाल्दछन् । यो रोकिएको रगत वायुको स्पर्श र पित्तको कारण हुनाले (रगतबाट नै पित्त बन्दछ) ती स्त्रीका शरीरमा वातपित्तजन्य गुल्ममा देखिने पीडा, लाटोपन, डाह, छेरपटी, तिर्खा र जरो जस्ता सह-रोगहरू देखिने गर्दछन् । यसबेलामा गर्भाशय अति नै दुख्दछ किन कि त्यहाँ दूषित रज जम्मा भइरहेको हुन्छ । यसका साथै योनिबाट पनि रगत बहन थाल्दछ, यो रगत अति नै गनाउने हुन्छ । यसबेला पीडा, अङ्ग फरफराउने र डाह हुने गर्दछ । यस्तो गुल्म बच्चा हुँदा जसरी फरफराउँदैन (चल्दैन) तर दुखिरहन्छ (गर्भ बस्दा भने दुख्दैन) । त्यो रगतको डल्लो कहिलेकाहीँ लामो समय पछि हलचल गर्ने पनि गर्दछ (गर्भ बस्दा जसरी चाँडचाँडै र सधैँ हलचल वा फरफराउने गर्दैन) । यसबेला गर्भवती भएजस्तै उनको पेट धेरै बढ्दैन तर गर्भाशय भित्र रहेको गुल्म भने बढिरहन्छ ।

स्वदोषसंश्रयो गुल्मः सर्वो भवति तेन सः ॥ पाकं चिरेण भजते नैव वा विद्रधिः पुनः ।
पच्यते शीघ्रमत्यर्थं दुष्टरक्ताश्रयत्वतः ॥ अतः शीघ्रविदाहित्वाद्विद्रधिः सोऽभिधीयते ।

सबै थरी गुल्म आआफ्ना वात, पित्त वा कफमा आश्रित हुन्छन्, यी लामो समयपछि पाक्दछन् र कहिले पाक्दैनन् तर विद्रधि अति चाँडै पाक्दछ किन यो विकृत रगतको आश्रयमा रहने गर्दछ । चाँडै डाह गराउने र चाँडै पाक्ने हुनाले नै यसलाई विद्रधि भनिउको हो । गुल्म र विद्रधिमा यही कुरा फरक हुन्छ ।

गुल्मेऽन्तराश्रये वस्तिकुक्षिहृत्प्लीहवेदनाः ॥ अग्निवर्णबलभ्रंशो वेगानां चाप्रवर्तनम् ।
अतो विपर्ययो बाह्ये कोष्ठाङ्गेषु तु नातिरुक् ॥ वैवर्ण्यमवकाशस्य बहुरुन्नतताऽधिकम् ।

भित्री भागमा आश्रित गुल्ममा तल्लोपेट वा मूत्राशय, कोख, मुटु र फियो दुख्दछ तथा जठराग्नि, कान्ति र बल घट्दछ एवं मल आदिको वेग उचित तरिकाले हुँदैन । तर बाहिरी भागम आश्रित गुल्ममा यसका विपरीत लक्षण हुन्छन्, माथि बताइएका अङ्ग धेरै दुख्दैन, जहाँ गुल्म हुन्छ त्यहाँको वर्ण विकृत हुन्छ र बाहिरतिर बढी उठेको देखिन्छ ।

(ग) भावप्रकाश संहिता, माधव निदान :

तस्य पञ्चविधं स्थानं पार्श्वहृन्नाभिवस्तयः ॥

गुल्मरोग दुवै कोखा, मुटु, नाइटो तथा तल्लो पेट (वा मूत्राशय) मा गरी पाँच स्थानमा हुने गर्दछ ।

हृद्वस्त्योरन्तरे गन्थिः सञ्चारी यदि वाऽचलः । वृत्तश्चयापचयवान् स गुल्म इति कीर्तितः ॥

मुटु र नाइटोको बीचमा यताउता सर्ने वा नसर्ने र कहिले घट्ने तथा कहिले बढ्ने गोलो गाँठोलाई गुल्म भन्दछन् ।

(नाभिशब्देन वस्तिर्वोध्यः सामीप्यादेव । यथा "गङ्गायां घोषः" इति । वस्तेरपि गुल्माश्रजत्वेन

उक्तत्जात्। अन्ये हृद्बस्त्योरेव पाठान्तरं पठन्ति। अन्ये तु वस्तौ विद्रधिः स्यात् न गुल्म इति। तन्न, वस्तेरपि गुल्मस्थानत्वात्। तथा च चरके-"पञ्चस्थानानि गुल्मस्य पार्श्वहृन्नाभिवस्तयः" इति। सञ्चारी चलनशीलः। अचलः स्थिरः। वृत्तो वर्तुलः। चयापचयवानिति कदाचिच्चीयते वृद्धिं गच्छति कदाचिदवचीयते हीनो भवति, एतल्लक्षणं सामान्योक्तमपि वातिके व्यवतिष्ठते इति जैज्जटः। गणदासस्तु सामान्यमेवाह-सर्वगुल्मानां वातमूलत्वात्।)

यहाँ नाभिको अर्थ मूत्राशय भनी थाहा पाउनू। जसरी "गङ्गाघोष" वाक्यांशमा गङ्गा शब्दले नजीकै हुनाले गङ्गाको किनारा भनेर बुझिन्छ, त्यसरी नै यो वाक्यांशमा पनि मूत्राशय नाइटोको नजिकै हुने हनाले नाभि शब्दले मूत्राशय नै हो भनी जान्नू। कतिपय वैद्यजन उल्लेखित वाक्यलाई "मुटुदेखि मूत्राशयका बीचमा" भनेर अर्थ लगाउँदछन्। अन्य कतिपय वैद्य "मूत्राशयमा त विद्रधि पो हुन्छ त, गुल्म हुँदैन" पनि भन्दछन्। तर यो सही होइन किन कि "गुल्मका मुटु, नाइटो, दुई कोख र मूत्राशय-यी पाँच स्थान हुन्" भनी चरक संहितामा लेखिएको छ। उल्लेखित लक्षण सामान्य लक्षणक रूपमा लेखिएको भएपनि यी लक्षण वातजन्य गुल्मका लक्षणसँग मेल खान्छन् भनी जैज्जट नामक वैद्यले भनेका छन्। गणदासक नामका वैद्यले भने "यी लक्षण सबै खालका गुल्मका सामान्य लक्षण हुन् किन कि सबै गुल्मको जड वायु नै हो" भनी बताएका छन्।)।

अथ गुल्मपूर्वरूपम्।

उद्गारबाहुल्यपुरीषबन्धतृप्त्यक्षमत्वान्त्रविकूजनानि।
आटोपमाध्मानमपक्तिशूलमासन्नगुल्मस्य वदन्ति चिह्नम्॥
अरुचिं कृच्छ्रविण्मूत्रवातत्वं चान्त्रकूजनम्। आनाहं चोर्ध्ववातञ्च सर्वगुल्मेषु लक्षयेत्॥

अत्यधिक डकार आउनु, दिसा रोकिनु, तिर्खा लाग्नु, सामर्थ नष्ट हुनु, आन्द्रा कराउनु, पेट गुडगुडाउनु,, पेट फुल्नु र अन्न नपचेर पीडा हुनु : यी लक्षण देखिए गुल्मरोग हुनलाग्यो भनी थाहा पाउनू। दिसा, पिसाब र अपानवायु बलपूर्वक निस्कनु; अरुचि हुनु, आन्द्रा कराउनु, पेट फुल्नु र वायु शरीरको माथितिर सर्नु : यी गुल्मका लक्षण हुन्।

अथ वातगुल्मनिदानम्।

रुक्षान्नपानं विषमातिमात्रं विचेष्टनं वेगविनिग्रहश्च।
शोकाभिघातोऽतिमलक्षयश्च निरन्नता चानिलगुल्महेतुः॥
(विचेष्टनम्-विरुद्धा चेष्टा बलवद्विग्रहादिः। शोकाभिपातः शोकन मनोऽधिष्ठानस्य हृदयस्य अभिघातः। अतिमलक्षयः-विरेकादिना। निरन्नता उपवासः।)

रुखो, नमिल्दो वा एकनास नभएको र धेरै मात्रामा अन्न खानाले; दिसा, पिसाब आदिको वेगलाई रोक्नाले; बलिया मानिससँग लड्ने आदि जस्ता विरुद्ध चेष्टा गर्नाले, मनमा शोक पर्नाले, चोटपटक लाग्नाले, विरेचन आदिले, अत्यधिक दिसा हुनाले र भोकै बस्नाले वायुजन्य गुल्म हुन सक्दछ।

अथ वातगुल्मलक्षणम्।

यः स्थानसंस्थानरुजाविकल्पं विड्वातसङ्गं गलवक्त्रशोषम् ।
श्यावारुणत्वं शिशिरज्वरं च हृत्कुक्षिपार्श्वाङ्गशिरोरुजञ्च ॥
करोति जीर्णेऽत्यधिकं प्रकोपं भुक्ते मृदुत्वं समुपैति यश्च ।
वातात्स गुल्मो न च तत्र रूक्षं कषाय तिक्तं कटु चोपशेते ॥
(श्यावारुणत्वं शरीरस्य । शिशिरज्वरम्-शीतज्वरम् । जीर्णे आहारे प्रकुप्यति, भुक्ते च शान्ति गच्छति, स वातिको गुल्मः । रूक्षा आहारः कषाय तिक्तकटुरसाः । तत्र तस्मिन्वातगुल्मे । नोपशेते न सुखयति ।) ।

शरीरका ठाउँठाउँमा दुख्ने, दिसा र अपानवायु रोकिने, गला र मुख सुक्ने, शरीर नीलो र रातो हुने, शीतज्वर आउने; मुटु, कोख, कोखा र टाउको दुख्ने; अन्न पच्ने समयमा गानो धेरै दुख्ने वा ठूलो हुने र खाना खाएपछि गानो कोमल हुने : यी वातजन्य गुल्मका लक्षणहरू हुन् । यसमा रुखा, टर्रा, तिता र पिरा पदार्थ खानु हितकर हुँदैन ।

अथ पित्तगुल्मनिदानम् ।

कट्वम्लतीक्ष्णोष्णविदाहिरूक्षक्रोधाऽतिमद्यार्कहुताशसेवा ।
आमोऽभिघातो रुधिरञ्च दुष्टं पैत्तस्य गुल्मस्य निमित्तमुक्तम् ॥
(विदाहि-वंशकरीरादि । अतिशब्दो मद्यादिषु योज्यः । आमोऽत्र विदग्धाजर्ण्णबोधकः । अभिघातो लगुडादिना ।) ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

पिरो, अमिलो, तिक्खर, तातो, डाहकारी र रुखो पदार्थ धेरै खाने गर्नाले; मद्यपान र घाम धेरै सेवन गर्नाले; आगोका नजिक धेरै बस्नाले, अजीर्णले र काठ आदिको चोट लाग्नाले बिग्रेको रगतबाट पित्तजन्य गुल्म उत्पत्ति हुने गर्दछ ।

अथ पित्तगुल्मलक्षणम् ।

ज्वरः पिपासा सदनाङ्गरागः शूलं महज्जीर्यति भोजने च ।
स्वेदो विदाहो व्रणवच्च गुल्मः स्पर्शासहः पैत्तिकगुल्मरूपम् ॥
(अङ्गरागः-देहस्य लौहित्यम्) ।

जरो आउनु, तिर्खा लाग्नु, ग्लानि हुनु, शरीरका अङ्ग रातो हुनु, खाएको कुरा पच्ने बेलामा बढी दुख्नु, पसिना आउनु, डाह हुनु र गुल्मले खटिराले जस्तै गरी छोएको सहन नसक्नु : यी पित्तजन्य गुल्मका लक्षणहरू हुन् ।

अथ कफत्रिदोषजगुल्मकारणम् ।
शीतं गुरु स्निग्धमचेष्टनञ्च सम्पूरणं प्रस्वपनं दिवा च ।
गुल्मस्य हेतुः कफसम्भवस्य सर्वस्तु दुष्टो निचयात्मकस्य ॥

(सम्पूरणम्-उदरपूरणम्। निचयात्मकस्य-सान्निपातिकस्य। सर्वो हेतुः-वातपित्तकफानां हेतु ।)।

चिसो, पचाउन कठिन हुने खालको र चिल्लो खानपिन धेरै गर्नाले; व्यायाम नगर्नाले र दिउस दिउस सुत्ने गर्नाले कफजन्य गुल्म उत्पन्न हुन्छ। वात, पित्त र कफका लक्षण सब देखिए त्रिदोषजन्य गुल्म हुन्छ।

अथ कफजगुल्मलक्षणम्।

स्तैमित्यशीतज्वरगात्रसादहृल्लासकासारुचिगौरवाणि।
कफस्य लिङ्गानि च यानि तानि भवन्ति गुल्मे कफकोपजाते॥
(कफस्य लिङ्गानि वेदनाल्पतावह्निमान्दादीनि)।

शरीर गिलो वा आर्द्र हुनु, शीतज्वर आउनु, ग्लानि हुनु, आङ बटार्न मन लाग्नु, छाती भारी हुनु, खोकी लाग्नु, अरुचि हुनु, शरीर भारी हुनु, अलिअलि दुख्नु र पाचनशक्ति कमजोर हुनु : यी कफजन्य गुल्मका लक्षणहरू हुन्।

अथ द्विदोषजगुल्मकल्पना।

व्यामिश्रलिङ्गानपरांस्तु गुल्मांस्त्रीनादिशेदौषधकल्पनार्थम्॥
(सन्निपातिके सर्वो हेतुः उपलक्षणम्)।

जब कुनै गुल्ममा दुई दोषका मिश्रित लक्षण देखिन्छ तब उपचारका लागि वातपित्तजन्य, वातकफजन्य र पित्तकफजन्य गरी थप तीन किसिमका गुल्मको कल्पना गर्नू।

अथ त्रिदोषजगुल्मलक्षणम्।

महारुजं दाहपरीतमश्मवद् घनोन्नतं शीघ्रविदाहि दारुणम्।
मनः शरीराग्निबलापहारिणं त्रिदोषजं गुल्ममसाध्यमादिशेत्॥

त्रिदोषजन्य गुल्ममा अत्यन्त पीडा र डाह हुन्छ, गानो पत्थरजस्तै खँदिलो र माथितिर उठेको हुन्छ, तुरुन्त विदग्धाजीर्ण रोग उत्पन्न गर्दछ, मनलाई भ्रमित बनाउँदछ, शरीरलाई कमजोर पार्दछ, जठराग्निको तागतलाई हरण गर्दछ र मृत्युदायक हुन्छ। यसको उपचार हुँदैन भनी जान्नू।

अथार्तवरुधिरोत्पन्नगुल्मलक्षणम्।

नवप्रसूताऽहितभोजना या या चामगर्भं विसृजेदृतौ वा।
वायुर्हि तस्याः परिगृह्य रक्तं करोति गुल्मं सरुजं सदाहम्॥
पैत्तस्य लिङ्गेन समानलिङ्गं विशेषणञ्चाप्यपरं निबोध।

यः स्पन्दते पिण्डित एव नाङ्गैश्चिरात्सशूलः समगर्भलिङ्गः ॥
स रौधिरः स्त्रीभव एव गुल्मो मासे व्यतीते दशमे चिकित्स्यः ॥
(नवप्रसूता-व्रकताग्निबलवर्णमांसहीना । अहितभोजना या च आमगर्भं विसृजेत्, नवममासादर्वाक् प्रसूयते साऽपि अहितभोजना ऋतौ वा आर्तवप्रवृत्तिकाले अहितभोजना अपथ्याचरणा वा । वायु रक्तं परिगृह्य गुटिकाकारं गर्भाशये गुल्मं करोति । भोजनपदं विहारस्यापि उपलक्षणम् । यतश्चाह चरकः-"ऋतावनाहारतया भयेन विरूक्षणैर्वेगविनिग्रहैश्च । संस्तम्भनोल्लेखनयोनिदोषैर्गुल्मः स्त्रिया रक्तभवोऽभ्युपैति ॥" । धातुरूपरक्तजस्यापि विप्रकृष्टनिदानानि लक्षणानि च पैत्तिकस्येव बोद्धव्यानि । परमत्र अभिघातादिहेतुर्विशेषः । चिरात् स्पन्दते चलति । नाङ्गैः- नहस्तपादाद्यैः । समगर्भलिङ्गः-अत्र समशब्दः सर्वशब्दार्थः, तेन समानि सर्वाणि गर्भलिङ्गानि आर्तवप्रवृत्तिकाले आर्तवादर्शनमुखपीततास्तनमुख- कृष्णतादोहदादीनि यत्र सः । एते च व्याधिप्रभावात् । यथा यक्ष्मिणे रिरंसा । स रौधिरः आर्तवरूपरक्तजः स्त्रीणां प्रजायते इति । गर्भसमानलिङ्गत्वे विशेषज्ञानार्थमाह-"मासे व्यतीते दशमे चिकित्स्यः" । नवमदशममासयोः प्रसवकालत्वादित्येके । तन्न "यः स्पन्दते पिण्डित एव नाङ्गैः ।" इत्यादिनैव संशयस्य निराकृतत्वात् । गर्भः प्रत्यङ्गैः निरन्तरं निःशूलं स्पन्दते । गुल्मश्चैतद्विपरीत इति । किञ्च नवमे दशमे प्रसूयत इति उत्सर्गो न तु नियमः । तदधिककालेऽपि प्रसवदर्शनादागमाच्च । यत आह चरकः-"तं स्त्री प्रसूते सुचिरेण गर्भं पुष्टं यदा वर्षगणैरपि स्यात् ।" तस्मात् "मासे व्यतीते दशमे चिकित्स्यः" इति न संशयव्यवच्छेदार्थम्, किन्तु तदा सुखेन चिकित्सार्थम् । यत उक्तम्-"रक्तगुल्मपुराणत्वं सुखसाध्यस्य लक्षणम् ।" पुराणता चास्य दशमासातिक्रमेणैव भवति । जैज्जटेनापि उक्तम्-"दशमासोपरि पिण्डिते गुल्मे स्नेहादिना उपस्कृतदेहायै न गर्भाशयक्षतिमादधाति रक्तभेदनम्" इति ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

भर्खर सुत्केरी भएकी जुन् स्त्री अहितकर आहारविहार गर्दछे अथवा जो स्त्री गर्भपात भएपछि अहितकर आहारविहार गर्दछे अथवा जो स्त्री रजस्वला भएका बेलामा अहितकर आहारविहार गर्दछे,त्यस्ता स्त्रीको रगतलाई वायुले समातेर गर्भाशयमा डल्लो वा गानो जस्तो गुल्मरोग उत्पन्न गर्दछ । यस्तो गुल्म हुँदा पीडा हुने, डाह हुने र पित्तगुल्मका जस्ता लक्षण देखिने गर्दछ । चरकसंहितामा भनिएको छ कि-रजस्वलाको अवधिमा भोकै बस्नाले, डराउनाले, रुखा कुरा खानाले, मलमूत्र आदिको वेग रोक्नाले, यस्तो वेग रोक्ने ओखती खानाले र उल्लेखन आदि जस्ता योनिसम्बन्धी रोग हुनाले रजजन्य गुल्म हुन्छ" । धातुरूपी रगतबाट उत्पन्न हुने गुल्मका लक्षण पित्तजन्य गुल्मका जस्तै हुन्छन् । तर चोटपटकका कारण हुने रक्तगुल्मको पहिचानका बारेमा थप कुरा जान्नुपर्ने हुन्छ । रजजन्य गुल्मका बारेमा अझ थप कुरा बताइन्छ-रजस्राव हुने बेलामा रगत देखिँदैन, अनुहार पहँलो हुन्छ, दूधका मुन्टा काला हुन्छन् तथा खानपिन आदिका लक्षण गर्भवती हुँदाका जस्तै देखिन्छन् । यी सब लक्षण रोगको प्रभावले गर्दा जुन गुल्ममा देखिन्छ तथा जुन गुल्ममा भित्र हात, गोडा आदि अङ्ग चल्दैनन् खाली डल्लो मात्र हलचल गरेको थाहा हुन्छ र दुख्दछ, त्यो गुल्म रजजन्य गुल्म हो भनी थाहा पाउनू । यस्तो गुल्म स्त्रीलाई नै हुन्छ । गर्भले त हात, गोडा आदि अङ्ग नदुखाइकन नै निरन्तर चलाउँदछ तर यो गुल्ममा गोलाकार डल्लो नै यताउता चलिरहेको थाहा हुन्छ र दुख्दछ पनि । यो रजजन्य गुल्मको उपचार दशौं महिना बितेपछि गर्नू । कोही भन्दछन्-"गर्भ बसेको शङ्का नहुनका लागि दशौं महिनामा उपचार गर्नु भनिएको हो किन कि नवौं वा दशौं महिना सुत्केरी हुने समय हो" । तर यसो भन्नु उचित होइन किन कि गर्भले त हात, गोडा आदि अङ्ग निरन्तर नदुखाई चलाउँदछ आदि जस्ता कुराले गर्भ बसेको नबसेको भन्ने कुरा पहिले नै थाहा भइ सक्दछ । अनि नवौं

वा दशौं महिनामा सुत्केरी हुने कुरा पनि सामान्य कुरा हो । यसको कुनै ठोस नियम छैन । कोही दश महिना पछिपनि सुत्केरी भइरहेको पाइन्छ । ग्रन्थहरूमा पनि दश महिना पछि सुत्केरी हुने प्रसङ्ग उल्लेख भएको पाइन्छ । चरकमा बताइएको छ-"स्त्री गर्भ बसेपछि अति धेरै समय अर्थात धेरै वर्षसम्म पनि गर्भ बोकिरहरन सक्दछे, यसरी जन्मने बच्चा अति नै पुष्ट हुन्छ" । यसैले दशौं महिना भएपछि रजजन्य गुल्मको उपचार गर्नुपर्ने कारण गर्भसम्बन्धी शङ्का हटाउनका लागि होइन । यसो भन्नुको तात्पर्य त्यसबेला उपचार गर्न सजिलो हुने भएकोले भनिएको हो । भनिउको पनि छ-"रगतसम्बन्धी गुल्म यदि पुरानो छ भने त्यसलाई सुखपूर्वक उपचार गर्न सकिन्छ भनी जान्नू" । दश महिना बितेपछिको रजजन्य गुल्म जीण भइसकेको छ भनी मान्न योग्य हुन्छ । वैद्य जैज्जट भन्दछन्-"दशौं महिना बितेपछि रजजन्य गुल्म भएका स्त्रीलाई तेल आदिले तिनको शरीर शुद्ध पारी त्यो गुल्मलाई चिर्नू वा शल्यक्रिया गर्नू, यसो गर्नाले गर्भाशयलाई कुनै हानी हुँदैन" ।

अथासाध्यगुल्मलक्षणम् ।

महारुजं दाहपरीतमश्मवद्घनोन्नतं शीघ्रविदाहि दारुणम् ।
मनःशरीराग्निबलापहारिणं त्रिदोषजं गुल्ममसाध्यमादिशेत् ॥
(दाहपरीतम्-दाहेन व्याप्तकलदेहम् । शीघ्रविदाहि-शीघ्र विदग्धाजीर्णकरम् । दारुणम्- मारकम् । मनोपहारिणम्- मनोवैकृत्यकारकम् । शरीराग्नि-बलापहारिणम्- शरीरस्य कार्श्यकरम्) ।

जुन गुल्म अती दुख्ने, अति डाह गराउने, पत्थरजस्तै साह्रो, माथितिर उठेको, तुरुन्त विदग्धाजीर्ण रोग गराउने, मनलाई भ्रमित पार्ने, शरीरलाई दुर्बल र जठराग्निलाई कमजोर पार्ने त्रिदोषजन्य हुन्छ, त्यो गुल्मको उपचार हुँदैन ।

अपरमसाध्यलक्षणमाह ।

सञ्चितः क्रमशो गुल्मो महावास्तुपरिग्रहः । कृतशूलः शिरानद्धो यदा कूर्म इवोन्नतः ॥
दौर्बल्यारुचिहृल्लासकासच्छर्द्यरतिज्वरैः । तृष्णातन्द्राप्रतिश्यायैर्युज्यते न स सिध्यति ॥
(महावास्तुपरिग्रहः व्यापकतया बृहत्स्थलं गृह्णाति । युज्यते-युक्तो भवति) ।

जुन गुल्म क्रमैले धेरै नै बढेको हुन्छ, धेरै भाग ओगटेको हुन्छ, शूल निकालिरहेको हुन्छ, शिरामा बेरिएर कछुवाको ढाडजसरी भुक्क उठेको हुन्छ तथा जुन गुल्म हुँदा दुर्बलता, अरुचि, छातीमा पीडा, खोकी, बान्ता, कडा जरो, तिर्खा, तन्द्रा र पिनासले सहित हुन्छ यस्तो गुल्मको उपचार हुँदैन ।

अपरञ्च-
गृहीत्वा सज्वरश्वासं छर्द्यतीसारपीडितम् । हृन्नाभिहस्तपादेषु शोथः कर्षति गुल्मिनम् ॥
(कर्षति-मारणाय कर्षति) ।

जुन् गुल्मको रोगी जरो, दम, वान्ता र छेरपटीले पीडित हुनछ एवं मुटु, नाइटो, हात र गोडा समेत सुन्निएको अवस्थामा हुन्छ त्यस्ता गुल्मरोगीको उपचार सम्भव हुँदैन ।

अपरञ्च-

श्वासः शूलं पिपासाऽन्नविद्वेषो ग्रन्थिमूढता । जायते दुर्बलत्वञ्च गुल्मिनो मरणाय वै ॥

(ग्रन्थिमूढता-ग्रन्थिरूपस्य गुल्मस्य अकस्माद् विलयनम्) ।

दम, शूल, तिर्खा, अन्नमा अरुचि, अकस्मात् गुल्म हराउने र दुर्बलताका लक्षण देखिने गुल्मरोगीको पनि उपचार हुँदैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुल्मगण
(Gulmagana)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

बला चतुष्टयं पर्णी पञ्चकं चाग्निमन्थकः । पाठा यवासो वार्त्ताकी कोकिलाक्षोऽसनो द्विधा ॥
अपामार्ग द्वयं मूर्वा त्रायन्ती शरपुङ्खिका । काकनासा काकजङ्घ मेषशृङ्गी च वन्दकम् ॥
बन्ध्या कर्कोटकी त्रेधा वर्वरी तुलसी द्विधा । वज्रदन्ती द्विधाऽजाजी त्रिधा गुल्मगणस्त्वयम् ॥

चार थरीका बला (बला, अतिबला, नागबला र महाबला), पाँच थरी पर्णी (साकिनु (शालपर्णी), वनमुगी (मुद्गपर्णी), सतिबयर (पृष्ठपर्णी), वनमाष (माषपर्णी), घोडताप्रे (मण्डूकपर्णी); अरणी, गानेगुर्जो, सेतो सानो बिही, तालमखाना, दुई किसिमका अपराजिता, दतिवन दुई थरी, मुँज, मुँडिलो, रातो साकिनु, कौवाठोरी, वनमुगी विशेष, मेषश्रृङ्गी, वन्दक (?), जटामसी, तीन थरी वनतोरियाँ, बाबरी, दुई थरी तुलसी, दुई थरी वज्रदन्ती र तीन थरी जीरा : यी गुल्मगण हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गुहाशया (गुफामा सुत्ने जीवहरू)
(Cave-dwelling mammals)

परिभाषा :

(क) के.यन.स्वामी (गुहाशय) : गुफामा सुत्ने वा बस्ने सिंह, बाघ आदि जीवलाई गुहाशय भनिन्छ ।
(ख) शब्दकल्पद्रुम : 'गुहा' अर्थात् गुफा भित्र 'शेते' अर्थात् सुत्ने जीवलाई 'गुहाशय' भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

सिंह व्याघ्र वृका ऋक्ष तरक्षु द्वीपिनस्तथा । बभ्रु जम्बूक मार्ज्जार इत्याद्याः स्युर्गुहाशयाः ॥
स्निग्धो बल्यो हितो नित्यं नेत्रं गुह्यविकारिणाम् ।

सिंह, बाघ, ब्वाँसो, भालु, चितुवा, पाटेबाघ, न्याउरीमुसो, स्याल, जङ्गली बिरालो आदि जनावरलाई गुफामा बस्ने हुनाले "गुहाशय" भनिन्छ । यिनको मद्य चिल्लो, बलकारी, आँखाका लागि लाभदायक र गुप्तरोगका लागि फाइदाजनक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सिंह व्याघ्र वृकाऋक्षा हरिहाद्वीपिनस्तथा ॥ बभ्रु जम्बूकमार्जारा इत्याद्याः स्युर्गुहाशयाः ।

सिंह, बाघ, ब्वाँसो, भालु, चितुवा, चितुवा विशेष, न्याउरीमुसो, स्याल, वनबिरालो आदि गुहाशय गणमा पर्दछन् ।

(ख) कैयदेव निघण्टु :

सिंहव्याघ्रर्क्षमार्जारवृकद्वीपितरक्षवः । मृगैर्वारुशृगालाद्या विज्ञेयास्ते गुहाशयाः ॥
स्वादवो गुरवः स्निग्धा वातघ्ना बलपुष्टिदाः । वीर्योष्णा सर्वदा पथ्याः नेत्रगुह्यविकारिणाम् ॥

सिंह, बाघ, भालु, जङ्गली बिरालो, ब्वाँसो, पाटेबाघ, चितुवा, सेतो मृगविशेष (मृगैर्वारु, कतै यसको अर्थ स्यालका आकारको मृगको शिकार गर्ने जनावर भनी लेखिएको पाइन्छ), स्याल आदि जनावरलाई गुहाशय जनावर भनिन्छ । यी जनावरको मासु स्वादिलो, पचाउन कठिन, चिल्लो, वातविकार नाश गर्ने, बल र पुष्टि दिने, उष्णवीर्यको तथा आँखाका रोगी र गुप्तरोगीका लागि सधैं पथ्य हुन्छ ।

(ग) द्रव्यगुण सङ्ग्रह :

गुहाशया वातहरा नेत्रगुह्यविकारिणाम् । हिता गुरूष्णमधुराः स्निग्धा मांसाशिनोऽधिकम् ॥

धेरै मासु खाने मानिसका लागि गुफामा सुत्ने जनावरको मासु वातविकार नाश गर्ने, आँखा र गुप्तरोगका रोगीलाई हितकर, पचाउन कठिन, उष्णवीर्यको, गुलियो र चिल्लो गुणको हुन्छ ।

(घ) भावप्रकाश निघण्टु :

सिंहव्याघ्रवृका ऋक्षतरक्षुद्वीपिनस्तथा ॥ बभ्रुजम्बूकमार्जारा इत्याद्याः स्युर्गुहाशयाः ।

सिंह, बाघ, ब्वाँसो, भालु, निगाले चितुवा, चितुवा, न्याउरीमूसो, स्याल, बिरालो आदि गुफामा बस्ने जीव हुन् ।

गुहाशया वातहरा गुरूष्णा मधुराश्च ते ॥ स्निग्धा बल्या हिता नित्यं नेत्र गुद विकारिणाम् ।

गुफामा बस्ने जीवको मासु वातविकार नाशक, पचाउन कठिन, गर्मी गर्ने, गुलियो, चिल्लो, बलदायक तथा आँखा र गुदद्वारका रोगीका लागि सधैं लाभकारी हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गृञ्जन (गाजर)
(Carrot)

परिभाषा :

(क) के.यन.स्वामी : (१) गृञ्जन भनेको गाजर पनि हो । (यसको अर्को अर्थ छ्यापी पनि हुन्छ) । (२) पीतकम्, स्वादुमूलम्, नारङ्गम् : गाजर । (३) सुमूलकम् : गाजर । पहेँलो गाजर ।(४) सुपीतम् : पहेँलो गाजर ।

(ख) नेपाली बृहत् शब्दकोश (गाजर) : मूलाका जातको, सूपका जस्तै पात र सेतो-पहेँलो रङ हुने, त्यसै वा तरकारी, अचार आदि बनाएर तथा सलादमा हालेर खाइने एक प्रसिद्ध कन्द ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : गाजरलाई अंग्रेजीमा Carrot तथा ल्याटिन भाषामा *Daucus carota* var. sativa DC. भनिन्छ ।

(घ) आचार्य बालकृष्ण : गाजरलाई संस्कृतमा गर्जर र वनस्पति शास्त्रमा *Daucus carota* Linn. Subsp. sativus (Hoffm.) Arcang. भनिन्छ ।

गाजर (तस्विर श्रोत : स्मिथफ्रेसफार्म डटकम)

प्राचीन ग्रन्थका वचनहरू :

(क) कैयदेव निघण्टु :

नारङ्गकन्दः गजरं पीतकं गृञ्जनस्तथा ।
गृञ्जनः कटुकः पाके तीक्ष्णोष्णस्तिक्तको लघुः ॥
विदाही दीपनो हृद्यो ग्राही रूक्षोऽस्रपित्तकृत् ।
ग्रहण्यर्शोऽनिलश्लेष्मदृकशुक्रारुचिजन्तुजित् ॥

नारङ्गकन्द, गजर, पीतक र गृञ्जन : यी गाजरका पर्यायवाची नाम हुन् । यो पचेपछि पिरो, तिक्खर, उष्णवीर्यको, तितो, पचाउन सहज, डाह गर्ने, दीपनी, मुटुका लागि हितकर, ग्राही, रुखो, रक्तपित्त गर्ने तथा ग्रहणी, हर्सा, वातविकार, कफविकार, दृष्टि, शुक्र, अरुचि र कीरालाई जित्ने गुणको हुन्छ ।

(ख) द्रव्यगुणसङ्ग्रह :

ग्राही गृञ्जनकस्तीक्ष्णो ग्रहण्यर्शोविकारनुत् ।

गाजर ग्राही, तिक्खर तथा ग्रहणी र हर्सा नाश गर्ने गुणको हुन्छ ।

(ग) धन्वन्तरि निघण्टु :

गर्जरं पिङ्गलं मूलं पीतकं मूलकं तथा । स्वादुमूलं सुपीतं च नागरं पीतमूलकम् ॥
गर्जरं मधुरं रुच्यं किञ्चित्कटु कफापहम् । आध्मानकृमिशूलघ्नं दाहपित्तज्वरापहम् ॥

गर्जर, पिङ्गलमूल, पीतकमूलक, स्वादुमूल, सुपीत, नागर र पीतमूलक : यी गाजरका पर्यायवाची नाम हुन्। यो गुलियो, रुचिप्रद, केही पिरो तथा कफविकार, आध्मान, कीरा, शूल, डाह र पित्तजन्य जरो नाश गर्ने गुणको हुन्छ ।

(घ) **भावप्रकाश निघण्टु :**

गृञ्जनं गाजरं प्रोक्तं तथा नारङ्गवर्णकम्। गाजरं मधुरं तीक्ष्णं तिक्तोष्णं दीपनं लघु॥
संग्राहि रक्तपित्तार्शोग्रहणीकफवातजित्।

गृञ्जन, गाजर र नारङ्गवर्णक : यी गाजरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो गुलियो, तिक्खर, तीतो, गर्मी गर्ने, पाचकाग्नि बाल्ने र पचाउन हलुका हुन्छ । यसले कब्जियत गर्दछ तथा रक्तपित्त, अल्काई, ग्रहणी रोग, कफविकार र वातविकार नाश गर्दछ ।

(ङ) **माधवद्रव्यगुणः**

गृञ्जनः पित्तलो ग्राही तीक्ष्णोष्णो रोगनाशनः ।

गाजर पित्तविकार गर्ने, ग्राही, तिक्खर, उष्णवीर्यको र रोग नाश गर्ने गुणको हुन्छ ।

(च) **राज निघण्टु :**

सङ्कलन : मोहन प्रसाद सापकोटा

गर्जरं पिङ्गमूलञ्च पीतकञ्च सुमूलकम्। स्वादुमूलं सुपीतञ्च नारङ्गं पीतमूलकम्॥
गर्जरं मधुरं रुच्यं किञ्चित् कटु कफापहम्। आध्मानकृमिशूलघ्नं दाहपित्ततृषापहम्॥

गर्जर, पिङ्गमूल, पीतक, सुमूलक, स्वादुमूल, सुपीत, नारङ्ग र पीतमूलक : यी गाजरका संस्कृत पर्यायवाची नामहरू हुन्। गाजर गुलियो, रुचिकर, हलुका पिरो र कफविकार नाशक हुन्छ । यसले आध्मान, कीरा, शूल, डाह, पित्तविकार र तिर्खारोग नाश गर्दछ ।

गृञ्जन (छ्यापी)
(Shallot)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश (छ्यापी) : एउटा बोटमा प्रायः एउटा पोटी फल्ने एक जातको लसुन; त्यसै लसुनको कन्द र साग ।

(ख) के.यन.स्वामी (गृञ्जनम्) : लशुनाकारि सूक्ष्मकन्दम् (याज्ञवल्क्यस्मृति, मिताक्षरीटीका) । लसुनका आकारको मसिनो कन्द ।

(ग) अर्कप्रकाश : कन्दगण अन्तर्गत पर्ने गृञ्जन दुई प्रकारको हुन्छ ।

(घ) हिन्दी विश्वकोश (गृञ्जन) : रातो लसुन ।

नोट : साधना गर्ने वा परमार्थ चाहने व्यक्तिका लागि शास्त्रमा यसलाई अभक्ष्य मानिएको छ । शालिग्राम वैद्यले गृञ्जनको अर्थ जङ्गली गाजर भनी लगाएका छन् । यसको साथै यो शब्दको अर्थ मूलाविशेष पनि हुन्छ ।

छ्यापी (तस्विर श्रोत : ड्रिम्सटाइम डटकम)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

दीर्घपत्रस्तृतीयस्तु श्वेतो गृञ्जनको भवेत् । लशुनः पूतिपत्राख्यः श्वेतकन्दश्च गृञ्जनः ॥

दीर्घपत्र, श्वेत, गृञ्जनक, लशुन, पूतिपत्राख्य, श्वेतकन्द र गृञ्जन : यी तेश्रो थरी लसुन अर्थात् छ्यापीका पर्यायवाची नाम हुन् ।

(ख) **कैयदेव निघण्टु :**

महाकन्दो गर्जरोऽन्यो गृञ्जनो दीर्घपत्रकः ।

महाकन्द, गर्जर, गृञ्जन र दीर्घपत्रक : यी अर्कोथरी लसुन अर्थात् छ्यापीका पर्यायवाची नाम हुन् ।

(ग) **निघण्टुशेष :**

.. .. .. अपरोऽप्येष गृञ्जनो दीर्घपत्रकः ।
(अपरः अन्यः एषः रसोनः गृञ्ज्यते-कुत्सितः शब्द्यते गृञ्जनः । दीर्घं पत्रमस्य दीर्घपत्रः, के दीर्घपत्रकः ।)

यसको (लसुनको) अर्को एक जात अर्थात् छ्यापीलाई गृञ्जन वा दीर्घपत्रक भनिन्छ ।

(घ) **पर्यायरत्नमाला :**

...अन्यो बृहत्पत्रस्तु गृञ्जनः ।

अर्कोथरी ठूला (लामा) पात हुने लसुन (छ्यापी) लाई गृञ्जन भनिन्छ ।

(ङ) **मदनपाल निघण्टु :**

गृञ्जनः कटुकस्तीक्ष्णस्तिक्तोष्णो दीपनो लघुः । सङ्ग्राही रक्तपित्तार्शोग्रहणीकफवातजित्॥

छ्यापी पिरो, तिक्खर, तीतो, उष्णवीर्यको, दीपनी र पचाउन सहज हुने गुणको हुन्छ । यो ग्राही हुन्छ । यसले रक्तपित्त, अल्काई, ग्रहणी, कफविकार र वातविकारलाई जित्दछ ।

(च) **माधवद्रव्यगुण :**

तीक्ष्णो गृञ्जनको ग्राही ग्रहण्यर्शोविकारनुत् ।

गृञ्जन तिक्खर, ग्राही तथा ग्रहणी र हर्सा रोग नाशगर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(छ) **राजनिघण्टु :**

रसोनोऽन्यो महाकन्दो गृञ्जनो दीर्घपत्रकः । पृथुपत्रः स्थूलकन्दो यवनेष्टो बले हितः॥

महाकन्द, गृञ्जन, दीर्घपत्रक, पृथुपत्र, स्थूलकन्द र यवनेष्ट : यी अर्को थरी लसुन वा छ्यापी वा रातो लसुनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो बलदायक हुन्छ ।

हृद्रोगजीर्णज्वरकुक्षिशूलविबन्धगुल्मारुचिकृच्छ्रशोफान् ।
दुर्नामकुष्ठानिलसादजन्तुकफामयान् हन्ति महारसोनः॥

छ्यापीले मुटुका रोग, धेरै दिनको जरो, कोखाको शूल, विबन्ध, गुल्म, अरुची, कृच्छ्र, सुजन, अल्काई, कुष्ठ, वातविकार, पेटका कीरा र कफजन्य रोग नाश गर्दछ ।

(ज) **सरस्वती निघण्टु :**

अन्यो रक्तो महाकन्दो गृञ्जनो दीर्घपत्रिकः ।

रक्त, महाकन्द, गृञ्जन र दीर्घपत्रिक : यी छ्यापीका पर्यायवाची नाम हुन् ।

गृध्र (गिद्ध)
(Vulture)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) गिद्ध : मरेका प्राणीहरूको मासु खाने, धेरै टाढाको सिनो पनि देख्ने, प्रायः गर्मी प्रदेशमा बस्ने मांसाहारी ठूलो पक्षी । (२) गरुड : गिद्धका जातिको ठूलो पक्षीविशेष । (३) गिद्धे : गिद्ध जस्तो; गिद्धका आकारको । (४) गिद्धे पहरो : गिद्ध बस्ने वा गिद्धजस्तै देखिने पहरो । (५) गृध्र : गिद्ध । (६) गृध्रपति वा गृध्रराज : गिद्धको राजा; जटायु । (७) जटायु : रामायणमा वर्णित, सीतालाई छुटाउन रावणसित युद्ध गर्दा मरेको एक प्रसिद्ध गिद्ध । (८) भास : सेतो एक जातको गिद्ध पक्षी । (९) सेतो गिद्ध : गिद्धको सेतो प्रकार । (१०) हिमाली गिद्ध : हिमालय पर्वतको आसपासमा पाइने गिद्ध ।

गिद्ध (तस्विर श्रोत : पेयर डी अमरकोश)

(ख) पेयर डी अमरकोश : गिद्धका अनेक जातमध्येको एक जातलाई जीवविज्ञानमा *Gyps bengalensis* J.F.Gmelin र अंग्रेजीमा Indian White-rumped Vulture भनिन्छ ।

(ग) डा.सतिश चन्द्र साङ्ख्यधर : गृध्रलाई अंग्रेजीमा The Vulture भनिन्छ ।

(घ) के.यन.स्वामी : (१) आडि : गिद्ध जातिको एक चरा । (२) शरारि : चाँचर ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) कुलचन्द्र शर्मा, अमरकोश : गृध्र र दाक्षाय्य आदि भनेको गिद्ध हो ।

(च) मृगपक्षिशास्त्रका संपादक मारुती चितमपल्ली र कै.पं.नरसिंशास्त्री भातखंडे : गृध्रलाई अंग्रेजीमा Black or king vulture तथा ल्याटिन भाषामा *Torgos calvus* भनिन्छ । दाक्षाय्यलाई अंग्रेजीमा White backed or Bengal Vulture तथा ल्याटिन भाषामा *Gyps bengalensis* भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

गृध्रो निघ्नश्च दाक्षाख्यो मौनीति कथितो बुधैः ।

गृध्र, निघ्न, दाक्षाख्य र मौनी : यी गिद्धका पर्यायवाची नाम हुन् ।

(ख) कैयदेव निघण्टु :

दाक्षाय्यो दूरदृग् गृध्रो वक्रचञ्चुः सुदृष्टिकः । शकुनी पुष्पकव्याघ्रः कमायुः कूणितेक्षणः ॥
भासवायसगृध्राणां मासं दोषत्रयापहम् । चक्षुष्यं बृंहणं बल्यमायुष्यं लघु दीपनम् ॥

दाक्षाय्य, दूरदृग्, गृध्र, वक्रचञ्चु, सुदृष्टिक, शकुनी, पुष्पकव्याघ्र, कमायु र कूणितेक्षण : यी गिद्धका पर्यायवाची नाम हुन् । भास, वायस र गिद्धको मासु त्रिदोष नाश गर्ने, आँखाका लागि हितकर, पौष्टिक, बलदायक, आयुवर्धक, पचाउन सहज र दीपनी हुन्छ ।

(ग) मदनपाल निघण्टु :

गृद्धः सुदृष्टः शकुनिर्वक्रदृष्टिश्च दूरदृक् । गृद्धस्य काकवन्मांसं विशेषान्नेत्ररोगजित् ॥

गृध्र, सुदृष्ट, शकुनि, वक्रदृष्टि र दूरदृक् : यी गिद्धका संस्कृत पर्यायवाची नामहरू हुन् । गिद्धको मासुमा कागको मासुकै जस्तो गुण हुन्छ । विशेषतः यसले आँखाका रोगलाई जित्दछ ।

आडिः शरारिरातिश्च विचित्रजलचारिणी ॥

आडि, शरारि, आति र विचित्रजलचारिणी : यी चराविशेषका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(घ) मृगपक्षिशास्त्र :

गृध्राश्चतुर्विधा लोके जायन्ते वनभूमिषू ॥
श्येनानुजाश्चेति परं तार्क्ष्यावरजकाश्च ते । दृढपक्षतिसंयुक्ताः स्थूलदेहाः प्रकीर्तिताः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

वनमा बस्ने गिद्ध चार प्रकारका हुन्छन् । बाज जातिकाभन्दा गरुड जातिका गिद्ध श्रेष्ठ हुन्छन् । यिनका बलिया परखँटा र मोटो शरीर हुन्छ ।

फलमांसादिभक्षाश्च मृगयादिषु तत्पराः । नानावर्णलसत्कायाः किञ्चिन्मन्दस्वभावकाः ॥

यी फल, मासु आदि खान्छन् र शिकार गर्न मन पराउँदछन् । यी अनेक वर्णका हुन्छन् । यिनको केही मन्द बुद्धि वा स्वभाव हुन्छ ।

एतेषां कामवृद्धिस्तु वर्षाकाल इतीरिता । द्विवर्षकास्ते तु परं योषित्स्वण्डपदा मताः ॥

यी वर्षा ऋतुमा बढी कामुक हुन्छन् । दुई वर्षमा यी जवान हुन्छन् । पोथी पनि यो उमेरमा फुल पार्न सक्षम हुन्छे ।

यौवनेन समायुक्ताः पूर्णपौरुषशालिनः । क्रमाज्जाताः पोतकास्तु जननीभिः सुरक्षिताः ॥

जवानीमा यी पूर्ण पराक्रमी हुन्छन् । जन्मेका बचाहरूलाई पोथीले सुरक्षा दिन्छे ।

नेत्रोन्मीलनमासाद्य क्रमाद्वृद्धियुता मताः । एतेषां जातिभेदश्च क्रमादत्र निरुप्यते ॥

आँखा झिम्क्याउन थालेपछि बच्चा क्रमशः बढ्न थाल्दछन् । यिनका जातका बारेमा यहाँ क्रमशः बताइन्छ ।

गृध्राः स्थूलशरीराश्च बृहत्पक्षतिमण्डिताः । कृष्णरक्तावयवका दृढचञ्चुपुटान्विताः ॥

गिद्धको मोटो शरीर र ठूला पखेँटा हुन्छन् । कालो-रातो वर्णको शरीर दह्रो शरीर हुन्छ । यिनको बलियो चुच्चो हुन्छ ।

भृशं कर्करोमाङ्गा गगने वेगगामिनः । सम्पूर्णबलसम्पन्नाः सन्ततं पक्षचालनाः ॥

शरीरमा अति कडा रौं हुन्छन् । यी अत्यन्त बलियो भएर लगातार पखेँटा चलाउँदै वेगले आकाशमा उड्ने गर्दछन् ।

तरुवासैकनिरताः शान्तात्मानश्च ते मताः । नरवासप्रिया नित्यं सान्त्ववाक्यपराश्च ते ॥

यी रूखमा बस्न रुचाउँदछन् । शान्त चित्तका हुन्छन् । मानिसको सामिप्यता र मिठो आवाज सुन्न रुचाउँदछन् ।

नानागतिसमर्थाश्च नानादेशविहारिणः । कोपे भीकररूपाश्च वैरिपक्षिविहिंसकाः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

यी अनेक किसिमले उड्न सक्दछन्, अनेक देश घुम्दछन् । यी रिसाउँदा डरलाग्दा हुन्छन् शत्रु चरालाई मार्ने गर्दछन् ।

निशासञ्चारहीनाश्च क्षुत्तृट्शीतसहा मताः । सुखसाध्याः सूक्ष्मनेत्राः फलभक्तादि भोजिनः ॥

गिद्ध रातमा विचरण गर्दैनन् । भोक, तिर्खा र जाडो सहन सक्दछन् । सयनलाई सजलै वशमा पार्न सकिन्छ । यिनका साना (तर तेजिला) आँखा हुन्छन् । यिनले (मासु), फलफूल र भात खान्छन् ।

सूक्ष्ममेधासमायुक्ता मृगयादिषु तत्पराः ।

सूक्ष्म दिमागका यी चरा प्रायः सिकार गर्न मन पराउँदछन् ।

दाक्षाय्या ह्रस्वदेहाश्च बृहत्पक्षतिसंयुताः ॥

दाक्षाय्य जातका गिद्धको शरीर सानो र पखेँटा ठूला हुन्छन् ।

पक्षतिप्रान्तभागेषु श्वेतवर्णविभूषिताः । धूम्रवर्णा दीर्घपादाः क्षुद्रचञ्चुपुटा मताः ॥

पखेँटाको किनार सेतो हुन्छ, ध्वाँसे रङका हुन्छन्, खुट्टा लामा हुन्छन्, चुच्चो सानो हुन्छ ।

स्वयूथसहचारास्ते प्रायो नीडनिवासिनः । वनान्तराक्रमरताः सूक्ष्ममेधाश्च ते मताः ॥

यी वथानमा घुम्दछन् र प्रायः गुँडमा नै बस्ने गर्दछन् । यी वनको भित्री भागमा बस्न रुचाउँदछन् । यिनको सूक्ष्म दिमाग हुन्छ ।

सान्त्ववाग्विमुखाश्चैव नरगन्धासहिष्णवः ।
स्थूलोदरा दीर्घवैरा वैरिपक्षिविहिंसकाः ॥

यिनलाई मिठो स्वर र मानिसको गन्ध मन पर्दैन । पेट ठूलो हुन्छ । शत्रु चरासँग लामो समय इवि लिन्छन् र तिनलाई मार्दछन् ।

गगने दूरगाश्चैव जलभीताश्च निश्चिताः ।
यौवने बलपूर्णाश्च क्रूरकार्यरताश्च ते ॥

आकाशमा टाढाटाढासम्म उड्दछन् र पानीसँग डराउँदछन् । जवानमा नै बलिया हुन्छन् र हिंस्रक कार्यमा लाग्दछन् । सङ्कलन : मोहन प्रसाद सापकोटा

(यस ग्रन्थमा आतायि र चिल्ललाई पनि गिद्धकै जात भनिएको छ । यी दुई वर्गलाई मैले चीलको परिभाषा खण्डमा राखेको छु) ।

एवं बहुविधा गृध्रा नानावर्णगुणान्विताः ।
गृध्न्यश्च गृध्रतुल्याः स्युस्तत्समानगुणादिमाः ॥

यसरी अनेक वर्ण र गुण भएका अनेक थरी गिद्ध हुन्छन् । पोथीको गुण आदि पनि भालेको जस्तै हुन्छ ।

पञ्चमावधि तेषां तु यौवनं परिकीर्तितम् ।
गृध्राणां परमं चायुरष्टवर्षाणि निश्चितम् ॥

गिद्धको जवानी पाँच वर्षको उमेरसम्म हुन्छ । यिनका अधिकतम आयु आठ वर्षको हुन्छ ।

जातिक्रियादिभेदेन त्वे ते तामसमध्यमाः ।

जात, भेद आदिका आधारमा यो तामस र मध्यम खालको चरा हो ।

(ङ) राज निघण्टु :

गृध्रस्ताक्ष्र्यो वैनतेयः खगेन्द्रो भुजगान्तकः । वक्रतुण्डश्च दाक्षाय्यो गरुत्मान् दूरदर्शनः ॥

गृध्र, ताक्ष्र्य, वैनतेय, खगेन्द्र, भुजगान्तक, वक्रतुण्ड, दाक्षाय्य, गरुत्मान् र दूरदर्शन : यी गिद्धका संस्कृत पर्यायवाची नामहरू हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गृध्रसी (कम्मरदेखि पैँतालासम्म दुख्ने रोगविशेष)
(Sciatica, Sciatic neuritis)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय, सुश्रुत संहिता :

पार्ष्णिं प्रत्यङ्गुलीनां या कण्डरा मारुतार्दिता । सक्थ्युत्क्षेपं निगृह्णाति गृध्रसीं तां प्रचक्षते ॥

कुर्कुचादेखि औँलासम्म गएको मोटो नसालाई उत्तेजित र विकृत भएको वायुले समाती तिघ्रालाई समेत चलाउन वा उठाउन नसक्ने बनाएर रोक्ने रोगलाई "गृध्रसी" भनिन्छ ।

(ख) चरक संहिता, माधव निदान :

स्फिक्पूर्वा कटिपृष्ठोरुजानुजङ्घापदं क्रमात् । गृध्रसी स्तम्भरुक्तोदैर्गृह्णाति स्पन्दते मुहुः ॥
वाताद्वातकफात्तन्द्रागौरवारोचकान्विता ।

फिलो (कम्मर र कण्डेउलोको बीचको भाग) बाट शुरु भई क्रमशः कम्मरको पछिल्लो भाग, तिघ्रा, घुँडा, पिडौँला र गोडासम्म दुख्दै जाने रोगलाई गृध्रसी रोग भनिन्छ । यसले गर्दा गोडा अँठिने, दुख्ने, सियोले घोचे जसरी चसचस घोच्ने र फरफराउने गर्दछ । यस्तो गृध्रसीलाई शुद्ध वातविकारजन्य गृधसी भनिन्छ । तर, वातविकार र कफविकारजन्य गृध्रसीमा यसबाहेक उँग आउने, शरीर भारी हुने, खान मन नलाग्ने जस्ता लक्षण पनि देखिने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) भावप्रकाश संहिता :

स्फिक्पूर्वा कटीपृष्ठोरुजानुजङ्घापदं क्रमात् । गृध्रसी स्तम्भरुक्तोदैर्गृह्णाति स्पन्दते मुहुः ॥
वाताद्वातकफाभ्यां सा विज्ञेया द्विविधा पुनः । वातजायां भवेत्तोदो देहस्यातीव वक्रता ॥
जानुजङ्घोरुसन्धीनां स्फुरणं स्तब्धता भृशम् । वातश्लेष्मोद्भवायां तु गौरवं वह्निमार्दवम् ॥
तन्द्रा मुखप्रसेकश्च भक्तद्वेषस्तथैव च ॥
(गृध्रसी वातजा केवला स्फिगादिपदपर्यन्तं स्तम्भरुक्तोदैर्गृह्णाति । क्रमाद् वृद्धिक्रमात् । तेन यथायथा वर्द्धते तथातथा स्फिगादीनि आक्रामति, नात्र ग्रहणे निर्देशक्रमनियमः । तथा मुहुः स्पन्दते स्फिगापदषु शिरा कम्पं मरोतीत्यर्थः ।) ।

फिलाको जोर्नी, कमर, ढाड, तिघ्रा, घुँडा, पिडौँला र गोडा : जब यी अङ्ग लाटो हुन्छ, दुख्दछ, सियोले घोचे जसरी चसचस गरेर दुख्दछ अनि फिलाको जोर्नीमा रहेका नसा पटकपटक काम्दछ तब यसलाई "गृधसी" रोग भनिन्छ । जति जति यो रोग बढ्दै जान्छ उतिउति जोर्नीमा दबाव पनि बढ्दै जान्छ । वातजन्य र कफजन्य गरी गृध्रसी दुई किसिमका हुन्छन् । वातवन्य गृध्रसीमा सियोले घोचे जसरी दुख्दछ, शरीर अति नै बाङ्गो हुन थाल्दछ । तिघ्राको जोर्नी, घुँडा र पिडौँलाको जोर्नीमा रहेका नसा काम्न वा फरफराउन थाल्दछन्, अति नै लाटो हुन्छन् । वात र कफ दुवै मिलेर हुने गृध्रसीमा शरीर

भारी हुन्छ, पाचनशक्ति कमजोर हुन्छ, तन्द्रा आउँदछ, मुखबाट पानी चुहिन थाल्दछ र अन्नप्रति रुचि हराउन थाल्दछ ।

(घ) **माधव निदान :**

**(वातजायां भवेत्तोदो देहस्यापि पवक्रता । जानुकटयूरुसन्धीनां स्फुरणं स्तब्धता भृशम्॥
वातश्लेष्मोद्भवायां तु निमित्तं वह्निमार्दवम् । तन्द्रा मुखप्रसेकश्च भक्तद्वेषस्तथैव च ॥)**

वातविकारका कारण हुने गृध्रसीमा सियोले घोचे जसरी दुख्दछ, शरीर बाङ्गो हुन्छ तथा घुँडा, कम्मर र तिघ्राको जोर्नी फरफराउने वा च्याप्प समातेर अँठ्याए जस्तो हुने गर्दछ । वातविकार र कफविकार जन्य गृध्रसीकोमूल कारण भनेको अग्निमान्द्यता (शरीर एवं पेटको अग्नि कमजोर हुनु) हो । यसमा उँग लाग्ने, राल बहने र भात हेर्नै मन नलाग्ने हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गृष्टि (गिठो)
(Potato yam)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) गिठो : तरुलका लहरामा फल्ने डल्लो वा लाम्चो फल; गिट्ठो । (२) भ्याकुर : तरुलको जस्तो लहरो र लाम्चा चोसैचोसा परेका पात हुने, ठूलो र बाटुलो गाँठो परेको कन्द फल्ने वनस्पतिविशेष; त्यसैको सेतो, पहेँलो, नीलो आदि रङ हुने कन्द । (३) वाराह कन्द : वनमा पाइने कन्दमूलविशेष (गिठो, भ्यागुर, वाराहीकन्द) ।

(ख) के.यन.स्वामी : (१) वाराहीकन्द भनेको भ्याकुर हो । (४) पुटालु : भ्याकुर । (५) वाराही : सेतो कुभिण्डो । (६) सू(शूकरी), विष्वक्सेनकान्ता, वराही, ब्रह्मपुत्री, गृष्टिका, सूकरकन्द, अमृतम्, महावीर्य, महौषधि, वीर, सुकन्दक, वृद्धिद, व्याधिहन्ता : रानी गिठो । (७) क्रोडकन्या, कौमारी, क्रौडीकन्या, क्रोडीकन्या, वनवासी, कुष्ठनाशन : मिठो गिठो । (८) गृष्टि : गिठो । रानी गिठो । (९) त्रिनेत्रा : गीठा । (१०) वन्यम् : वन ओल । वन सूरण ।

रानी गिठो (तस्बिर श्रोत : keyserver.lucidcentral.org)

(घ) अमरकोश, कुलचन्द्रशर्मा : गृष्टि (घृष्टि), वदरा, वाराही र विष्वक्सेनप्रिया भनेको गिठो हो ।

(ङ) डा.चुनेकर : ल्याटिन भाषामा *Dioscorea bulbifera* Linn. र *Dooscoreaceae* भनिने दुई कन्द वाराहकन्दका रूपमा प्रयोग गरिन्छन् ।

(च) आचार्य वालकृष्ण : यसको वानस्पतिक नाम *Dioscorea bulbifera* Linn. वा *Dioscorea crispata* Roxb. हो । यसलाई अंग्रेजीमा Potato yam वा Bulb bearing yam भनिन्छ । यसको *Dioscorea pentaphylla* Linn. नामको एक अन्य प्रजाति पनि ओखतीमा प्रयोग हुन्छ । वाराहीकन्दलाई संस्कृतमा वाराहवदना, गृष्टिक, वाराही, वाराहीकन्द भनिन्छ । कोलकन्द र वनपलाण्डु संस्कृत नाम भएका वनस्पतिलाई बनप्याज भनिन्छ ।

(छ) द आयुर्वेद इन्साइक्लोपेडियामा स्वामी सदाशिव तिर्थः यसलाई अंग्रेजीमा Yam तथा ल्याटिन भाषामा *Dioscorea bulbifera* Linn., var.:sativa भनिन्छ ।

(ज) डा.सतिश चन्द्र साङ्ख्यधर : यसको ल्यालिन नाम *Urginea indica* Kunth र अंग्रेजी नाम Indian Squill हो । हिन्दी नाम जङ्गली प्याज हो । यसको पहिचानमा मतभेद छ, थप अनुसन्धान हुन जरुरी छ ।

(झ) फर्माकोपिया : वाराही वा वाराहीकन्द Dioscoreaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Dioscorea bulbifera* Linn. हो । यसको कन्द एक मात्रामा ३-६ ग्राम ओखतीमा प्रयोग हुन्छ ।

(ञ) TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April

2014 : गिठ्ठे तरुल Dioscoreaceae परिवारमा पर्दछ यसको वानस्पतिक नाम *Dioscorea bulbifera* L. हो ।

(ट) Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019 M गिठ्ठा Dioscoreaceae परिवारमा पर्दछ यसको वानस्पतिक नाम *Dioscorea bulbifera* L. हो ।

(ठ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : वनतरुल Angiosperm समूह अन्तर्गतको Dioscoreaceae परिवारमा पर्दछ यसको वानस्पतिक नाम *Dioscorea bulbifera* L. हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) धन्वन्तरि निघण्टु :

गृष्टिर्विष्वक्सेनकान्ता वाराही गृष्टिका च सा । माधवी सौकरी कान्तिः कान्ता च वनमालिनी ॥
कान्ता सौकरिका तिक्ता कुष्ठकृमिगरार्तिजित् । वाराह्याः कफहा कन्दः कटुको रसपाकतः ॥
हिमकुष्ठकृमिहरो हृद्यो बल्यो रसायनः ।

गृष्टि, विष्वक्सेनकान्ता, वाराही, गृष्टिका, माधवी, सौकरी, कान्ति, कान्ता र वनमालिनी : यी रानीगिठोका पर्यायवाची नाम हुन् । यो तितो, शुरुमा र पचेपछि पिरो, शीतवीर्यको, कीरा र कुष्ठ नाश गर्ने, मुटुका लागि हितकर, बलदायक र रसायनी गुणको हुन्छ ।

(ख) भावप्रकाश निघण्टु :

वाराहीकन्दसंज्ञस्तु पश्चिमे गृष्टिसंज्ञकः । वाराहीकन्द एवान्यैश्चर्मकारालुको मतः ॥
अनूपसम्भवे देशे वराह इव लोमवान् । वाराहवदना गृष्टिर्वरदेत्यपि कथ्यते ॥
वाराही तु रसे स्वाद्वी तिक्ता पाके पुनः कटुः । शुक्रायुःस्वरवर्णाग्निबलपित्तविवर्द्धिनी ॥
कफकुष्ठमरुन्मेहकृमिहृच्च रसायनी ।

वाराहकन्द नामको कन्दलाई पश्चिमतिर गृष्टि भन्दछन् । यसैलाई अरुहरू चर्मकारालुक पनि भन्दछन् । जल बढी हुने स्थान (अनूप) मा हुने यो सुँगुरको रौजस्तै दह्रा रौंले युक्त हुन्छ । यसका वाराहवदना, गृष्टि र वरदा पर्यायवाची नामहरू हुन् । यो स्वादिलो र तीतो हुन्छ तथा पचेपछि पिरो हुन्छ । यसले शुक्र, आयु, स्वर, वर्ण, पाचनशक्ति, बल र पित्तविकार बढाउँदछ । यसले कफविकार, कुष्ठ, वातविकार र कीरा नाश गर्दछ तथा रसायनी हुन्छ ।

(ग) मदनपाल निघण्टु :

वाराही माधवी गृष्टिः शौकरी वनमालिका । विश्वक्सेनप्रिया क्रोडनामा शम्बरकन्दकः ॥

वाराहां मधुरा कन्द कटुस्तिक्ताऽतिशुक्रला । बल्या शुक्रकरा वातकफमेहकृमीञ्जयेत् ॥

वाराही, माधवी, गृष्टि, शीकरी, वनमालिका, विश्वक्सेनप्रिया, क्रोडनाम र शम्बरकन्दक : यी गिठोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो कन्द गुलियो, पिरो र तीतो हुन्छ । यसले धेरै नै शुक्रवृद्धि गर्दछ । यसले बल र वीर्य बढाउँदछ तथा वातविकार, कफविकार, प्रमेह र कीरा नाश गर्दछ ।

वाराही मागधी गृष्टिस्तत्कन्दः सौकरः किटिः । सौकरः पित्तलो वर्ण्यः स्वादुस्तिक्तो रसायनः ॥
आयुः शुक्राग्निकृन्मेहकफकुष्ठानिलापहः ॥

वाराही, मागधी, गृष्टि, वाराहीकन्द, सौकर र किटि : यी गिठोका संस्कृत पर्यायवाची नामहरू हुन् । गिठो पित्तविकार बढाउने, शरीरको वर्णमा निखार लेराउने, स्वादिलो, तीतो र रसायनी गुणको हुन्छ । यसले आयु, वीर्य र पाचनशक्ति बढाउँदछ तथा प्रमेह, कफविकार, कुष्ठ र वातविकार नाश गर्दछ ।

(घ) राज निघण्टु :

स्याद्वाराही सू(शू)करी क्रोडकन्या गृष्टिर्विष्वक्सेनकान्ता वराही ।
कौमारी स्याद्ब्रह्मपुत्री त्रिनेत्रा क्रौडी कन्या गृष्टिका माधवेष्टा ॥
सूकरकन्दः क्रोडी वनवासी कुष्ठनाशनो वन्यः । अमृतश्च महावीर्यो महौषधिः शवरकन्दश्च ॥
वराहकन्दो वीरश्च ब्राह्मकन्दः सुकन्दकः । वृद्धिदो व्याधिहन्ता च वसुनेत्रमिताह्वयः ॥
वाराही तिक्तकटुका विषपित्तकफापहा । कुष्ठमेहक्रिमिहरा वृष्या बल्या रसायनी ॥

(१) वाराही, (२) सू(शू)करी, (३) क्रोडकान्ता, (४) गृष्टि, (५) विष्वक्सेनकान्ता, (६) वराही, (७) कौमारी, (८) ब्रह्मपुत्री, (९) त्रिनेत्रा, (१०) क्रौडी, (११) कन्या, (१२) गृष्टिका, (१३) माधवेष्टा, (१४) सूकरकन्द, (१५) क्रोडी, (१६) वनवासी, (१७) कुष्ठनाशन, (१८) वन्य, (१९) अमृत, (२०) महावीर्य, (२१) महौषधि, (२२) शवरकन्द, (२३) वराहकन्द, (२४) वीर, (२५) ब्राह्मकन्द, (२६) सुकन्दक, (२७) वृद्धिद र (२८) व्याधिहन्ता : यी अठ्ठाईस नाम रानी गिठोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तीतो, पिरो तथा विषविकार, पित्तविकार र कफविकार नाशक हुन्छ । यसले कुष्ठ, प्रमेह र कीरा नाश गर्दछ । यो वीर्यवर्धक, बलवर्धक र रसायनी हुन्छ ।

गृहगोधा (माउसुली)
(Gecko)

परिभाषा :

(क) के.यन.स्वामी : (१) ब्राह्मणी : छेपारो । (२) गृहगोधा, गृहगोधिका : पोथी माउसुली । (३) रक्तपुच्छक : कीरोविशेष । (४) पल्ली : माउसुली । (५) ज्येष्ठा : पल्ली । माउसुली । (६) पल्लिका : माउसुली ।

(ख) नेपाली कृहत् शब्दकोश : (१) टिकटिक : माउसुली कराउँदाको आवाज । (२) पल्ली : माउसुली; भित्ती; टिकटिके । (३) माउसुली : घरकोठाका दलिन र भित्ताभित्ता टाँसिएर दगुर्ने, भुसुना, कीरा आदि टिपेर खाने, छेपाराको जातको लाम्चो कीरो; घरछेपारो ।

(ग) डा.सतिश चन्द्र साङ्ख्यधर : ब्राह्मणीलाई अंग्रेजीमा House Lizard तथा ल्याटिन भाषामा *Hemidactylus* भनिन्छ ।

(घ) ईयनडटविकिपेडियाडटओआरजी : हेमिडेक्टिलस वैज्ञानिक नाम भएका माउसुली निम्नानुसार चार प्रकारका हुन्छन् । यस बाहेक पनि अन्य छ प्रकारका माउसुली हुन्छन् ।

क्र.सं.	वैज्ञानिक नाम	अंग्रेजी नाम
१	*Hemidactylus platyurus*	**Flat-tailed house gecko**
२	*Hemidactylus garnotii*	**Indo-Pacific gecko**
३	*Hemidactylus brookii*	**Brooke's house gecko**
४	*Hemidactylus flaviviridis*	**Northern house gecko**

प्राचीन ग्रन्थका वचनहरू :

माउसुली
(तस्विर श्रोत : जनपत्रडटकम)

(क) **कैयदेव निघण्टु :**

निहको गोधिका गोधी मुशली गृहगोधिका ।

निहका, गोधिका, गोधी, मुशली र गृहगोधिका : यी माउसुलीका पर्यायवाची नाम हुन् ।

(ख) **चरक संहिता :**

दाहतोदस्वेदशोथकरी तु गृहगोधिका ।

माउसुलीले टोके डाह हुने, सियोले घोचे जसरी दुख्ने र सुन्निने गर्दछ ।

(ग) राज निघण्टु :

ब्राह्मणी गृहगोधा च सुपदी रक्तपुच्छिका॥

ब्राह्मणी, गृहगोधा, सुपदी र रक्तपुच्छिका : यी नाम माउसुली विशेषका संस्कृत पर्यावाची नामहरू हुन्।

पल्ली नु मुसली प्रोक्ता गृहगोधा गृहालिका।
ज्येष्ठा च कुडचमत्स्या च पल्लिका गृहगोधिका॥७७॥

पल्ली, मुसली, गृहगोधा, गृहालिका, ज्येष्ठा, कुडचमत्स्या, पल्लिका र गृहगोधिका : यी माउसुलीका संस्कृत पर्यायवाची नामहरू हुन्।

(घ) भावप्रकाश संहिता, माधव निदान :

विदाहं श्वयथुं तोदं स्वेदं च गृहगोधिका।

माउसुलीले टोकेमा पोल्ने, सुन्निने, सियोले घोचे जसरी दुख्ने र पसिना आउने जस्ता लक्षण देखिन्छ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

नोट : शास्त्रमा माउसुली शरीरमा खसे वा चढे खसेको वा चढेको अङ्ग अनुसारका फल पनि बताइएका छन्।

गैरिक (गेरु)
(Hematite, Red ochre)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : गैरिक भनेको गेरु हो ।
(ख) के.यन.स्वामी : गैरिक, रक्तधातु र गिरिजम् भनेको गेरु हो ।
(ग) नेपाली बृहत् शब्दकोश : (१) गेरु : घर, कोठा र लुगा (प्रायः जोगिका) आदि रँगाउन प्रयोग गरिने फुस्रो रातो रङको खनिज वा रछाहा पहेँल्चो माटो । (२) गेरुवा : गेरु रङको; गेरुले रँगाएको; गेरु रङ पोतिएको; काषाय । (३) धातुराग : गेरु ।
(घ) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : गेरुलाई अंग्रेजीमा Oker वा Red lumber stone तथा ल्याटिनमा *Bole rubra* भनिन्छ ।
(ङ) भावप्रकाश निघण्टु : गेरु रातो हुन्छ भने सुवर्णगेरु त्योभन्दा पनि रातो हुन्छ ।
(च) डा.सतिश चन्द्र साङ्ख्यधर : गेरुको अंग्रेजी नाम Red ochre हो ।

गेरुहरू (तस्विर श्रोत : पेयर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

गैरिकं रक्तशमनं सुवीरं शैलसम्भवम् । रक्तधातुस्ताम्रधातुर्गिरिमृच्चेति कथ्यते ॥
गैरिकं यद्रक्ततरं स्वर्णाभं गैरिकोत्तमम् । तत्स्वर्णं गैरिकं प्रोक्तं चक्षुष्यं सौम्यमित्यपि ॥

गैरिक, रक्तशमन, सुवीर, शैलसम्भव, रक्तधातु, ताम्रधातु र गिरिमृत् : यी गेरुका पर्यायवाची नाम हुन् । बढी रातो हुने सुनजस्तो चम्किलो गेरु उत्तम हुन्छ । यसलाई स्वर्णगैरिक, चक्षुष्य र सौम्य भनिन्छ ।

(ख) अभिधान रत्नमाला :

गिरिमृद् गैरिकं धातु रक्ताश्म रक्तकान्तिकम् ।

गिरिमृद्, गिरिकल धातु, रक्ताश्म र रक्तकान्तिक : यी गेरुका पर्यायवाची नाम हुन् ।

(ग) **अष्टाङ्ग निघण्टु :**

रक्तपाषाणको धातुः गिरिमृद् गैरिकः स्मृतः ।

रक्तपाषाणक, धातु, गिरिमृद् र गैरिक : यी गेरुका पर्यायवाची नाम हुन् ।

(घ) **कैयदेव निघण्टु :**

गैरिकं गिरिजं धातु लोहितं कारजं स्मृतम् । गवेधुकं तु कृह्लत् रक्तपाषाणकस्तथा ॥
रक्तधातुस्ताम्रधातु लोहितं कारजं स्मृतम् । अन्यत्स्वर्णनिभं स्वर्णगैरिकं स्वर्णभूषणम् ॥
चक्षुष्यं रक्तशमनं रक्तसौम्यं दलाढकम् । गैरिको मधुरः स्निग्धो विशदस्तुवरो हिमः ॥
चक्षुष्यो दाहहृल्लासकफपित्तविषापहः । सुवर्णगैरिकं तद्वत् चक्षुष्यं वमिवातनुत् ॥

गैरिक, गिरिज, धातु, लोहित, कारज, गवेधुक, कृह्लत्, रक्तपाषाणक, रक्तधातु, ताम्रधातु, लोहित र कारज : यी गेरुका तथा स्वर्णगैरिक, स्वर्णभूषण, चक्षुष्य, रक्तशमन, रक्तसौम्य र दलाढक : यी सुनजस्तै चम्किलो हुने सुवर्णगेरुका पर्यायवाची नाम हुन् । गेरु गुलियो, चिल्लो, सुन्दर, टर्रो, शीतवीर्यको, आँखाका लागि हितकर तथा डाह, छातीको पीडा, कफविकार, पित्तविकार र विषविकार नाश गर्ने गुणको हुन्छ । सुवर्णगेरुमा पनि यिनै गुण हुन्छन् । यो आँखाका लागि हितकर तथा वाकवाकी र वातविकार नाश गर्ने गुणको हुन्छ ।

सङ्कलन : मोहनप्रसाद मापकोटा

(ङ) **धन्वन्तरि निघण्टु :**

गैरिकं रक्तधातु स्यात्ताम्रधातुर्गवेधुकम् । पाषाणगैरिकं चैव द्वितीयं स्वर्णगैरिकम् ॥
पाषाणगैरिकं प्रोक्तं कठिनं ताम्रवर्णकम् । विशदो गैरिकः स्निग्धः कषायो मधुरो हिमः ॥
चक्षुष्यो रक्तपित्तघ्नश्छर्दिहिध्माविषापहः ।

गैरिक, रक्तधातु, ताम्रधातु र गवेधुक : यी गेरुका पर्यायवाची नाम हुन् । यो पाषाणगैरिक र स्वर्णगैरिक गरी दुई किसिमको हुन्छ । पाषाणगैरिक साह्रो र तामाजस्तो रङको हुन्छ । गेरु सफा, चिल्लो, टर्रो, गुलियो, शीतवीर्यको, आँखाका लागि हितकर तथा रक्तपित्त, वाकवाकी, बाडुली र विषविकार नाशगर्ने गुणको हुन्छ ।

सुवर्णगैरिकं चान्यत्ततो रक्तरजो विदुः ॥ अत्यन्तशोणितं स्निग्धं मसृणं स्वर्णगैरिकम् ।
स्वादु स्निग्धं हिमं नेत्र्यं कषायं रक्तपित्तजित् ॥ हिध्मावमिविषघ्नं च रक्तघ्नं स्वर्णगैरिकम् ।

अर्को थरी गेरुलाई सुवर्णगैरिकलाई रक्तरज पनि भनिन्छ । सुवर्णगैरिक रगत जस्तै अति नै रातो, चिल्लो र चम्किलो हुन्छ । यो गुलियो, चिल्लो, शीतवीर्यको, आँखाका लागि हितकर, टर्रो,

रक्तपित्तलाई जित्ने तथा बाडुली, वाकवाकी, विषविकार र रक्तविकार नाशगर्ने गुणको हुन्छ ।

(च) **पर्याय रत्नमाला :**

गिरिमृद् गौरिकं धातू रक्तं लोहितमृत्तिका । सुवर्णं गैरिकं चान्यत् सुरक्तं स्वर्णगैरिकम् ॥

गिरिमृद्, गौरिक, धातू, रक्त र लोहितमृत्तिका : यी गेरुका तथा सुरक्त र स्वर्णगैरिक : यी सुवर्णगेरुका पर्यायवाची नाम हुन् ।

(छ) **भावप्रकाश निघण्टु :**

गैरिकं रक्तधातुश्च गैरेयं गिरिजं तथा ॥ सुवर्णगैरिकमन्यत्तु ततो रक्ततरं हि तत् ।
गैरिकद्वितयं स्निग्धं मधुरं तुवरं हिमम् ॥ चक्षुष्यं दाहपित्तास्रकफहिक्काविषापहम् ।

गैरिक, रक्तधातु, गैरेय र गिरिज : यी गेरुका संस्कृत पर्यायवाची नामहरू हुन् । गेरु रातो हुन्छ भने सुवर्णगेरु त्योभन्दा पनि रातो हुन्छ । दुवै गेरु चिल्ला, गुलिया, टर्रा र शीतल गर्ने गुणका हुन्छन् । यी आँखाका लागि लाभदायक तथा डाह, पित्तविकार, रक्तविकार, कफविकार, बाडुली रोग र विषविकार नाशक हुन्छन् ।

(ज) **मदनपाल निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

गैरिकं रक्तपाषाणं गिरिधातु गवेधुकम् । स्वर्णवर्णं परं स्वर्णमण्डलं स्वर्णगैरिकम् ॥
गैरिकं दाहपित्तास्रकफहिक्काविषापहम् ।
चक्षुष्यमन्यत्तद्वच्च विशेषाद्वान्तिनाशनम् ॥

गैरिक, रक्तपाषाण, गिरिधातु र गवेधुक : यी गेरुका तथा स्वर्णवर्ण, स्वर्णमण्डल र स्वर्णगैरिक : यी सुवर्णगेरुका संस्कृत पर्यायवाची नामहरू हुन् । गेरुले डाह, पित्तविकार, रक्तविकार, कफविकार, बाडुली रोग र विषविकार नाश गर्दछ । यो आँखाका लागि हितकर हुन्छ । सुवर्ण गेरुमा पनि यिनै हुन्छन् । विशेष गरी यसले वाकवाकी नाश गर्दछ ।

(झ) **माधवद्रव्यगुण :**

विशदो गैरिकः स्निग्धः कषायो मधुरो हिमः ।
सुवर्णगैरिकं तद्वच्चक्षुष्यं तद् विशेषतः ॥

गेरु सुन्दर, चिल्लो, टर्रो, गुलियो र शीतवीर्यको हुन्छ । सुवर्णगेरुमा पनि यिनै गुण हुन्छन् । यो विशेषगरी आँखाका लागि हितकर हुन्छ ।

(ञ) राज निघण्टु :

गैरिकं रक्तपाषाणं गिरिधातु गवेधुकम् । स्वर्णवर्णं परं स्वर्णमण्डलं स्वर्णगैरिकम् ॥
गैरिकं दाहपित्तास्रकफहिक्काविषापहम् । चक्षुष्यमन्यत्तद्वच्च विशेषाद्वान्तिनाशनम् ॥

गैरिक, रक्तपाषाण, गिरिधातु र गवेधुक : यी गेरुका तथा स्वर्णवर्ण, स्वर्णमण्डल र स्वर्णगैरिक : यी सुवर्णगेरुका संस्कृत पर्यायवाची नामहरू हुन् । गेरुले डाह, पित्तविकार, रक्तविकार, कफविकार, बाडुली रोग र विषविकार नाश गर्दछ । यो आँखाका लागि हितकर हुन्छ । सुवर्ण गेरुमा पनि यिनै हुन्छन् । विशेष गरी यसले वाकवाकी नाश गर्दछ ।

(ट) शार्ङ्गधर संहिता :

गेरुलाई ज्यामिरको रसमा एक दिन भिजाउनू र घाममा राख्नू शुद्ध हुन्छ । यसपछि यसलाई रोग आदिमा दिनु उपयुक्त हुन्छ ।

(ठ) शालिग्राम निघण्टु :

पाषाणगैरिकं प्रोक्तं कठिनं ताम्रवर्णकम् ।

पाषाणगैरिक, कठिन र ताम्रवर्णक : यी पाषाणगैरिकका पर्यायवाची नाम हुन् ।

सुवर्णगैरिकं स्निग्धं मधुरं तुवरं मतम् । चक्षुष्यं शीतलं बल्यं व्रणरोपणकारकम् ॥
विशदं कान्तिकृत्प्रोक्तं दाहं पित्तं कफं जयेत् । हिक्कां रक्तरुजं जूर्तिविषविस्फोटकं वमिम् ॥
अग्निदग्धव्रणं चार्शो रक्तपित्तं च नाशयेत् ।

सुवर्णगेरु चिल्लो, गुलियो, टर्रो, आँखाका लागि हितकर, शीतवीर्यको, बलदायक, खटिराको घाउ भर्ने, सुन्दर, कान्तिदायक; डाह, पित्तविकार र कफविकारलाई जित्ने तथा बाडुली, रक्तविकार, जरो, विषविकार, विस्फोट, वाकवाकी, आगोले ढडेको घाउ, हर्सा र रक्तपित्त नाश गर्ने गुणको हुन्छ ।

गैरिक द्वितयं स्निग्धं मधुरं तुवरं मतम् । चक्षुष्यं दाहपित्तास्रकफहिक्काविषापहम् ॥

दुवै थरी गेरु चिल्ला, गुलिया, टर्रा, आँखाका लागि हितकर तथा डाह, पित्तविकार, रक्तविकार, कफविकार, बाडुली र विषविकार नाश गर्ने गुणका हुन्छन् ।

(ड) सरस्वती निघण्टु :

गैरिकं गिरिमृद्धातु सौम्यं काञ्चनभूषणम् । रक्तपाषाणकं कान्तधातु प्रोक्तं गवेधुकम् ॥

गैरिक, गिरिमृत्, धातु, सौम्य, काञ्चनभूषण, रक्तपाषाणक, कान्तधातु र गवेधुक : यी गेरुका

पर्यायवाची नाम हुन् ।

(ढ) **सोढल निघण्टु :**

गैरिके रक्तधातुः स्यात्ताम्रधातुर्गवेधुकम् ।
मृत्तिका स्पष्टरक्ता च पट्टधातुरिति स्मृतम् ॥

गैरिक, रक्तधातु, ताम्रधातु, गवेधुक, मृत्तिका, स्पष्टरक्ता र पट्टधातु : यी गेरुका पर्यायवाची नाम हुन् ।

गेरु (तस्बिर श्रोत : इण्डियामार्ट डटकम)

सुवर्णगैरिकेऽन्यस्मिन् सुरक्तं हेमभूषणम् ।
चक्षुष्यं शैलसम्भूतं गिरिमृद् रक्तमृत्तिका ॥

सुवर्णगैरिक, सुरक्त, हेमभूषण, चक्षुष्य, शैलसम्भूत, गिरिमृद् र रक्तमृत्तिका : यी सुवर्णगेरुका पर्यायवाची नाम हुन् ।

(ण) **हृदयदीपक निघण्टु :**

गैरिकं गिरिमृचान्यल्लोहितं स्वर्णगैरिकम् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गैरिक र गिरिमृद् : यी गेरुका तथा लोहित र स्वर्णगैरिक : यी सुवर्णगेरुका पर्यायवाची नाम हुन् ।

गोक्षुर (गोखुर वा ओदाने काँडो)
(Caltrops)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : गोक्षुरक आदि शब्दले ओदाने काँडोलाई बुझाउँदछ । यो सामान्य र सानो गरी दुई प्रकारको हुन्छ ।

(ख) के.यन.स्वामी : इक्षुगन्धा, गोकण्टक आदि : गोखुर । गोक्षुरक : अमिलीको जस्तो पात, सुपको जस्तो पहेँलो फूल, नजिक नजिकमा आँख्ला हुने हाँगा, हाँगा र बोटमा भुवा हुने, आँख्लाबाटै पात र फूल निस्कने, पाँचतिर चुच्चो परेका काँढा हुने फल फल्ने, फलको प्रत्येक काँढा दुईतिरबाट जोडिएको हुने र फलभित्र एउटा बियाँ हुने एक पोथ्रो; त्यसैको फल; सानो गोखुर ।

(ग) नेपाली बृहत् शब्दकोश (गोखुर) : ससाना पात हुने, सेतो फूल फुल्ने एक बोट वा त्यसैको काँढावाल फल ।

स्वादुकण्टक (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(घ) म.सं.वि.वि.बाट प्रकाशित सौश्रुत निघण्टुको परिशिष्टमा यसको नेपाली नाम गोखुर र ल्याटिन नाम *Tribulus terrestris* L. दिइएको छ ।

(ङ) द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ : यसलाई अंग्रेजीमा Small Caltrops, Goats head वा Puncture Vine तथा ल्याटिन भाषामा *Tribulus terrestris* Linn. *(T.lenuginosus, T. aeylanicus)* भनिन्छ ।

(च) धन्वन्तरी निघण्टुका टीकाकार वैद्य डी.के. कामत र डा.यस.डी.कामत : षडङ्ग र त्रिकण्टक गरी दुई प्रकारका विरुवालाई गोखुर मानिएको पाइन्छ । यी क्रमशः Zygophyllaceae र Pedaliaceae परिवारमा पर्दछन् । यिनका वानस्पतिक नाम क्रमशः *Tribulus terrestris* Linn. Syn. *T. lanuginosus* Willd. र *Pedalium murex* Linn. हुन् ।

(छ) पेयर डी अमरकोश : यो Zygophyllaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Tribulus terrestris* L. Syn-*Tribulus lanuginosus* Linn. हो । अंग्रेजीमा यसलाई Cat's Head भनिन्छ ।

(ज) आचार्य बालकृष्ण : यो Zygophyllaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Tribulus terrestris Linn.* हो । अंग्रेजीमा यसलाई Land caltrops, Devil's thorn, Goat head, Puncture vine वा Small caltrops भनिन्छ ।

(झ) फर्माकोपिया : संस्कृतमा गोक्षुर, गोक्षुरक, त्रिकण्ट, स्वदंष्ट्र र त्रिकण्टका नामले चिनिने वनस्पति Zygophyllaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Tribulus terrestris* Linn. हो । यसलाई अंग्रेजीमा Caltrops भनिन्छ । ओखतीका लागि यसको जराको वा फलको काँडापानीको २०-३० ग्रामको एक मात्रा हुन्छ भने यसको फलको धूलाको ३-५ ग्रामको एक मात्रा हुन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

गोकण्टकः श्वदंष्ट्रा भक्षटको गोक्षुरश्च गोक्षुरकः ।
स्त्रिकटस्त्रिकः शरण्यः पर्यायैरार्द्रकण्टको भवति ॥
गोकण्टः कण्टफलस्त्रिकण्टको व्यालदंष्ट्रिकः क्षुरकः ।
स्थलशृङ्गाटः क्रूरः कण्टः स्यात् कण्टकः क्षुरुर्वढः ॥

इक्षुगन्धा (तस्बिर श्रोत : पेयर डी अमरकोश)

गोकण्टक, श्वदंष्ट्रा, भक्षटक, गोक्षुर, गोक्षुरक, त्रिकट, त्रिक, शरण्य र आर्द्रकण्टक तथा गोकण्ट, कण्टफल, त्रिकण्टक, व्यालदंष्ट्रिक, क्षुरक, स्थलशृङ्गाट, क्रूर, कण्ट, कण्टक र क्षुरुर्वढ : यी गोखुरका पर्यायवाची नाम हुन् ।

(ख) अभिधान रत्नमाला :

ापकोटा

त्रिकण्टककः श्वदंष्ट्रा च गोक्षुरः कण्टकक्षुरः । व्यालदंष्ट्रा कण्टफलः स्थलशृङ्गाटकश्च सः ॥

त्रिकण्टकक, श्वदंष्ट्रा, गोक्षुर, कण्टकक्षुर, व्यालदंष्ट्रा, कण्टफल र स्थलशृङ्गाटक : यी गोखुरका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

पलङ्कषा त्विक्षुगन्धा श्वदंष्ट्रा स्वादुकण्टकः । गोकण्टको गोक्षुरको वनशृङ्गाट इत्यपि ॥

पलङ्कषा, इक्षुगन्धा, श्वदंष्ट्रा, स्वादुकण्टक, गोकण्टक, गोक्षुरक र वनशृङ्गाट : यी गोखुरका पर्यायवाची नाम हुन् । यसैलाई ओदाने काँडो पनि भन्दछन् ।

(घ) अर्कप्रकाश :

गोक्षुरस्याश्मरीमेहकृच्छ्रहृद्रोगवातहा ॥

गोखुरको अर्कले पत्थरी, प्रमेह, कृच्छ्र, मुटुका रोग र वातविकार नाश गर्दछ ।

(ङ) **अष्टाङ्ग निघण्टु :**

गोकण्टको गोक्षुरकः श्वदंष्ट्रा च त्रिकण्टकः ।

गोकण्टक, गोक्षुरक, श्वदंष्ट्रा र त्रिकण्टक : यी गोखुरका पर्यायवाची नाम हुन् ।

(च) **अष्टाङ्ग हृदय :**

फलोन्मुखो गोक्षुरकः समूलश्च्छायाविशुष्कः सुविचूर्णिताङ्गः ।
सुभावितः स्वेन रसेन तस्मान्मात्रां परां प्रासृतिकीं पिबेद्यः ॥
क्षीरेण तेनैव च शालिमश्नन् जीर्णे भवेत्स द्वितुलोपयोगात् ।
शक्तः सुरूपः सुभगः शतायुः कामी ककुद्मानिव गोकुलस्थः ॥

गोखुरको बोटमा जब फूल फुल्दछ र फल लाग्न आँट्दछ त्यतिखेर यसलाई जरै समेत उखेल्नू । यसपछि छायामा सुकाउनू र धूलो बनाउनू । यो धूलोलाई यसैको स्वरसमा (एक रात छायामा) ढड्याउनू । यसपछि यसलाई उत्तम मात्रा अर्थात् एक प्रसृतिसम्म (१६ तोला) खाने गर्नू । यसपछि दूध पिउनू । भोक लाग्दा पथ्य मार्सि चामलको भात पनि दूधसँग नै खानू । सामान्यतः यो ओखती एक मात्रामा दुई तोला खानु पर्दछ । यसरी गोखुर खानाले मानिस बलियो, रूपवान्, भाग्यवान्, सय वर्ष आयुको तथा गाईको बथानमा रहेको (जुरो भएको) साँढे समान कामुक बन्दछ ।

(छ) **कैयदेव निघण्टु :**

पलङ्कषा (तस्विर श्रोत : पेयर डी अमरकोश)

गोकण्टकः कण्टफलो भक्षरः स्वादुकण्टकः ।
स्वदंष्ट्रकी व्यालदंष्ट्रो गोक्षुरुर्गोक्षुरः क्षुरः ॥
षडङ्गः स्थलशृङ्गाटस्त्रिकण्टस्त्रिकटस्त्रिकः ।
गोक्षुरो मधुरो वृष्यो दीपनो बलपुष्टिकृत् ॥
शीतलो वस्तिवातघ्नो दोषत्रयनिबर्हणः ।
हृद्रोगमेहकृच्छ्राश्मश्वासकासरुजाहरः ॥

गोकण्टक, कण्टफल, भक्षर, स्वादुकण्टक, स्वदंष्ट्रकी, व्यालदंष्ट्रा, गोक्षुरु, गोक्षुर, क्षुर, षडङ्ग, स्थलशृङ्गाट, त्रिकण्ट, त्रिकट र त्रिक : यी गोखुरका पर्यायवाची नाम हुन् । यो गुलियो, वीर्यवर्धक, दीपनी, बलदायक, पुष्टिदायक, शीतवीर्यको तथा मूत्राशयको वातरोग (वा वातविकार र वीसतका रोग), त्रिदोष, मुटुका रोग, प्रमेह, कृच्छ्र, दम र खोकी नाश गर्ने गुणको हुन्छ ।

(ज) **धन्वन्तरि निघण्टु :**

गोक्षुरः स्याद् गोक्षुरको भक्षकः स्वादुकण्टकः । गोकण्टको भक्षटकः षडङ्गः कण्टकत्रिकः ॥

श्वदंष्ट्रो बृंहणो वृष्यांस्त्रिदोषशमनोऽग्निकृत्। शूलहृद्रोगकृच्छ्रघ्नः प्रमेहांवांनवतकः॥
(गोकण्टो गोक्षुरः कण्टीः षडङ्गः क्षुरकः क्षुरः। त्रिकण्टकः कण्टफलः श्वदंष्ट्रो व्यालदंष्ट्रकः॥
-इत्यानन्दाश्रम पुस्तके अधिकः पाठः। गोक्षुरः स्याद् गोक्षुरको भक्षकः स्वादुकण्टकः।
गोकण्टको भक्षकण्टः षडङ्गः क्षुरकः क्षुरः॥ गोकण्टो गोक्षुरः कण्टी षडङ्गः त्रिकट स्त्रिकः।
त्रिकण्टकः कण्टफलः श्वदंष्ट्रः व्यालदंष्ट्रकः॥ इति क्षीरस्वामी टीकायामुद्धृतः पाठः।)।

गोक्षुर, गोक्षुरक, भक्षक, स्वादुकण्टक, गोकण्टक, भक्षटक, षडङ्ग र कण्टकत्रिक : यी गोखुरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो पौष्टिक, वीर्यवर्धक, त्रिदोष शान्त पार्ने, पाचनशक्ति बढाउने तथा शूल, मुटुका रोग, कृच्छ्र र प्रमेह नाशक हुन्छ। (गोकण्ट, गोक्षुर, कण्टी, षडङ्ग, क्षुरक, क्षुर, त्रिकण्टक, कण्टफल, श्वदंष्ट्र र व्यालदंष्ट्रक : यी आनन्दाश्रममा रहेको पुस्तकमा भएको थप श्लोक अनुसार गोखुरका नामहरू हुन्। यसैगरी गोक्षुर, गोक्षुरक, भक्षक, स्वादुकण्टक, गोकण्टक, भक्षकण्ट, षडङ्ग, क्षुरक, क्षुर, गोकण्ट, गोक्षुर, कण्टी, षडङ्ग (?), त्रिकट, स्त्रिक, त्रिकण्टक, कण्टफल, श्वदंष्ट्र र व्यालदंष्ट्रक : यी नाम क्षीरस्वामीले लेखेको टीकाबाट लिइएका गोखुरका नामहरू हुन्।

(झ) **निघण्टुशेष :**

गोक्षुरे स्थलशृङ्गाट-वनशृङ्गाट-गोखुराः। कण्टी षडङ्गो गोकण्टस्त्रिकण्टस्त्रिककण्टकः॥
इक्षुगन्धा व्यालदंष्ट्रः श्वदंष्ट्रः स्वादुकण्टकः। पलङ्कषा कण्टफलः षडन्तो भूक्षुरः क्षुरः॥
(गाः क्षुरति-व्यथयति गोक्षुरः। स्थलस्य शृङ्गाटः स्थलशृङ्गमटति वा स्थलशृङ्गाटः। वनस्य शृङ्गाटो वनशृङ्गाटः। गवां खुरो वेधकत्वाद् गोखुरः। कण्टाः सन्त्यस्य कण्टी। षड् अङ्गान्यस्य षडङ्गः। गवां कण्टो गोकण्टः। त्रयः कण्टा अस्य त्रिकण्टः। त्रिकं कण्टकानामस्य त्रिककण्टकः। इक्षोर्गन्ध इव गन्धोऽस्याः इक्षुगन्धा। व्यालस्येव दंष्ट्राऽस्य व्यालदंष्ट्रः। शुनो दंष्ट्रेव हिंस्रत्वात् श्वदंष्ट्रः। स्वादवः-मृष्टाः कण्टका अस्य स्वादुकण्टकः। पलं-मांसं कषति पलङ्कषा। कण्टप्रधानं फलमस्य कण्टफलः। षड् अन्ता यस्य स षडन्तः। भुवः क्षुर इव भूक्षुरः। क्षुरति क्षुरः।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोक्षुर, स्थलशृङ्गाट, वनशृङ्गाट, गोखुर, कण्टी, षडङ्ग, गोकण्ट, त्रिकण्ट, त्रिककण्टक, इक्षुगन्धा, व्यालदंष्ट्र, श्वदंष्ट्र, स्वादुकण्टक, पलङ्कषा, कण्टफल, षडन्त, भूक्षुर र क्षुर : यी गोखुरका पर्यायवाची नाम हुन्।

(ञ) **पर्यायरत्नमाला :**

त्रिकुटः स्थलशृङ्गाटो गोकण्टोऽथ त्रिकण्टकः।
त्रिपुटः कण्टकफलः श्वदंष्ट्रा गोक्षुरः क्षुरः॥

त्रिकुट, स्थलशृङ्गाट, गोकण्ट, त्रिकण्टक, त्रिपुट, कण्टकफल, श्वदंष्ट्रा, गोक्षुर र क्षुर : यी गोखुरका पर्यायवाची नाम हुन्।

(ट) **भावप्रकाश निघण्टु :**

**गोक्षुरः क्षुरकोऽपि स्यात्त्रिकण्टः स्वादुकण्टकः । गोकण्टको गोक्षुरको वनशृङ्गाट इत्यपि॥
पलङ्कषा श्वदंष्ट्रा च तथा स्यादिक्षुगन्धिका । गोक्षुरः शीतलःस्वादुर्बलकृद्बस्तिशोधनः॥
मधुरो दीपनो वृष्यः पुष्टिदश्चाऽश्मरीहरः । प्रमेहश्वासकासार्शः कृच्छ्रहृद्रोगवातनुत्॥**

गोक्षुर, क्षुरक, त्रिकण्ट, स्वादुकण्टक, गोकण्टक, गोक्षुरक, वनशृङ्गाट, पलङ्कषा, श्वदंष्ट्रा र इक्षुगन्धिका : यी ओदानेकाँडोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले शीतल गर्दछ, स्वादिलो हुन्छ, बल दिन्छ र तल्लो पेट सफा गर्दछ । यो गुलियो, दीपनी, वीर्यवर्धक, पौष्टिक र पत्थरी नाशक हुन्छ । यसका साथै यसले प्रमेह, दम, खोकी, अल्काई, कृच्छ्ररोग, मुटुका रोग र वातरोग समेत ठिक गर्दछ ।

(ठ) मदनपाल निघण्टु :

**त्रिकण्टकः कण्टफलो गोक्षुरः स्वादुकण्टकः । गोकण्टको भक्ष्यटकस्त्रिकण्टो व्यालदंष्ट्रकः॥
श्वदंष्ट्रा स्थूलश्रृङ्गाटः षडङ्गः क्षुरकस्त्रिकः । गोक्षुरः शीतलः स्वादुर्बलकृद्बस्तिशोधनः॥
प्रमेहश्वासकासास्रकृच्छ्रहृद्रोगवातजित्॥**

ओदाने काँडोका त्रिकण्टक, कण्टफल, गोक्षुर, स्वादुकण्टक, गोकण्टक, भक्ष्यटक, व्यालदंष्ट्रक, श्वदंष्ट्रा, स्थूलशृङ्गाट, षडङ्ग, क्षुरक र त्रिक : यी संस्कृत पर्यायवाची नामहरू हुन् । यसले ठण्डी गर्दछ र स्वादिष्ट हुन्छ । ओदाने काँडोले बल बढाउँदछ र तल्लो पेटलाई सफा गर्दछ तथा प्रमेह, दम, खोकी रक्तपित्त, पत्थरी, सुन्निने रोग र मुटु रोग ठिक गर्दछ भने वातलाई शान्त पार्दछ ।

(ड) मदनादि निघण्टु :

**गोक्षुरस्यात् गोक्षुरकः श्वदंष्ट्रा च त्रिकण्टका । .... गोकण्टः स्वादुकण्टकः॥
मूत्रकृच्छ्रानिलहरो वस्तिवातनिवारणः । वृष्यः स्वादुरसश्शीतो गोक्षुरो श्वासकासहा॥**

गोक्षुर, गोक्षुरक, श्वदंष्ट्रा, त्रिकण्टका, ... (?), गोकण्ट र स्वादुकण्टक : यी गोखुरका पर्यायवाची नाम हुन् । यसले मूत्रकृच्छ्र, वातविकार र मूत्राशयको वातविकार नाश गर्दछ । यो वीर्यवर्धक, गुलियो, शीतवीर्यको तथा दम र खोकी नाश गर्ने गुणको हुन्छ ।

(ढ) राजनिघण्टु :

**स्याद्गोक्षुरो गोक्षुरकः क्षुराङ्गः श्वदंष्ट्रकः कण्टक-भद्रकण्टकौ ।
स्याद् व्यालदंष्ट्रः क्षुरको महाङ्गो दुश्चक्रमश्च क्रमशो दशाह्वः॥**

(१) गोक्षुर, (२) गोक्षुरक, (३) क्षुराङ्ग, (४) श्वदंष्ट्रक, (५) कण्टक, (६) भद्रकण्टक, (७) व्यालदंष्ट्र, (८) क्षुरक, (९) महाङ्ग र (१०) दुश्चक्रम : यी दश नाम गोखुरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

क्षुद्रोऽपरो गोक्षुरकास्त्रिकण्टकः कण्टो षडङ्गो बहुकण्टकः क्षुरः ।
गोकण्टकः कण्टफलः पलङ्कषः क्षुद्रक्षुरो भक्षटकश्चणद्रुमः ॥
स्थलशृङ्गाटकश्चैव वनशृङ्गाटकस्तथा । इक्षुगन्धः स्वादुकण्टः पर्यायाः षोडश स्मृताः ॥

(१) गोक्षुरक, (२) त्रिकण्टक, (३) कण्ट, (४) षडङ्ग, (५) बहुकण्टक, (६) क्षुर, (७) गोकण्टक, (८) कण्टफल, (९) पलङ्कष, (१०) क्षुद्रक्षुर, (११) भक्षटक, (१२) चणद्रुम, (१३) स्थलशृङ्गाटक, (१४) वनशृङ्गाटक, (१५) इक्षुगन्ध र (१६) स्वादुकण्ट : यी सोह्र नाम अर्कोथरी गोखुर अर्थात् सानो जातको गोखुरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

स्यातामुभौ गोक्षुरकौ सुशीतलौ बलप्रदौ तौ मधुरौ च बृंहणौ ।
कृच्छ्राश्मरीमेहविदाहनाशनौ रसायनौ तत्र बृहद्गुणोत्तरः ॥

दुवै थरी गोखुर शीतवीर्यका, बलदायक, गुलिया र पौष्टिक हुन्छन् । यिनले कृच्छ्र, पत्थरी, प्रमेह र डाह नाश गर्दछन् । यी रसायनी हुन्छन् । ठूलो जातको गोखुर सानोभन्दा बढी गुनिलो हुन्छ ।

(ण) राजवल्लभ निघण्टु :

तिक्तं गोक्षुरकं शाकं वृष्यं स्रोतोविशोधनम् ॥

गोखुरको साग तीतो, वीर्यवर्धक र स्रोत ग्रन्थीलाई प्रशोधन गर्ने गुणको हुन्छ ।

गोक्षुरो मूत्रकृच्छ्रघ्नो बल्यो वृष्योनिलापहः ॥

गोखुर मूत्रकृच्छ्र नाशक, बलदायक, वीर्यवर्धक तथा वातविकार नाशगर्ने गुणको हुन्छ ।

(त) शार्ङ्गधर संहिता :

समूलगोक्षुरक्वाथः सितामाक्षिकसंयुतः । नाशयेन्मूत्रकृच्छ्राणि तथा चोष्णसमीरणम् ॥

जरा सहितको ओदानेकाँडो लेराई काँढापानी पकाउनू । यो काँढापानीमा मिस्री र मह मिसाएर पिउनू । यसले मूत्रकृच्छ्र (पिसाब पोल्ने र रोकिने रोग) र उष्णवात (गर्मीजन्य रोग) रोग ठिक गर्दछ ।

(थ) शालिग्राम निघण्टु :

गोक्षुरः शीतलो बल्यो मधुरो बृंहणो मतः । वस्तिशुद्धिकरो वृष्यः पौष्टिकश्च रसायनः ॥
अग्निदीप्तिकरः स्वादुर्मूत्रकृच्छ्राश्मरीहरः । दाहमेहश्वासकासहृद्रोगार्शोविनाशनः ॥
वस्तिवातं त्रिदोषञ्च कुष्ठं शूलं च नाशयेत् ।

गोखुर शीतवीर्यको, बलदायक, गुलियो, पौष्टिक, मूत्राशय सफा गर्ने, वीर्यवर्धक, तागतिलो, रसायनी, पाचक-अग्नि बाल्ने, स्वादिलो; मूत्रकृच्छ्र, पत्थरी, डाह, प्रमेह, दम, खोकी, मुटुका रोग, हर्सा, मूत्राशयको वातविकार, त्रिदोष, कुष्ठ र शूल नाश गर्ने गुणको हुन्छ ।

बीजं गोक्षरकं शीतं मूत्रलं शोथवारणम् ।
वृष्यमायुष्करं शुक्रमेहनुत्कृच्छ्रनाशनम् ॥ (आत्रेय संहिता)

गोखुरको बीज शीतवीर्यको, पिसाब लगाउने, सुजन नाश गर्ने, वीर्यवर्धक, आयुवर्धक तथा शुक्र (?), प्रमेह र कृच्छ्र नाश गर्ने गुणको हुन्छ ।

क्षारस्तु गोक्षुराणान्तु मधुरः शीतलो मतः ।
स्रोतो विशोधनश्चैव वातघ्नो वृष्य एव च ॥ (निघण्टु रत्नाकर)

गोखुरको क्षार गुलियो, शीतवीर्यको, स्रोत ग्रन्थिलाई सफा गर्ने, वातविकार नाशक र वीर्यवर्धक हुन्छ ।

श्वदंष्ट्रा (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(द) **सरस्वती निघण्टु :**

पलङ्कषात्विक्षुगन्धा श्वदंष्ट्रा स्वादुकण्टकः ।
गोकण्टको गोक्षुरकः स्थलशृङ्गाट इत्यपि ॥

पलङ्कषा, इक्षुगन्धा, श्वदंष्ट्रा, स्वादुकण्टक, गोकण्टक, गोक्षुरक र स्थलशृङ्गाट : यी गोखुरका पर्यायवाची नाम हुन् ।

(ध) **सोढल निघण्टु :**

गोक्षुरे भक्षदः स्वादुकण्टकस्त्रिकण्टस्तथा । गोकण्टो भक्षकण्टश्च कण्टफलस्त्रिकण्टकः ॥
श्वदंष्ट्रो व्यालदंष्ट्रश्च क्षुडः षडङ्गकः क्षुरः । स्थलशृङ्गाटकः कण्टी कथितश्च पलङ्कषा ॥

गोक्षुर, भक्षद, स्वादुकण्टक, त्रिकण्ट, गोकण्ट, भक्षकण्ट, कण्टफल, त्रिकण्टक, श्वदंष्ट, व्यालदंष्ट्र, क्षुड, षडङ्गक, क्षुर, स्थलशृङ्गाटक, कण्टी र पलङ्कषा : यी गोखुरका पर्यायवाची नाम हुन् ।

(न) सौश्रुत निघण्टु :

श्वदंष्ट्रको गोक्षुरकः स्थलश्रृङ्गाटकस्तथा । त्रिकण्टकः कण्टफलः स्मृतो गोकण्टकश्च सः ॥

श्वदंष्ट्रक, गोक्षुरक, स्थलश्रृङ्गाटक, त्रिकण्टक, कण्टफल र गोकण्टक : यी ओदानेकाँडोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गोखुर (तस्बिर श्रोत : वनएमजीडटकम, आचार्य बालकृष्ण)

(प) हृदयदीपक निघण्टु :

गोकण्टकस्त्रिकण्टः श्वदंष्ट्रा त्रिकण्टगोक्षुरौ ।

गोकण्टक, स्त्रिकण्ट, श्वदंष्ट्रा, त्रिकण्ट र गोक्षुर : यी गोखुरका पर्यायवाची नाम हुन् ।

गोजिह्वा (जभ्रेटो वा गाई जिभ्रे)
(Gojihwaa)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : गोजिह्वा र दार्वी भनेको जिभ्रे वा जभ्रेटा हो ।

(ख) के.यन.स्वामी : गोजिह्वा भनेको गाईजिभ्रे हो ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) गाई जिभ्रे : मूलाजस्तो जरो वा कन्द हुने, पछिल्तिर टीकाटीका हुने र भाँच्दा दूध आउने लामा-लामा पात हुने भुइँझार । गाईको जिभ्रोजस्तै खस्रा पात हुने, ठेकी-भाँडा मल्दा मैलो फाल्न प्रयोग गरिने र वस्तुलाई घाँस खुवाइने वनस्पतिविशेष; खाक्सी । (२) जभ्रेटो : गाईको जिभ्रोजस्तो आकारका पात हुने, आयुर्वेदिक औषधीमा पर्ने झारजातको वनस्पति; गाईजिभ्रे; गोजिह्वा ।

गोजिह्वा (तस्विर श्रोत : डा.सुभाष जैन)

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : कसैले *Elephantopus scaber* लाई त कसैले *Cacoinia glauca,* Savi वानस्पतिक नामलाई गाईजिभ्रे मानेका छन् । कसैले *Onosma bracteatum* Wall. लाई पनि गाईजिभ्रे झार मानेका छन् ।

(ङ) डा.सुभाष जैन : गाई जिभ्रे भनेको *Onosma bracteatum* Wall. हो ।

(च) फर्माकोपिया : गोजिह्वा, दार्विपत्र आदि संस्कृत नाम भएको विरुवा Boraginaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Onosma bracteatum* Wall. हो । यो विरुवाको जरा बाहेका भाग ओखतीमा प्रयोग हुन्छ । यसको धूलोको एक मात्रा ३-६ ग्राम हुन्छ ।

संस्कृत पर्यायवाची नामहरू :

(क) अभिधानमञ्जरी :

गोजिह्वा पशुजिह्वा क्रोष्टुकमूला सृगालिनी विषजित् ।
वृन्तफला ताम्रांशुः काकलिका स्यान्महापर्णी ॥

गोजिह्वा, पशुजिह्वा, क्रोष्टुकमूला, सृगालिनी, विषजित्, वृन्तफला, ताम्रांशु, काकलिका र महापर्णी : यी जभ्रेटोका पर्यायवाची नाम हुन् ।

(ख) अर्कप्रकाश :

गोजिह्वाया मेहकासव्रणसारज्वरापहः ।

गाईजिभ्रे झारको अर्कले प्रमेह, खोकी, घाउखटिरा, आउँ र जरो नाश गर्दछ ।

(ग) कैयदेव निघण्टु :

गोधूमिका दर्पपत्री दर्विका कोष्ठमूलिका । गोभी गोली च गोजिह्वा विज्ञेया भूमिकालिका ॥
गोजिह्वा तुवरा तिक्ता स्वादुपाकरसाः हिमा । वातघ्ना ग्राहिणी हृद्या कफपित्तहरा लघुः ॥
हन्यात् कासारुचिश्वासप्रमेहास्रज्वरव्रणान् ।

गोजिह्वा (तस्विर श्रोत : पेअर डी अमरकोश)

गोधूमिका, दर्पपत्री, दर्विका, कोष्ठमूलिका, गोभी, गोली, गोजिह्वा र भूमिकालिका : यी जभ्रेटोका पर्यायवाची नाम हुन् । यो टर्रो, तितो, पचेपछि गुलियो, शीतवीर्यको, वातविकार नाश गर्ने, ग्राहि, मुटुका लागि हितकर, कफविकार र पित्तविकार नाश गर्ने, पचाउन सहज तथा खोकी, अरुचि, दम, प्रमेह, रक्तविकार, जरो र खटिरा नाश गर्ने गुणको हुन्छ ।

(घ) भावप्रकाश निघण्टु :

गोजिह्वा गोजिका गोभी दार्विका खरपर्णिनी ॥ गोजिह्वा वातला शीता ग्राहिणी कफपित्तनुत् ।
हृद्या प्रमेहकासास्रव्रणज्वरहरी लघुः ॥ कोमला तुवरा तिक्ता स्वादुपाकरसा स्मृता ।

गोजिह्वा, गोजिका, गोभी, दार्विका र खरपर्णिनी : यी जभ्रेटोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातविकार बढाउँदछ, शीतल गर्दछ, सङ्ग्राही हुन्छ तथा कफविकार र पित्तविकार नाश गर्दछ । यो मुटुका लागि फाइदाजनक हुन्छ । यसले प्रमेह, खोकी, रक्तविकार, घाउखटिरा र जरो निको पार्दछ । यो पचाउन हलुका, कमलो, टर्रो, तीतो र गुलियो हुन्छ । पचेपछि गुलियो हुन्छ ।

गोजिह्वा (तस्विर श्रोत : पेअर डी अमरकोश)

(ङ) मदनपाल निघण्टु :

गोजिह्वा गोजिका गोभी दार्विका स्वरपर्णिनी । गोजिह्वा वातला शीता ग्राहिणी कफपित्तनुत् ॥
हृद्या प्रमेहकासास्रव्रणज्वरहरा लघुः ॥

गोजिह्वा, गोजिका, गोभी, दार्विका र स्वरपर्णिनी : यी जभ्रेटोका संस्कृत पर्यायवाची नामहरू हुन् । यसले वातविकार गर्दछ । यो शीतल गर्ने, ग्राहि तथा कफविकार र पित्तविकार नाशक हुन्छ । यसले मुटुलाई फाइदा गर्दछ तथा प्रमेह, खोकी, रक्तविकार, घाउखटिरा र जरो नाश गर्दछ । यो पचाउन हलुका हुन्छ ।

(च) राज निघण्टु :

गोजिह्वा खरपत्री स्यात् प्रतना दार्विका तथा । अधोमुखा धेनुजिह्वा अधःपुष्पी च सप्तधा ॥
गोजिह्वा कटुका तीव्रा शीतला पित्तनाशनी । व्रणसंरोपणी चैव सर्वदन्तविषार्तिजित् ॥

(१) गोजिह्वा, (२) खरपत्री, (३) प्रतना, (४) दार्विका, (५) अधोमुखा, (६) धेनुजिह्वा र (७)

अधःपुष्पी : यी सात नाम गाइंजभ्रेका सस्कृत पर्यायवाची नामहरू हुन्। यो पिरो, चौंडो असर गर्ने, शीतवीर्यको र पित्तविकार नाश गर्ने गुणको हुन्छ। यसले घाउ भर्ने तथा सबै खालका दाँतका पीडा र विषविकारका पीडा माथि जित हासिल गर्ने काम पनि गर्दछ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोडा, मल आंदेको सफाइ

(क) राजवल्लभ निघण्टु :

मेध्यं पवित्रमायुष्यमलक्ष्मीकविनाशनम् । पादयोर्मलमार्गाणां शौचाधानमभीक्ष्णशः ॥

दुवै गोडा र दिसा आदि मलको बाटोलाई सधैं सफासुग्गर राख्नु पर्दछ किन कि यी कुरा सफा राख्नाले दिमागको ग्रहण गर्ने क्षमता बढ्नुका साथै पवित्रता उत्पन्न हुन्छ, आयु बढ्दछ र अलक्ष्मी वा दरिद्रता नाश हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोधा (गोहोरो)
(Monitor lizard)

परिभाषा :

(क) के.यन.स्वामी : गोधा र गोधिका भनेको गोहोरो हो ।

गोधिका (एलो मनिटर, तस्विर श्रोत : पेयर डी अमरकोश)

(ख) नेपाली बृहत् शब्दकोश (गोहोरो) : करौंतीजस्तो पुच्छर हुने, छेपाराका ढबको ठूलो एक जङ्गली जन्तु ।

(ग) डा.सतिश चन्द्र साङ्ख्यधर : गोधाको अंग्रेजी नाम Alligator वा Iguana हो । (एलिगेटरको नेपाली अर्थ भने मगर नामक गोही हुन्छ ।) ।

(घ) पेयर डी अमरकोश : गोधा वा गोधिकालाई अंग्रेजीमा Monitor lizard (*Varanus sp.*) भनिन्छ । भारतीय क्षेत्रमा (१) *Varanus bengalensis* (Daudin, 1802) - Bengal monitor / Common Indian Monitor; (२) *Varanus flavescens* (Hardwicke & Gray, 1827) - Yellow Monitor: lives on and in rivers in northern India र (३) *Varanus salvator* (Laurenti, 1768)- Water monitor गरी तीन प्रजातिका गोहोराहरू पाइन्छन् ।

गोधिका, कमन इण्डियन मनिटर, तस्विर श्रोत : पेयर डी अमरकोश

(ङ) गोहोरो दुलोभित्र बस्दछ त्यसैले यो "विलेशय वर्ग" भित्र पर्दछ । यो छोटा गोडा हुने जीवको वर्ग अर्थात् "पादीन वर्ग" भित्र पनि पर्दछ ।

(च) डा.सतिश चन्द्र साङ्ख्यधर (गौधेय) : यो कालो सर्पको संयोगबाट जन्मिएको जीव हो भन्ने भनाई पनि सुनिन्छ । कसैले यसलाई कालो सर्प भनेका छन् । यसले टोकेको कुनै ओखती छैन ।

(छ) नेपाली बृहत् शब्दकोश (गौधेरक) : भाले कृष्णसर्प र पोथी गोहोरोबाट पैदा भएको तथा त्यसले टोकेमा मानिस तत्काल मर्छ भन्ने बताइएको, छेपाराको ढबको टाउकोदेखि पुच्छरसम्म सेता र काला ठाडा धर्सा देखिने, गुलाफी रङको ठुटो पुच्छर हुने एक बित्ताजति लामो जन्तु ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **द्रव्यगुणसङ्ग्रह :**

गोधा विपाके मधुरा कषायकटुका रसे ।
वातपित्तप्रशमनी बृंहणी बलवर्धिनी ॥

गोधिका, वाटर मनिटर, तस्विर श्रोत : पेयर डी अमरकोश

गोहोरोको मासु पचेपछि गुलियो, शुरुमा टर्रो र पिरो, वातविकार र पित्तविकारलाई शान्त पार्ने, पौष्टिक र बल बढाउने गुणको हुन्छ ।

(ख) कैयदेव निघण्टु :

गोधा घोरपदा पञ्चनखरा ग्राहिणी तथा । गोधेरोऽपि च गौधेयो गौधिको गोधिकासुतः ॥
कृष्णसर्पेण गोधायां जातः सर्पश्चतुष्पदः । स वै गोधरको नाम तेन दष्टे न जीवति ॥
गोधा विपाके मधुरा कषाया कटुका रसे । दीपनी बृंहणी बल्या वातपित्तविनाशनी ॥

गोधा, घोरपदा, पञ्चनखरा, ग्राहिणी, गोधेर, गौधेय, गौधिक र गोधिकासुत : यी गोहोराका पर्यायवाची नाम हुन् । कालो सर्प र पाथी गोहीको संसर्गबाट जन्मने चारखुट्टे जीवलाई गोधरक भनिन्छ । यसले डसेको जीव बाँच्दैन । गोहोरोको मासु पचेपछि गुलियो, शुरुमा टर्रो र पिरो, दीपनी, पौष्टिक, बलदायक तथा वातविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।


एलो मनिटर, तस्बिर श्रोत : पेयर डी अमरकोश

(ग) मदनपाल निघण्टु :

गोधा तथैव विज्ञेया विशेषद्बलवर्द्धिनी ॥

गोहोरोको मासुमा पनि यिनै (दुम्सीका जस्तै) गुण हुन्छन् । यसले विशेषगरी बल बढाउँदछ ।

गोधा घोरफटा पञ्चनखरा जनिपस्तथा । कृष्णसर्पेण गोधेयो गौधेरः सुमहागुणः ॥
गोधाऽग्निजननी बल्या वृष्या पित्तानिलापहा ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोधा, घोरफटा, पञ्चनखरा र जनिप : यी गोहोरोका संस्कृत पर्यायवाची नामहरू हुन् । कालो सर्प र पोथी गोहोरोबाट जन्मने जन्तुलाई गौधेर भनिन्छ । गोहोरोको मासु पाचनशक्ति वर्धक, बलदायक, वीर्यवर्धक तथा पित्तविकार र वातविकार नाशक हुन्छ ।

(घ) राज निघण्टु :

गोहोरो (तस्बिर श्रोत : पेयर डी अमरकोश)

गोधामांसन्तु वातघ्नं श्वासकासहरञ्च तत् ॥

गोहोरोको मासु वातविकार, दम र खोकी नाशक हुन्छ ।

गोधा तु गोधिका ज्ञेया दारुमत्स्याह्वया च सा । खरचर्मा पञ्चनखी पुलका दीर्घपुच्छिका ॥

गोधा, गोधिका, दारुमत्स्या, खरचर्मा, पञ्चनखी, पुलका र दीर्घपुच्छिका : यी गोहोरोका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गोधाजः स्यात्तु गौधेयो गौधारो गोधिकासुतः ॥

गोधाज, गौधेय, गौधार र गोधिकासुत : यी गौधेरकका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(ङ) राजवल्लभ निघण्टु :

गोधा विपाके मधुरा कषाया कटुका रसे । वातपित्तहरा बल्या बृंहणी बलवर्धिनी ॥

गोहोरोको मासु पचेपछि गुलियो र शुरुमा टर्रो र पिरो हुन्छ । यसले वातविकार र पित्तविकार नाश गर्दछ । यो बलदायक, पौष्टिक र बल बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोधुम (गहुँ)
(Wheat)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : गोधुम र सुमन भनेको गहुँ हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) कन : गहुँको भुस; चिलो । (२) चोक्रा : गहुँको भुस; चोकर । (३) छुसी : गहुँका फलका टुप्पातिर र फेदतिर रहने टुँडो; भुस । (४) छ्वाली : गहुँ काटेर फल झारिसकेपछि बचेको नरुवा; नल । (५) नन्दीमुखी : टुँडो नहुने एक जातको गहुँ; मुडुलो गहुँ; राई, मुडुली गहुँ; मुरली गहुँ । (७) नाफल : हिमाली भेगतिर हुने एक प्रकारको घटिया गहुँ । (८) बयलपाते : बयली खेल्ने बेला भएको गहुँको बोट । (९) बसन्ते गहुँ : एक प्रकारको गहुँ । (१०) सिन्दुरे : गहुँको बोटमा लाग्ने सिन्दूरको रङको कीरो । (११) हिउँदे गहुँ : हिउँदमा खेतबारीमा लगाइने गहुँ बाली । (१२) मैदा : मसिनो पीठो; चूर्ण; पिष्ट; आँटा ।



गहुँ (तस्बिर श्रोत : पेयर डी अमरकोश)

(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : गहुँलाई अंग्रेजीमा Wheat र ल्याटिन भाषामा *Triticum Valgari* भनिन्छ ।

(घ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : गहुँलाई ल्याटिन भाषामा *Triticum sativum* Lam. भनिन्छ ।

(ङ) पेयर डी अमरकोश : यसको वानस्पतिक *Triticum aestivum* L., *riticum turgidum* वा *Triticum dicoccon (Emmer)* हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

गोधूमः कथ्यते गोधुग्गोमिकी गोमकस्तथा । गोपिकी गोपिकश्चेति शब्दैः पर्यायवाचकैः ॥

गोधूम, गोधुक्, गोमिकी, गोमक, गोपिकी र गोपिक : यी गहुँका पर्यायवाची नाम हुन् ।

(ख) **अभिधान रत्नमाला, अष्टाङ्ग निघण्टु :**

गोधूमः म्लेच्छभोजनम् ।

गोधूम र म्लेच्छभोजन : यी गहुँका पर्यायवाची नाम हुन् ।

(ग) अर्कप्रकाश :

गहुँ तीन किसिमका हुन्छन् ।

(घ) आयुर्वेद महोदधि, सुश्रुत संहिता :

गोधूम उक्तो मधुरो गुरुश्च बल्यः स्थिरः शुक्ररुचिप्रदश्च ।
स्निग्धोऽतिशीतोऽनिलपित्तहारी सन्धानकृत् श्लेष्मकरः सरश्च ॥

गहुँ : मिठो, पचाउन कठिन, बलदायक, धैर्यता वा स्थिरता दायक, शुक्रवर्धक, रुचिवर्धक, चिल्लो, अति शीतल, वातविकार नाशक, पित्तविकार नाशक, मर्केका-भाँचिएका हाड जोड्ने, कफ बढाउने र मलमूत्र खुकुल्याउने गुणको हुन्छ ।

(ङ) आयुर्वेद महोदधि :

स्निग्धः स्वादुरसो विपाकमधुरः प्रायेण चामाश्रयो
बल्यः शीतकरः सरो रुचिकरः सन्धानकारी गुरुः ।
शुक्रश्लेष्मविवर्द्धनो धृतिकरः पित्तानिलध्वंसकः
गोधूमः सुमनोहरः स्थिरकरः चेतोविकारापहः ॥

पाकेको गहुँ बाली , कञ्चनपुर (तस्बिर श्रोत :दिनेश खबर डटकम)

गहुँ चिल्लो, मिठो रस भएको, पचेपछि पनि गुलियो हुने आउँ बढाउने गुणको हुन्छ । यसले बल दिन्छ, डाह शान्त गर्दछ, मलमूत्र खुलाउँदछ, रुचिकर हुन्छ, हाड जोड्दछ र पचाउन कठिन हुन्छ । यसले शुक्र र कफ बढाउँदछ । धैर्यता दिन्छ, वातविकार र कफविकार नाश गर्दछ । यसरी गहुँ शरीरलाई स्थिर राख्ने र चित्तका विकार हटाउने गुणको हुने गर्दछ ।

(च) **कैयदेव निघण्टु :**

गोधूमको यवनकः सुमनश्चमडो मतः । गोधूमो मधुरो वृष्यो गुरुः स्निग्धो हिमः सरः ॥
जीवनो बृंहणो वर्ण्यो बल्योऽस्यन्दी रुचिप्रदः । स्थैर्यसन्धानकृद् वातपित्तघ्नः कफकृन्न च ॥

गोधूमक, यवनक, सुमन र चमड : यी गहुँका पर्यायवाची नाम हुन् । यो गुलियो, वीर्यवर्धक, पचाउन कठिन, चिल्लो, शीतवीर्यको, मलमूत्रलाई तलतिर सार्ने, आयुवर्धक, पौष्टिक, वर्णका निखार लेराउने, बलदायक, अनभिष्यन्दी, रुचिप्रद, शरीरलाई स्थिर राख्ने, मिलन गराउने वा अमिल्च्याउने, वातविकार र पित्तविकार नाश गर्ने तथा कफविकार पनि नगर्ने गुणको हुन्छ ।

मधूली स्वल्पगोधूमो मध्यदेशे पिशीतिका । निःशूको दीर्घगोधूमः सूक्ष्मो नन्दीमुखी मता ॥
मधूलिका हिमा स्निग्धा पित्तघ्नी मधुरा लघुः । शुक्रला बृंहणी पथ्या तद्वन्नन्दीमुखी मता ॥

सानो जातको गहुँलाई मधूली वा मध्यदेशतिर पिशीतिका भनिन्छ । लामो जातको गहुँलाई निशूक वा दीर्घगोधूम तथा मसिनो जातको गहुँलाई नन्दीमुखी भनिन्छ । मधुली शीतवीर्यको, चिल्लो, पित्तविकार नाश गर्ने, गुलियो र पचाउन सहज हुने गुणको हुन्छ । यो शुक्रवर्धक, पौष्टिक र पथ्य हुन्छ । यिनै गुण नान्दीमुखीका हुन्छन् ।

(छ) **चरक संहिता :** सङ्कलन : मोहन प्रसाद सापकोटा

सन्धानकृद्वातहरो गोधूमः स्वादुशीतलः । जीवनो बृंहणो वृष्यः स्निग्धः स्थैर्यकरो गुरुः ॥
नान्दीमुखी मधूली च मधुरस्निग्धशीतले ।

गहुँ खमिराका लागि उपयोगी वा हाड जोड्ने, वातविकार नाश गर्ने, गुलियो, शीतवीर्यको, जीवनी, पौष्टिक, वीर्यवर्धक, चिल्लो, शरीरलाई स्थिर राख्ने र पचाउन कठिन हुन्छ । नान्दीमुखी र मधूली : यी दुवै जातका गहुँ गुलिया, चिल्ला र शीतवीर्यका हुन्छन् ।

(ज) **द्रव्यगुणसङ्ग्रह :**

गोधूमः स्थैर्यकृद्वृष्यः स्निग्धशीतः सरो गुरुः । सन्धाता बृंहणो बल्यो जीवनो वातपित्तहा ॥

गहुँ शरीरलाई स्थिर राख्ने, वीर्यवर्धक, चिल्लो, शीतवीर्यको, मलमूत्रलाई तलतिर सार्ने, पचाउन कठिन, खमिरा बनाउन उपयोगी, पौष्टिक, बलदायक, जीवनी तथा वातविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

(झ) **धन्वन्तरि निघण्टु :**

गोधूमो यवकश्चैव हुडुम्बो म्लेच्छभोजनः । गिरिजा सतिनामा च रसिकश्च प्रकीर्तितः ॥

वृष्यः शीतो गुरुः स्निग्धो जीवनो वातपित्तहा । सन्धानो बृंहणो बल्यो गोधूमः स्थैर्यकृत्सरः ॥

गोधूम, यवक, हुडुम्ब, म्लेच्छभोजन, गिरिजा, सतिनामा र रसिक : यी गहुँका पर्यायवाची नाम हुन् । यो वीर्यवर्धक, शीतवीर्यको, पचाउन कठिन, चिल्लो, जीवनी, वातविकार र पित्तविकार नाश गर्ने, खमिरा बनाउन उपयोगी, पौष्टिक, बलदायक, शरीरलाई स्थिर राख्ने तथा मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

(ञ) **निघण्टुशेष :**

गोधूमे सुमनः ... । (गुध्यति-परिवेष्टयति गोधूमः, गां धुनाति वा । सुष्ठु मन्यते सुमनः) ।

गोधूम र सुमन : यी गहुँका पर्यायवाची नाम हुन् ।

(ट) **पर्याय रत्नमाला :**

गोधूमो यवतुल्यः स्यात् ।

गोधूम र यवतुल्य : यी गहुँका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ठ) **भावप्रकाश निघण्टु :**

गोधूमः सुमनोऽपि स्यात्त्रिविधः स च कीर्त्तितः ॥ महागोधूम इत्याख्यः पश्चाद्देशात्समागतः ।

गोधूम र सुमन : यी गहुँका संस्कृत पर्यायवाची नामहरू हुन् । यो तीन जातको हुन्छ भनिएको छ । पश्चिम देश (पञ्जाब आदि) बाट आएको गहुँलाई 'महागोधूम' भनिन्छ । (यसका ठूला दाना हुन्छन्) ।

मधूली तु ततः किञ्चिदल्पा सा मध्यदेशजा ॥ निःशूको दीर्घगोधूमः क्वचिन्नन्दीमुखाभिधः ।

मध्यदेश (आग्रा, मथुरा आदि) मा उब्जा हुने मध्यम आकारको महागोधूमभन्दा केही सानो दाना हुने गहुँलाई 'मधूली' भनिन्छ । टुँडो नहुने लामो जातको गहुँलाई 'दीर्घगोधूम' वा कसैले 'नन्दीमुख' पनि भन्दछन् ।

गोधूमः मधुरः शीतो वातपित्तहरो गुरुः ॥
कफशुक्रप्रदो बल्यः स्निग्धः सन्धानकृत्सरः । जीवनो बृंहणो वर्ण्यो व्रण्यो रुच्यः स्थिरत्वकृत् ॥

गहुँले गुलियो, शीतल गर्ने, वातविकार नाशक, पित्तविकार नाशक, पचाउन कठिन, कफविकार बढाउने, शुक्र बढाउने, बलदायक, चिल्लो र छुट्टिएका हाड आदि जोड्ने गुणको हुन्छ । यसले

मलमूत्रलाई तलतिर सार्दछ, जीवनशक्ति बढाउँदछ, पौष्टिक र वर्णमा निखार लेराउने खालको हुन्छ । यसले घाउखटिरा आउँदा लाभ गर्दछ, रुची जगाउँदछ र शरीरलाई स्थिर राख्न मद्दत गर्दछ ।

मधूली शीतला स्निग्धा पित्तघ्नी मधुरा लघुः । शुक्रला वृंहणी पथ्या तद्वन्नन्दीमुखः स्मृतः ॥

मधूलीले शीतल गर्दछ, चिल्लो हुन्छ, पित्तविकार नाश गर्दछ, गुलियो र पचाउन हलुका हुन्छ । यसले शुक्र वृद्धि गर्दछ । यो पौष्टिक र पथ्य हुन्छ । यिनै गुण नन्दीमुखका पनि हुन्छन् ।

गोधूमा धवला धौताः कुट्टिताः शोषितास्ततः ॥ प्रोक्षितायन्त्रनिष्पष्टाश्चालिताः समिताः स्मृताः ।

सेतो गहुँलाई राम्ररी पखालेर ओखलमा कुट्नू र सुकाउनू । त्यसपछि निखनेर जाँतोमा मसिनु हुनेगरी पिँध्नू । अनि चाल्नु वा कपडामा हालेर छान्नू । यसरी तयार पारिएको मसिनो पिठोलाई 'मैदा' (समिता) भनिन्छ ।

(ड) **मदनपाल निघण्टु :**

गोधूमः सुमनः क्षुद्रो मधूली रूपशीतला । नन्दीमुखोऽल्पगोधूमो लोकेशी पासिकोच्यते ॥

गोधूम, सुमन, क्षुद्र, मधूली, रूपशीलता, नन्दीमुख, अल्पगोधूम, लोकेशी र पासिका : यी गहुँका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गोधूमो मधुरः शीतो वातपित्तहरो गुरुः । कफशुक्रप्रदो बल्यः स्निग्धः सन्धानकृत्सरः ॥

गहुँ गुलियो, शीतल गर्ने, वातविकार नाशक, पित्तविकार नाशक, पचाउन कठिन, कफविकार गर्ने, वीर्यवर्धक, बलदायक, चिल्लो, अमिल्च्याउने गुणको र दिसापिसाबलाई तलतिर सार्ने गुणको हुन्छ ।

जीवनो बृंहणो वर्ण्यः स्यन्दी रुच्यः स्थिरत्वकृत् ।
मधूली शीतला स्निग्धा पित्तघ्नी मधुरा लघुः ॥

गहुँ आयुवर्धक, पौष्टिक, वर्णमा निखार लेराउने, अभिष्यन्दी, रुचिप्रद र उमेरलाई स्थिर राख्ने गुणको हुन्छ । मधूली जातको गहुँ शीतल गर्ने, चिल्लो, पित्तविकार नाशक, गुलियो र पचाउन सहज हुन्छ ।

शुक्रला बृंहणी पथ्या तद्वन्नन्दीमुखी मता । एतस्मात्स्थूलगोधूमात्क्षुद्रो हीनतरो गुणैः ॥

यो वीर्यवर्धक, पौष्टिक र पथ्य हुन्छ । नन्दीमुखी जातको गहुँमा पनि यिनै गुणहरू हुन्छन् । यी मोटा जातका गहुँमाभन्दा मसिना जातका गहुँमा कम गुणहरू हुन्छन् ।

गोधूमविहिता भक्ष्या बल्याः पित्तानिलापहाः ।

गहुँबाट बनाइएका खानेकुरा बलदायक तथा पित्तविकार र वातविकार नाशक हुन्छन् ।

(ढ) **माधवद्रव्यगुण :**

वृष्यः शीतो गुरुः स्निग्धो जीवनो वातपित्तहा । सन्धानो बृंहणो बल्यो गोधूमः स्थैर्यकृत्परम् ॥

गहुँ वीर्यवर्धक, शीतवीर्यको, पचाउन कठिन, चिल्लो, जीवनी, वातविकार र पित्तविकार नाश गर्ने, खमिराका लागि उपयोगी वा हाड जोड्ने, पौष्टिक, बलदायक र शरीरलाई स्थिर राख्ने गुणको हुन्छ ।

(ण) **राज निघण्टु :**

गोधूमो बहुदुग्धः स्यादपूपो म्लेच्छभोजनः । यवनो निस्तुषः क्षीरी रसालः सुमनश्च सः ॥

गोधूम, बहुदुग्ध, अपूप, म्लेच्छभोजन, यवन, निस्तुष, क्षीरी, रसाल र सुमन : यी गहुँका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गोधूमः स्निग्धमधुरो वातघ्नः पित्तदाहकृत् । गुरुः श्लेष्मामदो बल्यो रुचिरो वीर्यवर्धनः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

गहुँ चिल्लो, गुलियो, वातविकार नाशक तथा पित्तविकार र डाह गराउने गुणको हुन्छ । यो पचाउन कठिन, कफविकार र आमविकार गराउने, बलदायक, रुचिप्रद र वीर्यवर्धक हुन्छ ।

स्निग्धोऽन्यो लघुगोधूमो गुरुर्वृष्यः कफापहः ।
आमदोषकरो बल्यो मधुरो वीर्यपुष्टिदः ॥

अर्को सानो जातको लघुगोधूम पचाउन कठिन, वीर्यवर्धक, कफविकार बढाउने, आमविकार गर्ने, बलदायक, गुलियो तथा वीर्य पुष्ट पार्ने गुणको हुन्छ ।

तप्तैरपक्वगोधूमैराकुलाः परिकीर्तिताः ।
आकुला गुरवो वृष्या मधुराः बलकारिणः ॥

उमालिएको वा भुटिएको नपाकेको गहुँलाई आकुला भनिन्छ । आकुला पचाउन कठिन, वीर्यवर्धक, गुलियो र बलदायक हुन्छ ।

शुष्कगोधूमचूर्णन्तु कर्णिका समुदाहृता ॥

सुक्खा गहुँको पिठोलाई कर्णिका भनिन्छ ।

(त) राजवल्लभ निघण्टु :

गोधूमो बृंहणो बल्यो जीवनो वातपित्तहा । वृष्यः स्निग्धो गुरुः शीतः सन्धाता स्थैर्यकृत्सरः ॥

गहुँ पौष्टिक, बलदायक, जीवनी, वातविकार र पित्तविकार नाशगर्ने, वीर्यवर्धक, चिल्लो, पचाउन कठिन, शीतवीर्यको, भाँचिएका भाग जोड्ने र उमेरलाई स्थिर राख्ने गुणको हुन्छ ।

(थ) सरस्वती निघण्टु :

परमुद्गश्च सुमनो गोधूमश्चाप्युदाहृतः ।

परमुद्ग, सुमन र गोधूम : यी गहुँका पर्यायवाची नाम हुन् ।

गहुँ (तस्बिर श्रोत : हलो खबर डटकम)

(द) सुश्रुत संहिता :

गोधूम उक्तो मधुरो गुरुश्च बल्यः स्थिरः शुक्ररुचिप्रदश्च ।
स्निग्धोऽतिशीतोऽनिलपित्तहन्ता सन्धानकृच्छ्लेष्मकरः सरश्च ॥

गहुँ गुलियो, पचाउन कठिन, बलदायक, शरीरलाई स्थिर राख्ने, शुक्र र रुचि बढाउने, चिल्लो, अति शीतवीर्यको, वातविकार र पित्तविकार नाश गर्ने, खमिरा बनाउन उपयोगी वा भाँचिएका हाड जोड्ने, कफविकार गर्ने तथा मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

(ध) हारीत संहिता :

मधुरो गुरुविष्टम्भी वृष्यो बल्योऽथ बृंहणः । ईषत्कषायो मधुरो गोधूमः स्यात्त्रिदोषहा ॥

गहुँ मिठो, पचाउन कठिन, विष्टम्भी, वीर्यवर्धक, बलवर्धक, पौष्टिक, केही टर्रो र त्रिदोष नाशक हुन्छ ।

गोपालककंटी (काँक्रोविशेष)
(Gopalakarkatee)

परिभाषा :

(क) के.यन.स्वामी : गोपालकर्कटी, वन्या, गोपकर्कटिका, क्षुद्रफला र क्षुद्रचिर्भटा भनेको अति सानो गोठाले काँक्रो हो ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

गोपालकर्कटी वन्या गोपकर्कटिका तथा । क्षुद्रेर्वारुः क्षुद्रफला गोपाली क्षुद्रचिर्भटा ॥
गोपालकर्कटी शीता मधुरा पित्तनाशनी । मूत्रकृच्छ्राश्मरीमेहदाहशोषनिवर्तनी ॥

गोपालकर्कटी, वन्या, गोपकर्कटिका, क्षुद्रेर्वारु, क्षुद्रफला, गोपाली र क्षुद्रचिर्भटा : यी अति सानो गोठाले काँक्रोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको, गुलियो र पित्तनाशक हुन्छ । यसले मूत्रकृच्छ्र, पत्थरी, प्रमेह, डाह र सुजन पनि नाश गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोमूंत्रिका (घाँस विशेष)
(Gomootrikaa)

परिभाषा :

(क) के.यन.स्वामी : (१) गोमूत्रिका, रक्ततृण, कृष्णभूमिजा : रातो घाँस । (२) क्षेत्रजा : रातो (छोटो) घाँस ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **राज निघण्टु :**

गोमूत्रिका रक्ततृणा क्षेत्रजा कृष्णभूमिजा । गोमूत्रिका तु मधुरा वृष्या गोदुग्धप्रदायिनी ॥

गोमूत्रिका, रक्ततृणा, क्षेत्रजा र कृष्णभूमिजा : यी घाँस विशेषका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, वीर्यवर्धक र गाईको दूध बढाउने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोमेद (रत्नविशेष)
(Onyx)

परिभाषा :

(क) के.यन.स्वामी : (१) गोमेद : वसन्ती रङ्ग र गुलाबी रङ्ग मिसिँदा हुन जाने रङ्ग भएको नवरत्नमध्येको एक रत्न । (२) पीतरत्नम् : पुष्पराज ।
(ख) नेपाली बृहत् शब्दकोश (गोमेद) : रातो रातो परेको पहेँलो रङ हुने एक प्रसिद्ध रत्न ।
(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : गोमेदलाई अंग्रेजीमा Onyx भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

गोमेद (तस्विर श्रोत : हिन्दी डट वनइण्डिया डटकम)

(क) भावप्रकाश निघण्टु :

...गोमेदः पीतरत्नकम्॥

गोमेद र पीतरत्न : यी गोमेदका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(ख) मदनपाल निघण्टु : सङ्कलन : मोहन

गोमेदं सुन्दरं पीतं रत्नं तृणचरं तथा॥

गोमेद, सुन्दर, पीत, रत्न र तृणचर : यी गोमेदका संस्कृत पर्यायवाची नामहरू हुन् । (सम्भव भए नरम नीलो पत्थरकै औंठी बनाउनू) ।

(ग) मुहूर्तचिन्तामणि :

राहु ग्रहको दोष हुनेले गोमेद जडित औंठी लगाउनू ।

(घ) रसरत्नसमुच्चय :

गोमेदः समरागत्वाद्गोमेद रत्नमुच्यते । सुस्वच्छगोजलच्छायं स्वच्छं स्निग्धं समं गुरु॥
निर्दलं मसृणं दीप्तं गोमेदं शुभमष्टधा । विच्छायं लघु रुक्षाङ्गं चिपिटं पटलान्वितम्॥
निष्प्रभं पीतकाचाभं गोमेद न शुभावहम् । गोमेदं कफपित्तघ्नं क्षयपाण्डुक्षयं करम्॥
दीपनं पाचनं रुच्यं त्वच्यं बुद्धिप्रबोधनम्॥

गाईको बोसोको जस्तो रङको हुन्छ यसैले यसलाई गोमेदमणि भनिएको हो । सफा, गहुँतको जस्तो रङ भएको, चम्किलो, चिल्लो, समान बनोटको (बाङ्गोटिङ्गो वा अग्लो होचो नभएको), वजनदार, पत्र

निनस्कने, कोमल र प्रकाशमान : यी आठ लक्षण भएको गोमेदमणि उत्तम हुन्छ । चमक नभएको, हलुका, रुखो, चेप्टो, पत्र निस्कने, तेजहीन र पहेँलो सिसा जस्तो गोमेदमणि शुभ हुँदैन । गोमद कफविकार, पित्तविकार क्षयरोग र पाण्डु नाश गर्ने; पाचक-अग्निलाई बाल्ने, पचाउने, रुचिप्रद, छालाका लागि हितकर र बुद्धि बढाउने गुणको हुन्छ । (गोमेद गोरोचनको पानीमा एक प्रहरसम्म पकाउनाले शुद्ध हुन्छ) ।

(ङ) **राज निघण्टु :**

गोमेदकस्तु गोमेदो राहुरत्नं तमोमणिः । स्वर्भानवः षडाह्वोऽयं पिङ्गस्फटिक इत्यपि ॥

(१) गोमेदक, (२) गोमेद, (३) राहुरत्न, (४) तमोमणि, (५) स्वर्भानु र (६) पिङ्गस्फटिक : यी छ नाम गोमेदका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गोमेदकोऽम्ल उष्णाश्च वातकोपविकारजित् । दीपनः पाचनश्चैव धृतोऽयं पापनाशनः ॥

गोमेद अमिलो, उष्णवीर्यको तथा वातविकार नाशक हुन्छ । यो दीपनी र पाचनी हुनुका साथै धारण गर्नेको पापनाशक समेत हुन्छ ।

गोमूत्राभं यन्मृदु स्निग्धमुग्धं शुद्धच्छायं गौरवं यच्च धत्ते ।
हेमारक्तं श्रीमतां योग्यमेतत् गोमेदाख्यं रत्नमाख्यान्ति सन्तः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

गहुँत जस्तै हल्का पहेँलो, नरम, चिल्लो, भ्रमदायक निर्मल प्रतिबिम्ब देखिने र सुनजस्तै नजानिदो राता खालको गोमेदलाई रत्नका पारखीहरूले श्रेष्ठ र योग्य गोमेद हो भनी बताएका छन् ।

पात्रे यत्र न्यस्ते पयः प्रयात्येव गोजलोज्वलताम् ।
घर्षेऽप्यहीनकान्तिं गोमेदं तं बुधा विदुर्जात्यम् ॥

गोमेदलाई एउटा पानीले भरिएको भाँडामा राख्दा यसले चारैतिर गहुँत जस्तै चम्किलो प्रकाश फाल्दछ । रगड्दा पनि यसको चमक कम हुँदैन भनेर रत्नका पारखीहरूले बताएका छन् ।

अरङ्गं श्वेतकृष्णाङ्गं रेखात्रासयुतं लघु । विच्छायं शर्करागारं गोमेदं विबुधस्त्यजेत् ॥

रङ्गहीन, सेतो वा कालो, धर्का भएको, हलुका, प्रतिबिम्ब नदेखिने र खस्रो खालको गोमेदलाई विद्वानहरूले परित्याग गर्नू ।

(च) **युक्तिकल्पतरु :**

हिमालये वा सिन्धौ वा गोमेद-मणिसम्भवः । स्वच्छकान्तिर्गुरुः स्निग्धो वर्णाढ्यो दीप्तिमानपि ॥
वलक्षः पिञ्जरो धन्यः गोमेद इति कीर्त्तितः । चतुर्द्धा जाति-भेदस्तु गोमेदेऽपि प्रकाश्यते ॥

हिमालय वा सिन्धुप्रदेशमा गोमेद मणिबाट उत्पन्न सफा कान्तिले युक्त, पचाउन कठिन (वा गरौं), चिल्लो, उत्तम वर्णको, तेजिलो, सेतो, सुनजस्तो र उत्तम रत्नलाई गोमेद भनिन्छ ।
जातिभेद अनुसार गोमेद चार प्रकारको हुन्छ ।

ब्राह्मणः शुक्लवर्णः स्यात् क्षत्रियो रक्त उच्यते ।
आपीतो वैश्यजातिस्तु शूद्रस्त्वानील उच्यते ॥ छाया चतुर्विधा श्वेता रक्ता पीताऽसिता तथा ॥

ब्राह्मण जातको गोमेद सेतो, क्षत्रिय जातको रातो, वैश्य जातको पहेँलो र शूद्र जातको नीलो हुन्छ । यसको छाया पनि सेतो, रातो, पहेँलो र कालो गरी चार प्रकारको हुन्छ ।

गुरुः प्रभाढ्यः सितवर्णरूपः स्निग्धो मृदुर्वाति महापुराणः ।
स्वच्छस्तु गोमेदमणिर्धृतोऽयं करोति लक्ष्मीं धनधान्यवृद्धिम् ॥

वजनदार, चम्किलो, सेतो वर्णको, चिल्लो, कोमल, अतिपुरानो र सफा गोमेद मणि जसले धारण गर्दछ उसको लक्ष्मी, धन र अनाज वृद्धि हुन्छ ।

लघुर्विरूपोऽति खरोन्यमानः स्नेहोपलिप्ते मलिनः स्व(ख)रोऽपि ।
करोति गोमेदमणिर्विनाशं सम्पत्तिभोगाऽसखल(वल, कल)वीर्य्यराशेः ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

हल्का, कुरुप, अति खस्रो, आभा नआउने, चिल्लोमा लतपतिएको जस्तो, मलिन र रुखो गोमेदमणिले सम्पत्ति, भोग र सबै खालको तेज नाश गर्दछ ।

ये दोषा हीरके ज्ञेयास्ते गोमेदमणावपि । परीक्षा वह्नितःकार्य्या शाणे वा रत्नकोविदैः ॥

जे जे दोष हीरामा हुन्छन् त्यही त्यही दोष गोमेदमा पनि हुन्छन् । यसैले रत्नका विज्ञ मार्फत आगो वा कसीमा गोमेदको परीक्षण गराउनू ।

स्फटिके नैव कुर्व्वन्ति गोमेद प्रतिरूपिणम् ॥
शुद्धस्य गोमेद मणेस्तु मूल्यं, सुवर्णतो द्वैगुणमाहुरेके ।
अन्ये तथा विद्रुमतुल्यमूल्यं तथापरे चामरतुल्यमाहुः ॥
चतुर्व्विधानामेषान्तु धारणे परिसम्मतम् ॥

स्फटिकले गोमेदमणिको विकल्प दिन सक्दैन । शुद्ध गोमेदको मूल्य मणिको समान हुन्छ । कसैले यसको मूल्य सुनकोभन्दा दोब्बर हुन्छ भनेका छन् । अरुले यसको मूल्य विद्रुमको जति हुन्छ र अन्यले चामर (चमर ?) जति हुन्छ भनेका छन् । जात अनुसार चार प्रकारका गोमेद धारण गर्न सकिन्छ ।

गोरक्षदुग्धी (वनस्पतिविशेष)
(Gorakshadugdhee)

परिभाषा :

(क) के.यन.स्वामी : (१) गोरक्षदुग्धी, गोरक्षी : रातो दूधे झार । (२) ताम्रदुग्धा, रसायनी, बहुपत्रा : रातो दूधे मुसे झार ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : यसका सम्भावित वानस्पतिक नाम *Grewia hirsuta, Sida spinosa* र *Euphorbia thymifilia Linn.* हुन् । यसको पहिचान हुन सकेको छैन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

गोरक्षदुग्धी गोरक्षी ताम्रदुग्धी रसायनी । बहुपत्रा मृताजीवी मृतसञ्जीवनी मुनिः ॥
गोरक्षदुग्धी मधुरा वृष्या सा ग्राहिणी हिमा । सर्ववश्यकरी चैव रसे सिद्धिगुणप्रदा ॥

(१) गोरक्षदुग्धी, (२) गोरक्षी, (३) ताम्रदुग्धी, (४) रसायनी, (५) बहुपत्रा, (६) मृताजीवी र (७) मृतसञ्जीवनी : यी सात नाम गोरक्षदुग्धीका संस्कृत पर्यायवाची नामहरू हुन् । गोरक्षदुग्धी गुलियो, वीर्यवर्धक, ग्राही, शीतवीर्यको, सबैलाई वशीकरण गर्नसक्ने र रसमा सिद्धि प्रदान गर्ने गुणको हुन्छ ।

गोरक्षी (गोरखतुम्बा)
(Monkey bread tree)

परिभाषा :

(क) के.यन.स्वामी : (१) गोरक्षी : गोरखतुम्बा । रातो दूधे झार । (२) सर्पदण्डी : नागबला । रातो दूधमुसे झार । (३) दीर्घदण्डी, चित्रला, पञ्चपर्णिका : गोरखतुम्बा । (४) सुदण्डिका : गोरखतुम्बी । ब्रह्मदण्डीको बोट । (५) गोरक्षतुम्बी : गोरखतुम्बा । करिब ४० फिटको गोलाइ, ६०-७० फिट अग्लो र लामो औ धेरै फैलेको हाँगा हुने रूख, यसको बाक्लो चिल्लो बोक्रा हुन्छ । सिमलकोझैँ ५-७ वटा जुटेर रहने चुच्चो टुप्पाको अण्डाकार पात, जुन वसन्तमा पात झर्ने र वर्षादमा पलाउने गर्दछ । वैशाख जेठमा फुल्ने सेतो केशर र सेतो छ पङ्खडीको ज्यादै गनाउने फूल, मखमलझैँ नरम भुस हुने सारो बोक्राको करिब १३ इञ्च गोलाइको ९ इन्च लामो सिमलको फलको छाँटको फल हुन्छ । जसमा फिका सिन्दूरे रङको लेसिँदो र अमिलो स्वादको गुदी र कमलगट्टा जस्तो तर केही ठूलो धेरै बीउ रहन्छ । बीउभित्र फुटाको बियाँ झैँ गुदी हुन्छ । फल चराले झार्ने गर्दछ । यो अफ्रिकाको रूख हो तर अब सिलोन, मालवा आदिमा पनि पाइन्छ । (६) गोरक्षी : गोरखतुम्बा । रातो दूधे झार ।(७) कुम्भालाबु, कुम्भतुम्बी : गोरखतुम्बा । (८) घटालाबु : गोरखतुम्बी ।

(ख) आचार्य बालकृष्ण : यसलाई हिन्दीमा गोरखइमली वा गोरखचिंच, वनस्पति शास्त्रमा ***Adansonia digitata* Linn.** वा ***Adansonia bahobab* Linn.** तथा अंग्रेजीमा **Monkey bread tree** वा **African baobab** भनिन्छ । यसको रूख पचीस मिटरसम्म अग्लो, एघार मिटरसम्म फैलिएको, बोतलको आकारको र धेरै वर्ष बाँच्ने खालको हुन्छ । यसका बोक्रा चिल्ला र हल्का खैरो रङका हुन्छन् । यसका पात सिमलका जस्तै लामा, अण्डाकार, तीखा र पाँचदेखि १२.५ से.मी लामा हुन्छन् । गोरक्षीका फूल सेता र झुण्डिएका हुन्छन् । फलको बाहिरी बोक्रा कडा र गुदी अमिलो हुन्छ । गेडा काला हुन्छन् । यो फेब्रुअरीदेखि जुलाईसम्म फुल्ने र फल्ने गर्दछ । यसलाई संस्कृतमा शीतफल, रावणाम्लिका, दीर्घदण्डी, गोरक्षी, पञ्चपर्णिका, सुदण्डिका, चित्रला र गन्धबहुला भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) डा.सतिश चन्द्र साङ्ख्यधर : यो वानस्पतिक नाम ***Lagenaria vulgaris* Serr.** भएको बोट हो । (तर यसको अर्थ भने डल्ले लौका हुन्छ) ।

(घ) हिन्दी विश्वकोश : (१) गोरक्षी : गोरक्षदुग्धा नामक लताविशेष । कुम्भतुम्बी । मालवदेशमा पाइने सानो खालको लहरा । ऋषभक । यो कोशमा गोरखइमलीका बारेमा बेग्लै वर्णन पाइन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

गोरक्षी सर्पदण्डी च दीर्घदण्डी सुदण्डिका । चित्रला गन्धबहुला गोपाली पञ्चपर्णिका ॥
गोरक्षी मधुरा तिक्ता शिशिरा दाहपित्तनुत् । विस्फोटवान्त्यतीसारज्वरदोषविनाशनी ॥

गोरक्षी, सर्पदण्डी, दीर्घदण्डी, सुदण्डिका, चित्रला, गन्धबहुला, गोपाली र पञ्चपर्णिका : यी गोरखतुम्बाका संस्कृत पर्यायवाची नामहरू हुन् । यो गुलियो, तीतो, शीतवीर्यको तथा डाह र

पित्तविकार नाशक हुन्छ । यसले विस्फोट, वाकवाकी, अतीसार र ज्वर पनि नाश गर्दछ । (पर्पटादि वर्ग जस्ता साना बोटको वर्गमा यो वृक्ष समावेश हुँदा शङ्का बढेको छ कतै यो अर्कै विरुवा त होइन ?) ।

गोरक्षतुम्बी गोरक्षी नवालाम्बुर्घटाभिधा । कुम्भालाम्बुर्घटालाम्बुः कुम्भतुम्बी च सप्तधा ॥
कुम्भतुम्बी सुमधुरा शिशिरा पित्तहारिणी । गुरुः सन्तर्पणी रुच्या वीर्यपुष्टिबलप्रदा ॥

(१) गोरक्षतुम्बी, (२) गोरक्षी, (३) नवालाम्बु, (४) घटाम्बु, (५) कुम्भालाम्बु, (६) घटालाम्बु र (७) कुम्भतुम्बी : यी सात नाम गोरखतुम्बीका संस्कृत पर्यायवाची नामहरू हुन् । गोरखतुम्बी गुलियो, शीतवीर्यको र पित्तविकार नाशक हुन्छ । यो पचाउन कठिन, तृप्तिदायक, रुचिकर तथा वीर्य, पुष्टि र बलदायक हुन्छ ।

नोट : राज निघण्टुमा दिइएका यी दुई वनस्पतिका बारेमा ठोस धारणा बनाउन सकिएन ।

गोरखतुम्बाको विशाल रूख (तस्बिर श्रोत : दिनेश वाल्के, फ्लिकर)

गोरोचन

(A bright yellow pigment)

परिभाषाः

(क) नेपाली बृहत् शब्दकोश : (१) गोरोचन : पहेँलो र सुगन्धी डाँठ हुने तथा घोटेर चन्दन बनाइने एक प्रकारको बुटी; गोरोचना । (२) गोलोचन : गाईको मुखबाट ओकलिँदा निस्कने रौँको नरम गुजुल्टो ।

(ख) के.यन.स्वामी (१) गोरोचन : गाई, गोरु, उँट, बाख्रा आदि पशुको पित्तथैलीबाट निस्कने पत्रैपत्र भएको सिन्दूरे रङ्गको चिज । यो मर्ने बित्तिकै पेट चिरेर निकाली त्यही पशुको लादीले छोप्नु पर्दछ । मरेको धेर बेरमा निकालेमा वा निकाल्नासाथ लादीले नछोपेमा पग्लेर जान्छ । गाईगोरुको मुखबाट निस्कने कालो रङको रौं टाँसिएको डल्लो वस्तुलाई पनि गोरोचन भनिन्छ । (२) गोरोचना, गौरी, मङ्गल्या, रोचना : गोरोचन ।

(ग) शब्दकल्पद्रुम (गोरोचना) : गोमस्तकस्थ शुष्कपित्तम् । गाईको टाउकामा हुने सुकेको पित्त ।

(घ) वाचस्पत्यम् (गोरोचना) : स्त्रीगोभ्यो जाता रोचना हरिद्रा । गाईमा हुने पहेँलो गोरोचन ।

(ङ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : गाई वा साँढेको पित्ताशयबाट निस्कने सुपारीदेखि कागती जत्रोसम्मको गोलो वा हल्का तीनकुने पदार्थ । यसलाई अंग्रेजीमा Gall-stone वा Serpent stone तथा ल्याटिन भाषामा *Bezoar* भनिन्छ ।

(च) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्री : गाई वा साँढेको पित्ताशयबाट निस्कने पत्थर जस्तो हरियो-पहेँलो कडा वस्तु । यसलाई ल्याटिन भाषामा *Bastanous* भनिन्छ ।

(छ) हिन्दी विश्वकोश : (१) गोरोचना : गाभ्यो जाता रोचनेव । पहेँलो रङको एकथरी सुगन्धि द्रव्य । गाईको टाउकामा हुने सुकेको पित्त । (३) गोलोचन : गोरोचन हेर्नु ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ज) शिवकोश : (१) रोचना-गोरोचना :- सद्गोः शिरसि पीता तु रोचना ह्रियते शनैरिति । असल गाईको टाउकोबाट पीता (पीताको अर्थ पनि गोरोचना हुन्छ) बिस्तारै झिकिन्छ । गोपित्तं-गोरोचना : गाईको पित्तलाई गोरोचना भनिन्छ ।

रोचना शब्दले कुनै भित्री भागमा जमेको पदार्थ बुझाउँदछ भन्ने कुरा वंशरोचना शब्दबाट पनि बुझिन्छ । गाईको पित्तको जमेको भाग भन्ने बहुमतका कुरा पनि आए तर कुन भागमा हुन्छ भन्ने कुरामा एकमत छैन । नेपालतिर भने गाईको पेटभित्र हुने रौँको जमेको गुजुल्टोलाई गोलोचन भनेर बुझ्ने गरिएको छ । गोरोचना शब्दको प्रयोग रघुवंश आदि महाकाव्य ग्रन्थमा पनि गरिएको छ । त्यहाँ यसलाई सुगन्धित द्रव्यविशेष बताइएको छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

रोचना दुई किसिमको हुन्छ ।

गोरोचन (तस्विर श्रोत : तन्त्रवेद)

(ख) कैयदेव निघण्टु :

गोरोचना वन्दनीया वन्दनी रुचिरा रुचिः । मङ्गल्या गौतमी गौरी भोग्या रुच्या च पाचनी ॥
मेध्या गोपित्तजा वश्या पिङ्गला रोचना स्मृता । गोरोचना हिमा तिक्ता रूक्षा मङ्गलकान्तिदा ॥
विषलक्ष्मीग्रहोन्मादगर्भस्रावक्षतास्रनुत् ।

गोरोचना, वन्दनीया, वन्दनी, रुचिरा, रुचि, मङ्गल्या, गौतमी, गौरी, भोग्या, रुच्या, पाचनी, मेध्या, गोपित्तजा, वश्या, पिङ्गला र रोचना : यी गोरोचनका पर्यायवाची नाम हुन् । यो शीतवीर्यको, तितो, रुखो, मङ्गल र कान्ति दिने तथा विषविकार, अलक्ष्मी, ग्रहबाधा, पागलपन, गर्भस्राव, घाउ र रक्तविकार नाश गर्ने गुणको हुन्छ ।

१९ औं शताब्दीतिरको जनावर विशेषको पित्त-पत्थरी जडीत चिनीया औंठी

(ग) गरुड पुराण :

संजायतेऽश्मरी घोरा पित्ताङ्गमिव रोचता ॥

जसरी गाईको पित्त सुकेर गोरोचन बन्दछ त्यसरी नै मानिसको शरीरमा डरलाग्दो पत्थरी बन्दछ ।

(घ) धन्वन्तरि निघण्टु :

रोचना पिङ्गला पिङ्गा मेध्या गौरी च गोमती ॥ माङ्गल्या वन्दनीयाऽग्र्या पावनी रुचिरा रुचिः ।
रोचना पाचनी शीता विषनेत्ररुजो हरेत् ॥ सौभाग्यकरणी भूतग्रहदोषं च नाशयेत् ।

रोचना, पिङ्गला, पिङ्गा, मेध्या, गौरी, गोमती, माङ्गल्या, वन्दनीया, अग्र्या, पावनी, रुचिरा र रुचि : यी गोरोचनका पर्यायवाची नाम हुन् । यो पाचनी, शीतवीर्यको, विषविकार आँखाका रोग नाशगर्ने, सौभाग्यदायक तथा भूतबाधा र ग्रहबाधा हटाउने गुणको हुन्छ ।

(ङ) महाभारत, सभापर्व, अध्याय २३ :

आदाय रोचनां माल्यं मङ्गल्यान्यपराणि च । धारयन्नगदान् मुख्यान् निर्वृतीर्वेदनानि च ॥
उपतस्थे जरासन्धं युयुत्सुं वै पुरोहितः ॥

जरासन्धलाई युद्धका लागि उत्सुक भएको देखेर उसका पुरोहितले पीडाका समयमा पनि सुख दिने एवं बेहोस हुँदा पनि होस रहिरहने खालका गोरोचन, माला र अन्य माङ्गलिक वस्तुहरू एवं उत्तम-उत्तम ओखतीहरू लिएर आए ।

(च) भावप्रकाश निघण्टु :

गोरोचना तु मङ्गल्या वन्द्या गौरी च रोचना ॥

गोरोचना हिमा तिक्ता वश्या मङ्गलकान्तिदा बाह्लीक ।
विषालक्ष्मीग्रहोन्मादगर्भस्रावक्षतास्रहृत् ॥

गोरोचना, मङ्गल्या, वन्द्या, गौरी र रोचना : यी गोरोचनका संस्कृत पर्यायवाची नामहरू हुन् । गोरोचनले शीतल गर्दछ । यसको स्वाद तीतो हुन्छ । यसले मोहनी लगाउने (वशीकरण) काम गर्दछ तथा मङ्गल र कान्ति बढाउँदछ । साथै, विषविकार, दरिद्रता, ग्रहबाधा, पागलपन, गर्भस्राव र घाउजन्य रगत बहाईलाई नाश गर्दछ ।

(छ) मदनपाल निघण्टु :

गोरोचना रुचिर्गौरी रोचना पिङ्गला मता । मङ्गल्या गोतमी मेध्या वन्ध्या गोपित्तसम्भवा ॥
गोरोचना शीतला वश्या गर्भस्रावग्रहास्रजित् ॥

गोरोचना, रुचि, गौरी, रोचना, पिङ्गला, मङ्गल्या, गोतमी, मेध्या, वन्ध्या र गोपित्तसम्भवा : यी गोरोचनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्य भएको, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, वशीकरण गर्ने तथा गर्भस्राव हुने, ग्रहका दोष र रक्तविकारलाई जित्ने गुणको हुन्छ ।

(ज) राज निघण्टु :

गोरोचना रुचिः शोभा रुचिरा शोभना शुभा । गौरी च रोचना पिङ्गा मङ्गल्या पिङ्गला शिवा ॥
पीता च गौतमी गव्या वन्दनीया च काञ्चनी । मेध्या मनोरमा श्यामा रामा भूमिकराह्वया ॥
गोरोचना च शिशिरा विषदोषहन्त्री रुच्या च पाचनकरी कृमिकुष्ठहन्त्री ।
भूतग्रहोपशमनं कुरुते च पथ्या शृङ्गारमङ्गलकरी जनमोहिनी च ॥

(१) गोरोचना, (२) रुचि, (३) शोभा, (४) रुचिरा, (५) शोभना, (६) शुभा, (७) गौरी, (८) रोचना, (९) पिङ्गा, (१०) मङ्गल्या, (११) पिङ्गला, (१२) शिवा, (१३) पीता, (१४) गौतमी, (१५) गव्या, (१६) वन्दनीया, (१७) काञ्चनी, (१८) मेध्या, (१९) मनोरमा, (२०) श्यामा र (२१) रामा : यी एक्काईस नाम गोरोचनका संस्कृत पर्यायवाची नामहरू हुन् । गोरोचन शीतवीर्यको, विषविकार नाशक, रुचिप्रद, पाचक तथा कीरा र कुष्ठ नाशक हुन्छ । यसले भूतबाधा र ग्रहबाधा शान्त पार्दछ । यो पथ्य, शृङ्गारका लागि मङ्गलदायक र मानिसलाई लोभ्याउने गुणको हुन्छ ।

(झ) शार्ङ्गधर संहिता :

तद्वद्गोरोचनायुक्तं मरिचं मुखलेपनात्(नम्) ॥

अथवा गोरोचन र कालो मरिच पानीमा पिसेर लेप बनाई दल्नू । अनुहारमा आएको डण्डिफोर नाश हुन्छ ।

गोलोमी (सेतो दूबो)
(White Dūrvā grass)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : गोलोमी, शतवीर्या आदि भनेको सेतो दूबो हो ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) गौरी : सेतो दूबो । (२) सेतो दुबो : बन्सोका आकारका सेता पात हुने, फूल नफुल्ने एक थरी बगैँचे झार ।

(ग) भावप्रकाश निघण्टुका टीकाकार विश्वनाथ द्विवेदी शास्त्रीः यसलाई ल्याटिन भाषामा *Panicum Dactylon Linn.* भनिन्छ ।

(घ) के.यन.स्वामी : (१) गोलोमी : बोझो । सेतो दूबो । कनिके कुरो । (२) प्रस्तरणी : सेतो दूबो ।

(ङ) शब्दकल्पद्रुम : गोलोमीको एक अर्थ सेतो दूबो हुन्छ ।

(च) अष्टाङ्गहृदयकोष र वैद्यक शब्दकोष : गोलोमी भनेको सेतो दूबो पनि हो ।

(छ) डा.सतिश चन्द्र साङ्ख्यधर : यो पनि एक विवादास्पद वनस्पति हो । कसैले सेतो दूबोलाई यो वनस्पति मानेका छन् त कसैले छैनन् । कसैले ल्याटिन नाम *Desmostachya bipinnata Stapf.*भएको विरुवालाई गोलोमिका मानेको पाइन्छ ।

सेतो दुबो (तस्बिर श्रोत : इथ्नोप्लान्ट्स)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

सङ्कलन : मोहन प्

अन्या सितदूर्वा स्याच्छतवीर्या भार्गवी रुहाऽनन्ता ।
श्वेता सहस्रवीर्या गोलोमी मङ्गला सिता चण्डा ॥

सितदूर्वा, शतवीर्या, भार्गवी, रुहा, अनन्ता, श्वेता, सहस्रवीर्या, गोलोमी, मङ्गला, सिता र चण्डा : यी सेतोदूबोको पर्यायवाची नाम हुन् ।

(ख) अभिधानरत्नमाला :

सहस्रवीर्या गोलोमी सिताऽनन्ता समुद्भवा ।

सहस्रवीर्या, गोलोमी, सिता, अनन्ता र समुद्भवा : यी सेतोदूबोका पर्यायवाची नाम हुन् ।

(ग) अमरकोश :

गोलोमी शतवीर्या च गण्डाली शकुलाक्षकः ।

गोलोमी, शतवीर्या, गण्डाली र शकुलाक्षक : यी सेतोदूबोका पर्यायवाची नाम हुन् ।

(घ) **अष्टाङ्ग निघण्टु :**

सहस्रवीर्या गोलोमी सिता दूर्वा च शाद्वलः ।

सहस्रवीर्या, गोलोमी, सिता, दूर्वा र शाद्वल : यी सेतोदूबोका पर्यायवाची नाम हुन् ।

(ङ) **कैयदेव निघण्टु :**

श्वेतदूर्वा श्वेतदण्डी श्वेतदण्डासितालता । सहस्रवीर्याऽनन्ता च दुष्क(र्म)रा भार्गवी रुहा ॥
श्वेतदूर्वा च गोलोमी शतवीर्या च कथ्यते । श्वेतदूर्वा कषाया स्यात् स्याद्वी वर्ण्या च जीवनी ॥
तिक्ता हिमा विसर्पास्रतृट्पित्तकफदाहजित् ।

श्वेतदूर्वा, श्वेतदण्डी, श्वेतदण्डा, सिता, लता, सहस्रवीर्या, अनन्ता, दुष्क(र्म)रा, भार्गवी, रुहा, श्वेतदूर्वा, गोलोमी र शतवीर्या : यी सेतोदूबोका पर्यायवाची नाम हुन् । यो टर्रो, गुलियो, वर्णमा निखार लेराउने, जीवनदायक, तितो, शीतवीर्यको तथा विसर्प, रक्तविकार, तिर्खा, पित्तविकार, कफविकार र डाहलाई जित्ने गुणको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(च) **निघण्टुशेष :**

सहस्रवीर्या श्यामाङ्गी हरिता हरिताल्यपि । श्वेतदूर्वा तु गोलोमी शीतवीर्या सिता लता ॥ (सहस्रं वीर्याणि अस्याः सहस्रवीर्या । श्याममङ्गं अस्याः श्यामाङ्गी । हरिता नीलवर्णत्वात् । हरितां-नीलत्वमलति हरिताली । श्वेता दूर्वा श्वेतदूर्वा । गोरिव लोमान्यस्या गोलोमी । शीतं वीर्यमस्याः शीतवीर्या । सिता शुक्ला । लाति लायते वा लता ।) ।

सहस्रवीर्या, श्यामाङ्गी, हरिता, हरिताली, श्वेतदूर्वा, गोलोमी, शीतवीर्या, सिता र लता : यी सेतोदूबोका पर्यायवाची नाम हुन् ।

(छ) **भावप्रकाश निघण्टु :**

दूर्वा शुक्ला तु गोलोमी शतवीर्या च कथ्यते ॥
श्वेता दूर्वा कषाया स्यात्स्वाद्वी व्रण्या च जीवनी ।
तिक्ता हिमा विसर्पास्रतृट्पित्तकफदाहहृत् ॥

शुक्लदूर्वा, गोलोमी र शीतवीर्या : यी सेतो दूबोका संस्कृत पर्यायवाची नामहरू हुन् । यो टर्रो, तीतो र टर्रो हुन्छ । यो घाउखटिराका लागि लाभदायक हुन्छ । यसले जीवनशक्ति बढाउँदछ, शीतल गर्दछ तथा विसर्प, रक्तविकार, तिर्खारोग, पित्तविकार, कफविकार र डाह नाश गर्दछ ।

(ज) **मदनपाल निघण्टु :**

अन्या श्वेता श्वेतदण्डा भार्गवी दुर्मता रुहा॥

श्वेता, श्वेतदण्डा, भार्गवी, दुर्मता र रुहा : यी सेतो दूबोका संस्कृत पर्यायवाची नामहरू हुन्।

(झ) **मदनादि निघण्टु :**

श्वेतदूर्वा तु गोलोमी श्वेतगण्डा सिता लता। सहस्रवीर्याऽनन्ता च दुर्मना भार्गवी रुहा॥

श्वेतदूर्वा, गोलोमी, श्वेतगण्डा, सिता, लता, सहस्रवीर्या, अनन्ता, दुर्मना, भार्गवी र रुहा : यी सेतोदूबोका पर्यायवाची नाम हुन्।

(ञ) **राजनिघण्टु :**

गोलोमिका तु गोधूमी गोजा क्रोष्टुकपुच्छिका।
गोसम्भवा प्रस्तरिणी विज्ञेयेति षडाह्वया॥
गोलोमिका कटुस्तिक्ता त्रिदोषशमनी हिमा।
मूत्ररोगास्रदोषघ्नी ग्राहिणी दीपनी च सा॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

(१) गोलोमिका, (२) गोधूमी, (३) गोजा, (४) क्रोष्टुकपुच्छिका, (५) गोसम्भवा र (६) प्रस्तरिणी : यी छ नाम गोलोमिकाका संस्कृत पर्यायवाची नामहरू हुन्। यो पिरो, तीतो, त्रिदोश शान्त पार्ने र शीतवीर्यको हुन्छ। यसले पिसाबसम्बन्धी र रक्तसम्बन्धी रोग नाश गर्दछ। यो ग्राही र दीपनी हुन्छ।

स्याद्गोलोमी श्वेतदूर्वा सिताख्या चण्डा भद्रा भार्गवी दुर्मरा च।
गौरी विघ्नेशानकान्ताऽप्यनन्ता श्वेता दिव्या श्वेतकाण्डा प्रचण्डा॥
सहस्रवीर्या च सहस्रकाण्डा सहस्रपर्वा सुरवल्लभा च।
शुभा सुपर्वा च सितच्छदा च स्वच्छा च कच्छान्तरुहाऽब्धिहस्ता॥
श्वेतदूर्वाऽतिशिशिरा मधुरा वान्तिपित्तजित्। आमातिसारकासघ्नी रुच्या दाहतृषापहा॥

(१) गोलोमी, (२) श्वेतदूर्वा, (३) सिता, (४) चण्डा, (५) भद्रा, (६) भार्गवी, (७) दुर्मरा, (८) गौरी, (९) विघ्नेशानकान्ता, (१०) अनन्ता, (११) श्वेता, (१२) दिव्या, (१३) श्वेतकाण्डा, (१४) प्रचण्डा, (१५) सहस्रवीर्या, (१६) सहस्रकाण्डा, (१७) सहस्रपर्वा, (१८) सुरवल्लभा, (१९) शुभा, (२०) सुपर्वा, (२१) सितच्छदा, (२२) स्वच्छा, (२३) कच्छान्तरुहा र (२४) अब्धिहस्ता : यी चौबीस नाम सेतो दूबोका संस्कृत पर्यायवाची नामहरू हुन्। सेतो दूबो अती नै शीतवीर्यको हुन्छ। यो गुलियो तथा वाकवाकी र पित्तविकारलाई जित्ने गुणको हुन्छ। यसले आमविकार, अतिसार र खोकी नाश गर्दछ। यो रुचिप्रद हुन्छ। यसले डाह र तिर्खा पनि नाश गर्दछ।

(ट) शालिग्राम निघण्टु :

श्वेतदूर्वा शतवीर्या गण्डाली शकुलाक्षकः । गोलोमी सितदूर्वा च शतपर्वा सिता लता ॥

श्वेतदूर्वा, शतवीर्या, गण्डाली, शकुलाक्षक, गोलोमी, सितदूर्वा, शतपर्वा, सिता र लता : यी सेतोदूबोका पर्यायवाची नाम हुन् ।

(ठ) सोढल निघण्टु :

श्वेतदूर्वायां गोलोमी श्वेतपत्रा सिता लता । सहस्रवीर्याऽनन्ता च दुर्मरा भार्गवी रुहा ॥

श्वेतदूर्वा, गोलोमी, श्वेतपत्रा, सिता, लता, सहस्रवीर्या, अनन्ता, दुर्मरा, भार्गवी र रुहा : यी सेतोदूबोका पर्यायवाची नाम हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गौ (गाई)
(Cow)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) आभीर : गाई पालेर जीविका चलाउने जाति; ग्वाला । (२) उत्क्रान्तिधेनु : धर्मशास्त्रअनुसार प्राण जाने बेलामा गरिने गाईदान । (३) ऋषभ : धार्मिक उद्देश्यले डामेर छोडिएको बहर; साँढे; बयल । (४) एककाँधे : हल गोरुमध्ये एउटा निर्धो भई हल नमिल्ने भएका बलिया गोरुलाई बढी भार पर्ने गरी हल्लुँडो सारी जोत्ने काम । (५) कपिला : कैलो रङ्को गाई । सुधी, दुधालु, सन्तानी वा गोताले गाई । (६) कवासी : कपासजस्तै सेतो (गाई) । (७) कामधेनु : समुद्रमन्थनबाट पैदा भएकी, सम्पूर्ण इच्छा पूरा गरिदिने भनी प्रसिद्ध एक गाई; सुरधेनु; सुरभि । (८) कोरली : बहर वा साँढेसँग नमिसिएकी; तरुनी (गाई) । (९) खगालो : गाईगोरुका घाँटीमनि लर्किएको छाला; गलाम; दृति । (१०) गलकम्बल : गाईगोरुका घाँटीमा तलदेखि माथिसम्म झुन्डिएको लुर्कने छाला; माला । (११) गलेगोरु : काँधिएर राम्ररी नहिँड्ने वा मुस्किलले ठेलीठेली



गाईको दूध दोहिरहेका एक कृषक (तस्बिर श्रोत : दअर्गानिकफार्मरडटकम)

हिँडाउनुपर्ने गोरु । (१२) गहुँत : गाईको मूत; गोमूत्र । चोखीनितीका निम्ति खाइने गाईको मूत । (१३) गाई : स्थानभेदले विभिन्न छाँटका हुने, काँधमा जुरो र घाँटीमुनि माल भएको शाकाहारी तथा घरपाला प्रसिद्ध पशु; ऋषभी, गो, गौ, धेनु, भद्रा, माहेन्द्री, रोहिणी, लच्छिमी, सुरभि । (१४) गाईपाला : गाई पालेर जीविका गर्ने; धेरै गाई पाल्ने । (१५) गुर्ज्राँती गाई : दूधका लागि प्रसिद्ध एक किसिमको गाई । (१५) गोकर्ण : गाईका जस्ता कान हुने । (१६) गोकुल : गाईको बथान; गोसमूह । (१७) गोखरु : गाईको खुर; गोखुर । (१८) गोघात : गाई मार्ने काम; गोहत्या; गोवध । (१९) गोघाती : गाई मार्ने; गोवध गर्ने; गोहत्या गर्ने । (२०) गोचर : गाई चर्नका लागि छाडिएको जमिन; गौचर; गौचरन । (२१) गोचरभूमि : पत्थरका बसाहा वा त्रिशूलको स्थापना गरी गाईबस्तु चर्नका

निम्ति छोडिएको जमिन; गोचर; गोचरन । (२२) गोचर्म : गाइको छाला । (२३) गोचारक : गाइ चराउने मानिस; गोठालो । (२४) गोचारण : गाई चराउने काम; गोठालो लाग्ने काम । (२५) गोठगाई : गोठभरिको नाइके वा सेरा गाई; बथानको अगुवा गाई । (२६) गोदान : कुनै विशेष मङ्गल-कार्यमा वा अवसरमा प्रायश्चित आदिका निम्ति शास्त्रीय विधिअनुसार सङ्कल्प गरेर ब्राह्मणलाई गाईदान गर्ने क्रिया वा व्यवस्था; गौदान । (२७) गोदोहनी : गाई दुहुने भाँडा; गबुवा; दुधेरो; ढुङ्ग्रो । (२८) गोधन : गाईबस्तु आदि धन । (२९) गोधूलि : वनमा चरेर घाम डुब्ने बेला गोठतिर फर्केका गाईका खुरले उडाएको धूलो । (३०) गोप : गाई पाल्ने व्यक्ति; गोपाल । गाईको रक्षा गर्ने व्यक्ति; गोरक्षक । गोशालाको मालिक; गोठालो । (३१) गोपति : गाईको मालिक; गाईको धनी । साँढे । (३२) गोपाल : गाई पाल्ने व्यक्ति वा गाईको धनी; ग्वाला; गोठालो । (३३) गोबर : गाईको मल; गोमय । (सुकेको भए गुइँठा) । (३४) गोरस : गाईको दूधबाट बन्ने पदार्थ । (३५) गोरु : गाईको बाछो वा बहरलाई गाईका पछि लागेर दुर्बल होला र खेतीपातीको काम नदेला भनी सुमरेर बलिष्ठ राख्ने गरिएको घरपाला पशु; बयल । (३६) गोवर्द्धन : गाईगोरुको पालन र सुरक्षा गर्ने काम; गाईगोरुको सन्तान फैलाउने काम । (३७) गोष्ठ : गाई रहने ठाउँ; गोशाला; गोठ । (३८) गोहार : उहिले गाई हरेर लैजाँदा सहायता पाउन "गाईको हरण भयो" भन्ने अर्थमा कराएर भनिने शब्द; गुहार । (३९) गोहो : गाई हिँड्दा बसेको डाम वा चिह्न । (४०) गौमुखे : गाईको जस्तो मुख भएको । (४१) गौरीगाई : मोटा-मोटा सिङ हुने र ती सिङको जलहरी बनाएर शिवलिङ्गमा अभिषेक गरिने एक जातको जङ्गली गाई । (४२) चटारिनु : गाईले बहर खोज्नु; बर्ताउनु । (४३) चिहाने : निधारका बीचमा रहेको सेतो ताराका बीच कालो थोप्लो हुने (गाई-गोरु) । (४४) जर्सीगाई : गाईका विभिन्न जातमध्ये लामो आङ, लामै गर्दन हुने, जुरो नहुने र अगाडि नुहेको देखिने, विशेष खालको दुधालु गाई; विकासे गाई । (४५) जलधेनु : पुराणअनुसार दान गर्नाका लागि जलको पूर्ण कुम्भमा कल्पना गरिने गाई । (४६) जुरो : साँढेका काँधमाथि भुक्क उठेको रौंदार मासंपिण्ड । (४७) ठीँ ठीँ : गाईगोरु आदि जुध्दा नाक बजाएर । (४८) डाम्नो : गाईबस्तुलाई हियाएर वा रिसले भनिने शब्द । डामेर छोडिएको साँढे । (४९) डिँगो : गाईगोरुलाई भ्कोकले वा माया गरेर भनिने शब्द; डिङो । जवान अवस्थाको गाई वा गोरु । (५०) तप्तमुद्रा : साँढेका पुट्ठामा डामिने मुद्रा । (५१) तली : गोरु जोत्दा हलीले गोरुलाई तलतिर लगाउन भन्ने शब्द । (५२) तार्कु : निधारमा ताराकार सेतो टीका हुने (गाई, बाछी) । (५३) तार्के : निधारमा ताराकार सेतो टीका हुने (गोरु आदि) । (५४) तिल्के : निधारमा सेतो सानो टाटो भएको (गोरु); तिलके । (५५) धवला : सेतो गाई । (५६) धुरन्धर : जोत्न लायक; जुवामा नार्न सुहाउँदो (गोरु); धुरीण । (५७) धेनु : भर्खरै बिहाएको गाई; लैनु गाई; धेनुका । (५८) नन्दिनी : वशिष्ठ ऋषिले पालेकी गाई; कामधेनुकी बाच्छी । (५९) नन्दीगण : शिवका नाममा डामेर छाडिएको बहर; साँढे । (६०) निनी : गाईका ससाना बाछाबाछीलाई प्यारो गरेर भनिने शब्द । (६१) निहिन : लात्ती हान्ने गाईको दूध दुहुँदा खुट्टामा बाँध्ने डोरी; खुट्टे; छाँद । (६२) नीलवृष : वैदिक धर्मका अनुसार पितृका उद्देश्यले यज्ञ गरेर छोडिने साँढे; वृषोत्सर्गको साँढे । (६३) पञ्चगव्य : गाईको दूध, दही, घिउ, गहुँत र गोबर मिलाई पूजादि कार्यका निम्ति बनाइएको पवित्र वस्तु । (६४) पयस्विनी : प्रशस्त मात्रामा दूध आउने गाई; दुहुनू गाई । (६५) पल्किनी : पहिलो बेत बियाउने गर्भिणी गाई । (६६) पाटु : धानी (धानको बोटजस्तो हरियो) रङ वा वर्णको (गाई) । (६७) पिँडो : गाई-गोरुलाई खुवाउन पीठो र सखर मिलाई डल्लो पारिएको दाना । (६८) पिण्डमुछौनी : बाह्र दिनसम्म प्रेतका निम्ति पिण्ड पकाउनाका लागि दूध दुहुन प्रयोग गरिने गाई । (६९) पीयूष : बिहाएको सात दिन भित्रको गाईको दूध । (७०) बन गुइँठा : बनमा गाईले गोब्र्याएर सुकेको गोबर; पकला । (७१) बब : गाई; बाँबाँ (बालबोलीमा) । (७२) बबबाँ : केटाकेटीले गाईलाई डाक्ने वा डाक्नका निम्ति भन्ने शब्द; बबैबाँ । (७३१) बर्मान्डे : दुहुने बेलामा हैरान पार्ने गाई । (७४) बर्सौटे : वर्षैपिच्छे बियाउने गाईबस्तु । (७५) बलु : पानीमा रहने

रौजस्तै मांसनु र लामो, बाहिएर गाइबस्तुको पुच्छर काटिंदने एक जातको कांरो । (७६) बसाहा : महादेवको वाहन; साँढे; शिववाहन; नन्दी नाउँको साँढे । (७७) बहर : नसुमरेको गोरु; नडामेको बाछो, अँडुवा । (७८) बहरगोरु : नसुमरेको गोरु । (७९) बाँ : गाई (बालबोलीमा) । गाई-गोरु कराउँदा आवाज निस्कने किसिमले । (८०) बाछो : गाईको बच्चो; वत्स । स्त्री.बाछी । (८१) बिउ : बिजनका लागि नसुमरी राखिएको साँढे । (८२) बुकुनु : सानो साँढे । (८३) बुतिनु : गाईबस्तु गाभिनु हुनु; गर्भिणी हुनु । (८४) बैल : बयल; गोरु । (८५) महामांस : गाईको मासु; गोमांस । (८६) माता : दूध खुवाउने गाई । (८७) माली : झालेमाले गाई । (८८) माले : झालेमाले (बहर वा गोरु) । (८९) मिथुन गाई : जङ्गली गाई । (९०) मिर्गाई : मृगजस्तो देखिने एक थरी गाई; नीलगाई । (९१) मृतवत्सा : जन्मेका बाच्छाबाच्छी नबाँच्ने (गाई) । (९२) रचनी : राम्रो डालको, दुधालु र साधु आनीबानी भएको गाई । (९३) रमाइ : गाईगोरु कराउने क्रिया वा प्रक्रिया । (९४) राघी : रातो वा कैलो वर्णमा सेतो वा कालो वर्ण मिसिएको गाई । (९५) रातु : राती (गाई) । (९६) वप्रक्रीडा : साँढेले सिँगौरी खेल्ने काम । (९७) श्यामा : काली गाई । (९८) साँखु : एकदमै सेतो नभएर घुर्मैलो सेतो वर्ण हुने (गाई) । (९९) साँढी : मानिस मरेका एघारौं दिन वृषोत्सर्ग गर्दा डामेको बाछाका साथमा छोडिने बाछी । (१००) विवत्सा : बाछोबाछी मरेकी (गाई) । (१०१) वृष : साँढे । (१०२) वृषभ : साँढे; गोरु । (१०३) शण्ड; शण्ढ : साँढे, बैल । (१०४) श्रीगाई : घरपाला गाईसँग जङ्गली साँढे लागेर जन्मेको गाई । (१०५) साँढे : वृषोत्सर्गमा वा अन्य धार्मिक उद्देश्यले डामेर छोडिएको बहर; साँढ । (१०६) सा : गाईले साँढे खोज्दाको लक्षण । (१०७) साहा : गाईले बहर खोज्ने काम । समागम भएका गाईले गर्भ नरही पुनः गर्ने समागमको चाहना; उल्टनु । (१०८) हतुवा : दूधमुखे बाछाबाछी मरेको गाई । (१०९) हलगोरु : एउटै सोइलामा नारिने वा सँगसँगै जोतिने गोरु । (११०) हुक्रनु : साँढे कराउनु, डुक्रनु । (१११) होक्काँ : साँढे वा बहर डुक्रने किसिमसँग; होक्राँ ।

(ख) अमरकोश, कुलचन्द्र शर्मा : (१) असल गाई : नैचिकी (नीचिका, नीचिकी) । (२) बाँझी गाई : बन्ध्या र वशा । (३) तुहेको गाई : अवतोका र स्रवद्गर्भा । (४) बहरसँग लागेको गाई : सन्धिनी । (५) बारम्बार बहरसँग लाग्नाले गर्भ रहन नदिने गाई : वेहत् । (६) साँढे खोज्न लागेको गाई : उपसर्या र काल्या । (७) पहिलो बेत कम्ल्याएको गाई : प्रष्ठौही (पष्ठौही) । (८) सज्जन गाई : अचण्डी र सुकरा । (९) धेरै बेत बियाएको गाई : परेष्टुका र बहुसूति । (१०) बकेनों गाई : चिरसूता र वष्कयणी (वष्कयिणी) । (११) लैनो गाई : धेनु र नवसूतिका । (१२) दुहुँदा दुःख नदिने गाई : सुखसन्दोह्या र सुवैता । (१३) ठूलो कल्चौंडो हुने गाई : पीनोघ्नी र पीवरस्तनी । (१४) एक द्रोण (सोह्र पाथी) दूध दिने गाई : द्रोणक्षीरा र द्रोणदुघा (घ्धा) । (१५) बाँधेर पालिएको (बँधुवा) गाई : धेनुष्या । (१६) वर्षेनि बियाउने गाई : समांसमीना । (१७) मालीगाई : चित्रा र शव(ला)ली । (१८) सेतो गाई : धवला (धवली) । (१९) कालो गाई : कृष्णा । (२०) कैलीगाई : कपिला । (२१) रातोगाई : पाटला । (२२) ठूलो गाई : महती गो । (२३) सानो गाई : वामनी गो । (२४) दुई वर्षको गाई : द्विवर्षा र द्विहायना । (२५) एक वर्षको गाई : एकहायनी र एकाब्दा । (२६) चार वर्षको गाई : चतुरब्दा र चतुर्हायणी । (२७) तीन वर्षको गाई : त्रिहायणी र त्र्यब्धा । (२८) ग्वाला वा अहिर : गोप, गोपाल, गोसङ्ख्य, गोदुह्, आभीर (अभीर) र बल्लभ । (२९) गाईधनी : गोमत् र गोमिन् । (३०) गाईगोरु बाँध्ने कीलो : कीलक र शिवक । (३१) दाम्लो : दामन् र सन्दान । (३२) माल दाम्लो वा छाँद : दामनी र पशुरज्जु । (३३) खुट्टामा बाँध्नुपर्ने पशु : पादबन्धन । (३४) पहिले गाईलाई खुवाइएको ठाउँ : आशितङ्गवीन । (३५) गाईको पाइलाको डोब वा गाई चर्ने स्थान : गोष्पद । (३६) गोरुका पर्यायवाची नाम : उक्षन्, भद्र, बलीवर्द (वरीवर्द), ऋषभ, वृषभ, वृष, अनडुह, सौरभेय र गो । (३७) दाइएको बहर : जातोक्ष । (३८) बहर : दम्य र वत्सतर । (३९) सज्ने बेला भएको बहर : आर्षभ्य । (४०) गोरुको काँध : वह । (४१) नाथ्री छेडेर डोरी लगाइएका गोरु आदि : नस्तित र नस्योत । (४२) दाउन

लागिएको गोरु : प्रष्ठवाह् र युगपाश्वंग । (४३) जुवा बोक्ने गोरु : युग्य । (४४) दाउँदा काँधमा राखिने काठ वा प्रासङ्ग बोक्ने गोरु : प्रासङ्ग्य । (४५) गाडा तान्ने गोरु : शाकट । (४६) माल : गलकम्बल र सास्ना । (४७) गाईको बथान : गोकुल र गोधन । (४८) गोरुको बथान : औक्षक । (४९) गाई-गोरुको बथान : गव्या र गोत्रा । (५०) बाछा-बाछीको बथान : वात्सक । (५१) गाईको बथान : धैनुक । (५२) कल्चौंडो : आपीन र ऊधस् । (५३) भर्खर दुहिएको गाईको दूध : पीयूष (पेयूष) । (५४) गाईसम्बन्धी दुध, दही, घिउप्रभृति : गव्य । (५५) ठूलो साँढे : महोक्ष । (५६) बूढो साँढे : जरद्गव र वृद्धोक्ष । (५७) साँढे : षण्ड (शण्ढ, शण्ड, षण्ढ), गोपति र इट्चर (इत्वर) । (५८) कलिलो बाछा : तर्णक । (५९) सानो बाछो : वत्स र शकृत्करि । (६०) गोबर : गोमय र गोविष् । (६१) गुइँठा : करीष ।

(ग) पेयर डी अमरकोश : अंग्रेजीमा गाईलाई Cow भनिन्छ । गौरीगाईलाई अंग्रेजीमा Gaur र जीवशास्त्रमा *Bos gaurus* भनिन्छ ।यसका अनेक जात हुन्छन् । अंग्रेजीमा गोरुलाई Ox भनिन्छ । अंग्रेजीमा साँढेलाई Bull भनिन्छ । बाछाबाछीलाई Calf भनिन्छ ।

(घ) डा.सतिश चन्द्र साङ्ख्यधर : गाईलाई अंग्रेजीमा Cow भनिन्छ । नजोतेको बहरलाई अंग्रेजीमा The young Bull भनिन्छ ।

(ङ) के.यन.स्वामी : (१) बाल : बाछो । (२) वत्सतर : नजोतेको बहर । (३) दुर्दान्त : बाच्छो । (४) गडि : बाच्छो । अल्छी गोरु ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अर्कप्रकाश :

सङ्कलन : मोहन प्रसाद सापकोटा

गाई दश थरीका हुन्छन् ।

(ख) आयुर्वेद महोदधि :

गव्यं हितं मेध्यतमं हि दुग्धं प्राणप्रदं पित्तसमीरणघ्नम् ।
रसायनं वर्णकरं सुकेश्यमारोग्यहेतुः सततं नराणाम् ॥

गाईको दूध मानिसका लागि हितकारी, अति पवित्र, प्राणदायक, पित्त र वात नाशक, बुढ्यौलीनाशक, वर्णमा निखार लेराउने, कपालका लागि अति नै हितकारी र सधैं निरोगी बनाउने गुणको हुन्छ ।

शीतलं मधुरं स्निग्धं वातपित्तहरं परम् । वृष्यमोजस्करं हृद्यं श्लेष्मघ्नं च रसायनम् ॥

गाईको दूध शीतल, मिठो, चिल्लो र वातपित्तदोष नाशक नाशक हुन्छ ।यसले पौरुषत्व र तेज बढाउँदछ । मनकारी हुन्छ । यसले कफ नास गर्दछ रर वृद्धत्व पन्छाउन (रसायनी) यो अती उत्तम हुन्छ ।

पाके स्वादु रसे मेध्यं क्षयक्षीणबलप्रदम् । श्वासकासप्रशमनं श्रमत्रयमदापहम् ॥

गाईको दूधको पचपांछेको रस गुलियो हुन्छ । यो पवित्र हुनुका साथै दुब्लाएका वा कमजोर भएकालाइ बल प्रदायक हुन्छ । यसले दम र खोकी निको पार्नुका साथै मन, वचन र शरीरजन्य थकाई मेटाई नशा (मद) को असर भगाउँदछ ।

जीर्णज्वरे मूत्रकृच्छ्रे रक्तपित्ते च शस्यते । गव्यं पयः पवित्रं च बल्यं पुष्टिप्रदायकम् ॥
श्रेष्ठं चक्षुष्यमायुष्यं कान्तिलावण्यकारकम् ॥

पुरानो जरो (दीर्घजरो), मूत्रकृच्छ्र र रक्तपित्तमा गाईको दूध अति नै उत्तम हुन्छ । यो पवित्र, बलदायक, आयुवर्धक, कान्तिवर्धक र सौन्दर्यवर्धक हुन्छ ।

पयो गव्यं तेषां भ्र(श्र)मरुधिरपित्तश्रममद क्षयालक्ष्मीगुल्मप्रदरगरपाण्ड्वामयहरम् ।
शकृच्छेष्मज्वर (?) श्वयथुप्लीहशमनं तृषामेदोमूर्छाज्वरमनिलमप्याशु शमयेत् ॥

गाईको दूधले रिंगटा, रक्तपित्त, थकाई, नशा, क्षयरोग, अलक्ष्मी, गानुगोला, प्रदर, पाण्डुरोग र आमरोग नाश गर्दछ । कफ-जरो, शरीर सुन्निने, फियोका रोग, तिर्खा, बोसोका विकार, बेहोसी र वातजरो चाँडै निको पार्दछ ।

गवां सितानां वातघ्नं कृष्णानां पित्तनाशनम् । कफघ्नं रक्तवर्णानां त्रीन् हन्ति कपिलाद(प)यः ॥

सेतो गाईको दूधले वातविकार, कालो गाईको दूधले पित्तविकार, रातो वर्णको गाईको दूधले कफविकार र कैली (आदि) गाईको दूधले त्रिदोष नाश गर्दछ ।

सङ्कलन : मोहनप्रसाद सापकोटा

...धारोष्णमेवं हितमेव गव्यम् ॥ वातपित्तहरं गव्यं ...।

गाईको दूध दुहुँदादुहुँदैको तात्तातो हितकारी हुन्छ । गाईको दूधले वात एवं पित्त विकार नाश गर्दछ ।

धारोष्णं पवनप्रकोपशमनं दुग्धं गवां पुष्टिकृत्,
पाण्डुं कामलकं निहन्ति तरसा क्षीणोर्जकृच्छ्रीकरम् ।
दाहं देशगतं कराङ्घ्रिनयनज्वालां च पित्तोन्नतिं,
दुष्टास्रं कृशतां कृशानुजनितां कृच्छ्रादिरोगान् जयेत् ॥

गाईको दुहुँदा दुहुँदैको तातो दूधले वायुविकार नाश गर्दछ, पुष्टिदायक हुन्छ, पाण्डु र कमलपित्त निको पार्दछ, दुब्लाको शरीरमा मासु बढाउँदछ, तागत बढाउँदछ, शरीरको हात-गोडा र आँखाको जलन हटाउँदछ, दृश्यशक्ति बढाउँदछ, खराब रगतलाई प्रशोधन गर्दछ, दुब्लोपन नाश गर्दछ र कृच्छ्र रोग नाश गर्दछ ।

पूर्वाह्णे प्रपिबेद् गव्यम्....।

पूर्वाह्णमा गाईको दूध पिउनु उत्तम हुन्छ ।

तत्रापि चातिशीतं च दीपनं बलवर्द्धनम् । वातघ्नं मधुरं स्निग्धं दधिगव्यं मनोहरम्॥

गाईको दही अति शीतल, अग्निवर्धक, बलवर्धक, वातनाशक, मिठो, चिल्लो र आकर्षक हुन्छ ।

स्निग्धं विपाके मधुरं दीपनं बलवर्धनम् । वातापहं पवित्रं च दधि गव्यं रुचिप्रदम्॥

गाईको दही चिल्लो, पचेपछि गुलियो, मिठो, दीपन, बल बढाउने, वातविकार नाशक, पवित्र र रुचि जगाउने हुन्छ ।

अरोचके पीनसमूत्रकृच्छ्रे शीतज्वरे तद्विषमज्वरे च ।
दुर्नामरोगग्रहणीगदे च गव्यं प्रशस्तं दधि सर्वदैव॥

खानमा अरुचि हुँदा, पिनासमा, मूत्रकृच्छ्रमा, मलेरिया वा औलोको जरोमा, लागछोड हुने जरोमा, अलकाई र ग्रहणीमा गाईको दही लाभदायक हुन्छ ।

विज्ञेयमेव सर्वेषां गव्यमेव गुणोत्तरम् । वातघ्नं कफकृत्स्निग्धं बृंहणं नातिपित्तकृत्॥

सबैखालका दहीमध्ये गुणका दृष्टिले गाईको दही सर्वोत्कृष्ट मानिन्छ । यसले वातनाश गर्दछ र कफ बढाउँदछ । यो चिल्लो र पौष्टिक हुन्छ । यसले पित्त पनि धेरै बढाउँदैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गव्यं तु दीपनं तक्रं मेध्यमर्शस्त्रिदोषनुत् । हितं तुल्यातिसारेषु प्लीहार्शोग्रहणीगदे॥

गाईको तक्रमा दीपन, पवित्र पार्ने तथा अलकाई, त्रिदोष, आउँ, फियोको रोग र ग्रहणी नाश गर्ने गुण हुन्छन् ।

धीकान्तिस्मृतिकारकं बलकरं मेधाप्रदं बुद्धिकृत् वातघ्नं कृमिनाशनं स्वरकरं पित्तापहं पुष्टिदम् ।
वह्नेर्वृद्धिकरं विपाकमधुरं वृष्यं च शीतं सदा सेव्यं गव्यमिदं घृतं बहुगुणं सद्यः समावर्तितम्॥

घिउले बुद्धि, चमक, सम्झना शक्ति, बल, बुझ्ने शक्ति र बुद्धि बढाउँदछ । यसले वातविकार, पेटका किरा नाश गर्नुका साथै स्वरलाई निखार्दछ । यो पित्तविकार नाशक र पुष्टिकारक हुन्छ । घिउ पाचकाग्नि वर्धक, पचेपछि गुलियो, वीर्य वर्धक र शीतल हुन्छ । यस्तो अनेकौं गुणको गाईको तताएको ताजा घिउ खाने गर्नु पर्दछ ।

सर्पिर्गवां चाप्यमृतं विषघ्नं चक्षुष्यमारोग्यकरं च वृष्यम् ।
रसायनं बल्यमतीव मेध्यं स्नेहोत्तमं चेति बुधा वदन्ति॥

गाईको घिउ अमृतसमान हुन्छ । यसले विषको असर नाश गर्नुका साथै आँखाका लागि लाभदायक हुन्छ । यो आरोग्यदायक, वीर्यवर्धक, बुढ्यौली नाशक, बलदायक र विशेषतः दिमागको बुझ्ने शक्ति बढाउने गुणको हुन्छ । आयुर्वेदका ज्ञाता विद्वानहरू यसलाई सबै प्रकारका चिल्लोमा उत्तम चिल्लो भन्ने गर्दछन् ।

गव्यं सुपाचितं सर्पिर्वातपित्तकफापहम् ।

राम्ररी खारिएको गाईको घिउले वातविकार, कफविकार र पित्तविकार नाश गर्दछ ।

ओजस्तेजोऽभिवृद्धिं जनयति सुखदं कान्तिकृत्सम्यगुक्तं
पापालक्ष्मीश्रमघ्नं श्वसनकृशनहृज्जीर्णजातज्वरघ्नम् ।
शूलोदावर्त्तरोगग्रहणिनिवहजां नाशयत्याशु पीडां
वातघ्नं पित्तनाशं स्वरकरविषजित् क्षुद्रमं चैव गव्यम् ॥

गाईको घिउ : ओज र तेज वर्धक; सुखप्रद, कान्तिदायक, पाप र अलक्ष्मी नाशक; थकाइ मेटाउने, श्वासप्रश्वाससम्बन्धी रोग र दुब्लोपन नाशक; पुरानो जरो नाशक, शूलरोग-उदावर्त रोग-ग्रहणि रोग नाशक, पीडा तत्काल नाशक, वातविकार र पित्तविकार नाशक, स्वरलाई उत्तम बनाउने र विषको असर हटाउने गुणको हुन्छ ।

निरामयानां नवयौवनानां कृत्वा गवां यद्दशधौतमद्भिः ।
वह्नौ विपक्वं नवनीनूतनं योग्यं घृतं तद्रसराजसेवितम् ॥

जवान एवं स्वस्थ गाईको दशदिन पछिको शुद्ध ताजा नौनीलाई आगोमा तताएर (खारेर) बनाइएको घिउ ओखतिका लागि खान योग्य हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

असूताया घनं मूत्रं प्रसूताया द्रवं लघु । न किं गुणविशेषः स्यात्समतापाकवीर्ययोः ॥

नबियाएकी गाईको गहुँत गाढा हुन्छ भने बियाएकी गाईको गहुँत पातलो र पचाउन सहज हुन्छ । यी दुई थरी गहुँतको गुणमा खासै कुनै अन्तर हुँदैन । यो पचेपछि र यसले दिने शक्ति पनि बराबर हुन्छ ।

सौरभेयकमुत्रं तु घनं सान्द्रं प्रशस्यते । तच्च वृषणहीनानां किञ्चिल्लघुतरं मतम् ॥

साँढेको मूत्र गाढा हुन्छ र बाक्लै पिउनु लाभदायक हुन्छ । गोरुको मूत्र पचाउन केही सहज हुन्छ ।

वृषमुत्रं तु शोफघ्नं कृमिदोष विनाशनम् ।
कामलाग्रहणीपाण्डुनाशनं चाग्निदीपनम् ॥

साँढेको मूत्रले शरीर सुन्निएको ठिक गर्नुका साथै किरा मार्दछ । यो कमलपित्त, ग्रहणी र पाण्डुरोगको औषधी हुन्छ । यसले जठराग्निलाई बाल्दछ ।

(ग) काश्यप संहिता :

मुख्यं घृतेषु गव्यं संस्कारात् सर्वसात्म्याच्च ॥

घिउमध्येमा पनि संस्कार (आफ्नो गुण जस्ताका तस्तै राखेर अरुको गुण आफूमा समेट्न सक्ने गुण भएका) का कारण तथा सबैले खान हुने वा सबैलाई पचाउन सहज हुने हुनाले गाईको घिउलाई मुख्य (श्रेष्ठ) मानिएको छ ।

(घ) द्रव्यगुणसङ्ग्रह :

गोक्षीरमनभिष्यन्दि स्निग्धं स्वादु रसायनम् । रक्तपित्तहरं शीत मधुरं रसपाकयोः॥
जीवनीयं तथा वातपित्तघ्नं परमं मतम् ।

गाईको दूध अनभिष्यन्दि, चिल्लो, स्वादिलो, रसायनी, रक्तपित्त नाश गर्ने, शुरुमा र पचेपछि गुलियो, जीवनी तथा विशेष किसिमले वातविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

गव्यं दधि च मङ्गल्यं वातघ्नं शुचि रोचकम् । स्निग्धं विपाके मधुरं दीपनं बलवर्धनम्॥

गाईको दही मङ्गलदायक, वातविकार नाश गर्ने, पवित्र, रुचिप्रद, चिल्लो, पचेपछि गुलियो, दीपनी र बल बढाउने गुणको हुन्छ ।

दधीन्युक्तानि यानीह गव्यादीनि पृथक् पृथक् । विज्ञेयमेव सर्वेषु गव्यमेव गुणोत्तरम्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

जे जति बेलाबेग्लै दहीको प्रयोग गरिन्छ ती सबैमा गाई दही नै बढी गुनिलो हुन्छ ।

गव्यं घृतं घृतश्रेष्ठं चक्षुष्यं बलवर्धनम् । विपाके मधुरं श्रेष्ठं वातपित्तविषापहम्॥

घिउमध्येमा गाईको घिउ श्रेष्ठ हुन्छ । यो आँखाका लागि हित गर्ने, बल बढाउने, पचेपछि गुलियो, श्रेष्ठ तथा वातविकार, पित्तविकार र विषविकार नाश गर्ने गुणको हुन्छ ।

(ङ) धन्वन्तरि निघण्टु :

पथ्यं रसायनं बल्यं हृद्यं मेध्यं गवां पयः । आयुष्यं पुंस्त्वकृद्वातरक्तपित्तविकारनुत्॥
गवां सितानां वातघ्नं कृष्णानां पित्तनाशनम् । कफघ्नं रक्तवर्णानां गोदुग्धं च त्रिधा स्मृतम्॥
गोक्षीरमनभिष्यन्दि स्निग्धं गुरु रसायनम् । रक्तपित्तहरं शीतं मधुरं रसपाकयोः॥
जीवनीयं तथा वातपित्तघ्नं परमं स्मृतम् ।

गाईको दूध रसायनी, बलदायक, मुटुका लागि हितकर, होम हाल्न योग्य, आयु बढाउने, पुरुषत्व प्रदान गर्ने तथा वातविकार रक्तविकार र पित्तविकार नाश गर्ने गुणको हुन्छ । सेतो गाईको दूधले वातविकार, कालो गाईको दूधले पित्तविकार तथा रातो गाईको दूधले कफविकार नाश गर्दछ । यसरी गाईको दूध तीन किसिमको हुन्छ । गाईको दूध अनभिष्यन्दि, चिल्लो, पचाउन कठिन, रसायनी, रक्तपित्त नाश गर्ने, शीतवीर्यको, शुरुमा र पचेपछि गुलियो, जीवनी र प्रभावकारी ढङ्गले वातविकार र

पित्तविकार नाश गर्ने गुणको हुन्छ ।

स्निग्धं विपाके मधुरं दीपनं बलवर्धनम् । वातापहं पवित्रं च दधि गव्यं रुचिप्रदम् ॥

गाईको दही चिल्लो, पचेपछि गुलियो, दीपनी, बल बढाउने, वातविकार नाश गर्ने, पवित्र र रुचिप्रद गुणको हुन्छ ।

शस्तं धीस्मृतिमेधाग्निबलायुःशुक्रचक्षुषाम् । बालवृद्धप्रजाकान्तिसौकुमार्यस्थिरार्थिनाम् ॥
क्षतक्षीणपरीसर्पशस्त्राग्निग्लपितात्मनाम् । विपाके मधुरं शीतं वातपित्तविषापहम् ॥
चक्षुष्यं बल्यमग्र्यञ्च गव्यं सर्पिर्गुणोत्तरम् ।

गाईको घिउ बुद्धि, सम्झनाशक्ति, पाचनशक्ति, बल, वीर्य र आँखाका लागि हितकर हुन्छ । यो बलक, वृद्ध तथा सन्तान, कान्ति, सुकोमलता (जवानी) र शरीरको स्थिरता चाहनेका लागि लाभदायक हुन्छ । चोटपटक, क्षयरोग, कुष्ठविशेष, हतियारले काटेको, आगोले डढेको र पित्तविकार नाश गर्ने गुणको हुन्छ । यो पचेपछि गुलियो, शीतवीर्यको; वातविकार, पित्तविकार र विषविकार नाश गर्ने; आँखाका लागि हितकर, बलदायक र घिउमध्येमा श्रेष्ठ हुन्छ ।

गोमयं गोपुरीषं स्याद्गोविष्ठा गोमलं च तत् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोमय, गोपुरीष, गोविष्ठा र गोमल : यी गाईको गोबरका पर्यायवाची नाम हुन् ।

गोमूत्रं गोजलं गोम्भो गोपानीयं च गोस्रवः । गवापो गोकीलालं च गोनीरं सुरभीजलम् ॥
गोमूत्रं कटुतिक्तोष्णं सक्षारं लेखनं सरम् । लघ्वग्निदीपनं मेध्यं पित्तलं कफवातजित् ॥
मूत्रप्रयोगसाध्येषु गव्यं मूत्रं प्रयोजयेत् ।

गोमूत्र, गोजल, गोम्भ, गोपानीय, गोस्रव, गवाप, गोकीलाल, गोनीर र सुरभीजल : यी गहुँतका पर्यायवाची नाम हुन् । गहुँत पिरो, तितो, उष्णवीर्यको, क्षारयुक्त, लेखनी, मलमूत्रलाई तलतिर सार्ने, पचाउन सहज, पाचक-अग्निलाई बाल्ने, पवित्र, पित्तविकार गर्ने तथा कफविकार र वातविकारलाई जित्ने गुणको हुन्छ । नतोकी मूत्र प्रयोग गर्ने मात्र भनिएको अवस्थामा गहुँत नै प्रयोग गर्नू ।

गौः शृङ्गिणी सौरभेयी दोग्ध्री धेनुः पयस्विनी । गोमांसं तु गुरु स्निग्धं पित्तश्लेष्मविवर्धनम् ॥
बृंहणं वातहृद्बल्यमपथ्यं पीनसप्रणुत् । काश्यार्ल्पाग्निसमुच्छेदि गव्यं गुरु च वातनुत् ॥
कीर्तितं नात्यभिष्यन्दि मांसं प्रायुस्तु जाङ्गलम् ।

गौ, शृङ्गिणी, सौरभेयी, दोग्ध्री, धेनु र पयस्विनी : यी गाईका पर्यायवाची नाम हुन् । गोमांस पचाउन कठिन, चिल्लो, पित्तविकार र कफविकार बढाउने, पौष्टिक, वातविकार नाश गर्ने, बलदायक, अपथ्य, पिनास नाश गर्ने तथा दुब्लोपन र कमजोर पाचन शक्तिलाई छेदन गर्ने गुणको हुन्छ । यो पचाउन कठिन र वातविकार नाशक हुन्छ । जङ्गली गाईको मासु प्रायः कम अभिष्यन्दि हुन्छ ।

(च) भावप्रकाश निघण्टु :

बलीवर्दस्तु वृषभः ऋषभश्च तथा वृषः॥
अनड्वान्सौरभेयोऽपि गौरुक्षा भद्र इत्यपि । सुरभिः सौरभेयी च माहेयी गौरुदाहृता॥
गोमांसं सुगुरु स्निग्धं पित्तश्लेष्मविवर्द्धनम् । बृंहणं वातहृत् बल्यमपथ्यं पीनसप्रणुत्॥

बलीवर्द, वृषभ, ऋषभ, वृष, अनड्वान्, सौरभेय, गौः, उक्षा र भद्र : यी बहर वा गोरु वा साँढेका संस्कृत पर्यायवाची नामहरू हुन् । सुरभि, सौरभेयी, माहेयी र गौः : यी गाईका संस्कृत पर्यायवाची शब्दहरू हुन् । गोमांस अति नै पचाउन कठिन, चिल्लो, पित्तवर्धक, कफवर्धक, पौष्टिक, वातविकार नाशक, बलदायक, अपथ्य र पिनास गराउने गुणको हुन्छ ।

गव्यं दुग्धं विशेषेण मधुरं रसपाकयोः॥ दोषधातुमलस्रोतः किञ्चित्क्लेदकरं गुरु ।
शीतलं स्तन्यकृत्स्निग्धं वातपित्तास्रनाशनम्॥ जरासमस्तरोगाणां शान्तिकृत् सेविनां सदा ।

गाईको दूध विशेषगरी शुरुमा र पचेपछि पनि गुलियो हुन्छ । यसले दोष, धातु, मल र नसामा थोरै आर्द्रता (क्लेद) उत्पन्न गर्दछ र पचाउन कठिन हुन्छ । यो शीतल गर्ने, दूध बढाउने, चिल्लो तथा वातविकार, पित्तविकार र रक्तविकार नाशक हुन्छ । दूध सधैं सेवन गर्नेलाई बेलै नभई बुढ्यौलीले सताउँदैन र सबै खालका रोगलाई शान्त पार्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

कृष्णाया गोर्भवेद् दुग्धं वातहारि गुणाधिकम्॥
पीताया हरते पित्तं तथा वातहरं भवेत् । श्लेष्मलं गुरु शुक्लाया रक्ता चित्रा च वातहृत्॥

कालो गाईको दूध वातविकार नाशक र अन्य गाईको दुधको तुलनामा बढी गुनिलो हुन्छ । पहेँलो गाईको दूध पित्तविकार र वातविकार नाशक हुन्छ । सेतो गाईको दूध कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ । रातो र माली गाईको दूध वातविकार नाशक हुन्छ ।

बालवत्सविवत्सानां गवां दुग्धं त्रिदोषकृत् ।

भर्खर ब्याएको लैनू तथा हतुवा गाईको दूध त्रिदोषकारक हुन्छ ।

वष्कयिण्यास्त्रिदोषघ्नं तर्पणं बलकृत्पयः॥

बकेनो गाईको दूध त्रिदोष नाशक, तृप्तिदायक र बलदायक हुन्छ ।

जाङ्गलानूपशैलेषु चरन्तीनां यथोत्तररम् । पयो गुरुतरं स्नेहो यथाऽहारं प्रवर्त्तते॥

जाङ्गल, आनूप र पर्वते गाईको दूध क्रमशः पचाउन कठिन हुन्छ । आहार अनुसार नै दूधमा चिल्लो हुन्छ र बढी चिल्लो हुने दूध पचाउन बढी कठिन हुन्छ ।

स्वल्पान्नभक्षणाज्जातं क्षीरं गुरु कफप्रदम् । तत्तु बल्यं परं वृष्यं स्वस्थानां गुणदायकम् ॥
पलालतृणकार्पासबीजजं रोगिणे हितम् ।

आहारसँगै अलिअलि अनाज पनि खाने गाईको दूध पचाउन कठिन, कफविकार गर्ने, बलदायक, अति वीर्यवर्धक र स्वस्थ मानिसका लागि हितकर हुन्छ । पराल, घाँस र कपासका गेडा खाने गाईको दूध रोगी मानिसका लागि हितकर हुन्छ ।

धारोष्णं गोपयो बल्यं लघु शीतं सुधासमम् ॥ दीपनञ्च त्रिदोषघ्नं तद्धाराशिशिरं त्यजेत् ।

गाईको धारोष्ण दूध बलदायक, पचाउन सहज, शीतल गर्ने र अमृतसमान हुन्छ । यसले पाचनशक्ति बढाउँदछ र त्रिदोष नाश गर्दछ । तर दुहेको धेरै समय भएपछि यस्तो दूध परित्याग गर्नू (चिसै नखानू, तताएर मात्र खानू) ।

गव्यं दधि विशेषेण स्वाद्वम्लं च रुचिप्रदम् । पवित्रं दीपनं हृद्यं पुष्टिकृत्पवनापहम् ॥
उक्तं दध्नामशेषाणां मध्ये गव्यं गुणाधिकम् ।

गाईको दही विशेषतः गुलियो, अमिलो, रुचिकर, पवित्र, पाचनशक्ति वर्धक, मुटुका लागि लाभदायक, पौष्टिक, र वातविकार नाशक हुन्छ । सबै दहीमध्येमा गाईको दही बढी गुनिलो हुन्छ भनिएको छ ।

नवनीतं हितं गव्यं वृष्यं वर्णबलाग्निकृत् ॥
सङ्कलन : मोहन प्रसाद सापकोटा
संग्राहि वातपित्तासृक्क्षयार्शोऽर्दितकासहृत् । तद्धितं बालके वृद्धे विशेषादमृतं शिशोः ॥

गाईको नौनी हितकर, वीर्यवर्धक, वर्णमा निखार लेराउने, बलदायक र पाचनशक्ति बढाउने गुणको हुन्छ । यसले पेटभित्रको अग्निलाई बाल्दछ, "आम" आदिलाई पचाउँदछ, गर्मीकारक हुनाले गर्दा जलले पैदा गर्ने कफ आदि दोष, धातु र मललाई सोस्दछ अर्थात् ग्राही हुन्छ । नौनी वातविकार, पित्तविकार, रक्तविकार, क्षयरोग, अल्काई, अर्दित र खोकी नाशक हुन्छ । यो बालक र वृद्धका लागि हितकर र विशेषतः ससाना बालकका लागि अमृतसमान गुनिलो हुन्छ ।

गव्यं घृतं विशेषेण चक्षुष्यं वृष्यमग्निकृत् ॥ स्वादु पाककरं शीतं वातपित्तकफापहम् ।
मेधालावण्यकान्त्योजस्तेजोवृद्धिकरं परम् ॥ अलक्ष्मीपापरक्षोघ्नं वयसः स्थापकं गुरु ।
बल्यं पवित्रमायुष्यं सुमङ्गल्यं रसायनम् ॥ सुगन्धं रोचनं चारु सर्वाज्येषु गुणाधिकम् ।

गाईको घिउले विशेषगरी आँखालाई फाइदा गर्दछ । यो वीर्यवर्धक र पाचनशक्तिवर्धक हुन्छ । गाईको घिउ पचेपछि गुलियो हुन्छ । यसले शीतल गर्दछ तथा वातविकार, पित्तविकार र कफविकार नाश गर्दछ । यसले दिमागको ग्रहण गर्ने क्षमता, लावण्य, कान्ति, ओज र तेज धेरै नै बढाउँदछ । गाईको घिउले अलक्ष्मी, पाप र राक्षसबाधा हटाउँदछ । यसले उमेरलाई स्थिर राख्दछ । यो पचाउन कठिन हुन्छ । यसले बल दिन्छ । यो पवित्र हुन्छ । यसले आयु बढाउँदछ । यो मङ्गलदायक, रसायनी, सुगन्धी, रुचिकर.. र सबै खालका घिउमा उत्तम गुणको घिउ हुन्छ ।

गोमूत्रं कटु तीक्ष्णोष्णं क्षारं तिक्तकषायकम् । लघ्वग्निदीपनं मेध्यं पित्तकृत्कफवातहृत् ॥

शूलगुल्मोदरानाहकण्ड्वांक्षमुखरोगांजत् । किलासगदवातामवांस्तरुक्कुष्ठनाशनम् ॥
कासश्वासापहं शोथकामलापाण्डुरोगहृत् ॥
कण्डूकिलासगदशूलमुखाक्षिरोगान्गुल्मातिसारमरुदामयमूत्ररोधान् ।
कासं सकुष्ठजठरकृमिपाण्डुरोगान्गोमूत्रमेकमपि पीतमपाकरोति ॥
सर्वेष्वपि च मूत्रेषु गोमूत्रं गुणतोऽधिकम् । अतोऽविशेषात्कथने मूत्रं गोमूत्रमुच्यते ॥
प्लीहोदरश्वासकासशोथवर्चोग्रहापहम् । शूलगुल्मरुजाऽनाहकामलापाण्डुरोगहृत् ॥
कषायं तिक्ततीक्ष्णं च पूरणात्कर्णशूलहृत् ॥

गहुँत पिरो, तिक्खर, गर्मी गर्ने, नुनिलो, तीतो र टर्रो हुन्छ । यो पचाउन हलुका, पाचक अग्निलाई दीपन गर्ने, दिमागको ग्रहण गर्ने क्षमताका लागि हितकर, पित्तविकार बढाउने तथा कफविकार, वातविकार, शूल, गुल्म, पेटका रोग, आनाह, लुतो, आँखाका रोग, मुखका रोग, कुष्ठरोग विशेष (किलास), आमजन्य वातरोग, तल्लो पेटका रोग, कुष्ठरोग, खोकी, दम, सुजन, कमलपित्त र पाण्डुरोग नाशक हुन्छ । गहुँत मात्र पिउनाले पनि लुतो, किलास, शूल, मुखका रोग, आँखाका रोग, गुल्म, अतिसार, वातजन्य रोग, पिसाब रोकिने रोग, खोकी, कुष्ठरोग, पेटका रोग, पेटका कीरा र पाण्डुरोग नाश हुन्छ । सबै खालका मूत्रमा गहुँत नै बढी गुनिलो हुन्छ । यसैले जहाँ "मूत्र" शब्द प्रयोग गरिएको हुन्छ त्यहाँ गहुँतलाई नै भनिएको हो भनी बुझ्नु पर्दछ । गहुँतले फियोका रोग, पेटका रोग, दम, खोकी, सुजन, कब्जियत, ग्रहबाधा, शूल, गुल्म, आनाह, कमलपित्त, र पाण्डुरोग नाश गर्दछ । गहुँत टर्रो, तीतो र तिक्खर हुन्छ । यो कानमा हाल्नाले कर्णशूल नाश हुन्छ ।

(छ) **मदनपाल निघण्टु :** सङ्कलन : मोहन प्रसाद सापकोटा

गोक्षीरं मधुरं शीतं गुरुस्निग्धं रसायनम् । बृंहणं स्तन्यकृद्वर्ण्यं जीवनं वातपित्तनुत् ॥

गाईको दूध मिठो, शीतल गर्ने, पचाउन कठिन, चिल्लो र रसायनी हुन्छ । यो पौष्टिक, दूधवर्धक, वर्णमा निखार लेराउने, जीवनदायक तथा वातविकार र पित्तविकार नाशक हुन्छ ।

वरं कृष्णगवां क्षीरं श्वेतानां श्लेष्मलं गुरु । बालवत्साविवत्सानां गवां क्षीरं त्रिदोषकृत् ॥
पिण्याकाद्यशनाज्जातं क्षीरं गुरु कफापहम् ॥

काली गाईको दूध उत्तम हुन्छ । सेती गाईको दूध कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ । ससाना बाच्छाबाच्छी भएकी गाईको र हतुवा गाईको दूधले त्रिदोष गर्दछ । पिना आदि खुवाएर निकालिएको दूध पचाउन कठिन र कफविकार नाशक हुन्छ ।

धारोष्णं शस्यते गव्यं ...।

गाईको दुहुँदादुहुँदैको तातो दूध उत्तम हुन्छ ।

क्षीरं तत्कालसूतायाः पीयूष घनमुच्यते ।

भखर बिहाएको गाईको दूधलाई "पीयूषघन (बिगौत दूध)" भनिन्छ ।

गव्यं दध्युत्तमं बल्यं पाके स्वादु रुचिप्रदम् । पवित्रं दीपनं स्निग्धं पुष्टिकृत्पवनापहम् ॥

गाईको दही उत्तम हुन्छ । यसले बल दिन्छ । यो पचेपछि गुलियो हुन्छ , यो दही रुचिप्रद, पवित्र, दीपनी, चिल्लो, पुष्टिदायक र वातविकार नाशक हुन्छ ।

सर्वेषु दधिषु श्रेष्ठं गव्यमेव गुणावहम् । गालितं दधि सुस्निग्धं वातघ्नं श्लेष्मलं गुरु ॥
बलपुष्टिकरं रुच्यं मधुरं नातिपित्तकृत् । शृतक्षीरभवं रुच्यं दधि स्निग्धं गुणोत्तमम् ॥
पित्तानिलापहं सर्वं धात्वग्निबलवर्धनम् ॥

सबै दहीमध्ये गाईको दही श्रेष्ठ र गुनिलो हुन्छ । कडामा छानिएको यो दही मनमोहक, चिल्लो, वातविकार नाशक, कफविकार गर्ने र पचाउन कठिन हुने गुणको हुन्छ । यो बलदायक, पुष्टिदायक, रुचिप्रद, गुलियो र धेरै पित्तविकार नगर्ने खालको हुन्छ । तताएको दूधको दहीले रुची जगाउँदछ, चिल्लो हुन्छ र उत्तम गुणको हुन्छ । सबै खालका दहीले पित्तविकार र वातविकार नाश गर्दछन् तथा धातु, पाचनशक्ति र बल समेत बढाउँदछन् ।

सर्वेषु गुणकृद्गव्यम्...॥

सबै घिउमा गाईको घिउ बढी गुनिलो हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गोमूत्रं तेषु सर्वेषु मूत्रयोगे प्रशस्यते ।

मूत्रको प्रयोग गर्नुपर्दा सबैभन्दा श्रेष्ठ गहुँत हुन्छ ।

(ज) **राजनिघण्टु :**

गोमूत्रं गोजलं गोम्भो गोनिष्यन्दश्च गोद्रवः । गोमयं गोपुरीषं स्याद्गोविष्ठा गोमलञ्च तत् ॥

गोमूत्र, गोजल, गोम्भ, गोनिष्यन्द र गोद्रव : यी गहुँतका तथा गोमय, गोपुरीष, गोविष्ठा र गोमल : यी गाईको गोबरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गव्यं क्षीरं पथ्यमत्यन्तरुच्यं स्वादु स्निग्धं पित्तवातामयघ्नम् ।
कान्तिप्रज्ञाबुद्धिमेधाङ्गपुष्टिं धत्ते स्पष्टं वीर्यवृद्धिं विधत्ते ॥

गाईको दूध पथ्य, अत्यन्त रुचिप्रद, स्वादिलो, चिल्लो, पित्तविकार नाशक, वातविकार नाशक तथा शरीरको चमक, ज्ञान, बुद्धि, दिमागको ग्रहण गर्ने क्षमता र अङ्गलाई पुष्टि गर्ने गुणको हुन्छ । यसले स्पष्ट रूपमा वीर्यवृद्धि गर्दछ ।

दधि गव्यमतिपवित्र शीतं स्निग्धञ्च दीपनं बलकृत् । मधुरमरोचकहारिं ग्राहि च वातामयघ्नं च॥

गाईको दही अति पवित्र, शीतवीर्यको, चिल्लो, दीपनी, बलदायक, गुलियो, अरुची नाशक, ग्राहि र वातविकार नाशक हुन्छ ।

शीतं वर्णबलावहं सुमधुरं वृष्यं च सङ्ग्राहकं वातघ्नं कफहारकं रुचिकरं सर्वाङ्गशूलापहम् ।
कासघ्नं श्रमनाशनं सुखकरं कान्तिप्रदं पुष्टिदं चक्षुष्यं नवनीतमुद्धृतनवं गोः सर्वदोषापहम्॥

गाईको ताजा नौनी शीतवीर्यको, वर्ण र बल बर्धक, गुलियो, वीर्यदायक, ग्राहि, वातविकार नाशक, कफविकार नाशक, रुचिप्रद, सबै अङ्गमा हुने शूलरोग नाशक, खोकी नाशक, थकाई नाशक, सुखदायी, चमकदायी, पुष्टिदायक, आँखाका लागि हितकर र सबै रोग नाशक हुन्छ ।

धीकान्तिस्मृतिदायकं बलकरं मेधाप्रदं पुष्टिकृत् वातश्लेष्महरं श्रमोपशमनं पित्तापहं हृद्यदम् ।
वह्नेर्वृद्धिकरं विपाकमधुरं वृष्यं वपुःस्थैर्यदं गव्यं हव्यतमं घृतं बहुगुणं भोग्यं भवेद्भाग्यतः॥

गाईको घिउले बुद्धि, तेज र सम्झना शक्ति प्रदान गर्दछ । यो बलकारी, दिमागलाई ग्रहण गर्ने क्षमता दिने र शरीरलाई पुष्टि गर्ने गुणको हुन्छ । यसले वातविकार र कफविकार नाश गर्दछ तथा थकाई मेट्दछ । यो पित्तविकार नाशक र मुटुका लागि हितकर हुन्छ । गाईको घिउले जठराग्निलाई बाल्दछ । यो पचेपछि गुलियो, वीर्यवर्धक, शरीरलाई स्थिर अवस्थामा राख्ने र होमका लागि उत्तम हुन्छ । यस्तो बहुगुणकारी गाईको घिउ भाग्यले मात्र खान पाइन्छ ।

अपूतं गोभवं क्रव्यं गुरु वातकफप्रदम्॥

गोरुको मांस अपवित्र, पचाउन कठिन तथा वातविकार र कफविकार गराउने गुणको हुन्छ ।

गौर्मातोस्रा शृङ्गिणी सौरभेयी माहेयी स्याद्रोहिणी धेनुरघ्न्या ।
दोग्ध्री भद्रा भूरिमत्यानडुह्यौ कल्याणी स्यात् पावनी चार्जुनी च॥

गौ, माता, उस्रा, शृङ्गिणी, सौरभेयी, माहेयी, रोहिणी, धेनु, अघ्न्या, दोग्ध्री, भद्रा, भूरिमती, अनडुही, कल्याणी, पावनी र अर्जुनी : यी गाईका संस्कृत पर्यायवाची नामहरू हुन् ।

गव्यमाज्यं दधि क्षीरं माक्षिकं शर्करान्वितम् । एकत्र मिलितं ज्ञेयं दिव्यं पञ्चामृतं परम्॥

गाईको घिउ, गाईको दही, गाईको दूध, मह र चिनीको मिश्रणलाई दिव्य पञ्चामृत भनिन्छ ।

गोमूत्रं गोमयं क्षीरं गव्यमाज्यं दधीति च । युक्तमेतद्यथायोगं पञ्चगव्यमुदाहृतम्॥

गहुँत, गाईको गोबर, गाईको दूध, गाईको घिउ र गाईको दहीको मिश्रणलाई पञ्चगव्य भनिन्छ ।

(झ) राजवल्लभ निघण्टु :

गव्यं पवित्रमायुष्यं श्रमघ्नमनिलापहम्॥

गोरुको मासु पवित्र, आयुवर्धक, थकाई नाशक र वातविकार नाशगर्ने गुणको हुन्छ ।

गव्यं तु वातपित्तघ्नं चक्षुष्यं बलवर्धनम्। सर्वस्नेहोत्तमं शीतं मधुरं रसपाकयोः॥

गाईको घिउले वातविकार र पित्तविकार नाश गर्दछ । यो आँखाका लागि हितकर र बल बढाउने गुणको हुन्छ । सबै चिल्ला पदार्थमा गाईको घिउ उत्तम हुन्छ । यो शीतवीर्यको तथा शुरुमा र पचेपछि गुलियो हुन्छ ।

गोक्षीरं जीवनं बल्यं रक्तपित्तानिलापहम्। आयुष्यं पुंस्त्वकृत्पथ्यं मेध्यं वृष्यं रसायनम्॥

गाईको दूध प्राण रक्षक, बलदायक, रक्तपित्त र वातविकार नाशक, आयुवर्धक, पुरुषत्व दिने, पथ्य, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, वीर्यवर्धक र रसायनी गुणको हुन्छ ।

**गव्यं प्रत्युषसि क्षीरं गुरु विष्टम्भि दुर्जरम्। तस्मादभ्युदिते सूर्ये यामं यामार्धमेव वा॥
समुत्तार्य ततो ग्राह्यं तत्पथ्यं दीपनं लघु॥**

सङ्कलन : मोहन प्रसाद सापकोटा

गाईको दूध बिहान पचाउन कठिन, कब्जयत गराउने र ढिलो पच्ने गुणको हुन्छ । यसैले यो दूध सूर्योदय भएर एक वा आधा प्रहर बितेपछि पिउनु पर्दछ । यसरी पिउनाले यो दूध पथ्य, दीपनी र पचाउन सहज हुने गर्दछ ।

**निर्वत्साबालवत्सायाः पयो दोषलमीरितम्। शस्तं वत्सैकवर्णाया धवलीकृष्णयोरपि॥
इक्ष्वादा माषपर्ण्यादा ऊर्द्ध्वशृङ्गी च या भवेत्। तासां गवां हितं क्षीरं शृतं वाशृतमेव वा॥**

हतुवा र बाच्छाबाच्छी अति साना भएकी गाईको दूध दोषकारक हुन्छ । जुन बाच्छाबाच्छीको रङ गाईको रङसँग मिल्दछ त्यस्तो गाईको अथवा काली गाईको अथवा गोरो रङकी गाईको दूध दोषहीन हुन्छ । उखु, बनमास आदि खाने गाईको अथवा सिङ मास्तिर फर्केका गाईको काँचो वा तताइएको दूध हितकर हुन्छ ।

(ञ) हारीत संहिता :

**कृष्णासृक्पित्तसंयुक्ता श्वेता श्लेष्मगुणान्विता॥
कफवाताश्रिता पीता रक्ता वातगुणान्विता। यद्यद्वर्ण्यगुणास्ते तु ज्ञातव्याः सुमहात्मना॥**

काली गाईको दूधमा रगत र पित्त मिसिएको हुन्छ । सेती गाईको दूधमा कफ मिसिएको हुन्छ । पहेँली गाईको दूधमा कफ र वात मिसिएको हुन्छ भने राती गाईको दूधमा वात मिसिएको हुन्छ । यसरी

दूधका जेजस्ता उत्तम गुण हुन्छन् त्यो वैद्यले थाहा पाउनु पर्दछ ।

गव्यं पवित्रं च रसायनं च पथ्यं च हृद्यं बलपुष्टिदं स्यात् ।
आयुष्प्रदं रक्तविकारपित्तत्रिदोषहृद्रोगविषापहं स्यात् ॥

गाईको दूध पवित्र हुन्छ, जवानी बढाउँदछ, पचाउन सहज हुन्छ, मनकारी हुन्छ, बल र पुष्टि दिन्छ, आयु बढाउँदछ, रगतका विकार नाश गर्दछ, पित्तरोग-त्रिदोष- मुटुरोग र विषको असर नाश गर्दछ ।

अम्लं स्वादुरसं ग्राहि गुरूष्णं वातरोगजित् । मेदःशुक्रबलश्लेष्मरक्तपित्ताग्निशोफकृत् ॥
स्निग्धं विपाके मधुरं दीपनं बलवर्द्धनम् । वातापहं पवित्रं च दधि गव्यं रुजापहम् ॥

गाईको दही अमिलो र मिठो हुन्छ । यसले कब्जियत गर्दछ, पचाउन कठिन हुन्छ, गर्मी गर्दछ, वातलाई जित्दछ तथा भित्री बोसो, वीर्य, बल, कफ, रगत, पित्त र सुजनलाई बढाउँदछ । यो दही चिल्लो, विशेषतः जमेपछि मिठो, पेटको अग्निलाई बाल्ने, बलवर्धक, वायुनाशक, पवित्र र रोगनाशक हुन्छ ।

गव्यं त्रिदोषशमनं पथ्य श्रेष्ठं तदुच्यते । दीपनं रुचिकृन्मेध्यमर्शोदरविकारजित् ॥

गाईको तक्रले त्रिदोष नाश गर्दछ, पचाउन सहज हुन्छ, पाचकाग्निलाई बाल्दछ, रुचि जगाउँदछ, पवित्र हुन्छ, अलकाई र पेटसम्बन्धी विकारलाई जित्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

क्षीरं गवां क्षरफेनं तक्रं वा हितमेव च । पक्वाम्रभक्षणाद्वापि ग्रहणी तस्य नश्यति ॥

गाईको दूध वा त्यसको फिँज वा तक्र हितकारी हुन्छ । गाईको तक्रसँग (प्राकृतिकरूपमा) पाकेको आँप खाने गरे त्यसले दिसा नियमित नहुने समस्या (ग्रहणी रोग) निको हुन्छ ।

विपाके मधुरं वृष्यं वातपित्तकफापहम् । चक्षुष्यं बलकृन्मेध्यं गव्यं सर्पिर्गुणोत्तमम् ॥

गाईको घिउ पचेपछि गुलियो हुन्छ । यसले वीर्य बढाउँदछ । वात, पित्त र कफ दोष नाश गर्दछ । आँखाका लागि लाभदायक हुन्छ । बल दिन्छ । पवित्र र उत्तम गुणको हुन्छ ।

तीक्ष्णं चोष्णं क्षारमेवं कषायं बल्यं मेध्यं श्लेष्मवातान्निहन्ति ।
भेदि रक्तपित्तशमं करोति गुल्मानाहोन्माददोषापहं च ॥

गहुँत तिक्खर हुन्छ । यसले गर्मी गर्दछ । टर्रो हुनाले शरीरलाई कस्दछ । बलकारी हुन्छ । पवित्र हुन्छ । कफ र वातका दोषलाई नाश गर्दछ । यसले ढिक्का भएका पेट भित्रका मल आदि कुरालाई टुक्रा पार्दछ (भेदी) । रक्तपित्तलाई शान्त पार्दछ । गानुगोला, छेरपटी र उन्मादलाई ठिक गर्दछ ।

नोटः- जे जे द्रव्यमा भेदी (शरीरका विकार वा मललाई टुक्रा पार्ने) गुण हुन्छन् ती अर्बुद रोग (क्यान्सर) का लागि पनि औषधी हुन्छन् ।

भ्रूशङ्खहनुकण्ठकमुखानां च रोगान्गुल्मातिसारगुदमारुतनेत्रगदान् ।
कासं सकुष्ठं जठरकृमिकोशजालं गोमूत्रमेकमपि पीतमहानि हन्ति ॥

लामो समय एकनासले पिइरहने गर्दा गहुँतले आँखी भुइँ, कञ्चट, चिउँडो, घाँटी र मुखमा हुने रोगलाई ठिक गर्दछ । गानुगोला, छेरपटी, अल्काई, वातरोग, आँखारोग, खोकी र कुष्ठरोग निको पार्नुका साथै पेटका किरा पनि मार्दछ ।

सौरभेयकमूत्रं तु घनं सान्द्रं प्रशस्यते । तच्च वृषणहीनानां किञ्चिल्लघुतरं मतम् ॥

साँढे वा नसुमरेका बहरको मूत्र सघन र बाक्लो हुन्छ भने गोरुको मूत्र केही पातलो र पचाउन सहज हुन्छ भनी मानिएको छ ।

वृषमूत्रं च शोफघ्नं क्रिमिदोषविनाशनम् । कामलाग्रहणीपाण्डुनाशनंचाग्निदीपनम् ॥

साँढेको मूत्रले सुन्निएको बस्दछ, पेटका कीराहरू मर्दछ, कमलपित्त-कब्जियत र पाण्डु रोग निको पार्दछ तथा पाचकाग्निलाई बाल्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

नोट : गाई र साँढेका विभिन्न पर्यायवाची नामहरूलाई मृगपक्षिशास्त्रमा जातकारूपमा वर्णन गरिएको पाइन्छ । प्रायः सबै सनातन वैदिक शास्त्रले अरु युगमा प्रचलनमा भएपनि कलियुगमा गोहत्या र गोमांस निषेध गरेको पाइन्छ । कृत्रिम तरिकाले जन्माइने, नश्ल सुधार गरिएका र दूध बढाउने कुरा खुवाएर पालिएका गाईबाट उत्पन्न हुने कुरामा उल्लेखित गुण हुँदैन । जङ्गलमा चर्दा मानिसले चिनेका र नचिनेका अनेक थरी जडीबूटी खाने स्थानीय जातका गाईको हरेक कुरा ओखती हुन्छ । अन्य गाईमा यी गुढा हुँदैनन् । जाँडको कट, हाडको धूलो, मानिसको दिसा आदि खाने गाई दूध, दही आदि केही पनि गुनिलो हुँदैन, न त पवित्र र शुद्ध नै हुन्छ ।

शास्त्रमा गवालम्बन, गोमेध, मधुपर्क आदि अनुष्ठानका प्रसङ्गमा दिइएको गोमांस आदि शब्दका बारेमा वैष्णव, शैव, शाक्त र तटस्थ विद्वानले आआफ्नै किसिमले अर्थ लगाएको पाइन्छ । अरु कसैका लागि वा आफ्नो मतका लागि शास्त्रको अर्थ बिगार्ने चलन धेरै पहिले देखि नै शुरु भएको पाइन्छ ।पुराण आदि ग्रन्थमा दिइएका सबै कुरा समेट्दा बेग्लै ग्रन्थ बन्दछ । त्यसैले यहाँ समेटिएन । म आपस्तम्बस्मृतिको एउटा श्लोक मात्र यहाँ राख्न चाहन्छु ।

द्वौ मासौ पाययेद् वत्सं द्वौ मासौ द्वौ स्तनौ दुहेत् । द्वौ मासावेकवेलायां शेषकाले यथारुचि ॥

गाईको दूध २ महिनासम्म बाछोलाई खुवाउनु, २ महिना २ थुन दुहुनु, २ महिना १ पटक दुहुनु र त्यसपछि रुचि अनुसार दुहुनु ।

गौडा (मदिराविशेष)
(A kind of wine)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश (गौडी) : सखरको रक्सी ।
(ख) के.यन.स्वामी (गौडी) : गुडको रक्सी ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अभिधानमञ्जरी :**

गुडवैकृतकं मद्यं नाम्ना गौड इति स्मृत ।

सखर वा खुँदोको मदिरालाई गौड भनिन्छ ।

(ख) **अष्टाङ्ग निघण्टु :**

गुडेन गौडं ...।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सखरबाट बनाइने मदिरालाई गौड भनिन्छ ।

(ग) **अष्टाङ्ग हृदय :**

मदिरां शार्करं गौडं ...।

सखरको मदिरालाई गौड भनिन्छ ।

(घ) **आयुर्वेद महोदधि :**

सृष्टमूत्रशकृद्वातो गौडस्तर्पणदीपनः ।

सक्खरको मदिराले धेरै मलमूत्र गराउँदछ, वातविकार बढाउँदछ, तृप्त पार्दछ र दीपन हुन्छ ।

(ङ) **कैयदेव निघण्टु :**

धातक्यम्बुगुडैर्गौडो गुडासव इति स्मृतः॥
गौडोऽग्निदीपनो बल्यः सस्वादुः कटुतिक्तकः । सृष्टमूत्रशकृद्वातो मृदुस्तर्पणबृंहणः॥

धयँराको फूल वा यसको रस, पानी र सखर हाली तयार पारिने आसवलाई गौड वा गुडासव भनिन्छ । यो पाचकाग्नि बाल्ने, बलदायक, स्वादिलो, पिरो, तीतो, पिसाब निकाल्ने वा बढाउने, वातविकार गर्ने, कोमल, तृप्तिदायक र पौष्टिक गुणको हुन्छ ।

(च) **द्रव्यगुणसङ्ग्रह :**

गौडः शीधुः कषायः स्यात् स्वादुः पाचनदीपनः ।

गौड-शीधु टर्रो, गुलियो, पाचनी र दीपनी हुन्छ ।

(छ) **धन्वन्तरि निघण्टु :**

कषायो मधुरः सीधुर्गौडः पाचनदीपनः ।

गौड-सीधु टर्रो, गुलियो, पाचनी र दीपनी हुन्छ ।

(ज) **राज निघण्टु :**

स्याद्धातकीरसगुडादिकृता तु गौडी ...।

सङ्कलन : मोहन प्रसाद सापकोटा

धयँरोको रसमा खुँदो (सख्खर) हाली बनाइने मदिरालाई गौडी भनिन्छ ।

गौडी तीक्ष्णोष्णमधुरा वातहृत्पित्तकारिणी । बलकृद्दीपनी पथ्या कान्तिकृत्तर्पणी परा ॥

गौडी तिक्खर, उष्णवीर्यको, गुलियो, वातविकार नाशक र पित्तविकार गर्ने गुणको हुन्छ । यो बलदायक, दीपनी, पथ्य, कान्तिदायक र अत्यन्त तृप्तिदायक हुन्छ ।

(झ) **चरक संहिता :**

सृष्टभिन्नशकृद्वातो गौडस्तर्पणदीपनः ।

गौड नामक मदिरा दिसा खुलस्त पार्ने, शरीरको वायुलाई आफ्नो बाटोमा हिँडाउने, तृप्तिदायक र दीपनी गुणको हुन्छ ।

(ञ) **मदनपाल निघण्टु :**

गौडोऽग्निवर्धनो वर्णबलकृत्तर्पणः कटुः ॥ तिक्तको बृंहणः स्वादुः सृष्टविण्मूत्रमारुतः ॥

गौड मदिरा पाचनशक्ति वर्धक, वर्णमा निखार लेराउने, बलदायक, तृप्तिदायक र पिरो हुन्छ । यो

तीतो, पौष्टिक, स्वादिलो तथा दिसा, पिसाब र वातविकार उत्पन्न गराउने गुणको हुन्छ ।

शर्करो दीपनः स्वादुः पाचनो रोचनो लघुः । स्त्रीविलासकरो वातशोषबस्तिविकारनुत् ॥

सखरको मदिरा दीपनी, स्वादिलो, पाचनी, रोचनी र पचाउन सहज हुन्छ । यसले सहवास क्षमता बढाउँदछ तथा वातविकार, सुजन र तल्लो पेटका विकार नाश गर्दछ ।

(ट) शालिग्राम निघण्टु :

तीक्ष्णोष्णा मधुरा गौडी वातघ्नी बलपित्तकृत् ।
कान्तितृप्तिकरी पथ्या वह्निकामद्रीपनी ॥ (आत्रेय संहिता)

गौडी तिक्खर, उष्णवीर्यको, गुलियो, वातविकार नाश गर्ने, बलदायक, पित्तविकार गर्ने, कान्ति र सन्तुष्टी दिने, पथ्य तथा पाचक-अग्नि र मैथुन चाहना बढाउने गुणको हुन्छ ।

(ठ) हारीत संहिता :

गौडी कषाया मधुराम्लशीता सन्दीपनी शूलमलापहन्त्री ।
हृद्या त्रिदोषं शमयत्यजीर्णं पाण्ड्वामयार्शःश्वसनं निहन्ति ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

गौडी नामको मदिरा टर्रो, गुलियो र अमिलो हुन्छ । यसले शीतल गर्दछ तथा जठराग्निलाई बाल्दछ । यसले शूल र मल नाश गर्दछ । यो मुटुका लागि हितकर, त्रिदोष नाशक तथा अजीर्ण, पाण्डुरोग, अल्काई, र दमलाई शान्त पार्ने गुणको हुन्छ ।

नोट : स्मृति ग्रन्थहरुमा सखर आदि उखुका विकार मिसाएर बनाइने, मह आदि प्राकृतिक रस मिसाएर बनाइने र पिठो आदि मिसाएर बनाइने गरी तीन थरी मदिराको कुरा गरिएको छ । गौडी पहिलो प्रकृतिको मदिरा हो । सुरापान शास्त्र अनुसार द्विजका लागि पञ्च महापाप भित्र पर्दछ ।

गौर (गौरीगाई)
(Gaur)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश (गौरीगाई) : मोटा-मोटा सिङ हुने र ती सिङको जलहरी बनाएर शिवलिङ्गमा अभिषेक गरिने एक जातको जङ्गली गाई ।

गौरीगाई (तस्विर श्रोत : नेपाल सरकारको वन्यजन्तु संरक्षणसम्बन्धी पोष्टर)

(ख) के.यन. स्वामी (गौर) : गौरीगाई । नेपाल, भारत, बर्मा, मलायामा पाइने एक जङ्गली गाई; कालो र खैरो, ठूलो र चिल्लो शरीर हुने यो पहाडी मैदानमा बस्न रुचाउँछ । यसको वचन १५०० देखि २००० पाउण्डसम्म हुन्छ । भाले कालो र पोथी केही खैरो रङ्गको हुन्छ ।

(ग) नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, संरक्षित जीवहरु : गौरीगाईलाई अंग्रेजीमा Gaur तथा ल्याटिन भाषामा *Bos gaurus* भनिन्छ ।

(घ) हिन्दी विश्वकोश (गौर) : खुर बीचमा नफाटेको हुने एक जातको मृग ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

गौरसुवण शाक (गन्धेझार)
(A kind of grass)

परिभाषा :

(क) के.यन.स्वामी : (१) गौरसुवर्ण, भूमिज, वारिज, कटुशृङ्गार, वर्णशाक : गन्धे । गन्धशाक ।(२) स्वर्ण : गन्धशाक । गन्धेझार ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) गन्धे : पानका आकारका केही ठूला पात हुने, बीचमा पहेँला रङका घोगाजस्ता कर्णिकारमा सेता फूल र घोगाकै आकारका फल फल्ने, जरो, अरुचि, कफ तथा पित्तनाशक र पथ्य गुण भएको एक बुटी । (२) गन्धेझार : सेता वा नीला रङका ससाना फूल फुल्ने एक किसिमको झार; गोब्रेझार । गनाउने झार ।

(ग) डा.सतिश चन्द्र साङ्ख्यधर : यसको थप अनुसन्धान हुनुपर्ने देखिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राज निघण्टु :

गौरसुवर्णं स्वर्णं सुगन्धिकं भूमिजं च वारिजं च ।
ह्रस्वं च गन्धशाकं कटुशृङ्गाटश्च वर्णशाकाङ्कः ॥
गौरसुवर्णं शिशिरं कफपित्तज्वरापहम् । पथ्यं दाहरुचिभ्रान्तिरक्तश्रमहरं परम् ॥

(१) गौरसुवर्ण, (२) स्वर्ण, (३) सुगन्धिक, (४) भूमिजं, (५) वारिज, (६) ह्रस्व, (७) गन्धशाक, (८) कटुशृङ्गाट र (९) वर्णशाक : यी नौ नाम गन्धेका संस्कृत पर्यायवाची नामहरू हुन् । यो शीतवीर्यको तथा कफविकार, पित्तविकार, जरो नाशक र पथ्य हुन्छ । यसले डाह, अरुचि, भ्रम, रक्तविकार र थकाई नाश गर्दछ ।

ग्रथित (पुरुष जननेन्द्रियको रोगविशेष)
(Grathita)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

लिङ्गं शूकैरिवापूर्णं ग्रथिताख्यं कफोद्भवम् ।

शूक (जननेन्द्रिय वृद्धि गर्ने जथाभावी ओखती) ले गर्दा कफविकार भई पुरुष जननेन्द्रियमा हुने गाँठो (वा बढेको भान हुने सुजन) लाई "ग्रथित" भनिन्छ ।

(ख) भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :

शूकैर्यत् पूरितं शश्वद् ग्रथितं नाम तत् कफात्॥

प्रयोग गर्न नहुने खालका जननेन्द्रिय वृद्धि गर्ने ओखती प्रयोग गर्नाले कफ दूषित भएर पुरुष जननेन्द्रियमा पूरा गाँठो जस्तो निस्कन्छ भने त्यसलाई "ग्रथित" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ग्रन्थि (शरीरमा आउने गाँठो)
(Granthi)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अष्टाङ्ग सङ्ग्रह, अष्टाङ्ग हृदय :

कफप्रधानाः कुर्वन्ति मेदोमांसास्रगा मलाः । वृत्तोन्नतं यं श्वयथुं स ग्रन्थिर्ग्रथनात्स्मृतः ॥

कफको नेतृत्वमा रहेका वात आदि दोषले बोसो, मासु र रगतमा पुगी विकृत भएर उत्पन्न गर्ने गोलो र अग्लो सुजनलाई "ग्रन्थि" भनिन्छ । सुन्निएर गाँठो जस्तो हुने हुनाले यसलाई ग्रन्थि भनिएको हो ।

दोषाऽस्रमांसमेदोऽस्थिसिराव्रणभवा नव ।

त्रिदोषले हुने तीन, रक्तविकारले हुने, मासुको विकारले हुने, बोसोको विकारले हुने, हाडको विकारले हुने, नसाको विकारले हुने र खटिराको विकारले हुने गरी ग्रन्थि नौ किसिमका हुन्छन् ।

ते तत्र वातादायाम तोदभेदान्वितोऽसितः ॥
स्थानात्स्थानान्तरगतिरकस्माद्धानिवृद्धिमान् । मृदुर्बस्तिरिवानद्धो विभिन्नोऽच्छं स्रवत्यसृक् ॥

वातविकारजन्य ग्रन्थि लामो, फराकिलो, अग्लो, सियोले खोचे जसरी दुख्ने, फुट्ने, कालो, यताउता सर्ने, कुनै कारण बिना नै घटबढ भइरहने, कोमल, मूत्राशय जसरी फुल्ने र फुटेपछि सफा रगत बहने लक्षणको हुन्छ ।

पित्तात्सदाहः पीताभो रक्तो वा पच्यते द्रुतम् । भिन्नोऽस्रमुष्णं स्रवति ...।

पित्तविकारजन्य ग्रन्थि डाह गराउने, पहेँलो वा रातो, चाँडै पाक्ने र फुटेपछि तातो रगत बहने लक्षणको हुन्छ ।

...श्लेष्मणा नीरुजो घनः ॥ शीतः सवर्णः कण्डूमान् पक्वः पूयं स्रवेद् घनम् ।

कफविकारजन्य ग्रन्थि नदुख्ने, कठोर, छुँदा चिसो, छालाकै रङ्को, चिलाउने र पाकेपछि त्यसबाट बाक्लो पीप बहने लक्षणको हुन्छ ।

दोषैर्दुष्टेऽसृजि ग्रन्थिर्भवेन् मूर्च्छत्सु जन्तुषु ॥ सिरामांसं च संश्रित्य सस्वापः पित्तलक्षणः ।

दोषले रक्त विकार भई आउने ग्रन्थिमा कीरा पर्दछ, नसा र मासुको आश्रय लिएर तलसम्म सुन्निन्छ, ग्रन्थि लाटो हुन्छ र अन्य लक्षण पित्तविकारजन्य ग्रन्थिका जस्तै हुन्छन् ।

मांसलैर्दूषितं मांसमाहारैर्ग्रन्थिमाहरेत्॥ स्निग्धं महान्तं कठिनं सिरानद्धं कफाकृतिम्।

मासु बढाउने खालका आहारले मासुमा विकार आई उत्पन्न हुने ग्रन्थि चिल्लो, ठूलो, कठोर, नसाले जेलिएको र अन्य लक्षण कफविकारजन्य ग्रन्थिका जस्तै भएको हुन्छ ।

प्रवृद्धं मेदुरैर्मेदो नीतं मांसेऽथवा त्वचि॥ वायुना कुरुते ग्रन्थिं भृशं स्निग्धं मृदुं चलम्।
श्लेष्मतुल्याकृतिं देहक्षयवृद्धिक्षयोदयम्॥ स विभिन्नो घनं मेदस् ताम्रासितसितं स्रवेत्।

बोसो बढाउने खालका आहारले बढेको अथवा वायुले धकेल्दै लगेर मासु वा छालामा पुगेको विकृत् बोसोले बोसोजन्य ग्रन्थि उत्पन्न गर्दछ । यो अति चिल्लो, नरम, यताउता सर्ने, कफविकारजन्य ग्रन्थिका लक्षण सहितको तथा शरीर बढ्दा बढ्ने र घट्दा घट्ने लक्षणको हुन्छ । जब यो फुट्दछ तब रातो, सेतो वा कालो बकाक्लो बोसो बहने गर्दछ ।

अस्थिभङ्गाभिघाताभ्यामुन्नतावनतं तु यत्॥ सोऽस्थिग्रन्थिः ...।

हाड भाँचिनाले वा चोटपटक लाग्नाले हुने अग्लो वा होचो ग्रन्थिलाई अस्थिग्रन्थि भनिन्छ ।

...पदातेस्तु सहसाम्भोऽवगाहनात्। व्यायामाद्वा प्रतान्तस्य सिराजालं सशोणितम्॥
वायुः सम्पीड्य सङ्कोच्य वक्रीकृत्य विशोष्य च। निःस्फुरं नीरुजं ग्रन्थिं कुरुते स सिराह्वयः॥

धेरै पैदल हिँडेर (वा यस्तै अन्य परिश्रम गर्नाले) वा अचानक (चिसो) पानीमा डुबुल्की लगाउनाले शरीरको वायु विकृत भई रगतसहितको सिराको जालोलाई पीडित पार्दै, खुम्च्याउँदै तथा बाङ्गोटिङ्गो बनाएर सुकाउँदै नफरफराउने, यताउता नसर्ने र नदुख्ने खालको जुन् ग्रन्थि निकाल्दछ त्यसलाई सिराजग्रन्थि भनिन्छ ।

अरूढे रूढमात्रे वा व्रणे सर्वरसाशिनः।
सार्द्रे वा बन्धरहिते गात्रेऽश्माभिहतेऽथवा॥
वातोऽस्रमस्रुतं दुष्टं संशोष्य ग्रथितं व्रणम्।
कुर्यात् सदाहः कण्डूमान् व्रणग्रन्थिरयं स्मृतः॥

खटिरा आउँदा वा आउनासाथ मनलाग्दी तरिकाले सबै रस खानाले अथवा आलो खटिरा माथि पट्टी बाँध्नाले अथवा शरीरमा पत्थर आदिले घाउ हुँदा बगेर बाहिर निस्कन नपाएको खराब रगतलाई सुकाएर वायुले त्यसलाई गाँठो जस्तो खटिरा अर्थात् ग्रन्थि उत्पन्न गर्दछ । यस्तो दुख्ने र चिलाउने खालको ग्रन्थिलाई व्रणग्रन्थि भनिन्छ ।

(ख) **भावप्रकाश संहिता, माधव निदान, सुश्रुत संहिता :**

वातादयो मांसमसृक् प्रदुष्टाः सन्दूष्य मेदश्च तथा सिराश्च (कफानुविद्धम्)।

वृत्तोन्नतं विग्रथितं च शोथं कुर्वन्त्यतो ग्रन्थिरिति प्रदिष्टः ॥

वात, पित्त र कफ दूषित भई मासु, रगत, बोसो र नसा समेत दूषित पार्दै (वा कफले समेत जेलिएर) गोला र गाँठा सहितका सुजन उत्पन्न गर्दछन् । यस्तो रोगलाई ग्रन्थि भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ग्रान्थिकज्वर (जराविशेष)
(A kind of fever)

(क) **माधव निदान, परिशिष्ट :**

ग्रीवाकक्षावङ्क्षणाद्ये लसीकाग्रन्थिव्राते शोथकृज्ज्वरो यः ।
जातो घोरो देशविध्वंशकारी वैद्यैर्नूनं ग्रन्थिकाख्यः स्मृतः सः ॥
दण्डाकारास्तस्य कीटाणवो वै मूलं प्रोक्तं मूषकोत्था भिषग्भिः ।
तद्भेदास्तु ग्रन्थिकः कीटरक्तः सन्दृश्यन्ते फुफ्फुसस्य प्रदाही ॥

घाँटी, काखी, नितम्बको हाड जस्ता भागमा रहेको राल जस्तो पदार्थ निस्कने ग्रन्थीमा सुजन निकाली धेरै दुखाउने र उक्त स्थान नाश गर्ने खालको डरलाग्दो जरोलाई “ग्रन्थिक ज्वर” भनिन्छ । यसको मूल कारण भनेको मुसाले फैलाउने लौरोजस्तो कीटाणु हो । यो रोग ग्रन्थिक, कीटरक्त र फुफ्फुसप्रदाही गरी तीन किसिमको हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ग्रन्थिपर्णी (गठिउन)
(Caper berry)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश (गठिउन) : आँख्लाका दुवैपट्टि पात पलाउने, त्यसैठाउँमा हाँगा हाल्ने र नीला फूल फुल्ने, बुटीका निम्ति उपयोगी एक सुगन्धयुक्त वनस्पति ।

(ख) आचार्य बालकृष्ण : ग्रन्थिपर्णीको वानस्पतिक नाम *Capparis zeylanica* Linn. वा *Capparis acuminata* Roxb. तथा अंग्रेजी नाम Ceylon caper, Indian caper वा Caper berry हो । यसलाई नेपालीमा गोविन्द फल वा बनकेरा भन्दछन् । यसलाई संस्कृतमा गृध्रनखी, व्याघ्रनखी, तपसप्रिय, करम्भा र व्याघ्रघण्टी भनिन्छ । यसलाई हिन्दीमा गठिवन भनिन्छ ।

(ग) Plant Diversity of Salhesh Phulbari, Siraha, Government of Nepal Ministry of Forests and Soil Conservation Department of Plant Resources Kathmandu, Nepal June, 2016 : झाडीदार वनस्पति प्रजाति "वन भेंडो" नेपालमा समुद्री सतहबाट ३०० मिटरसम्मको उचाईमा पूर्वी भू-भागदेखि पश्चिमी भू-भागसम्म फैलिएको हुन्छ । यसको फूल सुन्दर एवं आकर्षक मानिन्छ । यसको जराको बोक्रा पेट दुखेको तथा हैजाको उपचारमा प्रयोग गरिन्छ । Capparaceae परिवारमा पर्ने यो वनस्पतिको वानस्पतिक नाम *Capparis zeylanica* L., *Capparis hastigera* Hence. हो ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ग) के.यन.स्वामी : (१) ग्रन्थिपर्ण : समयो (रूख) । पिपरमेण्ट । (२) नीलपुष्प : कालो भृङ्गराज झार । नीलो कटसरैया । पिपरमेटको बोट । (३) शुकच्छद : तेजपत्ता । (४) शुकपुष्प : थुनेर । शिरीष । गन्धक । अगस्तिको बोट ।

(घ) हिन्दी विश्वकोश : (१) ग्रन्थिपर्ण : ग्रन्थी पर्णान्यस्य ग्रन्थियुक्तानि पर्णान्यस्य वा । वृक्षविशेष । गठिवन नामक वृक्ष । यो जातको वृक्ष नेपाल अञ्चलमा उत्पन्न हुन्छ यसका बाटुला गाँठा पसलमा बेचिन्छ र गठियाला भनिन्छ । यो वृक्षबाट नीलो रङको शुकाकार केशरको गुच्छा निस्कन्छ, जो हेर्दा हति सुन्दर देखिन्छ । यसका नीला फूल फुटेर छाताको आकार हुन्छ र यसबाट कपास जस्तो पदार्थ हावामा यताउता उड्दछ । (२) नीलपुष्प : गठिवन । (३) शुकच्छद : गठिवन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) मदनपाल निघण्टु :

ग्रन्थिपर्णो नीलपुष्पः शुकपुष्पं शुकच्छदम् । ग्रन्थिपर्णो लघुस्तिक्तो रुच्योष्णः कफवातजित्॥

ग्रन्थिपर्ण, नीलपुष्प, शुकपुष्प र शुकच्छद : यी गठिउनका संस्कृत पर्यायवाची नामहरू हुन् । यो पचाउन सहज, तीतो, रुचिकर, गर्मी गर्ने तथा कफविकार र वातविकार नाशक हुन्छ ।

(ख) राजवल्लभ निघण्टु :

...ग्रन्थिपर्णकम्... परमालक्ष्मीरक्षोघ्ना ज्वरनाशनाः॥

गठिउनले अलक्ष्मी, राक्षसबाधा र जरो नाश गर्दछ ।

गठिउन (तस्बिर श्रोत : आचार्य बालकृष्ण)

सङ्कलन : मोहन प्रसाद सापकोटा

ग्रहचिकित्सा वा भूतविद्या
(Grahachikitsaa)

(क) अष्टाङ्ग हृदय (व्याख्या) :

ग्रहचिकित्सालाई भूतविद्या पनि भनिन्छ । यसमा देवतामा आश्रित भएर चिकित्सा गरिन्छ ।

(ख) सुश्रुत संहिता :

भूतविद्या नाम देवासुरगन्धर्वयक्षरक्षः पितृपिशाचनागग्रहाद्युपसृष्ट-
चेतसां शान्तिकर्मबलिहरणादिग्रहोपशमनार्थम् ॥

देवता, दैत्य, गन्धर्व, यक्ष, राक्षस, पितृ, पिशाच, नाग, ग्रह आदिबाट चित्त पीडित मानिसका दोषलाई होम, बलि, ग्रहशान्ति आदि उपायले हटाउनका लागि जुन अङ्ग हुन्छ आयुर्वेदको त्यो अङ्गलाई "भूतविद्या" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ग्रहागम (भूत आंदि लाग्नु)
(Evil-effect)

परिभाषा :

(क) के.यन.स्वामी : (१) आवेश : भूतप्रेतले समाउने काम । (२) भूतसञ्चार : भूतप्रेत आदि लाग्नु ।
(ख) नेपाली बृहत् शब्दकोश : (१) छोप्नु : भूतप्रेत आदिले भेट्नु ।

विभिन्न थरीका भूतहरू :

(क) नेपाली बृहत् शब्दकोश : (१) उल्कामुख : एक प्रकारको राँकेभूत; राँकेभूत । (२) ऐरी : एक प्रकारको भूतप्रेत । (३) कालोमसान : मसानघाटमा रहेको भनिने भूतप्रेत; मसाने भूत । (४) खोलेभूत : लोकविश्वासअनुसार खोलानालामा हिँडडुल गर्ने एक किसिमको भूत । (५) ख्याक : प्रायः सहरका पुराना ठूला घरका अँध्यारो कुनामा बस्ने र तर्साउने भनिएको भूत । (६) घाटेभूत : मसानघाटमा रहने भनिएको एक प्रकारको भूत । (७) जल पिशाच : पानीमा डुबेर वा बगेर मरेका कारणले उत्पन्न हुने भन्ने लोकविश्वास भएको तथाकथित भूतप्रेत; जलप्रेत । (८) जाबेभूत : जाबी भिरेर हिँड्छ भन्ने विश्वास गरिएको एक भूत; जाबे रोग ल्याउने कारण मानिएको सोही भूत । (९) डुलुवाभूत : डुलिरहने खालको र हिँडेका मानिसहरूउपर लाग्ने एक किसिमको कल्पित भूत । (१०) नाङ्लेभूत : इन्द्रेनी पर्नुभन्दा पहिले कुद्ने तेजिलो नाङ्लो आकारको तेजपुञ्ज (धामीझाँक्रीहरूमा प्रचलित शब्द) । (११) पचभैया : एकसाथ हिँड्दछन् भनी लोकले विश्वास गरेको पाँचवटा भूतहरूको समुदाय । (१२) पनडुब्बा : पानीभित्र लुकेर रहने र कुनै मानिस पानीका छेउछाउमा गएमा तानेर डुबाउँछ भनी लोकले पत्याएको एक प्रकारको पानीभूत । (१३) पानीभूत : पानीमा डुबेर रहने भूत; पनडुब्बा । (१४) मसाने भूत : मसानमा बस्ने भूत-प्रेत आदि । (१५) रङ्कु : अन्धविश्वासीहरूले राँके भूत भनी स्वीकार गरेको एक प्राचीन हिमाली जाति; राङ्कवजाति । (१६) राँकेभूत : अँधेरी रातमा राँकोका रूपमा देखिन्छ भनेर लोकले मानेको एक भूत । (१७) वेताल : शिवको गणको आत्मा प्रवेश गरेको मुर्दा; एक भूतयोनि । (१८) सुसिक : लिम्बूजातिका संस्कारअनुसार गर्भिणी आइमाईको गर्भ तुहाउने भूत । (१९) सैतान : इस्लाम र इसाईका मतअनुसार दुष्टता र दुर्जनको प्रतीक मानिएको एक देवयोनि । भूतप्रेत वा पिचास

संकलन : मोहन प्रसाद सापकोटा

भूतप्रेतसँग सम्बन्धित केही शब्दहरू :

(क) नेपाली बृहत् शब्दकोश : (१) जगाउनु : धामीझाँक्रीद्वारा तन्त्रमन्त्रका बलले भूत, प्रेत, मसान आदि प्रत्यक्ष वा सक्रिय गराउनु । (२) जगात : गठेमङ्गलका दिन भूतप्रेतको बाधा शान्त पार्नका निम्ति ठाउँठाउँमा डोरी, तगारा आदिले बाटो छेकेर आवतजावत गर्नेहरूसँग मागिने पैसा वा चन्दा । (३) जन्तरमन्तर : भूत, प्रेत र रोगव्याधबाट बच्न प्रयोग गरिने तन्त्रमन्त्र । (४) जाग्नु : तन्त्रमन्त्रमा विश्वास राख्नेहरूका अनुसार भूत, प्रेत, मसान आदि प्रत्यक्ष वा सक्रिय हुनु । (५) जोखना : भूतप्रेत आदिको दोषविचार । (६) झार्नु : भूतप्रेत वा बोक्सी आदि हटाउनका लागि मन्त्र पढेर फुकफाक गर्नु; झारफुक गर्नु । (७) झारफुक : कुनै रोग वा भूतप्रेत हटाउने मन्त्र पढी कुश, कूचो, खरानी, जल आदिले बिरामीको शरीरलाई छुँदै फुकेर उपचार गर्ने काम; त्यस्तो अन्धपरम्परागत पद्धति; झराइ र फुकाइ; फाकफुक । (८) झारफुके : झारफुक गर्ने; फाकफुके । (९) धामी : भूत, प्रेत, बोक्सी, डाइनी, लागो आदिको आशङ्कामा सो रोग निको गराउन शरीरमा देउदेउता वा भूतप्रेत आदिको प्रवेश गराएर

तन्त्रमन्त्र प्रयोग गरी झारफुक गर्ने व्यक्ति; झाँक्री । (१०) धामिनी : स्त्री धामी । धामीकी पत्नी । (११) पन्साउनु : देवता, भूतप्रेत आदिका निम्ति केही वस्तु पर सार्नु; छुट्ट्याएर राख्नु । (१२) पहेँलोघाम : सायङ्कालको तापहीन सूर्य डुब्नुभन्दा अगाडिको केटाकेटीलाई भूत लाग्दछ भन्ने अन्धविश्वास रहेको घाम । (१३) पिर्नु : भूतप्रेत आदिका कारणले गर्दा कुनै घर-जग्गा आदि नफाप्नु; पिरपिराउ हुनु । (१४) पिराउ : लोकविश्वासअनुसार भूत, प्रेत आदि लाग्नाले वा अभिचारीसम्बन्धी कर्मबाट शारीरिक वा मानसिक रूपमा कष्ट हुने क्रिया; फाप नहुने स्थिति; अफाप; बिगार । (१५) पिशाच : देवताबाट जन्मेका मठ्याहा जातिका दस भेदमध्ये एक; देवताका ठिमाहा जातिमध्ये एक; निम्नकोटिको र बीभत्स कर्म गर्ने हीन देवयोनि; भूत-प्रेत आदि । (१६) पिशाचभाषा : पैशाची भाषा । (१७) पिशाचिका : पिशाच योनिकी स्त्री; पिशाच नारी, पिशाची; स्त्री पिशाच । (१८) फाकफुक : धामी, झाँक्री आदिले भूतप्रेत आदिको बाधा हटाउन गर्ने तन्त्रमन्त्र आदिको प्रयोग; झारफुक; फुकफाक । (१९) फाकफुके : फाकफुक गर्ने; झारफुके; झारफुक गर्ने (व्यक्ति) । (२०) फुकन्ता : फुकफाक, तन्त्रमन्त्र आदिद्वारा लागो पन्साउने; भूतप्रेतबाट भएको बाधाविघ्न हटाउने; फुकन्ते । (२१) फुकफाक : धामी, झाँक्री आदिले लागो वा भूतप्रेतको बाधा हटाउनका निम्ति फुक्ने काम; फाकफुक; झारफुक । (२२) फुकाइ : फुक्ने क्रिया वा फूफू गर्ने क्रियाप्रक्रिया । (२३) फुकाइनु : फुक्न लाइनु; फूफू गराइनु । (२४) फुकाउनु : फुक्न लगाउनु; फूफू गर्न लाउनु । (२५) फुमन्तर : धामीझाँक्री, वैद्यले भूतप्रेत आदिको बाधा हटाउनका निम्ति मन्त्र पढिसकेपछि अन्तिममा भन्ने शब्द । (२६) फेरी : गोरख-मतानुयायी फिरन्ता साधुहरूले भूतप्रेत आदिका प्रकोपबाट लोककल्याण गर्न राती घरघरमा घुमेर हरिणका सिङको बाजा बजाउँदै हिँड्ने काम । (२७) बाधा : भूत-प्रेत आदिका कारणले हुने भय वा कष्ट । (२८) भुताहा : भूतसम्बन्धी; भूतद्वारा निर्मित; भूत लाग्ने । (२९) भुताहा बाँध : इतिहासको अज्ञात कालमा निर्मित भएका हुनाले निर्माताको नाम थाहा हुन नसकी छिमेकका व्यक्तिहरूका दृष्टिमा भूतद्वारा निर्मित ठानिएको कुनै बाँध (पोखराको पार्दी बाँध, सुनसरी भुटाहाको बाँध इ०) । (३०) भुत्याहा : भूतप्रेतले वास गरेको (ठाउँ, घर आदि) । भूतप्रेतसम्बन्धी काम गर्ने झारफुके व्यक्ति; धामी वा झाँक्री । (३१) भूत : मृत शरीर वा त्यसको आत्मा; मृतात्मा । पिशाच; प्रेत । (३२) भूत नगर : भूतहरूको बिगबिगी भएको वा भूत-प्रेतले वास गरेको कल्पित सहर । (३३) भूत प्रेत : अगति परेका मानिसहरूको तथाकथित तर्साउने आत्मा; भूतप्रेत-पिशाचहरूको समुदाय । (३४) भूत बङ्गला : भूत-प्रेत बस्ने भनी विश्वास गरिएको डरलाग्दो र तर्साउने घर; भूतमहल; भूताहाघर । (३५) भूत विद्या : भूतप्रेत, पिशाच आदिबाट पैदा हुने रोगव्याधिको उपचार गर्ने विद्या । भूतप्रेतसम्बन्धी विद्या । (३६) भूतात्मा : पिशाच; प्रेत । (३७) भूते : भूत भएको वा भूत बस्ने; भूतसम्बन्धी । (३८) भूतेओडार : भूत बस्ने ओडार; डरलाग्दो ओडार । (३९) भौतिकविद्या : मरेका मान्छेहरूको हंस जगाई बातचित गरिने विद्या; भूतसाधना गर्ने विधि । भूत-प्रेत आदिको बाधा हटाउने विद्या; झारफुके तन्त्रमन्त्र । (४०) "भूतले पाएको मधौरु बाँच्न सक्तैन", "लातको भूत बातले मान्दैन"-उखान ।(४१) मन्छनु : दोबाटो आदिमा भूतप्रेत आदिलाई बलि दिनु; भूतप्रेत आदिलाई खुसी पार्ने भाग दिनु; मन्सनु; पन्साउनु । (४२) मन्छाइ : मन्छने भाव, क्रिया वा प्रक्रिया । (४३) मन्छाइनु : मन्छन लाइनु । (४४) मन्छाउनु : मन्छन लाउनु; मन्साउनु । (४५) मन्छिनु : मन्छनु । मन्छने काम गरिनु । (४६) मन्त्र : टुन्याहा, बोक्सी, भूतप्रेत आदिको लागो वा नराम्रो असर शान्त गर्न र सर्प बिच्छी आदिको विष झार्न झारफुकेले प्रयोग गर्ने शब्दसमूह; लागोभागो हटाउन झारफुक गर्दा उच्चारण गरिने वचन । (४७) मसाने : धामीझाँक्री विद्या जान्ने व्यक्ति; झारफुके मान्छे । (४८) माङबा : लिम्बूजातिमा भूतप्रेत आदि मन्साउने पुरोहित । (४९) रक्षमाला : भूत, प्रेत, रोग, बालग्रह आदिबाट खास गरी केटाकेटीको सुरक्षाका निम्ति घाँटीमा बाँधिने बुटी; बाघनङ्ग्रा, बँदेलको दाह्रो, कौडा आदिको माला; जन्त्र; रक्खेमाला । (५०)

सङ्कलन : मोहन प्रसाद सापकोटा

रक्षाकवच : दुष्ट ग्रह, रोगव्याधि, भूतप्रेत आदिको भयबाट बच्नका निम्ति धारण गरिने सूत्र; रक्षासूत्र यन्त्रादि । (५१) लगान : झारफुकेका अनुसार भूतपिशाच, डाइनीबोक्सी, वायु आदि लागेर हुने आकस्मिक रोग; व्यथाको कारण । (५२) लगानी : लागूभागू; लागभाग । (५३) लाग्नु : भूतप्रेत आदिले पक्रनु; लगानमा पर्नु । (५४) लाग :टुना, मन्त्र आदिको प्रभाव; भूतप्रेत आदिको छाया । (५५) लागछाड : रोग, भूत, प्रेत आदिको असर बढ्ने र घट्ने क्रम; लागछोड । (५६) लागभाग : भूत, प्रेत आदिको प्रभाव; लागोभागो; लागलगान । (५७) लागलगान : भूतप्रेत आदिको बाधा वा असर । (५८) लागु, लागू : लागभाग; लागो । (५९) लागुभागु, लागूभागू : लागभाग । (६०) लागो : भूतप्रेतको छाया वा बाधा; लागभाग । डाइनी, बोक्सी, धामीहरूको खेल । (६१) शेषान्तर : भूतप्रेत; प्रेतात्मा (धामीझाँक्रीका बोलीमा) । (६२) सत्त्व : मृत आत्मा; भूत । (६३) साधक : भूतप्रेत आदिलाई मन्त्रद्वारा आफ्नो वशमा पार्ने । झाँक्री; धामी । (६४) साधना : भूतप्रेत आदिलाई मन्त्रादिद्वारा वशमा पार्ने काम । (६५) सैतानी : सैतानसम्बन्धी; सैतानको । सैतानको काम । (६६) हुम् : तन्त्रशास्त्रमा मन्त्रको अघिल्तिर वा पछिल्तिर प्रयोग गरेर भूतप्रेत आदिको लागो निवारण गर्ने बीजमन्त्र । (६७) हेर्नु : भूत-प्रेत, बोक्सी आदिको लागो विचार गर्नु । (६८) हेराउनु : धामी, झाँक्री आदिद्वारा भूतप्रेत, बोक्सी आदिको बाधा जँचाउनु ।

पिशाच र भूतप्रेतका नेपाली पर्यायवाची शब्द :

(क) नेपाली बृहत् शब्दकोश : छेद, दुसाध, निशाचर ।

प्राचीन ग्रन्थका वचनहरू :

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) राज निघण्टु :

आवेशो भूतसञ्चारो भूतक्रान्तिर्ग्रहागमः ॥

भूतप्रेत आदि लाग्नुलाई आवेश, भूतसञ्चार, भूतक्रान्ति वा ग्रहागम भनिन्छ ।

ग्राम्य पशु
(Domesticated animals)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश (ग्राम्य पशु) : मानिसका नजिकमा रहने गाईबस्तु, कुकुर, सुँगुर आदि; घरपाला पशु ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) **अर्कप्रकाश :**

कालीयच्छागगोमेषा हयाद्या ग्राम्यसंज्ञकाः॥ दीपनो वातहृत्पैत्तो बृंहणो बलवर्द्धनः ।

भैँसी, बाख्रा, गाई, भेडा, घोडा आदिलाई ग्राम्यपशु भनिन्छ । यिनको अर्क दीपन, वातनाशक, पित्तवर्धक, पौष्टिक र बलदायक हुन्छ ।

छाग मेष वृषाश्वश्वा ग्राम्याः प्रोक्तामहर्षिभिः॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

बोका, भेडो, साँढे, घोडा आदि ग्राम्य जीव हुन् ।

(ख) **कैयदेव निघण्टु :**

अश्वाश्वतरवस्ताहिगोखरोष्ट्रकुटुम्बकाः । ग्राम्याख्याः बृंहणा वह्निदीपना बलवर्धनाः॥
रसे पाके च मधुरा वातघ्नाः कफपित्तलाः॥

घोडा (अश्व), खच्चड (अश्वतर), बाख्रा (वस्त), अहि (गाई), साँढे (गो), गधा (खर) र उँट (उष्ट्र) का जात : यी ग्राम्य पशु हुन् । यिनको मासु पौष्टिक, पाचक-अग्निलाई बाल्ने, बल बढाउने, शुरुमा र पचेपछि गुलियो, वातविकार नाश गर्ने तथा कफविकार र पित्तविकार गर्ने गुणको हुन्छ ।

(ग) **द्रव्यगुणसङ्ग्रह :**

ग्राम्या वातहराः सर्वे बृंहणाः कफपित्तलाः ।
मधुरा रसपाकाभ्यां दीपना बलवर्धनाः॥

सबै ग्राम्य जीवको मासु वातविकार नाश गर्ने, पौष्टिक, कफविकार र पित्तविकार गर्ने, शुरुमा र पचेपछि गुलियो, दीपनी र बल बढाउने गुणको हुन्छ ।

(घ) भावप्रकाश निघण्टु :

छागमेषवृषाश्वाद्या ग्राम्याः प्रोक्ता महर्षिभिः ॥
ग्राम्या वातहराः सर्वे दीपनाः कफपित्तलाः । मधुरा रसपाकाभ्यां बृंहणा बलवर्द्धनाः ॥

बोका, भेडा, साँढे, घोडा आदि जनावरलाई महर्षिजनले ग्राम्य पशु बताएका छन् । ग्राम्य पशु सबैको मासु वातविकार नाशक, पाचकाग्नि वर्धक, कफविकार गर्ने, पित्तविकार गर्ने, शुरुमा खाँदा र पचेपछि गुलिया, पौष्टिक र बलवर्द्धक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ग्रामशूकर (सुँगुर)
(Pig)

परिभाषा :

(क) के.यन.स्वामी (किटि, विड्वराह) : सुँगुर ।

(ख) नेपाली बृहत् शब्दकोश : (१) कलमी सोडा : सुँगुरको मूतबाट बन्ने एक प्रकारको सोडा; विस्फोटक पदार्थ बनाउन सकिने र औषधीमा पनि प्रयोग गरिने सोडा । (२) घकालो : बारबाट भित्र नछिरोस् भन्नाका निम्ति काठको त्रिकोणाकार जस्तो बनाई सुँगुरका घाँटीमा लगाइने वस्तु; एक प्रकारको पेरुङ्गो । (३) घुँघुँ : सुँगुर (बालबोलीमा) । (४) घुँघुँर : सुँगुर, बँदेल, बङ्गुर आदिका गलाबाट निस्कने

सुँगुरहरू (तस्बिर श्रोत : रातोपाटीडटकम)

शब्द वा आवाज; घुरण । (५) च्वाँचे : सुँगुर; बँदेल; बङ्गुर । (६) दंष्ट्री : सुँगुर; बँदेल । (७) नरम चाना : हाड नभएको (विशेष गरी बँदेल र सुँगुरको) फल मासु । (८) बङ्गुर : बनेल र सुँगुर मिसिएर पैदा भएको मासु खान पालिने एक जातको पशु । (९) बुँची : सुँगुरको पाठो । (१०) भुनी : सुँगुर वा बँदेलको पोथी । (११) वराह : सुँगुर; बनेल । (१२) विड्वराह : सुँगुर । (१३) शूकर : सुँगुर । बँदेल; वराह । (१४) सुँगुर : (ना. सं. शूकर) बनेलको जातको, बिष्ठा खाने घरपाला जन्तु; च्वाँचे; सूकर । (१५) सिसार : लिम्बू जातिमा दसैंको कोसेलीका रूपमा लगिने खसीको वा सुँगुरको साँप्रो ।

सङ्कलन : मोहनप्रसाद सापकोटा

(ग) डा.सतिश चन्द्र साङ्ख्यधर : सुँगुरलाई अंग्रेजीमा Domesticated Swine वा Pig भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

पङ्कप्रियः पुरीषादी कुकीलो बहुपोतकः । पूतिप्रियः कुत्सिताङ्गः कथ्यते ग्रामसूकरः॥

पङ्कप्रिय, पुरीषादी, कुकील, बहुपोतक, पूतिप्रिय, कुत्सिताङ्ग र ग्रामसूकर : यी सुँगुरका पर्यायवाची नाम हुन् ।

(ख) कैयदेव निघण्टु :

क्रमरस्तु महाक्रोडे विड्वरो ग्राम्यसूकरे ।

क्रमर, महाक्रोड, विड्वर र ग्राम्यसूकर : यी सुँगुरका पर्यायवाची नाम हुन् ।

(ग) धन्वन्तरि निघण्टु :

ग्रामसूकरजं विस्रं पित्तलं बलकृद्गुरु ।

सुँगुरको मासु गनाउने, पित्तविकार गर्ने, बलदायक र पचाउन कठिन हुने गुणको हुन्छ ।

(घ) मदनपाल निघण्टु :

सूकरो रोमशः पोत्री कोलो घोणिः किरिः किटिः । दंष्ट्री क्रोष्टा चोर्ध्वरोमा भूदारश्च वराहकः ॥
सौकरं पिशितं स्वादु बल्यं वातापहं गुरु । स्निग्धोष्णं शुक्रलं रुच्यं निद्रास्थूलत्वदार्ढ्यकृत् ॥

सूकर, रोमश, पोत्री, कोल, घोणि, किरि, किटि, दंष्ट्री, क्रोष्टा, ऊर्ध्वरोमा, भूदार र वराहक : यी सुँगुरका संस्कृत पर्यायवाची नामहरू हुन् । सुँगुरको मासु स्वादिलो, बलदायक, वातविकार नाशक, पचाउन कठिन, चिल्लो, उष्णवीर्यको, शुक्रवर्धक, रुचिप्रद, निद्राजनक, मोटो बनाउने र सुदृढ बनाउने गुणको हुन्छ ।

बङ्गुर (तस्विर श्रोत : नेपालखोजडटकम)

(ङ) राज निघण्टु :

अन्यस्तु विड्वराहः स्याद्ग्रामीणो ग्रामशूकरः ।
ग्राम्यक्रोडो ग्राम्यकोलो विष्ठाशी दारकश्च सः ॥

विड्वराह, ग्रामीणशूकर, ग्रामशूकर, ग्राम्यक्रोड, ग्राम्यकोल, विष्ठाशी र दारक : यी सुँगुरका संस्कृत पर्यायवाची नामहरू हुन् ।

ग्राही (द्रव्यमा हुने गुणविशेष)
(Grahin)

प्राचीन ग्रन्थका वचन :

(क) शार्ङ्गधर संहिता :

दीपनं पाचनं यत् स्यादुष्णत्वाद्द्रवशोषकम्॥ ग्राहि तच्च यथा शुण्ठी जीरकं गजपिप्पली ।

जुन औषधीले पेटभित्रको अग्निलाई बाल्दछ, "आम" आदिलाई पचाउँदछ, गर्मीकारक हुनाले गर्दा जलले पैदा गर्ने कफ आदि दोष, धातु र मललाई सोस्दछ त्यसलाई "ग्राही" भनिन्छ । जस्तै : सुठो, जीरा, चाभा आदि ।

नोट : यो शब्द अयुर्वेदमा अत्यधिक प्रयोग हुने शब्दमध्ये एक हो । यसको अर्थ प्रायः कब्जियत भनेर लगाइएको पाइन्छ । तर यो अर्थ आंशिक मात्र सही हो । सङ्ग्राही, ग्राहि, ग्राहिन् यसका पर्यायवाची शब्द हुन् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

ग्रीवा (घाँटी)
(Neck)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : ग्रीवा, शिरोधि र कन्धरा : यी घाँटीका पर्यायवाची नाम हुन् । तीन रेखा वा धर्का हुने घाँटीलाई कम्बुग्रीवा भनिन्छ ।

(क) के.यन.स्वामी : (४) ग्रीवा : गला वा गर्दन । (५) कन्धरा : गर्धन । घाँटीको पछाडिको भाग । (६) कन्धि, शिरोधि, शिरोधरा : गर्धन ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) कण्ठ : खकाल्नु र मेरुदण्डको सिरानदेखि लिएर चिउँडो र खोप्रेबूढीसम्मको शारीरिक (खास मान्छेको) अवयव; घिच्रो; गलो, गर्धन, घोक्रो इनको सामूहिक नाम; घाँटी । (२) कण्ठपेटारी : घाँटीको रुद्रघण्टीका समीपको भाग, जसले श्वासनलीको टुप्पामा रहेको स्वरचिम्टीको सुरक्षा गरी स्वर र व्यञ्जनवर्णको निर्धारण तथा व्यञ्जनवर्णको घोषीभवनमा गुञ्जन उत्पन्न गर्न स्वरचिम्टीलाई सघाउँछ । (३) कोप्पा : घाँटीपछाडि गर्दनदेखि मास्तिरको खाल्टो परेको ठाउँ; बूढी खोप्रो; घुचुक । (४) खोप्रेबूढी : जीउको गर्दनका बीचमा परेको खोपिल्टो; बूढीखोप्री; खोप्ले । (५) खोप्ले : गर्दनका बीचमा परेको खोपिल्टो । (६) खौडी : खोल्सोजस्तो परेर टाउकातिर गएको गर्धनको भाग । (७) खौडीबूढी : घाँटी र टाउकापछाडिका जोर्नीको खाल्टो परेको भाग; खोप्रेबूढी । (८) गर्दन : पिठ्यूँदेखि माथि र घुच्चुकदेखि तल रहेको घाँटीको पछिल्तिरको भाग; शरीर र टाउकालाई जोड्ने भाग । (९) गर्धन : गर्दन । (१०) ग्रीवा : टाउको र धडलाई जोड्ने अङ्ग; घाँटी; गर्दन । (११) घोक्रो : श्वासनली तथा गोजेरोभन्दा माथि र हाब्रोभन्दा तलतिरको भाग; घाँटी; गर्धन; घिच्रो । (१२) घाँटी : धडमाथि र शिरमुनि रहेको गोलाकार तथा लामो, भित्रबाट सास फेर्ने, बोल्ने र खाएको कुरा पेटमा पुऱ्याउने नलीहरू भएको अङ्ग; कण्ठ; गलो । गर्धन; घिच्रो । (१३) घुचुक : गलाको पछिल्लो भाग; घाँटीको पछिल्तिरको हिस्सा; गर्धन । (१४) घोक्रो : श्वासनली तथा गोजेरोभन्दा माथि र हाब्रोभन्दा तलतिरको भाग; घाँटी; गर्धन; घिच्रो । (१५) धमनी : गर्दन; गलो; घाँटी; घोक्रो । (१६) मुन्टेठिँगुरो : मुन्टो अडिने गर्दनको हाड ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(घ) राजनिघण्टु : ग्रीवा च कन्धरा कन्धिः शिरोधिश्च शिरोधरा ॥ ग्रीवा, कन्धरा, कन्धि, शिरोधि र शिरोधरा : यी घाँटीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

ग्रीष्मसुन्दर (सागविशेष)
(Greeshmasundara)

परिभाषा :

(क) हिन्दी विश्वकोश (ग्रीष्मसुन्दर) : शाकविशेष । सागविशेष ।

(ख) शब्दकल्पद्रुम (ग्रीष्मसुन्दर) : शाकविशेषः । गिमा इति भाषा । सागविशेष जसलाई बङ्गाली भाषामा गीमा भन्दछन् ।

वानस्पतिक नाम *Centella asiatica* भएको वनस्पतिलाई गिमा भनिएको छ । यसको नेपाली अर्थ घोडताप्रे वा ब्राह्मी वा मण्डूकपर्णी हुन्छ । राजवल्लभ निघण्टुमा यी वनस्पतिका बारेमा बेग्लै वर्णन गरिएको छ । यसको पहिचान गर्न सकिएन ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) राजवल्लभ निघण्टु :

ग्रीष्मसुन्दरकस्तिक्तो रोचनः कफपित्तजित्॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

ग्रीष्मसुन्दर नामक साग तीतो, रुचिप्रद तथा कफविकार र पित्तविकारलाई जित्ने गुणको हुन्छ ।

ग्लानि

(Fatigue)

Exhaustion, languor, fatigue, Displeasure

परिभाषा :

(क) के.यन.स्वामी (ग्लानि) : थकाइ । सुस्ती । घट्ती । अरुचि । घिन । पछुतो । मानसिक कष्टबाट उत्पन्न लाचारीको दु:ख ।

(ख) नेपाली बृहत् शब्दकोश (ग्लानि) : शारीरिक वा मानसिक शिथिलता; थकाइ; थकावट । कुनै कामको खराबी चाल पाएर हुने पछुतो; मानसिक खेद; पश्चात्ताप । हतोत्साह; अनुत्साह ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) भावप्रकाश संहिता :

वक्त्रे मधुरता तन्द्रा हृदयोद्वेष्टनं भ्रमः । न चान्नं रोचते यस्मै ग्लानिं तस्य विनिर्दिशेत् ।
ग्लानिरोजःक्षयाद् दुःखादजीर्णाच्च श्रमाद्भवेत् ।

मुखमा गुलियोपन भइरहनु, उँग लाग्नु, मुटु कस्सिएको जस्तो हुनु, भ्रम हुनु, अन्नप्रति रुचि नहुनु जस्ता लक्षण देखिए त्यसलाई ग्लानि भनिन्छ । शरीरमा भएको ओज कुनै कारणले क्षय भएमा, कुनै दु:ख परेमा, अजीर्ण भएमा तथा परिश्रमले शरीर थाक्दा पनि ग्लानि हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) शार्ङ्गधर संहिता :

ग्लानिरोजःक्षयाद्दुःखादजीर्णाच्च श्रमाद्भवेत्॥ यः सामर्थ्येऽप्यनुत्साहस्तदालस्यमुदीर्यते ।

कुनै कारणवश शरीरमा रहने कुनै एक वा सबै (सात वटै) धातु खिइए पछि, दु:ख हुँदा, खाएको कुरा नपच्दा र परिश्रमले गर्दा मानिसलाई मानसिक दु:ख (ग्लानि) हुन्छ । यसलाई अर्को शब्दमा हर्ष-क्षय पनि भनिन्छ । (प्राय: ग्लानि शब्दले परिश्रम बिनाको थकाईलाई बुझाउँदछ) ।

(ग) सुश्रुत संहिता :

वक्त्रे मधुरता तन्द्रा हृदयोद्वेष्टनं भ्रमः । न चान्नमभिकाङ्क्षेत ग्लानिं तस्य विनिर्दिशेत्॥

मुखमा गुलियोपन, उँग, मुटु कस्सिनु, भ्रम, अन्नप्रति रुचि नहुनु जस्ता लक्षणलाई ग्लानिका लक्षण भनी थाहा पाउनू ।

घांण्टका (किलांकेल)
(Uvula or Epiglottis)

परिभाषा :

(क) के.यन.स्वामी : (१) घण्टिका : रुद्रघण्टी । (२) लम्बिका : लिगलिगे । घाँटीको प्वालनिरको मासुको लोती । (३) प्रतिजिह्वा : लिगलिगे ।

(ख) नेपाली बृहत् शब्दकोश (१) कण्ठपेटारी : घाँटीको रुद्रघण्टीका समीपको भाग, जसले श्वासनलीको टुप्पामा रहेको स्वरचिम्टीको सुरक्षा गरी स्वर र व्यञ्जनवर्णको निर्धारण तथा व्यञ्जनवर्णको घोषीभवनमा गुञ्जन उत्पन्न गर्न स्वरचिम्टीलाई सघाउँदछ । (२) किलकिले : किलकिले जिब्राको पछिल्लो भागमा झुन्डिएको कोमल तालुको सानो मांसल खण्ड; रुद्रघण्टी; लिगलिगे । (३) रुद्रघण्टी : घाँटीको माझमा बाहिरपट्टि उठेको हाडको फुकुन्डो । (४) लम्बिका : रुद्रघण्टी; किलकिले; उपजिह्वा । (६) लिगलिगे : घाँटीभित्र कण्ठनिर झुन्डिएको पातलो सानो अवयव; किलकिले । (७) लिब्री : किलकिले; लिगलिगे ।

(ग) डा.सतिश चन्द्र साङ्ख्यधर : सूक्ष्मजिह्वा र उपजिह्विकालाई अंग्रेजीमा क्रमशः Uvula र Epiglottis भनिन्छ । यी अङ्गले क्रमशः नाकतिर जाने र फोक्सोतिर जाने श्वासनलीलाई निल्ने क्रममा बन्द गर्दछन् ।

प्राचीन ग्रन्थका वचनहरू :

सङ्कलन : मोहन प्रसाद सापकोटा

(क) राज निघण्टु :

तदूर्ध्वं सूक्ष्मजिह्वा या घण्टिका लम्बिका च सा॥

सूक्ष्मजिह्वा, घण्टिका र लम्बिका : यी रुद्रघण्टीका संस्कृत पर्यायवाची नामहरू हुन् ।

अन्याऽधोमूलजिह्वा स्यात् प्रतिजिह्वोपजिह्विका॥

जिभ्राको फेदमा हुने लिगलिगेलाई संस्कृतमा अधोमूलजिह्वा, प्रतिजिह्वा र उपजिह्विका भनिन्छ ।

घण्टिका (लिगलिगे)
(Uvula)

(क) आयुर्वेद कोश (घण्टिका) : तालूर्ध्वसूक्ष्मजिह्वा ।

(ख) आयुर्वेदीय शब्दकोशः, पूरणिका (घण्टिका) : सूक्ष्मजिह्वा ।

(ग) के.यन.स्वामी : (१) घण्टिका : रुद्रघण्टी । (२) गलशुण्डिका : लिगलिगे ।

(घ) नेपाली बृहत् शब्दकोश : (१) रुद्रघण्टी : घाँटीको माझमा बाहिरपट्टि उठेको हाडको फुकुण्डो । (२) लिगलिगे : घाँटीभित्र कण्ठनिर झुन्डिएको पातलो सानो अवयव; किलकिले ।

(ङ) राज निघण्टु : ... घण्टिका गलशुण्ठिका । घण्टिका र गलशुण्ठिका : यी लिगलिगेका संस्कृत पर्यायवाची नामहरू हुन् ।

(च) हलायुधकोष (घण्टिका) : तालूर्ध्वसूक्ष्मजिह्वा, लम्बिकाः ।

(छ) हिन्दी विश्वकोश : (१) गलशुण्डिका : तालू उर्ध्वस्थित सूक्ष्म जिह्वा । तालुको माथितिर रहेको सानो जिभ्रो, सुधास्रवा, घण्टिका, लम्बिका । (२) गलशुण्डी : जिभ्रोका आकारको मासुको एक सानो भाग । यो प्राणीका गलाभित्र जिभ्रोको फेदनजिक रहेको हुन्छ । शब्द उच्चारण गर्न यसले धेरै सहायता गर्दछ । (३) घण्टिका : तालुस्थ जिह्वा, तालुमा हुने सानो जिभ्रो ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

घृत (घिउ)
(Ghee)

परिभाषा :

(क) कुलचन्द्र शर्मा : आज्य, घृत, सर्पिस् र हविस् भनेको घिउ हो ।

(ख) नेपाली बृहत् शब्दकोश (घिउ) : दूध, दही मथेर निकालिने सार वस्तु; पगालेको वा खारेको नौनी, अमृत, आज्य, घृत, घ्यू, तैजस, दधिसार र पित्तघ्न ।

(ग) पेयर डी अमरकोश : घिउलाई अंग्रेजीमा Melted butter वा Ghee भनिन्छ ।

(घ) हिन्दी विश्वकोश (घृतमण्ड) : घृतस्य मण्डः । पगालेको घिउको तल रहने भाग ।

(ङ) नेपालीमा घृतमण्डलाई बिलौनी वा बिलाउनी भनिन्छ ।

(ङ) भैषज्य रत्नावली, श्री गोविन्द दास वीरचिता (घृतमण्ड) : सफा र पग्लिएको घिउ ।

घिउसम्बन्धी अन्य केही नेपाली शब्दहरू :

(क) नेपाली बृहत् शब्दकोश : (१) खरुवा : आगामा बेस्करी तताएर खारेको; शुद्ध पारेको (घिउ) । (२) गम्बु : काठको ठेकी आकारको, घिउ राख्ने बट्टा; घिउबट्टा । (३) घिउखानी : घिउ धेरै हुने ठाउँ । (४) घिवालु : धेरै घिउ लाग्ने । (५) घेवारे : घिउको बेपारी; घिउ बेच्ने व्यक्ति । (६) चर्मकूप : घिउ, तेल आदि हाल्ने छालाको भाँडोविशेष; सिजिया । (७) चोखेन : पानीमा पकाएको खाने कुरो सामान्य अवस्थामा अशुद्ध हुँदैन भनी भा, पुवा आदिमा हालिने घिउ; चोखो पार्ने घिउ, तेल आदि वस्तु; चोख्यान; चोखो । (८) ठेडी : घिउ-तेल आदिका ठेकीमा लगाइने काठको सानो बिर्को; बुजो । (९) थुर्पी : घिउतेल उघाउन वा चलाउनका निमित्त मात्र प्रयो गरिने सानो डाडु; कर्केउली डाडु; थुर्मी । (१०) थुर्मे : घिउतेलको व्यापार गर्ने व्यक्ति । (११) दारुहस्त : दूध, घिउ आदि चलाउने काठको डाडु; काठको चम्चा वा दाबिलो । (१२) धूप : धूपधुवाँरका निम्ति छुट्ट्याइएको गाईको घिउ । (१३) धूपबत्ती : सुवासका लनिम्ति धूप सल्काएपछि बालिने, घिउले भिजाएको बत्ती । (१४) पथार्नु : नौनी घिउ हातमा उफार्दै मोही निथार्नु । (१५) पथार : नौनी घिउलाई हातमा राखेर उफार्दै मही निथार्ने काम । (१६) मटक : घिउ, बोसो आदि खाएर हराएको अरू चीज खाने इच्छा; अमन । (१७) मल : घिउको बिलाउनी । (१८) सिजिया : घिउतेल हाल्ने छालाको भाँडो; सिँधिया । (१९) स्नेह : घिउ, तेल आदि चिल्लो पदार्थ । (२०) हर्पे : घिउ, तेल आदि हालिने काठको थुप्चो आकारको भाँडो; एक प्रकारको सिङमाङ; हर्पी ।

पगालिएको घिउ (तस्बिर श्रोत : पेयर डी अमरकोश)

प्राचीन ग्रन्थका वचनहरू :

(क) अभिधानमञ्जरी :

घृतमाज्यं च हविष्यं हविरमृतं जीवनीयं च ।
नवनीतजमभिधारः पवित्रमोजस्करं च सर्पिः स्यात् ॥

घृत, आज्य, हविष्य, हवि, अमृत, जीवनीय, नवनीतज, अभिधार, पवित्र, ओजस्कर र सर्पि : यी घिउका पर्यायवाची नाम हुन् ।

(ख) अभिधानरत्नमाला :

घृतमाज्यं हविःसर्पिः पवित्रममृतञ्च तत् ।

घृत, आज्य, हवि, सर्पि, पवित्र र अमृत : यी घिउका पर्यायवाची नाम हुन् ।

(ग) अष्टाङ्ग निघण्टु :

घृतमाज्यं हविः सर्पिः ...।

सङ्कलन : मोहन प्रसाद सापकोटा

घृत, आज्य, हवि र सर्पि : यी घिउका पर्यायवाची नाम हुन् ।

(घ) आयुर्वेद महोदधि :

पाके लघूष्णं वीर्ये च कषायं कफनाशनम् । दीपनं बद्धमूत्रं च विद्यादैकशफं घृतम् ॥

घोडी आदि एक खुर हुने पशुको घिउ पचेपछि हलुका हुन्छ, गर्मी गर्दछ, टर्रो हुन्छ र कफविकार नाश गर्दछ । यो दीपन हुन्छ तर मूत्रमा रोकावट पुर्‍याउँदछ ।

आयुर्वृद्धिं वपुरपि दृढं सौकुमार्यं करोति व्यायामस्त्रीनिधुवनकृतां श्रान्तिविच्छेदनं च ।
पथ्यं बाल्ये तरुणे वार्द्धके चापि पथ्यं नान्यत्किञ्चिद्भवति पुरुषे सर्पिषः स्वास्थ्यकारि ॥

आयु बढाउँदछ; शरीरलाई बलियो र कोमल बनाउँदछ; व्यायाम (वा श्रम) एवं स्त्री-सहवासबाट हुने थकाई भगाउँदछ; बाल, जवान, र वृद्ध सबैलाई पथ्य हुन्छ; त्यसैले मानिसलाई घिउ जत्तिको स्वास्थ्यलाई फाइदा गर्ने कुरा अरु केही हुँदैन ।

यद्वेदागमवेदिभिर्निगदितं साक्षादिहायुर्नृणां यद्वैद्यैश्च रसायनाय कथितं सद्यो जरानाशनम् ।
यत्सारस्वतकान्तिकल्पमतिभिः प्रोक्तं धियः सिद्धये
तद्वै कानककेतकीद्रुतिचयच्छायं मुदे स्ताद् घृतम् ॥

जसलाई वेद र वेदसम्मत शास्त्रले मानिसको साक्षात् आयु भनी बताएका छन्; जसलाई वैद्यहरूले तुरुन्त रोग एवं बुढ्यौली नाश गर्ने रसायन भनी बताएका छन्; जसलाई प्रखर वक्ता, तेज र शरीरलाई नवजीवन दिन चाहनेहरूले बुद्धिको सिद्धि गर्ने उपाय भनी बताएका छन्; यस्तो जाइफल र केतकी फूल हालिएको पगालिएको घिउ खाई सबै (ती) प्रसन्न हुन्छन् ।

वीर्येऽतिशीतं च रसे विपाके स्वादु त्रिदोषघ्नरसायनं च ।
तेजोबलायुष्यकरं च मेध्यं चक्षुष्यमेतत् घृतमाहुरार्याः ॥

घिउ वीर्य वर्धक, अति शीतल, पचेपछिको रस स्वादिलो हुने, त्रिदोषनाशक, बुढ्यौली नाशक, तेज-बल र आयु बढाउने, बुझ्ने क्षमता बढाउने र आँखाका लागि लाभदायक हुन्छ भनेर सदाचारीहरू भन्दछन् ।

चक्षुष्यं वृष्यमाहुः स्मृतिधृतिकरणं राजयक्ष्माविनाशं
रूक्षे क्षीणे च पथ्यं वलिपलितहरं सामदोषप्रकोपि ।
भूतोन्मादप्रवृत्ते बहुतिमिरकफे कृम्यपस्मारहारि
सर्वेषां सर्वदैव प्रथितगुणगणं साधु पथ्यं घृतं स्यात् ॥

घिउ आँखाका लागि लाभदायक, बलवीर्य बर्धक, सम्झना शक्ति र धारण गर्ने शक्ति वा धैर्यता बढाउने, क्षयरोग नाशक, रुखो र दुब्लो शरीर हुनेहरुका लागि उचित, छाला चाउरी पर्ने र कपाल फुल्ने समस्या हटाउने, आमविकार बढाउने (आमसम्बन्धी समस्या हुनेले नखानु), पागलपन वा मानसिक रोगमा विशेष लाभदायक, अगिल्तिर धमिलो देखिने आँखाको रोगमा फाइदा गर्ने, कफनाशक, किरा नाशक, छारेरोगमा लाभदायक हुन्छ । यस्ता अनेकौं गुण भएको घिउ सबैका लागि सधैं पथ्य हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सद्यस्कं वस्त्रपूतं य मूत्रबस्तिविशोधनम् । श्लेष्मलं वित्तवातघ्नं बलपुष्टिविवर्धनम् ॥

खारेर कपडछान गरिएको ताजा घिउले मूत्राशयलाई शुद्ध बनाउँदछ । यो कफ बढाउने, वातपित्त नाश गर्ने तथा बल र पुष्टि दिने गुणको हुन्छ ।

पुराणं तिमिरश्वासपीनसज्वरकासनुत् । मूर्छाकुष्ठविषोन्मादग्रहापस्मारनाशनम् ॥

पुरानो घिउले अगिल्तिर धमिलो देखिने आँखाको रोग, दम, खोकी, पिनास र जरो निको पार्दछ । साथै यस्तो घिउले बेहोसी, कुष्ठरोग, विषको असर, पागलपन, ग्रहदोष र छारेरोगलाई ठिक गर्दछ ।

मदापस्मारमूर्छायशिरः कर्णाक्षियोनिजान् । पुराणं तज्जयेत् व्याधीन् व्रणशोधनरोपणम् ॥

पुरानो घिउले नसा, छारेरोग, बेहोसी, टाउकाका रोग, कानका रोग र आँखाका रोग निको पार्दछ । यस्तो घिउले घाउ चाँडै भरी दिन्छ त्यसैले यसलाई व्रणशोधन-रोपण भनिन्छ ।

उग्रगान्ध पुराणं स्याद्दशवर्षास्थितं घृतम् । लाक्षारसानिभं शीतं तांद्धसपग्रहापहम्॥

दश वर्ष पुरानो घिउ अति गन्धयुक्त हुन्छ । हेर्नमा यो लाहाको झोलजस्तो देखिने गर्दछ । यस्तो घिउ शीतल गर्ने तथा सुकेलुतो र ग्रहदोष हटाउन विशेष उपयोगी हुन्छ ।

अपस्मारग्रहोन्मादवाते शस्तं विशेषतः । पूर्वोक्तांश्चाधिकान् कुर्याद् गुणांस्तदमृतोपमम्॥

पुरानो घिउले छारेरोग, ग्रहदोष, पागलपन र वातविकारमा विशेष उपयोगी हुन्छ । साथै यसमा घिउका यसपूर्व बताइएका गुण समेत हुन्छन्, त्यसैले यो अमृत तुल्य हुन्छ ।

(ङ) कैयदेव निघण्टु :

घृतं स्नेहोत्तमं शीतं मधुरं रसपाकयोः । जीवनं बृंहणं वृष्यं वर्ण्यमिन्द्रियभावनम्॥

घिउ चिल्ला पदार्थमा उत्तम, शीतवीर्यको, शुरुमा र पचेपछि गुलियो, जीवन दायक, पौष्टिक, वीर्य बढाउने, वर्णमा निखार लेराउने र इन्द्रियलाई प्रभाव पार्ने गुणको हुन्छ ।

व्रण्यं स्वर्यं मृदु श्लक्ष्णं वयसः स्थापनं परम् । अल्पाभिष्यन्दि चक्षुष्यं श्लेष्मलं गुरु दीपनम्॥

घिउ खटिरा आउँदा खान योग्य, स्वरका लागि हितकर, कोमल, चिल्लो वा सुन्दर, उमेरलाई अति नै स्थिर राख्न सक्ने, थोरै अभिष्यन्दि, आँखाका लागि हितकर, कफविकार गर्ने, पचाउन कठिन र दीपनी गुणको हुन्छ ।

बुद्धिमेधाप्रजाकान्तिस्मृत्योजोबलपुष्टिदम् । सौकुमार्यकरं तेजोमेदोलावण्यवर्धनम्॥

घिउ बुद्धि, दिमागको ग्रहण गर्ने क्षमता, सन्तान, तेज, सम्झने शक्ति, ओज, बल र पुष्टि प्रदान गर्ने तथा सुकुमारपन, तेज, बोसो र असलपन बढाउने गुणको हुन्छ ।

वातपित्तहरं रक्षःपाप्मालक्ष्मीविषापहम् । स्नेहनं रक्तपित्तघ्नं प्रशस्तं बालवृद्धयोः॥

घिउ वातविकार, पित्तविकार, राक्षसबाधा, पाप, अलक्ष्मी र विषविकार नाश गर्ने गुणको हुन्छ । यो स्नेहन कर्ममा उपयोगी, रक्तपित्त नाश गर्ने तथा बालक वृद्ध सबैलाई हितकर हुन्छ ।

शूलाजीर्णज्वरोन्मादोदावर्तानाहयक्ष्मनुत् ।

घिउ शूल, अजीर्ण, जरो, पागलपन, उदावर्त रोग, आनाह रोग र क्षयरोग नाश गर्ने गुणको हुन्छ ।

क्षतक्षीणपरीसर्पशस्त्राग्निग्लपितात्मनाम्॥ निरामेषूत्तमं सर्पिः स्नेहानां प्रागुदाहृतम् ।
योग्यसंस्कारकद्रव्ययोगवाहितया घृतम्॥ असङ्ख्याः भजते शक्तीः संस्कारस्यानुवर्तनात् ।

घाउ चोटपटक लागेका, शरीर सुकेका, कुष्ठरोग विशेष (परीसर्प), हातियारले काटेका, आगोले डढेका मानिसका लागि र निरोगी हुन चाहनेका लागि उत्तम हुन्छ । चिल्ला पदार्थ घिउ सर्वोत्तम पदार्थ हुन्छ । योगवाही गुण हुने हुनाले यो अरु कुनै ओखतीमा मिसाउन अति उपयोगी हुन्छ । राम्ररी बनाइएको घिउका अनगिन्ति शक्ति (गुण) हुन्छन् ।

क्षीरोन्मथनसम्भूतनवनीतोद्भवं घृतम् । सङ्ग्राहि तर्पणं शीतं भ्रममूर्च्छाक्षिरोगजित्॥
पित्तास्रपवनश्लेष्मदाहघ्नं सौकुमार्यकृत् ।

दही नजमाई दूधलाई नै मथेर नौनी निकाली तयार पारिने घिउ ग्राहि, तृप्तिदायक, शीतवीर्यको; भ्रम, बेहोसी र आँखाका रोगलाई जित्ने; रक्तपित्त, वातविकार, कफविकार र डाहलाई नाश गर्ने तथा जवानी प्रदान गर्ने गुणको हुन्छ ।

एकवर्षस्थितं प्राह पुराणं भद्रशौनकः॥ दशवर्षस्थितं चान्ये प्रपुराणमतः परम् ।
लाक्षारसाभं विलयेत् कौम्भं तच्छतवत्सरम्॥
एकादशोत्तरशतं कौम्भमित्याह सुश्रुतः । महाघृतमिति प्राहुः परतः कौम्भसर्पिषः॥

आचार्य भद्रशौनकले एक वर्ष भएको घिउलाई "पुराण घृत" भनेका छन् । दश वर्ष पुरानो घिउलाई "प्रपुराण घृत" भनिन्छ । सय वर्ष पुरानो भएपछि घिउ लाहाको रस जसरी पग्लने गर्दछ । यसलाई "कौम्भ" भनिन्छ । सुश्रुतले एक सय एघार वर्ष पुरानो घिउलाई कुम्भ नाम दिएका छन् । कौम्भघृतभन्दा बढी पुरानो घिउलाई "महाघृत" भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

पुराणाज्यं सरं तीक्ष्णं सोष्णं सकटुकं लघु । वीर्योष्णं कटुकं पाके दीपनं छेदि लेखनम्॥
स्रोतोविशोधनं वर्ण्यं व्रणशोधनरोपणम् । गुल्मशोफहरं योनिशिरःकर्णाक्षिरोगनुत्॥
हन्ति दोषज्वरश्वासकासार्शःकुष्ठपीनसान् । अपस्मारग्रहोन्मादमूर्च्छालक्ष्मीविषकृमीन्॥

पुरानो घिउ मलमूत्रलाई तलतिर सार्ने, तिक्खर, केही गर्मीगर्ने, केही पिरो, पचाउन सहज, उष्णवीर्यको, पचेपछि पिरो, दीपनी, छेदनी, लेखनी, स्रोतग्रन्थिलाई सफा गर्ने, वर्णमा निखार लेराउने, घाउखटिरा सफा गर्ने, घाउखटिरा भर्ने, गुल्म र सुजन नाश गर्ने; स्त्री जननेन्द्रिय, टाउको, कान र आँखाका रोग नाश गर्ने; त्रिदोष, जरो, दम, खोकी, हर्सा, कुष्ठ, पिनास, छारेरोग, ग्रहबाधा, पागलपन, बेहोसी, अलक्ष्मी, विषविकार र कीरा नाश गर्ने गुणको हुन्छ ।

पूर्वोक्तांश्चाधिकान् कुर्यात् गुणांस्तदमृतोपमम् ।

माथि बताइएका मध्ये जति जति पुरानो हुन्छ उतिउति घिउ गुनिलो हुन्छ, अमृत समान हुन्छ ।

नस्याक्षिपूरणाभ्यङ्गवस्तिपानैर्यथायथम्॥ एकवर्षस्थितं स्वल्पमभिष्यन्दि त्रिदोषनुत् ।

यस्तो पुरानो घिउ यथायोग्य नस लिन, आँखामा हाल्न, शरीरमा दल्न र पिउन योग्य हुन्छ । एक वर्ष पुरानो घिउ केही अभिष्यन्दि र त्रिदोष नाश गर्ने गुणको हुन्छ ।

परं ततोऽनांभिष्यांन्द क्रमाद्वषचतुष्टयात्॥ पञ्चवर्षास्थितं सांपेः कषायानुरसं मतम् ।
दशवर्षस्थितं प्रायः कटुकानुरसं लघु॥ दशसंवत्सराद्रूध्वमाज्यं युक्तं रसायनम् ।

एक वर्षभन्दा बढी पुरानो घिउ क्रमशः चार वर्षसम्म अनभिष्यन्दि हुन्छ । पाँच वर्ष पुरानो घिउको पछिल्लो स्वाद टर्रो हुन्छ । दश वर्ष पुरानो घिउको पछिल्लो स्वाद प्रायः पिरो हुन्छ । यो पचाउन सहज हुन्छ । दश वर्षभन्दा पुरानो घिउ रसायनकर्ममा प्रयोग गरिन्छ ।

रक्षोघ्नं कौम्भसर्पिः स्याच्छ्रेष्ठं तस्मान्महाघृतम्॥ यथा यथा जरां याति गुणवत्स्यात्तथा तथा ।

कौम्भघृतले राक्षसबाधा नाश गर्दछ । योभन्दा महाघृत उत्तम हुन्छ । जति जति पुरानो हुन्छ त्यति त्यति घिउ गुनिलो हुँदै जान्छ ।

योजयेन्नवमेवाज्यं भोजने तर्पणे श्रमे॥
बलक्षये पाण्डुरोगे कामलानेत्ररोगयोः । राजयक्ष्मणि बाले च वृद्धे पित्तास्रयोगदे॥
सामे गदे विसूच्यां च विबन्धे च मदात्यये । ज्वरे च शमिते वह्नौ न सर्पिर्बहु मन्यते॥

भोजन गर्दा (नित्य प्रयोग), तर्पण गर्दा, थकाइ लाग्दा ताजा घिउ नै प्रयोग गर्नुपर्दछ । बल नाश हुँदा, पाण्डुरोगमा, कमलपित्त हुँदा, आँखाका रोगमा, क्षयरोगमा, बालकले, वृद्धले, रक्तपित्तका रोगमा, आमविकारमा, हैजा लाग्दा, कब्जियत हुँदा, मदात्यय रोगमा, जरो आउँदा र पाचनशक्ति कमजोर हुँदा धेरै घिउ खान हुँदैन ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

घृतवद् घृतमण्डोऽपि रूक्षः सूक्ष्मस्तनुः सरः । वर्ण्यो द्रवो लघुस्तीक्ष्णो दीपनः शुक्रवृद्धिकृत्॥
योनिश्रोत्राक्षिशिरसां शूले नस्यादिना हितः ।

बिलौनीमा पनि घिउकै गुण हुन्छन् । यो रुखो, सूक्ष्म, कमलो, मलमूत्रलाई तलतिर सार्ने, वर्णमा निखार लेराउने, पग्लने, पचाउन सहज, तिक्खर, दीपनी, शुक्रवर्धक तथा स्त्री जननेन्द्रिय, कान, आँखा र टाउको दुख्ने रोगमा अनि नस आदि हाल्न उपयोगी हुन्छ ।

शीते तोये निःक्षिपेच्छीतमाज्यं, पश्चात् सम्यक् घर्षयेत्तत्क्रमेण ।
आश्वेताभं तद् घनान्तं प्रकुर्याद् धौताख्यं तद्दाहमोहज्वरघ्नम्॥

चिसो (सफा एवं स्वच्छ) पानीमा चिसो घिउ हाल्नू । त्यसपछि बिस्तारै घोल्नू । जब पानी र घिउ घोलिएर सेतो र बाक्लो हुन्छ तब यसलाई धौतघृत भनिन्छ । (यसपछि पानी निथारेर प्रयोग गरिने) यस्तो घिउले डाह, मोह र जरो नाश गर्दछ ।

विद्याद् दधिघृतादीनां गुणदोषान् यथा पयः । गव्ये क्षीरघृते श्रेष्ठे निन्दिते चाविसम्भवे॥

दही, घिउ आदिको गुण र दोष दूधको जस्तै हुन्छ । गाईको दूध र घिउका श्रेष्ठ हुन्छ र भेडाको निन्दनीय हुन्छ ।

(च) द्रव्यगुणसङ्ग्रह :

घृतं बुद्ध्यग्निशुक्रौजोमेदःस्मृतिकफावहम् । वातपित्तविषोन्मादशोषालक्ष्मीजरापहम् ॥
स्नेहोत्तमं योगवाहि सर्वथा मधुरं हिमम् ॥

घिउ बुद्धि, पाचक-अग्नि, शुक्र, ओज, बोसो, सम्झना शक्ति र कफविकार बढाउने; वातविकार, पित्तविकार, विषविकार, पागलपन, सुकेनास, अलक्ष्मी र बुढ्यौली नाश गर्ने; चिल्लो पदार्थमध्येमा उत्तम, योगवाहि, सधैं गुलियो र शीतवीर्यको गुण भएको हुन्छ ।

आविकादीनि सर्पींषि बुध्वा स्वक्षीरवद्वदेत् ।

भेडा आदि जनावरको घिउमा तिनको दूधको जस्तै गुण हुन्छ ।

सर्पिः पुराणं त्रिमलप्रतिश्यातिमिरापहम् । मूर्च्छाकुष्ठविषोन्मादग्रहापस्मारनाशनम् ॥

पुरानो घिउ त्रिदोष, पिनास, तिमिर रोग, बेहोसी, कुष्ठ, विषविकार, पागलपन, ग्रहबाधा र छारेरोग नाश गर्ने गुणको हुन्छ ।

क्षीरघृतं तु सङ्ग्राहि तर्पणं नेत्ररोगनुत् ॥

सङ्कलन : मोहन प्रसाद मापकोटा

दूधबाट सोझै निकालिएको घिउ ग्राहि, तृप्तिदायक र आँखाका रोग नाश गर्ने गुणको हुन्छ ।

सर्पिर्मण्डः सरः स्वादुर्योनिश्रोत्रशिरोक्षिजान् । गदाञ्जयति शोथघ्नो रूक्षस्तीक्ष्णस्तनुश्च सः ॥

बिलाउनी मलमूत्रलाई तलतिर सार्ने, स्वादिलो; स्त्री जननेन्द्रिय, कान, टाउका र आँखाका रोगलाई जित्ने; सुजन नाश गर्ने, रुखो, तिक्खर र कोमल हुन्छ ।

(छ) धन्वन्तरि निघण्टु :

घृतमाज्यं हविः सर्पिः पवित्रं नवनीतजम् । अमृतं चाभिधारश्च जीवनीयं प्रकीर्तितम् ॥

घृत, आज्य, हवि, सर्पि, पवित्र, नवनीतज, अमृत, अभिधार र जीवनीय : यी घिउका पर्यायवाची नाम हुन् ।

सर्पिः पुराणं तिमिर श्वासपीनसकासनुत् ॥
मूर्च्छाकुष्ठविषोन्मादग्रहापस्मारनाशनम् । योनिकर्णाक्षिशिरसां शूलघ्नं शोफजित्परम् ॥
हन्ति दोषत्रयं भेदि व्रणशोधनरोपणम् । उग्रगन्धि पुराणं स्याद्दशवर्षोषितं घृतम् ॥
लाक्षारसनिभं शीतं तद्वत्सर्वग्रहापहम् । तद्वच्च घृतमण्डोऽपि रूक्षस्तिक्तस्तनुश्च सः ॥

पुरानो घिउ तिमिर, दम, पिनास, खोकी, बेहोसी, कुष्ठ, विषविकार, पागलपन, ग्रहबाधा र छारेरोग नाश गर्ने; स्त्री जननेन्द्रिय, कान, आँखा र टाउकाको शूल नाश गर्ने; सुजनलाई जित्ने, त्रिदोष नाश गर्ने, भेदनी तथा खटिरा सफा गर्ने र भर्ने गुणको हुन्छ । पुरानो घिउ अत्यधिक गन्ध आउने हुन्छ । दश वर्ष पुरानो घिउ लाहाको रस जस्तो रङ्को हुन्छ । यसले पनि सबै खालका ग्रहदोष नाश गर्दछ । बिलाउनीमा पनि यिनै गुण हुन्छन् । यो रुखो, तितो र कोमल (कतै तुच्छ अर्थ लगाइएको) हुन्छ ।

(ज) **पर्यायरत्नमाला, मदनादि निघण्टु, हृदयदीपक निघण्टु :**

..सर्पिराज्यं घृतं हविः ।

सर्पि, आज्य, घृत र हवि : यी घिउका पर्यायवाची नाम हुन् ।

(झ) **भावप्रकाश निघण्टु :**

घृतमाज्यं हविः सर्पिः कथ्यन्ते तद्गुणा अथ । घृतं रसायनं स्वादु चक्षुष्यं वह्निदीपनम् ॥
शीतवीर्यं विषालक्ष्मीपापपित्तानिलापहम् । अल्पाभिष्यन्दि कान्त्योजस्तेजोलावण्यवृद्धिकृत् ॥
स्वरस्मृतिकरं मेध्यमायुष्यं बलकृद्गुरु । उदावर्त्तज्वरोन्मादशूलानाहव्रणान् हरेत् ॥
स्निग्धं कफकरं रक्षःक्षयवीसर्परक्तनुत् ।

मोहन प्रसाद सापकोटा

घृत, आज्य, हविस् र सर्पिस् : यी घिउका संस्कृत पर्यायवाची नामहरू हुन् । अब त्यसका गुण बताइन्छ । घिउ रसायन (बुढ्यौली आउन नदिने वा बूढालाई तन्नेरी गराउने ओखती वा गुण । जुन औषधीले शरीरको बुढ्यौली (सत्तरी वर्ष पछि) मा हुने रोग र (सबै उमेरका) जरो आदि रोगलाई निको पार्दछ त्यसलाई वा त्यस्तो गुणलाई "रसायन" भनिन्छ ।) , स्वादिलो, आँखाका लागि लाभदायक, जठराग्नि वर्धक (जुन औषधीले आम (खाएको कुरा पचेर बनेको रस) लाई पचाउँदैन तर पाचकाग्निलाई बाल्दछ त्यस्ता औषधीलाई "दीपन" भनिन्छ), ठण्डी गर्ने तथा विषविकार, दरिद्रता, पाप, पित्तविकार र वातविकार नाशक हुन्छ । यो थोरै अभिष्यन्दि (थलथले गुणले गरुङ्गोपनबाट रस निकाल्ने चौबीस थरी शिरा नामका नसाहरू थुनेर शरीरलाई भारी (गरुङ्गो) बनाउने द्रव्यलाई अभिष्यन्दी द्रव्य भनिन्छ) तथा कान्ति, ओज, तेज र लावण्य वर्धक हुन्छ । यसले स्वरलाई स्वच्छ पार्दछ तथा सम्झना शक्ति, दिमागको ग्रहण गर्ने क्षमता र आयुलाई बढाउँदछ । यसले बल दिन्छ । यो पचाउन कठिन हुन्छ । घिउले उदावर्त (अपानवायु माथितिर सरी मलमूत्रलाई पनि माथिमाथि तान्ने पेटको रोग । अपानवायु, दिसा, पिसाब, हाई आँसु, हाच्छिउँ, डकार, बान्ता, शुक्र, भोक, तिर्खा, निःश्वास र निद्रा आउन लाग्दा जबरजस्ती रोक्ने गरे यो रोग लाग्दछ । रोग लागिसकेपछि दिसा, पिसा र अपानवायु बन्द हुन्छ । पेट कराउने गर्दछ । शरीर कमजोर भई दुख्न थाल्दछ ।), , जरो, उन्माद (पागलपन, कडा रिस, मानसिक रोग) , शूल ((क) टाउको, हात, गोडा आदि कुनै पनि अङ्गमा हुने ज्यादा दुखाइ । (ख) वायुप्रकोपले हुने पेटको ज्यादा दुखाइ । (ग) वातरोग । गानु, गानो, गानुगोला, गोला ।), आनाह (पचेर अथवा नपची दूषित भएको मलमूत्र पेटमा रोकिएर हुने रोग) र घाउखटिरा नाश गर्दछ । यो चिल्लो हुन्छ । यसले कफविकार बढाउँदछ । यसले राक्षसबाधा, क्षयरोग, वीसर्प (शरीरमा ससाना फोका उठी जरो आउने छालाको एक रोग । सुके लुतो ।) र रक्तविकार हटाउँदछ ।

घृतं दुग्धभवं ग्राहि शीतलं नेत्ररोगहृत् । निहन्ति पित्तदाहास्रमदमूर्च्छाभ्रमानिलान् ॥

दूधबाट निकालिएको घिउ ग्राहि, शीतल गर्ने तथा आँखाका रोग, पित्तविकार, डाह, रक्तविकार, नसा, बेहोसी, भ्रम र वातविकार नाशक हुन्छ ।

हविर्ह्यस्तनदुग्धोत्थं तत्स्याद्धैयङ्गवीनकम् । हैयङ्गवीनं चक्षुष्यं दीपनं रुचिकृत्परम् ॥
बलकृद् बृंहणं वृष्यं विशेषाज्ज्वरनाशनम् ।

एक दिनको बासी दूधबाट निकालिएको घिउलाई 'हैयङ्गवीन' भनिन्छ । यो घिउ आँखाका लागि हितकर, दीपन र अति नै रुचिकवर्धक हुन्छ । यसले बल दिन्छ । यो पौष्टिक हुन्छ र विशेषगरी यसले जरो नाश गर्दछ ।

वर्षादूर्ध्वं भवेदाज्यं पुराणं तत् त्रिदोषनुत् ॥ मूर्च्छाकुष्ठविषोन्मादापस्मारतिमिरापहम् ।
यथा यथाऽखिलं सर्पिः पुराणमधिकं भवेत् ॥ तथा तथा गुणैः स्वैः स्वैरधिकं तदुदाहृतम् ।

एक वर्ष पुरानो घिउले त्रिदोष, बेहासी, कुष्ठ, विषविकार, उन्माद, छारेरोग र तिमिर रोग नाश गर्दछ माथि बताइएका घिउहरू जति जति पुरानो हुँदै जान्छन् त्यति त्यति गुनिला हुँदै जान्छन् ।

योजयेन्नवमेवाज्यं भोजने तर्पणे श्रमे ॥ बलक्षये पाण्डुरोगे कामलानेत्ररोगयोः ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

भोजन गर्दा, तर्पणमा (तृप्तिका लागि खाँदा), थकित हुँदा, बल कम हुँदा, पाण्डुरोगमा, कमलपित्तमा र आँखाका रोगमा नयाँ वा ताजा घिउ नै प्रयोग गर्नु पर्दछ ।

राजयक्ष्मणि बाले च वृद्धे श्लेष्मकृते गदे ॥
रोगे सोमे विषूच्याञ्च विबन्धे च मदात्यये । ज्वरे च दहने मन्दे न सर्पिर्बहु मन्यते ॥

क्षयरोगमा, बालकका लागि, वृद्धका लागि, कफजन्य रोग हुँदा, आमजन्य रोग हुँदा, हैजा लाग्दा, दिसा गोटा पर्दा, मदात्ययमा, जरो आउँदा र पाचनशक्ति कमजोर हुँदा धेरै घिउ खानु फाइदाजनक हुँदैन ।

घृतमब्दात्परं पक्वं हीनवीर्यं प्रजायते ॥

एक वर्षभन्दा बढी भएको पुरानो घिउ पकाउँदा वीर्यहीन हुन्छ ।

(ञ) मदनपाल निघण्टु :

घृतमाज्यं हविः सर्पिराघारममृताह्वयम् । घृतं रसायनं स्वादु चक्षुष्यं गुरु दीपनम् ॥

घृत, आज्य, हविं, सर्पि, आघार र अमृताह्वय : यी घिउका संस्कृत पर्यायवाची नामहरू हुन् । घिउ रसायनी, स्वादिलो, आँखाका लागि हितकर, पचाउन कठिन र दीपनी हुन्छ ।

शीतवीर्यं विषालक्ष्मीवातपित्तानिलापहम् । अत्यभिष्यन्दि कान्त्योजस्तेजोलावण्यबुद्धिकृत् ॥

घिउ शीतवीर्यको हुन्छ । यसले विषविकार, दरिद्रता, वातविकार र पित्तविकार नाश गर्दछ । यो अति नै अभिष्यन्दि हुन्छ । यसले सौन्दर्य, तेज, भलाद्मिपन र बुद्धि प्रदान गर्दछ ।

उदावर्तज्वरोन्मादशूलानाहव्रणाञ्जयेत् । स्निग्धं कफप्रदं रूक्षं क्षयवीसर्परक्तजित् ॥

घिउले उदावर्त, जरो, उन्माद, शूल, आनाह र घाउखटिरालाई जित्दछ । यो चिल्लो, कफविकार गराउने, रुखो तथा क्षयरोग र विसर्पलाई जित्ने गुणको हुन्छ ।

स्वर्यं क्षतहरं प्रायः शस्यते बालवृद्धयोः । घृतं क्षीरभवं ग्राहि शीतलं नेत्ररोगजित् ॥

घिउ स्वरका लागि फाइदाजनक हुन्छ । यसले घाउखटिरा नाश गर्दछ । यो बालक र वृद्धका लागि विशेषरूपले हितकारी हुन्छ । दूधबाट सोझै निकालिएको घिउ ग्राहि, शीतलता प्रदायक र आँखाका रोगलाई जित्ने गुणको हुन्छ ।

निहन्ति पित्तदाहास्रमदमूर्च्छाभ्रमानिलान् । पुराणंकटुकं पाके सर्पिर्दोषत्रयापहम् ॥

सङ्कलन : मोहन प्रसाद सापकोटा

घिउले पित्तविकार, डाह, रक्तविकार, नसा, बेहोसी, भ्रम र वातविकार नाश गर्दछ । पुरानो घिउ पचेपछि पिरो हुन्छ । यसले त्रिदोष नाश गर्दछ ।

श्रोत्रनेत्रशिरःशूलकुष्ठापस्मारशोथजित् । योनिरोगज्वरश्वासकुष्ठार्शोगुल्मपीनसान् ॥

कानका रोग, आँखाका रोग, टाउको दुख्ने रोग, कुष्ठरोग, छारेरोग र सुजनलाई घिउले जित्दछ । यसले योनिका रोग, जरो, दम, कुष्ठ, अल्काई, गुल्म र पिनासलाई नाश गर्दछ ।

निहन्ति दीपनं बस्तिनस्यपूर्त्तिषु शस्यते । घृतमण्डोऽपि घृतवद्गुणैस्तीक्ष्णो लघुः सरः ॥

यो दीपनी तथा नस हाल्न र वस्तिकर्ममा उपयोगी हुन्छ । घृतमण्ड (सफा र पग्लिएको घिउ, भैषज्य रत्नावली, श्री गोविन्द दास वीरचिता) मा पनि घिउकै जस्ता गुण हुन्छन् । यो तिक्खर, पचाउन सहज र मलमूत्रलाई तलतिर सार्ने गुणको हुन्छ ।

दशवर्षात्परं सर्पिः कौम्भमित्यभिधीयते । रक्षोघ्नं लघु तस्मात्तु गुणैः श्रेष्ठं महाघृतम् ॥

दश वर्ष पुरानो घिउलाई “कौम्भ” भनिन्छ । यसले राक्षस दोष नाश गर्दछ । यो पचाउन सहज हुन्छ । यो भन्दापनि श्रेष्ठ एक सय एघार वर्ष पुरानो “महाघृत” हुन्छ । चरकले सय वर्ष पुरानो घिउलाई नासाध्य भनेका छन् र यो घिउ हेर्नाले वा सुँघ्नाले मात्र पनि सबै खालका ग्रहदोष र छारेरोग

नाश हुन्छ भनेका छन् ।

जमेको घिउ (तस्बिर श्रोत : पेयर डी अमरकोश)

घृतस्य गुणदोषौ तु क्षीरतुल्यौ समादिशेत् ।

घिउका गुण र दोष दूध समान हुन्छ ।

घृतमब्दात्परं पक्वं हीनवीर्यं प्रजायते ।

तताइएको घिउ एक वर्षपछि शक्तिहीन हुन्छ ।

घृतपाचितभक्ष्यास्तु बल्याः पित्तकफापहाः ॥

घिउमा पकाइएका खानेकुरा बलदायक तथा पित्तविकार र कफविकार नाशक हुन्छन् ।

...मांसादष्टगुणं घृतम् ॥

मासुभन्दा घिउ आठगुना बलदायक हुन्छ ।

(ट) माधवद्रव्यगुण :

सङ्कलन : मोहन प्रसाद सापकोटा

स्मृतिबुद्ध्यग्निशुक्रौजःकफमेदोविवर्धनम् । वातपित्तकफोन्मादशोषालक्ष्मीज्वरापहम् ॥
सर्वस्नेहोत्तमं शीतं मधुरं रसपाकयोः । सहस्रवीर्यं विधिवद् घृतं कर्मसहस्रकृत् ॥
विपाके मधुरं वृष्यं वातपित्तकफापहम् ।

घिउ सम्झना शक्ति, बुद्धि, पाचक-अग्नि, शुक्र, ओज, कफ र बोसो बढाउने; वातविकार, पित्तविकार, कफविकार (?), पागलपन, सुकेनास, खलक्ष्मी र जरो नाश गर्ने; सबै खालका चिल्लो पदार्थमा उत्तम, शीतवीर्यको, शुरुमा र पचेपछि गुलियो तथा विधिपूर्वक तयार पार्दा हजारौं शक्ति दिने र हजारौं काम गर्ने गुणको हुन्छ ।

तर्पणं नेत्ररोगघ्नं दाहनुत् पयसो घृतम् ।

दूधबाट सोझै निकालिएको घिउ तृप्तिदायक, आँखाका रोग नाश गर्ने, र डाह नाश गर्ने गुणको हुन्छ ।

सर्पिः पुराणं तिमिरप्रतिश्यायश्वासकासनुत् ॥ मूर्च्छाकुष्ठविषोन्मादग्रहापस्मारनाशनम् ।
योनिकर्णाक्षिशिरसां शूलघ्नं शोकजित् परम् ॥ हन्ति दोषत्रयं भेदि व्रणशोधनरोपणम् ।

पुरानो घिउ तिमिर रोग, पिनास, दम, खोकी, बेहोसी, कुष्ठ, विषविकार, पागलपन, ग्रहबाधा, छारेरोग;

स्त्री जननेन्द्रिय, कान, आँखा र टाउको दुख्ने रोग तथा शोक र त्रिदोष नाश गर्ने गुणको हुन्छ । यो भेदनी र घाउखटिरा सफा गर्ने एवं भर्ने गुणको पनि हुन्छ ।

तद्वच्च घृतमण्डोऽपि रूक्षस्तीक्ष्णस्तनुस्तु सः॥

यिनै गुण बिलाउनीमा पनि हुन्छन् । यो रुखो, तिक्खर र कोमल हुन्छ ।

(ठ) **राज निघण्टु :**

घृतमाज्यं हविः सर्पिः पवित्रं नवनीतजम् । अमृतं चाभिघारश्च होम्यमायुश्च तैजसम्॥

घृत, आज्य, हवि, सर्पि, पवित्र, नवनीतज, अमृत, अभिघार, होम्य, आयु र तैजस : यी घिउका संस्कृत पर्यायवाची नामहरू हुन् ।

मदापस्मारमूर्च्छादिशिरःकर्णाक्षिजा रुजः । सर्पिः पुराणं जयति व्रणशोधनरोपणम्॥

नसा लाग्ने, छारेरोग, बेहोसीपन आदि जस्ता टाउको, कान र आँखाका रोगमा पुरानो घिउ उपयोगी हुन्छ । यो घिउले घाउखटिरा सफा गर्ने र भर्ने काम गर्दछ ।

आयुर्वृद्धिं वपुषि दृढतां सौकुमार्यं च कान्तिं बुद्धिं धत्ते स्मृतिबलकरं शीतविध्वंसनं च ।
पथ्यं बाल्ये वयसि तरुणे वार्धके चातिबल्यं नान्यत्किञ्चिज्जगति गुणदं सर्पिषः पथ्यमस्ति॥

घिउ आयुवर्धक; शरीरलाई बलियो, सुकुमार र चम्किलो बनाउने; बुद्धि प्रदायक, सम्झना शक्ति र बल दिने, चिसो हटाउने र पथ्य गुणको हुन्छ । वालक, जवान र बृद्धलाई पनि यसले अति नै तागत दिन्छ । घिउ जस्तो गुनिलो र पथ्य संसारमा अरु केही छैन ।

(ड) **राजवल्लभ निघण्टु :**

घृतं बुद्ध्यग्निशुक्रौजोमेधास्मृतिकफावहम् । वातपित्तविषोन्मादशोथालक्ष्मीज्वरापहम्॥
स्नेहोत्तमं योगवाहि सर्वथा मधुरं हिमम्॥

घिउले बुद्धि, पेटको अग्नि, शुक्र, ओज, दिमागको ग्रहण गर्ने क्षमता, सम्झना शक्ति र कफविकार बढाउँदछ । यसले वातविकार, पित्तविकार, विषविकार, पागलपन, सुजन, अलक्ष्मी र जरो नाश गर्दछ । चिल्लो पदार्थमध्येमा घिउ उत्तम हुन्छ । यो योगवाहि, सधैं मिठो र शीतवीर्यको हुन्छ ।

उग्रगन्धं पुराणं स्याद्दशवर्षस्थितं घृतम् । लाक्षारसनिभं शीतं प्रपुराणमतःपरम्॥
यथा यथा भवेज्जीर्णं गुणवत्स्यात्तथा परम्॥

कडा गन्ध आउने दश वर्ष अघिको घिउलाई पुरानो घिउ भनिन्छ । लाहाको झोलजस्तो रङको र

शीतल यसभन्दा पुरानो घिउलाई अति पुरानो घिउ भनिन्छ । घिउ जति जति पुरानो हुन्छ उति उति बढी गुनिलो हुन्छ ।

(ढ) **शालिग्राम निघण्टु :**

घृतमाज्यं हविः सर्पिः पुरोडाश्नवनीतजम् । पवित्रं वह्निभोग्यं च तैजसं चाभिधारकम् ॥

घृत, आज्य, हवि, सर्पि, पुरोडाश, नवनीतज, पवित्र, वह्निभोग्य, तैजस र अभिधारक : यी घिउका पर्यायवाची नाम हुन् ।

घृतं शीतं रसे पाके मधुरं जीवनं मतम् । स्नेहेषु चोत्तमं वृष्यं कान्तिकृद्धातुवर्द्धकम् ॥

घिउ शीतवीर्यको, शुरुमा र पचेपछि गुलियो, जीवनदायक, चिल्लोमा उत्तम, वीर्यवर्धक, कान्तिदायक र धातुवर्धक हुन्छ ।

कण्ठ्यं स्वर्य्यं चेन्द्रियाणांतृप्तिकृद्भेदकं मतम् । व्रण्यं वयःस्थापकं च भेदकं च मृदुस्मृतम् ॥

यो घाँटी र स्वरका लागि हितकर,इन्द्रियलाई तृप्त पार्ने, भेदनी, खटिरा आउँदा हितकर, उमेर संस्थापक, भेदनी र कोमल हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

चक्षुक्ष्यं कफकृत्प्रोक्तमग्निदीप्तिकरं गुरु । बुद्धिमेधास्मृतिप्रज्ञातेजौजोबलपुष्टिकृत् ॥

घिउ आँखाका लागि हितकर, कफविकार गर्ने, पाचक-अग्निलाई बाल्ने, पचाउन कठिन तथा बुद्धि, दिमागको ग्रहण गर्ने क्षमता, सम्झना शक्ति, ज्ञान, तेज, ओज र बललाई पुष्ट पार्ने गुणको हुन्छ ।

सौकुमार्यस्य मेदस्य लावण्यस्य च वर्द्धकम् । श्लेष्मकृद् बालवृद्धानांहितकृद्रुचिदं मतम् ॥

यसले यौवन, बोसो र असलपन बढाउँदछ; कफविकार गर्दछ, बालक एवं वृद्धको हित गर्दछ तथा रुचि जगाउँदछ ।

स्निग्धं रसायनं चैव क्षतक्षीणे हितं मतम् । विसर्पं चाग्निदग्धं च शस्त्रक्षीणेहितं मतम् ॥

घिउ चिल्लो, रसायनी, घाउचोटपटक र दुब्लोपनमा हितकर तथा विसर्प, आगोले पोल्दा, हतियारले घाउ बनाउँदा पनि हितकर हुन्छ ।

अजीर्णोन्मादशूलानि ह्युदावर्तं क्षयं तथा । आनाहं रक्तपित्तं च वातपित्तं व्रणं तथा ॥
रक्तदोषं क्षतं दाहं योनिनेत्रश्रुतीरुजम् । दद्रु शिरोरुजं शोथं त्रिदोषञ्चैव नाशयेत् ॥

यो अजीर्ण, पागलपन, शूल, उदावर्त रोग, क्षयरोग, आनाह, रक्तपित्त, वातपित्त, खटिरा, रक्तविकार,

चोटपटक, डाह, स्त्री जननेन्द्रियका रोग, आँखाका रोग, कानका रोग, दाद, टाउकाका रोग, सुजन र त्रिदोष नाश गर्ने गुणको हुन्छ ।

निरामवातज्वरिणां हितं चामेविषोपमम् ।

आमवातजन्य बाहेकका जरोमा हितकर र आमवातमा विष समान हुन्छ ।

ओजस्तेजोभिवृद्धिं जनयति सुखदं कान्तिकृत्सम्यगुक्तं
पाप्मालक्ष्मीश्रमघ्नं श्वसनकसनहाऽजीर्णजातज्वरघ्नम् ।
शूलोदावर्तरोगग्रहणिमदरुजं विनाशत्याशुपीडां
पित्तघ्नं वातनाशिस्वरकरमगदं क्षुद्भ्रमे चैव सेव्यम् ॥
चक्षुष्यं वृष्यमायुः स्मृतिधृतिकरणं राजयक्ष्माविनाशं
रूक्षे क्षीणे च पथ्यं वलिपलितहरं सामदोषे प्रकोपे ।
भूतोन्मादप्रमत्ते बहुतिमिरकरे कृच्छ्रपस्माररोगे
सर्वेषां सर्वदैव प्रथितगुणगणं साधु पथ्यं घृतं स्यात् ॥

घिउ ओज र तेज बढाउने, सुख उत्पन्न गर्ने, कान्तिदायक; पाप, अलक्ष्मी र थकाई नाश गर्ने; दम, खोकी, अजीर्णजन्य जरो, शूल, उदावर्त, ग्रहणि, मदात्यय, पीडा, पित्तविकार र वातविकार नाश गर्ने; स्वर खुलाउने, भोक र भ्रम हुँदा खान योग्य; आँखाका लागि हितकर; वीर्य, आयु, सम्झनाशक्ति र धैर्य दिने; क्षयरोग नाश गर्ने; रुखोपन र दुब्लाउँदा पनि पथ्य; कपाल फुल्ने र छाला चाउरी पर्ने समस्या नाश गर्ने; आमविकार, भूतबाधाजन्य उन्माद, पागलपन, गढेको तिमिर रोग, कृच्छ्र र छारेरोग आदि सबैमा सबैलाई सधैं गुणको खानी भएको घिउ पथ्य हुने गर्दछ ।

(ण) सरस्वती निघण्टु :

घृतमाज्यं हविः सर्पी रशाणः स्नेहमिष्यते ।

घृत, आज्य, हवि, सर्पी, रशाण र स्नेह : यी घिउका पर्यायवाची नाम हुन् ।

(त) सुश्रुत संहिता :

घृतं तु मधुरं सौम्यं मृदुशीतवीर्यमनभिष्यन्दिस्नेहनमुदावर्तोन्मादापस्मार-
शूलज्वरानाहवातपित्तप्रशमनमग्निदीपनं स्मृतिमतिमेधाकान्तिस्वरलावण्य-
सौकुमार्योजस्तेजोबलकरमायुष्यं वृष्यं मेध्यं वयःस्थापनं गुरु चक्षुष्यं
श्लेष्माभिवर्धनं पाप्मालक्ष्मीप्रशमनं विषहरं रक्षोघ्नं च ॥

(सामान्यतया) घिउ गुलियो, सुन्दर, कोमल, शीतवीर्यको, अनभिष्यन्दि, शरीरमा चिल्लोपन प्रदान गर्ने वा स्नेहनका लागि उपयोगी; उदावर्त, पागलपन, छारेरोग, शूल, जरो, आनाह, वातविकार र पित्तविकारलाई शानत पार्ने; जठराग्निलाई बाल्ने; सम्झना शक्ति, बुद्धि, दिमागको ग्रहण गर्ने क्षमता,

कान्ति, स्वर, लावण्य, सुकुमारता, ओज, तेज र बल दिने; आयु बढाउने, वीर्यवर्धक, होम हाल्न उपयोगी वा पवित्र, उमेरलाई स्थिर राख्ने, पचाउन कठिन, आँखाका लागि हितकर, कफ बढाउने, पाप र अलक्ष्मीलाई शान्त पार्ने तथा विषविकार र राक्षसबाधालाई नाश गर्ने गुणको हुन्छ ।

क्षीरघृतं पुनः संग्राहि रक्तपित्तभ्रममूर्च्छाप्रशमनं नेत्ररोगहितं च॥

काँचो दूधको (वा दूधबाट सोझै निकालिने) घिउ ग्राही तथा रक्तपित्त, भ्रम र बेहोसीलाई शान्त पार्ने एवं आँखाका रोगलाई फाइदा गर्ने गुणको हुन्छ ।

सर्पिर्मण्डस्तु मधुरः सरो योनिश्रोत्राक्षिशिरसां शूलघ्नो बस्तिनस्याक्षिपूरणेषूपदिश्यते॥

जमेको घिउको माथितिर हुने पातलो घिउ (सर्पिमण्ड) गुलियो, मलमूत्रलाई तलतिर सार्ने; स्त्री जननेन्द्रिय, कान, आँखा र टाउकाको शूल नाश गर्ने तथा मूत्राशय सफा गर्न, नस हाल्न र आँखाका हाल्न प्रयोग गर्नुपर्दछ ।

सर्पिः पुराणं सरं कटुविपाकं त्रिदोषापहं
मूर्च्छामदोन्मादोदरज्वरगरशोषापस्मारयोनिश्रोत्राक्षिशिरः
शूलघ्नं दीपनं बस्तिनस्यपूरणेषूपदिश्यते॥

पुरानो घिउ मलमूत्रलाई तलतिर सार्ने, पचेपछि पिरो; त्रिदोष, बेहोसी, मदात्यय, पागलपन, जरो, गरविषविकार, सुकेनास, छारेरोग, स्त्री जननेन्द्रियको शूल, कानको शूल, आँखाको शूल र टाउकाको शूल नाश गर्ने तथा दीपनी गुणको हुन्छ । यो मूत्राशय सफा गर्न, नस हाल्न र आँखाका हाल्न उपयोगी हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

भवति चात्र-
पुराणं तिमिरश्वासपीनसज्वरकासनुत् ।
मूर्च्छाकुष्ठविषोन्मादग्रहापस्मारनाशनम्॥
एकादशशतं चैव वत्सरानुषितं घृतम् ।
रक्षोघ्नं कुम्भसर्पिः स्यात् परतस्तु महाघृतम्॥
पेयं महाघृतं भूतैः कफघ्नं पवनाधिकैः ।
बल्यं पवित्रं मेध्यं च विशेषात्तिमिरापहम्॥
सर्वभूतहरं चैव घृतमेतत् प्रशस्यते॥

पुरानो घिउ तिमिररोग, दम, पिनास, जरो, खोकी, बेहोसी, कुष्ठ, विषविकार, पागलपन, ग्रहबाधा र छारेरोग नाश गर्ने गुणको हुन्छ । एघारदेखि सयवर्षसम्म (कसैले एक सय एघार वर्ष पुरानो अर्थ लगाएका छन्) पुरानो घिउलाई “कुम्भसर्पि” भनिन्छ । यसले राक्षसबाधा नाश गर्दछ । त्योभन्दा पुरानो घिउलाई “महाघृत” भनिन्छ । यो वातप्रकृतिका मानिसका लागि पिउन योग्य, कफविकार नाश गर्ने, बलदायक, पवित्र, दिमागको ग्रहण गर्ने क्षमता बढाउने, विशेषतः तिमिर रोग नाश गर्ने तथा सबैखालका भूतबाधा नाश गर्ने गुणको हुन्छ । यसैले यो घिउ अति उपयोगी हुन्छ ।

(थ) सोढल निघण्टु :

घृते चाज्यं हविः सर्पिः पवित्रं नवनीतजम् । देवप्रियं भोजनार्हं जीवनं चाभिधारकम्॥

घृत, आज्य, हवि, सर्पि, पवित्र, नवनीतज, देवप्रिय, भोजनार्ह, जीवन र अभिधारक : यी घिउका पर्यायवाची नाम हुन् ।

(द) हारीत संहिता :

वृद्धिं करोति चास्थ्नां वै तत्प्रोक्तं च विषापहम् । तर्पणं नेत्ररोगघ्नं दाहनुत्पयसो घृतम्॥

दूधबाट (दही नजमाईकन) सोझै निकालिएको घिउले मानिसलाई तृप्त गर्दछ, आँखाका रोग नाश गर्दछ, हाड बढाउँदछ र विषको असर नाश गर्दछ तर यसले डाह पनि गराउँदछ ।

सर्पिर्जीर्णं तच्च सन्धुक्षणे च मूर्च्छाकुष्ठोन्मादकर्णाक्षिशूले ।
शोफार्शसोर्योनिदोषे व्रणेषु शस्तं सर्पिर्जीर्णमेवं नृणां स्यात्॥

पुरानो घिउले जठराग्निलाई बाल्दछ । मानिसका बेहोस हुने रोग, कुष्ठरोग, उन्माद, कानको शूल, आँखाको शूल, शरीर सुन्निने रोग, अल्काई र योनिदोष निको पार्दछ भने घाउका लागि पनि यस्तो घिउ हितकारी हुने गर्दछ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

बलक्षये तर्पणभोजनेषु श्रमे च पित्तासृजि रेणुयुक्ते ।
नेत्रामये कामलपाण्डुरोगे सर्पिःक्षये योग्यतमं प्रदिष्टम्॥

बल घट्दा, शरीरका धातुलाई बढाउनु पर्दा, खाना खाँदा, परिश्रम गर्दा, पित्तरक्तमा, कसिंगर परेर हुने आँखाका रोगमा, कमलपित्तमा, पाण्डुरोगमा र क्षयरोगमा वैद्यहरू घिउलाई उत्तम (औषधी वा मिश्रण) मान्दछन् ।

ज्वरे विबन्धेषु विषूचिकायामरोचके वा शमिते तथाग्नौ ।
पानात्यये वापि मदात्यये वा शस्तं न सर्पिः सुधियो वदन्ति॥

जरो आउँदा, दिसा गोटा पर्दा, हैजा लाग्दा, खान मन नलागेका बेलामा, पाचन शक्ति कमजोर भएका अवस्थामा, तिर्खारोगमा र मदात्ययमा वैद्यहरू घिउलाई राम्रो मान्दैनन् ।

नोट : पुराणघृत, कौम्भ र महाघृतका सम्बन्धमा मतभिन्नता पाइन्छ । तर जति पुरानो भयो घिउ त्यति उपयोगी हुन्छ भन्ने कुरामा समान धारणा पाइन्छ ।

घृतपुर (घेवर)
(A type of sweet)

परिभाषा :

(क) के.यन.स्वामी (घृतपुर) : घेवर (मिठाइविशेष) ।
(ख) नेपाली बृहत् शब्दकोश (घेवर) : चामलको पीठो वा गहुँको मैदामा घिउ वा नौनी फिटेर घिउमै पकाइने, एक प्रकारको रोटी; घिउरोटी ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) आयुर्वेद महोदधि :

घृतपूरं बलकरं वृष्यं मधुरशीतलम् । हन्ति वातं रक्तपित्तं श्लेष्मलं च विशेषतः ॥

घेवर नामक मिठाइ बलदायक, वीर्यवर्धक, मिठो र शीतल गर्ने हुन्छ । यसले वातविकार र पित्तविकार शान्त पार्दछ तर कफविकार अत्यधिक बढाउँदछ ।

(ख) कैयदेव निघण्टु :

घेवर, तस्विर स्रोत : AGRONFOODPROCESSING.COM

मर्दिता समिता क्षीरे नारिकेलसितादिभिः ।
अवगाह्य घृते पक्वो घृतपूरोऽयमुत्तमः ॥
घृतपूराः प्राणकराः सद्योहृद्याः कफप्रदाः ।
वातपित्तहरा वृष्या गुरवो मांसरक्तलाः ॥
सम्बृंहणाः स्वादुरसाः क्षतक्षयनिवारणाः ।

मैदामा दूध, नरिवल र चिनी मिसाएर मोली घिउमा डुबाएर पकाउनाले घेवर नामक उत्तम मिठाइ तयार हुन्छ । यो जीवनदायी, तुरुन्त मुटुलाई हित गर्ने, कफविकार गर्ने, वातविकार र पित्तविकार नाश गर्ने, वीर्यवर्धक, पचाउन कठिन, मासु र रगत बढाउने, पौष्टिक, गुलियो तथा चोटपटक र क्षयरोग नाश गर्ने गुणको हुन्छ ।

(ग) द्रव्यगुणसङ्ग्रह :

घृतपूराः प्राणकरा हृद्याः श्लेष्मविवर्धनाः ।
वातपित्तहरा वृष्या गुरवो मांसशुक्रलाः ॥

घेवर प्राणदायक, मुटुका लागि हितकर, कफविकार बढाउने, वातविकार र पित्तविकार नाश गर्ने, वीर्यवर्धक, पचाउन कठिन तथा मासु र शुक्र बढाउने गुणको हुन्छ ।

(घ) मदनपाल निघण्टु :

विचार्यान्नगुणान्भक्ष्यानन्यानपि विनिर्दिशेत् । क्षीरेण मर्दितं चूर्णं गोधूमानां सुगालितम् ॥
विस्तार्य सर्पिषा युक्तं ततः श्वेताविमिश्रितम् । घृतपूरोऽयमुद्दिष्टः कर्पूरमरिचान्वितः ॥

अन्नको गुणदोष विचार गरी अन्य अनेक थरी खानेकुरा बनाउन सिकाउनू । गहुँको पिठोलाई छानी दूध हालेर बेस्सरी माड्नू अनि घिउ हालेर बेली घिउमै पकाउनू र पछि चिनी, कपूर र मरिचको धूलो हाल्नू । यसलाई घेवर भनिन्छ ।

समितो मर्दितः क्षीरनारिकेलसितादिभिः । अवगाह्य घृते पक्वे घृतपूरोऽपरः स्मृतः ॥

मैदामा दूध, नरिवलको धूलो र चिनी मिसाएर मोली घिउमा डुबाएर पकाउनाले अर्को थरी घेवर बन्दछ ।

घृतपूरो गुरुर्वृष्यो हृद्यः पित्तानिलापहः । सद्यः प्राणप्रदो बल्यः क्षतजिद् बृंहणः परः ॥

घेवर पचाउन कठिन, वीर्यवर्धक, मुटुका लागि हितकर तथा पित्तविकार र वातविकार नाशक हुन्छ । यसले तुरुन्त प्राण दिन्छ । यो बलदायक हुन्छ । यसले चोटपटकलाई जित्दछ र अति नै पौष्टिक हुन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ङ) माधव द्रव्यगुण :

सद्यः प्राणकराः हृद्याः घृतपूराः कफावहाः । वातपित्तहरा वृष्या गुरवो रक्तमांसलाः ॥

घेवर शीघ्र प्राणदायक, मुटुका लागि हितकर, कफविकार बढाउने, वातविकार र पित्तविकार नाश गर्ने, वीर्यवर्धक, पचाउन कठिन तथा रगत र मासु बढाउने गुणको हुन्छ ।

(च) राजवल्लभ निघण्टु :

मर्दितां समितां क्षीरनारिकेलसितादिभिः । अवगाह्ये घृते पक्वा घृतपूरोऽयमुच्यते ॥

गहुँको पिठो (मैदा) मा दूध, नरिवल, चिनी आदि हालेर मुछी घिउमा डुबाएर पकाइने परिकारलाई घृतपूर (घेवर) भनिन्छ ।

घृतपूरो गुरुर्वृष्यः कफकृद्रक्तमांसदः । वातपित्तहरो हृद्यः स्वादुः प्राणकरोऽग्निदः ॥

घेवर पचाउन कठिन, वीर्यवर्धक, कफविकार गर्ने, रगत र मासु बढाउने, वातविकार र पित्तविकार नाशगर्ने, मुटुका लागि हितकर, स्वादिलो, आयु वर्धक र पाचनशक्ति बढाउने गुणको हुन्छ ।

घृष्टव्रण (दरफऱ्याइ)
(Abrasion)

परिभाषा :

(क) नेपाली बृहत् शब्दकोश : (१) दरफर : लड्नाले वा अन्य कुनै कारणले शरीरको अङ्ग कोतरिएर; कोपरिने वा कोरिने गरी; दरखर । पाछिने वा खुइलिने चालसँग । (२) दरफरिनु : दरपर हुनु; कोतरिनु; कोरिनु; कोपरिनु । पाछिनु; खुइलिनु । (३) दरफऱ्याइ : दरफरिने वा दरफऱ्याउने क्रियाप्रक्रिया । (४) दरफऱ्याइनु : दरफर पारिनु; कोपरिनु; कोरिनु; कोतरिनु । (५) दरफऱ्याउनु : दरखऱ्याउनु; तछार्नु; पाछ्नु ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) माधव निदान :

घर्षणादभिघाताद्वा यदङ्गं विगतत्वचम् । उषासावान्वितं तच्च घृष्टमित्यभिधीयते ॥

कुनै वस्तु रगडिएर वा कुनै चोटपटकले शरीरको छाला खुइलेर त्यसबाट तात्तातो तरल पदार्थ निस्कन्छ भने त्यसलाई घृष्ट व्रण भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

(ख) सुश्रुत संहिता :

विगतत्वग्यदङ्गं हि संघर्षादन्यथाऽपि वा ॥ उषास्रावान्वितं तत्तु घृष्टमित्युपदिश्यते ।

रगडिएर वा अन्य कुनै कारणले शरीरका कुनै अङ्गको छाला खुइलिएर त्यस ठाउँमा डाह हुने र पानी आदि बहने गर्दछ भने त्यसलाई “घृष्टव्रण” भनिन्छ ।

घोण्टा (हाडे बयर)
(Jujab)

परिभाषा :

(क) डा.सतिश चन्द्र साङ्खधर : देशभर अनेक थरीका बोटलाई यो नाममा प्रयोग गर्ने गरिएको भएपनि ल्याटिन नाम *Ziziphus xylopyra* Willd. वनस्पतिलाई नै घोण्टा मानिएको छ ।

(ख) के.यन.स्वामी : (१) किङ्किणी : हाडेबयर । (२) व्याघ्रपाद : हाडेबयर, सानो जातको मयल ।

(ग) नेपाली बृहत् शब्दकोश (हाडे बयर) : केही लाम्चा र बाटुला पात, हरिया ससाना फूल र थोरै गुदी हुने राता गोल फल फल्ने काँडादार बोट वा त्यसैको फल; घोटी ।

(ङ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : हाडेबयरलाई घोण्टा भनिन्छ । यसको ल्याटिन नाम *Zizyphus xylopyra* Wild. हो ।

(च) फर्माकोपिया : संस्कृतमा घोण्टा, घोटी, गोटिका भनिने वनस्पति Rhamnaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Ziziphus xylopyrus* Willd. हो । अंग्रेजीमा यसलाई Jujab भनिन्छ । ओखतीका लागि यसको फल ३-६ ग्रामको एक मात्रा हुन्छ ।

(छ) Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022 : Angiosperm समूह अन्तर्गत Rhamnaceae परिवारमा पर्ने हाडेबयरको वानस्पतिक नाम *Ziziphus incurva* Roxb. हो ।



हाडेबयर (तस्विर श्रोत : विकिवाण्ड)

प्राचीन ग्रन्थका वचनहरू :

(क) **मदनपाल निघण्टु :**

किङ्किणीलो व्याघ्रपादो देवदारुश्चरः क्वचित् । किङ्किणी तुवरा तिक्ता पित्तश्लेष्महरा हिमा ॥

तत्फलं वातलं त्वामं पक्वं स्वादु त्रिदोषांजत्॥

किङ्किणील, व्याघ्रपाद, देवदारु र चर : यी हाडेबयरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो टर्रो र तीतो हुन्छ। यसले पित्तविकार र कफविकार नाश गर्दछ। यो शीतवीर्यको हुन्छ। यसको काँचो फलले वातविकार गर्दछ भने पाकेको फल स्वादिलो र त्रिदोष नाशक हुन्छ।

(ख) राज निघण्टु :

घोण्टा बदरिका घोटी गोलिका शत्रुकण्टकः। कर्कटी च तुरङ्गी च तुरगाह्वाऽष्टधा स्मृता॥
घोटिका कटुकोष्णा च मधुरा वातनाशनी। व्रणकण्डूतिकुष्ठासृग्दोषश्वयथुहारिणी॥

(१) घोण्टा, (२) बदरिका, (३) घोटी (घोटिका), (४) गोलिका, (५) शत्रुकण्टक, (६) कर्कटी, (७) तुरङ्गी र (८) तुरग : यी आठ नाम हाडे बयरका संस्कृत पर्यायवाची नामहरू हुन्। यो पिरो, उष्णवीर्यको, गुलियो र वातविकार नाशक हुन्छ। यसले घाउखटिरा, चिलाउने रोग, कुष्ठ, रक्तविकार र श्वयथु नाश गर्दछ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

घोलिका (नुनढिकी)
(Common purslane)

परिभाषा :

(क) के.यन.स्वामी : (१) घोली भनेको नुनढिकी हो । (२) लोणी : ननढिकी झारविशेष । (३) लोणा : चरि अमिलो, कुल्फा साग । (४) लोण : ननढिकी, झारविशेष ।

(ख) डा.सतिश चन्द्र साङ्ख्यधर : यसलाई ल्याटिन भाषामा *Coccinia indica* W. & A. भनिन्छ । यसका अनेक जात हुन्छन् । (तर यो वानस्पतिक नामले गोलकाँक्री विशेषलाई बुझाउँदछ) ।

(ग) नेपाली बृहत् शब्दकोश : (१) नुनढिकी : टुप्पातिर फराकिलो लाम्चा पात हुने पहेँला फूल फुल्ने र हरिया साना फल फल्ने, आयुर्वेदमा आँखाको रोग, खटिरा र कुष्ठरोग नाश गर्ने भनी बताइएको एक जातको भुइँझार । (२) बन नुनढिकी : बढ्ता नुनिलो एक जातको झार ।

(घ) हिन्दी विश्वकोश : (१) आरामघोलिका-पत्रशाकविशेष । पात साग खाइने एक साग । आरामघोलि । (२) कलन्धु-कलाया मात्राया अन्धुरिव । घोलीशाक । (३) कुटिञ्जर-पत्रशाकविशेष, जङ्गली बेथे । (४) घोटिका- लोनी शाकविशेष । (५) घोलि : घोलीशाक । (६) घोलिका : घोलीशाक । (७) घोली : पत्रशाकविशेष । तोंडघोलि ।

(ङ) भावप्रकाश निघण्टुका टीकाकार डा. कृष्णचन्द्र चुनेकर : ल्याटिन भाषामा सानो नुनढिकीलाई *Portulaca quadrifida* Linn. र ठूलो नुनढिकीलाई *Portulaca oleracea* Linn. भनिन्छ । ठूलो नुनढिकीलाई अंग्रेजीमा Garden purslane भनिन्छ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

Portulaca-oleracea, medplants.blogspot.com

(घ) आचार्य बालकृष्ण : यसको वानस्पतिक नाम *Portulaca sativa* Haw.वा *Portulaca intermedia* Link ex Schltdl. पनि हो । यो Portulacaceae परिवारमा पर्दछ । यसलाई अंग्रेजीमा Kaun purslane, Pussley, Pigweed वा Common purslane पनि भनिन्छ । यसको नेपाली नाम नुनढिकी हो । यसका संस्कृत नाम बृहल्लोणी, लोणी, घोटिका, घोली हुन् । हिन्दीमा लोणा शाक, कुलफा, खुरसा भनिन्छ । यसको काँढापानी आदिमा एक मात्रा भनेको १५-२० मिलिग्राम वा मिलिलिटर हो ।

(ङ) फर्माकोपिया : यो विरुवाको सबै भाग ओखतीमा प्रयोग हुन्छ । यो Portulacaceae परिवारमा पर्दछ । यसको वानस्पतिक नाम *Portulaca oleracea* Linn. हो । या फैलिने खालको विरुवा ५० से.मि.सम्म लामो हुन्छ । १५०० मिटरको उचाइसम्म यत्रतत्र पाइन्छ । संस्कृतमा यसलाई लोणिका, लोणी, गोतिक्त आदि भनिन्छ । अंग्रेजी नाम Garden Purslane, Common Indian Purslane हो । यो अमिलो हुन्छ । यसको धुलो ३-६ ग्रामसम्म एक मात्रामा ओखतीमा प्रयोग हुन्छ ।

(च) शालिग्राम वैद्य : यसलाई अंग्रेजीमा Purslane तथा वनस्पति शास्त्रमा *Portulaca oleracea* भनिन्छ । यसलाई हिन्दीमा नोनिया भनिन्छ ।

प्राचीन ग्रन्थका वचनहरू :

(क) कैयदेव निघण्टु :

घोली स्फूलघोली इति घोल नाम ।
संकलन : मोहन प्रसाद सापकोटा
अम्ला सरोष्णा विनिहन्ति वातं पित्तं बलासं च करोति घोली ।
त्वग्दोषगुल्मव्रणशोफकासश्वासप्रमेहाक्षिगदेषु पथ्या ॥

बृहल्लोणिका, घोली, स्फूलघोली : यी ठूलो नुनढिकीका : पर्यायवाची नाम हुन् । यो अमिलो, मलमूत्रलाई तलतिर सार्ने, उष्णवीर्यको तथा वातविकार, पित्तविकार, कफविकार नाश गर्ने गुणको हुन्छ । छालाका विकार, गुल्म, घाउखटिरा, सुजन, दम, प्रमेह र आँखाका रोगमा यो पथ्य हुन्छ ।

लोणिका कटुका रूक्षा वातश्लेष्महरा गुरुः । अर्शोघ्नी दीपनी चुक्रा मन्दाग्निविषनाशिनी ॥

नुनढिकी पिरो, रुखो, वातविकार र कफविकार नाश गर्ने, पचाउन कठिन, हर्सा नाश गर्ने, दीपनी, अमिलो तथा कमजोर पाचनशक्ति हुने रोग र विषविकारलाई नाश गर्ने गुणको हुन्छ ।

(ख) भावप्रकाश निघण्टु :

लोणा लोणी च कथिता बृहल्लोणी तु घोटिका ॥ लोणी रूक्षा स्मृता गुर्वी वातश्लेष्महरी पटुः ।
अर्शोघ्नी दीपनी चाम्ला मन्दाग्निविषनाशिनी ॥
घोटिकाऽम्ला सरा चोष्णा वातकृत्कफपित्तहृत् ।
वाग्दोषव्रणगुल्मघ्नी श्वासकासप्रमेहनुत् ॥ शोथे लोचनरोगे च हिता तज्ज्ञैरुदाहृता ।

लोणा र लोणी नुनढिकीका तथा बृहत् लोणी र घोलिका ठूलो नुनढिकीका संस्कृत पर्यायवाची नामहरू हुन् । नुनढिकी रुखो, पचाउन कठिन, वातविकार नाशक, कफविकार नाशक, अल्काई नाशक, पाचकाग्नि वर्धक, अमिलो, कमजोर, मन्दाग्नि नाशक र विषविकार नाशक हुन्छ । ठूलो नुनढिकी अमिलो, दिसापिसाबलाई तलतिर सार्ने, गर्मी गर्ने, वातविकार गर्ने, कफविकार नाशक, पित्तविकार नाशक, लठेब्रोपन नाशक, घाउखटिरा नाशक, गुल्म नाशक, दम, खोकी र प्रमेह नाशक हुन्छ । वनस्पति विज्ञका अनुसार यसले सुजन र आँखाका रोगमा पनि फाइदा गर्दछ ।

(ग) मदनपाल निघण्टु :

लोणिकोक्ता बृहच्छोटी कुटीरस्तु कुटिञ्जरः । दुन्दुरः स्याद्गुडीरीकः पिण्डी पिण्डीतकस्तथा॥
लोणी रूक्षा गुरुः शीता सरा विष्टम्भिनी पटुः । दोषला मधुरा पाके तद्वत्कुट्टीरहृद्गुरुः॥
लोणिका वातला श्वासकासश्लेष्मविषापहा॥

लोणिका, बृहच्छोटी, कुटीर, कुटिञ्जर, दुन्दुर, गुडीरीक, पिण्डी र पिण्डीतक : यी नुनढिकी झारका संस्कृत पर्यायवाची नामहरू हुन् । नुनढिकी रुखो, पचाउन कठिन, शीतवीर्यको, मलमूत्रलाई तलतिर सार्ने, कब्जियत गराउने, राम्रो, दोष गराउने र पचेपछि गुलियो हुने गुणको हुन्छ । कुट्टीर (कुटीर ?) मा पनि यिनै गुण हुन्छन् । यसले मुटुका रोग नाशक र पचाउन कठिन हुने गुणको हुन्छ । नुनढिकीले वातविकार गर्दछ तथा दम, खोकी, कफविकार र विषविकार नाश गर्दछ ।

(घ) राज निघण्टु :

सङ्कलन : मोहन प्रसाद सापकोटा

घोला च घोलिका घोली कलन्दुः कवलालुकम्॥

घोला, घोलिका, घोली, कलन्दु र कवलालुक : यी घोलिकाका संस्कृत पर्यायवाची नामहरू हुन् ।

क्षेत्रजं लवणं रुच्यमम्लं वातकफापहम्॥

खेतमा हुने घोलिका नुनिलो, रुचिकर, अमिलो तथा वातविकार र कफविकार नाशक हुन्छ ।

आरामघोलिका चाम्ला रूक्षा रुच्याऽनिलापहा ।
पित्तश्लेष्मकरी चान्या सूक्ष्मा जीर्णज्वरापहा॥

बगैँचातिर हुने आरामघोलिका नामक घोलिका अमिलो, रुखो, रुचिकर र वातविकार नाशक हुन्छ । यसले पित्तविकार र वातविकार गर्दछ । अर्कोथरी मसिनु खालको सूक्ष्म-आरामघोलिका नामक नुनढिकीले थाङ्ने ज्वर नाश गर्दछ ।

(ङ) शालिग्राम निघण्टु :

लोणा लोणी च कथिता बृहल्लोणी च घोलिका ।

लोणा, लोणी, बृहल्लोणी र घोलिका : यी नुनढिकीका पर्यायवाची नाम हुन् ।

लोणी रूक्षा गुरुः कट्वी वातश्लेष्महरी पटुः । अर्शोघ्नी दीपनी चाम्ला मन्दाग्निविषनाशिनी ॥

नुनढिकीको साग रुखो, पचाउन कठिन, पिरो, वातविकार कफविकार नाश गर्ने, नुनिलो वा क्षारयुक्त, हर्सा रोग नाश गर्ने, पाचक, अमिलो तथा कमजोर पाचनशक्ति हुने रोग र विषविकार नाश गर्ने गुणको हुन्छ ।

घोलिकाऽम्ला सरा चोष्णा वातकृत्कफपित्तहृत् । वाग्दोषव्रणगुल्मघ्नीश्वासकासप्रमेहनुत् ॥
पित्तलाम्लाग्रहण्यर्शः कुष्ठातीसारनाशिनी ।

ठूलो नुनढिकी अमिलो, मलमूत्रलाई तलतिर सार्ने, उष्णवीर्यको वा गर्मी गर्ने, वातविकार गर्ने तथा कफविकार, पित्तविकार, आवाज वा बोलीका विकार, घोखटिरा, गुल्म,दम, खोकी र प्रमेह नाश गर्ने गुणको हुन्छ । यसले पित्त बढाउँदछ (?), अमिलो हुन्छ तथा ग्रहणी, हर्सा, कुष्ठ र अतिसार नाश गर्दछ ।

घोलिका रुचिदा पटी पित्तला चाम्लिका मता । सरा कफकरा चोष्णा वातत्वग्दोषनाशिनी ॥
गुल्मव्रणश्वासकासनेत्ररुङ्मेहशोथहा ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

नुनढिकी रुचिप्रद, नुनिलो, पित्त बढाउने, अमिलो, मलमूत्रलाई तलतिर सार्ने, कफविकार गर्ने, उष्णवीर्यको तथा वातविकार, छालाका विकार, गुल्म, घाउखटिरा, दम, खोकी, आँखाका रोग, प्रमेह र सुजन नाश गर्ने गुणको हुन्छ ।

राजपूर्वा घोलिका तु रूक्षा चाम्ला पटुः स्मृता । रुच्या कट्वी च गुर्वी च दीपिकाग्नेः कफापहा ॥
वातं चार्शं चाग्निमान्द्यं विषं शुक्रं च नाशयेत् ।

ठूलो नुनढिकी रुखो, अमिलो, नुनिलो, रुचिप्रद, पिरो, पचाउन कठिन, पाचनशक्ति बढाउने तथा कफविकार, वातविकार, हर्सा, कमजोर पाचनशक्ति हुने रोग, विषविकार र वीर्य नाश गर्ने गुणको हुन्छ ।

क्षुद्रघोलिका पित्तला सरा कफकरी च कट्वी जीर्णजूर्तिहा ।
श्वासकासहा गुल्मनाशिनी मेहशोथहा सा रसायनी ॥
वातहा मता चोष्णकारिणी चाम्लिका मता नेत्ररोगहा ।
चर्मदोषहा व्रणहरी मता पूर्ववैद्यकैः सा निरूपिता ॥ (निघण्टु रत्नाकर)

साना पात हुने नुनढिकीको साग पित्तविकार गर्ने, मलमूत्रलाई तलतिर सार्ने, कफविकार गर्ने, पिरो तथा थाङ्नेजरो, दम, खोकी, गुल्म, प्रमेह र सुजन नाश गर्ने गुणको हुन्छ । यो रसायनी हुन्छ । यसले छालाको रोग र खटिरा पनि नाश गर्दछ भनी पहिलेका वैद्यहरूले बताएका छन् ।

कठिन शब्द र अर्थ

अ

अतिसार :- खाएका कुरा नपची पातलो दुर्गन्धी दिसा भइरहने रोग; आउँको रोग । यसका कफजन्य, वातजन्य, पित्तजन्य, आमजन्य, सन्निपातजन्य र शोकजन्य गरी छ किसिम हुन्छ । यो रोगमा सामान्यतः आमाशय सुन्निएर खाएको कुरा नपची पातलो दिसा र डकार आइरहन्छ, अमन हुन्छ र शरीर लखतरान भएर गल्दछ ।

अधा :- आधा टाउको दुख्ने रोग, अर्धभेदक, अर्धावभेदक ।

अनुपान :- खाना वा ओखती खाएपछि त्यसलाई पचाउन लगत्तै पिइने पेय पदार्थ ।

अनुलोमन :- कब्जियत भएर पेटभित्र रहेको मल वा रोकिएको मूत्रलाई खुकुलो बनाई आन्द्राभुँडी सफा गर्दै तलतिर धकेलेर दिसापिसाब मार्फत बाहिर निकाल्ने औषधी । जस्तै : हर्रो ।

अनूप :- सिमसार क्षेत्र, पानी धेरै हुने स्थान वा देश ।

अन्धो :- परेलाका डिलमा आउने एक किसिमको खटिरो; अन्नो, अञ्जननामिका, अर्जुन ।

अपची :- घाँटीमा माला लगाए जसरी खटिरा आई फोका उठेर पीप बन्ने रोग, गण्डमाला रोगको एक प्रकार ।

अपतन्त्र :- वायुविकारबाट हुने रोग । यो रोग हुँदा शरीर टेढो हुने, टाउको र कञ्चट दुख्ने, गला बज्ने, आँखा तन्कने र सास फेर्न कठिनाई हुने गर्दछ ।

अपतानक :- आइमाईमा गर्भपात हुँदा र पुरुषमा ठूलो चोटपटक लाग्दा वा धेरै रगत जाँदा हुने रोग । यसमा पटकपटक बेहोस हुने, कफले गर्दा घाँटीबाट घ्यारघ्यार आवाज आउने गर्दछ ।

अपबाहुक :- पाखुरामा हुने वायुले नसा सुकाएर पाखुरा सुकाउने एक रोग ।

अभिष्यन्द :- पोल्ने, रातो हुने तथा आँशु झरिरहने र चिप्रा लागिरहने आँखाको रोग, अधिमन्थ ।

अभिष्यन्दी :- थलथले गुणले गरुङ्गोपनबाट रस निकाल्ने चौबीस थरी शिरा नामका नसाहरू थुनेर शरीरलाई भारी (गरुङ्गो) बनाउने द्रव्यलाई अभिष्यन्दी द्रव्य भनिन्छ । जस्तैः रातको दही ।

अरुषिका :- कफ, रगत बिग्रेर वा कीराका कारणले आउने धेरै मुख हुने र अति दुख्ने खटिरो ।

अर्दित :- मुखको कुनै भाग वातदोषले गर्दा नचल्ने हुने एक रोग विशेष (फेसियल प्यारालाइसिस) ।

अर्म :- आँखाको पुतलीमाथि सेतो दाग वा छिटा जस्तो हुने आँखाको रोग ।

अलजी :- दुख्ने राता वा पहेँलो खटिरो विशेष ।

अलसक :- एक प्रकारको अजीर्ण रोग ।

अल्काई (रोग) :- गुदद्वारको भित्रपट्टि खटिरो आई रगत बग्ने रोग । अर्श, अलकाई, गदगुदज, गुदाङ्कुर, दुर्नामक, दुर्नाम, हर्सा ।

अवदंशक्षमं :- अचार बनाउन योग्य ।

अष्टसिद्धि :- ऐश्वर्य, भूति, विभूति । (अणिमा, ईशित्व, गरिमा, प्राकाम्य, प्राप्ति, महिमा, लघिमा र वशित्व) ।

अष्ठीला :- मूत्राशयमा गाँठा पलाएर मूत्रत्यागमा अवरोध हुने एक रोग (प्रोस्टेट ग्ल्याण्ड) ।

आ

आक्षेप :- शरीर काम्ने वा नसाभित्र हावा छिरी कुनै अङ्ग झट्कार्ने रोग, आक्षेपक ।

आध्मान :- पेट फुल्ने एक रोग, अपानवायु रोकिनाले छालाको थैलो फुले जसरी पेट फुल्ने रोग ।

आनाह :- पचेर अथवा नपची दूषित भएको मलमूत्र पेटमा रोकिएर हुने रोग ।

आम :- खाएपिएका कुरा पचेपछि बन्ने रस । सामान्यतः “आम” पनि रसै हो तर आहार राम्ररी नपाकी वा नपची बनेको रस हो (शार्ङ्गधर) ।

आमदोष :- कमजोर पाचनशक्तिका कारण शरीरमा नपचेका खानेकुरा सडेर बन्ने विषालु तत्व ।

आमवात :- आमरस वा आउँका कारण हुन जाने दुख्ने वातरोग ।

आस्थापन वस्ति :- विभिन्न औषधीको काँढापानी बनाई त्यो काँढापानीलाई छदाउन वा दिसा पिसाब गराउन प्रयोग गर्ने विधि ।

इ

इन्द्रलुप्त :- रौंको जरामा रहने रगत खराब भएर रौं झारिदिने र फेरी रौं पलाउन नदिने रोग (के.यन.स्वामि), कपाल झर्ने रोग विशेष (च.सं.) । तालुखुइलने रोग ।

उ

उदर्द : शिशिर ऋतुमा आउने एक किसिमको दादुरा जसको बीच भाग गहिरो र छेउतिर अग्लो हुन्छ । यी राता हुन्छन् र चिलाउने गर्दछ । यो कफ बढी भएका कारण हुन्छ ।

उदावर्त :- अपानवायु माथितिर सरी मलमूत्रलाई पनि माथिमाथि तान्ने पेटको रोग । अपानवायु, दिसा, पिसाब, हाई आँसु, हाच्छिउँ, डकार, बान्ता, शुक्र, भोक, तिर्खा, निःश्वास र निद्रा आउन लाग्दा जबरजस्ती रोक्ने गरे यो रोग लाग्दछ । रोग लागिसकेपछि दिसा, पिसा र अपानवायु बन्द हुन्छ । पेट कराउने गर्दछ । शरीर कमजोर भई दुख्न थाल्दछ ।

उन्माद :- पागलपन, कडा रिस, मानसिक रोग ।

उपशोष :- शरीर सुक्नु वा चाउरिनु ।

उरुस्तम्भ :- कम्मरदेखि तलका अङ्ग कक्रक्क पार्ने, दुखाउने र हिँड्न गाह्रो हुने रोग ।

उष्णवीर्य :- (अष्टाङ्ग हृदय) द्रव्यमा हुने गुण विशेष । उष्ण वीर्यले भ्रम पैदा गर्ने, तिर्खा लगाउने, हर्ष नाश गर्ने, पसिना निकाल्ने, डाह गर्ने तथा खाएको कुरा वा घाउआदि चाँडै पकाउने काम गर्दछ । यसले वात र कफ दोषलाई शान्त पार्दछ ।

ऊ

ऊरुस्तम्भ :- तिघ्रा शिथिल हुने रोग, आढ्यवात ।

ऊर्ध्ववात :- धेरै डकार आउने रोग ।

क

कण्डू :- शरीर चिलाउने रोग ।

कण्डेउलो :- कमरमुनिको फिलाको हाड जुन् तीन भागको हुन्छ । त्रिक, त्रिकस्थि । टाउको र पाखुराको जोर्नीलाई समेत त्रिक भनिन्छ ।

कम्मर :- अवलग्न, मध्य, मध्यम, वलग्न ।

कर्ष :- करिब बाह्र मिलिग्राम ।

कलेजोका मांसखण्ड :- कालखण्ड, यकृत् ।

कल्क :- कुनै नरम वा सुकेको ओखतीलाई पानी मिसाई पिसेपछि बन्ने धुलो वा लेदो ।क्रक ।

कषाय :- काँढापानी ।

कला :- धातु भित्र रहने हँडिदो (हल्का हरियो रङ तथा अमिलो र उग्लिएको स्वादको पदार्थ) जो शरीरको तातोले पच्ने गर्दछ, त्यसलाई कला भनिन्छ ।

काँध :- अंस, भुजशिरस, स्कन्ध ।

काँध (जोर्नी) :- खगाले हाड, जत्रु ।

काखां :- कक्ष, बाहुमूल ।

काच : आँखाको रोग विशेष ।

कान्तिसारलौह :- जुन फलामे भाँडोमा राखेको पानीमा तेल पर्दा फैलिँदैन, तातेको भाँडामा फुराएको हिङमा गन्ध आउँदैन, नीमको रस पर्दा गुलियो बन्दछ, दूध तताउँदा उम्लेर जाँदैन, पानी राखेर चना भिजाउँदा कालो हुन जान्छ, यस्तो गुण भएको फलामलाई कान्तिसारलौह भनिन्छ । कान्तम् ।

काम्बलिक :- फलको रसलाई अमिला फल वा कन्दमूल हाली (प्रायः तिलको छोप र अनारदाना) तयार पारिने अमिलो पेय पदार्थ । अमिलो दही, नुन, चिल्लो, तिल र मास हालेर पकाइने यूषलाई काम्बलिकयूष भनिन्छ (रा.व.नि.) ।

कालकूट :- भारतको श्रृङ्गवेर, कोंकण, काकोदाचल पहाडतिर हुने पीपलको रुखको जस्तो चोप आउने नौथरी कन्दविषमध्येको एक विष ।

कुम :- कक्ष, बाहुमूल ।

कुष्ठरोग (विशेष) :- किटिभ ।

कुष्ठरोग (टाटे) :- कोठ, मण्डलक ।

कुष्ठरोग (सेतो) :- कुष्ठ, श्वित्र ।

कृच्छ्र :- मूत्रकृच्छ्र आदि पिसाबसम्बन्धी रोगहरू ।

कोखो :- पार्श्व ।

कोठी :- छालामा आउने कोठी, तिलकालक ।

कोपन :- उत्तेजित पार्ने गुण ।

क्लम :- कुनै परिश्रम नगर्दा पनि शरीर थाकेर मन खिन्न हुनु ।

क्रव्याद :- काँचो मासु खाने प्राणी ।

क्रोष्टशीर्ष :- क्रोष्टशीर्षक, क्रोष्टुशीर्षक, वायु र रगत बिग्रेर घुँडाको बीचमा स्यालको टाउको जस्तो खुब ठूलो र मोटो अत्यन्त दुख्ने गरी सुन्निने रोग वा रोगी ।

क्षतक्षीण :- धेरै परिश्रम वा मैथुनका कारण छाती भित्रको रस वा मासु सुक्ने रोग ।

क्षवथु :- हाच्छिउँ आइरहने एकप्रकारको नाकको रोग ।

ख

खटिरो :- पिटक, पिटिक, पिटिका, पिड्का, पिड्को, विस्फोट, विस्फोटा ।

खिल :- चर्मकील ।

ग

गण्ड :- फोका, गलगाँड ।

गन्धक :- गन्धपाषाण ।

गलग्रह :- कफ बढेर सास फेर्न असजिलो पार्ने घाँटीको एक रोग ।

ग्रहणी- जठराग्निको आधार भएकी नाइटोभन्दा केही माथि ग्रहणी (खानपिन ग्रहण गर्ने) एउटा नाडी हुन्छे । यिनको काम नपचेको कुरा पचाई मलमूत्र मनाएर शरीर बाहिर निकाल्नु हो । यो नाडीमा कुनै विकार भई खाएपिएको नपची बाहिर निस्कने वा पचेपनि पटकपटक गरेर बाहिर निस्कने रोगलाई ग्रहणी भनिन्छ । अन्य अर्थ : खाएको चिजमा बोसे आन्द्रोले गर्नुपर्ने काम गर्न नसक्दा हुन जाने पेटको रोग । यसले पेट फुल्ने, दुख्ने, दिसा लागिरहने र भोक नलाग्ने समस्या हुन्छ ।

गानुगोला (रोग) :- गुल्म । (क) नसा सुन्निएर गाँठो पनु । (ख) वात आदि दोषले छाती वा पेटमा हुने हावाको गोला पर्ने रोग ।

गुदकील :- अल्काई रोग हुँदा मलद्वारमा पलाउने मासुका डल्ला ।

गुदभ्रंश :- गुदद्वारको भित्री भाग बाहिर आउने वा गुदद्वारमा मुजा पर्ने एक रोग ।

गुल्म :- वात, कफ, पित्त आदिका विकारबाट पेटभित्र वायुको गोला जम्ने रोग; वायुरोग; गानुगोला ।

गृध्रसी :- कम्मरको जोर्नी, कम्मर, ढाड र गोडा निदाई सियाले घोचेझैं दुख्ने र काम्ने, वात वा पित्त विकारले हुने एक रोग ।

ग्रहणी :- सानो आन्द्राको शुरुको १२ अमल भाग ।

ग्रहणी (रोग एवं अङ्ग) :-पाचक (खाएको अन्न जल पचाइदिने) अग्नि (जठराग्नि) को आधार भएकी नाभिस्थानभन्दा केही माथि ग्रहणी नाम भएकी (अन्न-जल ग्रहण गर्ने) नाडी रहन्छे । त्यो नाडीले अपक्व अन्न-जल लिएर पक्व गराई मल-मूत्ररूपमा परिणत पारेर अधोमार्गद्वारा निकालिदिन्छे । त्यस नाडीमा दोष सञ्चय हुन जाँदा खाएको अन्न-जल अपक्व नै निस्कन लाग्दछ अथवा पक्क्व भइगयो भने पनि धेरै पटक गरी निस्कन लाग्दछ । यस्तो रोगलाई ग्रहणीरोग भनिन्छ । ग्रहणीरूज्, प्रवाहिका ।

ग्राही :- जुन औषधीले पेटभित्रको अग्निलाई बाल्दछ, “आम” आदिलाई पचाउँदछ, गर्मीकारक हुनाले गर्दा जलले पैदा गर्ने कफ आदि दोष, धातु र मललाई सोस्दछ त्यसलाई वा त्यस्तो गुणलाई “ग्राही” भनिन्छ । जस्तै : सुठो, जीरा, चाभा आदि ।

ग्लानि :- थकाइ, सुस्तता, अरुचि, घिन, पछुतो, मानसिक कष्टबाट हुने लाचारीको दुःख ।

घ

सङ्कलन : मोहन प्रसाद सापकोटा

घाउ :- अरुस्, ईर्म, व्रण ।

घाउ (विशेष) :- नसासम्म गढेको नथाक्ने घाउ, नाडीव्रण ।

च

चाल्ने खटिरो :- विस्फोट ।

चित्रकुष्ठ :- सेता दाग हुने कुष्ठरोग ।

चिप्रा :- दूषिका ।

चिलाइ :- (लुतो जस्तै रोग)-कण्डु, कण्डू, कण्डूया, खर्जू ।

छ

छारेरोग :- अपस्मार, अपस्मृति, मृगी ।

छिदन :- जुन औषधीले एक आपसमा मिली जमेर बसेको कफ आदि दोषलाई आफ्नो तागतले अलग गरी फोर्दछ (तर बाहिर निकाल्न सक्ने क्षमता हुन्न) त्यसलाई “छेदन” भनिन्छ । जस्तै : यवक्षार, मरिच, शिलाजित आदि ।

ज

जठराग्नि :- आयुर्वेद अनुसार तीन थरी अग्निमध्ये नाइटो र मुटुको बीचमा रही पित्तरूपले खाएको कुरा पचाउने अग्नि ।

जतुमांण :-	शरीरको छालामा टाटा हुने एक रोग ।
जरा :-	जटा, शिफा ।
जाड्य :-	(क) लोसेपन, सुस्ती । (ख) मूर्खपन । (ग) जडपन, चेतना नहुने अवस्था ।
जालगर्दभ :-	जरोसहित शरीर सुन्निने रोगविशेष ।
जीर्णज्वर :-	आएको १२ वा २१ दिन भइसकेको जरो ।

त

तमकश्वास :-	दमको रोग विशेष ।
तिर्खा (प्यास) :-	उदन्या, तर्ष, तृष्, पिपासा ।
तूनी(णी) :-	मूत्राशयबाट दुख्दै गुदद्वार वा तल्लो पेटसम्म दुख्ने एक वातरोग । वायु (अपानवायु) मलाशयबाट उठी धेरै दुखाउँदै मलद्वार वा जननेन्द्रियतिर जाने रोगलाई तूनी भनिन्छ ।
त्रिकटु :-	सुठो, मरिच र पिप्पला बराबर मिसाई तयार पारिएको धुलो । फलत्रिकम्, व्योष ।
त्रिदोष :-	वात, पित्त र कफ यी तीन दोष वा यी तीन दोषबाट हुने रोग ।

द

दम :-	तमक (सामान्य), महाश्वास (गढेको) ।
दाद :-	दद्रु ।
दादुरा :-	मसूरिका, मसूरी ।
दारुणक :-	टाउको रुखो भई भुसजस्तो धुलो झर्ने रोग विशेष । चाया ।
दीपन :-	जुन औषधीले आम (खाएको कुरा पचेर बनेको रस) लाई पचाउँदैन तर पाचकाग्निलाई बाल्दछ त्यस्ता औषधीलाई "दीपन" भनिन्छ । जस्तैः सुप ।
दीपनपाचन :-	जुन औषधीले पाचकाग्निलाई पनि बाल्दछ र आमलाई पनि पचाउँदछ त्यस्ता औषधीलाई "दीपनपाचन" भनिन्छ । जस्तै : चितू, अरिड ।
दुबी :-	किलास, सिध्म ।
दूषीविष :-	शरीरका धातुलाई बिगार्ने खालका विष ।
दोलायन्त्र :-	काँढापानी आदि पातला पदार्थ हालिएका कुनै गाग्रा आदिमा भरी शुद्ध हुने ओखतीलाई (त्यसपछि) पोको पारी झुण्ड्याएर पसिना निकाल्ने विधिलाई दोलायन्त्र भनिन्छ ।

ध

धातुको व्यथा :-	प्रमेह, मेह ।
धान्याभ्रक :-	धानका सहायताले अभ्रख शुद्ध पार्ने तरिका वा त्यसरी शुद्ध पारिएको अभ्रख ।

न

नकुलान्ध :-	न्याउरीमुसाको जस्ता आँखा हुने र रङ्गीबिरङ्गी देखिने आँखाको एक रोग ।
नाडीव्रण :-	नलीको प्वाल जस्तो प्वाल भई भित्रसम्म गाडिएर पीपरगत बगिरहने घाउ ।

प

पक्वातिसार :-	गाढा पहेंलो र पातलो दिसा हुने रोग (ब्लोस डाएरिया) ।

पक्वाशय :- आन्द्रासँग जोडिएको भुँडको तल्लो भाग, पाकाशय ।

पक्षाघात :- वायुविकारले गर्दा शरीरको एक हर वा कुनै अङ्ग अथवा पूरै शरीर निधाएझैं हुन गई चल्न चरपटाउन नसकिने रोग ।

पचाउन कठिन :- गुरु, सर ।

पञ्चकोल :- पिप्ला, पिप्लाको जरा, चाँभो, चितू र सुठो ।

पञ्चवल्कल :- बर्रो, पिपल, पाखरी, डुम्री, बेत वा शिरीषको बोक्रा ।

पथ्य :- रोग नभड्काउने, रोगीलाई हित गर्ने, फाइदा गर्ने, योग्य, उचित ।

परिणामशूल :- खाना पच्ने बेलामा पेटमा हुने शूल वा दुखाइ, पक्तिशूल ।

पाक्य :- पाक्न लायक वा पकाउन योग्य ।

पाखुरा :- प्रगण्ड ।

पाखुरा :- (कुहिनादेखि तल नाडीसम्मको भाग, तल्लो पाखुरा)-प्रकोष्ठ ।

पाचन :- जुन औषधीले आमलाई पचाउँदछ तर पाचकाग्निलाई बाल्दैन त्यस्ता औषधीलाई “पाचन” भनिन्छ । जस्तै : नागकेसर ।

पाण्डु :- सम्पूर्ण शरीर र रौं सेतो हुने एक रोग; श्वेतकुष्ठ; सेतो कोढ ।

पातालयन्त्र :- घोप्टो र उत्तानो पारी मुखमुख जोडेर बनाइने रसादि ओखती पकाइने माटोको यन्त्र (भाँडो) विशेष ।

पामा :- धेरै पीप बगिरहने, धेरै पोल्ने र चिलाउने, ससाना बिमिरा आउने लुतो विशेष, भैंसे लुतो विशेष, यसलाई अठार थरीका कुष्ठरोगमध्येको एक मानिन्छ ।

पारिगर्भिक : गर्भिणी आमाको दूध खानाले खोकी लाग्ने, बान्ता गर्ने, पाचनशक्ति कमजोर हुने, खान मन नगर्ने, स्वाँस्वाँ गर्ने, डाह हुने, भ्रम हुने, उँगिरहने, कमजोर हुने, पेट ठूलो हुने जस्ता लक्षण देखिने एक बालरोग ।

सङ्कलन : मोहनप्रसाद सापकोटा

पार्श्वशूल :- उरोग्रह । छातिका करङ दुख्ने रोग ।

पिल्लम् :- अलिअलि चिप्रा वा पानी निस्कने आँखाको एक रोग ।

पुटपाक :- गिलो वा ताजा वनस्पतिलाई लेराई कुटेर ससाना गोली बनाउनू । त्यो गोलीलाई खमारी, बर्रो, जामुनु वा आँपको पातले बेर्नू । अनि दुई अमल वा बूढी औंलो जति बाक्लो हुने गरी माटोले वरिपरि लिप्नू । त्यसपछि यसलाई आगाको भुङ्ग्रोमा माटो रातो नहुँदासम्म पोल्नू । त्यसपछि बाहिर निकाली माटो र छोपिएको पात हटाई वनस्पतिलाई निचोर्नू । वनस्पति सुकेर रस निचोर्न नसकिने भए पानी अथवा तोकिएको द्रव्यमा मिसाएर पिँध्नू । यस्तो रस एक पल (करिब तीन तोला, ३६ मि.लि.) पिउने गर्नू । यो रसमा मह मिसाउने हो भने एक कर्ष (१२ ग्राम) मात्र मिसाउनू । कल्क, चूर्ण वा द्रव जस्ता कुरा स्वरसमा जति हाल्नू भनिएको छ यसमा पनि त्यति नै हाल्नु पर्दछ भनी विद्वानहरू भन्दछन् ।

पूतिनासा :- नाक गनाउने रोग विशेष ।

पेट :- उदर, कुक्षि, जठर, तुन्द, पिचण्ड, पिचिण्ड ।

पोथकी :- बालकका आँखामा आउने आनो ।

प्रतूनी(णी) : तूनीको उल्टो अर्थात् वायु (अपानवायु) जननेन्द्रियबाट उठी दुखाउँदै मलाशयतिर जाने रोगलाई प्रतूनी भनिन्छ ।

प्रत्यष्ठीला :- वातरोग विशेष ।

प्रदर :- स्त्री-जननेन्द्रियबाट सेतो पानी बग्ने रोग ।

प्रदेह :- फोका वा खटिरामा लगाइने लेप

प्रमाथि :- जुन द्रव्य आफ्नो शक्तिले कान, मुख, नाक आदि प्वालबाट वा अरु प्वालबाट शरीरभित्र सञ्चित कफ आदि दोष र गढेका रोगलाई बाहिर निकाल्दछ त्यसलाई वा त्यस्तो गुणलाई “प्रमाथि” भनिन्छ । जस्तै : मरिच, बोझो आदि ।

प्रमेह :- पिसाबसँग मिसिई वीर्य अथवा शरीरका अरू धातु पातलिएर जाने विभिन्न रोगहरू ।

प्रवाहिका (रोग) :- कुपित भएको वायुले गर्दा सञ्चित भएका कफ मलसहित भइ गुदद्वारबाट धेरै पटकपटक गरी निस्कने रोग ।
प्रसह :- लुछेर वा चिथोरेर मासु खाने पशुपंक्षीको वर्ग ।
प्रसेक :- मुखबाट र्‍याल वा योनिबाट पानी बहने रोग । बमन, मुखबाट पानी र नाकबाट सिङान झरिरहने रोग, एक निको पार्न कठिन हुने रोग ।
प्लीह :- कलेजो वा यसमा हुने रोग ।

फ

फियो :- गुल्म, प्लीह ।
फियो (सुन्निने रोग) :- प्लीहा ।
फुलेका वृक्ष- प्रफुल्ल, फुल्ल, विकच, विकसित, व्याकोश, व्याकोष, सम्फुल्ल, स्फुट ।

ब

बलास :- कफ र वायुका प्रकोपले गला र फोक्सो सुन्निई जरो समेत आउने एक रोग ।
बस्तिकुण्डल :- मूत्राशयमा गाँठो पर्ने एक रोग, कुण्डल ।
बान्ता :- वाकवाकी, छर्दि,
बिफर :- विस्फोट ।
बृंहण :- शरीर वर्धक, पौष्टिक ।

सङ्कलन : मोहनप्रसाद सापकोटा

भ

भगन्दर :- गुदद्वार र अण्डकोशको मध्यमा आउने खटिरा विशेष ।
भस्मक :- जति खाएपिए पनि पच्ने र खाएपिएको कुरा पचाउन नपाउँदा शरीरका धातुलाई तानेर पचाउने रोग ।
भिरिङ्गी रोग :- रक्तविकारले जननेन्द्रियमा खटिरा आउने एक सङ्क्रामक रोग, उपदंश, फिरङ्ग ।
भेदन :- वात आदि दोषले पेटभित्र अड्किएका वा गोटा परेर बसेका मलमूत्रलाई टुक्राटुक्रा पारी मलद्वार वा मूत्रनली मार्फत बाहिर निकाल्ने औषधी वा गुण । जस्तै : कटुकी ।
भोक :- अशनाया, क्षुध्, बुभुक्षा ।

म

मण्डरा :- ढोडनसो, ठुलो नसो ।
मण्डल :- यो शब्दको अर्थ आयुर्वेदका पुस्तकमा आठ दिनदेखि अठचालीस दिनसम्म लगाएको पाइन्छ ।
मण्डलकुष्ठ :- सेतो, रातो, सारो, नरम र चिल्लो छाँटको कोढ रोग, जसको आकार एक अर्कोसँग मिल्दोजुल्दो हुन्छ ।
मत्स्यघण्ट :- मत्स्यघण्ट : मत्स्यानां घण्टः विमिश्रणं यत्र, स्वनामख्यात मत्स्यव्यञ्जन विशेष, माछाको घंट-हिन्दी विश्वकोश । घण्टः - चटनीविशेष-के.यन.स्वामी ।
मदकारी :- जे कुरा (खानपिन गर्ना) ले बुद्धिलाई लोप गराउँदछ त्यसलाई “मदकारी” भनिन्छ । यस्ता कुरामा तमोगुण बढी हुन्छ । जस्तै : सुरा, मद्य आदि ।

मदात्ययः- मात लाग्ने खालका खानापिन वा व्यवहार बढी गरेका कारण हुने रोग ।
मन्यास्तम्भ :- गर्दनको नसो साह्रो हुने एक रोग ।
मलद्वार :- पायु ।
मलमूत्र बन्द हुने रोग :- आनाह, विबन्ध ।
मशक :- छालामा आउने कालो वा रातो ससाना मासुका दाना (मुसा) ।
मूढगर्भ : कुपित वायुले गर्भ टेढो पार्ने, स्त्रीको जननेन्द्रिय र पेटमा शूल निकाल्ने साथै थोरै थोरै पिसाब गराउने रोगलाई मूढगर्भ भनिन्छ । यो आठ प्रकारको हुन्छ ।
मूढवात :- कुनै एक ठाउँमा गुटमुटिएको वायु ।
मूत्रकृच्छ्र :- पिसाबले च्याप्ने तर गर्न खोज्दा थोपा थोपा मात्र हुने रोग ।
मूत्राघात :- पिसाब बन्द हुने बाह्र थरीको रोग ।
मृगाङ्क :- क्षयरोगको विशेष औषधी (शब्दकल्पद्रुमः) ।
मोतिबिन्दु :- पटल ।
मोह :- अज्ञान, भ्रम, बेहोसी, चित्तको अशान्ति ।

य

यवागू :- चामल आदि भन्दा छ गुना बढी पानीमा पकाइने खाद्य वस्तु ।
यूष :- दलहन आदिलाई रुमालमा पोको पारी अठार गुना बढी पानीमा उमालेर पकाउने, आधा पानी बाँकी भएपछि पोको निकाल्ने । यस्तो रसलाई यूष भनिन्छ ।
योगवाही :- शरीर भित्र गर्मी गर्ने पदार्थसँग मिलेर अति गर्मी गर्ने र ठण्डी गर्ने पदार्थसँग मिली अति ठण्डी गर्ने औषधी वा त्यस्तो गुण ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

र

रक्तपित्त :- मुख, कान, आँखा, नाक, गुदद्वार तथा मूत्रद्वारबाट रगत बहने रोग ।
रक्तप्रमेह :- पुरुषका पिसाबबाट गनाउने खालको रगत बहने एक रोग ।
रसाञ्जन :- चुत्राको काँडा, बोक्रा वा जराको काँढापानीमा त्यति नै दूध मिसाएर खुवा जस्तो हुने गरी पकाइएको ओखती सुकाएर पारिएको धुलो । तार्क्ष्ज ।
रसायनी :- बुढचौली आउन नदिने वा बूढालाई तन्नेरी गराउने ओखती वा गुण । जुन औषधीले शरीरको बुढचौली (सत्तरी वर्ष पछि) मा हुने रोग र (सबै उमेरका) जरो आदि रोगलाई निको पार्दछ त्यसलाई वा त्यस्तो गुणलाई "रसायन" भनिन्छ । जस्तै : गुर्जो, रुदन्ती (हिमाली सागजातको बूटी विशेष), गोकुलधूप, हर्रो आदि ।
रेचन :- पेटमा रहेका राम्ररी पचेका वा केही नपचेका खाएका कुरालाई पातलो बनाई मलद्वारतिर धकेल्ने औषधी वा गुण । जस्तै : सेतो निशोध ।
रेतस :- पुरुषको शरीरमा रहेको शुक्र धातुलाई सक्रिय (चैतन्य) बनाउने वा उत्पन्न गर्ने खालका औषधीलाई वा गुणलाई "रेतस" भनिन्छ । जस्तै : दूध, माष, भलायोको फलको गुदी, अमला आदि ।

ल

लङ्घन :- नखाएर, बान्ता गरेर, दिसा गरेर, रगत निकालेर, तातो पानी पिएर, पसिना निकालेर, बान्ता र दिसा दुबै उपायले, पानी नपिएर, हावामा बसेर, घाममा बसेर, खाएको पचाएर, खाना

	नखाएर, पारिश्रम गरेर र शिरो विरेचन गरेर शरीरलाई हलुका बनाउने आयुर्वेदीक तरिका ।
लुतो :-	कण्डू, कच्छू, खर्जू, पामन्, पामा, विचर्चिका ।
लेखन :-	जुन औषधीले रस आदि धातु वा वात आदि दोषलाई (भित्रभित्रै) सुकाएर (वा घटाएर) शरीरबाट बाहिर निकाली दिन्छ त्यसलाई वा त्यस्तो गुणलाई “लेखन” भनिन्छ । जस्तै : ठूलो बिही, तातो पानी, बोझो, जौ आदि ।

व

वमन :-	जुन औषधीले नपचेका तर पित्त र कफ बनेर पेटभित्र अड्किएका कुरालाई बलपूर्वक मुख मार्फत (बान्ता गराई) निकाल्दछ त्यसलाई वा औषधीमा हुने त्यस्तो गुणलाई “वमन” भनिन्छ । जस्तै : मैनफल ।
वान्ता (रोग) :-	छर्दन, छर्दी, प्रच्छर्दिका, वम, वमथु, वमन, वमि, वमी ।
वर :-	न्यग्रोध, बहुपाद्, वट ।
वर्वर :	मूर्ख, पतित ।
वाजीकर :-	जुन औषधीले पुरुषको धातु बढाई त्यस मार्फत स्त्रीमा रोमाञ्च सहितको शक्ति सञ्चार (मैथुन सुख) पैदा गर्दछ त्यसलाई “वाजीकरम्” भनिन्छ । जस्तैः गुनालु (एकजातको बलु झार), जाइफल, कुरिलो, दूध, सखर, काउसोका गेडा आदि ।
वातकुण्डलिका :	वायु बिग्रेर हुने एक प्रकारको पिसाबसम्बन्धी रोग, जसमा पिसाब गर्दा पोल्ने र थोपा थोपा पिसाब निस्कने गर्दछ ।
वातरक्त :-	हातगोडाका औंला वा अरु भागका जोर्नी सुनिई दुख्ने रोग ।
वाताष्ठीला :-	नाइटो मुनि पेटमा सारो डल्लो निस्केर मलमूत्र, वायु रोकिने एक वातरोग ।
वातोदर :-	वायुविकारबाट उत्पन्न हुने पेटको रोग विशेष ।
विकाशि :-	जुन औषधीले (नपच्दै) शरीरका सबै बन्धनलाई खुकुलो पार्दछ र रसादि धातुका तेजलाई त्यो धातुबाट सोस्दछ त्यसलाई वा त्यस्तो गुणलाई “विकाशि” भनिन्छ । जस्तै : सुपारी, कोदो ।
विचर्चिका :-	खोप लगाउँदा देखिने जसरी छालामा केही सुन्निएर रातो टाटा देखिने र पछि त्यसमाथि सेतो र चम्किलो पाप्रा देखिने र त्यो उप्किएपछि रगत आउने दादजस्तै एक प्रकारको छालाको रोग ।
विदारीका :-	घाँटीको रोग विशेष । कानको रोग विशेष । काखीका फोका आउने रोग विशेष ।
विद्रधि (रोग) :-	गुदद्वार, वस्ति, नाभि, कोखा, तिघ्राका जोर्नी, मिर्गौला, मुटु, कलेजो, फियोमा पैदा भएर कालान्तरमा फुट्ने खटिरा विशेष ।
विदाह :-	पित्तप्रकोपले हात, गोडा, छाती आदि पोल्नु ।
विपादिका :-	हत्केला र गोडाको पैंताला फाट्ने (अठारथरी कुष्ठरोग मध्येको) एक रोग । गोडाको औंला वा कुर्कुच्चा चिरिने एक रोग, गलिनी वा गलैनु फाट्नु ।
विलेपी :-	चामलभन्दा चार गुना बढी पानी हालेर पकाइने खाद्य वस्तु ।
विबन्ध :	कब्जियत ।
विश्वाची :-	पाखुराको पछाडिदेखि औंलासम्म हुने कण्डरा नामक नसा सुकेर हात खुम्च्याउन फैलाउन नसकिने रोग ।
विष्टम्भ :-	दिसा रोकिएर पेट फुल्ने रोग विशेष ।
विष्टम्भी :-	मलमूत्र अवरोध गर्ने, विष्टम्भि ।
विष (गरविष) :-	दुई वा दुईभन्दा बढी द्रव्यको संयोगले पैदा हुने विष ।

विषमज्वर :-	कहिले चिसो कहिले तातो, कहिले मन्द र कहिले तीव्र भएर अनियमित रूपले आउने जरो; कामजरो ।
विषाद :-	चाहना पूरा नहुँदा मनमा हुने दुःख, शारीरिक शिथिलतावा निश्चेष्टता, डिप्रेशन ।
विष्किर :-	खुट्टाले खोस्रेर अनि फेरी चुच्चाले एकएक गरी टिपेर आहारा खाने खालका चराको वर्ग ।
विसर्प :-	शरीरमा ससाना फोका उठी जरो आउने छालाको एक रोग । सुके लुतो ।
विस्फोट :-	छाला काला, रातो र पातलो हुने एक प्रकारको कुष्ठरोग, विष्फोटक । बिफर रोग । चाल्ने खटिरो ।
विस्रम् :-	काँचो मासुको गन्ध आउने ।
वेपथु :	शरीर वा शरीरको कुनै अङ्ग काम्ने रोग ।
व्यङ्ग :-	मुखभरि ससाना खटिरा वा काला दाना दाना आउने रोग ।
व्यवायि :-	नपाकेको तर खाएपछि शरीर भरी फैलिने र मदिरा वा विष जसरी पच्ने (र असर गर्ने) औषधीलाई वा गुणलाई “व्यवायि” भनिन्छ । जस्तै : भाँग, अफिम आदि ।
व्रध्न :-	कोप भएको वायु, जसले सुजन र शूल गराएर तिघ्रा र अण्डकोशको जोर्नीबाट अण्डकोशमा जाने काम गर्दछ ।

श

शमन :-	मानिसले खाएपिएको कुरासँग विद्वेष नगरी ती शरीरभित्र जहाँ छन् त्यहीँ गई ती कुरासँग मिसिएर तिनको दोष नष्ट गर्ने (वान्ता वा दिसा नलगाई रोग ठिक गर्ने) औषधी वा गुण । जस्तैः अमला ।
शालाक्यतन्त्र :-	नाक, कान, मुख, आँखा आदिको चिकित्सा गर्ने शास्त्र ।
शिरा :-	शरीरका जोर्नी बाँध्ने र वात, पित्त आदि दोष एवं रस, रगत आदि धातु बगाएर लैजाने नीला रङका साना ठूला नसाहरू । यो मोटो र मसिनु गरी दुई किसिमको हुन्छ । यसको मूलस्थान नाइटो हो र यी यसैका तलमाथि र दायाँबायाँ फैलिएका हुन्छन् ।
शीतकाँडा (शार्ङ्गधर संहिता) :	चालीस ग्राम ओखतीलाई कुटी दुई सय चालीस ग्राम पानीमा हाली घोलेर कुनै माटाका भाँडामा बेलुकी भिजाउनू । बिहान उठी त्यो पानी छानेर अस्सी ग्राम पिउनू । यस्तो पानीलाई हिम वा शीत-काँढा भनिन्छ ।
शीतपित्त :-	चिसो र पित्तविकारले शरीरमा डाबर आए जसरी आउने एक किसिमको दाद ।
शीत वीर्य :-	(अष्टाङ्ग हृदय) द्रव्यमा हुने गुण विशेष । शीत वीर्यले मनलाई प्रसन्न पार्ने, जीवन दिने, जडवत् बनाउने तथा रगत र पित्तलाई प्रशोधन गर्ने काम गर्दछ । कुनै द्रव्यमा उष्ण वा शीत वीर्य गुण हुन्छ भनियो भने यही अनुसार मनन गर्नुपर्ने हुन्छ ।
शुक्रल :-	जुन औषधीले शुक्र वृद्धि गर्दछ त्यसलाई वा त्यस्तो गुणलाई “शुक्रल” भनिन्छ । जस्तै : अश्वगन्धा, मुसलीकन्द, सखर, कुरिलो आदि ।
शूकदोष :-	जननेन्द्रिय बढाउन प्रयोग गरिएका ओखती दल्नाले पुरुषलाई हुने रोग ।
शूल : -	(क) टाउको, हात, गोडा आदि कुनै पनि अङ्गमा हुने ज्यादा दुखाइ । (ख) वायुप्रकोपले हुने पेटको ज्यादा दुखाइ । (ग) वातरोग । गानु, गानो, गानुगोला, गोला ।
शोधन :-	जुन औषधीले वात दोषका कारण शरीरभित्र कतै जमेर बसेका मललाई फोरफार गरी माथि नाकमुखबाट वा तल मलमूत्रद्वारबाट बाहिर निकाल्दछ, त्यसलाई वा त्यस्तो गुणलाई “संशोधन” भनिन्छ । जस्तैः देवदार ।
शोफ :-	शरीरको कुनै अङ्ग सुन्निनु, शोथ, श्वयथु ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

शोष :- शरीर सुक्नु, छ किसिमका क्षयरोग ।

श्वास :- दम; कमजोरी, रोग, परिश्रम आदिले छिटोछिटो चल्ने सास; धक्ने रोग; धम्कीको रोग ।

स

सङ्ग्रहणी :- ग्रहणीरोगले खाएको चिज पच्न नदिँदा हुन जाने ग्रहणीरोगकै लक्षण भएको पेटको रोग । जसका वातसङ्ग्रहणी, पित्तसङ्ग्रहणी, कफसङ्ग्रहणी, त्रिदोषज सङ्ग्रहणी र आमजन्य सङ्ग्रहणी गरी पाँच भेद छन् ।

सन्तर्पणी :- तृप्तिदायक ।

सूर्यावर्त :- जति जति घाम माथि आयो उतीउती टाउको दुख्दै जाने र घाम अस्ताउँदै गएपछि कम हुँदै जाने रोग ।

संस्र :- शरीरको कुनै अङ्ग आफ्नो ठाउँबाट सर्नु ।

संस्रन :- पछी पच्ने सम्भावना रहेका तर वात आदि दोषले गर्दा कतै पेटभित्र अड्किएका खाएको कुरालाई नपच्दै तल्लो भागमा लेराई मलद्वार मार्फत निकाल्ने खालका औषधी वा गुण । जस्तै : राजवृक्ष फलको गुदी ।

स्तम्भन :- (क) रुखो, शीतल टर्रो र चाँडै पच्ने अवस्थाकम र वायुलाई उल्टो गतिमा हिँडाउने ओखती वा गुण । (ख) वीर्य आदि धातु वा दिसा रोक्ने ओखती वा गुण । (ग) शरीरको कुनै अङ्ग वा पूरै शरीर चल्न चरपटाउन नसक्ने स्थिति वा अवस्था । जुन औषधी रुखो, ठण्डीग नै र टर्रो स्वादका हुनाका कारण पाकेपछि हलुका हुन्छन् र वातदोष जन्माउँदछन् तिनलाई वा त्यस्तो गुणलाई "स्तम्भन" भनिन्छ । जस्तै : ठूलो कुरो, टटेलो आदि ।

स्तैमित्य :- इन्द्रियले काम नगर्ने वा जड हुने अवस्था ।

स्नायु :- शरीरमा फैलिएका मसिना नसा (को जाल वा समूह) जसले शरीरको हाड, मासु र बोसोलाई छरिन नदिएर बाँधेका हुन्छन् ।

स्फिच् :- कमरमा लागेको मासु ।

स्वर बस्नु :- स्वरभेद ।

स्वरभ्रंश : स्वर बसेको अवस्था ।

स्वरस (शार्ङ्गधर संहिता) : (क) (किरा, आगो, हावा, पानी आदिले) नबिग्रिएको आलो वनस्पति लेराई तुरुन्त कुटेर सफा कपडामा हाली निचोर्नू । यसरी निचोरिएको रसलाई "स्वरस" वा "अङ्गरस" भनिन्छ । (ख) सुकेको औषधीको सोह्र तोला धुलो बनाउनू । फेरी त्यसको दोबर पानी हालेर त्यो धुलोलाई कुनै भाँडामा भिजाउनू । एक रात र एक दिन बितेपछि मिचेर त्यो पानीलाई सफा कपडाले छान्नू, यसलाई पनि "स्वरस" भनिन्छ । (ग) आलो औषधी नपाउँदा सुकेको औषधी लेराई त्यसलाई त्यसको आठ गुना पानीमा हालेर उमाल्नू । एक चौथाई पानी बाँकी भएपछि झिकेर छान्नू । यो तेश्रो प्रकारको "स्वरस" हो । स्वरस पचाउन कठिन हुने हुनाले बढीमा दुई तोला (२२.१४ ग्राम वा २४ मि.लि.) पिउने गर्नू । राती भिजाएर बिहान खाने स्वरस भए चार तोलासम्म (४४.२८ ग्राम वा ४८ मि.लि.) पिउने गर्नू ।

ह

हनुस्तम्भ :- चिउँडो र कञ्चटको बीचको हाड नचल्ने रोग ।

हलीमक :- पाण्डुरोग विशेष ।

हैजा :- विशूचिका ।

हृल्लास :- शोक, दुःख, बाडुली, छातीको थकाई ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सन्दर्भ ग्रन्थ आदि :

१. अभिधान मञ्जरी, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
२. अभिधान रत्नमाला, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
३. अमरकोश, नेपाली टीकाकार कुलचन्द्र शर्मा गौतम, रत्न पुस्तक भण्डार, २०६५ ।
४. अर्कप्रकाश, आफैंले नेपालीमा भावानुवाद गरेको पुस्तक ।
५. अष्टाङ्ग निघण्टु, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
६. अष्टाङ्ग सङ्ग्रह, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
७. अष्टाङ्ग हृदय, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
८. आफैंले अनुवाद गरिसकेका विभिन्न स्मृतिहरू ।
९. आफैंले सङ्कलन गरेका विभिन्न पुराण, संहिता आदि ।
१०. आयुर्वेद कोश ।
११. आयुर्वेद महाकोश ।
१२. आयुर्वेद महोदधि, आफैंले नेपालीमा भावानुवाद गरेको पुस्तक ।
१३. आयुर्वेदीक शब्दकोश ।
१४. काश्यप संहिता, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
१५. के.यन.शर्माको अनलाइन संस्कृत-नेपाली-हिन्दी-अंग्रेजी शब्दकोश ।
१६. कैयदेव निघण्टु, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
१७. कोशकल्पतरु ।
१८. चरक संहिता, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
१९. धन्वन्तरि निघण्टु, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
२०. द्रव्यगुण सङ्ग्रह, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
२१. निघण्टुशेष, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
२२. नेपाली बृहत् शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान, २०६७ ।
२३. पर्यायरत्नमाला, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
२४. पेयर डी अमरकोशको वेबसाइड ।
२५. पेयरी डी आयुर्वेदको वेबसाइड ।
२६. भावप्रकाश निघण्टु, आफैंले नेपालीमा भावानुवाद गरेको पुस्तक ।
२७. भावप्रकाश संहिता, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
२८. मदनपाल निघण्टु, आफैंले नेपालीमा भावानुवाद गरेको पुस्तक ।
२९. मदनादि निघण्टु, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
३०. माधव द्रव्यगुण, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
३१. माधव निदान, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
३२. मेदिनी कोश ।
३३. मोनियर विलियम्सको संस्कृत-अंग्रेजी शब्दकोश ।
३४. राजनिघण्टु, आफैंले नेपालीमा भावानुवाद गरेको पुस्तक ।
३५. राजवल्लभ निघण्टु, आफैंले नेपालीमा भावानुवाद गरेको पुस्तक ।
३६. वनएमजी डटकममा रहेको आचार्य बालकृष्णका लेखहरू ।
३७. वनस्पति कोश ।
३८. वाचस्वत्यम् ।

३९. विभिन्न अन्य पत्रपत्रिकाको पिडियफ प्रति तथा वेबसाइडका तस्विरहरू ।
४०. वैद्यक कोश ।
४१. वैद्यक शब्दकोश ।
४२. शब्दकल्पद्रुम ।
४३. शार्ङ्गधर संहिता, आफैंले नेपालीमा भावानुवाद गरेको पुस्तक ।
४४. शालिग्राम निघण्टु, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
४५. सरस्वती निघण्टु, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
४६. सुश्रुत संहिता, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
४७. सोढल निघण्टु, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
४८. सौश्रुत निघण्टु, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
४९. हलायुधकोष ।
५०. हारीत संहिता, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
५१. हिन्दी विश्वकोष, नगेन्द्रनाथ वसु, भाग १-२५ ।
५२. हृदयदीपक निघण्टु, आफैंले सङ्कलन एवं नेपालीमा भावानुवाद गरिरहेको पुस्तक ।
५३. THE AYURVEDIC PHARMACOPOEIA OF INDIA, GOVERNMENT OF INDIA, MINISTRY OF HEALTH AND FAMILY WELFARE, DEPARTMENT OF AYUSH, PART 1-5.
५४. Catalogue of Plants of National Botanical Garden, Nepal, Government of Nepal, 2022.
५५. TERAI FORESTS OF NEPAL, GOVERNMENT OF NEPAL, April 2014.
५६. Journal of Plant Resources, Vol. 17, No. 1, Government of Nepal, 2019.
५७. Indian Medicinal Plants: A Compendium of 500 Species, 4 volums. etc.
५८. मृगपक्षिशास्त्र ।
५९. अग्निपुराण ।
६०. गरुडपुराण ।
६१. शाबरमन्त्र सागर ।
६२. मनुस्मृति ।
६३. Manual of afforestation in Nepal, Volum-2, July 1994.
६४. द आयुर्वेद इन्साइक्लोपेडिया, स्वामी सदाशिव तिर्थ ।
६५. पारस्कर गृह्यसूत्र ।
६६. रावणसंहिता ।
६७. विष्णुधर्मोत्तरपुराण ।
६८. नेपालका वनस्पति, लेखक : सी.टुकर गोर्डन, कृष्णकुमार श्रेष्ठ, साजन दाहाल, जुलाई २०१२ ।
६९. देवीभागवत् ।
७०. शिवकोष ।
७१. वन्लीमाईहेल्थडटकम ।
७२. नीतिशतकम् ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

७३. आमबोलांडटकम ।
७४. विज्डम लाइब्रेरीको वेबसाइड ।
७५. नेपालमा अधिक चोरी शिकार र अवैध व्यापार हुने वन्यजन्तु तथा वनस्पतिहरूको जानकारी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाण्डौ, नेपाल, २०७५ ।
७६. Birds of Nepal, An Official Checklist.
७७. हरिवंशपुराण ।
७८. विष्णुपुराण ।
७९. श्रीमद्भागवतमहापुराण ।
८०. ज्यौतिष शब्दकोश ।
८१. कुमार तन्त्र ।
८२. लीलावती ।
८३. ईयनडटविकिपेडियाडटओआरजी ।
८४. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले निकालेको जैविक विविधता संरक्षण तथा वन्यजन्तु र वनस्पति अपराध नियन्त्रण सम्बन्धी स्रोत पूस्तिका, २०७७ ।
८५. याज्ञवल्क्यस्मृति ।
८६. शब्द् रत्नावली ।
८७. Handbook of Flowering plants of Nepal.
८८. नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वनस्पति विभाग, आ.व.२०७६, ०७७ मा सञ्चालित कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन ।
८९. पारद संहिता ।
९०. रस रत्नाकर ।
९१. उड्डीशतन्त्र ।
९२. रसराज महोदधि ।
९३. पराशरस्मृति ।
९४. रसरत्नसमुच्चय ।
९५. ईयनडटविकिपेडियाडटओआरजी ।
९६. डा.सुभाष जैनको लेख ।
९७. मुहूर्तचिन्तामणि ।
९८. युक्तिकल्पतरु ।
९९. महाभारत, सभापर्व ।
१००. नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, संरक्षित जीवहरु ।
१०१. Plant Diversity of Salhesh Phulbari, Siraha, Government of Nepal Ministry of Forests and Soil Conservation Department of Plant Resources Kathmandu, Nepal June, 2016.
१०२. भैषज्य रत्नावली ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

सङ्कलकको छोटो परिचय

प्रपितामह : केदारनाथ ।
प्रपितामही : तारणकुमारी ।
पिता : माधव प्रसाद उपाध्याय ।
माता : उमादेवी ।
जन्मस्थल : तत्कालीन अनैकोट गा.वि.स.वडा नं.३, चारघर टोल, काभ्रपलाञ्चोक जिल्ला, बाग्मती अञ्चल, नेपाल ।
हाल बसोबास : वाग्मती अञ्चल । काठमाडौं जिल्ला । गोकर्णेश्वर न.पा. । वडा नं.७, दक्षिणढोका ।
शिक्षा : स्नातक ।
पेसा : नेपालको केन्द्रीय बैंकको सेवाबाट उप निर्देशक पदमा अवकाश प्राप्त ।
दैनिकी : पूर्वीय दर्शनका विधि ग्रन्थ सङ्कलन, अध्यन एवं भावानुवाद ।
जन्म मिति : वि.सं.२०२०
नाम : मोहन प्रसाद सापकोटा ।
पत्नीको नाम : अम्बिका पौडेल सापकोटा ।
सन्तान : एक छोरी र दुई छोरा ।
तस्बिर : कभर पेजमा राखिएको ।
इमेल : sapkotamps731@gmail.com
मोबाइल नं. : ९८४१३७०७८४ ।

सङ्कलन : मोहन प्रसाद सापकोटा

अनुवाद गरी पीडीयफ बनाएर https://archive.org/details/@mohan_sapkota858 मा सर्वसुलभ बनाएर राखिएका कृतिहरू :
(क) विभिन्न स्मृतिहरु २४ वटा ।
(ख) आयुर्वेदका विभिन्न ग्रन्थ ९ वटा ।
(ग) ज्यौतिषका ग्रन्थ २ वटा ।
(घ) नीतिशास्त्र २ वटा ।
(ङ) सूत्रग्रन्थ २ वटा ।
(च) काठमाडौं उपत्यकाको वंशावली १ ।
(छ) गृह्यसूत्र १ ।
(ज) तन्त्रशास्त्र १ ।

अन्य अपलोड गरिएका कुरा :
(क) नेपालका प्राचीन तस्बिरहरूको सङ्ग्रह ६५ एल्बम ।
(ख) संस्कृत भाषामा पुराण ९ वटा ।
(ग) पूर्वीय दर्शन अनुसारको कालगणना नामक लेख १ ।